# प्राक्कथन

नेपालमा जहानियाँ राणा शासनको अवसानपछि २००७ सालमा प्रजातन्त्रको उदय भयो। प्रजातन्त्र स्थापनापछि २०४६ सालसम्म २२ वटा सरकार बने। २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना, २०५२ सालमा माओवादी सशस्त्र बिद्रोह र २०६२/२०६३ सालमा भएको वृहत जनआन्दोलनबाट २३८ वर्ष पुरानो राजवंशको अन्त्य समेत भई देशले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगिकार गर्यो। २०४६ सालदेखि हालसम्म आइपुग्दा ३५ बर्षमा ३० वटा सरकार बने। यस अवधिमा आर्थिक विकासले केही गति लिएको देखिन्छ तर आशातित सफलता प्राप्त गर्न सकेन। राज्य सत्तामा बारम्बार एउटै अनुहार रहनु तर विकासका लागि दीर्घकालीन योजना कार्यान्वयनमा  शिथिलता हुनु, भ्रष्टाचारको व्यापकता दिनप्रतिदिन झांगिदै जानु, श्रोतको वितरणमा असमानता कायम हुनु जस्ता क्रियाकलापले देश भित्र रोजगारीका अवसर कम भई पछिल्लो समय युवाहरुको वैदेशिक पलायनमा बढोत्तरी हुन पुगेको अवस्थाका कारण देशमा विकास र सुशासन भन्दा पनि सत्ता संघर्ष र सरकार परिवर्तनको खेल बढी भएको देखिन्छ। निर्वाचनमा उनै व्यक्तिहरुको पुनरावृत्ति रहनुले कुशल शासकलाई देशको भविष्यको चिन्ता हुन्छ भने कुटिल राजनीतिज्ञलाई आगामी चुनावको चिन्ता हुन्छ भन्ने भनाइको चरितार्थ भएको देखियो।

यस अवधिमा विश्व मानचित्रमा नेपाल अविकसित देशको रुपमा दर्ज भइरहनु, सबै क्षेत्रमा राजनैतिक हस्तक्षेप रहनु, सार्वजनिक सेवा प्रवाहको अप्रभावकारिता, व्यापक भ्रष्टाचार हुनु, शैक्षिक बेरोजगारी बढ्नु, हुने र नहुने (Haves and Have nots) बीचको ठूलो खाडल हुनु, सीमित व्यक्तिहरुको अस्वाभाविक जीवनशैली जस्ता विषयबाट जनताहरु आक्रोशित र आजित भएको अवस्था थियो।

पछिल्लो समयमा प्रविधिको विकास र सामाजिक सञ्जाल प्लेटफर्मलाई युवा पुस्ताले रोजगारीको माध्यमका रुपमा प्रयोग गरिरहेको साथै संचार माध्यमको रुपमा व्यापक प्रयोग भइरहेको अवस्थामा नेपाल सरकारको मिति २०८२।५।१९ मा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय र उपरोक्त उल्लेखित विकृति विसंगतिको विरोधमा समेत जियनजेड पुस्ताद्वारा मिति २०८२ साल भाद्र २३ गते आन्दोलन आव्हान गरिएको थियो।

भाद्र २३ गते काठमाडौंको माइतीघरबाट सुरु भएको प्रर्दशन एभरेष्ट होटल अगाडिको प्रहरी ब्यारिकेट तोडेर बानेश्वरस्थित संसद भवनमा पुग्नुअगावै प्रहरीले पानीको फोहोरा प्रहार गरेपछि भीड उत्तेजित हुँदै प्रहरीमाथि ढुङ्गामुढा प्रहार गर्न थाले। केही प्रदर्शनकारीहरु संसद भवन परिसरभित्र प्रवेश गर्न खोज्दा प्रहरीले बल प्रयोग गर्यो जसका कारण त्यस दिन १७ जना र त्यसै दिन भएका घाइतेहरु मध्ये १२ जना प्रदर्शनकारीहरुको केही दिनपछि मृत्यु भयो। यस घटनामा ठूलो संख्यामा प्रर्दशनकारीहरु र प्रहरीहरु घाइते भए। सो घटनाको विषयलाई लिएर सरकारको धेरै नै आलोचना भयो जुन स्वाभाविक

पनि थियो। भाद्र २४ गते प्रर्दशनकारीहरुले हिंसात्मक तरिकाबाट संसद भवन हुँदै समानान्तर रुपमा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन शीतल निवास, प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौ उपत्यका लगायत देशका विभिन्न स्थानहरुमा सरकारी, सार्वजनिक निकायहरु, पालिकाहरु, प्रहरी, निजी सम्पत्ति, राजनीतिक पार्टीका कार्यालयहरुका साथै व्यावसायिक प्रतिष्ठानहरुमा समेत आगजनी, तोडफोड, चोरी र लुटपाट समेत भयो।

यी घटनाको परिणाम स्वरुप सरकारको विघटन मात्र नभई प्रतिनिधि सभा नै भंग हुन गई असामान्य स्थिति सिर्जना हुन पुग्यो ।भाद्र २३ र २४ गते घटेका उल्लेखित घटनाको सत्यतथ्य छानविन गरी प्रतिवेदन पेश गर्न नेपाल सरकारको मिति २०८२/०६/०५ को निर्णयानुसार जाँचबुझ आयोगको गठन भई मिति २०८२/०६/०९ गते देखि कार्य प्रारम्भ गरियो। यस आयोगलाई आफ्नो कार्य सम्पादन गर्न सुरुमा तीन महिनाको कार्य अवधि तोकिएकोमा कार्यबोझ र समय अभावले गर्दा मिति २०८२/०९/०३ गते प्रथम पटक एक महिनाको लागि र त्यसपछि क्रमश दोस्रो र तेस्रो पटक मिति २०८२/१०/०८ गते बीस दिन र मिति २०८२/१०/२६ गते पच्चीस दिनको लागि कार्य अवधि थप गरिएको थियो।

यस आयोगको गठन पश्चात तोकिएको कार्यदिश बमोजिम काम गर्न साविकको प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयमा कार्यालय स्थापना गरी कार्य प्रारम्भ गरियो। घटनाको सत्यतथ्य पत्ता लगाउन आयोगले क्षतिको विवरण एकीन गर्न सार्वजनिक विज्ञप्ति मार्फत आव्हान गरेको थियो। साथै पत्राचार मार्फत सरकारी र निजी निकायहरुसँग विवरण माग गरिएको थियो।

भाद्र २३ र २४ गतेको घटनाहरुमा के कस्तो भएको हो भनी सत्य तथ्य पत्ता लगाउन र उक्त दिनहरुमा भएको मानवीय र भौतिक क्षतिको जाँचबुझ तथा तथ्याङ्क सकंलन गर्ने कार्य सुरु गरियो। यस क्रममा धेरै क्षति भएका १३ वटा  जिल्लाहरुमा आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा स्थलगत अवलोकन र अन्तरक्रिया कार्यक्रम गरियो। १८ वटा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीहरुबाट घटना विवरण कागज माग गरियो। घाइते व्यक्ति र मृतक परिवारका आफन्तहरुबाट घटना विवरण कागज गराइएको, सरकारी कार्यालयका कर्मचारीहरु अदालतका पदाधिकारी र कर्मचारीहरुसँग छलफल र अन्तरक्रिया गरिएको, घटनामा संलग्न व्यक्तिहरुसँग समेत घटना विवरण कागज गराइएको, आगामी दिनमा लगानी प्रोत्साहनका लागि गर्नुपर्ने विषयमा FNCCI,CNI लगायतका निजी प्रतिष्ठान र व्यावसायिक घरानाका व्यक्तिहरुसँग छलफल गरिनुका साथै तत्कालीन जिम्मेवारीमा रहेका पदाधिकारीहरुसँग बयान/ सोधपूछ समेत गरिएको थियो।

सबै पक्षसँगको छलफल र तथ्याङ्कको विश्लेषणबाट भाद्र २३ गते भएको प्रर्दशनको तत्कालीन कारण सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध साथै मूल कारण भ्रष्टाचार र कुशासन जड रुपमा रहनुको कारण नै थियो। २४ गतेको हिंसात्मक क्रियाकलाप जियनजेड पुस्ताले नगरेको तर २३

गतेको घटनाको विरोधमा स्वतःस्फूर्त रुपमा युवासँगै अन्य उमेर समूहका व्यक्तिहरु पनि सडकमा निष्किए। तर केही समयपछि अपराधिक प्रवृतिका व्यक्तिहरु तथा शान्ति सुरक्षाको कमजोरीको फाइदा उठाउदै अन्य लुटेरा समूहहरु पनि प्रदर्शनकारीहरुसँगै सहयोगी भई लुटपाट, आगजनी, तोडफोड र प्रहरीलाई कुटपिट, हत्या जस्ता कार्यमा संलग्न भई स्थितिलाई अराजक बनाए। संकलित तथ्याङ्कका आधारमा भाद्र २३ र २४ को घटनामा ७६ जनाको मृत्यु (जसमध्ये ४२ जना सुरक्षाकर्मीको गोली प्रहारबाट, प्रदर्शनकारीको आक्रमणबाट ३ जना प्रहरीको र बाँकी लुटपाटको क्रममा) भएको देखिन्छ। यी घटनामा २५२२ जना (सुरक्षाकर्मी सहित) घाइते भएका थिए। साथै करीब रु. ८५ अर्ब बराबरको भौतिक क्षति भएको देखिन्छ।

यस आयोगबाट गरिएको छानविनमा भाद्र २३ गतेको घटनाका सम्बन्धमा केही ठोस निष्कर्ष निकाली आवश्यक कारबाहीको लागि सिफारिस गरिएको छ। भाद्र २४ गतेका घटनाहरु काठमाडौंमा मात्रै सीमित नभई पूरा देश नै प्रभावित हुन पुगेको र घटेका आगजनी, तोडफोड र लुटपाटका घटनाहरु व्यापक रहेको र आयोगको निश्चित सिमाहरुका कारण सम्पूर्ण क्षेत्र छानविनको दायरामा समेट्न नसकिएको अवस्था छ। तथापि, आयोगले भाद्र २४ गतेको हिंसात्मक क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई छानविनको दायरामा ल्याउन सहज हुनेगरी तथ्याङ्क संकलनको विवरण BTS REPORT लगायतका अनुसन्धानात्मक सामग्रीहरु प्रतिवेदनमा संलग्न गरिएको छ।

आयोगले भाद्र २३ र २४ गतेको जिम्मेवारीको सन्दर्भ र आगामी दिनमा यस्ता घटना हुन नदिन सुधार गर्नुपर्ने क्षेत्रगत समस्या र सुझावहरुका साथै कार्यान्वयन कार्ययोजना समेत प्रस्तुत गरेको छ।

आयोगले जाचँबुझ आयोग ऐन, २०२६, प्रचलित कानूनका साथै नैतिकताको कसीमा रही निष्पक्ष ढङ्गले छानविन गरी यो प्रतिवेदन तयार गरेको छ।

यो प्रतिवेदन तयार गर्न आयोगलाई भाद्र २३ र २४ गतेको घटनासँग सम्बन्धित फुटेज तथा डिजिटल सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्ने सार्वजनिक निकाय, विभिन्न संघ संस्थाहरु, नेपाल टेलिभिजन लगायत विभिन्न निजी टेलिभिजन संस्थाहरु, व्यक्तिहरुप्रति आभार प्रकट गर्दछौं। साथै राष्ट्रसेवक कर्मचारीहरु र विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरुले दिनु भएको सुझावको लागि पनि आभारी छौं।

अन्तमा आयोग गठन पश्चात विषम परिस्थितिमा पनि कार्यालय स्थापनाकालदेखि प्रतिवेदन तयार पार्दासम्म अहोरात्र खटिने आयोग सचिवालयका समस्त कर्मचारीहरुलाई आयोग धन्यवाद ज्ञापन गर्दछ।

# विषयसूची

**भाग १ प्रारम्भिक**........................................१

**परिच्छेद - १ : परिचय**........................................१

१.१. आयोग गठनको पृष्ठभूमि (BACKGROUND)........................................१

१.२. जियनजेड आन्दोलनको विकासक्रम र नेपालमा प्रभाव........................................२

**परिच्छेद - २ : जाँचबुझ आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिः**........................................१६

२.१. जाँचबुझ आयोगको गठनः........................................१६

२.२. जाँचबुझ आयोगको संरचनाः........................................१६

२.३. आयोगको क्षेत्राधिकार र जिम्मेवारीः........................................१६

२.४.जाँचबुझ आयोगको कार्यप्रणालीः........................................१७

२.५.जाँचबुझ आयोगको समयावधि र जनशक्तिः........................................१७

२.६.आयोगको कार्यविधिः........................................१७

**परिच्छेद - ३ः तथ्य तथा तथ्याङ्क संकलनमा प्रयोग गरिएका विधिहरुः**........................................१८

३.१. स्थलगत अवलोकन तथा निरीक्षण विधि :........................................१८

३.२. प्रश्नोत्तर विधि (बयान, सोधपुछ तथा घटना विवरण कागज):........................................१९

३.३. छलफल विधि (सरोकारवाला तथा विज्ञहरुसँगको छलफल) :........................................१९

३.४. अन्तर्वार्ता विधि (बयान तथा घटना विवरण):........................................१९

३.५. प्रमाण संकलन (अडियो, भिडियो, सि.सि. टिभि, सि.डि.आर र बि.टि.एस.):........................................२०

३.६. संकलित प्रमाणहरुको परीक्षण तथा मूल्याङ्कनः........................................२०

३.७. सूचना संकलनमा सार्वजनिक आव्हान :........................................२०

३.८. पत्राचार मार्फत विवरण संकलन........................................२०

३.९. अन्तरक्रिया (प्रत्यक्षदर्शी, पीडित तथा मृतकका आफन्त)........................................२०

३.१०. आयोगका सीमाहरु........................................२१

**भाग-२**........................................२२

**जाँचबुझको क्रममा संकलित तथ्य\तथ्याङकहरुको विवरणः**........................................२२

**परिच्छेद ४ः आन्दोलनको क्रममा भएको मानवीय र भौतिक क्षति सम्बन्धमाः**........................................२२

४.१. मानवीय क्षतिको विवरणः............................................................................२२
४.२. भौतिक क्षति......................................................................................२७

**परिच्छेद - ५ः बयान तथा घटना विवरण कागज र सरोकारवालाबाट प्राप्त सुझावः...................... २८**

५.१ सार्वजनिक जिम्मेवारीमा रहेका अधिकारीहरुको कागज व्यहोरा बयान तथा घटना विवरण कागजहरुः-..........................................................................................................२८
५.१.१ राजनैतिककर्मी.........................................................................................२८
५.१.२. निजामती कर्मचारीहरुको बयान तथा घटना बिबरण कागज ब्यहोराः ........................४७
५.१.३ नेपाली सेनाको बयान कागज ब्यहोराः ..............................................................७४
५.१.४ नेपाल प्रहरीको बयान तथा घटना बिबरण कागज ब्यहोराः........................................८५
५.१.५ सशस्त्र प्रहरी बल नेपालको बयान तथा घटना बिबरण कागज ब्यहोराः.................. २४३
५.१.६ सशस्त्र प्रहरी बल नेपालको बयान तथा घटना बिबरण कागज ब्यहोराः.................. २७०
५.२. प्रदर्शनका आयोजकहरुको वयान तथा घटना विवरण कागज ब्यहोराः ............................ २७८
५.३. उपचारमा संलग्न चिकित्सकहरुका घटना विवरण कागज ब्यहोराः................................. ३०१
५.४. प्रत्यक्षदर्शीहरुका घटना विवरण कागज ब्यहोराः.................................................... ३०६
५.५. घाईतेहरुको घटना विवरण कागज ब्यहोरा.............................................................. ३१९
५.६. मृतक परिवारको तर्फबाट घटना बिबरण कागजः-..................................................... ३३५

**परिच्छेद - ६ः प्रदर्शनको क्रममा धैरै क्षति भएका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुबाट प्राप्त घटना विवरण व्यहोरा.......................................................................................... ३५८**

६.१. कोशी प्रदेश.......................................................................................... ३५८
६.१.१. जिल्ला प्रशासन मोरङ.......................................................................... ३५८
६.१.२. जिल्ला प्रशासन कार्यालय मकवानपुर........................................................ ३६०
६.१.३. जिल्ला प्रशासन कार्यालय सुनसरी :.......................................................... ३६७
६.१.४. जिल्ला प्रशासन कार्यालय, झापा :........................................................... ३७४
६.२. मधेश प्रदेश.......................................................................................... ३७८
६.२.१. जिल्ला प्रशासन कार्यालय पर्सा :.............................................................. ३७८
६.२.२. जिल्ला प्रशासन कार्यालय धनुषा :........................................................... ३८२
६.२.३. जिल्ला प्रशासन कार्यालय रौतहट :........................................................... ३८२
६.३. बाग्मती प्रदेश........................................................................................ ३८४
६.३.१. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक :.................................................. ३८४

६.३.२. जिल्ला प्रशासन कार्यालय चितवन :.......... ३८७
६.४. गण्डकी प्रदेश.......... ३९२
६.४.१. जिल्ला प्रशासन कार्यालय तनहुँ :.......... ३९२
६.४.२. जिल्ला प्रशासन कार्यालय कास्की :.......... ३९४
६.४.३. जिल्ला प्रशासन कार्यालय पर्वत :.......... ३९६
६.५. लुम्बिनी प्रदेश.......... ३९७
६.५.१. जिल्ला प्रशासन कार्यालय, रुपन्देही.......... ३९७
६.५.१ जिल्ला प्रशासन कार्यालय बाँके :.......... ४०५
६.५.२. जिल्ला प्रशासन कार्यालय (बर्दघाट सुस्ता पूर्व) :.......... ४१३
६.६. कर्णाली प्रदेश.......... ४१५
६.६.१. जिल्ला प्रशासन कार्यालय सुर्खेत :.......... ४१५
६.७. सुदूरपश्चिम प्रदेश.......... ४२०
६.७.१. जिल्ला प्रशासन कार्यालय कञ्चनपुर :.......... ४२०
६.७.२. जिल्ला प्रशासन कैलाली.......... ४२२

**परिच्छेद -७ : स्थलगत अनुगमनको क्रममा संकलित विवरण.......... ४२६**

७.१. कोशी प्रदेश.......... ४२६
७.२. मधेश प्रदेश.......... ४३८
७.३. बाग्मती प्रदेश.......... ४४६
७.४. गण्डकी प्रदेश.......... ४५४
७.५. लुम्बिनी प्रदेश.......... ४६१
७.६. सुदुरपश्चिम प्रदेश.......... ४८१
७.७. स्थलगत अनुगमनका क्रममा सहभागीहरुले राखेका धारणाको निचोड.......... ४८५

**परिच्छेद-८ : आयोगबाट भएका पत्राचार तथा विभिन्न निकायहरुबाट प्राप्त जवाफ विवरण.......... ४८९**

**परिच्छेद-९ : सरकारी निकाय, परिषद तथा समितिका निर्णयहरु.......... ४९०**

९.१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयहरु.......... ४९०
९.२. राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरु.......... ४९०
९.३. केन्द्रीय सुरक्षा समितिका निर्णयहरु.......... ४९१
९.४. जिल्ला सुरक्षा समितिका निर्णयहरू.......... ४९१

**परिच्छेद -१०: आयोगबाट गरिएका भौतिक प्रमाण संकलनको सम्बन्धमा ..... ५४४**

१०.१. CCTV, AUDIO\VIDEO र सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरुको सम्बन्धी विवरण ..... ५४४

१०.२. टेलिफोन सेवा प्रदायकहरुबाट प्राप्त विवरण (CDR/BTS DATA) ..... ५४६

**परिच्छेद-११ : आयोगमा प्राप्त उजुरी तथा गुनासोहरु ..... ५५७**

**भाग-३ ..... ५६१**

**जाँचबुझको क्रममा सँकलित तथ्य\तथ्याङकहरुको विश्लेषण तथा निष्कर्ष ..... ५६१**

**परिच्छेद-१२ संकलित तथ्य\तथ्याङकहरुको विश्लेष ..... ५६१**

१२.१. मानवीय क्षतिको विश्लेषण तथा निष्कर्ष ..... ५६१

१२.१.१. मृत्यु सम्बन्धी विवरणको विश्लेषण ..... ५६१

१२.१.२. मृत्युको कारण अनुसार मृत्युको विवरणको विश्लेषण ..... ५६१

१२.१.३. घटना घटेको स्थान अनुसार मृत्युको विवरणको विश्लेषण ..... ५६२

१२.१.४. उमेर समूह अनुसार मृत्युको विवरणको विश्लेषण ..... ५६३

१२.१.५. घाइते भएका व्यक्तिहरुको विवरण एवं विश्लेषण ..... ५६३

१२.१.६. उमेर समूह अनुसार घाइतेको विवरणको विश्लेषण ..... ५६४

१२.१.७. प्रदेश अनुसार घाइतेको विवरणको विश्लेषण ..... ५६४

१२.२ प्रर्दशनको क्रममा देशभरि भएको भौतिक क्षतिको विवरणको विश्लेषण ..... ५६५

१२.२.१. समग्र भौतिक क्षतिको विवरणको विश्लेषण ..... ५६६

१२.२.२. क्षेत्रगत रुपमा भौतिक क्षतिको विवरणको विश्लेषण ..... ५६६

१२.२.३. संघीय, प्रदेश कार्यालयहरु र स्थानीय तहको भौतिक क्षतिको विवरणको विश्लेषण ..... ५६८

१२.२.४. प्रदेश कार्यालयहरुको क्षतिको विवरणको विश्लेषण ..... ५६९

१२.३ हातहतियारको नोक्सानी तथा लुटपाटको विश्लेषण तथा निष्कर्ष ..... ५७०

१२.४. प्राप्त उजुरी/गुनासोहरुको विश्लेषण तथा निष्कर्ष ..... ५७२

१२.५. संकलित CCTV, AUDIO\VIDEO र सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरुको परीक्षण, विश्लेषण तथा निष्कर्ष ..... ५७३

१२.६. CDR/BTS DATA को विश्लेषण तथा निष्कर्ष ..... ५९७

१२.६.१. CDR विश्लेषण ..... ५९७

१२.६.२. BTS Data विश्लेषण ........ ६०६
१२.७. AUTOPSY/ BALLISTIC REPORT को विश्लेषण तथा निष्कर्ष ........ ६१४
१२.८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयको निर्णयहरुको विश्लेषण ........ ६१५
१२.९. राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरुको विश्लेषण तथा निष्कर्ष ........ ६१५
१२.१०. केन्द्रीय सुरक्षा समितिका निर्णयहरुको विश्लेषण तथा निष्कर्ष ........ ६१५
१२.११. जिल्ला सुरक्षा समितिका निर्णयहरुको विश्लेषण तथा निष्कर्ष ........ ६१६
१२.१२. कैदी\बन्दी\थुनुवा फरारबाट उत्पन्न सुरक्षा चुनौतीको विश्लेषण तथा प्रभाव ........ ६१८
१२.१३. हिंसात्मक आन्दोलनमा डिसकर्डको भुमिका बारे संक्षेप ........ ६१९
**५. मिथ्या सूचना र घुसपैठको जोखिम** ........ ६२०
घटना क्रम (Analytical Flowchart) ........ ६२१
डिस्कर्ड (DISCORD) ........ ६२५
डिजिटल युगमा एल्गोरिदम प्रभाव ........ ६३०
**भाग-४** ........ **६३५**
**निष्कर्ष (CONCLUSION) तथा राय सिफारिस** ........ **६३५**
**परिच्छेद-१३ जाँचबुझ आयोगको निष्कर्ष, ठहर र सिफारिस** ........ **६३५**
१३.१. २०८२ साल भाद्र २३ गतेको घटनाका सम्बन्धमा ........ ६३५
१३.२. २०८२ भदौ २३ र २४ गतेको घटनाको सम्बन्धमा विभिन्न पदाधिकारीहरुको दायित्वको विश्लेषण र पुरस्कार सिफारिस ........ ७००
**परिच्छेद — १४ः शासकीय सुधारका लागि आयोगको सुझाव/सिफारिस** ........ **७३४**
१४.१. राजनीतिक दल र निर्वाचन प्रणालीः ........ ७३४
१४.२. संसद र संसदीय समितिः ........ ७४०
१४.३. न्यायालय र न्याय क्षेत्र ः ........ ७४३
१४.४. संवैधानिक आयोगहरुको स्वतन्त्रता र प्रभावकारीताः ........ ७४८
१४.५. सार्वजनिक सेवा प्रवाहः ........ ७५०
१४.६. निजी क्षेत्रः ........ ७६०
१४.७ बैकिङ्ग क्षेत्रः ........ ७६२
१४.८. नागरीक समाजः ........ ७६६
१४.९. सहकारी क्षेत्रः ........ ७६७

१४.१०. पत्रकार र सञ्चार जगतः ........ ७६८
१४.११. गैरसरकारी संस्था ( NGO/INGO) व्यवस्थापनः ........ ७७७
१४.१२. आयोजना व्यवस्थापन ........ ७८३
१४.१३. सुरक्षा संयन्त्रहरुतर्फको समस्या र सुधारका लागि सुझावः ........ ७८६
१४.१४. भ्रष्टाचार नियन्त्रणको लागि गर्नुपर्ने अन्य सुझावहरु ........ ८३७
१४.१५. कारागारका समस्या र गर्नुपर्ने सुधार ........ ८४९
१४.१६. सुशासन कायम गर्नका लागि अन्य सुझाव ........ ८६४
१४.१७. सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी व्यवस्थाः ........ ८८९

**भाग — ५ सुझाव कार्यान्वयनको कार्ययोजना ........ ८९२**

**उपसंहार ........ ८९६**

# भाग १ प्रारम्भिक

# परिच्छेद - १ : परिचय

## १.१. आयोग गठनको पृष्ठभूमि (Background)

लामो समयदेखि पटक पटक एउटै राजनैतिक नेतृत्वको पुनरावृत्ति, अहंता र जनउपेक्षित क्रियाकलापका साथै भ्रष्टाचार, वेथिति, कुशासन आदिका कारण सरकार तथा प्रशासनिक संयन्त्रप्रति अविश्वास र आक्रोश फैंलिदै गएको थियो। साथै, सामाजिक अभियन्ताहरुको सरकार तथा व्यवस्था विरोधी क्रियाकलाप र अभियानहरुउपर जनसमर्थन बढिरहेको अवस्था थियो।

तत्कालीन सरकारले नेपालमा प्रयोग हुँदै आइरहेका तर आधिकारिकरुपमा दर्ता नभएका केही सामाजिक सञ्जालहरुमा हुने अवाञ्छनीय गतिविधि नियन्त्रण गर्ने र करको दायरामा ल्याउने सन्दर्भमा मिति २०८२ भाद्र १९ गते उक्त सञ्जालहरुमा रोक लगाउने निर्णय गरेको थियो। सामाजिक सञ्जालहरुको प्लेटफर्महरुमा विशेषगरी युवाहरुको बढ्दो आकर्षण एवं आम्दानीका श्रोतहरु रहेकोले युवा पुस्ताहरु सरकारको सो निर्णय र त्यससँगै भ्रष्टाचार, वेथिति, कुशासन लगायतका विषयलाई समेत जोड्दै २०८२ साल भाद्र २३ र २४ गते प्रदर्शनको घोषणा गरेका थिए। प्रदर्शनको घोषणा पश्चात् भाद्र २३ गते माइतीघरबाट शान्तिपूर्ण रुपमा शुरु भएको जुलुस बानेश्वर संसद भवनमा आइपुग्दा विध्वंसकारी मोड लिई काठमाडौं उपत्यकाभित्र १७ जना र उपत्यका बाहिर २ जना गरी जम्मा १९ जनाको मृत्यु हुन पुगेको थियो। यस घटनाक्रमबाट सिर्जित आक्रोशले आन्दोलनकारीहरुले भाद्र २४ गते सरकारले कर्फ्यू आदेश जारी गर्दा गर्दै पनि सरकारी सम्पत्ति, राजनीतिक दलहरुका पार्टी कार्यालय, राजनीतिक दल सम्बद्ध व्यक्तिहरुको निजी सम्पत्तिमाथि तोडफोड, आगजनी तथा लुटपाट समेत गरेको र उक्त घटनाले अकल्पनीय रुपमा भौतिक तथा मानवीय क्षति हुन गएको थियो।

अत: २०८२ साल भदौ २३ र २४ गते नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड युवा पुस्ताद्वारा गरिएको प्रर्दशनको क्रममा काठमाडौं लगायत विभिन्न भागमा भएका भौतिक तथा मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०६।०५ को निर्णयबाट जाँचबुझ आयोग

ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस जाँचबुझ आयोगको गठन गरेको थियो।

## १.२. जियनजेड आन्दोलनको विकासक्रम र नेपालमा प्रभाव

कुनै पनि देशमा नागरिकको अधिकार त्यहाँको संविधान र सो अन्तर्गतको शासन व्यवस्थाले प्रत्याभूत गरेको हुन्छ। नेपाली जनताद्वारा जनचाहना अनुरुप शासन व्यवस्था सञ्चालन गरी सामाजिक समानता ल्याउन र आर्थिक विकास गर्ने उद्देश्य राखी समय समयमा जनआन्दोलन भएका छन्। यसको सुरुवात जहानियाँ राणा शासन विरुद्धको २००७ सालको क्रान्तिबाट भएको हो। जसले राणा शासनको अन्त्य गरी प्रजातन्त्रको अभ्यास सुरु गर्‍यो। तत्पश्चात २०१७ सालमा राजा महेन्द्रले निर्दलीय शासन व्यवस्था लागु गरे। यस केन्द्रीकृत व्यवस्थाका विरुद्ध नेपाली जनताले समय समयमा विद्रोह गरे। फलस्वरुप वि.सं. २०४७ सालपछि बहुदलमा आधारित प्रजातन्त्र स्थापना भयो र नयाँ संविधान लागु भयो। यो व्यवस्था बामे सर्न मात्र लागेको थियो, त्यसै समयमा वि.सं. २०५१ फागुन १ गते दश वर्षे माओवादी युद्ध शुरु भयो। जसका कारण प्रजातान्त्रिक अभ्यास र विकासको गति नराम्रोसँग प्रभावित हुन पुग्यो। त्यसबीचमा संवैधानिक राजाले २०६१ साल माघ १९ गते शासन व्यवस्था आफ्नो हातमा लिई प्रजातान्त्रिक अभ्यासलाई अवमूल्यन गरे। फलस्वरुप २०६२/६३ सालको जनआन्दोलनको बलबाट समावेशी सहितको पूर्ण गणतन्त्रात्मक शासन व्यवस्था अपनाइएको सर्वविदितै छ।

लामो समयदेखि माग गरिएको संविधानसभाबाट निर्मित हालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र सहितको शासन व्यवस्था अङ्गीकार गरेको छ। यसले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आंकाक्षा पूरा गर्ने लक्ष्य राखेको छ। जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारको प्रत्याभूत गर्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा १८ ले समानताको हक बमोजिम सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् भनी स्पष्ट रुपमा उल्लेख गरेको छ। त्यसैगरी धारा २७ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरेको छ। धारा ३३ को रोजगारीको हक लगायतका ३१ वटा हकहरु व्यक्ति तथा नेपाली नागरिकलाई प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ।

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वको व्यवस्था गरेको छ।

त्यसैगरी संविधानको धारा ५१ मा राज्यका नीति अन्तर्गत उपधारा ४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने व्यवस्था रहेको छ।

विगतमा अधिकारको केन्द्रीकरणको कारणले अपेक्षित विकास र श्रोतको समान विनियोजन नभएको कारणबाट नागरिक असन्तुष्टि बढी जनआन्दोलनको माध्यमबाट स्थापित हालको शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको गठनबाट ७ वटा प्रदेश र ७५३ वटा स्थानीय सरकारको गठन र सञ्चालन भइरहेको छ। तुलनात्मक रुपमा दस्ताबेजको हिसाबले नेपालको हालको संविधान समावेशी र जनप्रतिनिधिहरुद्वारा निर्मित संविधान हो।

वर्तमान संविधानले समानुपातिक सिद्धान्त अङ्गीकार गरेको छ।यस प्रकारको निर्वाचन प्रणाली लागु गर्नको मूल उद्देश्य नेपाली समाजको बनोटको आधारमा प्रतिनिधित्व होस् भन्ने हो तर संविधान लागु भई कार्यान्वयनमा आउँदा कुनै एउटै राजनैतिक दलले पूर्ण बहुमतको आधारमा शासन सञ्चालन गर्न सकिने अवस्था भने रहेको देखिदैन। यसका कारण शासन सञ्चालनमा राजनैतिक गठजोड अनिवार्य जस्तै देखिन्छ। यस प्रकारको गठजोडका कारण नीतिगत रुपमा जनचाहना र विकास केन्द्रित भन्दा पनि संवैधानिक नियुक्ति लगायत राज्यका स्रोत दोहन दलीय भागबण्डामा हुने गरेको छ। पछिल्लो शासन व्यवस्थासम्म आइपुग्दा जनजागरणमा बढोत्तरी भई नागरिक आवाजहरु मुखरित हुन थालेका छन्।

विगतको जहानियाँ राणा शासन र त्यसपछिको निरंकुश राजतन्त्रात्मक शासन व्यवस्था हटाएको जनसंघर्षका हिमायती र शासनसत्ताको बागडोर सम्हालेर बसेका नेतृत्वले विगतका गल्ती कमजोरीबाट पाठ सिक्नुपर्ने जरुरी थियो, शासनमा सुधार गर्नु पर्ने थियो। ३० वर्ष अगाडिका दक्षिण कोरिया, सिंगापुर मलेशिया आदिको हाराहारीमा रहेको नेपाल किन पछाडि परेको हो भन्नेतिर सोचिएन। वर्तमानमा अङ्गीकार गरेको शासन प्रणाली र राजनीतिक दलहरुमा समेत आम जनताले चाहेबमोजिमको शासकीय प्रवन्ध, रोजगारी सेवा सुविधा, समानताको प्रत्याभूति गराउन वर्तमान शासक वर्ग असमर्थ रहे।फलस्वरुप सरकारप्रति नागरिकको असन्तुष्टि चुलिदै गएको पाइन्छ।

सूचना प्रविधिको बढ्दो विकास र हस्तान्तरणले विश्व एक परिवार जस्तो भएको छ। अझ पछिल्लो समयमा विकसित भएका सामाजिक सञ्जालहरुले त मानिसलाई सूचनाको आदानप्रदानमा तीव्रतर

रुपमा सहज तुल्याएको छ। जसका कारण आजको युवा पुस्ता नवजागरुक समाज निर्माण साथै विश्व परिवेशसँग पूर्णतया जानकार छ। आजको पुस्ता राज्य प्रणाली र सार्वजनिक गतिविधिको विषयमा अत्यन्तै जागरुक छ। तसर्थ, राज्य संयन्त्रमा रहेका सार्वजनिक उत्तरदायित्व बहन गर्ने पदाधिकारीहरुको काम कर्तव्यको विषयमा निगरानी गरिरहेको हुन्छ। विश्व परिवेशको अध्ययन गर्दा पछिल्लो पुस्ताले तत्काल नतिजाको अपेक्षा गर्ने र असन्तुष्टिहरुलाई सहेर नबस्ने मानसिकता रहेको देखिन्छ। वि.सं. २०८२ साल भाद्र २३ र २४ गतेको प्रर्दशनको उपज पनि युवा पुस्ताको राज्य संयन्त्रप्रतिको आक्रोश नै रहेको देखिन्छ।

**जिएनजेड (Generation Z) के हो ?**

समाज विभिन्न युगहरूमा अगाडि बढ्दै जाँदा, प्रत्येक पुस्ताले संस्कृति, अर्थतन्त्र र प्रविधिमा गहिरो प्रभाव पार्छ। हामीले अहिले जिएनजेड (Generation Z) भनेर चिन्ने पुस्ता मानवजातिको इतिहासमा सबैभन्दा छिटो बढ्दो र सबैभन्दा प्रविधि-मैत्री जनसांख्यिकीय समूहहरू मध्ये एक हो।

शाव्दिक रुपमा **जिएनजेड** भन्नाले लगभग १९९७ र २०१२ को बीचमा जन्मेका युवाहरूको पुस्तालाई बुझाउँछ। जसलाई इन्टरनेट र स्मार्टफोनसँग हुर्किएको पहिलो वास्तविक "डिजिटल नेटिभ" को रूपमा परिभाषित गरिएको छ। तिनीहरू मिलेनियल र अघिल्लो जेनेरेसन अल्फापछिका जनसांख्यिकीय समूह हुन्।

इन्टरनेट, सामाजिक सञ्जाल र प्रविधिको उदीयमान प्रत्याभूत भएको संसारमा जन्मिएको जिएनजेडले मानिसहरूले कसरी अन्तरक्रिया गर्छन्, सिक्छन्, काम गर्छन् र उपभोग गर्छन् भनेर पुनः परिभाषित गरिरहेको छ। यो पुस्ता सधैं यस्तो संसारमा बसेको छ, जहाँ स्मार्टफोन, सामाजिक सञ्जाल र ज्ञानमा तत्काल पहुँच यसका मानकहरू हुन्। यस जेनेरेशनका लागि मोबाइल फोन र इन्टरनेट अस्तित्वको लागि न्यूनतम आवश्यकताहरू हुन्। त्यसकारण डिजिटल ढाँचामा सञ्चार, सिकाइ र मनोरञ्जनका विभिन्न उद्देश्यहरू सञ्चालन गर्नु उनीहरूका लागि अनिवार्य भएको छ।

**विश्वका विभिन्न देशमा भएको जिएनजेड पुस्ताको आन्दोलनः**

**श्रीलंका**

श्रीलंकामा जिएनजेड आन्दोलनले सन् २०२२ मा भएको अरगालय (संघर्ष) विरोध प्रदर्शनलाई जनाउँछ। जुन आर्थिक कठिनाई, भ्रष्टाचार र सरकारी कुप्रबन्धले प्रेरित युवा नेतृत्वको प्रमुख विद्रोह

थियो। विदेशी ऋण र "सेतो हात्ती" पूर्वाधार परियोजनाहरू जस्तै बन्दरगाह, विमानस्थल र राजमार्गहरूमा वर्षौंको निर्भरताले देशलाई गहिरो ऋणमा डुबायो जसले थोरै राजस्व उत्पन्न गऱ्यो। सन् २०१९ मा नवनिर्वाचित राष्ट्रपति गोटाबायाँ राजपक्षले कर घटाए। जसले गर्दा राज्यले वार्षिक १.४ अर्ब डलर राजस्व गुमायो। विदेशी मुद्रा सञ्चिति घट्यो। इन्धन र औषधी आयात ठप्प भयो। सन् २०२२ मा मुद्रास्फीति ६९ प्रतिशतभन्दा माथि बढ्यो। रासायनिक मलमा अचानक प्रतिबन्धले बाली ४० प्रतिशतसम्म घटायो, जसले गर्दा किसानहरू निराश बनेका थिए। यी सबै कारणले त्यहाँ विरोध आर्थिक संकटबाट सुरु भएको थियो तर चाँडै प्रणालीगत परिवर्तनको आह्वानमा पुग्यो। जिएनजेड सहभागीहरूले सरकारको राजिनामा, भ्रष्टाचार र अभिजात वर्गको अन्त्यको माग गरे। अरागालयले टिकटक र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरूलाई व्यवस्थित गर्न, जानकारी साझा गर्न र गति निर्माण गर्न प्रयोग गऱ्यो। विरोध प्रदर्शनहरू आफैमा यो अनलाइन परिचालनको एक विशाल, वास्तविक-विश्व प्रदर्शन थियो। अरागालयले राष्ट्रपतिलाई राजिनामाको लागि बाध्य पार्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। जसले गर्दा जिएनजेडले स्थापित राजनीतिक संरचनाहरूलाई कसरी चुनौती दिन सक्छ भन्ने कुराको एक शक्तिशाली उदाहरण बनेको थियो।

**बंगलादेश**

सन् २०२४ जुलाई-अगस्टमा बंगलादेशको राजनीतिक इतिहासको महत्त्वपूर्ण भाग विद्यार्थी कार्यकर्ताहरूले ठूलो प्रदर्शन गरे। बंगलादेशले वर्षौंसम्म विश्वको सबैभन्दा छिटो बढ्दो अर्थतन्त्र मध्ये एकको रूपमा आफ्नो स्थिति बनाएको थियो। जुन तयारी पोशाक निर्यात र विदेशी कामदारहरूबाट प्राप्त रेमिट्यान्सद्वारा लाभान्वित थियो। तैपनि, २०२३-२४ सम्ममा, बृद्धिको चमक फिक्का भएको थियो। मुद्रास्फीति ९ प्रतिशत पुगेको थियो। बेरोजगारी बढ्यो र भ्रष्टाचारको आरोप विस्फोट भयो। सरकारले डिजिटल सुरक्षा कानून अन्तर्गत असहमत पक्षमाथि कारवाही गर्दा सार्वजनिक असन्तुष्टि बढ्यो। अगस्ट २०२४ मा प्रधानमन्त्री शेख हसिनाको सरकारबाट सेनाले समर्थन फिर्ता लिएपछि उनलाई निर्वासनमा धकेलियो। जनविद्रोहको सामना गर्दै उनी देश छोड्न बाध्य भइन्, फलस्वरुप राजनीति बदलियो। अन्य राजनीतिक दलहरूको सहमतिमा, प्रमुख सल्लाहकार मुहम्मद युनुसले जुलाई घोषणापत्र जारी गरे। जसले जुलाई क्रान्तिलाई अर्को अधिनायकवादी सरकारको उदय रोक्नको लागि सुधार गर्न निर्देशित गर्ने मूल सिद्धान्तहरूलाई समावेश गर्यो र बंगलादेशमा अहिले चुनावपश्चात स्थिर सरकार बनेको छ।

## केन्या

केन्याको वित्त विधेयकको विरोध प्रदर्शन, जसलाई व्यापक रूपमा #Reject Finance Bill 2024, वा जिएनजेड विरोधको रूपमा चिनिन्छ। केन्या सरकारले वित्त विधेयक सन् २०२४ मा प्रस्ताव गरेको कर वृद्धिको विरुद्धमा केन्यामा विकेन्द्रीकृत सामूहिक विरोध प्रदर्शनहरूको एक श्रृंखला सुरु भयो। प्रदर्शनकारीहरूले X, TikTok, Instagram, ChatGPT SMS र WhatsApp जस्ता सामाजिक सञ्जाल प्लेटफर्महरू प्रयोग गरेर युवा परिचालन गर्यो। १८ जुनमा केन्याली संसदले केही विवादास्पद खण्डहरू हटाउँदै विधेयकमा संशोधन गर्यो। विधेयक भोलिपल्टै पारित भयो। २५ जुनमा प्रदर्शनकारीहरूले संसद भवनहरूमा आक्रमण गरे। जसको परिणामस्वरूप प्रहरीसँग झडप भयो, कम्तिमा २२ जनाको मृत्यु भयो भने धेरै घाइते भए। राष्ट्रपति रुटोले २८ जुनमा विधेयकलाई अस्वीकार गरेको बताइएको छ। अस्वीकृतिको कारणले भएको बजेट कमीलाई सम्बोधन गर्न "विनियोजन विधेयक सन् २०२४" मा हस्ताक्षर गरे। तैपनि, जुलाई २ मा प्रदर्शनकारीहरूले रुटोको राजिनामाको माग गरेपछि विरोध प्रदर्शन दंगामा परिणत भयो।

विरोध प्रदर्शनको प्रतिक्रियामा राष्ट्रपति रुटोले ११ जुलाईमा आफ्नो लगभग सम्पूर्ण मन्त्रिपरिषद्का सदस्यहरुलाई बर्खास्त गरे। पूर्व उपराष्ट्रपति रिगाथी गचागुआलाई महाभियोग लगाए। २४ जुलाईमा, रुटोले रैला ओडिंगाको नेतृत्वमा रहेको विपक्षी ओरेन्ज डेमोक्रेटिक मुभमेन्टका चार सदस्यहरूलाई आफ्नो मन्त्रिपरिषद्मा नियुक्त गरे।

## इन्डोनेसिया

सन् २०२५ अगस्टको अन्त्यतिर इन्डोनेसियामा भएको जिएनजेड प्रदर्शन आर्थिक असमानता, भ्रष्टाचार र सरकारी निष्क्रियतामाथिको निराशाले प्रेरित थियो। जसमा उच्च संसदीय भत्ता र राजनीतिज्ञहरूको जीवनयापनको लागत लगायतका प्रमुख गुनासोहरू थिए। केन्याको युवा बेरोजगारी र गरिबीको कारण अभिजात वर्गका विशेषाधिकारहरूप्रति आक्रोशित थिए।

यी युवा कार्यकर्ताहरूले फेसबुक, एक्स र टिकटक जस्ता डिजिटल प्लेटफर्महरू प्रयोग गरेर युवालाई संगठित गरे। प्रायः अभिजात वर्गका विशेषाधिकार र सरकारको असफलताको मुद्दाहरूको विरोध गर्न यी प्लेटफर्महरुमा पोष्ट गरे र विरोधका क्रममा प्रहरीसँग झडप भयो। प्रहरीसँगको झडपमा कम्तिमा दश जनाको मृत्यु र हजारौंलाई नजरबन्दमा राखियो। राष्ट्रपति प्रबोवो सुबियान्तोको प्रशासनले दवावको प्रत्यक्ष परिणामस्वरूप राजनीतिज्ञहरूको विशेषाधिकार कटौती गरे र अन्य अधिकारीहरू

लगायत अर्थमन्त्रीलाई फेरबदल गरे।

**मोरक्को**

मोरक्कोमा युवा नेतृत्वमा जारी प्रदर्शनहरूको श्रृंखला सन् २०२५ सेप्टेम्बर २७ मा सुरु भयो। मोरक्कोमा जिएनजेड आन्दोलन, जसलाई जिएनजेड २१२ (२१२ मोरक्कोको अन्तर्राष्ट्रिय डायलिङ कोडको सन्दर्भ हो) भनेर चिनिन्छ। यो एक विरोध आन्दोलन हो जुन अपर्याप्त स्वास्थ्य सेवा, शिक्षा, युवा बेरोजगारी र सरकारी भ्रष्टाचार जस्ता मुद्दाहरूका विरुद्ध सुरु भयो। यो आन्दोलन अगादिर शहरमा दुखद मातृ मृत्युको श्रृंखलाबाट सुरु भएको थियो। यस आन्दोलनले स्वास्थ्य प्रणालीमा भएका कमीहरूलाई हाइलाइट गर्‍यो। आन्दोलनले सामाजिक र आर्थिक सुधारको माग गर्दै राष्ट्रव्यापी विरोध प्रदर्शन गर्‍यो। सार्वजनिक सेवाहरू लगानी गरी २०३० फिफा विश्वकपको सह-आयोजक भई गर्ने लगानीमा सरकारी प्राथमिकताहरू के हुनुपर्ने हो भन्ने प्रश्न उठायो। ठूलो मात्रामा सामाजिक सञ्जाल, विशेष गरी डिस्कर्ड सर्भर मार्फत विरोध आयोजना गरियो। मोरक्कोका प्रमुख शहरहरूमा ठूला स्तरका शान्तिपूर्ण प्रदर्शनहरू भए। विरोध प्रदर्शनपछि, सरकारले राजनीतिक सहभागिता बढाउन र सामाजिक सेवाहरू सुधार गर्ने उद्देश्यले सुधारहरूको एक सेट प्रस्तुत गर्‍यो। यसमा ३५ वर्ष मुनिका नागरिकहरूलाई राजनीतिक जीवनमा संलग्न हुन प्रोत्साहित गर्नु समावेश छ। वित्त विधेयकले स्वास्थ्य र शिक्षाको लागि लगभग १५ अर्ब अमेरिकी डलर विनियोजन प्रस्ताव गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६ प्रतिशतले वृद्धि हो।

**पेरु**

सन् २०२५ अक्टोबर १० मा राष्ट्रपति दिना बोलुआर्टेलाई पदबाट हटाइयो। कांग्रेसी जोसे जेरीलाई दश वर्षमा पेरुको आठौं राष्ट्रपतिको रूपमा सपथ गराइयो। त्यसपछिका दिनहरूमा, पेरुभियनहरू सडकमा उत्रिए, जुन विगत पाँच वर्षमा देशको सबैभन्दा ठूलो विरोध प्रदर्शन बन्यो।

विगत तीन वर्षमा, पेरुले संगठित आपराधिक गतिविधिमा अभूतपूर्व वृद्धि अनुभव गरेको थियो। सन् २०१९ र २०२४ को बीचमा जबरजस्ती रकम असुलीमा ६ गुणा वृद्धि भयो। यस अवधिमा जबरजस्ती रकम असुल गर्ने, व्यक्ति हत्या गर्ने जस्ता कार्यहरु सामान्य भए। फलस्वरुप सरकार विरुद्ध हडताल र सडक विरोध प्रदर्शनहरू हुन थाले।

यस आन्दोलनमा प्रहरीसँगको झडपमा कम्तिमा एक जनाको मृत्यु भएको र दर्जनौं घाइते भए।

प्रदर्शनकारीहरूले भ्रष्टाचार र यौन दुर्व्यवहारको आरोप लागेका नयाँ राष्ट्रपतिको विरोध मात्र गरिरहेका थिएनन् यो पेरुको भ्रष्टाचार र कुशासनको विरुद्ध समेत थियो । यो कानूनको शासनको आधारभूत अस्तित्वको लडाई थियो।

**मेडागास्कर**

मडागास्कर लामो समयदेखि विश्वको सबैभन्दा गरिब देशहरू मध्ये एक रहेको छ। विश्व बैङ्कका अनुसार सन् २०२२ मा, ३ करोड जनसंख्या भएको देशमध्ये ७५% देश गरिबीको रेखामुनि बसोबास गर्थे। वर्तमान राष्ट्रपति एन्ड्री राजोलिना (२००९ देखि) र हालै २०२३ मा विपक्षीबाट उल्लेखनीय बहिष्कारको सामना गर्नुपरेको मतदानमा पुनः निर्वाचित भएका उनलाई देशको हालैको आर्थिक समस्याको लागि दोषी ठहराइएको छ। फ्रान्सेली नागरिकता पनि राख्ने राष्ट्रपति एन्ड्री राजोलिना आफ्नो परिवारको देखिने सम्पत्ति र विशेषाधिकारका कारण सार्वजनिक आक्रोशको केन्द्रबिन्दु बनेका थिए। सन् २०२५ सेप्टेम्बर देखि मेडागास्करभरि विरोध प्रदर्शनहरू भइरहे। जुन शहरमा बारम्बार पानी र बिजुली कटौतीको कारणले भएको थियो। यस आन्दोलनमा उच्च-ओहदाका राजनीतिज्ञहरूको घर-निवासलाई लक्षित गरिएको थियो।

'जनरल जेड माडागास्कर' नामक फेसबुक पेज आन्दोलनको लागि प्राथमिक आयोजक केन्द्रको रूपमा देखा पर्‍यो। सेप्टेम्बर २५ देखि, सुरक्षा बलको प्रयोग र लुटपाटका कारण प्रदर्शनकारी र नागरिकहरू सहित २२ जनाको मृत्यु भएको थियो। प्रमुख शहरहरूका व्यावसायिक क्षेत्रहरू र सार्वजनिक सुविधाहरूमा लुटपाट र तोडफोड भएको थियो। सेप्टेम्बर २६ मा आफ्नो ऊर्जा मन्त्रीलाई हटाएपछि, मालागासी राष्ट्रपति एन्ड्री राजोएलिनाले सेप्टेम्बर २९ मा प्रधानमन्त्री क्रिश्चियन न्त्सेको सरकार विघटनको घोषणा गरे। ६ अक्टोबर २०२५ मा उनले सैन्य जनरल रुफिन जाफिसाम्बोलाई नयाँ प्रधानमन्त्री नियुक्त गरे। अक्टोबर ११ मा, माडागास्कर सशस्त्र बलका एकाइहरूले विरोध प्रदर्शनको समर्थनमा एक सैनिक विद्रोह गरे।

**मेक्सिको**

सन् २०२५ नोभेम्बर १५ मा, हजारौंले मेक्सिकोभरि "जेनेरेसन जेड" को ब्यानरमा विरोध प्रदर्शन गरे। नोभेम्बर महिनाको सुरुमा अपराध विरोधी उरुपान मेयर कार्लोस मान्जोको सार्वजनिक हत्यापछि बढ्दो हिंसाको निन्दा गर्दै मेक्सिको सिटीमा, हुड लगाएका प्रदर्शनकारीहरूको सानो समूहले राष्ट्रपति क्लाउडिया शेनबाउम बस्ने राष्ट्रिय दरबार वरिपरिको बार भत्काए। जसले गर्दा दंगा

प्रहरीसँग झडप भयो। यस विरोधमा करिब १०० प्रहरी अधिकारी घाइते भए र २० जना नागरिक पनि घाइते भए। मेक्सिकोका विभिन्न शहरहरूमा अन्य जुलुसहरू भए। मेक्सिको सिटीका केही प्रदर्शनकारीहरूले "बाहिर, मोरेना" नारा लगाउँदै शेनबाउमको पार्टीमाथि आफ्नो आक्रोश निशाना बनाए। कतिपयले अपराध र हिंसा रोक्न राज्यको बलियो प्रयासको लागि पनि आह्वान गरे।

"जेनेरेसन जेड मेक्सिको" भनेर चिनिने एउटा समूहले सामाजिक सञ्जालमा सञ्चार "घोषणापत्र" मा भनेको छ कि यो निष्पक्ष छ र हिंसा, भ्रष्टाचार र शक्तिको दुरुपयोगबाट वाक्क भएका मेक्सिकन युवाहरूको प्रतिनिधित्व गर्दछ। युवाद्वारा परिचालित यो आन्दोलन शान्तिपूर्ण रूपमा अगाडि बढ्यो तर पछि केही व्यक्तिहरूले हिंसात्मक कार्यहरू गर्न थाले।

राष्ट्रपति क्लाउडिया शेनबाउमले भनिन् कि मार्चको आह्वान उनको विरुद्धमा सशुल्क डिजिटल अभियानद्वारा समर्थित छ। जुन विपक्षी राजनीतिक र व्यावसायिक व्यक्तिहरुको समर्थनमा भएको हो भन्ने आरोप लगाइन।

## फिलिपिन्स

फिलिपिन्समा जिएनजेड आन्दोलन युवा नेतृत्वको विरोध प्रदर्शनको एक श्रृंखला हो। यो मुख्यतया व्यापक सरकारी भ्रष्टाचार, आर्थिक असमानता र अवसरको अभावको क्रोधबाट प्रेरित भएको पाइन्छ। यो आन्दोलन नक्कली बाढी-राहत परियोजनाहरू समावेश गर्ने कथित बहु-अरब डलरको भ्रष्टाचार काण्डबाट सुरु भएको थियो। प्रदर्शनकारीहरूले सार्वजनिक कोषको प्रयोगमा जवाफदेहिता र पारदर्शिताको माग गरिरहेका थिए। आन्दोलनको अर्को मुख्य पाटो बेरोजगारी, बढ्दो आर्थिक असमानता र आम मानिसहरूले सामना गरिरहेको महंगी आदि थिए। आन्दोलनको माग राजनीतिक जवाफदेहिता, नातावाद र शक्तिको दुरुपयोगको अन्त्य रहेको थियो।

जिएनजेडका कार्यकर्ताहरूले रेडिट, थ्रेड र डिस्कर्ड जस्ता सामाजिक मिडिया फोरमहरू प्रयोग गरेको पाइन्छ। फिलिपिन्समा नीति सुधारहरूमा दीर्घकालीन प्रभाव देख्न बाँकी नै छ।

## हङकङ

प्रस्तावित सुपुर्दगी विधेयकले, हङकङवासीहरूलाई चीनको अपारदर्शी कानुनी प्रणाली र राजनीतिक उत्पीडनमा पार्न सक्छ भन्ने कुराले आन्दोलन गर्न युवाहरुलाई उत्प्रेरित गर्यो। यस आन्दोलनमा सुपुर्दगी विधेयक प्रहरी क्रूरताको स्वतन्त्र अनुसन्धान, पक्राउ परेका प्रदर्शनकारीहरूमाथिको आरोप

फिर्ता लिने र हङकङका कार्यकारी प्रमुखको लागि प्रत्यक्ष चुनाव गर्ने माग राखिएका थिए।

यो आन्दोलन विशाल शान्तिपूर्ण मार्चको रूपमा सुरु भयो तर सरकारी हठ र प्रहरी दमनका कारण हिंसात्मक बन्यो जसका कारण प्रहरीसँग टकराव, सरकारी भवनहरूको घेरावन्दी र विमानस्थल अवरोध निम्त्यायो। यस आन्दोलनले अनलाइन समन्वय, हडताल र भौतिक अवरोधहरू जस्ता मुख्य प्रदर्शनका कार्यहरु गरिएका थिए। यस प्रदर्शनमा प्रदर्शनकारीहरूले प्रर्दशनका लागि समन्वय गर्न र विश्वव्यापी समर्थन जुटाउन सामाजिक सञ्जालको व्यापक प्रयोग गरेका थिए।

यस आन्दोलनले सरकारप्रतिको गहिरो अविश्वास उजागर गऱ्यो। गम्भीर राज्य दमन निम्त्यायो। जसको परिणाम स्वरुप सन् २०२० मा उक्त बिधेयक कानूनमा पारित भयो जसले आन्दोलन समाप्त गरिदियो।

माथि उल्लिखित विभिन्न देशहरुमा घटित जिएनजेड आन्दोलनको निचोडले के देखाउँछ भने कुनै पनि जनआन्दोलन र संघर्षको मूल कारण राजनैतिक कुसस्कार, प्रशासनिक ढिलासुस्ती, बढ्दो भ्रष्टाचार, निरन्तरको मूल्य वृद्धि, शैक्षिक बेरोजगारी, श्रोतको कुशल विनियोजन हुन नसक्नु, वर्गीय रुपमा असमानता कायम रहनु साथै राज्यशक्तिको मूलधारमा सीमित वर्गको आधिपत्य कायम रहनु नै हो। विशेष गरी शासनसत्ताको वागडोर सम्हालेका नेतृत्वपङ्क्ति तटस्थ, व्यवसायिक, निष्ठावान, पारदर्शी र उत्तरदायी हुनु अपरिहार्य हुन्छ। शासनपद्धति जस्तोसुकै नामाकरणको भएतापनि यसका सञ्चाकलकर्ताहरुको सक्षमता र जनउत्तरदायित्वले यसको सफलता र असफलताको मापन गर्दछ। विश्व परिवेशको अध्ययन गर्दा समेत विभिन्न देशमा राजनीतिक नेतृत्व दीर्घकालसम्म एकै व्यक्ति/समूह शासन सञ्चालनमा रहिरहदाँ जनमानसमा असन्तुष्टि बढेको पाइन्छ।

**<u>नेपालमा जिएनजेड (Generation Z) आन्दोलनः</u>**

खासगरी पुरानो डेट एक्स्पाएर्ड अर्थात् म्याद सकिएको पुस्ताको राजनीतिक एकाधिकार, युवा पुस्तामा राजनीति हस्तान्तरण गर्न नसक्नु जस्ता शासनशैली, र सामाजिक संरचनाबाट असन्तुष्ट युवाहरूले वैकल्पिक सोच र कार्यशैली अपनाएका छन्।यो पुस्ता राज्यप्रति आलोचनात्मक मात्र होइन, समाधानमुखी र नवप्रवर्तनशील पनि देखिन्छ। यो पुस्ता नेपालमासमेत नयाँ सोच, नयाँ प्रविधि, र परिवर्तनको चेतनासँग उदाएको छ। नेपालमा जियनजेड भनिने पुस्ता अहिले देशको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक जीवनका सक्रिय अंग बनिरहेका छन्।




सूचना प्रविधिको तीव्र विस्तार, इन्टरनेटको सुलभता, र मोबाइल प्रविधिको सहज पहुँचले नेपाली जिएनजेडलाई विश्व समुदायसँग प्रत्यक्ष रूपमा जोड्ने माध्यम उपलब्ध गराएको छ।त्यसकै परिणामस्वरूप उनीहरू विश्वका समकक्षी युवाहरू जस्तै स्वतन्त्र विचार, स्वतन्त्र अभिव्यक्ति, र समान अवसरको माग गर्दै अघि बढिरहेका छन्। राजनीतिक क्षेत्रमा पनि यो पुस्ताले पुरानो सोचप्रति प्रश्न उठाउँदै नयाँ प्रकारको राजनीतिक चेतना फैलाएको छ। जुन पारदर्शिता, जवाफदेहिता र परिणाममुखी नेतृत्वमा आधारित छ। सामाजिक सञ्जालमार्फत उनीहरूले नागरिक आन्दोलनहरूमा निर्णायक भूमिका खेलेको पाइन्छ। आन्दोलन हुनुभन्दा केही समय अघि देखि नै विभिन्न सामाजिक सञ्जालमार्फत Nepo Kids, Nepobaby, Enough is enough, No not again, Anti-corruption जस्ता अभियानहरु सञ्चालन भएको देखिन्छ।



यसरी हेर्दा, नेपालमा जियनजेडको उदय केवल एक पुस्ताको परिवर्तन होइन, यो सोच, प्रविधि, र मूल्य प्रणालीको पुनर्जागरण पनि हो। यस पुस्ताले शासन व्यवस्थामा सुधार, सामाजिक समानता र दिगो भविष्य निर्माणको लागि नयाँ दृष्टिकोण र व्यवहार प्रस्तुत गरेको छ। भाद्र २३ र २४ गतेको आन्दोलन यिनै प्रवृति प्रतिको विरोधका रुपमा देखिएको छ तथापि, यसको सुरुवात भने सरकारले गरेको सामाजिक सञ्जालको बन्दको निर्णय प्रारम्भिक कारकका रुपमा रहेको पाइन्छ। जसले युवाहरुलाई आन्दोलन गर्न उत्प्रेरित गरी उर्जा प्रवाह गर्यो।




**<u>सामाजिक सञ्जाल बन्द उपरको सुनुवाईमा सर्वोच्च अदालतको आदेश पश्चात् विकसित घटनाक्रमः</u>**

पछिल्लो आन्दोलनको विजारोपण नेपाल सरकारद्वारा मिति २०८२।५।९ मा नेपालमा दर्ता नगरेका २६ वटा सामाजिक सञ्जाल प्लेटफर्महरु बन्द गर्ने निर्णय विरुद्ध युवा जमात विशेष गरी जियनजेड पुस्ताको आक्रोश र आपत्ति रहेको देखिन्छ। नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकेको सामाजिक सञ्जाल दर्ता गर्ने सम्बन्धी नियमहरूको पालना गर्न असफल भएको भन्दै विभिन्न २६ वटा प्लेटफर्महरूलाई प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। जस अन्तर्गत Facebook - Social Media, Facebook Messenger - Messaging, Instagram - Social Media, WhatsApp - Messaging, YouTube - Video Sharing, X (Twitter) - Microblogging, LinkedIn - Professional Network, Snapchat - Social Media, Reddit - Community Forum, Discord - Messaging / Community, Pinterest - Visual Discovery, Signal - Messaging, Threads - Microblogging, WeChat - Messaging / Social, Quora - Q&A Community, Tumblr - Blogging / Social, Clubhouse - Audio Chat, Mastodon - Microblogging, Rumble - Video Sharing, MeWe - Social Media, VK (VKontakte) - Social Media, Line - Messaging, IMO - Messaging, Zalo - Messaging, Soul - Social Networking, Hamro Patro - Local Nepali App जस्ता सामाजिक सञ्जालहरु रहेका थिए। तत्कालीन सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले प्रतिबन्धलाई "कानूनी" भनेर औचित्य दिन तीन कारणहरू प्रस्तुत गरे। पहिलो, "सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने निर्देशिका २०८०", दोस्रो मिति २०८२। ५। १९ मा बसेको मन्त्रिपरिषद् बैठकको निर्णय र तेस्रो सर्वोच्च अदालतको मिति २०८१। ०६। १३ को फैसला।

मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छः “अदालतको अवहेलना मुद्दा (मुद्दा नं. ०८०-CF-००१२) मा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासले नेपाल सरकारलाई विदेशी र स्वदेशी मूलका अनलाइन र सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन गर्नु अघि सक्षम अधिकारी समक्ष दर्ता अनिवार्य गर्न निर्देशनात्मक आदेश दिएको छ, ताकि अवान्छित सामग्रीको मूल्याङ्कन र अनुगमन गर्न सकियोस्। ” सर्वोच्च अदालतको सो आदेशमा सीधाकुरा डट कमद्वारा प्रकाशित डार्क फाइल रिपोर्ट सम्बन्धी अदालतको अवहेलनाको मुद्दासँग सम्बन्धित छ। यस मुद्दामा सर्वोच्च अदालतका ९ जना न्यायाधीशहरूको पूर्ण इजलासले उक्त फैसलाले स्वदेशी तथा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरुलाई सञ्चालन पूर्व अनिवार्य रुपमा साधिकार निकायमा सूचीकरण गर्न गराउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो।

**अदालतको उक्त फैसलामा मुख्यतः निम्न तीन कुरा उल्लेख गरिएको पाइन्छः**

१.स्वदेशी तथा विदेशी दुवै अनलाइन र सामाजिक सञ्जाल प्लेटफर्महरूले देशमा सञ्चालन गर्नु अघि सम्बन्धित निकायमा दर्ता गर्नुपर्छ।

२. सरकारले यी प्लेटफर्महरूको निरीक्षण र नियमन गर्न प्रेस काउन्सिल नेपाल जस्तै नियामक निकाय सिर्जना गर्न कानून बनाउनुपर्छ।

३.नयाँ नियमहरूमा सामाजिक सञ्जालमा अवाञ्छनीय सामग्रीको मूल्याङ्कन र निगरानी गर्ने संयन्त्रहरू समावेश हुनुपर्छ।

भाद्र ९ गतेको मन्त्रिपरिषद्को निर्णय र भाद्र १९ गतेको सञ्चारमन्त्रीस्तरीय निर्णयअनुसार नेपालमा सूचीकरण नभएका सामाजिक सञ्जाल निष्क्रिय बनाउन दूरसञ्चार प्राधिकरणले सोही दिन मोबाइल तथा इन्टरनेट सेवा प्रदायकहरूलाई पत्राचार गरेको थियो।भदौ २० गते देखि २६ वटा सामाजिक सञ्जाल निष्कृय गरिएका थिए।

सरकारले सर्वोच्चको व्याख्याकै अपव्याख्या गरेर सामाजिक सञ्जाल बन्द नै गरिदिएको थियो। सर्वोच्च अदालतको निर्देशन उल्लेख गर्दै, सरकारले दर्ता नगरिएका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई प्रतिबन्ध लगाउने सरकारको निर्णय विरुद्ध अधिवक्ता डा. सुनिलरंजन सिंह लगायतका रिट निवेदनहरु दायर गरिएका थिए। ती निवेदनहरु दर्ता नै नगरी सर्वोच्च अदालत प्रशासनले दरपीठ गरी दिएको थियो। सर्वोच्च प्रशासनले पनि फैसलाको अपव्याख्या गरेर सरकारको निर्णयलाई

समर्थन गरेको थियो । सर्वोच्च अदालतका रजिष्ट्रार मानबहादुर कार्कीले गरेको सो दरपीठ उपर परेको निवेदनमा आन्दोलनको दोस्रो दिन भदौ २४ गते दर्ता हुने गरी इजलासबाट आदेश भएको थियो।

खासमा वि.सं.२०८२ साल भदौ २३ र २४ गते भएको जिएनजेड पुस्ताको आन्दोलनको सुरुवात, Social Media माथि सरकारको सामाजिक सञ्जाल बन्द गर्ने निर्णयको विरोधमा भएको देखिएता पनि यस संघर्षको मूल जड भने युवा पुस्ताको राजनीतिक विसंगति प्रतिको विद्रोह थियो। राजनीतिक नेतृत्वमा एकै थरी र समूहको बारम्वार हुने हस्तक्षेप, प्रशासनको स्वच्छतामाथिको प्रश्न, न्यायालयमाथिको घट्दो विश्वास, अपारदर्शी उत्तरदायित्वविहिन निजी क्षेत्र, संगठनको रुपमा विकास भएको नागरिक समाज, सार्वजनिक श्रोतमाथि सीमित व्यक्तिको दोहन, नकरात्मकताको सन्देश फैलाउने केही पत्रकार पनि यसका कारकको रुपमा देखिएका छन्।

हरेक सफल कहलिएका मुलुकहरुमा निष्ठावान राजनैतिक प्रणाली, प्रभावकारी स्वतन्त्र प्रशासन उत्तरदायी निजी क्षेत्र र तटस्थ नागरिक समाजको सिद्धान्त अवलम्बन गरेको हुन्छ। परम्परागत कार्यशैली र प्रणालीलाई सहज, प्रभावकारी र मितव्ययी बनाउन सूचना प्रविधिको विस्तार र त्यसको प्रयोगबाट नै सम्भव हुन्छ।अझ पछिल्लो समयमा त Digital Platform को प्रयोग आम युवा जमातको व्यवसायिकताको आधार बनेको छ। प्रविधिको तीव्र विकाससँगै सञ्चारको सरल माध्यमको रुपमा बनाइएका सामाजिक सञ्जालहरु त Digital Job Creator को रुपमा स्थापित भएका छन्। प्रविधिको विकास निरन्तर प्रक्रिया हो। यसले हाम्रो जीवनमा प्रत्यक्ष अथवा परोक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ। तसर्थ, हामीले हिजो बिताएको जीवनशैली र आजको पुस्ताको जीवनशैलीबीच निकै अन्तर छ।

भाद्र २३ र २४ गते जिएनजेड पुस्ताद्वारा भएको आन्दोलनको क्रममा भएका घटनाहरुको प्राप्त कार्यदिश बमोजिम यस आयोगले निष्पक्षता, जवाफदेहिता, पारदर्शिता, विश्वसनीयता र नैतिकताको कसीमा रही निर्दिष्ट ढाँचामा प्रतिवेदन तयार गरेको छ।

# परिच्छेद - २ : जाँचबुझ आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिः

## २.१. जाँचबुझ आयोगको गठनः

नेपाल सरकार, मन्त्रिपरिषद्ले जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड युवा पुस्ताद्वारा संवत् २०८२ साल भदौ २३ र २४ गते गरेको प्रर्दशनको क्रममा काठमाडौं लगायत विभिन्न भागमा भएका भौतिक तथा मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना जारी गरिएको छ भनी मिति २०८२।०६।०५ को राजपत्रको भाग ५ खण्ड ७५ अतिरिक्ताङ्क २८ मा सूचना प्रकाशित गरी आयोगको गठन भएको हो। उक्त राजपत्रमा आयोग गठन सम्बन्धमा भएको व्यहोरा देहाय बमोजिम रहेको छ।

## २.२. जाँचबुझ आयोगको संरचनाः

(क) श्री गौरीबहादुर कार्की, पूर्व अध्यक्ष विशेष अदालत - अध्यक्ष

(ख) श्री विज्ञान राज शर्मा, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक - सदस्य

(ग) श्री विश्वेश्वर प्रसाद भण्डारी, अधिवक्ता अन्तराष्ट्रिय अपराध अनुसन्धान विज्ञ - सदस्य

## २.३. आयोगको क्षेत्राधिकार र जिम्मेवारीः

(क) वि.सं. २०८२ साल भदौ २३ र २४ गते काठमाडौं लगायतका मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गर्ने,

(ख) घटना घट्नुको कारणका सम्बन्धमा जाँचबुझ गरी सोको यकीन राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने,

(ग) भौतिक एवं मानवीय क्षतिसँग सम्वन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने,

(घ) भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय तथा सुझावहरु पेश गर्ने,

(ङ) प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गर्ने ।

## २.४.जाँचबुझ आयोगको कार्यप्रणालीः

(क) आयोगलाई जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ ।

(ख) आयोगले स्वतन्त्र र निष्पक्ष ढंगले कार्य गर्नेछ र कसैको दवाव वा प्रभावमा पर्ने छैन ।

## २.५.जाँचबुझ आयोगको समयावधि र जनशक्तिः

(क) आयोगले कार्य प्रारम्भ भएको मितिले ३ महिनाभित्र राय सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(ख) आयोगको कार्यालयमा आवश्यक पर्ने कर्मचारी सहसचिव-१, उपसचिव-१, शाखा अधिकृत -१ नायब सुब्बा-१, कम्प्युटर अपरेटर-१, हलुका सवारी चालक-१ र कार्यालय सहयोगी-१ गृह मन्त्रालयले उपलब्ध गराउने ।

(ग) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०७।२५ गतेको निर्णयबमोजिम आयोगमा कर्मचारी थप गर्ने स्वीकृति भई निजामती र नेपाल प्रहरी समेत गरी १५ जनाले कार्य गरिरहेको ।

(घ) यस आयोगलाई आफ्नो कार्य सम्पादन गर्न सुरुमा तीन महिनाको कार्य अवधि तोकीएकोमा कार्यबोझ र समय अभावले गर्दा मिति २०८२/०९/०३ गते प्रथम पटक एक महिनाको लागी र त्यसपछि क्रमश दोस्रो र तेस्रो पटक मिति २०८२/१०/०८ गते बीस दिन र मिति २०८२/१०/२६ गते पच्चीस दिनको लागी कार्य अवधि थप गरीएको थियो।

## २.६.आयोगको कार्यविधिः

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ८ ले ऐन र ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आयोगले काम कारबाहीको लागि कार्यविधि आफैं बनाउन सक्नेछ भन्ने व्यवस्था गरेबमोजिम आन्तरिक कार्य सम्पादनको लागि आयोगले आवश्यकता बमोजिम निर्णय गरी प्रतिवेदन तयारीको कार्य गरियो ।

# परिच्छेद - ३: तथ्य तथा तथ्याङ्क संकलनमा प्रयोग गरिएका विधिहरुः

तोकिएको कार्यदिश अनुसार कार्य सम्पादन गर्न सूचना संकलनको लागि आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा उपत्यका र देशका बढी क्षतिग्रस्त जिल्लाहरु कास्की, चितवन, कैलाली, कञ्चनपुर, सुर्खेत, झापा, बारा, पर्सा, सुनसरी, रुपन्देही लगायतकासँग (प्रत्येक जिल्लामा गएको सदस्यको नाम र मिति सहित उल्लेख गर्ने) सरकारका तर्फबाट र प्रर्दशनकारीको तर्फबाट भएका मानवअधिकार उलङ्घनका घटनाहरुको सन्दर्भमा विषय विज्ञ मानवअधिकार आयोग नागरिक समाजका प्रतिनिधि सञ्चारकर्मी र कानूनका वेत्ताहरुसँग समेत छलफल र अन्तरक्रिया गरेको थियो। विभिन्न राजनैतिक दल र व्यक्तिगत रुपमा निजी सम्पत्ति क्षति भएका व्यक्तिहरु आयोगमा आई घटनाको सन्दर्भमा जानकारी समेत दिएका थिए। यस्तै आयोगले जाँचबुझ आयोग ऐनले तोकेको सीमाभित्र रही विभिन्न सरकारी सार्वजनिक निकायहरुबाट रेकर्डहरु झिकाई अध्ययन र विश्लेषण समेत गरेको थियो। प्राप्त तथ्य र तथ्याङ्कको आधारमा प्रर्दशनको क्रममा उत्तरदायी रहेका सरकारी पदाधिकारीका साथै अन्य सम्बद्ध व्यक्तिहरुलाई सोधपुछ र छलफल गरी प्राकृतिक न्यायको सिद्धान्त बमोजिम बयान कार्य समेत गरिएको छ। साथै उद्योगी व्यवसायी निजी प्रतिष्ठानहरुका व्यक्तिहरु र संस्थागत रुपमा समेत अन्तरक्रिया गरिएको छ। प्रतिवेदन तयार पार्नको लागि आवश्यक तथ्याङ्क संकलनमा प्रयोग गरिएका विधिहरु देहायबमोजिम रहेका छन्।

## ३.१. स्थलगत अवलोकन तथा निरीक्षण विधि :

आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा भाद्र २३ र २४ गते भएको प्रर्दशनको क्रममा धेरै क्षति भएका काठमाडौं उपत्यका लगायत जिल्लाहरुको प्रत्क्षय अवलोकन र निरीक्षण गरी घटनाको कारणहरु साथै क्षतिको अवस्था र विवरण संकलन गरिएको थियो। अवलोकनको लागि आयोगका अध्यक्ष र सदस्य सहितको टोली मकवानपुर, बारा, पर्सा, सुर्खेत, कैलाली, कञ्चनपुर, कास्की, चितवन, रुपन्देही, बाँके, झापा, मोरङ र सुनसरी लगायतका जिल्लाहरुमा पुगेको थियो। अवलोकनका क्रममा स्थानीय व्यक्तिहरुसँग समेत सोधपुछ गरिएको थियो। अनुसन्धान र जाँचबुझको लागि प्राथमिक तथ्याङ्क संकलनको महत्वपूर्ण विधिको रुपमा अवलोकन निरीक्षण विधि अवलम्बन गरिएको छ।

## ३.२. प्रश्नोत्तर विधि (बयान, सोधपुछ तथा घटना विवरण कागज):

तथ्याङ्क संकलनमा प्रयोग भएको अर्को विधि पश्नोत्तर विधि हो। यस विधिको प्रयोग गरी आन्दोलनको क्रममा मृत्यु भएका मृतक परिवारको तर्फबाट तोकिएको ढाँचामा निश्चित प्रश्नहरु समावेश गरी घटना विवरण कागज गरिएको थियो। यसैगरी घाइतेहरुलाई समेत लिखित रुपमा घटनाको सम्बन्धमा आवश्यक र वस्तुनिष्ठ जानकारी र सूचना प्राप्त हुने गरी semi structural questions सोधिएको थियो। विभिन्न निकायको जिम्मेवारीमा रहेका व्यक्तिहरुलाई आयोगको कार्यालयमा नै उपस्थित गराई आयोगका पदाधिकारीहरुको रोहवरमा जिम्मेवारी बमोजिमका Full structure questions, semi structural questions समावेश गरी तथ्याङ्क संकलन गरिएको थियो। यसरी पश्नोत्तर गर्दा सही र तथ्यपरक सूचनाको प्राप्तिको लागि थप cross questions साथै पश्नहरुमा उब्जिएका समस्याको विषयमा Follow up questions हरु समेत समावेश गरिएको हो। घटना धेरै स्थानहरुमा भएको साथै सम्पूर्ण व्यक्तिहरुलाई प्रश्नोत्तर गर्न सम्भव नहुने हुँदा माथि उल्लेख भए बमोजिम Responsible person list तयार गरी Sampling Method बाट व्यक्ति छनोट गरिएको थियो भने बयानका आधारमा कुनै अर्को व्यक्तिलाई सोधपूछ गर्नुपर्ने देखिएकोमा Snowball Sampling Method को आधारमा प्रश्नोत्तर गरिएको थियो।

## ३.३. छलफल विधि (सरोकारवाला तथा विज्ञहरुसँगको छलफल) :

- **लक्षित समूह छलफलः**- आयोगका पदाधिकारीहरुको नेतृत्वमा विभिन्न स्थानहरुका सरोकारवाला र लक्षित वर्गहरुसँग घटनाको सम्बन्धमा अन्तरक्रिया र छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो।
- **विज्ञसँग छलफलः** आयोगको कार्यलाई थप प्रभावकारी बनाउन विभिन्न विषयका विज्ञ जस्तै; सुरक्षा क्षेत्रका, सार्वजनिक प्रशासनतर्फका, कानूनका विद्धान, अधिवक्ता साथै सञ्चार जगत र अन्य विधाका विशेषज्ञहरुसँग छलफल गरी घटनाको दौरान भएका तथ्याङ्क तथा घटना सम्बन्धमा राय समेत लिइएको थियो।

## ३.४. अन्तर्वार्ता विधि (बयान तथा घटना विवरण):

घटनाको सम्बन्धमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धित रहेका व्यक्तिहरु तथा संस्थाका प्रतिनिधिहरुसँग औपचारिक र अनौपचारिक ढाँचामा आयोग तथा सम्बन्धित संस्थामा नै पुगी अन्तर्वार्ता गरी घटनाको सम्बन्धमा जानकारी प्राप्त गर्ने कार्य भएको थियो।

## ३.५. प्रमाण संकलन (अडियो, भिडियो, सि.सि. टिभि, सि.डि.आर र बि.टि.एस.)ः

आयोगले विभिन्न निकायहरुलाई पत्राचार गरेर साथै सार्वजनिक विज्ञप्तिमार्फत घटनाको दौरान भएका अडियो भिडियो सामग्रीहरु झिकाई सोको प्राविधिक अध्ययन र विश्लेषणको आधारमा वास्तविकता पत्ता लगाउने कार्य गरेको थियो। यसरी प्राप्त भएका अडियो भिडियो तथा पत्रपत्रिका र सञ्चार माध्यममा प्रसारित सामग्री र घटनासँग सम्बन्धित विषयवस्तुहरुलाई समेत द्वितीय तथ्याङ्कको रुपमा लिइएको छ।

## ३.६. संकलित प्रमाणहरुको परीक्षण तथा मूल्याङ्कनः

## ३.७. सूचना संकलनमा सार्वजनिक आव्हान :

यस आयोग र नेपाल सरकार गृह मन्त्रालयका साथै अन्य निकायहरुबाट समेत सार्वजनिक रुपमा विज्ञप्ति र पत्राचारमार्फत क्षतिको विवरण र अन्य घटना सम्वद्ध विषयबस्तुहरुको संकलन र सुझावको लागि प्रचार प्रसार गरी यथासम्भव तथ्यपरक तथ्याङ्क र वास्तविक क्षतिको विवरण प्राप्त गरी प्राथमिक तथ्याङ्कको रुपमा लिई सोको विश्लेषण गरी वस्तुनिष्ठ सूचना तयार पारी प्रतिवेदन तयार गरिएको छ।

## ३.८. पत्राचार मार्फत विवरण संकलन

आयोग गठन पश्चात तोकिएको कार्यादिश बमोजिम विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुमा पत्राचार गरी प्रदर्शनको क्रममा भएको क्षतिको विवरणका साथै घटनाका कारण सम्बन्धमा विवरण माग गरिएको थियो। त्यस्ता निकायहरुबाट प्राप्त विवरणलाई तथ्य र तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ।

## ३.९. अन्तरक्रिया (प्रत्यक्षदर्शी, पीडित तथा मृतकका आफन्त)

घटनाका सम्बन्धमा बुझ्न प्रदर्शनका क्रममा भएका घाइते, मृतकका आफन्तका साथै आन्दोलनका अगुवाहरुसँग निजहरु रहेको अस्पताल, सम्बन्धित व्यक्तिहरुको वासस्थान र आयोगमै अन्तरक्रिया/छलफल गरिएको थियो। सम्बन्धित पक्षबाट प्राप्त सूचना/जानकारीको अध्ययन, विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

## ३.१०. आयोगका सीमाहरु

आयोग गठन पश्चात् तोकिएको कार्यादेश बमोजिम यस जाँचबुझ आयोगले मिति २०८२।६।९ गतेदेखि कार्य प्रारम्भ गरेको थियो। जाँचबुझ तथा छानविनको क्रममा आयोगका केही सीमाहरु निम्नानुसार रहेका छन्।

१. देशैभरिको भौतिक क्षतिको विवरण संकलन गर्न सबै जिल्लाहरुमा स्थलगत रुपमा पुग्न सकिने अवस्था नरहेको। साथै, सो कार्यका लागि प्राविधिक जनशक्तिको अभाव रहेको थियो। तसर्थ राष्ट्रिय योजना आयोगले गरेको विस्तृत अध्ययनलाई क्षतिको एकीन विवरण मानी प्रस्तुत गरिएको छ।
२. भाद्र २४ गते देशभरि विभिन्न क्षेत्रहरुमा व्यापकरुपमा घटना भएकोमा सोको सुक्ष्म र समष्टिगत अनुसन्धान, विश्लेषण गर्न समयसीमा, जनशक्ति र श्रोतसाधन समेत पर्याप्त नभएको।
३. यस आयोगले गरेको अनुसन्धानको क्रममा विभिन्न किसिमका डिजिटल सामग्री प्राप्त भएका छन्, जसमा CCTV फुटेज, पीडित तथा सर्वसाधारणले बुझाएका भिडियोहरू, र सामाजिक सञ्जालबाट डाउनलोड गरिएका सामग्रीहरू समावेश छन्। यी सामग्रीहरू Pen Drive, इमेल, म्यासेजिङ एपहरू मार्फत आएका छन्। यसका प्रमुख सीमितताहरु तपशिल बमोजिम रहेको छ।
४. प्राथमिक तथ्याङ्क लिन नसकिएको र प्रारम्भिक तथ्याङ्क भण्डारण उपकरण नभेटिने सम्भावना रहने भएको। अधिकांश तथ्याङ्कहरु संकलनको लागि द्वितीय र खुला श्रोतमा निर्भर रहनु परेको।
५. यस्तै आयोगलाई प्राप्त फाइलहरु सामाजिक सञ्जाल र इमेल मार्फत प्राप्त भएकोले मूल मेटाडाटा गुम्न सक्ने अवस्था रहेको।
६. सामाजिक सञ्जालमा देखिएको भिडियो AI Tools, Deepfake वा अन्य Editing प्रकृया प्रयोग गरेर परिवर्तन गरिएको हो की होइन भनेर यकीन गर्न नसकिएको।

साथै, डिजिटल सामग्री सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता प्राप्त Berkeley Protocol को व्यवस्था र सो सम्बन्धमा आयोगको सीमा विस्तृत विवरण अनुसूची ९ मा समावेश गरिएको छ।

# भाग-२

# जाँचबुझको क्रममा संकलित तथ्य\तथ्याङकहरुको विवरणः

## परिच्छेद ४: आन्दोलनको क्रममा भएको मानवीय र भौतिक क्षति सम्बन्धमाः

### ४.१. मानवीय क्षतिको विवरणः

**४.१.१. आन्दोलनको क्रममा मृत्यु भएका व्यक्तिहरुको विवरण**

| क्र.सं. | नाम/थर | उमेर | ठेगाना | घटना भएको जिल्ला | मृत्यु भएको जिल्ला | मृत्यु भएको मिति | मृतक पहिचान | संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | अमृत गुरुङ | ३१ | रुपा-५ कास्की | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | प्रहरी कर्मचारी | ३ |
| २ | मिलन राय | २९ | दुधौली-८ सिन्धुली | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३ | उत्तम थापा | ३२ | लेकाम-३ दार्चुला | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ४ | असहाव आलम ठकुराई | २४ | विरगंज-१२ पर्सा | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | गोली लागी मृत्यु | ४२ |
| ५ | आयुष थापा | १९ | नेपालगन्ज-१ बाँके | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| ६ | सुलभ राज श्रेष्ठ | २३ | नेपालगञ्ज-१ बाँके | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| ७ | माधव सारू मगर | २० | भूमिकास्थान-४ अर्घाखाँची | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| ८ | संन्तोष बिश्वकर्मा | ३० | बेलका-४ उदयपुर | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| ९ | ईस्वत बहादुर अधिकारी | २७ | का.म.पा ११ काठमाण्डौं | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १० | दिल नारायण तामाङ | ४३ | तिमाल-७ काभ्रे | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| ११ | रसिक खतिवडा | २२ | पनौति-१० काभ्रे | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खत्री | | | | | | | |
| १२ | गौरब जोशी | २२ | धनगढी-५ कैलाली | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १३ | बिमल बाबु भट्ट | २२ | बारपाक सुलिकोट-५ गोरखा | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १४ | छत्रमान कुथुमी | ६३ | पाखिबास-२ धनकुटा | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १५ | सुभाष कुमार बोहरा | २१ | खसडछान्ना-७ बझाङ | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १६ | सौरन किशोर श्रेष्ठ | ३८ | बाग्लुङ-४ बाग्लुङ | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १७ | श्रीयम चौलागाई | १६ | बेलबारी-११ मोरङ | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १८ | बिनोद महर्जन | ३४ | ललितपुर-७ ललितपुर | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| १९ | योगेन्द्र न्यौपाने | २५ | गोलान्जोर-१ सिन्धुली | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| २० | चंखे भन्ने मोहन सरदार | ४० | इटहरी-१४ सुनसरी | सुनसरी | सुनसरी | ०५/२३/२०८२ | | |
| २१ | अभिषेक श्रेष्ठ | २२ | इनरुवा न.पा-६ सुनसरी | सुनसरी | सुनसरी | ०५/२३/२०८२ | | |
| २२ | योग ब. श्रेष्ठ | २२ | बारविसे-६ सिन्धुपाल्चोक | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| २३ | बुद्धिबहादुर तामाङ | ४१ | किर्तिपुर-२ काठमाण्डौं | काठमाडौं | काठमाडौं | ०५/२३/२०८२ | | |
| २४ | प्रविण कुलुङ | २२ | सिलिचुङ-३ संखुवासभा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| २५ | सन्तोष भन्ने सारकुमार राई | ४८ | चौदन्डीगढी-३ उदयपुर | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| २६ | अर्जुन भट्ट | २७ | गण्डकी-४ गोरखा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| २७ | निखिता गौतम | १९ | कालिका-८ चितवन | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| २८ | ज्ञानिन्द्र सेढाई | ३९ | अर्जुनधारा-११ झापा | झापा | झापा | ०५/२४/२०८२ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | महेश बुढाथोकी | २२ | विगु-३ दोलखा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३० | अभिषेक चौलागाई | २२ | शैलुङ-४ दोलखा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३१ | धिरज श्रेष्ठ | २५ | तादी -३ नुवाकोट | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३२ | शुभराज बलामी श्रेष्ठ | ३२ | ककनी-१ नुवाकोट | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३३ | कमल भण्डारी | ३० | हिलिहाङ-२ पाँचथर | झापा | झापा | ०५/२४/२०८२ | | |
| ३४ | भिम राज धामी | २८ | दुर्गाथली-१ बझाङ | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३५ | निरज पन्त | ४८ | दशरथचन्द - ६ बैतडी | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३६ | बिजय चौधरी | २६ | लहान-१५ सिरहा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३७ | साजन राई | ४२ | धरान-२२ सुनसरी | काठमाडौं | भक्तपुर | ०५/२४/२०८२ | | |
| ३८ | उमेश महत | २० | चौ. साँगाचोकगढी-८ सिन्धुपाल्चोक | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ३९ | अनिश पराजुली | ४२ | पालुङटार-३ गोरखा | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | | |
| ४० | देव कुमार सुवेदी | ३१ | लालवन्दी-५ सर्लाही | काठमाडौं | काठमाडौं | ०५/२५/२०८२ | | |
| ४१ | दिपेश सुनुवार | १९ | तिनपाटन-६ सिन्धुली | काठमाडौं | काठमाडौं | ०५/२५/२०८२ | | |
| ४२ | ओजन बुढा | २१ | स्वामिकार्तिक खापर-२ बाजुरा | काठमाडौं | ललितपुर | ०५/२५/२०८२ | | |
| ४३ | दिपक सिंह साउद | २० | शिवनाथ-२ बैतडी | काठमाडौं | काठमाडौं | ०५/२७/२०८२ | | |
| ४४ | दिनेश राजवंशी | ३२ | अर्जुनधारा-४ झापा | झापा | झापा | ०५/२७/२०८२ | | |
| ४५ | लच्छुमान राई | ३९ | पञ्चकन्या- २ नुवाकोट | काठमाडौं | काठमाडौं | ०६/१३/२०८२ | | |
| ४६ | शोसिला देवी दुसादिन | ४३ | सखुवा प्रसौनी-२ पर्सा | पर्सा | काठमाडौं | ०६/०६/२०८२ | निजी प्रतिष्ठानमा | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४७ | कान्छी नगरकोटी | ५० | का.म.न.पा-३ काठमाण्डौ | कास्की | कास्की | ०५/२५/२०८२ | आगजनीमा मारिएका सर्वसाधारण | |
| ४८ | स्वथानी खड्का | २६ | बैतेश्वर-८ दोलखा | कास्की | कास्की | ०५/२५/२०८२ | | |
| ४९ | महेन्द्र दमाई परियार | ४१ | चन्द्रागिरी-५ काठमाण्डौ | काठमाडौं | काठमाडौं | ०५/२४/२०८२ | निजी/व्यापारिक प्रतिष्ठानमा आगजनी गर्ने क्रममा मृत्यु भएका | ५ |
| ५० | सरोज खत्री | २५ | भुम्लु-४ काभ्रे | ललितपुर | ललितपुर | ०५/२५/२०८२ | | |
| ५१ | बिजय कुमार तामाङ (लामा) | ४६ | भरतपुर-१० चितवन | कास्की | कास्की | ०५/२८/२०८२ | | |
| ५२ | विकास रसाइली | २२ | खाँडादेवी-६ रामेछाप | काठमाडौं | काठमाडौं | ०६/०१/२०८२ | | |
| ५३ | सरोज गुरुङ | १९ | सिरानचोक-२ गोरखा | चितवन | चितवन | ०५/२७/२०८२ | | |
| **जम्मा ५३** | | | | | | | | |

| **मृत्यु भएका बाल वन्दी/कैदीहरुको नामावली** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **नाम/थर** | **उमेर** | **ठेगाना** | **घटना भएको स्थान** | |
| १ | उमेश बिष्ट | २१ | रामारोशन-४ अछाम | कारागार बाँके | |
| २ | दिनेश घर्तिमगर | २० | घोराही-१३ दाङ | कारागार बाँके | |
| ३ | समिर थापा | २० | खजुरा-१ बाँके | कारागार बाँके | |
| ४ | जगत देउवा | १९ | लम्किचुहा-६ कैलाली | कारागार बाँके | |
| ५ | भुपेन्द्र खत्री | २१ | महाबु-२ दैलेख | कारागार बाँके | १० |
| ६ | राजकिशोर यादब | ५१ | विराटनगर-६ मोरङ | कारागार रामेछाप | |
| ७ | बिकरु धोवी | ५८ | गणेशमान चारनाथ-३ धनुषा | कारागार रामेछाप | |
| ८ | मनोज महतो | ४० | जलेश्वर-४ महोत्तरी | कारागार रामेछाप | |
| ९ | जित बहादुर घले | ६१ | बेनिघाट रोराङ-४ धादिङ | कारागार धादिङ | |
| १० | ईन्द्र ब. डाला | ३६ | सुनवल-१२ पूर्वी नवलपरासी | कारागार धादिङ | |

| | |
|---|---|
| ६४-७५ | शवको पहिचान नखुलेका |
| ७६ | भारतीय नागरिक |
| जम्मा मृतक संख्या | ७६ |

**संक्षिप्त विवरणः**

| क.सं | मृत्युको कारण | संख्या |
|---|---|---|
| १ | कुटपिटबाट निधन भएका प्रहरी कर्मचारी | ३ |
| २ | गोली लागी मृत्यु भएका आन्दोलनकारी | ४२ |
| ३ | व्यापारिक/निजी भवनमा जलेको अवस्थामा प्राप्त शव | ५ |
| ४ | निजी प्रतिष्ठानमा काम गर्ने कर्मचारी/आन्दोलनकारीको आगलागीमा परेका सर्वसाधारण | ३ |
| ५ | वालवन्दी र कैदी | १० |
| ६ | पहिचान नखुलेका शवहरु | १२ |
| ७ | विदेशी | १ |
| | जम्मा | ७६ |

## ४.१.२ भाद्र २३ र २४ को प्रदर्शनको क्रममा घाइते भएका व्यक्तिहरुको विवरण

भाद्र २३ र २४ गते प्रदर्शनको क्रममा जम्मा २५२२ जना व्यक्तिहरु घाइते भएको विवरण २०८२।१०।२९ सम्म (श्रोत: गृह मन्त्रालय) प्राप्त भएको थियो। घाइते व्यक्तिहरुको विस्तृत विवरण अनुसूची ४ मा संलग्न गरिएको छ।

## ४.२. भौतिक क्षति

यस आयोगको गठनको कार्यादेश मध्येको मुख्य कार्य नै भाद्र २३ र २४ गते जियनजेड पुस्ताद्वारा आन्दोलनको क्रममा भएको क्षतिको विवरण यकीन गरी विश्लेषण समेत गर्ने भन्ने रहेको थियो। सोही बमोजिम देशैभरिबाट क्षतिको विवरण माग गर्न ढाँचा तोकी सार्वजनिक रुपमा विज्ञप्ति जारी गरिएको थियो। धेरै क्षति भएका जिल्लाहरुमा आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा अन्तरक्रिया कार्यक्रम गरिएको साथै क्षति पनि संकलन गरिएको हो। यस अतिरिक्त विभिन्न निकायमा छुट्टाछुट्टै पत्राचार समेत गरी क्षतिको सत्यतथ्य विवरण माग गरिएको थियो।

यस आयोगमा प्राप्त विवरण बमोजिम जम्मा भौतिक क्षति करिब रु. ४१ अर्ब ८९ लाख १८ हजार ७०९ मात्र रहेको छ।

भाद्र २३ र २४ गतेको प्रर्दशनको क्रममा भएको भौतिक क्षतिको यकीन सम्बन्धमा नेपाल सरकारको मिति २०८२/०६/०५ को निर्णय बमोजिम राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा क्षति मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न समिति गठन गरिएकोमा उक्त समितिले सबै जिल्ला र क्षति भएका स्थानहरुको स्थलगत निरीक्षण अवलोकन, विश्लेषण र क्षति यकीन गरी नेपाल सरकारलाई मिति २०८२/०८/२४ गते प्रतिवेदन बुझाई सकेको छ। जसमा क्षतिको अनुमानित रकम रु.८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ।

यस आयोगको कार्यादेश र कार्यप्रकृतिको कारणले देशभरिका सबै जिल्लामा भौतिक रुपमा गई क्षति संकलन गर्न नसकिएको, जनशक्ति र समयको अभावका साथै पत्राचार गरिएका निकायहरुबाट तोकिएको ढाँचामा तोकिएको समयसीमाभित्र विवरण उपलब्ध नगराएको कारण पूर्ण क्षति यकीन हुन सकेन। तसर्थ, प्रदर्शनमा भएको क्षति सम्बन्धमा यस प्रतिवेदनमा उल्लेख भएको विवरण साथै राष्ट्रिय योजना आयोगको प्रतिवेदनलाई समेत आधार मान्नुपर्ने हुन्छ। उल्लिखित क्षतिको विस्तृत विवरण अनुसूची ४ मा संलग्न गरिएको छ।

# परिच्छेद - ५: बयान तथा घटना विवरण कागज र सरोकारवालाबाट प्राप्त सुझावः

## ५.१ सार्वजनिक जिम्मेवारीमा रहेका अधिकारीहरुको कागज व्यहोरा बयान तथा घटना विवरण कागजहरुः-

### ५.१.१ राजनैतिककर्मी

१ (क). **सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको तर्फबाट राष्ट्रपति कार्यालयका सचिव डा.दिपक कार्कीको कागज ब्यहोराः**

मिति २०८२ भाद्र २३ र २४ गते भएको प्रदर्शन र त्यसबाट भएको क्षतिको सम्बन्धमा राज्य सञ्चालन र व्यवस्थापनका क्षेत्रमा उठेका विषयहरुको समयमै उचित व्यवस्थापन हुन सकेको भए सायद क्षति कम हुन सक्थ्यो भन्ने व्यहोरा रहेको छ। सिहदरवार, सर्वोच्च अदालत, संसद भवन लगायतका प्रतिष्ठान तथा नेपाल प्रहरीका इकाइहरु निशानामा परिरहेको सूचना आइरहेका थिए । नेपाली सेनाले राष्ट्रपति समक्ष सुरक्षा सम्बन्धी ब्रिफिङ गरेको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको राजिनामा स्वीकृतिका लागि दिउसो करिव २:४५ बजेको समयमा पत्र आएको र करिब २:५० बजे प्रधानमन्त्रीको राजिनामा स्वीकृत भएपछि करिब ३:०० बजे हामी राष्ट्रपति निवासबाट नेपाली सेनाको सुरक्षित स्थानमा गएका थियौं। त्यसपछि राष्ट्रपति कार्यालय भवन र परिसरमा रहेका भौतिक सामग्री, सरकारी अभिलेखहरुमा आगजनी तोडफोड आदि भएको सूचना आएको थियो ।

नेपालको नयाँ सविधान र संघीयता आएपछि देशमा भ्रष्टाचार र आर्थिक अनियमितता बढेको कारण जियनजेड पुस्ताले उठाएका प्रश्न सम्बन्धमा तपाईको धारणा के छ भन्ने प्रश्नका सन्दर्भमा नेपालको संविधान र त्यसमा गरिएको शासकीय प्रबन्धबाट नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, लोकतान्त्रिक मूल्य प्रणाली, सामाजिक सांस्कृतिक ऐक्यवद्‌ता, समानुपातिक सहभागितामूलक प्रबन्ध, मानव अधिकारको संरक्षण लगायत लोकतान्त्रिक शासन व्यवस्थाको दरिलो संवैधानिक व्यवस्था भएकोले संविधानका कारण मुलुकमा समस्या आएको होइन । संविधानको परिपालनाका साथ राज्यको कार्यकारी भूमिकामा रहने पदाधिकारी माथि उठेको प्रश्नहरुको समयमा व्यवस्थापन गरी मुलुकमा देखिएको क्षेत्रगत कमी कमजोरी तुरुन्त सुधार गर्ने

दायित्व जिम्मेबार र अधिकार प्राप्त व्यक्ति तथा संस्थाले पूरा गर्न नसकेको कारणले आएको हुन सक्दछ। ।

नेपालको संविधान बमोजिम राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको प्रवर्धक, सविधानको पालक र संरक्षक रहन्छ। राष्ट्रपतिबाट सम्पादन हुने कार्यहरु, नेपालको संविधान र संघीय कानून बमोजिम हुने व्यबस्था छ । संवैधानिक व्यवस्था बमोजिम मुलुकमा भएका समसामायिक विषयहरु, वैदेशिक सम्बन्धका विषयहरु, नेपाल सरकारका निर्णयहरु, तथा संघीय संसदमा पेश हुने विधेयक लगायतका विषयमा राष्ट्रपतिले प्रधानमन्त्रीसँग जानकारी लिने विषयहरु, नियमित भई नै रहेका हुन्छन्।कुनै विशेष विषयमा अनौपचारिक छलफल हुने बाहेक राष्ट्रपतिबाट सम्पादन हुने कार्यहरु संवैधानिक र कानूनी व्यवस्था अनुसार हुने भएकोले सोहि बमोजिमको कार्यसम्पादन गरिएको हुन्छ।

भाद्र २३ गतेको घटना सम्बन्धमा के कसो भएको हो निरन्तर सूचना प्राप्त गरी सरकारका सम्बन्धित जिम्मेवार व्यक्तिलाई जीवन रक्षा र स्थितिको तत्काल सामान्यीकरणका लागि पहल गर्न ध्यानाकर्षण गराउने कार्य सवैधानीक जिम्मेवारी अनुसार नै सम्पादन गरिएको थियो । भाद्र २४ गते मानवीय क्षति, तोडफोड, लुटपाट र आगजनी लगायतका घटना अप्रिय छन्। समयमै राजनीतिक निकास निकाल्न सकेको भए सायद त्यस दिन कम क्षति हुन्थ्योकी भन्ने परिकल्पना गर्न सकिन्छ तथापि, परिस्थिति निकै जटिल, असामान्य र असाधारण प्रकृतिको भएकोले सुरक्षा निकाय लगायत राज्य सञ्चालनका अन्य जिम्मेबार निकायहरुले तत्काल व्यवस्थापन गर्ने अवस्थामा जटिलता भने प्रष्ट रुपमा देखिन्थ्यो । मुलुकमा उत्पन्न भएको विषम तथा असाधारण परिस्थितिलाई संवैधानिक व्यवस्थाको मर्म र भावना अनुसार तत्काल सम्बोधन गर्न र अत्यन्त कठिन अवस्थामा रहेको सुरक्षा व्यवस्थाको सामान्यीकरण गर्न जरुरी भएकोले त्यसको प्रवन्ध मिलाउन पहल गरिएको थियो । अत्यन्त जटिल र अप्रिय अवस्था भएकाले निरन्तर परामर्श र प्रयास गरी शान्ति सुरक्षाको अवस्था सामान्य तुल्याउन उक्त दिनभर निरन्तर कोशिस भइरहेको थियो ।[1]

## १. तत्कालीन प्रधानमन्त्री के पी. शर्मा ओलीको बयान कागज ब्यहोराः

२०८२ साल चैत्रमा काठमाडौंको तीनकुनेको घटनापछि सबै सुरक्षा निकायहरुलाई त्यस्ता घटनाहरुको सन्दर्भमा कमभन्दा कम धनजनको क्षति होस् र अवान्छित तत्वको घुसपैठ नहोस् भन्नेतर्फ सुरक्षा निकायलाई निर्देशन दिने गरेको थिए। केन्द्रीय सुरक्षा समितिको अध्यक्ष गृहमन्त्री

[1] बयान कागज सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१(क) अन्तर्गत रहेको ।

रहने हुँदा सुरक्षा संवेदनशीलता र सो सँग सम्बन्धित सूचनाहरु गृहमन्त्रीसँग हुने हुँदा तत्कालीन गृहमन्त्रीलाई जवाफको लागि आयोगमा जान भनेको हो। धेरै विषय गृहमन्त्रीको जवाफबाट खुलेकै होला। वास्तवमा भाद्र २३ र २४ गते देशमा हालसम्म नभएको अकल्पनीय र बर्बरतापूर्ण घटना घट्यो।

भाद्र २३ गते जियनजेड पुस्ताद्वारा भएको आन्दोलनको दौरान भएका तत्काल र तुरुन्त हुने घटनाको सन्दर्भमा प्रधानमन्त्रीलाई सोझै जानकारी गराउने विषय होइन। प्रधानमन्त्रीले प्रहरीलाई आदेश दिने होइन, यसको लागि गृह मन्त्रालय विभागीय मन्त्रालयको रुपमा नै रहन्छ। तर्कपूर्ण ढङ्गले प्रधानमन्त्री यो विषयमा जवाफदेही हुँदैन। सुरक्षाकर्मीमाथि नैं आक्रमण गर्ने, सुरक्षाकर्मीहरुका ड्रेस, बन्दुक खोसी लगाई सेल्फी खिच्ने जस्ता उच्छृङखल क्रियाकलाप गर्ने कार्य पक्कै पनि आन्दोलनको घोषणा गरेका जियनजेडले होइन आन्दोलनको फाइदा उठाएर घूसपैठ समूहबाट भएको हो। जियनजेड हरुले आफ्ना मागहरु hijacked भयो हाम्रो उद्धेश्य यस्तो थिएन शान्तिपूर्ण आन्दोलन थियो भनेकै छन।

संसद भवन जलाउने प्रयास २३ गते भएकै हो। सो दिन आन्दोलनमा युवाहरुलाई अगाडि लगाएर आफ्नो उद्धेश्य पूरा गर्ने समूहले सुनियोजित रुपमा युवाहरुमा उत्तेजना सिर्जित गरी ज्यान नै हताहती हुने सम्मको स्थिति सिर्जना गराएको हो। सरकारका तीनवटै निकायहरुमाथि आगजनी र आक्रमण सुनियोजित घटना हो। सार्वभौम जनताको प्रतिनिधित्व गर्ने थलो संसद भवन, देशको प्रशासनिक केन्द्र सिंहदरबार र न्याय निरुपणको थलो सर्वोच्च अदालतमा खोजी खोजी मिसिल हेरी हेरी छानेर डाटा खोजेर जलाइयो त्यसमा संलग्नहरुको भिडियो सार्वजनिक भएको छ उनीहरुको बयान आयोगद्वारा लिइएको छ ?

राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्षको हैसियतले बैठक बसी निर्देशन दिन सकिने अवस्था रहेको तर सरकारको तर्फबाट कम भन्दा कम हतियारको प्रयोग र मानवीय क्षति नहोस् भन्ने नै थियो। सेना परिचालन गर्ने मनसाय सरकारको नभएकोले त्यस्तो गरिएन। नेपाली सेनाको सुझाव पनि सोही बमोजिम थियो। २२ गते राति नै सुरक्षा निकायका प्रमुखसँग छलफल गरिएकोमा सुरक्षा निकायबाट ६-७ हजार जति जियनजेड आई शान्तिपूर्ण हुने भनेको हो। हताहती हुन नदिन प्रधानमन्त्रीको हिसाबले निर्देशन दिइएको हो। मेरो सबै सम्पत्ति जलाइयो र मलाई बस्न दिए वापतको अरुको निजी सम्पत्ति जुन २३ वर्ष अघि नै बेचेको हो सो पनि जलाइयो। तेह्रथुम

जिल्लामा एकमात्र आगलागि भएको घर मेरो रहेको। यो सबै गर्नेहरुलाई सोधीखोजी र बयान लिने काम आयोगबाट भयो भएन ?

उद्योग जलाउनु देशको अर्थतन्त्र जलाएको होइन ? सामाजिक प्रबन्धमाथिको आक्रमण, आर्थिक प्रबन्धमाथिको आक्रमण र हाम्रो संस्कृति ध्वस्त गरी देशलाई तहसनहस बनाउने काम भयो। यसरी लगानी प्रवर्धन गर्न सकिन्छ र ? भाद्र २३ गतेको घटनामा प्रधानमन्त्रीले प्रहरीलाई गोली हान्न आदेश दिने अधिकार हुँदैन। यो भन्ने पनि होइन। यस्ता प्राविधिक प्रश्नहरु सम्बन्धित व्यक्तिहरुले जवाफ दिनुभएकै होला। भाद्र २३ गतेको घटनापछि बेलुका सरकारको बैठक बसी घटनाको निष्पक्ष छानविन सम्बन्धमा न्यायिक आयोग गठन गर्ने, घाइतेको प्रभावकारी उपचार साथै मृतक परिवारलाई राहत दिने र जियनजेड पुस्ताको माग बमोजिमको सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध खोल्ने निर्णय गरिएको हो। भाद्र २४ गते मैले राजिनामा दिएको हु। म बाधक भएको कारणले त्यो आन्दोलन भएको भए मेरो राजिनामापछि सबै ठीक हुनुपर्ने तर भएन त?

सामाजिम सञ्जालको नियमनको विषयमा सरकारले निर्णय गर्यो, सामाजिक संञ्जाल नियमन त हुनुपर्यो नि ! जवाफदेही हुनु पर्दैन? पर्छ नि! हो त्यसै कारणले निर्णय गरेको हो। तत्कालीन जिम्मेवारीमा रहेका राज्यका पदाधिकारीहरुले घटना सम्बन्धमा आयोगमा बयान दिइसकेका, यस विषयमा सार्वजनिक रुपमा आफ्ना धारणा पटक पटक दिइसकेको छु। [2]

## <u>२. पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाको वयान कागज व्यहोराः</u>

२०८२ भाद्र २३ गतेको दिन म बुढानिलकण्ठ वडा नं २ बासुकी मार्ग स्थित मेरो निजी निवासमा थिए र सो दिन बेलुका बालुवाटारमा पनि उपस्थित भई मैले सामाजिक संजालमाथिको प्रतिबन्ध हटाउन आग्रह गरेर तत्कालीन प्रधानमन्त्रीले हटाउनु भएको थियो तर म कुनै औपचारिक बैठकमा सहभागी थिईन। भदौ २४ गते बिहान १० बजे प्रदर्शनकारीहरु मेरो निजी निवासमा भेला भई नाराबाजी गर्दा सुरक्षाकर्मीले रोक्दा रोक्दै हामी माथि हातपात भयो र केही जियनजेडका युवाहरुले बचाए। हामी राति २२:०० बजेतिर सुरक्षित स्थान पुग्यौं।

नेपाल प्रहरीले वडा अध्यक्षको रोहबरमा गरेको मुचुल्कामा मेरो निवासमा भेटिएको रकमबारे उल्लेख छ, ठूलो परिमाण थिएन। सामाजिक संजालको विवरण AI generated हुनुपर्छ। सो सम्बन्धमा कुनै

2 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१ अन्तर्गत रहेको ।

प्रहरी कार्यालयमा रिपोर्ट गरेको थिएन। यो नितान्त षडयन्त्र हो तर कस्ले गर्यो थाहा भएन। मेरो निवासमा भएको तोडफोड, आगजनी र लुटपाट सम्बन्धमा नेपाल प्रहरीले मुचुल्का लगायतका विवरण लगेको हो र कारबाही सम्बन्धमा जानकारी छैन। मैले राजनीतिक हस्तक्षेप, पक्षपात गरेको छैन र २३-२४ गतेको घटनामा प्रहरीले आंकलन गर्न नसकेकोमा राजनीतिक हस्तक्षेप भएको भन्नेमा म सहमत छैन। लोकतन्त्रमा ट्रेड युनियन अधिकार हो र व्यवहारिक हकहितको लागि प्रयोग गर्न पाउनुपर्छ। विद्यार्थी संगठन पनि बृहत्तर हितका लागि क्रियाशील हुनुपर्छ। मुलुकमा गैर-राजनीतिक संस्था वा संयन्त्रमा राजनीतिकीकरण गरिनु हुदैन। तोडफोड, लुटपाट, आगजनी गर्ने जो कोहीलाई कारबाही गर्नुपर्छ। देशमा युवाको भावना समेटेर नीतिगत, कानूनी र संस्थागत सुधार गर्नुपर्छ। [3]

**३. पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को वयान कागज व्यहोराः**

भदौ २३ गतेका दिन भएको दमनको भर्त्सना गर्दै सहादत प्राप्त प्रदर्शनकारीलाई सहिद घोषणा गर्न तथा अवस्था साम्य बनाउन सार्वजनिक अपील गरेको थिएँ र भोलिपल्ट सर्वदलीय बैठक आह्वान गरेको थिएँ। भदौ २४ गते बिहान सिंहदरबारमा सर्वदलीय बैठकमा सहभागी भएँ र परिस्थिति जटिल बन्दै गएपछि अपराह्नपछि सुरक्षा निकायको सुरक्षामा बसें। मेरो बुझाइमा उक्त आन्दोलनको पृष्ठभूमि सरकारको कार्यशैली प्रति बढ्दो जन असन्तुष्टि र आक्रोश हो। सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध त्यसको तात्कालिक कारण बनेको देखिन्छ। भदौ २३ गते युवाहरूको आक्रोश प्रदर्शनका रूपमा देखियो भने २४ गते उक्त आन्दोलनको स्वरूप बदलिएको र गलत तत्त्वहरूले त्यसलाई उपयोग गरेको निष्कर्षमा म पुगेको छु।

भदौ २४ गते काठमाडौंमा म बस्दै आएको भाडाको निवास तथा चितवन स्थित घरमा तोडफोड, आगजनी र लुटपाट भएको थियो। काठमाडौंमा मेरो आफ्नै घर छैन। मेरो सुपुत्री गंगा दाहालको घरमा अवैध नगद भेटिएको भन्ने प्रचार निराधार हो। न त त्यस्तो नगद भेटिएको छ, न त हामीले कुनै अवैध आयस्रोतबाट आम्दानी गरेका छौं। भदौ २४ गते सिंहदरबार, शीतल निवास, संसद भवन, सर्वोच्च अदालत, विभिन्न सरकारी तथा निजी भवनहरूमा भएको तोडफोड, आगजनी र लुटपाट केवल सरकार विरुद्धको आक्रोश मात्र नभई व्यवस्था माथि नै प्रहार गर्ने नियोजित प्रयास थियो भन्ने मेरो धारणा छ। मेरो पार्टीले जियनजेड आन्दोलनको भावनालाई समर्थन गरे पनि हिंसात्मक गतिविधिमा संलग्नता छैन। यदि हाम्रो पार्टीसँग सम्बन्धित कोही व्यक्ति कानून विपरीत क्रियाकलापमा संलग्न

3 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२ अन्तर्गत रहेको ।

भएको प्रमाणित भए, उसले कानूनी कारबाही भोग्नुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ। भदौ २४ को घटनामा आन्तरिक तथा बाह्य घुसपैठको सम्भावना देखिन्छ। युवाहरूले भदौ २३ गते नै आन्दोलनमा घुसपैठ भएको भन्दै घर फर्किन आग्रह गरेका थिए। त्यसपछि देखिएको घटनाक्रमले गलत तत्त्वहरूले युवाहरूको भावनालाई प्रयोग गरेको संकेत गर्दछ। प्रधानमन्त्रीका रूपमा मेरो कार्यकालमा नियुक्ति, सरुवा-बढुवा प्रक्रियामा मेरिटोक्रेसीलाई प्राथमिकता दिने प्रयास गरेको थिएँ। त्रिभुवन विश्वविद्यालय लगायतका संस्थामा अवलम्बन गरिएको अभ्यास उदाहरणीय रहेको छ। राजनीतिक हस्तक्षेपले प्रहरी, निजामती, न्याय सेवा र संवैधानिक निकायहरूको व्यावसायिकता तथा सेवा प्रवाहमा नकारात्मक असर पार्दै आएको छ, यद्यपि यो मात्र एक कारण होइन: राजनीतिक प्रणाली, आर्थिक संरचना र भू-राजनीतिक अवस्थिति लगायतका पक्षहरू पनि जिम्मेवार छन्। मेरो नेतृत्वमा सुशासन, सामाजिक न्याय र अर्थतन्त्र सुधारका लागि विभिन्न प्रयास र कार्यक्रम अघि बढाइएका थिए। ती नीति, कार्यक्रम र बजेटहरूको वस्तुगत मूल्याङ्कनबाट सरकार ढल्नुका कारण र त्यसपछि उत्पन्न जनआक्रोशको वास्तविकता बुझ्न सकिन्छ भन्ने मेरो विश्वास छ। ट्रेड युनियन अधिकार संविधान प्रदत्त अधिकार हो, तर राज्य संयन्त्रलाई राजनीतिक थलोका रूपमा प्रयोग गर्नु हुँदैन भन्ने मेरो धारणा छ। निजामती सेवा तथा अन्य निकायमा योग्यता, क्षमता र अनुभवका आधारमा नियुक्ति र बढुवा हुनुपर्छ। विद्यार्थी संगठनहरूले शैक्षिक सुधारमा भूमिका खेल्नुपर्छ, न कि पठन-पाठन अवरुद्ध गर्ने वा अभद्र गतिविधिमा संलग्न हुने। भविष्यमा यस्ता घटना नदोहोरिन आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका जनमुखी कार्यक्रम सञ्चालन गर्नुपर्छ। विशेष गरी युवा केन्द्रित अवसर, रोजगारी र सहभागिता सुनिश्चित गर्ने नीति अवलम्बन गर्न आवश्यक छ। आयोगले पूर्वधारणा नराखी वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गरोस् भन्ने मेरो अपेक्षा छ। [4]

**४. संघीय संसद प्रतिनिधि सभाको सभामुख देवराज घिमिरेको वयान कागज व्यहोराः**

म मिति २०७९ साल माघ ५ गतेदेखि संघीय संसद प्रतिनिधि सभाको सभामुख पदमा कार्यरत छु। संघीय संसद सचिवालयसम्बन्धी ऐन २०६४ र प्रतिनिधिसभा नियमावली २०७९ ले तोके अनुसार सभाको बैठक सञ्चालन, कार्यसूची निर्धारण, विधेयक प्रमाणीकरण तथा संसद सचिवालयलाई मार्गदर्शन गर्ने मेरो प्रमुख कर्तव्य हो।

---

4 बयानको सक्कल प्रति पाना- ७, अनुसुची-५ को सि.न.३ अन्तर्गत रहेको ।

२०८२ साल भदौ २३ गते म संघीय संसद सचिवालय, सिंहदरबारमा संसदीय सुनुवाइ समितिका सभापतिको सपथ तथा विधेयक प्रमाणीकरणका काममा व्यस्त थिएँ। भदौ २४ गते म मेरो निवास बालुवाटारमा थिएँ। संघीय संसद भवनको भवनको सुरक्षा गृह मन्त्रालय अन्तर्गतका सुरक्षा निकायको जिम्मेवारी हो, सभामुखको कुनै कानूनी अधिकार छैन। अधिवेशन सुरु हुनु अघि सामान्य छलफल हुने गरे पनि जियनजेड आन्दोलनको यस स्तरको जोखिम आउने अनुमान कसैले गरेको थिएन, र मलाई पनि कुनै विशेष सूचना प्राप्त भएको थिएन। त्यसैले यस्तो अवस्थाका लागि Contingency Plan, Evacuation Protocol वा लिखित आपतकालीन योजना तयार गरिएको थिएन।

भदौ २३ गते केही प्रदर्शनकारी संसद भवन परिसरभित्र प्रवेश गर्न सफल हुनुको कारण सुरक्षाकर्मीको अनुमानभन्दा धेरै संख्यामा र फरक स्वरूपमा आन्दोलनकारी उत्रिनु, सुरक्षा तयारी पर्याप्त नहुनु र सुरक्षा निकायबीच प्रभावकारी समन्वय नहुनु हो भन्ने मेरो बुझाइ छ। संसद भवनको पर्खाल, गेट तथा संरचनात्मक कमजोरीका कारण पनि सुरक्षा चुनौती बढेको देखिन्छ। तर यस्ता संरचनागत सुधार र सुरक्षा पूर्वाधारको जिम्मेवारी कार्यपालिका र गृह मन्त्रालय अन्तर्गत पर्ने भएकाले मैले सभामुखको हैसियतमा यसअघि विशेष पहल गरिएको थिएन। भदौ २३ गते संसद भवन परिसरमा गोली चलेको जानकारी मलाई अपराह्नतिर प्राप्त भएको थियो। त्यसपछि मैले संसद सचिवालयका महासचिवमार्फत सुरक्षा निकायसँग आवश्यक समन्वय गर्न निर्देशन दिएको थिएँ। भदौ २४ गते संसद भवनमा भएको तोडफोड र आगजनीमा केही सामान्य चोटपटक बाहेक ठूलो मानवीय क्षति भएको विवरण छैन।

बल प्रयोगको सिद्धान्त र क्रमबद्धताबारे प्रश्न उठ्नु बाहेक सुरक्षाकर्मीहरूले जोखिमपूर्ण अवस्थामा पनि राज्यको सम्पत्ति, संसद भवन तथा त्यहाँ रहेका जनधनको सुरक्षा गर्न भरमग्दुर प्रयास गरेको मेरो मूल्याङ्कन छ। बल प्रयोगको सिद्धान्त, गोली प्रहारको आवश्यकता र औचित्य जस्ता विषय सुरक्षा नीति, कानून र तत्कालीन परिस्थितिको आधारमा सम्बन्धित विज्ञ र निकायहरूले मूल्याङ्कन गर्नुपर्ने विषय हो भन्ने मेरो धारणा छ। यो विषय सभामुखको प्रत्यक्ष क्षेत्राधिकारभित्र पर्दैन। सभामुखले प्रधानमन्त्री, गृहमन्त्री वा सुरक्षा निकायलाई गोली प्रहार रोक्न प्रत्यक्ष आदेश दिन सक्ने कानूनी व्यवस्था छैन। आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन संघीय संसद भवनको सुरक्षाका लागि Single Command प्रणालीमा आधारित, Threat Analysis अनुसार स्पष्ट प्रोटोकल सहित आवश्यक संख्यामा सुरक्षाकर्मी परिचालन गर्ने व्यवस्था हुनुपर्ने मेरो सुझाव छ। [5]

---

5 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.४ अन्तर्गत रहेको ।

## ५. संघीय सांसद राष्ट्रीय सभाका अध्यक्ष नारायण दाहालको वयान कागज व्यहोराः

मैले राष्ट्रिय सभाको अध्यक्षको हैसियतले २०८० साल फागुन २९ गतेदेखि यो जिम्मेवारी सम्हाल्दै आएको छु। संविधान र राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधनसहित) अनुसार सभाको बैठक सञ्चालन गर्ने, बैठकलाई मर्यादित र व्यवस्थित बनाउने तथा सभाभित्रको कार्यसूची र प्रक्रियालाई सुव्यवस्थित ढंगले अघि बढाउने दायित्व मेरो कार्यक्षेत्रभित्र पर्दछ। संघीय संसद भवन तथा सचिवालयको समग्र सुरक्षा नेपाल सरकारको जिम्मेवारीभित्र पर्ने विषय हो। २०८२ साल भाद्र २३ गते दिउँसो म सिंहदरबारस्थित संघीय संसद सचिवालय भवन नं. २ मा रहेको आफ्नै कार्यकक्षमा थिएँ र सोही दिन दिउँसो १ बजे र १५ मिनेटमा बोलाइएको राष्ट्रिय सभाको बैठकका लागि तयारी गर्दै थिएँ। परिस्थिति अनुकूल नभएपछि मैले संघीय संसदका महासचिव र राष्ट्रिय सभाका सचिवमार्फत दिउँसो ३ बजेर १५ मिनेटका लागि बैठक बोलाउने सूचना जारी गराएँ र अवस्था झन् जटिल बन्दै गएपछि अर्को सूचना नआएसम्मका लागि बैठक स्थगित गरिएको जानकारी सार्वजनिक गर्न निर्देशन दिएको थिएँ। भाद्र २४ गते दिउँसो करिब १ बजेर ३० मिनेटसम्म पनि निवासमै बसेको थिएँ। त्यसपछि दिउँसो करिब २ बजेर ३० मिनेटपछि प्रहरी प्रधान कार्यालय, नक्सालतर्फ गएको थिएँ। यसअघि संघीय संसद भवनलाई केन्द्रमा राखेर हुने प्रदर्शनका विषयमा कुनै औपचारिक पूर्व छलफल वा निर्देशन हुने प्रचलन थिएन। भाद्र २३ र २४ गतेको घटनाको समयमा कुन-कुन सुरक्षा निकाय, कसको कमाण्डमा र कति संख्यामा खटिएका थिए भन्ने विषय सरकारको कार्यक्षेत्रभित्र पर्ने भएकाले त्यसको विस्तृत जानकारी मसँग थिएन। संसद भवन नेपाल सरकारले निषेधित क्षेत्र घोषणा गरेको संवेदनशील क्षेत्र भएकाले यस्तो अवस्था उत्पन्न हुन्छ भन्ने कल्पना नै गरिएको थिएन। समग्र सुरक्षा व्यवस्थापन सरकारको नीतिगत र कार्यान्वयन तहको जिम्मेवारीभित्र पर्दछ। संसद सुरक्षा निकाय गृह मन्त्रालय मातहतकै इकाई भएकाले समन्वय भइरहेको छ भन्ने विश्वासमा म रहेको थिएँ। सुरक्षाकर्मीहरूले आफ्नो Chain of Command अनुसार प्राप्त निर्देशन पालना गरेको हुनुपर्छ भन्ने मेरो बुझाइ छ। २३ र २४ को घटनाबाट पाठ सिक्दै संघीय संसदको सुरक्षाका लागि छुट्टै कानूनी व्यवस्था आवश्यक भएको महसुस गरेको छु। भाद्र २३ गते म बानेश्वरस्थित संसद भवनमा नभई सिंहदरबारस्थित आफ्नै कार्यकक्षमा रहेको थिएँ। भाद्र २४ गते प्रदर्शनकारीहरूले संसद भवनभित्र प्रवेश गरी तोडफोड र आगजनी गरेको जानकारी मलाई सुरक्षा निकायबाट प्राप्त भएको थियो। भाद्र २४ गते प्रतिकूल परिस्थिति सिर्जना भएपछि म परिवारका सदस्यसहित सुरक्षा निकायकै घेराभित्र रहेको थिएँ। मेरो काठमाडौंस्थित सरकारी वा निजी निवासमा कुनै तोडफोड नभए

पनि चितवन स्थित निजी निवासमा आगजनी भएको थियो। शान्ति र अमनचयन कायम राख्नु कार्यपालिकाको क्षेत्राधिकारभित्र पर्दछ। यस्ता घटना भविष्यमा दोहोरिन नदिन कानूनी तथा संरचनागत सुधार आवश्यक छ। [6]

## ६. तत्कालीन गृह मन्त्री रमेश लेखकको वयान कागज व्यहोराः

भाद्र २३ र २४ गते देशका विभिन्न भाग, विशेषतः काठमाडौं उपत्यकामा देखिएको असहज सुरक्षागत अवस्थाबारे म, गृहमन्त्रीको हैसियतमा, समग्र शान्ति-सुरक्षा कायम गर्ने संवैधानिक र कानूनी दायित्वमा थिएँ। घटनाक्रम सुरु हुनुअघि नै सामाजिक सञ्जाल र अन्य माध्यमबाट असन्तुष्टि तथा आक्रोश बढिरहेको जानकारी सुरक्षा निकायमार्फत मलाई प्राप्त भएको थियो, र सोही आधारमा गृह मन्त्रालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागसँग निरन्तर समन्वय गर्दै स्थिति अनुगमन गरिरहेको थियो। मैले फिल्डमा प्रत्यक्ष आदेश नदिने, तर नीतिगत निर्देशन, समन्वय र राजनीतिक तहबाट आवश्यक सहजीकरणगर्ने जिम्मेवारी निर्वाह गरेको स्पष्ट पार्छु। नेपाल सरकार कार्यविभाजन नियमावलीले गृह मन्त्रालयलाई आन्तरिक सुरक्षा तथा शान्ति-सुव्यवस्था सम्बन्धी नीति, मापदण्ड, कानून, योजना कार्यान्वयन र नियमनको कार्य तोकेको छ, र यसको कार्यसम्पादन सम्बन्धित कानून अनुसार मन्त्रालय मातहतका निकायमार्फत हुँदै आएको छ। गृहमन्त्री, मन्त्रालयको प्रशासनिक निकाय र प्रहरी प्रशासनबीचको रिपोर्टिङ र निर्देशन पनि विषयगत कानून बमोजिम नै चल्ने गर्थ्यो, आवश्यकता अनुसार कहिलेकाहीँ सोझै सम्पर्क पनि हुन्थ्यो। नेपाल सरकार मन्त्रिपरिषदमा सामाजिक सञ्जालसम्बन्धी निर्णय गर्ने प्रस्ताव गृह मन्त्रालयको तर्फबाट नभएकाले यस विषयमा सुरक्षा निकायसँग छुट्टै राय-सुझाव लिने प्रक्रिया भएको थिएन। भाद्र २२ गते साँझ बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियो, जहाँ राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत सबै सुरक्षा निकायबाट भाद्र २३ गते जियनजेड युवाहरूले शान्तिपूर्वक प्रदर्शन गर्ने जानकारी दिइएको थियो र सम्भावित हिंसाबारे कुनै ठोस सूचना प्राप्त भएको थिएन। गृहमन्त्रीको हैसियतले मैले भाद्र २३ गतेको प्रदर्शनका सन्दर्भमा गृह सचिव र सुरक्षा निकायका प्रमुखहरूलाई बल प्रयोग गर्दा हताहती नहोस्, कुनै व्यक्तिको मृत्यु हुने अवस्था नआओस्, समन्वयात्मक रूपमा शान्ति-सुरक्षाको उचित व्यवस्था मिलाउन, राजनीतिक समूहको प्रदर्शन नभएकाले नेतृत्वविहीन हुन सक्ने जोखिम र सम्भावित घुसपैठप्रति सतर्क रहन निर्देशन दिएको थिएँ।

---

6 बयानको सक्कल प्रति पाना- ११, अनुसुची-५ को सि.न.५ अन्तर्गत रहेको ।

भाद्र २३ गते प्रदर्शनकारी र प्रहरीबीच संसद भवन परिसरभित्र-बाहिर भिडन्त भइरहँदा संघीय संसद भवनलाई कुनै पनि हालतमा सुरक्षित राख्नुपर्छ भन्ने मेरो धारणा थियो, तर अन्तिम बल प्रयोग अर्थात् गोली प्रहार गर्न भनी मैले कुनै आदेश दिएको थिइनँ। बल प्रयोग स्थलगत परिस्थितिको आधारमा खटिएका अधिकारीले निर्णय गर्ने विषय हो, र यस्ता विषयमा गृहमन्त्रीले प्रत्यक्ष आदेश दिने अभ्यास पनि छैन। प्रहरी महानिरीक्षकले गृहमन्त्रीसँग अन्तिम बल प्रयोगका लागि लिखित वा मौखिक आदेश लिने कानूनी व्यवस्था र व्यवहारिक अभ्यास नभएकाले सो नगरिएको कुरा मैले बयानमा स्पष्ट गरेको छु। बानेश्वरतर्फ प्रदर्शन उग्र र हिंसात्मक हुँदै गएको जानकारी पाउनासाथ मैले सम्माननीय प्रधानमन्त्री, माननीय रक्षामन्त्री र नेपाली सेनाका प्रधान सेनापतिलाई जानकारी गराएँ। गोली चलेर व्यक्ति हताहत भएको खबर पाएपछि नागरिकको जीउ-ज्यानको सुरक्षा व्यवस्था मिलाउन, हताहती रोक्न गृह मन्त्रालयका पदाधिकारी र सुरक्षा निकायहरूसँग तत्काल छलफल गरियो र घाइतेहरूको उपचारका लागि प्रशासनलाई सहजीकरण गर्न निर्देशन दिइयो। भाद्र २३ गतेको दुःखद र अकल्पनीय घटनाको कारण म अत्यन्त दुःखी र मर्माहत भई ठूलो पीडाबोधका कारण मैले तत्काल नैतिक जिम्मेवारी लिँदै गृह मन्त्रीको पदबाट राजीनामा दिएँ। भाद्र २३ मा जियनजेड पुस्ताले उठाएका मागहरू मूलतः ठीक थिए भन्ने कुरा मैले सार्वजनिक रूपमा नै भनेको छु, तर त्यस पवित्र मनोभावनामा घुसपैठ भएर भएका दुःखद घटना र राज्यका ऐतिहासिक तथा अमूल्य संरचनामाथि भएका आक्रमणलाई केवल आवेगको परिणाम भनेर सीमित गर्न मिल्दैन भन्ने मेरो ठम्याइ छ। "हाम्रो आन्दोलन सफल भएको छ, यसलाई हाइज्याक गरेर हिंसात्मक बनाइँदैछ, साथीहरू आ-आफ्नो घर फर्किनुस्" भन्ने जियनजेड अगुवाहरूको अभिव्यक्तिले प्रदर्शनमा घुसपैठ भएको तथ्य पुष्टि भएको मैले देखें। भाद्र २४ का घटनालाई युवाको मागभन्दा पृथक ढंगले हेर्नुपर्छ र आपराधिक कार्यमा संलग्न जो-कोहीलाई कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेमा म दृढ छु। काठमाडौंस्थित नैकाप र कञ्चनपुर महेन्द्रनगरमा रहेका मेरा निजी घरमा प्रदर्शनकारीहरू प्रवेश गरी तोडफोड, आगजनी र लुटपाट भयो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी नयाँ प्रहरी विधेयक संसदमा दर्ता भई राज्य व्यवस्था समितिमा छलफलमा थियो। मैले राज्यको सुरक्षा प्रणालीमा देखिएका कमजोरी, सूचना संकलन र विश्लेषणको अभाव, युवापुस्तासँग राज्यको संवाद कमजोर हुनु र पूर्वतयारी पर्याप्त नहुनुजस्ता पक्ष आत्मालोचनासहित स्वीकार गरेको छु। दीर्घकालीन रूपमा शान्ति-सुरक्षाको सुनिश्चितताका लागि कानूनी सुधार, सुरक्षा निकायको क्षमता अभिवृद्धि, मानव अधिकारमैत्री भीड व्यवस्थापन, अन्तर-निकाय समन्वय, प्रविधिको प्रयोग र राजनीतिक-प्रशासनिक उत्तरदायित्व स्पष्ट

गर्नुपर्ने आवश्यकता मैले औंल्याएको छु। [7]

## ७. तत्कालीन संचार मन्त्री पृथ्वी सुब्बा गुरुङको बयान कागज व्यहोराः

म सञ्चार तथा सूचना प्रविधि मन्त्रीको हैसियतमा रहँदा सामाजिक सञ्जालको विषय सरकारका लागि केवल प्राविधिक प्रश्न मात्र नभई कानूनी, नीतिगत र सार्वजनिक हितसँग जोडिएको गम्भीर विषय थियो भन्ने ठान्थेँ। नेपाल सरकारले पटक-पटक सार्वजनिक सूचना प्रकाशित गरी सामाजिक सञ्जाल प्लेटफर्महरूलाई मन्त्रालयमा सूचीकरण हुन, नेपालभित्र सम्पर्क बिन्दु र सम्पर्क व्यक्ति तोक्न र सरकारको नियमनको दायरामा आउन आग्रह गरेको थियो। यसैबीच सम्मानित सर्वोच्च अदालतबाट सामाजिक सञ्जाल नियमन गर्न परमादेश जारी भइसकेको थियो र "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०" ले पनि सूचीकरण र सम्पर्क बिन्दुको व्यवस्था अनिवार्य गरेको थियो। त्यसैले तत्कालीन सरकारले यी कानूनी र नीतिगत प्रावधानको कार्यान्वयन गर्न सामाजिक सञ्जाल नियमनको प्रक्रिया अघि बढाएको हो, र सोही क्रममा मिति २०८२/०५/०९ को मन्त्रीपरिषद्‌को निर्णयअनुसार आवश्यक कदम चालियो।

भाद्र २३ गतेको दिन म सिंहदरबार स्थित मन्त्रालयकै कार्यकक्षमा थिएँ र पछि सम्माननीय प्रधानमन्त्रीज्यू सहितको बैठकमा सहभागी भएँ। सामाजिक सञ्जाल नियमन सम्बन्धी विधेयक म मन्त्री हुनुअघि नै तयार भइसकेको रहेछ, त्यसमा आवश्यक परिमार्जन गरी मेरो कार्यकालमै संसदमा पठाइएको हो। सो विधेयक मार्फत सामाजिक सञ्जाल प्लेटफर्मलाई अनुमति पत्रको व्यवस्थामा ल्याउने, सूचीकरण, सम्पर्क बिन्दु, गुनासो सुनुवाइ, सामाग्री नियमन, प्रयोगकर्ताको सुरक्षा र कानूनी उत्तरदायित्व सुनिश्चित गर्ने जस्ता व्यवस्था गर्न खोजिएको थियो। यसको मूल उद्देश्य डिजिटल अपराध, व्यक्तिगत चरित्र हत्या, गलत सूचना र भ्रामक सूचनाको नियन्त्रण गर्दै सामाजिक सञ्जाललाई व्यवस्थित र उत्तरदायी बनाउनु थियो। मन्त्रीको हैसियतले मैले मन्त्रालयका सचिव, सहसचिव, नियामक निकायका विज्ञ नेतृत्व र आफ्ना सम्पर्कका सुरक्षा संयन्त्रसँग परामर्श गरेको थिएँ र अन्ततः मन्त्रीपरिषद्‌को निर्णय कार्यान्वयन गरिएको थियो। सामाजिक सञ्जाल रोक्ने निर्णय कुनै व्यक्तिगत आवेगमा होइन, अदालतको आदेश, निर्देशिकाको व्यवस्था र मन्त्रीपरिषद्‌को निर्णयको पालना गर्ने दायित्वका रूपमा लिइएको थियो। Reddit, Discord जस्ता प्लेटफर्मलाई उच्च

7 बयानको सक्कल प्रति पाना- २०, अनुसुची-५ को सि.न.६ अन्तर्गत रहेको ।

जोखिमका रूपमा छुट्टै पहिचान गरेर प्राथमिकता दिईको थिएन। भाद्र २३ गतेका घटनापछि प्रधानमन्त्री कार्यालयमै बसेर गृहमन्त्री लगायतसँग निरन्तर छलफल र परामर्शमा म सहभागी थिएँ। घटनाक्रमको विश्लेषणपछि निर्णयअनुसार सोही राति नै सामाजिक सञ्जाल पुनः खोल्ने प्रक्रिया अघि बढाइएको हो र यसमा प्रधानमन्त्री, मुख्य सचिव लगायतको सामूहिक निर्णय संलग्न थियो। [8]

## ८. रबि लामिछानेको बयान कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गतेसम्म कारागारको अवस्था सामान्य नै थियो। तर भदौ २४ गते करिब दिउँसो १२:३० बजे कारागारका नाइकेहरूले मलाई कार्यालयमा बोलाई सुरक्षा निकायका प्रतिनिधिहरूले कारागार बाहिर असामान्य अवस्था सिर्जना भएको, ठूलो भीड जम्मा भएको र मलाई परिवार तथा पार्टीको जिम्मा लगाई बाहिर पठाउनुपर्ने अवस्था आएको जानकारी गराए। मैले अदालतको आदेश बिना कारागारबाट बाहिर निस्कन अस्वीकार गरें। तथापि, जेल प्रशासनले भीडलाई म स्वयंले सम्झाउन सक्ने भन्दै पटक पटक आग्रह गरेपछि म कारागार प्राङ्गणमै रहेर भीडलाई सम्बोधन गर्न तयार भएँ र माइकको व्यवस्था गर्न भनें। प्रहरी आत्तिएको अवस्थामा भीडले मलाई धकेल्दै बाहिर पु¥यायो। त्यसपछि म कारागार छेउको रेस्टुरेन्टको बार्दलीमा चढी भीडलाई शान्ति, संयमता अपनाउन र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न अपिल गर्दै सम्बोधन गरें। कारागार प्रशासनले मलाई औपचारिक रूपमा थुनामुक्त गर्ने पत्र दिने तयारी गरेको रहेछ, तर पत्र तयार नहुँदै भीडले मलाई कारागार बाहिर लगे। पछि मैले कारागारबाट पत्र आएको जानकारी पाएँ, तर त्यसमा हस्ताक्षर गर्ने वा लेखन प्रक्रियामा मेरो कुनै सहभागिता थिएन, त्यसैले सो पत्रको सम्बन्धमा जेल प्रशासन स्वयं जवाफदेही हुनुपर्छ भन्ने मेरो धारणा हो। वास्तवमा मलाई कारागार प्रशासनकै निर्देशनमा भीडको जिम्मा लगाइयो र म निस्किन नचाहँदा-नचाहँदै जबरजस्ती बाहिर पठाइयो।

भदौ २४ को घटनामा मेरो र मेरो पार्टीको संलग्नता नरहेको स्पष्ट पार्दै मैले र "राष्ट्रिय स्वतन्त्र पार्टी" ले कुनै पनि हिंसात्मक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका नखेलेको जनाएका छौं, र यदि कोही संलग्न भेटिए कडा कारबाही गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरिएको छ। कारागारबाट बाहिरिएपछि शुभेच्छुकहरूको सहयोगमा कलाकार रामकृष्ण ढकालको गाडीमार्फत म सुरक्षित स्थानमा पुगें र तत्क्षण नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेनाका प्रमुखहरूलाई आफ्नो

8 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.७ अन्तर्गत रहेको ।

अवस्थाबारे जानकारी गराएँ। सोही साँझ मैले भिडियो सन्देशमार्फत पनि जनतालाई "म सुरक्षित छु र अदालतमा पुनः उपस्थित हुनेछु" भन्ने जानकारी दिएँ। मिति भदौ २८ गते सुरक्षाको प्रत्याभूति पाएपछि म पुनः नख्खु कारागार फर्किएँ। यस घटनाक्रमबाट सिक्दै कारागार सुधारका लागि खुला कारागार नीति अवलम्बन गर्नुपर्ने, कैदीबन्दीको मानसिक स्वास्थ्य तथा कानूनी परामर्श प्रणाली सुदृढ गर्नुपर्ने र कैदी पुनर्समीक्षा संयन्त्र स्थापना गर्नुपर्ने सुझाव म राख्दछु। [9]

## <u>९. काठमाण्डौ म.न.पा.का तत्कालीन मेयर वालेन्द्र साह बालेनको वयान कागज व्यहोराः</u>

२०८२ साल भाद्र २३ र २४ गते म सरकारी निवास लैनचौरमा थिए। २३ गतेको शान्तिपूर्ण रैलीमा मेरो समर्थन थियो तर आन्दोलनमा थिएन। व्यवसायी र रेष्टुरेन्टहरुले आग्रह गरेपछी महानगर प्रहरी बलले पानी वितरण गरेको हो। २३ गते स्थिति तनावपूर्ण हुँदै गएको बेलुका संचार माध्यमबाट थाहा पाए। मेरो सामाजिक संजालको अभिव्यक्तिले अनियन्त्रित आन्दोलनलाई शान्त पार्न मद्दत गर्यो। जनधनको रक्षाको लागी सामाजिक संजाल मार्फत संयमता अपनाउन अपिल गरेको थिए। घटनापश्चात महानगर प्रहरी बल लगायत अन्य विभागहरुसँग समन्वय गरी घाइते र मृतकहरुको परिवारलाई तत्काल आवश्यक सहयोग प्रदान गरिएको हो। २४ गतेको घटना दुखद थियो र २३ गते सरकारको अत्याधिक बल प्रयोग र आतंकवादी शैलीको नतिजा हुनसक्छ। २४ गते का.म.न.पा ले समयमै दमकल पठाएको थियो र महानगरभित्रका संरचना महानगरकै दमकलले नियन्त्रण गरेको हो। सम्माननीय राष्ट्रपति र सेनापतिको आग्रहमा मेरो आन्दोलनलाई शान्त पार्ने भूमिका रहेको थियो। तत्कालीन सरकारले अपराध र आतंकवादी क्रियाकलाप गरेको हो र सम्पूर्ण क्षतिको जिम्मा तत्कालीन सरकार र सहभागी दलले लिनुपर्छ। काठमाँडौ महानगरको फोहोर बोक्ने गाडी बन्चरेडाँडा जाँदैगर्दा अनावश्यक रोकेपछी विरोधस्वरुप Metaphor को रुपमा फेसबुकमा अभिव्यक्ति दिएकोमा "जलाई दिन्छु" शब्द प्रयोग भएको थिएन। [10]

## <u>१०. पूर्व प्रधानमन्त्री झलनाथ खनालको घटना विवरण कागज ब्यहोराः</u>

हाम्रो देशमा ०६२-०६३ को जनक्रान्तिपछी संविधान सभाबाट हामिले संविधान बनाको कुरा इतिहासकै सबभन्दा ठूलो उपलब्धी हुन जुन अहिलेसम्म विश्वमा ४०-४२ देशहरुमा मात्रै भएको छ। संविधान बनिसकेपछी पहिलो निर्वाचन भयो र करिबन २ वटा पार्टीहरुको दुई तिहाई बहुमत प्राप्त भयो, उनिहरुलेबनाएको सरकारले देशको रुपान्तरणका निम्ति र अन्तराष्ट्रीय सम्बन्ध

9 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.८ अन्तर्गत रहेको ।
10 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.९ अन्तर्गत रहेको ।

सुसंचालनका निम्ति काम गर्न सकेन। देशलाई आवश्यक भूमिसुधार भएन। यो देशको कृषिलाई आधुनिकिकरण भएनन। त्यसरी नै देशलाई औधोगिकरणको दिशातर्फ लैजानु पर्ने आवश्यकता थियो, केही पनि गरिएन। भएका ऊधोगलाई समेत जो समाजवादी चीन र समाजवादी पहिलेको सोभियत संघले अनुदान दिएर सहयोग दिएर, नेपाललाई उपहार दिएर, यहाँ केही उधोग धन्दाहरु खुले, ती समेत कौडीको मोलमा बेचबिखन गरेर केही तत्वहरुले खाए तर देशमा नयाँ उधोगहरु आउन सकेन जसले गर्दा देशका रोजगारी कही पनि विकसित हुन सकेन र अर्थतन्त्र जिम्लाएको अवस्थामा दलालहरुले मात्र देशको अर्थतन्त्रको टुप्पी समातेर बस्ने खालको स्थिति बन्यो। समाजमा भ्रष्टाचार व्याप्त भएर, नियन्त्रण गर्ने ऐन कानून आदी पनि बनाउन सकेन, शिक्षा स्वास्थमा कुनै सुधारै गर्न सकेन। देशका युवाहरु ठूलो संख्यामा विदेश जान बाध्य भए। यो प्रकारको अवस्था आउन थालेपछी जनतामा व्यापक असन्तुष्टि, विरोध सृजना हुनु, आक्रोश सृजना हुनु स्वाभाविक थियो। अन्तरबिरोध बढिरहेको र सरकारहरुले असन्तोषलाई टेकेर सम्बोधन गर्न सकिरहेका थिएनन। यस्लाई बढो सुक्ष्म ढंगले प्रयोग गर्दै अब देशलाई आफ्नो नियन्त्रणमा कसरी लिन सकिन्छ भनेर केही विदेशी शक्तिहरु लागे र तीनले धेरै लामो समयदेखी तयारी गरिरहे, त्यो तयारी गर्ने क्रममा धेरै संस्थाहरु यस्मा संलग्न छन। अमेरिकामा एउटा "ग्रे जोन" पत्रिका निस्केको छ जस्ले नेपालमा भएको यो घटनाक्रमलाई सविस्तार व्याख्या गर्दै नेपालमा भएका सम्पूर्ण घटनाहरुको गोप्य रिपोर्ट चाही त्यहा लिक गरेका छन। कस्ता- संस्थाहरु २४ गतेको विध्वंशका पछाडी लागेका छन, ती कुराहरु त्यसबाट पनि थाह पाउन सकिन्छ। अनि नेपालि जनताभित्र आन्तरिक रुपले विकसित भईरहेको असन्तुष्टिलाई कसरी विदेशीहरुले प्रयोग गर्नसक्दा रहेछन भन्ने कुराको जिऊँदो जाग्दो उदाहरण, २३ र २४ गतेको घटना हो। २३ गते जियनजेड भाईबहिनीहरुले आन्दोलन गर्दैछन र ३ वटा माग राखेका छन रे- भ्रष्टाचारको अन्त्य, सुशासन स्थापना गर्नुपर्यो २६ वटा सामाजिक संजाल खोल्नुपर्ने भन्ने सुने।

टिभीमा हेर्दा सुरुमा शान्तिपूर्ण नै जम्मा भएका थिए। तर युनिफर्ममा भएका केटाकेटीहरु पनि आन्दोलनमा आएकोमा चकित परे, तर शान्तिपूर्ण गरिराछन। शान्तिपूर्ण बढदै गरेको आन्दोलनमा विद्यार्थीहरु जादाँजादै एभेरेष्ट होटल अगाडी पुग्ने बित्तिकै TOB लेखेकाहरु त्यहाँ प्रवेश गर्छन् र चिहिलबिहिल जस्तो भयो। त्यसपछि त बानेश्वर चोकमा चारैतिरबाट भेला जम्मा भएका मान्छेहरुले, शन्डमुशन्डहरुले भिड कब्जा गरिसकेका थिए। त्यसपछि संसद भवनतर्फ अगाडी बढेर प्रवेश गर्न थालेछन, तोडफोड गर्न थाले र झडप भयो। त्यसपछी पानीको फोहोरा प्रहार हुन थाल्यो, अश्रुग्याँश

छोडिन थाल्यो, साथसाथै त्यहा गोली चल्न थाल्यो। ती सम्भवत रबरका गोलि होलान, गोली छल्न त्यहा चिहिलबिहिल भागाभाग भयो। त्यो जुलुश त अगाडी पट्टी छ, प्रहरी पनि अगाडी पट्टी छ, बीचमा झडप जस्तो भइरहेको छ। तर, झुरुम्म मान्छे भएको बीचमा गोली लाग्यो बीचमा गोली लाग्यो भने हानेको पनि देखिदैन तर ढलेपछि त गोली लागेर ढल्यो होला। कसरी त्यहाँ गोली चल्यो? तर त्यसको ६-७ दिनपछिको जेन-जि भाईको एउटा अन्तरबार्ता मैले पढ्न पाए जस्मा उनले आफ्नै अगाडी गोली चलेर १ जना भाई ढलेर साथिहरुले लानुभयो र फेरी अर्को चल्यो, त्यो गोली चै परको एउटा टावरको झ्यालबाट हानिएको गोली हो उस्ले भन्छ। सो अन्तरवार्तामा उनले झ्यालबाट गोलि हानिदै बन्द गरिदै हानिन्छ भनेको छन जुन महत्त्वपूर्ण प्रमाण हुन सक्छ।

२४ गते प्रहरीले नेताहरुको घर जलाए रर भन्ने कुरा सुनाएतापनि हामी कतै गएनौ। हामी ११:३० बजेतिर घरको तेस्रो तलामा बसिरहँदा तल हामि हजुरलाई रेस्क्यु गर्न मिटलिटरीको भ्यान आयो। हमला हुनसक्छ हजुर गैहालौ भनेपछी मैले मेरो छोरा र मेडम पनि छन भन्दा उनिहरुले मलाई ढिला हुन्छ भनेर तान्दै लगे। ४५ मिनेटको अन्तरालमा मेरो घर र गाडी जलाए, मेरो परिवारजन तेस्रो तलाबाट पनि माथी गएर हारगुहार रोई कराई गरे तर कसैले वास्ता गर्ने कुरा भएन। मैले त्यसबीच मेरो छोरा निर्बिकलाई फोन गर्दा बा हामीलाई जलाए भनेर भन्यो र फोन बन्द भयो। मेरो श्रीमति बेहोस भइसकेको रहिछन। श्वास नली तलैसम्म जलेको रहेछ। अढाई महिना सम्म उनको बोली थिएन। श्रीमति बेहोस हुँदा घोप्टो परेरे बेहोस भएकाले माथिल्लो भाग जलेनछ। मेरो मेडमको देब्रे हात चाहि चौथो डिग्री सम्म जलेको रहेछ, उनी अहिलेको कथाकथित सरकारको लागी घाइते समेत भईनन। अगाडी भएको भर्याङ लिएर छिमेकीको छानाबाट मेरो घरको तेस्रो तलासम्म जोडेर प्रहरी भाई हरु पसेर छोरा र १ जना प्रहरी भाईलाई निकालेपछि पाचौं पटक बल्ल तल्ल प्रहरीले मेरो श्रीमतीलाई लडिरहेको अवस्थामा फेला पारी बोकेर ल्याएछन। त्यहाँबाट भर्याङमा राखेर भर्याङ तानेर फेरी अर्को घरमा लगेछन। छिमेकीको गाडीमा अस्पताल लैजान खोज्दा पनि बचाउन समेत नदिने जल्लादहरुलाई यो सरकारले पक्राउ गरेर कारबाही गर्नुपर्दैन ? मेरो म्याडमलाई मार्नै पर्ने कारण के रहेछ? मैले उपचारको क्रममा धेरै कठिनाईहरु देखेपछी हामिले थप उपचारका लागी एपोलो लग्यौ। उनको हात छैन, देब्रे हात काट्नुपर्यो। दाहिने हात amputate नगरेपनि चल्ने अवस्था छैन। चालिस वर्ष उनिले physics को लेक्चर गरेर बसिन। यो दौरानमा उनले कुन चै दलाली, अपराधी या विदेशीको के खाईदिइन यिनले र किन यो प्रकारको हमला भयो?

२४ गतेको घटना देशमा भएको सबैभन्दा ठूलो महाविध्वंश हो। २००७ सालमा देखी १०४ बर्ष

सम्म सम्पूर्ण जनताहरुलाई लुटपाट गरेर राणाहरुले महल बनाएका थिए र ती महलमा २००७ सालका क्रान्तिकारीले एउटा ढूंगा समेत हानेनन। २०४६ सालमा आन्दोलन भयो, ३० बर्ष लुटपाट गरेर यो देशमा तानाशाही शासन गर्ने पन्चहरुले बनाएका महलहरु विरुद्द एउटा पनि ढुंगा हानेनन। त्यसपछि २०६२-०६३ मा ठूलो आन्दोलन भयो, २०५२ देखी सुरु भएको माओवादी संघर्ष १० वर्ष सम्म चल्यो। सो क्रममा उहाँहरुले तोडफोड आदी गरे तर ६२-६३ को आन्दोलन जस्लाई हामी क्रन्ति भन्छौ, जस्ले देशमा ३ वटा महत्त्वपूर्ण परिवर्तन गर्यो। पहिलो कुरो यो देशमा आर्थिक क्षेत्रमा रहेको सामन्तवादको अन्त्य, राजनीतिक क्षेत्रमा रहेको राजतन्त्रलाई समाप्त पारेर गणतन्त्र स्थापना गर्यो र राज्य नेपाललाई एउटा democratic state बनाईयो। यो लामो समयदेखि जनताको बीचमा राष्ट्र परिवर्तनका निम्ति काम गरिरहेको राजनीतिक पार्टीहरुले हो र त्यो परिवर्तनको श्रृंखला आउदा पनि कसैलाई एउटा ढुंगा प्रहार समेत गरिएन। २४ गते सिंहदरबारलाई ध्वस्त पारिन्छ, सर्वोच्च अदालतलाई ध्वस्त पारिन्छ, महत्तवपूर्ण दस्ताबेजलाई छानेर जलाइन्छ। सार्वजनिक संस्थाहरु जलाईन्छ, सार्वजनिक भवन जलाईन्छ, ५०० बढी प्रहरीका भवनहरु जलाईन्छ, ९० हजार भन्दा बढी प्रहरीकै बाट गोली कब्जा गरिन्छ, हजारौ एस एल आर राईफल कब्ज गरिन्छ। अनि १० हजार भन्दा बढी कैदी बन्दीहरु जसमध्ये संगीन अपराध गरेका समेत छन, तीनलाई दिनदहाडै छोडिन्छ। ती अझैसम्म पनि सरकारको हातमा आइसकेका छैनन र ठूलै संख्यामा पनि बाहिरै छन। तर यो विध्वशं हुँदा किन र कसरी यो देशका राजावादीहरुलाई, राजावादीका घरहरु कतै पनि छोइएन। रा.प्र.पा का कसैको घर छोइएन, कति पवित्र रैछन तिनीहरु। अनि रा.स्व.पा भन्ने पार्टीका कसैको केही भएन, ती पनि धेरै नै पवित्र रहेछन।

अनि अरु सबै क्षेत्रका पालिकाका भवनहरु जले तर काठमाण्डौ महानगरपालिकाको उपमेयरको घर चाही तोडफोड हुने तर मेयरको घरचै चोखै रहने, कस्ता भाग्यशाली मेयर? छानी छानि खास खास चै कसरी संरक्षित भए? कम्रेड पुष्पलालको नाममा बनाईएको चम्पादेवीको शालिक र लाईब्रेरी जलाउनुपर्ने कारण के पर्यो? केही individual leader हरु जस्का घरहरु समेत जलाइयो, किन त्यस्तो गरियो होला? त्यस्का साथसाथै यो डिस्कर्ड भन्ने गेमिङका लागी २०१४-१५ तिर बनेको एप्लिकेशनको प्रयोग राजनीतिक स्वार्थका लागी पहिलो पटक युक्रेनमा गरिएको थियो। त्यसपछि अरब स्प्रिङ भनेर अरब देशहरुमा गरिएका so called “color revolution” गरियो र हुँदै विभिन्न तेस्रो विश्वका देशहरुमा सत्ता परिवर्तनका लागी गरियो। केही समयअगाडी श्रीलंकामा गरियो, त्यसपछि बंगलादेशमा गरियो र अन्तयमा हाम्रो नेपालमा गरियो। त्यो एपले निश्चित प्राईभेट स्कुलका

बालबालिकालाई प्रयोग गर्यो सरकारीलाई गरेन। जियनजेड आन्दोलन नेपालीले कुनै गर्व गर्ने विषय होइन। नेपालीलाई दुरुप्रयोग गरेर ध्वस्त पारेको तर टेक्नोलोजीलाई हामीले गाली गर्न मिल्दैन, प्रयोगमा भरपर्छ।

अपराधीहरुलाई तथ्य प्रमाण पुराएर पक्राउ गरी न्यायको कठघरामा ल्याएर आवश्यक सजाय दिने कामहरु गर्नुपर्नेहुन्छ, तब मात्र नेपाली जनताले शान्ति पाउँछन। नत्र यो देशमा यस किसिमका घटनाहरु घटने जुन क्म सुरु भएको छ, यो भयानक अनिष्ठको सुरुवात हो। रोक्नका निम्ति यस्को फेददेखीको सम्पूर्ण चीज पत्ता लगाएर यस्का विरुद्द काउण्टर गर्ने उपायहरु अपनाउनुपर्ने हुन्छ। त्यो हर क्षेत्रमा प्याकेज बनाउन सकिएन भने यस्लाई प्रतिकार गर्न सकिदैन। त्यसैले यस्को लागी विद्वानहरुको टिम बनाएर हामिले प्रतिकार गर्ने प्याकेज बनाउनुपर्ने शेर बहादुर देउवा र आर्जु देउवामाथिको प्रहार त्यो कुसस्कृतिको उपज हो। कार्यसमपादनको क्रममा शेरबहादुर जीबाट केही गल्तिहरु भएको भए मलाई थाह भएन तर भएको भए त्यसको सजाय कानूनले दिनुपर्नेमा जबरजस्त अमानवीय ढंगले दिने काम हो जियनजेड आन्दोलन? यो त अमानवीयताको पराकाष्ठा हो।[11]

11 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१० अन्तर्गत रहेको ।

## ११. राज्यलक्ष्मी चित्रकार (पूर्व प्रधानमन्त्री झलनाथ खनालको श्रीमती)को कागज ब्यहोराः

भदौ २४ गते घरमा ढुंगामुडा भइरहेको अवस्थामा को आयो थाह भएन, हामी ढुंगा नलाग्ने ठाउमा बसेका थियौं। उनीहरु मार्न आएकै हुनुपर्छ, म कराउन नपाएर बेहोस भए। आगोले छुने बित्तिकै मेरो हात जलिहाल्यो र श्वास फेर्न नसकेर बेहोस भए। मलाई खोज्न प्रहरी भाईहरुलाई १ घण्टा जति लाग्यो होला। प्रत्यक्षदर्शीअनुसार, एकजना नेपाल प्रहरीको सई साब सन्तोष रुपाखेति, सरोज खडका र सशस्त्रको बिमल पन्त लगायत प्रहरीले मलाई खोजेर फेला पारे। अहिले पनि मेरो शरीर पोल्छ र आफ्नो काम आफै गर्न सक्दिन। दाहिने हात राम्ररी चल्दैन। सिंहदरबारजस्तो ठाँउमा महत्त्वपूर्ण कागजात, सन्धि कहाँ छ भन्ने थाह भएको मान्छे संलग्न नभई, यो कम्प्युटरमा केछ भन्ने थाह नभई कसरी त्यही कम्प्युटर फुटाएर हार्ड डिस्क लान्छ, आगजनी गर्छ? अपराधीलाई बाहिर राखेर सरकारले कसरी चुनाव गराउछ र कस्लाई जिताउँछ? अपराधी लाई ठाउँमा ल्याउन सरकार सचेत हुनपर्छ। अपराधका नायक निर्भिक रुपमा हिडिरहँदा सरकारले किन पक्राउ गर्न सकेको छैन? उस्को घर र नगरपालिका मात्र किन बच्यो? अरु सबैजल्ने तर उस्को किन नजलेको, उ प्रधानमन्त्री भएपछि सबै जलाऊछ। [12]

## १२. पूर्व सांसद राम नारायण विडारीको घटना विवरण कागजः-

म कानून व्यवसायी भई हाल बरिष्ठ अधिबक्ताको रुपमा विगत ४३ वर्षदेखि सेवा गर्दै आईरहेको छु। मिति २०८२ भाद्र २३ गते म नयाँ बानेश्वर स्थित NRI. मा रगत जाँच गर्न गएको थिएँ। म जेन्जी आन्दोलनको मागको समर्थक हैं तर संलग्न होईन। रगत जाँच पश्चात म सिधै ढुङ्गेअड्डा स्थित मेरो निजी निवासमा गए। दिनभर भए गरेको घटनाको विषयमा म अवगत नै भएकाले मैले कलिला विद्यार्थीहरुको निर्मम हत्या भएकोमा आफ्नो फेस्बुकमा स्टाटसमार्फत भनाई राखें। शहिद भएकाहरुलाई सम्मान, क्षतिपूर्ति र छानविन गर्न न्यायिक आयोग गठन गरी दोषीलाई कारबाही गरियोस भनेर मैले लेखेको थिए। त्यसपछि दिनभरीको थकान पश्चात म आफ्ने परमा सुतें। मिति २०८२ भाद्र २४ गतेको दिन बिहानै मैले समाचार हरे र समाचार हेर्दा निकै चिन्ता लाग्यो। देशको राजनीति ठिक अवस्थामा नलागेकोले देश नै फसादमा परेको कुरा मैले मेरा छिमेकीहरुसंग गरे। अन्दाजी १०:३० बजेको समयमा मैले परका सबै सदस्यसहित आफ्नै घरमा खाना खाए। रिंगरोड भीत्र कफ्र्यु लागेकाले घरै बस्ने निधो गरी कोठामा बसिरहेको अवस्थामा मेरो घरको

12 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.११ अन्तर्गत रहेको ।

मुलगेटमा आवाज आएपछी तल केही संख्यामा मानिसहरु भेलाजम्मा भएको देखों उनीहरु नाराबाजी गरिरहेका थिए। म उनीहरुसंग संवाद गर्ने हेतुले तल झरे तर परिवारजनले ती व्यक्तिहरुमाझ जान रोक लगाए। उक्त मानिसहरुको समूहले निरन्तर नारबाजी गरी नै रहेको थियो। नाराको बोल थियो, "के.पी चोर देश छोड, गृहमन्त्री मुर्दाबाद, प्रचण्डको दलाल मुर्दाबाद। त्यसपश्चात म बाहिर ननिस्केर घरभित्रै नै बसिरहे। एकजना मानिस मेरो घरभित्र पसेर मलाई बाहिर हातमा समातेर "तपाईलाई कसैले केही गर्दैन, बाहिर जानुहोस" भनेर बाहिर ल्याए भने अन्य केही मानिसहरु घर चोटा कोठातिर लागेका थिए। मलाई बाहिर निकाल्ने मानिस सोही टोलमा बालमा बस्ने थापा थरका व्यक्ति हुन्। म बाहिर निस्किसकेपछी मेरो परिवारका अन्य सदस्यसमेतलाई बाहिर निकालियो र हामी सुरक्षाको दृष्टिकोणले अन्यत्रै जान बाध्य भयौं। त्यसपश्चात, मेरो मोबाईल फोन, ल्यापटप, श्रीमतिको मोबाईल फोन, छोरा र बुहारीको ल्यापटप, छोरीको ल्यापटप, गरगहना र दराज भित्र भएका नगद, सुन चाँदी लगायतका गरगहनाहरु लुटेछन् र घरमा आगो समेत लगाई दिएछन्। मेरो नाममा भएको साढे दुई तले घर, श्रीमति नानिमैया बिडारीको नाममा भएको तीन कोठे घर गरी दुवै घरमाधि आगजनी गरी ध्वस्त पारेर खरानी मात्र बाँकी रह्यो। अब मेरो देशभर कही पनि घर छैन। सो घरको कम्पाउण्डमा रहेको मोटरसाइकल थान-१. ईलेक्ट्रिक स्कुटर थान-१, सरकारी नम्बर प्लेटको स्कुटर थान-१ र पूर्व रा.प.स रुपचन्द्र विष्टको नाममा रहेको Toyota जीप थान-१, BYD कार थान-१ गरी ५ थान सवारीसाधन समेत ती अपराधिक व्यक्तिहरुको समूहले जलाए। यो जियनजेडहरुले गरेको होईन, यस्को प्रमाण youtube, tiktok लगायतका सामाजिक संजालमा प्रष्ट देख्म सकिन्छ। ती सबै फोटो, भिडियो मैले थानकोट प्रहरी र यस आयोगमा समेत email मार्फत र whatsapp मार्फत पठाएको छु। यही व्यवहोराको निवेदन यस आयोगमा र प्रहरी बृत्त थानकोटमा समेत दिएको छु जस्मा अपराधिहरुको तस्वीर प्रष्ट रुपमा देखिन्छ। दिउँसै घरमा आगो लगाउन आउने, लुटपाट गर्ने, दिनभरी सोही ठाउँमा बसेर घर धवस्त नहुन्जेल बस्ने कामबाट म अत्यन्त चिन्तित छु। ढुक्क संग गफ गरी गरी हाँसी मजाक गर्दै नागरिकको घर आगो लगाउँदा राज्यका कुनै पनि निकाय त्यहाँ नपुग्ने कुरामा ती अपराधी ढुक्क थिए। यो नै यस आयोगको महत्त्वपूर्ण ध्यान जानुपर्ने कुरा हो। मेरो करिब नेपाली रु.५ करोड बराबरको सम्पत्ती लुटपाट र आगजनी भयो जस्को विवरण मैले निवेदनहरुमा समेत उल्लेख गरेको छु। निर्दोष नागरिक म, चार वर्षदेखि राज्यको कुनै पनि अंगमा कार्यरत छैन, जिवन भर कार्यकारणी पदमा बसेको पनि छैन। ४२ बर्षको वकालत, ५० बर्षको मेहेनत, श्रीमतिको पेशा, पैत्रिक सम्पत्ति, जिवन बिमा, नागरिक लगानी कोष समेतबाट आर्जन गरेको मेरो र परिवारको सम्पत्ति किन र के कति कारणले नष्ट गराए? यो राज्यको

छानबिनको विषय हो। राज्यले मेरो सम्पत्ति संरक्षण गर्नुपर्ने दायित्व र कर्तव्य हो। नसकेमा परिपूर्ण क्षतिपुर्ती गर्नुपर्ने हो। मैले वर्तमान संविधान मस्यौदा गरेको र यही संविधानअनुसार वर्तमान सरकार सपथ गरेर चलेको छ, यस्को मतलब मैले संविधान मस्यौदा गर्दा गरेको गल्ती होईन रहेछ। मैले देशका भ्रष्ट दलका नेता, भ्रष्टाचारी, ठग लगायतका अपराधी नेताहरुको आलोचनासम्म गर्ने गरेको थिए। के यही बोले बापत म माथि यो अपराध गरेका हुन? अन्यथा मेरो केही दोष छैन न त मेरो परिवारको सदस्य को नै कुनै दोष छ। छोरा छोरीको छुट्टै पेशा-व्यवसाय छ, उनीहरुमाथि किन यति ठूलो अपराध गरियो? राज्यले यस्मा ध्यान पुर्याउनु पर्छ कि पर्दैन? जाँचबुझ आयोगको यस विषयमा ध्यान जाओस। देशमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तीनै अंग समाप्त पार्ने राष्ट्र प्रमुख सहित नेपाल प्रहरीसमेतलाई ध्वस्त पार्ने र मार्ने काम कलिला बालबालिकाले (जियनजेड) कदापि गर्दैन। राष्ट्रप्रेमीले पनि तो किसिमको गतिविधी गर्दैन। तसर्थ सुरक्षाकर्मीहरुको मनोबल उच्च गर्ने शहिद भएका प्रहरीलाई सम्मान, परिपुरण गर्नुपर्ने राज्यको दायित्व हो। भदौ २३ गते निर्दोष कलिला बालबलिकाको निर्मम हत्या कुनै पनि राष्ट्र सेवकले गर्दैन, यस्मा पनि कस्ले गरे र के कति उद्देश्यले गरे भन्ने विषयमा आयोगले ध्यान दिओसा नेपालमा चलेका केही राजनीतिक दलहरुलाई कुनै पनि प्रकारको तलदेखी माथी सम्म प्रहार नहुनु, अरु दललाई नेतासहित कार्यकर्तामा पनि प्रहार हुनु र म जस्ताले आलोचना गरेबापत सामान्य नागरिक वा राजनीतिकर्मी वा राष्ट्रसेवकको घर ताकी ताकी ध्वस्त पार्नु कस्को हात हो ? छर्लङ्गै छ। तसर्थ यस सम्बन्धमा पनि आयोगको ध्यान जाओस। ठूला नेताले देश बिगारे, जनतालाई दुःखी बनाए। उनीहरुप्रति जनता आक्रोशित थिए । म जस्ता समान्य नागरिक चार बर्ष अगाडी सांसद थिए, त्यसबाहेक कुनै पदमा छैन। मैलेसधै जनमुखी कुरा र सत्ताको बेठिक कुराको विरोध गरिरहे। १४ बर्षको उमेर देखी आजको दिनसम्म कहिले पनि सत्तासिनको बेठिक कुरा खपेर बर्सिन, यही नै आज मलाई दुर्भाग्य भएछ। [13]

## ५.१.२. निजामती कर्मचारीहरुको बयान तथा घटना बिबरण कागज ब्यहोराः

### १३. तत्कालीन मुख्य सचिव एकनारायण अर्यालः

२०८२ भाद्र २२ गतेको अनौपचारिक बैठकमा भोलिपल्ट जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनको सुरक्षात्मक विश्लेषण गर्दै जनधनको क्षति नहोस् भनी समन्वयात्मक ढंगले सुरक्षा व्यवस्था मिलाउने योजना बनाइएको थियो। सोही दिन प्रदर्शन भइरहँदा म सिंहदरबारस्थित आफ्नै कार्यकक्षमै

13 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१२ अन्तर्गत रहेको ।

थिएँ। त्यही रात करिब १० बजे बालुवाटारमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को ३९औं बैठक बस्यो, जहाँ सुरक्षा निकायका प्रमुखहरूले मौखिक प्रस्तुतीकरण गरे। बैठकमा प्रधानमन्त्रीबाट सुरक्षाको व्यवस्था सुरक्षा निकायको समन्वयमा मिलाउनू, राजनीतिक समन्वय सरकारको तहबाट गरिनेछ भन्ने निर्देशन प्राप्त भयो। हामीले घटनाको प्रभाव कम पार्ने र जनधनको न्यूनतम क्षति हुने गरी गृह मन्त्रालयमार्फत सम्पूर्ण सुरक्षा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने विषयमा छलफल गर्यौं। त्यस बैठकमा डिस्कोर्ड, रेडिट लगायत सामाजिक सञ्जालबाट व्यापक हिंसा, आगजनी वा ठूलो स्तरको तोडफोड हुने ठोस गुप्तचर सूचना प्रस्तुत भएन। व्यक्तिगत रूपमा सामाजिक सञ्जालमा गतिविधि बढेको सुने पनि यति ठूलो हिंसात्मक अवस्था आउँछ भन्ने स्पष्ट आकलन सुरक्षा निकायबाट प्राप्त भएन। माइतीघरदेखि बानेश्वरसम्म जुलुस जाने अनुमान भए पनि त्यसले यति ठूलो क्षति निम्त्याउँछ भन्ने मूल्याङ्कन आएको थिएन।

भदौ २४ गते बिहान करिब १० बजे प्रधानमन्त्रीले राजीनामा दिनुअघि गृहसचिव, प्रधान सेनापति लगायत सबै सुरक्षा निकायका प्रमुखहरूले बालुवाटारमा भेटेर वस्तुस्थितिबारे जानकारी गराएका थिए। प्रधानमन्त्रीको राजीनामापछि परिस्थिति झन् गम्भीर बन्दै गएको र स्थिति नियन्त्रण बाहिर जान थालेको प्रतिवेदन आएपछि साँझतिर म, गृहसचिव, प्रधान सेनापति, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसहित संयुक्त रूपमा नागरिकलाई सरकारको उपस्थिति अनुभूत गराउने उद्देश्यले सार्वजनिक अपिलमा सहभागी भयौं। अनौपचारिक रूपमा सुरक्षा निकायका प्रमुखहरूले आन्दोलनकारीका केही अगुवासँग छलफल गरी राष्ट्र रहे मात्र हामी रहने हो भन्ने सन्देश दिई सम्झाउने प्रयास पनि गरे। मैले प्रधान सेनापतिसँग मिलेर सम्माननीय राष्ट्रपतिलाई सरकार गठन प्रक्रिया छिटो सुरु गर्न आग्रह गरें। त्यसअगाडि नै जिल्ला प्रहरी परिसर काठमाडौं, विदेशी दूतावास, दूरसञ्चार, नेपाल विद्युत प्राधिकरण, विद्युत तथा खानेपानीका कार्यालयजस्ता संवेदनशील निकायमा क्षति हुन नदिने गरी सुरक्षा प्रबन्ध मिलाइएको थियो। शीर्ष नेताहरू र बहालवाला मन्त्रीसहित उच्च पदस्थ व्यक्तिहरूको सुरक्षा व्यवस्था गरियो, पशुपतिनाथ मन्दिर तोडफोड हुनबाट जोगाइयो। संकटकाल लगाएर सेना परिचालन गर्ने निर्णय सुरक्षा परिषद्को अध्यक्ष सम्माननीय प्रधानमन्त्रीले गर्ने संवैधानिक व्यवस्था भएकाले, म पदेन सदस्य मात्र भएको नाताले परिषद् बैठक बोलाउन नसक्ने स्थिति रहेको थियो।

भाद्र २३ र २४ का घटनापछि सिंहदरबार लगायत देशभरका सुरक्षा निकाय र सरकारी कार्यालयहरू सुचारु गर्न आवश्यक समन्वय गर्दै भाद्र २५ गते भर्चुअल बैठक राखियो। त्यस

बैठकमा दैनिक कार्य सञ्चालन, सुरक्षा प्रबन्ध, लाइफलाइन सेवा र आधारभूत सेवाको व्यवस्थाबारे निर्देशन र जानकारी दिइयो। मैले गृहसचिवलाई ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा प्रमुखहरूलाई समेटेर भर्चुअल बैठक गर्न पनि भनें। आगलागी भएका सिंहदरबार, सम्माननीय सर्वोच्च अदालत र संसद भवनलगायत निकायको स्थलगत अनुगमन समेत गरियो। राजनीतिक दल र सरकारको औपचारिक उपस्थिति कमजोर रहेको अवस्थामासमेत विमानस्थल सञ्चालन, अन्य आधारभूत सेवा र दैनिक कामलाई निरन्तरता दिनु सजिलो थिएन, तर सुरक्षा निकायको समन्वयमा यी सबै काम सम्पन्न गरियो। पछि सुशीला कार्की सम्माननीय प्रधानमन्त्रीको रूपमा नियुक्त भई पदभार ग्रहण गरेपछि शान्ति सुरक्षाको व्यवस्था मिलाउन सुरक्षा बैठक, क्षतिको प्रारम्भिक तथ्याङ्क संकलन र आगामी दिनमा सरकारले गर्नुपर्ने कार्यको सञ्चालन तथा सहजीकरणमा पनि काम भयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई नख्खु कारागारबाट पत्र दिई सुरक्षित रूपमा बाहिर निकाल्न मेरो भूमिका रहेको भन्ने सामाजिक सञ्जालका दाबीमा कुनै सत्यता छैन। यस्तो काम मुख्य सचिवको दायित्वभित्र पर्दैन, यो मलाई व्यक्तिगत रूपमा बदनाम गर्ने षडयन्त्र मात्र हो भन्ने मेरो ठम्याइ छ। सुरक्षा निकायबीच देखिएको समन्वयको अभावका लागि कुनै एक संस्थालाई मात्र दोष दिन मिल्दैन। कर्फ्यु लागु भएपछि सेना फ्रन्टलाइनमा हुनुपर्ने भए पनि प्रहरीसँग पर्याप्त उपकरण, ब्यारिकेड र मनोबलको कमी देखिनु समग्र सुरक्षा व्यवस्थापनको कमजोरीको संकेत हो। सुरक्षा निकाय मजबुत र प्रेरित नभएसम्म राज्य बलियो हुँदैन र नागरिकले सुरक्षाको अनुभूति गर्न

अन्त्यमा, यस्ता घटना दोहोरिन नदिन प्रशासनिक तथा नीतिगत सुधार अपरिहार्य रहेको मेरो निष्कर्ष छ। निजामती र सुरक्षाकर्मीको मनोबल उच्च राख्ने, राजनीतिक हस्तक्षेप अन्त्य गर्ने, वृत्ति विकास सुनिश्चित गर्ने, पर्याप्त तालिम, उपकरण र सामाजिक सुरक्षाको प्रत्याभूति दिने तथा सुशासन कायम गर्ने काममा जोड दिनुपर्छ। सेवा प्रवाह कमजोर हुनु, भ्रष्टाचारप्रति जनविश्वास नजाग्नु, कर्मचारीतन्त्रमा राजनीतिकरण र प्रविधिको अपर्याप्त प्रयोगजस्ता कारणले जनआक्रोश बढेर भाद्र २३ र २४ का घटना घटेका हुन् भन्ने मेरो बुझाइ छ। त्यसैले भावी सरकारले पारदर्शी, उत्तरदायी र सुधारमुखी कार्यशैली अपनाए मात्र यस्ता संकट फेरि दोहोरिन नदिने आधार तयार हुन्छ भन्ने मेरो ठोस निष्कर्ष हो। [14]

14 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१३ अन्तर्गत रहेको ।

## १४. संघीय संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयः

म वि.सं. २०८० सालदेखि प्रतिनिधिसभाको सचिव र सोही वर्षको माघ महिनादेखि संघीय संसदको महासचिवको भूमिकामा कार्यरत रहेको छु। महासचिवका रूपमा मेरो मुख्य जिम्मेवारी सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले संरचनागत तथा व्यवस्थापकीय काम सञ्चालन गर्नु र दुवै सभासहित समितिहरूका काम-कारबाही सुचारु राख्न आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्नु हो। सुरक्षा व्यवस्थाका सन्दर्भमा मलाई कानूनी रूपमा प्रत्यक्ष अधिकार दिइएको छैन, तर कार्यालय प्रमुखको हैसियतले मर्यादापालक सुरक्षाप्रमुख, वानेश्वर प्रहरी वृत्त प्रमुख र प्रहरी महानिरीक्षकसहित सम्बन्धित सुरक्षा निकायहरूसँग आवश्यकताअनुसार निरन्तर समन्वय गर्दै सहजीकरणात्मक भूमिका निर्वाह गर्दै आएको छु।

भदौ २३ गते राष्ट्रिय सभाको बैठक डाकिएको हुँदा म बिहान ८ बजे नयाँ बानेश्वरस्थित संसद भवन पुगेँ। सो दिन जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा भएको आन्दोलनका कारण तत्कालीन सुरक्षा अवस्थाको मूल्यांकन गर्दै राष्ट्रिय सभाका अध्यक्ष र सचिवसँग छलफलपछि बैठक स्थगित गर्ने निर्णय गरियो। दिउँसो संसद भवन बाहिर प्रदर्शन उग्र बन्दै गएर ढुङ्गामुढा र अवरोध सिर्जना भयो। संसद सचिवालय सिंहदरबार जान नसक्ने अवस्था बनेको र यदि प्रदर्शनकारीहरू संसद भवनभित्र प्रवेश गरे भने के गर्ने भन्ने स्पष्ट योजना नभएकाले सुरक्षाकर्मीले सके रोक्ने र नसके उनीहरूले जे गर्लान गर्लान भन्ने अनिश्चित अवस्थामै म बेलुकासम्म त्यहीँ बसेँ। साँझ करिब १९:०० बजेतिर स्थिति केही सामान्य भएपछि मात्र घर फर्किएँ।

भदौ २३ का दिन संसद भवन वरपरको अवस्था क्रमशः तनावपूर्ण बन्दै गयो। प्रदर्शनकारीहरूले पर्खाल र बार भत्काउँदै भित्र प्रवेश गरे, जसलाई सुरक्षाकर्मीले तत्काल बाहिर निकाले। बाहिर गोली चलेको घटना पनि भयो। घाइते प्रहरी तथा प्रदर्शनकारीको उपचार संसद भवनमै डा. पुष्प रिजालबाट गराइयो र केही घाइतेलाई एम्बुलेन्समार्फत अस्पताल पठाइयो। तर बाहिर एम्बुलेन्स जलाइएपछि थप घाइतेहरूलाई अस्पताल लैजाने निकाससमेत बन्द जस्तै भयो। सुरक्षाकर्मीले बाहिर सुरक्षा व्यवस्था कडा नपारेको भए भदौ २३ कै दिन संसद भवन जल्ने अवस्था आउन सक्थ्यो भन्ने मेरो अनुभूति थियो।

भदौ २४ गते काठमाडौं र ललितपुरमा कर्फ्यु जारी भएकाले म घरमै बसेर प्रहरी उपरीक्षक विमल

बस्नेत, प्रहरी नायव उपरीक्षक हरि खतिवडा तथा सचिवालयका कर्मचारीहरूसँग निरन्तर सम्पर्कमा थिएँ। तर सो दिन सुरक्षाकर्मीहरू केही हतास देखिएको महसुस मैले गरें। संसद भवन क्षतिको न्यूनिकरणका लागि पूर्वनियोजित Contingency Plan नभएको कुरा म स्वीकार गर्छु। घटनाअघि संसद भवन "उच्च जोखिम" मा पर्छ भन्ने सम्भावना स्वतः कल्पना गरिएको थिएन र सुरक्षा निकायबाट गम्भीर किसिमको Threat Label वा पूर्वसूचना नआएकै कारण उच्च पर्खाल, बलियो गेट, बुम ब्यारियर, इलेक्ट्रिक फेन्स जस्ता पूर्वाधार मजबुतीकरणका पहल पनि भएनन्। साथै सुरक्षा निकायमा ROE (Rule of Engagement) जस्ता औपचारिक संरचनाहरू व्यवस्थित रूपमा नहुनु पनि समस्याको एउटा पाटो रह्यो।

भित्रैबाट सुरक्षाकर्मी र संसद सचिवालयबीच निरन्तर समन्वय भइरहे पनि जोखिमको स्तर पहिल्यै पहिचान गर्न नसक्नु, भदौ २४ का दिन सुरक्षामा कमजोरी देखिनु र संसदीय परिसरमा प्रवेश नियन्त्रण असफल हुनु नै घटनाका प्रमुख कारण बने। सो दिनको आगजनी र तोडफोडबाट संसद सचिवालय, संसदीय दलका कार्यालयहरू तथा सचिवालयका भौतिक संरचनामा ठूलो क्षति पुग्यो। १८ वटा सरकारी तथा निजी सवारीसाधन पूर्ण रूपमा जलेर नष्ट भए, ७ वटामा आंशिक क्षति भयो, ३७ वटा मोटरसाइकल/स्कुटर पूर्ण रूपमा जले, फर्निचर, कार्यालय सामग्री, कम्प्युटर, अडियो-भीडियो उपकरण, एसी, सीसीटीभी लगायतका सामग्री नष्ट भए र विभिन्न दलका संसदीय दल कार्यालयहरू पनि क्षतिग्रस्त भए। यद्यपि, यस घटनामा मानवीय क्षति अर्थात् मृत्यु नभएको पक्षलाई सकारात्मक रूपमा लिन सकिन्छ।

यी दिनका प्रदर्शनबाट भएको ठूलो क्षति रोक्न पहिलो जिम्मेवारी प्रदर्शनकारीहरूको नै हुन्छ, किनकि आगजनी र तोडफोड उनीहरूबाटै सुरु भएको थियो। दोस्रो जिम्मेवारी सुरक्षाकर्मीहरूको ठहरिन्छ, जसले अत्यन्त संवेदनशील क्षेत्र पर्याप्त रूपमा सुरक्षित गर्न सकेनन्। तेस्रो, नागरिक राष्ट्रसेवकहरूले समयमै आन्दोलनकारीलाई सम्झाई बुझाई हस्तक्षेप गर्न नसक्नु पनि कमजोरीकै रूपमा देखिन्छ।

भविष्यमा संसद भवन सिंहदरबार परिसरभित्र स्थानान्तरण हुने भएकाले सरकारले सिंहदरबारकै समग्र सुरक्षा योजनाभित्र संसद सुरक्षा प्रणाली समाहित गर्नुपर्ने मेरो सुझाव छ। सुरक्षाको स्तर उकास्न पूर्वानुमान प्रणाली, पर्याप्त उपकरण, बलियो पूर्वाधार, स्पष्ट ROE, अन्तर-निकाय समन्वयको सुदृढीकरण र नियमित जोखिम मूल्यांकन अत्यावश्यक छन्। संसद भवनमा घटेका यी घटनाले सुरक्षा प्रणालीको कमजोरी, पूर्वतयारीको अभाव र आकस्मिक योजनाको कमी स्पष्ट रूपमा देखाएका छन्। घटनाको

व्यवस्थापनमा म संयोजक तथा सम्पर्ककर्ता भूमिकामा रहे पनि जोखिमको स्तर पहिल्यै अनुमान गर्न नसकिएको कुरा म आत्मालोचनासहित स्वीकार गर्छु। भौतिक क्षति अत्यन्त व्यापक भए पनि मानवीय क्षति नहुनु भने सकारात्मक पक्षका रूपमा लिन सकिन्छ। [15]

**१५. तत्कालीन गृह सचिव गोकर्णमणि दुवाडी :**

घटनापूर्व भाद्र २२ गते साँझ गृह मन्त्रालय सिंहदरबारमा केन्द्रीय सुरक्षा समितिको बैठक बसेको थियो। उक्त बैठकमा सुरक्षा निकायका प्रमुखहरू र प्रमुख जिल्ला अधिकारीबाट युवा पुस्ताले प्रदर्शन आयोजना गरेको र आयोजकले त्यसलाई शान्तिपूर्ण हुने बताएका छन् भन्ने ब्रिफिङ प्राप्त भएको थियो। त्यस अवसरमा प्रदर्शनलाई उत्तेजित हुन नदिने र संयमता अपनाउने मन्त्रालयको नीति रहेको भए पनि कुनै लिखित निर्णय गरिएको थिएन। जेन्जी युवापुस्ताले प्रयोग गरिरहेका Reddit, Discord जस्ता डिजिटल प्लेटफर्मबारे मलाई त्यसबेला जानकारी थिएन। सामाजिक सञ्जाल बन्द गर्नु अघि त्यसबाट उत्पन्न हुन सक्ने अवस्थाको व्यवस्थापनसम्बन्धी निर्णयमा गृह मन्त्रालयको कार्यक्षेत्र नरहेको र सो विषयमा मलाई कुनै जानकारी नभएको कुरा मैले स्पष्ट गरेको छु।

भाद्र २३ गते बिहान म प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको सिंहदरबारस्थित बैठकमा उपस्थित थिएँ। आन्दोलनलगायत गतिविधिको रिपोर्टिङ सामान्यतया मन्त्रालयको कन्ट्रोलमा टिपाएर हुने र कतिपय अवस्थामा प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूबाट पनि सूचना आउने चलन थियो। सोही दिन करिब ११:३०-१२:०० बजेतिर प्रदर्शनकारीहरूले सुरक्षा घेरा तोडी संसद भवनभित्र प्रवेश गर्दै छन् भन्ने जानकारी राष्ट्रिय अनुसन्धान विभागका प्रमुखबाट पाएपछि म बैठक छोडेर मन्त्रालय पुगें। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई कर्फ्यु लगाउने अधिकार रहेकाले काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारीले कर्फ्यु लगाएको जानकारी मलाई फोनमार्फत दिइयो, र कर्फ्यु कार्यान्वयनका क्रममा सुरक्षा निकायहरूबीच संयमित र कानूनी ढंगले काम गर्न निर्देशन दिइयो। कर्फ्युआदेशपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारीले नेपाली सेनाको सहयोग माग गर्दै समन्वयका लागि अनुरोध गरेकाले मैले तत्कालै प्रधान सेनापतिलाई दुईपटक फोन गरी आवश्यक सहयोग र समन्वयका लागि आग्रह गरें। प्रदर्शनका क्रममा धेरै संख्यामा प्रदर्शनकारी र सुरक्षाकर्मी घाइते भएको मौखिक रिपोर्ट सुरक्षा निकायका प्रमुखहरूबाट पाएँ र ती सम्पूर्ण विवरण

15 बयानको सक्कल प्रति पाना- ११, अनुसुची-५ को सि.न.१४ अन्तर्गत रहेको ।

तत्कालै गृहमन्त्रीलाई जानकारी गराएँ।

संसद भवन परिसरमा भएको दुखद घटनामा धेरै हताहती भएको अवस्थामा मेरो र सबै सुरक्षा निकायका प्रमुखहरूको ध्यान घाइतेहरूको उपचार र सहजीकरणमा केन्द्रित रह्यो। सो दिन देशभर प्रदर्शन भएका र धेरै स्थानमा घटनाहरू घटेका रिपोर्ट प्राप्त भए। साँझ प्रधानमन्त्री निवास बालुवाटारमा भएको सुरक्षा ब्रिफिङमा संसद भवन क्षेत्रको स्थिति नियन्त्रणमा आएको जानकारी पाइयो। प्रदर्शनका क्रममा दुखद घटना भएको थाहा पाएँ, तर क-कसलाई गोली लागेको भन्ने विस्तृत विवरण भने मलाई त्यतिबेला थाहा थिएन।

भाद्र २३ गते साँझ बालुवाटारमा घटनाबारे समीक्षा भयो। त्यस क्रममा सम्भावित सुरक्षा चुनौती सामना गर्न र Vital Installations को समुचित सुरक्षा व्यवस्था गर्न नेपाली सेना लगायत सबै सुरक्षा निकायले प्रभावकारी समन्वय गरी काम गर्ने विषयमा छलफल गरियो। भाद्र २३ को जेन्जी आन्दोलनमा भएको मानवीय क्षतिका कारण उत्पन्न बिषम परिस्थितिमा स्थिति पूर्ण रूपमा नियन्त्रणमा नआउँदै गृहमन्त्रीले पदबाट राजीनामा दिएपछि मैले सुरक्षा रिपोर्टिङ मुख्य सचिवलाई गर्न थालें।

मिति २०८२ भाद्र २४ गते बिहान करिब ८ बजे म गृह मन्त्रालय सिंहदरबार र त्यसपछि प्रधानमन्त्री निवास बालुवाटार पुगें। सो दिन काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानमा पार्टी नेताहरूका निजी निवास, पार्टी कार्यालय, प्रहरी कार्यालय, सरकारी कार्यालय र व्यावसायिक प्रतिष्ठानहरूमा आगजनी, तोडफोड र लुटपाट भएको जानकारी सुरक्षा निकायका प्रमुखहरूबाट पाएपछि मैले मुख्य सचिवलाई रिपोर्ट गरें। मुख्य सचिवले तत्कालीन प्रधानमन्त्रीलाई जाहेर गर्ने बताए, तर त्यस सम्बन्धमा कुनै ठोस निर्देशन प्राप्त हुन सकेन।

नख्खु कारागार ललितपुरमा बन्दी रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई सुरक्षाको दृष्टिकोणले कारागार परिसरबाट पत्रसहित बाहिर निकाल्न दिने विषयमा गृहसचिवसँग क्षेत्राधिकार नरहेको हुँदा मैले कुनै आदेश वा निर्देशन दिएको छैन। त्यसैगरी भाद्र २४ गते नेपाल प्रहरीको प्रधान कार्यालय वा उपत्यका प्रहरी कार्यालयको सञ्चार सेटबाट थुनुवाको सूची तयार पार्ने, त्यस्तो अवस्था आएमा थुनुवा छोड्ने, आफ्नो हतियार, सञ्चार सेट र सवारी साधन सुरक्षित राख्ने तथा अश्रुग्यास बाहेक अन्य बल प्रयोग नगर्ने भन्ने आदेश मैले दिएको होइन र सो विषयमा मलाई कुनै जानकारी पनि थिएन।

भाद्र २४ गते अपरान्ह प्रधानमन्त्रीको राजीनामापछि मुलुकको असहज परिस्थितिमा शान्ति सुरक्षा व्यवस्थापन सहज बनाउन सबै सुरक्षा निकायका प्रमुखहरू एकै ठाउँमा बसेर समन्वयात्मक रूपमा काम गर्नुपर्ने देखिएकाले हामी सबै सैनिक मुख्यालय भद्रकालीमा बसेर समन्वयमा जुट्यौं। त्यसै क्रममा वार्ता र संवादमार्फत समस्या समाधान गर्न सार्वजनिक आह्वान पनि गरियो।

भाद्र २३ र २४ का प्रदर्शनका क्रममा मृत्यु भएका र घाइते भएका व्यक्तिहरूका लागि राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने विषयमा म बहाल रहेकै अवस्थामा गृहमन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषदबाट निर्णय भएको थियो। सो निर्णयअनुसार प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिलाई सहिद घोषणा गर्ने, प्रत्येक मृतकको परिवारलाई १५ लाख रुपैयाँ राहत उपलब्ध गराउने, घाइतेहरूको निःशुल्क उपचार स्वास्थ्य मन्त्रालयले मिलाउने र शहरी विकास मन्त्रालयले उपयुक्त स्थानमा स्मारक निर्माण गर्ने व्यवस्था गरियो। ती दिनहरूमा मृतकहरूको शव व्यवस्थापन र घाइतेहरूको उपचारमा गृह मन्त्रालयले प्रभावकारी रूपमा समन्वय र सहजीकरण गर्‍यो। त्यही दिन अपरान्ह म शान्ति सुरक्षा व्यवस्थापनमा खटिइरहँदा काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. २ स्थित मेरो निजी निवासमा अज्ञात समूह प्रवेश गरी तोडफोड, आगजनी र लुटपाट गरेको कुरा पछि थाहा पाएँ।

भाद्र २३ र २४ का घटनाका मुख्य कारणमध्ये सरकारले सामाजिक सञ्जालमा लगाएको नियन्त्रण र भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नुपर्ने माग देखिए पनि यसलाई मुलुकको समग्र शासकीय व्यवस्था, आर्थिक-सामाजिक अवस्था र सेवा प्रवाहको प्रभावकारितासँग जोडेर हेर्नुपर्छ भन्ने मेरो धारणा छ। भविष्यमा यस्ता घटना नदोहोरिन सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटोछरितो, प्रभावकारी र गुणस्तरीय बनाउनुपर्ने, सेवा प्रवाहमा देखिने ढिलासुस्ती, झन्झट र बिचौलियाको नियन्त्रण गर्नुपर्ने, राजनीतिक नियुक्ति योग्यता, दक्षता र कार्यक्षमताका आधारमा हुनुपर्ने, रोजगारी र लगानीको वातावरण बनाउनु पर्ने, सरकारी कार्यसम्पादन पारदर्शी र जवाफदेही बनाउनु पर्ने, विकास निर्माणका काम समयमै सम्पन्न गर्नुपर्ने र राज्यका साधन-स्रोतमा सबैको समान पहुँच तथा समन्यायिक वितरण सुनिश्चित गर्नुपर्नेमा मैले जोड दिएको छु।

गृहमन्त्रालय मातहतका निकायलाई कुशल र नागरिकमैत्री बनाउन भौतिक पूर्वाधार, प्रणाली विकास र प्रशिक्षणमार्फत सुसज्जित गर्नुपर्ने देखिन्छ। जिल्ला प्रशासन कार्यालय समग्र जिल्लाको नेतृत्वकर्ता र समन्वयकर्ता निकाय भएकाले यसलाई नमूना कार्यालयका रूपमा विकास गर्नुपर्छ। प्रमुख जिल्ला

अधिकारीले अर्धन्यायिक कामसमेत गर्नुपर्ने र शान्ति सुरक्षाको विषय गम्भीर तथा संवेदनशील भएकाले गृह मन्त्रालय र मातहत निकायमा Ministerial Cadre का रूपमा जनशक्ति व्यवस्थापन आवश्यक छ भन्ने मेरो बुझाइ छ। साथै सेवा प्रवाह सरलीकरण, प्रविधिको विकास र प्रयोग, तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने कानूनी सुधार गर्दै थप जिम्मेवारी र अधिकार प्रदान गर्नुपर्ने आवश्यकता मैले औंल्याएको छु।

फिल्डमा खटिएका सुरक्षा टोलीहरूले त्यहाँको अवस्था र परिस्थितिको विश्लेषणका आधारमा बल प्रयोग गर्ने भएकाले गृहसचिवका तर्फबाट 'Cease Fire' जस्ता प्रत्यक्ष आदेश दिनु मेरो कानूनी अधिकार क्षेत्रभित्र पर्दैन। जेन्जी आन्दोलन शान्तिपूर्ण हुने जानकारी प्राप्त भएकाले यति ठूलो स्तरको हिंसा, आगजनी र तोडफोड हुने अवस्था पूर्वानुमान गर्न नसकेको कुरा म स्वीकार गर्छु। सुरक्षा निकायहरूबीच केन्द्रीय सुरक्षा समिति, जिल्ला सुरक्षा समिति जस्ता संरचनामार्फत अन्तर-एजेन्सी समन्वयको व्यवस्था रहेको र कार्यान्वयन हुँदै आएको भए पनि भाद्र २३ र २४ का घटनामा त्यसको प्रभावकारिता कति रह्यो भन्ने विषय आयोगले समग्र रूपमा विश्लेषण गर्ने विषय हो भन्ने मेरो धारणा छ। संसद भवन परिसर, बफर जोन, एस्केप रुट, सेफ्टी कोरिडोर, लेयर्ड डिफेन्स, जिरोइङ (Zeroing) जस्ता प्राविधिक पक्ष फिल्डमा खटिएका सुरक्षा निकाय र जिल्ला सुरक्षा समितिको कार्यक्षेत्रभित्र पर्ने भएकाले ती विषयमा मलाई प्रत्यक्ष जानकारी नहुनु स्वाभाविक हो, साथै प्रदर्शनकारी र रमिते नागरिक छुट्याउने मापदण्ड, भीड नियन्त्रण SOP र विशेष तालिमसम्बन्धी विषय पनि सुरक्षा निकायको प्राविधिक जिम्मेवारीभित्र पर्छन्।

समग्रमा, म आफ्नो भूमिकालाई कानूनी सीमाभित्र रही समन्वय गर्ने निकायको रूपमा व्याख्या गर्छु। बल प्रयोग, परिचालन र प्राविधिक निर्णयहरू फिल्ड र कानूनद्वारा निर्देशित हुने भएकाले मैले अधिकार नाघेर कुनै आदेश नदिएको दाबी गर्दै, घटनाको समग्र सत्यतथ्य र जिम्मेवारी निर्धारण आयोगको निष्पक्ष विश्लेषणबाट हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। [16]

## <u>१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्रीमती राधिका अर्यालः-</u>

म २१ वर्षदेखि निजामती सेवामा कार्यरत रही विगत १७ महिनादेखि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको जिम्मेवारी सम्हाल्दै आएको छु। भाद्र २३ र २४ गते २०८२ मा जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा गरिएको प्रदर्शन तथा त्यससँग सम्बन्धित सामाजिक सञ्जाल नियमन सम्बन्धी निर्णयबारे म

16 बयानको सक्कल प्रति पाना- २५, अनुसुची-५ को सि.न.१५ अन्तर्गत रहेको ।

जाँचबुझ आयोगसमक्ष उपस्थित भई आफ्नो धारणा प्रस्तुत गरेको हुँ। मेरो बयान नियामक निर्णयको पृष्ठभूमि, कानूनी आधार, कार्यान्वयन प्रक्रिया तथा त्यसबाट उत्पन्न प्रभावहरूको स्पष्टिकरणमा केन्द्रित रहेको छ।

मेरो बुझाइ अनुसार ती घटनाहरूको मूल कारण भ्रष्टाचार विरुद्ध आवाज उठाउने, सुशासनको माग गर्ने, Nepo-Kids/Nepo-Babies विरुद्धको असन्तोष तथा सामाजिक सञ्जालको सुचारु सञ्चालन सम्बन्धी मागहरू थिए। प्रारम्भमा शान्तिपूर्ण रहने घोषणा गरिएको आन्दोलन आकस्मिक रूपमा हिंसात्मक हुन पुगेको र पहिलो दिनको दुःखद घटनाबाट सिर्जित परिस्थितिले दोस्रो दिनको अवस्था थप जटिल बनेको मैले अनुभव गरेको हुँ।

सामाजिक सञ्जालमाथि "प्रतिबन्ध" लगाइएको भन्ने आम बुझाइप्रति म स्पष्ट पार्न चाहन्छु कि मन्त्रालयबाट कुनै प्रत्यक्ष प्रतिबन्ध लगाइएको थिएन। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० तथा सर्वोच्च अदालतको आदेशअनुसार सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालमा सूचीकरण गर्न र आधिकारिक सम्पर्क बिन्दु स्थापना गर्न बाध्य बनाउने नियामक निर्णय मात्र गरिएको थियो। तोकिएको ७ दिनभित्र सूचीकरण नगर्ने प्लेटफर्मलाई अस्थायी रूपमा निष्क्रिय गर्ने र सूचीकरण गरेकै क्षण पुनः सक्रिय गराउने व्यवस्था गरिएको थियो। यस निर्णयको कानूनी आधार सर्वोच्च अदालतको अदालतको अवहेलना सम्बन्धी आदेश तथा मन्त्रिपरिषद्को मिति २०८२। ०५। ०९ को निर्णय थियो।

Risk Assessment को सन्दर्भमा, सामाजिक सञ्जाल नेपालमा सूचना, शिक्षा, स्वास्थ्य, व्यवसाय र रोजगारीसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले यसबाट पर्न सक्ने आर्थिक, सामाजिक र कूटनीतिक असरबारे मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र अन्य सम्बद्ध निकायबीच छलफल गरिएको थियो। तथापि, प्रहरी, गृह मन्त्रालय वा अन्य सुरक्षा निकायबाट कुनै लिखित सुरक्षा जोखिम मूल्याङ्कन वा सुझाव प्राप्त भएको थिएन।

युवा वर्गलगायत आम नागरिकलाई जानकारी दिन राष्ट्रिय दैनिक पत्रिका, मन्त्रालयको वेबसाइट तथा अन्य सञ्चार माध्यममार्फत पटक-पटक सार्वजनिक सूचना जारी गरिएको थियो। सामाजिक सञ्जाललाई हिंसा बढाउने माध्यम ठहर गरेर निष्क्रिय गरिएको होइन: गलत सूचना, साइबर अपराध र छद्म पहिचानबाट हुने दुरुपयोग नियन्त्रण गर्ने उद्देश्यले नियमनको प्रयास गरिएको थियो।

Specific Content Removal, Flagging वा Algorithm-based Regulation जस्ता वैकल्पिक उपाय तत्काल

लागू गर्न नसक्नुको कारण सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्महरूको नेपालमा औपचारिक उपस्थिति र जिम्मेवार सम्पर्क बिन्दुको अभाव नै थियो। सूचीकरण र आधिकारिक सम्पर्क बिन्दु स्थापना भएपछि मात्र त्यस्ता उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने अवस्था बन्ने मेरो धारणा हो।

संविधानको धारा १७ अन्तर्गतको अभिव्यक्ति स्वतन्त्रता उल्लङ्घन भएको आरोपलाई म अस्वीकार गर्दछु। हाम्रो उद्देश्य अभिव्यक्ति नियन्त्रण गर्नु होइन, सामाजिक सञ्जाललाई कानूनी दायराभित्र ल्याई जिम्मेवार र सही सूचना प्रवाह सुनिश्चित गर्नु हो। Human Rights Commission लाई पूर्व सूचना दिइएको थिए न। निष्क्रियता अवधि सीमित, झण्डै चार दिनको मात्र रहेको थियो। सम्पूर्ण सामाजिक सञ्जाल पूर्ण रूपमा बन्द गरिएको थिएन: भाइबर तथा टिकटक जस्ता प्लेटफर्महरू सञ्चालनमै रहेकाले नागरिक सेवामा प्रत्यक्ष अवरोध परेको थिएन।

भविष्यका लागि म सामाजिक सञ्जाल नियमनसम्बन्धी स्पष्ट कानूनी आधार निर्माण गर्नुपर्ने, बहुराष्ट्रिय प्लेटफर्महरूसँग कूटनीतिक संवाद सुदृढ गर्नुपर्ने, स्वदेशी सामाजिक सञ्जालको विकासमा प्रोत्साहन गर्नुपर्ने तथा संघीय संसदमा दर्ता भएको सम्बन्धित विधेयकलाई आवश्यक परिमार्जनसहित शीघ्र पारित गर्नुपर्ने आवश्यकता औँल्याउन चाहन्छु। समग्रमा, सामाजिक सञ्जालसम्बन्धी कदम “प्रतिबन्ध” नभई नियमन र व्यवस्थापनको प्रयासका रूपमा गरिएको हो भन्ने मेरो स्पष्ट धारणा रहेको छ। [17]

**१७. गृह मन्त्रालयको सुरक्षा तथा समन्वय महाशाखा प्रमुख सह-सचिव आनन्द काफ्लेः**

म सुरक्षा तथा समन्वय महाशाखाअन्तर्गत शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, स्थानीय प्रशासन, सीमा तथा अध्यागमन प्रशासन शाखा गरी तीन वटा शाखाको जिम्मेवारी सम्हाल्दै आएको छु। यसका अतिरिक्त मैले गृह मन्त्रालयको प्रवक्ताको जिम्मेवारीसमेत निर्वाह गर्दै आएको छु। मेरो कार्य क्षेत्रअनुसार सुरक्षासम्बन्धी बैठकहरू आयोजना गर्न सुरक्षा निकायहरूसँग समन्वय गर्ने, अपराधसँग सम्बन्धित विषयमा कहीं कतैबाट गुनासो आएमा त्यसबारे सोधपुछ गर्ने तथा माननीय मन्त्रीज्यू र सचिवज्यूबाट आदेश भएबमोजिम मेरो महाशाखासँग सम्बन्धित सुरक्षा निकायका विषयमा आवश्यक समन्वय गर्ने काम गर्दै आएको छु। म स्वयंले सुरक्षा फोर्सलाई प्रत्यक्ष आदेश दिने जिम्मेवारीमा छैन। प्रमुख जिल्ला अधिकारीमार्फत प्राप्त हुने सूचनाहरू माननीय मन्त्रीज्यू र सचिवज्यूलाई जानकारी गराउने तथा आवश्यक समन्वय गर्ने कार्य मैले गर्दै आएको छु।

---

17 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६ अन्तर्गत रहेको ।

भाद्र २३ गते म मन्त्रालयमै उपस्थित थिएँ र सुरक्षा निकायका प्रमुखहरूसँग बैठकमा समन्वय गरेको थिएँ। प्रमुख जिल्ला अधिकारीमार्फत प्राप्त भएका सूचनाहरू सचिवज्यू र मन्त्रीज्यूसँग साझा गरेको थिएँ। सोही दिन काठमाडौंका प्रमुख जिल्ला अधिकारीमार्फत कर्फ्यु लागेको तथा नेपाली सेनालाई शीघ्र पठाउने व्यवस्था गर्नुपर्ने जानकारी प्राप्त भएपछि मैले तत्काल उक्त सूचना मन्त्रीज्यू र सचिवज्यूलाई रिले गरेको थिएँ। भाद्र २४ गते म बालुवाटार पुगेर मुख्य सचिव तथा सुरक्षा निकायका प्रमुखहरूसँग समन्वय गरी विज्ञप्ति तयार पार्ने र सार्वजनिक गर्ने प्रक्रिया सम्पादन गरेको थिएँ। भाद्र २४ गते प्रदर्शनकारीहरू सिंहदरबारभित्र प्रवेश गरी गृह मन्त्रालयमा आगजनी गरे तापनि मेरो महाशाखासँग सम्बन्धित अधिकांश कागजातहरू सुरक्षित रहेको छ।

भाद्र २३ गते दर्जनौं मानिसमाथि एउटैजस्तो समयमा जथाभाबी रूपमा गोली प्रहार हुँदा भएको मानवीय क्षतिको जिम्मेवारी तत्कालीन सरकारका जिम्मेवार व्यक्तिहरू, प्रहरीका फिल्डमा खटिएका कमाण्डरदेखि तहगत रूपमा विभिन्न कमाण्डमा बसेका प्रहरी अधिकृतहरूसम्मको हुने भएकाले उनीहरूलाई अविलम्ब कारबाही गरिनुपर्ने सम्बन्धमा निर्णय गर्दा आगामी दिनमा सुरक्षामा पर्न सक्ने सम्भावित प्रभावका बारेमा समेत ध्यान दिन आवश्यक रहेको छ।

घटनासँग सम्बन्धित सुरक्षा कमजोरीका विषयमा पर्याप्त सूचना र विश्लेषणको अभाव रहेको मेरो ठहर छ। रबि लामिछानेलाई नख्खु कारागारबाट बाहिर निकाल्ने प्रयाससम्बन्धी विषयमा जेलरबाट फोन प्राप्त भएको र सो विषयको जानकारी मैले सचिवज्यूलाई दिएको थिएँ।

प्रशासनिक सुधारका लागि सरकारले सूचना संकलन, विश्लेषण तथा स्रोत-साधन व्यवस्थापनमा लगानी गर्नुपर्ने ठहरमा म पुगेको छु। युवापुस्तासँगको सम्बन्ध सुधार गर्न नियमित संवाद, प्रविधिमैत्री सेवा तथा पूर्वानुमानयोग्य (Predictable) सेवा उपलब्ध गराउने किसिमको संस्थागत सुधार आवश्यक रहेको मेरो धारणा छ।

अन्ततः मैले गृह मन्त्रालयले Civil Supremacy को नाममा सुरक्षा निकायहरूमाथि अनावश्यक दबाब दिने प्रवृत्ति घटाउनुपर्ने, देश र जनतालाई केन्द्रमा राखेर कार्य गर्नुपर्ने तथा आगामी दिनमा यस्ता आन्दोलनहरू दोहोरिन नदिन आवश्यक कदम चाल्नुपर्ने आवश्यकता रहेको छ। [18]

## १८. तत्कालीन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी सह-सचिव छविलाल रिजालको बयान

---

18 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.१७ अन्तर्गत रहेको ।

**ब्यहोराः**

म निजामती सेवामा छत्तीस वर्षको अनुभवसहित काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्दै आएको छु। यसअघि जिल्ला प्रशासन कार्यालय सुर्खेत, झापा र तनहुँमा प्रमुख जिल्ला अधिकारीका रूपमा सफलतापूर्वक काम गरिसकेको छु। मिति २०८२। ५। २३ गते माइतीघर मण्डला क्षेत्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउँ भनी 'हामी नेपाल÷ नामक संस्थाका सुदन गुरुङको नामबाट, अंकित मल्ल र खेमराज साउदको नामबाट, तथा सबल गौतम र पुरुषोत्तम यादवको नामबाट संयुक्त रूपमा तीनवटा निवेदन प्राप्त भएका थिए। निवेदन लिई आउनेहरूसँग छलफल हुँदा निषेधित क्षेत्रबाहेकका स्थानमा मात्र प्रदर्शन गर्ने र आयोजकबाट शान्तिपूर्ण रूपमा कार्यक्रम सञ्चालन गर्ने मौखिक सहमति भएको थियो।

जियनजेड आन्दोलनको घोषणा भएपछि जिल्ला सुरक्षा समिति (DSC) को बैठकमार्फत गत चैत १५ गते तीनकुनेमा घटेको जस्तो सुरक्षा त्रुटि नदोहोरियोस् भन्ने उद्देश्यले सुरक्षा व्यवस्था थप मजबुत बनाउन र आवश्यक परे थप फौज परिचालनका लागि आ-आफ्ना तालुक निकायसँग समयमै समन्वय गर्न निर्देशन दिएको थिएँ। प्रहरी प्रशासन, गुप्तचर संयन्त्र र जिल्ला सुरक्षा निकायबाट प्राप्त सूचनाका आधारमा उक्त आन्दोलन सामाजिक सञ्जालसम्बन्धी विषयमा असन्तुष्टि प्रकट गर्ने कार्यक्रमका रूपमा बुझिएको थियो र प्रारम्भिक चरणमा शान्तिपूर्ण रहने अनुमान गर्दै सम्भावित रुट, समय, सहभागीको अनुमानित संख्या र संवेदनशील क्षेत्र पहिचान गरी २०८२ को एकीकृत विशेष सुरक्षा योजना स्वीकृत गरी सोहीअनुसार सुरक्षाकर्मी परिचालन गरिएको थियो। भदौ २३ गते राजधानीको अवस्था शान्तिपूर्ण रहने मान्यताकै कारण सोही दिन संघीय संसद भवनमा राष्ट्रिय सभाको बैठक बस्ने कार्यसूची थियो र राष्ट्रिय सभागृहको कार्यक्रममा सम्माननीय राष्ट्रपति ज्यूको उपस्थिति पनि तय भएको थियो।

मिति २०८२। ५। २२ गते म र जिल्ला प्रहरी प्रमुख साँझ करिब ६:०० बजेतिर गृह मन्त्रालयमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा उपस्थित भई प्रदर्शनको विषयमा ब्रिफिङ गरेका थियौं। नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता लिन सुझाव दिइएको नेपाल प्रहरीका महानिरीक्षकले भोलिको प्रदर्शनमा कथंकदाचित बल प्रयोग गर्नुपर्ने स्थिति आयो भने के गर्ने भन्नेबारे Line of Action स्पष्ट हुनुपर्छ भनी निर्देशन माग्दा, बल प्रयोगको सिद्धान्तअनुसार सिलसिलेवार रूपमा न्यूनतम बल प्रयोग गर्दै स्थिति नियन्त्रणमा लिनु, तर त्यसबाट पनि स्थिति

नियन्त्रणमा नआएर निषेधित क्षेत्र उल्लङ्घन, हुलदंगा, तोडफोड र आगजनी जस्ता उच्छृंखल गतिविधि भएमा सावधानीपूर्वक आवश्यक बल प्रयोग गरी स्थिति नियन्त्रणमा लिनु भन्ने निर्देशन प्राप्त भएको थियो।

भाद्र २३ गते बिहान ७:०० बजेदेखि मैले आफ्नै कार्यकक्षमा जिल्ला सुरक्षा समितिको कमाण्ड सेन्टर खडा गरी पदाधिकारीहरूसँगै बसेर अवस्था अनुगमन गरिरहेको थिएँ। बिहान करिब १०:१५ बजेसम्म स्थिति सामान्य नै थियो। माइतीघरबाट शान्तिपूर्ण रूपमा सुरु भएको प्रदर्शन बिजुलीबजार पुल हुँदै एभरेष्ट होटल अगाडि रहेको प्रहरी ब्यारिकेट तोडी अघि बढेपछि स्थिति नियन्त्रणबाहिर जान सक्ने देखेर मैले गृहसचिवज्यूलाई फोन गरी जानकारी गराएँ र उहाँबाट "सिलसिलेवार रूपमा न्यूनतम बल प्रयोग गरी स्थिति नियन्त्रण गर्नु" भन्ने निर्देशन प्राप्त भयो। प्रदर्शनकारीहरू संघीय संसद भवनतर्फ बढ्दै शान्ति भंग हुने अवस्था देखिएपछि मैले माननीय गृहमन्त्रीज्यू, श्रीमान् मुख्य सचिवज्यू र श्रीमान् गृहसचिवज्यूलाई समेत फोन गरी कर्फ्यु लगाउनुपर्ने अवस्था रहेको जानकारी गराएँ। सबैबाट कर्फ्यु लगाएर भए पनि स्थिति नियन्त्रणमा लिनु भन्ने निर्देशन आएपछि जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा १२:३० बजेदेखि लागू हुने गरी कर्फ्यु आदेश जारी गरियो। नयाँ बानेश्वर क्षेत्रमा तनाव बढ्दै गएको थाहा पाएपछि दिउँसो करिब १२:१५ बजे शान्ति कायम गराउने उद्देश्यले सशस्त्र प्रहरी उपरीक्षक जीवन के.सी. लाई पनि त्यतै पठाएको थिएँ।

करिब १२ बजेतिर संसद भवन वरिपरि चारैतिरबाट प्रदर्शनकारीहरूले तोडफोड र आगजनी गर्दै दक्षिण-पूर्व, पूर्व र पश्चिम-दक्षिणतर्फका गेटबाट भित्र प्रवेश गरेको सूचना पाएँ। हिंसा फैलिँदै जाँदा नागरिकको जीउ-धन तथा सार्वजनिक-निजी सम्पत्तिमा गम्भीर जोखिम देखिएपछि अन्तिम विकल्पका रूपमा कर्फ्यु आदेश जारी गर्नुपरेको हो। जिल्ला सुरक्षा समिति, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासँग छलफल गरी परिस्थितिको गम्भीर समीक्षा पश्चात स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम समय र क्षेत्र सीमित गरी चरणबद्ध रूपमा कर्फ्यु आदेश जारी गरिएको थियो। कर्फ्यु जारी भएपछि पनि सुरक्षाकर्मीलाई धैर्यता नछोड्न, सेना लगायत थप सुरक्षाकर्मी आउँदैछन् भनी हतास नहुन निर्देशन दिँदै, भीड हटाउँदा न्यूनतम बल प्रयोग गर्ने, बालअधिकार र मानवअधिकारको ख्याल गर्ने र सुझबुझ नछोड्ने निर्देशन निरन्तर दिइरहेको थिएँ। मैले घुँडाभन्दा तल लक्षित गरी रबरको गोली चलाउने मौखिक आदेश दिएको भए पनि अन्तिम बल अर्थात् सिधै गोली चलाउने आदेश दिएको थिएन। तर सोही तनावपूर्ण अवस्थामा प्रहरीको रेडियो सेटबाट पहिले प्रहरी महानिरीक्षक र त्यसपछि काठमाडौं उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुखले "आवश्यकता

अनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नु" भन्ने आदेश दिएको मैले सुनेको थिएँ।

फिल्डको अत्यन्त तनावपूर्ण परिस्थितिका कारण संसद भवन वरिपरि कति संख्यामा प्रदर्शनकारी थिए, कति बल प्रयोग भयो र कति घाइते वा हताहत भए भन्ने यकिन विवरण समयमै प्राप्त हुन सकेन। आक्रमणकारीहरू हेलमेट लगाएर ढुङ्गा, ईंटा, ह्यामर, घन, रड, छिनो र गुलेली जस्ता सामग्री लिएर सुरक्षाकर्मीमाथि जाइलागेको रिपोर्टहरू प्राप्त भए। प्रदर्शनकारीहरूले पर्खाल तोडेर वा नाघेर संसद भवनभित्र पस्न खोज्दा त्यहाँ रहेका सांसद, कर्मचारी र संरचनाको सुरक्षाका लागि संसद भवन परिसरभित्र मात्र गोली प्रहार भएको र बाहिर अन्यत्र गोली नचलेको जानकारी जिल्ला प्रहरी प्रमुख र अन्य सुरक्षा निकायका प्रमुखबाट मैले पाएको थिएँ। कर्फ्युको प्रभावकारी कार्यान्वयनका लागि नेपाली सेनाको सहयोग माग गरिएको थियो तर प्रदर्शनकारीहरूको अवरोधका कारण सेना समयमै संसद भवन पुग्न सकेन। करिब २:१५ बजेतिर संसद भवन अगाडि एक जना प्रदर्शनकारीको मृत्यु भएको जानकारी मैले पाएँ।

सुरक्षाकर्मीका अनुसार प्रदर्शनकारीहरू आक्रामक हुँदै चारैतिरबाट आगजनी र तोडफोडमा उत्रिए र प्रहरीमाथि जाइलागे। बल प्रयोगको सिद्धान्तअनुसार लाठीचार्ज, अश्रुग्यास, हवाई फायर र रबरको गोली प्रयोग गर्दा पनि स्थिति नियन्त्रणमा नआएपछि संसद भवन, त्यहाँ रहेका सांसद-कर्मचारी, राष्ट्रिय वाणिज्य बैंक, नेपाल कानून आयोग, लगानी बोर्डको कार्यालय र करिब चालीस हजार लिटर क्षमताको डिजेल रिजर्भको सुरक्षालाई समेत ध्यानमा राखी विशेष सुरक्षा दस्ता र एकीकृत विशेष सुरक्षा योजनाअनुसार खटिएका सुरक्षाकर्मीले तत्काल परिस्थितिको सामना गर्न बल प्रयोग गरेको देखिन्छ। मैले संसद भवनलाई जोगाउने र प्रदर्शनमा उत्रिएका युवाहरूको ज्यानको पनि सुरक्षा गर्ने Dual Objective Doctrine अनुसार सुझबुझका साथ न्यूनतम बल प्रयोग गर्न निर्देशन दिएको र अन्तिम विकल्पका रूपमा मात्र घुँडाभन्दा तल लक्षित गरी रबरको गोलीसम्म चलाउने आदेश दिएको हो।

मिति २०८२ भाद्र २३ गतेको घटनापछि राति १०:३० बजे जिल्ला सुरक्षा समितिको बैठक बसी २४ गतेको अवस्था नबिग्रियोस् भन्ने उद्देश्यले सोही राति १२:०० बजेदेखि बिहान ५:०० बजेसम्म कर्फ्यु लगाउने निर्णय गरियो र सार्वजनिक तथा निजी सम्पत्तिमा लुटपाट, तोडफोड र आगजनी रोक्न उच्च सतर्कता अपनाउन सुरक्षा निकायलाई निर्देशन दिइयो। भदौ २४ गते बिहान ७:३० बजे पुनः बैठक बसी बिहान ८:३० बजेदेखि अर्को आदेश नभएसम्मका लागि कर्फ्यु जारी गरियो। सोही दिन

मलाई लक्षित गरी सामाजिक सञ्जालमा आक्रोश पोखिँदै मेरो मृत्यु भएको अफवाह फैलाइयो र ज्यान मार्ने धम्कीसमेत आउने फोनहरू आए, तर म कम्तीमा Vital Installation को सुरक्षा गर्न सकिन्छ कि भन्ने सोचका साथ काममै केन्द्रित रहें। गृह मन्त्रालयमा छलफलका क्रममा सिंहदरबारमै सुरक्षित छैन भन्ने सूचना पाएपछि करिब १:४५ बजेतिर म नेपाली सेनाको नरसिंहदल गणमा गई बसें।

प्रधानमन्त्रीको राजीनामापछि राज्यको कार्यकारी नेतृत्वमा देखिएको रिक्तताले जनमानसमा थप अन्योल र आक्रोश सिर्जना गऱ्यो र कर्फ्यु हुँदाहुँदै पनि विभिन्न स्थानमा आगजनी, लुटपाट, सरकारी कार्यालय र निजी व्यवसायमाथि आक्रमण भयो। भीड अत्यधिक र बहुकेन्द्रीत आक्रमण लगभग एउटै समयमा भएकाले सबै स्थानमा एकैचोटि प्रभावकारी सुरक्षा दिन सम्भव भएन। सुरक्षाकर्मीको थकान, उपकरणको कमी, लामो समयको निरन्तर ड्युटी र मनोबलमा परेको असरले पनि चुनौती थपियो। भदौ २४ गते नेपाली सेनाले समयमै कारागारको ड्युटी नलिँदा नेपाल प्रहरीले मात्र सुरक्षा दिन नसकेर डिल्लीबजार कारागारबाट २० जना र केन्द्रीय कारागार सुन्धाराबाट ३५०० भन्दा बढी कैदी भाग्ने अवस्था आयो।

संघीय राजधानी काठमाडौंमा संवैधानिक निकाय, अति विशिष्ट पदाधिकारीका कार्यालय-निवास, अन्तर्राष्ट्रिय विमानस्थल, मन्त्रालय र महत्वपूर्ण संरचनाको सुरक्षा तथा सुरक्षा निकायका मुख्यालयसमेत रहेकाले कतिपय अवस्थामा वरिष्ठ सुरक्षा अधिकारी र उच्च पदस्थ अधिकारीका निर्देशन सुरक्षाकर्मीलाई सिधै प्राप्त हुने अवस्था रहन्छ, जसले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको भूमिका मात्र निर्णायक नहुने यथार्थ देखिन्छ। मैले पदीय हैसियतले गर्नुपर्ने सबै जिम्मेवारी असल मनसाय र सक्षमताका साथ निर्वाह गर्दागर्दै पनि राज्य संयन्त्रले आँकलन गरेभन्दा बाहिरको परिस्थिति सिर्जना भई प्रदर्शनमा सहभागी युवाहरूको ज्यान गएको र दर्जनौं घाइते भएको खबरले म अत्यन्त मर्माहत भएको छु। एउटा प्रमुख जिल्ला अधिकारीका रूपमा आफ्नो भूमिका पूरा गरेकै हुँ, तर राज्य संयन्त्रले आँकलन गरेभन्दा बाहिरको परिस्थिति सिर्जना भई सरकार प्रमुखले राजीनामा दिनुपर्ने र प्रधानमन्त्री तथा मन्त्रीहरूको जीवनरक्षाका लागि हेलिकोप्टरबाट उद्धार गर्नुपर्ने अवस्था आयो भन्ने कारणले मात्र मलाई जिम्मेवार ठहर गर्नु न्यायोचित हुँदैन। नागरिकले विद्रोह नगरी नहुने परिस्थिति कस-कसका कारणले सिर्जना भयो भन्ने कुरा गहिरो अध्ययन नगरी एक-दुई जना सरकारी अधिकृतको कमजोरीले मात्र यति ठूलो घटना भयो भन्न मिल्दैन: यो मुलुकमा लामो समयदेखि रहेका विकृति, विसंगति, अन्याय र

असमानताको परिणाम हो। फिल्डमा खटिएको सशस्त्र प्रहरी बल र अन्य सुरक्षाकर्मीबाट अपेक्षित सहयोग खुलेर नपाएको गुनासो पनि नेपाल प्रहरीका अधिकृतहरूबाट मैले सुनेको छु।

अन्त्यमा, भदौ २३ र २४ का घटनालाई असामान्य, अप्रत्याशित र राज्य संयन्त्रका लागि गम्भीर परीक्षाका रूपमा लिनुपर्छ। मैले प्राप्त सूचना, कानूनी अधिकार र तत्कालीन परिस्थितिको मूल्याङ्कनका आधारमा सार्वजनिक हित, शान्ति सुरक्षा र नागरिकको जीउ-धनको संरक्षणलाई प्राथमिकतामा राखी निर्णय लिएको हुँ। भविष्यमा यस्ता घटना दोहोरिन नदिन पूर्वसूचना प्रणाली सुदृढ गर्ने, भीड व्यवस्थापनसम्बन्धी तालिम र उपकरण बढाउने, अन्तर-एजेन्सी समन्वय मजबुत बनाउने र राजनीतिक-प्रशासनिक स्पष्टता कायम गर्नुपर्ने सिफारिस गर्दछु। [19]

**<u>१९. कारागार व्यवस्थापन विभागका महानिर्देशक सह सचिव लीला प्रसाद शर्माको बयान व्यहोरा :</u>**

भदौ २३ गते बेलुकीसम्म देशका सबै कारागारबाट प्राप्त नियमित रिपोर्टिङअनुसार अवस्था सामान्य नै थियो। तर २४ गते दिउँसो नख्खु कारागारबाट कारागार वरिपरि भीड बढ्दै गएको, आन्दोलनकारीहरू नजिकिँदै गरेका र कारागार लक्षित हुन सक्ने संकेतहरू रहेको सूचना प्राप्त भएपछि म सतर्क बनें। मैले तत्काल गृह मन्त्रालय र ललितपुरका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी सुरक्षा सुदृढ गर्न निर्देशन दिएको थिएँ। तर देशैभर फैलिएको अव्यवस्थित आन्दोलन, सामाजिक सञ्जालमार्फत फैलिएको उत्तेजना र स्थानीय सुरक्षात्मक संयन्त्रको सीमितताबीच केही घण्टामै नख्खु कारागारमा ठूलो भीड प्रवेश गर्न सफल भयो, जसले विभागका सुरक्षा योजनाहरू असार बनाउँदै स्थिति काबुबाहिर पुग्यो।

नख्खु कारागारमा सुरु भएको आक्रमण, तोडफोड र आगजनी केही घण्टामै देशभर फैलियो। बाह्य समूहहरूको आक्रामक प्रवेश र भित्रैका बन्दीहरूको स्वतःस्फूर्त आवेग दुवै कारणले अवस्था नियन्त्रणबाहिर गयो। यद्यपि विभागले प्रमुख जिल्ला अधिकारी, प्रहरी, सशस्त्र प्रहरी र मन्त्रालयबीच निरन्तर सम्पर्क राख्दै प्राथमिकताका आधारमा सतर्कता निर्देशन दिइरहेको थियो, तर आन्दोलनको स्वरूप र तीव्रताले स्थानीय सुरक्षाकर्मीमाथि अत्यधिक दबाव परेको जस्तो लाग्छ। यसैबीच विभिन्न कारागारमा बन्दीहरूले स्वयं तोडफोड र अभिलेख नष्ट गर्न थाले, जसले परिस्थिति झनै जटिल बनायो।

घटनाको तीन दिनभित्र देशका ३४ कारागारमा समान प्रकृतिका घटना भए। २८ कारागारबाट १४, ५५४ जना कैदी-बन्दी फरार भए, जसमा १३, ५८५ वयस्क र ९६९ बाल बिज्याईंकर्ताहरु थिए। नौबस्ता,

---

19 बयानको सक्कल प्रति पाना- ५०, अनुसुची-५ को सि.न.१८ अन्तर्गत रहेको ।

धादिङ र रामेछापमा सुरक्षा कारवाहीका क्रममा १० जना बन्दीको मृत्यु भयो। नख्खु, डिल्लीबजार, मकवानपुर, तनहुँ, कास्की लगायतका कारागारमा आगजनी, सवारी साधन नष्ट, अभिलेख जलाइएको, CCTV पूर्ण रूपमा भत्काइएको, कार्यालय भवन क्षतिग्रस्त र कैदी गृहका ब्लकसमेत जले। कैद कट्टा, अभिलेख, कार्यालय संयन्त्र र सम्पत्ति जलेका कारण देशभरको कारागार प्रणाली तत्कालीन रूपमा स्तब्ध बन्न पुग्यो।

सार्वजनिक चासोको विषय बनेको रवि लामिछाने प्रकरणबारे म स्पष्ट पार्न चाहन्छु कि २४ गते बिहान नख्खु कारागारबाट आन्दोलनकारीहरूको जोखिमबारे प्राप्त सूचना विभाग र मन्त्रालयबीच समन्वयका लागि मात्र थियो। विभाग वा मन्त्रालयबाट उहाँलाई कारागारबाट निकाल्ने आदेश वा संकेत कुनै पनि चरणमा दिइएको थिएन। विभागका सम्पूर्ण गतिविधि सुरक्षा सुदृढीकरणमै केन्द्रित थिए। आन्दोलनका क्रममा भीडले कारागार भत्काउँदा उहाँ भीडबाटै बाहिर निकालिएको जानकारी मैले पछि मात्र पाएको हुँ। आन्दोलनपछि सार्वजनिक भएको छोड्ने पत्रबारे जेलरले धम्कीमा दस्तखत गरेको जानकारी मात्र विभागलाई प्राप्त भयो: त्यो कुनै पनि रूपमा प्रक्रियागत, कानूनी वा विभागीय रूपमा जारी भएको पत्र थिएन।

मेरो भूमिकाबारे उठेका प्रश्नहरूको सन्दर्भमा म स्पष्ट भन्न चाहन्छु कि विभागले उपलब्ध स्रोत-साधनको सीमाभित्र रही जोखिम न्यूनीकरण, सुरक्षा समन्वय, सूचना प्रवाह र निर्देशनका कार्य निरन्तर रूपमा गरिरहेको थियो। म आफूलाई क्षतिको प्रत्यक्ष जिम्मेवार मान्दिनँ, तथापि कारागार प्रणालीका संरचनागत कमजोरी र असंगठित सुरक्षा व्यवस्थापन दीर्घकालदेखि विद्यमान समस्या रहेको छ।

घटनापछि विभागले तत्काल पुनर्स्थापना कार्य प्रारम्भ गर्‍यो। फरार कैदी फिर्ता आउन सार्वजनिक सूचना जारी गर्ने, अध्यागमन मार्फत निगरानी गर्ने, CRS अभिलेख अद्यावधिक गर्ने, क्षति मूल्याङ्कन र बजेट अनुमान तयार गर्ने, सुरक्षाबलको संरचनागत समीक्षा गर्ने तथा प्रत्येक जिल्लामा खोजी कार्यदल गठन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। धेरै बन्दीहरु कारागारमा फिर्ता आएका छन्, केही पक्राउ परेका छन्, तर अझै ४, ८४१ जना कैदी-बन्दी फरार छन्। अभिलेख व्यवस्थापन कमजोर रहेकाले अब सबै कैदी-बन्दीको तीन पुस्ते विवरण अनिवार्य प्रविष्ट गर्ने र सूचना प्रणाली विस्तार गर्ने निर्णय गरिएको छ।

बालसुधार गृह सम्बन्धी सन्दर्भमा नौबस्ता सुधार केन्द्रमा ५ जनाको मृत्यु भएको हो। १८ वर्षभन्दा माथिका बाल बिज्ञायकहरू एकै स्थानमा बस्नु नै प्रमुख चुनौती भएकाले मन्त्रालयहरूबीच समन्वय गरी स्थानान्तरण कार्यक्रम अघि बढाइएको छ। कारागार सुधारका प्रतिबद्धता संरचनागत रूपान्तरणबिना सम्भव छैनन् भन्ने मेरो निष्कर्ष छ। नयाँ ऐन-नियमावली, आधुनिक अभिलेख प्रणाली, बलियो पूर्वाधार,

आकस्मिक व्यवस्थापन योजना र सुरक्षा संयन्त्रमा एकीकृत कमाण्ड प्रणाली अनिवार्य छन्। समग्र संरचनामा सुधार नगरी वैकल्पिक उपाय खोज्नु व्यवहारिक हुँदैन।

अन्त्यमा, भदौ २४ को घटना नियन्त्रणभन्दा बाहिर पुगेको राष्ट्रिय अराजकताको अवस्थासम्म विस्तार हुँदा पनि विभागले सकेसम्म समन्वय, निर्देशन र पुनर्स्थापना प्रयास गरिरहेको थियो। आयोगले वास्तविक तथ्य पहिचान गरी भविष्यमा कारागार प्रशासनलाई विश्वसनीय र सक्षम बनाउन आवश्यक नीति तथा संरचनागत सुधारतर्फ मार्गनिर्देशन गर्ने अपेक्षा व्यक्त गर्दछु। [20]

## २०. समाज कल्याण परिषद्का सदस्य सचिव सरोज कुमार शर्माको बयान ब्यहोरा:

समाज कल्याण परिषद्का सदस्य सचिव सरोज कुमार शर्मा ले २०८२ भदौ २३ र २४ गते जियनजेड Gen-Z) युवापुस्ताद्वारा आह्वान गरिएको प्रदर्शनसँग सम्बन्धित घटनाका सन्दर्भमा जाँचबुझ आयोग समक्ष दिएको बयानमा परिषद्को संस्थागत अवस्था, NGO/INGO नियमनको विद्यमान संरचना, कमजोरी, अभ्यास र नीतिगत चुनौतीहरूलाई विस्तृत रूपमा स्पष्ट गरेका छन्। उनले २०८२ साल कार्तिक २९ गतेदेखि समाज कल्याण परिषद्को सदस्य सचिवको हैसियतमा कार्यरत रहेको उल्लेख गर्दै परिषद्मा हाल करिब ५८ हजारभन्दा बढी राष्ट्रिय गैरसरकारी संस्था र १३४ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता भई आवद्ध रहेको जानकारी दिएका छन्।

बयानमा उनले परिषद्सँग हालसम्म सक्रिय NGO/INGO को पूर्ण रूपमा एकीकृत राष्ट्रिय डिजिटल डाटाबेस नरहेको स्वीकार गरेका छन्। संविधानको धारा ५१ बमोजिम एकद्वार नीति अवलम्बन गर्नुपर्ने स्पष्ट व्यवस्था र समाज कल्याण ऐन २०४९ का विभिन्न दफाहरूले मन्त्रालय मार्फत सीधा प्रवेश गर्न नपाउने कानूनी प्रावधान गरे तापनि व्यवहारमा ती प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अवस्थालाई उनले खुलस्त रूपमा स्वीकार गरेका छन्। परिषद्ले यस विषयमा निरन्तर पहल गरिरहेको भए पनि विभिन्न लाइन मन्त्रालयहरूले परिषद्लाई बाइपास गरी NGO/INGO मार्फत परियोजना सञ्चालन गर्ने अभ्यास कायमै रहेको उनको भनाइ छ।

अनुगमन तथा मूल्याङ्कनका सन्दर्भमा परिषद्ले विषयगत विज्ञ, आर्थिक विज्ञ, सम्बन्धित मन्त्रालय र परिषद्का प्रतिनिधि सम्मिलित संयुक्त टोलीमार्फत परियोजनागत रूपमा स्थलगत अनुगमन गर्ने गरेको जानकारी दिइएका छन्। गत आर्थिक वर्षमा मात्र सयौं परियोजनाको मूल्याङ्कन गरिएको भए पनि

20 बयानको सक्कल प्रति पाना- १६, अनुसुची-५ को सि.न.१९ अन्तर्गत रहेको ।

परिषद्सँग आवश्यक जनशक्ति, प्राविधिक क्षमता, बजेट र संरचना पर्याप्त नरहेको यथार्थ पनि उनले औंल्याएका छन्।

NGO/INGO को वित्तीय पारदर्शिता सम्बन्धी प्रश्नमा उनले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको हकमा प्रायः शत प्रतिशत अडिट तथा प्रगति प्रतिवेदन प्राप्त हुने गरेको तर राष्ट्रिय गैरसरकारी संस्थाहरूको हकमा वैदेशिक सहायता लिने करिब सीमित संख्याका संस्थाबाट मात्र नियमित रिपोर्ट प्राप्त हुने अवस्था रहेको बताएका छन्। परिषद्को स्वीकृति र सम्झौता बिना भित्रिने विदेशी फण्डको पूर्ण विवरण परिषद्को पहुँचमा नआउने बताए। अडिट रिपोर्टका आधारमा परिषद्को जानकारी बिना विभिन्न स्रोतबाट रकम खर्च भइरहेको अवस्था देखिएको उनले बताएका छन्, जसले नियमन प्रणालीमा गम्भीर खाडल रहेको संकेत गरेका छन्।

स्थानीय तहमा हुने खर्चको अनुगमन सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, समीक्षा बैठक, सूचना बोर्ड, वेबसाइट तथा स्थानीय तहको पूर्वसहमतिको प्रणालीमार्फत गर्ने गरिएको भए पनि परिषद्लाई बाइपास गरी सेवा सञ्चालन गर्ने NGO/INGO को यकीन तथ्याङ्क परिषद्सँग नरहेको स्पष्ट पारिएका छन्। यस्तो अवस्थामा परिषद्सँग कारबाही गर्ने पर्याप्त कानूनी आधार समेत नरहेको स्वीकार गरिएका छन्। नीति निर्माण, एड्भोकेसी तथा सफ्टवेयरमुखी गतिविधिमा संलग्न NGO/INGO को अनुगमन पनि परियोजना प्रस्ताव, उद्देश्य र सूचकका आधारमा गरिने भए पनि सर्वे, म्यापिङ वा डेटा संकलन अनिवार्य रूपमा परिषद्सँग साझा गर्ने अभ्यास नरहेको र त्यसबाट उत्पन्न जोखिमको समेत यकीन मूल्याङ्कन हुन नसकेको अवस्था बयानमा झल्किन्छ।

विदेशी विज्ञ, कन्सल्टेन्ट तथा एक्सप्याटको प्रवेशका सन्दर्भमा परिषद्ले कार्यसहमति, श्रम स्वीकृति र गैरपर्यटकीय भिसाका लागि सिफारिस गर्ने प्रक्रियामा भूमिका खेले पनि सीमा, सुरक्षा, ऊर्जा वा अत्यावश्यक पूर्वाधारजस्ता संवेदनशील क्षेत्रहरू परिषद्को प्रत्यक्ष कार्यक्षेत्रभित्र नपर्ने उल्लेख गरिएको छ। धार्मिक, सामुदायिक तथा सामाजिक संस्थामा हुने खर्चको निगरानी पनि परियोजनागत मूल्याङ्कनकै क्रममा विषयगत विज्ञमार्फत गरिने अभ्यास रहेको बयानमा उल्लेख छ।

प्रभावकारी नियमनका लागि समाज कल्याण परिषद्लाई थप कानूनी अधिकारहरु जस्तै लाइसेन्सिङ, निलम्बन, आर्थिक रोक्का र अनुसन्धान अधिकारहरु आवश्यक रहेको स्पष्ट माग उनले राखेका छन्। समाज कल्याण ऐन २०४९ को पूर्ण कार्यान्वयन नहुनु नै हालको प्रणालीको सबैभन्दा ठूलो कमजोरी भएको उनले निष्कर्षका रूपमा औंल्याएका छन्। NGO/INGO को प्रभाव सामाजिक क्षेत्रमा

सबैभन्दा संवेदनशील देखिएको र वित्तीय, नीति, सुरक्षा तथा राजनीतिक प्रभावसम्बन्धी जोखिमको समग्र मूल्याङ्कन अझै प्रक्रियामा रहेको कुरा उनले बताएका छन्।

अन्त्यमा, २०८२ भदौ २३ र २४ गतेको जियनजेड क्रममा आन्दोलनका NGO/INGO का सफ्टवेयर शीर्षक अन्तर्गतको बजेट दुरुपयोग भएको कुनै ठोस सूचना परिषद्लाई प्राप्त नभएको बताएका छन्। [21]

## २१. कारागार कार्यालय नख्खु ललितपुरको कारागार प्रशासक (जेलर) उप सचिव सत्यराज जोशीको बयान व्यहोरा :

मिति २०८२ साल भदौ २३ र २४ गते म नियमित रूपमा आफ्नो कार्यालयमा उपस्थित थिएँ। भदौ २३ गते अवस्था सामान्य थियो। भदौ २४ गते बिहानैदेखि सामाजिक सञ्जालमा भड्काउने सामग्रीहरू देखिन थाले र कारागार वरिपरि अनधिकृत निगरानी बढ्न थालेपछि मैले प्रमुख जिल्ला अधिकारी, गृह मन्त्रालय, शान्ति सुरक्षा महाशाखा तथा कारागार व्यवस्थापन विभागलाई जानकारी गराई आकस्मिक सुरक्षा बैठक बोलाएँ। उक्त बैठकमा भीड नियन्त्रण रणनीति, वैकल्पिक निकास योजना र समग्र सुरक्षात्मक तयारीका विषयमा छलफल गरियो।

दिउँसो करिब १३:४० बजे हजारौंको संख्यामा प्रदर्शनकारीहरूले "रवि लामिछानेलाई छोड" भन्ने नारासहित कारागारको मुख्य गेटमा ढुंगामुढा र तोडफोड गर्दै आक्रमण सुरु गरे। भीडको अवस्था नियन्त्रणबाहिर जाँदै गएको देखेपछि मैले पुनः प्रमुख जिल्ला अधिकारी र गृह मन्त्रालयलाई सेना परिचालन गर्न लिखित तथा मौखिक अनुरोध गरेँ, तर तत्काल थप सुरक्षा बल उपलब्ध हुन सकेन। करिब १३:५० बजे भीडले मुख्य गेट तोड्दै जबर्जस्ती प्रवेश गरी कारागार आफ्नो नियन्त्रणमा लियो।

त्यस समयमा कारागारमा १२८१ जना कैदीवन्दीहरू थिए। भीडले रवि लामिछानेलाई लक्षित गर्दै आक्रमण गर्न थालेपछि अन्य कैदीहरूको सुरक्षालाई ध्यानमा राख्दै मैले उहाँलाई अस्थायी रूपमा कारागारभित्रकै मनोसामाजिक अपाङ्ग वन्दी अस्पतालमा सार्ने निर्णय गरेँ। पछि उहाँले "भीडलाई सम्झाउने प्रयास गर्छु" भन्दै माइक माग्नुभयो। त्यसपछि सुरक्षाकर्मीहरूले उहाँलाई भीड समक्ष पठाए, तर भीडले उहाँलाई कारागारबाट बाहिर लग्यो। उक्त घटनाबारे मैले तुरुन्तै गृह मन्त्रालय र प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएँ।

---

21 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.२० अन्तर्गत रहेको ।

उहाँलाई बाहिर लगिएपछि भीड झन् आक्रोशित भयो। कारागार प्रशासनको अभिलेख कोठा र प्रहरी भवनमा आगजनी गरियो र प्रहरी तथा सशस्त्र प्रहरी दुवै पछाडि हट्न बाध्य भए। म र प्रशासनिक कर्मचारीहरू मनोसामाजिक अपाङ्ग वन्दी अस्पताल भवनभित्र लुकेर ज्यान जोगाउने प्रयासमा थियौं। सो क्रममा भीडले मलाई अत्यधिक डरधम्की दिई जीवन-मरणको त्रासमा पारी एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनायो। पत्रको विषयवस्तुबारे मलाई कुनै पूर्व जानकारी थिएन। उक्त हस्ताक्षर करकाप र आतंकपूर्ण अवस्थामै गरिएको हुँदा त्यसको कुनै वैधानिक हैसियत छैन।

त्यसपछि भीडले कैदीवन्दी ब्लकहरूमा आगजनी र तोडफोड गरी १२८० जना सम्पूर्ण कैदीवन्दीहरूलाई बाहिर निकाल्यो। घटनाको केही दिनपछि ७४९ जना कैदीवन्दीहरू कारागारमा फर्किए, ७० जनालाई अन्य कारागारमा स्थानान्तरण गरियो र ४५९ जना अझै फरार छन्। उक्त दिन मानवीय क्षतिका रूपमा केही प्रहरीहरू सामान्य घाइते मात्र भएका थिए।

कारागारमा कार्यरत सुरक्षाकर्मीहरूले उच्च संयमता, विवेक र नेतृत्व प्रदर्शन गरेकै कारण ठूलो नरसंहार हुनबाट कारागार जोगियो भन्ने मेरो ठहर छ। मेरो दृष्टिमा भदौ २४ को घटना कुनै प्रशासनिक लापरबाही नभई नियन्त्रणबाहिरको संकटपूर्ण अवस्था (Inevitable circumstance beyond control) थियो।

कारागार सुरक्षाको दीर्घकालीन सुधारका लागि मैले निम्न सुझावहरू प्रस्तुत गरेको छु।

• "Contingency Plan" र "Emergency Response Protocol" तुरुन्त लागू गर्ने,

• संवेदनशील थुनुवाहरूका लागि High-Security Zone वा Isolated Unit निर्माण गर्ने,

• नेपाल प्रहरी, सशस्त्र प्रहरी, कारागार प्रशासन र स्थानीय प्रशासनबीच Real-time Coordination System स्थापना गर्ने,

• कारागारको भौतिक संरचना, निगरानी प्रणाली तथा आपतकालीन निकास मार्ग सुधार गर्ने,

• कर्मचारीहरूलाई संकट-व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने,

• कारागार प्रशासनका लागि Standard Operating Procedure (SOP) अद्यावधिक गरी सबै कारागारमा लागू गर्ने।

अन्त्यमा, भदौ २४ को घटना देशव्यापी रूपमा फैलिएको हिंस्रक आन्दोलनको परिणामस्वरूप नख्खु कारागारमा परेको अवस्था हो भन्ने मेरो निष्कर्ष छ। यस्तो परिस्थितिलाई कुनै पनि कारागार प्रशासनले एक्लै नियन्त्रण गर्न सम्भव थिएन। [22]

22 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.२१ अन्तर्गत रहेको ।

## <u>२२. जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्र.जि.अ. मुक्तिराम रिजालको कागज ब्यहोराः</u>

नेपाल सरकारबाट केही सामाजिक संजालहरुमा प्रतिवन्ध लगाएको लगायतका विषयहरुका विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने भनी सुदन गुरुङ, पुरुषोत्तम यादव र अंकित मल्ल ले मिति २०८२ भाद्र २२ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन दिएको र यसरी निवेदनहरु लिई आउने निवेदकहरुलाई कार्यालयबाट शान्तिपूर्ण प्रदर्शन गर्नुहुन र काठमाडौंका केही संवेदनशील स्थानहरुमा निषेधित क्षेत्र तोकिएको भनी कार्यालयबाट जानकारी गराएको मलाई सम्झना छ।

उपर्युक्त निवेदनहरु प्राप्त भए पश्चात उक्त प्रदर्शनलाई शान्तिपूर्ण बनाई प्रदर्शनकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्न मिति २०८२। ५। २२ गते जिल्ला सुरक्षा समितिको बैठक बसी बिस्तृत रुपमा छलफल गरी प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै सुरक्षा निकायहरुले आपसी समन्वयमा त्रुटीरहित सुरक्षा ब्यवस्था मिलाउने भनी निर्णय गर्नुका साथै एकीकृत विशेष सुरक्षा योजना, २०८२ स्विकृत गरेको थियो।

भोलीपल्ट भाद्र २३ गते विहान ७ बजे कार्यालय आउन प्रमुख जिल्ला अधिकारीबाट निर्देशन भए अनुसार विहान ७ बजे कार्यालयमा उपस्थित भई जिल्ला सुरक्षा समितिको बैठक बसी अवस्थाको समिक्षा गरी प्रदर्शनमा विद्यार्थी तथा बालबालिकाहरुको समेत उल्लेख्य उपस्थिती हुन सक्ने भएकोले भिड नियन्त्रणको लागि बल प्रयोग गर्दा पूर्ण सावधानी अपनाउने भनी निर्णय गरिएको थियो।

तत्पश्चात जिल्ला प्रशासन कार्यालयमा जिल्ला सुरक्षा समितिका पदाधिकारी रही Command Post समेत प्रः९ र थियो भएको स्थापना कार्यकक्षमा कै .अ.जि.०० बजे पुन बैठकमा समिति सुरक्षा जिल्ला : व्यवस सुरक्षा्था सुदृढ पारी कुनै किसिमको अवाञ्छित गतिबिधि हुन नदिन सुरक्षा निकायहरुका बिचमा समन्वय सुदृढ गरी त्रुटिरहित तवरले सुरक्षा प्रवन्ध मिलाउने भनी निर्णय गरिएको थियो।

विहान करिब १० बजे तिरबाट माईतिघर मण्डला क्षेत्रमा प्रदर्शनकारीहरु भेला हुन थालेका थिए। ती प्रदर्शनकारीहरु शुरुमा माईतीघर मण्डला क्षेत्रमा भेला भएतापनि पछि संख्या बढ्दै गएपछि सबै प्रदर्शनकारीहरु वानेश्वर तर्फ बढ्दै गरेको दृश्यहरु Command Post मा जडान भएको CCTV Display मा देखेको थिए। उक्त दिन कार्यालयको दैनिक सेवा समेत चालु रहेकोले जिल्ला सुरक्षा समितिको सदस्य कार्यालयको अतिरिक्त गर्नुका तयार निर्णयहरु समितिबाट सुरक्षा हैसियतले सचिवको-समय पूर्ण म परेकोले गर्नु कामसमेत Command Post मा रही सबै दृश्यहरु हेर्न पाएको थिईन।

वानेश्वरतर्फ अगाडी बढेको भिडले दिनको करिब ११ बजेतिर एभरेष्ट होटल अगाडि राखिएको व्यारिकेट तोडी अगाडी बढ्दै गरेको दृश्य मैले CCTV Display मा देखेको थिए भने भिडको अगाडी केही स्कुलअधिकारीबाट जिल्ला प्रमुख रहेकोले युवतीहरु युवा उमेरका पढ्ने कलेज/ Command Post मा रहेका सुरक्षा पदाधिकारीहरुलाई संयमता अपनाउन भनेको समेत मैले सुनेको थिए।

प्रहरी व्यारिकेड तोडी अगाडी बढेका प्रदर्शनकारीहरुले नयाँ बानेश्वरस्थि संसद भवनमा पुगी ड्युटीमा खटिएका सुरक्षाकर्मी तथा सार्वजनिक सम्पत्तिमा आक्रमण, तोडफोड तथा आगजनी गर्न थालेकोले Command Post मै १२:०० बजे जिल्ला सुरक्षा समितिको आकस्मिक बैठक बसी बानेश्वर क्षेत्रमा अपरान्ह १२३०: बजेदेखि लागू हुने गरी कर्फ्यू आदेश जारी गर्दै उक्त आदेश कार्यान्वयनको लागि नरसिंहदल गण, सिंहदरवार, जिल्ला प्रहरी परिसर, भद्रकाली, सशस्त्र प्रहरी बल नेपाल नं२० . गण (उद्धार विपद्) सिनामंगल र सशस्त्र प्रहरी बल नेपाल नं१८ . गण निलवाराहीलाई निर्देशन दिइएको। उक्त समयमा विभिन्न संचार माध्यमका पत्रकारहरुले घटनाको विषयमा म सँग समेत बारम्बार सम्पर्क गरीरहेका थिए। मैले १२ कर्फ्य बजेदेखि ३०:१२ र भएको निर्णय कर्फ्युको नै देखि बजे ००: थिए गराएको जानकारी संचारमाध्यममा सबै भनी लाग्ने। करफ्यु लगाउने निर्णय हुनासाथ नयाँ बानेश्वर क्षेत्रमा कर्फ्युको बारेमा जानकारी दिन सुरक्षाकर्मीलाई माइकिङ गर्न निर्देशन दिइएको थियो भने त्यसलाई थप प्रभावकारी बनाउन Command Post मा रहेका सशस्त्र पहरी उपरीक्षक जीवन के .सी. क् बानेश्वर अधिकारीले जिल्ला प्रमुख लाईषेत्रमा पठाउनु समेत भएको थियो। प्रदर्शन नियन्त्रण गर्न सुरक्षाकर्मी अपुग भएकाले नेपाली सेनाबाट थप सहयोग माग गरिएको। कर्फ्यु लगाएपछि प्रदर्शनकारी तितरवितर हुने अपेक्षा लिईएकोमा सोको वेवास्ता गर्दै प्रदर्शनकारीले सिंहदरवारबाट बानेश्वरतर्फ कर्फ्यु कार्यान्वयनको लागि जाँदै गरेका नेपाली सेनाका सुरक्षाकर्मी सवार ट्रकहरु बिच सडकमै रोकेर अवरोध पुऱ्याउँदा थप मद्दत अन्तरराष्ट्रिय सम्मेलन केन्द्र क्षेत्रमा पुग्न सकेको थिएन।

कर्फ्यु लगायपछि पनि प्रदर्शनकारीहरुले निरन्तर संसद भवन वरपर तोडफोड गरीरहेका थिए। तत्पश्चात प्रमुख जिल्ला अधिकारीले बल प्रयोगको सिद्धान्त अनुरुप क्रमश भवन संसद गरी प्रयोग बल : संचार मैले हैसियतले प्रवक्ताको व्यहोरा सोही भएकोले गराउनु जानकारी भन्ने दिएको निर्देशन गर्न सुरक्षा थिए गराएको जानकारी माध्यमहरुलाई। प्रहार गोली धातुको अधिकारीबाट जिल्ला प्रमुख गर्नु भन्ने आदेश नभई आवश्यक परे रबर बुलेट सम्म प्रयोग गर्नु भनेको जानकारी गराउनु भएकोले मैले सोही व्यहोरा संचारमाध्यमलाई जानकारी गराएको थिए।

जिल्ला सुरक्षा समितिले विद्यार्थी र बालबालिकाको सहभागितालाई समेत मध्यनजर गरी न्युनतम बल मात्र प्रयोग गरेर स्थितिलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीलाई स्पष्ट निर्देशन दिएको थियो। राजनीतिक दलको आयोजनामा बिरोध प्रदर्शनमा सहभागी हुने प्रदर्शनकारीको संख्या सामान्यतया आँकलन गर्न सकिने भए तापनि उक्त दिन जेन जी पुस्ताको आह्वानमा भएको प्रदर्शनमा सहभागी हुन सक्ने प्रदर्शनकारीहरुको संख्या राज्य संयन्त्रले आँकलन गरेभन्दा निकै ठूलो थियो। सभ्य र शालीन तरिकाले प्रदर्शन हुने आँकलन विपरित एक्कासी ध्वंसात्मक गतिबिधि हुँदा सुरक्षाकर्मीलाई स्थिती नियन्त्रणमा लिन निकै कठिन परेको थियो।

मिति २०८२। ५। २४ गते थप क्षति नहोस भन्ने अभिप्रायले २४ गते बिहान ८:३० बजेदेखि लागू हुने गरी अर्को आदेश नभएसम्मको लागि काठमाण्डौ महानगरपालिका क्षेत्रभित्र कर्फ्युको आदेश जारी गरिएको तर प्रदर्शनकारीहरुबाट सो आदेशको पालना नहुँदा स्थिती नियन्त्रण बाहिर गई निकै ठूलो क्षति हुन पुगेको थियो।

जिल्लाको विभिन्न स्थानमा तोडफोडका घटनाहरु भईरहेको र सुरक्षाकर्मीहरुबाट स्थिती नियन्त्रणमा लिन नसकेको देखिएकोले दिनको करिब १00. बजे तिर जिल्ला प्रशासनको Command Post मा रहेका पदाधिकारी सहित म पनि गृह मन्त्रालय पुगेको थिए। गृह मन्त्रालयमा करिब १५ मिनेट बसे पछि प्रमुख जिल्ला अधिकारीको निर्देशानुसार सबै जना नेपाली सेनाको सिंहदरबार स्थित निलबाराही गण मा पुगी उक्त दिन पुरै समय सोही गणमा बसेका थियौ।

स्थिती विस्तारै सामान्य हुदै गएपछि भाद्र २६ गते देखि नियमित रुपमा कार्यालयको सेवामा पुन संलग्न भईरहेको छु। [23]

## २३. कारागार कार्यालय डिल्लीबजारका प्रमुख कारागार प्रशासक बाबुराम अर्यालः-

कारागार कार्यालय डिल्लीबजार दरवन्दी भई मिति २०८२ साल बैशाख महिना देखि म सोही कार्यालयमा कार्यालय प्रमुख पदमा कार्यरत रहेको छु। मिति २०८२/०५/२३ गते र २४ गते नेपालको राष्ट्र हित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रणको माँग राखी जियनजेड (Zen-Z) युवा पुस्ताद्वारा काठमाण्डौ लगायत मुलुकको विभिन्न भागमा प्रदर्शन गरिँदा म सोही कार्यालयमा कार्यरत रहेको थिएँ। उक्त आन्दोलन पूर्व कार्यालय जल्ने सम्मको Risk अनुमान थिएन। सुरक्षा र गुप्तचार

23 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.२२ अन्तर्गत रहेको ।

निकायहरुबाट जेलमा Unrest वा Breakout Risk सम्बन्धी कुनै Early Warning आएको थिएन। आन्दोलन पूर्व कारागारमा CCTV, Watch Tower, Parameter Fencing लगायत दुरुस्त हालतमा थिए तर Alarm System भने थिएन। मिति २०८२ भाद्र २३ गते कारागारको अबस्था सामान्य थियो। २४ गते भएको देशै भरीको आन्दोलन र कारागार समेतमा भएको आक्रमणबारे म जानकार नै थिएँ। सोही सिलसिलामा म कार्यरत कारागारमा समेत सुरक्षा थ्रेट बढेकोले मैले थप सुरक्षाकर्मी पठाई दिन भनी प्रमूख जिल्ला अधिकारीलाई लिखित पत्र तथा पटक पटक एसएमएस गरी रिपोर्ट गरेको थिएँ। उक्त समयको वस्तुस्थितिको बारेमा कारागार व्यवस्थापन विभागमा समेत रिपोर्ट गरेको थिएँ। कारागारको सुरक्षामा खटिएको नेपाल प्रहरीको कमाण्डर प्रहरी निरीक्षकसँग म निरन्तर छलफलमै थिएँ। दिनभरी अबस्था सामान्य नै थियो। साँझको अन्दाजी १७०० बजेको समयमा करिव ४००/५०० को संख्यामा आएका प्रदर्शनकारीहरु कारागारको मेन गेट अगाडि आई प्रदर्शन गर्दै नाराबाजी तथा तोडफोडमा सक्रिय भए, उक्त प्रदर्शनलाई सुरक्षाकर्मीहरुले सम्हाली रहेकोमा अन्दाजी १८०० बजेको समयमा प्रदर्शनकारीहरु एउटा बस (पछी थाहा भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रहेको) लाई लिई आई मेन गेटमा प्रहार गरी भित्र छिराई सोही बसमा आगजनी गरे, त्यसपछी निजहरुले नजिकै रहेको प्रहरी ब्यारेक, सिसिटिभिको अप्रेशन रुम, ग्यारेज लगायतमा समेत आगो लगाएर सम्पूर्णमा पूर्ण क्षति हुन पुग्यो। पछि सुरक्षाकर्मीको हवाई फायरको कारवाहीबाट प्रदर्शनकारीहरु भागी गए। उक्त दिन कारागार भित्रबाट कैदी बन्दीहरुबाट खासै प्रतिक्रिया भएन। भोलिपल्ट २५ गते बिहानै देखि कैदी बन्दीहरुले अन्यत्र कारागारहरुबाट कैदी बन्दीहरु बाहिर निस्केको र हाम्रो कारागारमा मात्र हामीहरुलाई नछाडेको भन्दै जेलर र सुरक्षाकर्मी लक्षित बिभिन्न नाराबाजी गर्न शुरु गरे। हामीलाई समेत कागज गरी छाड्नुपर्छ भनी माग राखे। प्रहरी तथा हाम्रो प्रशासनबाट पटक पटक सम्झाई बुझाई गर्दा समेत नमानी कैदी बन्दीहरु कोठा भित्र नबसी बाहिर निस्की नाराजुलुस गर्दै कारागार भित्रको च्यानल गेट तोडी बाहिर निस्कन थाले, प्रहरीले हवाई फायर गर्दै स्थिति नियन्त्रणमा लिने प्रयास गरिरहे। सोही क्रममा मैले नेपाली सेनालाई थप मद्धतको आग्रहपछि सेनाको एउटा टुकडी कारागारमा आईपुग्यो। कैदी बन्दीहरुले सुरक्षाको लागि भएका २ वटा गेटहरु तोड्दै बाहिर निस्कन उद्धत भै रहे। निजहरुले आफू बस्ने स्थानमा आगजनी समेत गरे। सोही क्रममा पेरिमिटरमा रहेको पर्खाल नाघ्दै र केही मेन गेट हुँदै २० जना कैदी बन्दीहरु भागी फरार भए। अन्य कैदी बन्दीहरुलाई नियन्त्रणमा राख्न सफल भईयो। उक्त दिन कारागारमा जम्मा ६६९ जना कैदी बन्दीहरु रहेका थिए। पछी कारागारमा रहेका ४५७ जान कैदी बन्दीहरुलाई सोही दिन केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा स्थानान्तरण गरियो, बाँकी

सोही कारागारमा रहेका छन्। हालसम्म भागेका मध्ये ९ जना कारागारमा फिर्ता भएका ११ जना हालसम्म भागी फरार नै रहेका छन्। उक्त दिन सुरक्षा कमाण्डर र म निरन्तर सम्पर्कमा रहेका थियौं। कारागारको व्यवस्थापन सम्बन्धमा SOP (Standard Operating System) छैन तर कार्यविधी रहेको छ। सोही कार्यविधी अनुसार आन्तरिक र वाह्य प्रशासन चली आएको छ। उक्त दिन देशै भरी आन्दोलन भई कारागारबाट कैदी बन्दीहरु भागेका र सुरक्षा दिन नसकिने अबस्था सृजना भएकोले कैदी बन्दीहरु भागेका हुन्। आन्दोलनको क्रममा आन्तरिक प्रशासन (भाई नाइके लगायत) बाट सकारात्मक सहयोग रह्यो। कारागारलाई सुरक्षित गर्न सुरक्षाफौज दरवन्दी वृद्धी गर्ने, कारागारको भौतिक संरचना मजबुत र बलियो बनाउने, अपराधको वर्गिकरण मुताविक अलग अलग बन्दीगृह बनाई कैदी बन्दीहरुलाई अलग अलग राख्न सुझाव दिन्छु। [24]

## २४. केन्द्रीय कारागार जगन्नाथ देवलका निमित्त कारागार प्रशासक बैकुण्ठराज रेग्मीको कागज ब्यहोराः

केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल दरबन्दीको शाखा अधिकृत हु। २०८२ भाद्र २३ र २४ गते Gen-Z आन्दोलनको क्रममा म कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंको निमित्त कारागार प्रशासक थिए। Gen-Z आन्दोलनमा सहभागी प्रदर्शनकारीहरुले कारागारमा आक्रमण, तोडफोड, आगजनी जस्ता कर्य गर्लान भन्ने अनुमान थिएन, सुरक्षा र गुप्तचार निकायहरुबाट जेलमा Unrest वा Breakout Risk सम्बन्धी कुनै Early Warning आएको थिएन। कारागारमा CCTV Watch System छ, Tower Parameter Fencing Alarm System छैन। मिति २०८२ भाद्र २४ गते प्रदर्शनकारीहरुले बिभिन्न सरकारी भवनहरु, संघीय संसद भवन समेतमा तोडफोड आगजनी गरी रहेका भन्ने सुनिएको थियो, सोही क्रममा सांझ १९.३० बजे तिर प्रदर्शनकारीको ठुलो समुह आई बन्दी गृहका तीनवटै गेटहरुमा ढुंगामुढा गर्दै तोडफोड प्रयास गर्न थाले सो क्रममा कारागार कार्यालयको तीनवटा झ्याल फुट्यो, मुलगेटको CCTV तोडफोड भयो। सो पश्चात कैदीबन्दीहरुले बन्दीगृहको तीनवटै ढोकाहरु फोडी बाहिर निस्किए र मुलगेट तर्फ अगाडी बढे, मुलगेटमा कारागार सुरक्षामा खटिएका नेपाल प्रहरीले रोक्ने प्रयास गरे, बाहिरी भागबाट प्रदर्शनकारीहरु र भित्र तर्फबाट कैदीबन्दीहरुको दबाबले गर्दा प्रहरीले पनि रोक्न सक्ने अबस्था रहेन जसको कारण कैदीबन्दीहरु भाग्न सफल भए तथापि कारागारसँगै जोडिएर रहेको नेपाली सेनाको राष्ट्रिय सेवा दलको कार्यालय कारागारसँगै रहेको हुंदा कार्यालयको सवारी साधनहरु र कार्यालयमा आगजनी गर्न सैनिकहरुको आवतजावतले गर्दा कारगार

24 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.२३ अन्तर्गत रहेको ।

र सुरक्षा तर्फको सवारी साधनहरुमा आगजनी, तोडफोड नहुने अबस्था रह्यो। कारागारको आन्तरिक सुरक्षा अबस्था राम्रै थियो, मैले नआत्तिनु, तोडफोड, आगजनी जस्ता उछृङ्खल कार्यहरु नगर्न र सुधार गृह भित्र शान्तिपूर्ण तवरले बस्न अनुरोध गर्नुको साथै थुनुवाबन्दीहरुले कानून बमोजिम पाउने सेवा सुविधाको लागी पहल गर्ने आश्वासन समेत दिएं। चौतर्फी तोडफोड आगजनी भई रहेको हुंदा थप सुरक्षाकर्मीको व्यवस्था हुने अबस्था थिएन। कारागारको व्यवस्थापन सम्बन्धमा SOP (Standard Operating System) छैन, कारागार संचालन कार्यविधि छ। म निमित्त कारागार प्रशासक भएको हैसियतले कैदी\बन्दी भाग्नुमा मेरो जिम्मेवारी रह्यो नै तर सो दिन मैले मेरो पदिय हैसियत र कार्य क्षमताले भ्याए सम्म उपलव्ध सुरक्षाकर्मीको सहयोगमा अन्तिम सम्म प्रयास गरी रहे। जसको कारण कुल जम्मा कैदीबन्दी ३८८० मध्ये ३६३ जना कैदीबन्दीलाई कारागारमा राख्न सफल भएं। बांकी ३५१७ जना भागे, भागेका मध्ये २३१७ जना कैदीबन्दीलाई फिर्ता ल्याउन सफल भएका छौं, बांकी १२०० जना कैदीबन्दी अझै फरार छन्, खोजतलास कार्य जारी रहेको छ। आन्तरिक प्रशासनका चौकीदार, बैदार, मुल नाईके, भाई नाइके लगायतले सन्तोषजनक सहयोग गरे। कारगारलाई सुरक्षित गर्न तत्कालको लागी सुरक्षा दरबन्दी बृद्दी गर्ने, मध्यम तर्फ भौतिक पूर्बधार मजबुत प्रकृतिका बन्दीगृहरु बनाउने र दीर्घकालीन रुपमा अपराधको बर्गीकरण अनुसारको बन्दीगृह निर्माण गर्नु पर्छ। कारागारको क्षमता अनुसारको कैदीबन्दी राख्नु पर्छ। [25]

**<u>५.१.३ नेपाली सेनाको बयान कागज ब्यहोराः</u>**

**<u>२५. प्रधान सेनापति महारथी अशोकराज सिग्देलको बयान कागज ब्यहोराः</u>**

म २०४३ साल फागुन ३ गते नेपाली सेनामा प्रवेश गरी २०८१ भदौ २४ गतेदेखि प्रधान सेनापतिको जिम्मेवारी सम्हाल्दै आएको छु। राष्ट्रिय सुरक्षा परिषद्को सदस्यको हैसियतमा भदौ २३ र २४, २०८२ मा जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा गरिएको प्रदर्शनका क्रममा उत्पन्न जटिल र विषम परिस्थितिमा मैले संविधान र कानूनको मर्मअनुसार आफ्नो दायित्व निर्वाह गरेको छु।

भदौ २२ गते बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा राष्ट्रिय अनुसन्धान विभाग तथा अन्य सुरक्षा निकायबाट आन्दोलन व्यापक हुन सक्ने जानकारी प्राप्त भएको थियो। तथापि सो मितिसम्म राष्ट्रिय सुरक्षा परिषद्को औपचारिक बैठक नबसेकाले विशेष रणनीतिक छलफल हुन सकेको थिएन। भदौ २३ गते संसद भवन क्षेत्रको सुरक्षा अवस्था जटिल बन्दै गएपछि अघिल्लो निर्णयअनुसार अन्य सुरक्षा निकायसँग समन्वय

---

25 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.२४ अन्तर्गत रहेको ।

गर्दै आवश्यक सुरक्षा तयारी गर्न निर्देशन दिएको थिएँ र स्थानीय प्रशासनको अनुरोधमा कर्फ्यु कार्यान्वयनका लागि तयार रहन मातहतलाई सचेत गराएको थिएँ। उक्त दिन नेपाली सेना परिचालन नभएको र गृह मन्त्रालयको नेतृत्वमा सुरक्षा व्यवस्था कार्यान्वयन भएको थियो।

भदौ २३ गते अन्दाजी २०:०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को ३९ औं बैठक बस्यो। नेपाली सेना स्वतः सडकमा उत्रने संस्था होइन: संवैधानिक तथा कानूनी प्रक्रिया पूरा भई नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस र राष्ट्रपतिको निर्णयबाट मात्र परिचालन हुने व्यवस्था रहेको छ। बैठक बस्दासम्म गृहमन्त्रीको राजीनामा भइसकेको, बन्द गरिएको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाइ सकिएको र आन्दोलनकारीका माग सम्बोधन हुने आँकलन गरिएको अवस्थामा २४ गते विषम परिस्थिति उत्पन्न हुन सक्ने ठोस अनुमान नगरिएको हुँदा सेना परिचालनबारे कुनै निर्णय वा छलफल भएन।

भदौ २४ गते बिहान प्रधानमन्त्री निवासमा भएको छलफलमा प्रधानमन्त्रीले मसँग सुझाव माग्नुभयो। मैले दुई विकल्प प्रस्तुत गरें'पहिलो, उहाँकै राजनीतिक दलका केही वरिष्ठ पदाधिकारीले राजीनामा दिन सुझाव दिइरहेको बुझिएको हुँदा थप मानवीय क्षति रोक्न राजनीतिक समाधानतर्फ जान राजीनामा उपयुक्त हुन सक्ने: दोस्रो, संवैधानिक रूपमा सिफारिस भएमा नेपाली सेना परिस्थिति नियन्त्रणका लागि पूर्ण रूपमा तयार रहेको। तर प्रधानमन्त्रीले राजीनामा दिएपछि सुरक्षा अवस्था झन् अराजक बन्दै गयो र नेपाली सेनाले क्रमशः विज्ञप्ति जारी गर्दै अपिल गऱ्यो तथा राति २२:०० बजेदेखि पूर्ण रूपमा तैनाथ भई शान्ति-सुव्यवस्था बहाल गर्न सक्रिय भूमिका निर्वाह गऱ्यो।

सुरक्षा निकायहरूबीच समन्वयको अभाव रहेको आरोपलाई म अस्वीकार गर्दछु। तीनै सुरक्षा निकायका प्रमुखहरू निरन्तर सम्पर्क र संयुक्त छलफलमा थियौं, र जोखिमपूर्ण अवस्थामा समेत नेपाली सेनाले अन्य सुरक्षा निकायका सदस्यहरूको सुरक्षा तथा उद्धार गरेको छ। सिंहदरबार, राष्ट्रपति निवास, प्रधानमन्त्री निवास, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, इन्धन डिपो, कारागार तथा अन्य संवेदनशील संरचनाहरू जोगाउन नेपाली सेनाले अग्रसर भूमिका खेलेको छ, जहाँ मानवीय क्षति न्यून राख्न अत्यन्त संयमता अपनाइएको थियो। नेपाली सेना स्पष्ट कार्यादेश र संवैधानिक प्रावधानबिना परिचालित हुँदैन भन्ने विषयमा सबै स्पष्ट हुन आवश्यक छ। नेपालको संविधानको धारा २६६(१), २६७(६) र २७३(१) बमोजिम मात्र सेना परिचालन हुन सक्ने संवैधानिक व्यवस्था रहेको छ।

भदौ २४ गते नेपाली सेनालाई सहयोगका लागि अनुरोध गर्दा समयमा सम्बोधन नभएको भन्ने गुनासो सुन्नमा आएको भए पनि त्यो यथार्थ होइन। नेपाली सेनाले दमकल प्रयोग गरी सिंहदरबारस्थित राष्ट्रिय डाटा सेन्टर

तथा अर्थ मन्त्रालयको डाटा सेन्टरमा लागेको आगलागी नियन्त्रण गरेको हो। साथै राष्ट्रपति निवास, प्रधानमन्त्री निवासका मुख्य संरचना, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा देशभरका विमानस्थल, इन्धन डिपो, कारागार लगायतका Vital Installation हरू नेपाली सेनाको पहलमा जोगाइएको हो। सिंहदरबार र राष्ट्रपति कार्यालय परिसरबाहिर जम्मा भएका उत्तेजित भीडलाई मौखिक चेतावनी, करिब ४६ राउन्डभन्दा बढी हवाई फायर र मूल गेटबाट पटक-पटक भौतिक रूपमा धकेली सम्झाइबुझाइ गरी बाहिर पठाइएको थियो। भदौ २४ गते बिहान ०५:०० बजेदेखि कर्फ्यु लगाउन नेपाली सेनाले सुझाव दिएको भए पनि काठमाडौंमा बिहान ०८:३० बजेबाट मात्र कर्फ्यु घोषणा भयो, जतिबेला प्रदर्शनकारीहरूको उल्लेख्य उपस्थिति भइसकेकोले उक्त कर्फ्यु प्रभावकारी हुन सकेन।

मैले भौतिक संरचनाभन्दा पनि मानवीय सुरक्षालाई प्राथमिकता दिएको छु। सेना परिचालनसम्बन्धी आलोचनालाई तत्कालीन संवैधानिक बाध्यता र परिस्थितिसापेक्ष मूल्याङ्कनका आधारमा हेर्नुपर्छ भन्ने मेरो धारणा छ। लुटिएका हतियार तथा फरार कैदी-बन्दी फिर्ता ल्याउन संयुक्त अपरेशन सञ्चालन गरिएको, हतियार फिर्ता बुझाउन सार्वजनिक आग्रह गरिएको र समन्वयात्मक सुरक्षा संयन्त्र सक्रिय राखिएको थियो।

अन्त्यमा, भविष्यमा यस्ता घटना दोहोरिन नदिन राज्यका प्रशासनिक तथा सुरक्षा संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी कानूनी आधारमा सुदृढ र प्रभावकारी बनाउनुपर्ने, राष्ट्रिय सुरक्षा परिषद्लाई अझ सक्रिय र जिम्मेवार बनाउनुपर्ने तथा सुरक्षा निकायहरूबीच गहिरो समन्वय र दीर्घकालीन संरचनागत सुधार आवश्यक रहेको मेरो निष्कर्ष रहेको छ। [26]

## २६. राष्ट्रपति कार्यालय, शीतल निवास सुरक्षाको कमाण्डर सहायक रथी मनोज वैदवार

म राष्ट्रपति कार्यालयमा मिति २०८१/०४/१८ गतेबाट खटिएको हुँ र भदौ २३ गते म शीतल निवासमै थिएँ। सो दिन जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा विभिन्न स्थानमा प्रदर्शन भए पनि शीतल निवास क्षेत्रमा कुनै असामान्य सुरक्षा समस्या उत्पन्न भएन।

भदौ २४ गते करिब ११:०० बजेतिर विभिन्न स्थानमा प्रदर्शनकारीहरू जम्मा हुँदै गएको सूचना प्राप्त भयो। ती समूहहरूको लक्ष्य कुनै पनि संवेदनशील स्थान हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै, मेरो जिम्मेवारीमा रहेको शीतल निवासको सुरक्षालाई उच्च प्राथमिकतामा राखी फौज पुनःव्यवस्थापन गरियो। शीतल निवासको नम्बर २ गेटको दक्षिणतर्फ तथा महाराजगञ्ज कान्ति बाल अस्पताल नजिकको सडकमा Blocking

26 बयानको सक्कल प्रति पाना- १६, अनुसुची-५ को सि.न.२५ अन्तर्गत रहेको ।

Position का रूपमा डिउटी तैनाथ गरियो। बाँकी फौजहरु शीतल निवास परिसर वरिपरि पोस्ट, स्ट्यान्डबाइ र स्टप-एण्ड-गो अवस्थामै राखिएको थियो। नम्बर १, नम्बर २ तथा पश्चिमतर्फका गेटहरू Strong Hold गरी सुरक्षा घेरा मजबुत बनाइएको थियो। मैले स्थलगत निरीक्षण तथा रेडियो सेटमार्फत शीतल निवास र सम्माननीय राष्ट्रपतिज्यूको सुरक्षाको निरन्तर एकिन गरिरहेको थिएँ।

करिब १२:३० बजे सम्माननीय राष्ट्रपतिज्यूले सबै सल्लाहकार सहित मलाई बोलाई समग्र परिस्थितिबारे छलफल गर्नुभयो। त्यतिबेला सम्म अवस्था नियन्त्रणमै रहेको र तैनाथ फौजले सडकमा जम्मा भएका प्रदर्शनकारीहरूलाई समझाइ-बुझाइ गर्दै रोकिराखेको जानकारी मैले प्रस्तुत गरें। विभिन्न माध्यमबाट प्रदर्शनकारीहरूको गतिविधि सम्बन्धी सूचना निरन्तर प्राप्त भइरहेकाले सोही अनुसार सतर्कता कायम राखिएको थियो। करिब १४:०० बजे पुनः सम्माननीय राष्ट्रपतिज्यूले मलाई बोलाई परिस्थितिबारे जानकारी लिनुभयो। उहाँले अन्तिम समयसम्म पनि शीतल निवासमै सुरक्षित बस्ने इच्छा व्यक्त गर्नुभयो। मैले पनि हालसम्म शीतल निवास सुरक्षित रहेको र अन्तिम अवस्थामा मात्र वैकल्पिक सुरक्षित स्थानमा लैजाने तयारी रहेको व्यहोरा स्पष्ट गरें।

करिब १५:०० बजेतिर प्रदर्शनकारीहरूको संख्या उल्लेख्य रूपमा बढ्दै गएको र ठूलो समूह पूर्व बालुवाटार तर्फबाट शीतल निवासतर्फ बढिरहेको सूचना प्राप्त भएपछि सबै प्रदर्शनकारीको सम्भावित लक्ष्य शीतल निवास नै हुन सक्ने स्पष्ट भयो। त्यस अवस्थालाई मध्यनजर गर्दै पहिलो प्राथमिकता सम्माननीय राष्ट्रपतिज्यूको सुरक्षा रहेकोले, उहाँलाई तत्काल सुरक्षित स्थानमा सार्नुपर्ने सुझाव मैले प्रस्तुत गरें। ADC टोली तथा अति विशिष्ट सुरक्षा निर्देशनालयको सहयोगमा करिब १५:१५ बजे सम्माननीय राष्ट्रपतिज्यू र परिवारलाई सवारीमार्फत सुरक्षित स्थानमा सकुशल पुऱ्याइयो।

यसपछि पनि म रेडियो सेट र मोबाइल मार्फत शीतल निवासमा तैनाथ फौजका कमाण्डर, राष्ट्रपति सचिवालयका सैनिक अधिकृत तथा अति विशिष्ट सुरक्षा निर्देशनालयका कमाण्डरसँग निरन्तर सम्पर्कमा रही परिस्थिति बुझिरहेको थिएँ र सकेसम्म समझाइ-बुझाइ तथा न्यूनतम बल प्रयोग गरी शीतल निवासमा क्षति हुन नदिन निर्देशन दिइरहेको थिएँ। करिब १५:२० बजेतिर ठूलो संख्यामा प्रदर्शनकारीहरूले नम्बर १ र नम्बर २ गेटबाट भित्र पस्ने प्रयास गरे। नम्बर २ गेटबाट प्रवेशको प्रयास फौजले रोकेको भए पनि, नम्बर १ गेटको दायाँ-बायाँ रहेको होचो पुरानो पर्खालबाट ठूलो संख्यामा प्रदर्शनकारीहरू शीतल निवासभित्र प्रवेश गरे।

त्यस क्रममा तैनाथ फौजले भित्र पस्न नदिन निरन्तर समझाइ-बुझाइ गऱ्यो तर अत्यन्त आक्रोशित भिडमाथि

गोली प्रहार गर्दा ठूलो मानवीय क्षति हुन सक्ने देखिएकाले हतियारबाट फायर खोलिएन। फौज केही पछाडि हट्दै शीतल निवासको दक्षिणतर्फको कार्यालय क्षेत्र र पश्चिमतर्फको राष्ट्रपतिको निवास जोगाउन केन्द्रित भयो। आक्रोशित भिडले वरिपरि तोडफोड तथा आगजनी सुरु गर्‍यो र करिब १६:०० बजेतिर आगलागी व्यापक बन्यो। तथापि, अन्तिम समयसम्म पनि फौज भौतिक रूपमा उपस्थित भई सम्झाइ-बुझाइ गर्दै अन्य क्षेत्रमा क्षति फैलिन नदिएकाले दक्षिणतर्फका सम्पूर्ण कार्यालय, पार्किङमा रहेका सवारी साधन तथा पश्चिमतर्फको राष्ट्रपतिको निवास भवन पूर्ण रूपमा सुरक्षित राख्न सफल भयौं। पुरानो संरचना, कार्पेट, पर्दा र फर्निचरका कारण आगो छिटो फैलिँदा शीतल निवासको पूर्वी र उत्तरी भाग तथा प्रि-फ्याब घरहरूमा क्षति पुग्यो।

शीतल निवासभित्र नेपाल प्रहरीको ९ जना सानो टुकडी समन्वयका लागि मात्र तैनाथ थियो र सशस्त्र प्रहरी बल भित्री परिसरमा थिएन। नेपाली सेनाको तर्फबाट २२४ जना फौज तैनाथ थिए। प्रदर्शनकारीको आक्रोशित भिडमाथि हवाई फायर वा अश्रुग्यास प्रयोग गरिएन, किनकि वरिपरि आवासीय तथा व्यवसायिक भवनहरू रहेको अवस्थामा त्यसले गम्भीर मानवीय क्षति निम्त्याउने जोखिम देखिएको थियो।

मेरो बुझाइमा, शीतल निवासमा आंशिक क्षति हुन जानुको मुख्य कारण मानवीय क्षति नहोस् भन्ने उच्च प्राथमिकताका साथ न्यूनतम बल प्रयोग गर्नु र विशिष्ट व्यक्ति सुरक्षा कार्यविधि २०८१ अनुसार सम्माननीय राष्ट्रपतिज्यू तथा परिवारको सुरक्षा पहिलो प्राथमिकतामा राखिनु हो। हतियारहरू कुनै पनि हराएका छैनन्। सम्पूर्ण घटनाक्रममा मैले चेन अफ कमाण्डअनुसार युद्धकार्य विभागसँग सम्पर्क गरी प्राप्त निर्देशन बमोजिम सुरक्षा कार्यविधि पालन गरेको हुँ।

अन्त्यमा, यस घटनाको अनुभवका आधारमा भविष्यमा यस्ता परिस्थितिमा बिना हतियार आएका प्रदर्शनकारीहरूबाट पनि ठूलो क्षति हुन सक्ने देखिएकाले, प्रहरी परिचालन तहगत र योजनाबद्ध हुनुपर्ने, Graduated Response को अवधारणा अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीको भूमिका प्राथमिक र अन्तिम विकल्पका रूपमा मात्र नेपाली सेनाको परिचालन हुनुपर्ने, साथै VVIP/VIP बसोबास तथा कार्यालय क्षेत्रको पर्खाल, तारजाली र बहु-तहको सुरक्षा संरचना सुदृढ बनाइनुपर्ने मेरो निष्कर्ष छ। [27]

## <u>२७. प्रधानमन्त्री निवास, बालुवाटारको सुरक्षा कमाण्डर प्रमुख सेनानी दिवाकर खड्काको बयान कागज ब्यहोराः</u>

27 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.२६ अन्तर्गत रहेको ।

भदौ २३ गते म प्रधानमन्त्री निवासमै उपस्थित थिएँ र उक्त दिन सो स्थानको सुरक्षा स्थितिमा कुनै असमान्य समस्या उत्पन्न भएन।

भदौ २४ गते बिहानसम्म प्रधानमन्त्री निवास क्षेत्रको अवस्था सामान्य नै थियो। यद्यपि, बाहिरी क्षेत्रमा अनियन्त्रित प्रदर्शन भइरहेका खबरहरू प्राप्त भइरहेका थिए। करिब १४:०० बजेतिर प्रदर्शनकारीहरू बालुवाटारतर्फ अगाडि बढ्दै आएको सूचना प्राप्त भयो। करिब १४:३० बजेसम्म प्रधानमन्त्री निवासको बाहिरी घेरामा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले आन्दोलन कारीहरूलाई रोक्ने प्रयास गरिरहेका थिए, तर भीडको आकार र आक्रोश बढ्दै गएकाले स्थिति थप संवेदनशील बन्दै गएको जानकारी प्राप्त भयो।

यसैबीच, चेन अफ कमाण्डमार्फत सुरक्षा जोखिमको मूल्याङ्कन गर्दै १४:५५ बजे प्रधानमन्त्रीज्यूको जीवन र सुरक्षालाई उच्च प्राथमिकतामा राखी उहाँलाई नेपाली सेनाको हवाई साधन प्रयोग गरी सुरक्षित स्थानतर्फ उद्दार गर्ने निर्णय कार्यान्वयन गरियो। यो निर्णय पूर्ण रूपमा SOP, सुरक्षा कार्यविधि र माथिल्लो निकायसँगको समन्वयमा गरिएको थियो।

प्रधानमन्त्री निवासको सुरक्षामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीच आ-आफ्नो कार्यविधि अनुसार निरन्तर समन्वय र सहकार्य हुँदै आएको थियो। २४ गते पनि सबै सुरक्षा निकायले आफ्नो जिम्मेवारी अनुसार प्रधानमन्त्री निवासको मुख्य गेट, वरपरका सडक र सुरक्षाघेरामा ड्युटी सम्हालिरहेका थिए। प्रधानमन्त्री निवासमा प्रधानमन्त्रीज्यू रहुन्जेल सम्म सम्बन्धित निकायहरूले भीडलाई तितर वितर पार्न र स्थिति नियन्त्रणमा राख्न प्रयास गरेका थिए।

प्रधानमन्त्री निवास क्षेत्रमा नेपाली सेनाबाट न अश्रुग्यास प्रयोग गरिएको थियो न त हवाई फायर नै। सेनाको भूमिकाले मुख्यतः समझाइ-बुझाइ, संयमता र भित्री घेराको सुरक्षामा केन्द्रित रही काम गरेको थियो। बाहिरी घेरामा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल अत्यधिक अनियन्त्रित भीडका कारण केही पछाडि हट्नुपरेको अवस्थामा प्रधानमन्त्री निवासको बाहिरी घेराको केही भागमा क्षति पुगेको हो। तथापि, प्रधानमन्त्री निवासको मुख्य संरचना, निवास भवन, नयाँ सचिवालय भवन, सवारी साधन तथा अन्य महत्वपूर्ण भौतिक संरचनाहरू पूर्ण रूपमा सुरक्षित रहेका थिए।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल करिब १४:४५ बजेतिर बाहिरी घेराबाट पछाडि हटेको देखिए पनि, नेपाली सेनाको टोली भने प्रधानमन्त्रीज्यूको उद्दारमा संलग्न टोली बाहेक सबै आफ्नो-आफ्नो कार्यस्थलमै तैनाथ रहेको थियो र कसैले पनि ड्युटी छाडेर अन्यत्र गएको अवस्था थिएन। यस विषयमा कुनै पनि प्रकारको

अनुशासनहीनता वा ड्युटी त्याग भएको छैन।

प्रधानमन्त्रीज्यूको उद्धारपछि पनि नेपाली सेनाले भित्री घेरामा रहेका विशिष्ट व्यक्ति, भवन, सवारी साधन र अन्य भौतिक साधनहरूको सुरक्षा निरन्तर रूपमा कायम राखेको थियो। सम्पूर्ण कारबाही चेन अफ कमाण्ड अनुसार युद्धकार्य विभागसँग समन्वय गरी, प्राप्त निर्देशन र SOP बमोजिम सम्पन्न गरिएको हो।

भदौ २४ गतेको घटनाक्रममा तीनवटै सुरक्षा निकायबीच पूर्ण समन्वय नभएको भन्ने आरोप सन्दर्भमा मेरो बुझाइ फरक छ, सामान्य अवस्थामा सुरक्षा निकायहरूबीच समन्वय हुँदै आएको थियो तर अत्यन्त ठूलो र अनियन्त्रित भीड बाहिरी घेराबाट भित्र छिरेपछि परिस्थिति आकस्मिक रूपमा जटिल बनेको हो, जसलाई नेपाली सेनाको टोलीले भित्री घेरामा नियन्त्रणमा लिएको थियो।

अन्त्यमा, भविष्यमा प्रधानमन्त्री निवास जस्तो अति संवेदनशील VVIP क्षेत्रको सुरक्षा अझ प्रभावकारी बनाउन, एउटै सुरक्षा निकायलाई समग्र जिम्मेवारी दिने स्पष्ट व्यवस्था उपयुक्त हुने मेरो निष्कर्ष छ। विभिन्न सुरक्षा निकायका फरक-फरक SOP, हातहतियार, उपकरण र चेन अफ कमाण्डका कारण संयुक्त रूपमा कार्य सञ्चालन गर्दा व्यवहारिक कठिनाइ देखिएको अनुभवका आधारमा, एकल कमाण्ड प्रणालीले सुरक्षा व्यवस्था अझ सुदृढ र प्रभावकारी हुने विश्वास मैले व्यक्त गरेको छु। [28]

## २८. प्रमुख सेनानी गणेश खड्काको ( जिल्ला सुरक्षा समिति काठमाडौंको सदस्य) बयान कागज ब्यहोरा

भाद्र २३ गते माईतिघर मण्डलामा शान्तीपूर्ण आन्दोलन गर्ने जानकारी सहितको पत्र हामी नेपाल नामक संस्थाका अध्यक्ष सुदन गुरुङ्ग तथा अंकित मल्ल, सवल गौतम र पुरुषोत्तम यादव लगायतकाले जिल्ला प्रशासन कार्यालयमा पठाएका थिए भने आन्दोलन तत्कालीन सरकारलाई दवाव दिनको लागि हुने र पूर्ण रुपमा शान्तिपूर्ण हुने लगायतका सूचना जिल्ला सुरक्षा समितिमा आएका थिए। करिब ८ हजार जनासम्म सहभागी हुन सक्ने अनुमान जिल्ला सुरक्षा समितिमा प्रस्तुत गरिएको थियो। आन्दोलनको नेतृत्व स्पष्ट नदेखिनु, संवादहरू डिस्कोर्ड जस्ता सामाजिक सञ्जाल मार्फत मात्र हुनु र सम्बन्धित निकायले ती सूचनाहरू समयमै प्रभावकारी रूपमा विश्लेषण गर्न नसक्नुका कारण प्रारम्भिक अनुमान वास्तविकतासँग मेल खान सकेन भन्ने मेरो बुझाइ छ।

प्राप्त सूचनाका आधारमा जिल्ला सुरक्षा समितिले सुरक्षा योजना तर्जुमा गरी लागू गर्ने, बालबालिकाको प्रयोग

28 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.२७ अन्तर्गत रहेको ।

हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै विशेष सतर्कता अपनाउने र समन्वयात्मक रूपमा सुरक्षा व्यवस्था मिलाउने निर्णय गरेको थियो। भदौ २३ गते कर्फ्यू लागू भएपछि स्थानीय प्रशासन ऐन, २०२८ अनुसार नेपाली सेनाको सहयोग माग्ने निर्णय जिल्ला सुरक्षा समितिबाट भई प्रमुख जिल्ला अधिकारीले करिब १२:३० बजे सो निर्णय गरेका थिए। त्यसलगत्तै मैले सेनानी सन्तोष ढुंगेलको नेतृत्वमा गणबाट फौज खटाएको हुँ।

कर्फ्यू घोषणा र लागू हुने समय एकैसाथ भएको तथा त्यस अगावै हजारौं आक्रोशित प्रदर्शनकारी जम्मा भइसकेको अवस्था थियो। कर्फ्यू पूर्व सूचना नपुगेको र बानेश्वरतर्फ जाने अधिकांश मार्गहरू प्रदर्शनकारीहरूले अवरुद्ध गरेका कारण फौजको मुभमेन्टमा कठिनाइ आएको थियो। यद्यपि, माइकिङ र समझाइ-बुझाइ गर्दै बाटो खुलाईंदा फौज संसद भवन परिसरमा पुगेर तैनाथ हुन सफल भएको हो।

भदौ २३ गते संसद भवन आसपास गोली चलेर प्रदर्शनकारीहरूको मृत्यु भएको जानकारी प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयमा संयुक्त सुरक्षा कमाण्ड पोष्ट स्थापना गरियो। त्यसपछि जिल्ला सुरक्षा समितिको बैठक बसेर वानेश्वर क्षेत्र केन्द्रित कर्फ्यू आदेश राति १० बजेसम्म लागू गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने र आवश्यक सहयोगका लागि नेपाली सेनालाई अनुरोध गर्ने निर्णय गरिएको थियो।

सेनानी सन्तोष ढुंगेलको नेतृत्वमा करिब १२:४५ बजे सिंहदरबार स्थित गणबाट संसद भवनतर्फ फौज मुभ गराइएको थियो। BICC तर्फ बढ्दा प्रदर्शनकारीहरूले ट्रकको चक्का मुनी सुत्ने, सवारी अवरोध गर्ने जस्ता गतिविधि गरेकाले करिब दुई घण्टा फौज रोकिएको अवस्था थियो। नेपाली सेनाले निरन्तर माइकिङ गर्दै, सवारी साधन सुरक्षित राख्दै र प्रदर्शनकारीलाई समझाइ-बुझाइ गरी करिब १४:५० बजे संघीय संसद भवन कम्पाउण्डमा प्रवेश गरेको हो। यस क्रममा फौज फर्किएको भन्ने कुरा सत्य होइन: केवल बाटो खुलाउँदै अगाडि बढ्दा समय बढी लागेको मात्र हो।

भदौ २४ गते संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन, निजी घर तथा व्यवसायिक संरचनामा भएको आगजनी, लुटपाट र तोडफोडलाई म कुनै एक पक्षको कमजोरी मात्रका रूपमा हेर्दिनँ। तत्कालीन समयमा सर्वसाधारणमा व्याप्त गहिरो असन्तोष र सुरक्षा निकायहरूले मानवीय क्षति न्यूनिकरण गर्ने उद्देश्यले अपनाएको संयमित कार्यशैलीबाट सिर्जित अवस्था यसको प्रमुख कारण जस्तो लाग्दछ।

अन्त्यमा, भविष्यमा यस्ता घटना दोहोरिन नदिन काठमाडौं उपत्यकाको विशेष सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी छुट्टै संरचना सहितको सुरक्षा समिति गठन आवश्यक ठान्दछु। साथै, भीड ठूलो मात्रामा एकत्रित भइसकेपछि पर्याप्त पूर्व सूचना र तयारी बिना कर्फ्यू लागू गर्दा परिस्थिति नियन्त्रणमा लिन कठिन हुने

अनुभवका आधारमा, यस्ता निर्णयमा समय, सूचना र समन्वयलाई अझ सुदृढ बनाइनुपर्ने मेरो निष्कर्ष छ।

**<u>२८(क). प्रमुख सेनानी गणेश खड्का ( नरसिंहदल गण सिंहदरबारका गणपतिको रुपमा)-</u>**

भदौ २३ र २४ गते काठमाडौंमा घटेका घटनाका क्रममा म नरसिंहदल गण, सिंहदरबार व्यारेकमा गणपतिको जिम्मेवारीमा कार्यरत थिएँ र जिल्ला प्रशासन कार्यालय काठमाडौंको जिल्ला कमाण्ड पोष्ट तथा आवश्यकता अनुसार सिंहदरबार परिसरमा समेत उपस्थित थिएँ। भाद्र २३ गते काठमाण्डौमा कर्फ्यू आदेश जारी गरी नेपाली सेनाको सहायता माग गरे पश्चात संघिय संसद भवन तर्फ फौज मुभ गराउदा प्रदर्शनकारीहरु ट्रकको चक्का मुनी सुत्ने लगायतका गतिविधिहरु गरी फौजको मुभमेण्टमा गम्भिर असर पारेका थिए।

भदौ २४ गते जिल्ला प्रशासन कार्यालयले कर्फ्यू आदेश जारी गरी नेपाली सेनाको सहायता माग गरेपछि सिंहदरबार सचिवालयका सबै छ वटा गेटहरू-माइतीघर मण्डला, पद्मोदय मोड, हनुमानस्थान लगायतका नाकाहरुमा नेपाली सेनाको फौज तैनाथ गरिएको थियो। बिहानैदेखि प्रदर्शनकारीहरू मुख्य चोकहरूमा टायर बाल्दै जम्मा हुन थालेका थिए र दिउँसो करिब १२:४५ बजेतिर पश्चिम, दक्षिण र पूर्वी गेटमा हजारौंको संख्यामा भीड पुगेको अवस्था थियो। उनीहरूले ढुंगामुढा प्रहार गर्नुका साथै गेटमा आगजनी गर्ने प्रयास गरेका थिए।

१३:२५ बजेतिर पश्चिम गेटअगाडि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली अत्यधिक भिडको कारणले पछि हट्दै गेटभित्र प्रवेश गर्दा ठूलो संख्यामा प्रदर्शनकारीहरू समेत भित्र पसे। त्यसपछि प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रयोग गऱ्यो भने नेपाली सेनाले हवाई फायर गरी भिडलाई बाहिर निकालेर पुनः गेट बन्द गरियो। भीडलाई सिंहदरबार जस्तो संवेदनशील क्षेत्रमा जम्मा नहुन चेतावनी समेत दिइएको थियो। १३:४२ बजे पश्चिम गेटमा आगजनी भएपछि नेपाली सेनाको दमकल प्रयोग गरी तुरुन्त आगो नियन्त्रण गरिएको थियो।

१३:५३ बजे महिला, बालबालिका र स्ट्रेचर बोकेका व्यक्तिहरू अगाडि राखी हजारौंको संख्यामा प्रदर्शनकारीहरू पुनः पश्चिम गेटबाट भित्र छिरे। सो क्रममा नेपाली सेनाले हवाई फायर र प्रहरीले अश्रुग्यास प्रयोग गरी भिडलाई पुनः बाहिर निकालियो। दक्षिण गेट हुँदै राष्ट्रिय अनुसन्धान मुख्यालयको गेटबाट पनि ठूलो संख्यामा प्रदर्शनकारीहरू भित्र छिरे, जसले स्थितिलाई अत्यन्त संवेदनशील बनायो। मुख्य गेट तथा दायाँबायाँका फलामे जञ्जिर फोडेर करिब १५:०३ बजे भीड भित्र प्रवेश गरेपछि गुत्थमगुत्था र अराजक अवस्था सिर्जना भयो। यस्तो अवस्थामा सिधा गोली प्रहार गर्दा ठूलो मानवीय क्षति हुने सम्भावना देखिएकाले संयमता अपनाइयो र हवाई फायर मार्फत भीड नियन्त्रण गर्ने प्रयास गरियो।

भित्र प्रवेश गरेको भीडले एक्कासी आगजनी सुरु गरेपछि दमकल अगाडि बढाउँदा पटक-पटक अवरोध गरियो। रक्षा मन्त्रालय नजिक रहेको विस्फोटक भण्डारण स्थल (बंकर) आसपास आगजनी सुरु भएको सूचना पाएपछि, यदि त्यहाँ आगो फैलिएको खण्डमा करिब एक किलोमिटर क्षेत्रभित्र गम्भीर मानवीय तथा भौतिक क्षति हुन सक्ने जोखिमको मूल्याङ्कन गरी तत्काल दमकल पठाई आगो नियन्त्रण गरियो। करिब १६:२० बजे थप फौज आइपुगेपछि सम्पूर्ण प्रदर्शनकारीहरू सिंहदरबार क्षेत्रबाट बाहिर निकालेर दमकलमार्फत आगलागी नियन्त्रण कार्य तीव्र पारियो। जंगी अड्डाबाट पानी रिफिल गर्दै नेपाली सेना, काठमाडौं महानगरपालिका लगायतका दमकल प्रयोग गरी आगो नियन्त्रणमा लिइयो।

भदौ २४ गते नेपाल प्रहरी र सशस्त्र प्रहरीले माइकिङ, सम्झाइ बुझाइ, अश्रुग्यास र हवाई फायर प्रयोग गर्दै स्थिति नियन्त्रणमा राख्ने प्रयास गरेका थिए। जिल्ला सुरक्षा समितिद्वारा अनुमोदित एकीकृत सुरक्षा योजना अनुसार सबै सुरक्षा निकायबीच समन्वय र सहकार्य गरिएको थियो। सो दिन सिंहदरबार सचिवालयमा सीमित प्रहरी संख्या र सशस्त्र प्रहरीको स्थायी उपस्थिति नभएको अवस्था थियो तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा बारम्बार भिडलाई बाहिर निकाल्ने प्रयास गरेका थिए।

सुरक्षा कार्यविधि बमोजिम असल नियत र संयमता अपनाउँदै कार्य गर्दा पनि सबै गेटबाट एकैचोटि उत्तेजित भीड भित्र छिरेपछि स्थिति असामान्य बनेको थियो। त्यस अवस्थामा गणपतिको हैसियतले मैले भित्र र बाहिर तैनाथ फौजलाई एकत्रित गरी सिंहदरबारको Data Centre, नवनिर्मित संघीय संसद भवन, रक्षा मन्त्रालय, उद्योग तथा वाणिज्य मन्त्रालय, रेडियो नेपाल, नेपाल टेलिभिजन लगायतका महत्वपूर्ण संरचनाहरू प्राथमिकता दिएर जोगाएको समेत हो। सम्पूर्ण घटनाक्रमको प्रतिवेदन मैले नेपाली सेनाको चेन अफ कमाण्ड अनुसार निरन्तर रूपमा माथिल्लो निकायमा पेश गर्दै आएको थिएँ, जहाँबाट न्यूनतम मानवीय क्षति हुने गरी संयमता अपनाउन निर्देशन प्राप्त भएको थियो।

यस्ता विषम परिस्थितिमा संयुक्त सुरक्षा फौजलाई प्रभावकारी रूपमा परिचालन गर्न एकल कमाण्ड प्रणाली सम्बन्धी स्पष्ट कानूनी व्यवस्था आवश्यक देखिएको छ। भविष्यमा सिंहदरबार सुरक्षा तथा समन्वय समितिलाई थप सक्रिय बनाउने, संयुक्त सुरक्षा अभ्यासहरू सञ्चालन गर्ने र संकटको बेला स्पष्ट कमाण्ड संरचना तय गर्ने व्यवस्था भए व्यवहारमा सुरक्षा व्यवस्थापन अझ प्रभावकारी हुने मेरो निष्कर्ष छ।[29]

## <u>२९. सेनानी सन्तोष ढुंगेल (संसद भवन थप सुरक्षार्थ खटिएको टोली कमाण्डर )</u>

---

29 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.२८ अन्तर्गत रहेको ।

भदौ २३ गते बिहान म टुँडिखेल परेडमा सहभागी भइरहेको अवस्थामा करिब १२:१५ बजे नरसिंहदल गण सिंहदरबारका गणपति प्रमुख सेनानी गणेश खड्काबाट गण मुख्यालय आउन आदेश प्राप्त भयो। करिब १२:३५ बजे परेड टोलीसहित गण मुख्यालय पुगेपछि १२:४५ बजे दुईवटा सवारी साधन सहित BICC तर्फ प्रस्थान गरें। सिंहदरबार-हनुमानस्थान-थापागाउँ हुँदै BICC जाने क्रममा प्रदर्शनकारीहरूले सवारीसाधन रोक्दा करिब ४५ मिनेट ढिलाइ भयो। पछि थप फौजसँग Link Up भए पनि प्रदर्शनकारीहरूले ट्रकको चक्कामुनि सुत्ने जस्ता गतिविधि गर्दा करिब दुई घण्टासम्म फौजको मुभमेन्ट गम्भीर रूपमा प्रभावित भयो। यसबारे मैले चेन अफ कमाण्डमा जानकारी गराएको थिएँ।

करिब १४:४० बजे स्थानीय प्रहरीको सहयोगमा माइकिङ र समझाइ-बुझाइ गर्दै, सवारी साधनबाट डिस्माउन्ट भई फौजलाई सुरक्षा दिँदै १४:५० बजे संघीय संसद भवनको कम्पाउण्डभित्र प्रवेश गरियो। सो क्रममा मेरो टोली फ्रन्ट लाइनमा रही भिड नियन्त्रणमा खटिएको थियो। करिब १७:०५ बजे पश्चिम गेट हुँदै पूर्ण रूपमा भित्र प्रवेश गरी दक्षिण-पश्चिमतर्फ भत्किएको पर्खालमा बेरिकेड लगाएर क्षेत्र सुरक्षित गरियो। त्यसपछि सेक्टर विभाजन गरी ड्युटी तोकियो र राति २०:०० बजेदेखि भोलिपल्ट बिहान ०६:०० बजेसम्म नाइट पेट्रोलसमेत सञ्चालन गरिएको थियो। भदौ २३ गते मेरो टोलीबाट कुनै पनि हवाई फायर वा गोली प्रहार गरिएको थिएन।

भदौ २४ गते बिहान करिब ०७:०० बजेदेखि प्रदर्शनकारीहरू BICC को दक्षिण मूलगेटमा जम्मा हुन थाले। प्रारम्भिक रूपमा बेरिकेड थप्दै, विभिन्न समूह विभाजन गरी ०८:३५ बजे सम्पूर्ण टोलीलाई सुरक्षा र परिस्थितिको ब्रिफिङ गरें। करिब ११:३० बजेतिर करिब दश हजारको हाराहारीमा पुगेको भीडले ढुंगा, इँटा, सिसाका बोतल र Molotov Cocktail प्रयोग गरी दक्षिण र पश्चिम पेरिमिटरमा आक्रमण गर्न थाल्यो। दिनभरि करिब चार पटकसम्म भीडले संसद भवनमा प्रवेश गर्ने प्रयास गर्‍यो, जसलाई प्रहरीले अश्रुग्यास प्रयोग गरी बाहिर धकेल्ने प्रयास गरिरहेको थियो।

करिब १३:५७ बजे ठूलो हुलसहित प्रदर्शनकारीहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेरा तोड्दै संसद भवनतर्फ आक्रमण गरे। सो क्रममा नेपाली सेनाले माइकिङ गर्दै अगाडि नबढ्न, राष्ट्रिय सम्पत्तिमा क्षति नगर्न, आगजनी नगर्न र संयमित रहन आग्रह गर्‍यो तर चेतावनीको अवहेलना गर्दै अत्यन्त आक्रोशित भीड संसद भवनभित्र प्रवेश गरी ढुंगामुढा, रड र Molotov Cocktail प्रयोग गर्न थाल्यो। "खुनको बदला खुन" जस्ता नारा लगाउँदै सेनाका तथा प्रहरीका सवारीसाधनमा आगजनी गरियो। Molotov Cocktail को प्रहारबाट संसद भवनको ल्होत्से सभाहलमा ठूलो आगलागी हुँदा बाहिर खटिएका सुरक्षाकर्मीसमेत जोखिममा

परेका थिए।

मानवीय क्षति हुन नदिन नेपाल प्रहरीले १४:०० बजे प्रवेशद्वार छोडी पश्चिम सेक्टरतर्फ सुरक्षित घेरा बनायो। त्यसपछि १४:३० बजे उत्तरी सेक्टरमा Safe Passage बनाएर प्रहरीको उद्दार गरियो। मैले पुनः भवनभित्र पेट्रोल गरी फसेका प्रहरी तथा प्रदर्शनकारीहरूको उद्धार गरें र थप क्षति तथा आगजनी रोक्न निरन्तर माइकिङ मार्फत आग्रह गरें। सो दिन नेपाल प्रहरी र सशस्त्र प्रहरी उत्तर र पश्चिम गेटमा बेरिकेड सहित तैनाथ रही अश्रुग्यास प्रयोग गरेर भिड नियन्त्रणको प्रयास गरिरहेका थिए।

त्यो दिन मेरो कमाण्डमा जम्मा १४० जनाको नेपाली सेनाको नफ्री थियो। जनपद प्रहरी र सशस्त्र प्रहरीको यकिन नफ्रीबारे जानकारी भएन। अनियन्त्रित भिडले गेट फोरेर प्रवेश गरेपछि प्रारम्भिक घेरामा रहेका प्रहरीले अश्रुग्यास र लाठीचार्ज प्रयोग गरेको थियो भने मेरो टोलीले मुख्यतः समझाइ-बुझाइ र धकेल्दै पछाडि हटाउने प्रयास मात्र गऱ्यो।

संसद भवन पूर्ण रूपमा सुरक्षित हुन नसक्नुको मुख्य कारण भिड नियन्त्रणका लागि आवश्यक Non-lethal उपकरणको अभाव र यस्ता परिस्थितिका लागि सुरक्षा निकायबीच पर्याप्त संयुक्त अभ्यास नहुनु रहेको मेरो निष्कर्ष छ। भदौ २४ गते करिब १६:०० बजेसम्म मेरो टोली संसद भवन परिसरमै रही त्यसपछि सिंहदरबार स्थित गणमा फिर्ता भयो। सबै फौज र हातहतियार सकुशल थिए।

सम्पूर्ण घटनाक्रममा मैले चेन अफ कमाण्ड अनुसार गणपति र बाहिनीपतिसँग समन्वय गरेको थिएँ। माथिल्लो निकायबाट संयम अपनाउन, भिडलाई उत्तेजित नबनाउन र मानवीय क्षति हुन नदिन माइकिङ मार्फत आग्रह गर्न निर्देशन प्राप्त भएको थियो। भविष्यमा यस्ता महत्वपूर्ण स्थानको सुरक्षा प्रभावकारी बनाउन, सेनाले भिड नियन्त्रणभन्दा deterrence posture कायम राख्ने, सबै सुरक्षा निकाय पर्याप्त संख्यामा तैनाथ भई Access Control कडा बनाउने, नियमित संयुक्त अभ्यास (Simulation Exercise) गर्ने र सूचना संकलनका साधन तथा स्रोतहरू सुदृढ बनाउने आवश्यकता रहेको मेरो ठम्याइ छ।[30]

**<u>५.१.४ नेपाल प्रहरीको बयान तथा घटना बिबरण कागज ब्यहोराः</u>**

**<u>३०. तत्कालीन प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङको बयान ब्यहोराः</u>**

कुनै पनि आन्दोलन वा भीड-नियन्त्रणसम्बन्धी वास्तविक स्थितिको जानकारी लिनका लागि प्रहरी प्रधान कार्यालय नक्सालमा स्थापित रिपोर्टिङ प्रणाली नै मूल आधार हुने गरेको छ। सम्बन्धित एरिया तथा

---

30 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.२९ अन्तर्गत रहेको ।

प्रदेशबाट प्र.प्र.का. अपरेसन मार्फत रिपोर्टिङ भई AIGP, DIGP, SSP, SP लगायतका अधिकृतहरूसँग Chain of Command अनुसार सूचनाको आदान-प्रदान र निर्देशनको क्रम सञ्चालन हुन्छ। विशेष अवस्थाहरूमा भने आवश्यकताअनुसार सम्बन्धित विभाग वा कार्यालय प्रमुखहरूमार्फत प्रत्यक्ष रूपमा सामान्य जानकारी लिन सकिने अभ्यास पनि रहेको छ।

भाद्र २३ गते Gen-Z युवा पुस्ताद्वारा आयोजित प्रदर्शन शान्तिपूर्ण कार्यक्रमको स्वीकृति लिएर गरिएको भन्ने प्रारम्भिक जानकारी थियो। यद्यपि केही उत्श्रृंखल व्यक्तिहरूको घुसपैठ भई स्थिति उत्तेजक बन्न सक्ने आँकलन गरिएको थियो, तर संघीय संसद भवनमा तोडफोड र आगजनी नै हुन सक्ने स्तरको विश्लेषण प्रारम्भमा गरिएको थिएन। प्रहरी प्रधान कार्यालय कार्य विभाग तथा साइबर ब्यूरोबाट Discord जस्ता प्लेटफर्ममा छलफल र तयारी भइरहेको सूचना प्राप्त भएको थियो, र सो विषय सुरक्षा निकाय प्रमुखहरूको बैठकमा प्रस्तुत गरिएको थियो। नेपाल सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय लिनुअघि त्यसबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीबारे नेपाल प्रहरीसँग औपचारिक राय-सल्लाह गरिएको थिएन: तर बन्द भइसकेपछि सम्भावित चुनौतीप्रति सजगता अपनाइएको थियो।

सोही दिन निषेधित क्षेत्र तोडी संघीय संसद भवनतर्फ जुलुस अघि बढिरहेको रिपोर्ट प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको थिएँ। जुलुसलाई भेन्टिलेट गर्न र स्थिति नियन्त्रणमा राख्न भनेको थिएँ। सुरक्षाकर्मीको घेरा तोड्दै प्रदर्शनकारी संसद परिसरभित्र प्रवेश गरेको जानकारी पाएपछि स्थानीय प्रशासन ऐनअनुसार संयमतापूर्वक प्रहरी परिचालन गर्न निर्देशन दिएको हुँ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले कर्फ्यु आदेश जारी गरेपछि कर्फ्यु कार्यान्वयनको आफ्नै विधि र प्रक्रिया हुने भएकाले त्यसमा प्रहरी महानिरीक्षकको प्रत्यक्ष भूमिका नहुने तथ्य उल्लेख गर्न चाहन्छु।

फिल्डमा खटिएका प्रहरी कर्मचारीहरूले परिस्थितिले माग गरेमा कानूनबमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् र प्रत्येक अवस्थामा केन्द्रबाट पूर्व स्वीकृति लिनुपर्ने कानूनी बाध्यता छैन। सबै प्रकारका फायर प्रयोगअघि केन्द्रीय स्वीकृति अनिवार्य गरिएको भए फरक परिणाम आउन सक्थ्यो भन्ने अनुमान गर्न सकिएला, तर व्यवहारिक र कानूनी रूपमा प्रत्येक अवस्थालाई त्यसरी नियन्त्रित गर्न सम्भव हुँदैन। Live fire पूर्ण रूपमा प्रतिबन्धित गर्ने वा cease fire को विशेष आदेश दिने अधिकार प्रहरी महानिरीक्षकलाई छैन: नीतिगत रूपमा न्यूनतम बल प्रयोग गर्न निर्देशन दिएको थिएँ। महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा, आत्मरक्षा तथा कर्फ्यु कार्यान्वयनको सन्दर्भमा फिल्डको अवस्थाअनुसार स्थानीय प्रशासन ऐनको दायराभित्र रही live ammunition प्रयोग हुन सक्ने प्रावधान रहेको छ।

जब संसद भवनको पर्खाल भत्काइयो, पश्चिम र दक्षिणतर्फका गेटमा आगजनी भयो, विभिन्न दिशाबाट पर्खाल नाघी परिसरभित्र प्रवेश गरियो, सुरक्षा पोस्टमा तैनाथ कर्मचारीहरूको हतियार खोस्ने प्रयास भयो, पोस्टहरूमा आगजनी र सुरक्षाकर्मीमाथि ढुंगामुढा भयो, त्यसबेला सुरक्षा नियन्त्रण गुम्न सक्ने जोखिम फिल्डका अधिकृतहरूले महसुस गरेका हुनुपर्छ भन्ने मेरो बुझाइ छ।

भाद्र २३ गतेको घटनामा करिब २१ जनाको मृत्यु भएको जानकारी पाएको छु। प्रदर्शनकारी तथा प्रहरी कर्मचारीहरू घाइते भएको विवरण नियमित रिपोर्टिङमार्फत प्राप्त भएको थियो। लाइभ राउण्ड प्रयोग सामान्य अवस्था होइन: भीडको दौडधुप, हजारौं राउण्ड फायर, सयौं घाइते भएको जटिल परिस्थितिमा दुर्भाग्यवश केही प्रदर्शनकारीलाई छाती, टाउको, अनुहार, घाँटी, पेटजस्ता संवेदनशील भागमा गोली लागेर मृत्यु भएको हुन सक्छ। संसद परिसरमा अन्तिम बल प्रयोग भइसकेपछि तत्काल स्थिति नियन्त्रणमा आए पनि अर्को दिन थप आक्रामक बनेको जानकारी आएको थियो। मेरो विश्वासमा कर्फ्यु आदेशपछि मात्र गोली चलेको हो। संसद भवनको कम्पाउण्ड वाल भत्किसकेको, गेट तथा सुरक्षा पोस्टमा आगजनी भइसकेको र परिसरभित्र तोडफोड सुरु भइसकेको अवस्थामा अन्तिम बल प्रयोग नगरेको भए संसद भवनमा थप क्षति हुने निश्चित थियो भन्ने ठान्दछु।

मानवीय क्षति कुनै एक व्यक्तिको एकदिनको निर्णयको परिणाम मात्र हो भन्ने मलाई लाग्दैन। Gen-Z युवाहरूको शान्तिपूर्ण प्रदर्शन कसरी हिंसात्मक स्तरमा पुग्यो, कुन तत्वहरूको घुसपैठ वा कुन कारकहरूले आक्रोश बढायो भन्ने विषय गहन अनुसन्धानबाट मात्र स्पष्ट हुन सक्छ। तत्काल फिल्डमा खटिएका सुरक्षाकर्मी अन्य निकायहरूप्रतिको आक्रोशको निशाना मात्र बनेका हुन् भन्ने मेरो धारणा छ। सूचना संकलन, विश्लेषण र सम्प्रेषणमा संलग्न राज्य निकायहरू धेरथोर जिम्मेवार रहेको देखिन्छ।

घटना अत्यन्त दुखद भएकाले त्यसको प्रभाव देशभर पर्न सक्ने अनुमान सहित सबै प्रदेश प्रहरी प्रमुखहरूलाई साँझ ब्रिफिङ गरी संयमतापूर्वक सुरक्षा व्यवस्थापन गर्न निर्देशन दिएको थिएँ। सम्भावित आक्रमण, सार्वजनिक सम्पत्ति र राजनीतिक नेतृत्व वर्गमाथि खतरा हुन सक्ने आँकलन गरी स्थानीय सुरक्षा मूल्याङ्कन गर्न भनीएको थियो। भाद्र २४ गते बिहान सुरक्षा प्रमुखहरू सहित प्रधानमन्त्रीलाई बालुवाटारमा ब्रिफिङ गरिएको थियो, जहाँ ठूलो मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै छानबिन समिति गठन गर्ने कुरा भएको थियो।

नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने कसरी बाहिर आउनुभयो भन्ने जानकारी मलाई थिएन: बाहिर आइसकेपछि डि.पी. अर्यालको WhatsApp नम्बर मार्फत सम्पर्क गरिएको थियो।

मैले दिएको वा नदिएको आदेशका कारण प्रत्यक्ष रूपमा परिणाम निर्धारण भयो भन्ने आरोप अस्वीकार गर्दछु। कानून कार्यान्वयनमा परिस्थितिको भूमिका निर्णायक हुन्छ। घाइते तथा मृतकको शरीरबाट प्राप्त गोलीहरू परीक्षणका लागि पठाइएको जानकारी छ: खोका संकलनबारे भने मसँग स्पष्ट जानकारी थिएन। सेवा निवृत्त हुँदासम्म १२ जनाको सनाखत बाँकी थियो, DNA परीक्षणको प्रयास भए पनि सबै अवस्थामा सम्भव नभएको रिपोर्ट प्राप्त भएको थियो।

प्रहरी ऐन, २०१२ अनुसार हातहतियार वा सरकारी सम्पत्ति आक्रमणकारीलाई सुम्पनु गम्भीर अपराध हो: त्यसैले फिल्डको जोखिम र प्रहरीको जीवनरक्षालाई ध्यानमा राखी मूल्याङ्कन गर्नुपर्छ। मैले जानाजानी कुनै गैरकानूनी आदेश दिएको छैन। नेपाली सेनाको परिचालनबारे नीति-विधि स्पष्ट जानकारी नभएकाले धारणा राख्नु उपयुक्त ठान्दिन। अन्तर-एजेन्सी समन्वय जिल्ला सुरक्षा समितिदेखि केन्द्रीय सुरक्षा समितिसम्म सक्रिय थियो, यद्यपि प्रभावकारिता परिस्थिति अनुसार फरक देखियो।

भाद्र २४ गते प्रहरीका अधिकांश कार्यालयहरुमा आक्रमण, तोडफोड, आगजनी र प्रहरीको समेत हत्या हुन शुरु भएपछि तत्काल कार्यालयमा रहेका जनशक्तिले मात्र अवस्था नियन्त्रण गर्न नसक्ने, सबै कार्यालयहरुमा आक्रमण भएको हुनाले तत्काल थप मद्दत परिचालन गर्न सम्भव नभएको र त्यहाँ विद्यमान जनशक्तिले गोली फायर गर्न शुरु गरे ठूलो मानवीय क्षतिको विकल्प नदेखिएको, थनुवाहरुलाई बन्द नै राखी रहने हो भने आगजनी हुँदा ठूलो अपृय अवस्था आउन सक्ने देखिएको कारण न्यूनतम बल प्रयोगको मात्र आदेश दिइएको हो। गोली चलाउन प्रेरित गरेको भए अकल्पनीय नरसंहार हुन जाने निश्चित थियो। तत्कालीन परिस्थितिमा उक्त आदेश उपयुक्त थियो।

कर्तव्य पालनाका क्रममा सहादत प्राप्त ३ जना अमर प्रहरी परिवारलाई १०-१० लाख रुपैयाँ उपलब्ध गराइएको, २ जना प्रहरी कर्मचारीलाई एक तह पदोन्नति गरिएको तथा अन्यलाई नगद पुरस्कार प्रदान गरिएको थियो। दायित्वबाट विमुख देखिएका कर्मचारीमाथि विभागीय छानबिन समिति गठन भएको र सोही समितिको सिफारिस अनुसार कारबाही हुने नै छ।

टेलिभिजन अन्तर्वार्तामा प्रहरी जवानलाई लाइन लगाएर बयान लिँदा मनोबलमा असर पर्न सक्ने चिन्ता व्यक्त गरेको थिएँ: त्यो जाँचबुझ आयोगको भावना विपरीत थिएन। प्रहरी अन्य निकायहरू प्रतिको आक्रोशको केन्द्र बन्नु उचित होइन भन्ने आशय थियो।

भविष्यमा यस्ता अवस्था दोहोरिन नदिन जोखिम मूल्याङ्कन, सूचना आदान-प्रदान, तालिम तथा अन्तर-निकाय

समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता मैले औंल्याएको छु। समग्रमा उक्त घटनाक्रम व्यक्तिगत निर्णयको परिणाम नभई अत्यन्त जटिल, तीव्र र बहुआयामिक सुरक्षागत परिस्थितिको उपज थियो, जहाँ कानूनी सीमा, फिल्डको यथार्थ र मानवीय संवेदनशीलतालाई सन्तुलनमा राख्दै निर्णय लिनुपरेको थियो।[31]

## ३१. प्रहरी महानिरीक्षक (तत्कालीन उपत्यका प्रहरी कार्यालय प्रमुख) दान बहादुर कार्कीको बयान ब्यहोराः

नेपाल प्रहरीको राष्ट्रसेवक अधिकृतको हैसियतले मिति २०८२ साल भदौ २३ र २४ गते जेन्जी युवा आन्दोलनका क्रममा उत्पन्न असामान्य र अत्यन्त संवेदनशील परिस्थितिबारे आफूले देखे-बुझेका तथ्यहरू स्पष्ट पार्न चाहन्छु। वफादार राष्ट्रसेवक हुनुको नाताले सरकारले गरेको निर्णयको सम्मान र त्यसको कार्यान्वयनमा सघाउनुपर्ने दायित्वलाई मनन् गर्दै प्रहरीको भूमिका प्रति उठेका कतिपय आशंकाहरुलाइ थाहा भएसम्म स्पष्ट पार्ने अवसर समेत ठानेर म सत्यतथ्य उजागर गर्ने उद्देश्यले वयान दिन उपस्थित भएको हुँ।

कुनै पनि प्रदर्शन, धर्ना, विरोध, आन्दोलनको बास्तबिक स्थितिको जानकारी लिन दिनका लागि सांगठनिक संरचना अनुरुप प्रहरी प्रधान कार्यालयमा रहेको कार्य बिभागले नेपालभरको शान्ति सुरक्षा सम्बन्धमा योजना बनाउने, monitoring गर्ने, बस्तुस्थितीको जानकारी लिई भएका घटना सम्बन्धमा प्रहरी महानिरीक्षकलाई रिपोर्टिङ गर्ने र प्रहरी महानिरीक्षकबाट भएको सुझाव निर्देशन वमोजिम Chain Of Command अनुरुप नै रिपोर्टिङ गर्ने प्रावधान रहेको छ।

भदौ २३ गते म नेपाल प्रहरी प्रधान कार्यालयको मानवश्रोत विकास विभागमा कार्यरत थिएँ। उक्त आन्दोलन पूर्व निर्धारित भएकाले त्यसअघि नै जिल्ला सुरक्षा समितिबाट खतरा मूल्यांकन गरी सुरक्षा योजना स्वीकृत भइसकेको थियो र सोही अनुसार हजारौं प्रहरी कर्मचारी परिचालित थिए। काठमाडौं उपत्यका प्रहरी कार्यालयको नेतृत्व भाद्र १८ गते देखि नै रिक्त रहेको अवस्थामा सहकर्मी प्र.अ.म.नि.हरु मध्ये कोहीले अनिच्छा र कोही विरामी भएको वहानावाजी गरेर दायित्व विमुख भएपछि संवेदनशील अवस्थामा मुलुकको संवेदनशील परिस्थितिमा राष्ट्रसेवकले आफ्नो भूमिका निश्वार्थ ढंगले निर्वाह गर्नु पर्छ भन्ने आत्मसाथ गरी मिति २०८२ भाद्र २४ गते बिहान करिब ०९:०० बजेको समयमा म उपत्यका प्रहरी कार्यालयको प्रमुखको रूपमा मौखिक आदेश अनुसार (मलाई भाद्र २८ गतेको पत्र दिईएको) जिम्मेवारी सम्हाल्न पुगेको हुँ। जिम्मेवारी सम्हालेको केही क्षणमै मन्त्रालयबाट बोलावट भएपछि म सिनियर अधिकृतहरूलाई संक्षिप्त

31 बयानको सक्कल प्रति पाना- ३०, अनुसुची-५ को सि.न.३० अन्तर्गत रहेको ।

निर्देशन दिएर गृह मन्त्रालय पुगें। त्यसपछि प्रधानमन्त्री निवास, सैनिक मुख्यालयलगायत विभिन्न उच्चस्तरीय सुरक्षा बैठकहरूमा सहभागी हुँदै म निरन्तर रिपोर्टिङ, समन्वय र निर्देशनको भूमिकामा सक्रिय रहें। उपत्यकाभर एकैसाथ हिंसा, आगजनी, तोडफोड र आक्रमण फैलिँदै गएको अवस्थामा निर्णयहरू समयको अभाव र अत्यधिक दबाबबीच लिनु परेको थियो।

भाद्र २३/२४ गतेको जियनजेड आन्दोलन पूर्ब निर्धारित कार्यक्रम भएकोले जेन्जीहरुले प्रयोग गरेका Reddit, Discord, X लगायतका सामाजिक सँजालहरुको सुचना अनुगमन गरी जिल्ला सुरक्षा समितिको वैठकबाट सुरक्षा योजना पारित गरी ४, ३९६ जना नेपाल प्रहरीका कर्मचारी परिचालित भैसकेका थिए। मेरो जिम्मेवारी प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागमा भएकोले कार्यप्रकृति अनुसार घटना बारेमा विश्लेषण गर्ने नभएतापनि मैले राष्ट्रिय / अन्तराष्ट्रिय घटनाहरूको बिष्लेषण गरेर Gen-z आन्दोलनको समयक्रममै नेपालमा सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको समाचार थाहा पाउना साथ तत्कालीन सूचना तथा सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरूङ लाई फोन गरी सामाजिक सञ्जालको बन्दले अनलाईन सञ्चार, ब्यापार, पढाई प्रभावित भएकोले नागरिक बिच्किएको अवस्थामा जनतासँग माफी मागेर खोल्नु/ खुलाउनु राम्रो हुन्छ भनी सुझाव समेत दिएको थिएँ। भाद्र २३ गते घटना पश्चात अन्दाजी १५:०० बजे मानवीय क्षति भएको अब के गर्ने भनी पृथ्वी सुब्बा गुरूङज्यूले मलाई सोध्नु पनि भएको थियो, मैले अपुरणीय मानवीय क्षतिको कारण र संभावित क्षति रोक्नको लागि राजीनामा लगायतका कुरा उपयुक्त हुने सुझाई जाहेर गरेको थिएँ।

भदौ २३ गते भएको दुःखद मानवीय क्षतिपछि देश अर्को ठूलो द्वन्द्वतर्फ जान सक्ने जोखिम स्पष्ट देखिन्थ्यो। त्यसैले भदौ २४ गते सुरक्षाको सर्वोच्च प्राथमिकता मानव जीवनको रक्षा बनाइएको थियो। भाद्र २३ गतेको घटनाको सर्बत्र बिरोध भएको, हत्या, नरसंहार, मानवता बिरूद्धको अपराध भनेर भनीरहेको (र गृहमन्त्रीले राजीनामा दिईसकेको) पृष्ठभूमिमा मानबीय सुरक्षा र भौतिक सुरक्षाको प्राथमिकता बीच सार्वजनिक शान्ति र सुरक्षाको प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा सुरक्षा निकाय रहेको थियो। संसद भवनजस्ता संरचनामा क्षति पुग्नु दुःखद भए पनि, बल प्रयोग गर्दा हजारौं निर्दोष नागरिकको ज्यान जान सक्ने सम्भावना देखिएकाले संयम अपनाउनु अपरिहार्य थियो। मेरो दृष्टिमा Life over Property को सिद्धान्त यही सन्दर्भमा लागू भयो।

नख्खु कारागार ललितपुरमा कैदी/वन्दीको रुपमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टिका अध्यक्ष रवि लामिछानेलाई नख्खु कारागारबाट बाहिर ल्याउन उपत्यका प्रमुखको हैसियतले बिभिन्न प्रयास गरेक भनी सामाजिक संजाल र यस आयोगमा प्राप्त हुन आएको उजुरी भ्रमपूर्ण, काल्पनिक, निराधार र गलत

मनशायले आएका हुन। तत्कालीन अवस्थामा प्रहरी महानिरीक्षक बन्ने दौडमा अस्वस्थ प्रतिस्पर्धाका सबै मानक माथ गर्ने प्रतिस्पर्धी मध्येका कोही एकजनाले उक्त उजुरी सुनियोजित रुपमा प्रेसित गरेको प्रमाणहरुले देखाउँदै लगेको छ। कुनै पनि कानूनले उपत्यका प्रहरी प्रमुखलाई कैदी/वन्दी छुटाउने अधिकार प्रदान नगरेको हुँदा कानून बाहिर गएर कुनै पनि प्रयास गरेको छैन। अदालतले गरेको निर्णय/आदेश पनि जिल्ला अदालत हुँदै सम्बन्धित निकायबाट मात्र कार्यान्वयन हुने हुन्छ।

हिंसात्मक आक्रमणको क्रममा केही प्रहरी कार्यालयमा आगजनी भई हिरासतमा रहेका थुनुवाको ज्यान तत्काल खतरामा परेको अवस्थामा, मानव अधिकारको न्यूनतम मापदण्ड पालना गर्दै अभिलेख राखी खोजेका बखत उपस्थित हुने सर्तमा थुनुवा छाड्ने निर्देशन सीमित र विशेष अवस्थामा मात्र दिइयो। यो कुनै सामूहिक वा अन्धाधुन्ध आदेश थिएन। साथै, अश्रुग्यास मात्र प्रयोग गर्ने भन्ने आरोप तथ्यहीन हो: आवश्यकताअनुसार रबर बुलेट, डमी राउन्ड र हवाई फायर समेत गरिएको थियो।

उक्त विषम परिस्थितिमा प्रहरी कार्यालयहरूमा सीमित जनशक्ति बाँकी रहँदा र एकैसाथ आक्रमण हुँदा ठूलो मात्रामा हातहतियार, गोलीगट्ठा र सम्पत्ति लुटिन पुग्यो। यद्यपि, पछि व्यापक खोजतलास र कानूनी कारबाहीमार्फत ठूलो संख्यामा हतियार र गोली फिर्ता ल्याइएको छ र दोषीहरू कारबाहीको दायरामा ल्याइँदै छन्। प्रहरी कर्मचारीहरूले नागरिकको सुरक्षा गर्न आफ्नै ज्यानको प्रवाह नगरी कर्तव्य निभाएका कारण धेरै ठूलो क्षति हुनबाट जोगिएको मेरो ठम्याइ छ।

यस घटनाक्रममा ३ जना प्रहरी कर्मचारीको ज्यान गएको, हजारौं प्रहरी र प्रदर्शनकारी घाइते भएको तथ्य अत्यन्त पीडादायी छ। म ती सबै घटनाप्रति गहिरो दुःख व्यक्त गर्दछु। कर्तव्य पालनाको क्रममा बहादुरीपूर्वक काम गर्ने प्रहरी कर्मचारी र सहिद परिवारप्रति संगठन संवेदनशील रहँदै आएको छ र उचित सम्मान तथा सहयोग गरिएको छ।

आन्दोलनमा अभिब्यक्त भावना बुझेकोले तत्कालीन उपत्यका प्रहरी प्रमुख र हाल नेपाल प्रहरी संगठनको संगठन प्रमुखको हिसावले कानून कार्यान्वयनबाट कानूनी शासन स्थापित गर्ने, कानूनको शासनले सुशासन कायम गर्ने, सुशासनले समृद्धि सहितको सभ्यता स्थापित गर्ने कुरामा म बिश्वस्त छु र मेरा सम्पूर्ण सत्प्रयास त्यही स्थापित गर्नेतर्फ परिलक्षित हुनेछन, र मेरा प्रयासले मुलुकमा फेरी द्वन्द्वको स्थिति बिकसित हुन दिने छैन। एउटा जिम्मेवार ब्यबसायिक प्रहरी अधिकृतको नाताले कैयन लुटिएका हातहतियार र फरार कैदीहरु खोजतलास गरी कानूनी दायरामा ल्याईसकिएको छ। सार्वजनिक सुरक्षाका रणनीतिहरू अवलम्बन गरी प्रहरी कर्मचारीहरूमा मुलुकप्रति बफादार भई

ब्यबसायिक रूपमा जनअपेक्षा अनुरूप कर्तब्य पालन गर्न प्रेरित गरी शान्ति सुरक्षा, अमनचयन कायम गरी आम नेपाली नागरीक, राष्ट्रसेवक कर्मचारी, न्यायकर्मीमा पैदा भएको डर-त्रासको वातावरणलाई अन्त्य गर्न म दृढ र प्रतिबद्ध छु।

भाद्र २३ र २४ गते प्रदर्शनको क्रममा बहादुरी एवं ईमान्दारीपूर्वक आफ्नो कर्तब्य पालना गर्ने सिलसिलामा सहादत प्राप्त अमर प्रहरी सहिद प्रति परिवार तत्काल १०। १० लाख रुपैयाँ उपलब्ध गरायौं, २ जना प्रहरी कर्मचारीहरुलाई एक एक तह पदोन्नति दिइयो भने ठुलो संख्यालाई अभिलेखमा जनिने गरी नगद पुरस्कारद्वारा पुरस्कृत गरिएको छ। Violent Protest को बिषम् परिस्थितिमा भागेको, कर्तब्यच्यूत भएका गैह्रजिम्मेवार अधिकृतलाई केही नहुने अपितु मुलुक र मुलुकीको हितमा जीउज्यानको प्रवाह नगरी काम गरेका राष्ट्रसेवकलाई Grill गर्दा फौजमा नकारात्मक प्रभाव पर्ने तर्फ सतर्क हुन जरुरी देख्छु।

भाद्र २३ र २४ गतेको घटनाबाट काठमाडौं उपत्यकाका विभिन्न कार्यालयमा कार्यरत १, ६१८ जना प्रहरी कर्मचारीहरू घाइते र ३ (तीन) जना प्रहरी कर्मचारीहरूको मृत्यु भएको थियो। घाइतेमध्ये १, ६१७ जना उपचार पश्चात डिस्चार्ज भईसकेका छन भने १ जना प्र.स.नि (नागेन्द्र प्रसाद पटेल) को राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भैरहेको छ।

सुरक्षाकर्मीको गोली लागि वा अन्य कारणबाट काठमाण्डौ उपत्यकामा १, ०८४ जना (देशभर १, ३२३ जना घाईते भएकोमा उपचार पश्चात डिस्चार्ज भइसकेका तर ७ जना प्रकाश बहादुर बोहोरा, अविशेक श्रेष्ठ र मुकेश अवस्थीको राष्ट्रिय ट्रमा सेन्टर, कमल घिमिरे र दौलत थापाको KMC सिनामंगल, लक्ष्मण नेपाली र सन्तोष बोहोराको त्रि.बि. शिक्षण अस्पताल महाराजगंजमा उपचार भैरहेको ) प्रदर्शनकारीहरू घाइते र ३७ जना प्रदर्शनकारीको मृत्यु भएको थियो। साथै चुच्चेपाटी भाटभटेनीमा ७ जना, कोटेश्वर भाटभटेनीमा १ जना, ललितपुर गंगा दाहालको घरमा १ जना, चन्द्रागिरी ५ हाइभिजन स्थित युडियन गोदाम घरमा १ जना र हायात होटलमा १ जना गरी जम्मा ११ जनाको जली मृत्यु भएको थियो। त्यसैगरी उपत्यका बाहिर २५ जनाको मृत्यु भएको थियो। ( भाद्र २३ गते- सुनसरीमा २ जना र भाद्र २४ गते झापामा ३ समेत जम्मा ५ जना गोली लागी तथा भाद्र २४ गते मोरङमा १ जना, सुनसरी भाटभटेनीमा ४ जना, कास्कीमा ३ जना, पर्सामा १ जना र चितवनमा १ जना समेत जम्मा १० जना जली मृत्यु एवम् धादिङमा २ जना, रामेछापमा ३ जना र बाँकेमा ५ जना गरी जम्मा १० जना कैदीबन्दी तथा बाल बन्दीहरु। ) जलेको अवस्थामा

फेला परी हालसम्म सनाखत हुन नसकेका १२ वटा शवहरु छन्।

भाद्र २३ र २४ गते जेन्जी आन्दोलन सम्बन्धमा घटनाको आन्तरिक छानविन गर्न उपत्यका प्रहरी कार्यालयबाट प्र.ब.उ. प्रबिण धितालको अध्यक्षतामा अपराध अनुसन्धान, विश्लेषण तथा घटनास्थल मुचुल्का समिति, प्र.उ. अंशु कुमार सिंहको अध्यक्षतामा फोटो तथा भिडियो फुटेज संकलन तथा बिश्लेषण समिति, प्र.ब.उ. प्रबिण धितालको अध्यक्षतामा जिन्सी मूल्यांकन तथा निरीक्षण समिति, र प्र.उ. शालिग्राम शर्माको अध्यक्षतामा लुटपाट भएका हातहतियार, गोलीगठ्ठा लगायतका सरसामानको खोजतलास र प्राप्ति लगायतका कार्यका लागि समितिहरु गठन भएको छ। मिति २०८२ साल भाद्र २३ र २४ गतेको घटनाका सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालयबाट मिति २०८२ कार्तिक ११ गते प्र.अ.म.नि.को संयोजकत्वमा एक समिति गठन भएको छ।

समग्रमा, यो आन्दोलन राज्य, समाज र सुरक्षा संयन्त्र सबैका लागि गम्भीर आत्मसमीक्षाको विषय हो। तत्कालीन परिस्थितिमा लिइएका निर्णयहरू सहज थिएनन्, तर मेरो नियत मानवीय क्षति न्यूनिकरण, सार्वजनिक शान्ति कायम र मुलुकलाई पुनः द्वन्द्वतर्फ जान नदिन केन्द्रित थियो। नेपाल प्रहरी संगठनको प्रमुखको हैसियतले म बाँकी रहेका हातहतियार, फरार कैदी र दोषीहरूमाथि कानूनी कारबाही गरी नागरिकमा पैदा भएको भय र असुरक्षा अन्त्य गर्न पूर्ण प्रतिबद्ध छु।[32]

## **<u>३२. प्रहरी अतिरिक्त महानिरीक्षक सिध्दि बिक्रम शाह (तत्कालीन कार्य बिभाग प्रमुख) को बयान ब्यहोराः</u>**

म २०८२ साल भाद्र २३ र २४ गते राजधानीमा जेनेरेशन-जेड् समूहद्वारा आह्वान गरिएको प्रदर्शनको व्यवस्थापन तथा त्यस क्रममा विकसित अवस्था सम्बन्धी आफ्नो भूमिका र बुझाइ स्पष्ट गर्न चाहन्छु। प्रदर्शनको सूचना केही दिनअगाडि नै टिकटक, फेसबुक रिल्स तथा Discord जस्ता सामाजिक सञ्जाल मार्फत तीव्र रूपमा फैलिन थालेको देखेपछि मैले तत्कालीन प्रहरी महानिरीक्षकलाई समयमै जानकारी गराई आवश्यक अनुगमन र पूर्वतयारीबारे छलफल गरेको थिएँ। प्राप्त सूचनाले प्रदर्शन ठूलो हुन सक्ने संकेत दिँदै गएको भए पनि यसको सम्भावित जोखिमलाई सरकारले पर्याप्त गम्भीरता पूर्वक नलिएको कारण प्रारम्भिक सुरक्षा तयारी अपेक्षित स्तरमा सुदृढ हुन सकेन भन्ने मेरो बुझाइ रह्यो। निषेधित क्षेत्रमा प्रदर्शन भई प्रहरीसँग मुडभेड हुन सक्ने अनुमान गरिए पनि निषेधित क्षेत्र तोडेर अघि बढ्दा रोक्न नसकिने स्तरको दबाब सिर्जना हुन्छ भन्ने आकलन गरिएको थिएन।

---

32 बयानको सक्कल प्रति पाना- ३२, अनुसुची-५ को सि.न.३१ अन्तर्गत रहेको ।

प्रारम्भिक सुरक्षा व्यवस्था मुख्यतः जिल्ला प्रहरी परिसर काठमाडौं र उपत्यका प्रहरी कार्यालयको योजना अनुसार अघि बढाइएको थियो। माइतीघर मण्डलादेखि नयाँबानेश्वर क्षेत्रसम्मको सुरक्षा अवस्थाको विषयमा म स्वयं बिहानै फिल्डमा पुगेर अवलोकन गरेको थिएँ र कम जनशक्ति रहेका स्थानमा थप प्रहरी पठाउने व्यवस्था मिलाएको थिएँ। उपत्यकाका सुरक्षा प्रमुख, जिल्ला प्रहरी प्रमुख तथा अन्य वरिष्ठ अधिकृतहरूसँग निरन्तर सम्पर्कमा रहे पनि धेरै निर्णयहरू प्रहरी महानिरीक्षकबाटै सोझै फिल्ड कमाण्डरहरूलाई जाने व्यवस्था भएकाले मेरो भूमिका प्रायः समन्वयमा सीमित रह्यो।

भाद्र २३ गते प्रदर्शन प्रारम्भ भएपछि अवस्था क्रमशः तनावपूर्ण बन्दै गयो। भीडले निषेधित क्षेत्रतर्फ अत्यधिक दबाब सिर्जना गर्न थालेपछि संसद भवन परिसरमा जोखिम बढेको र दक्षिण गेटतर्फ आगजनी तथा तोडफोड सुरु भएको जानकारी मैले सञ्चार माध्यम र सञ्चार सेटमार्फत पाएको थिएँ। संसदको १ नम्बर गेटमा आगजनी, प्रहरीमाथि ढुंगा प्रहार, कम्पाउण्ड वाल फुटाएर परिसर प्रवेश गर्ने प्रयास भएपछि गोली चलेको रिपोर्ट प्राप्त भएको थियो। अगाडि ढुंगा, लाठी, खुकुरी, रड र अन्य सामाग्री सहितका उग्र प्रदर्शनकारी र पछाडि निहत्था सर्वसाधारणको मिश्रित भीड रहेको अनुमान थियो, जसको संख्या करिब २५-३० हजार रहेको जानकारी आएको थियो। गोली फायर गर्ने निर्णय स्थानीय प्रशासन र सम्बन्धित कमाण्ड पोस्टबाट हुने कानूनी प्रावधान भएकाले त्यसमा मेरो प्रत्यक्ष भूमिका थिएन। सो दिन काठमाडौं सहित कास्की, झापा, सुनसरी, ललितपुर, पर्सा र रुपन्देहीबाट बल प्रयोग भएको रिपोर्ट प्राप्त भएको थियो। प्रारम्भिक विवरणअनुसार १७ जनाको मृत्यु, ३२७ जना घाइते, प्रहरीतर्फ २११ सामान्य घाइते, सशस्त्र प्रहरीतर्फ ३३ जना घाइते र अन्य १ जना गरी कुल ५७२ जना घाइते भएको सूचना आएको थियो।

घटनापछि स्थिति शान्त नहुने र भोलिपल्ट देशभर आन्दोलन फैलिन सक्ने संकेत देखिएकाले राति नै विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा थप जनशक्ति झिकाउने पहल गरेको थिएँ। भाद्र २४ गते अवस्था थप जटिल बन्दै जाँदा सैन्य टोलीको ड्युटी बाँडफाँड र संयुक्त परिचालनबारे रातभर नेपाली सेनाको मुख्यालयसँग समन्वय गरेको थिएँ। तर बिहानैदेखि विभिन्न प्रहरी कार्यालय, पार्टी कार्यालय र सरकारी संरचनामा भीडले बलपूर्वक प्रवेश गर्न थालेपछि सुरक्षाकर्मीहरू दबाबमा परेका थिए। उपत्यका प्रहरी कार्यालयबाट ’घातक गोली नचलाउने÷ आदेश सञ्चार सेटमार्फत गएको र प्रहरीलाई आफू सुरक्षित रहन निर्देशन दिइएको कुरा प्रदर्शनकारीहरूले थाहा पाएपछि उनीहरूको गतिविधि थप हिंसात्मक बनेको मेरो आकलन छ।

भाद्र २४ गते प्रहरी प्रधान कार्यालय नै तोडफोडको लक्ष्य बन्न थालेपछि म अग्रपंक्तिमा उभिएर कार्यालयभित्र रहेका प्रहरीहरूको मनोबल उच्च राख्न, गेट-गेटमा गठन गरिएका साना टोलीलाई प्रतिरोधका लागि

उत्साहित गर्न तथा आवश्यकता अनुसार अश्रुग्याँस र हवाई फायर प्रयोग गरी कार्यालय जोगाउन निर्देशन दिन सक्रिय रहें। कतिपय उच्च अधिकारीहरू सादा पोशाकमा बाहिरिइ सकेको अवस्था भए पनि म अग्रभागमै रही कार्यालय सुरक्षित राख्न सफल भएको ठान्दछु। यस प्रसंगमा २६ गतेको बैठकमा प्रहरी महानिरीक्षकबाट मेरो भूमिकाको प्रशंसा गरिएको थियो।

भाद्र २३ र २४ गते देशभर नेपाल प्रहरीले सर्टगनबाट २७७६ राउण्ड रबर बुलेट, २९२० ब्ल्याङ्क राउण्ड, SLR, INSAS र .३०३ बाट ४०२३ राउण्ड तथा ८६५४ अश्रुग्याँस सेल प्रहार गरेको तथ्यांक प्राप्त भएको थियो। भाद्र २४ गते देशभर १२८१ हातहतियार, ९८, ४३२ गोली, १३१५ रबर बुलेट, २२२० ब्याङ्क राउण्ड, २८४२ अश्रुग्याँस सेल, १६८७ म्यागजिन र ५८३४ सञ्चार उपकरण लुटपाट तथा आगजनीमा परेको रिपोर्ट आएको थियो। सोही दिन, अघिल्लो दिन घाइते भएका समेत गरी कुल ४८ जना सर्वसाधारण तथा ३ जना प्रहरी कर्मचारीको मृत्यु भएको र ८८३ सर्वसाधारण तथा १८०४ प्रहरी कर्मचारी घाइते भएको विवरण प्राप्त भएको थियो।

Victor-1 को सञ्चार सेटमार्फत थुनुवाको सूची तयार गरी छोड्ने, घातक गोली नचलाउने तथा प्रहरीलाई सुरक्षित रहन निर्देशन गएपछि प्रहरीले प्रतिकार नगरेकोले प्रदर्शनकारीहरूको मनोबल उच्च भई तोडफोड, आगजनी तथा लुटपाट गरेको पाइन्छ।

जेनेरेशन-Z समूहले सामाजिक सञ्जाल मार्फत प्रदर्शन फिर्ता लिन आह्वान गरे पनि उग्रता बढाउन र अगाडि बढाउन अन्य उमेर समूहका व्यक्तिहरू संलग्न भएको देखिँदा घुसपैठ भएको अनुमान गर्न सकिन्छ। समग्रमा, जेनेरेशन-Z को विषयलाई समयमा सम्बोधन नगरिनु, प्रदर्शनलाई सामान्य रूपमा लिइनु, घुसपैठको सूचनालाई गम्भीरता पूर्वक नलिनु र सुरक्षा तयारी अपर्याप्त रहनु नै भाद्र २३ गतेको घटनाको मुख्य कारण भएको निष्कर्षमा पुगेको छु। [33]

## **३३. प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना (भाद्र २३ गतेका उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुख) को बयान ब्यहोराः**

म मिति २०८२ साल भदौ १९ गतेदेखि भदौ २३ गतेसम्म काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीको निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा रहेको थिएँ। भदौ २४ गते तत्कालीन प्र.अ.म.नि. दानबहादुर कार्कीलाई कार्यालय प्रमुखको जिम्मेवारी हस्तान्तरण गरिसकेपछि उक्त दिन

33 बयानको सक्कल प्रति पाना- २२, अनुसुची-५ को सि.न.३२ अन्तर्गत रहेको ।

म सोही कार्यालयमा 2-IC (Second-in-Command) को भूमिकामा कार्यरत थिएँ।

जिल्ला प्रशासन कार्यालयबाट कार्यक्रम स्वीकृत भएको, आयोजकले लिखित प्रतिबद्धता दिएको तथा उपलब्ध सूचनाले कुनै शत्रुतापूर्ण गतिविधिको संकेत नगरेकाले भदौ २३ गतेको कार्यक्रम प्रारम्भिक रूपमा शान्तिपूर्ण रहने विश्वासका साथ सुरक्षा योजना सामान्य भीड व्यवस्थापनमा केन्द्रित गरिएको थियो। तथापि सम्भावित चुनौतीको आकलन गर्दै काठमाडौं, ललितपुर र भक्तपुरका प्रहरीसहित अतिरिक्त प्रहरी परिचालनको तयारी गरिएको थियो। उक्त दिन उपत्यकाभर प्रारम्भमा ३,४४१ जना प्रहरी परिचालन गरिएको र परिस्थिति असामान्य बन्दै जाँदा थप ५०५ जना प्रहरी खटाइएको थियो।

कार्यक्रमको वास्तविक अवस्था अपेक्षाभन्दा फरक दिशामा विकसित भयो। माइतीघर क्षेत्रमा भेला भएको भीड सुरुमा शान्तिपूर्ण देखिए पनि क्रमशः नेतृत्वविहीन, आवेगयुक्त र आक्रामक बन्दै गयो। विद्यालय पोशाकमा रहेका बालक-किशोरहरूबाहेक बाहिरी समूह, अज्ञात उत्तेजक तत्व तथा उद्देश्यहीन हिंसात्मक प्रवृत्तिको मिश्रणले वातावरण एकाएक बिग्रियो। भीडले निषेधित क्षेत्र उल्लङ्घन गर्दै संसद भवनतर्फ अघि बढ्यो र सार्वजनिक संरचना तथा प्रहरी तैनाथीमाथि आक्रमण गऱ्यो। उक्त दिनको अवस्था पूर्वानुमानभन्दा बाहिर गई एक्कासी रूपान्तरण भएको हिंसात्मक उर्जाको रूपमा प्रकट भएको मैले अनुभव गरें।

ढुंगा, मुढा, लाठी, साबेल, घनजस्ता सामग्री प्रयोग गर्दै संसद भवनतर्फ धकेलिनाका साथै सुरक्षाकर्मीमाथि निरन्तर प्रहार हुन थालेपछि सुरक्षाकर्मीहरूको जीवन जोखिममा परेको र सुरक्षा नियन्त्रण गुम्न सक्ने वास्तविक अवस्था सिर्जना भयो। यसबीच काठमाडौं प्रशासनले जारी गरेको कर्फ्यु आदेशको जानकारी मैले सञ्चार सेटमार्फत प्राप्त गरें। कर्फ्यु आदेशपछि मैले मातहतका कमाण्डरहरूलाई त्रुटिरहित ढंगले आदेश पालना गर्न, अत्यधिक उत्तेजना नदेखाउन, सम्भावित क्षति न्यूनीकरण गर्न तथा अराजक गतिविधिमा संलग्न व्यक्तिहरूलाई मात्र नियन्त्रण गर्न निर्देशन दिएँ। तथापि, त्यसबेला भीड पूर्ण रूपमा अनियन्त्रित भई हजारौं संख्यामा फैलिसकेको थियो।

गोली प्रहारसम्बन्धी प्रचलित कानूनअनुसार अन्तिम बल प्रयोग (firearm use) को आदेश प्रमुख जिल्ला अधिकारीबाट हुने व्यवस्था छ। गोली चलाउने निर्णय न नेपाल प्रहरी प्रधान कार्यालयबाट आएको थियो, न त मेरो व्यक्तिगत आदेश थियो। फिल्डमा रहेका कमाण्डरहरूले तत्कालीन परिस्थितिको मूल्याङ्कन गरी आवश्यक निर्णय कार्यान्वयन गरेका हुन् भन्ने कुरा मैले बयानमा उल्लेख

गरेको छु। प्रतिवेदनअनुसार उक्त दिन उपत्यकाभित्र धातुको गोली ५२ राउण्ड, रबर गोली ४१७ राउण्ड, ब्ल्याङ्क राउण्ड ११७ र अश्रुग्यास सेल १, ०१७ राउण्ड प्रहार गरिएको थियो। माइकिङ, पानीको फोहरा, अश्रुग्यास तथा रबर बुलेटजस्ता non-lethal विकल्पहरू सक्रिय रूपमा प्रयोग गरिएको थियो। तर भीडको उग्रता, नेतृत्वको अभाव, चारैतिरबाट संसद भवन लक्षित आक्रमण तथा सुरक्षाकर्मीहरूको जीवनरक्षाको आवश्यकता जस्ता कारणले बाध्यकारी अवस्था सिर्जना भयो र ती विकल्प निष्प्रभावी भएपछि मात्र अन्तिम बल प्रयोग गरिएको थियो।

प्रदर्शनका क्रममा भएको मृत्यु तथा घाइते घटनाप्रति मैले गहिरो दुःख व्यक्त गरेको छु। मानवीय क्षति कुनै पनि सुरक्षाकर्मीको चाहना हुँदैन भन्ने मेरो स्पष्ट धारणा छ। तर संसद भवनमा आगजनीको स्पष्ट जोखिम, सुरक्षाकर्मीलाई घेराबन्दी गरी निहत्था बनाउने प्रयास तथा राज्य संयन्त्र कब्जा गर्ने उद्देश्य देखिने परिस्थितिले तत्कालीन निर्णयहरू निर्धारण गरेका थिए।

मेरो मातहतका सुरक्षाकर्मीहरूमा प्यानिक, डर वा मनोबल गिरावट व्यापक रूपमा देखिएको थिएन। बरु कठिन परिस्थितिमा समेत उनीहरूले संयमता र निरन्तर कारबाही गर्ने क्षमता प्रदर्शन गरेका थिए भन्ने मेरो निष्कर्ष छ।

उपत्यकाभरका प्रहरी कार्यालयहरूमा भएको लुटपाट, आगजनी, हतियार तथा गोली गठ्ठा हराउनु, सवारी र सञ्चार साधन नष्ट हुनुजस्ता घटनाबारे मैले दुई मुख्य कारण उल्लेख गरेको छु। पहिलो, भीडको विशाल आकार, घरेलु हतियारको प्रयोग र अराजक हिंसाको सामना गर्न उपलब्ध प्रहरी संख्या अपर्याप्त थियो। दोस्रो, अत्यधिक बल प्रयोग गर्दा दुवै पक्षमा मृत्यु-घाइतेको संख्या अझ बढ्न सक्ने भएकाले सुरक्षाकर्मीहरूले आत्मरक्षा र सामूहिक क्षतिबीच संवेदनशील निर्णय गर्दै संयमता रोजेका थिए।

भदौ २३ र २४ गतेको आगजनी तथा तोडफोडका कारण उपत्यकाभित्र, रानीपोखरीस्थित उपत्यका प्रहरी कार्यालयसमेत गरी २१९ वटा प्रहरी एकाइहरू क्षतिग्रस्त भए, जसको अनुमानित क्षति करिब रु. १, ५९५, ६३०, ३३७ बराबर रहेको छ। विभिन्न प्रकारका राइफल, SLR, शटगन, मल्टी ग्यास गन, ग्यास गन, हर्नेट, .२२ म्याग्नम, INSAS राइफल, रिभल्वर, पेस्तोल, SMG तथा Non-Lethal Multi Weapon हराएको, लुटिएको वा जलेर नष्ट भएको विवरण प्राप्त भएको छ। त्यसैगरी हजारौं संख्यामा लाइभ र ब्ल्याङ्क राउण्ड हराएको वा नष्ट भएको, हेभि तथा लाइट सवारी साधन र मोटरसाइकलहरू जलेको तथा रिपिटर, बेस, मोबाइल सेट, ह्यान्डसेट लगायतका सञ्चार उपकरणहरू नष्ट वा लुटपाट

भएको तथ्यांक प्राप्त भएको छ। ढुंगा-मुढा प्रहारलगायत घरेलु हातहतियार प्रयोगका कारण १, ६१६ जना प्रहरी कर्मचारी घाइते भएका थिए।

नेपाल प्रहरीलाई सबल, सक्षम र व्यावसायिक संगठनका रूपमा विकास गर्न मैले निम्न सुझावहरू प्रस्तुत गरेको छु।

क) आवश्यक श्रोत-साधनको थप व्यवस्थापन,

ख) भीड नियन्त्रणका लागि आधुनिक प्रविधिको उपलब्धता,

ग) दक्ष जनशक्ति उत्पादनका लागि समयसापेक्ष तालिमको व्यवस्था,

घ) भर्ना, छनोट र वृत्ति विकासमा विशेष सुधार,

ङ) सरुवा, बढुवा, सेवा र सुविधामा पारदर्शिता,

च) समयसापेक्ष ऐन-कानून परिमार्जन गरी संस्थालाई पूर्ण अधिकारसम्पन्न बनाउने,

छ) उपत्यकामा २, ५०० तथा प्रत्येक प्रदेश प्रहरी कार्यालयमा १, ००० जनासम्मको जनशक्ति भएको साधन-स्रोतसम्पन्न विशेष भीड नियन्त्रण गण स्थापना गर्ने, जसको परिचालन आपतकालीन अवस्था बाहेक अन्यत्र नगरिने।

अन्ततः, भदौ २४ गते फैलिएको हिंसात्मक आक्रमण केवल राज्य र प्रहरीविरुद्धको भावनात्मक प्रतिक्रिया मात्र नभई सामाजिक सञ्जालमार्फत फैलिएको उत्तेजना, भ्रामक सूचना, आपराधिक समूहको घुसपैठ तथा बन्दीकरणबाट प्रभावित व्यक्तिहरूको प्रतिशोधात्मक मनोवृत्ति जस्ता कारकहरूको संयुक्त परिणाम थियो भन्ने मेरो निष्कर्ष छ। [34]

34 बयानको सक्कल प्रति पाना- २९, अनुसुची-५ को सि.न.३३ अन्तर्गत रहेको ।

## ३४. जिल्ला प्रहरी परिसर काठमाडौंका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको बयान ब्यहोराः

तत्कालीन समयमा म प्रहरी परिसर काठमाडौंको प्रमुख (प्रहरी वरिष्ठ उपरीक्षक) को रूपमा कार्यरत थिएँ र हाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभागमा प्रहरी नायव महानिरीक्षक पदमा कार्यरत छु। आयोगसमक्ष दिएको मेरो वयान भाद्र २३ र २४ गते Gen-Z युवापुस्ताको प्रदर्शनका क्रममा संसद भवन र नयाँ बानेश्वर क्षेत्र वरिपरि उत्पन्न अत्यन्त संवेदनशील सुरक्षागत अवस्थासम्बन्धी विस्तृत विवरण हो।

तत्कालीन नेपाल सरकारले सामाजिक सञ्जाल बन्द गरेको अवस्थामा विरोधका गतिविधि हुन सक्ने अनुमान गरिएको भए पनि कुनै अप्रत्यासित गतिविधि वा गम्भीर सुरक्षा चुनौतीको स्पष्ट पूर्वसूचना प्राप्त भएको थिएन। भाद्र २२ गते जिल्ला सुरक्षा समिति र केन्द्रीय सुरक्षा समितिको बैठकमा भएको निष्कर्षअनुसार ३, ०००-५, ००० जनाको सहभागिता रहने, प्रदर्शन शान्तिपूर्ण हुने, माइतीघरमा भेला भई बानेश्वरस्थित निषेधित क्षेत्रको वरसम्म रैली गरी पुनः माइतीघरमै कोणसभा गर्ने, निषेधित क्षेत्रमा प्रवेश नगर्ने र कुनै हिंसात्मक गतिविधिमा संलग्न नहुने लिखित स्वघोषणा गरिएको थियो। सोही आकलनका आधारमा भाद्र २३ गते राष्ट्रिय सभा गृहमा सम्माननीय राष्ट्रपतिज्यूको कार्यक्रम तथा ICC मा राष्ट्रिय सभाको बैठकसमेत तय गरिएको थियो।

प्रदर्शनका लागि निवेदन दिने प्रमुख पक्ष'हामी नेपाल समूहका सुदन गुरुङ, अनिल बानियाँ, के.पी. खनाल, दीपक बोहरा, भिक्टर पौडेल तथा हालका माननीय मन्त्री बब्लु गुप्तालगायतसँग समन्वय गरी कार्यक्रम शान्तिपूर्ण हुने विश्वासका साथ "एकीकृत विशेष सुरक्षा योजना, २०८२" स्वीकृत गरिएको थियो। जिल्ला प्रशासन कार्यालय, बबरमहलमा प्रमुख जिल्ला अधिकारीको मुख्य कमाण्डमा कमाण्ड पोस्ट स्थापना गरी ड्युटी परिचालन गरिएको थियो। सुरक्षा व्यवस्थापनका लागि नेपाल प्रहरीबाट १, ९६५ जना, सशस्त्र प्रहरीबाट ६३१ जना तथा राष्ट्रिय अनुसन्धान विभागबाट २३० जना सूचनासंकलनमा खटाइएको थियो। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (संसद भवन) जस्तो अति संवेदनशील संरचनाको सुरक्षाका लागि नेपाल प्रहरी विशेष कार्यदलको स्थायी टोली परिचालनमा थियो।

Discord, Reddit, X (ट्विटर) लगायत डिजिटल प्लेटफर्महरूमा भइरहेको छलफल वा सम्भावित हिंसात्मक योजना सम्बन्धी कुनै अग्रिम चेतावनी जिल्ला सुरक्षा समिति समक्ष उपलब्ध थिएन। भाद्र २२ गते साँझ गृह मन्त्रालयमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा प्रमुख जिल्ला अधिकारीज्यू

र म सहभागी भई प्रदर्शन शान्तिपूर्ण हुने आँकलन गरिएको थियो। सहभागी युवापुस्ता र विद्यार्थीहरू हुने भएकाले संयम अपनाउन, सकभर बल प्रयोग नगर्न तथा जनशक्ति नजिकै राखेर 'हेभी डिप्लोएमेन्ट÷ नगर्ने निर्देशन प्राप्त भएको थियो। निषेधित क्षेत्र तोडफोड वा आगजनी भएमा मात्र कानूनी प्रावधानअनुसार क्रमशः बल प्रयोग गर्ने नीति तय गरिएको थियो।

प्रदर्शन पूर्वस्वीकृत कार्यक्रमअनुसार माइतीघरबाट सुरु भई सोही स्थानमै कोणसभा गर्ने तय थियो। तर एक हिस्सा निषेधित क्षेत्रतर्फ अघि बढ्दै उत्तेजित भई ढुंगामुढा प्रहार गर्न थालेपछि र करिब पौने १२ बजे ब्यारिकेड तोडी प्रवेश गरेपछि शान्ति कायम गर्न पानीको फोहरा प्रयोग गरिएको थियो। संसद भवनभित्र करिब ६ सय कर्मचारी, संसद सदस्य तथा डिजेल भण्डारण ट्यांकीको जोखिमसमेतलाई ध्यानमा राखी Layered Security Plan लागू गरिएको थियो'फलामे ब्यारिकेड, मानव ब्यारिकेड, रिजर्भ फोर्स र विशेष कार्यदल परिचालन गरिएको थियो। तथापि चारैतर्फबाट निरन्तर आक्रमण भएपछि अवस्था नियन्त्रणबाहिर जान थालेको मैले अनुभव गरें।

प्रदर्शनकारीहरूले ढुंगामुढा, पेट्रोल बम, मोलोटभ ककटेल तथा घरेलु धारिलो हतियार प्रयोग गरे। पर्खाल भत्काउने प्रयास, गेटमा आगजनी, सुरक्षाकर्मी घाइते हुनु, सञ्चार सेटमा "मार्न लाग्यो" भन्ने चिच्याहट र सशस्त्र प्रहरीको एम्बुलेन्समा आगजनीजस्ता घटनाले अवस्था अत्यन्त विषम बन्यो। गृह मन्त्रालयको सहमतिमा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कर्फ्यु आदेश जारी गरिएको थियो। गोली प्रहार अन्तिम विकल्प (Last Resort) को रूपमा मात्र Doctrine of Necessity अन्तर्गत गरिएको हो भन्ने मेरो धारणा छ, र तत्कालीन अवस्थामा छुट्टै लिखित आदेश पर्खनु व्यवहारिक थिएन।

"Total Withdrawal" सम्भव थिएन, किनकि त्यसो गर्दा व्यापक जनधनको क्षति र राज्य संरचनामाथि अपूरणीय आघात पुग्न सक्थ्यो। त्यसैले फिल्ड कमाण्डरहरूलाई Non-lethal उपाय'पानीको फोहरा, लाठीचार्ज, अश्रुग्यास आदि प्रयोग गर्न निर्देशन दिइएको थियो। करिब दुई घण्टासम्म संयम अपनाउँदा पनि हिंसात्मक आक्रमण जारी रहेपछि अत्यन्त विषम अवस्थामा मात्र थप बल प्रयोग गरिएको थियो।

भाद्र २३ गते साँझ प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री, गृह मन्त्री, रक्षा मन्त्री, परराष्ट्र मन्त्री, नेपाली कांग्रेसका सभापति, गृह सचिव, चारै सुरक्षा निकायका प्रमुख, प्रमुख जिल्ला अधिकारी र म सहभागी बैठकमा घटनाको समीक्षा गरिएको थियो। २४ गते स्थिति अझ जटिल हुन सक्ने आकलनसहित Vital Installations मा नेपाली सेनालाई परिचालन गरी अन्य सुरक्षाकर्मीलाई फिल्डमा

खटाउने छलफल भएको थियो।

सामाजिक सञ्जाल विश्लेषण गर्दा netakhor.vercel.app जस्ता प्लेटफर्ममार्फत आक्रमण स्थलको म्यापिङ र "फेक न्युज" फैलाएर भीडलाई हिंसात्मक बनाउने तयारी भएको तथ्य पछि खुल्न आयो। २४ गते कर्फ्यु अवज्ञा, शीर्ष नेताहरूको निवासमा आक्रमण र शव प्रदर्शन गर्ने योजनाबारे सूचना प्राप्त भएको थियो।

भाद्र २४ गते बिहानदेखि कलंकी, साँखु, गोंगबु, बालाजु, बल्खु, कोटेश्वर, जडिबुटी, बौद्ध, चाबहिल, नैकाप, कीर्तिपुर, बुढानीलकण्ठ तथा संसद भवन आसपास एकसाथ सुनियोजित आक्रमण सुरु भयो। स्थानीय तह, प्रहरी कार्यालय र सरकारी प्रतिष्ठानहरूमा आगजनी र तोडफोड हुन थाल्यो। हरिसिद्धि प्रहरी कार्यालयमा आक्रमणपछि अन्य इकाइहरूमा पनि आक्रमण फैलियो। साना युनिट असुरक्षित भएपछि जनशक्ति वृत्त र प्रभागमा केन्द्रित गरिएको थियो। कार्यालयमा आगजनीको जोखिम र हिरासतमा रहेका थुनुवाहरू सामूहिक क्षतिमा पर्न सक्ने सम्भावनालाई ध्यानमा राखी Victor Control (काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी) बाट प्राप्त निर्देशनअनुसार जोखिम मूल्याङ्कन गरी विभिन्न समयमा २०६ जना थुनुवा छाडिएको थियो।

सशस्त्र प्रहरी र नेपाल प्रहरीबीच Tactical Movement मा कहिलेकाहीँ समयान्तराल देखिएको र SOP तथा कमाण्ड क्लियरेन्स प्रक्रियाका कारण समन्वयमा चुनौती आएको अनुभव भएको छ। नेपाली सेनाले स्टयाटिक ड्युटी सम्हालेको भए नेपाल प्रहरी पूर्ण रूपमा भीड नियन्त्रणमा केन्द्रित हुन सक्थ्यो भन्ने मेरो धारणा हो, तर लिथल हतियार प्रयोगको जोखिम र परिचालन मोडालिटीका व्यवहारिक जटिलताले अपेक्षित सहयोग सीमित भएको हुन सक्छ।

त्यस समय सुरक्षाकर्मीहरूलाई ब्यारेकमा पुनः व्यवस्थित गर्नु, शव मुचुल्का उठाउनु वा घटनास्थल सुरक्षित गरी गोलीका खोका संकलन गर्नु अत्यन्त चुनौतीपूर्ण थियो, किनकि दंगाग्रस्त भीडले चारैतर्फ घेराबन्दी गरी आक्रमण गरिरहेको थियो।

मैले घूसपैठ र पूर्वसूचना विश्लेषणको कमजोरी स्वीकार गरेको छु। समयमै स्पष्ट सूचना प्राप्त भएको भए परिणाम कम भयावह हुन सक्थ्यो भन्ने मेरो धारणा छ। संसद भवन वरिपरिका अग्ला भवनहरूको सुरक्षा क्लियरेन्स, CCTV निगरानी र निरन्तर सञ्चार समन्वय भइरहेको थियो।

अन्ततः, उक्त घटनालाई मैले राज्यको अत्यन्त संवेदनशील संरचनामाथि भएको संगठित हिंसात्मक

आक्रमणका रूपमा विश्लेषण गरेको छ। कानूनी दायरा, Doctrine of Necessity र सामूहिक जीवन रक्षाको सिद्धान्तअनुसार निर्णय गर्नुपरेको निष्कर्षमा पुगेको छ। भविष्यमा यस्ता घटना नदोहरिन सूचना संकलन, जोखिम विश्लेषण, विशेष तालिम तथा अन्तर-निकाय समन्वय सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँदै आयोगलाई आवश्यक सहयोग गर्न तयार रहेको उल्लेख गरेको छ। [35]

**३५. जिल्ला प्रहरी परिसर ललितपुरका तत्कालीन कार्यालय प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक श्याम कृष्ण अधिकारीको बयान कागज ब्यहोरा ः**

प्रहरी वरिष्ठ उपरीक्षक श्यामकृष्ण अधिकारीले भदौ २३ र २४ गते Gen-Z आन्दोलनका क्रममा ललितपुर क्षेत्रमा भएको घटनाबारे आयोगसमक्ष आफूले देखेका, भोगेका र व्यवस्थापकीय रूपमा सामना गर्नुपरेका अवस्थाहरू विस्तारमा प्रस्तुत गरेका छन्। भदौ २३ गते राजधानीभर युवाहरुको प्रदर्शन रहेकाले ललितपुर परिसरबाट पनि सडक सुरक्षाको ड्यूटी परिचालन गरिएको थियो। २३ गते ललितपुर क्षेत्रमा सामान्य अबस्था रह्यो, कुनै अप्रिय घटना घटेन। उक्त दिनको घटनाहरूबारे कुनै तनाव नदेखिए पनि २३ गते काठमाडौं क्षेत्रका घटनाले भोलिपल्ट २४ गते सम्भावित जोखिम बढ्ने आँकलन गर्दै उनले आफ्ना मातहत सबैलाई बिहान ६ बजेबाट Standby राखेका थिए। उनले टोलीलाई “संयत रहने, समूहमा चल्ने, आदेश प्राप्त गरी मात्र कारबाही गर्ने” निर्देशन दिएको उल्लेख गर्छन्।

२४ गते विहानैदेखि वातावरण अस्वाभाविक बन्दै गयो। करिब ११ः३० बजेदेखि मन्त्री तथा मुख्य मन्त्री निवासहरू, नेपाली काँग्रेस र नेकपा एमाले पाटी कार्यालयहरू, प्रहरी प्रभाग तथा वृत्तहरूमा एउम नख्खु कारागार समेतमा एकैसाथ अराजक आक्रमण सुरू भयो। ललितपुरका चापागाउँ, गोदावरी, हरिसिद्धि, बाडेगाउँ, भैसेपाटी, इमाडोल, सातदोबाटो, लुभु, बालकुमारी लगायतका परिसर बाहेक सम्पूर्ण प्रहरी कार्यालयहरूमा, विलेन्स स्कुल, निजी भवनमा प्रचन्ड निवास, बिष्णु पौडेल, पृथ्विसुब्वा गुरुङ, पम्फा भुसाल, हितेन्द्र देव शाक्य, व्यवसायी हिरा महर्जनको भवन र ज्ञानेन्द्र कार्कीको घरहरुमा समेत आगजनी तथा तोडफोडहरु भए। उक्त दिन भीड अत्यन्त ठूला थिए, भीडले बाटो अवरुद्ध गरेकाले अतिरिक्त फोर्स पठाउन सकिने अबस्था नरहेको तथा सशस्त्र प्रहरी र नेपाली सेनाबाट अपेक्षित सहयोग नआएकोले प्रहरी को एक्लो बलले भीडलाई थाम्न सकेन र नियन्त्रण वाहिर गयो। उक्त दिन करियरकै सबैभन्दा अप्ठ्यारो अवस्थाको अनुभव भयो।

35 बयानको सक्कल प्रति पाना- ६९, अनुसुची-५ को सि.न.३४ अन्तर्गत रहेको ।

अराजक भीड कार्यालय परिसरभित्रै छिरिसकेपछि उनले र उनकी टोलीले सम्भव भएसम्म हातहतियार, सञ्चार सेट र अन्य संवेदनशील सामग्री सुरक्षित स्थानतर्फ लैजाने प्रयास गरे। तर १९ नाल .३०३ राइफल, हर्नेट राईफल २ नाल, म्यागनम् ४ नाल, ग्याँसगन २ नाल, पेस्तोल ३ नाल लगायतका हातहतियारहरु आगजनी तथा लुटपाटबाट नष्ट वा हराएको थियो। थुनुवाहरूको सुरक्षा गम्भीर जोखिममा परेपछि चापागाउँ र सातदोबाटो वृत्तका थुनुवाहरूको नामावली अद्यावधिक गरी उनीहरूलाई क्षति नहोस् भनी छोडिएको थियो। छोडिएका थुनुवामा केही पुनः उपस्थित भए पनि केही फरार छन्, जसले स्थितिको तनाव र असुरक्षाको तीव्रता झनै प्रष्ट हुन्छ।

सोही दिन नख्खु कारागारमा दिउँसो उत्पन्न भएको संवेदनशील र अत्यन्त खतरनाक परिस्थितिको विस्तृत चित्रण गरेका छन्। लगभग ५००-६०० जनाको अराजक भीड 'रबि लामिछानेलाई छोड' भन्दै कारागार घेरिन पुगेपछि उनले CDO, सेना, सशस्त्र प्रहरी प्रमुखलगायतलाई तत्काल सहयोग अनुरोध गरे, तर कुनै सकारात्मक सुरक्षा सहयोग प्राप्त हुन सकेन। भीडले कारागारको मुख्य गेट तोडेर भित्र छिरिसकेपछि थप क्षति हुन्सक्ने देखिएको र प्रहरीको कम संख्याले स्थिति नियन्त्रण गर्न नसक्ने अवस्था हुँदा, रबि लामिछानेलाई कारागारमै राखि राख्न असम्भव बनेको उनले उल्लेख गरेका छन्। कारागार प्रशासनले "पत्र दिएर छोड्यो" भन्ने प्रचारबारे भने उनलाई तत्काल कुनै जानकारी नभएर पछि मात्र सामाजिक सञ्जालबाट थाहा पाएको बताए।

घटनापछि पीडितहरू'मन्त्रीहरू, नेताहरू, व्यापारी तथा स्थानीय बासिन्दाबाट उजुरी दर्ता भएको र अनुसन्धान तथा कारबाही जारी रहेको उनले बताएका छन्। प्रारम्भिक २२ जना शंकितमध्ये २० जना हाजिरी जमानतमा छुटेका थिए भने २ जना थुनामा थिए।

अन्त्यमा उनले भदौ २४ लाई आफ्नो सम्पूर्ण प्रहरी जीवनकै सबैभन्दा कठिन, चुनौतीपूर्ण र मानसिक रूपमा दवाबपूर्ण दिनका रूपमा स्मरण गर्छन्। प्रहरी पोसाकमै हिँड्न नसक्ने, सवारी साधन प्रयोग गर्न नसक्ने, हातहतियार बोकेर हिँड्दा उल्टै जोखिम बढ्ने, खान-बस्न समेत सामान्य व्यवस्था नहुँदा जंगल तथा मन्दिर परिसरमा प्रहरीले रात बिताउनुपर्ने अवस्था आएको थियो। समग्रमा, उनका अनुसार परिस्थितिको तीब्र उग्रता, सुरक्षा निकायबीच समन्वयको अभाव, भीडको अनियन्त्रित आकार, र आवश्यक फोर्स नपुगेको अवस्थाले घटनालाई नियन्त्रण बाहिर पुऱ्याएको थियो। [36]

36 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.३५ अन्तर्गत रहेको ।

**<u>३६. भाद्र २३ गते सँसद भवनमा थप मद्दत खटिएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत प्रहरी बरिष्ठ उपरीक्षक सोमेन्द्र सिंह राठौरको बयान कागज ब्यहोरा :</u>**

भदौ २३ गते आफ्नै कार्यालयमा कार्यरत रहेकोमा दिनको करिव १२:०० बजेको समहयमा तत्कालीन प्रहरी महानिरीक्षक चन्द्र कुवेर खापुङ्गको फोन आदेशमा संसद भवनतर्फ ६५ जना थप मद्दतका लागि खटिएको, आफ्नो टोलीसँग सशस्त्र तयारीसहित SLR, थ्रिनटथ्री, शटगन, ग्याँसगन, पेस्तोल तथा आवश्यक राउण्डहरू थिए, जुन खर्च नभई कार्यालयमा फिर्ता गरेको, तिलगंगादेखि पैदल संसद भवन पुग्दा दिनको करिव १५:०० बजी सकेको, बाहिर हजारौंको संख्यामा प्रदर्शनकारी थिए भने भित्र धेरै प्रहरी घाइते भएर आराम गरिरहेका, उक्त स्थानमा पहिलै खटिएका प्र.ब.उ. दीप संशेर राणा (Victor-4) सँग परामर्श गरी भित्रको सम्पूर्ण नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको टोलीलाई १५:३० बजे बाहिर निकालेर बानेश्वर चोकतिर हुत्याइ, करिब १, ५००-२, ००० जनाको भडलाई त्यहीं कन्टेन गरिएको, आक्रोशित भीडको दवाव बढ्दै गएको, तर आफ्नोतर्फबाट लाठीचार्ज बाहेक गोली वा ग्याँस चलाउनु परेको थिएन। आफू १५:०० देखि १८:१५ सम्म संसद भवनमा खटिएको अवस्थामा प्रदर्शनकारीले संसद भवन छिर्न सफल नभएको, गेट तोडिएको वा मोटरसाइकल प्रवेश गरेको दृश्य आफैंले नदेखेको स्पष्ट पारे। फर्कने क्रममा भीडबाट ढुंगा प्रहार हुँदा आफ्नै टोलीका जवान कमलेश लुहार घाइते भएको र उनलाई KMC अस्पताल पुर्याइएको थियो।

संसद परिसरमा प्रदर्शनकारीमाथि गोली कसले चलायो, किन टाउको छातीमा लाग्यो, कति घाइते-मृत्यु भएका सम्बन्धमा आफू पुगेको समयसम्म फायरिङ भइसकेकोले सो बारेमा केही जानकारी भएन। उग्र हुँदै गएको भीडलाई 'नियन्त्रण बाहिर पुग्ने स्थितिमा भने आफूभन्दा माथिल्लो कमाण्डरहरू' Victor-4, Kilo-4, Kilo-1, Victor-2, Peter-1—लगातार रेडियो सेटबाट सूचना आदानप्रदान तथा निर्देशन भइरहेको थियो।

२४ गते विमानस्थलबाट शीर्षस्त नेताहरु बिदेश भाग्ने भन्ने सामाजिक सँजालमा हल्ला फैलिएपछि सुरक्षाका लागि गोल्डेनगेटमा प्र.ना.उ.को कमाण्डमा टोली खटाइएको थियो। नागरिक उड्यन प्राधिकरणले शहरमा भएको आगजनीका कारण भिजिबिलिटी कमजोर भएको सूचना जारी गरेपछि अन्तर्राष्ट्रिय उडानहरु रोकिन पुगेको र त्यसले स्थिति सहज बनाइ दिएको। २४ गते आफ्नो कार्यालयमा प्रदर्शनकारीहरुले कुनै क्षति नपुऱ्याएकोले आफ्नो टोलीले समेत कुनै फायरिङ गर्नु नपरेको।

२४ गते राजधानी भर भएका आगजनी, प्रहरी कार्यालयमा भएका आक्रमण, प्रहरी हत्या, लुटपाट, सवारी साधन जलाइएका दृश्य, प्रहरी माथिका भीडका व्यवहारले प्रहरीले मनोवल खस्किएको छ।

भाद्र २३ गते संसद भवनको उत्तर र दक्षिण गेटमा सशस्त्र प्रहरीले खासै प्रभावकारी भूमिका नखेलेको, र १२:३० बजे नै कर्फ्यु आदेश जारी हुँदा समेत संसद दक्षिण गेटमा सेना देखिए पनि सक्रिय प्रतिरक्षा-प्रतिक्रिया नदेखिएको उनले उल्लेख गरे।

दुर्गा प्रसाई नेतृत्वको अघिल्लो आन्दोलनमा भएको गल्ती पुनः दोहोरिएको (लाठीचार्ज नगरी सिधै गोली प्रयोग हुने रणनीतिक कमजोरी), बानेश्वर क्षेत्रमा निकै कमजोर कर्डन हुनु, संसद भवन नजिकै ५-६ तहको सुरक्षा घेरा हुनुपर्नेमा सो नहुँनु, प्रहरी-APF-विशेष कार्यदलबीच समन्वय नहुनु, सामाजिक सञ्जालमा पटक-पटक फैलिएको आक्रमण योजनाहरू (Discord, Reddit) पहिल्याउन नसक्नु, सूचना विश्लेषण संयन्त्र कमजोर हुनु, र भीड नियन्त्रणका लागि अलग विशेष युनिट नहुनुले २३ र २४ को संकट गहिरिएको उनको निष्कर्ष छ।

अन्त्यमा, उनले राज्य र सुरक्षा निकायलाई सुधारका लागि ठोस सल्लाहहरू दिए प्रहरी र सशस्त्र प्रहरीबीच दंगा नियन्त्रण सम्बन्धी अधिकार र दायित्व स्पष्ट पार्नुपर्ने, जिम्मेवारी, र कानूनी संरचना स्पष्ट हुनुपर्ने, सूचना संयन्त्रलाई बलियो बनाउनुपर्ने, संसद सिंहदरबारजस्ता क्रिटिकल जोनमा समन्वयात्मक कर्डन प्रणाली बनाइनुपर्ने, र भविष्यमा यस्ता आन्दोलनलाई हिंसात्मक मोडबाट जोगाउन दीर्घकालीन तयारी आवश्यक रहेको उनको सुझाव रहेको छ। [37]

**<u>३७. भाद्र २३ गते सँसद भवनमा थप मद्दत खटिएका काठमाडौं उपत्यका प्रहरी कार्यालयमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक दीप शमशेर ज.ब.रा. को बयान कागज ब्यहोरा :</u>**

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) युवा पुस्ताद्वारा गरिएको प्रदर्शनको क्रममा आफू कार्यरत रहेको कार्यालय प्रत्यक्षरुपमा फिल्डमा खटिने प्रकृतिको कार्यालय नभएको तर उपत्यकाका तीनवटै जिल्लाको शान्ति सुरक्षाको पाटोमा समन्वय गर्ने तथा सुरक्षा व्यवस्था आदिको अनुगमन तथा सुपरिवेक्षण गर्ने रहेकोले सो दिन समेत अनुगमन गर्ने उद्देश्यले बिहान करिव १०:०० बजेतिर कार्यालयबाट निस्किई माइतिघर मण्डला, बिजुली बजारपुल हुँदै बानेश्वरस्थित संसद भवन सम्म पुगेको बताए।

---

37 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.३६ अन्तर्गत रहेको ।

प्रारम्भिक रुपमा प्राप्त सूचनाले उक्त दिनको प्रदर्शन शान्तिपूर्वक हुने आँकलन गरिएको, शुरुमा प्रदर्शन सोही मुताविक रहेतापनि माइतिघरबाट जुलुस बानेश्वरस्थित एभरेष्ट होटल पुगेपछि भीडमा परिणत भई बानेश्वर स्थित निशेधित क्षेत्रमा प्रवेश गर्न प्रदर्शनकारीहरुले निशेधित क्षेत्रमा राखिएका मेटल ब्यारिकेड तथा ह्युमेन ब्यारिकेड तोडी प्रहरीलाई घेरामा पारी अगाडि बढेको, सर्भिस ट्र्याकको दुबैतर्फबाट मो.सा.मा आएका प्रदर्शनकारीहरुले भीडलाई अझ उत्तेजित पारेको भन्ने रिपोर्टिङ प्राप्त भएको। केही समयमै नयाँ वानेश्वरमा चारैतिरबाट संसद भवनभित्र अनाधिकृत प्रवेश गर्ने उद्देश्यले संसद भवनका वाल बाहिरबाट फोड्ने, रेलीङ भाच्ने लगायतका कार्यहरु गर्दै चारैतिरबाट संसद भवनमा घेरा हाली प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गर्न थालेपछि आफू समेत सोही स्थानमा भएकोले फिल्ड कामण्डरहरुलाई सिलसिलेवार वल प्रयोगको सिद्वान्त बमोजिम बल प्रयोग गरी विवेकपूर्ण कार्य गर्न बारम्वार सन्चार सेटबाट भनीरहेको, संसद भवनको चारैतिर कन्टेन गर्ने र पानी फोहरासहित ग्याँससेल, हवाई फायर, समेत गरी सो भीडलाई निषेधित क्षेत्र बाहिर पठाउने र सो स्थान बाहिर कन्टेन गर्ने भनी सबै टुकडिलाई एकीकृत गर्न लगाएको तर सुरक्षाका सम्पूर्ण उपायहरु अबलम्वनका वावजुत केही प्रदर्शनकारीहरु उग्र व्यबहार प्रस्तुत गर्दै संसद भवनभित्र प्रवेश गरेपछि केहीलाई नियन्त्रणमा लिएको र केहीलाई सिलसिलेवार वल प्रयोग गरी संसद भवन वाहिर धपाइएको थियो। स्थिति तनावपूर्ण रहेपछि दिनको १२:३० बजेको समयमा स्थानीय प्रशासनबाट कर्फ्यु आदेश जारी भयो। प्रहरीबाट ग्याँस सेल, डमी राउण्ड, रबर बुलेट लगायत नन लिथल हतियार प्रयोग गरी परिस्थितिलाई नियन्त्रण गर्ने प्रयास गरिएको थियो। तर परिस्थिति एक्कासी नियन्त्रणभन्दा बाहिर गएको र निश्चित स्थानमा खटिएका प्रहरी टुकडिलाई ट्रयापमा पारी आगलागि गर्ने घरेलु हातहतियार पेट्रोलबम आदिले आक्रमण गर्दै मार्ने सम्मको अवस्था सिर्जना भएपछि आत्मरक्षाको लागि प्रहरीले सिलसिलेवार रुपमा हवाई फायर समेतको बल प्रयोग गरेको थियो। उक्त दिनको प्रदर्शनमा १९ जना प्रदर्शनकारीहरुको मृत्यु भएको र डिउटीमा खटिएका धेरै प्रहरी कर्मचारीहरु समेत घाइते भएको रिपोर्टिङ आएको थियो।

भोलिपल्ट भदौ २४ गते २३ गतेको घटना पश्चात विकसित घटनाक्रमको कारण २४ गते कुनै किसिमका घटनाहरु हुन सक्छन सो सम्वन्धमा चनाखो भएर सूचना संकलन गर्न र त्रुटिरहित किसिमले प्रहरी अह्रनखटन गर्न जिल्ला प्रहरी परिसरहरुलाई निर्देशन दिने कार्य भएको थियो। काठमाडौं उपत्यकाको करिब ८५% भूभाग उग्र भीडको प्रभावमा थियो ' पूर्व साँखुदेखि पश्चिम नागढुंगा, उत्तर टोखादेखि दक्षिण हरिसिद्धी र लुभु क्षेत्रसम्म। भीड अत्यन्तै उत्तेजित, आक्रामक र

नेतृत्वविहीन देखिएको र साना-ठूला प्रतिष्ठान, निजी सम्पत्ति, प्रहरी कार्यालयसम्ममा आक्रमण, आगजनी र तोडफोड भएको रिपोर्टिङहरु आइरहेको थियो।

धेरैजसो फिल्डमै खटिएकाले कार्यालयमा ५-७% जनशक्ति मात्र भएको अबस्थामा घातक बलको प्रयोग गर्दा ठूलो जनमानसको क्षतिहुने भएकोले घातक बल प्रयोग नगर्ने भन्ने निर्देशनको फाइदा उठाउँदै सामान्य बल प्रयोगबाट नियन्त्रण गर्न असम्भव भएकोले उग्र प्रदर्शनकारीहरुले काठमाडौं उपत्यका प्रहरी कार्यालयमा समेत आगजनी गरी कार्यालय जलाई हातहतियार तथा गोलीगट्ठाहरु, सवारी साधनहरु जलाई नष्ट पारे। उक्त दिन उपत्यकाभित्रका तीनवटै जिल्लाका प्रायः सम्पूर्ण प्रहरी कार्यालयहरु, विशिष्ट व्यक्तिका निवासहरु, महत्वपूर्ण प्रतिष्ठानहरु, निजी व्यवसायिक प्रतिष्ठानहरु सर्वोच्च अदालत, संसद भवन, सिंहदरवार, राष्ट्रपति निवास आदिमा अनियन्त्रित रुपमा आक्रमण गरी लुटपाट तथा आगजनी गर्ने कार्यहरु भएको रिपोर्टिङ भएको थियो। भीड अति नै उत्तेजित आक्रामक र नेतृत्वबिहिन भएको पनि रिपोर्टिङ भएको थियो।

प्रहरी कर्मचारीको संयमतालाई कमजोरी ठानी प्रदर्शनकारीहरुले तीनजना प्रहरीलाई बिभत्स रुपमा मारे। टाउको फुटेको, ढाड भाँच्चिएको अबस्थामा जीवनभरलाई अपाङ्ग हुने गरी कैयौं प्रहरीहरु विभिन्न अस्पतालमा हालसम्म उपचारार्थ रहेका छन्। उक्त दिन प्रहरी लक्षित नै आक्रमणहरु भए। महाराजगंज प्रहरी बृतमा प्रहरी कर्मचारीहरुलाईभित्र थुनी प्रदर्शनकारीहरुलाई भवनमा आगजनी गर्दा कार्यालयमा फसेका २४/२५ जना प्रहरी कर्मचारीहरुको दर्दनाक मृत्यु हुने अवस्थामा रेस्क्यू गरी निजहरुको जिवन वचाइयो। थुनुवाको लिष्ट तयार पार्ने र त्यस्तो अबस्था आएमा थुनुवाहरु छोडी दिने, आफ्नो हतियार, सञ्चार सेट, सवारी साधन र आफू सुरक्षित रहने, अश्रुग्याँस बाहेक अन्य बल प्रयोग नगर्ने भन्ने आदेश आएको र उक्त आदेश समयको सही मूल्याङ्कनबाट आएको जस्तो लाग्छ।

भीड अत्यधिक असंगठित, नेतृत्वविहीन तथा उन्मादी स्वरूपमा विकसित भएको र त्यसमा 'घुसपैठीय समूह सक्रिय रूपमा संलग्न रहेको सम्भावना बलियो देखिन्छ। यीनै घुसपैठीय समूह का कारण आन्दोलन हिंसात्मक, ध्वंसात्मक र समन्वित आक्रमणको स्वरूपमा परिणत भएको थियो।

असामान्य परिस्थितिमा संरचनाहरु भत्किनु, हातहतियार तथा असवाबहरु लुटिनु, प्रहरी अधिकृत र जवानहरू घाइते बन्नु, यी घटना आफूले व्यक्तिगत रूपमा चाहेर वा कुनै एक अधिकारीका त्रुटिले नभई उपलब्ध स्रोत-साधन तथा जन्शक्तिको कमी, अन्य सुरक्षा फौजबाट उचित सहयोग प्राप्त नहुनु, अत्यधिक भीडको दवाब, सूचना तथा पूर्वानुमानमा कमजोरी, र अचानक भड्किएको बहुआयामिक

आक्रमणका कारण भएको उनको निष्कर्ष छ।

भविष्यका लागि उनले मुख्यतया तीन कुरा जोड दिएर सुझाएका छन् (१) सामाजिक सञ्जाल-आधारित पूर्वसूचना प्रणालीको सुदृढीकरण, (२) पर्याप्त Non-Lethal बल तथा आधुनिक भीड नियन्त्रण उपकरण उपलब्धता, (३) सुरक्षा निकायबीच स्पष्ट आदेश-श्रृंखला, संयुक्त अभ्यास र संरचनागत सुधार।

अन्त्यमा उनी भन्छन् राज्य सुरक्षाको दायित्व निर्वाहमा प्रहरीहरूले उपलब्ध साधन, कानूनी संरचना र तत्कालीन परिस्थितिमा सकेसम्म उचित भूमिका खेलेका छन्। तथापि, भदौ २३-२४ ले देखाएको कमजोरीलाई गम्भीर रूपमा आत्मसात गर्दै, भविष्यमा यस्ता असाधारण परिस्थितिलाई रोक्न संस्थागत सुधार अनिवार्य रहेको छ। [38]

## ३८. केन्द्रीय विशेष कार्यदलका (STF) तत्कालीन कार्यालय प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेलको बयान कागज ब्यहोराः

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागको आदेशले मिति २०६५/०२/१३ गतेदेखि काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत रहने गरी संसद भवनको सुरक्षार्थ कायदलबाट टोली खटाइएको छ। संसद भवनमा खटिने केन्द्रीय बिशेष कार्यदलको टोलीको लिखित रुपमा नै Mandate नभए पनि संसद भवन, सांसदहरु, कर्मचारीदेखि परिसर भित्रका संवेदनशील संरचनाको सुरक्षा प्रमुख दायित्व रहेको। विषम परिस्थिति सृजना भएमा तत्काल सो स्थानमा खटिएका फिल्ड कमाण्डको आदेश बमोजिम काम गर्ने र अपरेसनल नेतृत्व भने बानेश्वर वृत्त, परिसर काठमाडौं र उपत्यका प्रहरी कार्यालय मार्फत हुँदै आएको छ। संसद भवनमा खटिएका टोलीहरुले ५.५६ मि.मि.ईन्सास राईफल, ५.५६ मि.मि. LSW, ९ मि.मि. SMG, Type 54 पेस्तोल, ९ मि.मि. पेट्रो बेरेटा र ग्याँस गन तथा ऐ.मा प्रयोग हुने गोलीहरुले सुसज्जित रहेको छ।

भदौ २३ गते म कपन फायरिङ प्रशिक्षणमा रहेको अबस्थामा प्रप्रका कार्य बिभागको मौखिक आदेश बमोजिम करिब सवा १ बजे मात्र ICC को ३ नम्बर गेट (राष्ट्रिय वाणिज्य बैङ्क नजिक) मा पुगी सोही समयदेखि गेट अगाडिको चोकमा भीडलाई तितरबितर पार्न तथा नियन्त्रण गर्न खटिएको। करिब १४:०० बजे भीड नियन्त्रण गर्ने क्रममा आन्दोलनकारीले तोडफोड गर्न लागेको

38 बयानको सक्कल प्रति पाना- २३, अनुसुची-५ को सि.न.३ अन्तर्गत रहेको ।

एम्बुलेन्सलाई सकुशल उद्धार गरी ICC परिसरभित्र सुरक्षित राखियो। प्रदर्शन उग्र बन्दै गएपनि आफ्नो टोलीले उच्च व्यवसायिक कौशलता देखाउँदै कुनै पनि मानवीय तथा भौतिक क्षति हुन नदिई पानी टयाङ्की र राष्ट्रिय वाणिज्य बैङ्क क्षेत्रको सुरक्षा गर्न सफल भई २१०० बजे कार्यालयमा फिर्ता भएको। भीडलाई सकेसम्म न्यून बल प्रयोग गरी नियन्त्रण गर्नु भन्ने सो क्षेत्रमा कमान्डरको रूपमा रहनु भएको प्रहरी वरिष्ठ उपरीक्षक दीप शमशेर जबराबाट आदेश आएको र भीड तितरबितर गराउने सिलसिलामा ग्याँस सेल ९०, सर्टगन रबर कार्टिज २२, SLR ब्ल्याङ्क राउन्ड १९ खर्च भएको तथा टोलीको ६ वटा शिल्ड र ३ वटा हेल्मेट फुटेको पाइयो तर अन्तिम बल (Live fire) प्रयोग नै गर्नु परेन।

२३ गतेका कारण २४ गते प्रदर्शन झन् उग्र हुन्सक्ने अनुमानपछि आफ्नो कार्यालयबाट पहिलो टुकडी देउबा निवास पुग्यो, दोस्रो प्रभाग बचाउन बुढानिलकण्ठमै अडिनुपर्‍यो, तेस्रो टोली समेत देउबा निबासको लागि खटिएतापनि सो स्थानमा पुग्न नसकि बाटोमै अवरोध भएर बेसमै फिर्ता भयो। मेरो कमाण्डको ७३ जना प्रहरी प्रधान कार्यालय, नक्साल सुरक्षार्थ खटियो। प्रदर्शनकारीहरूले उग्र रूप लिई प्रहरी प्रधान कार्यालयलाई चारै तिरबाट घेरा हालेको अबस्थामा STF र १ नम्बर गणले अन्तिम बल प्रयोग नगरी अश्रुग्याँस, लाठी चार्ज र आवश्यक बमोजिम हवाई फायर मार्फत भीडलाई प्र.प्र.का. कार्यालय प्रवेशमा रोक्न सफल भई प्रहरी प्रधान कार्यालय परिसर भित्र रहेका भौतिक संरचना, हातहतियार, गोलीगट्ठा, सञ्चार साधन, सवारी साधन, बन्दोबस्तीका सामानहरू लगायत प्रहरी कर्मचारीहरूको जनधनको क्षति हुन्बाट जोगाइ महत्त्वपूर्ण सुरक्षा प्रदान गर्‍यो।

त्यस दिन संसद भवनभित्र भिषण आगजनी, तोडफोड र लुटपाट हुँदा STF तर्फ सम्पूर्ण व्यारेकहरु, मेस, क्यान्टिन, CCTV कक्ष, कार्यालय भवन, Walk Through Gate र सवारी साधन लगाएत कार्यरत सम्पूर्ण प्र.क.हरूको व्यक्तिगत लत्ता कपडा, काजपत्रहरू जली पूर्ण रुपमा नष्ट भएको रिपोर्ट आफूलाई प्राप्त भएको थियो। साथै आगजनीबाट हातहतियारका म्याग्जिनहरु, गोलीगट्टाहरु, ग्याँस सेलहरु, सुरक्षात्मक गियरहरु, बुलेटप्रुफ सामग्रीहरु, सञ्चार सेट पूर्णरूपमा जली नष्ट भएको रहेछ। ती संरचनाहरू जोगाउन नसक्नुको प्रमुख कारण भीडको अत्याधिक उग्रता, भीडको ठूलो संख्यामा घूसपैठ भएको आशंका, STF लाई सामान्य भीड नियन्त्रणमा खटाइने प्रचलन, अपर्याप्त सञ्चार, धेरै टिमहरू विभाजित रूपमा खटिनुपर्ने बाध्यता उनको निष्कर्ष रहेको छ।

शसस्त्र प्रहरी २३ गते आफू नजिकै भए पनि अपेक्षित रूपमा सक्रिय नभएको, २४ गते नेपाली

सेनाको १०-१२ जनाको टुकडी प्रहरी महानिरीक्षकको गेटबाट आक्रमण बढेपछि तटस्थ हुन बाध्य भएको पृष्ठभूमिले सुरक्षा संयन्त्र बीचको समन्वय कमी स्पष्ट पार्छ।

केन्द्रीय प्रहरी विशेष कार्यदल थप मद्दतको रुपमा खटाउँदा कार्यदलकै कमाण्डरको नेतृत्वमा हुने गरी कम्तिमा एक प्लाटुन टोली खटाउनुपर्ने, कार्यदललाई मेट्रो कन्ट्रोलसँग समन्वय हुने गरी सञ्चार सेटको पर्याप्त व्यवस्था हुनुपर्ने, कार्यदललाई विशेष प्रकृतिको अवस्थामा मात्रै खटाउनुपर्ने सामान्य अवस्थामा खटाउन नहुने, कार्यदललाई आवश्यक पर्ने साधन स्रोत पर्याप्त हुनुपर्ने, कार्यदलमा कार्यरत प्रहरी कर्मचारीहरू कार्यदलमा बस्न धेरै अनुच्छुक रहने गर्नाले तलबको कम्तिमा २०% अतिरिक्त भत्ताको व्यवस्था गरिनुपर्ने उनको सुझाव रहेको छ। [39]

## ३९. जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत प्रहरी उपरीक्षक अपीलराज बोहराको बयान कागज ब्यहोराः

म २०५४ सालदेखि नेपाल प्रहरीमा आवद्ध भई २०८१ माघ १५ देखि २०८२ असोज ४ सम्म जिल्ला प्रहरी परिसर काठमाडौंमा सेकेन्ड-इन-कमाण्ड (Kilo-2) का रूपमा कार्यरत थिएँ। भदौ २३ मा कार्यालय प्रमुख कार्यालय बाहिर Field मा रहनु भएकोले म कार्यालय भित्रै थिएँ। उक्त दिन सुरक्षा योजनामा उनलाई कुनै निश्चित स्थान तोकिएको थिएन। तर कर्फ्यु लागेपछि “ICC (संसद भवन) मा तत्काल जान” भनेपछि उनी १२:५० बजे आफ्नो गाडीका ७ जना प्रहरीसहित ICC पश्चिम गेटमा पुगेर ड्युटी लिएका थिए। उनको टोलीमा ग्याँसगन, SLR, इंसास र 9mm पेस्तोल थिए।

उनी ICC पुग्दा बानेश्वर क्षेत्रमा प्रहरी-प्रदर्शनकारीबीच बल प्रयोग भइसकेको र भीड तितरबितर भइसके पनि पुनः विभिन्न दिशाबाट फेरि भेला हुँदै उग्र बन्दै ICC परिसरतिर धकेलिँदै आएको अवस्था थियो। उनले रेडियो च्यानल-२ बाट प्रहरीको ब्यारेकेड ११:४७ बजे भत्किएको, पानीको फोहरा प्रयोग ११:४८ मा भएको, प्रहरी बल प्रयोग तथा फायरिङ भइसकेको, अनि केही प्रदर्शनकारी संसद भवनको पूर्वतर्फको पर्खाल नाघी भित्र छिरेको, दक्षिण गेटबाट ह्याम्मर र रड प्रयोग गरी पर्खाल भत्काउन कोशिस भैराखेको, र सुरक्षा वलबाट गोली फायर भई सकेको, संसद भवन छिर्न नदिन बल प्रयोग गर्ने भनी तालुक कार्यालयबाट आदेश आएको” जस्ता संवादहरु सुनेको बताए।

---

39 बयानको सक्कल प्रति पाना- १४, अनुसुची-५ को सि.न.३८ अन्तर्गत रहेको ।

उनी पश्चिम गेटमा पुग्दा दृश्य अझ गम्भीर थियो, प्रदर्शनकारीले पेट्रोल बम फ्याँक्ने, ICC भवनतिर आगजनीको प्रयास गर्ने, बानेश्वरतिरको ठूलो भीड सर्दै पश्चिम गेटतिर सर्छन्, र बारम्बार गेट भत्काउने प्रयास हुन्छ। उनीभन्दा माथिल्लो अधिकारीहरू (समग्र कमाण्डर विश्व अधिकारी (K1), दीप शम्सेर राणा (V4), र सोमेन्द्र सिहं राठौर U1 सर) त्यहीं उपस्थित भएकाले आफूले अलग कमान्ड लिनु परेन। APF र नेपाली सेना पनि पछिल्ला क्षणहरूमा आए तर दुवै सुरक्षा निकायबाट अपेक्षित व्यवसायिक सहयोग, संयत्रिक प्रतिरक्षा वा सामूहिक समन्वय नदेखिएको उनको ठम्याई छ।

उनका अनुसार पश्चिम गेटमा आउने भीड अन्य स्थानको भीडभन्दा फरक-अत्यन्त उग्र, अराजक र विध्वंसात्मक थियो। भीडले गेट तोड्ने, प्रहरी बस्ने संरचनामा आगो लगाउने, र सिधै संसद भवन प्रवेश गर्ने उदेश्य झैं देखिन्थ्यो। यस्तो परिस्थितिमा आफ्नो टोलीसहित न्यूनतम तथा समानुपातिक बल प्रयोग गर्दै मुख्यतः टियर ग्याँस चलाउँदै-गेट भत्किन नदिने प्रयास निरन्तर गरे। आफ्नो टिमबाट टियर ग्याँस १३ राउन्ड चलाइएको, तर त्यो पनि Gen-Z भीड तितर बितर भएपछि आएको राजावादी जुलुसलाई रोक्न प्रयोग भएको थियो। उनीहरूको टोलीबाट गोली प्रहार भने नगरेको बताए।

आफू ड्युटी लिँदा गोली चलाइसकिएको कारणले ICC परिसरमा भित्र छिरेका प्रदर्शनकारी कहाँबाट मरे, कसरी गोली लागे भन्नेबारे आफूलाई केही थाह छैन। तर उनले महत्वपूर्ण संरचनाको सुरक्षामा खटिएको विशेष कार्यदलले फायर गरेका हुन्सक्ने, पर्खालको बनावट र Zeroing (aim-alignment) मिल्न नसक्दा टाउको-छातीमा चोट पुगेको हुन्सक्ने, अनि अन्य सुरक्षा निकायको Firing Power पनि समान भएकाले सबै जिम्मा प्रहरीमाथि थोपर्नु अनुचित हुने टिप्पणी गरे।

भदौ २३ को साँझ करिव १८:३० बजेको समयमा उनी पश्चिम गेटबाट बानेश्वर चोक पुगे, जहाँ १२०० जनाको राजावादी भीड संसद भवनतिर धकेलिँदै आएकाले उक्त भीडलाई दुई पटक तितरबितर गरेर नियन्त्रण सम्भव भएको थियो। राति नयाँ सडक असन क्षेत्रमा भएका आगजनी, तोडफोड, प्रहरी बिट जलाएको घटनालाई उनले सेटमार्फत अनुगमन गरेका थिए।

भदौ २४ गते आफू कार्यालय सुरक्षाको निमित्त खटिएका थिएँ। शुरुमा प्रहरी प्रभाग हरिसिद्दिमा आगोलागि भएपछि अन्य Vital Installations माथि आक्रमण भयो। ICC, सिंहदरवार, सर्वेच्च अदालत, स्वास्थ्य मन्त्रालयमा आगोलागि भएको रेडियो सेटबाट थाहा पाएको हुँ। साँझ करिव ७:३० बज तिर शसस्त्र प्रहरी वलको ट्रक आन्दोलनकारीको लुटेरा समूहले लुटि सुरक्षा फौजबाट लुटेको

हतियार समेत फायर गर्दै करिव २०० जना जतिको समूहले प्रहरीलाइ आत्मसमर्पण गर् भन्दै सो ट्रकलाई जिल्ला प्रहरी परिसरको गेटमा ठूला आवाजले धक्का दिएर फोड्न खोज्दा म समेतको टोलीले टियर ग्याँस र फायर खोली सो भीडलाई लखेटी गाडी नियन्त्रणमा लिएको। राति २२:३० बजे सम्म Drone प्रयोग गरी रेकी गर्ने र वारम्बार झुक्काएर आक्रमण गर्न खोजेको र शसस्त्र प्रहरीको लुटिएको अर्को ट्रक भद्रकाली तर्फबाट ल्याई फेरीआक्रमण गर्न खोज्दा सो ट्रकलाई समेत भगाई लखेटेको। करीव ३-४ घन्टासम्म प्रदर्शनकारीहरुको आक्रमणक प्रयास हुदा समेत म कमान्डरको हैसियतले उक्त जिल्ला प्रहरी परिसरलाई केही पनि क्षति हुन नदिएको, आक्रमण गर्न आएको अराजक भीडलाई तितिरवितर पारेको र कमान्डरको भूमिका निभाएको। २४ गतेको कार्यालय सुरक्षाको क्रममा केही राउण्ड गोली फायर गरिएको तर उक्त फाइरिङबाट भीडपक्षधरहरु कसैलाई मृत्यु वा घाइते हुने घटना परिसर क्षेत्रमा नभएको दाबी गर्छन्। त्यस दिन काठमाडौंका विभिन्न इकाइमा भएका खतरा, तोडफोड, आगजनीका “अत्यधिक जोखिम, असीमित क्षति, भवनमा आगो लाग्ने सम्भावना” को मूल्यांकनपछि थुनुवाहरु छाडिदिने भनी माथिल्लो तालुक कार्यालयबाट रेडियो सेटबाट आदेश आएपछि सुरक्षा कारणवश १७:३० बजे म्याद थप भई परिसरको अनुसन्धानको सिलसिलामा हिरासतमा रहेका २०५ जना थुनुवाहरु छाडिएको हो।

यो प्रर्दसनमा लुटेरा, आपराधिक पृष्टभूमिका व्यक्तिहरु, जेल वसेर आएकाहरु, दिमागी रुपमा मनोरोगी र अभियुक्तहरु, प्रहरीको भगौडाहरु, समाजमा दुःख दिने गुन्डाहरु र राजा आउ देश वचाउ भनेर ४० वर्ष भन्दा वढी उमेर समूहका व्यक्तिहरु समेत संलग्नता भएकोले फरक फरक उद्धेश्यप्रेरित समूहको संलग्नताले प्रदर्शनमा घूसपैठ भएको बिश्वास गर्दछु। उक्त दिन Mis- information र Dis-information ले पनि आन्दोलनलाई अराजक बनाउन ठूलो भूमिका खेलेको थियो।

अन्त्यमा उनले घटनाको मूल कारणहरू सूचना विश्लेषणमा कमजोरी, खतराको मूल्यांकनमा ढिलाई, कर्फ्युपछिका निर्देशनमा अस्पष्टता, संयुक्त सुरक्षा संयन्त्रको समन्वयहीनता, र राज्यको नेतृत्व तहमा तत्काल निर्णय क्षमताको अभावहरु रहेको बताए। भविष्यमा यस्तो अवस्था रोक्न नेपाल प्रहरीलाई स्रोत-साधन सम्पन्न बनाउने, फायरिङ प्रशिक्षण (Zeroing) प्रभावकारी बनाउने, सुरक्षा निकायबीच स्पष्ट आदेश-शृङ्खला स्थापना गर्ने, प्रहरी कार्यालयको fortification मजबुत बनाउने, भीड नियन्त्रणमा शसस्त्रको भुमीका बारेमा स्पष्ट तोकिनुपर्ने आदी सुझाव दिए। [40]

---

40 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.३९ अन्तर्गत रहेको ।

**<u>४०. जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत प्रहरी उपरीक्षक कुलदीप चन्दको बयान कागज ब्यहोरा :</u>**

मिति २०८२ भाद्र २३ गते दिनभरी नै म सदाझैं दिनभरि कार्यालयमै बसेर अपराध अनुसन्धान शाखाका नियमित काममा व्यस्त थिए, त्यसकारण प्रदर्शनका घटनाबारे प्रत्यक्ष जानकारी वा व्यहोरामा उनी स्वयं संलग्न थिएनन्। २३ गते घटनास्थलमा नखटिएकाले त्या दिनको वास्तविक भीड, बल प्रयोग, फायरिङ वा उग्र घटनाक्रमबारे म केही बताउन सक्दिन।

२४ गते भने परिस्थिति भिन्न बन्यो। बिहानै देखि काठांण्डौको चौक चौकमा मानिसहरुको उपस्थिति बढी नारा जुलुस लागेको सूचना सेटमार्फत सुनेको हुँ। त्यसपछि म कार्यालय प्रमुखको निर्देशनमा बुढानीलकण्ठ-महाराजगन्ज क्षेत्रतर्फ ड्युटी अनुगमनको लागि निस्किएँ। हात्तिगौडा-चपली हुँदै बुढानीलकण्ठ पुग्ने क्रममा सडकमा भेला जम्मा भइसकेको भीडले आफू चढेको पिकअप भ्यान अगाडि बढ्न नदिएको कारणले अवस्था जटिल भएपछि भ्यानलाई वैकल्पिक बाटोबाट निकाल्ने प्रयास गरेको तर एकपछि अर्को बाटो अवरुद्ध भइरहेकाले अन्ततः मैले उक्त भ्यानलाई बाटोमै सुरक्षीत राखी आफ्नो टोली पैदलै देउवा निवासतर्फ गएको थिएँ। देउवा चोकमा खटिएको बुढानिलकण्ठ प्रहरी प्रभाग र प्रहरी वृत महाराजगंजका प्रहरी टोलीसँग मेरो टोली समेत मिसियो। त्यो बेला करिब ३००-४०० को उग्र भीडले प्रहरीले लगातार ढुंगा-इट्टा प्रहार गर्दै अग्रसर भइरहेका थिए। प्रहरीले माइकिङ, सम्झाई बुझाई तथा अश्रुग्याँस मार्फत भीडलाई थाम्ने प्रयास गरिरहेको भए पनि ती चार घण्टामै अवस्था तनावपूर्ण हुँदै गयो। गल्ली गल्लीबाट थप भीड मिसिएर ठूलो भीड एकै ठाउँमा केन्द्रीत भएपछि देउवा निवासको कम्पाउण्ड पर्खाल भत्कियो, भित्रका साना संरचनामा तोडफोड र आगजनी सुरु भयो र भीड नियन्त्रण असम्भवजस्तै बन्दै गयो।

त्यसपछि देउवा निवासभित्रै रहेको नेपाली सेनाको करिब ३० जनाको टोलीले बाहिर निस्की भीड रोक्नतिर प्रयास गरेको हो। तर भीडको साइज अनियन्त्रित भएपछि आफ्नो टोली एकत्रित गर्दै डिफेन्सिभ हुदै शिबपुरि निकुन्जको चेकप्वाइन्ट सबै टोली लगेर सुरक्षित स्थानमा राखियो, बाटोको अवस्था सामन्य हुदै गएपछि राति १ बजे तिर टोली सहित कार्यालयमा फिर्ता भयौं। भीड नियन्त्रण गर्ने क्रममा उक्त दिन ग्याँस सेलबाहेक अरु कुनै घातक बल प्रयोग मेरो टोलीबाट भएको छैन। उक्त दिन सम्पूर्ण एरीयाहरुबाट भीडहरु एकत्रित भै रहनु, मौजुदा जनशक्तिले भीडलाई थेग्न नसक्नु र थप सुरक्षा फौज समेत थप मद्दतको लागि आउन सक्ने अबस्था नरहेकोले उत्तेजित भीड बाट

तोडफोड आगजनी ढुङ्गा इट्टा प्रहारको क्रम उग्र हुदैजादा आफ्नो टोली, आफू, असवाव र हात हतियारहरु समेत सुरक्षित गर्न मुस्किल भयो।

उनले देउवा निवास क्षेत्रमा सशस्त्र प्रहरीको तैनाथी देखेनन्, तर नेपाली सेनाको टोली भने भित्रि कम्पाउण्डमा रहेको र परिस्थिति असामान्य भएपछि बाहिर आएर नियन्त्रणमा सहयोग गरेको उल्लेख छ। आफ्नो व्यक्तिगत अनुभवमा उनी सुरक्षा साधन, साधनस्रोत तथा संरचनात्मक तयारी अपर्याप्त भएको महसुस भएको बताउँछन्। आन्दोलनका अह्वन खटन परिचालन देखि सुरक्षा मिटिङ र सूचना संकलन एवं बिश्लेषणका कुनै पनि प्रकृयामा आफ्नो सहभागिता नहुँदा तथ्यहिन तरिकाले अनुमानका भरमा उक्त दिनको आन्दोलनमा घूसपैठ भए, नभएको केही बताउन सक्दिन। [41]

## ४१. जिल्ला प्रहरी परिसर भक्तपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक माधव प्रसाद बुढाथोकीको बयान कागज व्यहोराः

भाद्र २३ गतेका भक्तपुर जिल्ला अन्तर्गत कुनै पनि स्थानमा जेन्जी यवा पुस्ताका कार्यक्रमहरु नभएकोले जिल्लाको शान्ति सुरक्षा सामान्य रहेको। तर सोही दिन संसद भवन बानेश्वरमा भएको घटनापछिको अस्थिर वातावरणलाई मध्यनजर गर्दै २४ गतेका सम्भावित जोखिमबारे सम्पूर्ण प्रहरीलाई ब्रिफिङ गरिएको, सजगता बढाइएको र २४ गते विशेष सुरक्षा योजना तयार गरी विभिन्न क्षेत्र तथा महत्त्वपूर्ण स्थानहरूमा प्रहरी परिचालन गरिएको थियो।

मिति २०८२ भाद्र २४ गते बिहान ०८ः३० बजेदेखि लागु हुने गरी अर्को आदेश नभएसम्मको लागि भक्तपुर जिल्ला स्थित बिभिन्न स्थानहरुमा कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी भएता पनि कर्फ्युको अवज्ञा गर्दै बिहानदेखि मनोहरा, गठ्ठाघर, पेप्सिकोला, पूरा नो ठिमी, च्यामासिंह, दत्तात्रय, सल्लाघारी, सुडाल, खरिपाटी सहित भक्तपुरका धेरै स्थानमा ठूलो संख्यामा मानिसहरु भेला हुन थाले। सुरुमा नारा-जुलुसका रूपमा देखिएको भीड आक्रोशपूर्ण हुँदै प्रहरीमाथि गालीगलौज, अपमानजनक नाराजस्ता व्यवहारका साथ ढुंगा, बोत्तल र अन्य वस्तु प्रहार गर्न उत्कट देखियो। प्रहरीले सम्झाई बुझाई गर्दै शान्ति पूर्वक कार्यक्रम गर्न आग्रह गरे पनि भीड बुझ्ने अवस्थामा थिएन। भीड आक्रामक भएसँगै स-साना प्रहरी इकाइहरू एकीकृत गर्ने निर्णय गरियो, किनकि तत्काल मद्धत पठाउन नसकिने अवस्था थियो। मैले तालुक कार्यालयहरुसँग निरन्तर सञ्चारमा रहँदै घटनाक्रम, जोखिम र आवश्यकताको अद्यावधिक रिपोर्टिङ

41 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.४० अन्तर्गत रहेको ।

गरिरहें।

भीड तीव्र रूपमा विस्तार भएसँगै बिहान ११ बजेदेखि भक्तपुर जिल्ला पूर्ण रूपमा असामान्य अवस्थातर्फ धकेलियो। एकै समयमा थुप्रै स्थानमा आगजनी, तोडफोड र आक्रमण सुरु हुन थाल्यो। ठिमी र जगातीका प्रहरी वृत्तदेखि दधिकोट, सानोठिमी, सुडाल, खरिपाटी, कटुञ्जे, दुवाकोट, चाँगुनारायण, डोलेश्वर, गुण्डु, नेक कलेज, दिव्यश्वरी, ताथली, ट्राफिक एकाइहरू, पर्यटक प्रहरी एकाइहरू समेत समग्रमा १८ भन्दा धेरै प्रहरी संरचना, साथै ९ सरकारी कार्यालय, ५ स्थानीय तह, ११ निजी आवास तथा व्यापारिक प्रतिष्ठानहरु प्रदर्शनकारीहरुको आक्रमणबाट क्षतिग्रस्त भए। भीड नियन्त्रणका क्रममा विभिन्न स्थानमा ग्याँसगनबाट अश्रुग्याँस ३९४ सेल, , SLR बाट ७२ blank Round, १४ live Round र shotgun बाट २० round, Insas राइफल र 303 राइफलबाट २०/२० राउण्ड गोली फायर भएको र पूरा नो ठिमी क्षेत्रमा एक प्रदर्शनकारी (साजन राई) गोली लागेर घाइते भई उपचारका क्रममा मृत्यु भएको थियो। आन्दोलनकारीको प्रदर्शनको क्रममा २० भन्दा प्रहरी घाइते भए, जसमा एक प्रहरी जवानलाई खुट्टामा गोली लागेको थियो। ठिमी र जगाती वृत्तबाट २८ जना थुनुवालाई परिस्थितिलाई मूल्यांकन गर्दै, जीवनरक्षालाई प्राथमिकता दिँदै, सुरक्षा जोखिम बढेकाले छोडिएको र बाल सुधार गृहबाट पनि २६८ जना बालविज्याईकर्ताहरु भागेका थिए। प्रदर्शनकारीहरुले प्रहरीको ५७ नाल हातहतियारहरु लुटेका, ३२ नाल जलेर नष्ट भएको र लुटिएको हातहतियार मध्ये प्रहरी कारवाहीमा २४ नाल मात्र फेला पारिएको छ।

उक्त दिनको प्रदर्शनको क्रममा के.पि. ओली निवास (आगजनी), महेश बस्नेत निवास (आगजनी ), किरण थापा निवास (आगजनी), गोकुल बस्तोला निवास (आगजनी), आनन्द पोखरेल निवास (आगजनी), अमरबहादुर रायमाझी निवास (आगजनी), मोहन बहादुर बस्नेत निवास (आगजनी), सुमित्रा थापा निवास (आगजनी), रबिन्द्र सापकोटा निवास (आगजनि), अग्नि सापकोटा निवास (आगजनी), राज कुमार जोशी निवास (आगजनी), जिल्ला प्रशासन कार्यालय भक्तपुर (आगजनी), सडक डिभिजन कार्यालय (आगजनी), जिल्ला समन्वय कार्यालय भक्तपुर(आगजनी), जिल्ला नगर विकास आयुक्त कार्यालय (आगजनी), कोष तथा लेखा नियन्त्रण कार्यालय (तोडफोड), पूर्वाञ्चल विश्विविद्यालय परीक्षा नियन्त्रण कार्यालय (आगजनी), टंक प्रसाद आचार्य बहु प्राविधिक शिक्षालय (आगजनी), यातायात कार्यालय राधेराधे (आगजनी), पुरातत्व कार्यालय भक्तपुर (आगजनी), मध्यपुर ठिमि नगरपालिका (आगजनी), सुर्यविनायक न.पा. ७ नं. वडा कार्यालय (आगजनी), सुर्यबिनायक नगरपालिका (तोडफोड), सुर्यविनायक न.पा. ४ वडा कार्यालय (आगजनी), भक्तपुर वडा नं. ३ सार्वजनिक

शौचालय (आगजनी), गुण्डु खानेपानी सरसफाई मुल उपभोक्ता समिति (आगजनी), नेपाल स्काउट शाखा कार्यालय (आगजनी), राधेराधे भाटभटेनी (तोडफोड) भएको। ती घटनाहरू रोक्न नसकिएको कारण उनी स्पष्ट रूपमा उल्लेख गर्छन् घटनाहरू एकै समयमा, धेरै स्थानमा र अत्यन्त तीव्र रूपमा फैलिएको, शसस्त्र प्रहरी र नेपाली सेनाबाट अपेक्षित सहयोग समयमा प्राप्त नभएको, तथा प्रहरी जनशक्ति अत्यन्त न्यून भएकाले सम्हाल्न असम्भव जस्तै अवस्थाहरू सिर्जना भएको थियो। [42]

## ४२. प्रहरी वृत थानकोटका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक एलिजा गिरीको बयान कागज ब्यहोराः

भाद्र २३ गतेको Gen-Z प्रदर्शनका क्रममा म माइतीघर मण्डलामा खटिएको थिएँ। मेरो जिम्मेवारी प्रदर्शनकारीहरूसँग समन्वय गरी भीडलाई व्यवस्थित गर्दै Service लेन हुँदै निषेधित क्षेत्रको सीमा (Border Line) सम्म शान्तिपूर्ण रूपमा पुऱ्याउने र प्रदर्शनपछि पुनः माइतीघर फर्काई कोणसभामा परिणत गरुन्जेल सुरक्षा प्रदान गर्नु थियो। प्रदर्शनको सुरुआती अवस्था शान्त र व्यवस्थित थियो। "Together for Reform, Against Corruption" जस्ता नारासहित आन्दोलन शान्तिपूर्ण गर्ने, कुनै हुलहुज्जत नगर्ने, उच्छृङ्खल नहुने, बोट विरुवा नभाची शान्तिपूर्ण गर्ने भन्ने नारा लगाई १५-२० जनाबाट सुरु भएको भेला क्रमशः बढ्दै गएको थियो। विद्यालयको पोशाकमा आएका विद्यार्थीहरू प्रदर्शनमा मिसिँदै गएकाले मैले सो विषय तालुक कन्ट्रोललाई जानकारी गराएको थिएँ। भीडको संख्या तीव्र रूपमा बढ्दै गएपछि निर्धारित समयभन्दा अगावै रैली माइतीघरबाट अगाडि बढ्यो। करिब पाँच हजारभन्दा बढीको भीड तीनै लेन ओगट्दै अघि बढ्दा व्यवस्थापन चुनौतीपूर्ण बन्दै गयो।

दूरसञ्चार कार्यालय आसपास पुग्दा भीड उत्तेजित हुन थालेको, सुरक्षाकर्मी माथि पानीका बोतल प्रहार गर्ने, होर्डिङ बोर्ड र पोस्टर च्यात्ने गतिविधि देखिए। मैले माइकिङमार्फत संयम अपनाउन आग्रह गर्दै टोलीलाई भीड वरिपरि घेरा (cordon) बनाउन लगाएँ। विद्यालयका विद्यार्थीहरू झनै उत्तेजित देखिएका थिए र उच्छृंखल समूहले उनीहरूलाई उक्साइरहेको अवस्था थियो। करिब ११:२५ बजेतिर भीड निषेधित क्षेत्रमा आइपुग्दा स्थानीय प्रशासन ऐन अनुसार निषेधित क्षेत्र नतोड्न र कानूनी कारबाही हुने चेतावनी दिइयो। भीड असंगठित थियो र स्पष्ट नेतृत्वविहीन देखिन्थ्यो। पछाडिबाट आएका उच्छृंखल समूहले भीड भड्काउँदै निषेधित क्षेत्र तोडेपछि सो जानकारी कन्ट्रोललाई गराइयो। त्यसपछि पानीको फोहोरा र अश्रुग्यास प्रयोग गरिएको थियो। तत। पश्चात संसद भवनको पेरिमिटर सुरक्षामा खटिन आदेश पाएपछि म आफ्नो

42 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.४१ अन्तर्गत रहेको ।

टोलीसहित संसद भवनको दक्षिण गेटमा तैनाथ भएँ।

दक्षिण गेटतर्फ भीडले प्रवेशको प्रयास गर्दा पटक-पटक सम्झाइ-बुझाइ गरियो। भीड नमानेपछि न्यूनतम बल प्रयोग गर्दै लाठीचार्ज गरियो तर अवस्था झन् उग्र बन्दै ढुंगामुढा, सिमेन्टका डल्ला र फलामे रड प्रहार हुन थाल्यो। पेट्रोल बमसमेत प्रयोग गरिँदा स्थिति अत्यन्त जोखिमपूर्ण बन्यो। त्यस अवस्थामा समेत गेटभित्र कुनै हालतमा प्रवेश गर्न नदिने आदेश भएकाले मैले मातहतका कर्मचारीलाई सुरक्षित रहँदै भीडलाई कन्टेन गर्ने, माइकिङ गर्ने र तितर-बितर पार्ने निर्देशन दिएँ।

प्रदर्शनकारीहरूले गेटको दायाँ-बायाँ रहेका साना भवनका छतबाट ढुंगा र पेट्रोल बम प्रहार गरिरहेका थिए र वाटर क्यानन सवारीसाधनमा आगजनी गर्ने प्रयास समेत देखियो। म र मेरो टोली गेटमै डटेर संसद भवनभित्र प्रवेश रोकिरहेकै क्रममा भीडले उल्टै हामीतर्फ अश्रुग्यास सेल फ्याँक्ने, ढुंगामुढा र रड प्रहार गर्ने गर्‍यो। सो आक्रमणबाट म स्वयं गम्भीर रूपमा घाइते भएँ'नाक र मुखमा चोट लागी रगत बग्यो। मैले तत्काल Victor Control लाई ज्यानको गम्भीर जोखिमबारे जानकारी गराएँ र मेरो टोलीले मलाई संसद भवनभित्र सुरक्षित स्थानमा लग्यो। त्यसपछि करिब एक घण्टा विश्राममा बसें र पछि पुनः आदेशअनुसार ड्युटीमा फर्किएँ।

कर्फ्यु आदेश जारी भइसकेपछि माइकिङ मार्फत भीडलाई जानकारी गराइयो। त्यसको अवज्ञा गर्दै प्रदर्शनकारीहरूले निरन्तर आक्रमण गरेपछि कानून बमोजिम कारबाही गर्ने आदेश प्रवाह भएको थियो। करिब २१:३० बजे withdraw हुने आदेश आएपश्चात आफ्नो कार्यालय फर्केको हुँ। भाद्र २३ गते प्रहरी वृत थानकोटबाट खटिएका सम्पूर्ण टोलीबाट व्ल्याङ राउण्ड ५, ग्याँस सेल २५ र ११ रवर छर्राहरु खर्च भयो।

भाद्र २४ गतेको सम्भावित हिंसात्मक अवस्थालाई ध्यानमा राखी माथिल्लो निकायबाट सर्वप्रथम आफ्नै कार्यालय, थुनुवा, हातहतियार र प्रहरी कर्मचारीको सुरक्षा गर्न आदेश प्राप्त भयो। थानकोट क्षेत्रमै भीड आक्रमक भई प्रहरी कार्यालयमा तोडफोड र पेट्रोल बम प्रहार गरेपछि, दिनको करिव १६३० बजेको समयमा मैले हातहतियार, गोलीगठ्ठा र कर्मचारी सुरक्षित गर्दै नजिकको नेपाली सेनाको शिक्षालयमा अस्थायी रूपमा सुरक्षित बस्ने निर्णय गरें। थुनुवाहरूको ज्यान जोगाउन लगत खडा गरी छाडिएको थियो। केही कागजात र सामग्री नष्ट भए पनि अधिकांश सवारीसाधन र हातहतियार सुरक्षित राख्न सफल भयौं। भीडहरुले प्रहरी वृत थानकोट, प्रहरी प्रभाग बलम्बु र नागढुंगा तथा पूर्व उपराष्ट्रपति निवास, पूर्व गृहमन्त्री रमेश लेखकको निवास, CG Group, Chandragiri Hills लगायत ठाउँहरुमा आगजनी तोडफोड गरे।

मेरो निष्कर्षमा, सुरुमा भ्रष्टाचार विरोधी र सुशासनका नारासहित सुरु भएको Gen-Z आन्दोलन पछि उच्छृंखल, आपराधिक तथा गैरकानूनी समूहको घुसपैठका कारण विध्वंसात्मक रूपमा परिणत भयो। विद्यालयका विद्यार्थीहरूको भावनात्मक प्रयोग, आगजनी, लुटपाट र हिंसात्मक गतिविधिले प्रहरीको मनोबलमा गम्भीर असर परेको छ। यस्ता घटनामा संलग्न समूह र तत्त्वहरूको गहिरो अनुसन्धान आवश्यक छ भन्ने मेरो धारणा हो। मैले उक्त दिन मेरो कार्यक्षेत्रमा सम्भव भएसम्म प्रहरी कार्यालय, हातहतियार, कर्मचारी र थुनुवाको सुरक्षा गर्न इमान्दारीपूर्वक प्रयास गरेको हुँ। [43]

**<u>४३. प्रहरी वृत्त कालीमाटीका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक मधु कुमार थापाको बयान कागज ब्यहोराः</u>**

म प्रहरी बृत कालीमाटीमा कार्यरत भई भदौ २३ गते Gen-Z समूहद्वारा आह्वान गरिएको प्रदर्शनका क्रममा मलाई एकीकृत सुरक्षा योजना अनुसार माइतीघर मण्डलामा भीड व्यवस्थापन, लाइन मिलाउने र कोणसभा सञ्चालनमा सहयोग भूमिका सहित खटाइएको थियो। प्रारम्भिक अवस्थामा भीड अत्यन्त सामान्य, स्कुल तथा कलेजका विद्यार्थी (युनिफर्ममै) तथा युवाहरूको उपस्थिति सहित व्यवस्थित रूपमा देखिएको थियो। तर करिब १०:३० बजेदेखि तीव्र रूपमा बढ्दै करिब पाँच हजारजति पुगेपछि स्थिति क्रमशः जटिल हुँदै गयो। दुरसञ्चार कार्यालय नजिकैबाट बाटोमा रहेको पोस्टर च्यात्ने, पानीको बोतल हान्नेजस्ता गतिविधि सुरु भएपछि माइकमार्फत संयम अपनाउन र शान्तिपूर्ण रूपमा अघि बढ्न थुप्रै प्रयास गरिए पनि भीड क्रमशः उग्र हुँदै निषेधित क्षेत्रतर्फ अघि बढ्यो। ११:२५ बजेतिर भीडले भ्रष्टाचारविरुद्ध, नेताहरूविरुद्ध तथा संसद भवन जलाउनेजस्ता उत्तेजनात्मक नाराहरू लगाउन थालेपछि अवस्था असामान्य हुँदै जाने संकेत प्रष्ट देखिन थाल्यो। भीड नेतृत्वविहीन थियो।

भीडले निषेधित क्षेत्र तोडेपछि मैले भिक्टर कन्ट्रोलमा स्थिति जानकारी गराएको थिएँ, जहाँबाट भीडलाई कानूनी सूचना दिन, संयममा बस्न आग्रह गर्न तथा न्यूनतम बल प्रयोग गर्न निर्देशन आएको थियो। प्रहरीतर्फबाट हाते माइकमार्फत लगातार जानकारी दिइए पनि भीड ठूलो र उग्र बनेर संसद भवनतर्फ धकेलिन थाल्यो। कर्फ्यु आदेश करिब १२:३० बजेतिर लागेपछि पनि स्थिति शान्त हुन सकेन। ढुंगा, बोतल तथा अश्लील शब्द प्रयोग गर्दै भीडले प्रहरीमाथि आक्रमण गरिरहेको थियो। अश्रुग्याँस समेत उल्टाएर प्रहरीतर्फ फर्काइएको, अत्यधिक संख्याका प्रदर्शनकारी धेरैजसो विद्यार्थी एकैपटक आक्रामक भएकाले सामान्य बल प्रयोग प्रभावहीन बनेको थियो। स्थितिको व्यवस्थापनका क्रममा मलाई भीडबाट दाहिने

43 बयानको सक्कल प्रति पाना- ११, अनुसुची-५ को सि.न.४२ अन्तर्गत रहेको ।

खुट्टामा फलामको रडले दुई पटक प्रहार भएको हुँदा म घाइते समेत हुन पुगेको थिएँ। मेरो मातहत खटिएको टोलीबाट भीड व्यवस्थापन गर्ने क्रममा SLR बाट १४ ब्ल्याङ्क राउन्ड, ग्याँसगनबाट २१ सेल तथा सर्टगनबाट १५ रबर छर्रा प्रयोग भएको थियो।

संसद भवन परिसरमा भीड प्रवेशका समयमा म दक्षिण गेटतर्फ खटिएका थिएँ। भीडले मूल गेट, भित्ताहरू तोडफोड गर्दै कक्षभित्र समेत आगजनी गरेका हुन। भीडलाई उक्साउने उद्देश्यले कालो ड्रेस र फूल हेलमेट लगाएका मोटरसाइकल समूहहरू योजनाबद्ध रूपमा उपस्थित भएका थिए। गोली प्रहार कसरी, कुन स्थानबाट सुरु भयो भन्ने विषयमा मलाई जानकारी छैन, तर आदेश Petre-१, Victor-२ र Kilo-१ बाट आएको थियो।

भदौ २४ गते भने अघिल्लो दिनको घटनाका कारण सम्भावित जोखिम बढ्ने आंकलन लगायत कर्फ्यु आदेशको प्रचार-प्रसार, मुख्य चोकमा प्रहरी तैनाथी जस्ता तयारी गरिनुपर्ने निर्देशन आएको थियो। यद्यपि म अघिल्लो दिनको चोटकै कारण घाइते अवस्थामै थिएँ। तर मेरो वडा एरीया मातहत कलंकी, बल्खु र कालीमाटी क्षेत्रमा आक्रोशित भीडले आगजनी, ढुंगामुढा र प्रहरीमाथि आक्रमण सुरु भएलगत्तै मैले औषधी र इन्जेक्सन लिएर ड्युटीमा पुगेको थिएँ। कलंकी प्रहरी प्रभागमा ठूलो सङ्ख्यामा भीड जम्मा भई आगजनी शुरु गरेपछि मैले करिब २५-३० जना प्रहरीसहित लाठीचार्ज र अश्रुग्याँस प्रयोग सहित भीडलाई रोक्न प्रयास गरेको, तर असफल भएको हो। बल्खु, कलंकी, स्युचाटाचार चौकी, कालीमाटीका विभिन्न चौकी तथा बिटहरूमा आक्रमण, तोडफोड तथा आगजनी हुँदा मैले धेरै हतियार, सञ्चार साधन तथा प्रहरी जनशक्ति सुरक्षित राख्दै कालीमाटी बृतका प्रहरी कर्मचारीहरु हातहतियार सहित जिल्ला प्रहरी परिसर काठमाडौंसम्म मर्ज गर्न सफल भएको हुँ। १५:३० बजेतिर झन्डै दुई हजारभन्दा बढी भीडले काठमाडौं प्रहरी परिसरमा आक्रमण गर्दा म समेतको १५३ जना प्रहरी र नगर प्रहरीको संयुक्त टोलीसहित लाठीचार्ज, अश्रुग्याँस तथा हवाई फायर गरी आगजनी र तोडफोड हुन नदिई भवन जोगाउन सफल भएको हो।

सो दिन प्रहरीलाई "थुनुवा सूची तयारी", "आवश्यकतामा थुनुवा छोड्न सकिने", "अश्रुग्याँस बाहेक अत्यधिक बल प्रयोग नगर्नु" तथा "स्वयं र हतियार-सञ्चार सुरक्षित राख्नु" भन्ने निर्देशन Victor Control बाट आएको थियो।

२३ र २४ दुवै दिन शान्तिपूर्ण प्रदर्शनमा बाह्य समूहले प्रवेश गरी तोडफोड, आगजनी, पेट्रोल-बम, ढुंगामुढा, संसद भवन जलाउने जस्ता गतिविधि गराएको हुनु पर्दछ। उक्त कार्यको लागि राजनीतिक तथा आपराधिक मनोवृत्तिका समूहहरू आक्रामक रूपमा लागेको थिए। Gen-Z सम्बन्धी पीडितका उजुरी कालीमाटी बृतमा

हालसम्म दर्ता नभएको।

२३ र२४ गतेको घटनाबाट आफूले ठूलो भीड, जोखिमयुक्त परिस्थिति र भीड नियन्त्रणका चुनौतीबारे गहिरो अनुभव पाएको, प्रहरी संरचना जलेर नष्ट हुँदा पीडा भए पनि प्रहरी टोलीमा एकता र साहस कायम रहेकाले ठूलो मानवीय तथा भौतिक क्षति हुन्बाट धेरैजसो भाग बचाउन सकिएको हो। [44]

**<u>४४. जिल्ला प्रहरी परिसर काठमाडौंका अप्रेशन अधिकृत प्रहरी नायव उपरीक्षक सुन्दर तिवारीको बयान कागज ब्यहोराः</u>**

मिति २०८२ माघ देखि २०८२ असोजसम्म मैले जिल्ला प्रहरी परिसर काठमाडौंको अप्रेशन कमाण्डरको हैसियतमा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी सम्हालेको थिएँ। मिति २०८२ साल भदौ २३ र २४ का दिन भएका Gen-Z आन्दोलनका क्रममा मैले सम्पूर्ण सुरक्षा संयन्त्रको समन्वय, योजना निर्माण र कार्यान्वयनमा प्रत्यक्ष भूमिका निर्वाह गरेको थिएँ।

भदौ २३ गते बिहान ८ः३० बजे सुरक्षा योजना मुताविक सबै सुरक्षा ड्युटी परिचालन गरिएको थियो। प्रदर्शनका लागि माइतीघर मण्डलामा जम्मा भएका प्रदर्शनकारीहरू प्रारम्भमा शान्तिपूर्ण रूपमा व्यवस्थित थिए। जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र ट्राफिक प्रहरीबीच संवेदनशील, मानव अधिकारमैत्री र संयमित कार्ययोजना कार्यान्वयन गरिएको थियो।

सुरक्षा योजना बमोजिम खटिएको नेपाल प्रहरीको डिउटीको अनुगमन प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक शिद्धि बिक्रम शाह, उपत्यका प्रहरी कार्यालय काठमाडौंका प्रहरी वरिष्ठ उपरीक्षक दीप सम्शेर ज.ब.रा. र जिल्ला प्रहरी परिसर प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीबाट समेत भएको थियो।

तर दिउँसो ११ः०० बजेदेखि स्थिति क्रमशः बिग्रँदै गयो। भीडहरु बढ्दै माइतिघर मण्डलाबाट नयाँ बानेश्वर तर्फ अगाडि बढ्दै निषेधित क्षेत्रतर्फ जबरजस्ती प्रवेश गर्न खोज्दा करिव १२००० भन्दा बढीको भीडले ढुंगा, इट्टा, पानीका बोतलहरु प्रहरी लक्षित गरी प्रहार गर्न थाले। प्रहरी र स्वयंसेवकहरूले पटक-पटक माइकिङ गरी सम्झाउने, चेतावनी दिने डिस्केलेट गर्ने प्रयास गरे पनि भीड झन् उग्र बन्दै गयो।

निषेधित क्षेत्र संसद भवन तर्फ जान नदिनको लागि होटल एभरेष्ट अगाडि सडकमा राखिएको ब्यारिकेट पार

44 बयानको सक्कल प्रति पाना- १४, अनुसुची-५ को सि.न.४३ अन्तर्गत रहेको ।

गर्दै भीडहरु नयाँ वानेश्वर चौक पुगी अन्दाजी दिनको १२०० बजेको समयमा भीडबाट संसद भवनमाथि आक्रमण सुरु भयो, भीडले संसद भवनको पर्खाल र रेलिङ तोड्दै भित्र छिर्ने प्रयास गरेको र केहीले गुलेली, रड, मोलोटभ ककटेल, र घरेलु हतियार प्रयोग गरेको थिए। भीड नियन्त्रणका लागि सुरक्षाकर्मीहरूले बारम्बार चेतावनी दिएर पनि काम नगरेपछि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम अन्दाजी ११:४८ बजे, भीड नियन्त्रणका लागि प्रहरीबाट पानीको फोहरा र अश्रुग्याँस प्रयोग गर्नुपरेको थियो। सुरक्षाकर्मीको पटक पटकको मौखिक चेतावनीलाई अवज्ञा गर्दै केही प्रदर्शनकारीहरू जबरजस्ती हुलदंगा गर्दै, सुरक्षाकर्मीलाई आक्रमण गर्दै, मुठभेड गर्दै संसद भवनको पर्खाल, रेलिङ भत्काई/चढी अनाधिकृत रूपमा संसद भवन परिसर आगो लगाउने भन्दै संसद भवन परिसरमा छिरेका थिए। अनाधिकृत रूपमा संसद भवन छिरेका अन्दाजी १००-१५० प्रदर्शनकारीमध्ये केहीलाई नियन्त्रणमा लिईएको थियो भने केहीलाई पुनः संसद भवन बाहिर लखेटिएको थियो। तर सोही बीचमा रेडियो सेटमा जानकारी आए अनुसार, कलंकी, गौशाला लगायतका विभिन्न क्षेत्रबाट करिब १०० वटा मोटरसाइकलमा आएका (त्यस मध्यका केही TOB लेखिएको कालो T-Shirt लगाएका) युवाहरूले मोटरसाईकल पड्काउने, हो-हल्ला गर्ने गतिविधि गरी भीडलाई थप उत्तेजित बनाउने कार्य गरेकोले संसद भवनमाथि आक्रमण गर्नेक्रम अझ तिब्र बनेको थियो। प्रदर्शनकारीहरूले सुरक्षाकर्मीको ढाल, हेल्मेट, लाठी, ब्याटन लगायतका असभाव खोसेका थिए। यसरी असभावका सामान खोसेर हौसिएका प्रदर्शनकारीहरूले सुरक्षाकर्मीको हतियार समेत खोस्ने प्रयास गरेका थिए।

उक्त दिन संघीय संसद राष्ट्रिय सभाको अठारौं अधिवेशनको ४५ औं बैठक बस्ने कार्यसूची तय भए बमोजिम राष्ट्रिय सभाका केही माननीय सदस्यहरूको संसद भवनमा आगमन समेत भएको, संसद सचिवालयका कर्मचारी र मर्यादा पालक लगायतका संसद सञ्चालनका लागि उपस्थित भएका व्यक्तिहरूको सुरक्षा र संसद भवन परिसरमा रहेको ४० हजार लिटर क्षमताको डिजल भण्डारण स्थल र सोको कारण हुन सक्ने जोखिम समेतलाई दृष्टिगत गर्दा समग्र संसद भवन र नयाँ वानेश्वर क्षेत्रको सुरक्षा अत्यन्त संवेदनशील रहेको थियो। शान्ति सुरक्षा भङ्ग हुने र क्रमशः प्रदर्शनकारीहरूको संख्या बढ्दै जाँदा संसद भवनको सुरक्षा जोखिम बढ्ने देखिएको र यसले राष्ट्रिय सुरक्षामा समेत असर पर्ने अवस्था देखिएकोले शान्ति सुरक्षा कायम गर्नका लागि प्रदर्शनकारीहरुले निषेधित क्षेत्र तोड्दै ड्युटीमा खटिएका सुरक्षाकर्मी तथा सार्वजनिक सम्पत्तिमा आक्रमण, तोडफोड तथा आगजनी गर्न थाले पश्चात दिनको १२:०० बजे जिल्ला सुरक्षा समिति काठमाडौंको आकस्मिक बैठक बसी बानेश्वर क्षेत्रमा अपरान्ह १२:३० बजेदेखि लागु हुने गरी कर्फ्यु आदेश जारी गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंको वेभसाईट, विभिन्न सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउनुका साथै नयाँ बानेश्वर क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरूले चारैतर्फ रहेका प्रदर्शनकारीहरूलाई

माइकिङ गरी जानकारि गराउने कार्य गरिएको थियो। कर्फ्यु लगाएपछि प्रदर्शनकारी तितरवितर हुने अपेक्षा लिईएकोमा सो को वेवास्ता गर्दै, कर्फ्यु आदेशको अवज्ञा गर्दै प्रदर्शनकारीले सिंहदरवारबाट बानेश्वरतर्फ कर्फ्यु कार्यान्वयनको लागि जाँदै गरेका नेपाली सेनाका दुईवटा ट्रक र एउटा सशस्त्र प्रहरी बल नेपालको ट्रक बीच सडकमै रोकेर अवरोध पुऱ्याउँदा थप मद्धत समेत पुग्न नसकेको अवस्था रहेको थियो।

कर्फ्युको आदेशको बारेमा माइकिङ गरी प्रदर्शनकारीलाई जानकारी गराउदै कर्फ्युको आदेश अवज्ञा भएमा कानून बमोजिम बल प्रयोग हुने बारेमा चेतावनी दिदै गर्दा प्रहरीलाई ढुंगामुढा प्रहार गर्ने, गल तथा रडको प्रयोग गरी संसद भवनको रेलिङ र पर्खाल भत्काउने, संसद भवनको गेटमा रहेको संरचना तोडफोड लगायतका गतिविधि थप उत्छृंखल, अराजक हुँदै संसद भवनको दक्षिण गेटमा रहेको सुरक्षाकर्मीको निवास कोठाहरूमा पेट्रोल बम हान्दै अं १२:३५ मा आजगनी समेत गर्दै आन्दोलन ध्वंसात्मक हुन पुगेको थियो। संसद भवन परिसरमा राखिएको दमकल प्रयोग गरी उक्त आगलागि नियन्त्रणमा लिने प्रयास गर्दा दमकल र प्रहरी कर्मचारी माथि भारी ढुङ्गामुढा प्रहार गरेकाले प्रतिकार स्वरूप रबर बुलेट समेतको प्रयोग गरी गेट आसपासमा भएको भीडलाई तितर वितर गरी संसद भवनको संरचनामा भएको आगजनी नियन्त्रणमा लिइएको थियो।

यसै बीचमा जेन्जी नेपालले भीडमा स्वार्थ प्रेरित समूहले उत्तेजित बनाएको भन्दै सबैलाई तत्काल घर फर्कन आह्वान गरेको थियो।

प्रदर्शनकारीले प्रहार गरेका फलामका रड, फलामका पाईप, ढुंगा, इट्टा र गुलेलीबाट गरेको प्रहारबाट नेपाल प्रहरीका २११ जना प्रहरी कर्मचारीहरू र सशस्त्र प्रहरी बल नेपालका ८४ जना सशस्त्र प्रहरी कर्मचारीहरू घाईते भएका थिए।

उक्त दिन शान्तिपूर्ण प्रदर्शनका नाममा केही समूहले राजनीतिक उद्देश्यमूलक घूसपैठ, डिसइन्फर्मेशन, र सामाजिक सञ्जालमार्फत भड्काउने अभियान चलाएका थिए, जसले आन्दोलनलाई हिंसात्मक बनाएको थियो। परिस्थितिले नियन्त्रणबाहिर जाने र संसद भवन कब्जा हुने अवस्था देखिएपछि, कानूनी प्रावधान अनुसार अन्तिम बल प्रयोग (घुँडामुनी गोली प्रहार) गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको थियो।

हाल आएर सामाजिक सञ्जालमा प्राप्त सूचनाहरू विश्लेषण गर्दा २३ गते राति निकै धेरै अफवाहहरू फैलाइएको (२४ गते राति अन्दाजी १२ बजेको समयमा समेत ग्लोबल कलेज नजिकको होस्टल मध्य बानेश्वरमा छात्राहरूलाई जबरजस्ती करणी भइरहेको भन्ने किसिमको सूचना प्राप्त हुनासाथ म समेतको टोली

परिचालन भई बुझ्दा उक्त घटना नभएको पाईएको ) तथा ध्वंसात्मक र हिंसात्मक गतिविधिका लागि निकै ठूलो तयारी गरिएको रहेछ। netakhor.vercel.app मा आक्रमण गर्ने स्थानहरूको बारेमा म्यापिङ गरेको, मोलोटभ कक्टेल सहित आक्रमण गर्नको लागि Discord, Reddit जस्ता सामाजिक सञ्जालहरूमा सूचना आदान प्रदान भएको, MALIKA_ALRT मार्फत निर्दोष बच्चाहरूको रगत बगाउने नेताहरूको रगतले मात्र नेपाल शान्त हुन सक्छ भन्ने किसिमको Bulk Message पठाइएको, नेपाल प्रहरीका कार्यालय र कर्मचारीलाई आक्रमण गर्ने भन्ने किसिमका आह्वानहरू सामाजिक सञ्जालमा प्रवाह भएको, नेपाल प्रहरीले होस्टलमा गई छात्राहरूलाई जबरजस्तीकरणी गरेको, टोखा लगायतका स्थानमा १५/१६ जना जियनजेडहरूलाई हत्या गरेको भन्ने किसिमको Disinformation फैलाइएको रहेछ। यस किसिमका म्यासेजहरू विशेष गरी क्लोज्ड ग्रुपमा शेयर गरेको कारण तत्कालको अवस्थामा यी सबै सूचनाहरू प्राप्त हुन सकेका थिएनन्।

मिति २०८२ साल भाद्र २३ गतेको प्रदर्शनमा मृत्यु र घाइते भएको घटनामा सुरक्षाकर्मीबाहेक अन्य समूहबाट गोली चलेको भन्ने कुरा सामाजिक सञ्जालमा सुनेको भए पनि यस सम्बन्धमा मसँग कुनै वस्तुनिष्ठ प्रमाण छैन।

भाद्र २४ गते काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका रिङरोड क्षेत्रभित्र बिहान ०८३० बजेदेखि अर्को आदेश नभएसम्मको लागि कर्फ्यु आदेश जारी भएतापनि कर्फ्यु कार्यान्वयन हुने समेतको अवस्था बनेन। उग्र भएका प्रदर्शनकारीहरू चारैतर्फबाट ठूलो संख्यामा घरेलु हतियार सहित प्रदर्शनमा उत्री काठमाडौं उपत्याका भित्रका अधिकांश प्रहरी कार्यालयहरुमा आगजनी, तोडफोड भयो। तत्कालको परिस्थितिमा सानो-सानो युनिटमा रहेका प्रहरी कर्मचारीहरूलाई वृत्त र प्रभागस्तरमा केन्द्रीत गरिएको थियो। प्रदर्शनकारीहरूलाई तितर वितर गर्नको लागि सकेसम्म अश्रुग्याँस प्रयोग गर्ने, लिथल बल लास्ट रिजोर्टको रूपमा र सेल्फ डिफेन्समा मात्र प्रयोग गर्ने, अवस्था काबू बाहिर गएको अवस्थामा कार्यालयमा आगजनी भएर हताहती हुने अवस्था आएको खण्डमा थुनुवाहरू आगजनीमा परी हताहती हुने अवस्था नहोस्, थुनुवाहरूको विवरण राखि थुनुवाहरूलाई छाड्ने, हतियार र असभावहरू सुरक्षित गर्ने भन्ने भिक्टर कन्ट्रोल मार्फत रिले भएको निर्देशन बमोजिम अत्यन्त संयमित भई जिम्मेवारी बहन गरिएको थियो। कर्फ्यु आदेशको प्रभावकारी रूपमा कार्यान्वयन नसकेको अवस्थामा एकै पटक स्थानीय तह, प्रहरी कार्यालय, सरकारी कार्यालय, महत्वपूर्ण प्रतिष्ठानहरूमा घरेलु हतियार र पेट्रोल बम सहित आएका प्रदर्शनकारीहरूले सुनियोजित रूपमा आक्रमण गरेकोले तत्कालको अवस्थामा सुरक्षाकर्मीको काबू भन्दा बाहिरको अवस्था उत्पन्न भएको, प्रहरी कर्मचारीहरू नै असुरक्षित भएको अवस्थाले गर्दा उक्त क्षति हुन गएको हो।

सामाजिक सञ्जालले विश्वलाई नै ग्लोबल भिलेजको रूपमा विकास गरेको विद्यमान अवस्थामा सामाजिक सञ्जालमा विभिन्न क्लोज्ड ग्रुप बनाई तथा ह्यासट्याग प्रयोग गरी श्रीलंका, बंगलादेश, इन्डोनेशीया लगायतका देशमा भएका प्रदर्शनहरूबाट देखासिखी भइरहेको प्रदर्शनको बारेमा प्रयाप्त सूचना संकलन नभई प्रदर्शनलाई नेपालका विगतका परम्परागत आन्दोलनका अनुभवको आधारमा प्रदर्शनको आंकलन गरिनु र प्रभावकारी सूचना संकलन नहुनु सबैभन्दा ठूलो त्रुटि रहेको छ।

सुरक्षा योजनाको मेरूदण्डको रूपमा रहेको सूचना नै गलत हुनुका कारण जिल्ला सुरक्षा समितिबाट रणनीति प्रभावकारी हुन नसकेको थियो।

अन्त्यमा, भदौ २३ र २४ का घटनाहरू नियोजित दंगाको रूप लिएका, सुरक्षाकर्मीहरूले मानव अधिकार, कानून र संयम पालन गर्दै कार्य गरेको, र "राष्ट्रको संवैधानिक संस्था र सार्वजनिक सम्पत्तिको रक्षा गर्न गरिएको न्यूनतम बल प्रयोग नै अपरिहार्य थियो" भन्ने निष्कर्ष प्रस्तुत गरेका छन्। [45]

## ४५. प्रहरी वृत्त लैनचौर, सोह्रखुट्टेका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीको बयान कागज व्यहोरा :

मिति २०८२ साल भदौ २३ गते म एकीकृत सुरक्षा योजना अनुसार नयाँ बानेश्वर पश्चिमतर्फ अल्फाबिटा कम्प्लेक्स अगाडिको उत्तरी लेनमा कलसाइन C-56 सहित भीड व्यवस्थापनमा खटिएका थिएँ। मसँग प्रहरी बृत्तको १५ जना र रिजर्भबाट ४० जना गरी ५५ जनाको टोली परिचालन गरिएको थियो, जसमा पहिलो लाइनमा ब्यारिकेड र लाठि सहितको टोली, दोस्रो तहमा ढालसहितको टोली र पछाडिको तहमा हतियार सहितको टोली राखी फर्मेशन तयार गरिएको थियो। हामीसँग ग्याँसगन, ग्याँस-सेल, सर्टगन, रबर-कार्टिज, SLR, ब्ल्याङ्क राउन्ड, लाईभ राउन्ड, चाइनिज पेस्तोल, मेगाफोन सहित हातहतियार र उपकरण थियो।

भीड सुरुमा ब्यारिकेड नजिक शान्त देखिए पनि पछाडिबाट मानिसहरू उत्तेजित हुँदै ब्यारिकेड तोड्नुपर्छ भन्ने नारा लगाएपछि अवस्था अस्थिर बन्न थाल्यो। हामीले मेगाफोनमार्फत निरन्तर सम्झाई-बुझाई गरे पनि आक्रशित भीडले ब्यारिकेड तानातान गरी फलामका पोलसमेत भाँचिने अवस्था आएकोले बाटर क्याननबाट पानी प्रहार गरिएको थियो। तर भीड चारै तिरबाट बढ्दै गरेको

45 बयानको सक्कल प्रति पाना- २७, अनुसुची-५ को सि.न.४४ अन्तर्गत रहेको ।

र ढुङ्गामुढा गर्दै अराजक मोडतर्फ अघि बढ्दै ब्यारिकेड समेत तोडेर ICC तर्फ अघि बढ्यो। त्यसपछि मलाई K4 सरले ICC को २ नम्बर (पश्चिम) गेटमा गएर सपोर्ट गर्न भनेकोले म उक्त स्थानमा गई डिउटी लिएको हुँ। अन्य स्थानबाट तोडफोड र आगजनीको सूचना सञ्चार सेटमा निरन्तर आउँदै रहेको र कन्ट्रोल रुमबाट तोडफोड र आगजनी रोक्न सिलसिलेवार बल प्रयोग गर्न आदेश आएको थियो। २ नं गेटमा समेत तोडफोड र आगजनी हुन थाले पछि मेरो टोली बाट अश्रु ग्याँस प्रहार भएको हो तर लाइभ राउण्ड हान्नु पर्ने अबस्था आएन। स्थिति गम्भीर बन्दै गएपछि लाठी चार्ज, अश्रुग्याँस र अन्त्यमा तीन राउन्ड रबर कार्टिज हवाई फायर गरिएको थियो। संसद भवनको अन्य गेटहरूमा भीडको प्रवेश कसरी भयो थाहा भएन। शसस्त्र पुलिसको टोली ब्यारिकेड क्षेत्रमा देखिए तापनि भीड व्यवस्थापनमा नेपाल प्रहरीलाई समर्थन भूमिकामा सक्रिय भएन। प्रदर्शनको क्रममा मोटरसाइकलमा समूहका आएका व्यक्तिहरूले प्रदर्शनलाई थप उक्साउन सहयोग गरेका थिए।

भदौ २३ गते राति २३:०० बजे कार्यालय पुगेपछि दिनभर भएका गतिविधि र भोलिको डिउटी सम्बन्धमा समिक्षा भएको थियो। भोलिपल्ट सबैजना प्रहरी कर्मचारीहरु कार्यालयमा भीड नियन्त्रण पोशाकमा स्टयाण्डबाई रहने जानकारी गराएको थिएँ। २४ गते बिहान ९:३० बजेदेखि सोह्लखुट्टे चोक र वरपरका स्थानहरूमा भीड जम्मा हुन थालेको, सडकमा टायर बाल्ने, नाराबाजी र दंगा-प्रवृत्तिका संकेतहरू देखिएको थियो। १३:५५ बजेतिर प्रहरी कार्यालयमाथि ढुङ्गामुढा सुरु भई कम्पाउन्ड बाहिर पार्क गरिएको मोबाइल गाडीसहित दुईवटा गाडीमा आगजनी भयो। सीमित जनशक्तिका बाबजुत प्रदर्शनकारीहरूलाई स्थानीयवासीहरूको सहयोगमा कार्यालय कम्पाउन्डबाट बाहिर भगाइएको र कार्यालयभित्र प्रवेश गर्न वा थप तोडफोड हुन रोकेको हो।

त्यस दिन धेरै प्रहरी कार्यालयमाथि देशभर आक्रमण भइरहेकाले भिक्टर कन्ट्रोलबाट "घातक हतियार नचलाउने, सकभर अश्रुग्याँस र नन-लेथल हतियार प्रयोग गर्ने, हातहतियार-सञ्चार-सवारी साधन सुरक्षित राख्ने, र आगजनीको कारण थुनुवा कक्षमा मानवीय क्षति हुन सक्ने अवस्था आएमा अभिलेख राखेर थुनुवा छोडादिने" आदेश आएकोले अभिलेख राखी ४५ जना थुनुवा मुक्त गरेका थियौं। तर प्रदर्शनकारीको आक्रमणबाट मिसिल कागजातहरु, हतियार, गोली-गठ्ठा र सञ्चार सेट सुरक्षित राख्न सफल भएका थियौं।

भीड नेतृत्वविहिन भएको, प्रदर्शनकारीहरुले लगाएका नाराहरुमा समेत एकरुपता नहुनु (कसैले

सरकार बिरोधि नारा लगाउने भने कसैले ब्यबस्था बिरोधी नारा समे लगाउने भने कसैले सुशासन, भ्रष्टचार नियन्त्रण तथा छानविन र सामाजिक सञ्जाल बन्दको विरोधमा नाराबाजी गरेको) ले घटनामा घूसपैठ भएको अनुमान गर्न सकिन्छ।

भदौ २३ र २४ का घटनाहरूबाट आफूले शहरी संरचना भित्रका प्रहरी कार्यालयहरूको भौतिक संरचना, सुरक्षाको दृष्टि, भाग्ने मार्ग (escape route) अभाव, सवारी साधन सुरक्षित राख्न नसक्ने जस्ता चुनौतीहरूको अनुभव भयो। [46]

**<u>४६. प्रहरी वृत्त बौद्धका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक जयश्वर रिमालको बयान कागज ब्यहोरा :</u>**

मिति २०८२ साल भदौ २३ गते म एकीकृत सुरक्षा योजना अनुसार बिहान ८:३० बजेबाट नयाँ बानेश्वर-अल्फाबिटा कम्प्लेक्स अगाडि ड्युटीमा खटिएको, मलाई माइतीघरतर्फबाट नयाँ बानेश्वरतर्फ आउने प्रदर्शनकारीहरुलाई निषेधित क्षेत्रतर्फ जान नदिने जिम्मेवारी थियो। माइतीघरबाट करिब ११ बजेतिर आएको करिब १२ हजारको भीडलाई निषेधित क्षेत्रमा प्रवेश हुन नदिन माइकिङ, ब्यारिकेट, सम्झाईबुझाई तथा प्रारम्भिक भीड व्यवस्थापनका सबै विधि लागु गरिएको थियो। भीडको अग्रपंक्तिमा रहेका केही व्यक्तिहरू भने प्रारम्भमै उत्तेजित देखिएको, व्यारिकेड हल्लाउने, तोडफोड प्रयास, ढुङ्गा-इँटा प्रहार तथा अमर्यादित नाराबाजी बढ्दै गएको थियो। भीड नेतृत्वविहीन थियो। करिब १५-२० मिनेटको घम्साघम्सीपछि उत्तरतर्फको लेनमा व्यारिकेड तोडियो र भीड निषेधित क्षेत्रमा प्रवेश गर्न सफल भयो। सशस्त्र प्रहरीको टोली त्यसबेला पछाडितर्फ सरेको देखिनु, समन्वय कमजोर रहनु र ब्यानर पछाडिबाट पनि भीड घुमी आउनु प्रमुख चुनौती थियो।

त्यही दिनको मुख्य घटनामा ICC (संसद भवन) मेन गेट आसपास स्थिति अत्यन्त तनावपूर्ण रहेको थियो। भीडले संसद भवनको रेलिङ भत्काउने, बाटर क्याननमाथि चढ्ने, ढुङ्गामुढा तथा तोडफोड गर्ने गतिविधि गरेको भनी रेडियो सेटबाट अपडेट भइरहेको थियो। त्यसपछि मेरो टोलीलाई समेत ICC को मेन गेटमा सपोर्ट गर्न खटाइयो। ICC को दक्षिणतर्फ रहेको १ नं. गेट नजिक पुग्दा भीडले गेट बाहिरको रेलिंग भाँचिसकेको, करिव ४०/५० जना प्रदर्शनकारीहरु १ नं.गेटको भवनको छतमा देखिएको र गेटमा रहेको सशस्त्र प्रहरीको बाटर क्याननको छतमा २०/२५ जना चढी नारा जुलुस गरिरहेको देखिएको थियो। गेट अगाडि रहेका प्रहरीलाई ढुङ्गा, ईंटा, रड तथा फलामका टुक्राहरुले

---

46 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.४५ अन्तर्गत रहेको ।

आक्रमण गरिरहेको हुँदा हामी त्यसतर्फ जान सकेनौं। कर्फ्यु दिउँसो १२ः३० देखि लागु भएको सूचना पाउने बित्तिकै मैले ह्याण्ड माइकबाट पटक-पटक जनता समक्ष सूचना प्रसारण गरेको हुँ। भीडले कर्फ्यु आदेश पालना गर्न अस्वीकार गरेको, "आज एकदिन संसद भवन भित्र जान दिनु" जस्ता चेतावनीसहितका प्रतिक्रिया प्राप्त भएको थियो। प्रहरीले आदेशबिना बल प्रयोग नगर्ने नीति स्पष्ट रूपले अपनाएको र पहिलो चरणमा मौखिक चेतावनी, ब्यारिकेड सुरक्षा, माइकिङ, संयमता प्रयोग गरे पनि जब भीडले प्रहरीमाथि सीधा प्रहार, लाठी, रड, इँटा तथा पानीका बोतलले आक्रमण गर्न थाल्यो, त्यतिबेला अश्रुग्याँस, रबर कार्टिज र ब्ल्याङ्क फायर प्रयोग गरी भीडलाई तितरबितर गरिएको हो। उक्त दिन आफ्नो टोलीबाट Lethal weapon प्रयोग नभएको र आफ्नो टोलीबाट एक जना पनि प्रदर्शनकारी घाइते भएका थिएनन्। तर आन्दोलनकारीको ढुँगा, गुलेली र रड प्रहारबाट आफ्नो टोलीको ४ वटा हेल्मेट फुटेको, आन्दोलनकारीको घम्साघम्सीमा ६ वटा लाठी भाँचिएको र ३ वटा शिल्ड फुटेको छ।

भदौ २४ गते, तालुक कार्यालयको सुरक्षा योजना बमोजिम खटिने प्रहरी कर्मचारीको व्यवस्थापन मिलाई बाँकी सबैलाई बिहान ७ बजेदेखि नै स्टयाण्डवाई रहने गरी अह्रनखटनको व्यवस्था मिलाएको र मलाई बिहान ८ः३० बजेबाट पुनः नयाँ बानेश्वर-बेकरी क्याफे क्षेत्रमा खटाईएको थियो। यस दिनको अवस्था भदौ २३ भन्दा पनि धेरै संवेदनशील रहेको थियो। गोकर्ण, जोरपाटी, चावहिल, बौद्ध, टुसाल, बत्तीसपुतली सहित काठमाडौंका २०-२५ स्थानमा एकैसाथ भीड जम्मा हुन थालेको, कतैकतै प्रहरी चौकी, मन्त्री तथा राजनीतिक नेताहरूका घर, निजी सम्पत्ति र सरकारी भवनहरूमा तोडफोड र आगजनी सुरु भएको सूचना निरन्तर सञ्चार सेटबाट आएको थियो। त्यसपछि मलाई आफ्नो एरीया तर्फ फर्की सुरक्षा गर्न निर्देशन वमोजिम म कार्यालयतर्फ फर्कने क्रममै केही प्रहरी चौकी, नगरपालिका लगायत केही सरकारी कार्यालय र केही राजनीतिक दलका नेताको घरमा तोडफोड समेत भइसकेको थियो। यस अवस्थामा स-साना विटमा प्रहरी सुरक्षित हुन नसक्ने हुनाले नजिकको ठूलो कार्यालयमा मर्ज हुने, सञ्चार सेट, हातहतियार ठूलो कार्यालयमा ल्याई जोगाउने आदेश भिक्टर कन्ट्रोल मार्फत भएको थियो। मेरो टोली करिब साँढे दश बजेतिर प्रहरी वृत्त बौद्धमा पुग्दा ६०० भन्दा धेरै प्रदर्शनकारीहरुले थली प्रभाग तोडफोड गरेका, १, ००० भन्दा धेरैले जोरपाटी चौकी घेरेका, १०० भन्दा धेरैले सांखु प्रभागमा ढुङ्गामुढा गरेको भनी जानकारी आएको थियो। बिहानको करिव १०४५ बजेको समयतिर करिब ३-४ हजारको भीड स्तुपा, जोरपाटी, दक्षिणढोका र मूलपानीतर्फबाट एकैपटक वृत्त बौद्धतर्फ धकेलिँदै वृत्त बौद्धमा ढुङ्गामुडा हान्न शुरु गरेकोले मैले

तत्काल वडा अध्यक्ष, नगर प्रमुख, स्थानीय व्यक्तिहरूलाई सहयोगका लागि सम्पर्क गरेका थिएँ र केही समय स्थानीय बासीले एकछिन हातेमालो गरी भीडलाई टुसालतर्फ पठाउन सहयोग गरेका तर पछि उनीहरू समेत आन्दोलनमा मिसिएपछि अन्य भीडले पुनः कार्यालय आक्रमणमा गर्यो। १२:३० बजेसम्म दर्जनौं प्रहरी कार्यालय, सरकारी भवनहरु, मन्त्री तथा राजनीतिक दलका नेताहरुको घर तोडफोड र आगजनी भइसकेको थियो। मानवीय क्षति कम गर्न अति आवश्यक अवस्थामा बाहेक ग्याँस सेल र लाठी चार्ज गरी भीडलाई नियन्त्रण गर्ने, सकेसम्म घातक बल प्रयोग नगर्ने आदेश थियो। ढुङ्गामुढा, आगजनी प्रयास, पेट्रोल बम तयारी, र प्रहरीमाथि प्रत्यक्ष लाठी-रड प्रहार भइरहेका हुँदा परिस्थिति नियन्त्रणबाहिर गएको र थप सुरक्षा निकायबाट सहायता पाउने अवस्था समेत नरहेकोले स्थितिलाई मूल्यांकन गर्दा थुनुवा तथा प्रहरीको ज्यान जोखिममा पर्ने अवस्था देखिएपछि, (थुनुवा लिष्ट तयार गरी छाड्ने आदेश भिक्टर कन्ट्रोलबाट आएकोले) परिस्थितिगत मूल्यांकनपछि हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरुलाई छाडिएको थियो।

त्यसपछि आफ्नो टोली ८६ थान लामो हतियार, १८ थान सानो हतियार, महत्वपूर्ण सवारी साधन र सञ्चार उपकरण सुरक्षित गर्दै Tactical Withdrawal मार्फत एयरपोर्ट क्षेत्रमा पुगेको तर कार्यालयमा रहेका धेरै मिसिल तथा गोला-बारुद भने हामी निस्केपछि भीडले आगजनी गर्दा कार्यालय लगायत उक्त जिन्सी सामानहरु जली नष्ट भएको हो। भीडबाट पेट्रोल बम, आगजनी प्रयास, हजारौंको सङ्ख्या, घेरावन्दी, भीडको मनोविज्ञान र सशस्त्र प्रहरीको सहयोग नगर्नु प्रमुख चुनौती भएकोले ५ घण्टासम्म प्रतिरोध गरेपछि आफू मातहतका प्रहरीले शारीरिक र मानसिक दुवै रूपमा अत्यधिक दवावका बीच कर्तव्य पालन गरेका थियौं।

भदौ २३ र २४ का घटनामा भीडको नेतृत्व विहीनता, उत्तेजक व्यक्तिहरूको सक्रियता, विद्यालय पोशाक प्रयोग, मो.सा. चलाउने अपरिचित समूहहरूको गतिविधि, र भीडका नारा एवं उद्देश्यमा एकरूपता नदेखिनु घूसपैठको मुख्य संकेत भएको थियो।

भदौ २४ मा राजधानीका थुप्रै प्रहरी कार्यालय र सरकारी संरचनामा भएको व्यापक आगजनी तथा तोडफोड, निजी सम्पत्तिको क्षति, प्रहरी कर्मचारीको व्यक्तिगत सम्पत्ति नष्ट हुनु, मनोबल गिरावट हुनु र भीडप्रति अत्यन्त संयमित भएर न्यूनतम बल प्रयोग गर्दा समेत प्रहरी अत्यन्त जोखिममा परेको

अनुभव रह्यो। [47]

**४७. प्रहरी वृत किर्तिपुरका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक राजबाबु महर्जनको बयान कागज ब्यहोराः**

२०८२ भाद्र २३ गते जियनजेड (Gen-Z) प्रदर्शनको क्रममा बिहान करिब ०८ः३० बजेदेखि अल्फा हाउसको दक्षिण लेनतर्फ निषेधित क्षेत्रमा भीड प्रवेश गर्न नदिने उद्देश्यले ब्यारेकेट नजिक ड्युटीमा खटिएको थिएँ। अल्फा हाउसको दक्षिण, बीच र उत्तर लेनमा फरक-फरक कल साइनका प्रहरी नायब उपरीक्षकहरूको कमाण्डमा टोलीहरू खटिएका थिए। माइतिघरबाट आएको ठूलो संख्याको भीड संसद भवनतर्फ अघि बढ्दै करिब १५ हजार हाराहारीमा पुगेको देखिन्थ्यो। प्रदर्शनकारीहरू अत्यन्त उत्तेजित अवस्थामा नारा-जुलुस गर्दै ब्यारेकेट नजिक आइपुगेपछि हामीले माइकिङ मार्फत संयमित हुन, निषेधित क्षेत्रमा प्रवेश नगर्न बारम्बार सम्झाइ-बुझाइ गर्‍यौं। तर भीडले ब्यारेकेट तोडेर अघि बढ्न खोज्दा सशस्त्र प्रहरीसँग धकेलाधकेल भयो र अवस्था क्रमशः असामान्य बन्दै गयो।

Victor Control बाट प्राप्त आदेश अनुसार सिलसिलेवार बल प्रयोगको सिद्धान्त अपनाउँदै सुरुमा लाठीचार्ज, त्यसपछि अश्रुग्यास प्रयोग गरियो। करिब ११ बजेदेखि भीड झन् आक्रामक बन्दै संसद भवन अगाडि पुगेपछि ढुंगामुढा प्रहार तीव्र भयो। हामीले ढालको प्रयोग गरी आफू तथा टोलीलाई जोगाउँदै नियन्त्रणको प्रयास गर्‍यौं। दिउँसो १२ बजे कर्फ्यु आदेश आएपछि मेघाफोन मार्फत पटक-पटक जानकारी गराइयो, तर भीड नहटेपछि आदेश बमोजिम अश्रुग्यास, रबर बुलेट र ब्ल्याङ राउण्ड प्रयोग गरियो। न्यूनतम बल प्रयोगको सिद्धान्तअनुसार चेतावनी, तर्साउने र भीडलाई पर धकेल्ने प्रयास निरन्तर गरियो।

भीड अत्यधिक आक्रमक भई ढुंगा हान्ने, तोडफोड तथा आगजनीमा उत्रिएपछि संसद भवनभित्र प्रवेश गर्नुपर्‍यो। फिल्ड कमाण्ड Kilo-१ को थियो र मभन्दा माथिल्ला अधिकारीहरू पनि फिल्डमै सक्रिय हुनुहुन्थ्यो। प्रदर्शनकारीहरूले संसद भवनको दक्षिण गेट नजिक रहेका सवारीसाधनमा तोडफोड तथा आगजनी गरी पर्खाल भत्काउँदै भवनभित्र प्रवेश गरेको मैले देखें। हातमा ढुंगा र औजार बोकेका भीडका कारण प्रहरीले रोक्न खोज्दा पनि अवस्था नियन्त्रण बाहिर गयो। त्यसपछि आदेश अनुसार चेतावनी सहित हवाई फायर समेत गरिएको थियो। भीडको आक्रमकता, कर्फ्यु उल्लङ्घन र व्यापक क्षति रोक्न अन्तिम बल प्रयोगको अवस्था सिर्जना भएको हो। पहिलो गोली कहाँबाट चल्यो भन्ने कुरा मलाई थाहा भएन। मैले व्यक्तिगत रूपमा फायर गरेको छैन र मेरो टोलीको फायरबाट क्षति भएको जानकारी पनि मलाई प्राप्त भएन।

47 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.४६ अन्तर्गत रहेको ।

घटनाका क्रममा घाइतेहरूलाई एम्बुलेन्स मार्फत अस्पताल लगिएको देखें। मानवीय क्षतिको यथार्थ विवरण त्यही दिन थाहा भएन, पछि सञ्चार माध्यमबाट जानकारी भयो। मेरो टोलीतर्फ गम्भीर घाइते कोही भएनन्, सामान्य चोट-पटक पछि निको भएका थिए। प्रहरीको कर्तव्य अनुसार महत्वपूर्ण संरचना र सम्पत्ति जोगाउन सिलसिलेवार बल प्रयोग गर्नु आवश्यक हुन्छ भन्ने मेरो बुझाइ हो।

भाद्र २३ को घटनापछि भोलिपल्ट पनि आन्दोलनको सम्भावना रहेकाले मेरो सम्पूर्ण टोली कार्यालयमै स्टयान्डबाइ राखिएको थियो। २४ गते बिहान त्रिभुवन विश्वविद्यालय क्षेत्रमा प्रदर्शनकारी भेला भए, समन्वयको प्रयास गरियो। तर पछि प्रदर्शनकारीहरूको संख्या बढ्दै नगरपालिका कार्यालय हुँदै संसद राजन के.सि. निवासमा तोडफोड-आगजनी भयो। करिब १३ हजारको भीडले प्रहरी वृत किर्तिपुर घेराउ गरी तोडफोड गर्न थालेपछि नेवारी भाषा समेत प्रयोग गरी सम्झाइ-बुझाइ गर्दा केही फर्किए। पुनः ठूलो संख्यामा आएका भीडले प्रहरी कार्यालयमा आगजनी गर्दा कागजात नष्ट भए र १० नाल हतियार लुटपाट भए। Victor Control बाट प्राप्त आदेश अनुसार थुनुवा, हातहतियार, सवारीसाधन, सञ्चार साधन तथा टोलीको सुरक्षालाई प्राथमिकता दिँदै सम्भव भएसम्म जोगाउने कार्य गरियो।

घटना क्रममा मास्क, हेल्मेट लगाएका, मोटरसाइकलको ठूलो आवाज निकालेर भीड उक्साउने तथा घरेलु हतियार प्रयोग गर्ने व्यक्तिहरू देखिएकाले आन्दोलनमा घुसपैठ भएको आशंका लागेको छ। [48]

## <u>४८. प्रहरी बृत्त स्वयम्भूका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक उद्धब सिंह भाटको बयान कागज ब्यहोराः</u>

म मिति २०८२ भदौ २३ गते उनी राष्ट्रिय सभागृह प्रदर्शनीमार्गमा राष्ट्रपति प्रमुख अतिथी रहेको कार्यक्रममा सुरक्षा व्यवस्थापनका लागि खटिएको थिएँ। मेरो कल साइन “Circle-46” थियो, र म २५ जना प्रहरीसहित रोड प्रोटेक्सनको जिम्मेवारीमा थिएँ। सो दिनको Gen-Z आन्दोलनको डिउटीमा म प्रत्यक्ष रूपमा खटिएको थिइन।

मिति २०८२ भदौ २४ गते जिल्ला प्रहरी परिसर काठमाडौंको सुरक्षा योजनाअनुसार मेरो टोलीलाई बिहान ८:३० बजेदेखि शंखमूल जाने बाटोको जनता बैङ्क नजिक खटाइएको थियो। उक्त दिन भिक्टर कन्ट्रोलबाट टियर ग्याँस र लाठी चार्ज बाहेक अन्य कुनै बल प्रयोग नगर्ने आदेश आएको थियो। दिउँसो करिब १४:०० देखि १५:०० बजे बीच संसद भवन (मिनभवनपट्टि) तर्फबाट भीडले

48 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.४७ अन्तर्गत रहेको ।

वाल तोडफोड गरी आगजनी र तोडफोड सुरु गरेको मैले जनाकारी पाएको थिएँ। मेरो टोली तोकिएको स्थानमै थियो, र संसद परिसरमा उठेको धुवाँ देखिएपछि मात्रै मैले आगलागि भएको थाहा पाएको हुँ। संसद भवनभित्र नेपाली सेना र सशस्त्र प्रहरी दुवै तैनाथ भए पनि नेपाल प्रहरीले मात्र आगजनी रोक्ने प्रयास गरेको थियो।

त्यस दिन भिक्टर कन्ट्रोलबाट थुनुवा छोड्ने, हतियार र सञ्चार उपकरण जोगाउने, अश्रुग्याँस बाहेक बल प्रयोग नगर्ने आदेश आएको थियो। मैले आफ्नो मातहत प्रहरी निरीक्षक सुरज बानियाँलाई फोनमार्फत कार्यालय जोगाउन निर्देशन दिएका थिएँ। तर प्रहरी प्रहरीको संख्यामा कमी, बिरामी र महिला प्रहरी बढी भएकाले उक्त प्रदर्शनको क्रममा कार्यालय र सवारीसाधनहरू आगजनीबाट जोगाउन नसकिएको, १२ जना प्रहरी घाइते भएका र सञ्चार उपकरण तथा हतियारहरू नष्ट भएको थियो।

म खटिएको शंखमूल क्षेत्रमा भीडलाई रोक्न मेगाफोनबाट चेतावनी दिई लाठीचार्ज र १८ राउन्ड अश्रुग्याँस हानिएको थियो, जसले भीडलाई निषेधित क्षेत्रमा प्रवेश गर्नबाट रोकेको थियो। पछि संसद भवनमा आगजनी भएपछि हाम्रो टोली पनि बानेश्वर तिर गएको थियो। त्यही क्रममा भीडले अन्य स्थानको प्रहरीमाथि आक्रमण गरी प्रहरीबाट लुटेको एसएलआर बोकेको व्यक्तिबाट आफ्नो टोलीले प्रदर्शनकारीको हातबाट हतियार खोसेर सुरक्षित पारेका थिए। उक्त भीडबाट रड प्रहार हुँदा मेरो घुँडामा र काँधमा चोट लागेको थियो, तर पनि मैले भीडलाई डराउन हवाइ फायर गर्न खोज्दा गोली नै चलेन, उक्त हतियार सशस्त्र प्रहरीको १८ नं गणको हुनुपर्दछ। मैले सो घटना सम्बन्धमा तुरुन्तै भिक्टर कन्ट्रोलमा रेडियो सेटमार्फत जानकारी गराएको थिएँ।

२४ गते कार्यालयमा आगजनी भएको थाहा पाएपछि म आफ्नो टोलीसहित कालिकास्थान स्थित नेपाली सेनाको बन्दोबस्ती गणमा बसेको हुँ। भोलिपल्ट (भदौ २५ गते) नगरप्रहरीको गाडीमा फर्की प्रहरी बृत्त स्वयम्भू पुगें र स्थानीय जनताको सहयोगमा कार्यालयको सर-सफाइ र पुनर्निर्माण कार्य सुरु गरेको हो। भदौ २३ र २४ का घटनाहरूमा Gen-Z आन्दोलनमा अन्य समूहहरूको घूसपैठ भई नेतृत्वहीन भीड सिर्जना भएको थियो, जसले लुटपाट, आगजनी र तोडफोडलाई प्रोत्साहन दिएको थियो। मैले आफू र मातहतका प्रहरीहरूले कर्तव्य निष्ठा, संयमता र जोखिम मोल्दै आफ्नो दायित्व

पूरा गरेको हुँ। [49]

**<u>४९.प्रहरी वृत्त मालीगाउँका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक सुनिल जंग शाहको बयान कागज ब्यहोराः</u>**

मिति २०८२ भदौ २३ गते म बिहान ९:०० बजेबाट बालुबाटार क्षेत्रको सुरक्षा जिम्मेवारीमा थिएँ र दिउँसो १:०० बजेपछि थापागाउँ तथा बानेश्वर क्षेत्रतर्फ ड्युटीमा खटिएँ, जहाँ अन्दाजी ७००-८०० प्रदर्शनकारीले दुईवटा नेपाली सेनाका ट्रक घेरेको देखिएपछि १२ राउन्ड डमी हवाई फायर गरी भीड तितर-बितर गरी ट्रक उद्धार गरेको हुँ, सो बाहेक मेरो डिउटीको अन्य अवस्था सामान्य रह्यो।

भदौ २४ गते बिहान ९:०० बजे बालुवाटार क्षेत्रमा खटिएको अबस्थामा दिउँसो १२:३० बजे पूर्वमन्त्री गगन थापाको घरमा ठूलो भीडद्वारा आगजनी तथा तोडफोड भइरहेको सूचना पाएर आफ्नो टोलीसहित पुग्दा १४००-१५०० जनाको भीडलाई क्रमिक बल प्रयोग, माइकिङ र लाठीचार्ज गरी गौशाला क्षेत्रतर्फ धपाएको हुँ। सोही क्रममा मालीगाउँतर्फबाट अर्को ठूलो भीड प्रहरी वृत्त मालीगाउँको कार्यालयतर्फ आक्रमण गर्न आएको जानकारी पाई कार्यालय पुग्दा भीडले कार्यालय प्रवेश गर्ने, हतियार खोस्ने, आगजनी गर्ने, मुद्दा मिसिल नष्ट गर्ने प्रयास गरिरहेको थियो। उक्त भीडको व्यवस्थापन गर्ने क्रममा ६२ डमी राउन्ड तथा ४० अश्रुग्याँस प्रयोग गरी कार्यालय परिसर, हातहतियार, मुद्दा मिसिल, सवारीसाधन, सञ्चार उपकरण र थुनुवाहरूलाई आगजनी तथा लुटपाटबाट जोगाउन सफल भएको हुँ। भीडको संख्यात्मक बल अपरिमित थियो, र घरेलु हतियारसहित आक्रमण गरिरहेकाले प्रहरीका लागि स्थिति अत्यन्त चुनौतीपूर्ण थियो।

भदौ २४ गते भीड अत्यन्त उग्र तथा संगठित देखिनु, घरेलु हतियारसहित पटक पटक आक्रमण प्रयास हुनु र सशस्त्र प्रहरी तथा अन्य सुरक्षा निकायबाट अपेक्षित सहकार्य नपाइनुले स्थिति जटिल बनेको थियो। भदौ २३-२४ का घटनामा घूसपैठको सम्भावना शंकास्पद रहेको, समन्वय अभाव, पूरा नो हतियार, गोला-बारुद र तालिमको कमीले चुनौती थपिएको थियो। आफूले आन्दोलनपछिको दर्ता भएका उजुरीका आधारमा तोडफोड तथा आगजनीमा शंकित व्यक्तिहरू पक्राउ गरी मुद्दा चलाएको, आफू कार्यरत रहँदासम्म कुनै थुनुवा हाजिरी-जमानतमा नछाडिएको बताए। भदौ २३-२४ का घटनाहरूमा आफू र आफ्नो टोलीले कर्तव्यनिष्ठा, संयमता र अत्यधिक जोखिम मोल्दै दायित्व

49 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.४८ अन्तर्गत रहेको ।

निर्वाह गरेको निष्कर्ष दिएका छन्। उनले भविष्यमा यस्ता घटना नदोहोरिन “सहकार्य, समन्वय, आधुनिक उपकरण, तालिम र तयारी” अत्यावश्यक रहेको सुझाव पनि प्रस्तुत गरेका छन्। [50]

**५०. प्रहरी वृत्त गौशालाका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक शुकदेव खनालको बयान कागज ब्यहोराः**

म भदौ २३ गते प्रदर्शनका दिन राष्ट्रपति रामचन्द्र पौडेल प्रमुख अतिथि रहेको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र सम्बन्धी कार्यक्रममा राष्ट्रिय सभागृह, प्रदर्शनीमार्गमा सुरक्षार्थ खटिएकोले त्यो दिनको प्रदर्शन, भीको अवस्था, बल प्रयोग, संसद परिसरको गतिविधि वा त्यहाँका फायरिङ सम्बन्धी कुनै पनि प्रत्यक्ष तथ्य आफूलाई थाहा छैन।

भाद्र २४ गते मैले कार्यालय (गौशाला वृत्त) को सुरक्षाको जिम्मा प्रहरी निरीक्षक शेखर साह र उद्धव पोखरेललाई जिम्मेवारी हस्तान्तरण गरी सुरक्षा योजना अनुसार बिहान ८:३० बजे नयाँ बानेश्वर पानी ट्याङ्की क्षेत्र सुरक्षार्थ १३ जनाको टोलीसहित खटिएको थिएँ। भीडलाई सम्मेलन केन्द्र अर्थात् बानेश्वर चोक तर्फ अगाडि बढ्न नदिने, त्यही पानी ट्याङकी सडक खण्डमा रोकि कर्डन गर्नु भन्ने मलाई जिम्मेवारी तोकिएको थियो। प्रारम्भमा भीड पातलो र प्रहरी जनता भाई भाई नारा लगाउने स्वरूपको देखिए पनि १०:३० बजेबाट भीड अचानक उग्र हुँदै गयो। दुईजनाले आफू कहाँ कमाण्डर हो भन्दै धम्किपूर्ण शैलीमा जवाफ माग्न थाले, भीड तलबाट १०/१५ जनाले धक्का मारेर ठूलो भीडलाई एकैसाथ अगाडि हुत्ताइदिएपछि प्रहरीको ’ह्यूमन बेरिकेड भत्कियो र प्रत्यक्ष भीडन्तको अवस्था बन्यो। उनले भीडमा केही व्यक्तिहरू मादक पदार्थ सेवन गरिरहेजस्तो व्यवहार गरेको देखेको बताए।

त्यसलगत्तै मैले प्रारम्भिक चेतावनी दिँदै सिलसिलेवार बल प्रयोग हुन सक्ने सूचना दिए पनि कन्ट्रोलबाट भने सम्झाई बुझाई मात्र गर्ने, बल प्रयोग नगर्ने निर्देशन आएको थियो। करिब १२ बजे तिर भीड बढ्दो क्रममा ८-१० हजारसम्म पुगेपछि थप फोर्स माग्दा करिब ४५ मिनेटपछि जिल्ला प्रहरी परिसरबाट DSP को कमाण्डमा ४० जनाको थप टोली आयो, तर ती जनशक्ति पनि उग्र ब्याक-प्रेसरका कारण भीड रोक्न पर्याप्त भएन। बीचैमा आफूलाई ’दलित अभियन्ता भनेर चिनाउने खगेन्द्र सुनारसहित केही उग्र व्यक्तिहरू घरभित्रबाट चर्को आवाज निकाल्दै सडकमा निस्किँदा उनले तत्काल उनीहरूलाई नियन्त्रणमा लिएर परिसर पठाएका हुँ। यसबीचमा सशस्त्र प्रहरी (APF) को SP

50 बयानको सक्कल प्रति पाना- ९, अनुसुची-५ को सि.न.४९ अन्तर्गत रहेको ।

को कमाण्डमा जनशक्ति रहेको तर कमाण्डरले आफ्नो जवानहरू एक ठाउँमा भेला गर्न भनेको सुने पनि उक्त भद्रगोल स्थितिमा सशस्त्र प्रहरी कुनै निर्णायक कदम चालेन। भीडले टायर, फर्निचर, डोरी र ढुङ्गा निरन्तर प्रहरीतिर प्रहार गरिरहेकाले मैले २ नं. गेट (ICC को साइड गेट) वरिपरि पोजिसन सम्हाल्ने प्रयास गरें। तर भीडले चारैतिरबाट २ नं. गेटमै केन्द्रीत आक्रमण सुरु गरेपछि प्रहरीको उक्त गेटमा तयार गरिएको ह्यूमन बेरिकेड कमजोर बन्दै गयो।

यस क्रममा भीड संसद परिसरतर्फ २ नं. गेटबाट प्रवेश गरेपछि संसद परिसरभित्र रहेको नेपाली सेनाका जनशक्ति सहितका चारवटा ट्रक पाँच मिनेटमै सम्पूर्ण टोलीसहित गेटबाट बाहिर निस्किएको दृश्य देखेकोले यसलाई अत्यन्तै आश्चर्यजनक र मनोबल गिराउने घटना भएको अनुभव भयो। सेना र APF नै भीड नियन्त्रणको लागि पछाडि हटेपछि प्रहरी मात्र गेटमा बाँकी रहेकोले भीड संसद भवन भित्र प्रवेश गर्न सफल भयो। त्यसपछि म समेतको टोली उक्त स्थानमा धेरै जोखिम बढेपछि थापा गाउँ मोडतिर गयौं, त्यहाँबाट चारैतिर धुवाँको मुस्लो सहित संसद भवन बालिरहेको देखियो। कन्ट्रोलबाट 'निकटतम सुरक्षित युनिटमा जान आदेश पाएपछि आफ्नै कार्यालय जान खोज्दा त्यहाँ पनि आगजनी भइसकेको थाहा पाएर हामीहरु हनुमानस्थान हुँदै जिल्ला प्रहरी परिसर भद्रकाली पुगियो। भीडसँग भिड्ने क्रममा मेरो खुट्टामा ढुङ्गा लागेर निलडाम भएको रहेछ। राति ९ बजे काठमाडौं परिसरको गेटमा आन्दोलनकारीहरुले ट्रक हानेर भत्काएको, र तोडफोड हुन लागेपछि प्रहरीलाई ब्ल्याङ्क राउन्ड फायर गर्दै प्रदर्शनकारीहरुलाई उक्त स्थानबाट भगाउन सफल भएको। सोही दिन राति ०३३० बजेपछि त्रिभुवन विमानस्थल सेनाको ग्यारेजमा पुगी सुरक्षणमा रहेकाले परिस्थितिको भयावहता उनले महसुस गरे।

त्यसै दिन आक्रोशित भीडले गौशाला प्रहरी बृत्तमा व्यापक आगजनी, तोडफोड र लुटपाट हुँदा कार्यालय भवन, पाँच वटा प्रिफ्याब संरचना, २० भन्दा बढी कम्प्यूटर, ३७० भन्दा बढी मोटरसाइकल, ९ वटा चारपांग्रे सवारी, मुद्दा मिसिल (५२७ पेंडिङ, २६ चालु) सहित धेरै सरकारी र निजी सामग्री पूर्णरूपमा जलेर नष्ट भएको, साथै SLR, हर्नेट, ग्याँसगन, शर्टगन, विभिन्न प्रकारका पेस्तोल तथा हत्कडीसहित ठूलो मात्रामा हतियार लुटिएको थियो। पछि गौशाला प्रहरीले ५ थान पिस्तोल, १ थान एस एम जि, १ थान सर्ट गन, १ थान ग्याँसगन गरि जम्मा ८ थान हतियार र २०० राउण्ड भन्दा बढि गोली बरामद भएको छ। सशस्त्र प्रहरी र नेपाली सेनाबाट २४ गते प्रभावकारी समर्थन नपाएको, दुवै निकायले समन्वयित रूपमा साथ नदिएको र कतिपय अवस्थामा प्रहरीभन्दा अगाडि नै साइड लागेकाले स्थिति नियन्त्रण हुन नसकेको उनको बुझाइ छ। भीडमा

मादक पदार्थ सेवन गरेका र आपराधिक तत्व मिसिएको देखिएकाले Gen-Z मात्र होइन, घूसपैठ भएको सम्भावना निकै उच्च रहेको उनको निष्कर्ष छ। "त्रासदीपूर्ण, हतास, मनोबल गिराउने, सरकारी संरचना र प्रहरीको प्रतिष्ठालाई ठूलो धक्का पुग्ने दिन" तथा प्रहरी, APF र सेनाबीच समन्वय कमजोर, भीड अत्यधिक ठूलो, स्रोत-साधन अपर्याप्त, रणनीतिक समर्थन अभाव र भीड उग्रताले गर्दा राज्यको सुरक्षा संयन्त्र नै दवावमा परेको २४ गतेको मेरो ड्युटी अनुभव रहेको छ। [51]

**<u>५१. प्रहरी वृत जनसेवाका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक कृष्ण कुमार चन्दको बयान कागज ब्यहोराः</u>**

म मिति २०८२ साल भदौ २३ गते आफू Striking Team Commander को रूपमा C-66 कल साइन सहित ११ जनाको टोली लिएर बिहान ८:३० देखि सिंहदरबारको पेरीमिटर सुरक्षामा खटिएको थिएँ। मेरो टोलीसँग SLR, Gas-gun, Shot-gun, मिनि चाइनिज पेस्तोल तथा सम्बन्धित गोली-गट्ठा रहेको। माइतीघर मण्डलामा प्रदर्शन सुरुमा सामान्य नै थियो, भीड हातमा प्लेकार्ड लिएर मन्डलाबाट बानेश्वरतर्फ जाँदै गरेको थिए तर केही समयमै बुलेट मोटरसाइकलमा टाउकोमा रुमाल बाँधी आएकाहरूले भीडलाई उक्साउने, भीडलाई सिंहदरबारको पश्चिम र दक्षिण गेटतर्फ धकेल्ने प्रयास गरेपछि सुरक्षाको संवेदनशीलता बढेको थियो। त्यसपछि मैले तत्काल बेरिकेट खडा गरी भीड प्रवेश रोक्नेदुई तहको संरचना तयार पारे, अगाडि लाठी-ढाल र माइकिङ टोली, पछाडि हतियार सहितको टोली। स्थिति केही समय बलजफ्तीमा रूपान्तरित हुन खोजेपछि मैले Victor Control लाई सूचित गरेर थप मद्दत मागे र प्राप्त सशस्त्र प्रहरी तथा अन्य टोली आएपछि स्थिति नियन्त्रणमै रहेको हो।

उक्त दिन आफ्नो क्षेत्र (AOR) मा कुनै पनि प्रकारको बल प्रयोग गर्नुपरेन, मातहतका जनशक्ति वा अरू कसैले पनि गोली वा अश्रुग्याँस प्रयोग गरिरहन परेन। कर्फ्यु आदेश जारी भएपछि आफूले माइकिङ गरी सर्वसाधारणलाई जानकारी गराएको तर केही प्रदर्शनकारीले आदेशलाई बेवास्ता गरेका थिए। कर्फ्यु जारी भएपछि Victor Control को आदेशानुसार मेरो टोली अन्दाजी १३:३० बजेको समयमा अनामनगर कोरीडोर हुदै स्टील ब्रिजको बाटोबाट बानेश्वर जान टोली लिई हिडेकोमा उक्त स्थानमा भीडले प्रर्दशन गरी रहेको हुंदा जान सम्भव नभई फर्किएर हिडेर थापागाउंको बाटो हुदै बानेश्वर जाने क्रममा समेत ठाउँ ठाउँमा प्रर्दशनकारीहरुले बाटो अवरुद्द गरी बसेकोले पैदलै नयाँ

51 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.५० अन्तर्गत रहेको ।

बानेश्वर पुगेपछि माइतीघर मण्डलामा रहेका प्रर्दशनकारीहरु त्रिपुरेश्वरबाट सुन्धार हुदै राष्ट्रिय ट्रमा सेन्टरतर्फ हिडेको Victor Control मार्फत जानकारी प्राप्त भएपछि मैले सम्भावित लुटपाटका घटना नघटोस भन्ने उद्देश्यले फोन मार्फत तत्कालै नयाँ सडक स्थित सुनचाँदी व्यवसायीहरुलाई आ-आफ्नो पसल बन्द गर्न जानकारी गराएको थिए।

साँझमा दिनभरको घटनाको समीक्षा र भोलिपल्टका लागि गरिएको पूर्वानुमान सहितको तयारी गर्दा जेन्जी (Gen-Z) युवा पुस्ताले गरेको प्रदर्शनको क्रममा ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएका ८ वटा शवहरु रहेको र झण्डै ८५ जना घाइते उपचारको क्रममा रहेकाले निजहरुका आफन्त तथा शुभचिन्तकहरुले सुरक्षार्थ खटिएका प्रहरीलाई आक्रोश पोखी हुलहुज्जत गर्न खोजी सुन्धारा स्थित नेपाल टेलिकम कार्यालयमा ढुंगा प्रहार गरेका, नागस्थानमा २ थान प्राइभेट मोटरसाइकललाई जलाएका, प्रहरी बिट सुन्धारामा समेत आगजनी गरेका। २३ गते राति नै प्रहरी वृत जनसेवाको हिरासतको अवस्था जीर्ण रहेकोले थुनुवाहरुलाई परिसर पठाई हिरासत कक्ष खाली गरिएको र मातहतमा रहेका बिट तथा सिआरभी, QRT लाई समेत मर्ज गरि प्रहरी वृत्त जनसेवामा ल्याई सुरक्षित साथ राख्ने र २४ गते बिहान देखि नै कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई फुल गियरमा स्टेण्डबाई राखी कार्यालय सुरक्षाका साथै ठूलो टोली बनाएर बैक बितीय संस्था र सुनचांदी पसलको सुरक्षार्थ खटिएका सुरक्षागार्डलाई सजग बनाउदै नजिकको इलाकामा गस्ती गराउनुका साथै सुनचाँदी व्यवसायीहरुलाई पसल नखोल्न अनुरोध गर्ने तथा ट्रमा सेन्टरमा रहेका घाइतेहरुको सुरक्षार्थ बलियो टोली खटाउने गरी ब्रिफिङ गरी सो अनुरुपको तयारी समेत गरेको थिए।

भदौ २४ गते विहानैदेखि म जनसेवा प्रहरी वृत्त क्षेत्रको समग्र गतिविधि अनुगमनमा थिएँ। उक्त दिन सशस्त्र प्रहरी समन्वित रूपमा उपस्थित थिएन: सेना भने आएको देखिए पनि भीडको उग्रता अत्यधिक रहेकाले अपेक्षित सहयोग प्राप्त भएन। आक्रोशित भीडले करिब ११ बजे परोपकार प्रहरी बिटमा आगजनी भएपछि स्थिति तीव्र रूपमा बिग्रन थाल्यो। न्यूरोड क्षेत्र, पिपलबोट, भीट्टा, असन, लगनमा उग्र भीडले ढुंगा, पेट्रोल बम तथा तोडफोडका गतिविधि जारी राख्यो। प्रहरीले माइकिङद्वारा सम्झाउने, लाठीचार्ज, र अन्ततः नियन्त्रण नटुटेपछि १९ सेल अश्रुग्याँस प्रयोग गरेर भीड तितरवितर बनाइएको थियो।

उग्र भीडकै कारण जनसेवा वृत्तको पूरानो जीर्ण भवन (मुद्दा शाखा र हिरासत कक्ष) पूर्ण रूपमा जलेर नष्ट भएको थियो। त्यही भीडबाट ३ थान चाइनिज पेस्तोल, ४ थान रिभल्वर र ५२१ राउण्ड

गोली लुटिएको, प्रहरी कारवाहीबाट विभिन्न प्रहरी ईकाईबाट लुटपाट भएका २ थान बरेटा पेस्तोल १ थान मिनि चाइनिज पेस्तोल र १ थान थ्रिनट थ्रि राईफल सहित १० थान गोली बरामद गरी फिर्ता ल्याउन सफल भएको तर प्रहरी वृत जनसेवाको ३ थान चाइनिज पेस्तोल र ४ थान रिभल्भर फिर्ता हुन बाँकी नै रहेको छ।

उक्त दिन कार्यालयमा आगजनी वा भौतिक आक्रमण भएको अवस्थामा कुनै मानवीय क्षति हुन नदिन थुनुवाको लिष्ट तयार गरी अभिलेख राखी थुनुवाहरु छोडी दिने, आफ्नो हतियार, सञ्चार सेट, भेइकल र आफू सुरक्षित रहने र सकेसम्म Lethal Weapon को प्रयोग नगरी आवश्यकतानुसार न्यूनतम क्षति हुने गरी रबर बुलेटको प्रयोग गर्ने भनी Victor Control बाट सम्प्रेषित आदेश सुनेको थिएँ। आदेशअनुसार थुनुवाहरूलाई जोखिम क्षेत्रबाट हटाएर जिल्ला प्रहरी परिसर भद्रकालीमा स्थानान्तरण गरिएको तथा संवेदनशील कार्यालय सामग्री, हतियार र सञ्चार साधन नेपाली सेनाको शार्दूलजंग गुल्ममा सुरक्षित रूपमा राखेको हुँ।

उनले घटनामा विभिन्न स्वार्थसम्बद्ध समूहको संभावित घूसपैठको आशंका व्यक्त गर्दै निष्पक्ष छानविन आवश्यक रहेको उल्लेख गरेका छन्। भीडको प्रदर्शन अवधिभर प्रहरी धेरै जोखिममा थियो, भवन जीर्ण तथा सुरक्षा संरचना कमजोर भएकोले प्रतिरक्षा कठिन भयो, कर्फ्युका कारण स्थानीय सहयोगी मानिसहरू बाहिर निस्कन सकेनन्, सेना उपस्थित हुँदा पनि तोडफोड रोक्न नसकिएकाले प्रहरी मनोबलमा असर पऱ्यो।

उनले निम्न बुँदामा सुझावहरु दिएका छन्।

राज्यको सूचना संयन्त्रलाई सुदृढ बनाउन सम्बद्द सरोकारवाला निकायलाई जिम्मेवार बनाउनु पर्ने अत्यन्तै आवश्यक देखियो।

जेन्जी आन्दोलनको क्रममा देशव्यापीरुपमा कारागारबाट हजारौ कैदी वन्दीहरु भागेको हुदां यसले राज्यलाई ठूलो सुरक्षा चुनौती खडा गरेको छ। तसर्थ यस्ता घटनालाई पुनरावृत्ति हुन नदिई कारागारको सुदृढीकरणका लागि आंशिकरुपमा सशस्त्र प्रहरी बल नेपाललाई जिम्मा दिए तापनि नेपाल अधिराज्य भरी रहेका कारागार कार्यालयहरुमा सुरक्षाको सम्पूर्ण जिम्मेवारी अविलम्ब सशस्त्र प्रहरीलाई दिनु पर्ने।

भीड नियन्त्रणको क्रममा नेपाल प्रहरीका अलावा सशस्त्र प्रहरीको परिचालन के कुन अवस्थामा हुनु

पर्ने हो सो कुराहरु यकीन गरेर मात्र सशस्त्र प्रहरीलाई परिचालन गर्नु पर्ने र सशस्त्र प्रहरी परिचालन भएको अवस्थामा प्रहरी तथा सशस्त्रको काम कर्तव्य र अधिकारबारे स्पष्टरुपमा व्याख्या गरी जिम्मेवारी तोक्दा प्रभावकारी हुने। [52]

## ५२. प्रहरी वृत वालाजुका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक ज्ञान बहादुर विष्टको बयान कागज ब्यहोराः

२०८२ भदौ २३ गते दिउँसो करिब १५:०० बजेदेखि मेरो कमाण्डमा १५ जनाको टोली राष्ट्रपति कार्यालयको २ नं. गेट सुरक्षार्थ खटिएको थियो। उक्त दिन मेरो एरिया सामान्य थियो र मेरो टोलीबाट कुनै बल प्रयोग गर्न परेन। कर्फ्यु लागेको जानकारी मैले करिब १२:३० बजे रेडियो सेट र समाचारबाट पाएको थिएँ। संसद भवन सुरक्षामा नखिटएको हुँदा त्यहाँ भएको गतिविधिबारे प्रत्यक्ष जानकारी थिएन। डिउटी सकेर करिब २२:०० बजे कार्यालय फर्किएपछि घटनाबारे डिब्रिफिङ गरी भोलिपल्टका लागि सबै जनशक्तिलाई फुल गियरमा स्ट्यान्डबाई बस्ने निर्देशन दिएको थिएँ।

भदौ २४ गते बिहानैदेखि बनस्थली-खरीबोट क्षेत्रमा भिड जम्मा हुँदै गएको सूचना पाएपछि फिल्ड अनुगमन गरियो। भाद्र २३ गतेका दिन संसद भवनमा चलेको गोली लागि बनस्थली निवासी १ जनाको मृत्यु भएको खवरले स्थानीयमा आक्रोसपन आईरहेको थियो। भीड उग्र बन्दै टायर बाल्ने, ढुंगामुढा गर्ने अवस्था आयो। बोहोराटार स्थित सम्माननीय राष्ट्रपति ज्युको निजी निवासतर्फ भिड बढ्दै गएको सूचना पाएपछि त्यहाँ कर्डन गरी रोक्ने प्रयास गरियो। माइकिङ, सम्झाइबुझाइ, टियर ग्यास र हवाई फायर प्रयोग गरियो तर भिड बढ्दै गयो। सोही क्रममा हजारौंको भिड प्रहरी वृत्त बालाजुतर्फ अघि बढेको सूचना आएपछि कार्यालय सुरक्षा गर्न फर्किएको हुँ। प्रहरी वृत्त बालाजुमा भीडले चारैतिरबाट घेराबन्दी गरी ढुंगामुढा, पेट्रोल बम प्रहार, आगजनी र तोडफोड गर्‍यो। कार्यालयका कक्ष, ब्यारेक, हिरासत, सवारी साधन, संचार सामग्री तथा मिसिल कागजातहरूमा ठूलो क्षति भयो। सो दिन हर्नेट १ नाल, सर्टगन २ नाल, ब्रेटा ३ नाल र चाइनिज पेस्तोल १ नाल गरी गरि कुल ७ नाल लुटिएका थिए, जसमा हालसम्म २ थान रिकभर भएको छ र करिब १७३१ राउण्ड गोली बेपत्ता छन्। साथै संचार सेट १३, चार्जर ३३, ब्याट्री ४९ नष्ट भए। मोटरसाइकल र गाडीहरू जलेर नष्ट भए। भीडले कार्यालय जलाउने र हिरासतमा धुँवा पस्दै कैदीहरू सफोकेसनमा पर्ने जोखिम आएपछि करिब ७४ जना थुनुवा अभिलेख राखी छोडीयो। त्यसपछि सकेसम्म

52 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.५१ अन्तर्गत रहेको ।

हातहतियार सुरक्षित गरी करिब १५:३० बजे नेपाली सेनाको १ नं. बाहिनी नेपालटारमा सरेको हुँ।

उक्त दिनको आन्दोलनबाट प्रहरी वृत बालाजु, प्रहरी प्रभाग नेपालटार, प्रहरी चौकी जितपुरफेदी र धर्मस्थली, प्रहरी विट चमती, गुम्बा, साङ्ला, अस्थायी प्रहरी पोष्ट बोहोराटार, ट्राफीक प्रहरी प्रभाग नेपालटार लगायतमा आगजनी तथा तोड फोड गरियो। साथै वृत एरीयाको माछापोखरी स्थित भाटभटेनी सुपर मार्केट भवन, बोहोराटार स्थित राष्टपति ज्यूको निजि निवास, तारकेश्वर न.पा.को कार्यालय तथा वडा कार्यालयहरु, नेपाल गुणस्तर तथा नापतौल विभागको कार्यालय, केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र माछापोखरीको कार्यालय लगायतमा आगजनी तथा तोडफोड भए।

मलाई आन्दोलनमा विभिन्न स्वार्थ समूहहरूको घुसपैठ भएको देखिन्छ। मोटरसाइकल समूह, अराजक तत्व र बाह्य परिचालनले आन्दोलनलाई हिंसात्मक बनाएको थियो। सशस्त्र प्रहरीबाट अपेक्षित सहयोग पर्याप्त आएन तर नेपाली सेनाबाट भने सहयोग प्राप्त भयो र भीड तितरबितर गरियो।

यस घटनाबाट प्रहरी कार्यालयमा अन्डरग्राउण्ड हतियार भण्डारण, उच्च पर्खाल, Escape route, फोर्टिफिकेशन सुधार आवश्यक रहेको महसुस भएको छ। हाल प्रहरी वृत्त बालाजुको पुनर्निर्माण स्थानीयको सहयोगमा भइरहेको छ। [53]

## ५३. प्रहरी वृत्त सिंहदरबारमा कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक जनार्दन घिमिरेको बयान कागज ब्यहोराः

मिति २०८२ भदौ २३ गते आफू Circle-71 कल साइनसहित २० जनाको टोली लिएर माइतिघर मण्डलामा सुरक्षार्थ खटिएको थिएँ। उक्त दिन प्रदर्शनकारीहरू बिहान ९ बजेदेखि सामान्य तर सङ्गठित रूपमा भेला भएको, करिब १०:३० मा सरकार बिरोधी नारा लगाउँदै नयाँ बानेश्वरतर्फ अघी बढेपछि आफूले Victor Control लाई स्थिति नियमित रूपमा अपडेट गरेको तथा कन्ट्रोलको निर्देशनअनुसार मण्डलाको निषेधित क्षेत्रमा बसेर ड्युटी परिचालन गरेको हुँ। मण्डला क्षेत्रमा रहेका प्रदर्शनकारीबाट ढुंगा, आगजनी वा कुनै हिंसात्मक गतिविधि नभएकाले ’न्यूनतम तथा समानुपातिक बल प्रयोग÷ को आवश्यकता नै आएन। कर्फ्यु आदेश १२:३० बजे जारी भएको सूचना मैले मेगाफोन मार्फत पटक-पटक सर्वसाधारणलाई जानकारी गराएको तर ठूलो संख्यामा प्रदर्शनकारीले

53 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.५२ अन्तर्गत रहेको ।

आदेशको बेवास्ता गरेका थिए।

संसद भवन परिसरमा भएका घटना तथा त्यहाँ सञ्चालन भएको बल प्रयोगका सम्बन्धमा आफू त्यो स्थानमा नखटिएको हुँदा उक्त स्थानको घटना विवरण केही जानकारी छैन।

२४ गते बिहान ९ बजे फेरि म माईतिघर मण्डलामा खटिएको र कार्यालयको सुरक्षाको जिम्मा 2IC लाई मौखिक रूपमा दिएको थिएँ। करिब ३ बजेतिर सिंहदरबार आसपास धेरै स्थानमा तोडफोड सुरु भएको सूचना पाएपछि म सिंहदरबारको दक्षिण गेटतर्फ जाँदा प्रदर्शनकारीले मेरो सञ्चार सेट समेत लुटेर लगे।

त्यसै समयमा कार्यालयमा ठूलो संख्यामा प्रदर्शनकारी प्रवेश गरी आगजनी र लुटपाट सुरू भएको खबर प्राप्त भएपछि कार्यालयमा रहेका सीमित जनशक्तिले हातहतियार र गोलीगठ्ठा वनटन ट्रकमा लोड गरी सुरक्षित स्थानको लागि नेपाली सेनाको बन्दोबस्ती गणमा लैजाँदा गेट नखुलेपछि प्रधान कार्यालय नक्सालसम्म पुर्‍याएको थियौं। प्रदर्शनकारीहरुको आगजनी तथा तोडफोडबाट कार्यालयका कम्प्युटर, मिसिल, विभिन्न प्राविधिक उपकरण, निजी तथा ४ पाङ्ग्रे सवारीसाधन २ वटा र २ वटा मोटरसाईकलमा आगजनी गरी गराई व्यापक क्षति पुगेको तथा सर्ट गन को ४१२ राउण्ड लाईभ कार्टिज, ७.६२ मिमि टाईप ५४ चाईनिज पेस्तोल को ७ राउण्ड गोली सहितको म्यागजिन थान १, टाईप ७७ को १ वटा म्याग्जिन र ब्यारेटाको १ थान म्यागजिन प्रदर्शनकारीले नै लुटेर लगेका हुन। प्रहरी कारवाहीबाट भृकुटिमण्डप स्थित फोहर मैला संकलन केन्द्रमा बेवारिसे आवस्थामा लुकाई राखेको ९ एमएम सि एफ ९८ पेस्तोल १० थान, ऐ को एक्स्ट्रा म्यागजिन १० थान, ७.६२ मिमि टाइप ५४ चाइनिज पेस्तोल थान ४, ऐ को एक्स्ट्रा म्यागजिन थान ६, एस एम जि थान १, इन्सास राईफल थान १ र टेजर पेस्तोल थान १०, हतकडी थान ३१ र सञ्चार सेट १ थान फेलापारी जिल्ला प्रहरी परिसर काठमाडौंमा बुझाएको छ।

२४ गते सिंहदरवार परिसर भित्र रहेको प्रधानमन्त्री कार्यालय लगायतका विभिन्न मन्त्रालयहरु, सर्वोच्च अदालत, जिल्ला सरकारी वकिलको कार्यालय, सडक विभाग, स्वास्थ्य मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, कान्तिपुर पब्लिकेसनको भवन, के एण्द सि अटो मोवाईल प्राली को १३ वटा सवारी साधन, सिप्रदि ट्रेडिङ प्रा.लि. को ७ वटा सवारी साधान, होण्डा कठमाण्डौ प्रा.लि.को ७ वटा सवारी साधन, सि जि कम्पनि को ६ वटा सवारी साधन र समर जंग कम्पनीको १ वटा सवारी साधन तथा कार्यालयहरुमा आगजनी तथा तोडफोड भई क्षति भएको छ। धेरै ठाउँमा

एकैपटकको आक्रमण, भीडको अत्यधिक सङ्ख्या, न्यून जनशक्ति, र तालुक कार्यालयबाट थप फोर्स पठाउन नसकिएको अवस्थाका कारण उक्त क्षति रोक्न असमर्थ भएको हो।

भदौ २३ गते शसस्त्र प्रहरीबाट सहयोग भए पनि २४ गते क्षति रोक्न अपेक्षाकृत पर्याप्त सहकार्य नभएको, दक्षिण गेटमा आक्रमण भइरहँदा नेपाली सेनाले प्रहरीलाई प्रतिरक्षामा सहयोग गरेको थियो। न्यून जनशक्ति, सीमित साधनस्रोत र अत्यधिक उग्र भीडका बीचमा ड्युटी निर्वाह गर्दा सुरक्षाकर्मीको मनोबलमा गम्भीर प्रभाव परेको उनको अनुभूति थियो।

भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्न पर्याप्त अध्ययन, सुरक्षा संरचना सुदृढीकरण, प्राविधिक साधन अभिवृद्धि, जनशक्ति विस्तार र मनोबल वृद्धि राज्यले प्राथमिकतामा राख्नुपर्ने उनले सुझाव दिएका छन्। [54]

## **५४. प्रहरी वृत्त दरबारमार्गका कार्यलाय प्रमुख प्रहरी नायब उपरीक्षक राज कुमार श्रेष्ठको बयान कागज ब्यहोराः**

गरेको प्रदर्शनमा मलाई जिल्ला प्रहरी परिसर काठमाडौंको सुरक्षा योजना बमोजिम निषेधित क्षेत्र हरित गृह (उपराष्ट्रपति निवास) वरपर इलाकाको सुरक्षार्थ बिहान ८ः३० बजेदेखि C-61 कल साइनसहित खटाइएको थियो। उक्त दिन त्यस एरीयाको वस्तुस्थिति सामान्य रहेको।

भदौ २३ गतेको गम्भीर परिस्थितिका कारण २४ गते विभिन्न स्थानमा फेरि प्रदर्शन हुन सक्ने भनेर प्रहरी कमाण्डबाट विशेष सतर्कता निर्देश आएको थियो। भीड एकत्र भएमा पहिले सम्झाई बुझाई, माइकिङ, र नियन्त्रणका सबै सौम्य उपाय अपनाउने, अत्यावश्यक भएपछि मात्रै अश्रुग्याँस प्रयोग गर्ने र जसरी पनि Lethal Weapon (घातक हतियार) प्रयोग नगर्ने स्पष्ट निर्देशन आएको र भाद्र २४ गते प्रहरी परिसर काठमाडौंबाट प्राप्त सुरक्षा योजना अनुसार म दरवार संग्रहालयको दक्षिण गेटमा बिहान ०८ः३० बजेबाट डिउटी खटिएको थिएँ।

तर दिन चढ्दै गएपछि परिस्थितिबाट असामान्यता बढ्दै जान थाल्यो। उपराष्ट्रपति निवासतर्फ प्रदर्शनकारी ठूलो संख्यामा आउन लागेको सूचना आएपछि उनी तुरुन्तै त्यही क्षेत्रमा खटिए। दूध डेरी अगाडिको सडकमा नेपाली सेनाले कर्डन बनाएर सुरक्षा व्यवस्था कडा गरिरहेको थियो। हजारौं प्रदर्शनकारी नारा जुलूस गर्दै त्यही क्षेत्रतर्फ आउँदै गर्दा आफूले संग्रहालय उत्तर गेट भएर जान

---

54 बयानको सक्कल प्रति पाना- ९, अनुसुची-५ को सि.न.५३ अन्तर्गत रहेको ।

अनुरोध गर्दै माइकिङ गर्दा केही हदसम्म भीडलाई रोकेको अनुभूति हुँदै थियो। तर त्यहीबेला अर्को ठूलो समूह खानी विभागतर्फबाट आएको र नेपाली सेनाले समेत अचानक कर्डन छाडेपछि आफ्नो प्रहरी टोली बीचमै फसेकोले अत्यन्तै जोखिमपूर्ण अबस्था बन्यो। त्यसपछि आफ्नो टोली समेत पछाडि हट्न बाध्य भएको र प्रदर्शनकारीहरुले उपराष्ट्रपति निवास आगजनी गरिदिए। सोही भीड त्यसपछि आफ्नो कार्यालयतर्फ लक्षित भई आगजनी, तोडफोड र लुटपाट गर्दा हातहतियार तर्फ कार्यालयमा समान्य क्षति (तर अपराध अनुसन्धान शाखा पूर्ण रुपमा जली नष्ट भएको) हातहतियार तर्फ बेरेटा पेस्तोल थान -३, ३०३ राइफल थान -१ र सानो ग्याँसगन थान-१ गोलीगठ्ठातर्फ इनसासको गोली ४५ राउण्ड, टाईप ५४ पेस्तोलको गोली २५ राउण्ड, S.L.R.ब्लेङक राउण्ड- १०, सर्टगनको रबरबुलेट- ८ छर्रा एवम् जिन्सी सामान तर्फः- कम्प्युटर थान-१५, ल्यापटप थान- ४, फुल गेयर सेट थान-१७, पारदर्शी सिलढाल थान-६२, हेल्मेट थान-२४, मोटरसाइकल थान-२ जली नष्ट भएको। लुटिएका सामग्रीमध्ये .303 राइफल १ थान मात्र फेला पारी प्रहरी प्रधान कार्यालयमा बुझाइएको, बाँकी हातहतियार अझै हराइरहेको उनले बताए। उक्त दिनको प्रदर्शनबाट Aloft Hotel मा तोडफोड गरी आंशिक क्षेती, आगजनी गरी भाटभटेनिको स्टोर पूर्ण रुपमा क्षति, तोडफोडबाट गैरआवासीय संघमा आंशिक क्षति, बिनोद चौधरी, बसन्त चौधरी र अरुण चौधरीको स्वामित्वमा रहेको निजी निवासमा आगजनी भयो।

कार्यलयमा आगजनी वा भौतिक आक्रमण भएको अवस्थामा कुनै मानवीय क्षति नहोस भन्ने प्रयोजनार्थ थुनुवाको लिस्ट तयार गरी अभिलेखिकरण गरी थुनुवाहरू छोडिदिने, आफ्नो हातहतियार, सञ्चार सेट, सवारी साधन र आफू सुरक्षित रहने भन्ने Victor Control बाट सम्प्रेषण भएको सुनेको। परिस्थिति जटिल बन्दै गएपछि केही गोलीगठ्ठा प्रधान कार्यालय नक्साल पठाइएको, केही सवारीमा राखेर सुरक्षित गरिएको, र ३ जना थुनुवालाई अभिलेखिकरण पछि छोडिएको थियो।

२४ गतेको असामान्य अवस्थालाई रोक्न नसक्नुका कारण' हजारौंको उग्र भीड प्रहरीको अत्यन्त न्यून संख्या एकै समयमा धेरै स्थानमा आक्रमण थप प्रहरी वा बारुण यन्त्र तुरुन्त नपुग्नु भीडले प्रहरी देख्ने बित्तिकै आक्रमण गर्न सुरु गर्नु माइकिङ गर्दा उल्टै प्रहरीमाथि पेट्रोल बम, रड, ईंट प्रहार हुनु आदि रह्यो।

घूसपैठबारे उनले स्पष्ट रूपमा भने भीडको उग्र व्यवहार, समन्वयबिनाको आक्रमण, हातहतियारको प्रयोग, हजारौंको निर्देशनविहीन तर आक्रामक गतिविधिले स्वार्थ समूहबाट घूसपैठ भएको अनुमान

नकार्न सकिँदैन। सामाजिक सञ्जालका विभिन्न सामग्रीहरू प्रमाणका रूपमा उपयोग गर्न सकिने उनको धारणा छ।

उनी खटिएको क्षेत्रमा सशस्त्र प्रहरी तैनाथ नभएको, तर उपराष्ट्रपति निवासको दक्षिणतर्फ नेपाली सेना तैनाथ रहेको, तर निर्णायक क्षणमा सेना कर्डन छाडेपछि प्रहरी टोली बीचमै परेर दुबै तर्फबाट आक्रमणमा फँसेको उनले बताए।

अन्तिममा, भदौ २४ को दिनको आफ्नो व्यक्तिगत अनुभव वर्णन गर्दै उनी भन्छन् हजारौं उग्र भीडसँग न्यून संख्याका प्रहरीले सामना गर्दा मानसिक दवाव अत्यन्तै ठूलो थियो। प्रहरीमाथि ढुङ्गा-मुडाहरू वर्षिदै गर्दा उनीहरूले स्व-सुरक्षा र जनसुरक्षाको बीच सन्तुलन मिलाउनुपरेको, एकै साथ राजधानीका अधिकांश प्रहरी कार्यालय आक्रमणमा परेका कारण सहयोग पुग्न नसकेको, बारुण यन्त्र समयमै नआएको, र निरन्तर जोखिमले मनोबल गिराएको उनले उल्लेख गरे। [55]

## <u>५५. प्रहरी वृत नयाँ वानेश्वरका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक हरि खतिवडाको बयान कागज ब्यहोराः</u>

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) युवा पुस्ताद्वारा गरिएको प्रदर्शनको क्रममा म एकीकृत सुरक्षा योजना अनुसार नयाँ वानेश्वर क्षेत्रमा खटिएको थिएँ। मेरो जिम्मेवारी (AOR) विशेष गरी संसद भवन बानेश्वर क्षेत्रको सुरक्षा व्यवस्थापन मिलाउने र समन्वय गर्ने रहेको। माइतीघर मण्डलामा हुने प्रदर्शनको आह्वान गरेका पक्षहरूबाट शान्तिपूर्ण हुने भन्ने स्वघोषणा, जिल्ला सुरक्षा समितिको सूचना विश्लेषणदेखि केन्द्रीय सुरक्षा समितिको सूचना विश्लेषणमा प्रदर्शन शान्तिपूर्ण नै हुने आंकलन गरिएको र प्रदर्शनकारीहरूको संख्या अनुमानित ३०००-५००० सम्म हुन सक्ने जानकारी रहेको थियो। तर घटनाहरू क्रमशः अपेक्षाभन्दा बिल्कुलै फरक दिशामा मोडिँदै गए। बिहान प्रदर्शनकारीहरूको भेल शान्त देखिए पनि बिस्तारै संख्यामा तीव्र वृद्धि हुँदै गयो। निषेधित क्षेत्र तोड्दै भीड संसद भवनतर्फ अगाडि बढेपछि अपराह्नतिर भीडको चरित्र नै बदलिन थाल्यो कतिपय व्यक्तिहरू मादक पदार्थ सेवन गरेको जस्तो, अत्यधिक उत्तेजित, घरेलु हातहतियार (भाला, रड, झम्पल, खुकुरी, घन, बेल्चा आदि) सहित सुरक्षाकर्मीलाई लक्षित गरी ढुंगामुढा गर्दै उक्त घरेलु हतियार सहित प्रहार गर्न उद्धत रहे। भीड नेतृत्वबिहीन भैरहँदा अन्दाजी १०० जनाको सङ्ख्यामा आएको स्वरुप परिवर्तन गरेका मोटरसाईकल चालकहरुको समूहले साईलेन्सर पड्काउँदै, गोली, पटका, बारुद

55 बयानको सक्कल प्रति पाना- ११, अनुसुची-५ को सि.न.५४ अन्तर्गत रहेको ।

पड्केको जस्तै सुनिने आवाज निकालेर ध्वनि प्रदुषण गर्दै र उत्तेजक रुपमा हो-हल्ला गर्दै भीडलाई झन अराजक बनाइरहेका थिए। संसद भवन परिसरमा भीडको प्रवेश रोक्ने उद्देश्यले प्रहरीले बल प्रयोगको न्यूनतम र समानुपातिक बल प्रयोगको सिद्धान्तलाई अबलम्वन गर्दै बारम्बार माइकिङ, सम्झाइ-बुझाइ, चेतावनी, लाठीचार्ज र अश्रुग्याँस जस्ता सबै उपाय प्रयोग गरे पनि भीडले बारम्बार प्रवेशका प्रयासहरू दोहोर्याइरह्यो।

उक्त दिन संघीय संसद राष्ट्रिय सभाको बैठक बस्ने कार्यसूची तय भएर केही माननीय सदस्यहरूको संसद भवनमा आगमन समेत भएको, संसद सचिवालयका कर्मचारी र मर्यादापालक लगायतका संसद सञ्चालनका लागि उपस्थित भएका व्यक्तिहरूको सुरक्षा, लगानी बोर्ड नेपाल, नेपाल कानून आयोग तथा संसद भवन परिसरमा रहेको ४० हजार लिटर क्षमताको डिजल भण्डारण स्थलमा आगजनि तोडफोड भएमा र सोको कारण हुन सक्ने जोखिम समेतलाई दृष्टिगत गर्दा समग्र संसद भवन र नयाँ वानेश्वर क्षेत्रको सुरक्षा अत्यन्त संवेदनशील रहेको थियो र क्रमशः विध्वंसात्मक प्रदर्शनकारीहरूको संख्या बढ्दै जाँदा संसद भवनको सुरक्षा जोखिम बढ्ने देखिएको स्थिति नियन्त्रणमा लिन दिनको १२३० बजे देखि कर्फ्यु आदेश जारी भइसकेपछि पनि अराजक समूहले प्रहरीको सञ्चार सेट खोस्ने, प्रहरीमाथि घरेलु हातहतियार प्रहार गर्ने जस्ता आक्रामक क्रियाकलाप बढिरहेको थियो। सो भीडले जसरी पनि संसद भवन कब्जा गर्ने, आगजनी गर्ने जस्ता भड्काउपूर्ण अभिव्यक्तिहरू दिएर भीडलाई उक्साई रहेका थिए। प्रदर्शनकारीहरुले सशस्त्र प्रहरी बल नेपालको वाटर क्यानन् तोडफोड गर्ने तथा बाटर क्याननमाथि चढी प्रदर्शन गरिरहेका र एम्बुलेन्सलाई समेत तोडफोड गरे। निजहरुले सुनियोजित रुपमा आफूसित ल्याएको पेट्रोल बम (Molotov cocktail) समेत प्रहार गरेका थिए। कर्फ्यु आदेशको कार्यान्वयनको लागि थप बलको रुपमा आउँदै गरेको नेपाली सेनाको टोली संसद भवन सम्म आउनै नसक्ने गरी प्रदर्शनकारीहरुले अवरोध सृजना गरिदिए।

प्रहरीले बल प्रयोगको न्यूनतम र समानुपातिक बल प्रयोगको सिद्धान्तलाई अबलम्वन गरेको थियो र सो क्रममा सुरुमा सम्झाई बुझाई गर्यौं तर भीड मान्न तयार थिएन, त्यसपश्चात लाठी चार्ज गर्दा समेत भीड आक्रमक हुने क्रम रोकिएन। त्यसपश्चात भीडले संसद भवनको पर्खाल भत्काउने, फोड्ने, आगजनी गर्ने समेतको गतिविधि नरोकेपछि हामीले अश्रुग्याँस प्रहार गरेका थियौं। प्रहार गरेको अस्रुग्याँस प्रदर्शनकारीले साथमा रहेका पानीका बोटलबाट पानी हाली निभाउने तथा भिजेका रूमालले तत्काल निस्तेज गर्ने वा सुरक्षाकर्मीतर्फ नै फर्काउने किसिमका गतिविधि गरेका कारण अस्रु ग्याँसको प्रभाव पनि अपेक्षित भन्दा कम हुन गएको थियो। अस्रु ग्याँसको प्रवाह नगरी जबरजस्ती

संसद भवन छिर्न खोज्ने प्रदर्शनकारीहरूलाई कन्टेन गर्नको लागि रोक्न खोज्दा प्रदर्शनकारीहरूले सुरक्षाकर्मीको सञ्चार सेट, माईक, ढाल, हेल्मेट, लाठी, ब्याटन लगायतका असभाव खोसेका थिए। यसरी असभावका सामान खोसेर हौसिएका प्रदर्शनकारीहरूले सुरक्षाकर्मीको हतियार समेत लुट्ने प्रयास गरेका थिए। उत्पन्न परिस्थिति नियनत्रण हेतु हाम्रो टोलीद्वारा कुनै पनि lethal weapon बाट बल प्रयोग ( गोली प्रहार) भएको थिएन र हामीले non lethal weapon (अश्रुग्याँस लगायत) को प्रयोग गरी न्युनतम बलको सिलसिलेवार प्रयोगद्वारा स्थिति नियन्त्रणमा लिने प्रयास गरेका थियौं।

पूर्व तयारिका साथ उपश्थित भएका प्रदर्शनकारीहरुले घरेलु हरियारको प्रयोग गरी संसद भवन परिसरको चारैतर्फको पर्खाल फोडेर ( संघीय संसद भवनको ३६ मिटरको पर्खालमा क्षति पुऱ्याएको र ४०१ भन्दा बढी स्थानमा पर्खाल फोडेको), पर्खाल र गेट नाघेर, रेलिङ भत्काएर, सेन्ट्री पोष्ट कब्जा गरी, १ नं. गेट अगाडि नै आगजनी गरेर, अनाधिकृत रूपमा पटक पटक गरेर अन्दाजी ५०० को सङ्ख्यामा प्रदर्शनकारीहरू प्रवेश गरेका थिए सो मध्ये दर्जनौलाई नियन्त्रणमा लिईएको र केहीलाई पुनः संसद भवन बाहिर लखेटिएको थियो।

भाद्र २३ गते कर्फ्यु आदेश जारी भए पश्चातनै संसद भवनको सम्पूर्ण सुरक्षाको जिम्मेबारी नेपाली सेनाले लिई सेनाको एक टुकडी रात भर संसद भवनमा बसेको थियो। म २३ गतेको घटनाबाट कार्यालयको वडा एरिया भित्र पर्ने विशिष्ट ब्यक्तिहरुको घर, राजनैतिक दलका नेताहरुको घर, मिडिया हाउस, विभिन्न पार्टीका पार्टी कार्यालयका भवनहरु, सरकारी कार्यालयहरु तथा अन्य ब्यापारी प्रतिष्ठानहरुमा समेतमा तोडफोड र आगजनी हुन सक्ने भएकाले सोही किसिमको सुरक्षा ब्यबस्थापनको योजना बनाई आफू भने भदौ २४ गते बिहान ०६:३० बजेको समयदेखि नै तालुक कार्यालयको निर्देशन बमोजिम संसद भवन क्षेत्रमा खटिएको थिएँ। संसद भवनको आसपासको क्षेत्रमा बिहान देखीनै ठूलो संख्यामा प्रर्दशनकारीहरु भेला जम्मा भई आक्रमक शैलीमा विरोधको कार्यक्रमहरु गरी संसद भवन प्रबेश गर्न प्रयास गरिरहेका थिए। यसै क्रममा सञ्चार सेट मार्फत काठमाडौं उपत्यका अन्तर्गतका बिभिन्न प्रहरी कार्यालय तोडफोड र आगजनी गर्दै गरेको भन्ने सूचना प्राप्त हुन आएको थियो। दिउँसो करिव १५१५ बजेको समयमा बानेश्वरस्थित प्रहरी बृतलाई चारैतिरबाट विशाल भीडले घेरेर एकैसाथ तोडफोड, आगजनी र लुटपाट गरेपछि त्यहाँ खटिएका प्रहरीहरू अत्यन्त जोखिमपूर्ण परिस्थितिमा पुगे। कार्यालयभित्र रहेका हातहतियार, गोलीगट्ठा, मिसिल, कागजात, लत्ताकपडा, व्यक्तिगत सवारी, मोबाइल-विद्युतीय उपकरणदेखि दशीको रूपमा बरामद नगद र सुनचाँदीसम्म जलेर नष्ट भयो, केही प्रहरी कर्मचारीहरुलाई पर्दर्शनकारीहरुले नियन्त्रणमा लिएर

ज्यान मार्ने सम्मको जोखिम अबस्थामा पुर्‍याउँदा केही प्रहरीहरु नजिकै रहेको बागमती खोलामा फाल हानी ज्यान जोगाए। तर यस्तो विषम परिस्थितिमा नजिकै रहेको सशस्त्र प्रहरीले कुनै सहयोग नै गरेन, आफू संसद भवनबाट कार्यालयसम्म पुग्ने अबस्था नै थिएन। प्रदर्शनाकीहरुको आगजनी, तोडफोडर लुटपाटबाट कार्यालय पूर्ण रुपमा नष्ट भएको, प्रहरी कर्मचारीका सम्पूर्ण व्यक्तिगत युनिफर्म लगायत धनमालहरु, सवारी साधनहरु, मिसिलहरु, हतियार तथा गोलीगट्ठाहरु जली नष्ट भएको र केही हात हतियारहरु लुटिएको विवरण प्राप्त भएको छ। साथै कार्यालयको वडा एरिया भित्र पर्ने विशिष्ट ब्यक्तिहरुको घर, राजनैतिक दलका नेताहरुको घर, मिडिया हाउस, विभिन्न पार्टीका पार्टी कार्यालयका भवनहरु, सरकारी कार्यालयहरु तथा अन्य ब्यापारी प्रतिष्ठानहरु लगायत तीन दर्जन भन्दा बढी स्थानहरुको तोडफोड र आगजनी भएको छ।

भदौ २३ र भदौ २४ गतेको दुवै दिन सशस्त्र प्रहरी बल, नेपाल द्वारा अपेक्षित सहयोग प्राप्त भएको थिएन।

बयानको उत्तरार्धमा डीएसपी खतिवडाले घटनाले सुरक्षाकर्मीहरूको मनोवैज्ञानिक तथा भावनात्मक पक्षमा पारेको प्रभावबारे उल्लेखनीय अभिव्यक्ति दिएका छन्। आफ्ना सहकर्मीहरू निर्ममता पूर्वक कुटिएको, लुटिएको, कतिपय मारिएको दृश्य आँखै अगाडि देख्नु परेको, कार्यालयका सामग्री, अभिलेख र मेहनतले तयार पारेका कागजात तथा उपकरणहरू क्षणभरमै जलेर नष्ट भएको देख्दा आफ्नो पेशाप्रतिको लगाव र कर्तव्यनिष्ठा नै प्रश्नमा परेको महसुस भएको उनले व्यक्त गरेका छन्। जनताको सुरक्षा, जनधनको रक्षा र राज्य संरचनाको स्थायित्वका लागि थुप्रै कठोर निर्णयहरू लिनुपर्दा "प्रहरीको सहनशीलता र संयमता जनताले बुझ्दैनन्" भन्ने अनुभूति पनि बारम्बार उब्जिएको उनले उल्लेख गर्छन्।

उनको सम्पूर्ण बयानले भदौ २३-२४ को घटना सतहमा देखिनेजति सामान्य नभई गम्भीर सुरक्षा चुनौती, अप्रत्याशित अराजकता, अत्यधिक जनआक्रमण, संरचनागत क्षति, मानवीय जोखिम र भावनात्मक दवावले भरिएको जटिल परिस्थितिको विस्तृत चित्र खडा गर्दछ। प्रारम्भिक आकलन तथा अघि गरिएको तयारी शान्तिपूर्ण थियो, तर भीडको संरचना, तयारी र आक्रामकताका कारण सुरक्षा संयन्त्रका सबै तहहरू कठोर परिक्षामा परे र घटनाको स्वरूप नियन्त्रणभन्दा धेरै पर चुलिंदै

गएको स्पष्ट रूपमा झल्किन्छ। [56]

## ५६. नगर प्रहरी कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक मञ्जिल मुकारुङको बयान कागज व्यहोराः

भाद्र २३ गते सुरक्षा योजना अनुसार ११:०० बजेको समय देखि "शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपन केन्द्र, भक्तपुर द्धारा १५०० मैगौला प्रत्यारोपण भएको उपलक्ष्यमा आयोजित" कार्यक्रममा सरिक हुन राष्ट्रिय सभागृह स्थित सम्माननीय राष्ट्रपति (Nepal ५) को सुरक्षार्थ भ्रमणमा खटिएको र सवारी कारगेड सुरक्षित साथ सम्पन्न गरेको थिएँ। म सम्माननीय राष्ट्रपति ज्यूको सवारी सुरक्षार्थ स्कर्टिङ डिउटीमा खटिएको थिएँ। मेरो कार्यालयबाट थप मद्धतको रुपमा प्रहरी निरिक्षकको कमाण्डमा माइतीघर मण्डलामा Oscar २, Oscar ४ र वानेश्वर चोकका लागि Oscar ५ को टोली अह्नखटन भएको थियो।

सो क्रममा प्रदर्शन शान्तिपूर्ण रहने आकलन गरिएको भए पनि क्रमशः भीड ठूलो संख्यामा जम्मा भई उग्र र हिंसात्मक बन्दै गएको एवम् माइतीघर-वानेश्वर क्षेत्रमा व्यारिकेड तोड्ने, ढुंगामुढा गर्ने, आगजनी गर्ने, संसद भवनको पर्खाल भत्काउने तथा पेट्रोल बम प्रहार गर्ने कार्य भएको, कर्फ्यु आदेश १२ः३० बजे जारी भएपछि पनि भीड नियन्त्रणमा आउन नसकेको, कर्फ्युको भीडले निरन्तर अवज्ञा गर्दै संसद भवन प्रवेश गर्ने प्रयास गरीरहेको जानकारी संचार सेटमार्फत प्राप्त भइरहेको थियो।

अं १४३० बजेको समयमा टोली लिई थप मद्दतको रुपमा म आफ्नो टोलीसहित वानेश्वर क्षेत्रमा खटिँदा अवस्था पूर्ण रूपमा दंगात्मक भइसकेको थियो। भीडमा मास्क, चस्मा, कम्ब्याट टोपी लगाएका अज्ञात व्यक्तिहरु, पेट्रोल बम, गुलेली, फलामका रड, घरेलु हतियार प्रयोग गर्नेहरु तथा सामाजिक सञ्जालमा लाइभ गर्ने समूहहरू समेत सक्रिय देखिएका थिए। गोली लागेका घाईतेहरु अस्पतालतर्फ लगिँदै थियो। मैले र मेरो कमाण्डमा खटिएको टोलीले न्यूनतम र समानुपातिक बल प्रयोगको सिद्धान्त (PLAN) (Proportionate, Legal, Accountable, Necessity) अनुसार माइकिङ, सम्झाइ-बुझाइ, अश्रुग्यास, रबर गोली र डमी राउण्ड मात्र प्रयोग गरेका थियौं। मेरो प्रत्यक्ष कमाण्डमा लाइभ राउण्ड फायर गरिएको थिएन। भीड अत्यधिक आक्रामक भएका कारण संसद भवन परिसरमा प्रवेश रोक्न कठिन भएको थियो। घाईतेलाई रेस्क्यु गर्न आएको एम्बुलेन्स समेत प्रदर्शनाकारीबाटै अवरोध गर्ने सम्मका दृश्यहरु देखियो।

प्रदर्शनका क्रममा केही प्रहरी कर्मचारी घाइते भएका थिए, म स्वयं पनि घाइते भएँ। मैले प्रत्यक्ष रूपमा एक जना प्रदर्शनकारीलाई गोली लागेको अवस्थामा देखेको थिएँ, तर अन्तिम बल (गोली

---

56 बयानको सक्कल प्रति पाना- ३३, अनुसुची-५ को सि.न.५५ अन्तर्गत रहेको ।

प्रहार) कहाँ र कसले गर्‍यो भन्ने यकिन जानकारी मलाई थिएन। मेरो प्रत्यक्ष कमाण्डमा रहेको टोलीबाट उक्त दिन बल प्रयोगको क्रममा अश्रुग्यास ७ राउण्ड, रबर कार्टिज ३ राउण्ड, डमी राउण्ड १५ वटा हवाई फायर भएको थियो। त्यसैगरी भाद्र २३ गते कार्यालयबाट खटि गएको सम्पूर्ण सबै टोलीबाट भएको कुल जम्मा २१२ राउण्ड ग्यास सेल, ९० राउण्ड रबर गोली, ७४ राउण्ड डमी राउण्ड र लाईभ राउण्ड ४ वटा हवाई फायर गरी खर्च भएको थियो।

भाद्र २४ गते सम्भावित रुपमा हिंसात्मक प्रदर्शनहरु हुन सक्ने सुचना बमोजिम मेरो सम्पूर्ण टोलीहरु तत्काल खटिने गरी स्टेनबाईमा राखीएको। बिहान करिव १००० बजेको समयमा आदेशानुसार मेरो थप मद्धत सहितको टोली संसद भवन क्षेत्र त्यसपछि विमानस्थल हुँदै बालुवाटार तथा बुढानिलकण्ठतर्फ एरीयामा थप मद्धतको लागि खटि गएको थिएँ। बुढानिलकण्ठ देउवा निवास क्षेत्रतर्फ जाने क्रममा प्रदर्शनकारीहरुले बाटोमा टायर बाली सडक अवरोध गर्दै गरेकोमा अवरोधहरु छिचोल्दै पुगियो। २ घण्टासम्म भिडलाई Contain राखी पछी महाराजगंज वृतको छतमा ४० जना प्रहरीहरु फसेकोले उद्धार गर्ने जाने भन्ने आदेश प्राप्त भएपछी सो तर्फ अगाडि बढ्दा बाटोमा पुनः भिडले हाम्रो बाटो अवरोध गर्‍यो। आक्रमण गरी हाम्रो गाडी तोडफोड गरेको, र Withdrawal हुने क्रममा संचार सेट हराएको (हालसम्म फेला नपरेको) र प्रदर्शनकारीले मेरो सहकर्मीको हतियार खोसेर लगेको, तर उक्त हतियार भने तत्काल सुरक्षित रूपमा फिर्ता गर्न सकियो। सो दिन लुटपाट तथा आगजनीमा म कार्यरत नगर प्रहरी कार्यालय भने सुरक्षित रह्यो। मेरो बुझाइमा उक्त आन्दोलनमा व्यापक घुसपैठ भएको थियो। मोटरसाइकलमा आएका TOB समूह, लागुऔषध तथा मादक पदार्थ सेवन गरेका व्यक्तिहरूको संलग्नताले प्रदर्शनलाई हिंसात्मक बनाएको थियो। सुरक्षाकर्मीहरूबीच तथा अन्य सुरक्षा निकायसँग समन्वयको स्पष्टता कमजोर भएको अनुभव भयो। समग्रमा, मैले आफ्नो बुद्धिविवेक, तालिम र कानूनी मापदण्ड अनुसार न्यूनतम बल प्रयोग गर्दै शान्ति सुरक्षा कायम गर्न इमान्दारीपूर्वक कर्तव्य निर्वाह गरेको हुँ। घटनाको निष्पक्ष छानबिन भई सत्यतथ्य सार्वजनिक हुनुपर्छ भन्ने मेरो धारणा छ। [57]

## **५७. प्रहरी वृत महराजगंजका निमित्त प्रमुख प्रहरी निरीक्षक सुदर्शन पन्थीको बयान कागज व्यहोराः**

प्रहरी वृत महाराजगंजका कार्यालय प्रमुख प्र.ना.उ. निरञ्जन थापा तालिमको शिलसिलामा संयुक्त राज्य अमेरिकामा रहेकोले म उक्त समयमा निमित्त कार्यालय प्रमुखको रुपमा खटिएको थिएँ। भाद्र २३ गते मलाई सम्माननीय राष्ट्रपती ज्यू शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरद्वारा १५०० मृगौला प्रत्यारोपण

57 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.५६ अन्तर्गत रहेको ।

भएको उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागी हुन राष्ट्रिय सभागृह जाने कार्यक्रमको भ्रमण मार्ग सुरक्षार्थ सुरक्षा योजना अनुसार मेरो कमाण्डमा २५ जनाको प्रहरी टोली शितलनिवाशदेखि साङ्ग्रिला होटल मोड सम्म खटिएको र तत् पश्चात पुनः Gen-Z पुस्ताले आह्वान गरेको प्रदर्शन लक्षित सुरक्षा योजनानुसार राष्ट्रपति कार्यालय (शितल निवास) आसपासको निषेधित क्षेत्र सुरक्षार्थ खटिएको थिएँ, उक्त दिनको अवस्था सामान्य थियो।

भदौ २४ मा सम्भावित तनावका पूर्व सूचकका आधारमा मलाई पुनः सुरक्षा योजनानुसार राष्ट्रपति कार्यालय (शितल निवास) आसपासको निषेधित क्षेत्र सुरक्षार्थ खटाइएको थियो। बिहान ७:१५ बजे कपन, निलोपुल स्थित टिकटकर बिबेक थपलियाको घर वरपर असामान्य गतिविधि देखिएकोले सो स्थान तर्फ जाने भनी तालुक कार्यालयबाट आदेश आएकोले म उक्त स्थानतर्फ खटी गएको। सो दिन कार्यालयको सुरक्षाको निमित्त डिउटीमा खटिएका बाहेक अन्य प्रहरी जनशक्तिलाई भि.नी. पोशाकमा आवश्यक पेरको बखत तुरुन्त खटिन सक्ने गरी सुवेदार मेजर प्र.ब.ना.नि जय बहादुर सिंहको कमाण्डमा स्ट्याण्डबाईमा डिउटी परिचालन गरेको थिएँ।

त्यसपछि अमेरिकी दूतावासमा भएको विवाद समाधान गरी Hotel ११ को आग्रहमा मलाई देउवा निवासतर्फ थप मद्धतको लागि जाने भनी निर्देशन अनुसार म उक्त एरीयातर्फ खटी गएको। त्यहाँ करिब ३-४ हजारको भीड रहेको र भीडको संख्यात्मक र मानसिक अवस्था (मादक पदार्थ सेवन, उत्तेजना, घरेलु हतियार) अत्यन्त जोखिमपूर्ण देखियो। उक्त भीडलाई मौजुदा जनशक्तिले नियन्त्रण गर्न नसक्ने भएपछि उनी तथा स्थानीय कमाण्डरहरूले Victor Control मार्फत बारम्बार थप मद्दत मागेको तर मद्दत ढिलो आए भीडले निरन्तर उग्र रूप लिँदै पूर्व मन्त्री दीपक खड्काको घरमा आगजनी समेत गर्योन। ठूलो मानवीय क्षति हुन्सक्ने जोखिमका कारण त्यहाँ बल प्रयोग गर्न कठिन भयो।

उता महाराजगञ्ज वृत्तमा स्थिति झन विकराल भइसकेको रहेछ उत्तेजित भीडले कार्यालयमा तोडफोड, आगजनी गर्दै प्रहरी कर्मचारी मिलन राई र उत्तम थापालाई निर्ममतापूर्वक कुटपिट गरी हत्या गरिसकेको जानकारी पाएँ। २१ जना प्रहरी कर्मचारी भवनको माथिल्लो तल्लामा अड्किएका थिए, आगोको मुस्लो छतसम्म पुगेको थियो। उनीहरूले विलौना गर्दै जीवन जीउनको लागि सहयोग मागिरहेका थिए। मैले विभिन्न सैन्य संरचनासँग मिलेर हेली-रेस्क्युको लागि पहल गर्दै थिएँ। तर ती प्रयासहरूको बीचमा आन्दोलनकारीहरूले सञ्चार सेट हाइज्याक गरेकाले सञ्चार अवरुद्ध भयो। यही संवेदनशील क्षणमा Victor Control बाट थुनुवा सूची तयार राख्न, आपत् आउँदा थुनुवाहरू छोड्न, सुरक्षार्थ हातहतियार-सञ्चार

सेट जोगाउन र अश्रुग्याँस बाहेक अन्य बल प्रयोग नगर्नू भन्ने आदेश प्रसारण भयो। सोही आदेश अनुसार कार्यालयबाट हिरासतमा रहेका ९६ जना थुनुवाहरुलाई छाडिएछ।

महाराजगञ्ज वृत्तमा आगजनी र लुटपाटलबाट कार्यालयको तीन तल्लाहरु जलेर नष्ट भएको, १७ वटा कार्यालयको मो.सा. जलेको, ६ वटा ४ पाङ्ग्रे सवाली साधन जली नष्ट भएको, ३७ वटा प्रहरी कर्मचारीका व्यक्तिगत मो.सा.हरु जली नष्ट भएको, ३० भन्दा बढी कम्प्युटरहरु, फर्निचरहरु, तथा चालु र पेण्डिङ्ग सयौं मिसिलहरू नष्ट भए। सोही आगजनीबाट SLR, INSAS, Gas Gun, Revolver लगायतका १४८ नाल हतियारहरू पनि जलेर नष्ट भए र १८ नलाहरु लुटिएका थिए।

प्रहरी वृत्त महाराजगंजमा उत्तेजित भीडले वृत्तमा कार्यरत प्र.स.नि. मिलन राय (SOCO अधिकृत), र प्र.ज. उत्तम थापालाई निर्ममता पूर्वक हात, लात, मुक्का लाठी, तथा अन्य घरेलु हतियारले कुटपिट गरी मारी मरिसकेको लाशलाई समेत घोची-घोची घिसारेर मारेको लाशलाई समेत पिसाव फेरेको अवस्थाका भिडियो फुटेजहरु यु ट्युव तथा टिक टक साइटहरुमा देख्न सकिन्छ।

यसका साथै सोही दिनको आगजनीबाट महाराजगंज वृत मातहत प्रहरी प्रभाग नया बसपार्क (पूर्ण), सामुदायिक भवन दीप ज्योती (पूर्ण), प्रहरी प्रभाग बुढानिलकण्ठ (आंशिक), प्रहरी प्रभाग तिलिङ्गेटार (पूर्ण), प्रहरी प्रभाग टोखा (पूर्ण), प्रहरी बिट सुकेधारा (पूर्ण), प्रहरी प्रभाग मणिखेटार (आंशिक), प्रहरी बिट गोल्फुटार (आंशिक), प्रहरी बिट पञ्चकन्या (आंशिक) रुपमा क्षति पुगेको। साथै राष्ट्रपति भवन शितल निवास, टोखा नगरपालिकाको कार्यलय, टाईम्स नेटवर्क ब्रोडकास्टिक प्राइम टेलिभिजन, युलेन्स स्कुल, भाटभटेनी सुपर मार्केट, होटल होलिडे इन, विष्णु कुमार श्रेष्ठको Bajaj Showroom, Sonam को कपडा Showroom, ल्होत्से मल लगायतका व्यापारिक प्रतिष्ठानहरुमा समेत क्षति पुगेको। यसै गरी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको निजी घर, पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाको निजी घर, पूर्व रक्षा मन्त्री पूर्ण बहादुर खड्काको निजी घर, पूर्व उर्जा मन्त्री दीपक खड्काको निजी घर, पूर्व गृह मन्त्री कृष्ण सिटौलाको निजी घर, पूर्व मन्त्री अर्जुन नरसिंह के.सी.को निजी घर, पूर्व मन्त्री शंकर भण्डारीको निजी घर, पूर्व मुख्य मन्त्री शेरधन राईको निजी घर, पूर्व मन्त्री योगेश भट्टराईको निजी घर, पूर्व मुख्य सचिव चुडामणी शर्माको निजी घर, क्यापटेन रामेश्वर थापाको निजी घर, अख्तियार सह-आयुक्त तथा पूर्व AIG जय बहादुर चन्दको निजी घर, पूर्व माननिय दीपक निरौलाको निजी घर, पूर्व AIG मदन खड्काको निजी घर, कैलाश सिरोहियाको निजी घर, बिना महत (प्रकाश शरण महतको श्रीमती)को निजी घर, भाईकाजी तिवारीको निजी घर, पूर्व मन्त्री भिम रावलको निजी घर, पूर्व मन्त्री सशांक कोइरालाको निजी घर, दीपक गिरीको निजी घर, पूर्व मन्त्री ईश्वर

पोखेलको निजी घर, पूर्व मन्त्री राम शरण महतको निजी घर, पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईको निजी घर, पूर्व मन्त्री शंखर भण्डारीको निजी घर, कृष्ण कुमार श्रेष्ठको निजी घर, प्रकाश अधिकारी(नगरपालिका प्रमुख) को निजी घर, दीपक निरौलाको निजी घर, मिनादेवी तिवारी (विमा प्राधिकरणको पूर्व कर्मचारीको निजी घर, प्रकाश अधिकारी (टोखा मेयर) को निजी घर, पूर्व स्वास्थ्य मन्त्री प्रदीप पौडेलको निजी घर, ठाकुर प्रसाद लामिछानेको निजी घर, पूर्व संसद गोकर्ण विष्टको निजी घरहरुमा समेत जली क्षति पुगेको थियो।

सुदर्शन पन्थीले आफ्नो व्यक्तिगत अनुभव अत्यन्त पीडादायी रूपमा व्यक्त गर्छन्। सहयात्री कर्मचारीहरुको हत्या, छतमा अड्किएका प्रहरीहरूको बिलौना, आफ्नो मृत्युवरण भएको भनी सामाजिक सञ्जालमा फैलिएको गलत सूचना, परिवारको रोदन र अन्ततः पैदल यात्राद्वारा टोलीलाई सुरक्षित स्थानतर्फ लैजानुपरेको कठिन परिस्थिति यी सबैले उनलाई गहिरो मानसिक चोट पुऱ्याएको छ। उनी आजसम्म पनि ती दृश्य र आवाजहरू बिर्सन नसकेको बताउँछन्। [58]

## ५८. प्रहरी प्रभाग साँखुका कार्यालय प्रमुख प्रहरी निरीक्षक रमेश थापाको बयान कागज ब्यहोराः

मिति २०८२ भदौ २३ गते जेनेजी (Gen-Z) समूहद्वारा आह्वान गरिएको प्रदर्शनका दिन म आफ्नो प्रभागमै नियमित रूपमा तैनाथ थिए। सो दिनको अवस्था सामान्य रहेको। भदौ २४ गते समेत आन्दोलन जारी रहने सम्भावना भएकाले तालुक कार्यालयबाट शान्ति-सुरक्षा बनाएर कुनै पनि अवाञ्छित घटना नहुन दिने निर्देशन आएको थियो।

भदौ २४ गते बिहान ९ बजे देखि आन्दोलनकारीहरु कार्यालय अगाडि आई नारा जुलुस गरी कार्यालयमा ढुङ्गा मुढा गरी झ्याल ढोकाका सिसा समेत फुटाई साँझ १६:४० बजेको समय सम्ममा आन्दोलनकारीहरु अत्याधिक आई पेट्रोल बम समेत प्रयोग गरी कार्यालयको मेन गेट र पर्खाल समेत भत्काई भित्र आई हामी प्रहरी कर्मचारीहरुलाई घाईते तथा तितर-वितर पारी कार्यालयमा मौज्जाद रहेका सानो-ठूलो गरी जम्मा ३० थान हतियार गोली२६८७ राउण्ड लुटिएको। कार्यालयको चारपाङ्ग्रे २ वटा गाडी, मो.सा. ४ वटा, प्रहरी कर्मचारीहरुका १४ वटा मो.सा./ स्कुटर र अन्य कारवाहीको लागि ल्याई राखिएका मो.सा.हरु, र प्रबन्ध शाखामा रहेका विपद व्यबस्थापनका सामाग्रीहरु, स्केलका सामानहरु लगाएतमा आगजनी गरी क्षति पुर्याएका थिए। तीव्र भीड नियन्त्रण असम्भवजस्तै भएपछि भिक्टर कन्ट्रोलबाट आफू तथा हातहतियार सुरक्षित राख्ने, अश्रुग्याँस बाहेक अन्य बल प्रयोग नगर्ने निर्देशन आएको थियो।

---

58 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.५७ अन्तर्गत रहेको ।

यही घटनाक्रममा कार्यालय भवन पूर्णरूपमा आगजनी भई क्षति भएको, कार्यालयबाट लुटिएको ३० थान हातहतियार मध्ये २१ थान र गोली ५७७ राउण्ड फिर्ता हुन सकेको। प्रदर्शनमा संलग्न १८ जनालाई कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको र अन्य पहिचान तथा खोजतलास कार्य जारी रहेको छ।

साँखु प्रभागको क्षेत्रमा अन्य कुनै सरकारी वा निजी संरचनामा क्षति नभएको, कार्यालयमा थुनुवा नरहेको तथा 'थुनुवा छोड्ने, बल प्रयोग नगर्ने निर्देशनबारे सामाजिक सञ्जालमा आएको सूचनालाई सञ्चार सेटबाट प्राप्त आदेशसँग मेल खाने बताएका छन्। आन्दोलनमा विभिन्न अपरिचित समूहको संलग्नता देखिएकाले घूसपैठको सम्भावना रहेको उनले बताएका छन्। अन्त्यमा उनले भविष्यमा यस्ता घटना न्यूनिकरणका लागि प्रहरी कार्यालयमा पर्याप्त जनशक्ति, सुस्पष्ट नीतिनिर्देशन तथा समयमै सहायक सुरक्षा समर्थन आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरेका छन्। [59]

## ५९. प्रहरी प्रभाग कपनका कार्यालय प्रमुख प्रहरी निरीक्षक योगराज सुवेदीको बयान कागज ब्यहोराः

मिति २०८२ भदौ २३ गते आफू कार्यालयमा नै रहेको र सो दिनको अबस्था सामान्य रहेको। भदौ २३ गतेको प्रदर्शन पश्चात भोलिपल्ट सम्भावित जोखिमका कारण शान्ति-सुरक्षा मजबुत पारी जनधनको क्षति हुन नदिने गरी सुरक्षात्मक व्यवस्था मिलाउने भनी माथिल्लो कमाण्डरबाट आदेश आएको र त्यसैअनुसार आफ्नो टोलीलाई परिचालन गरिएको थियो। भदौ २४ गते बिहानैदेखि Gen-Z प्रदर्शन तीव्र बन्दै गएको, काठमाण्डू उपत्यकाका विभिन्न स्थानमा प्रहरी कार्यालयहरूमाथि आगजनी तथा तोडफोड भइरहेको सूचना सञ्चार सेटमार्फत लगातार आइरहेकोमा कपन प्रहरी प्रभागमा समेत प्रदर्शनकारीहरूले घेर्न थाले र भीड केही समय शान्तिपूर्ण देखिए पनि भीड क्रमशः उग्र बन्दै दिउँसो १:३० बजेतिर भीड चारैतर्फबाट बढ्दै गएर एकाएक प्रहरीमाथि ढुंगामुढा र पेट्रोल बम प्रहार गर्दै कार्यालय परिसरमा आगजनी र तोडफोड हुन थाल्यो। आफैं तथा टोलीको सुरक्षालाई प्राथमिकता दिनु, जनधनको क्षति रोक्न सक्दो प्रयास गर्नु र अश्रुग्याँस बाहेक अन्य बल प्रयोग नगर्नू भन्ने भिक्टोर कन्ट्रोल बाट निर्देशन आएकोले आफू र सम्पूर्ण कर्मचारीहरुलाई हातहतियार सहित सुरक्षित राख्न कार्यालय छाडेर सुरक्षित स्थान तर्फ गई सकेपछि प्रदर्शनाकारीहरुले कार्यालयमा आगजनी र तोड फोड गर्दा SLR राइफलका १५० राउण्ड गोलीहरु नष्ट भएको, कार्यालयको भवन पूर्ण रूपमा जलेर नष्ट भएको, तीन वटा चारपाङ्ग्रे र केही मो.सा.हरु, कम्प्युटर र ल्यापटप समेत ८

59 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.५८ अन्तर्गत रहेको ।

थान, तथा प्रहरी कर्मचारीहरूको व्यक्तिगत धनमालहरु (शरिरमा लगाएका लत्ता कपडा भएका बाँकी सबै) जलेर नष्ट भएको थियो। साथै कपन प्रहरी प्रभाग मातहत वडाहरू १०, ११, १२ मा रहेको वडा कार्यालय, मेयरको घर तथा अध्यक्षहरूको गाडी र आकाशेधारामा रहेको प्रहरी बिटमा समेत तोडफोड-आगजनी भएको थियो।

आक्रमण तथा तोडफोडमा संलग्न देखिएका व्यक्तिहरु मध्ये पवन बानिया, निशान खड्का, राजकुमार तामाङ, निशा राई र आयुषा कुमाललाई पहिचान गरी पक्राउ गरी बौद्ध प्रहरी वृत्तमा थप अनुसन्धानका लागि पठाइसकेको छ।

Gen-Z आन्दोलनमा बाह्य घूसपैठ भएको हो वा होइन भन्ने प्रश्नमा उनले पूर्ण निश्चित त हुन नसके पनि विभिन्न हुलिया र समूहका भीड देखिएकाले केही प्रकारको घूसपैठ भएको आभास भने परेको बताएका छन्। कपन क्षेत्रमा सशस्त्र प्रहरी वा नेपाली सेना तैनाथ नभएकाले तीनबाट कुनै प्रत्यक्ष सहयोग नपाएको पनि उनले स्पष्ट पारे। [60]

## ६०. नेपाल प्रहरी, केन्द्रीय विशेष कार्यदलका तर्फबाट संघिय संसद भवन नयाँ वानेश्वमा कमाण्डरको रुपमा कार्यरत प्रहरी निरीक्षक समुन्नत अधिकारीको बयान कागज ब्यहोराः

म मिति २०८१ साल चैत्र महिनादेखि संसद भवनको सुरक्षार्थ ९६ प्रहरी कर्मचारी सहितको STF टोली कमाण्डरको रुपमा खटी आएको छु। हाम्रो टोलीलाई लिखित Mandate नरहेको, तर संसद भवनको भित्रि सुरक्षा, सम्पूर्ण माननीयहरू, कर्मचारीहरु, पत्रकार, तथा आगन्तुकहरुको प्रत्यक्ष सुरक्षा दिनु हाम्रो प्रमुख जिम्मेवारी रहेको थियो। विषम परिस्थिति सृजना भएमा तत्काल सो स्थानमा खटिएका फिल्ड कमाण्डको आदेश बमोजिम काम गर्ने र अपरेसनल नेतृत्व भने प्रहरी वृत्त बानेश्वर, परिसर काठमाडौं र उपत्यका प्रहरी कार्यालय मार्फत हुँदै आएको थियो। हाम्रो टोलीसँग ५.५६ मि.मि.ईन्सास राइफलहरु, ५.५६ मि.मि. LSWहरु, ९ मि.मि SMG हरु, Type 54 पेस्तोलहरु ९ मि.मि. पेट्रो बेरेटाहरु र ग्याँस गनहरु तथा ऐ.मा प्रयोग हुने गोलीहरुले सुसज्जित रहेको छ।

भाद्र २३ गतेको जियनजेड समूहद्वारा माइतिघर मण्डलामा शान्तिपूर्ण प्रदर्शन हुने प्रहरी वृत्त नयाँबानेश्वरबाट ऐ. २३ गते बिहान जानकरी आएको थियो। विगतका अन्य प्रदर्शनीहरु जस्तै भदौ २३ गतेको Gen-Z प्रदर्शन समेत माइतीघरसम्म नै सीमित रहने र निषेधित क्षेत्रमा प्रवेश हुने

60 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.५९ अन्तर्गत रहेको ।

कल्पना गरिएको थिएन सोही कारण उक्त दिनको राष्ट्रिय सभाको बैठक (१३:१५) का लागि हाम्रो टोली सुरक्षा केन्द्रीत गरिएको थियो। संसद भवनको सुरक्षार्थ हाम्रो टोलीबाट ४ वटा गेटहरुमा, High-Points ९ वटा, पानी फोहरा, QRT, सुरक्षा वेश, Committees Gate, पार्किङ र पैदल गस्तीमा परिचालित थियो।

## भदौ २३ को घटना

दिनको अन्दाजी १२:३५ बजेदेखि संसद भवन वरिपरी हजारौँको संख्यामा उपस्थित भीड असामान्य र हिंसात्मक हुन थालेको थियो। प्रदर्शनकारीहरूले संसद भवन रेलिङ, पर्खाल चढ्ने, तोडफोड गर्ने, प्रहरीमाथि ढुंगामुढा प्रहार गर्ने, रड-गुलेली तथा बञ्चरो जस्ता उपकरणले आक्रमण गर्ने कार्य सुरु भयो। केहीले दक्षिण गेट नजिकै रहेको मेरो निवास कोठा लक्षित गरी पेट्रोल बम फालेर आगजनी गरे। High-post हरूमा खटिएका STF प्रहरीहरूलाई प्रदर्शनकारीले हातहतियार खोस्न खोजेपछि सबै पोस्ट खाली गरी ग्राउण्डमा झारिएको थियो। स्थिति नियन्त्रण बाहिर गई संसद भवन प्रवेश गरी आगजनी तथा तोडफोड गर्न लागेको देखेर मैले प्रत्यक्ष अप्रेशन कमाण्डरसँग सम्पर्क गरी बल प्रयोगको आदेश लिएर हाम्रो टोलीले अश्रुग्याँस र हवाई फायर सम्म प्रयोग गरेको हो। हाम्रो टोलीबाट सो दिन ९५ अश्रुग्याँस सेल, INSAS बाट १७६ राउण्ड र SMG बाट २६ राउण्ड हवाई फायर भएको थियो। हाम्रो टोलीले कुनै भीडमाथि प्रत्यक्ष गोली चलाइएको नभइ संसद भवन बाहिर खटिने नेपाल प्रहरीको अन्य टोली वा सशस्त्र प्रहरीको टोलीबाट गोली प्रहार भएको हुन सक्ने। प्रदर्शनकारीहरुको टाउको, घाँटी, छातीमा गोली कसरी लाग्यो भन्ने विषयमा आफूलाई जानकारी नभएको र STF टोलीबाट त्यस्तो कार्य भएको छैन।

भदौ २३ को झडपमा मेरो दाहिने आँखामा ढुंगाको प्रहारबाट चोट लागेर चश्मा फुटेको र मेरो सह कमाण्डर समेत १२ जना प्र.क.हरु समेत घाइते भएका थिए।

## भदौ २४ को घटना

भदौ २४ गते बिहानैदेखि थप अराजकता हुनसक्ने आदेश नेपाल प्रहरी विशेष कार्यदल कपन र नयाँबानेश्वर वृत्तबाट प्राप्त भयो। एकैपटक काठमाडौं उपत्यकाभरी आक्रमण भएकोले थप मद्धतको लागि STF को मद्दत टुकडी संसद भवन आइपुग्न सम्भव भएन। संसद भवन भित्रको High-post हरु २३ गते नै भत्काइएकाले ड्युटी खटाउनै नसकिने अवस्था थियो।

अं. १३:४५ बजेतिर प्रहरीबाटै लुटिएका हातहतियार बोकेको ठूलो भीड संसद भवनमा छिरेर ४०, ००० लिटर डिजेल ट्याङ्क, ब्यारेक, मेस, कोत, क्यान्टिन, CCTV कक्ष, Walk-through gate र सुरक्षाकर्मीहरूको व्यक्तिगत सामान जलाई नष्ट पारे। उक्त जोखिमपूर्ण घडीमा मैले आफ्नो टोलीले बोक्न सक्ने जति हातहतियार, गोलीगठ्ठा र सञ्चार साधन प्रहरी वृत नयाँ बानेश्वरको टोलीसँग मर्ज भएर सुरक्षित स्थान गई ज्यान जोगाइयो। हामी बाहिरिनु अगाडि संसद भवन भित्र रहेको ४०, ००० लिटर क्षमताको डिजेल कन्टेनरमा आगजनी गर्न खोज्दा अश्रुग्याँस २ सेल, सर्टगनको रबर कार्टिज १ र 5.56 mm INSAS राईफलबाट ३ राउण्ड हवाई फायर गरी तेसलाई सुरक्षित राख्न सकियो।

त्यस दिन संसद भवनभित्र भीषण आगजनी, तोडफोड र लुटपाट हुँदा हाम्रो व्यारेकहरु, मेस, क्यान्टिन, CCTV कक्ष, कार्यालय भवन, Walk Through Gate र संसद भवन भीत्र किंङ गरिएका सवारी साधन लगाएत कार्यरत सम्पूर्ण प्र.क.हरूको व्यक्तिगत लत्ता कपडा, काजपत्रहरू जली पूर्ण रुपमा नष्ट भएको थियो। साथै आगजनीबाट हातहतियारका म्याग्जिनहरु, गोलीगट्टाहरु, ग्याँस सेलहरु, सुरक्षात्मक गियरहरु, बुलेटप्रुफ सामग्रीहरु, सञ्चार सेट पूर्णरूपमा जली नष्ट भएको थियो।

उनका अनुसार, नेपाली सेना पहिलो दिन कर्फ्युपछि खटिएको र दोस्रो दिन भने रातिदेखि नै भित्रै रहेको सेना संसद भवनमा प्रदर्शनकारी घुस्दा कुनै प्रतिकृया नदिई १४:३० तिर हतियार-सामग्री सहित बाहिरिएका हुन। त्यसैगरी सशस्त्र प्रहरीले समेत उक्त प्रदर्शनको क्रममा उल्लेख्य भूमिका खेल्न सकेन।

STF लाई अझ प्रभावकारी बनाउन विशेष तालिम, विशेष भत्ता, प्राविधिक उपकरण, वास्तविक समय खतरा विश्लेषण (Intelligence Cell) र प्रत्येक प्रदेशमा स्याटेलाइट बेस स्थापना आवश्यक रहेको निष्कर्ष पनि उनले राखे।

अन्त्यमा उनले भने सम्पूर्ण व्यक्तिगत सम्पत्ति, लत्ताकपडा, कागजात, सवारी साधन नष्ट हुँदा टोलीको मनोबल ठूलो रूपमा प्रभावित भएको छ र राज्यबाट उचित क्षति पूर्ति तथा मनोबल पुनर्स्थापनाको अपेक्षा रहेको छ। [61]

---

61 बयानको सक्कल प्रति पाना- १८, अनुसुची-५ को सि.न.६० अन्तर्गत रहेको ।

## ६१. प्रहरी प्रभाग बलम्बुका कार्यालय प्रमुख प्रहरी निरीक्षक लक्ष्मी खड्काको बयान कागज व्यहोराः

मिति २०८२ भदौ २३ गते जेनेजी (Gen-Z) समूहले आह्वान गरेको प्रदर्शनका क्रममा म आफ्नो कार्यालयमै थिएँ। सो दिनको अवस्था सामान्य रह्यो। भदौ २४ गतेसमेत सम्भावित अप्रत्याशित परिस्थिति पैदा हुन सक्ने भन्दै माथिल्लो निकायबाट सबै प्रहरीलाई वडाको सुरक्षा व्यवस्थापन कडा बनाउने र स्टयान्डबाइ रहन निर्देशन दिइए बमोजिम म उक्त दिन समेत आफ्नै वडामा सुरक्षा व्यवस्थापनमा सक्रिय थिएँ। १२ बजे सम्म अबस्था सामान्य नै थियो। त्यसपछि भने प्रदर्शनकारीहरूको भीड अत्यधिक बढ्दै जाँदा चन्द्रागिरी क्षेत्रमा एकैसाथ CG Digital Park, पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनको निवास, चन्द्रागिरी नगरपालिका कार्यालय, केही व्यवसायिक भवनहरुमा तोडफोड र आगजनी भयो। स्थानीयहरूसँग समन्वय गरेर अवस्था नियन्त्रण गर्न गरेको प्रयास प्रदर्शनकारीहरूको बढ्दो आक्रामकता र प्रहरीमाथि केन्द्रीत आक्रमणका कारण सफल भएन। परिस्थितिको तीव्रता बढ्दै जाँदा बलम्बु प्रभाग स्वयं प्रदर्शनकारीहरूले घेर्न पुगे र सम्झाउने तथा फिर्ता पठाउने प्रयास दुई पटक असफल भएपछि साँझपख कार्यालय तोडफोड, ढुङ्गामुढा तथा लुटपाटको जोखिम बीभत्स रूपमा बढेको थियो।

हातहतियार, सञ्चार सेट, सवारी साधन तथा आफू सुरक्षित रहनु, अश्रुग्याँसबाहेक बल प्रयोग नगर्नु भन्ने निर्देशन भने भिक्टर कन्ट्रोलबाट आएकोले मानवीय क्षति नहोस् भन्ने उद्देश्यले र आदेशअनुसार उनले हातहतियार तथा सञ्चार सेट सुरक्षित गर्दै सम्पूर्ण प्रहरीकर्मीलाई सशस्त्र प्रहरी बल, ९ नं. बाहिनी, बलम्बुमा मर्ज भइयो। हामी कार्यालयबाट बाहिरिएपछि प्रदर्शनाकारीहरुले कार्यालयमा रहेका केही गोलीगठ्ठा, कम्प्यूटर, ल्यापटप, CCTV, कागजात, फर्निचर, कार्यालयका मोबाइल भ्यान १ थान, मोटरसाइकल ३ थान, विभिन्न असबाब तथा ६३ जना प्रहरीका व्यक्तिगत लत्ताकपडा तथा सामग्री लुटपाट तथा आगजनीबाट नष्ट गराए। कार्यालय भवन पूर्णरूपमा तोडफोड भई क्षतिग्रस्त भयो।

उक्त तोडफोड तथा आगजनी घटनामा संलग्न व्यक्तिहरूको भिडियो तथा तस्बिरका आधारमा पहिचान गर्दै ७ जनामाथि आपराधिक उपद्रव मुद्दा दर्ता गरिएको र अनुसन्धान चलिरहेको छ।

अस्वाभाविक वातावरण तीव्र बन्दै जाँदा अन्य सुरक्षा निकाय (सशस्त्र प्रहरी वा नेपाली सेना) वडामा उपस्थित नरहेको र उक्त निकायबाट आवश्यक सहयोग प्राप्त नभएको। उनका अनुसार, समयमै अन्य निकायहरूको समन्वित परिचालन भएको भए क्षति न्यूनिकरण गर्न सकिन्थ्यो।

प्रहरीमाथि भएको आक्रमण, निजी तथा कार्यालयजन्य ठूलो क्षति, परिवारसम्म पुगेको त्रास, हातहतियार प्रयोग गर्न नपाएको हिनताबोध जस्ता अनुभूति बयान गर्दै उनले आन्दोलनमा विभिन्न स्वार्थ समूह तथा केही कैदी-वन्दीहरूको घूसपैठले हिंसात्मक रूप लिएको हुन्सक्ने अनुमान प्रस्तुत गरिन्, यद्यपि यसबारे ठोस प्रमाण आफूले नभेटेको बताइन्। [62]

## ६२. प्रहरी प्रभाग कोटेश्वरका कार्यालय प्रमुख प्रहरी निरीक्षक यज्ञराज भट्टको बयान कागज ब्यहोराः

भदौ २३ गते जेन्जी युवाद्वारा आह्वान गरिएको आन्दोलनमा म कार्यालयमै थिएँ। उक्त दिन मेरो वडा एरीयाहरुमा कुनै पनि असमान्य गतिविधिहरु भएन।

प्रदर्शन तीव्र हुँदै गएका संकेतपछि २४ गते सम्भावित जोखिमबारे माथिल्लो कमाण्डबाट सतर्कता निर्देशन आएको २४ गते सुरक्षा योजना अनुसार मलाई कोटेश्वर चोकमा खटिनु भनीए पनि तत्कालीन K४ कमाण्डर सुन्दर तिवारीबाट आएको आकस्मिक आदेश अनुसार २४ गते बिहान ९ बजे मलाई एभरेष्ट अस्पतालमा २३ गतेको प्रदर्शनको क्रममा मृत्यु भएका ३ वटा शवहरुलाई सुरक्षा प्रदान गर्दै टिचिङ अस्पताल आदेश आएपछि मैले उक्त शवहरु हस्तान्तरण गरी पुनः एभरेष्ट अस्पताल पुग्दा स्थिति तनावग्रस्त भएकोले मेरो टोली बिजुली बजार पुल क्षेत्रमा ड्युटीमा रहेका प्रहरीसँग मिसिएर स्थिति सम्हाल्ने प्रयासमा रह्यौं। यस्तैबेला प्रभाग कोटेश्वरमा आगजनी, तोडफोड र व्यापक लुटपाट भएको सूचना आयो, जसबाट उक्त दिन कार्यालयमा रहेका हेल्मेट थान २२, पारदर्शी सिल्ड थान ३३, लाठी थान ९०, राइट कन्ट्रोल गियर थान २३, चेष्ट गार्ड ३, SLR नाल २, ऐ को गोली १६०, इन्सास नाल २, ऐ को गोली २००, ३०३ राइफल नाल ६, ऐ को गोली ५६२, SMG १ नाल, ऐ को गोली ४५, ग्याँस गन नाल ७, ऐ को सेल ५८, सर्ट गन नाल ८, ऐ को गोली २६८, म्यागनम नाल २, ऐको गोली १००, CF९८ पेस्तोल १ नाल, ऐ को गोली २८, type ५४ पेस्तोल नाल ३, ऐ को गोली १४, type ७७ १ नाल ऐ को गोली १३ गरी जम्मा ३३ वटा हातहतियार सहित कार्यालयको सम्पूर्ण कागजात लगायत जिन्सि सामग्रीहरु, कम्प्युटर, सन्चार साधन, सिसिटभी, गाडी १ थान, मोटरसाईकल ६ थान, लगाएत कार्यालयको सम्पूर्ण चिजवस्तु लुटपाट तथा आगजनि भयो। साथै व्यक्तिगत रुपमा प्रहरी कर्मचारीहरुको करिब ६०, ००, ०००/- बराबर धनमालहरु क्षति भएको थियो। प्रदर्शनाकारीहरुको आक्रमणबाट ११ प्रहरी घाइते तथा एक प्रहरीको मृत्यु समेत भयो।

काठमाडौं उपत्यका प्रहरी कार्यालयको कन्ट्रोल रुमबाट "उग्र अवस्थामा थुनुवा छोड्ने, हतियार-सञ्चार साधन जोगाउने, आफू सुरक्षित रहने र अश्रुग्याँस बाहेक कुनै शक्ति प्रयोग नगर्ने" निर्देशन आएको र भीडको

62 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.६१ अन्तर्गत रहेको ।

आक्रमणले नियन्त्रण असम्भव बन्दै गएको थियो। तत्कालीन क्षणमा शसस्त्र प्रहरी तैनाथ भए पनि भीड बढेसँगै उनीहरू ड्युटी स्थानमा नरहेको तथा अपेक्षित सहयोग नपाएको गुनासो रह्यो।

प्रहरी कार्यालयमा आगजनी, तोडफोड, लुटपाट गर्ने पहिचान गरी २२ जनालाई पक्राउ गरि कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाइएको छ।

उक्त दिन कोटेश्वर, नरेफाँट, झोलुङ्गेपुल, ट्राफिक प्रहरी प्रभागदेखि ३२ नं. वडा कार्यालय, भाटभटेनी सुपरमार्केट, पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको घर, पूर्व मन्त्री प्रेम बहादुर आलेको घर, माओवादी पार्टी कार्यालय लगायत धेरै स्थानमा तोडफोड र लुटपाट भयो। केही स्थानीयले रोक्ने कोशिश गरे पनि भीडको उग्रता र संख्याले थाम्न नसकिएको उनले टिप्पणी गर्छन्। आन्दोलनमा घूसपैठ भएको पुष्टि त आफूले गर्न नसक्ने तर धारिलो हतियार, पेट्रोल बम तथा योजनाबद्ध आक्रमणका शैलीका कारण यसबारे शंका भने जागेको छ।

२४ गते एभरेष्ट अस्पतालमा रहेका बेला उनीमाथि भएको आकस्मिक आक्रमणलाई भट्ट अत्यन्त मानवीय पक्षबाट चित्रण गर्छन्‘ढुंगा, लाठी र धारिलो वस्तु प्रयोग गर्दै भीडले प्रहरीलाई घेरावन्दी गरी शारीरिक रूपमा कमजोर बनाउन खोजेको, घाइते सहकर्मीको समेत उद्धार गर्न नसकिएको, सहायता टिम पुग्न नसकेको र चारैतिरबाट एकैसाथ भएको हमलाले प्रहरी पूर्णरूपमा असहाय स्थितिमा परेको बर्णनले त्यस दिनको भयावह स्पष्ट चित्रण हुन्छ। उनी भन्छन् ती क्षणहरू केवल शारीरिक आघात मात्र थिएनन्: त्यो मानसिक, आत्मिक र भावनात्मक रूपमा समेत गहिरो चोट दिने अनुभव थियो। [63]

**<u>६३. इलाका प्रहरी कार्यालय फर्पिङका कार्यालय प्रमुख प्रहरी निरीक्षक रमेश बिष्टको बयान कागज ब्यहोराः</u>**

मिति २०८२ भदौ २३ का दिन म बिहानैदेखि फर्पिङ चेक पोस्टमा खटिएका थिएँ, जहाँ उनलाई त्यही नाकाबाट काठमाडौंतिर प्रवेश गर्ने सम्भावित प्रदर्शनकारीहरूको संख्या बुझेर तालुक कार्यालयमा जानकारी गराउने जिम्मेवारी थियो। २३ गते ईलाका प्रहरी कार्यालय फर्पिङ मातहत नै अस्वभाविक घटना घटेन।

तर २३ गतेको तनावपूर्ण परिवेशले २४ गते धेरै बढी संवेदनशील अवस्था आउन सक्ने भन्दै माथिल्लो कमाण्डरबाट महत्वपूर्ण संरचना, विशिष्ट व्यक्तिहरूका आवास, सरकारी तथा गैरसरकारी

63 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.६२ अन्तर्गत रहेको ।

कार्यालयहरूमा अतिरिक्त सुरक्षा व्यवस्था मिलाउन निर्देशन आएको थियो। २४ गते समेत म बिहानैदेखि फर्पिङ चोकमै ड्युटीमा तैनाथ रहेको थिएँ।

फर्पिङको प्रहरी कार्यालय उक्त दिनको प्रदर्शनकारीहरुको आक्रमणबाट जोगिन सफल रह्यो, तर इलाका प्रशासन कार्यालय फर्पिङ, दक्षिणकाली नगरपालिका वडा नं.७ को कार्यालय, दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको भवन, नगर प्रमुख मोहन बस्नेत तथा उनका छोराको निजी आवास, वडा नं.५ का अध्यक्ष श्यामबहादुर खत्री र वडा नं.७ का अध्यक्ष हरिप्रसाद तिमिल्सिनाका घरहरूमा आगजनी र तोडफोड भयो। माथिल्लो निकायबाट आफ्ना कर्मचारी, हातहतियार, सञ्चार उपकरण र कार्यालय भवनको सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने निर्देशन भएकाले दायित्वको दायराभन्दा बाहिर पुगेका घटनाहरू रोक्न कठिन भएको थियो। फर्पिङ प्रहरी कार्यालयका हातहतियार, मिसिल, अभिलेख वा भवनमा कुनै क्षति परेन। थुनुवा नभएकाले थुनुवा छोड्ने आदेशको सम्बन्धमा मैले केही गरिरहन परेन।

राजनीतिक पूर्वाग्रही समूहहरू मिलेर आन्दोलनलाई हिंसात्मक बनाएको हुन्सक्ने उनको निष्कर्ष रहेको छ। फर्पिङ चेकपोस्टमा सशस्त्र प्रहरी वा नेपाली सेनाको ड्युटी तैनाथ नभएकाले स्थिति बिग्रँदै जाँदा राज्य संयन्त्रको तर्फदेखि तुरुन्त सहयोग हुन सक्ने अवस्था नरहेकोले आफूले असुरक्षा तथा एक्लोपनको गहिरो अनुभूति रगरेको थिएँ। २४ घण्टा लगातार जनधनको सुरक्षामा जुट्दा आफू र मातहतका कर्मचारीहरू शारीरिक मात्र होइन, मानसिक रूपले पनि दवावमा परेका थियौं।

Gen-Z आन्दोलनबाट पीडित उषा कुमारी के.सी. लगायतका व्यक्तिहरूले दर्ता गराएका मुद्दामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंमा बुझाइएको छ।

आफ्नो अनुभवको सार टिप्पणी गर्दै भन्छन् कि प्रभावकारी सूचना संकलन, त्यसको समयमै प्रवाह र फिल्डदेखि कमाण्डसम्म एकरूप कार्यप्रणाली भई दिएको भए धेरै क्षति न्यूनीकरण गर्न सकिन्थ्यो।[64]

## ६४. प्रहरी वृत गौशालामा कार्यरत प्रहरी निरीक्षक उद्धव पोखरेलको बयान कागज ब्यहोराः

भदौ २३ गते म कार्यालयमै रहेको र आफ्नो अपराध अनुसन्धान शाखाको जिम्मेवारीको नियमित कार्यको लागि कार्यालयमै थिएँ, र त्यसदिन कार्यालयको अवस्था सामान्य रह्यो। भाद्र २३ गतेको

64 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.६३ अन्तर्गत रहेको ।

घटनाको कारण ऐ. २४ गते थप सम्भावित घटनाहरु हुन सक्ने कारणले मलाई ऐ.२४ गते चावहिल चोकमा मेरो कमाण्डमा ७ (सात) जनाको डिउटी खटाएको थियो।

२४ गते बिहानैदेखि चावहिल क्षेत्रमा भीड असामान्य रूपमा बढ्दै गइ उग्रपनामा भीडले अचानक ढुंगा-मुढा प्रहार सुरु गरेपछि मेरो टोली रणनीतिक रूपमा गल्ली मार्गबाट सुरक्षित हुने क्रममा हामीले प्रयोग गरेको बाटो एउटै घरमा गएर टुङ्गिने रहेकोले हाम्रो टोलीलाई भीडले लखेट्दै तीनतिरबाट घेरावन्दीमा पर्‍यो, र सो क्रममा हामी सबै प्रहरीहरु घाइते भयौं। हामीले ज्यान जोगाउन घरको चेनगेट तोडी भित्र पसेर त्यहाँबाट गणेश मन्दिरतर्फबाट Tactically Evacuate हुँदै सिफल चौरमा पुग्यौं। त्यही क्रममा प्रहरी वृत गौशालामा भीषण आक्रमण भइरहेको खबर ड्युटी अफिसर मार्फत आयो, अहिले कार्यालय तर्फ नआउनू, कार्यालयमा निरन्तर ढुंगा-मुढा र आगजनी भइरहेको छ भनेर जानकारी आएको र करिव १ घण्टा पछि हामीलाई पशुपति मन्दिरतर्फबाट कार्यालयमा आउन सकिन्छ भन्ने जानकारी आएपछि हामीहरु गौशाला वृत पुग्दा करिव दस हजार वढीको संख्यामा प्रदर्शनकारीहरुले कार्यालयको मुख्य गेटदेखि क्यान्टिन, टहराहरू सबैमा आगजनी गरेका, पेट्रोल बमको दर्जनौं प्रहार र दुईवटा ग्याँस सिलिन्डर विस्फोट गराएको साक्षी मात्र बनियो। प्रहरीलाई जिउँदै जलाएर मार्ने उद्देश्य प्रस्ट देखिने उग्र आक्रमणका कारण मैले कार्यालयमा रहनु भएका .नि. शेखर कुमार साहको टोली समेत मर्ज गर्दै कार्यालयको उत्तरतर्फको फलामे बार प्रहरी भ्यानको सहायताले भत्काई सबै प्रहरीलाई त्यही बाटोबाट सुरक्षित निकास गराउनुपर्‍यो।

प्रदर्शनकारीहरुले गौशाला प्रहरी वृतलाई पूर्ण रूपमा जलाई नष्ट पारे। हामीहरूको साथमा रहेका हातहतियार, गोलीगठ्ठा र सञ्चार सेट मात्र जोगाउन सकियो। कार्यालयमा रहेका बाँकी सबै-नक्सा, मिसिल, कार्यालयका कागजात, भवन, सवारीसाधन, प्रहरीका निजी मोटरसाइकल-सबै जलेर नष्ट भए। Victor Control (भीक्टर कन्ट्रोल) बाट सञ्चार सेटमार्फत "सके भीडलाई कन्टेन गर्ने, अश्रु ग्याँस मात्र प्रयोग गर्ने, यतिबाट भीड नियन्त्रण नभए विवरण राखी थुनुवा छाड्ने, कार्यालय, हातहतियार, सवारी साधान, सञ्चार सेट, मिसिल लगायत जोगाउन सक्ने सामग्री जोगाउने, र जोगाउन नसक्ने भए आफ्नो ज्यान जोगाउने हातहतियार, सञ्चार सेट, सवारी साधन लिई कार्यालय छाड्ने" आदेश आएकोले ३२ जना थुनुवालाई समेत छाडेर Tactically Evacuate हुँदै प्रहरीहरुको ज्यान सम्म जोगाउन सकियो।

त्यस दिन प्रदर्शनाकारीहरुको उग्र प्रदर्शनबाट केवल प्रहरी वृत गौशाला मात्र टार्गेट नरही प्रहरी

विटहरु कालोपुल र पूरा नो बानेश्वर, पशुपति धर्मशाला, चुच्चेपाटी स्थितको भाटभटेनी, यातायात कार्यालय चावहिल, सुरक्षा कार्यालय गौरीघाट लगायत धेरै संरचनामा आगजनी र लुटपाट भयो। सो दिनको भीड केवल आक्रोशित थिएन: उनीहरू योजनाबद्ध रुपमा लुटपाट तथा आगजनी गर्ने उद्धेश्य लिएर हतियार तथा विस्फोटक पदार्थ सहित उत्रिएका थिए। भीडको हिंसात्मक स्वरूप सामान्य आन्दोलन को दायराभन्दा धेरै बाहिर थियो, जसले आन्दोलनमा घूसपैठ भएको अत्यन्त बलियो संकेत देखाउँछ। सरकारी कार्यालय, सवारी साधन, बैङ्क-व्यवसायिक प्रतिष्ठान, प्रहरी संरचना, हातहतियार लक्षित रूपमा नष्ट हुनु'यस्ता क्रियाकलाप सामान्य जनआन्दोलनको शैली होइन, राजनीतिक वा आपराधिक उद्देश्यका समूहको प्रवेशबाट मात्र सम्भव भएको उनको धारणा छ।

२४ गते सशस्त्र प्रहरीहरु तथा नेपाली सेना सो एरीया आसपास खटिएको थिएन। २४ गतेको घटनाले पोखरेल र उनका मातहत प्रहरीलाई गहिरो मनोवैज्ञानिक चोट पुऱ्याएको पनि उनले उल्लेख गर्छन्'अनियन्त्रित भीड, प्रहरी लक्षित आक्रमण, कार्यालयमा विस्फोट, आदीले Tactically Evacuate गर्न नसकिएको भए आफ्नो ज्यान सम्म जोगाउने परिस्थिति नरहेकोले आफू प्रहरी नभई नागरिक मात्र बनेजस्तो अनुभव भएको उनी भन्छन्। तर त्यही क्षणलाई एक सिकाइका रूपमा लिएर आफू अझै कर्तव्यप्रति अडिग रहेको टिप्पणी गर्दै उनले बयान समाप्त गरेका छन्। [65]

## ६५. प्रहरी प्रभाग नयाँ बसपार्कका कार्यालय प्रमुख प्रहरी निरीक्षक शरण विक्रम शाहको बयान कागज ब्यहोराः

भदौ २३ गते जेन्जी युवाद्वारा आह्वान गरिएको आन्दोलनमा म कार्यालयमै थिएँ। उक्त दिन मेरो वडा एरीयाहरुमा कुनै पनि असमान्य गतिविधिहरु भएन। सम्भावित जोखिमका कारण माथिल्लो निकायबाट सबै प्रभाग प्रमुखलाई कार्यालयमै स्टयान्डबाई रहने भन्ने आदेशानुसार भाद्र २४ गते समेत म सबै प्र.क. हरुलाई कार्यलयमा standby राखी कार्यालयमको सुरक्षामा खटिएको। दिउँसो करिब १ बजेदेखि स्थिति असामान्य हुँदै गयो, भीड उग्र दंगामा परिणत हुँदै पेट्रोल बमजस्ता प्रज्वलनशील पदार्थहरू प्रयोग हुन थालेपछि आफूहरुले हातहतियार र सञ्चार सेटहरू सहित कार्यालय छाडेपछि भीडले कार्यालय भवन जलाई पूर्ण रूपमा क्षतिग्रस्त पारेका थिए। प्रहरी कर्मचारीहरूको सामान, दैनिक प्रयोगका सामग्री तथा कार्यालय र गाडीमा भने आगजनी र तोडफोड

65 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.६४ अन्तर्गत रहेको ।

भएको कुरा उनी स्वीकार्छन्।

उनका अनुसार परिस्थितिलाई नियन्त्रणमा राख्न उपलब्ध बल, समर्थन र ब्याक अप नपाइने अवस्था, अन्य सुरक्षा निकायबाट सहयोग नआउनु तथा घातक हतियार प्रयोग नगर्नु भन्ने निर्देशनका कारण असफल हुन पुगेको थियो।

भीड नियन्त्रणको क्रममा सामाजिक सञ्चार माध्यममा आएको थुनुवा छोड्ने वा हतियार बचाउने आदेश सम्बन्धी विषयमा उनले Vector control बाट सञ्चार सेटमै केही निर्देशन सुनेको र आफूले आफ्ना जनशक्ति र हातहतियार सुरक्षित राखेको हो।

उक्त दिन सशस्त्र प्रहरी तैनाथ भए पनि असामान्य अवस्थामा उनीहरूबाट कुनै सहयोग प्राप्त नहुँदा आफूहरू निराश र असहाय महसुस गरेका थियौं। यति ठूलो दंगाबीच प्रहरी स्वयं जोखिममा परे पनि राज्य संयन्त्रबाट तत्काल प्रतिशोधात्मक मद्दत नआएको उल्लेखसहित उनले त्यो क्षणलाई प्रहरी भएर पनि निरीह महसुस भएको अनुभव रह्यो। उनका अनुभवमा हातहतियार बोकेर बसेको प्रहरी आफ्नै अगाडि कार्यालय जल्दै गर्दा, आफ्नै सरसामान लुटिँदा, प्रहरी कर्मचारी मारिँदा र उद्धारको सम्भावना न्यून देखिँदा धेरै गहिरो मनोवैज्ञानिक दवाव उत्पन्न भएको थियो। प्रहरी स्वयंको मनोबल कमजोर बनाउने खालका आदेश, सशस्त्र प्रहरी र सेनाको मौनता यी सबै परिस्थितिले प्रहरी मात्र नै आरोप प्रहारको विन्दुमा पर्ने अवस्था बनाएको उनको निष्कर्ष छ। [66]

## ६६. प्रहरी प्रभाग बुढानीलकण्ठका कार्यालय प्रमुख प्रहरी निरीक्षक नारायण सिंह बिष्टको बयान कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते म बिहान सम्माननीय राष्ट्रपति रामवरण यादव ज्यूको सवारी डुयुटी बालुवाटार देखि एकेडेमि मोडसम्म खटिएको थिएँ। उक्त दिनको मेरो डिउटी एरीया तथा कार्यालयको वडा एरीयाको अवस्था सामान्य रह्यो। भदौ २४ का सम्भावित घटनाका कारण माथिल्लो निकायबाट सबै प्रभाग प्रमुखहरूलाई स्ट्यान्डबाइ रहनू, आफ्नो क्षेत्रका सरकारी कार्यालय, सार्वजनिक संरचना, VIP/VVIP निवासमा विशेष सतर्कता अपनाउनू र आवश्यक प्रहरी परिचालन गर्नु भन्ने निर्देशन आएको थियो।

भदौ २४ को बिहान पूर्व राष्टपति विद्या देवि भण्डारी, पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा, उर्जा मन्त्री दीपक खड्काको निवास लगायतका संवेदनशील एरीयाहरुमा प्रहरी टोली परिचालन गरी सक्रिय रूपमा खटिएको

66 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.६५ अन्तर्गत रहेको ।

थिएँ। बिहान करिब ९:३० बजेदेखि स्थिति असामान्य हुन थाल्यो। देउवा चोकमा ठूलो संख्यामा भीड जम्मा हुँदै गैर-नियन्त्रित उग्रतामा रूपान्तरण हुँदै गयो। उनले प्रहरी तथा स्थानीयको संयुक्त प्रयासमा नगरपालिका, प्रहरी चौकी, वडा कार्यालयहरू, जोगाउन सफल भएको तर पूर्व राष्ट्रपति, पूर्व प्रधानमन्त्री, मन्त्री तथा अन्य उच्च पदस्थ व्यक्तिहरूका निवासमा भने पेट्रोल बम र प्रज्वलनशील पदार्थहरू प्रयोग गरी आगजनी तथा तोडफोड गर्दै गएकाले रोकथाम पूर्ण रूपमा सम्भव भएन।

उक्त दिनको प्रदर्शनकारीहरुको हर्कतबाट प्रहरी प्रभाग बुढानीलकण्ठमा आगजनी नभए पनि, बाहिर राखिएका केही मो.सा.हरु मा आगजनी भएको, ढुङ्गा प्रहारबाट कार्यालय र CRV गाडीका सिसाहरु फुटेको, भवनमा सामान्य क्षति पुगेको तर कार्यालय भित्रका हातहतियार, मिसिल, कागजात वा जिन्सी सामग्री भने सुरक्षित राख्न सकियो।

उनी भन्छन्‘भीड पूर्ण रूपमा दंगामा परिणत भइसकेको अवस्था, अन्य सुरक्षा निकायबाट बलियो समर्थन नपाइनु, घातक हतियार प्रयोग नगर्नू भन्ने निर्देशन र उग्र भीडको संगठनात्मक स्वरूपका कारण प्रहरी मात्रले नियन्त्रणमा लिन नसक्ने अवस्था सिर्जना भएको थियो।

“आफ्नो हतियार, सञ्चार सेट, गाडी र आफू सुरक्षित रहने: अश्रुग्याँस बाहेक कुनै बल नप्रयोग गर्ने” निर्देशन भने Vector control बाट सञ्चार सेटमा सुनेको उल्लेख गर्छन्। आदेशपछि सवारी तथा सामग्री सुरक्षित राख्न उनले एक पछि अर्को रणनीति अवलम्बन गरे‘CRV गाडीलाई सुरक्षित क्षेत्रमा सार्नु, कार्यालयका सबै सामग्री गाडीमा राख्नु र प्रहरी कर्मचारीहरूलाई सामूहिक रूपमा सुरक्षित स्थानतर्फ लैजानु। उनीहरू करिब साँझ ८ बजे कार्यालय छोडेर कार्यदलतर्फ गएका थिए। सशस्त्र प्रहरी तैनाथ भए पनि असामान्य अवस्थामा कुनै सहयोग नपाएकोले सुरक्षा निकायबीच कुनै तालमेल नै हुन सकेन। [67]

## <u>६७. प्रहरी प्रभाग काँडाघारीका कार्यालय प्रमुख प्रहरी निरीक्षक राजन थापाको बयान कागज ब्यहोरा:</u>

भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा म काठमाडौं बिजुलीबजार स्थित रैली हुने रुटमा सुरक्षा योजना अनुसार बिहान ०८:३० बजेदेखि डिउटीमा खटिएको थिएँ। मेरो कल साइन H२४ थियो। बिजुली बजार पुल नजिक सवारी साधन डाइभर्ट गर्नुपरेमा गर्ने गरी मलाई जिम्मेवारी दिइएको थियो। माइतीघरतर्फबाट आएको भीड मिश्रित प्रवृत्तिको थियो केही समूह साधारण नाराबाजी गर्दै थिए भने केही अत्यन्त उत्तेजित र उग्र व्यवहार प्रदर्शित गर्दै थिए। भीड

---

67 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.६६ अन्तर्गत रहेको ।

बढ्दै गएपछि ढुंगा प्रहार, चर्काचर्की नाराबाजी र आक्रामक गतिविधि तर्फ वृद्धि भयो। कर्फ्यु आदेश दिउँसो १२:३० बजे जारी भएपछि मैले माइकिङ मार्फत भीडलाई बारम्बार सूचित गरे पनि भीडले यसलाई कुनै सुनुवाई नै गरेन विभिन्न समूह मिसिँदै आएपछि स्थिति झनै अनियन्त्रित हुँदै गयो। उक्त अवस्थामा मैले न्यूनतम र समानुपातिक बल प्रयोगको सिद्धान्त अनुसार पहिले सम्झाई बुझाई, माइकिङ, बारम्बार चेतावनी चलाई त्यसले नचलेपछि बानेश्वरतर्फ जाँदै गरेका उग्र भीडलाई रोक्न लाठीचार्ज, ८ सेल अश्रुग्याँस र ८ राउण्ड ब्ल्याङ्क फायर गरेको थिएँ।

२३ गते बेलुकी ८ बजे ड्युटी सकेर कार्यालय फर्किएपछि उनले दिनभरको घटनाबारे डिब्रिफिङ गरे, आफ्नो AOR (area of responsibility) मा अर्को दिन सम्भावित जोखिमबारे प्रहरीहरूलाई सचेत गराए, मानवीय अधिकार र समानुपातिक बल प्रयोगबारे निर्देशन दिएँ।

भदौ २४ गते समेत मलाई बिहान ८:३० बजे देखि बिजुलीबजार पुल-पश्चिमतिर खटाइएको थियो। म ड्युटीमै रहेका बेला मेरो कार्यालयमा प्रदर्शनकारीहरुले तोडफोड र आजगनी गर्दा कार्यालय पूर्ण रूपमा जलेको, SLR को जंगी राउण्ड ५०, ऐ.को ब्लाङ्क राउण्ड ४०, .३०३ राईफलको जंगी राउण्ड ५०, Type ५४ Pistol को जंगी राउण्ड ७, सर्ट गनको रबर बुलेट राउण्ड २०, ग्याँस सेल राउण्ड २५ नष्ट भएको थियो तर हातहतियार भने सुरक्षित रहेको। सोही दिन आफ्नो प्रहरी प्रभाग मातहत ट्रफिक कार्यालय, अस्थायी प्रहरी बिट बिरेन्द्र चौक, वडा कार्यालयहरू, निजी घरहरू तथा सरकारी संरचनामा व्यापक आगजनी, लुटपाट र तोडफोड भएको साथै संसद भवन एरीयामा आगजनी, तोडफोड, लुटपाट भएको रेडियो सेटबाटै सुनी थाहा पाएको हुँ। उक्त दिन थुनुवाको लिष्ट तयार पार्ने र त्यस्तो अबस्था आएमा थुनुवाहरु छोडी दिने, आफ्नो हतियार, सञ्चार सेट, भेईकल र आफू सुरक्षित रहने भन्ने आदेश काठमाडौं उपत्यका प्रहरी कार्यालयको कन्ट्रोलबाट सञ्चार सेटको माध्यमबाट आएको तर थुनुवा भने कार्यालयमा कोही नभएकाले उनीहरूको सुरक्षा वा स्थानान्तरण आवश्यक परेन। [68]

## <u>६८. काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथका कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीको कागज ब्यहोराः</u>

68 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.६७ अन्तर्गत रहेको ।

बिगत ६ महिना देखि काठमाण्डौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथ दरबन्दी भई कार्यालय प्रमुखको जिम्मेवारी बहन गर्दै आएको छु। सम्मानित जाँचबुझ आयोगबाट मलाई सोधनी भएको प्रश्न सम्बन्धमा पढी बाची बुझी पाएँ माथि उल्लेखित घटना सम्बन्धमा निम्नानुसार खुलाएको छु।

(क) मिति २०८२ भाद्र २३ र २४ गते देशव्यापी रूपमा जियनजेड (Gen- Z) हरुको प्रदर्शनि तथा आन्दोलनको कार्यक्रम देशैभरी भएको र काठमाण्डौ उपत्यकाको बिभिन्न स्थानहरूमा समेत जुलुस तथा प्रदर्शन हुने जानकारी पाए पश्चात काठमाण्डौ उपत्यकाको ट्राफिक व्यवस्थापन लगायत सम्भावित हुन सक्ने घटना र क्षेतिको आकस्मिक अवस्थाको सामना गर्न ट्राफिक सुरक्षा योजना बनाई सम्पूर्ण ट्राफिक प्रहरी कर्मचारीहरूलाई प्रभावकारी रूपमा परिचालन गराएको थिए। म स्वयं कर्तव्य पालनाको क्रममा प्रत्यक्ष रूपमा जिम्मेवार इलाकामा खटिई निर्देशन र समन्वय समेत गरी रहेको थिएँ।

(ख)तालुक कार्यालय (काठमाण्डौ उपत्यका प्रहरी कार्यालय रानीपोखरी) बाट प्राप्त आदेश निर्देशन अनुसार यस कार्यालय तथा मातहतमा कार्यरत प्रहरी निरीक्षकको कमाण्डमा ५० जना प्रहरी कर्मचारीहरु भिड नियन्त्रण पोशाकमा थप मद्दतका लागि जिल्ला प्रहरी परिसर ललितपुरमा खटाइएको थिए। खटिएका प्रहरी कर्मचारीहरुले त्यहाँ तोकिएको जिम्मेवारी इमान्दारिता पूर्वक निर्वाह गरेका थिए।

(ग) काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयको सुरक्षार्थ १०० जना ट्राफिक प्रहरी कर्मचारी र ५६ जना ट्राफिक नियन्त्रण तालिमका प्रशिक्षार्थी गरी जम्मा १५६ जना जनशक्ति परिचालन गरिएको थियो। यस कार्यालयमा भिड नियन्त्रण असभावको सामाग्री अभावका कारण २ वटा ग्यास गन र २ वटा SLR हतियारको साथमा ५ जना कर्मचारीलाई मात्र भिड नियन्त्रणको असभाव सहित र अन्य प्रहरी कर्मचारीहरु समेतलाई तैनाथ गरिएको थियो। ईटा, ढुंगामुढा गरी रहेको उतेजित भिडलाई सम्झाई बुझाई गर्दै दिउँसो करिब १६:०० बजे सम्म कार्यालयको मुख्यगेटमा नै रोकि राखेका थियौं। त्यस पछि थपिदै आएको उत्तेजित भिडबाट जताततैबाट पेट्रोल बम, ढुंगा, मुढा, ईटा, खुडा र खुकुरी प्रहार गर्दै कार्यालयको मुख्यगेट नै तोडफोड गरी प्रबेश भई आगजनी गर्नुको साथै लुटपाट तथा हिंसात्मक गतिविधिहरू गर्न थालेपछि कार्यालयलाई सुरक्षित राख्ने उद्देश्यले बारम्बार संचार सेट मार्फत तालुक कार्यालय र सम्बन्धित नजिकको सिभिल प्रहरी इकाईहरूबाट थप सहयोग

मागिएता पनि त्यतिबेला अत्याधिक भिड भएको र अन्य स्थानहरुमा समेत झडप भई रहेको कारण तत्काल सहयोग प्राप्त हुन सकेन।

(घ)मिति २०८२ भाद्र २४ गते अं.१६:१० बजे तिरको समयमा सिंहदरबारतर्फ आगजनी गरी फर्किएको अर्को ठूलो समूहले यस कार्यालयको मुख्य ढोका तथा पर्खाल भत्काउँदै जतातत‍ैबाट पेट्रोल बम, ढुंगा, मुढा, ईटा, खुडा र खुकुरी सहित कार्यालय परिसर भित्र प्रवेश गरी तोडफोड र आगजनी गर्ने समूहलाई खटिएका प्रहरी कर्मचारीहरूले अत्यन्त संयमता अपनाई सरकारी सम्पत्तीको तोडफोड तथा आगजनी नगर्न अनुरोध गर्दा गर्दै पनि उल्लेखित प्रर्दशनकारीहरुले हाम्रो कुरालाई बेवास्था गरी उत्तेजित भई कार्यालय तथा यस कार्यालय परिसरमा रहेका सरकारी सवारी साधन तथा निजी सवारी साधनहरुमा समेत तोडफोड गर्नुका साथै आगजनी गरी क्षति पुऱ्याएको हो।

(ङ)सो घटनाको क्रममा उत्तेजित प्रदर्शनकारीहरूले जतातत‍ैबाट पेट्रोल बम, ढुंगा, मुढा, ईटा, खुडा र खुकुरी लुटिएका हतियार द्वारा आक्रमण गर्दा कार्यालय सुरक्षार्थ खटिएका २१ जना प्रहरी कर्मचारीहरु घाईते भएको मध्ये ४ जना गम्भिर घाईते समेत भएका थिए।

(च)उत्तेजित भिड कार्यालय परिसर प्रबेश गरे पश्चात कार्यालय जोगाउने अन्तिम प्रयास स्वरूप भिड नियन्त्रणको लागि बल प्रयोगको सिद्धान्त अवलम्बन गर्दै भिडलाई तितरवितर पार्ने उद्देश्यले ७ वटा ग्यास सेल प्रयोग गरि प्रतिरक्षात्मक तवरबाट क्रमश पछाडी हट्दै जाँदा प्रदर्शनकारीहरूले प्रहरीबाट लुटिएका बिभिन्न राईफल तथा पेस्तोल समेत देखाएर हिंसात्मक बन्दै कार्यालय परिसरमा रहेका सवारी साधनहरुमा आगजनी गरे पश्चात अति प्रज्जवलनशील प्रदार्थ पेट्रोल र डिजेल बल्न थाले पछि आगोको मुस्लो र धुँवाले केही पनि देखिने अवस्था थिएन, तत् पश्चात प्रदर्शनकारीहरुबाट सांघातिक आक्रमण सुरु भयो र परिस्थिती नियन्त्रण बाहिर पुगे पछि आफ्ना कर्मचारीहरूको ज्यानको सुरक्षालाई प्राथमिकता दिंदै कार्यालयको पछाडिको भाग टुकुचा खोलाको बाटो प्रयोग गरी सबै प्रहरी कर्मचारीहरूलाई सुरक्षित रूपमा बाहिर पठाई कार्यालयमा पुरै आगजनी भई धुँवाको मुस्लोको कारण केही पनि नदेखिने अवस्थामा म प्रहरी बरिष्ठ उपरीक्षक नवराज अधिकारी अन्तिममा निस्किएको थिए।

(छ) उक्त घटनामा संलग्न समूहले कार्यालय तथा कार्यालय परिसरमा रहेको मेट्रो ट्राफिक एफ.एम., सरकारी र कारवाहीमा ल्याइएका सवारी साधनहरु तथा प्रहरी कर्मचारीहरुको निजी सवारी साधन लगायत बहुमूल्य सर सामानहरु समेत आगजनी तथा लुटपाट गरी सम्पूर्ण चिजबस्तु तथा

भौतिक संरचनाहरु समेत जलेर पूर्णरूपमा नष्ट भएको।

(ज)हातहतियार, खरखजना, गोलीगठ्ठाहरु क्षतीको विवरणः-

SLR २ (दुई)नाल, ऐ को म्यागजिन थान १५ (पन्ध्र), ऐ को गोली ७००(सात सय) राउण्ड, ऐ को ब्ल्यांक राउण्ड ६८(अरसठ्ठी), सट गन २ (दुई)नाल, ऐ को लाईभ राउण्ड थान ३५० (तिन सय पचास), र रबर छर्रा थान १००(एक सय), ग्यासगन ९ (नौ) नाल, ऐ को सेल थान २१८ (दुईसय अठार), म्यागनम ७ (सात) नाल, ऐ को राउण्ड थान ५०० (पाँच सय), ३८ बोर रिबल्भर १(एक) नाल, ऐ को राउण्ड थान ३६ (छत्तिस), ७.६२ MM Type ५४ चाईनिज पेस्तोल १७ (सत्र) नाल, ऐ को राउण्ड ३०० (तिनसय), ७.६२ MM Type ७७ चाईनिज पेस्तोल ३(तिन) नाल, ऐ को राउण्ड २५०(दुई सय पचास) क्षती भएको।

(झ)सवारी साधन र अस्वभावका सामानहरुको क्षतिको विवरणः-

**अस्वभावका सामनहरुः-** लाठि थान २५० (दुई सय पचास), हेल्मेट थान १०० (एक सय), राईट कन्ट्रोल गियर थान ७०(सत्तरी), बडी सिल्ड ढाल थान ८० (असी), सप्ट बुलेट प्रुफ ज्याकेट थान २०(बिस), हतकडी थान १३(तेह्र) लुटपाट गरी लगेको।

**सरकारी सवारी साधन (चार पाङ्ग्रे) तर्फः-** १९ थान (पिक अप, ट्रक, जे सि भि, वन टन, र्‍याकर समेत), मोटरसाईकल थान ३० थान।

साथै यस कार्यालयमा आवश्यक कारवाहीको सिलसिलामा नियन्त्रणमा रहेको चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे निजि/भाडाकार सवारी साधनहरु मध्ये चार पाङ्ग्रे २८ (अठ्ठाईस) थान र दुई पाङ्ग्रे मोटरसाईकल, स्कुटर ३९२ (तीन सय बयानब्बे) थान लुटपाट तथा आगजनी गरेको। यस कार्यालय तथा अन्य कार्यालयहरुबाट आई यस कार्यालयमा पार्किङ्ग गरी राखेको नम्बर खुलाउन नसकेको सवारी साधन (मोटरसाईकल, स्कुटर) समेत आगजनी तथा लुटपाट गरेको। [69]

## ६९. नेपाल सिंहदरबार सुरक्षा गणको कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक सिद्धराज न्यौपानेको कागज ब्यहोराः

मिति २०८२ भदौ २३ गते समेत मसिह दरबार परिसरमै ड्युटीमा खटिएको तथा बिहानैदेखि जेन्जी प्रदर्शन र

69 बयानको सक्कल प्रति पाना- २१, अनुसुची-५ को सि.न.६८ अन्तर्गत रहेको ।

तत्पश्चात बाहिरको अवस्थाबारे सञ्चार सेट मार्फत जानकारी लिइरहेको थिए। उक्त दिन माइतीघर मण्डलाबाट सुरु भएको प्रदर्शनका क्रममा प्रदर्शनकारीहरू नयाँ बानेश्वरस्थित एभरेस्ट होटेल अगाडिको ब्यारिकेट तोडी निषेधित क्षेत्रमा प्रवेश गरेको, भिड एकदमै उत्तेजित भई सुरक्षाकर्मीहरू माथि र संघीय संसद भवन प्रवेश गरी तोडफोड र आगजनीको को संचार सेट तथा विभिन्न संचार माध्यमबाट थाहा जानकारी पाएको थिए। २३ गतेको घटनाका कारण २४ गते आन्दोलनकारीहरू थप सङ्ख्यामा प्रदर्शनमा आउन सक्ने र सिंहदरबारमा समेत प्रवेश गर्न सक्छन् भन्ने सुरक्षा विश्लेषणका आधारमा हाम्रो कार्यालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई ब्रिफिङ गरी बिहानैदेखि ड्युटीमा खटाएको हुँ। बिहानैदेखि सञ्चार सेट तथा विभिन्न संचार माध्यमहरूमा आन्दोलनकारीहरूले प्रहरीका विभिन्न कार्यालयमा आगजनी गरेको प्रहरीका सवारी साधन सरकारी सवारी साधन विभिन्न राजनीतिक दलका नेता तथा सरकारी कर्मचारीहरूको घर तथा सवारी साधन आगजनी गरेको कुरा सञ्चार सेट तथा सञ्चार माध्यमबाट थाहा पाएको हुँ। सिंहदरबार परिसरको बाहिरी पेरिमिटरको सुरक्षा नेपाली सेनाको जिम्मामा रहेकोले सिंहदरबार स्थित नरसिंह दलबाट नेपाली सेनाको टोली समेत खटिएको थियो। दिउँसो करिब १२:४५ बजेको समयमा भद्रकाली मन्दिर अगाडि सुरक्षा घेरा तोडी प्रदर्शनकारीहरू सिंहदरबारको पश्चिम गेटतर्फ आएका थिए। पश्चिम गेटमा नेपाल प्रहरीको वाटर क्याननसहित नेपाल प्रहरी सशस्त्र प्रहरी र नेपाली सेनाको सुरक्षा घेरा बनाइएको थियो। नेपाली सेना र सशस्त्र बलको तुलनामा नेपाल प्रहरीसँग देखिने आन्दोलनकारीहरू करिब १३२० बजेको समयमा पश्चिमतर्फको गेटबाट प्रवेश गर्ने प्रयास गरे। उक्त समयमा कुनै आन्दोलनकारीहरू सम्झाई बुझ्ने खालका देखिन्थे भने कुनै आन्दोलनकारीहरू एकदमै आक्रोशित देखिन्थे। जेन्जीको आन्दोलन भनीए पनि प्रदर्शनमा विभिन्न उमेर समूहका समेत संलग्नता रहेको देखिन्थ्यो। कतिपय आन्दोलनकारीहरूले काँधमा नेपालको झण्डा ओडेर आएका थिए। केहीले एन९५ मास्क लगाएका पानीको बोतल हातमा लिएका पहिले हेल्मेट लगाएको समेत देखिन्थ्यो। पश्चिम गेटको बाहिरी पेरिमिटरमा खटिएको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरे को टोली सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीको टोली नेपाली सेनाको नरसिंह दल गणका गणपति प्रमुख सेना खड्काको टोली समेतले प्रदर्शनकारीहरूलाई सम्झाई बुझाई तथा न्यूनतम बल प्रयोग गरी रोक्ने प्रयास गरेको थियो। उक्त भिडले नेपाली सेनाको समेत कक्षा घेरामा रहेको बाहिरी पेरिमिटर करिब ५\१० मिनेटमै तोडेर भित्र प्रवेश गर्‍यो। जिल्ला प्रहरी परिसर काठमाडौंको अपरेसन कमान्डर प्रहरी नायब उपरीक्षक सुन्दर तिवारी नेपाल प्रहरी प्रधान कार्यालयको प्रहरी नायब उपरीक्षक किरणजंग कुँवरको टोली राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेको टोली यस सिंहदरबार सुरक्षा गणको प्रहरी टोली समेतले भिडलाई प्रवेश गर्न नदिनका लागि गेटमा ताल्चा लगाउने सम्झाई बुझाई गर्ने गरेकोमा भीडझनखल गेटमा लगाएको

ताल्चा फुटाउने गेटमा आगजनी गर्ने जस्ता कार्य गर्न थाल्यो। तत्कालै म समेतको प्रहरी टोली र सबै सुरक्षा निकायको टोलीले असुर ग्यास सहित सामान्य भित्र प्रवेश गरिसकेको भिडलाई तितरबितर पारी बाहिर निकालेको हो। भीरमा पुनः सङ्ख्या थप भई प्रहरीप्रति थप आक्रामक हुँदै ढुंगा इटा प्रहार गर्दै फलामको रड लाठी एसएलआर लगायतका हतियार समेत गेटबाट सुरक्षाकर्मीप्रति लक्षित गरी ताक्दै प्रदर्शनकारीहरू पश्चिम गेटबाट भित्र प्रवेश गर्न थालेपछि थप असुर ग्यासको मद्दतले भिडलाई रोक्न खोजे पनि दिउँसो करिब १५०० बजेको समयमा ठूलो संख्यामा आएका प्रदर्शनकारीहरू दोस्रोपटक सिंहदरबारको पश्चिम गेटबाट भित्र प्रवेश गरेका हुन् यसरी ठूलो संख्यामा आक्रोशित प्रदर्शनकारीहरू सिंहदरबार परिसरमा प्रवेश प्रहरीप्रति थप आक्रोशित रूपमा प्रस्तुत हुँदै प्रहरीलाई देख्नासाथ आक्रमण गर्न खोज्ने नदेखिन चेतावनी दिने जस्ता थालेपछि सिंहदरबार स्थित नेपाली सेना नरसिंह दलगणका सेनाको सुझाव र सहयोगमा म लगायतको प्रहरी टोली नरसिंह दलगणको कोतकारको बाटो हुँदै उत्तरतर्फ रहेको ब्यारेकको ग्राउन्डमा गई बसेको हो। उक्त गणको ग्राउन्डमा रहेको समयमा नेपाल काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय आग्जनी भएको देखेको हुँ। उक्त समयमा हजारौंको सङ्ख्यामा कार्यहरू होहल्ला र नारा मोटरसाइकल तथा अन्य सवारी साधनमा चढी सिंहदरबार परिसर वरिपरि घुमेको देखेको हुँ। आक्रोशित भीड सिंहदरबार परिसरमा छिर्न यस सिंहदरबार सुरक्षा गणको चारपाङ्ग्रे सवारी साधन र हातहतियार राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सँगको समन्वयमा परिषद्कै सचिवालयमा लगी सुरक्षित राख्न लगाइएको हो। गणमा कार्यरत अन्य प्रहरी कर्मचारीहरू समेत नेपाली सेनाको नरसिंह दल गण राष्ट्रिय सुरक्षा परिषदको कार्यालयमा गई सुरक्षित बसेका हुन्। उक्त दिन म लगायत हाम्रो गणको प्रहरी टोलीले नेपाली सेनाको गणमै रातको खाना खाएको हो। पछि रातको ११:३० बजेको समयमा नेपाली सेनाको नरसिंह दल गणबाट बाहिर निस्कि आउने क्रममा अधिकांश मन्त्रालय तथा कार्यालयहरूमा आगो लागि धुवा उडिरहेको देखेको हुँ। । उक्त समयमा दमकलले प्रधानमन्त्री तथा को कार्यालयको पश्चिमतर्फ लागिरहेको निभाइरहेको देखेको थिए। त्यसपछि कार्यालयमा हेर्दा कार्यालयको बाहिरी पेरि मिटर तथा कार्यालय ब्यारेक सबै सुरक्षित थियो। भवन ब्यारेक कार्यालय सुरक्षित संचार सेट सम्पर्क विच्छेद भएको थियो भने बत्ती पानी समेत पूर्णरुपमा बन्द भएको थियो। समग्र कार्यालयको निरीक्षण पश्चात तत्कालै राति नै उपलब्ध प्रहरी कर्मचारी राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सुरक्षित राखेको हातहतियारलाई हाम्रो कार्यालयमै ल्याई राख्न लगाएको हुँ। भोलिपल्ट बिहानै सिंहदरबार परिसरको अवलोकन गर्ने क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पश्चिमतर्फको भाग आग्जनीबाट धेरै क्षति भएको देखेको हुँ। त्यसैगरी पूर्वतर्फ अगाडि राखिएका सवारी साधनहरू पूर्णरूपमा जलेको अवस्थामा थिए। गृह मन्त्रालयमा पूर्णरूपमा आगजनी गरिएको थियो भने अगाडि पार्किङमा राखिएका सवारी साधनहरू पूर्ण रुपमा जलेको अवस्थामा थिए। शिक्षा मन्त्रालय राष्ट्रिय सतर्कता

केन्द्रको भवनमा समेत आगजनी गरिएको थियो भने अगाडि र अन्डरग्राउन्ड पार्किङमा राखिएका सवारी साधनहरू पूर्ण रुपमा जलाइएको थियो। सिंहदरबार स्थित ट्राफिक प्रहरीको कार्यालय डिडिसी तथा त्यहाँ अगाडि पार्किङ गरेर राखिएका निजी तथा सरकारी सवारी साधनहरू पूर्ण रुपमा जलेको अवस्थामा रहेका थिए। संघीय संसद सचिवालय तथा नेपाली कांग्रेस नेकपा एमाले राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका राजनीतिक दलका संसदीय दलका कार्यालयमा समेत पूर्ण रुपमा तोडफोड तथा आगजानी गरिएको थियो। सामान्य प्रशासन मन्त्रालयमा आग्जनी तथा सवारी साधनहरू पूर्णरूपमा जलाइएका थिए। कानून मन्त्रालय भूमि सहकारी तथा गरिबी निवारण मन्त्रालय भौतिक मन्त्रालय सञ्चार मन्त्रालय युवा तथा खेलकुद मन्त्रालय पर्यटन मन्त्रालय श्रम रोजगार तथा सामाजिक लगायतका मन्त्रालयहरूमा सामान्य तोडफोड गरिएको थियो भने कुनै सवारी साधन जलाइएको तथा कुनै तोडफोड गरी आंशिक क्षति पुऱ्याइएको अवस्थामा रहेको थियो। त्यसपछि सिंहदरबार परिसरमा सवारी साधनको क्षति भयो भने अवलोकन गर्दा मन्त्रालयहरूको कम्पाउन्डमा पार्किङमा राखिएका २१८ थान चारपाङ्ग्रे सवारी साधन पूर्ण रुपमा क्षति २६५ थान चारपाङ्ग्रे सवारी साधन आंशिक क्षति भएको र ५७ वटा दुई पाङ्ग्रे सवारी साधन पूर्ण रुपमा जलेर क्षति भएको पाइएको थियो। पछि सिसिटिभीमा हेर्ने क्रममा पश्चिम गेटबाट प्रवेश गरेका प्रदर्शनकारीहरू केही समयमै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मुख्य भवनको दक्षिण पश्चिम र पूर्वतर्फको भागबाट प्रवेश गरी सरसामान बाहिर निकाली तोडफोड गरेको देखेको हुँ। त्यसपश्चात पार्किङमा प्रवेश गरी सवारी साधनमा तोडफोड तथा पश्चिमतर्फको भागमा आग्जनी गरेको देखेको हुँ तत्पश्चात् गृह मन्त्रालयभित्र प्रवेश गरेका आन्दोलनकारीहरूले आगजनी तथा तोडफोड गरेका थिए। त्यसपछि यत्रतत्र छरिएका प्रदर्शनकारीहरूले आफ्नो अगाडि देखिने मन्त्रालय कार्यालयका भवन सवारी साधनमा तोडफोड गरेका थिए। यसरी विभिन्न मन्त्रालय तथा कार्यालय अगाडि राखिएका सरकारी तथा व्यक्तिगत चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारी साधनमा आगजनी र तोडफोड गरिएको थियो भने अधिकांश मन्त्रालय कार्यालयमा तोडफोड र आगजनी गरिएको थियो। विभिन्न मन्त्रालय तथा कार्यालय तथा सवारी साधनहरूमा आग्जनी गर्ने तोडफोड गर्ने व्यक्तिहरू अधिकांशले हेल्मेट मास्क लगाएको देखिन्छ भने कसैले मुखमा रुमाल बाँधेको देखिन्छ कतिपय प्रदर्शनकारीहरुले मोबाइलबाट भिडियो बनाइ रहेका समेत देखिन्छ। मन्त्रालयहरूमा रहेका फायर एक्सटिङको विषयलाई समेत खोलेर सबै केमिकल फालेको देखिन्छ तोडफोडका लागि साबेल फलामका रड लगायत सिंहदरबार परिसरमा जे भेटिन्छ त्यही सामान प्रयोग गरेर तोडफोड गरेको देखिन्छ आगो लगाउनका लागि पेट्रोल निकाली कपडाका टुक्रा भिजाएर आगजनी गरेको देखिन्छ। अपरान्ह १५३० बजेपछि सिंहदरबार परिसरको सम्पूर्ण सिसी टिभी क्यामेरा को नेटवर्कलाई नै प्रदर्शनकारीहरुले तोडफोड गरी क्षति पुऱ्याइदिएका हुन्। उक्त समय पश्चात पूर्णरूपमा बन्द भएको सिसी क्यामेराको नेटवर्क भदौ २९

गतेबाट सञ्चालनमा आएको थियो। जुनबेला सिंहदरबार परिसरका १९ वटा सिसी सञ्चालन भएका थिए। सिंहदरबारको सञ्चार प्रणाली समेत २९ गतेबाट मात्र पूर्ण रुपमा सञ्चालनमा आएको हो। यसैगरी सिंहदरबार परिसरमा सर्वसाधारण प्रवेश गर्ने मुख्य द्वार दक्षिण गेटमा दिउँसो करिब १५०० बजेको समयमा आक्रोशित हुँदै नारा जुलुस गर्दै आएको भिडले सिंहदरबार प्रवेश गर्ने प्रयास गरेको थियो उक्त गेटमा यस कार्यालयबाट प्रहरी निरीक्षक ज्ञानेन्द्रबहादुर खत्री तथा थप मद्दतको रुपमा र अन्य सुरक्षा निकायबाट आएको सुरक्षा टोलीले उक्त भिडलाई रोक्न खोज्दा भीड झन् अराजक भई ढुङ्गामुढा र आगजनी गर्न थालेपछि सिंहदरबार परिसर भित्र प्रवेश गरेको थियो। पूर्वी गेटको बाहिरपट्टि करिब २३०० को संख्यामा रहेका प्रदर्शनकारीहरूले टायर बाल्ने तत्कालीन सरकार विरुद्ध नारा उक्त गेटमा यस कार्यालयका प्रहरी निरीक्षक बुद्धिप्रसाद सुवेदी र नेपाली सेनाको टोली खटिएको थियो। पश्चिम गेटबाट प्रवेश गरेका आन्दोलनकारीहरूले गृह शिक्षा मन्त्रालयमा आगजनी गरेर अगाडि बढ्न थालेपछि नेपाली सेनाको टोली र हाम्रो टोली समेत राष्ट्रिय सुरक्षा परिषदको सचिवालयमा गई सुरक्षित बसेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पश्चिम र उत्तर पश्चिम पट्टिको माथिल्लो भागमा तीन चार दिनसम्म पनि पटकपटक आगो देखिएपछि नेपाली सेनालाई जानकारी दमकलको प्रयोग गरी निभाइएको थियो यस सिंहदरबार परिसरमा भएको आगजनी तथा तोडफोडको घटनासँग सम्बन्धित हामीसँग उपलब्ध सिसिटिभी फुटेज र सिंहदरबार सुरक्षा गणले तयार पारेको सिंहदरबार परिसरमा भएको क्षति सम्बन्धी प्रतिवेदन समेत यसै कागज सहित पेश गरेको छु। यसरी ठूलो संख्यामा विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरूमा नियोजित रुपमा हातहतियार समेत लिई आई योजना बनाई प्रवेश गरी तोडफोड आगजनी तथा समेत गर्ने कार्यमा संलग्न जोसुकैलाई पनि कानून बमोजिम हुनुपर्छ। मैले माथि बताए अनुसार लेखिएको व्यहोरा ठिक साँचो छ। फरक पर्ने छैन। [70]

**<u>७०. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत प्रहरी नायब उपरीक्षक चिनीमाया तामाङको कागज ब्यहोराः</u>**

मिति २०८२ सालको भाद्र २३ गते र २४ गतेको प्रदर्शनको क्रममा आफ्नो कार्यालयको परिसरभित्र सञ्चालित तालिम OCM-II को तालिम संयोजकको रूपमा खटिएको थिएँ। भाद्र २३ गतेको दिन तालिम सदाझै नियमित रुपमा सञ्चालित भएको थियो। कार्यालयभित्र तालिम गतिविधिहरु सञ्चालन भइरहने भएकोले फिल्डमा घटेका घटनाका बारेमा आपसी कुराकानी बाहेक अन्य चासो र टिका टिप्पणी हुने कुरा भएन। २४ गते पनि प्रतिष्ठानमा सञ्चालित तालिम सुचारु नै भइरहेको थियो। बिहान ८, ००बजे पश्चात कार्यालयको दैनिकी कार्यालयको कामहरू र कक्षा सञ्चालन लगायतका कार्यहरू भइरहेको थियो

70 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.६९ अन्तर्गत रहेको ।

प्रतिष्ठानबाट २०० को हाराहारीमा बाहिर फिल्डमा ड्युटी खटाइएको थियो भने बाँकी कार्यरत कर्मचारीहरूलाई गेट ड्युटी पेरिमिटर ड्युटी एवं स्टेन बाइ ड्युटी तोकिएको थियो। सो बमोजिम हामी सम्पूर्ण कर्मचारीहरु स्टेनबाई रहने भयौं। बिहान १० बजेको समयमा हाराहारीमा हुनुपर्छ। बाहिर आग्जनी हुँदैछ भन्ने समाचार अनलाइन खबरहरूमा सुनिन थाल्यो। प्रतिष्ठानको तीन नम्बर पूर्वी गेटतर्फ पनि केही व्यक्तिहरू ८० ९० जना जस्तो जम्मा भई नाराबाजी गर्दै थिए। उक्त सङ्ख्यामा थपघट भई १०० देखि १५० वा ६०\७० जस्तो भइरहेको थियो। सोही क्रममा महाराजगंज चोक छेउतिर ठूलो धुवाँको मुसो सहित केही वस्तु पड्केको जस्तो आवाजहरू लगातार आउन थाल्यो र माथि उल्लेखित स्थानमा जम्मा भएका व्यक्तिहरू राजगंज एरिया तिर मोडियो। तथापि ५०-७० जनाको जमात भने त्यही नै नाराबाजी गर्दै थिए। केही सानो सङ्ख्यामा १०-१५ जना जति नेपाल प्रहरी अघिल्लो लाइन र २०-२५ जना जतिको सङ्ख्यामा apf का कर्मचारीहरू पछिल्लो लाइनमा बसी उक्त भिडलाई कन्टेन गरिरहेका थिए। त्यतिबेलासम्म आर्मीको सवारी साधनहरु शितल निवास र प्रतिष्ठान अगाडि रहेको आर्मी गणमा ओहोरदोहोर गरिरहेको थियो। उक्त समयमा प्रतिष्ठानको मूल गेट गेट नम्बर १ अगाडि आर्मीहरूको ब्यारिकेट सहित पनि थियो। लगभग १५०० बजेको समय पश्चात हुनुपर्छ। आर्मीको समूहले उक्त ब्यारिकेट हटाए पश्चात उनीहरूको उपस्थिति पनि हुन छाड्यो। त्यतिबेला आर्मीको मुभमेन्ट बन्द भएपश्चात् यता प्रतिष्ठानको पूर्वी गेटमा रहेको भीड बिस्तारै अगाडि बढ्न थाल्यो। त्यहाँ खटिएका प्रहरी कर्मचारीहरू पनि बिस्तारै पछि हट्दै गयो भिड उत्तेजित र आक्रोशित हुँदै अगाडि बढिनै रह्यो। भिडको संख्या उक्त समयमा पनि उल्लेख्य वृद्धि भएको थिएन। भिड अगाडि बढ्ने क्रममा रहिरह प्रतिष्ठानको हाताभित्र फिल्डमा खटिएका थुप्रै प्रहरी सशस्त्र प्रहरी समेत आउन थालेकाले प्रहरीको सङ्ख्या वृद्धि हुँदै गयो। तर अब भने हामी माझका एक प्रकारको त्रास बढ्दै गयो हतियार त जसरी पनि जोगाउनुपर्छ भन्ने लागेर मैले प्रनाउ गुणराज बुढाथो र प्रभु अमरेन्द्र सिंह प्रनाउ गुणराज बुढाथोकी म लगायत त्यहाँ रहेका कर्मचारीहरू तालिमरत प्रशिक्षार्थी हवलदार मेजर सुबेदार मेजर लगायत हामी हात हतियारलाई हाल रहेको क्वाटरगार्डबाट गाडीमा राखी कर्मचारीहरू समेतलाई बोकाई ब्यारेक भवन ओसार्न व्यस्त भयौं। उक्त समयमा ४०० बजेको समयमा हाराहारीमा राष्ट्रपति भवन कार्यालयमा गर्न थालिसकेको थियो। हाम्रो क्वार्टरकार्डसँगै रहेको कार्यालय चल्दै गर्दा क्वाटरगार्ड छेउको सानो भवनमा आगलागी भयो। म प्रसनी अमिर गौतम र अन्य कर्मचारीहरूले निभाउने प्रयास गर्यौं तर सम्भव भएन त्यसैबेला प्रनानी जुनीलाई दौडँदै गेट बाहिर सबै जम्मा सर भित्र गेटमा ड्युटी कोही छैन भन्दै बोलाउन आइपुग्नुभयो। म सिधै गेटमा गएँ। कोही पनि प्रहरी कर्मचारीहरु त्यहाँ बस्न तयार नभएको अवस्था थियो। म छटपटाउँदै सबैलाई बोलाउन थाले। प्रनि नरबहादुर साउद, प्रनी विवेक भट्टराई, प्रनानि जुनी राई र एक दुईजना कर्मचारीभन्दा कोही पनि थिएनन्। हामीसँग हेल्मेट बढी प्रोटेक्टर लाठी केही थिएन।

प्रतिष्ठानको प्राङ्गणमा प्रतिष्ठानको मात्रै कर्मचारी त्यतिबेला बाहिर खटिएका प्रहरी र सशस्त्र प्रहरीको समेत गरी ठूलै सङ्ख्यामा जम्मा भएका भएपनि गेटमा अगाडि बढेर कन्टेन गर्ने मनस्थितिमा कोही थिएनन्। सबैजना पछाडि हटिरहेका थिए। उक्त समयमा बाहिरबाट राष्ट्रपति भवन चलाइसके पश्चात पुलिसको अफिस हो जलाउनुपर्छ। भन्दै भिडले हामीतर्फ ढुङ्गा ट्राफिक आइल्याण्ड भत्काएर ल्याएका फलामका रडहरू सडकका ब्लकहरूले समेत आक्रमण गर्दै गेट भत्काउन उद्दत थिए। अन्तत गेटको लक तोडेर निजहरू भित्र पस्न थाले सोही समयमा मैले हाम्रै जमातबाट पनि ग्यासगन खोई फायर भन्ने हल्ला भयो। केही ग्यासहरू फायर गरियो। कति भने यकिन भएन उक्त समयमा बल्ल तल्ल ढाल बोकेका छ सात जना कर्मचारी बार लगाई अगाडि बढ्ने क्रममा बाहिरबाट दुईचारजना व्यक्तिहरू छाती थाप्दै अगाडि बढे एकजना भित्र आँगनमा छिरी थचक्क बस्यो। सोही समयमा हामीले लाठी चार्ज पनि गर्यौं। उक्त समयमा फिल्ड अधिकृत पनि मोतिलाल योन्जन हुनुहुन्थ्यो। तत्पश्चात प्रदर्शनकार्रिहरुहरूबाहिर भागे। मैले केही प्रहरी कर्मचारी सहित गेट बाहिर रहेको फलामको बारलाई भित्र तानेर गेट गेट लगाई गेटलाई बन्द गर्‍यौं। उक्त समयमा प्रभु वेदविष्टले पनि सघाउनुभयो। तर उहाँसँग सुरक्षा त केही अस्वभाव नभएकाले उहाँलाई मैले पछाडि तानेर लगें। र पुनः पछाडि भागी रहेका प्रकारहरूलाई अनुरोध गरी एक समूह तयार पारी गेटमा राखें। त्यस कार्यमा प्रशिक्षार्थी को प्रनि तिलकबमले पनि सघाए। पछि सशस्त्र प्रहरीको पनि एक समूहलाई अनुरोध गरी गेटको दाहिनेतर्फ काठको ढोका छेउमा पनि तिलक बमको नौ जनाको समूह र बायाँतर्फ साइडमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको सानो समूह राखे। तर प्रदर्शनकारीहरू पछि पुन फर्केर आक्रमण गरेनन्। म पनि गेटमा ड्युटी नै बसिरहे हुँदै गयो राती ८:०० बजेको समय वरिपरि गेटमा रहेका ड्युटीलाई कालो खाना खुवाउन पठाएर ९:०० बजे पश्चात् पुन आर्मीको चहलपहल बढ्दै गयो। अवस्था सामान्य नै रहेता पनि केही समूहसहित गेटमा ड्युटी पछि पुन ड्युटीको अदली बदली मिलाई म करिब राती ११३० बजेको समयमा घर फर्किए। उल्लेखित व्यहोरा साँचो हो। अन्यथा ठहरेमा कानून बमोजिम सहौंला बुझाउँला। [71]

## **<u>७१. नेपाल प्रहरी अनाश्रित गुल्म जगन्नाथ देवल काठमाडौंमा कर्यरत प्रहरी नायब उपरीक्षक जेसी शाहको कागज ब्यहोराः</u>**

आन्दोलन सुरु हुनुभन्दा अगाडि जेलमा रिस्क थिएन। सुरक्षा र गुप्तचर निकायहरूबाट जेलमा रिस्क सम्बन्धी कुनै पनि अर्ली वार्निङ आएको थिएन। र जेलको अवस्था पनि सामान्य अवस्था नै रहेको थियो। मिति २०८२ ५२४ गते जेन्जी युवाहरूले को क्रममा विभिन्न सरकारी निजी तथा विभिन्न प्रहरी

71 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.७० अन्तर्गत रहेको ।

कार्यालयहरूमा आगजनी भएको जानकारीहरू प्राप्त भएको उक्त दिन अन्दाजी १५०० बजेदेखि १५३० बजेको समयमा यस कार्यालय मातहत नेपाल प्रहरी अनाश्रित गुलमल नखु ललितपुरका कार्यालय प्रमुख प्रहरी निरीक्षक नेत्रबहादुर कुँवरले मलाई फोन सम्पर्क गरी ४ ५०० आन्दोलनकारी यस कार्यालयको मूल गेट किसिमका नारा लगाएको भनी जानकारी गराए पश्चात् मैले तत्काल उक्त घटनाको बारेमा तालुक काठमाडौं उपत्यका प्रहरी रानीपोखरीको सञ्चार लगायत प्रहरी वरिष्ठ उपरीक्षक प्रविण धिताल र प्रहरी नायब महानिरीक्षक ओम राणा समेतलाई जानकारी गराएको थिएँ। । जानकारी गराए पश्चात प्रहरी नायब महानिरीक्षक थप मद्दतको लागि सशस्त्र प्रहरी १५० जना सुरक्षाकर्मी नख्खु कारागारको लागि आउँछ भनी जानकारी गराउनुभएको थियो। तर टोली आएन। अन्दाजी १५-३० देखि १६०० बजेसम्मको समयमा आन्दोलनकारीले नखु कारागारको मूल गेट तोडफोड आगजनी गरी कैदीबन्दी भगाएको र कार्यालयमा तैनाथ सुरक्षाकर्मीबाट आन्दोलनकारी तथा रोक्न नसक्ने तथा तालु कार्यालयको आदेश अनुसार कार्यालयमा रहेको अस्वाभाव हात हतियार लिई सुरक्षित स्थानतर्फ गई बसेको भनी निज प्रहरी निरीक्षकले मलाई जानकारी गराएको नक्खु कारागारबाट भागेका कैदीबन्दीहरूले अब केन्द्रीय कारागार पनि पर्छ भनी सुन्धारातर्फ लागेको समेत प्रहरीले गरेको उक्त जानकारी पश्चात केन्द्रीय कारागारका कार्यालयका तत्कालीन कार्यालय प्रमुख निमित्त कारागार प्रशासक बैकुण्ठ राज रेग्मीलाई यस केन्द्रीय कारागार अन्तर्गतका तीनवटै सेन्टर भद्र र महिला बन्दीगृहको मूल ढोका तथा सरकारको मूल गेट बन्द गरी सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई घटनाको बारेमा ब्रिफिङ गरी यस कार्यालयमा रहेका सम्पूर्ण र बाँकी हातहतियार यसै कार्यालय सँगै रहेको नेपाली सेनाको राष्ट्रिय सेवा दलसँग समन्वय गरिराखिएको अन्दाजी १७० बजेको समयमा हजारौंको सङ्ख्यामा पश्चिमतर्फ भोटे बहाल दक्षिणतर्फ त्रिपुरेश्वर सुन्धाराबाट आएको भनी यस कार्यालयको खबर सङ्कल जानकारी गराएको उक्त भिड काठमाडौं महानगरपालिकाको हाल नगर प्रहरी बसेको कार्यालयको गेटमा पानी खाएर नारा लगाई रहेको र सोही भीडमध्य जानकारीले केन्द्रीय कारागारतर्फ आई मूल गेटमा ढुङ्गा प्रहार गरी सिसिटिभी क्यामेरा लगायत कारागार कार्यालयको झ्यालको सिसा समेत तोडफोड गरेकोमा उक्त भिडलाई प्रतिकार गरी भीडलाई फर्काइएको उक्त घटनाको बारेमा तत्कालै तालुक कार्यालयमा जानकारी तालु कार्यालयबाट प्रतिकार गर्ने लाइभ राउन्ड प्रयोग नगर्ने थप मद्दत कहीं कतैबाट पनि सञ्चारबाट जानकारी गराएको र उक्त भिडलाई प्रतिकार गर्नको लागि हामीसँग पर्याप्त मात्रामा अस्वाभावका सामानहरू समेत नभएको समयमा जेन्जी आन्दोलनकारीहरू नखु कारागारबाट भागेका यस कार्यालयको मूल गेटमा तोडफोड गरी भित्र प्रवेश गरेको र भित्र कैदीबन्दीहरूले समेत अब यो देशमा केही पनि छैन संविधान छैन अदालत छैन प्रधानमन्त्री छैन सम्पूर्ण अभिलेखहरू ध्वस्त भए। अब यो कारागार पनि तोडफो लगाउनु पर्छ भने नारा लगाएको भनी कारागारका चौकीदारले निमित्त प्रशासकलाई जानकारी गराए पश्चात निमित्त प्रशासकले मलाई

जानकारी गराएको भित्रको भिडलाई समेत रोक्न नसकिने अवस्था रहेको त्यसपछि भित्रका कैदीबन्दी तथा आन्दोलनकारीहरूले कारागार कारागारको ढोका तोडफोड गरी कैदीबन्दीहरू बाहिर निस्कि रोक्नका लागि चार पाँच राउण्ड रबर छर्रा फायरिङ गरेको तत्काल सो दिनका अपरेसन कमाण्डर तालुक काठमाडौं उपत्यका प्रहरी कार्यालयका वरिष्ठ उपरीक्षक दीप शमशेर राणा सरलाई उक्त घटनाको बारेमा जानकारी गराउँदा थप मद्दत आउँदैन रोक्नु रोक्न सकिँदैन भने हातहतियार र आफू सुरक्षित भई बस्ने भनी निर्देशन भएको थियो। केन्द्रीय कारागार अन्तर्गत सेन्टर भद्र र महिला जेलमा पुरुष ३४ ४१ र महिला ४३७ गरी जम्मा ३८७८ जना कैदीबन्दी रहेकोमा पुरुष ३१०५ र महिला ४१२ गरी ३५१७ जना कैदीबन्दीहरू भागेको र ३६१ जना कैदीबन्दी यस कार्यालयको प्रहरी टोलीले सम्झाई बुझाई गरी भाग्न नदीई राखेको। हालसम्म १८९९ जना यस कार्यालयमा फिर्ता भएका र १६१८ जना म पनि फरार रहेका छन्। उक्त समयमा आन्तरिक प्रशासनका लगायतबाट सहयोग मिलेकै थियो नायिकाहरूले भागेका कैदीबन्दीहरूलाई कारागारमा फिर्ता आउनु भनी फोन मार्फत जानकारी गराएका थिए। कारागारलाई सुरक्षित गर्नको लागि कारागारका जीर्ण पर्खाल निर्माण गर्नुपर्ने कारागारको क्षमता अनुसार कैदीबन्दी राख्नुपर्ने पर्याप्त मात्रामा कन्सन्टिना वायर सिसिटिभी क्यामेरा अभाव रहेको अपराधको प्रकृति अनुसार बन्दीहरूलाई छुट्टाछुट्टै राख्नुपर्ने बाह्य अस्पतालमा लैजाँदा बिरामीको सम्पूर्ण रेखदेख जस्तै औषधि खरिद सरसफाई स्याहार प्रहरीले गर्नुपर्ने बाध्यता जसको कारणबाट चुनौती व्यक्ति तथा सामान चेकिङको गर्न एक्सरे मेसिन गेट मेटल डिटेक्टरको अभाव दीर्घरोगी अपाङ्ग मानसिक सन्तुलन गुमाएका जेष्ठ नागरिकको हकमा कानूनको व्यवस्था अनुसार प्यारोलमा छाड्नुपर्ने संक्रमित बिरामीहरूको लागि छुट्टै कक्षको व्यवस्था हुनुपर्ने कानूनमा भएको व्यवस्था अनुसार दीर्घरोगीलाई मेडिकल बोर्डको सिफारिसमा प्यारोलमा छाड्नुपर्ने हाइटेरा सेटको ब्याट्री ब्याकअपको समस्या रहेको माथि लेखिएको विवरण ठिक छ। प्रस्तुत घटनामा विवरण कागज आयोगका पदाधिकारी समक्ष स्वतन्त्र रूपमा खोलाई देखाइदिएको विवरण ठिक साँचो हो। [72]

## <u>७२. प्रहरी बृत्त कालिमाटीका प्रहरी निरीक्षक बिजय राज तिमल्सिनाको कागज ब्यहोराः</u>

मैले बिशेष गरी अ.अ. शाखा ठाडो उजुरी र बाह्य ड्युटीहरुमा कमाण्डरको रुपमा यस वृत्तमा कामकाज गर्दै आई रहेको छु। मिति २०८२। ०५। २३ गतेको दिन म सिहंदरवार दक्षिण गेट अगाडी पिकेट ड्युटीको रुपमा खटिएको थिएँ। उक्त दिन मेरो जिम्मेवारीमा कुनै पनि घटना भएको थिएन, सामान्य अवस्थामा ड्युटी

72 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.७१ अन्तर्गत रहेको ।

सम्पन्न गरेको थिएँ। मिति २०८२। ०५। २४ गते बिहान ०६:०० बजेको समय देखि पहिलो सिफ्टको ड्युटीको जिम्मेवारी बुझेको थिएँ। मिति २०८२। ०५। २४ गते बिहान अ. ०८:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. १४ कंलकी चोकमा केही आन्दोलनकारीहरुले टायर बाली प्रदर्शन गर्न लागेको भनी प्रहरी कन्ट्रोल रुमबाट संचार सेटमा जानकारी प्राप्त हुन आएकोले म समेतको प्रहरी टोली सो स्थानमा खटि गएका हौं। यस वृत्तका प्रमुख प्र.ना.उ. मधु कुमार थापा मिति २०८२।०५।२३ गते बानेश्वरमा भएको जे एन जेड को अन्दोलनमा घाईते भएको र उपचार गरी यस कार्यालमै भएकोले सुरुमा म प्रहरी टोली लिएर कलकी गएको हुँ। उक्त स्थानमा पुग्दा सुरुमा ५००/६०० जना प्रदर्शनकारीहरुले कलंकी चोकमा जम्मा भइ बाटो अवरोध गरी टायर बालेर प्रदर्शन गरी रहेका थिए। तत्काल म समेतको प्रहरी टोलीले सेट मार्फत प्रहरी कन्ट्रोलमा कल गरी थप मद्दत मागेको थियौं। पछि प्रदर्शनकारीहरु उग्र बन्दै तोडफोड समेत गर्न लागेका थिए। प्रहरी कन्ट्रोल रुमबाट रिले भएपछि प्रहरी बृत कालिमाटीका प्र.ना.उ. मधु कुमार थापा ज्यु घाईते अवस्थामै औषधी सेवन गरी दुखाई कम गर्ने सिरिन्ज लगाई तत्काल थप टोली लिई कंलकी चोकमा आई कमाण्ड लिनु भएको थियो। प्र.ना.उ. मधु कुमार थापाले सञ्चार सेट मार्फत प्रहरी कन्ट्रोलबाट थप मद्दत माग गरेपछी भृकुटीमण्ड स्थितमा रहेको नगर प्रहरी बाट २ जना प्रहरी निरीक्षकको कमाण्डमा दुईवटा गाडीमा प्रहरी टोली, प्रहरी प्रभाग बलम्वुबाट प्र.नि.को कमाण्डमा प्रहरी टोली र केही समय पछि प्रहरी बृत स्वयम्भुबाट समेत प्र.नि. को कमाण्डमा प्रहरी टोली खटी आएको थियो। मिति २०८२। ०५। ०२४ गते बिहान ०९:०० बजे पछि प्रदर्शनकारीहरु बढ्दै गई ५०००/७००० संख्या पुगेको थियो। निजहरुले बाटोमा टायर बाली यातायातका साधनहरु तोडफोड गरी आवागमन अवरोध गरेका थिए। पछि भिड उग्र बन्दै प्रहरीलाई आक्रमण सुरु गरेका हुन्। प्रहरी प्रभाग बलम्वुबाट आएको सवारी साधन तोडफोड गरी प्रहरीलाई कुटपिट गरि घाइते बनाएका हुन्। प्रहरीले २३ गते बानेश्वरमा गोली हानी मारेको हो, यीनिहरुलाई पनि मार्नुपर्छ, जिउँदै आगो लगाउनु पर्छ भन्दै घरेलु हातहतियार समेत बोकी आएका थिए। प्रहरी कन्ट्रोल रुम भद्रकालीबाट सञ्चार सेटमा धेरै बल प्रयोग नगर्ने, लाईभ राउण्ड गोली नहान्ने, थप मानविय क्षति हुन नदिन सम्यम भई कार्य गर्ने निर्देशन भएकोले हामी रक्षात्मक तरिकाले बसि भिडलाई शान्त रहन आग्रह गरी पटक पटक माईकिङ गरेता पनि कोही कसैले हाम्रो कुरा नसुनी लगातार रुपमा प्रहरीलाई आक्रमण सुरु गरेका थिए। अराजक भिडले प्रहरी प्रभाग कलंकीको भवनमा प्रहरी कर्मचारीहरुलाई भित्रै थुनी बाहिरबाट आगजनी गरेका हुन्। कलकी सि. आर. भि. गाडीमा आगजनी गर्नुका साथै नजिकै रहेको ट्राफिक प्रहरी प्रभाग कलंकीमा प्रहरी कर्मचारीलाई ढोका थुनी बाहिर निस्कन नदिई आगजनी गरेका हुन्। प्रहरी कर्मचारीहरु जिउँदै जल्ने अवस्था आएपश्चात प्रहरीले अश्रुग्याँस तथा लाठ्ठी चार्ज गरेको हो। त्यसबाट प्रहरी कर्मचारीहरु घाईते भएको र घाईतेलाई तत्काल अस्पताल लान समेत सकिएको

थिएन। कलंकी स्थितमा रहेको नापी कार्यालय र मालपोत कार्यालयमा समेत आगजनी गरेका हुन्। उक्त समयमा कलंकीमा १० हजार बढीको संख्यामा प्रदर्शनकारीहरु आएका थिए। उनीहरुले घरेलु हात हतियार पेट्रोल बम बोकेका थिए। चारै तर्फ टायर बाली प्रदर्शन भएको थियो। उक्त घटनाको बारेमा तत्कालीन फिल्ड कमाण्डर प्र.ना.उ. मधु कुमार थापा ज्युबाट प्रहरी कन्ट्रोल मार्फत तालुक कार्यालयमा सो अवस्था बारे जानकारी गराइएको थियो। प्रहरी सञ्चार सेटमा प्रहरीका अन्य प्रहरी युनिटहरु, प्रहरीको गाडी, नेता तथा ब्यक्तिगत घर, ब्यवसायिक भवनहरु, राष्ट्रपति निवास, संसद भवन र सिंहदरवार समेतका आगजनी गरेको भनी चारैतर्फबाट अन्दोलनकारीहरु उग्र बन्दै गएकोले संयमित भई आफ्नो र कार्यालय, हातहतियारको सुरक्षा गर्नु बल प्रयोग नगर्नु भन्ने आदेश भएकोले म समेतको प्रहरी टोली प्रहरी वृत्त कालिमाटी तर्फ फिर्ता हुन लागेका थियौं। सो क्रममा हजारौं प्रदर्शनकारीहरुले हामिहरुमाथी ढुङ्गा मुढा, पेट्रोल बम समेत प्रहार गरी केही प्रहरी कर्मचारीहरुलाई समेत घाईते बनाउनुका साथै गाडीहरुमा तोडफोड समेत गरेका थिए। हामीहरुले थप प्रहरी टोली माग गरेता पनि कतैबाट थप मद्दत आउने सकेको थिएन। कलंकी चोकमा रहेको शसस्त्र प्रहरी बल चुपचाप बसी गाडीबाट समेत ननिस्कीई आफ्नो बेस तर्फ भागेपछी हामीहरु बिस्तारै कालिमाटी वृत्तको सुरक्षाको लागी फर्केका हौं। हामीलाई हजारौं प्रदर्शनकारीहरुले लखेट्न थालेपछीमात्र हाम्रो तर्फबाट अश्रुग्यास प्रहार गर्दै कालिमाटी तर्फ फर्केका हौं। केही प्रदर्शनकारीहरु उद्योगपति बिनोद चौधरीको घर तर्फ लागे भने केही प्रदर्शनकारीहरुले हामीहरुलाई ढुङ्गामुढा गरी रहेका थिए। कालिमाटी प्रहरी वृत्त अगाडी पुग्दा कार्यालय गेट अगाडी ४०००/५००० को संख्यामा प्रदर्शनकारीहरुले प्रहरी वृत्तको चारै तर्फबाट घेरा हाली ढुङ्गा मुढा, ईटा पेट्रोल बम हानी रहेका थिए। हामीहरुले अश्रुग्याँस प्रहार गरी भिडलाई तितर बितर पारी वृत्तमा प्रवेश गरी भित्र रहेका ३००/४०० जना प्रदर्शनकारीहरुलाई बाहिर निकालेका हौं, हामीहरुलाई लखेट्दै कलंकी तर्फबाट आएका हजारौं प्रदर्शनकारीहरु र बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरु र कालिमाटीमा रहेका प्रदर्शनकारीहरुको भेट भएपछि स्थिती नियन्त्रण बाहिर गएको थियो। बाटोमा र प्रहरी कार्यालयमा भएको आगजनीबाट चारै तर्फ धुवाको मुस्लो निस्किएको थियो। बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरुले सर्टगन, थ्रि नट थ्री र एल एल आर हतियार समेत बोकी मोटरसाईलमा आएका थिए, केही प्रदर्शनकारीहरुले प्रहरीको चुस्ता लगाई आएका थिए। प्रहरी वृत्त कालिमाटी र नगर प्रहरीबाट भएको टोली मजबुत भइ प्रदर्शनकारीहरुलाई गेटमा रोक्न लाग्दा गेटबाट प्रवेश गर्न नसकेपछि दायाँ वाया र पछाडी तर्फ रहेको घरमा पसि छतबाट पेट्रोल बम प्रहार गरेका थिए। जसको कारणबाट प्रहरी वृत्तको अगाडी तर्फ मेनबाटो तर्फको कोठाहरुमा आगलागी भएको थियो। पछाडी तर्फ रहेको ट्राफिक भवनमा आगलागी हुनुका साथै साइडमा पार्क गरेको ट्राफिक प्रहरीको भ्यान र अन्य सवारी साधन तथा यस कार्यालयको गेटमा रहेको ट्राफिक प्रहरीको भ्यानमा समेत आगलागी सुरु भएको थियो।

वृत्तको मेन गेटबाट हतियार बोकेका प्रदर्शनकारीहरु भित्र छिरी प्रहरीको साथमा रहेको सर्टगन र गोली खोसी अन्य हतियार समेत कब्जामा लिन खोजे पश्चात पटक पटक माईकिङ गरि प्रहरीबाट आत्मरक्षाको लागि केही डमी राउण्डबाट हवाई फाएर गरिएको हो। बालाजु स्वयम्भु तर्फबाट मोटरसाईकल तथा मिनी भ्यानहरुमा हातहतियार सहित प्रदर्शनकारीहरुले सबै प्रहरीलाई मार्नुपर्छ भनी नारावाजी गरी वृत्तमा प्रवेश गर्न थालेको र प्रहरी वृत्त जल्न थालेपछि हामिहरुले माईकिङ गर्दा समेत नमानेकोले हवाई फाएर गरेपश्चात प्रदर्शनकारीहरु केही पछाडी हटेको मौका छोपी यस वृत्तको हिरसतमा रहेका थुनुवाहरु कार्यालय प्रमुखको आदेशमा तालुक कार्यालयमा जानकारी गराई पछि उपस्थित हुन आउनु भनी तत्कालका लागी जिवनरक्षाको लागी हिरासतमुक्त गरिएको थियो। प्रहरी कन्ट्रोल परिसर भद्रकालीबाट थप मानविय क्षति नहोस भनी प्रहरी कर्मचारीले कार्यालय छोडी अन्य सुरक्षित स्थानमा हतियार, संचार सेट र गाडीहरु सुरक्षित गरी लानु भन्ने जानकारी पश्चात सम्पूर्ण हात हतियार, संचार सेट प्रहरी भ्यानमा लोड गरी प्रहरी कर्मचारीहरु कालिमाटी चोक, टेकु, शहिदगेट हुँदै परिसर भद्रकाली गएका हौं। म समेतको प्रहरी टोलीलाई बाटोमा चारै तर्फबाट ढुङ्गामुढा समेत भएको थियो। हामीहरुले पटक पटक थप मद्दत माग्दा समेत आफू सुरक्षित रहनु अन्य सुरक्षा निकायहरुबाट थप मद्दत आउन सक्दैन भनी जानकारी पाएका थियौं। पछी परिसर भद्रकालीमा समेत हजारौको संख्यामा प्रदर्शनकारीहरु हात हतियार लिई आक्रमण गर्न लागेकोले माईकिङ गर्दा कोही कसैले नसुनेपछी केही राउण्ड अश्रुग्याँस हान्नुका साथै डमी राउण्ड गोलीबाट हवाई फाएर समेत गरिएको हो, जसको कारण परिसर भद्रकालीमा आगजनी तथा लुटपाट हुनबाट जोगिएको हो। जिल्ला प्रहरी परिसरमा सो कार्यालयको सुरक्षामा खटिएका कमाण्डरको आदेश बमोजिम हामीहरुले काम गरेका हौं। दर्जनौं पटक जिल्ला प्रहरी परिसरमा आक्रमणको प्रयास भएको थियो। राती ०७:३० बजेको समयमा १०० भन्दा बढी मोटरसाईल र सशस्त्र प्रहरीको ट्रकमा चढी आएका प्रदर्शनकारीहरुले गेटमा सो ट्रक ठोक्काई गेट भत्काउने प्रयास गर्दा हामीहरुले अश्रुग्यास तथा लाठी चार्ज गरि रोकेका हौं। उक्त दिनको आक्रमण गर्दा हरेक प्रकारका ब्यक्तिहरु सलग्न थिए। प्राय: गरी लागु औषध सेवनकर्ता, कलकी बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रुपमा काम गर्ने ब्यक्तिहरु, सुकुम्वासी बस्तिका ब्यक्तिहरु, कवाडीमा काम गर्ने भारतिय मुलका ब्यक्तिहरु र प्रहरी हिरासतबाट भागेका थुनुवाहरु हुन सक्ने अनुमान गरेको छु, तिनीहरुबारे एकिनका साथ को-को मिली गरेका हुन् भन्ने एकिन गर्न सकिँदैन। म समेतको प्रहरी टोलिले वृत्त छाडि गएपश्चात यस कालिमाटी वृत्तमा आगजनी तथा लुटपाट गरि सम्पूर्ण शाखाहरुमा रहेका सम्पूर्ण सामाग्री, फर्निचर र प्रहरी कर्मचारीका ब्यक्तिगत सवारी साधनहरु र अन्य सामाग्रीहरु पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालय परिसरमा रहेका सवै सवारी साधनहरुमा आगजनीबाट पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालबाट सर्टगन र गोलीहरु लुटिएको थियो। सर्टगन पछि फेला पारिसकिएको छ। गोलिहरु भने

हालसम्म फेला परेको छैन। उक्त घटनामा यस कार्यालयका ६०। ६५ जना प्रहरी कर्मचारीहरु घाइते भएका थिए भने लाठी चार्जबाट केही प्रदर्शनकारीहरु घाईते भएका थिए। निजहरुको एकिन संख्या भने मलाई जानकारी छैन। प्रदर्शनकारीबाट भएको आक्रमण तथा कुटपिटबाट प्रहरी कर्मचारी घाईते भएका हुन भने प्रहरीको लाठी चार्ज र भागदौडमा प्रदर्शनकारीहरु घाईते भएका हुन। हामीले तालुक कार्यालयबाट आदेश भए बमोजिम कम भन्दा कम बल प्रयोग गरि आफ्नो ज्यान दाउमा राखि हातहतियार, सँचार सेट र प्रहरी भ्यानहरु जोगाएका हौ। उक्त घटनामा म लगायत यस वृत्तमा कार्यरत प्रहरी कर्मचारीहरुको ब्यक्तिगत सवारी साधन र सम्पूर्ण सामानहरु जलि नष्ट भएको छ। म समेतको प्रहरी टोलीको सक्रियताले प्रहरी परिसर भद्रकाली जोगिएको हो। [73]

**७३. नेपाल पुलिस हेल्थ क्लव भूकुटीमण्डप, काठमाण्डौमा कार्यरत प्रहरी निरीक्षक नेत्रप्रसाद पौडेलको कागज ब्यहोराः**

मिति २०८२असोज २३ गतेको जेन्जी आन्दोलन घटना सम्बन्बन्धमा पहिलो दिन राष्ट्यि प्रहरी प्रशिक्षण प्रतिष्ठान महारागंजबाट खटिई आउनु भएको प्रहरी नायब उपरीक्षक भाष्कर खतिवडा कमान्डमा को(९८५१२८९८२६.नं फोन कमान्डार) म सहायक कमान्डर भई नेपाल प्रहरी प्रधान कार्यालय अप्रेशनबाट बिहान ७००बजेको समयमा टेलिफोनबाट नेपालः शसस्त्र प्रहरी गण नं १. ४० नक्सालको टोली (चालिस) जना लिएर जानु भन्ने जानकारी आएको तर जाद पर्दैन भनी फर्काईएको हुदा पुन बिहान १०:३० बजेको समयमा फेरी नेपाल प्रहरी प्रधान कार्यालय अप्रेशनबाट डिउटीमा खटिई जाने भन्ने टेलिफोनबाट आदेश आएकोले प्रहरी प्रधान कार्यालयमा विभिन्न शाखामा कार्यरत रहेका टोलीलाई प्रभाष्कर.उ.ना. खतिवडाको कमान्डमा म लगाएत ५०(पचास) जनाको टोलीलाई नेभण्डार.का.प्र.प्र. शाखाबाट हातहतियार बुझेर डिउटी खटिई जाने आदेश आई भन्डार शाखामा भिड नियन्त्रणको समाग्री बुझन भन्डार शाखामा जाँदा सिल्ड समेत अघिल्ला टोलीले लिई गई सकेको जानकारी भन्डार शाखाले दिएको हुनाले संचारबाट (२) दुई वटा संचार सेट कमान्डर र सहायक कमान्डरले बुझि लिई फुल गियर र लाठी हेलमेट सहित थप मदतको लागी भनी संसद भवन तर्फ जाँदा बाटोमा भिडभाड भएकोले संसद भवनमा करिब ११:३० बजेको समयमा पुग्दा पुरै प्रदर्शनकारीहरूले उक्त संसद भवन चारै तिरबाट घेराउ गरेर ढुगांमुढा समेत गरेको अबस्थामा भिडलाई सम्झाई बुझाई गर्दै संसद भवन भित्र पुग्दा परिषरबाट डिउटिमा खटिनु भएको प्रहरी उपरीक्षक अपिल राज बोहराले आफ्नो लगाएत अरु टोलीलाई समेत कमान्ड गरि रहेको अबस्थामा हाम्रो टोलीलाई पनि संसद भवनको उत्तर पट्टीको गेटमा (पानी टंङ्की) नजिक खटाईएको

73 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.७२ अन्तर्गत रहेको ।

र पुरैदिन भरी त्यस स्थानको गेटमा डिउटीमा खटिई रहेको त्यस पश्चात १४ः३० बजेको समयमा दक्षिण र पूर्व  पट्टीको गेटमा धेरै अश्रु ग्याँस हवाई फायर चलेको हुदाँ संसद भवन बाहिरको अवस्था तनावग्रस्त स्थिति संचार सेटमा समेत बारम्बार सुनि रहेकोले मदतको लागी भनी नेपाल आर्मीको टोली संसद भवन तर्फ सुरक्षा दिन आउँदै गर्दा बाटोमा नै प्रदर्शनकारीहरूले रोकि रहेको भन्नेसंचार सेटमा आएको हुदां १४ः४५ बजेको समयमा रानीपोखरीबाट खटिई आउनु भएको प्रहरी बरिष्ठ उपरीक्षक दिप शम्सेरबाट संसद भवन भित्रको अवस्था बुझिई कमान्ड गर्नु भएको हुदाँ त्यस पस्चात पनि संसद भवनमा चारैतिरबाट प्रदर्शनकारी उग्ररुपमा रहेको र भित्र समेत छिरेर प्रर्दशन लगाएत तोडफोड गर्न थालेको भनी संचारको सेट मार्फत जानकारी गराई रहेको र अन्दाजी १५ः०० बजेको समयमा भिडलाई नियन्त्रण लिन भनी स्थानीय प्रशासन ऐन २०२८अनुसार प्रमुख जिल्ला अधिकारी र भिक्टोरसंगै रहेर संचार सेटबाट घुडा मुनि गोलि चलाउने स्पष्ट आदेश दिईएको संचार सेट मार्फत सुनिएको र केहि समय पश्चात भिडभाड झन उग्र नै भई रहेको हुदां संचार सेटमा कर्फ्यु समेत जारी गरिएको छ भन्ने सेटमा मार्फत थाहा भएको हुदां करिब १७ः३० बजेको समयमा संसद भवनमा नेपाल आर्मि समेत आएर कर्फ्युजारी भई सकेको भन्दै भिडभाडलाई माईकिङबाट सम्झाई बुझाई गर्दै भिडलाई तितर-बितर गरेको र करिब १८ः३० बजे पछि बाहिर बानेश्वर चोकको अबस्था समान्य भए पश्चात संसद भवनको पेरिमिटर भित्र रहेको प्रहरीहरूलाई बानेश्वर वृत्त तिर पढाईएको हुदां अन्दाजी २०:०० बजेको समयमा प्र.ना.उ.भाष्कार खतिवडाको कमान्डमा रहेको टोली थप मदतको लागी भनेर फेरी बानेश्वर बृत्तमा खटाई पठाईएको हुदां स्थिति समान्य नभएसम्म त्यहि रहने आदेश भएकोले त्यहि बसेको र बाहिर चोकको अवस्था समान्य भए पश्चात करिब २१ः४५ बजेको समयमा हाम्रो टोलीलाई समेत ने.प्र.प्र.का नक्सालमा फिर्ता भई कमान्डारलाई समेत जानकारी गरा ई आफ्नो-आफ्नो स्थानमा पठाईएको थियो।  मिति २०८२ असोज २४ गतेको घटनामा म ने.प्र.प्र.का.नक्सालको आदेशमा स्टेन्डबाई डिउटी रहेकोले आफ्नो कार्यायल नेपाल पुलिस हेल्थ क्लव भूकुटीमण्डपमा नै रहेको र सम्पूर्ण सरकारी कार्यालय लगाएत सबै कार्यालय बन्द रहने सुचना आएपछी कार्यालयमा रहदा प्रदर्शनकारीहरु सबैतिरबाट हो- हल्ला गर्दै रानीपोखरीबाट मेट्रोको कार्यालय सिंहदरबार आसपासमा समेत रहेको सरकारी कार्यालयहरू तोडफोड आगजनी भई रहेको देखेर नेपाल पुलिस हेल्थ क्लव भूकुटीमण्डमा पनि तोडफोड आगजनी हुन सक्ने सम्भावना भएको हुदां सुरक्षाको हिसाबले नेपाल पुलिस हेल्थ क्लवको पेरिमिटरमा रहेको मुल गेट समेत बन्द गरी यस हेल्थ क्लव र गेष्टबाट दिने सेवा सुबिधा समेत बन्द रहने सुचना सेवाग्राहीहरूलाई जानकारी गराएको त्यस प्रश्चात नगर प्रहरीमा (city police)एउटै पेरिमिटर भित्र पर्ने भएकोले कार्यालय सुरक्षा कसरी गर्ने भनी समन्वय गर्न जाँदा त्यहाँ पनि सबै प्रहरी कर्मचारीहरू बाहिर डिउटीमा खटिई कार्यालयमा फर्किन नसक्ने थियो र भएको प्रहरी कर्मचारी पनि सादा पोशकमा बाहिर गई सकेको हुदां बेलुका ४:०० बजे पछि प्रश्चात गेष्ट

हाउस लगाएत हेल्थ क्लव बन्द गरी बेलुका ९:०० बजेसम्म यही क्लवमा रहेको त्यसपछि बाहिरको स्थिति सामान्य देखिए पछि कोठामा बस्ने प्रहरी कर्मचारीलाई कोठामा पठाईएको र ब्यारेकमा बस्ने प्रहरी कर्मचारी यही बसेको जानकारी गर्दछु। [74]

## ७४. प्रहरी बृत कालिमाटीका प्रहरी वरिष्ठ नायव निरीक्षक विरेन्द्र कुमार चौधरीको कागज ब्यहोराः

मिति २०८२। ०५। २३ गतेको दिन म कार्यालय ड्युटीको रुपमा खटिएको थिएँ। उक्त दिन मेरो जिम्मेवारीमा कुनै पनि घटना भएको थिएन, सामान्य अवस्थामा ड्युटी सम्पन्न गरेको थिएँ। मिति २०८२। ०५। २४ गते बिहान ०८:०० बजेको समय देखि पहिलो सिफ्टको मोबाइल ड्युटीको जिम्मेवारी बुझेको थिएँ। सोही समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. १४ कंलकी चोकमा केही आन्दोलनकारीहरुले टायर बाली प्रदर्शन गर्न लागेको भनी प्रहरी कन्ट्रोल रुमबाट संचार सेटमा जानकारी प्राप्त हुन आएकोले प्र.नि. बिजयराज तिमल्सिनाको कमाण्डमा म समेतको प्रहरी टोली सो स्थानमा खटि गएका हौं। यस वृत्तका प्रमुख प्र.ना.उ. मधु कुमार थापा मिति २०८२। ०५। २३ गते बानेश्वरमा भएको जे एन जेड को अन्दोलनमा घाईते भएको र उपचार गरी यस कार्यालमै भएकोले सुरुमा प्र.नि. बिजयराज तिमल्सिनाले प्रहरी टोली लिएर कलकी जानु भएको हो। उक्त स्थानमा पुग्दा सुरुमा ५००/६०० जना प्रदर्शनकारीहरुले कलंकी चोकमा जम्मा भइ बाटो अवरोध गरी टायर बालेर प्रदर्शन गरी रहेका थिए। प्र.नि. बिजयराज तिमल्सिना समेतको प्रहरी टोलीले सेट मार्फत प्रहरी कन्ट्रोलमा कल गरी थप मद्दत माग गर्नु भएको थियो। पछि प्रदर्शनकारीहरु उग्र बन्दै तोडफोड समेत गर्न लागेका थिए। प्रहरी कन्ट्रोल रुमबाट रिले भएपछि प्रहरी बृत कालिमाटीका प्र.ना.उ. मधु कुमार थापा ज्यु घाईते अवस्थामै औषधी सेवन गरी दुखाई कम गर्ने सिरिन्ज लगाई तत्काल थप टोली लिई कंलकी चोकमा आई कमाण्ड लिनु भएको थियो। प्र.ना.उ. मधु कुमार थापाले सञ्चार सेट मार्फत प्रहरी कन्ट्रोलबाट थप मद्दत माग गरेपछी भूकुटीमण्ड स्थितमा रहेको नगर प्रहरी बाट २ जना प्रहरी निरीक्षकको कमाण्डमा दुईवटा गाडीमा प्रहरी टोली, प्रहरी प्रभाग बलम्वुबाट प्र.नि.को कमाण्डमा प्रहरी टोली र केही समय पछि प्रहरी बृत स्वयम्भुबाट समेत प्र.नि. को कमाण्डमा प्रहरी टोली खटी आएको थियो। मिति २०८२। ०५। २४ गते बिहान ०९:०० बजे पछि प्रदर्शनकारीहरु बढ्दै गई ५०००/७००० संख्या पुगेको थियो। निजहरुले बाटोमा टायर बाली यातायातका साधनहरु तोडफोड गरी आवागमन अवरोध गरेका थिए। पछि भिड उग्र बन्दै प्रहरीलाई आक्रमण सुरु गरेका हुन्। प्रहरी प्रभाग बलम्वुबाट आएको सवारी साधन तोडफोड गरी प्रहरीलाई कुटपिट गरि घाइते बनाएका हुन्।

74 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.७३ अन्तर्गत रहेको ।

प्रहरीले २३ गते बानेश्वरमा गोली हानी मारेको हो, यीनिहरुलाई पनि मार्नुपर्छ, जिउँदै आगो लगाउनु पर्छ भन्दै घरेलु हातहतियार समेत बोकी आएका थिए। प्रहरी कन्ट्रोल रुम भद्रकालीबाट सञ्चार सेटमा धेरै बल प्रयोग नगर्ने, लाईभ राउण्ड गोली नहान्ने, थप मानविय क्षति हुन नदिन सम्यम भई कार्य गर्ने निर्देशन भएकोले हामी रक्षात्मक तरिकाले बसि भिडलाई शान्त रहन आग्रह गरी पटक पटक माईकिङ गरेता पनि कोही कसैले हाम्रो कुरा नसुनी लगातार रुपमा प्रहरीलाई आक्रमण सुरु गरेका थिए। अराजक भिडले प्रहरी प्रभाग कलंकीको भवनमा प्रहरी कर्मचारीहरुलाई भित्रै थुनी बाहिरबाट आगजनी गरेका हुन्। कलकी सि. आर. भि. गाडीमा आगजनी गर्नुका साथै नजिकै रहेको ट्राफिक प्रहरी प्रभाग कलंकीमा प्रहरी कर्मचारीलाई ढोका थुनी बाहिर निस्कन नदिई आगजनी गरेका हुन्। प्रहरी कर्मचारीहरु जिउँदै जल्ने अवस्था आएपश्चात प्रहरीले अश्रुग्याँस तथा लाठ्ठी चार्ज गरेको हो। त्यसबाट प्रहरी कर्मचारीहरु घाईते भएको र घाईतेलाई तत्काल अस्पताल लान समेत सकिएको थिएन। कलंकी स्थितमा रहेको नापी कार्यालय र मालपोत कार्यालयमा समेत आगजनी गरेका हुन्। उक्त समयमा कलंकीमा १० हजार बढीको संख्यामा प्रदर्शनकारीहरु आएका थिए। उनीहरुले घरेलु हात हतियार पेट्रोल बम बोकेका थिए। चारै तर्फ टायर बाली प्रदर्शन भएको थियो। उक्त घटनाको बारेमा तत्कालीन फिल्ड कमाण्डर प्र.ना.उ. मधु कुमार थापा ज्युबाट प्रहरी कन्ट्रोल मार्फत तालुक कार्यालयमा सो अवस्था बारे जानकारी गराइएको थियो। प्रहरी सञ्चार सेटमा प्रहरीका अन्य प्रहरी युनिटहरु, प्रहरीको गाडी, नेता तथा ब्यक्तिगत घर, ब्यवसायिक भवनहरु, राष्ट्रपति निवास, संसद भवन र सिंहदरवार समेतका आगजनी गरेको भनी चारैतर्फबाट अन्दोलनकारीहरु उग्र बन्दै गएकोले संयमित भई आफ्नो र कार्यालय, हातहतियारको सुरक्षा गर्नु बल प्रयोग नगर्नु भन्ने आदेश भएकोले म समेतको प्रहरी टोली प्रहरी वृत्त कालिमाटी तर्फ फिर्ता हुन लागेका थियौं। सो क्रममा हजारौं प्रदर्शनकारीहरुले हामिहरुमाथी ढुङ्गा मुढा, पेट्रोल बम समेत प्रहार गरी केही प्रहरी कर्मचारीहरुलाई समेत घाईते बनाउनुका साथै गाडीहरुमा तोडफोड समेत गरेका थिए। हामीहरुले थप प्रहरी टोली माग गरेता पनि कतैबाट थप मद्दत आउने सकेको थिएन। कलंकी चोकमा रहेको शसस्त्र प्रहरी बल चुपचाप बसी गाडीबाट समेत ननिस्कीई आफ्नो बेस तर्फ भागेपछी हामीहरु बिस्तारै कालिमाटी वृत्तको सुरक्षाको लागी फर्केका हौं। हामीलाई हजारौं प्रदर्शनकारीहरुले लखेट्न थालेपछीमात्र हाम्रो तर्फबाट अश्रुग्यास प्रहार गर्दै कालिमाटी तर्फ फर्केका हौं। केही प्रदर्शनकारीहरु उद्योगपति बिनोद चौधरीको घर तर्फ लागे भने केही प्रदर्शनकारीहरुले हामीहरुलाई ढुङ्गामुढा गरी रहेका थिए। कालिमाटी प्रहरी वृत्त अगाडी पुग्दा कार्यालय गेट अगाडी ४०००/५००० को संख्यामा प्रदर्शनकारीहरुले प्रहरी वृत्तको चारै तर्फबाट घेरा हाली ढुङ्गा मुढा, ईटा पेट्रोल बम हानी रहेका थिए। हामीहरुले अश्रुग्याँस प्रहार गरी भिडलाई तितर बितर पारी वृत्तमा प्रवेश गरी भित्र रहेका ३००/४०० जना प्रदर्शनकारीहरुलाई बाहिर निकालेका हौं, हामीहरुलाई लखेट्दै कलंकी तर्फबाट आएका हजारौं

प्रदर्शनकारीहरु र बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरु र कालिमाटीमा रहेका प्रदर्शनकारीहरुको भेट भएपछि स्थिती नियन्त्रण बाहिर गएको थियो। बाटोमा र प्रहरी कार्यालयमा भएको आगजनीबाट चारै तर्फ धुवाको मुस्लो निस्किएको थियो। बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरुले सर्टगन, थ्रि नट थ्री र एल एल आर हतियार समेत बोकी मोटरसाईलमा आएका थिए, केही प्रदर्शनकारीहरुले प्रहरीको चुस्ता लगाई आएका थिए। प्रहरी वृत्त कालिमाटी र नगर प्रहरीबाट भएको टोली मजबुत भइ प्रदर्शनकारीहरुलाई गेटमा रोक्न लाग्दा गेटबाट प्रवेश गर्न नसकेपछि दायाँ वाया र पछाडी तर्फ रहेको घरमा पसि छतबाट पेट्रोल बम प्रहार गरेका थिए। जसको कारणबाट प्रहरी वृत्तको अगाडी तर्फ मेनबाटो तर्फको कोठाहरुमा आगलागी भएको थियो। पछाडी तर्फ रहेको ट्राफिक भवनमा आगलागी हुनुका साथै साइडमा पार्क गरेको ट्राफिक प्रहरीको भ्यान र अन्य सवारी साधन तथा यस कार्यालयको गेटमा रहेको ट्राफिक प्रहरीको भ्यानमा समेत आगलागी सुरु भएको थियो। वृत्तको मेन गेटबाट हतियार बोकेका प्रदर्शनकारीहरु भित्र छिरी प्रहरीको साथमा रहेको सर्टगन र गोली खोसी अन्य हतियार समेत कब्जामा लिन खोजे पश्चात पटक पटक माईकिङ गरि प्रहरीबाट आत्मरक्षाको लागि केही डमी राउण्डबाट हवाई फाएर गरिएको हो। बालाजु स्वयम्भु तर्फबाट मोटरसाईकल तथा मिनी भ्यानहरुमा हातहतियार सहित प्रदर्शनकारीहरुले सबै प्रहरीलाई मार्नुपर्छ भनी नारावाजी गरी वृत्तमा प्रवेश गर्न थालेको र प्रहरी वृत्त जल्न थालेपछि हामिहरुले माईकिङ गर्दा समेत नमानेकोले हवाई फाएर गरेपश्चात प्रदर्शनकारीहरु केही पछाडी हटेको मौका छोपी यस वृत्तको हिरसतमा रहेका थुनुवाहरु कार्यालय प्रमुखको आदेशमा तालुक कार्यालयमा जानकारी गराई पछि उपस्थित हुन आउनु भनी तत्कालका लागी जिवनरक्षाको लागी हिरासतमुक्त गरिएको थियो। प्रहरी कन्ट्रोल परिसर भद्रकालीबाट थप मानविय क्षति नहोस भनी प्रहरी कर्मचारीले कार्यालय छोडी अन्य सुरक्षित स्थानमा हतियार, संचार सेट र गाडीहरु सुरक्षित गरी लानु भन्ने जानकारी पश्चात सम्पूर्ण हात हतियार, संचार सेट प्रहरी भ्यानमा लोड गरी प्रहरी कर्मचारीहरु कालिमाटी चोक, टेकु, शहिदगेट हुँदै परिसर भद्रकाली गएका हौं। म समेतको प्रहरी टोलीलाई बाटोमा चारै तर्फबाट ढुङ्गामुढा समेत भएको थियो। हामीहरुले पटक पटक थप मद्दत माग्दा समेत आफू सुरक्षित रहनु अन्य सुरक्षा निकायहरुबाट थप मद्दत आउन सक्दैन भनी जानकारी पाएका थियौं। पछी परिसर भद्रकालीमा समेत हजारौको संख्यामा प्रदर्शनकारीहरु हात हतियार लिई आक्रमण गर्न लागेकोले माईकिङ गर्दा कोही कसैले नसुनेपछी केही राउण्ड अश्रुग्याँस हान्नुका साथै डमी राउण्ड गोलीबाट हवाई फाएर समेत गरिएको हो, जसको कारण परिसर भद्रकालीमा आगजनी तथा लुटपाट हुनबाट जोगिएको हो। जिल्ला प्रहरी परिसरमा सो कार्यालयको सुरक्षामा खटिएका कमाण्डरको आदेश बमोजिम हामीहरुले काम गरेका हौं। दर्जनौं पटक जिल्ला प्रहरी परिसरमा आक्रमणको प्रयास भएको थियो। राती ०७:३० बजेको समयमा १०० भन्दा बढी मोटरसाईल र सशस्त्र प्रहरीको ट्रकमा चढी आएका प्रदर्शनकारीहरुले गेटमा सो

ट्रक ठोक्काई गेट भत्काउने प्रयास गर्दा हामीहरुले अश्रुग्यास तथा लाठी चार्ज गरि रोकेका हौं। उक्त दिनको आक्रमण गर्दा हरेक प्रकारका ब्यक्तिहरु सलग्न थिए। प्राय: गरी लागु औषध सेवनकर्ता, कलकी बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रुपमा काम गर्ने ब्यक्तिहरु, सुकुम्वासी बस्तिका ब्यक्तिहरु, कवाडीमा काम गर्ने भारतिय मुलका ब्यक्तिहरु र प्रहरी हिरासतबाट भागेका थुनुवाहरु हुन सक्ने अनुमान गरेको छु, तिनीहरुबारे एकिनका साथ को-को मिली गरेका हुन् भन्ने एकिन गर्न सकिँदैन। म समेतको प्रहरी टोलीले वृत्त छाडी गएपश्चात यस कालिमाटी वृत्तमा आगजनी तथा लुटपाट गरि सम्पूर्ण शाखाहरुमा रहेका सम्पूर्ण सामाग्री, फर्निचर र प्रहरी कर्मचारीका ब्यक्तिगत सवारी साधनहरु र अन्य सामाग्रीहरु पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालय परिसरमा रहेका सवै सवारी साधनहरुमा आगजनीबाट पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालबाट सर्टगन र गोलीहरु लुटिएको थियो। सर्टगन पछि फेला पारी सकिएको छ। गोलिहरु भने हालसम्म फेला परेको छैन। उक्त घटनामा यस कार्यालयका ६०। ६५ जना प्रहरी कर्मचारीहरु घाइते भएका थिए भने लाठी चार्जबाट केही प्रदर्शनकारीहरु घाईते भएका थिए। निजहरुको एकिन संख्या भने मलाई जानकारी छैन। प्रदर्शनकारीबाट भएको आक्रमण तथा कुटपिटबाट प्रहरी कर्मचारी घाईते भएका हुन् भने प्रहरीको लाठी चार्ज र भागदौडमा प्रदर्शनकारीहरु घाईते भएका हुन। हामीले तालुक कार्यालयबाट आदेश भए बमोजिम कम भन्दा कम बल प्रयोग गरि आफ्नो ज्यान दाउमा राखी हातहतियार, सञ्चार सेट र प्रहरी भ्यानहरु जोगाएका हौं। उक्त घटनामा म समेतका प्रहरी कर्मचारीहरुको ब्यक्तिगत सवारी साधन र सम्पूर्ण सामानहरु जलि नष्ट भएको छ। [75]

**<u>७५. प्रहरी बृत्त बौद्धमा कार्यरत प्रहरी बरिष्ठ नायव निरीक्षक शरदप्रसाद पाण्डेको कागज ब्यहोरा:</u>**

मिति २०८२ भाद्र २३ गते प्रनाउज्युको कमाण्डमा नयाँ बानेश्वरको अल्फा बिटा कम्प्लेक्स अगाडीको सडकको बिच लेनमा ०८:३० बजेदेखि ड्युटीमा थिए। कमाण्डरले सबै टोलिलाई सामेल गरी डिउटीको सम्बन्धमा सम्झाई बुझाई आदेस बिन कोहि कसैले केहि नगर्ने र कसैसंग पनि विवाद समेत नगर्ने भनी ब्रिफिङ पश्चात जिम्मेवारी बाडफाड गरी परिचालित भएको हु। यसै क्रममा खटिएको स्थानमा फलामको बेरिकेड लगाई बिचको बेरिकेडमा “निषेधित क्षेत्र“ लेखिएको ब्यानर लगाई सबै तयारी गर्न कार्य पश्चात म समेतको केही प्रहरी बेरिकेड सुरक्षार्थ, शिल्ड टोलि हाम्रो पछाडी र हतियार टोलि तेश्रो लाईनमा फर्मेशन मिलाई तयारी अवस्थामा रहेको हौ। केहि समय पछि प्रदर्शनकारी हरुको ठुलो समुह बेरिकेड नजिक पुगी बेरिकेडमा खुट्टाले हानि बेरिकेड तान्नुका

75 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.७४ अन्तर्गत रहेको ।

साथै बिभिन्न किसिमका नाराबाजिका साथै गालिगलौज समेत गरीरहेका थिए। हाम्रो कमाण्डरले प्रदर्शनकारीहरुको समुहलाई शुरु देखि नै माईकिङ गरी सम्झाई बुझाई रहनु भएको थियो र कुनै समुह संयमित देखिन्थ्यो भने कुनै समुह उग्र र उत्श्रृंखल देखिन्थे र भीड नेतृत्वबिहीन छ जस्तो पनि महसुस भएको थियो। केहि समयमै प्रदर्शनकारीहरुले पानिका बोत्तल, ढुंगाले समेत प्रहरी माथी प्रहार गरिरहेका थिए र केहि समयको संघर्ष पछि प्रदर्शनकारीहरुले निषेधित क्षेत्र तोडेका हुन। दिनभरीको प्रदर्शनकारीहरुको आक्रमण भयावह र दर्दनाक थियो। प्रदर्शनकारीहरुको आक्रमणबाट मेरो शरीरको भिभिन्न भागमा चोटपटक लाग्दा बाया हातको कुमको हाड जोर्नि समेत चर्केको थियो। सो दिन बेलुका सम्म म समेतको टोलि हाम्रो कमाण्डरको साथमा रही कार्य सम्पादन गरेको हु र म तथा हाम्रो टोलिबाट कमाण्डरको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज मात्र प्रयोग भएको छ कुनै पनि घातक हतियारबाट फायर भएको छैन र कुनै पनि मानिसको मृत्य वा घाईते समेत भएका छैनन। डिउटी समाप्त भए पश्चात हाम्रो कमाण्डर प्रनाउ ज्युले खटिएको टोलिलाई सामेल गरी डि-ब्रिफिङ समेत गर्नु भएको हो।

मिति २०८२ भाद्र २४ गते प्रनाउज्यु को कमाण्डमा नयाँ वानेश्वरको अल्फा बिटा कम्प्लेक्स अगाडीको सडकको बिच लेनमा ०८:३० बजेदेखि ड्युटी लिएको र डिउटी लिएको केहि समय पछि कमाण्डरको आदेशअनुसार कार्यालयको सुरक्षाको लागी कमाण्डरकै साथमा कार्यालय तर्फ फर्केका हौं। प्रहरी बृत्त बौद्धमा अन्दाजी १०:४५ बजेको समयमा पुगेको हौ, प्रदर्शनकारीहरु बौद्ध स्तुपा तर्फ र टुसाल चोक तर्फ जम्मा भएका देखेका हौं। कार्यालयको सुरक्षाका लागी कार्यालय प्रमुख प्रनाउ ज्यु तथा प्रनि ज्युहरुको कमाण्डमा रही फ्रन्टलाईनमा बसि खटिएको टोलिको साथमा रही आवश्यकतानुसार भिड ब्यवस्थापनमा लागेको हु। प्रदर्शनकारीहरु शुरुवाती समयमा ५/६ हजारको संख्या र पछि गएर अन्दाजि १०/१२ हजारको संख्या रहेको थियो। शुरुमा केहि पातलो भिड आएर प्रहरी माथि ढुंगा मुडा प्रहार गरी आक्रमण गरेको समयमा केहि स्थानीयहरुले पनि कार्यालय जोगाउन र प्रहरी माथी आक्रमणको प्रयास गरेका हुन, बिस्तारै प्रदर्शनकारीहरुको समुह बढ्दै गयो र स्थिति झन आक्रामक र भयावह बन्दै गएको थियो सो मध्ये केहि ब्यक्तीहरुले खुकुरी बोकेका, केहिले लाठी, ढुंगा, मुडा, पेट्रोल भरेका बोतल समेत बोकि हिडेका देखिन्थे। प्रनाउ ज्यु तथा प्रनि ज्युहरुले पटक पटक माईकिङ गरि प्रदर्शनकारीहरुलाई सम्झाईबुझाई अनुरोध गरि रहनु भएको थियो र सो अनुरोधको बेवास्ता गरी प्रदर्शनकारीहरु निरन्तर आक्रमण गरिरहेका थिए। प्रहरी कार्यालय तथा प्रहरी माथी आक्रमण हुदै गर्दा कानून बमोजिम दिएको कमाण्डरको आदेस बमोजिम

आवश्यकतानुसार सिलसिलेवार लाठी चार्ज, अश्रु ग्यास, सर्टगनको रबर कार्टिज समेत फायर गरी कार्यालयको सुरक्षा गरेका हौ। प्रदर्शनकारीहरुको समुहबाट निरन्तर भएको आक्रमणलाई नियन्त्रण गर्न हर प्रयास गरिएको हो। अन्दाजि १४:३० बजेको समयमा प्रनाउ ज्यु तथा प्रनि ज्युहरुलाई लाई अश्रु ग्यासका सेल सकिन लागेकोले लाईभ राउण्ड फायर नगरी भीडलाई कन्टेन गर्न नसकिने रिपोर्ट गरेको हु र सो सम्बन्धमा प्रनाउ ज्यु ले लाईभ राउण्ड हान्नु हुदैन मानिसको ज्यान भन्दा कार्यालय ठुलो होईन भन्ने आदेश आएपछि मानवीय क्षति नहोस भन्ने उद्देश्यले कार्यालयमा रहेका हातहतियार र महत्वपूर्ण सामग्रीहरु सुक्षितसाथ साथमा लगी सुरक्षित स्थान तर्फ जाने सल्लाह गरेका हौ। कार्यालयमा भएका हातहतियारहरु साथमा बोकि अन्दाजी १५:०० बजे कार्यालय नजिकैको सानो गल्लीको बाटो हुदै सुरक्षित साथ एयरपोर्ट गएका हौ। सो दिन पनि हाम्रो टोलिबाट कानून बमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज मात्र प्रयोग भएको र सो बाट कुनै पनि प्रदर्शनकारिहरु गम्भिर घाईते पनि नभएको र मानवीय क्षति समेत नभएको ठिक साचो हो। [76]

## ७६. प्रहरी वृत महाराजगंज, काठमाण्डौमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक ज्ञान प्रसाद पराजुलीको कागज ब्यहोराः

म प्रहरी चौकी टिकाभैरव ललितपुरबाट मिति २०८२-०५-२० गते प्रहरी वृत महाराजगंजमा हाजिर भई हालसम्म सोही कार्यालयमा कार्यरत रहेको छु। मिति २०८२-०५-२२ गते १८०० बजे देखि ऐ. २३ गते ०६०० बजे सम्म मोवाईल अफिसरको रुमा खटिई ऐ. २३ गते म पूर्ण रुपमा रेस्टमा आफ्नै घर कोठामा थिएँ। २३ गतेको जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा म घरमै रहँदा टेलिभिजन, मोवाईलबाट आएका घटनाहरुको जानकारी भएको हो, फिल्डमा म थिईन। ऐ. २४ गते विहान ०६०० बजे देखि ऐ. १८०० बजे सम्म म पुनः कार्यालयले खटाएको मोवाईल अफिसरको रुपमा खटिएको थिएँ। मेरो कमाण्डमा चालक १ जना र अन्य ३ जना समेत ५ जना थियौं। मेरो कल साईन सर्कल माईक १११ थियो। मसँग डिउटीमा रहँदा मसँग मोटोरोला हैण्ड सेट थान १, टाईप ५४ पेस्तोल थान १ र सो मा प्रयोग हुने ७ राउण्ड गोली सहितको म्यागजीन थान १, सियुजी मोवाईल थान १, खटिएको सहकर्मी मध्ये १ जनासँग १ नाल एसएलआर, र ऐ. मा प्रयोग हुने २७ राण्ड गोली ( १० राउण्ड ब्ल्यांक समेत) थियो। सबै प्रहरी कर्मचारीले फुल गियर लगाएका थियौं। डिउटी खटीए पश्चात अं. ०७३० बजे तिर काठमाण्डौ रिंगरोड भित्र बिहान ०८३० बजेबाट लागु हुने गरी जिल्ला प्रशासन कार्यालयबाट कर्फ्यु आदेश जारी हुने

76 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न. ७५ अन्तर्गत रहेको ।

जानकारी पाएकोले सोही कर्फ्युका सम्बन्धमा आफ्नो वडा एरीयाहरुमा माईकिङ गर्दै सो आदेशको बारेमा स्थानियबासीहरुमा जानकारी गराएको हुँ। ऐ. अं. ०९०० बजेको समयमा मुख्य सचिव ज्यूलाई स्कर्टिङ गरी वाहाँको निजि निवास हेपाली हाईट देखि प्रधानमन्त्री निवास बालुवाटार सम्म छाडेर पुनः आफ्नै एरीया तर्फ गएको थिएँ। त्यसपछि प्रहरी प्रभाग हरिसिद्धि ललितपुरमा प्रदर्शनकारीहरुले आगजनी तोडफोड गरेको सन्चार सेटबाट जानकारी हुन आएको र तत्पश्चात उपत्यका प्रहरी कन्ट्रोल रुमबाट सन्चार सेटमा स-साना टुकडीमा रहेका बिट र प्रभागहरु वृतमा मर्ज गराउने आदेश आएकोले मैले वृत महाराजगंजको मातहत रहेका प्रहरी विट सुकेधारा, प्रहरी विट मण्डिखाटार र प्रहरी प्रभाग गोल्फुटारमा गई उक्त प्रहरी कार्यालयबाट हात हतियार र सम्पूर्ण प्रहरी जनशक्तिलाई लिई प्रहरी वृत महाराजगंजमा लगी आफू समेत सोही स्थानमा बेस बनाई बसेको थिएँ। उपत्यका प्रहरी कन्ट्रोल रुमबाट सन्चार सेटबाट हामीलाई सम्पूर्ण प्रहरी कर्मचारी सहित कार्यालयमा सुरक्षित रहने भनी आदेश अनुसार कार्यालयमा थिएँ। वृतको प्र.ना.उ. ज्यु तालीमको सिलसिलामा अमेरिकामा रहनु भएको, र १ जना प्र.नि.को कमाण्डमा १० जना बुढानिलकण्ठ एरीयामा र अर्को १ जना प्र.नि.को कमाण्डमा १० जना सितल निवासमा खटि जानु भएको थियो। बाँकी करिव ४५/५० जना हामी कार्यालयमा थियौं। हामीलाई लक्षित गरी बिहानको करिव ११३० बजेको समयमा हाम्रो कार्यालय बाहिर करिव २०० जना प्रदर्शनकारीहरुले प्रदर्शन नारावाजी गरी हामीलाई ढुंगामुढा गरि रहेका थिए। त्यसक्रममा हामीले भिडलाई सम्झाई बुझाई गर्दै बसेका थियौं, भिड थपिदैं अनियन्त्रित हुन थाले पछि हामीले लाठि चार्ज गर्दै अश्रु ग्याँस समेत प्रहार गर्दै भिडलाई पटक पटक तितरबितर गरेको हो। त्यसक्रममा उपत्यका प्रहरी कन्ट्रोल रुमबाट सन्चार सेटबाट हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरुलाई अभिलेख राखेर छाडिदिने तथा सबै प्रहरी युनिटलाई आफू र आफ्नो हात हतियार जोगाई सुरक्षित स्थानतर्फ जाने भन्ने आदेश ( तर सुरक्षित स्थान कता भन्ने स्पष्ट नभएको) भएपश्चात स्थिति असमान्य हुँदै गएको महशुश भयो। सो आदेश पश्चात कार्यालयको हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरु छाडियो। थुनुवाहरु छाड्नासाथ हाम्रो प्रहरी कार्यालयबाट छाडिएका थुनुवाहरु सहितको आक्रोसित भिडले कार्यालय, सवारी साधन लक्षित गरी आगजनी गर्न थाले, हामीले कार्यालय सुरक्षार्थ ग्याँस सेलहरु फायर गरियो, ब्लांक राउण्ड समेत फायर गरियो, (तर मैले आफ्नो साथमा रहेको पेस्तोलबाट कुनै राउण्ड गोली फायर गरेको छैन) सो क्रममा केही प्रहरी साथीहरु कार्यालयबाट बाहिर निस्की सुरक्षीत स्थानतर्फ गई सकेका रहेछन्। हामी करिव ३० जना प्रहरी कर्मचारीहरु कार्यालको पछाडितर्फ थियौं। सोही क्रममा हामीसँगै रहेका प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई भिडले गेटबाट घिसारी सडकमा लगी फलामका रड, धारीलो हतियार प्रयोग गरी कुटपिट गरी मारेर लाश सडकमै छाडेका थिए। त्यसपछी हाम्रो कार्यालयमा आगजनी हुँदा हामी बाहिर निस्कन नसकेकोले हामी कार्यालयको छतमा गई जिवन मरणको दोसाँधमा रही उद्धारको लागि मैले सन्चार सेटबाट

उपत्यका प्रहरी कार्यालय कन्ट्रोल रुममा बस्तुस्थितिको बारेमा पटक पटक रिपोर्टीङ गरेको हुँ। प्रदर्शनकारीहरुले समेत प्रहरीको संचार सेट लुटी सेटमा जथाभावी अश्लील शब्दहरु बोल्न थालेपछी मैले मोवाईल नं. ९८५१०८४४२७ र ९८५१२९६८३० बाट कार्यालय प्रमुख प्र.नि. सुदर्शन पन्थी, प्र.अ.म.नि. दान बहादुर कार्की सर, प्र.ब.उ. बिश्व अधिकारी ( फोन नउठेको) लाई पटक पटक उद्धारको लागि रिपोर्टिङ गर्दा प्र.नि. ज्युबाट आर्मीको डिएमओ शाखामा सम्पर्क गर्न भन्नु भएको र प्र.अ.म.नि.ज्युबाट आर्मिसँग समन्वय गर्दैछु भन्नु भएको थियो। हामीलाई उद्धार नहुँदा सम्म हामी छतमा रहेका कार्यालयको तेश्रो तलासम्मा पूर्ण आगलागी भएको र आगोको मुस्लो चाहीँ छतसम्म आई हामिलाई श्वास फेर्न समेत मुश्कील भै रहेको थियो। नेपाली सेनाको डिएमओ शाखामा करिव १५/२० पटक फोन गरी हारगुहार गरेपछि दिनको करिव १६३० बजेको समयमा नेपाली सेनाको हेलीकप्टर आई हामीलाई कार्यालयको छतबाट ४ पटकमा छतमा रहेका जम्मा २२ जनालाई उद्धार कार्य गरेको हो। त्यसपछी हामीलाई उद्धार गरी सो दिन नेपाली सेनाको भैरवनाथ गणमा लगी सुरक्षित राखेका हुन्। साँझको समयमा सोही भैरवनाथ गणमा नेपाली सेनाले एउटा लाश लिई आएको र मिडियामा डिएसपिको लाश रहेको भन्ने अफवाह फैलिएको रहेछ, म समेत अन्य प्रहरी कर्मचारीहरु गई लाश हेर्दा क्षत विक्षत भई अनुहारको कुनै भाग नचिनिने अवस्थामा रहेको र लाशसँगै रहेको मोवाईल फोनबाट उक्त मृतक प्र.स.नि. मिलन रायको लाश रहेको भनी सनाखत हुन आई मैले नै उक्त लाश बुझी लिई रातको करिव १०३० बजेको समयमा नेपाल प्रहरी अस्पतालको लाश घरमा लगी राखि फर्किएको हुँ। रातको समयमा म भैरवनाथ गण मै रहेको अवस्थामा मसँग खटिएका २ जना प्रहरी कर्मचारीहरु सुरक्षित रहने क्रममा चाईनिज कल्चरल सेन्टर भवनमा हतियार सहित लुकिछिपी बसेका छौं उद्धार गर्नु पर्यो भनेपछि मैले कन्ट्रोल शाखामा पिडित प्र.क.को नम्वर सहित जानकारी गराउँदा रातमा उद्धारको कार्य हुन नसकि भोलिपल्ट विहान करिव ०६०० बजेको समयमा प्र.ब.उ. दिप शमशेर ज.व.रा. सरलाई पुनः रिपोर्टिङ गरी निजहरुलाई करिव ०८०० बजेको समयमा हात हतियार सहित सुरक्षित रुपमा उद्धार समेत गराएको हुँ। भोलिपल्ट २५ गते हामीलाई हाम्रो कार्यालयबाट खोजिनिति भएन, नेपाली सेनाले दिनको करिव १७०० बजेको समयमा हामीलाई प्रहरी प्रधान कार्यालय नक्शालमा लगी बुझाईदिएको हो। त्यसपछी मैले मेरो जिम्ममा रहेको हतियार गोलीगट्ठा तथा संचार सेट समेत प्रबन्ध र संचार शाखामा बुझाई उपचारको लागि नेपाल प्रहरी अस्पतालमा गएको हो। म सामान्य चेकजाँच पश्चात सोही दिन डिस्चार्ज भई घरमा गएको हुँ।

घटना वारदात पश्चात मैले आफू र आफ्नो मातहतका कर्मचारीहरु समेत सुरक्षित राखी हात हतियार समेत सुरक्षित जोगाई जोखिममा रहेका अन्य प्रहरी कर्मचारीहरुलाई समेत सुक्षित रुपमा उद्धार गराउँदा समेत

आजको दिनसम्म मलाई मेरो तत्कालीन कमाण्डर तथा विभागका अन्य कमाण्डरहरुबाट समेत कुनै सोधपुछ सम्म नगरी कुनै चासो नदिएकोले मेरो कार्य क्षमताको मुल्यांकन नगरेको मलाई महशूस भएको छ। [77]

**<u>७७. प्रहरी बृत्त थानकोटमा कार्यरत प्रहरी बरीष्ठ नायव निरीक्षक ओमकार चन्दको कागज ब्यहोराः</u>**

मिति २०८२। ०५। २३ र २४ गतेका दिन म आफू कार्यरत प्रहरी वृत्त थानकोटको कार्यालयमा स्टेण्डवाई सुरक्षा तथा म कार्यरत प्रहरी कार्यालयको सुवेदार मेजर भएको हुँदा कार्यालय सुरक्षामा खटिएको थिए, २३ गतेका दिन म प्र.नि. किरण सापकोटाको कमाण्डमा रहेको २५ जनाको प्रहरी टोली कार्यालय सुरक्षामा खटिएकोमा सो दिन जियनजेड पुस्ताले गरेको आन्दोलनमा काठमाण्डौको माईतीघर मण्डलामा बिहानै देखी सो पुस्ताका पर्दशनकारीले पर्दशन सुरु गरेपछि उक्त पर्दशनमा खटिएका प्रहरी कर्मचारीका साथ साथै प्रहरी कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी कर्मचारी र स्टेण्डवाई बसेका प्रहरी कर्मचारी समेत आ-आफ्नो कार्यालयमा हाई अलर्टका साथ बस्ने भन्ने तालुक प्रहरी कन्ट्रोल बाट भएको निर्देशन अनुसार म कार्यालयमा नै थिए सो दिन पर्दशन बिस्तारै माईतीघर मण्डला बाट नयाँ बानेश्वर संसद भवन तर्फ अगाडी बढेको र एभरेष्ट होटल नजिकै रहेको प्रहरी ब्यारिकेट समेत तोडी संसद भवन तर्फ गई पर्दशनमा रहेको भीडबाट केही उच्छ्रृङ्खल व्यक्तीले संसद भवनको पर्खाल भत्काई मेन गेट माथी चढी संसद भवन भीत्र प्रवेश गर्दा प्रहरीले सिलसिलेवार वल प्रयोग गर्ने क्रममा प्रहरीले गोली समेत चलाउनुपरेको लगायतका घटनाक्रम कार्यालय सुरक्षामा बसेको म समेतको प्रहरी टोलीले प्रहरी रेडियो सेट बाट थाहा पाउँदा म समेतको प्रहरी टोली आफ्नो कार्यालयमा हाई अलर्टका साथ डिउटीमा खटिएको थिए सो दिन प्रहरी वृत्त थानकोट तथा कार्यालयको वडा एरीयामा कुनै अप्रिय घटना घट्न पाएन, घटेन अर्को दिन २४ गतेका दिन बिहानै देखि म आफू कार्यरत प्रहरी कार्यालयमा कार्यालय प्रमुख प्र.ना.उ. एलिजा गिरीको कमाण्डमा ३५ जनाको प्रहरी टोली कार्यालयमा स्टेण्डवाई तथा कार्यालयको सुरक्षामा खटिएको थिए, म कार्यरत प्रहरी कार्यालयका २ जना प्रहरी निरीक्षकको कमाण्डमा दुई वटा प्रहरी टोली कार्यालय भन्दा बाहीर कलंकी र वाणभन्ज्याङ खटिएको र अन्य प्रहरी टोली नियमतित मोबाईल, CRV मा खटिएकोमा म समेतको प्रहरी टोली कार्यालयमा रहँदा बिहानै १० बजे देखि नै प्रहरी वृत्त थानकोटको कार्यालय अगाडीको मूख्य सडकखण्डमा मेन गेट अगाडी करिव २ हजार देखी २५०० सम्म बिभिन्न उमेर समुहका मिश्रित पर्दशनकारी भेला जम्मा भई नाराबाजी सहीत मूख्य सडकखण्डमा यातायात अबरुद्ध गर्दै नागढुङ्गा देखि कलंकीको सडकखण्डमा ठाउँ ठाउँमा चोक चोकमा जम्मा भई नाराबाजी गर्दै चोक चोकमा टायर बाली पर्दशन गरीरहेको अबस्थामा म

77 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.७६ अन्तर्गत रहेको ।

आफू कार्यरत कार्यालयमा नै थिए म समेतको प्र.ना.उ.को कमाण्डको प्रहरी टोली ले ऐ.ऐ. ११ :०० बजेको समयमा मेन गेट अगाडी जम्मा भएको भीडलाई शान्त रुपमा राखीराख्न र शान्ती सुरक्षा कायम गरी राख्न खटिएकोमा सो भीडले सो समयदेखी नै प्रहरी कार्यालयमा ढुङ्गामुढा गर्दै बाहिरै बाट तरल पदार्थ भरिएका प्लाष्टीकको बोतल प्रहार गर्दा म समेतको प्रहरी टोली कार्यालयमा नै थियो सो समयमा म कार्यरत प्रहरी कार्यालयका २ जना प्र.नि. को कमाण्डमा रहेको प्रहरी टोली कार्यालय बाहीर कलंकी र वाणभन्ज्याङ खटिएकोमा सो प्रहरी टोली समेत पछि दिउँसोको समयमा कार्यालयमा फिर्ता हुन नसकी कार्यालय बाहीरै रहेको र दिउँसो करिव १२, १ बजे तिर पर्दशन उग्र भई संसद भवन देखि बिस्तारै सिंहदरवार, सर्वोच्च अदालत लगायतका महत्वपूर्ण स्थानमा आगजनी भई काठमाण्डौ उपत्यकाका प्रहरी युनिटहरुमा समेत आगजनी तोडफोड तथा चोरी भएका भनी प्रहरी रेडीयो सेटमा जानकारी आईरहेको र सोही प्रकारका फोटो भिडियो समेत सामाजीक सञ्जालमा प्रसारित भईराख्दा म खटिएको कार्यरत प्रहरी कार्यालयको कार्यालय सुरक्षामा रहेको प्रहरी टोली आफ्नो कार्यालयको सुरक्षाका निमित्त आफ्नै कार्यालयमा रहेको अबस्थामा बिस्तारै अं. २ देखी ३ बजे सम्ममा पनि यस प्रहरी कार्यालय अगाडी रहेको पर्दशनको भीडले प्रहरी कार्यालयमा ढुङ्गामुढा प्रहार गर्ने, प्लाष्टीकका बोतलमा तरल पदार्थ राखी पेट्रोल बम बनाई प्रहार गर्दै कार्यालय अगाडीको मूल सडकखण्ड बाहेक अन्य वरीपरि स्थानियका घर रहेको र कार्यालयको पर्खाल बाउण्ड्री पछाडी बाट समेत ढुङ्गा मुढा प्रहार गर्दा म समेतको प्र.ना.उ.को प्रहरी टोलीले कार्यालयको सुरक्षा, कार्यालयमा रहेका हातहतियार गोलीगठ्ठाको सुरक्षा, हिरासतमा रहेका थुनुवाको सुरक्षा गरीरहेको अबस्थामा सो समय सम्म काठमाण्डौका धेरै स्थानमा रहेका प्रहरी युनिटमा आगजनी गरी कार्यालयका हातहतियार लुटेको, प्रहरी कर्मचारीहरुलाई समेत मारेको भन्ने रेडीयो सेटमा जानाकरी आएको र सो समय सम्म यस प्रहरी कार्यालयमा बाहीर बाटै ढुङ्गा मुढा प्रहार भई रहेकोमा हामीले कन्टेन गरी राखी राखेकोमा पछि बिस्तारै पर्दशनमा उच्छृङ्खल व्यक्तिले हात हातमा रड खुकुरी डण्डा लिई प्रहरी कार्यालयमा समेत आगजनी गर्नुपर्छ भन्दै कार्यालयको गेट अगाडी आगोबाली प्रहरी कार्यालय परीसर बाहीरका बिभिन्न सामान आगोल लगाई पर्दशन गरेको र ढुङ्गामुढा गर्दै प्रहरी कार्यालयमा रहेका सवारी साधनमा क्षति गरेको अबस्थामा काठमाण्डौ उपत्यका प्रहरी कार्यालय (प्रहरी कन्ट्रोल) को रेडीयो सेटमा समेत सकेसम्म आफ्नो कार्यालय बचाउने कन्टेन गर्ने बल प्रयोग नगर्ने, सम्झाई बुझाई गर्ने गोली नचलाउने, थुनुवाको लिष्ट तयार पारी थुनुवा छोडीदिने, गोली गठ्ठा, संचार सेट र हातहतियार बचाउने, प्रहरी कर्मचारी आफू सुरक्षीत हुने भन्ने आदेशानुसार प्रहरी वृत्त थानकोटको वरिपरी बाट करिव ५ हजार मानिसको भीड जम्मा भई आगोबाली नाराबाजी केही उच्छृङ्खल व्यक्तिले पेट्रोल बम प्रहार गर्ने, ढुङ्गामुढा गर्ने क्रम जारीरहँदा सकभर सम्झाई बुझाई गर्दै बचाउदै आएकोमा अं. १६:३० बजेको समयमा पर्दशनमा रहेका केही मानिसहरु हुल बनाई हातमा रड खुकुरी तथा बिभीन्न

घरेलु हातहतियार लिई प्रवेश गर्न मेन गेट तोडफोड तथा आगजनी गरी कार्यालयको हिरासतमा रहेका थुनुवालाई खोली छोडी कार्यालको परिसर भित्रै आगजनी तोडफोड र लुटपाट गर्न थालेपछि प्रहरी वृत्त थानकोटको थुनुवा बोक्ने वानटन गाडीमा प्रहरी हातहतियार, गोली गठ्ठा र संचार साधन राखी प्रहरी कर्मचारी समेत सोही गाडीमा बसी कार्यालयको नजिकै रहेको नेपाली सेनाको व्यारेकमा जादै गर्दा पर्दशनकारीका भीडमा रहेका केही व्यक्तीले प्रहरीको चार पाङ्ग्रे गाडीमा र प्रहरी कर्मचारीलाई ढुङ्गामुढा गर्दा गाडीमा क्षति भएको र प्रहरी कर्मचारीलाई समेत सामान्य चोटपटक लागी घाईते भएका थियौ करिव ५ बजेको आसपासमा म कार्यरत प्रहरी कार्यालयमा पूर्ण रुपमा आगजनी गरेका थिए। [78]

## ७८. संघिय सांसद सुरक्षा वेश नयाँ बानेश्वरमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक राज्कुमार के.सि.को कागज ब्यहोराः

हामीहरु प्रहरी निरीक्षकको कमाण्डमा ९६ जना प्रहरीहरु संसद भवन सुरक्षार्थ खटिएका छौं। म सुवेदार मेजर पदमा कार्यरत थिएँ। यही क्रममा मिति २०८२ भाद्र २३ र २४ गते Gen-Z पुस्ताले गरेको प्रदर्शनमा समेत म सोही स्थानमा कार्यरत थिएँ। मिति २०८२/०५/२३ गते संसदमा राष्ट्रिय सभाको बैठक थियो, उक्त दिन Gen-Z पुस्ताले गर्न लागेको प्रदर्शन माईतीघर मण्डलामा छ भने जानकारी थियो। राष्ट्रिय सभाको बैठकलाई दृष्टीगत गरी कार्यालयमा सम्पूर्ण कार्यरत प्रहरी कर्मचारीहरुको डिउटी खटाई म डिउटीको अनुगमनमै थिएँ। बिहानको करिव ११३० बजेको समयमा संसद भवनको चारैतिरबाट प्रदर्शनकारीहरु संसद भवन तर्फ लक्षित गरी आएको देखी डिउटी चेकजाँच गर्ने क्रममा म संसद भवनको १ नं. गेटमा पुग्दा भवन बाहिर सडकमा करिव ४/५ हजारको भीड देखेको हुँ। सोही क्रममा भिडले प्रहरी लक्षित ढुंगामुढा, गुलेली प्रहार गर्दै संसदको भवनको पर्खालमा समेत तोडफोड गरिरहेका थिए। म गेटमा पुग्ना साथ प्रदर्शनकारीहरुले ढुंगा प्रहार गर्दा मेरो वायाँ आँखामा लाग्न पुग्दा आँखामा गम्भिर चोट लाग्न पुगी रगताम्य (आँखाको भागमा) भई म एकजना प्रहरी कर्मचारीको सहायताले संसद भवन भीत्र रहेको मेडिकल कक्षमा पुगी उपचार गर्दा त्याँहा उपचार सम्भव नभएकोले प्र.नि. सरको आदेश लिई म थप उपचारको लागि सिभिल अस्पताल नयाँ वानेश्वर गएको थिएँ। उपचारको क्रममा चेकजाँच गर्दा मेरो आँखाको अप्रेशन नै गर्नु पर्ने भनी सो स्थानमा समेत मेरो उपचार हुन नसकी तिलगंगा अस्पताल जानु भनेकोले म ५ बजे पछि कार्यालय फर्केको हुँ। दिनमा आन्दोलनको क्रममा के-कसो भयो मलाई कुनै जानकारी भएन। अस्पतालमै रहँदा गोली चलेको आवाज सुनेको थिएँ, सो बाट के कति क्षति भए, मलाई कुनै जानकारी भएन। भोलिपल्ट २४ गते पुनः प्रहरि निरीक्षक ज्युको आदेश लिएर म आँखा उपचारको लागि बिहान ०७०० वजे तिलगंगा तर्फ गएको

78 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.७७ अन्तर्गत रहेको ।

हुँ। सो दिन अस्पताल पुगेपछि दिनको समयमा मेरो आँखाको अप्रेशनमा व्यस्त रहें। आन्दोलनको क्रममा प्रदर्शनकारीहरुले के-कसो गरे, मलाई कुनै जानकारी भएन। मेरो आँखाको समस्याको कारणले मैले मोवाईल समेत चलाएको थिईन। सोही दिन हाम्रो सम्पूर्ण प्रहरी टोली संघिय सांसद सुरक्षा वेश नयाँ बानेश्वरबाट एअरपोर्ट स्थित शसस्त्र प्रहरी कार्यालयमा मर्ज भई बसेको रहेछ, म समेत सो दिन अं. १८०० बजेको समयमा सोही स्थानमा सम्पर्कमा गएको हुँ। पछि रहँदा बस्दा आन्दोलनको क्रममा २३ गते केही प्रदर्शनकारीहरुको मृत्यु भएको र २४ गते प्रहरी कर्मचारीहरुको समेत मृत्यु भएको साथै प्रदर्शनकारीहरुले संसद भवन, सिंह दरवार, सितल निवास लगायत सरकारी कार्यालयहरु समेत जलाएको भनी सुनी थाहा पाएको हुँ। सो दिन देखी हाम्रो सम्पूर्ण प्रहरी कर्मचारीहरु नेपाल प्रहरी विशेष कार्यदल कपन काठमाण्डौमा रही बसी आफ्नो डिउटी गरी आएका छौं। मेरो आँखा हालसम्म पूर्ण ठिक भएको छैन, म डक्टरको नियमित फलो अपमा रहेको छु। प्रदर्शनकारीहरुले संघिय सांसद सुरक्षा वेश नयाँ बानेश्वर स्थित सम्पूर्ण ब्यारेक जलाई हामी सम्पूर्ण प्रहरी कर्मचारीहरुको ब्यक्तिगत सर सामान, पोशाक, सवारी साधनहरु जलाई नष्ट गरेका हुन्। [79]

## ७९. प्रहरी बृत्त दरवारमार्गमा कार्यरत प्रहरी बरिष्ठ नायव निरीक्षक दीप बहादुर रानाको कागज ब्यहोराः

मिति २०८२ साल भदौ २३ गते र २४ जियनजेड (Zen-Z) युवा पुस्ताद्वारा काठमाण्डौ लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिदा भदौ २३ गतेको हकमा म प्रहरी वृत्त दरवारमार्गमा सुवेदार मेजरको जिम्मेवारीमा रहेको हुँदा प्रहरी नायब उपरीक्षक राज कुमार श्रेष्ठको कमाण्डमा म लगायत ४० जना प्रहरीको टोली कार्यालय सुरक्षामा खटिएका थियौं। सो दिन जियनजेड (Zen-Z) पुस्ताले गरेको आन्दोलनमा काठमाडौं माइतिघर मण्डलामा बिहानै देखि प्रदर्शनकारीहरुले प्रदर्शन सुरु गरेपछि कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरु आ-आफ्नो कार्यालयमा हाई अलर्टमा बस्ने भन्ने तालुक प्रहरी कन्ट्रोलबाट भएको निर्देशन ड्युटी अफिसरले जानकारी गराए पश्चात म सहितको टोली कार्यालयमा हाई अलर्टमा थियौं। उक्त जियनजेड (Zen-Z) को प्रदर्शन माईतिघर मण्डलाबाट नयाँ बानेश्वर संसद भवन तर्फ अगाडी बढेको र प्रहरीका ब्यारिकेट समेत तोडी संसद भवन तर्फ गई प्रदर्शनमा रहेको भिड उच्छ्रिङ्खल भई संसद भवनको पर्खाल भत्काई संसद भवन भित्र प्रवेश गर्दा प्रहरीले सिलसिलेवार बल प्रयोग गर्ने क्रममा प्रहरीले गोली समेत चलाउनु परेको लगायतका घटनाक्रम प्रहरीको संचार सेट मार्फत् थाहा पाए। त्यसपछी हामी कार्यालय सुरक्षार्थ खटिइएका टोलीलाई समेत थप हाई अलर्टमा बस्न कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक राज

79 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.७८ अन्तर्गत रहेको ।

कुमार श्रेष्ठकोआदेशानुसार सो दिन बृत्तमा रहेका सबै प्रहरी कर्मचारीहरु उच्च सतर्कताका साथ बस्यौं। सो दिन यस कार्यालयमा कुनै पनि अप्रिय घटना घटेन।

भदौ २४ गतेको हकमा भने म यस कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक राज कुमार श्रेष्ठको कमाण्डमा अं. ४० जनाको टोली सहित कार्यालय सुरक्षार्थ बिहान अं. ०६:०० बजेको समय देखि नै खटिएको थिए। अन्य डिउटीहरु केशरमहलचोक, जमल, शान्तीबाटिकामा पिकेट डिउटी खटाईएको थियो र महेन्द्र शालिकचोक र लाजिम्पाट निलसरस्वतीस्थानमा CRV बेस राखिएको थियो। सो दिन हामी कार्यालयलाई बिहानै देखि कर्डन गर्ने पोजिशनमा बसेका थियौ। सोही क्रममा संचार सेट मनिटर गर्दा सुरुमा मैले बल्खुमा भेला जम्मा भएका प्रदर्शनकारीहरुले प्रहरी प्रभाग कलंकीमा आक्रमण गरेको सुनि थाहा पाए, त्यस पश्चात् काठमाडौं उपत्यकामा रहेका बिभिन्न बृत्त तथा प्रभागहरुमा आक्रमण गरेको कुरा थाहा पाए। प्रदर्शनकारीले प्रहरी कार्यालयहरुमा आक्रमण गर्दै जाने क्रम बढ्दै गएपछी यस कार्यालयका कार्यालय प्रमुखले यस कार्यालयमा पनि आक्रमण हुन सक्ने सम्भावना भएकोले हामीलाई हाई अलर्ट डिउटीमा राख्नु भयो र संचार सेटमा आदेश भएपश्चात कार्यालय बाहिर रहेका सम्पूर्ण पिकेट तथा मोबाईल लगायतका सी.आर.भी डिउटीमा खटिएका सम्पूर्ण प्रहरी कर्मचारीहरु कार्यालयमै फिर्ता भए। दिनको अं. १४:०० बजेको समयमा अं.२ सयजनाको संख्यामा प्रदर्शनकारीहरु मोटरसाईकलमा तथा पैदलमा केशरमहल चोक तर्फबाट आई प्रहरी कार्यालय अगाडी भेला जम्मा भई सरकारका बिरुद्ध नाराबाजी गर्ने क्रम सुरु भयो। त्यसपछी कार्यालय अगाडी उपस्थित रहेको भिडमा थप मानिसहरु जोडिन थाले, सोही क्रममा प्र.ना.उ. राज कुमार श्रेष्ठले मानिसहरुको आवागमन रोक्नको लागी केशरमहलचोक अगाडी कर्डन गर्ने प्रयास समेत गर्नु भए तापनि भिडको संख्या बढ्ने क्रम रोकिएन, संचार सेट मनिटर गरी रहदा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा आक्रमण भएको थाहा पाएको थिए। त्यस पश्चात अं. १६:०० बजेको समयमा अं. २/३ हजारको समूह यस कार्यालयको अगाडी भेला जम्मा भई सके पश्चात सुरुमा ढुङ्गा, बोतल समेतले तोडफोड गर्ने क्रममा कार्यालय प्रमुखले प्रदर्शनकारीहरुलाई संयमित हुन र आक्रमण नगर्नको लागी पटक-पटक आग्रह गर्नु भयो। तर प्रदर्शनकारीहरुले पटक-पटकको आग्रहलाई पनि बेवास्ता गरी झन उत्तेजित भई प्रहरी कार्यालय तोडफोड र आगजनी गर्ने प्रयास गरे। सो समयमा माथीबाट गोली नचलाउन र आफ्नो र हातहतियारको सुरक्षा गर्न निर्देशन रहेकाले हामीले जवाफी कारवाहीमा सम्झाई बुझाई बाहेक अन्य बल प्रयोग गरेनौ। हामीले रोक्ने कोसीस गर्दा गर्दै पनि प्रदर्शनकारीहरु यस कार्यालयको गेट तोडफोड गरी भित्र प्रवेश गरी सके पश्चात डि.अ. कक्षमा तोडफोड र आगजनी गरी हिरासत कक्ष पनि तोडफोड गर्न थालेपछी साईबर व्यूरो भोटाहिटीबाट राख्न पठाईएका थुनुवाहरु हिरासत कक्षबाट निस्केर गएका हुन्। त्यसपछी

हामीले कार्यालयको गाडीहरु, हातहतियार तथा केहि हेण्ड संचार सेटहरु सहित आफ्नो ज्यानको सुरक्षाको लागी नजिकै रहेको नारायणहिटी गुल्ममा गएका हौ। सो क्रममा हामीले कार्यालयको एउटा मोटरसाईकल बाहेकका सम्पूर्ण सवारी साधनहरु र धेरै जसो हातहतियार गोलीगठ्ठा जोगाउन सफल भए तापनि छुटपुट भएका केहि हातहतियार तथा गोलीगठ्ठाहरु भने प्रदर्शनकारीहरुले लुटी लगेको कुरा पछी रुजु गर्ने क्रममा थाहा भयो। सोही क्रममा प्रदर्शनकारीको आक्रमणबाट हाम्रो कार्यालयमा रहेका कम्प्युटर, मिसिल, प्रहरी असभाव, प्रहरी कर्मचारीका प्रहरी पोशाक र व्यक्तिगत सरसामानहरु पनि लुटपाट एवं आगजनी भएको कुरा थाहा भयो। सो दिन राती अं. २०:०० बजेको समयमा प्रदर्शनकारीहरु गई सकेपछी हामी कार्यालयमा आउदा कार्यालय पूर्ण रुपमा क्षति भएको र बस्न खान सक्ने अवस्था नभएकोले हामी पुनः फर्केर सो रात नेपाली सेना रहेको नारायणहिटी भित्र बस्यौ। २३ र २४ गतेको सम्पूर्ण घटनाक्रममा हाम्रो तर्फबाट समझाई बुझाई र लाठीचार्ज सम्मको बल प्रयोग बाहेक अन्य कुनै किसिमको बल प्रयोग भएन र यस कार्यालयका कार्यालय प्रमुखका साथै केहि प्रहरी कर्मचारीहरु सामान्य रुपमा घाईते भने हुन पुग्यौं। [80]

## ८०. प्रहरी बृत्त बालाजुमा कार्यरत प्रहरी बरिष्ठ नायव निरीक्षक रणधिर जैसीको कागज ब्यहोराः

मिति २०८२ साल अषाढ महिना देखि प्रहरी बृत्त बालाजु काठमाण्डौको अपराध अनुसन्धान शाखामा कार्यरत छु। मिति २०८२। ०५। २३ गते का दिन म कार्यालयमा अपराध अनुसन्धान शाखामको आन्तरिक कामकाजमा नै व्यस्थ थिए। सो दिन जियनजेड समुहका मानिसहरुले नेपालको राष्ट्र हित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा माग राखि माईतिघर मण्डला क्षेत्रमा प्रदर्शन एवम् आन्दोलन गरि रहेको कुरा मैले सुनेको थिए। सुरक्षा योजना बमोजिम प्रहरी बृत्त बालाजुमा समेत प्रहरी टोली कार्यालय सुरक्षार्थ स्टेण्डवाई रहनुका साथै बाह्य डियुटी समेत खटिएको थियो। तर के कुन स्थानमा के कति जनशक्ति डियुटी खटिइयो, सो बारेमा मलाई थाहा जानकारी भएन। दिनभर अपराध अनुसन्धान शाखामा आफ्नै शाखाको आन्तरिक कामकाजमा नै व्यस्त भएकाले सामाजिक संजाल एवम् अन्य मानिसहरुबाट जियनजेड समुहका मानिसहरुले प्रदर्शन गर्ने क्रममा अनियन्त्रित भई एभरेष्ट होटलमा राखिएको प्रहरी ब्यारिकेट तोडी निषेधित क्षेत्रमा प्रबेश गरी संघिय संसद भवनमा ढुङगा मुडा तोडफोड, वाल भत्काउने, आगजनि जस्ता कार्य गरेको र उल्लेखित कार्य रोक्न प्रहरीले गोली चलाउदा थुप्रै प्रदर्शनकारीहरुको मृत्यु भएको कुरा सामाजिक संजाल मार्फत सुनि थाहा पाएको हुँ। के कति जनाको मृत्यु भयो सो बारेमा मलाई एकिन जानकारी भएन। भोली पल्ट २४ गतेका बिहानै देखि कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु चुस्तामा स्टेण्डवाई बस्ने भनी निर्देशन

80 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.७९ अन्तर्गत रहेको ।

भएको जानकारी पाई सो दिन म पनि चुस्तामा स्टेण्डवाई कार्यालय सुरक्षार्थ खटिएको थिए। सो २४ गतेका बिहान देखि नै कार्यालय प्रमुख लगायत अन्य सिनियर प्रहरी अधिकृत ज्यु लगायत मातहतका प्रहरी युनिटहरु समेत स्टेण्डवाई रहनुका साथै बिभिन्न कमाण्डको कमाण्डमा बाहिर फिल्डमा डियुटी खटिएको थियो। बिहान पख अं ७/८ बजे तिर म लगायत सुवेदार मेजर समेतका १५/१६ जना प्रहरी कर्मचारीहरु कार्यालय सुरक्षार्थ खटिईएका थियौं। सो समयमा बालाजु बृत्त वरपर प्रदर्शनकारीहरु कोही पनि बिधालयको पोशाकमा थिएनन। अन्दाजी दुई/तिन हजारको समुहमा प्रदर्शनकारीहरु कार्यालयको गेटमा भेला जम्मा भई नारा जुलुस गर्नुका साथै गेटमा टायर बाली प्रदर्शन गर्न थाले। भिडभाडबाट कोही कसैले ढुंगामुडा गर्न थाले पछी हामीले सम्झाई बुझाई गरेका थियौं। प्रदर्शनकारीको भिड बिभिन्न स्थान, गल्लीबाट आउने क्रममा जारी थियो। पुन भिड जम्मा हुनुका साथै उग्र भई ढुंगामुडा, बोतल, ईत्यादी प्रहार गर्न थाले। सोही समयमा प्रहरी निरीक्षक दिलिप कुमार हुमगाँई सरको टोली पनि कार्यालयमा आई सकेको थियो। भिडले नमानी हाम्रो कार्यालयमा आगजनी, तोडफोड गर्न थाल्यो। भिडलाई सम्झाई बुझाई गर्दा नमानी झनै उग्र भई कार्यालय सम्पूर्ण तोडफोड भई सकेको थियो। प्रदर्शनकारीले पटक पटक पेट्रोल बम हान्नुका साथै कोही कसैले लामो लाठीको टुप्पोमा आगोको झोरो बनाई पर्खाल बाहिर बाटै कार्यालय भित्र आगो लगाउन थाले। कैयौं पटक हामीले जारमा रहेको पानी र fire extinguisher को सहायताले आगो निभाउएका थियौं। प्रदर्शनकारीहरु ढुंगामुडा गर्नुका साथै पुनः कम्पाउण्ड बाहिर बाटै पेट्रोल बम बनाई आगो प्रहार गर्न थाले पछी जम्मा गरेको फोहोर पानीले समेत आगो निभाएको थियो। प्रदर्शनकारीहरुले बाहिर पार्किङ गरि राखेका गाडीहरु माथी पनि बाहिर बाटै आगो फाल्न थाले पछी कैयौं पटक आगो निभाएका थियौं। हामीले भिडलाई अश्रुग्यास प्रहार गरी पटक पटक तितर बितर पारेका थियौं भने भिड थप अराजक हुन थाले पछी बल्याङ्क राउण्ड बाट साथै हवाई फायर समेत गरेका थियौं। गोली हान्ने आदेश थिएन। म भने टाउकोमा हेल्मेट, हातमा लाठी र सिल्ड लिई डियुटीमा खटिएको थिए। यसरी प्रदर्शनकारीहरुले ढुंगामुडा, आगजनी गर्दै गर्दा बाहिर फिल्डमा खटिएका कार्यालय प्रमुख ज्युको टोली पनि कार्यालय मै आई पुगेको थियो। कार्यालय प्रमुख ज्युको टोली लगायत अन्य बाहिर खटिईएका प्रहरी कर्मचारीहरु समेत कार्यालयमा आई पुगेका थिए। त्यसपछी राष्ट्रपति भवन, राष्ट्रपति ज्युको निजी निवास लगायत अन्य कार्यालय लगायत व्यक्तिहरुको घरमा प्रदर्शनकारीले आगजनि तोडफोड गरेको कुरा सामाजिक संजाल मार्फत थाहा पाएको हुँ। कार्यालय प्रमुख ज्युको टोली कार्यालयमा आई सके पश्चात समेत प्रदर्शनकारीहरुबाट ढुंगामुडा गर्ने, पेट्रोल बम्म हान्ने कृयाकलाप भई रहेको थियो। केही बेर प्रदर्शनकारी गेटमा आई ढुंगामुडा गर्न थालेपछी सम्झाई बुझाई गर्दा समेत मानेन भने निजहरुले ढुंगामुडा प्रहार गर्दा मेरो समेत खुट्टामा चोट लागेको थियो। त्यसपछी हवाई फायर एवम् अश्रुग्यास प्रहार गरी प्रदर्शनकारीहरुलाई तितरबितर पारी कार्यालय तोडफोड भएतापनि

आगजनी हुन बाट जोगाई रहेका थियौं। कयौं पटक यसरी कार्यालय जोगाउने प्रकृया चलिरहेको थियो। कार्यालयको चारै तिरबाट प्रदर्शनकारीहरुले ढुंगामुडा आगजनी गर्न थाले। प्रदर्शनकारीले प्रहार गरेको पेट्रोल बमले कार्यालय प्रमुख ज्युको शरिरमा लाग्नुका साथै ढुंगा लागी सख्त घाईते हुनु भयो। प्रदर्शनकारीहरुको जमात बढ्दै गई रहेको थियो भने हामीहरु हवाई फायर र बल्याङ्क राउण्ड फायर गर्दै तितर बितर पार्ने प्रयास गरी रहेका थियो। पटक पटक यो कार्य दोहोरिदै गर्दा पनि परिस्थित काबु भन्दा बाहिर जान थाल्यो। हजारौंको संख्यामा प्रदर्शनकारीले ढुंगामुडा गरी पछाडीबाट ब्यारेकको दोस्रो तलामा आगजनी गरे, क्रमश बाटो तिरबाट थुनुवा कोठाको भेण्टिलेटर झ्यालबाट आगो लगाएका रहेछन। थुनुवा कोठाबाट धुवा निस्कनु साथै कार्यालयमा बिभिन्न स्थानबाट आगजनी गर्न थाले। संचार सेटमा आफू प्रहरी कर्मचारी सुरक्षित हुनुका साथै हातहतियार तथा अस्वभावका सामानहरु जोगाउने र थुनुवाहरुलाई छाडी दिने भन्ने आदेश आएको कुरा पनि थाह पाएको थिए। त्यसपछी थुनुवा कक्षमा म्याद थप आएका ६९ जना र म्याद थप नभएका ५ जनाको अभिलेख राखि थुनुवाहरु पनि छाडिएको थियो। प्रदर्शनकारीहरु कार्यालय भित्र प्रबेश गरी सामानहरु लुटपाट गर्ने प्रयास गर्न थाले। हामीहरुले रोक्ने प्रयास गर्दै थियौं। प्रदर्शनकारीहरु बिध्वसंक कृयाकलाप गर्न थाले भने हामीले अन्तिम बल प्रयोग गर्नु पर्ने अबस्था आएता पनि ठुलो मानविय क्षति हुने सम्भावना भएकोमा अन्ततःप्रहरी कर्मचारी र हातहतियार तथा असवभावका सामानहरु जोगाउने आदेश आएपछी हामीहरुले सके सम्मका हात हतियार तथा अस्वभावका सामानहरु बोकी बाटोमा बल्याङ राउण्डबाट हवाई फायर गरी, अश्रुँग्यास हान्दै भिडलाई तितर बितर पार्दै घाईते अबस्थामा रहेका कार्यालय प्रमुख ज्यु समेतलाई साथमा लिई नेपालटार स्थित नेपाली सेनाको ब्यारेकमा गई बसेका हौं। प्रहरी बृत्त बालाजुमा ढुंगामुडा एवम् आगजनि हुँदा दुई जना प्रदर्शन कारी घाईते भई उपचारको लागी लिई गएकोमा उपचारको क्रममा मृत्यु भएको कुरा सामाजिक संजाल मार्फत सुनि थाहा पाएको हुँ। के कसरी मृत्यु भयो सो बारेमा मलाई थाहा भएन। माथि लेखिएको बिबरण ठीक छ। [81]

## ८१. प्रहरी वृत महाराजगंजमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक जय बहादुर सिंहको कागज ब्यहोराः

मैले प्रहरी वृत महाराजगँजमा सुवेदार मेजरको जिम्मेवारी सम्हाली आएको छु, जस अन्तर्गत जुनियर प्रहरी अधिकृत देखि तलका प्रहरी कर्मचारीहरुको अरनखटन गर्ने हुन्छ। मिति २०८२ भाद्र २३ र २४ गते Gen-Z पुस्ताले गरेको प्रदर्शनको क्रममा म प्रहरी वृत महाराजगँज काठमाडौंमाको कार्यालयमा थिएं, अन्यत्र डिउटी खटिएको थिईन। २३ गतेको जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनको क्रममा केही

81 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.८० अन्तर्गत रहेको ।

प्रदर्शनकारीहरुको मृत्यु भएको भन्ने बिभिन्न सँचार माध्यामबाट जानकारी भएको थियो। उक्लेखित आन्दोलनको क्रममा कार्यालय प्रमुख प्र.ना.उ. बिभागिय तालिमको सिलसिलामा अमेरिका जानु भएको थियो। भोलिपल्ट ऐ. २४ गते विहान देखी बृत महाराजगँजका दुई जना प्रहरी निरीक्षकहरुलाई तालुक जिल्ला प्रहरी परिसर काठमाडौबाट अन्यत्र डिउटी खटाईएको थियो। २४ गतेका पनि बिहान देखि प्रदर्शन भई रहेको थियो। बिहान ९/१० बजे तिर प्रदर्शनकारीहरुले ललितपुरको हरिसिद्धी प्रहरी प्रभाग जलाएको, अन्य प्रहरी कार्यालयहरुमा पनि तोडफोड आगजनी गरी रहेका भन्ने प्रहरी संचार सेटमा सुनिएको थियो। सोही अनुसार प्रहरी बृत महाराजगँजको साना-साना युनिटहरुलाई वृतमा मर्ज गरी लगभग ४०/४५ जनाको जनशक्तिले कार्यालय सुरक्षा गर्न तर्फ लाग्यौ। लगभग ११.३० बजेको समयमा हाम्रो कार्यालय बाहिर करिव २००+ को सख्यामा प्रदर्शनकारीहरु आई प्रदर्शन गर्दै प्रहरी कार्यालय तर्फ ढुंगामुढा गर्न थाले। ढुंगामुढाबाट कार्यालयको झ्यालको सिसाहरु फुट्न थाले। सो पश्चात प्रदर्शनकारीहरुको सख्या थप हुदै गयो र प्रहरीको कार्यालय तथा प्रहरी माथि ढुंगामुढा पेट्रोल बम जस्ता पज्वलनशिल पदार्थ प्रहार गर्न थाले। प्रदर्शनकारीहरुलाई शान्तिपूर्ण तवरले प्रदर्शन गरी दिन पटक पटक अनुरोध गऱ्यौ, सम्झायौ, बुझाउने प्रयास गऱ्यौ, भिड हाम्रो कुरा सुन्दै नसुनि अघिल्लो दिन भएको घटनाको बदला लिएरै छाड्ने भन्दै एकहोर ढुंगामुढा, पेट्रोलबम जस्ता प्रज्वलनशिल पदार्थ प्रहारी गरी रहेका थिए। प्रहरी संचार सेटमा प्रहरी बृत बालाजु, प्रहरी प्रभाग नयाबसपार्क, र प्रहरी प्रभाग तिलिङ्गेटारमा आगजनी गरी प्रर्दर्शनकारी प्रहरी बृत महाराजगँग तर्फ गएको भन्ने सुनिन थाल्यो। सबै तर्फका प्रहरी कार्यालयहरु तोडफोड भई रहेको सन्देश आई रहेको थियो, कहि कतैबाट थप मद्दत माग्न/आउनम सक्ने अबस्था थिएन। भिड बढ्दै गए पछी केही अश्रुग्यास र लाठी सहायतले प्रयोग गरी भिड नियन्त्रण गरी रहेका थियौ। लगभग दिनको १/२ जति बजेको थियो होला, बालाजु, बसपार्क र तिलिङ्गेटार तर्फबाट प्रदर्शनकारीको ठुलो जमात थप भई अन्धाधुन्दा तवरले ढुंगामुढा गर्न थाले, प्रहरीहरु धेरै घाईते भए, प्रहरी घाईते भएको मौका पारी कार्यालय परिसर भित्र प्रबेश गरी आगजनी गर्न थाले। हामि प्रहरीहरु केही आगो नियन्त्रण गर्न लाग्यौ र केही प्रहरीहरु प्रदर्शनकारीहरुलाई कार्यालयहाता भित्र प्रबेश गर्न नदिन छेक्दै थियो। सोही अबस्थामा आगो नियन्त्रण गर्न लागेका प्रहरीहरु कार्यालय भित्र र प्रदर्शनकारी छेक्न लागेका प्रहरीहरु कार्यालय बाहिर भयौं। सोही क्रममा भिक्ट्रोर कन्ट्रोलबाट थुनुवा छाडी आफू र हतियार सुरक्षित हुने आदेश भयो। कार्यालयमा लागेको आगो नियन्त्रणमा आएन र झन सल्किदै गयो। कार्यालय भित्र रहेका प्रहरी कर्मचारीहरु बाहिर निस्कन पाएनन्, माथि छत भित्र गए। पछी छतमा गएका प्रहरी कर्मचारीहरुलाई सेनाको हेलिकप्टरमार्फत उद्धार भयो। प्र.स.नि. मिलन राय र प्रहरी जवान उत्तम थापाको बिभत्सव तवरले हत्या गरियो। २१ जना प्रहरी कर्मचारीहरु गम्भिर घाईते भए। जसमध्ये ४ जना हाल सम्म उपचारको क्रममा छन्। कार्यालय, कागजात, अभिलेख जली नष्ट भयो। हातहतियार

जल्यो लुटियो। [82]

## ८२. पशुपति मन्दिर सुरक्षा पोष्टमा कार्यरत प्रहरी बरिष्ठ नायब निरीक्षक शंकर प्रसाद चिदी मगरको कागज ब्यहोराः

उक्त पोष्टको काम कर्तव्य पशुपति मन्दिरको सुरक्षा गर्नु हो, मन्दिर बाहिरको पशुपति क्षेत्रको सुरक्षा सशस्त्र प्रहरी बल नेपालबाट गर्ने गरेका छन्। २०८२ भाद्र २३ गते पशुपति मन्दिर सुरक्षा पोष्टका प्रहरी कर्मचारीहरुलाई अन्यत्र कहिकतै डिउटी खटाईएको थिएन। २०८२ भाद्र २३ गतेका दिन Gen-Z प्रदर्शनको क्रममा क्षति भए पछि भोलिपल्ट २४ गतेका दिन संसदभवन, सिंहदरबार, बिभिन्न सरकारी कार्यालयहरु, भि.आई.पि.हरुको निजि निवासहरु, व्यपारिक केन्द्रहरु लगायतमा तोडफोड आगजनीको साथ प्रदर्शन हुन थाल्यो। सो पश्चात पशुपति क्षेत्रमा समेत प्रदर्शनकारीहरुबाट क्षति गर्न सक्ने संभावनलाई आकलन गरी शसस्त्र प्रहरी र नेपाल प्रहरी बीच समन्वय भई सशस्त्र प्रहरीले पशुपति मन्दिरको बाहिरी क्षेत्र र नेपाल प्रहरीले मन्दिर क्षेत्रको सुरक्षा गरी बसेका थियौ। पशुपति मन्दिर क्षेत्र बाहिर व्यापक प्रदर्शन भई रहेको देखिन्थ्यो। पशुपति मन्दिर तर्फ पनि प्रदर्शनकारीहरु बढी रहेको भन्ने सूचनाहरु आएका थिए। सोही क्रममा पशुपति बिकाश क्षेत्रको गौशला तर्फ चक्रपथ सडकसँग रहेको पशुपति बिकास कोषको कार्यालय प्रदर्शनकारीहरुले आगजनी गरे, सो क्रममा उक्त कोषको पार्किङमा राखेको नेपाल प्रहरी तर्फका प्रहरी जवान सुरज साउद र सशस्त्र प्रहरी तर्फको दुई जना प्रहरीको मोटर साईकल जली क्षती भयो। अन्य कुनै जनधनको हानि क्षति भएन, पशुपति मन्दिर, प्रहरीको हातहतियार गोलीगठ्ठा, असवावका समग्रीहरु, भनव, कागजात तथा प्रहरी कर्मचारीहरुको अबस्था ठिक छ। [83]

## ८३. प्रहरी वृत महाराजगंजमा कार्यरत प्रहरी नायव निरिक्षक हिम बहादुर वि.क.को कागज ब्यहोराः

यसमा मेरो सही सत्य व्यहोरा यस प्रकार रहेको छ, की म लगायत सम्पूर्ण प्रहरी कर्मचारीहरु दिनहुँ झै प्रहरीको डिउटीमा तैनाती थियो। सोही दिन म जिन्सी शाखाको कार्यभार सम्हालदै आएकोमा मलाई पनि सोही कार्यालयका सु.मे.सरबाट तपाई कार्यालय सुरक्षा गर्नु भनी आदेश आदेको हुदाँ म कार्यालयको मुख्य प्रवेशद्धारमा डिउटी तैनाती मै थिए। भदौ २४ गतेका दिन विहानै देखी सबै प्रहरी कर्मचारीहरु अ-आफनो खटाईएको डिउटीमा खटिएको थियो। अं. १०:०० बजेको समयबाट नारायण गोपालचोक र धुम्बाराही चोक तर्फ तथा चुनदेवी जाने गल्ली सडकबाट जेन्जी आन्दोलनहरुको चहल पहल शुरु हुन थाल्यो।

82 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८१ अन्तर्गत रहेको ।

83 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८२ अन्तर्गत रहेको ।

आन्दोलनकारीहरुले नाराजुलुश हो हल्ला गरिरहेको थियो। त्यतिबेला सम्म हामीले शान्ति आन्दोलन हो भनी सम्झेका थियौं र प्रहरीको तर्फबाट कुनै किसिमको आदोलन्मा बाधा पर्याउने जस्ता कुराहरु थिएन हामीले आन्दोलन हेरी रहेकै अवस्था थियो। करिब १०:४५ बजेको समय देखी आन्दोलनकारीहरुको हात-हातमा खुकुरी तरबार ह्याम्पर हथौडी फलामको रड काठको चिरपट बाँसको लठ्ठीहरु र एस.एल.आर राईफल देखिन थाल्यो। प्रहरी वृत महाराजगञ्ज कार्यालय अगाडीको चक्रपथ सडक खण्ड निर्मानाधिन रहेको र सोही निर्माणका लागी सोही सडकको दक्षिण तर्फ चुनदेवी जाने सडक पेटी छेउमा ढुङगाहरु राखिएको थियो। अं. ११:०० बजेतिर जेन्जी आन्दोलनका प्रदर्शनकारीहरुले एक्कासी प्रहरी तथा प्रहरी कार्यालयलाई निशाना बनाई ढुङगा मुढा र पेट्रोल बम प्रहार गर्न थाल्यो। आन्दोलकारीबाट प्रहार गरिएको ढुङगा मुढा पेट्रोल बम छेक्दै प्रहरी आफू सुरक्षित हुदै कार्यालयको सुरक्षा गरि रहेको थियो। सोही क्रममा आन्दोलनकारीहरु पेट्रोलबम तिब्ररुपले प्रहार गर्न थाल्यो र सोही कारण प्रहरी कार्यालयको प्राङगणमा पार्क गरी राखिएको सरकारी तथा व्यक्तिगत मोटरसाईकलहरु, प्रहरीको जिप, तथा भ्यानहरुमा आगो लाग्यो हामी प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई पछी हट्न आश्रुग्यास प्रयोग गरे तपानि आन्दोलनकारीको ठुलो संख्या भएकोले उनिहरु पछी नहट्दै प्रहरी माथी ढुङगा मुढा लगायत अन्य हात हतियारले प्रहार गरी रहेको थियो। त्यपछी जेन्जी आन्दोलनकारीहरुले कार्यालय अगाडीको तार बारहरु र मुख्य प्रवेशद्धारा तोडी भित्र प्रवेश गरी अन्धाधुन्ध विभिन्न धारिलो हात हतियारले डिउटीमा खटिएको प्रहरी उपर प्रहार गरी म लगायत अन्य प्रहरी कर्मचारीहरुलाई कुटपिटी काटकुट गरी बेहोस बनाई आगजनी तोडफोर गर्दै प्रहरीको हातहतियार समेत लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाईलहरु अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरी रहेको थियो सोही बेला प्र.स.नि. मिलन राय र प्रहरी जवान उत्तम थापालाई घिसारी घिसारी लछारपछार गर्दै बाहिर सडकमा लगी निर्ममता पूर्व क धारिलो हतियार प्रहार गरी रहेको थियो। मलाई टाउको निधार खुट्टा मेरु दण्डमा गम्भिर चोट लागेको कारण बेहोसको अवस्थामा थिएँ र अन्य प्रहरी कर्मचारीहरुलाई पनि कुटपिट गरी रहेको थियो। पछी मलाई कुनै प्रहरी साथीहरुले कार्यालयको छतमा बोकी लगेको थियो भन्ने पछी जानकारी पाए पछी नेपाली सेनाको हेलिकप्टर आई उद्धार गरी नेपाल प्रहरी अस्पताल पुर्याईएको थियो। भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई कुनै रोकछेक/ बाधा नगर्दा पनि आन्दोलकारीहरुले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै प्रहरी कर्मचारीहरु प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई कुटपिट गरी घाईते बनाउने प्रहरीलाई कर्तव्य गरी मारेको हो। यसरी डिउटीमा खटिएको प्रहरीलाई कुटपिट तथा

निर्ममता पूर्व  क हत्यस गरेको हुदाँ आन्दोलनकारीहरुलाई कानून बमोजिम हदै सम्मको कारबाही हुनुपर्छ।[84]

## ८४. प्रहरी वृत स्यम्भुमा कार्यरत प्रहरी नायव निरीक्षक रोशन चन्दको कागज ब्यहोराः

यसमा मेरो सहि सत्य मैले देखे जानेको ब्यहोरा यो छ म नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक रोशन चन्द श्री जिल्ला प्रहरी परिसर काठमाण्डौं दरबन्दी भई मिति २०८१। ०८। ०३ गते देखि प्रहरी बृत्त स्वयम्भूमा कार्यरत कार्यरत रहेको छु। मिति २०८२ भाद्र २३ गते अ.अ. शाखामा कार्यरत भएकोले सो दिन कार्यालयमा स्टेण्डबाई थिए। उक्त दिन भएको घटना सम्बन्धामा डिउटी अधिकृतले जानकारी गराए पछी र समाजिक संञ्जालमा समाचारहरु आए पश्चात घटनाको बारेमा थाहा पाएको हुँ। मिति २०८२ भाद्र २४ गते प्रनाउ ज्यु को कमाण्डमा नयाँ वानेश्वर, प्र.नि. जनक ढुगांना ज्युको कमाण्डमा कलकी चोक र प्र.नि. दिनेश थापा ज्युको कमाण्डमा सिडियो कार्यालय मोडमा बिहान देखी यस कार्यालयबाट प्रहरी टोली खटी गएको थियो। कार्यालय सुरक्षामा प्र.नि. सुरज बानियाँ ज्युको कमाण्डमा कार्यालयको शाखामा कार्यरत कर्मचारी गरी ३०/३५ जना कर्मचारी थियो। उक्त दिनको अन्दाजी ११:३० बजेको समयमा यस कार्यालयको वडा एरीयामा रहेका भिआइपीहरुको घरमा तोडफोड तथा आगजनी भयो भन्ने सुचना आएकोले जु.प्र.अ. को कमाण्डमा १० जनाको टोली सितापाईला चोकमा खटि गएको थियो। माथिल्लो कार्यालयको आदेशले बिटको प्रहरी समेत अ. १२:०० बजेको समयमा यस कार्यालयमा फिर्ता भएका थिए। अ.१२:१५ बजेको समयमा यस कार्यालयमा शुरुमा केहि मानिसको भिड आएर प्रहरी माथि ढुंगा मुडा प्रहार गरी आक्रमण गरेको सो समयमा प्रहरी र केहि स्थानीयहरुले सम्झाई बुझाई आक्रमण रोक्न लागाएको थियो। बिस्तारै प्रदर्शनकारीहरुको समुह बढ्दै गएको र स्थिति झन आक्रामक र भयावह बन्दै गएको थियो, सो मध्ये केहि ब्यक्तीहरुले रड खुकुरी बोकेका, केहिले लाठी, ढुंगा, मुडा, पेट्रोल भरेका बोतल समेत बोकी हिडेका देखिन्थे। प्र.नि. ज्युले पटक पटक माईकिङ गरी प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई अनुरोध गरी रहनु भएको थियो र सो अनुरोधको बेवास्ता गरी प्रदर्शनकारीहरु निरन्तर आक्रमण गरिरहेका थिए। प्रहरी कार्यालय तथा प्रहरी माथी आक्रमण हुदै गर्दा कानून बमोजिम दिएको कमाण्डरको आदेस बमोजिम आवश्यकतानुसार सिलसिलेवार लाठी चार्ज, अश्रु ग्यास, सर्टगनको रबर कार्टिज, हवाई फायर गरी कार्यालयको सुरक्षा गरेका हौ। प्रदर्शनकारीहरुको समुहबाट निरन्तर भएको आक्रमणलाई नियन्त्रण गर्न हर प्रयास गरिएको हो। प्रदर्शनकारीहरुले चारै तर्फबाट ढुगां मुडा गरी पर्खाल तथा गेट समेत भत्काई ढुगां मुडा गर्दा १०/१५ जना प्रहरी समेत घाईते भएको र दक्षीण तर्फको दिशा तर्फबाट भित्र पसी सवारी साधन

84 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८३ अन्तर्गत रहेको ।

तथा व्यारेकमा तोडफोड तथा आगजनी गर्न थालेको हुदाँ, अन्दाजि १४:३० बजेको समयमा अश्रु ग्यासका सेल सकिन लागेकोले लाईभ राउण्ड फायर नगरी भीडलाई कन्टेन गर्न नसकिने अवस्था रहेकोले प्र.नि. ज्यु ले लाईभ राउण्ड हान्नु हुदैन मानिसको ज्यान भन्दा कार्यालय ठुलो होईन भन्ने आदेश आएपछि मानवीय क्षति नहोस भन्ने उद्देश्यले कार्यालयमा रहेका हातहतियार र महत्वपूर्ण सामग्रीहरु सुक्षितसाथ साथमा लगी सुरक्षित स्थान तर्फ जाने सल्लाह गरेका हौ। कार्यालयमा भएका हातहतियारहरु र मुद्धाका मिशिल वन टन गाडीमा राखी लैजान खोज्दा गेटबाट निस्कन सक्ने अवस्था नरहेकोले सके जतीको हातहतियार सँगै बोकी नजिकै रहेको सैनिक अस्पताल छाउनी गएका हौ। सो दिन पनि हाम्रो टोलिबाट कानून बमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज, हवाई फयार गर्न लाईभ बुलेट मात्र प्रयोग भएको र सो बाट कुनै पनि प्रदर्शनकारीहरु घाईते पनि नभएको र मानवीय क्षति समेत नभएको ठिक साँचो हो। प्रदर्शनकारीको अक्रमणबाट प्रहरी कर्मचारीहरु घाईते भएको र हाल पनि उपचार भइरहेको छ। प्रदर्शनकारीहरुले गरेको तोडफोड तथा आगजनीबाट यस कार्यालयको भवन, सवारी साधन, हातहतियार, मिशिल लगायतका जिन्सी समान र कर्मचारीका व्यक्तीगत लुगा जिन्सि समान जली पूर्ण रुपपमा नष्ट भएको ठिक साँचो हो। [85]

## ८५. प्रहरी बृत्त मालिगाउँमा कार्यरत प्रहरी नायब निरीक्षक दिनेश राउतको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते अ.अ. शाखामा कार्यरत भएकोले सो दिन कार्यालयमा स्टेण्डबाई थिए। उक्त दिन भएको घटना सम्बन्धामा डिउटी अधिकृतले जानकारी गराए पछी र समाजिक संञ्जालमा समाचारहरु आए पश्चात घटनाको बारेमा थाहा पाएको हुँ। मिति २०८२ भाद्र २४ गते प्रनाउ ज्यु को कमाण्डमा बालुवाटार र प्र.नि.दावा तेन्जी शेर्पा कमाण्डमा बानेश्वर चोक र कार्यालय सुरक्षामा प्र.नि. अजय जंग थापा ज्युको कमाण्डमा कार्यालयको शाखामा कार्यरत कर्मचारी गरी २०/२५ जना कर्मचारी थियो। उक्त दिनको अन्दाजी ११:३० बजेको समयमा यस कार्यालयको वडा एरीयामा रहेका प्रहरी विटहरु र भिआइपीहरुको घरमा तोडफोड तथा आगजनी भयो भन्ने सुचना आए पश्चात माथिल्लो कार्यालयको आदेशले बिटको प्रहरी समेत अ. १२:०० बजेको समयमा यस कार्यालयमा फिर्ता भएका थिए। अ.०१:१५ बजेको समय तीर कार्यालय प्रमुख ज्यु पनी कार्यालयमा नै आई कार्यालय सुरक्षामा खटि बसेका थिए, त्यस पश्चात त्यसको केही

85 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८४ अन्तर्गत रहेको ।

समय पछी २/३ सय मानिसहरुको भिड बिस्तारै प्रदर्शनकारीहरुको समुह बढ्दै गएको र स्थिति झन आक्रामक र भयावह बन्दै गएको थियो, सो मध्ये केहि ब्यक्तीहरुले रड खुकुरी बोकेका, केहिले लाठी, ढुंगा, मुडा, पेट्रोल भरेका बोतल समेत बोकी आएर प्रहरी माथि ढुंगा मुडा प्रहार गरी आक्रमण गर्न थाले पश्चात कमाण्डर सरहरु कार्यालय बाहीर रोडको दुईपट्टी कर्डन गरी माईकिङ गरी प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई अनुरोध गरी रहनु भएको थियो र सो अनुरोधको बेवास्ता गरी प्रदर्शनकारीहरु निरन्तर आक्रमण गरिरहेका थिए। प्रहरी कार्यालय तथा प्रहरी माथी आक्रमण हुदै गर्दा कानून बमोजिम दिएको कमाण्डरको आदेश बमोजिम आवश्यकतानुसार सिलसिलेवार सम्झाई बुझाई गरी लाठी चार्ज, अश्रु ग्यास, सर्टगनको रबर कार्टिज, हवाई फायर गरी उक्त भिडलाई ३/४ पटक सम्म भगाए पश्चात, यस कार्यालयमा कुनै पनी क्षती नभएको हाम्रो टोलिबाट कानून बमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज, हवाई फयार गर्न लाईभ बुलेट मात्र प्रयोग भएको र सो बाट कुनै पनि प्रदर्शनकारीहरु घाईते पनि नभएको र मानवीय क्षति समेत नभएको ठिक साँचो हो। [86]

## <u>८६. प्रहरी वृत गौशालामा कार्यरत प्रहरी सहायक निरिक्षक राजन कार्कीको कागज ब्यहोराः</u>

म प्रहरी सहायक निरिक्षक राजन कार्की हुँ। म रहेको छु। मति २०८२ भदौ २३ गते कार्यालयको नियमित ड्युटीमा रहेको थिएँ। ऐ. २४ गते म प्रहरी निरिक्षक उद्दव पोखरेलको को कमाण्डमा कार्यालय सुरक्षा ड्युटिमा रहेको थिए। भदौ २४ गतेका दिन विहानै देखी सबै प्रहरी कर्मचारीहरु अ-आफनो खटाईएको डिउटीमा खटिएको थियो। अं. १०:०० बजेको समयबाट चाबहिल चोक, गौशाला चोक र रुन्चे डाँडा स्थित सडकबाट जेन्जी आन्दोलनहरुको चहल पहल शुरु हुन थाल्यो। आन्दोलनकारीहरुले नाराजुलुश हो हल्ला गरिरहेको थियो। त्यतिबेला सम्म हामीले शान्तिपूर्ण आन्दोलन हो भनी सम्झेका थियौं र प्रहरीको तर्फबाट कुनै किसिमको आदोलन्मा बाधा पर्याउने जस्ता कुराहरु थिएन हामीले आन्दोलन हेरी रहेकै अवस्था थियो। करिब ११:०० बजेको समय देखी ६/७ हजार जना आन्दोलनकारीहरुले हात-हातमा खुकुरी, बिभिन्न फलामका रडहरु र गुलेली, काठको चिरपट, बाँसको लठ्ठीहरु र पेट्रोल बम समेत ले प्रहरी कार्यालयलाई निशाना बनाई ढुङगा मुढा र गर्न थाल्यो। आन्दोलकारीबाट प्रहार गरिएको ढुङगा मुढा पेट्रोल बम छेक्दै प्रहरी आफू सुरक्षित हुदै कार्यालयको सुरक्षा गरि रहेको थियो। सोही क्रममा आन्दोलनकारीहरु पेट्रोलबम तिब्ररुपले प्रहार गर्न थाल्यो र सोही कारण प्रहरी कार्यालयको प्राङगणमा राखिएको सरकारी तथा व्यक्तिगत मोटरसाईकलहरु, प्रहरीको जिप, तथा भ्यानहरुमा आगो लगाईए। हामी

86 बयानको सक्कल प्रति पाना- १, अनुसुची-५ को सि.न.८५ अन्तर्गत रहेको ।

प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई पछी हट्न आश्रुग्यास प्रयोग गरेता पनि आन्दोलनकारीको ठुलो संख्या भएकोले उनिहरु पछी नहट्दै प्रहरी माथी ढुङगा मुढा लगायत अन्य हात हतियारले प्रहार गरी रहेको थियो। त्यपछी जेन्जी आन्दोलनकारीहरुले कार्यालय अगाडीको तार बारहरु र मुख्य प्रवेशद्धार लगायत पछाडिको वाल समेत तोडी कार्यालय परिसर भित्र प्रवेश गरी कार्यालय भित्र रहेका सवारी साधन तथा कार्यालय भवनमा आगजनी तोडफोड गर्नुको साथै कार्यालयमा रहेका प्रहरीको १३ नाल हातहतियार तथा गोली गट्टाहरु समेत लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाईलहरु अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरी रहेका थिए र म लगायत अन्य म संग ड्युटीमा खटिएका प्रहरी कर्मचारीहरुले उक्त भिडलाई कन्ट्रोल गर्न सक्ने अवस्था नदेखिए पछी कार्यालयको पछाडीको वाल भत्काई पशुपति मन्दिर तर्फ लग्यौ र उक्त स्थानमा समेत सुरक्षित महशुस नभए पश्चात पूनः का.जि.सिनामंगल स्थित एयरपोर्टमा रहेको नेपाल आर्मिको सुरक्षा घेरा भित्र प्रबेश गरेका थियौ। उक्त घटनामा म लगायत ५ जना अली बढी घाईते भएका थियौ भने अन्य साथिहरु सामान्य घाईते भएका थिए। भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई कुनै रोकछेक/बाधा नगर्दा पनि आन्दोलकारीहरुले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै यसरी ड्युटिमा खटिएको प्रहरीलाई ढुंगा मुडा गरी घाईते बनाएको हुदाँ आन्दोलनकारीहरुलाई कानून बमोजिम हदै सम्मको कारबाही हुनुपर्छ। [87]

**<u>८७. संघीय संसद भवन सुरक्षा वेश बानेश्वरमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रमोद कुमार यादवको कागजः</u>**

संघीय संसद भवन सुरक्षा वेश प्र.नि.को कमाण्डमा रहको छ। संघीय संसद भवनको चारै तिर हाई प्वाईन्ट पोष्ट छन्, उल्लेखित पोष्टहरुमा चौबिसै घण्टा ईन्सास राईफल सहित आलोपालो डिउटी खटाईएको हुन्छ। उक्त क्षेत्र धर्ना, प्रदर्शन जस्ता कार्य गर्न नपाईने निषेधित क्षेत्र हो। संघीय संसद भवनमा संसद बैठक चलेका दिन तथा अन्य आन्दोलन तथा प्रदर्शन जस्ता कार्यक्रम भएका दिन नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट समेत थप सुरक्षाकर्मी खटाईएको हुन्छ। मिति २०८२ भाद्र २३ गतेका दिन Gen-Z पुस्ताबाट राष्ट्रहित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रणको माग सहितको प्रदर्शन कार्यक्रम र राष्ट्रिय सभाको बैठक पनि रहेको थियो। सोही अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट समेत थप सुरक्षाकर्मी खटाईएको थियो।

87 बयानको सक्कल प्रति पाना- १, अनुसुची-५ को सि.न.८६ अन्तर्गत रहेको ।

म भिआईपि प्रबेश गर्ने दक्षिणगेटमा STF को फुल गियर ड्रेसमा थिए, हतियार थिएन, सो गेटमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलि पनि थियो। लगभग ११.०० जति बजेको हुनु पर्छ निषेधित क्षेत्र तोडी चारै तर्फबाट हजारौको सख्यामा प्रदर्शनकारीहरु उत्तेजित हुदै संसद भवन घेरी भवनको वाल तथा ढोकाहरु तोडफोड गर्दै संसद भवन भित्र प्रवेश गर्न खोजे, सुरक्षाकर्मीहरुले प्रदर्शनकारीहरुलाई सम्झाउन बुझाउन थाले। प्रदर्शनकारीहरु सुरक्षाकर्मीहरुको कुरा नसुनी झन अराजक हुदै संसद भवन तोडफोड गर्ने तथा संसद भवन भित्र प्रबेश गर्ने प्रयास गरी रहे। सोही क्रममा संसद भवनका सुरक्षाकर्मी डिउटी बस्ने High Post हरुमा ढुंगामुढा प्रहार गर्दै संसद भवन प्रबेश गेट, प्रहरी पोष्टहरु तोडफोड गर्न थाले। प्रदर्शनकारीहरु भिड हुलदंगामा परिणत आगजनी समेत गर्न थाले। सशसस्त्र प्रहरी र नेपाल प्रहरीसँग लाठी, ग्यासगन, इन्सास, एसएलआर समेतका हतियार थिए। भिड हुलदंगामा परिणत भए पछी सशसस्त्र प्रहरीले हुलदंगा नियन्त्रण गर्न ग्यासगन प्रहार गर्न थाले, ग्यसगनले नियन्त्रणमा नआएपछी हवाई फायर लगायतका फायर गर्न थाले। यो प्रकृया दिन भरी बेलाबेलामा चलि रहेको थियो। प्रहरीहरु ढुंगामुढा लागी धेरै घाइते भएका थिए। बेलुका पख भिड नियन्त्रणमा आए पश्चात फेसबुक तथा बिभिन्न सामाजिक संजालहरुबाट प्रदर्शनकारीहरु घाईते तथा मृत्यु भएको जानकारी भयो। सोही संघीय संसद भवनको सुरक्षाको लागी सेनाको टोली पनि आयो। भोलीपल्ट २४ गतेका दिन बिहान देखी नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी समेत भई संघीय संसद भवनको सुरक्षा दिई रहेका थियौ। सो दिन पनि Gen-Z पुस्ताबाट चौतर्फी आन्दोलन भई रहेको थियो। प्रदर्शनकारीहरुको ठुलो समुहले संसद भवन चारै तिरबाट घेरी प्रदर्शन गरी रहेको थिए। प्रदर्शन गर्दा गर्दै लगभग १३.०० बजे तिर थेग्नै नसक्ने गरी संसद भवन वरपर ठुलो संख्यामा जम्मा भई संसद भवनलाई केन्द्रीत गरी ढुंगामुढा, गुलेली, पेट्रोल बम जस्ता प्रज्वलनशिल पदार्थ प्रहार गर्दै, गैटी लगायतका औजारहरुले संसद भवन परिसरमा लगाएको पर्खालहरु फोडी खुकुरी भाला सहित संसद भवन परिसर भित्र खुकुरी देखाउदै हुल हुज्जतको साथ प्रबेश गरी संसद भवन जलाए। सो पश्चात हामिले आफ्नो हातहतियार गोलिगट्ठा सुरक्षित राख्यौ। २४ गतेका दिन प्रदर्शनकारीले संघीय संसद भवनमा आगजनी गर्दा नेपाली सेनाबाट कुनै सुरक्षात्मक भुमिका निर्वाह भएन। [88]

**<u>८८. उपत्यका प्रहरी कार्यालय रानिपोखरी काठमाडौंमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रदिप सिंह धामीको कागज ब्यहोराः</u>**

88 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८७ अन्तर्गत रहेको ।

म काठमाडौं उपत्यका कार्यालय रानिपोखरी को प्रबन्ध तथा जिन्सी शाखाको जिम्मेवारीमा काम गरी आएको छु। २०८२ भाद्र २३ र २४ गतेको Gen-Z आन्दोलनको क्रममा म बाहिर फिल्डमा डिउटी खटेको थिईन। काठमाडौं उपत्यका प्रहरी कार्यालयले खास गरी काठमाडौं, भक्तपुर र ललितपुरको कमाण्ड गर्ने उल्लेखित कार्यालयहरुको अभिलेखीकरण गर्ने निर्देशन दिने गर्दछ। २०८२ भाद्र २३ गते सम्म काठमाडौं उपत्यका प्रहरी कार्यालयमा निमित्त कार्यालय प्रमुख प्रहरी नायब महानिरीक्षक ओम बहादुर राना हुनुहुन्थ्यो। २४ गते देखी हालका प्रहारी महानिरीक्षक तत्कालीन प्रहरी अतिरीक्त महानिरीक्षक दान बहादुर कार्की खटिने भन्ने थाहा पाएको थिएं। सो कार्यालयका प्रहरी कर्मचारीहरु प्राय फिल्डमा खटिदैनन्, कार्यालय तर्फको कामकाजमा व्यस्त हुन्छन्। Gen-Z आन्दोलनको क्रममा मिति २०८२ भाद्र २३ गते प्रदर्शनकारी तर्फ क्षति भए पछि भोलिपल्ट २४ गते बिहान देखी चारै तर्फ आन्दोलनकारीहरुले उग्र रुपमा तोडफोड आगजनीको साथ प्रदर्शन गरी रहेका थिए। प्रहरी कार्यालयहरुमा तोडफोड आगजानी तथा हातहतियार समेत लुटपाट गर्न थालेको जानकारी आउन थाल्यो। अन्य कार्यालयबाट थप मद्दत आउन सक्ने अबस्था थिएन। सो पश्चात कार्यालय तर्फको काममा व्यस्त रहेका प्रहरी कर्मचारीहरुबाट कार्यालय सुरक्षाको व्यवस्था मिलाईएको थियो। भिआईपिहरुको निजि निवास, प्रहरी कार्यालयहरु, सिंदरबार, संघीय संसद भवन समेत चारै तर्फ तोडफोड आगजनी भई रहेको थियो। मैले तत्कालका प्रहरी बरिष्ठ उपरीक्षक हालको प्रहरी नायब महानिरीक्षक शेखर खानाल सरलाई प्रबन्ध शाखामा रहेका हातहतियार व्यवस्थापन सम्बन्धमा के गरौ भनी सोधेको थिए, सरले निमित्त कार्यालय प्रमुख प्रहरी नायब महानिरीक्षक ओम बहादुर राना सरलाई जाहेर गर्नु भई अहिले नआत्तिनु भन्ने आदेश आयो। अन्दाजी दिनको लगभग २/३ जति बजेको थियो होला ठुलो समुहका प्रदर्शनकारीहरु लाठी, भाला, गैटी, सावेल, गुलेली, खुकुरी जस्ता हतियार, औजार लिई काठमाडौ उपत्यका प्रहरी कार्यालयमा ढुंगामुढा गर्दै कार्यालय तोडफोड गर्न थाले। प्रहरी कर्मचारीहरुको आफ्नै सुरक्षा, हातहतियार सुरक्षा, कार्यालय सुरक्षा र प्रदर्शनकारी तर्फको क्षति हुन नपाउने गरी सुरक्षा प्रणाली अपनाउनु पर्ने दोहोरो सुरक्षा चुनौति थियो। प्रहरीले प्रदर्शनकारीहरुलाई सम्झाउन बुझाउन थाल्यौ, प्रदर्शनकारीहरु कसैको कुरा नसुनी हो-हल्ला कोलाहाल गर्दे एकोहोरो ढुंगामुढा तोडफोड गर्दै कार्यालय भित्र प्रवेश गरे, हो-हल्ला कोलाहलले गर्दा कसैले कसैको कुरा सुन्ने अबस्था थिएन, कमाण्डरहरुले कस्तो कस्तो आदेश निर्देशन दिए मलाई जानकारी भएन। प्रहरी कर्मचारीहरु प्रहरी बरिष्ठ हवल्दार अमृत कुमार श्रेष्ठको खुट्टामा चोट लाग्यो, प्रहरी हवल्दार राम कृष्ण ढुंगानाको खुट्टा भचियो, प्रहरीहरु घाईत हुन थाले पश्चात तितरबितर भई आ-आफ्नो व्यक्तिगत सुरक्षा रणनिति अपनाउन थाले, कार्यालय भनव, हातहतियार गोलिगठ्ठाको सुरक्षा तर्फ कसैले ध्यान दिने मौका पाएनन्। प्रदर्शनकारीहरुले सोही मौकामा सवारी साधनमा तोडफोड आगजनी गर्दै कार्यालय भवन समेत तोडफोड आगजनी गरी हातहतियार समेत लगे। हाल सम्म

निम्न अनुसारको हताहतियार फेला परेको छैन। [89]

<u>निम्न</u>

| सि.नं. | हतियारको प्रकार | संख्या | जंगी राउण्ड | ब्ल्याङ राउण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३०३ राईफल | २ | ५५९ | ७५ | |
| २ | 7.62 mm SLR राईफल | ८ | २१७७ | १९६ | |
| ३ | फोल्डिङ / ननफोल्डिङ सर्टगन | २ | ६७ कार्टिज | ५३७ रबर बुलेट | |
| ४ | मल्टी ग्यास गन | १ | | | २ थान जलेको |
| ५ | ग्यास गन(सर्ट रेन्ज) | १ | ६६० सेल | | |
| ६ | ग्यास हेण्ड ग्रिनेट | | २३ थान | | |
| ७ | ३८ स्पेसल रिभल्वर | ७ | ८७ | | |
| ८ | ४.४२ (३८) मिनि रिभल्वर | १ | १० | | |
| ९ | 9mm (mouser ) जर्मनी पेस्तोल | १ | ५ | | |
| १० | 9mm (CF 98) चाईनिज पेस्तोल | २७ | १३५८ | | |
| ११ | 9mmp7m8 जर्मनी पेस्तोल | १ | १२ | | |
| १२ | 7.62 type54 चाईनिज पेस्तोल | ९५ | ८७७ | | ४ थान जलेको |
| १३ | 7.62 type 77 चाईनिज पेस्तोल | ४ | ३८२ | | |
| १४ | वेरेटा पेस्तोल | ३ | ११६ | | |
| १५ | 9mm Auto Indian पेस्तोल | ३ | ७२ | | |
| १६ | NoN Lethal Multi Weapon | १५ | Pipir carties(Red) ६० | | |
| १७ | स्टिल हतकडी | ८ | | | |
| १८ | INSAS राईफल | २ | ८०५ | | १ थान जलेको |
| १९ | SMG | २ | २५० | | |

## <u>८९. प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक निरीक्षक हरेराम कुमालको कागज ब्यहोराः</u>

मिति २०८२ भदौ २३ गते र २४ गते जेन्जी युवा पुस्ताद्वारा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिँदा २३ गते म कार्यालयमा स्टेण्डबाई डिउटीमा थिएँ। ऐ २४ गते म प्रहरी प्रभाग कोटेश्वमा डिउटी अधिकृतको डिउटीमा खटिएको थिएँ। उक्त दिन बिहान अन्दाजी १०:३० बजेको म

89 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.८८ अन्तर्गत रहेको ।

डिउटी अधिकृको कक्षमा रहेको वेलामा ४००/५०० जनाको समूह आई कार्यालय र हामीलाई आक्रमण गर्न खोज्दा कोटेश्वर चोकबाट नै स्थानीयहरू मिली हातेमालो गरी प्रहरी कार्यलायमा आगजनी र प्रहरीलाई कुटपिट गर्नु हुँदैन भनेर सम्झाई बुझाई गरी तीनकुने बानेश्वरतर्फ पठाए पश्चात फेरि अं. ११:०० बजेको समयमा कोटेश्वर आकाशे पुल तर्फबाट आउँदै गरेको हुल कोटेश्वर ट्राफिक कार्यालयमा गई तोडफोड र उक्त कार्यालयमा आगो लगाए पश्चात केही समयमा उक्त हुल हुल प्रहरी प्रभाग कोटेश्वरको गेटमा आई ढुंगामुढा र बाहिरबाट पेट्रोल बमभित्र फाले पश्चात हामीले दुईचोटि निभायौं। करिव १२:३० बजेको समयमा बजेको समयमा अन्दाजी ३ हजार ४ हजार हुल प्रहरी प्रभाग कोटेश्वरको कार्यालय बाहिर गेटमा आई ढुंगामुढा गरी बाहिरबाट हामीलाई तिमीहरु कि अफिसबाट निस्क होइन भने तिमीहरुलाई नि भित्रै जलाएर मारिदिन्छौं भन्दै धम्काएर आक्रमण गर्न थालेपछि, हामीहरु भाग्न विवस भई चारै तिरबाट एकै चोटी प्रहरीलाई आक्रमण गर्न थालेपछि प्रतिकार र आत्मरक्षा गर्न नसक्ने अवस्था आए पछि प्रहरी साथिहरु ज्यान जोगाउन दाँयाबाया भाग्न थाले र म पनि भाग्दै प्रहरी प्रभाग कोटेश्वरको उत्तर तर्फको गल्लि भित्र प्रवेश गरी एक स्थानीयको घरमा प्रवेश गरी स्टोर रुम जस्तो सानो कोठामा लुकेर बसें। उक्त दिन आन्दोलनकारीहरुले आक्रमण गर्दा मेरो शरिरको केही भागमा ढुंगा लाठी, ईटा, लात्ती र मुक्का लागेको थियो तर गम्भिर चोटपटक लागेको छैन। हाल मेरो स्वास्थ्य अवस्था सामान्य छ। उक्त समयमा आक्रमण गर्ने मानिसहरू कोको थिए म कोही चिन्दिनँ। मैले जाने बुझेसम्मको व्यहोरा खुलाइ लेखाइ दिएको ठीक साँचो छ।[90]

## ९०. प्रहरी बृत कीर्तिपुर काठमाण्डौं कार्यरत प्रहरी सहायक निरिक्षक खेमराज अधिकारीको कागज ब्यहोराः

मिति २०८१। १२। ०६ गते देखि प्रहरी बृत्त कीर्तिपुरमा कार्यरत रहेको छु। मिति २०८२ भाद्र २३ गते म आफ्नै कार्यालयको अपराध अनुसन्धान शाखामा नियमित काम कारवाही गरी रहेको थिए। शाखामा कार्यरत रहेता पनि अन्दोलनको तत्कालीन अवस्था बारे जानकारी नै थियो सोही कारणले समेत भोलिको दिनको कुरा र शान्ति सुरक्षा, सु-व्यबस्था समेतको अवस्था बारे सोचले समेत म बिचल्लित थिए। सोही बिषयलाई लिई मलाई रात क्रममा निन्द्रा समेत परेको थिएन। राती अभेर सम्म नसुतेता पनि ऐ २४ गते बिहानि सवेरै उठी आफ्नो दैनिक नित्य कर्मको काम गरी तत्कालीन अवस्था बारे बुझि म समेत भिड नियन्त्रणका समान र हातहतियार समेत बुझि आफ्नो तत्कालीन कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको आदेश लिई शाखामा ऐ २३ गतेको दिन लागि औषध सम्बन्धि कसुरमा संलग्न व्यक्तिहरुलाई नियन्त्रण लिई हिरासतमा राखिएकोमा उक्त मुद्दा

90 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.८९ अन्तर्गत रहेको ।

सम्बन्धी काम कारवाही गर्दै थिए। यतीकैमा बिहनिको करिव ११:०० बजेको समयमा करिव१।२ हजारको संख्मा प्रर्द्रशनकारीहरुको समुह आई कार्यालयमा ढूङ्गा मुडा गर्न खोज्ने क्रममा तत्कालीन कमाण्डर प्र.ना.उ राज बाबु महर्जनले अन्दोलनमा आएका अन्दोलनकारीको समुहलाई सम्झाई बुझाई गरी पठाईएको थियो, केही बेर समान्या अवस्था भएता पनि कीर्तिपुरका बिभिन्न स्थानमा कागजनी तथा तोडफोड भएको भन्ने समेत खबर प्राप्त थियो। करिव दिनकोन १२:०० बजेको समयमा पु:न ३। ४ हजार संख्यामा आन्दोलनकारीहरुको समुह आई कार्यालय भित्र प्रवेश गरी ढुङ्गा मुडा तथा आगजनि लुटपाट समेत गर्न खोज्दा कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको आदेशले उक्त अन्दोलनकारीको समुहलाई सम्झाई बुझाई गरी भिड नियन्त्रणको सम्भव भए सम्म शिलशिलेवार चरणसमेतको अवलम्बन गरी गोली चलाउने सम्मको अवस्थामा आई पुग्दा तालुक कार्यालयको आदेश बमोजिम न्युनतम मानविय क्षेतीको तत्कालीन अवस्थालाई मध्येनजर गरी गोली चलाउदा अत्याधिक मानविय क्षेति हुने भएकाले हामी कार्यालय र आफ्नो कार्यालयका सम्भव भए सम्मका सामाग्रिहरुको सुरक्षमा खटिएका थियौ त्यतिकैमा भिड उग्र नेत्रित्तो बिहिन अराजक मानिसहरुको समुह कार्याला हाता भित्र चारै तिर बाट कार्यालयमा प्रवेश गरी तोडफोड लुटपाट र आगजनि समेत गरी कार्यालय र प्रहरी व्यारेक समेतमा पूर्णरुपमा क्षेती पुराए पढी हामिले आफू संग बोकेको हातहतियार सहित कार्यालय बाट आगजनि नगर्न अनुरोध गर्दा गर्दै सरक्षित स्थानमा गई सुर्क्षित साथ बसेका थियौ। उक्त दिन डर त्रासको अवस्थामा नै बस्दै बित्यो। त्यस्तो अवस्थाम समेत कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको कुशल कमाण्डसिप, परिर्थितिको आकलन गर्न सक्ने क्षेमता समेतले गर्दा कुनै मानविय क्षेती समेत नभएको र सोही कारणले त्यस पछिका दिनहरुमा प्रहरीको दैनिक काम कारवाहीमा समेत सहजता पैदा भई प्रहरीको मनोबल समेतमा सकारात्मत प्रवाह परेको व्यहोरा ठिक साँचो हो। [91]

## <u>९१. नेपाल प्रहरी अनाश्रित गुल्म डिल्लीबजार मा कार्यरत प्रहरी सहायक निरीक्षक वीरेन्द्रसिंह बिष्टको कागज ब्यहोराः</u>

मिति २०८२ साल भाद्र २३ र २४ गते जेनेरेसन जी समूहले गरेको आन्दोलनको क्रममा मिति २०८२। ५। २४ गते सो समूहले डिल्लीबजार कारागारमा करिब १६:३० बजेको समयमा ४००\५०० जनाको समूहले आक्रमण गरी यस नेपाल प्रहरी अनाश्रित गुल्म डिल्ली बजारको मेन गेट तोडफोड गरी भित्र प्रवेश गरी लाइन ब्यारेकमा आगजनी गर्नुका साथै डिअ कक्षमा प्रवेश गरी

91 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९० अन्तर्गत रहेको ।

सञ्चार साधन सिसटिभी क्यामेरा मोनिटर समेत तोडफोड गरी क्षति पुऱ्याएको प्रहरी टोलीले माइकिङ गरी सम्झाई बुझाई गर्दा समेत नमानेको कारण आवश्यक बल प्रयोग गरी उक्त टोलीलाई कारागार पेरिमिटरबाट बाहिर पठाए पश्चात सोही समूहका व्यक्तिहरूले बाहिरबाट बसमा आगजनी गर्दै लाइन ब्यारेकमा पुन आग्जनी गरी क्षति पुऱ्याएको करिब २०:३० बजे आन्दोलनकारीलाई पछाडि हटाई कारागारमा रहेका विभिन्न का कैदीबन्दी सङ्ख्या ६६९ लाई सुरक्षित राख्न सफल भएका थियौं। सोही क्रममा मिति २०८२। ५। २५ गते बिहान अन्दाजी आठ ३० बजेको समयमा एस दिल्लीबजार कारागारमा रहेका कैदीबन्दी हरूले अन्यत्र कारागारका कैदीबन्दी हरू मुक्त भइसकेकोले हामीहरू पनि मुक्त हुनुपर्छ भनी यस कारागारमा रहेका कैदीबन्दी मुक्त हुन पाउनुपर्छ भनी माग राखी आठ ३० बजेदेखि विरोध तथा नाराबाजी सुरु गरेको। तत्कालै तालुक नेपाल प्रहरी अनाश्रित देवल तथा काठमाडौं उपत्यका प्रहरी भिक्टर कन्ट्रोलमा रिपोर्ट गरी थप मद्दत माग गरी बन्दीलाई माइकिङ गरिएको थियो। सोही क्रममा कैदी अस्ति कारागारको भित्री मूल गेट तोडफोड गरी बाहिर निस्किने प्रयास गरेको नेपाल प्रहरी अनाश्रित गोल्मोठ डिल्लीबजारका प्रहनी दुर्गा राईको कमाण्डमा र नेपाली सेनाको टोलीले सम्झाई बुझाई स्थिति सम्पूर्ण कैदीबन्दीहरूलाई कारागारभित्र पठाउन सफल भएका हौं। त्यसपश्चात् कैदीबन्दीहरूले कारागारभित्रै तोडफोड तथा आगजनी गरेपश्चात कैदीबन्दीहरू कारागारको चारै तर्फबाट बाहिर निस्किन खोज्दा खटिएको टोलीले ४५८ जना कैदीबन्दीहरूलाई तत्कालै केन्द्रीय कारागार स्थानान्तरण गरिएको र मूल नायके नाइके समेतका १९२ जना कैदीबन्दीहरूलाई डिल्लीबजार कारागारमै व्यवस्थापन गरिराखिएको हो। सोमध्ये २० जना विभिन्न मुद्दाका कैदीबन्दी भागी फरार रहेकोमा हालसम्म १० जना कैदी आएका र १० जना फरार नै निजहरूको तालु कार्यालयहरूबाट खोजतलास भइरहेको व्यहोरा ठिक छ। [92]

## ९२. प्रहरी बृत्त लैनचौरमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रकाश रायको कागज ब्यहोराः

मिति २०८२ साल भदौ २३ गते र २४ जियनजेड (Zen-Z) युवा पुस्ताद्वारा काठमाण्डौ लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिदा भदौ २३ गतेको हकमा म प्रहरी वृत्त लैनचौरका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक जागेश्वर भण्डारीको सरको कमाण्डमा १५ जनाको टोलीसहित अं. ०८:३० बजेको समयमा बानेश्वर स्थित अल्फा बेटाको उत्तरतर्फको लेनमा खटिएको थिए भने भदौ २४ गतेको हकमा भने म बिहान अ. ०९:०० बजेको समयदेखी नै लैनचौर स्थित अस्कल क्याम्पस अगाडी कर्डन ड्युटीमा खटिएको थिए।

92 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९१ अन्तर्गत रहेको ।

भदौ २३ गतेको हकमा म प्रहरी वृत्त लैनचौरका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक जागेश्वर भण्डारीको सरको कमाण्डमा १५ जनाको टोलीसहित अं. ०८:३० बजेको समयमा बानेश्वर स्थित अल्फा बेटाको उत्तरतर्फको लेनमा मुख्य ब्यारिकेड ड्युटीमा खटिएको थिए। अन्दाजी १०:०० बजेको समय देखी नै मानिसहरु भेला जम्मा हुन थालिसकेका थिए। भेलाजम्मा भएका मध्ये अधिकांश स्कुल र कलेजको जस्तो देखिने पोशाक लगाएका युवा र यवतीहरु थिए। उनीहरुले सरकारविरुद्द विभिन्न किसिमको नाराबाजी गरिरहेका थिए। त्यसपछी अ. ११:०० बजेको समयमा माईतिघर मण्डला तर्फबाट अं ७-८ हजार जनाको भीड पहिल्यै उपस्थित भीडसँग मिस्सिने गरी आईपुगे। भीड ब्यारिकेड अगाडी आईपुगिसकेपश्चात संख्यामा बढौति भएकाले उत्तेजित र आक्रमक हुँदै गयो। भीडले कही समयसम्म नाराबाजी गर्यो भने केही समयपछी ब्यारिकेडलाई निशाना बनाई ब्यारिकेडमा धकेलाधकेल र लाता प्रहार गर्ने लगायतका कार्यहरु गर्न थाले। म सहितको टोली ब्यारिकेडको पहिलो पङ्तिमै खटिएकाले हामिले निकै समयसम्म ब्यारिकेड भत्किन नदिन अथक प्रयास गर्यौं। सो क्रममा मेरो टोलीको कमाण्डरले धेरै बेरसम्म माईकिङ गरेर शान्तिपूर्ण प्रदर्शन गरिदिन आग्रह गरेतापनि भीड उत्तेजित र आक्रमक हुने क्रम रोकिएन। लगभग ४० मिनेटदेखी १ घण्टासम्म ब्यारिकेड धानिसकेपश्चात पनि असङ्ख्य भीडको जोरले ब्यारिकेड हामितर्फ खसाल्यो र ब्यारिकेड ढलिसकेपश्चात पनि म सहितको टोलिले आफूसँग रहेको लाठीको ब्यारिकेड बनाएर रोक्न खोज्यौ। अथक प्रयास गर्दा समेत सो भीड संसद भवनतिर अगाडी बढ्यो र म सहितको टोली ब्याक हुँदै थियौं। ब्याक हुने क्रममै भीड हामि प्रति थप आक्रमक भई हामिमाथी ढुङ्गा, ईट्टा, पानिको बोत्तल र हेल्मेट लगायतका वस्तुहरु प्रहार गर्न थाले, नेपाल प्रहरीको वाटर क्याननबाट पानीको फोहोरा प्रहार गर्दा समेत भीड पछि हटेन। हाम्रो टोली भने आफूसँग भएको ढालले टोलीलाई सुरक्षित पार्दै संघीय संसद भवनको २ नं गेट तर्फ ड्युटी लियौ। संघीय संसद भवनको २ नं गेट तर्फ ड्युटी लिइसकेपश्चात पनि हामी माथि निरन्तर ढुङ्गा, ईट्टा, पानिको बोत्तल र हेल्मेट लगायतका वस्तुहरु प्रहार भै नै रहयो। यतिबेलासम्म कहि कतैबाट पनि गोली चलेको आवाज सुनिन। अन्दाजी १ घण्टासम्म पनि हामी माथि निरन्तर ढुङ्गा, ईट्टा, पानिको बोत्तल र हेल्मेट लगायतका वस्तुहरु प्रहार भईरहेपछी हाम्रो सङ्ख्या कम भएका कारणले हामी संघीय संसद भवनको २ नं गेट बाट भित्रतर्फ लाग्यौ। हामिले भित्र गईसकेपछी फलामको सिक्रीले संघीय संसद भवनको २ नं गेट पूर्ण रुपमा बन्द गर्यौं। केहि समयपश्चात आक्रोशित भीडले नागरिक लगानी कोषपट्टीको गेट तर्फको पर्खालमा प्वाल पारेर अन्दाजि ८-१० जना जति प्रदर्शनकारीहरु भित्र समेत प्रवेश गरेकोमा म सहितको टोलीले लाठी चार्ज गर्ने पोजिसनमा नीज प्रवेशकर्ताहरुलाई बाहिरतर्फ लखेट्यौ।

त्यसको केही समयपश्चात भीड थप आक्रमक भई २ नं गेट नजिकैको १ तल्ले भवन आगजनी गर्यो।

आगजनि गरिसकेपश्चात मेरो कमाण्डर सहितको टोलीले केही राऊण्ड अश्रुग्याँस भीडतर्फ प्रहार गर्यौ, बालुवाको प्रयोग गरेर आगोलाई केहि मत्थर पारि पुनः गेट बाहिर गएर भीडलाई तितर बितर गर्यौं। निकै बेरसम्म पनि भीड गेट अगाडी जम्मा हुने र हमिले भीडलाइ तितर बितर पार्ने क्रम चलि नै रहयो। २ नं गेट क्लियर गर्दै मेरो कमाण्डर सहितको टोली बानेश्वर चोक सम्म पुग्यौ। समय यकिन याद भएन, अन्दाजी २:३० बजेको समयमा हुनुपर्छ, केही सङ्ख्यामा मोटरसाईकलमा हो-हल्ला गर्दै मोटरसाईकलको साईलेन्सर ठूलो आवाज निकालेर अन्दाजी २०-३० जनाको समूह संखमूलतिर बाट बानेश्वर चोकतर्फ आईपुगेको मैले देखें। त्यसपछी केहि समयसम्म प्रदर्शनकारीहरु संसद भवनलाई निशाना बनाई भेला हुने र जवाफमा हामिले भीडलाई अश्रुग्याँस प्रहार गर्दै तित्तर बित्तर गर्ने क्रम चलिरहयो। सो क्रममा मेरो कमाण्डर सहितको टोलीको १४ राउण्ड ग्याँस सेल र ३ राउण्ड रबर बुलेट खर्च भएकोमा हामिले लाईभ राउण्ड भने प्रहार गरेनौ। सोहि क्रममा मैले अन्दाजी ०४:०० बजेको समयमा गोली चलेको आवाज सुनेपनि कतातर्फबाट के-कति राउण्ड प्रहार भयो र के कति प्रदर्शनकारी घाईते अथवा मृत्यु भएको विषयमा भन्ने ठम्याउन सकिएन। सो सिलसिलामा मेरो कमाण्डर र म सहित ३ जना घाईते हुन पुग्यौं। यो क्रम रातिको अ. १०:०० बजेको समयसम्म पनि चलि नै रहयो। त्यशपश्चात अ.११:०० बजेको समयमा हामी एभेरेष्ट हस्पिटलमा प्राथमिक उपचारपश्चात कार्यालय फिर्ता भयौं। राती कार्यालय आईसकेपछी पनि मलाई कही कतै केहि बिधार्थीको गोली लागेर मृत्यु भएको सम्बन्धमा केहि थाह जानकारी भएन।

भदौ २४ गतेको हकमा भने मेरो कमाणडमा ४ जनाको टोली बिहान अ.०९:०० बजेको समयदेखी नै लैनचौर स्थित अस्कल क्याम्पस अगाडी कर्डन ड्युटीमा खटिएको थियौं। म खटिएको स्थानमा गोल्खुपाखा चोकमा केही प्रदर्शनकारीहरु भेलाजम्मा भई टायर बालेकोमा म सहितको टोलीले सो बालेको टायरको आगो निभायौं। म खट्टिएको स्थानमा त्यसपछी भने गाडीको आवतजावत एकदमै न्यून थियो भने मानिसहरुको आवतजावत पनि खासै थिएन। अन्दाजि ११:०० बजेको समयमा म सँग रहेको सँचार सेटमा आफ्नो कार्यालय सुरक्षार्थ फिर्ता हुने आदेश आएपछी म सहितको टोली कार्यालय फिर्ता भयौ। हामी फिर्ता हुदाँको समयसम्म कार्यालयमाथि आक्रमण भएको थिएन तर सोह्रखुट्टे चोकमा भने अ. १५०० जनाको समूहले नाराबाजी भने गरिरहेका थिए। कार्यालय सुरक्षामा प्रहरी नायव उपरीक्षक जागेश्वर भण्डारीको सरको कमाण्डमा अन्दाजि २५ जनाको टोली बिहान देखी खटिएको नै थियो।

करिब ११:२० बजेको समयमा अं.१५०० जना प्रदर्शनकारीहरु आक्रोशित भई नाराबाजी गर्दै कार्यालय तर्फ अगाडी बढ्दै हाम्रो टोली माथि र कार्यालय भवनमा ईट्टा, ढुङ्गा, पानीका बोतल, पेट्रोलका बोतलले प्रहार गर्यो। सोहि क्रममा हाम्रो कमाण्डरले पटक पटक माईकिङ गरी भिडलाई संयमित हुन र ढुङ्गा मुढा नगर्न

अनुरोध गर्नु भयो तर प्रदर्शनकारीले त्यसको बेवास्ता गरी हामी माथी आक्रमण गरिनै रहे। केहि स्थानीयहरुले समेत भिडलाई संयमित हुन आग्रह गर्दा सो को समेत बेवास्ता गरीनै रहे। प्रदर्शनकारीहरु उग्ररुप लिदैं प्रदर्शनकारीहरुको संख्या बढ्दै गयो। करिब १३:५५ बजेको समयमा करिब २५००/३००० को संख्यामा रहेका प्रदर्शनकारीहरुले कार्यालय गेट अगाडी रहेको मोबाइल गाडीमा तोडफोड गरी धकेली वृद्दाश्रम अगाडी लगि आगजनी गरे सो पश्चात कार्यालयको गेटमा तोडफोड गरी कार्यालय हाता भित्र प्रवेश गरी पार्किङ गरी राखेको गाडी र मोटरसाइकलहरु समेतमा आगजानी गरे पछि आगोको धुँवाले हिरासत कक्षमा रहेका थुनुवाहरु निस्सासिन थालेपछि थुनुवाहरुले हो-हल्ला तथा तोडफोड गर्न थालेपछि हिरासत कक्षमा रहेका थुनुवाहरुलाई सम्पर्कमा रहनु भनी सकुशल बाहिर पठायौं। त्यसपछि स्थानीय व्यक्तीहरुको सहयोग समेतमा कार्यालय हाताभित्र आगजानी भएको गाडी र मोटरसाईकलहरुको आगो निभायौं जसले गर्दा थप क्षती हुन पाएन। कार्यालय हाताभित्र रहेका प्रदर्शनकारीहरुलाई स्थानीयहरुको सहयोगमा सोह्रखुट्टे चोक तर्फ पठायौं। जसले गर्दा कार्यालय, कार्यालयभित्र रहेको हातहतियार, गोली गठ्ठा, संचार सेट, मिसिल फाइल लगायत असभावका सम्पूर्ण सामानहरु सुरक्षित रहन गएको थियो। हामिले कुनै बेला पनि कार्यालय छोडेनौ। माथि लेखिएको बिबरण ठीक छ। [93]

## <u>९३. प्रहरी बृत बौद्धमा कार्यरत प्रहरी वरिष्ठ हवलदार ओमलाल पाण्डेको कागज ब्यहोराः</u>

म बिगत ३ बर्षदेखि प्रबन्ध शाखामा काम काज गर्दै आईरहेको थिए, मिति २०८२। ०५। २४ गतेको दिन अन्दाजी बिहान ८:४५ बजेको समयदेखि प्रहरी बृत्त बौद्धको दुबै तर्फ (टुसाल चोक र बौद्ध गेट) बाट प्रदर्शनकारीहरु भेलाजम्मा भई प्रहरी बृत्तको अगाडी सम्म आई ढुंगामुढा तथा नाराबाजी समेत गरिरहेका थिए। त्यसै समयमा म आफ्नो डिउटीको क्रममा प्रबन्ध शाखामा कामकाज गर्दै प्र.क.हरुलाई हातहतियार गो.ग.तथा असोवावको सामानहरु समेत बितरण गरिरहेको थिए एक्कासी प्रदर्शनकारीहरुको संख्या बढ्दै जादा अन्दाजी १०:१५ बजेको समयदेखि प्रदर्शनकारीहरुले पानीका बोतलहरु डिउटीमा रहेका प्र.क.हरुलाई लक्षित गरि प्रहरी तर्फ फालिरहेका थिए त्यतिबेलासम्म प्रहरीले संयमता अपनाइ रहेका थिए। अन्दाजी १०:३५ बजेको समयमा प्रदर्शनकारीको संख्या बढदै गयो र दोहोरो झडप हुने क्रम शुरु भएको थियो। सोही प्रदर्शनकारी हरुमध्ये कतिपय मानिसहरुले प्रदर्शनकारीहरुलाई समेत सम्झाई बुझाई गर्दै थिए। कार्यालयमा रहेको जनशक्ती तालुक जिल्ला प्रहरी परिसर काठमाण्डौको सुरक्षा योजना बमोजिम

93 बयानको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.९२ अन्तर्गत रहेको ।

नयाबानेश्वरमा खटिएको टोली समेत अन्दाजी १०:४५ बजेको समयमा कार्यालयमा फिर्ता भएको र उक्त टोलीलाई समेत क्रमशः हातहतियार गो.ग. तथा असवावको सामानहरु बितरण गर्दै थिए। सोही क्रममा प्रदर्शनकारीहरुको संख्या क्रमश बढदै गईरहेको थियो यसै क्रममा अन्दाजी ११:३५ बजेको समयमा प्रदर्शनकारीहरुको संख्या जोरपाटीबाट र टुसाल चोकतिरबाट आएको र उक्त टोली समेत मिसिएर अफिसको बाहिर रहेका ब्यारिकेट, कोणहरु समेत लगि बिच सडकमा जलाउनको लागि एकै ठाउमा जम्मा गर्दै गर्दा अन्दाजी १२:२५ को समयमा पहिलो पटक प्रहरीको तर्फबाट अश्रु ग्यास प्रहार भएको थियो। आक्रमणमा आएका मानिसहरु मध्ये कतिपय कार्यालयमा क्षति पुर्याउनु हुदैन भन्ने थिए भने धेरै जनशक्ति अराजक रुपमा प्रस्तुत भएका थिए। प्रदर्शनकारीहरुको संख्या अन्दाजी १५ देखि २० हजार सम्म आएका थिए। प्रदर्शनकारीहरुको तर्फबाट अफिसमा भएका सम्पूर्ण फर्निचर, कम्प्युटर लगायत सम्पूर्ण बिधुतिय उपकरणहरु, सि.सि.क्यामरा, सर्भर, मोनिटर लगायत सम्पूर्ण सरसामानहरु क्षति भएका छन। हातहतियारहरु मध्ये (१) .३०३ राईफल नाल सि.नं. (३००८५, २२७९८ जलाईएकामा हाल फेला परिसकेको), (२४१३१ लुटिएको) जम्मा नाल-३ क्षति, ऐ.को गोली राउण्ड (जंगी १९०९ र ब्ल्यांक २९ राउण्ड लुटिएको, (२) एस.एल.आर.को जंगी राउण्ड २१३७ र ब्ल्यांक राउण्ड ५९ लुटिएको, सर्टगनको रबर कार्टिज १९४, धातु छर्रा ३८५ राउण्ड लुटिएको, (३) T-५४ पेस्तोल नाल एक (५५०११३८१) लुटिएको हाल फेला परिसकेको, ऐ.को राउण्ड १७२ लुटिएको, (४) मल्टी ग्यासगन ११००६१६३ नाल १ लुटिएको हाल जलेको अबस्थामा फेला परेको, (५) एस.एम.जी.को गोली राउण्ड २२ लुटिएको, (६) CF ९mm पेस्तोलको गोली १४८-राउण्ड, (७) हर्नेट राईफलको गोली ९७५-राउण्ड, (८) म्याग्नम राईफलको गोली १९९-राउण्ड, (९) ३८ बोर रिभल्बर नाल ११ लुटिएकोमा हाल (२ नाल सि.नं.४७१६ र ३६३८ फेला परिसकेको) ९ नाल अझै हराईरहेको, (१०) T-७७ पेस्तोलको गोली राउण्ड १२ लुटिएको। प्रदर्शनकारीहरुको तर्फबाट कुनै किसिमको हातहतियार प्रयोग भएको थाहा भएन, प्रदर्शनकारीहरु तर्फ क्षति भएको बिबरण थाहा नभएको, प्रहरीतर्फ ८, ९ जना घाईते भएको र कसैको पनि मृत्यु नभएको ब्यहोरा सादर जाहेर गर्न चाहन्छु। [94]

## <u>९४. प्रहरी वृत्त मालिगाउँमा कार्यरत प्रहरी बरिष्ठ हवलदार दिपेश लामाको कागज ब्यहोराः</u>

मिति २०८२ भाद्र २३ गते हवल्दार मेजरको रुपमा कार्यरत भएकोले सो दिन काठमाडौं जिल्ला

94 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९३ अन्तर्गत रहेको ।

काठमाडौं महानगरपालिका वडा नं. ११ माईतीघर मण्डला स्थित जेन जी समुहको शान्तीपूर्ण कार्यक्रम रहेको कारण उक्त दिन आवश्यक सुरक्षा योजना अनुसार डिउटी खटाई म आफ्नै कार्यालयको स्टेण्डबाई थिए। उक्त दिन भएको घटना सम्बन्धामा डिउटी अधिकृतले जानकारी गराए पछी र सामाजिक संञ्जालमा समाचारहरु आए पश्चात घटनाको बारेमा थाहा पाएको हुँ। मिति २०८२ भाद्र २४ गते प्र.ना.उ. ज्यु को कमाण्डमा बालुवाटार, प्र.नि. दावा तेन्जी शेर्पाको कमाण्डमा बानेश्वर चोक र कार्यालय सुरक्षामा प्र.नि. अजय जंग थापा ज्युको कमाण्डमा कार्यालयको शाखामा कार्यरत कर्मचारी गरी २०/२५ जना कर्मचारी थियो। उक्त दिनको अन्दाजी ११:३० बजेको समयमा यस कार्यालयको वडा एरीयामा रहेका प्रहरी विटहरु र भिआइपीहरुको घरमा तोडफोड तथा आगजनी भयो भन्ने सुचना आए पश्चात माथिल्लो कार्यालयको आदेशले बिटको प्रहरी समेत अ. १२:०० बजेको समयमा यस कार्यालयमा फिर्ता भएका थिए। अ.०१:१५ बजेको समय तीर कार्यालय प्रमुख ज्यु पनी कार्यालयमा नै आई कार्यालय सुरक्षामा खटि बसेका थिए, त्यस पश्चात त्यसको केही समय पछी २/३ सय मानिसहरुको भिड बिस्तारै प्रदर्शनकारीहरुको समुह बढ्दै गएको र स्थिति झन आक्रामक र भयावह बन्दै गएको थियो, सो मध्ये केहि ब्यक्तीहरुले रड खुकुरी बोकेका, केहिले लाठी, ढुंगा, मुडा, पेट्रोल भरेका बोतल समेत बोकी आएर प्रहरी माथि ढुंगा मुडा प्रहार गरी आक्रमण गर्न थाले पश्चात कमाण्डर सरहरु कार्यालय बाहीर रोडको दुईपट्टी कडन गरी माईकिङ गरी प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई अनुरोध गरी रहनु भएको थियो र सो अनुरोधको बेवास्ता गरी प्रदर्शनकारीहरु निरन्तर आक्रमण गरिरहेका थिए। प्रहरी कार्यालय तथा प्रहरी माथी आक्रमण हुदै गर्दा कानून बमोजिम दिएको कमाण्डरको आदेश बमोजिम आवश्यकतानुसार सिलसिलेवार सम्झाई बुझाई लाठी चार्ज, अश्रु ग्यास, सर्टगनको रबर कार्टिज, हवाई फायर गरी उक्त भिडलाई ३/४ पटक सम्म भगाए पश्चात, यस कार्यालयमा कुनै पनी क्षती नभएको हाम्रो टोलिबाट कानून बमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज, हवाई फयार गर्न लाईभ बुलेट मात्र प्रयोग भएको र सो बाट कुनै पनि प्रदर्शनकारीहरु घाईते पनि नभएको र मानवीय क्षति समेत नभएको ठिक साँचो हो। [95]

## ९५. प्रहरी वृत गौशालामा कार्यरत प्रहरी वरिष्ठ हवलदार झोलै थारु चौधरीको कागज ब्यहोराः

मिति २०८२ भदौ २३ गते कार्यालयको नियमित ड्युटीमा रहेको थिएँ। ऐ. २४ गते म प्रहरी निरिक्षक उद्दव

95 बयानको सक्कल प्रति पाना- १, अनुसुची-५ को सि.न.९४ अन्तर्गत रहेको ।

पोखरेलको को कमाण्डमा कार्यालय सुरक्षा ड्युटिमा रहेको थिए। भदौ २४ गतेका दिन विहानै देखी सबै प्रहरी कर्मचारीहरु अ-आफनो खटाईएको डिउटीमा खटिएको थियो। अं. १०:०० बजेको समयबाट चाबहिल चोक, गौशाला चोक र रुन्चे डाँडा स्थित सडकबाट जेन्जी आन्दोलनहरुको चहल पहल शुरु हुन थाल्यो। आन्दोलनकारीहरुले नाराजुलुश हो हल्ला गरिरहेको थियो। त्यतिबेला सम्म हामीले शान्तिपूर्ण आन्दोलन हो भनी सम्झेका थियौं र प्रहरीको तर्फबाट कुनै किसिमको आदोलन्मा बाधा पर्याउने जस्ता कुराहरु थिएन हामीले आन्दोलन हेरी रहेकै अवस्था थियो। करिब ११:०० बजेको समय देखी ६/७ हजार जना आन्दोलनकारीहरुले हात-हातमा खुकुरी, बिभिन्न फलामका रडहरु र गुलेली, काठको चिरपट, बाँसको लट्ठीहरु र पेट्रोल बम समेत ले प्रहरी कार्यालयलाई निशाना बनाई ढुङगा मुढा र गर्न थाल्यो। आन्दोलकारीबाट प्रहार गरिएको ढुङगा मुढा पेट्रोल बम छेक्दै प्रहरी आफू सुरक्षित हुदै कार्यालयको सुरक्षा गरि रहेको थियो। सोही क्रममा आन्दोलनकारीहरु पेट्रोलबम तिब्ररुपले प्रहार गर्न थाल्यो र सोही कारण प्रहरी कार्यालयको प्राङगणमा राखिएको सरकारी तथा व्यक्तिगत मोटरसाईकलहरु, प्रहरीको जिप, तथा भ्यानहरुमा आगो लगाईए। हामी प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई पछी हट्न आश्रुग्यास प्रयोग गरेता पनि आन्दोलनकारीको ठुलो संख्या भएकोले उनिहरु पछी नहट्दै प्रहरी माथी ढुङगा मुढा लगायत अन्य हात हतियारले प्रहार गरी रहेको थियो। त्यपछी जेन्जी आन्दोलनकारीहरुले कार्यालय अगाडीको तार बारहरु र मुख्य प्रवेशद्धार लगायत पछाडिको वाल समेत तोडी कार्यालय परिसर भित्र प्रवेश गरी कार्यालय भित्र रहेका सवारी साधन तथा कार्यालय भवनमा आगजनी तोडफोड गर्नुको साथै कार्यालयमा रहेका प्रहरीको १३ नाल हातहतियार तथा गोली गट्ठाहरु समेत लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाईलहरु अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरी रहेका थिए र म लगायत अन्य म संग ड्युटीमा खटिएका प्रहरी कर्मचारीहरुले उक्त भिडलाई कन्ट्रोल गर्न सक्ने अवस्था नदेखिए पछी कार्यालयको पछाडीको वाल भत्काई पशुपति मन्दिर तर्फ लग्यौ र उक्त स्थानमा समेत सुरक्षित महशुस नभए पश्चात पूनः का.जि.सिनामंगल स्थित एयरपोर्टमा रहेको नेपाल आर्मिको सुरक्षा घेरा भित्र प्रबेश गरेका थियौ। उक्त घटनामा म लगायत ५ जना अली बढी घाईते भएका थियौ भने अन्य साथिहरु सामान्य घाईते भएका थिए। भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई कुनै रोकछेक/बाधा नगर्दा पनि आन्दोलकारीहरुले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै यसरी ड्युटिमा खटिएको प्रहरीलाई ढुंगा मुडा गरी घाईते बनाएको हुदाँ आन्दोलनकारीहरुलाई कानून बमोजिम हदै सम्मको कारबाही हुनुपर्छ। यसमा मेरो यत्तिनै व्यहोरा छ फरक छैन। [96]

---

96 बयानको सक्कल प्रति पाना- १, अनुसुची-५ को सि.न.९५ अन्तर्गत रहेको ।

## ९६. प्रहरी बृत्त सिंहदरबारमा कार्यरत प्रहरी बरीष्ठ हवल्दार रामचन्द्र यादवको कागज ब्यहोराः

देशका विभिन्न भागमा प्रदर्शन भई रहदा भदौ २३ गतेको हकमा म सिहंदरबार प्रहरी वृत्त हवल्दार मेजरको भुमिकामा थिए र(Zen-Z) युवा पुस्ताद्वारा गरिएको आन्दोलनको सुरक्षार्थ प्रहरी टोली अह्रन खटन गरेको थिए। दिउँसोको अन्दाजी ०२:०० बजेको समय हुनुपर्छ, डि.अ. मार्फत मलाई थाह जानकारी भयो कि माईतघर मण्डलामा भेला जम्मा भएको भीडले निषेधित क्षेत्र तोडेर बानेश्वर स्थित संघीय संसद भवनमा आक्रमण गर्यो। त्यसपश्चात म कार्यालयमा रहेको म सहितको टोली सहित उच्च सतर्कताका साथ तयार अवस्थामा बसे। संघीय संसद भवनमा आक्रमण गर्ने क्रममा प्रहरीको गोली लागेको कुरा भने मैले सामाजिक संजालको टिकटक लाईभ मार्फत देखेर थाह पाए। सो दिन म दिनभरी म सहितको टोली सँगै कार्यालयमै बसे र सो म खटिएको स्थानमा कुनै अप्रिय घटना घटेन।

मिति २०८२। ०५। २४ गतेको (Zen-Z) युवा पुस्ताद्वारा गरिएको अन्दोलनमा प्रहरी टोली अर्हन खटन गरी म प्र.नि सुनिल कार्कीको कमाण्डमा २५ जनाको टोलीसहित कार्यालय सुरक्षारथ खटिएको थिए। मिडिया र संचार सेटमा सुने अनुसार बिभिन्न प्रहरी कार्यालयमा आगजनी तथा तोडफोड र लुटपाट भएको भन्ने जानकारी पाएपछी मैले सेटमा पाएको आदेशानुसार यस कार्यालयमा रहेका हातहतियार तथा असभावका सामाग्री नेपाल प्रहरी प्रधान कार्यालय नक्शाल काठमाडौंमा पुग्ने गरी यस कार्यालयमा रहेको वनटनमा पठाए। यस कार्यालयमा रहेका सवारी साधन मध्ये कार्यालय प्रमुखको गाडी, वानटन, CM716 को गाडी जगाउन सफल भईयो र मोबाईल गाडी CM713 र QRT, र C719, C70 को मोटरसाईकल भने बाचउने प्रयास गर्दा गर्दै पनि प्रदर्शनकारीहरुले लगाएको आगोले गर्दा जली नष्ट भयो। मैले मिडिया तथा कन्ट्रोलरुम मार्फत अधिकांश सरकारी कार्यालय तथा प्रहरी कार्यालय समेत तोडफोड अगजनि गरेको भनी जानकारी पाएपछी मैले सबै टोली हाई अलर्टमा राखी कार्यालयमा स्टेण्डवाईमा बसेका थियौ। तत्त पश्चात अं.४ हजारको संख्यामा प्रदर्शनकारीहरु रातिको अं.१९:०० बजे गेटमा आए पछी मैले युनिफर्म खोली सादा पोशाकमा बसी आन्दोलनकारीसंगै मिसिएर नीजहरुले म प्रहरी कर्मचारी हो भन्ने कुरा थाह नपाउने गरी यस कार्यालयको व्यारेक तथा मुद्दा शाखामा आगजनी गर्न लाग्दा आगजनी गर्न नदिई कार्यालयका महत्वपूर्ण कगजात जोगाए भने मुद्दा शाखामा रहेका बैंकिङ कसुर मुद्दाका २७ बटा मुद्दाका फाईलहरु भने प्रदर्शनकारीहरुले च्याती जलाए। हजारौको संख्यामा आएका आन्दोलनकारीलाई नियन्त्रण गर्न नसक्दा प्र.नि कक्ष, प्रशासन शाखा, मुद्दा शाखाको नं.९ कोठा र CRS, CFD शाखाको कोठा जली नष्ठ भएको हो। नीजहरु आगजनी गरेर फिर्ता हुँदा समेत पनि म कार्यालय परिसरमै थिए। मेरै अगाडी मेरो समानको बाकस तोडफोड गर्दा समेत मैले आफ्नो परिचय नदिएर सम्झाई बुझाई बाहेक केहि गर्न सकिन। तैपनि मैले प्रहरी

कार्यालय हाम्रै सम्पत्ति हो भन्दै आन्दोलनकारीहरुलाई थप हानी नोक्सानी पुर्याउन बाट रोके, अझै पनि केहि जोगाउन सकिन्छ कि भन्ने मेरो मनमा थियो। रातिको समयमा म र प्र.स.ह दिनेश चौधरी ब्यारेकमै सुतेउ। त्यसपछी प्रदर्शनकारीहरु फर्केनन भने राति अन्दाजी ०२:०० बजेको समयमा यस कार्यालयका कार्यालय प्रमुख आएर कार्यालयमा भएको क्षतिको निरीक्षण गरी हामिलाई यहीँ बस्ने आदेश जानुभयो।[97]

## ९७. प्रहरी बृत्त लैनचौरमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार कुमार राउतको कागज ब्यहोराः

मिति २०८२ साल भदौ २३ गते र २४ जियनजेड (Zen-Z) युवा पुस्ताद्वारा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिदा भदौ २३ गते प्रहरी वृत्त लैनचौरमा प्रहरी निरीक्षक प्रदिप सुबेदीको कमाण्डमा म लगायत ४० जना प्रहरीको टोली कार्यालय सुरक्षामा खटिएका थियौं। सो दिन जियनजेड (Zen-Z) पुस्ताले गरेको आन्दोलनमा काठमाडौं माइतिघर मण्डलामा बिहानै देखि प्रदर्शनकारीहरुले प्रदर्शन सुरु गरेपछि कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीहरु आ-आफ्नो कार्यालयमा हाई अलर्टमा बस्ने भन्ने तालुक प्रहरी कन्ट्रोलबाट भएको निर्देशन ड्युटी अफिसरले जानकारी गराए पश्चात म कार्यालयमा थिएँ। उक्त जियनजेड (Zen-Z) को प्रदर्शन माईतिघर मण्डलाबाट नयाँ बानेश्वर संसद भवन तर्फ अगाडी बढेको र प्रहरीका ब्यारिकेट समेत तोडी संसद भवन तर्फ गई प्रदर्शनमा रहेको भिड उच्छ्रिङ्खल भई संसद भवनको पर्खाल भत्काई समसद भवन भित्र प्रवेश गर्दा प्रहरीले सिलसिलेवार बल प्रयोग गर्ने क्रममा प्रहरीले गोली समेत चलाउनु परेको लगायतका घटनाक्रम ड्युटी अफिसर र प्रहरी निरीक्षक प्रदिप सुबेदीले हामी कार्यालयमा सुरक्षार्थ खटिइएका टोलीलाई सामेल गराई हाई अलर्टमा बस्न आदेशानुसार ड्युटी अफिसर अगाडी सबै जना हाई अलर्टका साथ बस्यौं। सो दिन यस कार्यालयमा कुनै पनि अप्रिय घटना घटेन। २४ गतेका दिन बिहानै दखि म कार्यालय प्रमुख प्र.ना.उ.जागेश्वर भण्डारीको कमाण्डमा ३० जनाको प्रहरी टोली कार्यालयमा कार्यालयको सुरक्षामा खटिएका थियौं। अन्दाजी १०:०० बजे, करिब २०० जना प्रदर्शनकारीहरु सोह्रखुट्टे चोकमा भेला जम्मा भई सरकार बिरुद्द नाराबाजी गर्दै चोकमा टायर बाली प्रदर्शन गरिरहेको अवस्थामा कमाण्डर सहितको हाम्रो टोली कार्यालय गेट अगाडी कार्यालयको सुरक्षार्थ खटिएका थियौं। करिब ११:०० बजेको समयमा अं.१५०० जना प्रदर्शनकारीहरु आक्रोशित भई नाराबाजी गर्दै कार्यालय तर्फ अगाडी बढ्दै हाम्रो टोली माथि र कार्यालय भवनमा ईट्टा, ढुङ्गा, पानीका बोतल, पेट्रोलका बोतलले प्रहार गर्यो। सोहि क्रममा हाम्रो कमाण्डरले पटक पटक माईकिङ गरी भिडलाई संयमित हुन र ढुङ्गा मुढा नगर्न अनुरोध गर्नु भयो तर प्रदर्शनकारीले त्यसको बेवास्ता गरी हामी माथी आक्रमण गरिनै रहे। केहि

97 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९६ अन्तर्गत रहेको ।

स्थानीयहरुले समेत भिडलाई संयमित हुन आग्रह गर्दा सो को समेत बेवास्ता गरीनै रहे। प्रदर्शनकारीहरु उग्ररुप लिदैं प्रदर्शनकारीहरुको संख्या बडढ्दै गयो। करिब १३:५५ बजेको समयमा करिब २५००/३००० को संख्यामा रहेका प्रदर्शनकारीहरुले कार्यालय गेट अगाडी रहेको मोबाइल गाडीमा तोडफोड गरी धकेली वृद्दाश्रम अगाडी लगि आगजनी गरे सो पश्चात कार्यालयको गेटमा तोडफोड गरी कार्यालय हाता भित्र प्रवेश गरी पार्किङ गरी राखेको गाडी र मोटरसाइकलहरु समेतमा आगजानी गरे पछि आगोको धुँवाले हिरासत कक्षमा रहेका थुनुवाहरु निस्सासिन थालेपछि थुनुवाहरुले हो-हल्ला तथा तोडफोड गर्न थालेपछि हिरासत कक्षमा रहेका थुनुवाहरुलाई सम्पर्कमा रहनु भनी सकुशल बाहिर पठायौं। त्यसपछि स्थानीय व्यक्तीहरुको सहयोग समेतमा कार्यालय हाताभित्र आगजानी भएको गाडी र मोटरसाईकलहरुको आगो निभायौं जसले गर्दा थप क्षती हुन पाएन। कार्यालय हाताभित्र रहेका प्रदर्शनकारीहरुलाई स्थानीयहरुको सहयोगमा सोह्रखुट्टे चोक तर्फ पठायौं। जसले गर्दा कार्यालय, कार्यालयभित्र रहेको हातहतियार, गोली गठ्ठा, संचार सेट, मिसिल फाइल लगायत असभावका सम्पूर्ण सामानहरु सुरक्षित रहन गएको थियो। हामिले कुनै वेला पनि कार्यालय छोडेका थिएनौं। [98]

## ९८. प्रहरी वृत्त नया बानेश्वर काठमाण्डौमा कार्यरत प्रहरी हवल्दार मान बहादुर चन्दको कागज ब्यहोरा:

देशका विभिन्न भागमा प्रदर्शन भई रहदा भदौ २३ गते म नयाँ बानेश्वर चोकमा पिकेट ड्युटी खटिएको थिए भने ऐ.२४ गते कार्यालय सुरक्षाको लागी कार्यालयमा नै डिउटीमा नै थिए। मिति २०८२। ०५। २३ गतेका दिन बिहान अन्दाजी ९:०० बजेको समयमा प्र.स.नि सरको कमाण्डमा नयाँ बानेश्वर चोकमा म सहित चार जनाको टोलीले ड्युटी लिएका थियौ। सो समयमा प्रदर्शनकारीहरु भेला जम्मा हुँदै थिए। मानिसहरु भेलाजम्मा हुने क्रम बढ्दै जाँदा माईतिघर मण्डला बाट हजारौको संख्यामा रहेको प्रदर्शनकारिहरुको भीड नयाँबानेश्वर चोक अगाडी नाराबाजी गर्दै थिए। केही बेरमै सो भीडले ब्यारिकेड तोड्ने प्रयास गर्दै सुरक्षाकर्मी माथि ढुंगामुढा, बोतल, ईट्टा प्रहार गर्न थाल्यो। सो समयमा त्यहा उपस्थित कमाण्डर सरहरुले बारम्बार निषेधित क्षेत्र नतोड्न आग्रह गरिरहनु भएको थियो तर भीडले सो सम्झाई बुझाइको बेवास्ता गर्दै अन्दाजी ११:३०बजेको समयमा ब्यारिकेड तोडेर संसद भवन तर्फ प्रहरी उपर आक्रमण गर्दै अगाडी बढ्यो। त्यसपश्चात पिकेट ड्युटी उपर नै खतरा उत्पन्न

98 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९७ अन्तर्गत रहेको ।

भएको थियो र म संग कुनै हतियार पनि थिएन। त्यसैले अन्य प्रहरी टोलि संगै म पनि संसद भवन भित्र प्रवेश गरे। संसद भवन प्रवेश गरिसकेपछी पनि भिड आक्रमक हुने क्रम रोकिएन। प्रदर्शनकारिका हातमा घरेलु हतियारसमेत थियो। नीजहरुले संसद भवनको भित्ता फोड्ने, प्वाल पार्ने, सुरक्षा पोष्ट माथि चढ्ने लगायतका गतिविधिहरु गरिरहेको थिए। त्यसो गरिरहँदा, संसद भवन भित्र रहेको टोलीले पटक पटक भित्र प्रवेश गरेको प्रदर्शनकरीहरुको समुहलाई लाठि चार्जल गरी बाहिर तर्फ लखेटेको थियो। तर, बाहिर गएपछी फेरी सो भिडले हामी माथि ढुंगामुढा, बोतल, ईट्टा प्रहार गर्ने गर्थ्यो। उनीहरुसंग सिसामा पेट्रोल भरिएको प्रज्जवलनशिल पदार्थ पनि रहेछ जुन उनीहरुले गेट बाहिर रहेको वाटर क्यानन माथि प्रहार गरेका थिए। परिस्थिति जटिल बन्दै जाँदा कमाण्डर सरहरुले माईकिङं, सम्झाई बुझाई, लाठि चार्ज र अश्रुग्याँस सम्म प्रहार गर्दा पनि स्थिति सामान्य हुन सकेको थिएन। केही बेरमै भिडले पोष्ट माति चढेर हतियार खोस्ने सेट खोस्ने प्रयास समेत गर्न थाल्यो। केही क्षणमा गोली चलेको आवाज सुनिएतापनि के कहाँ बाट कस्ले गोलि चलाएको थाह भएन। बेलुकासम्म यस्तै चलिरहँदा बेलुका अन्दाजि २१:०० बजेको समयमा प्रदर्शनकारीहरु फर्किपछि म पनि टोलि सहित प्रहरी बृत्त बानेश्वर फर्किए।

भदौ २४ गतेको सामाजिक संजाल खोल्दा हिजोको प्रदर्शनमा मान्छेहरु घाईते भएको र केही बिधार्थीहरुको मृत्यु समेत भएको रहेछ भन्ने कुरा थाह पाए। भदौ २४ गतेको हकमा भने म बिहानै देखी प्र.नि रमेश राई सरको कमान्डमा कार्यालय सुरक्षार्थ खटिएइको थिए। समय यकिन याद भएन अन्यत्र रहेका प्रहरी कार्यालय, सरकारी संरचना, नेताहरुका घरमा आक्रमण भईरहेको कुरा संचार सेटमा सुनी थाह पाएको थिए। त्यसपछि प्र.नि सरले यहाँ समेत प्रदर्शनकारीहरुको भीड आउन सक्ने भएकाले हामीलाई हाई अलर्टमा रहन निर्देशन दिनु भयो। केही बेरमै अन्दाजी २-३ हजारको संख्यामा रहेको भीड कार्यालय भवनमा आएर वाहिरवाट ढुङ्गा, ईट्टा प्रहार गर्नथाल्यो। हामीहरुले भिडलाई रोक्न पटक पटक अश्रु ग्यास तथा हवाई फायर गर्दा समेत उत्तेजित भिड कार्यालय भित्र प्रवेश गर्यो। कार्यालय माथि आक्रमण सुरु भएपछी कार्यालय नजिकै रहेको सशस्त्र प्रहरीको टोली समेत सो स्थानवाट अन्यत्र गएको हुदा प्रदर्शनकारीहरु कार्यालयको मुल गेट फोडी कार्यालय भित्र प्रवेश गरे। सो क्रममा शंचार सेटमा मानवीय क्षति हुन नदिने भन्ने आदेशानुसार हामीले जनताको ज्यानको सुरक्षाका लागी बल प्रयोग नगर्ने बाध्यात्मक परिस्थिति सिर्जना भयो। त्यस्तो परिस्थिति सिर्जना हुँदा हजारौको संख्यामा रहेको प्रदर्शनकारीहरुको भीडले चारैतर्फबाट घेरेर प्रहरी कार्यालय भित्र प्रवेश गरी निजहरुले साथमा बोकी ल्याएका घरेलु हातहतियार, रड हामी माथि प्रहार गरी

सिसामा भरिएको प्रज्वलनशील पदार्थ छर्की पेट्रोल बम प्रहार गरि कार्यालय पार्किङमा रहेका सवारी साधन तथा कार्यालय भवनमा आगो लगाई जलाई पूर्ण रुपमा ध्वस्त पारेको सो पश्चात हामी कार्यालय सुरक्षाको लागी डिउटीमा खटिएका प्रहरी टोलीले उत्तेजित भिडलाई रोक्न सक्ने अवस्था नभएकोले हामी सुरक्षित स्थानको लागी कार्यालय नजिक रहेको V.S निकेतन स्कुलमा गएका थियौ। सो स्कुलमा समेत आन्दोलनकारीहरु आई म लगायतका प्रहरी कर्मचारीहरुको जवरजस्ती बर्दी खोल्न लगाई लाईनमा लगाई फलामे रड, धारिला हतियार, ईट्टा डुङ्गा मुढा, हात मुक्का लात्ता लगायतका बिभिन्न हात हतियारले प्रहार गरि लेखेटी लखेटी कुटपिट गर्दै कार्यालय भन्दा १०० मिटर अगाडी बागमती खोला पुलमुनी लगी ज्यानै मार्ने नियतले शारिरिक यातना दिदै जवरजस्ती धकल्दै बागमती खोलामा हाली वारिपारिबाट निर्मता पूर्व क ईट्टा ढुङ्गा मुढा प्रहार गरि निर्घात कुटपिट गरि मरणासन्न पारी गम्भि घाईते बनाएको हो। सो घटनाबाट म लगायत अन्य प्रहरी कर्मचारीहरु घाईते भएका हौ। सो घटनामा म घाईते भई १ दिन बानेश्वर स्थित निजामती अस्पताल र ९ दिन महाराजगंज स्थित नेपाल प्रहरी अस्पतालमा भर्ना भई उपचार गराएको हो। सो घटनामा मेरो टाउको लगायत शरिरको बिभिन्न भागमा गहिरो चोट लागेको थियो। मेरो टाउकोमा ३ ठाँउमा टाका समेत लागेको छ र दाहिने कुमको हड्डी समेत चर्किएर काम काज गर्न नसक्ने स्थितिमा थियो। प्रदर्शनकारीहरुले प्रहरी कार्यालय तोडफोड गरी कार्यालयमा रहेको हातहतियार, गोली गठ्ठा तथा अन्य नगद तथा जिन्सी माल सामान आगजनी लुटपाट गरेको रहेछन। हाल उपचार पश्चात प्रहरी बृत्त बानेश्वरमै कार्यरत छु। [99]

## ९९. प्रहरी वृत महाराजगञ्जमा कार्यरत प्रहरी हवलदार निरज कुमार सिंहको कागज ब्यहोराः

म जिन्सी शाखाको कार्यभार सम्हालदै आएकोमा मलाई पनि सोही कार्यालयका सु.मे.सरबाट तपाई कार्यालय सुरक्षा गर्नु भनी आदेश आदेको हुदाँ म कार्यालयको मुख्य प्रवेशद्धारमा डिउटी तैनाती मै थिए। भदौ २४ गतेका दिन विहानै देखी सबै प्रहरी कर्मचारीहरु अ-आफनो खटाईएको डिउटीमा खटिएको थियो। अं. १०:०० बजेको समयबाट नारायण गोपालचोक र धुम्बाराही चोक तर्फ तथा चुनदेवी जाने गल्ली सडकबाट जेन्जी आन्दोलनहरुको चहल पहल शुरु हुन थाल्यो। आन्दोलनकारीहरुले नाराजुलुश हो हल्ला गरिरहेको थियो। त्यतिबेला सम्म हामीले शान्ति आन्दोलन हो भनी सम्झेका थियौं र प्रहरीको तर्फबाट कुनै किसिमको आदोलन्मा बाधा पर्याउने जस्ता कुराहरु थिएन हामीले आन्दोलन हेरी रहेकै अवस्था थियो। करिब १०:४५

99 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.९८ अन्तर्गत रहेको ।

बजेको समय देखी आन्दोलनकारीहरुको हात-हातमा खुकुरी तरबार ह्याम्पर हथौडी फलामको रड काठको चिरपट बाँसको लट्ठीहरु र एस.एल.आर राईफल देखिन थाल्यो। प्रहरी वृत महाराजगञ्ज कार्यालय अगाडीको चक्रपथ सडक खण्ड निर्मानाधिन रहेको र सोही निर्माणका लागी सोही सडकको दक्षिण तर्फ चुनदेवी जाने सडक पेटी छेउमा ढुङगाहरु राखिएको थियो। अं. ११:०० बजेतिर जेन्जी आन्दोलनका प्रदर्शनकारीहरुले एक्कासी प्रहरी तथा प्रहरी कार्यालयलाई निशाना बनाई ढुङगा मुढा र पेट्रोल बम प्रहार गर्न थाल्यो। आन्दोलकारीबाट प्रहार गरिएको ढुङगा मुढा पेट्रोल बम छेक्दै प्रहरी आफू सुरक्षित हुदै कार्यालयको सुरक्षा गरि रहेको थियो। सोही क्रममा आन्दोलनकारीहरु पेट्रोलबम तिब्ररुपले प्रहार गर्न थाल्यो र सोही कारण प्रहरी कार्यालयको प्राङगणमा पार्क गरी राखिएको सरकारी तथा व्यक्तिगत मोटरसाईकलहरु, प्रहरीको जिप, तथा भ्यानहरुमा आगो लाग्यो हामी प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई पछी हट्न आश्रुग्यास प्रयोग गरे तपानि आन्दोलनकारीको ठुलो संख्या भएकोले उनिहरु पछी नहट्दै प्रहरी माथी ढुङगा मुढा लगायत अन्य हात हतियारले प्रहार गरी रहेको थियो। त्यपछी जेन्जी आन्दोलनकारीहरुले कार्यालय अगाडीको तार बारहरु र मुख्य प्रवेशद्धारा तोडी भित्र प्रवेश गरी अन्धाधुन्ध विभिन्न धारिलो हात हतियारले डिउटीमा खटिएको प्रहरी उपर प्रहार गरीरहेको थियो। भदौ २४ गते मेरो डिउटी मुख्य प्रवेशद्धारमै थियो, म लगायत अन्य प्रहरी कर्मचारीहरुलाई कुटपिटी काटकुट गरी बेहोस बनाई आगजनी तोडफोड गर्दै प्रहरीको हातहतियार समेत लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाईलहरु अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरी रहेको थियो सोही बेला प्र.स.नि. मिलन राय र प्रहरी जवान उत्तम थापालाई घिसारी घिसारी लछारपछार गर्दै बाहिर सडकमा लगी निर्ममता पूर्व क धारिलो हतियार प्रहार गरी रहेको थियो। मलाई टाउको खुट्टा मेरु दण्ड र आन्दोलनकारीले बोकेको हथौडीले मेरो मुखको अगाडी पट्टी तलतिरको ६ वटा दाँत समेतमा प्रहरी गरी दाँत तोडेको थियो, मलाई शरिरको विभिन्न भागहरुमा गम्भिर चोट लागेको कारण बेहोसको अवस्थामा थिएँ र अन्य प्रहरी कर्मचारीहरुलाई पनि कुटपिट गरी रहेको थियो। पछी मलाई कुनै प्रहरी साथीहरुले कार्यालयको छतमा बोकी लगेको थियो भन्ने पछी जानकारी पाए पछी नेपाली सेनाको हेलिकप्टर आई उद्धार गरी नेपाल प्रहरी अस्पताल पुर्याईएको थियो। भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरुलाई कुनै रोकछेक/ बाधा नगर्दा पनि आन्दोलकारीहरुले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै प्रहरी कर्मचारीहरु प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई कुटपिट गरी घाईते बनाउने प्रहरीलाई कर्तव्य गरी मारेको हो। यसरी डिउटीमा खटिएको प्रहरीलाई कुटपिट तथा निर्ममता पूर्व क हत्यस गरेको हुदाँ आन्दोलनकारीहरुलाई कानून बमोजिम हदै सम्मको

कारबाही हुनुपर्छ। [100]

## ९९(क). प्रहरी बृत्त जनसेवामा कार्यरत प्रहरी हवल्दार दिपक प्रसाद घिमिरेको कागज ब्यहोरा

मिति २०८२/०५/२३ गतेका दिन म आफू कार्यरत प्रहरी वृत्त जनसेवाका कार्यालय प्रमुख C-66 सरको कमाण्डमा सिहदरबारको सुरक्षार्थ प्रनि. C-663 सर सहितको ११ जनाको टोली स्ट्राईकिगको रुपमा विहान ८:३० बजे देखि सिहदरबार पेरामिटरमा परिचालन भएको थिए। अन्दाजी ११:३० बजेको समयमा प्ले कार्ड बोकेको प्रर्दशनकारीहरुको भीड नाराजुलुस सहित माईतिघर मण्डलाबाट बानेश्वर तर्फ जादै गरेको अवस्थामा सोही भीडमा मिसिदै बुलेट मोटरसाईकलमा नेपालको झण्डा बोकी नाराबाजी गर्दै आएको समुह एक्कासी सिहदरबार पश्चिम र दक्षिण गेट तर्फ प्रवेश गर्न खोज्दा स्वास्थ्य मन्त्रालय अगाडी रहेको बेरीकेट खडा गरी बेरिकेटलाई सपोर्ट हुने मैले Gas Gun थान-१ ऐ को सेल थान धान-३० सहित म बेरीकेडलाई सर्पोट हुने गरी दोश्रो पक्तिमा Gas Gun सहितको हतियार टोलीसंग भीडलाई सिहदरबार तर्फ जान नमिल्ने गरी खटिएको थिए, पछि Victor Control को समन्वयमा तत्कालै सिहदरवार वृत्त र सशस्र प्रहरी बलबाट आएको थप मद्दतले सपोंटिभ कार्य गरि रहेको अवस्थामा बानेश्वरमा प्रर्दशनकारीहरु आक्रमक देखिए पछि कर्फ्यू आदेश जारी भएको र सो कर्फ्यू बारे सबैलाई जानकारी गराई आ-आफ्नो बास स्थान तर्फ जाने अनुरोध गर्ने भनी Victor Control माफर्त अन्दाजी १२:३० बजेको समयमा जानकारी प्राप्त भएको थियो। पछि थप मद्दत स्वरुप बानेश्वर जाने भनी पुनः Victor Control मार्फत आदेश प्राप्त भए पछि अनामनगर कोरीडोर हुदै स्टील ब्रिजको बाटोबाट बानेश्वर जान टोली लिई हिडेकोमा उक्त स्थानमा भीडले प्रर्दशन गरी रहेको हुंदा जान सम्भव नभई फर्किएर हिडेर थापागाउंको बाटो हुदै बानेश्वर पुग्दा सेनाको टोलीले डिउटी लिई सकेकोले अवस्था केही सामान्य भई प्रर्दशनकारीहरु समेत छरिएर तितर वितर भई सकेको अवस्था थियो। भदौ २४ गते पनि प्रर्दशनले निरन्तरता पाउन सक्छ तसर्थ तत्कालै परिचालन हुने गरी सबै जनशक्तिलाई भीड नियन्त्रण असवावमा तयारी अवस्थामा राखि आफ्नो कार्यालयको सुरक्षालाई सुदृढ बनाई प्रर्दशन तथा जुलुसको लागी एकत्रित हुने अनावश्यक भीडलाई सम्झाई बुझाई तितर वितर बनाउने र एकत्रित हुन नदिने भीड नियन्त्रण असभाव सहित कार्यालय तथा मातहत ईलाका सुरक्षार्थ परिचालन हुने गरी C-66 सरले ब्रिफिग गर्नु भएको थियो सोही अनुरुप म भाद्र २४ गते विहान ७:३० बजे देखि नै C-66 सरको कमाण्डमा प्रहरी वृत्त जनसेवा, काठमाण्डौको कार्यालय सुरक्षार्थ खटिएको थिए। हामी सो स्थानमा खटिरहेकै समयमा अं.०९:०० देखि १०:०० बजेको समय सम्म कार्यालय अगाडी रहेको जुद्ध शालिक वरिपरि करिब १ देखि २ हजार

100 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.९९ अन्तर्गत रहेको ।

प्रदर्शनकारीहरुको समूहले प्लेकार्ड देखाई प्रदर्शन गरी रहेका थिएँ। त्यसै क्रममा सिद्धिचरण चोकमा करिब ५/६ वटा बुलेट मोटरसाईकलमा TOB र हामी नेपाल लेखेको टिसर्ट लगाई आएका व्यक्तिहरु उक्त भिडमा प्रवेश उच्छृङ्खल गतिबिधिहरु गर्दै जुद्द शालिक तर्फ आई प्रहरी कार्यालयमा ढुङ्गामुढा प्रहार गर्ने, प्लाष्टीकका बोतलमा तरल पदार्थ राखी पेट्रोल बम बनाई प्रहार गर्दै कार्यालय अगाडीको सडकखण्ड बाहेक अन्य वरिपरिका व्यपारिक प्रतिष्ठान र कार्यालयको पर्खालबाट समेत ढुङ्गा मुढा प्रहार गर्दा म समेतको प्र.ना.उ. सरको प्रहरी टोलीले कार्यालयको सुरक्षा, कार्यालयमा रहेका हातहतियार गोलीगठ्ठाको सुरक्षा, हिरासतमा रहेका थुनुवाको सुरक्षा गरिरहेको अबस्थामा सो समय सम्म काठमाण्डौको धेरै स्थानमारहेको प्रहरी युनिटमा आगजनी गरी कार्यालयका हातहतियार लुटेको, प्रहरी कर्मचारीहरुलाई समेत मारेको खबर जानाकरी आएको र सो समय सम्म यस प्रहरी कार्यालयमा बाहिराबाटै ढुङ्गा मुढा प्रहार भई रहेकोमा हामीले कन्टेन गरी राखी राखेकोमा पछि बिस्तारै प्रर्दशनमा उच्छृङ्खल व्यक्तिले हात हातमा रड खुकुरी डण्डा लिई प्रहरी कार्यालयमा समेत आगजनी गर्नु पर्छ भन्दै कार्यालयको गेट अगाडी आगोबाली प्रहरी कार्यालय परिसर बाहिराका बिभिन्न सार्वजनिक सम्पत्तीमा आगो लगाई प्रर्दशन गरेको र ढुङ्गामुढा गर्दै प्रहरी कार्यालयमा रहेका सवारी साधनमा क्षति गरेको अवस्थामा काठमाण्डौ उपत्यका प्रहरी कार्यालय (प्रहरी कन्ट्रोल) को रेडीयो सेटमा समेत सकेसम्म आफ्नो कार्यालय बचाउने कन्टेन गर्ने बल प्रयोग नगर्ने, सम्झाई बुझाई गर्ने गोली नचलाउने, थुनुवाको लिष्ट तयार पारी थुनुवा छोडी दिने, गोली गठ्ठा, संचार सेट र हातहतियार बचाउने, प्रहरी कर्मचारी आफू सुरक्षीत हुने भन्ने आदेशानुसार प्रहरी वृत्त जनसेवाको वरिपरिबाट करिव ५ हजार प्रदर्शनकारीको भीड जम्मा भई आगोबाली नाराबाजी, केही उच्छृङ्खल व्यक्तिले पेट्रोल बम प्रहार गर्ने, ढुङ्गामुढा गर्ने क्रम जारी रहँदा सकभर सम्झाई बुझाई गर्दै बचाउदै आएकोमा अं. १६:३० बजेको समयमा प्रर्दशनमा रहेका केही प्रदर्शनकारीहरु हुल बनाई हातमा रड खुकुरी तथा बिभिन्न घरेलु हातहतियार लिई प्रवेश गर्न प्रहरी वित्त जनसेवा प्रबेश गर्ने बिशाल बजार कम्पनीको गेट तोडफोड तथा आगजनी गरी कार्यालयको हिरासतमा रहेका थुनुवालाई खोली छोडी कार्यालयको परिसर भित्रै आगजनी तोडफोड र लुटपाट गर्न थालेपछि प्रहरी वृत्त जनसेवाका प्रहरी कर्मचारीहरुले प्रहरी हातहतियार, गोली गट्ठा र संचार साधन बोरा, झोलामा राखी बोकी प्रहरी कर्मचारी समेत बसन्तपुर दरबारमा रहेको नेपाली सेना हाम्रो कार्यालयमा आई हामीहरुलाई चारै तिरबाट कबर गरी नेपाली सेना व्यारेकमा लगेको थियो। त्यस पश्चात प्रदर्शनकारीहरुले प्रहरी वृत्त जनसेवामा रहेका चार पाङ्ग्रे गाडी, कार्यालयको मोटरसाईकल, प्रहरी कर्मचारीको व्यक्तिगत सवारी साधनहरुमा आगजनी गर्दा जली नष्ट भएको र प्रहरी कर्मचारीलाई ढुङ्गामुढा प्रहरी कर्मचारीलाई समेत सामान्य चोटपटक लागी घाईते भएका थियौ करिव ५ बजेको आसपासमा म कार्यरत प्रहरी कार्यालयमा

प्रदर्शनकारीहरुले पूर्ण रुपमा आगजनी गरेका थिए। [101]

## ९९(ख). प्रहरी वृत्त जनसेवामा कार्यरत प्रहरी हवल्दार दिपक प्रसाद घिमिरेको कागज ब्यहोरा

मिति २०८२। ०५। २३ गतेका दिन म आफू कार्यरत प्रहरी वृत्त जनसेवाका कार्यालय प्रमुख C-66 सरको कमाण्डमा सिंहदरबारको सुरक्षार्थ प्रनि. C-663 सर सहितको ११ जनाको टोली स्ट्राईकिगको रुपमा विहान ८:३० बजे देखि सिहदरबार पेरामिटरमा परिचालन भएको थिए। मैले मेगाफोन थान-१ र हतकडी थान-२ बोकेको थिए। अन्दाजी ११:३० बजेको समयमा प्ले कार्ड बोकेको प्रर्दशनकारीहरुको भीड नाराजुलुस सहित माईतिघर मण्डलाबाट बानेश्वर तर्फ जादै गरेको अवस्थामा सोही भीडमा मिसिदै बुलेट मोटरसाईकलमा नेपालको झण्डा बोकी नाराबाजी गर्दै आएको समुह एक्कासी सिहदरबार पश्चिम र दक्षिण गेट तर्फ प्रवेश गर्न खोज्दा स्वास्थ्य मन्त्रालय अगाडी रहेको बेरीकेट खडा गरी बेरिकेटलाई सपोर्ट हुने गरी माईक र लाठी-ढाल भएको टोलीसंगै बेरीकेडलाई सपॉट हुने गरी पहिलो पक्तिमा भीडलाई सिहदरबार तर्फ जान नमिल्ने गरी खटिएको थिए। माईतीघर मण्डलामा रहेका प्रर्दशनकारीहरु त्रिपुरेश्वरबाट सुन्धार हुदै राष्ट्रीय ट्रमा सेन्टर तर्फ हिडेको उक्त भीडले वीर अस्पताल-ट्रमा सेन्टर तर्फ आउने क्रममा सुन्धारा स्थित नेपाल टेलिकममा ढुंगा हानी उक्त कार्यालयका केही सिसा फुटाएको र सडकमा गुडी रहेका २ थान सार्वजनिक मोटरसाईकल र सुन्धारा स्थित प्रहरी बीटमा समेत आगजनी गरी न्यूरोड ट्रमा सेन्टर तर्फ बढेको जानकारी Victor Control मार्फत प्राप्त भए पछि म C-66 सरको कमाण्डमा आफ्नो टोली सहित न्यूरोड पुग्दा उक्त भीडलाई तितर बितर हुने क्रममा रहेको र अवस्था सामान्य भई सकेको अवस्था थियो। मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) युबा पुस्ताले गरेको प्रदर्शनको क्रममा घाईते भएकाहरुलाई उपचारार्थ राष्ट्रिय ट्रमा सेन्टस्मा भर्ना गरेकोमा सो मध्ये उपचारको क्रममा मृत्यु भएका ८ जनाको शव समेत सोही राष्ट्रीय ट्रमा सेन्टरमा राखिकोमा निज मृतक तथा घाईतेहरुलाई भेटन आउने आफन्त तथा आगन्तुकहरुले ताहां सुरक्षार्थ खटिएका प्रहरीलाई आक्रोश पोखि हुलहुज्जत गर्न खोजि रहेका थिए जसको परिणाम स्वरुप २४ गते अझै सुरक्षा चुनौति बढने र प्रर्दशनले निरन्तरता हुंदा मातहतमा रहेका बिट तथा सिआरभी, QRT लाई समेत मर्ज गरि ताहां रहेका सवारी साधनहरुलाई समेत प्रहरी वृत्त जनसेवामा ल्याई सुरक्षित साथ राख्ने र २४ गते विहान देखि नै कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई फुल गियरमा स्टेण्डबाई रही कार्यालय सुरक्षाको साथै ठुलो टोली बनाएर बैंक बितिय संस्था र सुनचांदी पसलको सुरक्षार्थ खटिएका सुरक्षागार्डलाई सजग बनाउन नजिकको ईलाकामा गस्ती गराउने तथा घाईतेहरुको सुरक्षार्थ बलियो टोली खटाउने। मिति २४ गते पनि

101 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.९९(क) अन्तर्गत रहेको ।

प्रदर्शनले निरन्तरता पाउन सक्छ तसर्थ तत्कालै परिचालन हुने गरी सबै जनशक्तिलाई भीड नियन्त्रण असवावमा तयारी अवस्थामा राखि आफ्नो कार्यालयको सुरक्षालाई सुदृढ बनाई प्रर्दशन तथा जुलुसको लागी एकत्रित हुने अनावश्यक भीडलाई सम्झाई बुझाई तितर बितर बनाउने र एकत्रित हुन नदिने भीड नियन्त्रण असभाव सहित कार्यालय तथा मातहत ईलाकाको सुरक्षार्थ परिचालन हुने गरी C-66 सरले ब्रिफिग गर्नु भएको थियो सोही अनुरुप म भाद्र २४ गते बिहान ७:३० बजे देखि नै C-66 सरको कमाण्डमा प्रहरी वृत्त जनसेवा, काठमाण्डौको कार्यालय सुरक्षार्थ खटिएको थिए। हामी सो स्थानमा खटिरहेकै समयमा अं.०९:०० देखि १०:०० बजेको समय सम्म कार्यालय अगाडी रहेको जुद्ध शालिक वरिपरि करिब १ देखि २ हजार प्रदर्शनकारीहरुको समूहले प्लेकार्ड देखाई प्रदर्शन गरी रहेका थिएँ। त्यसै क्रममा सिद्धिचरण चोकमा करिब ५/६ वटा बुलेट मोटरसाईकलमा TOB र हामी नेपाल लेखेको टिसर्ट लगाई आएका व्यक्तिहरु उक्त भिडमा प्रवेश उच्छृङ्खल गतिबिधिहरु गर्दै जुद्द शालिक तर्फ आई प्रहरी कार्यालयमा ढुङ्गामुडा प्रहार गर्ने, प्लाष्टीकका बोतलमा तरल पदार्थ राखी पेट्रोल बम बनाई प्रहार गर्दै कार्यालय अगाडीको सडकखण्ड बाहेक अन्य वरिपरिका व्यपारिक प्रतिष्ठान र कार्यालयको पर्खालबाट समेत ढुङ्गा मुढा प्रहार गर्दा म समेतको प्र.ना.उ. सरको प्रहरी टोलीले कार्यालयको सुरक्षा, कार्यालयमा रहेका हातहतियार गोलीगठ्ठाको सुरक्षा, हिरासतमा रहेका धुनुवाको सुरक्षा गरिरहेको अबस्थामा सो समय सम्म काठमाण्डौका धेरै स्थानमा रहेका प्रहरी युनिटमा आगजनी गरी कार्यालयका हातहतियार लुटेको, प्रहरी कर्मचारीहरुलाई समेत मारेको खबर जानाकरी आएको र सो समय सम्म यस प्रहरी कार्यालयमा बाहिराबाटै ढुङ्गा मुढा प्रहार भई रहेकोमा हामीले कन्टेन गरी राखी राखेकोमा पछि बिस्तारै प्रर्दशनमा उच्छृङ्खल व्यक्तिले हात हातमा रड खुकुरी डण्डा लिई प्रहरी कार्यालयमा समेत आगजनी गर्नु पर्छ भन्दै कार्यालयको गेट अगाडी आगोबाली प्रहरी कार्यालय परिसर बाहिराका बिभिन्न सार्वजनिक सम्पत्तीमा आगो लगाई प्रर्दशन गरेको र ढुङ्गामुढा गर्दै प्रहरी कार्यालयमा रहेका सवारी साधनमा क्षति गरेको अवस्थामा काठमाण्डौ उपत्यका प्रहरी कार्यालय (प्रहरी कन्ट्रोल) को रेडीयो सेटमा समेत सकेसम्म आफ्नो कार्यालय बचाउने कन्टेन गर्ने बल प्रयोग नगर्ने, सम्झाई बुझाई गर्ने गोली नचलाउने, थुनुवाको लिष्ट तयार पारी थुनुवा छोडी दिने, गोली गठ्ठा, संचार सेट र हातहतियार बचाउने, प्रहरी कर्मचारी आफू सुरक्षीत हुने भन्ने आदेशानुसार प्रहरी वृत्त जनसेवाको वरिपरिबाट करिव ५. हजार प्रदर्शनकारीको भीड जम्मा भई आगोबाली नाराबाजी, केही उच्छृङ्खल व्यक्तिले पेट्रोल बम प्रहार गर्ने, ढुङ्गामुढा गर्ने क्रम जारी रहँदा सकभर सम्झाई बुझाई गर्दै बचाउदै आएकोमा अं. १६:३० बजेको समयमा प्रर्दशनमा रहेका केही प्रदर्शनकारीहरु हुल बनाई हातमा रड खुकुरी तथा बिभिन्न घरेलु हातहतियार लिई प्रवेश गर्न प्रहरी वित्त जनसेवा प्रबेश गर्ने बिशाल बजार कम्पनीको गेट तोडफोड तथा आगजनी गरी कार्यालयको हिरासतमा रहेका थुनुवालाई खोली छोडी कार्यालयको परिसर भित्रै आगजनी तोडफोड र लुटपाट गर्न थालेपछि प्रहरी वृत्त

जनसेवाका प्रहरी कर्मचारीहरुले प्रहरी हातहतियार, गोली गट्ठा र संचार साधन बोरा, झोलामा राखी बोकी प्रहरी कर्मचारी समेत बसन्तपुर दरबारमा रहेको नेपाली सेना हाम्रो कार्यालयमा आई हामीहरुलाई चारै तिरबाट कबर गरी नेपाली सेना व्यारेकमालगरेको थियो। त्यस पश्चात प्रदर्शनकारीहरुले प्रहरी वृत्त जनसेवामा रहेका चार पाङ्ग्रे गाडी, कार्यालयको मोटरसाईकल, प्रहरी कर्मचारीको व्यक्तिगत सवारी साधनहरुमा आगजनी गर्दा जली नष्ट भएको र प्रहरी कर्मचारीलाई ढुङ्गामुढा प्रहरी कर्मचारीलाई समेत सामान्य चोटपटक लागी घाईते भएका थियौ करिव ५ बजेको आसपासमा म कार्यरत प्रहरी कार्यालयमा प्रदर्धनकारीहरुले पूर्ण रुपमा आगजनी गरेका थिए। [102]

## १००. प्रहरी वृत्त नया बानेश्वर काठमाण्डौमा कार्यरत प्रहरी सहायक हवल्दार लक्ष्मण राज जैसीको कागज ब्यहोराः

देशका विभिन्न भागमा प्रदर्शन भई रहदा भदौ २३ गते र ऐ.२४ गते कार्यालय सुरक्षाको लागी कार्यालयमा नै डिउटीमा नै थिए। ऐ. गते समेत प्रदर्शनकारीहरुले कार्यालयमा ढुङगा मुडा प्रहार गरेका थिए। मिति २०८२। ०५। २४ गतेका दिन विहान ०७:०० वजे देखी प्र.नि रमेश राई सरको कमाण्डमा म लगायत अन्य २५-३० जना प्रहरी कर्मचारीहरु कार्यालय सुरक्षार्थ डिउटीमा खटिएका थियौ। विहानको समयमा १०००-देखी १२०० सम्ममा आएका प्रदर्शनकारीहरुले पटक पटक कार्यालयमा ढुङ्गा मुडा प्रहार गर्दै आएकोमा दिउँसोको समयमा ४ देखी ५ हजार सम्मको भिडमा आएका प्रदर्शनकारीहरुको समुहले अन्यन्त्रवाट लुटी लिएका हात हतियार, मट्टितेल, डिजेल, पेट्रोल लगायतका प्रज्वलनसिल पदार्थ भरेका प्लाष्टिकका बोत्तलहरु, धारिला हतियार, फलामका रडहरु, ईट्टा ढुङ्गा लाठी समेत बोकी म कार्यरत रहि डिउटीमा खटिएको प्रहरी वृत्त नयाँ बानेश्वरको कार्यालय भवनमा वाहिरवाट ढुङ्गा, ईट्टा प्रहार गर्दा हामीहरुले भिडलाई रोक्न पटक पटक अश्रु ग्यास तथा हवाई फायर गर्दा समेत उत्तेजित भिड कार्यालय भित्र प्रवेश गरी रहँदा कार्यालय नजिकै रहेको सशस्त्र प्रहरी समेत सो स्थानवाट अनेत्र गएको हुदा प्रदर्शनकारीहरु कार्यालयको मुल गेट फोडी कार्यालय भित्र प्रवेश गरे। सो क्रममा मानवीय क्षति हुन नदिने भन्ने आदेशानुसार हामीले जनताको ज्यानको सुरक्षाका लागी बल प्रयोग नगर्न हुने बाध्यात्मक परिस्थिति सिर्जना भयो। सोको नतिजा स्वरुप प्रहरी कार्यालय अगाडी भेला भएका प्रदर्शनकारीहरुले प्रहरीले बल प्रयोग नगरेको फाईदा उठाई प्रदर्शनकारीहरु प्रहरी कार्यालय भित्र प्रवेश गरी निजहरुले साथमा बोकी ल्याएका मट्टीतेल डिजेल पट्रोल लगायतका प्रज्वलनसिल पदार्थ छर्की पेट्रोल बम प्रहार गरि कार्यालय पार्किङमा रहेका सवारी

102 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.९९(ख) अन्तर्गत रहेको ।

साधन तथा कार्यालय भवनमा आगो लगाई जलाई पूर्ण रुपमा ध्वस्त पारेको सो पश्चात हामी कार्यालय सुरक्षाको लागी डिउटीमा खटिएका प्रहरी टोलीले उत्तेजित भिडलाई रोक्न सक्ने अवस्था नभएकोले हामी सुरक्षित स्थानको लागी कार्यालय नजिक रहेको V.S निकेतन स्कुलमा गएका थियौ। सो स्कुलमा समेत आन्दोलनकारीहरु आई म लगायतका प्रहरी कर्मचारीहरुको जवरजस्ती बर्दी खोल्न लगाई लाईनमा लगाई फलामे रड, धारिला हतियार, ईट्टा डुङ्गा मुढा, हात मुक्का लात्ता लगायतका बिभिन्न हात हतियारले प्रहार गरि लेखेटी लखेटी कुटपिट गर्दै कार्यालय भन्दा १०० मिटर अगाडी बागमती खोला पुलमुनी लगी ज्यानै मार्ने नियतले शारिरिक यातना दिदै जवरजस्ती धकल्दै बागमती खोलामा हाली वारिपारिबाट निर्मता पूर्व क ईट्टा ढुङ्गा मुढा प्रहार गरि निर्घात कुटपिट गरि मरणासन्न पारी गम्भि घाईते बनाएको हो। सो घटनाबाट म लगायत अन्य प्रहरी कर्मचचारीहरु घाईते भएका हौ। सो घटनामा म घाईते भई १ दिन बानेश्वर स्थित निजामती अस्पताल र ६ दिन महाराजगंज स्थित नेपाल प्रहरी अस्पतालमा भर्ना भई उपचार गराएको हो। सो घटनामा मेरो टाउको लगायत शरिरको बिभिन्न भागमा गहिरो चोट लागेको थियो। प्रदर्शनकारीहरुले प्रहरी कार्यालय तोडफोड गरी कार्यालयमा रहेको हातहतियार, गोली गठ्ठा तथा अन्य नगद तथा जिन्सी माल सामान आगजनी लुटपाट गरेको हो माथि लेखिएको बिबरण ठीक छ। [103]

## १०१. प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार गणेश खड्काको कागज ब्यहोरा:

मेरो नाम गणेश खड्का हो। म हाल ३४ वर्षको भए मेरो बाजेको नाम हरिबहादुर खड्का, बुबाको नाम चक्रबहादुर खड्का हो। जिल्ला दोलखा गौरीशंकर गाउँपालिका वडा नम्बर ५ हो। हाल म परिवार सहित सानेपा ललितपुरमा डेरा कोठामा बस्दै आएको छु। म २०६९ साल चैत्र २५ गते प्रहरी सेवामा प्रवेश गरी हाल प्रहरी प्रभाग कोटेश्वरमा विगत छ महिनादेखि कार्यरत रहेको छु। मिति २०८२ भदौ २३ गते र २४ गते जेन्जी युवा पुस्ताद्वारा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गर्रिँदा म प्रहरी प्रभाग कोटेश्वर वडा एरियामा ड्युटीमा खटिएको थिएँ। मिति २०८२ भदौ २३ गते कार्यालय सुरक्षार्थ प्रहरी नायब निरीक्षक इन्द्र बहादुर बस्नेतको कमाण्डमा प्रहरी प्रभाग कोटेश्वर काठमाडौंमा ड्युटीमा खटिएको थिएँ। भदौ २४ गते प्रहरी नायब निरीक्षक

103 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०० अन्तर्गत रहेको ।

इन्द्रबहादुर बस्नेतको कमाण्डमा कोटेश्वर चोक र प्रहरी प्रभाग कोटेश्वरको सुरक्षार्थ ड्युटीमा खटिएकोमा अन्दाजी बिहान ११:०० बजेको समयमा आन्दोलनकारीहरूले चारैतिरबाट प्रहरीलाई लक्षित गरी ढुङ्गा ईटा पेट्रोल बम लाठी समेतले प्रहार गर्न थालेपछि हामी पछि सर्दै कार्यालयको कम्पाउन्ड भित्र प्रवेश गर्यौं। त्यसपछि कार्यालय जलाउने प्रयास गर्न थालेपछि भिडलाई केही परसम्म जान आग्रह गर्दै बाहिर निस्की सम्झाई बुझाई गर्ने क्रममा उत्तेजित समूहले चारैतिरबाट म समेतलाई ढुङ्गामुढा ईटा खुकुरी भाला समेत प्रहार गरी आक्रमण गर्दा शरीरमा लगाएको बडी प्रोटेक्टर हेल्मेट सिल समेत टुटफुट हुन गई मेरो दाहिने हातको कान्छी औंलामा चोट लागेको थियो। भीडले आक्रमण गरी प्रतिकार र आत्मरक्षा गर्न नसक्ने अवस्था भएपछि सबै प्रहरी कर्मचारीहरु आआफ्नो ज्यान जोगाउनका लागि भाग्न थाले सो क्रममा म पनि भागी प्रहरी प्रभागसँगै रहेको भूकुटी भवनभित्र प्रवेश गरी ज्यान जोगाएको हुँ। अन्य साथीहरू को कता गए थाहा भएन मसँग भूकुटी भवनभित्र अन्दाजी १५-१६ जना साथीहरु थिए जसमा केहीलाई चोटपटक लागेको थियो भने केही सामान्य थिए। मेरो हालको अवस्था सामान्य छ। उक्त समयमा आक्रमण गर्ने मानिसहरू कोको थिए म कोही चिन्दिनँ। मैले जाने बुझेसम्मको व्यहोरा खुलाइ लेखाइदिएको ठीक साँचो छ। [104]

__१०२. प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार रुद्र प्रसाद गौतमको कागज ब्यहोराः__

मिति २०८२ भदौ २३ गते र २४ गते जेन्जी युवा पुस्ताद्वारा काठमाडौं लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिँदा म प्रहरी प्रभाग कोटेश्वमा डिउटी अधिकृतको सहायकको डिउटीमा खटिएको थिएँ। मिति २०८२ भदौ २३ गते कार्यालय सुरक्षार्थ प्रहरी नायब निरीक्षक इन्द्र बहादुर बस्नेतको कमाण्डमा प्रहरी प्रभाग कोटेश्वर काठमाडौंमा ड्युटीमा खटिएको थिएँ। भदौ २४ गते प्रहरी सहायक निरीक्षक हरिराम कुमालको कमाण्डमा डिउटी अधिकृतको सहायकको डिउटीमा खटिएकोमा बिहान अन्दाजी १०:३० बजेको समयमा ४००/५०० जनाको समूह आई कार्यालय र हामीलाई आक्रमण गर्न खोज्दा कोटेश्वर चोकबाट नै स्थानीयहरू मिली हातेमालो गरी प्रहरी कार्यलायमा आगजनी र प्रहरीलाई कुटपिट गर्नु हुँदैन भनेर सम्झाई बुझाई गरी तीनकुने बानेश्वरतर्फ पठाए पश्चात फेरि अं. ११:०० बजेको समयमा कोटेश्वर आकाशे पुल तर्फबाट आउँदै गरेको हुल कोटेश्वर ट्राफिक कार्यालयमा गई तोडफोड र उक्त कार्यालयमा आगो लगाए पश्चात केही समयमा उक्त हुल हुल प्रहरी प्रभाग कोटेश्वरको गेटमा आई ढुंगामुढा र

---

104 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०१ अन्तर्गत रहेको ।

बाहिरबाट पेट्रोल बमभित्र फाले पश्चात हामीले दुईचोटि निभायौं। र करिव १२:३० बजेको समयमा बजेको समयमा अन्दाजी ३ हजार ४ हजार हुल प्रहरी प्रभाग कोटेश्वरको कार्यालय बाहिर गेटमा आई ढुंगामुढा गरी बाहिरबाट हामीलाई तिमीहरु कि अफिसबाट निस्क होइन भने तिमीहरुलाई नि भित्रै जलाएर मारिदिन्छौं भन्दै धम्काएर आक्रमण गर्न थालेपछि, हामीहरु भाग्न विवस भई म र ५/६/ जना साथीहरु हाम्रो कार्यालयको बायाँपट्टि सडकपेटीबाट भाग्दै एउटा स्थानीयको घरमा छियौं। छिरेर माथि ४/५ तला माथि कोठामा भित्रबाट चुकुल लगाएर बसेका थियौ। उक्त हुलले कार्यालय जलाए पश्चात हामी बसेको ठाउँमा गई बाहिरबाट ढोका फोडी भित्र प्रवेश गर्यो। भित्र प्रवेश गर्दासाथ म उक्त कोठाको झ्यालको सिसाको फुटाई बाहिर निस्के उक्त घरबाट अर्को घरमा हाम फालेर फूल रोपेको ठाउँमा पुगेर बसेको थिएँ र उक्त कोठाबाट भागेको १०-१५ मिनेटमै फेरि २५/३० जनाको समूहमा आएका मानिसले मलाई समाई अब यसलाई मार्नुपर्छ भनी र मलाई उक्त घरको छतबाट लतार्दै सिँढीबाट खुट्टमा समाई घिसार्दै, तल झार्दा बाटैमा इट्टा, लाठी, लात्ति र मुक्काले टाउकोमा प्रहार गरेपश्चात म अर्धवेहोस भएछु र मलाई उक्त घरको छतबाट तल सडक पेटीको किनारामा फालिएको अवस्थामा मलाई केहीले यसलाई मार्नुपर्छ र केहीले यो मर्‍यो छोड्दे, केहीले अस्पतालमा लगेर फ्याँकिदिउँ भनेको अलिअलि याद छ र मलाई सडक पेटीमा ल्याएर कुटपिट गरे पश्चात म बेहोस अवस्थामा पुगेछु र एकजना स्थानीय महिलाले यो त कोटेश्वरको भाइ हो। यसलाई मैले चिनेको छु भनेर उक्त महिलाले मलाई केएमसी अस्पताल सिनामंगल पठाउनुभएको रहेछ। २५ गते होस खुल्दा म काठमाडौं मेडिकल कलेज सिनामंगलको बेडमा रहेछु। मेरो हालको अवस्था सामान्य छ। उक्त समयमा आक्रमण गर्ने मानिसहरू कोको थिए म कोही चिन्दिनँ। [105]

## <u>१०३. प्रहरी बृत कालिमाटीका प्रहरी सहायक हवल्दार योगेन्द्र बहादुर चन्दको कागज ब्यहोराः</u>

मिति २०८२।०५।२३ गतेको दिन म कार्यालय भित्र अपराध अनुसन्धान शाखामा ड्युटीको रुपमा खटिएको थिएँ। उक्त दिन मेरो जिम्मेवारीमा कुनै पनि घटना भएको थिएन, सामान्य अवस्थामा ड्युटी सम्पन्न गरेको थिएँ। मिति २०८२।०५।२४ गते बिहान ०७:०० बजेको समय देखि पनि म सोही शाखामा डियुटी गरी रहेको थिएँ। सोही बिहान अं. ०८:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. १४ कंलकी चोकमा केही आन्दोलनकारीहरुले टायर बाली प्रदर्शन गर्न लागेको भन्ने खबर प्रहरी कन्ट्रोल रुमबाट संचार सेटमा जानकारी प्राप्त हुन आएको भन्ने कुरा सुनी थाहा पाएको थिएँ, सो समयमा यसै कार्यालयका प्र.नि. बिजयराज तिमल्सिनाको कमाण्डमा प्रहरी टोली सो स्थानमा खटी जानु भएको थियो भने म

105 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०२ अन्तर्गत रहेको ।

समेतका कार्यालयमा रहेका प्रहरी कर्मचारीहरु कार्यालय सुरक्षाको निमित्त प्रहरी वृत्त कालिमाटीको मूल गेटमा डियुटी खटिई बसेका थियौं, केही समयपछी ऐ. २३ गते बानेश्वरमा भएको जिएनजेड को अन्दोलनमा घाईते भई उपचार गरी यस कार्यालमै रहनु भएका प्र.ना.उ. मधु कुमार थापा ज्यु घाईते अवस्थामै औषधी सेवन गरी दुखाई कम गर्ने सिरिन्ज लगाई तत्काल थप टोली लिई कंलकी चोकतर्फ जानु भएको थियो। सो बिहान अं. १०:०० बजेको समयमा यस प्रहरी वृत्त अगाडीको सडक हुँदै करिव १०० जना जति प्रदर्शनकारीहरु नाराबाजी गर्दै कालिमाटी चोकतर्फ गएकोमा करिव ३० मिनेटपछी कार्यालय गेट अगाडी ४०००/५००० को संख्यामा प्रदर्शनकारीहरु हातहतियार समेत बोकी आई प्रहरीले २३ गते बानेश्वरमा गोली हानी मारेको हो, यीनिहरुलाई पनि मार्नुपर्छ, जिउँदै आगो लगाउनु पर्छ भन्दै नाराबाजी गर्दै थिए। प्रहरी कन्ट्रोल रुम भद्रकालीबाट सञ्चार सेटमा धेरै बल प्रयोग नगर्ने, लाईभ राउण्ड गोली नहान्ने, थप मानविय क्षति हुन नदिन सम्यम भई कार्य गर्ने निर्देशन भएकोले हामी रक्षात्मक तरिकाले बसि भिडलाई शान्त रहन आग्रह गरी पटक पटक माईकिङ गरेता पनि कोही कसैले हाम्रो कुरा नसुनी लगातार रुपमा प्रहरीलाई आक्रमण सुरु गरेका थिए। निज प्रदर्शनकारीहरुले यस प्रहरी वृत्तको चारै तर्फबाट घेरा हाली ढुङ्गा मुढा, ईटा पेट्रोल बम हान्दै गर्दा प्र.ना.उ. मधु कुमार थापा सहितको प्रहरी टोली यस कार्यालयमा आई पुग्नु भएको थियो, सो टोलीसँगै नगर प्रहरी कार्यालय भृकुटीमण्डप बाट खटिएको २ जना प्र.नि. को कमाण्डमा रहेको प्रहरी टोली समेत आई पुगेका थिए। त्यस पश्चात हामीहरुले अश्रुग्याँस प्रहार गरी भिडलाई तितर बितर पारी वृत्तमा प्रवेश गरी भित्र रहेका ३००/४०० जना प्रदर्शनकारीहरुलाई बाहिर निकालेका हौं, कलंकी तर्फबाट आएका हजारौं प्रदर्शनकारीहरु र बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरु र कालिमाटीमा रहेका प्रदर्शनकारीहरुको भेट भएपछि स्थिती नियन्त्रण बाहिर गएको थियो। बाटोमा र प्रहरी कार्यालयमा भएको आगजनीबाट चारै तर्फ धुवाको मुस्लो निस्किएको थियो। बल्खु तर्फबाट आएका प्रदर्शनकारीहरुले सर्टगन, थ्रि नट थ्री र एल एल आर हतियार समेत बोकी मोटरसाईलमा आएका थिए, केही प्रदर्शनकारीहरुले प्रहरीको चुस्ता लगाई आएका थिए। प्रहरी वृत्त कालिमाटी र नगर प्रहरीबाट भएको टोली मजबुत भइ प्रदर्शनकारीहरुलाई गेटमा रोक्न लाग्दा गेटबाट प्रवेश गर्न नसकेपछि दायाँ वाया र पछाडी तर्फ रहेको घरमा पसि छतबाट पेट्रोल बम प्रहार गरेका थिए। जसको कारणबाट प्रहरी वृत्तको अगाडी तर्फ मेनबाटो तर्फको कोठाहरुमा आगलागी भएको थियो। पछाडी तर्फ रहेको ट्राफिक भवनमा आगलागी हुनुका साथै साइडमा पार्क गरेको ट्राफिक प्रहरीको भ्यान र अन्य सवारी साधन तथा यस कार्यालयको गेटमा रहेको ट्राफिक प्रहरीको भ्यानमा समेत आगलागी सुरु भएको थियो। वृत्तको मेन गेटबाट हतियार बोकेका प्रदर्शनकारीहरु भित्र छिरी प्रहरीको साथमा रहेको सर्टगन र गोली खोसी अन्य हतियार समेत कब्जामा लिन खोजे पश्चात पटक पटक माईकिङ गरि प्रहरीबाट आत्मरक्षाको लागि केही डमी राउण्डबाट हवाई फाएर गरिएको हो। बालाजु स्वयम्भु

तर्फबाट मोटरसाईकल तथा मिनी भ्यानहरुमा हातहतियार सहित प्रदर्शनकारीहरुले सबै प्रहरीलाई मार्नुपर्छ भनी नारावाजी गरी वृत्तमा प्रवेश गर्न थालेको र प्रहरी वृत्त जल्न थालेपछि हामिहरुले माईकिङ गर्दा समेत नमानेकोले हवाई फाएर गरेपश्चात प्रदर्शनकारीहरु केही पछाडी हटेको मौका छोपी यस वृत्तको हिरसतमा रहेका थुनुवाहरु कार्यालय प्रमुखको आदेशमा तालुक कार्यालयमा जानकारी गराई पछि उपस्थित हुन आउनु भनी तत्कालका लागी जिवनरक्षाको लागी हिरासतमुक्त गरिएको थियो। प्रहरी कन्ट्रोल परिसर भद्रकालीबाट थप मानविय क्षति नहोस भनी प्रहरी कर्मचारीले कार्यालय छोडी अन्य सुरक्षित स्थानमा हतियार, संचार सेट र गाडीहरु सुरक्षित गरी लानु भन्ने जानकारी पश्चात सम्पूर्ण हात हतियार, संचार सेट प्रहरी भ्यानमा लोड गरी प्रहरी कर्मचारीहरु कालिमाटी चोक, टेकु, शहिदगेट हुँदै परिसर भद्रकाली गएका हौं। म समेतको प्रहरी टोलीलाई बाटोमा चारै तर्फबाट ढुङ्गामुढा समेत भएको थियो। हामीहरुले पटक पटक थप मद्दत माग्दा समेत आफू सुरक्षित रहनु अन्य सुरक्षा निकायहरुबाट थप मद्दत आउन सक्दैन भनी जानकारी पाएका थियौं। पछी परिसर भद्रकालीमा समेत हजारौको संख्यामा प्रदर्शनकारीहरु हात हतियार लिई आक्रमण गर्न लागेकोले माईकिङ गर्दा कोही कसैले नसुनेपछी केही राउण्ड अश्रुग्याँस हान्नुका साथै डमी राउण्ड गोलीबाट हवाई फाएर समेत गरिएको हो, जसको कारण परिसर भद्रकालीमा आगजनी तथा लुटपाट हुनबाट जोगिएको हो। जिल्ला प्रहरी परिसरमा सो कार्यालयको सुरक्षामा खटिएका कमाण्डरको आदेश बमोजिम हामीहरुले काम गरेका हौं। दर्जनौं पटक जिल्ला प्रहरी परिसरमा आक्रमणको प्रयास भएको थियो। राती ०७:३० बजेको समयमा १०० भन्दा बढी मोटरसाईल र सशस्त्र प्रहरीको ट्रकमा चढी आएका प्रदर्शनकारीहरुले गेटमा सो ट्रक ठोक्काई गेट भत्काउने प्रयास गर्दा हामीहरुले अश्रुग्यास तथा लाठी चार्ज गरि रोकेका हौं। उक्त दिनको आक्रमण गर्दा हरेक प्रकारका ब्यक्तिहरु सलग्न थिए। प्राय: गरी लागु औषध सेवनकर्ता, कलकी बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रुपमा काम गर्ने ब्यक्तिहरु, सुकुम्वासी बस्तिका ब्यक्तिहरु, कवाडीमा काम गर्ने भारतिय मुलका ब्यक्तिहरु र प्रहरी हिरासतबाट भागेका थुनुवाहरु हुन सक्ने अनुमान गरेको छु, तिनीहरुबारे एकिनका साथ को-को मिली गरेका हुन् भन्ने एकिन गर्न सकिँदैन। म समेतको प्रहरी टोलीले वृत्त छाडी गएपश्चात यस कालिमाटी वृत्तमा आगजनी तथा लुटपाट गरि सम्पूर्ण शाखाहरुमा रहेका सम्पूर्ण सामाग्री, फर्निचर र प्रहरी कर्मचारीका ब्यक्तिगत सवारी साधनहरु र अन्य सामाग्रीहरु पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालय परिसरमा रहेका सवै सवारी साधनहरुमा आगजनीबाट पूर्ण रुपमा क्षति भएको थियो। यस कार्यालबाट सर्टगन र गोलीहरु लुटिएको थियो। सर्टगन पछि फेला पारी सकिएको छ। गोलिहरु भने हालसम्म फेला परेको छैन। उक्त घटनामा यस कार्यालयका ६०। ६५ जना प्रहरी कर्मचारीहरु घाइते भएका थिए भने लाठी चार्जबाट केही प्रदर्शनकारीहरु घाईते भएका थिए। निजहरुको एकिन संख्या भने मलाई जानकारी छैन। प्रदर्शनकारीबाट भएको आक्रमण तथा कुटपिटबाट प्रहरी कर्मचारी

घाईते भएका हुन् भने प्रहरीको लाठी चार्ज र भागदौडमा प्रदर्शनकारीहरु घाईते भएका हुन। हामीले तालुक कार्यालयबाट आदेश भए बमोजिम कम भन्दा कम बल प्रयोग गरि आफ्नो ज्यान दाउमा राखी हातहतियार, सञ्चार सेट र प्रहरी भ्यानहरु जोगाएका हौं। उक्त घटनामा म समेतका प्रहरी कर्मचारीहरुको ब्यक्तिगत सवारी साधन र सम्पूर्ण सामानहरु जलि नष्ट भएको छ। [106]

## १०४. प्रहरी बृत्त कीर्तिपुरमा कार्यरत प्रहरी जवान अशोक कुमार अवस्थीको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते म आफ्नै कार्यालयको अपराध अनुसन्धान शाखामा नियमित काम कारवाही गरी रहेको थिए। शाखामा कार्यरत रहेता पनि अन्दोलनको तत्कालीन अवस्था बारे जानकारी नै थियो सोही कारणले समेत भोलिको दिनको कुरा र देशको शान्ति सुरक्षा, सु-व्यबस्था समेतको अवस्था बारे सोचले समेत म बिचल्लित थिए। सोही बिषयलाई लिई राती अभेर सम्म बिभिन्न मनमा आई रहेका कुराहरुले मनमा अशान्त भइता पनि ऐ २४ गतेको सुरक्षाको बिषयलाई लिई भोलिका दिन के हुने भन्ने आफै सोचि सुतेको थाँहा नै नरहेकोमा बिहानि सवेरै उठी आफ्नो दैनिक नित्य कर्मको काम गरी तत्कालीन अवस्था बारे बुझि मेशमा खाना खान भनी जाने क्रममा आकस्मक सबै जनाले असोभावको सामाग्रि समेत लिई आफ्नो तत्कालीन कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको आदेश लिई यतीकैमा बिहनिको करिव ११:०० बजेको समयमा करिव१। २ हजारको संख्मा प्र्दर्शनकारीहरुको समुह आई कार्यालयमा ढूङ्गा मुडा गर्न खोज्ने क्रममा तत्कालीन कमाण्डर प्र.ना.उ राज बाबु महर्जनले अन्दोलनमा आएका अन्दोलनकारीको समुहलाई सम्झाई बुझाई गरी पठाईएको थियो, केही बेर समान्या अवस्था भएता पनि कीर्तिपुरका बिभिन्न स्थानमा कागजनी तथा तोडफोड भएको भन्ने समेत खबर प्राप्त थियो। करिव दिनकोन १२:०० बजेको समयमा पुःन ३। ४ हजार संख्यामा आन्दोलनकारीहरुको समुह आई कार्यालय भित्र प्रवेश गरी ढुङ्गा मुडा तथा आगजनि लुटपाट समेत गर्न खोज्दा कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको आदेशले उक्त अन्दोलनकारीको समुहलाई सम्झाई बुझाई गरी भिड नियन्त्रणको सम्भव भए सम्म शिलशिलेवार चरणसमेतको अवलम्बन गरी गोली चलाउने सम्मको अवस्थामा आई पुग्दा तालुक कार्यालयको आदेश बमोजिम न्युनतम मानविय क्षेतीको तत्कालीन अवस्थालाई मध्येनजर गरी गोली चलाउदा अत्याधिक मानविय क्षेति हुने भएकाले हामी कार्यालय र आफ्नो कार्यालयका सम्भव भए सम्मका सामाग्रिहरुको सुरक्षमा खटिएका थियौ त्यतिकैमा भिड उग्र नेत्रित्तो बिहिन अराजक मानिसहरुको

106 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१०३ अन्तर्गत रहेको ।

समुह कार्याला हाता भित्र चारै तिर बाट कार्यालयमा प्रवेश गरी तोडफोड लुटपाट र आगजनि समेत गरी कार्यालय र प्रहरी व्यारेक समेतमा पूर्णरुपमा क्षेती पुराए पढी हामिले आफू संग बोकेको हातहतियार सहित कार्यालय बाट आगजनि नगर्न अनुरोध गर्दा गर्दै सरक्षित स्थानमा गई सुर्क्षित साथ बसेका थियौ। उक्त दिन डर त्रासको अवस्थामा नै बस्दै बित्यो। त्यस्तो अवस्थाम समेत कमाण्डर प्र.ना.उ राज बाबु महर्जनको कुशल कमाण्डसिप, परिर्थितिको आकलन गर्न सक्ने क्षेमता समेतले गर्दा कुनै मानविय क्षेती समेत नभएको र सोही कारणले त्यस पछिका दिनहरुमा प्रहरीको दैनिक काम कारवाहीमा समेत सहजता पैदा भई प्रहरीको मनोबल समेतमा सकारात्मत प्रवाह परेको व्यहोरा ठिक साँचो हो।[107]

## **१०५. संसद भवन सुरक्षा वेश बानेश्वरमा कार्यरत प्रहरी जवान मनोज ज्ञवालीको कागज ब्यहोराः**

संघीय संसद भवनको चारै तिर हाई प्वाईन्ट पोष्ट रहेको छ, उल्लेखित पोष्टहरुमा चौबिसै घण्टा ईन्सास राईफल सहित आलोपालो डिउटी खटाईएको हुन्छ। उक्त क्षेत्र धर्ना, प्रदर्शन जस्ता कार्य गर्न नपाईने निषेधित क्षेत्र हो। संघीय संसद भवनमा संसद बैठक चलेका दिन नेपाल प्रहरी र शसस्त्र प्रहरी पनि थप सुरक्षाको लागी आउने गरेका छन्। मिति २०८२ भाद्र २३ गते संघीय संसद भवनको बानेश्वर चोक तर्फको High Post १४ नम्बरमा बिहान १०.०० बजे देखी दिउसो १४.०० बजे सम्म ईन्सास राईफल र ३६ राउण्ड गोली सहित मेरो डिउटी थियो। सो दिन राष्ट्रिय सभाको बैठक पनि भएको हुँदा नेपाल प्रहरी र शसस्त्र प्रहरी तर्फको थप सुरक्षा पनि आएको थियो। म आफ्नै डिउटीमा थिए, लगभग ११.०० वा ११.३० जति बजेको हुनु पर्छ चारै तर्फबाट हजारौको सख्यामा प्रदर्शनकारीहरु उत्तेजित हुदै संसद भवन घेरी भवनको वाल तथा ढोकाहरु तोडफोड गर्दै संसद भवन भित्र प्रवेश गर्न खोजे, तत्कालै नेपाल प्रहरी र शसस्त्र प्रहरीको थप मद्दतहरु आई प्रदर्शनकारीहरुलाई सम्झाउन बुझाउन थाले। प्रदर्शनकारीहरु प्रहरीको कुरा नसुनी झन अराजक हुदै संसद भवन तोडफोड गर्ने तथा संसद भवन भित्र प्रबेश गर्ने प्रयास गरी रहे। सोही क्रममा मेरो पोष्ट नजिक आई मार मार भन्दै मलाई ढुंगामुढा प्रहार गर्न थाले। ढुंगामुढा प्रहार गर्न थालेपछी म आफ्नो हातहतियार सहित पोष्टबाट बाहिर आई पछाडी हटे। प्रदर्शनकारीहरुले संसद भवन प्रबेश गेट, प्रहरी पोष्टहरु तोडफोड गर्न थाले। बाहिर ग्यासगन, गोली प्रहार भएको आवाजहरु सुनिन थाल्यो। मैले आफ्नो हतियार फायर गर्न प्रयोग गरिन। बेलुका पख भिड आ-आफ्नो गन्तव्य तिर

107 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०४ अन्तर्गत रहेको ।

लागे र शान्त भयो। शान्त भए पश्चात फेसबुक तथा बिभिन्न सामाजिक संजालहरुबाट प्रदर्शनकारीहरु घाईते तथा मृत्यु भएको भन्ने जानकारी भयो। सो दिन बेलुका नेपाली सेनाको टोली समेत आई संघीय संसद भवनको सुरक्षा गर्न थाल्यो। भोलीपल्ट २४ गतेका दिन बिहान देखी नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरी र संघीय संसद भवन सुरक्षा वेश बानेश्वरका प्रहरी कर्चमारीहरु समेत संघीय संसद भवनको सुरक्षा दिई रहेका थियौ, उक्त दिन मेरो साथमा हतियार थिएन, लाठी सहित भिड नियन्त्रण पोशाकमा थिएं। उक्त दिन पनि Gen-Z पुस्ताबाट चौतर्फी आन्दोलन भई रहेको थियो। प्रदर्शनकारीहरुको ठुलो समुहले संसद भवन चारै तिरबाट घेरी प्रदर्शन गरी रहेको थिए। प्रदर्शन गर्दा गर्दै लगभग १३.०० बजे तिर थेग्नै नसक्ने गरी संसद भवन वरपर ठुलो संख्यामा जम्मा भई संसद भवनलाई केन्द्रीत गरी ढुंगामुढा, गुलेली, पेट्रोल बम जस्ता प्रज्वलनशिल पदार्थ प्रहार गर्दै, गैटी लगायतका औजारहरुले संसद भवन परिसरमा लगाएको पर्खालहरु फोडी संसद भवन परिसर भित्र खुकुरी देखाउदै हुल हुज्जतको साथ प्रबेश गरी संसद भवन जलाए। सो पश्चात हामिले आफ्नो हातहतियार गोलिगठ्ठा सुरक्षित राख्यौ। २३ र २४ गतेको आन्दोलन नियन्त्रण गर्ने क्रममा हाम्रो संघीय संसद भवन सुरक्षा वेश बानेश्वर बाट केही गोली, कार्टिज र ग्यासगन खर्च भयो भन्ने सुनेको छु, कसले कति कति खर्च गरे मलाई थाहा छैन। [108]

## १०६. प्रहरी बृत्त बालाजुमा कार्यरत प्रहरी जवान जितेन्द्र महतको कागज ब्यहोराः

मिति २०८२। ०५। २३ गतेका दिन दिउसो दुई बजे देखि म प्रहरी बृत्त बालाजुका प्रमुख प्र.ना.उ ज्ञान बहादुर बिष्ट सरको कमाण्डमा राष्ट्रपति भवन बाहिर सित्तल निवास गेटमा थप मदत डियुटी खटिइएको थिए। म खटिएको स्थानमा सो दिन अबस्था समान्य थियो भने बेलुकी पख जियनजेड आन्दोलनका मानिसहरु मोटरसाईकलमा सवार भई प्रहरी तिर थुक्ने र गाली गलौच गर्ने जस्ता कृयाकलाप भने गर्ने गरेका थिए। सो दिन जियनजेड समुहका मानिसहरुले नेपालको राष्ट्र हित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा माग राखि माईतिघर मण्डला क्षेत्रमा प्रदर्शन एवम् आन्दोलन गरि रहेको र बेलुकी तिर संसद भवनमा तोडफोड गर्नुका साथै आगजनि गर्न खोज्दा गोली चलेको र केही प्रदर्शनकारीहरुको मृत्यु भएको कुरा सामाजिक संजालमा सुनि थाह पाएको थिए। भोली पल्ट पनि म प्र.ना.उ ज्ञान बहादुर बिष्ट सरको कमाण्डमा गाडीमा डियुटी खटिएको थिए। हामीहरु प्रहरी बृत्त बालाजुका वडा एरियामा डियुटी गरिएका थियौं। सर्वप्रथम खरिबोटमा पुगेको

108बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०५ अन्तर्गत रहेको ।

बेला धेरै मानिसहरुलाई भेला जम्मा भइ रहेको देखेको थिए। बिधालय पोशाकमा कोही पनि प्रदर्शनकारीहरु थिएनन। उल्लेखित भेला जम्मा भएका मानिसहरु बनस्थली चोकमा आई टायर बाली प्रदर्शन गरीरहेका थिए। मानिसहरुको अत्याधिक भिडभाड थियो। भिडले बनस्थली प्रहरी पोष्टमा, ढुंगामुडा आगजनी गर्न थाले। हामीहरु जनशक्ति थोरै भएकाले सम्झाई बुझाई गर्ने बाहेक अन्य बल प्रयोग गर्न सकिएन। त्यसपछी उल्लेखित भिडले राष्ट्रपतिको बोहोटार स्थित निजी निवासमा आगो लगाउने हल्ला सुनेपछी हाम्रो टोली राष्ट्रपति ज्युको निजी निवास तिर गयो। प्रदर्शनकारीहरु हातमा बासको लाठी, बोत्तल, ढुंगामुडा, पेट्रोल बम समेत हातमा लिई राष्ट्रपतिको निजी निवास तिर आए। हामीहरु संग गाडी टोली बाहेक अन्य जनशक्ति थिएन। हामीहरुले प्रदर्शनकारीलाई सम्झाई बुझाई गर्न खोज्दा भिड उल्टै उग्र भई अराजक भयो। प्रदर्शनकारीलाई सम्झाई बुझाई गर्दा नमानेपछी अश्रुग्यास र रबर बुलेट प्रहार गरि तितर बितर पार्न खोजेका थियौं। भिडले मानेन। मानिसहरुको भिड अत्याधिक भएकाले भिड पुनःप्रहरी माथी नै जाईलागी राष्ट्रपतिको निजी निवासमा आगलागी, लुटपाट तोडफोड गर्न थाले। गोली प्रहार गरेका ठुलो संख्यामा प्रदर्शनकारी हातहत हुने सम्भावना थियो। त्यसपछी संचार सेटमा आफू र कार्यालय सुरक्षा गर्ने भन्ने आदेश आएपछी हामीहरु स्थानियको सहयोगमा कार्यालय तर्फ पैदल फर्कियौं। गाडी तोडफोड हुन सक्छ भनी प्र.ना.उ सरले सुरु मै कार्यालयमा पठाइ सक्नु भएको थियो। कार्यालयमा पुग्ने समयमा बालाजु बृत्त वरपर प्रदर्शनकारीहरु कोही पनि बिधालयको पोशाकमा थिएनन। अन्दाजी दुई/तिन हजारको समुहमा प्रदर्शनकारीहरु कार्यालयको गेटमा भेला जम्मा भई नारा जुलुस गर्नुका साथै गेटमा टायर बाली प्रदर्शन गर्न थाले। भिडभाडबाट कोही कसैले ढुंगामुडा गर्न थाले पछी हामीले सम्झाई बुझाई गरेका थियौं। प्रदर्शनकारीको भिड बिभिन्न स्थान, गल्लीबाट आउने क्रममा जारी थियो। हाम्रो कार्यालयमा पुग्दा प्रदर्शनकारीले कार्यालय तोडफोड गरी रहेका थिए। कमाण्डर सरहरुले भिडलाई सम्झाई बुझाई गर्दा नमानी झनै उग्र भई कार्यालय सम्पूर्ण तोडफोड भई सकेको थियो। प्रदर्शनकारीले पटक पटक पेट्रोल बम हान्नुका साथै कोही कसैले लामो लाठीको टुप्पोमा आगोको झोरो बनाई पर्खाल बाहिर बाटै कार्यालय भित्र आगो लगाउन थाले। कैयौं पटक हामीले जारमा रहेको पानी र fire extinguisher को सहायताले आगो निभाउएका थियौं। गाडीहरु माथी पनि बाहिर बाटै आगो फाल्न थाले पछी कैयौं पटक आगो निभाएका थियौं। त्यसपछी हवाई फायर एवम् अश्रुग्यास प्रहार गरी प्रदर्शनकारीहरुलाई तितरबितर पारी कार्यालय तोडफोड भएतापनि आगजनी हुन बाट जोगाई रहेका थियौं। कयौं पटक यसरी कार्यालय जोगाउने प्रकृया चलिरहेको थियो। कार्यालयको चारै तिरबाट प्रदर्शनकारीहरुले ढुंगामुडा आगजनी गर्न थाले। प्रदर्शनकारीले प्रहार

गरेको पेट्रोल बमले कार्यालय प्रमुख ज्युको शरिरमा लाग्नुका साथै ढुंगा लागी सख्त घाईते हुनु भयो। प्रदर्शनकारीहरुको जमात बढ्दै गई रहेको थियो भने हामीहरु हवाई फायर र बल्याङ्क राउण्ड फायर गर्दै तितर बितर पार्ने प्रयास गरी रहेका थियो। पटक पटक यो कार्य दोहोरिदै गर्दा पनि परिस्थित काबु भन्दा बाहिर जान थाल्यो। हजारौंको संख्यामा प्रदर्शनकारीले ढुंगामुडा गरी पछाडीबाट ब्यारेकको दोस्रो तलामा आगजनी गरे, क्रमश बाटो तिरबाट थुनुवा कोठाको भेण्टिलेटर झ्यालबाट आगो लगाएका रहेछन। थुनुवा कोठाबाट धुवा निस्कनु साथै कार्यालयमा बिभिन्न स्थानबाट आगजनी गर्न थाले। प्रदर्शनकारीहरु कार्यालय भित्र प्रबेश गरी सामानहरु लुटपाट गर्ने प्रयास गर्न थाले। हामीहरुले रोक्ने प्रयास गर्दै थियौं। अन्ततः सके सम्मका हात हतियार तथा अस्वभावका सामानहरु बोकी बाटोमा बल्याङ राउण्डबाट हवाई फायर गरी, अश्रुँग्यास हान्दै भिडलाई तितर बितर पार्दै नेपालटार स्थित नेपाली सेनाको ब्यारेकमा गई बसेका हौं। प्रहरी बृत्त बालाजुमा ढुंगामुडा एवम् आगजनि हुँदा दुई जना प्रदर्शन कारी घाईते भई उपचारको लागी लिई गएकोमा उपचारको क्रममा मृत्यु भएको कुरा सामाजिक संजाल मार्फत सुनि थाहा पाएको हुँ। के कसरी मृत्यु भयो सो बारेमा मलाई थाहा भएन।

**<u>१०७. प्रहरी बृत्त स्वयम्भूमा कार्यरत प्रहरी जवान क्षेत्रराज तिमिल्सेनाको कागज ब्यहोराः</u>**

मिति २०८२ भाद्र २३ गते जिन्सी शाखामा कार्यरत भएकोले सो दिन कार्यालयमा स्टेण्डबाई थिए। उक्त दिन भएको घटना सम्बन्धामा डिउटी अधिकृतले जानकारी गराए पछी र समाजिक संञ्जालमा समाचारहरु आए पश्चात घटनाको बारेमा थाहा पाएको हुँ। मिति २०८२ भाद्र २४ गते प्र.ना.उ. ज्यु को कमाण्डमा नयाँ वानेश्वर, प्र.नि. जनक ढुगांना ज्युको कमाण्डमा कलकीचोक र प्र.नि. दिनेश थापा ज्युको कमाण्डमा सिडियो कार्यालय मोडमा बिहान देखी यस कार्यालयबाट प्रहरी टोली खटी गएको थियो। कार्यालय सुरक्षामा प्र.नि. सुरज बानियाँ ज्युको कमाण्डमा कार्यालयको शाखामा कार्यरत कर्मचारी गरी ३०/३५ जना कर्मचारी थियो। उक्त दिनको अन्दाजी ११:३० बजेको समयमा यस कार्यालयको वडा एरीयामा रहेका भिआइपीहरुको घरमा तोडफोड तथा आगजनी भयो भन्ने सुचना आएकोले जु.प्र.अ. को कमाण्डमा १० जनाको टोली सितापाईला चोकमा खटी गएको थियो। माथिल्लो कार्यालयको आदेशले बिटको प्रहरी समेत अ. १२:०० बजेको समयमा यस कार्यालयमा फिर्ता भएका थिए। अ.१२:१५ बजेको समयमा यस कार्यालयमा शुरुमा केहि मानिसको भिड आएर प्रहरी माथि ढुंगा मुडा प्रहार गरी आक्रमण गरेको सो समयमा हामी प्रहरी र केहि स्थानीयहरुले सम्झाई बुझाई आक्रमण रोक्न लागाएका थियौ। बिस्तारै प्रदर्शनकारीहरुको समुह

बढ्दै गएको र स्थिति झन आक्रामक र भयावह बन्दै गएको थियो, सो मध्ये केहि ब्यक्तीहरुले रड खुकुरी बोकेका, केहिले लाठी, ढुंगा, मुडा, पेट्रोल भरेका बोतल समेत बोकी हिडेका देखिन्थे। प्र.नि. ज्युले पटक पटक माईकिङ गरी प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई अनुरोध गरी रहनु भएको थियो र सो अनुरोधको बेवास्ता गरी प्रदर्शनकारीहरु निरन्तर आक्रमण गरिरहेका थिए। प्रहरी कार्यालय तथा प्रहरी माथी आक्रमण हुदै गर्दा कानून बमोजिम दिएको कमाण्डरको आदेस बमोजिम आवश्यकतानुसार सिलसिलेवार लाठी चार्ज, अश्रु ग्यास, सर्टगनको रबर कार्टिज, हवाई फायर गरी कार्यालयको सुरक्षा गरेका हौ। प्रदर्शनकारीहरुको समुहबाट निरन्तर भएको आक्रमणलाई नियन्त्रण गर्न हर प्रयास गरिएको हो। प्रदर्शनकारीहरुले चारै तर्फबाट ढुगां मुडा गरी पर्खाल तथा गेट समेत भत्काई ढुगां मुडा गर्दा १०/१५ जना प्रहरी समेत घाईते भएको र दक्षीण तर्फको दिशा तर्फबाट भित्र पसी सवारी साधन तथा व्यारेकमा तोडफोड तथा आगजनी गर्न थालेको हुदाँ, अन्दाजि १४:३० बजेको समयमा अश्रु ग्यासका सेल सकिन लागेकोले लाईभ राउण्ड फायर नगरी भीडलाई कन्टेन गर्न नसकिने अवस्था रहेकोले प्र.नि. ज्यु ले लाईभ राउण्ड हान्नु हुदैन मानिसको ज्यान भन्दा कार्यालय ठुलो होईन भन्ने आदेश आएपछि मानवीय क्षति नहोस भन्ने उद्देश्यले कार्यालयमा रहेका हातहतियार र महत्वपूर्ण सामग्रीहरु सुक्षितसाथ साथमा लगी सुरक्षित स्थान तर्फ जाने सल्लाह गरेका हौ। कार्यालयमा भएका हातहतियारहरु र मुद्धाका मिशिल वन टन गाडीमा राखी लैजान खोज्दा गेटबाट निस्कन सक्ने अवस्था नरहेकोले सके जतीको हातहतियार सँगै बोकी नजिकै रहेको सैनिक अस्पताल छाउनी गएका हौ। सो दिन पनि हाम्रो टोलिबाट कानून बमोजिमको आदेशानुसार भिड नियन्त्रणमा प्रयोग हुने अश्रु ग्यास सेल र सर्टनगको रबर कार्टिज, हवाई फयार गर्न लाईभ बुलेट मात्र प्रयोग भएको र सो बाट कुनै पनि प्रदर्शनकारीहरु घाईते पनि नभएको र मानवीय क्षति समेत नभएको ठिक साँचो हो। प्रदर्शनकारीको अक्रमणबाट प्रहरी कर्मचारीहरु घाईते भएको र हाल पनि उपचार भइरहेको छ। प्रदर्शनकारीहरुले गरेको तोडफोड तथा आगजनीबाट यस कार्यालयको भवन, सवारी साधन, हातहतियार, मिशिल लगायतका जिन्सी समान र कर्मचारीका व्यक्तीगत लुगा जिन्सि समान जली पूर्ण रुपपमा नष्ट भएको ठिक साँचो हो। [109]

**<u>१०८. संघीय संसद भवन सुरक्षा वेश बानेश्वरमा कार्यरत प्रहरी जवान हिक्मत बि.क.को कागज ब्यहोराः</u>**

संघीय संसद भवनको चारै तिर हाई प्वाईन्ट पोष्ट राखी उल्लेखित पोष्टहरुमा चौबिसै घण्टा ईन्सास

109 बयानको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१०७ अन्तर्गत रहेको ।

राईफल सहित आलोपालो डिउटी खटाईएको हुन्छ। उक्त क्षेत्र धर्ना, जुलुस, प्रदर्शन लगायतका गतिविधि गर्न नपाईने निषेधित क्षेत्र हो। संघीय संसद भवनमा संसद बैठक चलिरहन्छ, संसद बैठक चल्दा थप सुरक्षा कर्मीहरु पनि खटाउने गरेका छन्। मिति २०८२ भाद्र २३ गते संघीय संसद भवनको दक्षिण तर्फको High Post 22 नम्बरमा बिहान १०.०० बजे देखी दिउसो १४.०० बजे सम्म ईन्सास राईफल र ३६ राउण्ड गोली सहित मेरो डिउटी थियो। सो दिन राष्ट्रिय सभाको बैठक बस्ने कार्यक्रम रहेको हुँदा नेपाल प्रहरी र शसस्त्र प्रहरी तर्फको थप सुरक्षा पनि खटिएका थिए। म आफ्नै डिउटीमा थिए, लगभग ११.०० देखी १२.०० बजे जति बजेको हुनु पर्छ, चारै तर्फबाट हजारौको सख्यामा प्रदर्शनकारीहरु उत्तेजित हुदै संसद भवन घेरी प्रदर्शन गरी रहेका थिए। प्रदर्शन गर्दा गर्दै प्रदर्शनकारीहरु एकाएक उत्तेजि भई अराजक तवरले संसद भवनको परिसरमा लगाएको पर्खाल भत्काउने र प्रहरी पोष्टहरुमा तोडफोड आगजनी गर्न थाले। तत्कालै आएका नेपाल प्रहरी र शसस्त्र प्रहरीको थप मद्दतहरुले प्रदर्शनकारीहरुलाई तोडफोड, आगजनी जस्ता उछृङखल कार्य नगरी शान्ति पूर्ण तवरले प्रदर्शन गरी दिनुहोस भनी सम्झाउन बुझाउन थाले। प्रदर्शनकारीहरु प्रहरीको कुरा नसुनी झन अराजक हुदै ढुंगामुढा गर्दै प्रहरीहरुलाई घाईते बनाई संसद भवन तोडफोड गर्ने तथा संसद भवन भित्र प्रबेश गर्ने प्रयास गर्दै, संसद भवन प्रबेश गर्न थाली मेरो पोष्ट नजिक आई मलाई समेत ढुंगामुढा गर्न शुरु गरे। म आफ्नो हातहतियार सहित पोष्टबाट बाहिर निस्किई केही पछाडी गएं। प्रदर्शनकारी झनै उग्र रुपले प्रस्तुत हुदै जान थाले सो पश्चात ग्यासगन, गोली प्रहार भएको आवाजहरु सुनिन थाल्यो। मैले आफ्नो हतियारबाट फायर गरिन। बेलुका तिर भिड आ-आफ्नो गन्तव्य तिर लागेपछी शान्त वातावरण भयो। फेसबुक तथा बिभिन्न सामाजिक संजालहरुबाट प्रदर्शनकारीहरु घाईते हुनुको साथै मृत्यु समेत भएको भन्ने जानकारी भयो। सो दिन बेलुका नेपाली सेनाको टोली समेत आई संघीय संसद भवनको सुरक्षा गर्न थाल्यो। भोलीपल्ट २४ गते बिहान देखी नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरी र संघीय संसद भवन सुरक्षा वेश बानेश्वरका प्रहरी कर्चमारीहरु समेत संघीय संसद भवनको सुरक्षा दिई रहेका थियौ। उक्त दिन म भिड नियन्त्रण पोशाकमा थिएं र मेरो साथमा लाठी थियो। सो दिन पनि Gen-Z पुस्ताबाट चौतर्फी आन्दोलन भई रहेको थियो। प्रदर्शनकारीहरुको ठुलो समुहले संसद भवन चारै तिरबाट घेरी प्रदर्शन गरी रहेको थिए। प्रदर्शनकारीहरुलाई प्रहरी सुरक्षाकर्मीहरुले सम्झाउने, बुझाउने गरी रहेका अबस्थामा प्रदर्शनकारीहरु प्रदर्शन गर्दा गर्दै लगभग १३.०० बजे तिर थेग्नै नसक्ने गरी संसद भवन वरपर ठुलो संख्यामा जम्मा भई संसद भवनलाई केन्द्रीत गरी ढुंगामुढा, गुलेली, पेट्रोल बम लगायतका प्रज्वलनशिल पदार्थ प्रहार गर्दै धेरै प्रहरीहरुलाई घाईते बनाई, गैटी, सँवाल लगायतका अन्य बिभिन्न

औजारहरुले संसद भवन परिसरमा लगाएको पर्खालहरु फोडी संसद भवन परिसर भित्र खुकुरी, भाला, लाठी देखाउदै हुल हुज्जतको साथ प्रबेश गरी संसद भवन जलाए, सो अबस्थामा नेपाली सेनाबाट कुनै सुरक्षात्मक प्रतिक्रिया भएन/गरिएन। सो पश्चात हामिले आफ्नो हातहतियार गोलिगट्ठा सुरक्षित राख्यौं।

**<u>१०९. प्रहरी बृत्त थानकोटमा कार्यरत प्रहरी जवान चुमान सिंह धामीको कागज ब्यहोराः</u>**

मिति २०८२ साल भदौ २३ गते र २४ जियनजेड (Zen-Z) युवा पुस्ताद्वारा काठमाण्डौ लगायत मुलुकका विभिन्न भागमा प्रदर्शन गरिदा भदौ २३ गतेको हकमा म थानकोट प्रहरी वृत्तका प्रहरी नायव उपरीक्षक एलिजा गिरीको कमाण्डमा १५ जनाको टोलीसहित अं.१० बजेको समयमा माईतिघर मण्डलामा खटिएको थिए भने भदौ २४ गतेको हकमा भने म प्रहरी बृत्त थानकोट सुरक्षार्थ प्रहरी नायव उपरीक्षक एलिजा गिरीको कमाण्डमा ३५ जनाको टोलीसहित बिहान ४ बजेदेखी कार्यालय सुरक्षामै खटिएको थिए, अन्य कार्यालयका प्रहरी कर्मचारी नियमित मोबाईल, CRV लगायत डिउटिमा र २ जना प्र.नि. सरको प्रहरी टोली कार्यालय भन्दा बाहिर थप मद्धतमा खटिएको थियो,

भदौ २३ गतेको हकमा म प्रहरी नायव उपरीक्षक एलिजा गिरीको कमाण्डमा १५ जनाको टोलीसहित अं.१० बजेको समयमा माईतिघर मण्डलामा फुल गेयरमा डयुटी लिइसकेको थिए। सो समयमा माईतिघरमा अ.१००० जना जति भेला जम्मा भएका थिए र भेला जम्मा भएका मध्ये कतिपयले स्कुल र कलेजको पोशाक समेत लगाएका थिए, भेला जम्मा भएका व्यक्तिहरुले पर्दशन शान्तीपूर्ण गर्ने उच्छ्रृङ्खल नगर्ने भनेर नारा लगारहेका थिए, त्यसपश्चात मानिसहरु माईतिघर मण्डलामा भेला जम्मा हुने क्रम बढ्दै गयो र अ.१०-१२ हजार मानिसहरु भेला जम्मा भएको हुनुपर्छ। भेला जम्मा हुने क्रममा विभिन्न व्यक्तिहरुले भाषण गर्ने काम गरिरहेका थिए र हामि भने सो भिडलाई कर्डन गर्ने पोजिसनमा ड्युटी लिएका थियौ। अ. ११:३० देखी १२:०० बजेको बिचको समयमा माईतिघर मण्डलामा भेला जम्मा भएको भीड पैदल हिडेंर नँया बानेश्वरतर्फ अगाडी बढेको थियो र सो अगाडी बढेको भीडमा एउटा ढाला भएको पिकअप गाडीमा पनि केहि मानिसहरु चढेर माईकिङ गर्दै थिए। अगाडी बढेको भीड उत्तेजित हुँदै थियो र म सहितको टोलीलाई सो भीडलाई कर्डन गर्दै लैजान समेत हम्मे हम्मे परेको थियो। सो भीडमा उपस्थित मान्छेहरु अधिकांश युवा उमेर समूहकै थिए र उनीहरु हाम्रो आग्रहलाई सुन्न तयार थिएनन्। अगाडी बढ्ने क्रममा सडक विभाग आईपुगेपछी भने सो भीडले आक्रोशित हुँदै पुरै बाटो ओगटेर सवारी आवगमन समेत नुहन दिने गरी

अगाडी बढ्न थाल्यो। अगाडी बढ्ने क्रममा

थापागाउँको पुल आईपुगेपछी म सहितको टोलीले उक्त भीडलाई कर्डन गरेर बाँयातिरको बाटो मात्र प्रयोग गर्ने गरी लैजान खोज्दा सो भीड थप आक्रोशित भई प्रहरीलाई पनि अश्लिल शब्दहरुको प्रयोग गरेर गालीगलोज गर्दै पुरै बाटो नै ओगटेर अगाडी बढ्दै गयो। त्यसपश्चात सो भीड आक्रिशित हुँदै एभेरेष्ट होटल अगाडी रहेको ब्यारिकेड सम्म पुग्यो जहाँ थप प्रहरी टोली पनि थियो र त्यहाँ पुग्दा सम्म पनि म सहितको टोलीले सो भीडलाई अगाडी तर्फबाट कर्डन नै गरेको थियौ। त्यसपछी म सहितको टोली ब्यारिकेड पछाडी थियो र भीड भने थप उत्तेजित हुँदै गालीगलौज गर्दै नाराबाजी गरिरहेको थियो। सो समयमा अ. १५ हजार मानिसहरु भेला जम्मा भइसकेको हुनुपर्छ। त्यसपछी सो भीडले ब्यारिकेड भत्काउने, बोतल हान्ने, निषेधित क्षेत्र लेखिएको ब्यानर समेत च्यात्ने काम सुरु गरिसकेको थियो। सो क्रममा म सहितको प्रहरी टोलीले सम्झाई बुझाई गर्दा समेत उक्त भीड केहि मान्न तयार थिएन र त्यहा उपस्थित स्वयंसेवकहरुले सम्झाई बुझाई गर्दा पनि सो भीड उत्तेजित र आक्रमक हुने क्रम झनै बढ्दै गयो। केहि समयपछी बुद्दनगर जाने ओरालो बाटोतर्फबाट अ.५०-१०० जना जति मोटरसाईकल रैली गर्दै भीडसंग मिस्सिए। त्यसपश्चात भीड झनै उत्तेजित र आक्रमक हुन थाल्यो। सोही क्रममा हामीले निकै समयसम्म भीडलाई ब्यारिकेड तोड्नबाट रोक्ने प्रयास गर्दा समेत सो भीडले ब्यारिकेड तोडी संसद भवनतर्फ अगाडी बढ्यो। उक्त भीडलाई रोक्नका लागी नेपाल प्रहरीको वाटर क्याननबाट पानीको फोहोरा समेत प्रयोग गरिएको थियो। भीडले ब्यारिकेड तोडी संसद भवनतर्फ अगाडी बढिसकेपश्चात हामीले कमाण्डरको आदेश बमोजिम संसद भवनको सुरक्षार्थ संसद भवनको नागरिक लगानी कोषतर्फको गेटको बाहिर ड्युटी लियौ। त्यसपछी उक्त भीडले प्रहरीमाथी ढुङ्गामुडा हान्ने र संसद भवनका भित्ताहरु फोर्ने लगायतका गतिविधि हरु सुरु गर्यो। सो क्रममा म सहितको टोलीमाथि उक्त भीडले अत्याधिक ढुङ्गामुडा प्रहार गरी म, मेरो कमाण्डर सहित धेरै प्रहरी साथिहरु घाईते भईसकेका थियौ। निजहरुले हामीले ड्युटी लिएको गेटतर्फबाट संसद भवन प्रवेश गर्न खोज्दा हामिले घुडामुनि लाठी प्रहार गरेर भीडलाई तितरबितर पार्ने प्रयास गर्यौ। म सहितको धेरै जना प्रहरी साथिहरु बढी मात्रामा घाईते भईसकेपश्चात हामी प्राथमिक उपचारको लागी ४५ मिनेटजति संसद भवनभित्र गयौ र उपचार पशचात पुनः सोहि पोजिशनमा डयुटी लियौ। निजहरुले टायर बाल्ने समेत गरिरहेका थिए र सो क्रममा घाईते प्रहरीकर्मचारीको उद्दार गर्न हामी खटिएको गेट अगाडी आईपुगेको सशस्त्र प्रहरी बलको एम्बुलेन्स समेत सो भीडका केहि ब्यक्तिहरुले आगजनि गरे। त्यसपश्चात केहि समयसम्म आन्दोलनकारी र

हामीबीच दोहोरो भिडन्त भयो जस्मा हामिले लाठि चार्ज, गयास गन, र रबर बुलेट सम्मको प्रयोग गर्यौं। सो क्रममा कमाण्डरको आदेश बमोजिम ५ राउण्ड डमी गोली प्रयोगह भएतापनि हामिले लाईभ राउण्डको प्रयोग भने गरेनौ। त्यसपछी अन्य टोलीको हकमा कहाँबाट के कति राउण्ड प्रहार भयो को कति घाईते भए भन्ने सम्बन्धमा मैले केहि ठम्याउन सकिन। त्यसपछी उक्त भीड संसद भवनको भित्ता फोडने, वालमाथी चढने, प्रहरीमाथि ढुङ्गामुडा गर्ने काम गरिनै रहेको थियो। सो क्रममा संसद भवन तर्फको भीड कम भई एभेरेष्ट हस्पिटल तर्फ भीडभाड बढी हुन थालेपछी म सहितको टोलो एभेरेष्ट हस्पिटल तर्फ ड्युटी लियौ। सो स्थानमा पनि केहि समयसम्म आन्दोलनकारीले हामीलाई ढुङ्गामुडा गर्ने काम गरिनै रहे। अन्दाजी २१:३० सम्म सो स्थानमा खटिएपश्चात हामी आदेशअनुसार आफ्नै कार्यालय फिर्ता भयौ र फर्किने क्रममा हामिले ऐभेरेष्ट हस्पिटलमा उपचार पनि गरायौ।

भदौ २४ गतेको हकमा भने म प्रहरी बृत्त थानकोट सुरक्षार्थ प्रहरी नायव उपरीक्षक एलिजा गिरीको कमाण्डमा ८९ जनाको टोलीसहित बिहान ४ बजेदेखी कार्यालय सुरक्षामै खटिएको थिए। अन्दाजो ११:०० बजेको समयमा हाम्रो कार्यालय भवन अगाडी अ. ३ देखी ४ हजार मान्छे भेलाजम्मा भईसकेका थिए। त्यसपछी उक्त भीडले केहि समयसम्म नाराबाजी गर्ने, टायर बाल्ने सम्मका गतिविधि मात्र गरिरहेका थिए। त्यसपश्चात सो भीड सतुङगलतर्फ लाग्यो। अन्दाजो १५:०० बजेको समयमा हाम्रो कार्यालय भवन अगाडी अ. ४ देखी ५ हजार मान्छे पुनः भेलाजम्मा भई नाराबाजी गर्न सुरु गरे। त्यसपश्चात सो भीडले हामी माथि र हाम्रो कार्यलय भवन माथि केही उच्छृङ्खल व्यक्तिहरुले ढुङ्गामुडा गर्ने, पेट्रोल बम प्रहार गर्ने क्रम जारीरहँदा सकभर सम्झाई बुझाई गर्दै बचाउदै आएकोमा सम्झाई बुझाई गर्दा समेत नामानिसकेपछी सकभर कन्टेन गर्ने रोक्ने काम गर्यौं अ. १६:३० बजेको समयमा निजहरुले कार्यालयभित्र प्रबेश गर्ने अवस्था आईसकेपछी हामिले निजहरुलाई बाहिर लखेटने काम गर्यौं। त्यसपश्चात कमाण्डरको आदेश बमोजिम हामिले सो भीडलाई पार गर्दै २ वटा qrt मोटरसाइकल बाहेकका कार्यालयको सवारी साधन, हातहतियार र गोलिगठ्ठा समेत सुरक्षित बोकेर गोदाममा अवस्थित नेपाली सेनाको शिक्षालयमा पुगी बस्यौ। सो दिन पनि हाम्रो केहि प्रहरी कर्मचारीहरु घाईते भएका थिए। [110]

**<u>११०. प्रहरी वृत्त सिंहदरवार काठमाडौंमा कार्यरत प्रहरी जवान बखत गिरीको कागज ब्यहोराः</u>**

---

110 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१०९ अन्तर्गत रहेको ।

देशका विभिन्न भागमा प्रदर्शन भई रहदा भदौ २३ गतेको हकमा म यस कार्यालयका कार्यालय प्रमुख प्र.ना.उ जनार्धन घिमिरेको कमाण्डमा माईतिघर मण्डलामा बिहान अन्दाजी ०९:३० बजेको समयदेखी नै ड्युटीमा खटिएका थियौ।

सो समयमा अन्दाजी ४००० जना जति युवायुबतीहरु उपस्थित भई तत्कालीन सरकार विरुद्द विभिन्न किसिमका नाराबाजी गरिरहेका थिए। केही समय पछी सो भीड बानेश्वरतर्फ अगाडी बढ्यो भने हामी भने बानेश्वर तर्फ नगएर माईतिघरमै ड्युटी लिएर बस्यौ। अधिकांश मानिसहरु बानेश्वरतर्फ अगाडी बढेको भएतापनि माईतिघरमा पनि उल्लेखनीय संख्यामा प्रदर्शनकारीहरुको उपस्थिति थियो। सो क्रममा एम्बुलेन्सहरुको आवतजावत देखेर र मेरो कमाण्डरमार्फत पनि जानकारी भएपश्चात बानेश्वरतर्फ प्रहरीको गोली लागेर केही प्रदर्शनकारीहरु घाईते भएको कुरा थाह जानकारी भयो। माईतिघर मण्डलामा रहँदा मेरो कमाण्डरले ताहा अवस्थित जिल्ला सरकारी वकिल कार्यालयमा समेत आक्रमण हुन सक्ने भने पछी हामि सहितको टोली जिल्ला सरकारी वकिल कार्यालयको सुरक्षार्थ खटिएका थियौं। सो क्रममा साझँतिर हामिले लाठीचार्ज सम्मको बल प्रयोग गरेरे भेला जम्मा भएको भीडलाई तित्तर बितर पार्यौं। सो क्रममा म सहितको टोलीले अश्रुग्याँस, रबर बुलेट र लाईभ राउण्डको प्रयोग गरेन। अं २०:३० बजेको समयमा भीड जम्मा हुने र आन्दोलन हुने क्रममा रोकिएपछि हामि कमाण्डरको आदेश बमोजिम कार्यालय फर्केर ब्यारेकमा सुत्यौं।

मिति २०८२ भदौ २४ गते भने म बिहान अं. ०८:०० बजेको समयमा मेरो कमाण्डर प्रनाउ जनार्दन घिमिरेको टोली सहित माईतिघर मण्डला पुगे। सो समयमा माईतिघरमा केही मानिसहरु उपस्थित भएतापनि धेरै मानिसहरु थिएनन। आदेशबमोजिम प्रनाउ सर सहितको टोली भद्रकालीतर्फ जाँदा म भने प्रनाउ सरको गाडीको सुरक्षार्थ गाडीमै छुटेर गाडी संगै सिंहदरबारको पश्चिम गेट भित्र गई बसे। त्यहाँ रहँदा अन्दाजी १०:३० बजेको समयमा अन्दाजी ७००० जनाको भीडले हातमा भाला, बेल्चा, रड लगायतका हातहतियार बोकी सिंहदरबारको पश्चिम गेट तोडफोड गरेर सिंहदरबार भित्र प्रवेश गरे। त्यहाँबाट पुनः हामी(म र गाडिको ड्राईभर) आफू बसेको गाडीको सुरक्षार्थ सिहंदरबारभीत्र रहेको प्रहरीको सुरक्षा गणमा गई गाडीलाई त्याहा सुरक्षित राख्यौं।

सिहंदरबारभीत्र रहेको प्रहरीको सुरक्षा गणमा रहेका हातहतियार नेपाली सेनाको कार्यालयमा सारिरहेको अवस्थामा मैले मसँग रहेको SLR र गोलि समेत नेपाली सेनाको कार्यालयमा बुझाए। त्यसपश्चात हामी नेपाली सेनाको पुर्वी गेटमा रहेको ब्यारेकमा गई सुरक्षित भई बसेम। अन्दाजी

रातिको १०:०० बजेको समयमा मेरो कमाण्डर सित पुनः भेट भएपश्चात म गाडीमै बसेर मेरो कार्यालय सिंहदरबार आईपुगे। कार्यालय आईपुगदा को समयमा हाम्रो कार्यालय भवन जलिरहेको अवस्थामा थियो र केही ब्यक्तिहरुले हाम्रो कार्यालयमा रहेका सरसामान चोर्ने प्रयास गरिरहेका थिए। ती मध्ये ४ जना पुरुषलाई हामिले नियन्त्रणमा लिई जिल्ला प्रहरी परिसर काठमाण्डौ लागी बुझायौं। त्यसपछि हामी अं. ०१:०० बजेको समयतिर हामी प्रनाउ सरसहित नेपाली सेनाको जंगी अड्डा भित्र गई सुत्यौं। [111]

**<u>५.१.५ सशस्त्र प्रहरी बल नेपालको बयान तथा घटना बिबरण कागज ब्यहोराः</u>**

**<u>१११. सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको बयान कागज ब्यहोराः</u>**

कुनै पनि आन्दोलनको वास्तविक स्थितिको जानकारी लिन दिनका लागि संगठन प्रमुखलाई हुने रिपोर्टिङ्ग नियमित रुपमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय कार्य बिभाग प्रमुखबाट हुने गर्दछ। Chain of Command अनुसार नै कार्यरत AIGP, DIGP, SSP, SP हरुबीच रिपोर्टिङ र निर्देशनको श्रृङखला रही आएको छ।

२०८२ साल भाद्र २३ गतेको आन्दोलनअघि जेन्जी यूवा पुस्ताहरुले प्रयोग गरिरहेको Reddit, Discord, X लगायतका सामाजिक सञ्जालहरुको बारेमा सशस्त्र प्रहरी बलको सूचना संकलन प्रणाली र संगठनात्मक संरचनाबाट कुनै रिपोर्टिङ्ग भएको थिएन। आन्दोलनबाट संघीय सँसद भवनमा आक्रमण गर्ने बारे कुनै ठोस पूर्ब सूचना प्राप्त नभएको भएतापनि बिश्लेषणको आधारमा गत चैत १५ गते तीनकुनेमा भएको आन्दोलन र घटना पश्चान संघीय संसद भएको बानेश्वर क्षेत्रलाई उच्च सुरक्षा चुनौती भएको क्षेत्रको रुपमा राखिएको थियो। सशस्त्र प्रहरी बल नेपालका कमाण्डरहरुलाई सुरक्षा चुनौतीको बिश्लेषण गरी सुरक्षा सतर्कता अपनाउन र सबै जिल्ला सुरक्षा समितिबाट एकीकृत सुरक्षा योजना बनाई अन्य सुरक्षा निकायहरुसँग प्रभावकारी समन्वयमा रही सुरक्षा परिचालन हुन संगठनात्मक संरचना अनुरुप कार्य बिभाग मार्फत निर्देशन दिएको थियो। नेपाल सरकारले सामाजिक सन्जाल बन्द गर्ने निर्णय लिनुपूर्ब यसबाट उत्पन्न हुने सुरक्षा चुनौती सम्बन्धमा सशस्त्र प्रहरी बल नेपालसँग कुनै राय-सल्लाह लिएको थिएन।

भाद्र २३ गतेको आन्दोलनको क्रममा निषेधित क्षेत्र तोडी संघीय सँसद भवनतर्फ आन्दोलनकारीहरु आइरहेको सूचना कार्य बिभाग मार्फत उनी गृह मन्त्रालयमा रहँदा पाएका थिए। सो अवस्थाको

111 बयानको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.११० अन्तर्गत रहेको ।

मूल्याङ्कन गरी प्रभावकारी र समन्वयात्मक सुरक्षा ब्यवथाको लागि कार्य बिभागका बिभाग प्रमुख मार्फत निर्देशन दिएका थिए। गृह मन्त्रालयमै रहँदा सुरक्षाकर्मीको घेरालाई तोड्दै प्रदर्शनकारीहरु सँघीय सँसद भवन परिसर भित्र प्रबेश गरेको जानकारी पाएको र सबै सुरक्षा निकाय प्रमुखहरुले आफ्नो आफ्नो सुरक्षा निकायलाई प्रभावकारी र समन्वयात्मक रुपमा कार्य गर्न निर्देशन गरेका थियौं। अस्था असमान्य हुँदै गएपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले जारी गरेको कर्फ्यु आदेशपछि संगठनात्मक संरचना अनुशार प्रभावकारी रुपमा जिल्ला सुरक्षा समिति / प्रमुख जिल्ला अधिकारी एंव सबै सुरक्षा निकायसँग समन्वयात्मक ढंगले स्थानीय प्रशासन ऐनमा भएको ब्यवस्था बमोजिम कार्य गर्न निर्देशन दिएको थिएँ।

प्रदर्शनकारीहरूले सुरक्षाकर्मीमाथि ढुंगामुढा, हातपात र आक्रमण गरी घाइते बनाएको अवस्थामा पनि आफूले मातहतका अधिकृतहरूलाई संयमित तर प्रभावकारी ढंगले जिम्मेवारी पूरा गर्न निर्देशन दिएका थिएँ। नेपाली सेनासँग को समन्वय सन्दर्भमा उनले प्रधानमन्त्री, गृहमन्त्री र गृहसचिवको तहमा समन्वय भइरहेको र आफूले आफ्नो हैसियतमा आवश्यक सूचना र समन्वय कायम गरेको बताएका छन्। गोली चलाउने निर्णय व्यक्तिगत रूपमा आफूले नगरेको र फिल्डमा खटिएका सुरक्षाकर्मीहरूले कानून, SOP र परिस्थितिको मूल्याङ्कनका आधारमा आवश्यक निर्णय लिएको स्पष्ट पार्दै, सशस्त्र प्रहरी बलका तर्फबाट अन्तर्राष्ट्रिय प्रहरी मानक र मानव अधिकार मापदण्ड उल्लङ्घन हुने गरी भीडमाथि घातक गोली प्रहार भएको कुनै आधिकारिक रिपोर्ट आफूले नपाएको तर हवाई फायरिङ भएको दाबी गरेका छन्। संसद भवन परिसरमा खटिएका सबै सशस्त्र प्रहरी कर्मचारीहरू Crowd Control सम्बन्धी SOP बारे जानकार रहेको र Layered Defense Plan समेत कार्यान्वयनमा रहेको उनको भनाइ छ।

सशस्त्र प्रहरी बल नेपाल जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम एकीकृत सुरक्षा योजनाअन्तर्गत परिचालित भएको र संघीय संसद भवनको सुरक्षार्थ Dedicated Security Force का रूपमा नभई तत्कालीन परिस्थितिको सामना गर्न परिचालन गरिएको स्पष्ट पारेका छन्। उनका अनुसार फिल्ड कमाण्डरहरूले “life over property” को सिद्धान्तलाई केन्द्रमा राखी अधिकतम संयमता अपनाएका थिए।

भाद्र २३ गतेको संघीय संसद भवन घटनापश्चात प्रधानमन्त्रीज्यु समक्ष सुरक्षा प्रमुखहरुको ब्रिफिङ्ग भएको थियो। दोस्रो दिनदेखि काठमाडौं र देशभरि उत्पन्न हुन सक्ने सम्भावित सुरक्षा चुनौतीबारे

छलफल गर्दै मातहत इकाइहरूलाई उच्च सतर्कता, आवश्यक फौज परिचालन, मानवअधिकारको संरक्षण तथा सम्बर्दन, थप मानबीय क्षति हुन नदिन, Life over property को अवलम्बन र contingency योजना तयार राख्न निर्देशन दिइएको थियो। साथै, बल प्रयोगमा संयमता अपनाउने, मानवअधिकारको संरक्षण सुनिश्चित गर्ने र न्यूनतम बल प्रयोगको सिद्धान्त पालन गर्ने निर्देशन समेत दिइएको थियो।

भाद्र २४ गते बिहान हामी प्रधानमन्त्री निवास बालुवाटार पुगेको थियौं। भीड नियन्त्रण र सुरक्षा चुनौतीहरू, सार्वजनिक स्थलमा आगजनी, तोडफोड र लुटपाटको स्थितिका वारेमा अवगत गराएपछि प्रधानमन्त्रीले घटनाको गम्भिरता स्वीकार गर्दै सुरक्षा निकायहरु बीचको समन्वयमा थप प्रभावकारीता ल्याउन निर्देशन दिएका बताए।

भाद्र २४ गते विभिन्न स्थानमा सुरक्षाकर्मीहरूमाथि भएको सांघातिक आक्रमण र हत्या घटनालाई उनले अत्यन्त निन्दनीय र राज्यको सुरक्षा संरचनामाथिको गम्भीर चुनौतीका रूपमा व्याख्या गरेका छन्।

सुरक्षा व्यवस्थापनका क्रममा भएको क्षति, हातहतियार तथा गोलीगठ्ठा लुटपाटको सन्दर्भमा उनले सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाली सेना र जिल्ला प्रशासनबीच संयुक्त समन्वित कार्ययोजना तत्काल लागु गरिएको र लुटिएका हातहतियार, गोलीगठ्ठा तथा कारागारबाट फरार भएका कैदी-वन्दीहरूको खोजी तथा बरामद कार्य निरन्तर सञ्चालनमा रहेको बताएका छन्।

भाद्र २४ गते बालुवाटारमा सम्पन्न सुरक्षा ब्रिफिङपछि आफू अन्य सुरक्षा निकायका प्रमुखहरूसँग नेपाली सेनाको हेलिकोप्टरमार्फत जंगी अड्डा पुगेको र त्यहाँ सुरक्षा व्यवस्थापन तथा समन्वयका विषयमा छलफल गरी सोही साँझ सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय फर्किएको तथ्य सही भएको उनले पुष्टि गरेका छन्।

अन्तिम बल प्रयोग गर्न आदेश दिन सक्ने अधिकार स्थानीय प्रशासन ऐन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्र नरहेको र आफूले कुनै त्यस्तो आदेश नदिएको बताउँछन्।

भाद्र २३ र २४ गतेको आन्दोलनमा परी कुनै सशस्त्र प्रहरीको मृत्यु भएको छैन तर केही संख्यामा घाइते भएका साथै सशस्त्र प्रहरी कर्मचारीका व्यक्तिगत सवारी साधन, कार्यालयमा प्रयोग हुने जिन्सी, सुरक्षासम्बन्धी उपकरणहरू समेत क्षति वा लुटपाट भएका थिए। उक्त आन्दोलनमा सशस्त्र प्रहरी

बल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीबाट SLR १० नाल, ग्याँस गन ४ नाल तथा ऐ. मा प्रयोग हुने गोलीहरु समेत हराएको एवम् सशस्त्र प्रहरी बल नं. ९ पशुपति बाहिनी मुख्यालय काठमाडौंबाट SLR ११ नाल, ग्याँस गन २ नाल, SMG १ नाल तथा ऐ. मा प्रयोग हुने गोलीहरु समेत हराएको प्रतिवेदन प्राप्त भएको छ।

बहादुरीपूर्वक कर्तव्य पालन गर्ने सुरक्षाकर्मीको नामावली तयार पारी सशस्त्र प्रहरी दिवसमा पुरस्कार दिने व्यवस्था गरिएको छ। दायित्वबाट बिमुख र कमजोरी देखाउनेहरूको लागि आन्तरिक छानविन समिती गठन भई छानविन को प्रकृयामा रहेकोले प्रतिवेदन आएपछि आवश्यक कानूनी/अनुशासनात्मक कारबाही गरिने।

सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरुले सीमीत श्रोत साधान र न्यून जनशक्तिका बावजुद पनि व्यावसायिक रुपमा कारबाही गरेको बताए। व्यावसायिकता निर्वाह गर्नेक्रममा प्रतिकूल परिस्थितीको सिर्जना भएको अवस्थामा। सशस्त्र प्रहरी बल व्यावसायिकतामा कही कतै नचुकेको बताएका छन्।

वयानको उत्तरार्धमा उनले भविष्यमा यस्ता घटना पुनः नदोहोरिन प्रशासनिक सुधार, मानव संसाधनको क्षमता विकास, नियमित तालिम, Non-lethal उपायको पर्याप्त अभ्यास, मानवअधिकार संरक्षणप्रतिको संवेदनशीलता तथा पूर्व तयारीमा जोड दिएका छन्। सुरक्षाकर्मीको मनोबल उच्च राख्न करियर सुरक्षा, क्षतिपूर्ति, बीमा र सामाजिक सुरक्षाको प्रत्याभूति आवश्यक रहेको उल्लेख गर्दै, राजनीतिक हस्तक्षेपविनाको तटस्थ र पेशागत सुरक्षा संयन्त्र नै दीर्घकालीन समाधान भएको निष्कर्ष उनले प्रस्तुत गरेका छन्। समग्रमा, राजु अर्यालको वयानले उक्त घटनाक्रम सशस्त्र प्रहरी बलको नियतवश वा मापदण्डविपरीतको कार्य नभई अत्यन्त जटिल र दवाबयुक्त परिस्थितिमा कानूनी दायराभित्र रहेर गरिएको सुरक्षा व्यवस्थापनको परिणाम भएको दृष्टिकोण अघि सारेको देखिन्छ। [112]

## ११२. सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको बयान कागज ब्यहोराः

जियनजेड समूहले आयोजना गरेको प्रदर्शनबारे मातहत बाहिनीले दिएको प्रारम्भिक सूचना शान्तिपूर्ण रुपमा मण्डला-नयाँबानेश्वर परिधिभित्र सीमित रहने अनुमान थियो। सुरक्षा योजना पनि यही अनुमान अनुरूप जिल्ला सुरक्षा समितिबाट बनेको एकीकृत सुरक्षा योजनामै आधारित रहेर मातहत बाहिनीले डिउटी परिचालन गरेको थियो। सशस्त्र प्रहरी तर्फबाट कुनै अतिरिक्त पूर्वसूचना वा सामाजिक

112 बयानको सक्कल प्रति पाना- ४४, अनुसुची-५ को सि.न.१११ अन्तर्गत रहेको ।

सञ्जाल (Reddit, Discord, X आदि) विश्लेषण प्राप्त नभएकैले खतरा उच्च हुने संकेत आफूलाई अघिल्लो दिनसम्म प्राप्त भएको थिएन।

भदौ २३ को बिहानदेखि नै उपत्यकामा भीड तीव्रतापूर्वक बढ्दै जाँदा, उनी विभागीय प्रमुखको हैसियतमा 'व्यवस्थापकीय समन्वयमा सीमित रहेको उल्लेख गर्छन्। सशस्त्र प्रहरी बल नेपालको एम्बुलेन्समा आगजनी भएको तथा काठमाडौंमा कर्फ्यु जारी भएपछि बाहिनीको रिपोर्टिङबाट जानकारी भएको थियो। फिल्डमा खटिएका सशस्त्र प्रहरी अधिकृतहरूलाई उनले पहिलेदेखि नै न्यूनतम बल प्रयोग, मानव अधिकारको संरक्षण, र स्थानीय प्रशासनसँग निरन्तर समन्वय गर्ने निर्देशन दिइएको उल्लेख गरेका छन्। एम्बुलेन्समा आगजनी, सुरक्षाकर्मीहरूलाई ढुंगामुढा र हातपात, तथा भित्रि सुरक्षा घेरातर्फ धकेल्ने गतिविधि सुरु भएपछि पनि सशस्त्र प्रहरी तर्फबाट हवाई फायर मात्रै भएको रिपोर्ट आफूले पाएको दाबी गरिएका छन्।

मृतकहरुको प्रदर्शनकारीहरुको पोस्टमार्टम रिपोर्टमा देखिएका छाती, मुख, टाउको वा घाँटीमा चोट परेका घातक गोलीकाण्डबारे सशस्त्र प्रहरीबाट १९ राउन्ड हवाई फायर मात्र भएको रिपोर्टले निजहरुको मृत्यु हुनुमा सशस्त्र प्रहरीको कुनै भूमिका नरहेको।

भोलिपल्ट भदौ २४ मा स्थिति देशभर असामान्य बन्दै जाँदा, उनी प्रधान कार्यालयमै रही देशभरका इकाई प्रमुखहरूसँग डिब्रिफिङ, सतर्कता आदेश र contingency planning मा केन्द्रीत भएको बताउँछन्। उपत्यका सहित देशका थुप्रै ठाउँमा प्रहरी कार्यालयहरु, पार्टी कार्यालय, सरकारी संरचना र व्यापारिक प्रतिष्ठानमा आगजनी, तोडफोड र लुटपाट सुरु हुँदा उनले मातहतलाई उच्च सतर्कता, अन्य सुरक्षा निकायसँग सहकार्य, मुख्य संरचनाको प्राथमिक सुरक्षा, घाइतेलाई तत्काल अस्पताल पठाउने, र न्यूनतम-तर प्रभावकारी-बल प्रयोग गर्न निर्देशन दिएको जनाएका छन्।

भाद्र २४ गते उपत्यकामा सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेश मिनभवन काठमाडौं र झापा जिल्लामा भुटानी शरणार्थी सुरक्षा बेश बेलडागी बाट हतियार र असवाव आगजनी र लुटपाट भई क्षति हुन पुगेको थियो। 'अस्वाभाविक रूपमा ठूलो नेतृत्वविहीन र हिंसात्मक भीड तथा अचानक सुरु भएका आक्रमणका कारणले उक्त दिनको घटना घटेको उनको अनुमान रहेको छ। उनका अनुसार उपत्यकामा सुरक्षाकर्मीको न्यून संख्या, भौतिक संरचना कमजोर हुनु, तथा फिल्डमा खटिएका अधिकांश जनशक्ति अन्य महत्त्वपूर्ण स्थानमा व्यस्त हुनुको कारणले लुटपाट तथा आगजनी नियन्त्रणमा चुनौती पैदा गरायो। तर भदौ २४ मा देशभर सशस्त्र प्रहरी तर्फबाट कसैको मृत्यु

भएको जानकारी नभएको उल्लेख गरेका छन्।

आन्दोलनमा घूसपैठका विषयमा भने उनले स्पष्ट रूपमा शान्तिपूर्ण भीडमा बाह्य समूह प्रवेश गरी उन्माद फैलाएको निष्कर्ष प्रस्तुत गरेका छन्। यिनै घुसपैठीय समूहको आक्रामक क्रियाकलापकै कारण आन्दोलन हिंसात्मक र ध्वंसात्मक बनेको उनको मूल्याङ्कन रहेको छ।

भाद्र २३-२४ गतेको घटनाको मुख्य कारण विभिन्न कारणले ठूलो संख्यामा अंसठित र नेतृत्वविहिन भीडको सृजना, असन्तुष्ठ पक्षहरुको समयमा सम्बोधन नहुनु, भीडको संख्या र हुन सक्ने सम्भावित घटनाको पूर्वसूचनामा कमी, Reddit, Discord, X लगायतका समाजिक सञ्जालमा भइरहेका गतिविधिहरु निगरानीको कमी, संवेदनशील संरचनाप्रति जोखिम, आक्रामक ध्वंशात्मक शैली र घूसपैठ समूहको सहभागिता थियो। भविष्यमा यस्ता घटना रोक्न पूर्वतयारी, सूचना संयन्त्र र प्रणालीको सुदृढीकरण, समयमै एकीकृत Layered Security Plan को निर्माण, प्रशिक्षित सुरक्षाकर्मी, पर्याप्त Non-Lethal उपाय, सामाजिक सञ्जाल अनुगमन, सुरक्षा निकायबीच संयुक्त तालिम, अभ्यास र समन्वयलाई अझै बढाउने तथा भविष्यमा यस्ता घटनाबाट सुरक्षा सुनिश्चित गर्न सशस्त्र प्रहरी र नेपाल प्रहरीले अपनाउने परिचालन नीतिमा स्पष्टता ल्याउन नीतिगत सुधार पनि आवश्यक छ। साथै, Non-Lethal उपकरण, भीड नियन्त्रण सम्बन्धी प्रविधि र उपकरणको पर्याप्तता, हातहतियार, सुरक्षासम्बन्धी आवश्यक सामाग्रीको पर्याप्त उपलब्धता सुनिश्चित गर्न तथा सुरक्षा अभ्यास, Layered Defense योजना, सामाजिक सञ्जाल अनुगमन, र समन्वय तथा सूचना प्रणाली सुधार गर्न उपयुक्त राय र सुझाव को आवश्यकता रहेको बताएका छन्।

सशस्त्र प्रहरी बल नेपाललाई सबल र व्यावसायिक बनाउन कानूनप्रदत्त भूमिका निर्वाह गर्न थप जनशक्तिको उपलब्धता, श्रोत साधनको प्रचुरता, काठमाडौं उपत्यका लगायत प्रमुख शहरहरुमा थप परिचालन, सीमा सुरक्षामा सबलीकरण, सूचना प्रबिधिको उपयोगमा राज्यको प्राथमिकता, नियमित आधुनिक तालिम, कानूनी र परिचालन नीतिमा स्पष्टता, अन्य सुरक्षा निकायसँग प्रभावकारी समन्वय, नियमित तालिम र एकीकृत अभ्यास र मूल्याङ्कन आवश्यक देखेको।

भविष्यमा यस्तो आन्दोलन दोहोरिन नदिन युवा विकाशप्रति समृद्धि नीति, नीति विधि र प्रणालीको आधारमा राज्यको Institution हरुलाई बलियो बनाउदै लैजानु पर्ने, सहभागी लोकतन्त्र, पारदर्शी निर्णय प्रक्रिया, प्रभावकारी गुनासो व्यवस्थापन, स्थानीय तहमा युवाको प्रतिनिधित्व, भ्रष्टाचार नियन्त्रण र सुशासन, प्रबिधिमैत्री छिटो सेवा प्रवाह र शिक्षा तथा रोजगारी अवसर वृद्धि गर्ने जस्ता संस्थागत

सुधारहरुलाई प्रार्थमिकतामा राख्न आवश्यक रहेको उनको निष्कर्ष रहेको छ। [113]

## ११३. सशस्त्र प्रहरी नायव महानिरीक्षक सुरेश कुमार श्रेष्ठको बयान कागज ब्यहोराः

भदौ २३ गतेको जेन-जेड आन्दोलनका आयोजकहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदै प्रदर्शन शान्तिपूर्ण रहने सशस्त्र प्रहरी बल नेपाल, नं. १८ गण, हे.क्वा. नीलबाराही मार्फत बताएको सूचना पाएपछि, जिल्ला स्थित गणहरूलाई एकीकृत सुरक्षा योजना तयार गराई प्रभावकारी रुपमा सशस्त्र प्रहरी परिचालनको व्यबस्था गरिएको थियो। जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनको समयमा मातहत युनिटहरूको सुरक्षा परिचालन प्रभावकारी हुन र अन्य सुरक्षा निकायहरूसँग समन्वयको लागि उपत्यका प्रहरी कार्यालयको प्रमुख, राष्ट्रिय अनुसन्धान विभागको प्रमुख सहित उपत्यका प्रहरी कार्यालय रानी पोखरीमा थिएँ। तीनै जिल्ला सुरक्षा समितिमा रहेका सशस्त्र प्रहरी बलका कमाण्डरहरूलाई जिल्ला सुरक्षा समितिको निर्णयअनुसार, अन्य सुरक्षा निकायहरूसँग प्रभावकारी समन्वय गर्दै, सशस्त्र प्रहरी बलको कार्यदिश अनुरूप परिचालन कार्य गर्न सुझाव दिइएको। सुरक्षाकर्मीको घेरालाई तोड्दै प्रदर्शनकारीहरूले संघीय संसद भवन परिसरभित्र प्रवेश गरेको तथा अन्य सम्पूर्ण घटना विवरणहरुको जानकारी सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. का गणपति, र सशस्त्र प्रहरी उपरीक्षक जीवन कुमार के.सी. मार्फत प्राप्त भएको थियो। स्थिति नियन्त्रण बाहिर र अराजक हुँदै गएपछि कर्फ्यु आदेश जारी गरिएको र त्यसपछि बल प्रयोगको सिद्धान्तअनुसार आवश्यकतानुसार अधिकतम बल प्रयोगको चरणमा पुगेको तथा सशस्त्र प्रहरी बलको तर्फबाट केही अश्रु ग्याँस प्रयोग र हवाई फायर भएको जानकारी मलाई वाहिनी सञ्चारमार्फत प्राप्त भएको थियो। त्यसपछि सशस्त्र प्रहरी बलको फिल्डमा खटिएका मेडिकल टिम र एम्बुलेन्स पर्याप्त नभएपछि, परिस्थितिको मूल्याङ्कन गर्दै मैले नेपाल ए.पि.एफ. अस्पतालसँग समन्वय गरी संसद भवनमा मेडिकल टिमसहितको एम्बुलेन्स खटाउने व्यवस्था गराएको थिएँ।

२३ गते काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट कर्फ्यु आदेश जारी भई सकेको अवस्थामा खटिएका कमाण्डरले स्थानीय प्रशासन ऐनले तोकि दिएको अधिकार प्रयोग गरी अन्तिम बल स्वरुप इन्सास राइफलबाट 10 राउण्ड र SLR राइफलबाट ९ राउण्ड गरी जम्मा १९ राउण्ड हवाई फायर गरेको भन्ने जानकारी वाहिनीको कन्ट्रोल मार्फत मलाई रिपोर्टिङ्ग भएको थियो। बल प्रयोग गर्ने र परिस्थितिको अनुगमन गर्ने क्रममा मलाई तालुक कार्यालयबाट कुनै प्रत्यक्ष निर्देशन आएको थिएन।

113 बयानको सक्कल प्रति पाना- १७, अनुसुची-५ को सि.न.११२ अन्तर्गत रहेको ।

आदेश र निर्देशनहरू प्रचलित कानून, सशस्त्र प्रहरी बल ऐन तथा नियमावली र मातहत युनिटहरूको नियमित तालिम र अभ्यासमा आधारित थिए। त्यसैले, बल प्रयोग सम्बन्धी निर्णय व्यक्तिगत जिम्मेवारी र फिल्डमा भएको वास्तविक परिस्थितिको मूल्याङ्कन अनुसार लिन सकिने प्रकृया अनुसार नै अगाडि बढाइएको थियो। न्यूनतम बल प्रयोग र अन्य विकल्पहरूले स्थिति नियन्त्रणमा लिन सक्ने सम्भावना समाप्त भइसकेको अबस्थामा ठूलो आकारको र आक्रामक भीडलाई नियन्त्रण गर्न अन्तिम उपायका रूपमा गोली प्रहार गर्नु अपरिहार्यता थियो।

casualty थाहा पाएका क्षणदेखि नै मेरो प्राथमिकता घाइतेको ज्यान बचाउने, क्षति न्यूनीकरण गर्ने, मेडिकल आपतकालीन प्रतिक्रिया सक्रिय गर्ने, र स्थितिलाई संयमता तथा समन्वयमार्फत नियन्त्रणमा राख्न मेरो पहलता थियो।

२४ गते सम्भावित प्रदर्शन वा आन्दोलनको समयमा प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि मातहत युनिटहरुलाई आवश्यक निर्देशन दिएँ। सुरक्षा योजना, युनिट परिचालन, न्यूनतम बल प्रयोगको सिद्धान्त, आपतकालीन मेडिकल व्यवस्थापन, र अन्य सुरक्षा उपायहरुमा तयारी सुनिश्चित गरियो। एकिकृत सुरक्षा योजना अनुरुप भाद्र २४ गते बिहान ०८:०० बजे देखि उपत्यका भित्र सिंहदरवार, संसद भवन, वालुबाटार, सितल निवास लगायतका महत्वपूर्ण २७ स्थानहरुमा हात हतियार सहितको सशस्त्र प्रहरीको डिउटी परिचालन भएको थियो।

२४ गते बिहानैदेखि भीड आकारले ठूलो हुँदै हिंसात्मक प्रवृत्तिहरू देखा पर्दै परिस्थिति तीव्र गतिमा बिग्रिएको, प्रशासन, प्रहरी तथा सशस्त्र प्रहरीका संयोजनमा नपुग, धेरै ठाउँमा भीड संख्या असामान्य रूपमा बढेको, र एकैसाथ धेरै संवेदनशील बिन्दुहरूमा आक्रमण हुन थालेपछि बल विभाजन र प्राथमिकता निर्धारण कठिन बनेको स्थितिको वर्णन गर्छन्। स्थिति अत्यन्त जोखिमपूर्ण बन्दै जाँदा, आफ्नै गाडी तथा मद्दतका लागि प्रयोगमा आएका दुई वटा ट्रकमा समेत हिंस्रक भीडले आगजनी गरिदियो। उपत्यका प्रहरी कार्यालयमाथि प्रदर्शनकारीहरुले आक्रमण गर्दा त्यहाँ खटिएका नेपाल प्रहरीका केही सुरक्षाकर्मी कार्यालय छोडेर अन्यत्रै गए। तर पनि आफूले व्यक्तिगत सुरक्षा भन्दा पनि मातहतका अधिकारी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धानका कर्मचारीहरूलाई सुरक्षित राख्नमा कोशीश गरें।

२४ गते समेत सशस्त्र प्रहरीबाट शान्ति सुरक्षा गर्ने गराउने सिलसिलामा ग्याँस सेलहरु ६०० राउण्ड, ब्ल्याङ्क राउण्ड २१० र लाईभ राउण्ड १४० प्रहार गरियो तर उक्त प्रहारहरुबाट मानवीय

क्षति भएको छैन।

भाद्र २३ र २४ गतेको प्रदर्शनको क्रममा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस मिनभवनबाट आगजनी तथा तोडफोड गरी SLR- १० नाल, SMG- १ नाल, Gas Gun- नाल र ऐ. मा प्रयोग हुने गोलीहरु प्रदर्शनकारीहरुले लुटेको तथा प्रदर्शनको क्रममा स.प्र.बल, नेपाल नं. ९ पशुपतिनाथ वाहिनी अन्तर्गत एम्बुलेन्स थान १, वानटन ट्रक २ थान, महेन्द्र स्कार्पियो ६ थान, Riot Control २ थान, Water Cannon १ थान, अन्य ट्रकहरु ३ थान, तथा मो.सा.हरु थान ३ समेत जली पूर्ण क्षति भएको रिपोर्ट प्राप्त हुन आएको। साथै डिउटीमा खटिएका १४१ जना सशस्त्र प्रहरी कर्मचारीहरु घाईते भएका छन्।

उनका अनुसार, दंगा नियन्त्रणका क्षमताभन्दा बाहिरिएका ती घटनाक्रमबीच पनि आफैंले निरन्तर रेडियो कमाण्ड, प्रत्यक्ष अनुगमन, तथ्य संकलन र परिस्थिति मूल्यांकन गर्दै गए। उनका मातहतका अधिकृतहरूलाई भावनात्मक प्रतिक्रिया दिन नदिने, अनधिकृत हिंसा-बल नचलाउने, कानूनभन्दा बाहिर नजाने, र असहज अवस्थामा पनि संयमित रहने निर्देशन उनले पटक-पटक दोहोर्याएका थिए।

उनका कथनमा'सुरक्षा निकायको भूमिका केवल दंगा नियन्त्रणमा मात्र सीमित थिएन: जनजीवन जोगाउने, सार्वजनिक संरचना बचाउने, सुरक्षाकर्मीको मनोबल कायम राख्ने, र अत्यन्त जटिल वातावरणमा संयमित कानूनी प्रवर्तन गर्ने जस्ता दायित्वहरु एकै समयमा निभाउनुपरेको थियो।

व्यक्तिगत भावनाबारे सोध्दा उनले भन्छन्' यस्तो कठिन परिस्थितिमा व्यक्तिगत राय वा भावनात्मक प्रतिक्रिया व्यक्त गर्नु उपयुक्त हुँदैन: आफू एक अधिकारीका रूपमा मानव जीवन रक्षा, सार्वजनिक सुरक्षा, कानूनी कार्यान्वयन र बल-संसाधनको समुचित उपयोगमै केन्द्रीत भएको बताए। [114]

## ११४. सिहदरबार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक राजेश उप्रेतिको बयान कागज ब्यहोराः

म भाद्र २४ गते सिंहदरबारको सुरक्षार्थ खटिएको टोलीको समन्वयकारी भूमिकामा परिचालित थिएँ। प्रधान कार्यालयबाट पशुपतिनाथ बाहिनी मुख्यालयको सम्पर्कमा रही आवश्यक समन्वय गर्ने जिम्मेवारी सहित म बिहान करिब ८ः४५ बजे सिंहदरबार पुगें र मेरो कलसाइन K-७ थियो। सुरक्षा योजना अनुसार सशस्त्र प्रहरी बल र नेपाल प्रहरी संयुक्त रूपमा परिचालित थियौं। प्रारम्भिक चरणमा

114 बयानको सक्कल प्रति पाना- ४४, अनुसुची-५ को सि.न.११३ अन्तर्गत रहेको ।

करिब ४-५ हजारको संख्यामा भद्रकालीतर्फबाट आएका प्रदर्शनकारीहरूलाई मुख्य प्रवेशद्वार बाहिरै आधा घण्टासम्म सम्झाइ-बुझाइ गर्दै रोक्ने प्रयास गरियो। तर समयसँगै भिडको मनोविज्ञान एकाएक परिवर्तन भयो, शान्त देखिएको भिड क्रमशः आक्रामक बन्दै हामीमाथि धकेल्दै पर्खालसम्म आइपुग्यो। हामीले ग्यास सेल प्रयोग गरी भिडलाई पछि हटायौं, तर पुनः भिड अझ उग्र बनेपछि टोलीलाई साइडको सानो ढोकाबाट भित्र प्रवेश गराउने निर्णय गर्नुपर्‍यो।

यस क्रममा मैले भिड नियन्त्रण कति जटिल र जोखिमपूर्ण हुन्छ भन्ने गहिरो रूपमा महसुस गरें। अघिल्लो दिनका घटनाका कारण सुरक्षाकर्मीहरूमा केही हिचकिचाहट पनि देखिन्थ्यो र रेडियो सेटबाट अन्य स्थानमा भइरहेको तोडफोड र आगजनीका खबरले मानसिक दबाब थप बढेको थियो। जब भिड कुनै परिणामको परवाह नगरी, आफ्नो ज्यानको समेत वास्ता नगर्ने अवस्थामा पुग्छ, त्यस्तो भिड झनै घातक हुने रहेछ भन्ने अनुभव भयो। भिडभित्र "आज सुरक्षाकर्मीले गोली चलाउँदैनन्, अगाडि बढौं" भन्ने जस्ता उत्तेजक कुरा सुनिन्थे, जसले अवस्था झन् संवेदनशील बनाइरहेको थियो।

त्यो दिन मेरो कमाण्डमा रहेको टोलीबाट कुनै पनि Lethal Weapon प्रयोग गरी फायर गरिएको थिएन। करिब दिउँसो ३:१० बजेसम्म सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले ग्यासगन र लाठीचार्जको प्रयोग गरी प्रदर्शनकारीहरूलाई भित्र प्रवेश गर्न नदिने प्रयास गर्‍यो र दुई पटक त भित्र पसेका प्रदर्शनकारीहरूलाई समेत सोही माध्यमबाट धपाइयो। तर पश्चिम गेटतर्फ केही व्यक्तिहरूले एस.एल.आर. हतियार हामीतर्फ तेर्स्याउन थालेपछि अवस्था अत्यन्तै गम्भीर बन्यो। त्यतिबेला हामीसँग दुई विकल्प थिए'हतियारधारीमाथि गोली चलाउने वा पछि हट्ने। गोली चलाउँदा ठूलो मानवीय क्षति हुने सम्भावना देखें र स्वविवेक प्रयोग गर्दै गोली नचलाउने निर्णय गरें। त्यसका लागि कुनै आदेश माग्ने अवस्था पनि रहेन।

यसै क्रममा म एक जना महिला प्रहरीलाई भिडले तानेको देखेर उनलाई उद्धार गर्न अगाडि बढें र त्यसपछि नजिकैबाट टाउकोमा ईंटा प्रहार भई म सामान्य घाइते भएँ। मसँगै रहेका केही सशस्त्र प्रहरी कर्मचारीहरू पनि सामान्य रूपमा घाइते भए, तर कसैलाई गम्भीर चोटपटक लागेको थिएन। नेपाली सेनाको उपस्थिति पनि त्यहाँ थियो र भिडलाई पछाडि हटाउन हवाई फायर समेत गरिएको थियो, तर सेनाको आन्तरिक ड्युटी र निर्णय प्रक्रियाबारे म प्रत्यक्ष जानकारी राख्दिनँ।

आन्दोलनको स्वरूप हेर्दा, सुरुमा देखिएका जियनजेड युवाहरू पछि हराउँदै गए र सिंहदरबार जलाउने नियत राखेका, हतियार कक गरेका व्यक्तिहरू अगाडि आए। त्यसैले यो आन्दोलनमा

योजनाबद्ध घुसपैठ भएको जस्तो मलाई लाग्छ। जियनजेड युवाहरू आफैं पनि "सिंहदरबारभित्र प्रवेश गर्नु हुँदैन" भनीरहेका थिए, तर पछि देखिएको हिंस्रक गतिविधि पूर्वयोजनाबिना भएको जस्तो लाग्दैन।

समग्र घटनाक्रमले मलाई हाम्रो Crowd Control क्षमता, उपकरण र तयारी अझै अपर्याप्त रहेको अनुभूति गरायो। Body camera, drone, water cannon जस्ता Non-lethal उपकरणको कमी महसुस भयो र Command तथा Control प्रणाली अझ सुदृढ हुनुपर्ने देखियो। दुवै प्रहरी संगठनबीच नियमित संयुक्त अभ्यास, Simulation Training र स्पष्ट Operational SOP आवश्यक छ भन्ने निष्कर्षमा पुगें। साथै, कुन अवस्थामा नेपाल प्रहरी र कुन अवस्थामा सशस्त्र प्रहरी बल परिचालन हुने भन्ने स्पष्ट कानूनी र संस्थागत सीमा निर्धारण नभएसम्म "सबैको जिम्मेवारी, कसैको जिम्मेवारी होइन" भन्ने अवस्था दोहोरिन सक्छ भन्ने मेरो बुझाइ छ।

भविष्यमा यस्ता घटना दोहोरिन नदिन, मैले यसलाई केवल व्यक्तिको कमजोरीको रूपमा होइन, प्रणालीगत सुधारको आवश्यकता भएको विषयका रूपमा हेर्नुपर्छ भन्ने ठानेको छु। Early Warning System, Unified SOP, सामाजिक सञ्जालबाट फैलिने अफवाह नियन्त्रण गर्ने संयन्त्र, सुरक्षा निकायबीच Crisis Coordination, युवासँग संवाद र Community Policing जस्ता उपायहरू अपरिहार्य देख्छु। जाँचबुझ आयोगले पनि घटनालाई निष्पक्ष रूपमा मूल्याङ्कन गरी आदेश-श्रृंखला, निर्णय प्रक्रिया र दुवै पक्षबाट भएका सम्भावित मानवअधिकार उल्लङ्घनको समीक्षा गर्दै कार्यान्वयनयोग्य सिफारिस गर्ने हो भने मात्र यस्ता दुःखद घटना भविष्यमा रोक्न सकिन्छ भन्ने मेरो धारणा छ।[115]

## ११५. सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण दक्षिणकाली, ललितपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजेश लामिछानेको बयान कागज ब्यहोराः

मलाई २०८२ भदौ २३ गते Gen-Z प्रदर्शनको ललितपुर जिल्लामा कुनै औपचारिक कार्यक्रम निर्धारित नभएतापनि काठमाडौंमा प्रदर्शन हुने सक्ने जानकारी रहेको। सोही अनुसार काठमाडौं काठमाडौं जिल्लाको तीनकुने र ललितपुर जिल्लाको वालकुमारीमा जनशक्ति परिचालन गरिएको र आफू उक्त दिन ललितपुर जिल्लामा जिल्ला कमाण्डरको भूमिकामा जिल्ला सुरक्षा समितिको कमाण्ड पोस्टमा तैनाथ भई कार्यरत रहेको उल्लेख गरेका छन्।

115 बयानको सक्कल प्रति पाना- १४, अनुसुची-५ को सि.न.११४ अन्तर्गत रहेको ।

उनका अनुसार भदौ २३ गते ललितपुरमा कुनै विशेष गतिविधि वा भीड नदेखिएको। तीनकुनेमा थप मद्दतको रुपमा खटिएको जनशक्तिले काठमाडौंमा कर्फ्यु आदेश जारी पश्चात नयाँ बानेश्वस्थित संघिय संसद भवनको नं. २ गेट नजिक खटिँदा ६४ वटा ग्याँस सेल र ३ राउण्ड ७.६२ मि. मि. राउण्ड हवाई फायर गरेको सञ्चार मार्फत प्राप्त हुन आएको। काठमाडौंमा मानवीय क्षति भएको समाचारपछि मिति २०८२ भाद्र २३ गते काठमाडौंको घटनाक्रमलाई मध्येनजर राखी ललिपुर जिल्लामा साँझ ६ बजेदेखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि ललितपुर जिल्लाभरी निषेधित क्षेत्र घोषित गरिएको र भोलिपल्ट बिहान ०७:०० बजेदेखि लागु हुने गरी राति १२:०० बजेसम्मका लागि कर्फ्यु आदेश जारी गरिएको थियो।

भाद्र २४ गते ललितपुर जिल्ला लगायत देशैभरका जिल्लाहरुमा सरकारी/ निजी तथा अन्य सम्पत्तिहरु लगायतको तोडफोड, आगजनी, लुटपाटको घटना रोक्ने सिलसिलामा नेपाली कांग्रेस केन्द्रीय कार्यालय, नेकपा एमाले केन्द्रीय कार्यालय, प्रचण्ड निवास खुमलटार, नख्खु कारागार, मन्त्री क्वार्टर जस्ता स्थानहरू तनावग्रस्त हुँदै गएपछि परिचालित शसस्त्र प्रहरी टोलीले १३९ सेल अश्रुग्याँस, ५३ थान ७.६२ मि.मि. ब्ल्याङ्क राउण्ड र ३३ राउण्ड हवाई फायर गरी न्यूनतम बल प्रयोग सिद्धान्त अनुसार भीड नियन्त्रण कार्य गरेको बताए। उक्त दिन ललितपुरमा हातहतियारको प्रयोगबाट कुनै प्रदर्शनकारी घाइते वा मृत्यु नभएको।

उक्त दिन भएको प्रदर्शनको क्रममा १० जना सशस्त्र प्रहरी कर्मचारी घाइते भएको, मन्त्री क्वार्टर क्षेत्रमा खटिएको राइट कन्ट्रोल भेइकल, एक स्कोर्पियो गाडी तथा सशस्त्र प्रहरीको निजी मोटरसाइकल थान २ जलेर नष्ट भएको थियो। घटनाको तीव्रताबाट उत्पन्न चुनौतीका बीच पनि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबीच आवश्यक समन्वय कायम गरिएको र नख्खु कारागार क्षेत्रबाट नेपाली सेनाले उल्लेखनीय सहयोग प्रदान गरेको उनले बताएका छन्।

आन्दोलनमा रड तथा घरेलु हतियार बोकेका अपरिचित समूहको उपस्थिति भएकाले घूसपैठ भएको अनुमान गर्न सकिने भए पनि प्रमाण भने आफूसँग नरहेको व्यहोरा उनले राखेका छन्। अधिक बल प्रयोगका उजुरी र मृत्युबीचको सम्बन्धमा उनी भन्छन्‘अन्तिम बल केवल अपरिहार्य अवस्थामा मात्र गर्नुपर्ने हो, त्यसैले छानविन तथ्य-प्रमाणका आधारमा सन्तुलित ढङ्गले हुनुपर्छ, अन्यथा फिल्डमा खटिने सुरक्षाकर्मीको मनोबलमा नकारात्मक असर पर्न सक्छ।

अन्त्यमा, २३ र २४ गतेका घटनाको मूल कारण जनआकांक्षा, सुशासन, सेवा-प्रवाह र

रोजगारीसम्बन्धी असन्तुष्टिबाट उत्पन्न सामाजिक अवस्था भएको उल्लेख गर्दै, भविष्यमा यस्ता घटना रोक्न नागरिक-सेवा सुधार, प्रविधिमूलक प्रणाली विकास, सुरक्षा संयन्त्रबीच स्पष्ट अधिकारको सीमांकन, Non-Lethal Weapon को पर्याप्त उपलब्धता तथा राजधानी जस्तो स्थानमा भीड व्यवस्थापन क्षमताको नीति स्तरमै सुधार आवश्यक रहेको सुझाव उनी प्रस्तुत गर्छन्। [116]

**<u>११६. सशस्त्र प्रहरी बल नं. १८ गण हे.क्वा. नीलबाराही, काठमाडौंका गणपति सशस्त्र प्रहरी उपरीक्षक रोशन घिमिरेको बयान कागज ब्यहोराः</u>**

मिति २०८२ साल भदौ २२ गते जिल्ला सुरक्षा समितिको बैठकमार्फत भदौ २३ गतेको Gen-Z प्रदर्शनमा राष्ट्रिय अनुसन्धान विभागले सम्भावित १५००-२५०० संख्यामा विध्यार्थी सहितको प्रदर्शनकारी भेला भई शान्तिपूर्ण रूपमा कार्यक्रम सञ्चालन गर्ने जानकारी दिएको थियो। सोही आधारमा एकीकृत सुरक्षा योजना तयार गरी पूर्वाभ्यास, ब्रिफिङ तथा समन्वयका साथ म जिल्लाको कमाण्ड पोष्टमा र मेरो कार्यालयबाट मजुकर सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंबाट प्राप्त सुरक्षा योजना मुताविक जिल्ला प्रशासन कार्यालय काठमाडौं मोड, भद्रकाली र टि.यू.गेटमा सशस्त्र प्रहरी परिचालन गरिएको थियो। उक्त स्थानहरुमा Gen-Z प्रदर्शनले कुनै पनि झडपको स्थिति सृजना नभई अबस्था शान्तिपूर्ण रहेको।

भदौ २३ गते जिल्ला कमाण्ड पोष्टमै रही रेडियो सेटमार्फत प्राप्त सूचना अनुसार माइतीघर मण्डलाबाट सुरु भएको भेला शुरुमा शान्तिपूर्ण भए पनि बानेश्वर क्षेत्र प्रवेश गरेपछि भीडको आक्रामकता बढ्दै गएकोले दिउँसो १२ः३० बजेदेखि जारी भएको कर्फ्यु आदेश ठूलो संख्यामा रहेका अराजक भीडबाट आदेशको अवज्ञा भएको थियो। फिल्ड कमाण्डरहरूले पटक-पटक माइकिङ तथा चेतावनी दिँदै न्यूनतम बल प्रयोगको सिद्धान्तअनुरूप कार्य गरेकाले संसद भवन नजिक हवाई फायर गरिएको थियो। उक्त प्रदर्शनबाट १०३ जना सशस्त्र प्रहरी घाइते भएका र शसस्त्र प्रहरीको प्रदर्शनकारीले एउटा एम्बुलेन्स समेत तोडफोड समेत गरेका थिए।

२४ गते हुन सक्ने घटनाको बारेमा सशस्त्र प्रहरी बल, नेपाल नं. ९ पशुपतीनाथ बाहिनी मुख्यालय काठमाडौंबाट सुरक्षा योजना तयार गरी सोही अनुरुप बिभिन्न १७ स्थानमा स.प्र.ना.उ./ स.प्र.नि.को कमाण्डमा कम्तिमा प्लाटुन स्तर (सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा ३५ जना) मा जनशक्ति परिचालन गरिएकोमा काठमाडौंमा तोड़फोड, आगजनी र ढुङ्गामुढा तीव्र भएपछि अतिरिक्त जनशक्ति र

116 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.११५ अन्तर्गत रहेको ।

उपकरण समेत पठाइएको थियो। उक्त दिन २४ गते सशस्त्र प्रहरीले ७९ थान अश्रुग्याँस, २८ ब्ल्याङ्क र १९ हवाई फायर प्रयोग गरी भीड नियन्त्रणको प्रयास गरेको थियो। यद्यपि हवाई फायरबाट कसैलाई चोट लागेको जानकारी प्राप्त नभएको उनले बताए। उक्त दिन भीडको आक्रमणबाट ICC मेनगेट नयाँबानेश्वरमा खटिएको एक जवान गम्भीर घाइते भई बेहोस हुँदा उनको SLR राइफल समेत लुटिएको थियो, त्यस दिन ६१ जना सशस्त्र प्रहरी घाइते भएका थिए।

घिमिरेका अनुसार दुवै दिनको परिस्थितिमा विभिन्न अपरिचित समूहको घूसपैठ देखिन्थ्यो भन्ने लाग्छ, तर आफूसँग प्रत्यक्ष प्रमाण भने छैन। संसद भवन वरिपरि नेपाली सेनाको तैनाथी रहे पनि अपेक्षाकृत प्रभाव नपरेको बुझाई रहेको छ। कर्तव्यपालनका क्रममा सुरक्षाकर्मीले जोखिमपूर्ण अवस्थाका बीच संवेदनशील संरचना तथा जनसुरक्षा जोगाउन गरेको प्रयासका बाबजुद ठूलो क्षति हुन पुगेकोमा खेद व्यक्त गर्दै, भविष्यमा यस्ता घटना रोक्न Non-Lethal उपकरणको अभाव पूरा गर्न, सुरक्षा निकायबीच स्पष्ट समन्वय संरचना विकास गर्न, प्रविधिमूलक सूचना प्रणाली मजबुत बनाउन तथा भीड-व्यवहार मनोविज्ञान सम्बन्धी तालिम थप आवश्यक रहेको सुझाव उनले आयोग समक्ष प्रस्तुत गरेका छन्। [117]

**<u>११७. सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. (विपद उद्धार) सिनामंगलको गणपति तथा जिल्ला सुरक्षा समिति सदस्य सशस्त्र प्रहरी उपरीक्षक जिवन के.सि.को बयान कागज ब्यहोराः</u>**

मिति २०८२ भाद्र २३ गते जेन्जी युवा पुस्ताले प्रदर्शनका लागि पूर्व अनुमति लिएको बारेमा जानकारी मलाई थिएन तर भाद्र २२ गते जिल्ला सुरक्षा समितिको बैठकबाट चारवटै सुरक्षा निकाय सहभागी एकीकृत सुरक्षा योजना बनाई समन्वयात्मक रूपमा सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको थियो। सोही योजना अनुसार तथा सशस्त्र प्रहरी वल नेपाल नं. ९ पशुपतिनाथ वाहीनीको सुरक्षा योजना मुताविक काठमाण्डौ जिलाका २० र १८ नं. गणहरु, २४ नं. गुल्म जमल, २१ नं. गण ललितपुर, १५ नं. गण काभ्रे, २२ नं. गण भक्तपुर, APF Academy मातातिर्थ समेतबाट भाद्र २३ गते बिहानदेखि माईतिघर, निषेधित क्षेत्र तथा संवेदनशील स्थानहरूमा फौज परिचालन गरिएको थियो। जिल्ला तथा फिल्ड तहमा नेपाल प्रहरीसँग आवश्यक समन्वय भएको थियो।

म भाद्र २३ गते जिल्ला प्रशासन कार्यालय बबरमहलस्थित कमाण्ड पोष्टमा Call Sign “Kilo

117 बयानको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.११६ अन्तर्गत रहेको ।

Charlie-1" सहित Overall Command मा थिएँ। मेरो कमाण्डमा ६३८ जना सशस्त्र प्रहरी खटिएका थिए। माईतिघर मण्डला, सर्वोच्च अदालत, एभरेष्ट होटल अगाडि, जिल्ला प्रशासन कार्यालय मोड, तीनकुने, भद्रकाली, बागमती पुललगायत स्थानमा न्यूनतम Platoon Level मा फौज तैनाथ गरिएको थियो। साथै Field Reserve, Unit Reserve, Water Cannon र Ambulance तयारी अवस्थामा राखिएको थियो।

बिहान ९:३० बजेतिर ३००/३५० जनाको शान्तिपूर्ण भीड देखिए पनि एभरेष्ट होटल अगाडि पुग्दा संख्या बढ्दै करिब ३००० भन्दा माथि पुग्यो र क्रमशः आक्रामक बन्दै गयो। ११:३० बजेतिर भीड २०/२५ हजारसम्म पुगेपछि निषेधित क्षेत्रको Barricade तोड्ने प्रयास गरियो। Barricade तोडेर भीड संसद भवन वरिपरि घेराबन्दी गर्दै मोटरसाइकल सहित प्रवेश गर्न खोजेको थियो। माइकिङ्ग, सम्झाइ-बुझाइ, Water Cannon, लाठीचार्ज र अश्रुग्यास प्रयोग गरिए पनि भीड नियन्त्रणमा आउन कठिन भयो। नयाँ बानेश्वरस्थित BICC क्षेत्रमा ढुंगामुढा, तोडफोड र आगजनी हुन थालेपछि संसद भवन प्रवेश रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्त अनुसार अश्रुग्यास र हवाई फायर गर्नुपर्‍यो।

जिल्ला सुरक्षा समितिको निर्णय अनुसार अपरान्ह १२:३० बजेदेखि कर्फ्यु आदेश जारी गरियो। माइकिङ्ग गरेर कर्फ्युको जानकारी गराइए पनि उच्छृङ्खल भीडले अवज्ञा गरिरहे। म स्वयं कमाण्ड पोष्टबाट संसद भवन प्रवेश गरी Field Command Control सम्हालें। Water Cannon सुरक्षित ल्याउने, लाठीचार्ज, अश्रुग्यास र अन्ततः हवाई फायरको प्रयोग न्यूनतम सिद्धान्त अनुसार गराइएको थियो।

घटनापछि १७ जनाको मृत्यु, सयौं प्रदर्शनकारी घाइते तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीका ठूलो संख्यामा कर्मचारी घाइते भएको जानकारी आयो। मृत्यु र घाइते सबै बल प्रयोगबाट नै भएको भन्ने यकिन तथ्य मेरो जानकारीमा थिएन। APF तर्फबाट INSAS बाट १० राउण्ड र SLR बाट ९ राउण्ड हवाई फायर तथा २६६ सेल अश्रुग्यास प्रयोग भएको थियो। एम्बुलेन्समा समेत आगजनी हुँदा केही कर्मचारी आक्रोशित भए पनि मैले Command Control गर्दै संयमता अपनाउन निर्देशन दिएको थिएँ।

भाद्र २४ गते हुन सक्ने चुनौतीको मूल्याङ्कन गर्दै पुनः विहान ०८३० बजे देखि कर्फ्यु जारी भयो र मेरो Overall Command मा करिब ९५८ जनशक्ति परिचालन गरियो। प्रधान कार्यालयबाट ३ जना SSP र ७ जना SP सहित थप फौज परिचालन भएको थियो। १७ भन्दा बढी स्थानमा फौज खटाइयो, Field Reserve, Unit Reserve, Water Cannon र Ambulance तयारी अवस्थामा राखियो।

तर भीडमा घुसपैठ भएका ध्वंसात्मक समूहका कारण सीमित साधन र जनशक्तिले सबै भौतिक क्षति रोक्न कठिन भयो। विभिन्न सरकारी कार्यालय, संवैधानिक आयोग, पार्टी कार्यालय, VIP निवास र सुरक्षा बेसमा आगजनी तथा तोडफोड भयो। मीनभवन सुरक्षा बेस पूर्ण रूपमा क्षति भयो र हातहतियार तथा सामग्री लुटपाट भयो। काठमाण्डौको स्थिति नियन्त्रणमा लिन ४०७ अश्रुग्यास सेल, १४३ ब्ल्याङ्क राउण्ड तथा SLR बाट १०० राउण्ड हवाई फायर गरिएको छ।

२४ गते राजधानी र देशभर देखिएको अराजकतामा मानविय क्षति थप नहोस भन्ने उद्देश्यले न्यूनतम बल प्रयोगको नीति अपनाइएको थियो। तर Non-Lethal Weapon को अभावले कतिपय अवस्थामा Lethal Weapon प्रयोग गर्नुपर्दा क्षति बढेको अनुभूति भयो। प्रदर्शनमा विभिन्न समूहको योजनाबद्ध घुसपैठ भएको जस्तो लाग्यो, यद्यपि त्यसको ठोस प्रमाण मेरो हातमा थिएन।

सशस्त्र प्रहरी बल नेपालको काठमाडौं जिल्लाको Overall Commander को हैसियतले सम्पूर्ण अवस्था नियन्त्रणमा राख्न नसकिएकोमा केही कमी-कमजोरी महसुस गर्दै सीमित साधन, जनशक्ति र विषम परिस्थितिमा थप मानविय क्षति रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्तअनुसार नै Field Commander हरु परिचालित भएको देख्छु। भविष्यमा यस्ता घटना हुन नदिन तालिम, परिचालन नीति, Non-Lethal Weapon, Logistics, Morale वृद्धि, Intelligence सुधार, नेपाल प्रहरीसँग Clear Demarcation तथा Vital Installation Security Unit थप आवश्यक देखिन्छ।

जाँचबुझ आयोगबाट सत्यतथ्य छानबिन भई बल प्रयोग, सुरक्षाकर्मीको भूमिका, उपलब्ध साधन र परिस्थितिबीच न्यायोचित निष्कर्ष आउने विश्वास व्यक्त गर्दछु। भाद्र २३ र २४ को घटना युवामा बढ्दो निराशा, भ्रष्टाचार र सेवा प्रवाहको कमजोरीसँग जोडिएको देखिन्छ। त्यसलाई क्यास गर्दै केही तत्वहरूले राज्य अस्थिर बनाउने प्रयास गरेको बुझाइ मेरो छ। आउँदा दिनमा सुरक्षाकर्मीको क्षमता, नीति, बन्दोबस्ती र मनोबल मजबुत बनाइनु आवश्यक ठान्दछु। [118]

**<u>११८. सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाडौंका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन चालिसेको बयान कागज ब्यहोराः</u>**

२०८२ साल भदौ २३ गते म जिल्ला सुरक्षा समितिका निर्णय र कार्य शाखाद्वारा तयार पारिएको सुरक्षा योजनाअनुसार नयाँ बानेश्वर स्थित एभरेष्ट होटल अगाडि प्लाटुन-कमाण्डरका रूपमा १०५

118 बयानको सक्कल प्रति पाना- ८, अनुसुची-५ को सि.न.११७ अन्तर्गत रहेको ।

जना सशस्त्र प्रहरीको कमाण्डरको रुपमा खटिएको थिएँ। मैले Use of Force सम्बन्धी तालिम प्राप्त गरेको छु। प्रदर्शन शान्तिपूर्ण हुने प्रारम्भिक अनुमान रहेकाले सुरक्षा योजना पनि सोही आधारमा तयार गरिएको थियो।

उक्त दिनको ड्युटीमा खटिँदा मैले सशस्त्र प्रहरी नं. २० गणबाट १८ थान SLR, १८०० राउन्ड गोली, ९ वटा ग्याँसगन तथा १८० ग्याँस-सेल बुझेर KC-6 कल साइन सहित डिउटीमा खटिएको हुँ। प्रदर्शन पश्चात ६ राउन्ड हवाई फायर तथा ५० ग्याँस-सेल खर्च भई बाँकी सामग्री सोही कार्यालयमा पुनः बुझाएको छु। प्रदर्शन सुरुमा शान्तिपूर्ण भए पनि अनुमान भन्दा १०-१२ गुणा बढी भीड जम्मा भएको, नेपाल प्रहरी तैनाथ स्थान भन्दा १०० मिटर पछाडि रहेका आफू सहितका टोलीले भीडको ब्यारिकेड तोड्ने कार्य देखेको हुँ। म खटिएको स्थानमा भीड बिजुली बजारतर्फबाट मात्र आउने अनुमान भएकोले उक्त स्थानमा अन्य मार्गमा ब्यारिकेड नभएको अवस्थामा एकाएक चारैतिरबाट प्रवेश भएपछि व्यवस्था जटिल बन्दै गएको, र प्रहरीहरू नै भीडको बीचमा पर्ने जोखिमपूर्ण स्थिति सिर्जना भएको थियो।

भदौ २३ गते दिउँसो १२:३० बजे कर्फ्यु आदेश जारी भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त माइकिङ मार्फत जानकारी गराए पनि भीडले आदेशको कार्यान्वयन गरेन। पछि संसद भवनको पश्चिम गेटतर्फबाट भीडले तीव्ररूपमा गेट धकेल्दै प्रवेशको प्रयास गरेपछि प्रारम्भिक रूपमा माइकिङ, सम्झाई-बुझाई र लाठीचार्ज तथा अश्रुग्याँस प्रयोग गरिएको थियो। तर हजारौंको संख्यामा प्रदर्शनकारीले संवेदनशील संरचनामा प्रवेश गर्ने अवस्था देखिएपछि कमाण्डरका हैसियतले त्यही स्थानमा खटिन आएका स.प्र.उ. जीवन के.सी.सँग प्रत्यक्ष अनुमति लिएर ६ राउन्ड SLR बाट हवाई फायर गरिएको थियो। हामीहरूलाई बिहानै अन्तिम बल (गोली प्रहार) नगर्नु, सक्दो कन्टेन गर्नेतर्फ प्रयास गर्नु भन्ने निर्देशन दिइएकोले हवाई फायर बाहेक कुनै लिथल-फायर प्रयोग गरिएन। संसद भवन परिसर बाहिर प्रदर्शनकारीलाई लाग्नेगरी आफ्नो टिमबाट गोली प्रहार गरिएन।

बल प्रयोगपछि प्रहरी तथा प्रदर्शनकारी दुवै पक्षका घाइतेलाई उद्धार गरी अस्पताल पुऱ्याउन आफूले प्रयास गरे पनि भीडले एपीएफ अस्पतालको एम्बुलेन्स समेत जलाई दिएपछि वैकल्पिक व्यवस्था खोज्नुपर्ने अवस्था आएको थियो। सो दिन १०३ जना सशस्त्र प्रहरी घाइते भएका मध्ये २७ जना गम्भीर घाइते थिए भने २ जना (सप्रसह गीता खत्री तथा सप्रह कुमार लामा) लाई तत्काल अस्पताल पुर्याइएको थियो। म उक्त दिन साँझ २३:५५ बजे मात्र ड्युटीबाट फर्किएका थिएँ।

२४ गतेका सम्बन्धमा आफू घाइते भएकाले फिल्ड ड्युटीमा नभई युनिट-स्ट्याण्डबाइमा रहेको थिएँ। २४ गते सशस्त्र प्रहरी उपस्थित भए पनि सहयोग गरेन भन्ने बयानबारे देशव्यापी तनाव, विशाल भीड र आकस्मिक जोखिमका कारण परिस्थितिको असामान्य बहाव रहँदा समेत नेपाल प्रहरीलाई सम्भव सहयोग गरिएको थियो।

२३ र २४ गतेको प्रदर्शनमा आन्दोलनमा स्पष्ट रूपमा घूसपैठ भएको आकलन गर्न सकिन्छ। प्रदर्शनकारी घरेलु हतियार, गल, गैंती बोकेर आएका थिए, वाटर क्यानन् जलाउन दर्जनौं पेट्रोल बम प्रहार गरिएको थियो तथा मानवीय सहायता पुऱ्याउन आएको एम्बुलेन्स समेत जलाइएको थियो, जसले 'शान्तिपूर्ण आन्दोलनलाई हिंस्रक मोड तर्फ धकेलेको देखाउँछ। सैनिक तैनाथी अपेक्षित भए पनि ठोस हस्तक्षेप नभएकाले सुरक्षा दायित्वको ठूलो भार प्रहरी र सशस्त्र प्रहरीमै परेको थियो।

उनले पेशेवर, कर्तव्यनिष्ठ र जोखिम स्वरूप खटिने सुरक्षाकर्मीको मनोबल नघटाउने ढङ्गले न्यायोचित मुल्यांकन हुन आग्रह गरेका छन्। घटनाको मूल कारण सूचनाको कमी, सुरक्षा उपकरणको चरम अभाव, नीतिगत अस्पष्टता र जन असन्तुष्टिको पृष्ठभूमि रहेको निष्कर्ष उनले प्रस्तुत गरेका छन्। भविष्यका लागि नीतिगत स्पष्टता, सुरक्षा संयन्त्रमा लगानी, नागरिकमैत्री निर्णय, समयमै सूचना-संयन्त्र र गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्ने सल्लाह दिन चाहान्छु। साथै, कर्तव्यपालनमा खटिने प्रहरीहरूलाई सुरक्षित वातावरण र मनोबल प्रदान गरेमा यस्ता चुनौतीपूर्ण अवस्थामा अझ प्रभावकारी सेवा प्रवाह गर्न सकिन्छ। [119]

## __११९. सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरका निमित्त गणपति सशस्त्र प्रहरी नायव उपरीक्षक प्रमोद रायको बयान कागज ब्यहोराः__

२०८२ भदौ २३ गते भक्तपुर जिल्लामा कुनै औपचारिक कार्यक्रम निर्धारित नभएतापनि काठमाडौंमा Gen-Z प्रदर्शन हुन सक्ने जानकारी रहेको। सोही अनुसार काठमाडौं तीनकुनेमा मेरो कार्यालयबाट सप्रनि सुरेन्द्र कुमार श्रेष्ठको कमाण्डमा र संघीय संसद भवन नयाँ बानेश्वरमा स.प्र.नि. हरेराम शर्मा दाहालको कमाण्डमा थप मद्धत डिउटी परिचालन भएको र आफू उक्त दिन फिल्ड ड्युटीमा नखटिएको। खटिएको टोलीबाट उक्त दिन १५ जना शसस्त्र प्रहरीहरु घाइते भएको र ७३ ग्याँससेल फायर भएको थियो।

---

119 बयानको सक्कल प्रति पाना- ९, अनुसुची-५ को सि.न.११८ अन्तर्गत रहेको ।

भाद्र २३ गते काठमाडौंमा घटेको घटनाको कारण ऐ. २४ गते सम्भावित घटनाहरु हुन्सक्ने बारे माथिल्लो निकाय तथा कमाण्डरबाट आफ्नो जिम्मेवारी ईलाकामा सरकार विरोधी वृहत् जनप्रदर्शन हुन्सक्ने भएको हुँदा सो सम्वन्धमा सुरक्षा योजना बनाई परिचालनको लागि तयारी रहन आदेश थियो। जिल्ला सुरक्षा समिति तथा मजकुर कार्यालयबाट सिलसिलेवार बल प्रयोगको चरण अनुसार न्युनतम बल मात्र प्रयोग गर्ने आदेश थियो। सोही आदेशबमोजिम भक्तपुर जिल्लामा ६ वटा टोली बनाई जिल्ला भर शान्ति सुरक्षा कायम गर्न टोली परिचालन गरिएको थियो।

दिनको अन्दाजी ११:३५ बजेको समयमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा आएका अन्दाजी १०००/१२०० जना जेन जेड (Gen Z) समूहका प्रदर्शनकारीहरुले कार्यालय घेराउ गरी नारावाजी शुरु गरिएकोमा १२:०० बजेदेखी जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालय तोडफोड तथा आगजनी गरेका हुन। त्यसैगरी तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको निजी निवास बालकोट वरिपरि प्रदर्शनकारीहरु नारावाजी चारैतर्फबाट परिचालित सुरक्षाकर्मीहरु तथा निवासमा ढुङ्गामुढा, तोडफोड गर्दै अराजक भई सुरक्षाकर्मीलाई समेत जलाउने प्रयास गर्दै भवनमा आगजनी गरेका हुन। त्यसैगरी सोही दिन बाल अदालत, जिल्ला आयुक्तको कार्यालय, जिल्ला प्रहरी परिसर, पूर्व मन्त्रीहरु मोहन बस्नेत, गोकूल बास्कोटा र महेश बस्नेत, पूर्व सांसद/एमाले पोलिटव्युरो सदस्य आनन्द प्रसाद पोखरेल, वडा अध्यक्ष रबिन्द्र सापकोटा (सुर्यविनायक न.पा.-७) र सुर्यविनायक नगरपालिकाका नगरप्रमुख बासुदेव थापाकी छोरीको निजी निवास तथा अन्य प्रहरी लगायतका सरकारी कार्यालयहरु समेत ३२ वटामा आगजनी, तोडफोड तथा लुटपाट भएको थियो भने बालसुधार गृह सानोठिमी भक्तपुरमा रहेका मध्ये ७९ जना बालविज्याइकर्ताहरु फरार भएका थिए। सो दिन म कार्यरत सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा समेत प्रदर्शनकारीहरुद्वारा तोडफोड भएको थियो र उक्त अवस्थालाई नियन्त्रणमा लिन ९ गोटा ग्याँस सेल फायर गरिएको थियो।

२४ गते मात्र आफ्नो मातहतबाट ५४ ग्याँससेल र २५ ब्ल्याङ्क/बालराउन्ड फायर भएको, भीड नियन्त्रणका क्रममा ३९ जना प्रदर्शनकारी सामान्य घाइते भएको र कार्यालय तथा सुरक्षामा खटिएका टोलीबाट SMG म्यागिजन, गोली, केही असबाब, सवारीसाधन र सञ्चार साधनसहित ठूलो मात्रामा क्षति तथा लुटपाट भएको थियो। उक्त दिन केही प्रहरी कर्मचारी घाइते भई रेडक्रस तथा नेपाल प्रहरीको समन्वयमा अस्पताल पठाइएको तथा नेपाली सेनाको एक प्लाटुनबाट सहयोग प्राप्त भएको पनि उल्लेख गरे।

घटनाको कारणका रूपमा उनले भीडमा घूसपैठ, घरेलु हतियार बोकेका समूह, जनविश्वासको अभाव, प्रशासन-आन्दोलनबीच संवाद नहुनु, सूचनाको कमजोर विश्लेषण र आकस्मिक परिस्थितिमा स्रोत-साधन अभावलाई देखाए।

छानविन आयोगले भविष्यमा यस्ता घटना हुन नदिन स्पष्ट परिचालन नीति, सुरक्षाकर्मीलाई प्रविधियुक्त (Non-Lethal Weapon) तथा स्रोत साधनको उपलव्धता, भरपर्दो सूचना संयन्त्रको विकासको लागि Technology Based Intelligence को व्यवस्था सहित सरकारलाई सिफारिस गर्दा उपयुक्त हुने बताए।[120]

120 बयानको सक्कल प्रति पाना- १३, अनुसुची-५ को सि.न.११९ अन्तर्गत रहेको ।

**१२०. नख्खु कारागार सुरक्षार्थ खटिएका कमाण्डर सशस्त्र प्रहरी नायव उपरीक्षक सँगम श्रेष्ठको बयान कागज व्यहोराः**

म नख्खु कारागारमा कमाण्डरको रुपमा मिति २०८२/०४/०१ गते देखि मिति २०८२/०७/०२ गते सम्म कार्यरत थिए। २०८२ भाद्र २४ गते नख्खु कारागारमा बिहानको समयमा अरु दिनहरुको जस्तै सामान्य थियो। भाद्र २३ गतेको घटनाको कारण भीड जम्मा भई नख्खु कारागारमा समेत आउन सक्ने पूर्वानुमान गरी उपलव्ध कन्सल्टिना र फलामको पोलहरुबाट मुलगेटमा राख्नको लागी व्यारिगेट बनाएको थिए। बिहान करिब १०:०० बजेको समयमा नख्खु कारागारको सम्बन्धित निकायहरु कारागार प्रशासन, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल लगातार रुपमा हुन सक्ने संभावित भीडको घटनामा के कसरी व्यवस्थापन एवं नियन्त्रण गर्ने भन्ने विषयमा गहन रुपमा छलफल तथा उपाएहरुमा जिल्ला सुरक्षा समितिलाई अनुरोध गरी थप सुरक्षाकर्मी कारागार बाहिर खटाउन आबश्यक निष्कर्षमा पुगि कारागार प्रशासक ज्यू ले सुरक्षा समितिलाई अनुरोध गरीरहनु भएको थियो। त्यसपछि कारगारमा रहेका तीन वटा व्लकमा ताला लगाउने कार्य गरिएको र प्रत्यक व्लकका नाईके भाईनाईके समेत कारागार प्रशासनको कार्यालयमा डाकी सुरक्षित रहन भनीएको थियो। कारागार बाहिर प्रदर्शनकारीहरुको आवागमन भई रहेको थियो भने ती प्रदर्शनकारीहरु भैसेपाटी मन्त्री क्वाटार तर्फ गई रहेका थिए। अन्दाजी १०.३०/११.०० बजेको समयमा नख्खु कारगारको उत्तर अन्दाजी ७००/८०० मिटर भीड भेला जम्मा भएको, नारा जुलुस एवं टायर बालेर नारा लगाई रहेको खबर समेत NID का असई साब रमेश चौधरीले जानकारी गराई रहनु भएको थियो। त्यसै गरी ललितपुरको हरिसिद्धी लगायत BICC भवन जली सकेको र सुरक्षाकर्मीहरु हताहत भएको एवं हातहतियार समेत लुटेको Social Media बाट जानकारी प्राप्त भई रहेको थियो। कारागार प्रशासक ज्यु ले पटक पटक सम्बन्धित निकायमा थप सुरक्षाकर्मीको लागी रिपोर्ट गरीरहनु भएको थियो। उक्त दिन बिहानै सशस्त्र प्रहरी बल कारागार सुरक्षा बेसबाट असईको कमाण्डमा मोवाईलमा १० जनाको नफ्रि मन्त्री क्वाटारमा खटाईएको थियो। त्यसै गरी कारागारको सुरक्षार्थ जु.प्र.अ. को कमाण्डमा मेनगेटमा १५ जना, प्रत्यक व्लकमा ७/७ जना र पेरिमिटरमा Light Point मा नियमित ५ जनाको टोली खटाएको थिए।

करिब १३.०० बजे तिर भीड कारागारको मेनगेटमा भेला हुन शुरु गरेका थिए। ३०००/४००० को संख्यामा जम्मा भेला भएका भीडले रबि लामिछानेलाई १० मिनेट भित्र बाहिर निकाल भनी तोडफोड, आगजनी र आक्रमणको चेतवानी दिई रहेका थिए। सो बिषयमा मलाई मेनगेटमा खटिएका

स.प्र.स.नि.ले रिपोर्ट गरेपछि मैले सुरक्षाकर्मीहरुलाई बिफ्रिङ गर्नको लागी सामेल गरेर न्युनतम बल प्रयोग गर्नको लागी निर्देशन दिई रहेको अबस्थामा नेपाल प्रहरीको कमाण्डर र कारागार प्रशासकले आदेश आयो रबिलाई निकाल्ने भन्ने विषय जानकारी गराएपछि CRC ब्लकबाट रबि लामिछानेलाई उहांको परिवारलाई सम्म भेट्न दिने भनी कारागार भित्र रहेको मनोसामाजिक अस्पताल म नेपाल प्रहरीको इन्सपेक्टर र कारागार प्रशासकले मनोसामाजिक अस्पताल सम्म पुऱ्याका थियौ। करिब १४.०० बजे तिर मेनगटे तोडफोड गरी आक्रोशित भीड कारागार परिसर भित्र आएको थियो भने सुरक्षाकर्मीले करिब १ घण्टा सम्म सम्झाई बुझाई गर्ने, लाठी चार्ज गर्ने गरी भीड सम्हाली रहेको थियो। त्यही क्रममा रबि लामिछाने अस्पतालबाट भीडलाई सम्झाउछु भनी भीड भएको मेनगेटमा जानु भयो। उहांको सुरक्षा हाम्रो जिम्मेवारी भएको हुंदा भीडबाट अलग गरी उहालाई केही मिटर पछाडी कारागार भित्र रहेको पिपलबोट चौतारीमा पुऱ्याईएको थियो। उहांले भीडलाई सम्झाउछु भनी माईक समेत खोजी रहनु भएको थियो भने म कानूनी रुपमा कारागार भित्र छु, पत्र नाईकन म बाहिर जान्न भन्नु भएको थियो। भीडको हल्लाका कारण भीडले सुरक्षाकर्मीहरुलाई हम्मे हम्मे बनाएको अबस्था थियो। त्यही भीडले करिब १५.०० बजे तिर रबि लामिछानेलाई कारागारबाट बाहिर लिएर गएको थियो।

फेरी पुनः भीड १५.३० बजे तिर कारागारमा आई ढुंगामुढा, तोडफोड र आगजनी गरेको अबस्थामा सम्झाई बुझाई गर्ने, संयमित अपनाउने तथा न्युनतम बल प्रयोग गर्ने गरी म स्वमं फिल्डमा उत्रिई भीडलाई तितरवितर गर्ने कार्य गर्दा भीड केहीबेत तितरबितर समेत भएको थियो। त्यसपछि नेपाल प्रहरीको टोली कारागार परिसर छाडी गएको थियो। अब फिल्डमा हामी सशस्त्र प्रहरी वेसना खटिएको जम्मा नफ्रि ४६ जना मात्र थियौ। नेपाल प्रहरीको ५२ जनाको नफ्रि थियो। कारागार प्रशासनको कार्यालय तोडफोड, आगजनी, सवारी साधनहरुमा आगजनी गर्दै कारगारमा रहेका ३ वटै व्लक भीडले ताला तोडी कैदीबन्दीहरुलाई भगाएको थियो। कतिपय कैदीबन्दीहरु सुरक्षाकर्मी रहेको स्थानमा सुरक्षित हुन समेत आएका थिए भने भीडले हामिलाई हतियार फाल, चुस्ता खोलेर भागेर जाउ भनीरहदा उनिहरु पनि भागी रहेको थिए। अझ नख्खु कारागारबाट कैदीबन्दीहरुलाई भीडले भगाएका थिए। यो घटना करिब १६.०० बजे देखि १६.१५ बजेको समयमा भएको थियो। नेपाल प्रहरीको एक जवान समेत सशस्त्र प्रहरीको सुरक्षा बेसमा सुरक्षित हुन आएका थिए। उहांसँग १ नाल ३०३ राईफल थियो। उहालाई APF को चुस्ता लगाई उहाको हतियार समेत सुरक्षित गर्न सफल भएका थियौ।

उक्त सशस्त्र प्रहरी बलले २१ ग्यास सेल, ६ राउण्ड व्ल्याङ्क र ५ राउण्ड हवाई फायर गरेको थियो। हामि सशस्त्र प्रहरी बलका कर्मचारीले भीडलाई संयमित भई सम्झाई बुझाई गरी तथा कारागार भित्र रहेको मनोसामाजिक अस्पताल, विपासना ध्यान केन्द्र, कारगार प्रशासनको १ बलेरो पिकअप गाडी, १ पानी टयाङ्कर १, मनोसामाजिक अस्पतालो सवारी साधन १, CRC ब्लक जोगाउन सफल भयौ।

उक्त दिन भीडले गरेको आक्रोसित, तोडफोड, आगजनीको अबस्था र भीडको संख्या समेत अधिक हुंदा भीडमा घातक हतियार प्रयोग गर्ने अबस्था मात्र रहेको अबस्थामा मानविय क्षतिलाई मध्यनजर गरी कार्य गरिएको हो। सशस्त्र प्रहरी बलले आबश्यक पहलता लिई उक्त अराजक स्थितिलाई कम र नियन्त्रण गर्न आफ्नो क्षमता, साधन एवं परीस्थितिमा भरपुर प्रयास गर्ने कार्य गरेको थियो। उक्त दिन बिहानै देखी सामाजिक सँजालमा सुरक्षाकर्मीको हातहतियार समेत लुटी लगेको भन्ने विषयले भीडबाट समेत गोली चल्न सक्ने परीस्थितिलाई हरदम संयमित भई कार्य गरेको हो।

२०८२ भाद्र २४ गते कारागारमा १२८१ जना कैदीबन्दीहरु थिए। कैदीबन्दीहरु लगभग १५.५० देखी १६.१५ सम्म कारगारबाट बाहिर भगाईएको थियो। CRC ब्लकको चौकीदार रबिन शाही, मुल नाईके अशोक खड्की, DRC ब्लकको चौकीदार बिशाल ध्वज कार्की, मुल नाईके उज्वल खत्री र New Block को चौकीदार नृप साउद, मुल नाईके सजल कार्की थिए। मुलभुत रुपमा आन्तरिक प्रशासनको जिम्मेवारी पाएका कैदीबन्दीहरुले कारागार प्रशासन एवं सुरक्षाकर्मीलाई आ-आफ्नो तहबाट सहयोग गर्ने कार्य गरेका थिए।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रबि लामिछानेलाई कारागार भित्र पनि बाहिरबाट आएको आक्रोशित भीडका कारण सुरक्षा चुनौती थियो। उहांलई दिईएको पत्रको सम्बन्धमा मलाई केही जानकारी थिएन। म फिल्डमा भीड व्यवस्थापन कार्यमा खटिएको थिए। म आफै पनि घाईते भएको अबस्था थियो। उक्त दिन मेरो इन्सपेक्टर समेत घाईते भएका थिए। रबि लामिछानेलाई रुपन्देही कारागारबाट नख्खु कारागारमा मिति २०८२/०४/३१ गते ल्याउदा नख्खु कारागार बाहिर सुरक्षार्थ नेपाल प्रहरी ठूलो सख्यामा परिचालन भएको थियो भने २०८२ भाद्र २४ गते घटनामा कहिकतैबाट थप सुरक्षाकर्मी आएको थिएन। घटनालाई विश्लेषण गर्दा २०८२ भाद्र २४ गतेको घटना अझ बढी हिंस्रक अराजक एंव ठूलो सख्या थियो।

APF ले कारागार परिसर राति २२.३० बजे सम्म पनि नछाडी तैनाथनै हरेको थियो। नेपाली

सेनाको टोली आएपछि मात्र हामि गणमा फिर्ता भएका थियौ।

राज्यजा कार्यालयहरुको तोडफोड, आगजनी र हतियार लुटपाटको खबरले समेत हामी सुरक्षाकर्मीलाई प्रभावित गरेको अबस्था थियो। त्यससँगै कारागारमा खटिएको नेपाल प्रहरीको टोलीले आफ्नो युनिट छाडी गएपछि सशस्त्र प्रहरी बलका कर्मचारीहरुलाई संयमित डिउटीमा तैनाथी गर्न अझ चुनौतीपूर्ण अबस्था सृजना भएको थियो।

सुरक्षाकर्मीले कारागरको मुलगेट २/३ पटक सम्म तोडफोड हुँदा सम्म पनि डटेर भीडसँग व्यवस्थापन कार्यमा लागिरहेको थियौ। उक्त दिन भएको आगजनीलाई समेत APF ले निभाउने कार्य गरेको थियो। मैले मेरो बुद्धिविवेकले भ्याए सम्म व्यवसायिक रुपमा कार्य सम्पादन गरेको थिए। मैले कोही पनि कैदैबन्दीलाई भाउने/भगाउन सहयोग गर्ने कुनै कार्य गरेको छैन भनी आयोग समक्ष जाहेर गर्दछु। [121]

## १२१. सशस्त्र प्रहरी बल, नेपाल नं २४ गुल्म हे.क्वा काठमाण्डौमा कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षक सुबोध कुमार बुढाथोकीको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ र २४ गते gen z पुस्ताले गरेको प्रदर्शनको क्रममा २३ गते मेरो डिउटी बानेश्वरको Everest Hotel अगाडी रोडमा थियो। मेरो platoon commander स.प्र.नि सन्तोष थापा हुनुहुन्थ्यो। म त्यसदिन न २० गणबाट खटिएको नं१ र नं २ platoon मध्ये नं १ platoon मा थिए। मसँग ह्यान्डसेट कलसाइन किलो चार्लीन३६ र एउटा मेगाफोन थियो। ड्युटी परिचालन हुनु अघि नम्बरबीचमा ड्युटीको पृष्ठभूमिको बारेमा स प्रनामनि सरले बिहानको ३७ बजेको समयमा सुरेश कुमार श्रेष्ठ सर र सप्रअमनी नारायण दत्त पौडेल सरले बिहानको ७:३० बजेको सामेलीमा ब्रिफ भएको थियो कि यो केवल सामान्य बच्चाबच्चीको दुई घण्टा जतिको हो केवल सिचुएसनलाई सामान्य डील गर बल प्रयोग गर्नुपर्ने अवस्था हुँदैन। यी सबै हाम्रा भाइबहिनी छोराछोरी सरहका प्रदर्शनकारी हुन्छन् केवल कन्टेन मात्र गर्ने भन्ने मात्र ब्रिफिङ भयो। हाम्रो मानसिकता पनि त्यही बन्यो। नम्बर २० गणबाट नम्बर १ र नम्बर २ प्लाटुन ३५ ३५ जनाको ठिक ९-१५ बजेतिर बानेश्वरमा २३ गते खटियो। प्रत्येक प्लाटुनले छ राइफल एसएलआर र तीन ग्यासगन १ मेगाफोन १ गोप्रो क्यामेरा र २६ जना फुल राइट कन्ट्रोल गियर सेटमा खटियौ। एभरेस्ट होटेल अगाडि खटिएपछि अन्दाजी १०-१५ बजेतिर प्रहरीको एकजना डिएसपी सरले एपीएफको हाम्रो ओभरअल

121 बयानको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.१२० अन्तर्गत रहेको ।

सिडिआर डिएसपी सुमन चालिसे सरसँग परिचालित जनशक्तिको सङ्ख्याको लागि समन्वय गर्न आउनुभयो एपीएफको १०५, ३ प्लाटुन र नेपाल प्रहरीको १५० १६० यस्तै कति थियो यति हो भन्ने मैले प्रहरी र एपीएफको दोहोरो कुराकानी देखेको अन्दाजी १० ३० बजेदेखि नै बानेश्वरमा प्रदर्शनकारीहरू जम्मा हुँदै गए र ठूलो मास भयो। हामीले सामान्य आवतजावतका मान्छे भनेर बानेश्वर पुलिस ब्यारिकेटबाट मान्छेलाई हटाएनौं। कसैको चासो नै भएन तर अनुरोध चाहिँ सामान्यतवरले गर्दै थियौं। अनावश्यक रुपमा नहिडिदिनुहोला पछि अन्दाजी ११:३० बजेतिर बानेश्वर ब्यारिकेटमा ठूलो मास जम्मा भयो। र नाराबाजी गर्न थाल्यो। प्रहरीको र एपीएफको बीचमा पनि धेरै मानिसहरू थिए। उनीहरूले एकाएक प्रहरीको ब्यारिकेटलाई तानेर लडाई। त्यसपछि भीडले एकाएक नेपाल पुलिस टिमलाई पछाडि धकेल्यो सँगै एपीएफ पनि पछाडि धकेलिँदै संसद भवनको २ नम्बर गेट पुऱ्यायो। भीडले धेरै सङ्ख्यामा थियो हामी संसद भवन धकेलिएपछि भीडले एकाएक ढुङ्गा ईटापानीको बोतलले प्रहार गर्यो। मसँग मेघाफोन थियो मैले शान्त रुपमा प्रदर्शन संयमता अपनाउनु हुन तीव्र उत्तेजित नहुन कानूनविपरीत कार्य नगर्न धेरै अनुरोधका माइकिङ गरे। त्यसपछि भीडले हाम्रो अनुरोधको कुनै वास्ता नगरी व्यापक इटा ढुङ्गा फलामकोरड पानीको बोतल र विभिन्न साइजका सिसीमा पेट्रोल भरेर हामी एपीएफ र नेपाल पुलिसको २ नम्बर गेटमा जम्मा निरन्तर प्रहारगरे मैले यो कानून विपरीतको उश्रृङ्खल उत्तेजित कार्य नगर्न अनुरोधका साथ माइकिङ गरे। माइकिङमा यसो भन भनेर आदेश दिनमेरो कमान्डर अति धेरै प्रहार भएपछि हाम्रो एपीएफको एक नम्बर प्लाटुनले ग्यास सेल फायर गर्यो र छ राउन्ड एसएलआर बाटहवाई फायर गर्यो। भिड केही पर गयो फेरि हामीले अगाडि बढेर होल्ड गर्न नसक्दा भिड फेरि गेटमा नै आइपुग्यो। प्रहरीको डिअमाआगो लगायो गेटमाथि उक्लिएरगेटमाथि उक्लिएर भित्र आउन खोज्यो। संसद भवनको कम्पाउन्ड फलाम व्यापक भत्काउन थाल्यो। पर्खाल ठूलो पार्न थाल्यो। सबै एपीएफ र पुलिस टिम एक किसिमले डरको घेरामा रहेको जस्तो भयो पछि गोलीफायरको आदेशआइसक्यो भनेर गोली चलाउ भनेको ड्युटी भिडमा सुने। त्यसैसँग गोली फायर भएको पनि आवाज आएको थियो। तर कसले आदेशदियो चलायो यो मैले देखिन। गोली चलेपछि घाइते भएको भनेर एपीएफबाट लिन एउटा एम्बुलेन्स पनि आएको थियो। प्रदर्शनकारीले त्यो पनि आगो लगाए गोली चलाउँदैछ भन्ने कुरा मलाई थाहा भएन र मैले त्यसको माइकिङ पनि हामीले बारम्बार२३ गते कर्फ्यु लागेपछि कर्फ्युको आदेश भइसकेको छ कर्फ्यु लागिसकेको छ। सुरक्षित साथ घर जान सक्नुहुन्छ भनेर माइकिङ गरेकोहो। त्यसको पनि प्रदर्शनकारीले कुनै वास्ता गरेनन् तीव्र उत्तेजित भई सुरक्षाकर्मीमाथि हमलाको शैलीमा अनेक चिजवस्तुले प्रहारगरिरहे २३ गते अन्दाजी ७-१५ बजेतिर

बल्ल भिडले स्थान छाड्यो हामी करिब १० १५ बजे बानेश्वर संसद भवनबाट आफ्नोकार्यालय फिर्ता भयौं। २४ गते मेरो ड्युटी गण परिसरमै एम्बुलेन्स स्टेन्ड बाइ रहेकोले त्यस दिनको बाहिरी अवस्था भएको लाइभराउन्ड साथै एक नम्बर प्लाटुनबाट छ राउन्ड एसएलआर फायर गर्ने एक नम्बर प्लाटुनका सप्रह कृष्ण ठाकुर हुनुहुन्थ्यो। [122]

## १२२. नं २० गण हेक्वा (विपद उद्दार) सिनामङ्गलमा कार्यरत सशस्त्र प्रहरी जवान सुबिना लामाको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z पुस्ताको आन्दोलनको दिन म पनि डी.एस.पी सरको कमाण्डमा आन्दोलन स्थानमा खटिएको थिए। भाद्र २३ गते हामी बिहानदेखी नै डिउटीमा खटिएको थियौं। हाम्रो डिउटीमा खटाइएको स्थान बानेश्वर स्थित एभरेष्ट होटल अगाडी थियो। डी.एस.पी सरको कमाण्डमा ग्यास गन, एस.एल.आर र राईट कन्ट्रोलको सामान सहित ३५ जना र अन्य ३-४ प्लाटुन पनि थियो APF को। हामी त्यही बानेश्वरको एभरेष्ट होटल अगाडी(सिमा घेरा) बेरिगेड पछाडी नेपाल प्रहरी भन्दा पछाडी बसेको थियो। म जवान भएकाले मसँग फुल गियर सेट, लाठि र ढाला थियो। जियनजेड आन्दोलनका पुस्ताहरुको भीड माईतिघर मण्डलाबाट बानेश्वरतर्फ बढ्दै आईरहेको थियो। सुरुमा भीड थोरै थियो पछि बढ्दै बढ्दै गयो। म १ नं प्लाटुनमा खटिएको भएकाले म नेपाल प्रहरीहरु सँग सँगैको लाईनमा थिए। भिड बढ्दै गएपछी सिमा घेरा तोड्दै आन्दोलनकारी प्रहरीलाई पेल्दै बानेश्वर पटि बढ्न खोज्दा प्रहरीलाई पनि भीड नियन्त्रण गर्न गार्हो भयो। APF को हाम्रो टोलीलाई पनि ढुंगामुढा गरे। भीड नियन्त्रण गर्न हामी APF को हाम्रो टोलीले पनि सामान्य लाठी चार्ज गर्यो। मैले पनि लाठी चार्ज गरे कमान्डरको आदेशानुसार। भिडले फेरी पेल्दै ढुङ्गा हान्दै प्रहरीलाई बानेश्वर हुँदै संसद भवन सम्म पुर्याए। त्यसै बेला मेरो टोलीको मेरो साथिहरुलाई ढुङ्गाले लागेर धेरै घाइते भए। एकजना भाईको टाउकोमा ढुङ्गाले लागेर ढलेको र मेरो संगै भएको साथीको हातमा ढुङ्गाले लागेर म पनि साथी संगै संसदभवन भीत्र पसे।

त्यसपछी आन्दोलनकारीहरुले संसद भवनको गेटमा तोडफोड गरी गेट माथिबाट नेपालको झण्डा हल्लाउँदै पछी आदेशानुसार फायरहरु भयो, मान्छेहरु पनि मारिए। केही समयपछी आदेशानुसार कर्फ्यु लाग्यो भीडलाई विस्तारै नियन्त्रणमा लिइदै हाम्रो टोली बानेश्वरसम्म पुग्यो। बानेश्वर चोकबाट म संगै भएको टोली शंखमुल तर्फको बाटो नियन्त्रण गर्दै केही अगाडी पुग्यौ। कर्फयु लागेको थियो

122 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१२१ अन्तर्गत रहेको ।

राति पछी हाम्रो टोलीलाई खाना खाने पालो आएपछी मेरो टोली १०-११ बजेतिर सिनामंगल अफिस फर्कियौं। २०८२ भाद्र २४ गते पनि म बिहानै डिउटीमा खटिएको थिए। हाम्रो डिउटीमा खटाइएको स्थान बानेश्वर चोक थियो। डी.एस.पी सरको कमाण्डमा ग्यास गन, एस.एल.आर र राईट कन्ट्रोलको सामान सहित ३५ जना र अन्य ४-५ प्लाटुन पनि थियो हाम्रो गणको। सुरुमा सानो सानो भीड आउदै चारै तिर चोकबाटी हामी प्रहरी माथि ढुङ्गा, सिसाको बोतलहरु हान्दै गरे। आन्दोलनकारुहरुको सानो सानो भीड हटाउदै, लखेटदै गर्दा पछी भीड बढ्दै गयो। २४ गते पनि मसंग राईटकन्ट्रोलको फुल गेयर सेट, ढाला र लाठी थियो। प्रहरीलाई पेल्दै पेल्दै गए। आदेशानुसार मैले पनि लाठीचार्ज गरे, पछी अश्रुग्याँस भयो, त्यति हुँदा हुँदै पनि आन्दोलनकारीहरु आक्रोशित हुदै केही समयपछी संसद भवनको १ नं र २ नं गेटबाट प्रहरीलाई मिच्दै भित्र पसे आन्दोलनकारीहरु। म सँगै भएको मेरो साथिलाई ढुंगाले लागेर घाईते भयो।

नेपालको माननीय व्यक्तिहरुको नाम लिई जथाभावी बोल्दै प्रहरीलाई समेत नराम्रो बोली गाली समेत गर्दै सशस्त्र प्रहरी नेपाल नं २० गण हेक्वाको संसद भवन अगाडी २ नं गेटमा रहेको पानीको फोहरा हान्ने गाडी माथि ढुङ्गा प्रहार गरे। हाम्रो overall commander को रुपमा खटिनु भएको नं २० गणको SP सरले सरको कमान्डमा हामी संसद भवनको गेट भित्र बसेको टोलीमा म पनि गएर हामीले पानीको फोहोरा हान्ने गाडी गेट भित्र ल्याउन आन्दोलनकारीको भीडलाई नियन्त्रण गर्दै गाडी भीत्र ल्यायो अनि गेट भित्र पस्यौं। त्यतिबेला प्रहरीले अश्रुग्याँस प्रहार गर्दा पनि उल्टै ग्यास सेल प्रहररीहरुको भीडमा फर्काउने काम गरे। हामी प्रहरीहरु घाइते हुँदा, आन्दोलनकारीहरु घाईते हुदा सहयोगका लागी आएको सशस्त्र प्रहरी अस्पतालको एम्बुलेन्सलाई २ नं गेट अगाडी नै ढुङ्गा मुडा गरी सेवाकर्मीलाई लखेटी एम्बुलेन्स जलाईदिए। त्यसबेला गेटैमा म पनि सुरक्षामा खटिएको र एम्बुलेन्स जलेको पनि गेटबाटै देखेको थिए। सुरक्षाकर्मीले गरेको अश्रुग्यास प्रहार, हवाई फायर, पानीको फोहोराबाट gen-z आन्दोलनका पुस्ताहरु घाईते भएको, अस्पताल लगेको, कति जना मरेको कमाण्डरको सेटबाट पनि सुनिरहेको थियो।

आन्दोलनकारीले सुरुमै संसद भवन जस्तो सार्वजनिक महत्त्वपूर्ण भवनमा तोडफोड गरी आगो लगाईदिए। त्यतिबेला म १ न गेट पारीपट्टी थिए। भवन जलाईदिएपछी, आन्दोलनकारीले प्रहरीलाई फेरी खैद्दै ढुङ्गा हान्न थाले त्यतिबेला नै म आफैलाई ढुंगाले लागेर घाईते भए। हाम्रो मिनभवनमा रहेको बेश पनि तोडफोड गरी हातहतियार लुटेर जलाईदिए भन्ने कुरा मैले कमान्डरको सेटबाट सुने। लगत्तै आन्दोलनकारीले लखाटेर भिडलाई थाम्नै नसकेपछी हाम्रो टोली बिस्तारै बिस्तारै पछी

हट्दै सिंहदरबारको पछिल्लो गेटमा आइपुग्यो। म घाईते नै थिए तर म कमान्डर र आफ्नो टोली संगै बसे। हामी लगायत हाम्रो टोली सिंहदरबारमा आर्मी ब्यारेक भित्रै सुरक्षित भएर बस्यौं। सरकारी तथा निजी सम्पत्तिहरुमा आगजनी र क्षति भएको भन्ने कुरा मैले पनि सुने। [123]

## ५.१.६ सशस्त्र प्रहरी बल नेपालको बयान तथा घटना बिबरण कागज ब्यहोराः

## १२३. राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापाको बयान कागज ब्यहोराः

राष्ट्रिय अनुसन्धान विभाग मुलुकको एक मात्र इन्टेलिजेन्स संस्था रहेको र यसको मूल कार्यप्रकृति मुलुकको राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने विभिन्न विषयका सूचना संकलन गर्ने दायित्व एवं जिम्मेवारी रहेको। केन्द्रीय कार्यालयमा स्थापित विभिन्न शाखा प्रमुख, प्रदेश एवं जिल्ला प्रमुखहरु, विभिन्न क्षेत्रमा खटिएका सूत्र एवं कभर कर्मचारी र खुला कर्मचारीबाट समेतबाट सूचना प्राप्त गरिन्छ। राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेता पनि मुलुकको दैनिक शान्ति सुरक्षा कायम गर्ने विषयसँग सम्बन्धित सूचनाहरु गृह मन्त्रालयमा नियमित रुपमा प्रत्येक दिन प्रतिवेदन गर्ने गरिएको थियो। यसैगरी विभागबाट नियमित रुपमा तयार गरिने जाहेरी खामवन्दी गरी सम्माननीय प्रधामन्त्रीज्यू र श्रीमान् मुख्य सचिवज्यूलाई दैनिक नियमित रुपमा पठाउने गरिएको थियो। उपत्यकामा हुने सम्पूर्ण गतिविधिका विषयमा विभागको परिसरमै रहेको अभियान महाशाखाबाट अनुगमन गर्ने गरिन्छ।

सेप्टेम्बरको शुरुदेखि टिकटक र रेडिट लगायतका समाजिक सञ्जालमा ह्यासट्याग अभियान अन्तर्गत राजनीतिज्ञका सन्तानले भ्रष्टाचारबाट कमाएको धनमा विलासी जीवनशैली अपनाएको आरोप लगाइएका भिडियो र मिमहरुको व्यापक रुपमा प्रचार प्रसार भएका थिए। यसै सन्दर्भमा सेप्टेप्बर ४ मा दर्ता नियमहरु पालना नगरिएको भन्दै फेसवुक इन्स्ट्राग्राम लगायत २६ वटा सामाजिक सञ्जाल सरकारले बन्द गर्ने निर्णय गरेको थियो। सेप्टेम्बर ६ देखि रेडिट टिकटकमा नेपो वेवी, नेपो किडको अभियानमा संसदभवन अगाडि सडकमा उत्रन आव्हान गरेको थियो। सामाजिक सञ्जाल प्रतिबन्धले सामाजिक सञ्जालमा आधारित डिजिटल व्यवसाय, Online Marketing, Digital content creation को क्षेत्रलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने र नजिकिदै गरेको दशैं/ तिहारजस्ता पर्वहरुमा त्यस्ता व्यक्ति समूहलाई प्रत्यक्ष असर पुग्ने भएकोले Content creators र digital influencers हरूले आफ्ना followers लाई भावनात्मक वा आर्थिक कारणले आन्दोलनमा सहभागी हुन

123 बयानको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१२२ अन्तर्गत रहेको ।

उक्साउने सम्भावनसँगै चुनौती देखिएको आँकलन गरिएको थियो।

नातावाद, भ्रष्टाचार तथा सामाजिक सञ्जाल प्रतिबन्धका विरोधमा विभिन्न माग राखी आन्दोलनरत पक्ष आयोजक भनीएको जियनजेड समूहले आफ्नो आन्दोलन शान्तिपूर्ण हुने भनी घोषणा गरि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अंकित मल्ल र खेमराज साउदले संयुक्त रुपमा, पुरुषोत्तम यादव र सबल गौतमले संयुक्त रुपमा र सुदन गुरुङ हामी नेपालको तर्फबाट गरी तीनवटा छुट्टाछुट्टै निवेदन दिएको जानकारीमा आएको थियो। जियनजेडको नामबाट भाद्र २३ गते हुने भनीएको प्रदर्शनमा करिव ३५ भन्दा बढी व्यक्ति तथा समूहहरुले प्रदर्शनमा एक्यवद्धता जनाएका थिए भने विभिन्न कलाकार, विभिन्न टिकटक, युट्यूब कन्टेन्ट क्रियटरहरुले समेत सहभागिता रहने जनाएका थिए। यसका अलावा प्रदर्शनबाट आफ्नो स्वार्थ पूरा गर्न उद्धत रहने व्यक्ति समूह र पार्टीहरुको समेत सहयोग र समर्थन रहेको थियो। वास्तविक जियनजेडको संख्या ३५००-५००० रहेता पनि ऐक्यवद्धता तथा स्वार्थ समूहको उपस्थिति रहदाँ १०। १५ हजार सम्म प्रदर्शनमा सहभागी रहने आंकलन गरिएको थियो।

विश्वव्यापी रूपमा डिजिटल र साइबर माध्यमबाट सुरक्षा खतराहरू उत्पन्न हुने प्रवृत्ति बढेको छ, तर नेपालमा विभागको साइबर तथा टेक्निकल इन्टेलिजेन्स संरचना समय अनुसार अद्यावधिक हुन सकेको छैन। यही कारणले भदौ २३-२४ का घटनामा सामाजिक सञ्जालमार्फत जारी संकेतहरूको गहिरो ट्र्याकिङ, स्रोत प्रमाणीकरण र गहिरो पूर्वानुमान गर्न विभाग सफल हुन सकेन। विशेष गरी TikTok, Discord, Reddit, X लगायत प्लेटफर्ममा फैलिएका भिडियो, 'ट्रिगर÷ सामग्री, उक्साहटपूर्ण सन्देश तथा विदेशी समूहहरूको प्रभाव विश्लेषण गर्न विभागसँग आवश्यक उपकरण र दक्ष जनशक्ति अभाव रहेको उनले स्वीकार्छन्। किनभने हालसम्म विभागमा Cyber Unit नै स्थापना समेत भएको छैन।

भाद्र २३ गते पूर्व नै भ्रष्टाचार र सामाजिक सञ्जालविरूद्ध प्रदर्शन गर्दै जियनजेड आन्दोलन आह्वानकर्ताले "श्रीलङ्काले गऱ्यो, इन्डोनेसियाले गऱ्यो, फिलिपिन्सले गऱ्यो, बंगलादेशले गऱ्यो अब नेपालको पालो ! हामी गोर्खाली उठ्ने समय आएको छ। आवाज उठाउने समय आएको छ" जस्ता पोष्टहरु एवम् संसद भवन, सिंहदरबार लगायत सार्वजनिक संरचना जलाईएको वा विध्वंस गरिएको AI-generated फोटो/भिडियोहरूको सामाजिक सञ्जालमा गरिएका पोष्टहरुको विषयमा विभागलाई पूर्व जानकारी थियो। तर भाद्र २३ गतेको घटनापश्चात Netakhor.vercel.app मा शीर्ष नेताहरूको घर

म्यापिङ गरी आक्रमणको योजना बनाएको बारेमा जानकारी थिएन।

मलाई उपत्यका अभियान महाशाखाको कन्ट्रोल रुमबाट ११:५० बजेतिर प्रदर्शनकारीहरुले नयाँ बानेश्वर स्थित निषेधित क्षेत्रमा राखेको ब्यारिकेट तोडी संसद भवनतर्फ अगाडि बढेको र केही प्रदर्शनकारी संसद भवनको १ नं. गेटमा पुगी नाराबाजी सुरु गरेको, १२:०० बजेतिर प्रदर्शनकारीले सुरक्षाकर्मीमाथि ढुंगामुढा गरेपश्चात प्रहरीबाट लाठ्ठी चार्ज,अश्रु ग्याँस र पानिको फोहोरा प्रयोग गरि भीड नियन्त्रणको प्रयास भएको र १२:२० बजेतिर प्रदर्शनकारीहरु संसद भवन प्रवेश गर्न खोजेकोमा प्रहरीले केही राउन्ड हवाई फायर र रबरको गोली चलाएको भन्ने जानकारी प्राप्त भएको थियो।

भदौ २३ गतेको प्रदर्शन पश्चात सोही दिन साझ सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा गृहसचिव, सुरक्षा निकायको प्रमुख सहितको सुरक्षा बैठक बसेको थियो। गृहमन्त्रीज्यूले राजिनामा दिईसकेको अवस्था थियो। बैठकमा सुरक्षा निकायका प्रमुखहरुबाट दिनभरि प्रदर्शनकारीहरुबाट भएको घटनाक्रमको विषयमा आ-आफ्नो जिम्मेवारी क्षेत्र अनुरुप विस्तृत रुपमा रिपोर्टिङ गर्ने कार्य भएको थियो। बैठकमा घटनाको विषयमा Casualty बढी भएकोले सो के कति कारणबाट भएको हो छानविन को लागि समिति गठन गरिएको भन्ने जानकारी दिईएको थियो। यसैगरी सो बैठकमा मैले दिउँसोको घटनाक्रमको विषयमा जानकारी गराउनुका साथै प्रदर्शनकारीहरुले आजको प्रदर्शनमा धेरै प्रदर्शनकारीको मृत्यू भएकोले आन्दोलनलाई देशभर निरन्तरता दिने, कुनकुन ठाँउमा प्रदर्शन गर्ने भन्ने विषय रेडिट एप्स मार्फत Spot Map प्रचारप्रसारमा ल्याएको र प्रदर्शनमा सहभागि हुन मृतकका अभिभावक र आफन्तलाई अनुरोध गरिएको साथै काठमाडौं उपत्यकाको हकमा सबैले आआफ्ना क्षेत्रमा विहानै देखि प्रदर्शन गरी संसद भवन अगाडि आई प्रदर्शन गर्ने योजनामा रहेकोले सुरक्षा अवस्था थप संवेदनशिल हुने विषयमा जानकारी गराएको थिए।

भाद्र २४ गते बिहान ०७:३० बजे हामी सबै सुरक्षा निकायका प्रमुखहरु गृहसचिवज्यूको कार्यकक्षमा भेला भई सुरक्षा वस्तुस्थितिको बिषयमा छलफल पश्चात गृहसचिवज्युको नेतृत्वमा हामी सबै प्रधानमन्त्रीज्यूको निवास बालुवाटार गएका थियौ। घटनाको ताजा विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी गराउने क्रममा प्रम ज्यूले केही पक्षले आफ्नो राजिनामा माग गरेको, राजिनामा संविधान र कानून सम्मत ढंगले हुनुपर्ने साथै घटनाको विषयलाई लिएर सर्वदलिय बैठक आव्हान गरिएको समेत जानकारी दिएका थियो।

भदौ २३ गतेका घटनाबारे थापाको विश्लेषणमा सुरक्षा संरचना 'अन्डर-एस्टीमेसन÷ को मुख्य

समस्या देखिन्छ। पहिलो दिनको भीड, प्रारम्भिक व्यहार, प्रहरीद्वारा प्रयोग गरिएको भीड नियमन विधि, व्यारिकेड नजिकको तनाव, तथा भीडभित्र केही उक्साउने समूहहरूको गतिविधिले दोस्रो दिन ठूलो जोखिम निम्त्याउने गरेको उनले बताउँछन्।

थापाले संसदभवन क्षेत्र अत्यन्त संवेदनशील “रेड-जोन” भएकाले यहाँ भीड प्रवेश हुन पाउनु, व्यारिकेड छिचोलिनु र सुरक्षाकर्मीहरू दवावमा पर्नु सुरक्षा संयन्त्रको ठूलो कमजोरी भएको बताएका छन्। आन्दोलन नेतृत्वविहीन भए तापनि, भीडमा असन्तुष्ट राजनीतिक समूह, अराजकतावादी तत्त्व तथा ’opportunistic’ समूहको सम्भावित घूसपैठबारे प्रारम्भिक सूचनाहरू विभागले उठाएको तर त्यसअनुसार रोकथाम संयन्त्र पर्याप्त सक्रिय नदेखिएको उनी बताउँछन्।

आगामी दिनहरुमा यस्ता घटना हुन नदिन मुलुकको एकमात्र इन्टेलिजेन्स संस्था लगायत सबै सुरक्षा निकायहरुमा प्रर्याप्त श्रोतसाधन, उच्च मनोबल र सुदृढिकरणको आवश्यकता रहेको छ। राष्ट्रिय सुरक्षासँग सम्बन्धित सबै सुरक्षा निकायहरुलाई प्रविधिमैत्री बनाई सोबाट प्राप्त हुने सूचनालाई सबै सुरक्षा निकायको पहुँचमा पुऱ्याउनका लागि कार्यकारी प्रमुखको मातहतमा रहने गरी एक उच्चस्तरको Inter-Agency Information Sharing Center को निर्माण गरिनु पर्ने देखिन्छ। [124]

## <u>१२४. राष्ट्रिय अनुसन्धान बिभागको उपत्यका अभियान महाशाखा प्रमुख कृष्णप्रसाद खनालको बयान कागज ब्यहोराः</u>

कुनै पनि आन्दोलन वा विरोध प्रदर्शनको समयमा वास्तविक स्थितिको जानकारी लिनको लागि उपत्यका स्थित बिभिन्न ३२ वटा सेक्टरहरुबाट फिल्डमा खटाइएका कर्मचारीहरुबाट अभियान महाशाखाको नियन्त्रण कक्ष(कन्ट्रोल रुम)मार्फत र महाशाखाले खटाएका कर्मचारीहरु मार्फत बिभागीय प्रमुख र महाशाखा प्रमुखले रडियो सेट र मोबाइल फोनको माध्यमले बास्तुस्थिति जानकारी प्राप्त गर्ने गरिन्छ। उपत्यका हेर्ने चारवटै सुरक्षा निकायका प्रमुखहरुवीच सूचना आदानप्रदान तथा समन्वय नियमित रुपमा फोन मार्फत र आवश्यकता अनुसार प्रत्यक्ष रुपमा भेटघाट गरी समन्वय गर्ने गरिएको।

नेपाल सरकारबाट सामाजिक सञ्जाल बन्द गर्नु अघि सो बाट आइपर्न सक्ने सुरक्षा जोखिम मुल्याङकन गरिएको थिएन तर सामाजिक सञ्जाल बन्दले विभिन्न क्षेत्रमा पारेको असर र त्यसबाट

124 बयानको सक्कल प्रति पाना- ३०, अनुसुची-५ को सि.न.१२३ अन्तर्गत रहेको ।

उत्पन्न असन्तुष्टि बारेमा रिपोर्टिङ भएको थियो। Discord, Telegram, Reddit, bitchat, TikTok, Instagram, Facebook लगायत सामाजिक सञ्जालमा IF INDONESIA CAN, NEPAL CAN TOO ! नेपो बेबिज ट्रेण्ड (Nepo Baby) उच्च पदस्थ व्यक्तिका छोराछोरीको विलासी जीवनशैली, वा ठूला भ्रष्टाचार काण्डको अनुसन्धान गर्नुपर्ने विषयमा बिभिन्न फेक अकाउण्टबाट पोष्ट गरिएको र त्यस किसिमका फेक अकाउण्ट ट्र्याक गर्ने प्रबिधि बिभागमा नरहेको।

भाद्र २३ गतेको प्रदर्शनमा किशोर किशोरी बिशेष गरी कलेज स्तरका विद्यार्थीहरु र व्यवस्था तथा सरकार बिरुद्ध बिगतदेखि नै बिभिन्न स्वरुपमा विरोध प्रदर्शन गर्दै आएका करिव ८००० को समूहहरु रहने सूचना विभागलाई रहेको थियो। रेडिट, डिस्कर्ड, एक्स जस्ता वैकल्पिक सामाजिक सञ्जालमार्फत चलाइको नेपोबेबी ट्रेन्ड स्वतःस्फूर्त सामाजिक प्रतिक्रिया थियो तर केही राजनीतिक स्वार्थ समूहले आफ्नो स्वार्थ पूर्ति गर्ने उद्देश्यले नियोजित रुपमा यो अवसरको दुरुपयोग गर्नसक्छन भन्ने बिश्लेषण थियो।

प्रदर्शनकारीहरुले संसदको १ नं. गेटमा आगजनी गर्दै भित्र पस्ने प्रयास गरेपछि अन्तिम बल प्रयोग भएको देखिन्छ। त्यही आसपासमा रहेका सुरक्षाकर्मीबाट १२.१० बजे पहिलो पटक फायर भएको सुनिएको थियो। महत्वपूर्ण प्रतिष्ठान बचाउन र आत्मरक्षा दुबैको लागि Live गोली प्रहार गर्नु उपयुक्त भएपनि उक्त समयको सो आबश्यकता थिएन कि भन्ने लाग्दछ।

२४ गते बिहान नेपाली सेनाको उपत्यका पृतनामा बसेको सुरक्षा निकायका उपत्यका प्रमुखहरुको अनौपचारिक मिटिङमा पार्टिका नेताहरुका निजी निवास, पार्टी कार्यालय, प्रहरीका कार्यालयहरु, सरकारी कार्यालयहरु, ब्यापारिक प्रतिष्ठानहरु, लगायतका स्थानहरुमा आगजनी, तोडफोड, लुटपाट हुन सक्ने छलफल भएको थियो।

सँचार माध्यममा पूर्व प्रधानमन्त्री के.पी. शर्मा वलीले प्रहरीले गोली नचलाएको तर बाहिरबाट योजनाबध्द ढँगले आपराधिक तत्वले चलाएको हो भन्ने सम्बन्धमा त्यो हैसियतको व्यक्तिबाट गरिएको आधारहिन र गैह्र जिम्मेवारीपूर्ण टिप्पणीको रुपमा लिन्छु। जिम्मेवार व्यक्तिबाट भएको यस प्रकारका टिप्पणीले भ्रम र अफबाह मात्र बढाउँछ।

व्यवस्था र सरकारको बिरुद्धमा असन्तुष्ट समूहहरु मात्रै नभई मुख्य दल भित्रका असन्तुष्ट समूहको समेत घूसपैठ भएको लाग्छ। उपत्यकामा भाद्र २४ गते डिउटीमा खटिएका सशस्त्र प्रहरी बलले

प्रतिकारात्मक कार्य नगरेको भन्ने रिपोर्ट प्राप्त नभएको। सम्बन्धीत निकायहरुबाट हाम्रो विभागले उपलब्ध गराएको सूचनाहरुलाई गम्भिरतापूर्वक नलिएकोले यस्ता दुर्घटनाहरु घटेको हो।

भाद्र २४ गतेको असमान्य परिस्थितिमा उपत्यकाका कारागारहरुको सुरक्षा ब्यबस्था बारे पहुँच नहुने भएको कारण NID को प्रत्यक्ष भूमिका रहँदैन। कारागारबाट कैदीहरू भाग्ने भगाउने घटनासँग प्रदर्शन वा आन्दोलनकारीहरूको गतिविधिबीच घटना पूर्व नियोजित हुने सम्भावना कम देखिन्छ। २४ गते नख्खु बाहेक अन्य कारागारमा प्रदर्शनकारीको दबाव नभएकोले कैदीवन्दी निस्कनुमा कारागार सुरक्षा प्रशासन नै जबाफदेही बन्नुपर्ने देखिन्छ।

रा. अ. बि. र अन्य तीनवटै सुरक्षा निकायका इन्टेलिजेन्स हेर्ने उच्च तहका अधिकारीहरुबीच सूचना आदाप्रदान र विश्लेषण गर्ने एकीकृत संयन्त्रको बिकास गर्न जरुरी देखिन्छ। यसका साथै Digital platform को माध्यमबाट उत्पन्न भइरहेका New emerging security challenges सामना गर्न तिनीहरुको ट्र्याक गर्ने प्रणाली मजबूत बनाउनुपर्ने, प्रदर्शन वा आन्दोलनको समयमा सबै सुरक्षा निकायका सूचना प्रबिधिका ऊच्च अधिकृतहरुको एकिकृत कमान्ड पोष्ट बसी यसको व्यवस्थापन गर्न सकिन्छ।

२३ गतेको घटना सम्बन्धमा NID ले आबश्यक इण्टेलिजेन्स उपकरण, दक्ष जनशक्तिको अभावमा जुन स्तरको सटिक बिश्लेषण सहितको रिपोर्टिङ सरकारलाई गर्नुपर्दथ्यो त्यो नभएकै जस्तो लाग्छ।

२३ गतेको घटनाले सुरक्षा निकाय प्रतिरक्षात्मक अवस्थामा रहेकोले सँघीय सँसद भवनमा आक्रमण अवश्यमभावी थियो भन्ने बिश्लेषण गरिएको थियो। २३ गतेको घटनाबाट सिर्जित आक्रोशको जगमा रातारात बुनिएको योजनाले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको तीनवटै केन्द्र आगजनी गरी ध्वस्त पारिएको हो।

पूरा तनबादी सोचसँग नयाँ पुस्ता सहमत हुन सक्दैन, तसर्थ राज्य संयन्त्रले नयाँ पुस्तालाई समेत राज्यको हरेक नीति निर्माण तहदेखि राज्य सञ्चालनका अवसरहरुमा सहभागी गरानुपर्ने देखिन्छ। साथै राज्यमा पारदर्शिता र सुशासनलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने, बिगतमा जरा गाडेर बसेको बिचौलिया प्रणालीलाई निर्मूल गरी प्रणालीलाई नै संस्थागत गर्न सकेको खण्डमा युवा पुस्तासँग को सम्बन्ध सुधारका साथै हरेक क्षेत्रमा संस्थागत सुधार हुन्सक्ने देखिन्छ।

NID ले संगठनलाइ मजबुत र व्यवसायिक बनाउन राष्ट्रिय गुप्तचर सञ्चालन सम्बन्धी बिधेयकमा

आवश्यक संशोधन गरी कानूनी रुप दिन सकेको खण्डमा यो संगठन मजबूत, व्यवसायिक र अन्य देशका संगठनहरुसँग प्रतिस्पर्धी बन्न सक्छ। तत्कालको लागि गुप्तचरी संयन्त्रको गठन र सञ्चालनको लागि कानूनी सपोर्टका साथै दक्ष जनशक्ति निर्माण र लजिस्टिकल सपोर्टको लागिआवश्यक बजेटको व्यवस्था हुन सकेको खण्डमा यस समगठनले आफ्नो प्रभावकारिता पुष्टी गर्ने अवसर पाउने थियो। यसका साथै ठूलो रकम खर्चेर ल्याइएको टेलिफोन टेपिङ सम्बन्धी आधुनिक उपकरण समेत कानूनको अभावमा सञ्चालन हुन नसकी थन्किएको अबस्था छ। यसलाई सञ्चालन गर्न सकेमा मात्रै पनि राष्ट्रिय सुरक्षाका क्षेत्रमा आबश्यक सूचना प्राप्त गर्न सकिने थियो।[125]

## १२५. राष्ट्रिय अनुसन्धान बिभागको काठमाडौं जिल्ला प्रमुख रिबेन कुमार गच्छदारको बयान कागज ब्यहोराः

विभागले सामान्यतया ओपन सोर्स, आफ्ना कर्मचारी, मानवीय स्रोत (Human Intelligence) र सूत्र परिचालन मार्फत सूचना सङ्कलन गर्दै आएको छ। सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णय अघि जिल्ला स्तरमा विशेष सुरक्षा जोखिम मूल्याङ्कन नगरिए पनि, सामाजिक सञ्जालमा निर्भर व्यवसाय तथा विद्यार्थीहरूमा असन्तुष्टि बढ्ने विषयमा अनुमान गरिएको थियो तर यसबाट व्यापक आन्दोलनमा नै उत्रेलान् भन्ने ठोस आँकलन भने गरिएको थिएन।

भदौ १९-२० गतेदेखि नै सामाजिक सञ्जाल मार्फत आन्दोलनका संकेतहरू देखिन थालेका थिए। विभिन्न अभियन्ता तथा समूहले आन्दोलनको आह्वान गर्दै जिल्ला प्रशासन कार्यालयमा तीनवटा निवेदन पनि दर्ता गराएका थिए सबैले आन्दोलन शान्तिपूर्ण हुने आश्वासन दिएका थिए। तर TikTok, X, Instagram, Reddit, Discord जस्ता डिजिटल प्लेटफर्महरूमा अत्यधिक गतिविधि हुँदाहुँदै पनि, प्राविधिक दक्षता र साइबर निगरानी साधनको अभावले NID ले गहिरो ट्र्याकिङ गर्न सकिएन। तर धेरै एकाउन्टहरू फलो गरिएका र तीनका पोस्टहरू नियमित निगरानी गरिएको थियो। त्यसैगरी #NepoBaby ट्रेन्ड, "If Indonesia can, Nepal can too" जस्ता संदेशहरू, उच्च पदस्थ व्यक्तिहरूका छोराछोरीसँग सम्बन्धित सामग्री, AI-generated तस्वीर तथा र्‍याडिकल सामग्रीहरूको प्रसारले युवाहरूमा असन्तुष्टि बढ्दै गएका, विपक्षी दल, राजावादी समूह, स्वतन्त्र अभियन्ता तथा विभिन्न असन्तुष्ट पक्षका मानिसहरू यस ट्रेन्डलाई उपयोग गर्दै आन्दोलनतर्फ ढल्किएको अनुभव थियो। आन्दोलन नेतृत्वविहीन भएकाले विभिन्न स्वार्थ समूहले निर्देशन खोज्ने दिने होडवाजीका कारण भीड

125 बयानको सक्कल प्रति पाना- १२, अनुसुची-५ को सि.न.१२४ अन्तर्गत रहेको ।

अराजक हुने जोखिम समेत अनुमान थियो र यसबारेमा सुरक्षा समितिमा यसबारे छलफल भएको थियो।

सामाजिक सञ्जालमा केही विद्यार्थीलाई "युनिफर्म लगाएर आए प्रहरी हस्तक्षेप गर्दैन", "Molotov cocktail लिएर तयार हुनू"जस्ता सूचनाहरू पनि फैलिएको थियो। यद्यपि तीमध्ये धेरै सामग्री NID ले ट्र्याक गर्न नसकेको तर त्यसले आन्दोलन हिंसात्मक हुन सक्ने चेतावनी दिएको थियो। यसैबीच नेताहरूका घर र संवेदनशील कार्यालयहरूका म्यापिङ सम्बन्धी योजनाहरूको पूर्ण प्रमाण नभए पनि सोशल मिडियामा त्यस सम्बन्धी संकेतहरू देखिएका र सुरक्षा समितिमा यसबारे छलफल भएको थियो।

भदौ २३ गतेको आन्दोलनमा प्रारम्भिक ५-८ हजार अनुमान गरिए पनि, व्यारिकेड नजिक ३ हजारका हाराहारी रहेको र परिस्थिती बिग्रँदै जाँदा संख्या १० हजारसम्म पुगेको थियो। विविध समूहहरु राजावादी, असन्तुष्ट दलहरू, रा.स्व.पा.का समर्थक, स्वतन्त्र अभियानकर्ताहरू र "TOB" जस्ता समूहहरूको समेत उपस्थिति हुन सक्ने प्रारम्भिक मूल्याङ्कन रहेको उनको भनाइ छ।

निषेधित क्षेत्र तोडिन सक्ने सूचना NID ले आन्दोलनपूर्व नै सम्बन्धित निकायलाई दिएको थियो। संसद भवनमा आक्रमण हुन सक्ने सम्भावना, व्यारिकेड छिचोलिने जोखिम, चैत्र १५ को तीनकुने घटनाबाट सिकाइएका हिंसात्मक तत्वहरूको पुनः घूसपैठ हुन सक्ने, तथा २४ गते स्थिति झन् भयावह हुने जोखिम NID ले पहिल्यै सम्वन्धित निकायसँग (सुरक्षा समितिमा यसबारे छलफल भएको थियो) साझेदारी गरिएको थियो।

भाद्र २३ गते प्रहरी र सशस्त्र प्रहरीले भीड नियन्त्रित गर्न सकेसम्म अश्रुग्याँस र रबर बुलेट प्रयोग गरिरहेका थिए तर आन्दोलनकारीहरूको संख्या र आक्रमकता दुवै बढ्दै गइरहेपछि पहिलो गोली कर्फ्यु जारी (१२:३०) पछि संसदभवन परिसर भित्रै खटिएका सुरक्षाकर्मीबाट चलेको बुझिएको हो, तर कति बजे कसले चलायो भन्ने ठोस प्रमाण NID सँग छैन।

प्रदर्शनकारीहरु मध्य १ जनाको अस्पतालमा मृत्यु भएको खबर सामाजिक सञ्जालमार्फत १२:४५-१३:०० बजेतिर सार्वजनिक भएपछि वातावरणमा थप तनाव चुलिएको बताउँदै, घाइतेहरूलाई आन्दोलनकारी स्वयं र एम्बुलेन्समार्फत अस्पताल लैजाने क्रम बढेको उनले बताए। केही एम्बुलेन्समा पनि भीडबाट आगजनी गरिनु अवस्थाको गम्भीरता प्रस्ट पार्छ।

सांझ १६:३० पछि सेनाको एक ट्रक संसदभवन भित्र प्रवेश गरेपछि सुरक्षा निकायहरूले संयुक्त कारबाही सुरु गरेको जानकारी प्राप्त भएको उनले उल्लेख गरे। त्यसपछि कमाण्ड पोष्ट जिल्ला प्रशासन कार्यालयबाट सिंहदरवारस्थित नरसिंहदल गणमा सारिएको थियो, जहाँ २५ गते बिहानसम्म सुरक्षा समन्वय चलिरह्यो।

NID र अन्य सुरक्षा निकायको कमजोरीबारे सोध्दा, गच्छदारले प्राविधिक क्षमता, डिजिटल निगरानी अभाव, सीमित जनशक्ति र संसाधनका कारण गहिरो कोर-सूचना संकलनमा चुनौती भएको स्वीकार्छन्। तर सतही स्तरका सूचनाहरू भने जुटाई विश्लेषण गरी सुरक्षा समितिमा प्रस्तुत गरिएको दाबी गर्छन्।

भदौ २४ गते समेत सांसद, सरकार प्रमुख, विभिन्न दलका नेताहरूका निवास, सरकारी तथा निजी संरचना, प्रहरी कार्यालयहरूमा आगजनी-तोडफोड हुने सम्भावना पहिल्यै आँकलन गरिएको र संवेदनशील स्थानहरूमा NID जनशक्ति परिचालन गरिएको जानकारी उनले दिएका छन्।

भविष्यमा यस्ता आन्दोलन रोक्न'NID मा टेक्निकल इन्टेलिजेन्स (Cyber, OSINT, SIGINT) को सुदृढीकरण, सामाजिक सञ्जाल निगरानीको कानूनी व्यवस्था, तालिम, बजेट, जनशक्ति, Counter-intelligence विधि, विदेशस्थित नियोगहरूमा आवरणभित्र NID अधिकारी तैनाथी जस्ता संरचनागत तथा नीतिगत सुधार आवश्यक रहेको सुझाव दिन चाहन्छु। [126]

## ५.२. प्रदर्शनका आयोजकहरुको वयान तथा घटना विवरण कागज ब्यहोराः

### १२६. सुदन गुरुङको बयान कागज ब्यहोराः

म अपार्टमेन्ट बिजनेस लगायत IT Company र Adventures Coach को काम गर्छु र हामी नेपाल यूवासंस्थामा समेत आबद्ध छु। हामी नेपाल भन्ने संस्था कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं गर्न कार्यहरु सामाजिक विभिन्न भई दर्ता गते २३ भाद्र साल २०७७ मिति २४११७९. भएको स्थापनामा नेपालमा बाढी पहिरोको बेलामा र २०७२ सालमा आएको महाभुकम्पको समयमा राहत उद्वार लगायत नेपालको ट्रमा सेन्टरमा पुरै अस्पतालको व्यवस्थापन र संचालन गरेको छ। कोभिड महामारीमा गरेर समन्वय व्यवस्थापकसंग (महाराजगंजमा अस्पताल शिक्षण) plasma Bank

126 बयानको सक्कल प्रति पाना- १५, अनुसुची-५ को सि.न.१२५ अन्तर्गत रहेको ।

स्थापना गरी संचालन गरेको, दोश्रो कोभिडको ,गरेको बितरण रुपमा शुल्क:नि सामाग्री स्वास्थ्य देशभरि पहलमा संस्थाको बेडहरु नयाँ वटा २७० लहरमा COVID Unified Hospital मा (अस्पताल बिर) ICU Bed राखी ३ दिन भित्र संचालनमा ल्याएको। नेपाल ट्रमा सेन्टरमा Portable x-Ray machine लगायतका स्वास्थ्य सामाग्रीहरु बितरण गरेको, Star Hospital मा High flow oxygen मा रहेका ५७ जना बिरामीहरुलाई बचाएको र टर्कीमा आएको भुकम्पको बेला १४ टन राहत सामाग्री नेपाल सरकारसँगको सहकार्य मा पठाएका थियौ। म भई अध्यक्ष सम्म हाल देखी दर्ता को"नेपाल हामी" सम्पूर्णकार्यहर ु गर्दै आईरहेको छु। संस्थाको प्रबन्ध पत्रको दफा ४ तथा पारदर्शिता (ठ) काठमाडौंमा कार्यालय प्रशासन जिल्ला गते २२ भाद्र २०८२ अभिप्रायले गर्ने वकालत लागि जवाफदेहिताको मुद्दाहरुको लगायतका भ्रष्टाचार चरम भईरहेको देशमा मण्डलामा माईतीघर गते २३ भाद्र दिई निबेदन बिरुद्ध प्रदर्शन गर्न कानूनी रुपमा शान्तिपूर्वक कार्यक्रम गर्ने गरी अनुमती लिएका थियौ। म लगायत संस्थाका स्वयंसेवकहरु भाद्र २३ गते बिहान ७:०० बजे देखि माईती घर मण्डलामा जम्मा भई Aid Kit-Box, YOUTH AGAINST CORRUPTION लेखिएको Flax Banner निर्माण, भिडलाई बनाई लिडर समूहको जना १ मध्येबाट त्यस बनाई समूह जनाको २० प्रदर्शनकारीहरुलाई राख्न नियन्त्रणमा थियौ गरेका प्रयास गर्ने व्यवस्थित उद्देश्यले लगाउने जिम्मा प्रहरीलाई गरी पहिचान भएमा अराजक भिडमा। भा हुनाले संस्था नाफामुलक गैर एउटा "नेपाल हामी"द्र २३ गतेको जियनजेड युवाहरुको प्रदर्शनको दिन हाम्रो संस्था माथि बिश्वास गरी प्रदर्शनस्थल हामीलाई संस्थाले व्यापारीक एउटा भन्ने "चुल्हो दाउरा" ९ बिहान अन्दाजी माईतीघरमा:१५ बजेको समयमा गाडीमा ८०.अ वाटर मिनरल "नामक चुल्हो दाउरा" " व्यवस्था खानेपानीको केसहामी नेपाल र गरेको हस्तान्तरण बानियालाई अनिल प्रमुख कार्यक्रम संस्थाको " हौं गरेका बितरण पानी सोही। गते २२ भाद्र साल २०८२ दिन अघिल्लो प्रदर्शनको Discord को अर्को छुट्टै समूहले अराजक गतिबिधी (Molotov Cocktail निर्माण गर्ने, गर्न (आगजनी र लुटपाट ,तोडफोड भन्ने सक्ने सूचना दिई आवश्यक तयारीको लागि काठमाडौं परिसरका तत्कालीन प्रहरी प्रमुख प्र उ.ब. स्थित भोटाहिटी प्रहरीको र गराएको जानकारी गरी कुरा फोनमा बानियाले अनिल र मैले अधिकारीलाई विश्व थियौ दिएका जानकारी भेटी उपरीक्षकलाई प्रहरी व्यूरोको साईबर गई स्वयं म ब्यूरोमा साईबर। हामीहरु माईतीघर मण्डलामा भेला जम्मा भईरहेको अवस्थामा अन्दाजी बिहान ९:०० बजे तिर रक्षा बम सहित ४" आई पटक समूहपहिलो जनाको ५\यो आन्दोलन तपाईहरुको होईन, भनी नबोल्नुस तपाईहरु दियौं गरि हस्तान्तरण समूहलाई बमको रक्षा समेत माईक ,स्पीकर ल्याएको खर्चमा हाम्रो भन्दा। सो पश्चात माईतीघर मण्डलामा भिडको चाप बढ्दै गई हाम्रा स्वयंसेवकहरुले भिडलाई शान्त पूर्वक बस्न भनी पटक पटक अनुरोध गर्यौं। हामीले भिडलाई थप उतेजित हुन नदिन ब्यानर सहित भिडको अगाडी

गई बस्यौं सो पश्चात गाडीमा चढ्दै आन्दोलनकारीहरुलाई सँयमित हुन भनेर बोलायौं र रक्षा बमलाई गाडिमा चढाई भाषण समेत दिन थाल्यौं, फूल ,हान्दैनौ ढुङ्गा हामी आज ,गर्दैनौ केही हामी आज भाषणमा राखेको हामीले उठी जुरुक्क भिड बसिरहेको भनेपछि लाग्छौ तर्फ होटल एभरेष्ट हामी अब भन्दै टिप्दैनौं Flex उचाल्न थाल्यो, हामीले थालेपछि उचाल्न Flex पछाडी रहेको गाडीलाई थोरै अगाडी बढाएर भिडलाई खुल्ला ठाउँ बनाई भिडलाई अगाडी नबढ्न अनुरोध गर्यौ। अनुरोध गर्दा पनि भिडले त्यो Flex लाई उचालेर नयाँ बानेश्वर तर्फ हिड्न थाले पछि हामीले गाडी अगाडी बढाई भिडलाई नियन्त्रण गर्न प्रयास गर्यौं त्यती खेर म गाडीमा नै बसी भिडलाई नियन्त्रण गर्न प्रयास गरेको त भिड बानेश्वर तर्फ अगाडी बढ्यो। गाडीमा म, मन्त्री खेलकुद तथा युवा हालका र खनाल.पी.के ,बम रक्षा ,यादव पुरुषोतम एभरेष्ट भिडसंगसंगै गाडी र थाल्यो दिन भाषण गाडीबाट गुडिरहेको खनालले .पी.के र थियौ संगसंगै गुप्ता बब्लु थाल बढ्न अगाडी तिर होटल्यो। बिजुलीको पोलमा रहेको तत्कालीन प्रधानमन्त्रीको फोटो भिडले च्यात्न थाले पश्चात हामीले पोलमा चढ्नेलाई तानेर तल झारे तैपनी उक्त फोटो प्रदर्शनकारीहरुले च्याती छाडे। त्यसपछि भिडलाई उतेजित नभई त्यही बस्न आग्रह गरी भिड सोही स्थानमा एकछिन अडेर नाराबाजी गर्न थाल्यो र पछाडीको भिडले अगाडीको भिडलाई ठेलेर अगाडी बढन थालेपछि हामी चढेको गाडी गर्यौं प्रयास रोक्न भिडलाई लगेर अगाडी भिड स्वयंसेवकहरुले संस्थाका "नेपाल हामी"। भन्दा भिड गाडी चढेको हामी पुग्दा सम्म ब्यारीकेड राखेको प्रहरीले अगाडी होटल एभरेष्ट बढी अगाडी भिड पछाडी रहन गएको थियो। भिड प्रहरीको ब्यारीकेडमा पुगेर, ओर्लिएर गाडीबाट म थालेपछि हुन अशान्त पछाडी भिडको र थाल्यो हल्लाउन ब्यारीकेडलाई प्रहरीको नमानी भिडले गर्दा आग्रह नबन्न अशान्त भिडलाई था गर्न प्रहार बोतलले पानीको प्रहरीलाई छेउँबाट गल्लीको होटलको एभरेष्ट रल्दा भिडमा स स्कुल साना-भने भनेर गर्छ चार्ज लाठ्ठी पहिला प्रहरीले भत्केमा ब्यारीकेड ,नगर्नु यसो छन पनि बैनीहरु भाई पढ्ने अगाडी हो क्षेत्र निषेधित यो भिडलाई बसी प्रहरीसंगै हामी बढ्दा अगाडी तोडेर ब्यारीकेडलाई भिडले तत्पश्चात भन्दा जोडेर हात बारम्बार भनी नजाउ समेत आग्रह गर्दागर्दै भिड बानेश्वर तर्फ अगाडी बढ्यो। भाद्र २३ र २४ गतेका दिन मैले व्यक्तिगत रुपमा प्रदर्शनरत युवाहरुलाई संसद भवन तर्फ नजानु भनी बारम्बार Youth Against Corruption लेखिएको ठुलो Flex सहितले रोकी संसद भवन निषेधित क्षेत्र हो सो तर्फ नजान अनुरोध गरेको थिए। २३ गते सुरक्षित ढंगले प्रदर्शनलाई शान्तिपूर्ण गर्न अपनाउनु पर्ने सावधानीहरु सहित मेरो आफ्नै सामाजिक संजाल प्लेटफर्मवाट विधार्थी एवं युवा भाई बैनीहरुलाई भिडियो बनाएर सुसुचित गरेकोमा भिडियोको पेनड्राईभ यसै सोधपुछ कागज साथ पेश गरेको छु। भाद्र २३ गतेको प्रदर्शनको क्रममा कर्फ्यु घोषणा भएको बारे म मेरो टिम लगायत अधिकांश प्रदर्शनमा आएका व्यक्तिहरुलाई तत्काल जानकारी भएन किन भने कर्फ्यु अगाडी नै संघीय

संसद भवनमा खटिएका सुरक्षाकर्मीहरुवाट प्रदर्शनकारीहरु माथि लाठी चार्ज, पानीको ,अश्रुग्यास ,ढुङ्गा प फोहोरा्रयोग भई सकेको र प्रदर्शनकारीहरु घाईते हुन थाली सकेको थिए। म लगायत स्वयंसेवकहरुले घाईतेहरुलाई उपचारको लागि सिभिल अस्पताल र माईती घरमा रहेको मेडिकल क्याम्पमा लैजान Rescue operation मा मात्र केन्द्रित थियौ। म घाईतेको उद्वार गरिरहेको थिए, लाग कर्फ्यु प्रहरीलेेको जानकारी माईकले दिईरहेको भए पनि भिड यति धेरै थियो कि त्याहा सुरक्षाकर्मीहरुसंग भएको कुनै पनि माईकबाट प्रदर्शनकारीहरुले सुन्ने अवस्था थिएन। माईती घरमा रहेको हामी नेपाल संस्थाको मेडिकल क्याम्पमा घाईतेहरुको उपचार गराईरहेको अवस्थामा संसद भवन परिसरमा सुरक्षाकर्मीहरुवाट प्रदर्शनकारीहरु माथि गोली प्रहार भई प्रदर्शनकारीहरुको मृत्यु समेत भएको भन्ने कुरा मेरो टिमले मलाई जानकारी गराउँदा मात्र थाहा पाएको हुँ।

म सिभिल अस्पतालमा गई घाईतेहरु संग भेटघाट गर्ने क्रममा एक जना प्रहरी अधिकृत सहितको टोली खटि आई अस्पताल भित्र रहेका प्रदर्शनकारीहरु माथि ताकी लामो बन्दुकले गोली प्रहार गर्दा तत्कालीन संसद डाहुनुहुन्थ्यो उपस्थित पनि कार्की तोषिमा.।  डाक्टरहरु अस्तपतालका सिभिल र कार्की तोषिमा.डा ,म स्वयंसेवकहरुले संस्थाका"नेपाल हामी" पठाई सुरक्षाकर्मीहरुलाईवाहिर गरी आग्रह समेतले सुरक्षाकर्मीहरुलाई अस्पताल भित्र आउन नदिने र प्रदर्शनकारीले पनि सुरक्षाकर्मीहरु लाई ढुङ्गा प्रहार नगर्ने उदेश्यले अस्पतालको मुल गेटमा हामी नेपाल संस्थाका १५ स्वयंसेवकहरु जना २०\ थियौ खटेका। १५:०० बजे तिर संसद भवन अगाडी १ जना कलेज ड्रेसमा रहेको अ १९\१८. आँखामा निजको पानीले गई स्थानमा सो देखी अवस्थामा निस्सीरहेको धुवाले अश्रुग्यासको बैनीलाई बर्षको जना १ रहेको ड्रेसमा कलेज अगाडी गेट मुल तर्फको दक्षिण भवनको संसद रहदा गरि उद्वार छ्यापी रक्ता टाउँकोमाम्य भई घाईते अवस्थामा रहेको प्रदर्शनकारीलाई ४ अस्पताल सिभिल बोकेर जनाले ५\ हुँ देखेको लगिरहेको तर्फ। "हामी नेपालसंस्थाको " Discord वाट ध्वंशात्मक छलफल गरेको थाहा जानकारी हुन आएमा प्रहरीलाई जानकारी गराई स्थायी रुपले नै Discord वाट हटाई दिने स्पष्ट रुपमा घोषणा)Announcement) गरेका थियौ र मेरो ब्यक्तिगत र हामी नेपालको अफिसियल ईन्ष्ट्राग्राममा अनाउन्समेन्ट पोष्ट गरेरे कुनैपनि हिंसा, गरेमा छलफल बारेमा तोडफोडको अगजानि Discord मा Permanently Band गर्ने र प्रहरीलाई कारबाहिको लागि जिम्मा लगाउने भनेका थियौ। भाद्र २३ र २४ गतेको प्रदर्शनको लागि संस्थाहरुबाट पनि कुनै लाई "नेपाल हामी" Funding, Logistic Support, Transportation को सहयोग थिएन। मेरो व्यक्तिगत रुपमा रु ५०, ०००। पचास छु गरेको पेश सट स्क्रिन हजारको ५० र बिबरण आर्थिक सम्पूर्ण र थियो भएको खर्च हजार।

भाद्र २४ गते म घाईतेहरुलाई हेर्नको लागि बिहान अ.७:०० बजेको समयमा सिभिल अस्पताल बानेश्वरमा गएको थिए र ४५ मिनेट पछि फर्की हामी नेपाल संस्थाको कार्यालय रानीबारीमा फर्की हामी नेपालका स्वयंसेवकहरुलाई घाईतेहरुको उपचार भईरहेको अस्पतालमा गई उपचारको कार्यमा सहयोग गर्नु भनी कार्यालयमा बसेर बिरामीहरुलाई आवश्यक पर्ने रगतहरुको संकलन गरी परिचालन गरेको थिए। सो दिन तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिई सके पश्चात म लगायतका स्वयंसेवकहरु संसद भवनमा पुग्यौ तर संसद भवनमा प्रदर्शनकारीहरुले आगजनी गरी सकेकोले रोक्न सकिएन र थप आगजनी गर्न नदिन प्रदर्शनकारीहरुलाई सम्झाई सो स्थानबाट माईतीघरमा पुग्दा सिंहदरबारमा आगजनी गर्न लागेको छ भन्ने जानकारी पाए पश्चात सिंहदरबार पुग्दा प्रदर्शनकारीहरु भित्र प्रबेश गरी सकेका थिए र आगो लागि सकेको थिए। बालुवाटार नजिकको एउटा होटलमा आगजनी हुँदा २ जना व्यक्तिहरु फसेका छन भनी जानकारी प्राप्त हुन आएकोमा हामी सिंहदरबारबाट बालुवाटार नजिक रहेको होटलमा पुग्दा तल्लो तल्लाको कुर्सी टेबलहरु बाहिर ल्याएर बाटोमा फालीरहेका थिए। नजलाउ होटलमा मानिसहरु छन भनी प्रदर्शनकारीहरुलाई सम्झाउँदा प्रदर्शनकारीहरुलाई एक छिन शान्त पारी सो स्थानबाट निस्की, निवास प्रधानमन्त्री सकेको गरी आगजनी प्रदर्शनकारीले भागमा केही लगायत गेट मुल निवासको प्रधानमन्त्री पुग्दा बालुवाटरमा थियो। तपाई आई फोन मोबाईलमा मेरो कार्यालयबाट प्रधान सेनाको नेपाली क्रममा निस्किने त्यहाबाट कार् प्रधान सेनाको नेपाली स्थित भद्रकालीयालयमा प्रधान सेनापति ज्यूले बोलाउनु भएको छ भनी जानकारी आएकोले भाद्र २४ गते साँझ पख म नेपाली सेनाको प्रधान कार्यालयमा गएको थिए। देश भरिनै घटना घटि रहनुको पछाडी भाद्र २३ गते संसद भवन परिसरमा तत्कालीन सरकारले गोली हानी निहत्था विधार्थी भाई बैनीहरु लगायत प्रदर्शनमा सहभागी युवाहरुको हत्या एवं घाईते भएको घटनाको प्रतिशोध सहित स्वस्फुर्त नागरिक आक्रोस थियो भन्ने मलाई लाग्छ।

भाद्र २४ गते म समेत हामी" नेपाल" का स्वयंसेवकहरु तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओलीले राजीनामा दिएको खुशी मान्दै रमाउदै रामशाहपथ स्थित उपत्यका ट्राफिक प्रहरी कार्यालय अगाडी पुग्दा त्याहा प्रदर्शनकारीहरुलाई आगजनी नगर्न आग्रह गरी सम्झाई पुतली सडकको बाटो हुदै बालुवाटार तर्फ जाने क्रममा उक्त फोटो भिडियोमा देखिएको हो। भाद्र २४ गतेको घटनाहरुमा म र मेरो टिमको कुनै पनि भूमिका थिएन। प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ्गले र सप्रअमनि नारायणदत पौडेलले समेत मलाई फोन गरी प्रधान कार्यालय जोगाई दिनु पर्यो भनेकाले म र मेरो टिम discord प्लेटफर्मको Announcement मार्फत जम्मा भई स्वयंसेवकहरुले हातेमालो गरी आफ्नो ज्यानको बाजी लगाई दुबै

प्रहरी प्रधान कार्यालयहरु जोगायौ। नेपाली सेनाको अधिकृत भोला थापासंग सहकार्य गरी नेपाली सेना र हामी नेपालको स्वयंसेवकहरु मात्र मिली discord र नेपालमा प्रहरीहरुको सुन्य उपस्थिती रहेको अवस्थामा हेल्पलाईनमा नागरिकको सेवाको लागि हामी नेपाल संस्थाको स्वयंसेवकहरुको नम्बरहरु राखी सूचना लिई नेपाली सेनालाई दिई संयुक्त रुपमा लागि रात भरि काठमाडौं उपत्यकामा खटेका थियौ।

COVID को दोस्रो लहरमा हाम्रो सक्रियतालाई मिडियाहरुले प्रचारप्रसार गरी रहेको क्रममा आँखा रोग बिशेषज्ञ डार भयो भन्नु भने चाहिन्छ सहयोग र गर्नुभयो फोन मलाई रुईतले सन्दुक . मैले हामीलाई निःशुल्क अफिसको लागि Space दिनु हुन्छ कि अनुरोध गरेपश्चात उहाँले बालुवाटारमा बारबरा फाउण्डेसनको अफिसमा खाली कोठा छ, थाल्यौं गर्न काम रुपले ब्यबस्थित गई त्यहाँ हामी भनेकाले। छैन सम्बन्ध कुनैपनि फाउण्डेसनसँग बारबरा हाम्रो। क लगायत फाउण्डेसन उक्त ुनैपनि बैदेशिक सँस्थाबाट कुनैपनि प्रकारको आर्थिक सहयोग छैन लिएको हालसम्म "नेपालले हामी"। प्रमाण को सो छु गरेको पेश यसैसाथ रिपोर्ट अडिट र स्टेटमेन्ट बैक महिनाको तीन बिगत स्वरुप। प्रकारका यस्ता र जबाफदेहिता सञ्चालनमा राज्य ,सरकार स्थिर नदिन दोहोरिन घटनाहरु कानूनको शासन हुनपर्छ। [127]

## १२७. रक्षा बमको कागज ब्यहोराः

म के.एण्ड के कलेज नयाँबानेश्वरमा मास्टर अध्ययन गर्दै छु र उज्जवल थाला फाउण्डेशन पानीपोखरीमा काम गर्ने गरेको थिए। सुशासन, राष्ट्रहित कायम गर्ने र भष्ट्राचार नियन्त्रणको माग राखी सामाजिक सँजालहरुमा २०८२ भाद्र २३ गते प्रदर्शन गर्ने भन्ने बिभिन्न सामाजिक सँजालहरुमा प्रचार प्रसार भई रहेका थिए। सामाजिक सँजाल मार्फत बिभिन्न ग्रुपहरुले प्रदर्शनलाई समर्थन गरी रहेका थिए। म पनि Gen-Z पुस्तामा पर्ने प्रदर्शनलाई सहभागिता जनाउनुको साथै प्रदर्शनमा सहभागिता जनाउने निर्णय गरें। सो पश्चात बिभिन्न Gen-Z समुहहरुसँग म समेतका मेरा चिनजानका अन्य व्यक्तिहरुले छलफल गर्दै आयौ। अन्तिम पटक काठमाडौं माईतिघरको खुल्लास्थानमा बसी छलफल गऱ्यौ। जस मध्ये मिराज ढुंगानाको समुहले केहि बिचार फरक पर्न गयो भनी अन्य Gen-Z समुहले प्रदर्शन गरी सकेपछी बेलुका १८.०० बजे मात्र प्रदर्शन गर्ने भने। छलफलको क्रममा काठमाडौं माईतिघरमा बिहान ०९.०० बजे जम्मा भेला भई जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट अनुमति प्राप्त भएको बमोजिम बानेश्वर एभरेष्ट होटल सम्म प्रदर्शन गर्दै जाने

127 घटना बिबरण कागजको सक्कल प्रति पाना- १०, अनुसुची-५ को सि.न.१२७ अन्तर्गत रहेको ।

र पुनः प्रदर्शन गर्दै माईतिघर फर्की कार्यक्रम समापन गर्ने, कार्यक्रम शान्तिपूर्ण तवरले गर्ने निर्णय भएको थियो। सोही बमोजिम मिति २०८२ भाद्र २३ गतेका बिहान अन्दाजी ०८.०० बजे तिर म माईतिघर काठमाडौंमा गएं। म जानु भन्दा अगाडी सुदन गुरुङको समुह गई व्यवस्थापनको कार्य गरी रहेका थिए। प्रदर्शनकारी जम्मा भेला हुने क्रम जारी थियो। प्रदर्शनमा सहभागीको संख्या माईतिघर मण्डलाले थेग्न नसक्ने अबस्था निकै ठूलो भई सकेको थियो। बिहान अन्दाजी १०.३० बजे तिर माईतीघरबाट राष्ट्रहित, सुशासन र भष्टाचारको माग सहित प्रदर्शन शुरु भयो। प्रदर्शनकारीहरु मईतिघरबाट बानेश्वर एभरेष्ट होटल तर्फ अगाडी बढ्न थाल्यो। लगभग ११.३० बजे तिर बानेश्वर पुग्यौ। म केही पछाडी थिए, अगाडीका प्रदर्शनकारी र संघीय संसद भवन नजिक सुरक्षाकर्मीले निषेधित क्षत्र जनाउन राखेको व्यारिकेटमा पुगी सकेका थिए। सो स्थानबाट पुनः माईतघर तर्फ प्रदर्शन गर्दै फर्कने भनीएकोमा अगाडीका प्रदर्शनकारी र व्यारिकेटमा रहेका सुरक्षाकर्मीहरु बिच धकेलाधकेल भयो भन्ने सुनीन थाल्यो, केही समयपछि प्रदर्शनकारीहरुले व्यारिकेट तोडे भन्ने सुनियो। पछी बुझ्दा प्रदर्शनकारी व्यारिकेट नजिक पुगेपछि प्रदर्शनमा सहभागी प्रदर्शनकारीहरुले आक्रोश व्यक्त गर्दै प्रदर्शन गर्ने क्रममा व्यारिकेट धकेल्ने क्रममा सुरक्षाकर्मीले हतियार ताक्ने जास्त कार्य गर्न थालेपछी सुरक्षाकर्मी र प्रदर्शनकारीहरु बीच धकेलाधकेल भएको सो क्रममा ठूलो संख्यामा रहेका प्रदर्शनकारीहरुले व्यारिकेट तोडेका तथा केही प्रदर्शनकारीहरुले प्रदर्शनकारीहरुलाई व्यरिकेट नधकेल्न तथा सुरक्षाकर्मीहरुलाई व्यारिकेट लगाउन समेत अनुरोध गरेका रहेछन्। केही समय पछि प्रदर्शनकारीहरु निषेधित क्षेत्रबाट अगाडीबढी बानेश्वर चोक सम्म पुगी संसद भवन भित्र छिर्ने प्रयाद गरी रहेको भन्ने खबर आयो। सुरक्षाकर्मीहरुले फायर गरेको आवाज आउन थाल्यो। अबस्था झन जटिल बन्दै जान थाल्यो। सोहि समयमा एक जना पर्दर्शनकारी घाईत भई दगुर्दै आए। मैले अब, अबस्था धेरै बिग्रने महशुस गरी स्कूल पोशाकमा रहेका विद्यार्थी प्रदर्शनकारीहरुलाई बैकल्पिक बाटोको प्रयोग गरी घरजान अनुरोध गरि रहेको थिएं। केही विद्यार्थिहरु घर फर्कन थाले भने केही विद्यार्थीहरु आन्दोलनमा सरिक भई रहे। अगाडी प्रदर्शनकारीबाट ढुंगामुढा र सुरक्षाकर्मीबाट अन्दाधुन्धा गोली चलाई रहेका थिए। सो पश्चात लगभग १-२ बजे तिरको समय हुनु पर्छ म लगायत केही साथीहरु अनामनगरमा गई सुरक्षित भयौ। मिति २०८२ भाद्र २३ गते बेलुका सम्म बानेश्वर क्षेत्र रणभूमि जस्तै भयो। सांझ शान्त भए पछी मैले सुरक्षाकर्मीले चलाएको गोलीबाट ठूलो सख्यामा प्रदर्शनकारीहरु मारिनुको साथै घाईते भएका जानकारी पाएं। २०८२ भाद्र २३ गते राज्यबाट हत्या गर्ने सम्मको दमन भएकोमा सम्पूर्ण जनताहरु अति आक्रोसित थिए। मलाई लाग्छ भोली कतिखेर उज्यालो हुन्छ भनेर जनताहरु छटपटाई रहेका थिए। २०८२ भाद्र २३ गतेको घटनाले भोलिपल्ट भाद्र २४ गते बिहानी देखी मुलुक भर आन्दोलन शुरु हुन थाल्यो। सो दिन म काठमाडौं बानेश्वर संघीय संसद भवन वरपर प्रदर्शनमा सहभागी भएको थिए। प्रदर्शनकारीहरु निकै

आक्रोशित थिए, संसद भवन छिर्न प्रयास गरी रहेका थिए, त्यस दिन पनि संसद भवन भित्रबाट सुरक्षाकर्मीले गोली चलाउन थाले, मेरै अगाडी एकजना निहत्था प्रदर्शनकारी गोली लागी मारिए। मान्छे मारिन थालेपछि प्रदर्शनकारीहरु अति आक्रोसित भएका थिए। संसद भवन तोडफोड गरी भित्र प्रबेश गर्ने प्रयास गरी रहेका थिए, सुरक्षाकर्मीले उत्तिकै मात्रमा बल प्रयोग गरी रहेका थिए। म लगायतका केही व्यक्तिहरुले तोडफोड आगजनी जस्ता कार्य नगरौ भनी सम्झाई बुझाई रहेका थियौ। प्रदर्शनकारीहरु कसैको कुरा नसुन्ने अबस्थामा पुगि सकेका थिए। अन्तत संसंद भवन तोडफोड तथा आगजनी गरे। एंव बृतले सो दिन सिंहदरबार स्थित राज्यका मुख्य प्रशासनिक निकाय, अदालत लगातका न्यायिक निकाय, सरकारी कार्यालयहरु, यसअघि पटक पटक सरकारमा सहभागी भएका राजनीतिक दलका उच्च पदस्थ, व्यापारिक प्रतिष्ठन लगायतमा तोडफोड आगजनी गरी क्षति पुऱ्याए। २०८२ भाद्र २३ गतेको शान्ति पूर्ण आन्दोलनलाई राज्यले व्यवस्थापन नगरी ठूलो संख्यामा यूवाहरुको हत्या गरको कारणको आक्रोशको परिणाम स्वरुप २०८२ भाद्र २४ गतेको तोडफोड, आगजनी जस्ता घटना भएका हुन्। प्रदर्शनमा मादक पदार्थ सेवन गरेका व्यक्तिहरु पनि प्रशस्त भेटिन्थे उहाँहारुलाई हामिले पटकपटक सम्झाई बुझाई गर्दा हामि माथिनै जाई लाग्ने गरेका थिए। प्रदर्शनको क्रममा राजवादी भनेर परिचए दिई हिड्ने व्यक्तिहरु समेत देखिन्थे। मलाई लाग्छ प्रदर्शनमा सबै राजनीतिक दलहरुको तर्फबाट सहभागिता थियो। २०८२ भाद्र २४ गते त बानेश्वरमा एज जना मादक पदार्थ सेवन गरेका व्यक्ति हातमा बन्दुक लिएर उछ्ृङ्खल प्रवृतिले प्रस्तुत भई रहेका थिए। प्रदर्शनमा कोही समुह वा व्यक्ति घुसपैठ गरी प्रदर्शन भड्एको सम्बन्धमा प्रस्तुत छानविन आयोबाट छानबिन गरी कानून बमोजिम कारबाही हुनेमा आशावादी छु। २०८२ भाद्र २३ र २४ गते सहिद भएका सहिद परिवार र घाईतेहरुलाई राज्यले उच्च सम्मान, जिविकोपार्जनको उचित व्यवस्थापन गरी दिनु पर्छ। त्यस्तै राज्यले दमन गरी गोली हानी हत्या गरेका सहिदहरुको न्यायको लागी दमन पक्षका जिम्मेवार व्यक्तिलाई कानून बमोजिम सजाँय र तोडफोड आगजनी जस्ता विध्वसांत्म कार्यमा संलग्न व्यक्तिहरुलाई समेत कानून बमोजिम कारबाही माग गर्दछु। [128]

## १२८. खेमराज साउदको कागज ब्यहोराः

म पशुपति बहुमुखी क्याम्पस चावहिलामा स्नातक अध्ययनरत रही हाल बडिमालिका कृषि कम्पनि प्रा.लि. नामको व्यवसाय समेत गरी आएको छु। मैले 'देशभक्त युवा नेपाल÷ नामको गैर नाफा मुलक संस्थाको संस्थापक अध्ययक्षको रुपमा समेत काम गरी आएको छु। उक्त संस्थाले समाजमा

128 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१२७ अन्तर्गत रहेको ।

रहेका कुरितीका विरुद्ध, सामाजिक क्षेत्रमा गारो सारो परेका व्यक्ति तथा समुदायमा सेवा गरी आएको छ। उक्त संस्थाबाट निर्मला पन्तको न्यायको लागि आवाज उठाएको, सहकारी पिडितको लागि, एमसिसिको विरुद्ध, एसपिपिको विरुद्ध, नागरिक्ता विधेयक विरुद्ध, विपिन जोशीको रिहाईको लागि समेत पहल तथा आन्दोलन गरेका थियौं। उक्त संस्थामा आवद्ध सदस्यहरुको व्यक्तिगत सहयोगले संस्था चलाई आएका छौं। यही क्रममा सामाजिक संजाल Facebook, Tik tok लगायतमा देशमा व्याप्त भ्रष्टाचार तथा Nepo Baby लगायतका ट्रेन्डहरु चलिरहेको थियो। म समेत उक्त आवाजहरुमा ऐक्यवद्धता जनाउँदै आएकोमा बि.सं. २०८२ भाद्र २० गते राति सामाजिक संजाल Discord को एउटा ग्रुपमा जोडिएको हुँ। विभिन्न सामाजिक सन्जालहरुमा संसद भवनमा भाद। र २३ गते दिनको १२०० बजे संसद भवन अगाडि उपस्थित भएर विरोध प्रदर्शन गर्ने भनी सुचनाहरु आईरहेकोमा हामीहरुले विरोध त गर्ने तर संसद भवन निषेधित क्षेत्र रहेकोले राज्यले तोकिदिएको स्थान माईतीघर मण्डलामा उपस्थित भएर विरोध प्रदर्शन गर्ने सहमति भएपछी उक्त विरोध प्रदर्शनको लागि म र अंकित मल्लले जिल्ला प्रशाशन कार्यालय काठमाण्डौबाट लिखित अनुमति माग गरेका थियौं। उक्त दिनको प्रदर्शनको सिलसिलामा अनुमति माग गरेका भनीएका सुधन गुरुङ, पुरुषोतम यादव लगायतसँग मेरो पूर्व चिनजान र सो विषयमा कुनै सर-सल्लाह भएको थिएन। मिति २०८२ भाद्र २३ गते बिहान अन्दाजी ०९०० बजेको समयमा म माईतीघरमा पुगेको हुँ। उक्त आन्दोलनमा हामीहरुको Discord ग्रुपको अन्दाजी ४००/५०० जनाको उपस्थिति भएको हुनुपर्दछ, तर हामीहरुको ग्रुपका सदस्यहरुको व्यक्तिगत चिनजान हुँदैन। हामीहरुका सदस्यहरुको कालो मास्क लगायर उपस्थित हुने सल्लाह भएको थियो। "भ्रष्टाचारको अन्त्य गर, सामाजिक सन्जाल बन्द गर्न पाईंदैन, नातावाद कृपावाद अन्त्य गर" लगायतका नारा भएको व्यानर सहित हामीहरु सहभागी भएका थियौं। हामीहरु जस्तै विभिन्न ग्रुपमा आवद्ध भई साथीहरुको उक्त दिन आन्दोलनमा सहभागिता भएको थियो। माईतिघर मण्डलमा मानिसहरुको भिडभाड बढेपछी म समेत माईकिङ सहित भएको गाडिमा चढी 'जेन्जी पुस्ता बौद्धिक पुस्ता हो, क्षमतावान समेत छ, सचेत नागरिकका सरह बोट बिरुवाहरु भाँच्दैनौं, फोहोर गर्दैनौ, व्यक्तिगत विशेषलाई लक्षित गरी लाञ्छना लगाउनु हुँदैन, देशमा भएका अनियमितता र भ्रष्टाचार विरुद्ध संयमित भएर विरोध प्रदर्शन गर्दछौं भनी माईकिङ गरी सु-सुचित गरीरहेका थियौं। पछि हामीहरुको रैली निषेधित क्षेत्र सम्म जाने र उक्त स्थानमा कोणसभा गरी पुनः माईतीघर मण्डलामै फर्कीने सामान्य सल्लाह भई सोही अनुसार माईकबाट आह्वान गर्दै हामीहरु माईतीघर मण्डलाबाट अगाडि बढेका हौं। म गाडिमै रही नारा लगाउँदै थिएँ। रैली माईतीघर देखि बिजुली बजार पुलसम्मको सम्पूर्ण सडक भरी मानिसहरुले

भरिभराउ थियो। एभरेष्ट होटल अगाडि प्रहरीले ब्यारिकेड राखेको रहेछ, तर उक्त क्षेत्रमा मैले देख्दा निषेधित क्षेत्रमा सुरक्षाकर्मीको सुरक्षाघेरा बलियो थिएन। सुरक्षाकर्मीको संख्या न्युन थियो, ब्यारिकेड पनि एउटै लाईनमा मात्र थियो। साथै सुरक्षाकर्मीको कमाण्डरबाट भिडलाई सहज रुपले सम्बोधन गर्न चुकेको जस्तो लाग्छ, निजको सम्बोधन समेत केही रुखो नै थियो। भिडमा बिभिन्न उद्धेश्य लिई उपस्थित हुने हुनाले प्रहरी र प्रदर्शनकारीहरुसँग सामान्य ठेलाठेल हुँदै प्रहरीले सो स्थान छाडेर ब्याक भए। हामीले पटक पटक भिडलाई अगाडि नबढ्न आग्रह गर्दै केही समय सोही स्थानमा होल्ड समेत गरेउँ। तर प्रहरी तर्फबाट लगातार रुपमा पानीको फोहोरा, लाठी चार्ज र अश्रु ग्यास प्रहार भएपछी हामीहरुले गरेको आग्रहलाई वेवास्ता गरी आन्दोलनकारी अगाडि बढे, प्रहरीहरु पनि उक्त स्थानबाट एकै पटक संसद भवन भीत्रै गए। सडक पुरै खाली थियो, सुरक्षाकर्मीबाट संसद भवनसम्म कुनै अवरोध भएन। संसद भवनको चारै तर्फ प्रदर्शनकारीहरुको भिडभाड थियो। संसद भवन भीत्रबाट लगातार अश्रु ग्यास प्रहार भएपछी भिड झन् आक्रोशित भएर भीडकै केही मानिसहरु संसद भवन प्रवेश गर्न भनी संसद भवनको मुल गेट तथा पर्खालमा चढ्न थाले। कर्फ्यु कतिवेला लाग्यो मैले थाहा पाईन। हामीले भिडलाई पटक पटक उच्छ्रिङ्खल गतिविधी नगर्न आग्रह गरिरह्यौं। सो घटनाको बारेमा प्र.जि.अ.लाई फोन गरी जानकारी गराउन खोज्दा फोन सम्प्रक नै हुन सकेन। एकाएक गोलीहरु चल्न थाले, म संसद भवनको दक्षिण तर्फको गेट नजिकै थिएँ, मसँगै रहेका एकजना प्रदर्शनकारीको गोली लागि भुईंमा ढले। निजलाई उद्धार गर्ने क्रममा दाई मलाई बचाउनुहोस् भन्दै सुन्दा म सारै भाव विव्हल समेत भएँ। निजलाई हामीहरु ३ जनाले बोक्दै उचाल्दै नजिकै रहेको सिभिल अस्पतालमा पुर्याउँदा डाक्टरले निजको मृत्यु भै सकेको जानकारी दिए। म अस्पतालमा रहँदै घाईतेहरुलाई अस्पतालमा ल्याउने क्रम झन् बढ्न थाल्यो। त्यसपछि म पुनः संसद भवन तर्फ नै गएँ। म पुग्दा अर्को एकजना प्रदर्शनकारी नै गोली लागि ढलेको देखी निजलाई समेत उद्धार गरी अस्पताल लगियो। एवम् रितमा मैले ३ जनालाई उद्धार गरेको थिएँ। अन्तिम पटक म संसद भवनको दक्षिण गेटमा पुग्दा एकजना गोली लागि ढलीरहेको र निजलाई देखाउँदै अर्को एकजनाले हात जोडी गोली नहान भनीरहेको अबस्थामै निजलाई समेत गोली हानीयो। उक्त दिन प्रहरीले प्रदर्शनकारीलाई ताकी ताकी गोली हानीरहेको थियो। तेस्तो व्यक्तिलाई उद्धार गरी म अस्पतालमा पुगेपछी प्रहरीले हामीलाई बाहिर निस्कन समेत दिएन। अस्पतालको गेटमा समेत प्रहरीको तैनाती थियो, निजहरुले बिरामीको आफन्त तथा कुरुवालाई समेत भित्र जान दिन रोक लगाईरहेको थियो। अस्पताल भित्रै रहेका प्रहरीहरुले म समेतलाई अभद्र व्यबहार गरेको हो। र करिव रातको ०९०० बजे तिर म अस्पतालबाट बाहिर निस्की ट्रमा सेन्टरमा मृतक र घाईते छन्

भन्ने सुनी भेट्न गएँ। तर हामीलाई अस्पताल भीत्र छिर्न प्रहरीले दिएन। त्यसपछि म ललितपुर भैंसेपाटीमा रहेको साथीको डेरा कोठामा गई सुतेको हुँ। २३ गते राती Discord ग्रुपमा केही कुराकानी भएन। भोलिपल्ट दिनको १६०० बजे सम्म म साथीको सोही कोठामा बसें। २४ गते भएका आगजनी तथा तोडफोडको घटना सामाजिक सन्जालबाटै हेरी थाहा पाएको हुँ। मैले संसद भवन, सिंहदरवार लगायतका धरोहरहरुमा आगजनी गर्न हुँदैन भनी सामाजिक सन्जालबाटै आह्वान गरें। दिनको १६०० बजेपछि म, जुनाल गदाल, पवन गौतम लगायतका साथीहरु के कसो भए भनी सहरमा प्रवेश गर्दा सर्वोच्च अदालत, सिंहदरवारमा आगो लागिरहेको देखी सुन्धारा पुगी साथीभाईहरुसँग न्यायपालिका, कार्यपालिका, संसद, सिंहदरवार लगायत जलेर नष्ट भयो, प्रधानमन्त्रीले राजिनामा दिए, अब के होला ? कसरी अगाडि बढ्ने भनी सर सल्लाह गर्न थाल्यौं। साँझमा सामाजिक सन्जालमै पशुपतिनाथको मन्दिरमा आगो लगाउँदैछन् भन्ने सुनेपछि हामी साथीहरु पशुपतिनाथ जोगाउनुपर्छ भन्दै तेतै तिर गईयो तर उक्त स्थानमा केही थिएन, अवस्था सामान्य देखेपछि नेपाली सेनालाई खवर गरी फर्कियो। हामी आन्दोलनकारीहरुलाई नेपाली सेनाबाट वार्ताको लागि बोलाईएको खवर पाएपछि हामी साथीभाईहरु सर सल्लाह गरी "हामी नेपाली" संस्थाको कार्यालय रानीबारीमा भेला भई बार्ता गर्न भनी केही साथीहरु भद्रकाली तर्फ गए। २४ गते राती उपत्यकाका विभिन्न गर्ल्स होस्टलहरुबाट अपरिचित व्यक्तिहरु ढोकामा आईरहेका छन्, आई दिनु पर्‍यो भन्दै कलहरु समेत आए। हामीले नेपाली सेनालाई सो बारेमा खवर गरेउँ। रातमा अब प्रधानमन्त्री कसलाई बनाउने भन्दै छलफलहरु भैरहे। बालेन शाहलाई बनाउनुपर्छ भन्ने पहिलो मत आएपनि वाहाँले खासै चासो देखाउनु भएन, त्यसपछी तत्कालीन विषम परिस्थितिमा कानूनका ज्ञाता समेत रहेको भनी शुशीला कार्कीलाई एप्रोच गरियो र निजले समेत सहमती देखाएपछी वाहाँको नाममा एकमुष्ट सहमति जनाई नेपाली सेनाको प्रमूख समक्ष जियनजेड साथीहरुबाट सिफारिस गरियो।

भाद्र २३ गतेको आन्दोलनमा कुनै घुसपैठ थिएन, तर शान्तिपूर्ण रुपमा गरिएको आन्दोलनमा सरकारी पक्षबाट बर्बरतापुर्बक दमन गरी गोली चलाई ३ घण्टाको अन्तरालमा १९ जना मानिसहरुलाई मारेपछि सोही कारणले मानिसहरुमा आक्रोसको कारण भाद्र २४ गते मानिसहरु सडकमा आएका हुन्। राज्य सँचालन गर्न महत्वपूर्ण प्रशासनिक निकायहरु, सर्वोच्च अदालत, निजि सम्पत्तिहरु तथा प्रहरी कार्यालयहरुमा तोडफोड, आगजनी गरी ठूलो क्षति पुऱ्याउनुको साथै, प्रहरीहरुको निर्मम हत्या, हातहतियार लुटपाट गर्ने जस्ता विध्वंसात्मक कार्यमा भने स्वार्थ समुह राख्ने

मनसायका व्यक्तिहरुको घुसपैठले उक्त घटना घटाएका जस्तो लाग्छ। [129]

## **१२९. रोनेश प्रधानको कागज कागज व्यहोराः**

म काठमाडौं ठुलो भऱ्याङ चक्लेट सम्बन्धी राधिका सप्लायर्स सँचालन गर्छु। बिपतका बखत सहयोग गर्ने "हामी नेपाल" नामको सँस्थालाई आबश्यक परेका बखत पहिले देखिनै Volunteer को काम गरी आएका थिए। २०८२ भाद्र २३ गते नेपालको राष्ट्रहित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रणको माग राखी जियनजेड (Zen-Z) युवा पुस्ताबाट आन्दोलन हुने सम्बन्धमा सामाजिक सँजालहरु मार्फत व्यापक प्रचार प्रसार भई रहेको थियो, त्यसको नेतृत्व सम्बन्धमा थाहा थिएन। २०८२ भाद्र २३ गते बिहान जियनजेड (Zen-Z) युवा पुस्ताहरु प्रदर्शनको लागी माईतिघर मण्डलामा जम्मा हुने कार्यक्रम रहेछ। सोहि अनुसार "हामी नेपाल" संस्था मार्फत डाक्टर, औषधि लगायतको उपचार सामग्रीहरु, एम्बुलेन्स सहितको टिम बिहान लगभग ९/१० बजे तिर माईतिघर मण्डलामा गएको थियो, हामिहरु सो संस्थाको Volunteer को रुपमा उपस्थित भएका थियौ। १०/११ जति बजेको थियो होला माईतिघर मण्डलामा माईतीघर मण्डलाले थेग्न नसक्ने अबस्थामा प्रदर्शनकारीहरु ठूलो सख्यामा जम्मा भई सकेका थिए। माईतीघर मण्डलाबाट जम्मा भेला भएका व्यक्तिहरु प्रदर्शन गर्दै बानेश्वर तर्फ अगाडी बढे। हामि पनि प्रदर्शनसँगै अगाडी बढ्यौ। अगाडी बढ्दै जांदा हामिहरु बानेश्वर एभरेष्ट होटल अगाडी पुगियो। त्यहा संघीय संसद भवन वरपरलाई निषेधित क्षेत्र जनाउन वेरिकेट राखिएको थियो। बेरिकेट नजिक सुरक्षाकर्मीहरु तैनाथ थिए। प्रदर्शनकारीहरुको भीडले बेरीकेट तोड्ने प्रयास गर्न थाल्यो, सुरक्षाकर्मीले निषेधित क्षेत्रको जानकारी गराउदै सम्झाउन बुझाउन थाले। प्रदर्शनकारीहरु सुरक्षाकर्मीको कुरा नसुनी व्यरिकेट धेल्न थाले। प्रदर्शनकारीहरु र सुरक्षाकर्मी बीच निकै बेर सम्म बेरीकेट धकेलाधकेल भयो। हामिले समेत प्रदर्शनकारीहरुलाई वेरिकेट नतोड्नुहोस, फर्किदुनहोस भन्दै अनुरोध गरी रहेका थियौं। प्रदर्शनकारीहरु हाम्रो कुरा समेत सुन्दैन्थ्ये, हामि माथि जाई लाग्न खोज्थ्ये। मादक पदार्थ सेवन गरेका प्रदर्शनकारीहरुले भीडलाई धकेल हान भन्दै उस्काई रहेका थिए। उस्कावटमा आएका भीडले वेरीकेट धकाली रहे, सुरक्षाकर्मी माथी पानिको बोतल प्रहार गर्न थाले, सुरक्षाकर्मीहरुले पानिको फोहोरा, अश्रुग्यास, लाठीचार्ज जस्ता प्रकृयाबाट भीड नियन्त्रण गर्ने प्रयास गरे। ठूलो सख्यामा रहेको भीड नियन्त्रण भएन र निषेधित क्षेत्र जनाउन राखेको व्यारिकेट तोडेर संघीय संसद भवन तर्फ

---

129 घटना बिबरण कागजको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१२८ अन्तर्गत रहेको ।

अगाडी बढ्न थाल्यो। सो पश्चात प्रदर्शनकारीहरु झन हौसिदै, संघीय संसद भवन प्रबेश गर्ने लक्षित गरी सुरक्षाकर्मीहरु माथी ढुंगामुढा प्रहार गर्दै आक्रमक शैलीमा उत्रिए। सुरक्षाकर्मीहरुले पानिको फोहोरा, अश्रुग्यास प्रहार गर्नुको साथै लाठी चार्ज गर्न थाले। सो पश्चात पनि भीड नियन्त्रणमा आएन, पछी फयार चल्न थाल्यो। फायर चल्न थालेपछी प्रदर्शनकारीहरु गोली लागी घाईते हुन थाले भने कति प्रदर्शनकारीहरु मारिए पनि। एक जना ग्लोबल कलेजको युनिफर्म लगाएको विद्यार्थीको टाउकोमा गोली लागी गिदी समेत बाहिन निस्केको अबस्थामा, अन्य दुई जना गोली लागी घाईते भएकालाई त मैले एम्बुलेन्स राखी राष्ट्रिय ट्रमा सेन्टर महाबौद्ध काठमाडौमा लगे। निजहरु मध्ये ग्लोबल कलेजको विद्यार्थी अस्पताल लादा लादै बाटैमा मेरेका थिए। भोलिपल्ट २०८२ भाद्र २४ गते बिहान तिर राष्ट्रिय ट्रमा सेन्टरमा गई घाईतेहरुको उपचार गर्न सहयोग गरे। सिंहदरबारमा आगजनी भएको भन्ने खबर सुनी गए, आगो नियन्त्रणमा लिन सक्ने अबस्था थिएन। बालुवाटारको होटल म्युजियममा आगोलागी भएको स्थानमा २ जना फेसेको भन्ने सुन्यौ, त्याहापनि मानिसहरुको भीड थियो। मानिस फसेको सम्बन्धमा बुझ्दा निकाली सकेको भन्ने जानकारी भयो। होटलबाट केही व्यक्तिहरु सामान निकाली लगी रहेको देखिन्थ्यो। बेलुका तिर हिल्टन होटलमा मानिसहरु फसेको भन्ने जानकारी पाई जादा उद्धार भई सकेका रहेछन् उद्धारमा लाग्दा लाग्दै उक्त दिन पनि सकियो।

२०८२ भाद्र २३ र २४ गतेको आन्दोलन सम्बन्धमा २३ गते मादक पदार्थ लगायतको नसालु पदर्थ सेवन गरेका व्यक्तिहरुको सहभागितामा त्यस्ता व्यक्तिहरुले धैरै आक्रोशित हुने, अन्य प्रदर्शनकारीहरुलाई समेत उस्उने कार्य गरी रहेका देखेका थियौ। त्यस्तै भाद्र २४ गते संघीय संसद भवन, सिंहदरबार स्थित राज्यका प्रमुख प्रशासनिक निकाय, सरकारी कार्यालयहरु, व्यपारिक प्रतिष्ठान, निजि निवास समेतमा तोडफोड, आगजनी हुनुमा जियनजेड (Zen-Z) युवाको प्रदर्शनको मौका परी अराजक समुहको घुसपैठ वा त्यस्ता समुहले घुसपैठ गराएको कारण ठूलो मात्रमा जनधनको क्षति भएको जस्तो लाग्दछ। [130]

## १३०. आन्दोलनमा संलग्न सहयोगी बिशाल श्रेष्ठको कागज कागज ब्यहोराः

म ललितपुर कुपण्डोलमा डे.जी. ट्राभल्स एण्ड एडभेन्चर संचालन गर्छु। बिपतका बखत सहयोग गर्ने "हामी नेपाल" नामको सँस्थालाई आबश्यक परेका बखत पहिले देखिनै Volunteer को काम गरी आएका थिए। २०८२ भाद्र २३ गते नेपालको राष्ट्रहित, सुशासन, तथा भ्रष्टाचार नियन्त्रणको माग

130 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१२९ अन्तर्गत रहेको ।

राखी जियनजेड (Zen-Z) युवा पुस्ताबाट आन्दोलन हुने सम्बन्धमा सामाजिक सँजालहरु मार्फत व्यापक प्रचार प्रसार भई रहेको थियो, त्यसको नेतृत्व सम्बन्धमा थाहा थिएन। २०८२ भाद्र २३ गते बिहान जियनजेड (Zen-Z) युवा पुस्ताहरु प्रदर्शनको लागी माईतिघर मण्डलामा जम्मा हुने कार्यक्रम रहेछ। सोहि अनुसार "हामी नेपाल" संस्था मार्फत डाक्टर, औषधि लगायतको उपचार सामग्रीहरु, एम्बुलेन्स सहितको टिम बिहान लगभग ९/१० बजे तिर माईतिघर मण्डलामा गएको थियो, हामिहरु सो संस्थाको Volunteer को रुपमा उपस्थित भएका थियौ। १०/११ जति बजेको थियो होला माईतिघर मण्डलामा माईतीघर मण्डलाले थेग्न नसक्ने अबस्थामा प्रदर्शनकारीहरु ठूलो सख्यामा जम्मा भई सकेका थिए। माईतीघर मण्डलाबाट जम्मा भेला भएका व्यक्तिहरु प्रदर्शन गर्दै बानेश्वर तर्फ अगाडी बढे। हामि पनि प्रदर्शनसँगै अगाडी बढ्यौ। अगाडी बढ्दै जांदा हामिहरु बानेश्वर एभरेष्ट होटल अगाडी पुगियो। त्यहा संघीय संसद भवन वरपरलाई निषेधित क्षेत्र जनाउन वेरिकेट राखिएको थियो। बेरिकेट नजिक सुरक्षाकर्मीहरु तैनाथ थिए। प्रदर्शनकारीहरुको भीडले बेरीकेट तोड्ने प्रयास गर्न थाल्यो, सुरक्षाकर्मीले निषेधित क्षेत्रको जानकारी गराउदै सम्झाउन बुझाउन थाले। प्रदर्शनकारीहरु सुरक्षाकर्मीको कुरा नसुनी व्यरिकेट धकेल्न थाले। प्रदर्शनकारीहरु र सुरक्षाकर्मी बीच निकै बेर सम्म बेरीकेट धकेलाधकेल भयो। हामिले समेत प्रदर्शनकारीहरुलाई वेरिकेट नतोड्नुहोस, फर्किदुनहोस भन्दै अनुरोध गरी रहेका थियौ। प्रदर्शनकारीहरु हाम्रो कुरा समेत सुन्दैन्थ्ये, हामि माथि जाई लाग्न खोज्थ्ये। मादक पदार्थ सेवन गरेका प्रदर्शनकारीहरुले भीडलाई धकेल हान भन्दै उस्काई रहेका थिए। उस्कावटमा आएका भीडले वेरीकेट धकाली रहे, सुरक्षाकर्मी माथी पानिको बोतल प्रहार गर्न थाले, सुरक्षाकर्मीहरुले पानिको फोहोरा, अश्रुग्यास, लाठीचार्ज जस्ता प्रकृयाबाट भीड नियन्त्रण गर्ने प्रयास गरे। ठूलो सख्यामा रहेको भीड नियन्त्रण भएन र निषेधित क्षेत्र जनाउन राखेको व्यारिकेट तोडेर संघीय संसद भवन तर्फ अगाडी बढ्न थाल्यो। सो पश्चात प्रदर्शनकारीहरु झन हौसिदै, संघीय संसद भवन प्रबेश गर्ने लक्षित गरी सुरक्षाकर्मीहरु माथी ढुंगामुढा प्रहार गर्दै आक्रमक शैलीमा उत्रिए। सुरक्षाकर्मीहरुले पानिको फोहोरा, अश्रुग्यास प्रहार गर्नुको साथै लाठी चार्ज गर्न थाले। सो पश्चात पनि भीड नियन्त्रणमा आएन, पछी फयार चल्न थाल्यो। फायर चल्न थालेपछी प्रदर्शनकारीहरु गोली लागी घाईते हुन थाले भने कति प्रदर्शनकारीहरु मारिए पनि। मैले घाईतेहरुला सिभिल अस्पताल, त्रि.बि. शिक्षण अस्पताल मसेत लागन सयहोग गरे। भोलिपल्ट २०८२ भाद्र २४ गते बिहान तिर राष्ट्रिय ट्रमा सेन्टरमा गई घाईतेहरुको उपचार गर्न सहयोग गरे। सिंहदरबारमा आगजनी भएको भन्ने खबर सुनी गए, आगो नियन्त्रणमा लिन सक्ने अबस्था थिएन। बालुवाटारको होटल म्युजियममा आगोलागी भएको स्थानमा २ जना फेसेको भन्ने सुन्यौ, त्याहापनि

मानिसहरुको भीड थियो। मानिस फसेको सम्बन्धमा बुझ्दा निकाली सकेको भन्ने जानकारी भयो। होटलबाट केही व्यक्तिहरु सामान निकाली लगी रहेको देखिन्थ्यो। बेलुका तिर हिल्टन होटलमा मानिसहरु फसेको भन्ने जानकारी पाई जादा उद्धार भई सकेका रहेछन्, बौद्धको भाटभेटनीमा उद्धारमा संलग्न हुने क्रममा मादक पदार्थ सेवन गरी बसेका व्यक्तिहरु टाउकोमा प्रहार गरी घाईते बनाए, सो भाटभटेनीमा फसेका व्यक्तिहरुलाई उद्धार गरियो। उद्धारमा लाग्दा लाग्दै उक्त दिन पनि सकियो।

२०८२ भाद्र २३ र २४ गतेको आन्दोलन सम्बन्धमा २३ गते मादक पदार्थ लगायतको नसालु पदर्थ सेवन गरेका व्यक्तिहरुको सहभागितामा त्यस्ता व्यक्तिहरुले धैरै आक्रोशित हुने, अन्य प्रदर्शनकारीहरुलाई समेत उस्उने कार्य गरी रहेका देखेका थियौ। त्यस्तै भाद्र २४ गते संघीय संसद भवन, सिंहदरबार स्थित राज्यका प्रमुख प्रशासनिक निकाय, सरकारी कार्यालयहरु, व्यपारिक प्रतिष्ठान, निजि निवास समेतमा तोडफोड, आगजनी हुनुमा जियनजेड (Zen-Z) युवाको प्रदर्शनको मौका परी अराजक समुहको घुसपैठ वा त्यस्ता समुहले घुसपैठ गराएको कारण ठूलो मात्रमा जनधनको क्षति भएको जस्तो लाग्दछ। [131]

## १३१. आन्दोलनमा संलग्न सहयोगी ऋषी थापाको कागज ब्यहोराः

नेपाल सरकारले सामाजिक सन्जालहरुमा प्रतिवन्ध गरेपछि जियनजेड (Gen-Z) युवा समूहबाट राज्यमा भएको भष्ट्राचारको बिरुद्धमा २०८२ भाद्र २३ गते आन्दोलन गर्ने भनी सामाजिक सँजालहरुमा व्यापक प्रसार भई रहेको थियो। म पनि जियनजेड (Gen-Z) पुस्तामा पर्ने हुँदा आन्दोलनलाई समर्थन गर्न रक्षा बमको समूहमा आबद्ध भई सामाजिक संजालहरु मार्फत आन्दोलनको आह्वान गरी रहेको थिएँ। सोही क्रममा आन्दोलनको लागि मैले "पृथ्वी सुब्बा गुरुङ कमिसनको बाटो, जनताको भबिष्य कहिले खोल्ने गाँठो", "रमेश लेखक मान्छे बेच्ने काम, जनताको अधिकार भयो बदनाम" "युवा अघि बढ्छ, देश अघि सर्छ भष्ट्राचार ढल्छ" "साहस नभए स्वतन्त्र आउँदैन, संघर्ष नगरे विजय पाउँदैन" जनताको पसिना देउवाको खानामा, जयबिर हुर्कियो लुटको दानामा" जस्ता नाराहरु तयार गरी २०८२ भाद्र २२ गते राति भाइबर मार्फत आदित्य कर्ण नामको साथीलाई पठाएँ। सोही अनुसार २०८२ भाद्र २३ गते म आन्दोलनमा सहभागी हुन अन्दाजी ११ः३० बजे तीर बानेश्वर चोकमा पुगेको थिएँ। त्यहाँ मलाई कुरी बसेका छिरीङ्ग तामाङ र म माइतीघर तर्फ बनेश्वर सडकको बायाँ लेन हुदै अगाडि बढयौं। एभरेष्ट अस्पताल पुगेपछि माइतिघर

131 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१३० अन्तर्गत रहेको ।

तर्फबाट अन्य प्रदर्शनकारीहरुले निषेधित क्षेत्र जनाउन सुरक्षाकर्मीले राखेको व्यारिकेट तोडी अगाडि बढी सकेका रहेछन्। सोही प्रदर्शनकारीहरुको समूहमा हामी पनि मिसियो। सोही भीडमा सहभागी भई प्रदर्शन गर्दै संघीय संसद भवन बनेश्वरको दक्षिणगेटमा आई पुग्यौं। त्यो समयमा उक्त स्थानमा सुरक्षाकर्मी कम संख्यामा थियो। प्रदर्शनकारीहरुलाई म आफैले This is not our Motive, Please Sit-down भन्दै संसद भवनको गेट अगाडि बसाली अगाडि Youth against Corruption को व्यानर राखी "रातो र चन्द्र सुर्य" बोलको राष्ट्रहितको गित गाउन थाल्यौं। सो पश्चात भीड बढ्दै गयो, सोही क्रममा एक जना यादव थर भएका प्रदर्शनकारी साथी दक्षिण गेटको दाहिने तर्फ चढे। निजलाई पछ्याउदै अन्य १०/१५ जना साथीहरु पनि चढे। प्रहरी सुरक्षाकर्मीले गेटमाथि चढेका साथीहरुलाई लक्षित गरी अश्रुग्याँस प्रहार गरे। हामी अन्य प्रदर्शनकारीहरुलाई पनि अश्रुग्याँस र लाठीको प्रयोग गरी लखेट्न थाले। गेटमाथि उक्लेका साथीहरु झर्न थाले। प्रदर्शनकारीहरुले दक्षिणगेटको बायाँ तर्फ लगाएको सिसा समेत फुटाई दिए। सुरक्षाकर्मीबाट अश्रुग्याँसका साथै रबरका गोलीहरु समेत फायरहरु हुन थाल्यो। लगतै सुरक्षाकर्मीबाट कर्फ्यु लागि सक्यो गोली हान्ने आदेश छ भन्दै माइकिङ गर्दै हामीहरुलाई लाठी र सिठ्ठीको सहायताले लखेटी रहेका थिए। लगत्तै फायरिङ हुन थालेपछि साथीहरु घाइते हुन थाले, घाइतेको सख्या बढ्न थाल्यो। सुरक्षाकर्मीहरुले प्रहार गरेको अश्रुग्याँस प्रदर्शनकारीहरुले टिपेर सुरक्षाकर्मीतर्फ नै फाल्न थाले। त्यसपछि सडकबाट सुरक्षाकर्मीहरु संघीय संसद परिसर भित्रै छिरे। भित्रबाट गोली चल्न शुरु भयो। प्रदर्शनकारीहरु कम्मर भन्दामाथि टाउको सम्मको भागमा गोली लाग्न थाल्यो। रक्तपात अत्याधिक भयो। घाइतेहरुको घाउमा म लगायतका प्रदर्शकारीहरुले बोकेको राष्ट्रिय झण्डाले बाँधी उद्धार गरी एम्बुलेन्सको सहयोग लिई अस्पताल पठायौं। एउटा एम्बुलेन्समा ५ देखी १० जनालाई राखी अस्पताल पठाउनु पर्ने अबस्था थियो। गोली लागेका केही प्रदर्शनकारीहरुको मृत्य सम्म भई सकेको देखिन्थ्यो। म सँगै भएको सुलभराज श्रेष्ठ नाम गरेका साथीको टाउकोमा गोली लागि गिदी समेत बाहिर निस्कीई मृत्यु भई सकेको अबस्थामा थियो। निजको शव संघीय संसद भवन अगाडि लगी राख्ने क्रममा अर्को १ जनालाई समेत गोली लागि ढल्यो। सो पश्चात पनि घाइतेको संख्या बढी रहेको थियो। सुरक्षाकर्मीले हामीलाई लखेटी संसद भवन दक्षिणगेट अगाडि सिधा तर्फ रहेको गल्लीमा पुऱ्याए, गल्ली भित्र पनि अश्रुग्याँस र गोली चलाए, त्याहाँपनि केही प्रदर्शनकारीहरु घाइते भए, म लगाएतका केही सथीहरु कसैको घरभित्र गई पानी पियौ। हामीलाई त्यहाँबाट निस्कन नदिन प्रहरीले बन्दुक ताकी बसी रहेका थिए। लगभग आधिघण्टा पछि हाम हात उठाउदै निस्किई, संसद भवन अगाडि जम्मा भयौ। त्यहाँ संसद भवन भित्रबाट चलाएको गोली एकजना प्रदर्शनकारीको

छात्तीमा लागि ढले, निजलाई सिभिल अस्पताल लग्यौं, निजको मृत्य भई सकेको रहेछ। त्यसपछि मैले आफूसँग रहेको हाते माइकबाट प्रहरीलाई लक्षित गरी "गोली कति हान्नु हुन्छ, कतिलाई मार्नु हुन्छ, अब त बन्द गरौं" भने त्यसपछि प्रदर्शनकारीहरुतर्फ लक्षित गरी "ढुंगामुढा नगरौं, संयमता अपनाऔं" भनी माहोल सहज बनाउन कोशिश जारी नै राखीरहें। घटनास्थलमा मैले गोलीले हातबाट मासु नै छुट्टीई हड्डिमात्र देखिएको, गोली लागि पेट प्वाल भई करङ समेत देखिएको, घाउलाई राष्ट्रिय झण्डाले बाँधेर उपचारको लागि पठाइएको, कसैको खुट्टाको तल्लो भागमा मासु नै छुट्टिएको, एकजनाको दाँहिने आँखामा गोली लागि छेडेर गएको, कसैको घुँडामा गोली लागि तल्लो भाग लत्रिएको, एकजनाको पछाडि चाकको भागमा गोली लागेर घाइते भएको, एकजनाको टाउकोकोबीच भागमा गोली लागि टाउको नै फुटेको, २ जनाको घाँटीमा गोली छेडेर गएको लगायतका प्रकृतिका करिव २०/२२ जना घाइतेहरुलाई आफैंले उद्धार गरी अस्पतालतर्फ पठाएको थिएँ। घाइतेहरु बेहोशी अबस्थामा रहँदा सँगै रहेका साथीहरुले "घाइतेलाई तेरो रगत खेर जाँदैन, बालेन आएपछि सबै ठीक हुन्छ, तेरो रगत बगाउनेलाई छाड्नेवाला छैनौं" भनेर उत्प्रेरणा जगाउँदै थियौं। घटनास्थलमा घाइते भई भुईंमा लडेको व्यक्तिलाई उद्धार गर्न खटिएका व्यक्तिहरुलाई समेत लक्षित गरी प्रहरीले अन्धाधुन्द गोली फायर गरी उद्धार गर्न खटिएकै व्यक्ति समेत घाईते हुन पुगेका थिए। प्रहरीले ग्रुपमा रहेका प्रदर्शनकारीहरुलाई संसद भवनतर्फ सडकबाट चारैतिर गल्ली गल्लीमा लखेटेर लाने पर पुगेपछि प्रदर्शनकारीहरुले प्रहरी लक्षित गरी ढुंगा हान्ने र प्रहरी तर्फबाट अन्धाधुन्द गोली हान्ने प्रकृया समेत चलिरहेको थियो। हामीले संसद भवन एरिया खाली नहोस् भनेर पुनः सोही तर्फ अगाडि बढीरहने र प्रहरीले भने हामीलाई सो एरियाबाट गल्ली तर्फ लखेट्ने क्रीया-प्रतिक्रिया चलिनै रह्यो। आन्दोलनको विचमै मेरा साथीहरु सुरेश मगर र अमृत थापाले मलाई लिन आउँदा समेत आफूले भीमसेन थापा, अमरसिंह थापा, भक्ति थापा लगायतका पुर्खाका गाथा सम्झदैं सँगै आएका साथीहरु मरिसके, केही अंगभंग भए, म कायर भएर भाग्दिन बाँचे घर आउँछु, मरे पशुपतिमा सेलाइदेउ भन्दै आन्दोलनमा सहभागी भैरहें। करिव १७:३० बजेको समयतिर नयाँ वानेश्वर शंखमुल सडक खण्डमा घाँटीमा गोली लागि रगताम्मे अबस्थाको घाइते देखी निजलाई उद्धार गरी एकजनाको मोटरसाइकलमा राखी गल्ली गल्ली हुँदै सिविल अस्पतालमा लिई गएको थिएँ। अस्पताल पुग्दा अस्पताल परिसर घाइतेहरुले भरिभराउ थियो, सिरियस घाइतेले मात्र वेड पाएका थिए, घाइतेहरु भुईंमा, मेचमा राखी उपचार भैरहेको थियो, स्वास्थ्यकर्मीको अभाव थियो। घाइतेलाई छाडेर म बाहिर निस्कँदा गेटमै आन्दोलनकारीको समूह थियो, प्रहरीको एउटा समूह नेपाल कमर्श क्याम्पस जाने मोडमा थिए, प्रहरीलाई प्रदर्शनकारीले ढुंगा हान्दिए, त्यसपछि प्रहरीले समेत गोली चलायो, गोली लागेर

२ जना घाइते हुन पुगे। त्यसपछि निजहरुलाई समेत उद्धार गरी घाइतेलाई अस्पताल भित्र लैजाँदा प्रहरीले हामीलाई अश्रुग्याँस प्रहार गर्दा अस्पताल तर्फ पुगेको थियो। उद्धारको क्रममा मेरो शरीर समेत रगतले लत्पतिएको, लुगाको सम्पूर्ण भागहरु रगतले भिजेको र आफू समेत थकित्त भै सकेको, आवाज समेत सुकेको थियो। पछि अबस्था सामान्य हुन थालेपछि करिब साँझको १८:०० बजेको समयमा मेरो दाई नाताका रोशन थापाँग भेट भएपछि निजकै मो.सा.मा चढी म घर तर्फ गएको हुँ। दिउँसोको घटना सम्झी रातभरी निदाउन सकिन, अब भोलि के हुन्छ भनेर नै रात बित्यो। भोलिपल्ट भाद्र २४ गते पनौति बजारमा निस्केर आन्दोलनमा 'हत्यारा पुलिस मुर्दावादको प्लेकार्ड बोकेर सहभागी भइयो, नारावाजी गर्दै पनौती बजार परिक्रमा गरियो। सोहीबेला सम्म काठमाण्डौमा राज्य सन्चालन गर्न महत्वपूर्ण प्रशासनिक निकायहरु बिभिन्न मन्त्रालय, सर्वोच्च अदालत समेतका न्यायिक निकायहरु, निजी सम्पत्तिहरु तथा प्रहरी कार्यालयहरुमा तोडफोड, आगजनी गरी ठूलो क्षति पुऱ्याउनुको साथै, रवि लामिछानेलाई जेलबाट बाहिर निकालेको, प्रधानमन्त्रीले राजिनामा दिएको जस्ता घटनाहरु घटी सकेको भनी सामाजिक सन्जालबाट थाहा पाएको हुँ।

उल्लेखित भाद्र २३ र २४ गतेको घटनाका योजनाकार कोही थिएनन्, Nepo Baby विरुद्धको आक्रोश, देशमा ब्याप्त भ्रष्टाचारको कारणले गर्दा स्वत स्फुर्त रुपमा जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा गरिएको आन्दोलन थियो। नेतृत्वकर्ताहरुको रुपमा हामी नेपालका सुधन गुरुङको ग्रुप, रक्षा वमको ग्रुप मुख्य रुपमा थिए, अन्य जियनजेड (Gen-Z) ग्रुपहरु आन्दोलन पछि खडा भएका ग्रुपहरु हुन।

भाद्र २३ गते संसद भवन वरिपरी रहेका सडकहरुमा एकाएक TOB लेखिएका ज्याकेट लगाएका, मुर्कुट्टा भएको कालो झण्डाहरु बोकी बुलेट बाईकमा आएका प्रदर्शनकारीहरुको उपस्थितिले भीडमा उत्तेजना थप्न मद्धत गरेको जस्तो लाग्छ। निजहरुको उपस्थितिले भीडमा घूसपैठको आशंका जन्माएको जस्तो लाग्छ। भाद्र २४ गतेको आन्दोलनमा भने २३ गतेको घटनाको विरोधको आडमा यो व्यवस्था (लोकतन्त्र) विरोधी समूहहरुले देशमा अराजकता फैलाउन घूसपैठ गरी गलत अवसर छोपेको जस्तो लाग्छ। [132]

132 घटना बिबरण कागजको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१३१ अन्तर्गत रहेको ।

**१३२. पुरषोत्तम सुभप्रभात यादवको कागज ब्यहोराः**

पत्रकारितामा स्नातक अध्ययन गरी हाल बेरोजगार रहेको छु। नेपालमा भैरहेको भ्रष्टाचार तथा राजनीतिक नियुक्तिको विरुद्ध हामी सचेत नेपालीको हकमा विरोध गरी आएका थियौं। हामीहरुको कुनै संगठन थिएन। Reddit TikTok लगायतका सामाजिक सन्जालहरुमा विरोधहरु भै रहेको थियो। Nepo Baby लगायतका ट्रेन्डहरु चलेको थियो। यही क्रममा नेपाल सरकारबाट सामाजिक संजाल बन्द गर्ने घोषणा भएपछि हामीहरुले सोही विरोधको सिलसिला जारी राखेका थियौं। भाद्र २३ गते नेपालमा भैरहेको भ्रष्टाचार विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्न भनी म र सबल गौतमले सचेत नागरिकको रुपमा जिल्ला प्रशाशन कार्यालय काठमाण्डौबाट लिखित अनुमति माग गरेका थियौं। उक्त दिनको प्रदर्शनको सिलसिलामा अनुमति माग गरेका भनीएका सुधन गुरुङ, खेमराज साउद लगायतसँग मेरो पूर्व चिनजान र सो विषयमा कुनै सर-सल्लाह भएको थिएन। मिति २०८२ भाद्र २३ गते बिहान अन्दाजी ०८:०० बजेको समयमा म माइतीघरमा पुगेको हुँ। म पुग्दा करिव ४०/५० जना को उपस्थिति रहेको थियो। सोही कार्यक्रममा पहिले उपस्थित रहेका सुधन गुरुङ र बब्लु गुप्ता लगायतसँग चिनाजानी भई सामान्य कुराकानी भई सहभागी भएको हुँ। कार्यक्रम कसरी गर्ने, के गर्ने केही योजना थिएन। प्रदर्शनमा Wake Up Nepal, Stop Corruption, Say no to Corruption लगायतका प्ले कार्ड बोकी प्रदर्शन भै रहेको र "वली तेरो पाराले दुख पाए साराले" नारा लगाउँदै शान्तिपूर्ण आन्दोलन भैरहेको थियो। उक्त कार्यक्रममा जियनजेड (Gen-Z) पुस्ताको सहाभागिताको संख्या बढ्दै गैरहेको थियो। त्यसपछि भीडबाट सामान्य सर सल्लाह हुँदा जुलुस निकाल्दै नयाँ वानेश्वर निषेधित क्षेत्र पुगेर फेरि कार्यक्रम स्थल माइतीघरमा फर्किने र अनशन बस्ने भनी सल्लाह गरी हामी अगाडि बढ्यौं। भ्रष्टाचार विरुद्ध र प्रधानमन्त्री विरुद्ध नारावाजी हुँदै हामी एभरेष्ट होटल अगाडि पुग्दा निषेधित क्षेत्र जनाउने गरी सडकमा प्रहरीले बेरीकेड राखेको थियो। सोही स्थानमा अर्को लेनबाट आएका बाजागाजा सहितको टोली र मोटरसाइकलमा आएका टोली समेत हाम्रो रैलीमा मिसियो। म लगायतका केही साथीहरु रैलीको पछाडि गाडीमा बसेर गैरहेका थियौं, गाडिबाट रैलीलाई सम्बोधन गरी नाराबाजी गर्दै थियौं। मैले देख्दा निषेधित क्षेत्रमा सुरक्षाकर्मीको सुरक्षाघेरा बलियो थिएन। सुरक्षाकर्मीको संख्या न्यून थियो। ब्यारिकेड पनि एउटै मात्र थियो। निषेधित क्षेत्रमा पुगेपछि प्रदर्शनकारीहरुसँग सामान्य ठेलाठेल हुँदै प्रहरीले सो स्थान छाडेर ब्याक भए। त्यसपछि हाम्रो रैली नयाँवानेश्वर संसद भवनतर्फ बढ्यो। सो क्रममा प्रहरीले वाटर केनल समेत एउटै रहेकोले पानीको फोहोरा सामान्य प्रहार गर्दा भीडलाई रोक्न सकेन। त्यसपछि भीड झन् अगाडि बढ्न लागेपछि

हामीले भीडलाई माइकिङ गर्दै पटक पटक अगाडि जानु हुँदैन। भीड झन आक्रामक भई संसद भवन तर्फ बढेपछि अब भीड नियन्त्रण वाहिर गयो भन्ने सोचेर म र के.पि. खनाल रैलीबाट पछाडि हटी नजिकै रहेको एउटा कलेजको भवनभित्र प्रवेश गरी बसेको हो। केही बेरमै जथाभावी गोलीहरु चलेको आवाज सुनेपछि मैले नै प्रेश विज्ञप्ति जारी गरी शान्तिपूर्ण प्रदर्शनमा घूसपैठ भयो। अब आन्दोलन छाडेर सबैजना घर फर्कनुहोस् भनी सामाजिक संजाल तथा पत्रिकाबाट आह्वान गरेको हुँ। संसद भवनको सम्पूर्ण घटनाहरुको बारेमा कुनै जानकारी भएन। हामी बसेको एरियाका गल्ली गल्लीहरुमा प्रहरीले जसलाई भेट्यो उसैलाई कुटपिट गरेको देखी हामीहरु सुरक्षित रहन दिनभरी र रातभरी हामी दुईजना सोही कलेजमा बसियो। भोलिपल्ट दिनको अन्दाजी १२/१ बजेतिर हामी दुबैजना उक्त स्थानबाट एकजना दाईको थापागाउँमा रहेको डेराकोठा गई बसेका हौं। उक्त दिनको आन्दोलनमा समेत हामीहरुको कुनै सहभागिता भएको होइन। भाद्र २३ र २४ गतेको हामीहरुको शान्तिपूर्ण आन्दोलन नै थियो तर स्वार्थ समूह राख्ने मनसायका व्यक्तिहरुको घूसपैठले उक्त घटना घटेको जस्तो लाग्छ। [133]

## १३३. नेपाल ल क्याम्पसका पूर्व स्ववियु सभापति विष्णु ढुंगेलको कागज ब्यहोराः

मिति २०८२ भदौ २३ र २४ गते नेपालमा भएको जेन्जी आन्दोलनमा सञ्जालमा म निवेदकले विरुद्ध बोलेको भिडियोको अंशलाई ट्युबरहरूले प्रसारण गरेको भिडियोलाई आधार बनाई अतिरञ्जित र भ्रामक रुपमा प्रचार गर्ने कार्य भएको छ। सोही भिडियोको आधारमा म निवेदकलाई २०८२ मङ्सिर १० गते मा पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडि बढाई १८ दिनसम्म हिरासतमा राखी मिति २०८२ मङ्सिर २८ मा हाजिर जमानीमा छोडेका थिए। यसरी जेन्जी आन्दोलनमा सहभागी हुने क्रममा म निवेदकले न्यायालयमा रहेको भ्रष्टाचारको सन्दर्भमा व्यक्त गरेको विचारलाई अदालतमा भएको आगजनीसँग जोडी प्रचार गरियो। आन्दोलनमा मेरो समर्थन स्वरूपको उपस्थितिलाई आपराधिक उपस्थितिको रुपमा चित्रित गर्ने प्रयास भएको रहेको अवस्था छ। म एक कानून व्यवसायी नेपालको संविधान विधिको शासन र स्वतन्त्र न्यायपालिकाप्रति प्रतिबद्ध एक नागरिक हुँ। मैले नेपालको न्यायपालिकाको सुधार र न्यायपालिकामा देखिएका विकृति विसंगति विरुद्ध सधैं आवाज उठाउँदै आइरहेको छु। मैले सर्वोच्च अदालतलाई न्यायको मन्दिर सरह पुज्ने अदालत जस्तो न्यायालयमा लुटपाट आगजनी गर्ने कुरा मेरो कल्पनाको विषय समेत होइन। म सधैं

133 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१३२ अन्तर्गत रहेको ।

न्यायपालिकाभित्र भएको भ्रष्टाचार अन्त्य हुनुपर्छ यसका लागि सधैं आफूले रचनात्मक भूमिका खेल्नुपर्छ भन्ने राय व्यक्त गर्दै आइरहेको छु। न्यायपालिकामा भ्रष्टाचार छ भनेर न्यायपालिकाकै विगत २०६४ सालदेखिको प्रतिवेदनले प्रष्ट रुपमा स्वीकार गरिसकेको अवस्थामा यसको न्यूनीकरणका लागि युवा र नवोदित कानून व्यवसायी हुनुको नाताले नेपाल बारको विभिन्न कार्यक्रममा म निवेदकले निरन्तर आवाज उठाउँदै आइरहेको थिए। न्यायपालिकामा हुन्सक्ने विकृति विसंगति अनियमितता वा भ्रष्टाचार एवं बिचौलियाबाट हुन सक्ने क्रियाकलापहरु र त्यसको रोकथामका लागि कानूनी संरचनागत लगायत उपायहरू सहितको प्रतिवेदन पेश गर्ने सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिले मिति २०७८ साउन १४ मा पेश गरेको प्रतिवेदन नेपाल बार एसोसिएसनद्वारा प्रकाशित समेत छ। जसले २९ प्रकारका बिचौलियाहरू पहिचान गरी न्यायालयमा भ्रष्टाचार भएको विषय उजागर भएको अवस्था छ। भने नेपाल बारले १०४ दिनसम्म भ्रष्टाचारको विरोधमा आन्दोलन गरेको थियो। हालसम्म पनि प्रतिवेदन कार्यान्वयनको लागि पहल र आन्दोलन गर्दै आइरहेको छु। तसर्थ सर्वोच्च अदालत अन्य स्थान र कार्यालयमा समेत म निवेदकले आपराधिक गतिविधिमा संलग्न भई कुनै किसिमको तोडफोड लुटपाट र आगजनी गर्ने जस्ता क्रियाकलापहरू गरेको छैन। मिति २०८२। ४। २४ गतेका दिन म सर्वोच्च अदालत परिसरमा समेत भएको अवस्था छैन। अदालतमा आगो लगाउने व्यक्तिहरूलाई मैले चिन्दा पनि चिन्दिन। मैले न्यायपालिकाको भ्रष्टाचारीहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्छ अनि मात्र देशमा सुशासन कायम हुन्छ भन्ने उद्देश्यले बोलेको हुँ। मिति २०८२। ५। २३ को घटना मुख्य गरी सामाजिक सञ्जाल विरुद्धमा आवाज उठाउँदै आन्दोलन भएको जग जाहेरै छ। मिति २०८२ ५२३ का दिन जेएनजी भाइबहिनीहरूको दर्दनाक रुपमा छाती र टाउकोमा गोली प्रहार गरी हत्या गरियो। साथै घाइते बनाइयो सो अवस्थाले सृजित माहोलमा म निवेदकले सर्वोच्च अदालत वा राज्यका जुनसुकै निकायमा हुने भ्रष्टाचार र कुशासन विरुद्ध आफ्नो अटयाक हुनुपर्छ भन्ने भावमा उक्त अभिव्यक्ति दिएको थिएँ। म निवेदकले मिति २०८२। ५। २४ गते भ्रष्टाचार विरुद्ध सामाजिक सञ्जाल प्रतिबन्ध विरुद्ध बोल्ने क्रममा मेरो सम्पूर्ण अभिव्यक्ति नराखी केवल पाँच/छ सेकेन्डको भिडियो सामाजिक सञ्जालमा पोस्ट भएको कुरा मैले एकाएक भाइरल भएपछि मात्र थाहा पाएँ। वास्तविक रुपमा सर्वोच्च अदालत जलाउने कार्यमा संलग्नहरुलाई उन्मुक्ति दिने र म निवेदकलाई आन्दोलनमा सहभागी भएको आधारमा रूपमा पेश गर्ने कार्य विभिन्न काम मिडिया र सामाजिक सञ्जालहरूमा भयो। उक्त भिडियो कुन सन्दर्भ र के उद्देश्यले खिचिएको हो र सो भिडियोमा बोल्ने मानिसले कुन मनसाय र दृष्टिकोणले विषय राखेको हो सो समेत स्पष्ट

मलाई नसोधी मलाई मिडिया ट्रायल गरी योजनाबद्ध प्रचारप्रसार गरेको अवस्था छ। भने सोही भिडियोको आधारमा म निवेदकलाई पक्राउ गर्ने तथा अभियोजन गर्ने सम्भावना अझै रहेको छ। किनकि मलाई अहिले जिम्मा जमानीमा मात्र छाडेको अवस्था छ। यसै सन्दर्भमा म निवेदकलाई मिति २०८२ मंसिर १० गते आपराधिक उपद्रव कसुर सम्बन्धी मुद्दामा पक्राउ गरी काठमाडौं जिल्ला परिसर भद्रकालीमा मंसिर २८ गतेसम्म हिरासतमा राखी अनुसन्धान गरिएकोमा हाल जिम्मा जमानीमा रहने गरी छाडिएको अवस्था छ। मलाई हिरासतमा प्रहरीले अनुसन्धान गर्दा केवल सामाजिक सञ्जाल ५-७ सेकेन्डको अभिव्यक्तिको अंशबाहेक अन्य प्रमाण नरहेको साथै अभिव्यक्ति दिएकै आधारमा आपराधिक उपद्रव जस्तो मुद्दाको कसुर लगाई मलाई थुनामा राख्नुले मलाई अन्याय भएको छ र यो घटनाले म र मेरो परिवार समेत विक्षिप्त छौं। [134]

## <u>१३४. TOB समूहका अध्यक्ष तेन्जिन दावा लामाको कागज ब्यहोराः</u>

म ट्याटु आर्टिस्टको काम गर्दै कपन, पैयुँटारमा डेरा गरी बसोबास गर्दछु। भाद्र २३ को दिन म बिजुलीबजार थिएँ, उक्त आन्दोलनमा म करिव आधा घण्टा जति सहभागी भइ आफ्नै डेरामा गई बसेको हुँ। बुवा-आमाले सानै देखि छाडनु भएकोले तिबतीयन मूलका तासी रेप्चेन(हजुरबुवा भन्दछु)ले पालनपोषन गर्नु भएकोले तिबतीयन संस्कारलाई अनुसरण गरी आएकोले मेरो वंश-जातलाई प्रतिनिधीत्व गरी Tibetan original blood (TOB) भन्ने शब्द मैले Create गरेको हुँ जसको कुनै संगठन छैन। तर जेन्जी आन्दोलन पश्चात म तिबतीयन संस्कारबाट पुरै अलग भएको छु। म संस्थापक अध्यक्ष रहेको (The Original Brother) नामको "मोटर साईकल क्लब" रहेकोमा शुरुमा ४५/५० जना सदस्यहरु रहेकोमा हाल १२ जना मात्र रहेका छौं। Tibetan original blood रजिष्टर्ड संस्था होईन। तर The Original Brother "मोटर साईकल क्लब" लाई औपचारिक रुपमा दर्ता गर्ने क्रममा छु। The Original Brother मा सदस्यता लिन एउटा फर्म भर्ने गरिन्छ, शुल्क लाग्दैन र तलव भत्ता समेत दिईंदैन। Tibetan original blood को Uniform/jacket insignia प्रयोग गर्ने कुनै लिखित नियम छैन तरकार्यक्रम हुँदा क्लबको टिसर्ट लगाउने गरिएको हो।

Tibetan original blood को नाम, logo, symbol मैले बनाएको र २ वटा ज्याकेटमा Tibetan original blood डिजाईन गरी प्रिन्ट गराएको थिएँ। हाल हामी TOB (The Original Brother) मा सम्वद्ध रहेको कार्यक्रममा सहभागी हुँदा सदस्यहरुलाई The Original Brother लेखिएको टि-सर्टहरु

134 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१३३ अन्तर्गत रहेको ।

लगाउने गरिन्छ। The Original Brother लाई सिडियो अफिसमा दर्ता गर्ने सिलसिलामा रहेको हुँदा ६ सदस्यको कमिटि तयार गरिएको र अध्ययक्ष पदमा म छु। चिनजानका भाईहरुको सहभागिता हुँदैछ भनेकाले म सहभागि भएको हुँ। Tibetan original blood कुनै संगठन छैन तर The Original Brother को सदस्य हुनको लागि मोटरसाईकल हुनु पर्ने, सवारी चालक अनुमति पत्र हुनु पर्ने, सवारी दर्ता किताव र नागरिकता प्रमाण पत्र हुनु पर्ने, बिभिन्न टुरमा अनिवार्य उपस्थित हुनु पर्ने र मिटिङमा उपस्थित हुनु पर्ने जस्ता शर्तहरु रहेका छन्। The Original Brother को कुनै political manifesto\statement छैन। यो विशुद्ध सेवा गर्ने भावना लिएर स्थापना भएको संगठन हो। The Original Brother को कुनै विदेशी political movement संग सम्बन्ध छैन।

भाद्र २३ गते जेन्जी युवा समूहले आन्दोलन गर्दैछन् भन्ने सामाजिक सन्जालहरुबाट थाहा भएको थियो। हामीहरुको TOB ग्रुपमा समेत जेन्जी समुहकै साथीभाईहरु रहेका हुनाले उक्त आन्दोलनमा सहभागी हुने भनी साम कुराकानी थियो। भाद्र २३ गते विहान करिव ०९:०० बजे मलाई सोनाम शेर्पाले फोन गरी साथीभाईहरु आन्दोलनमा जाने तयारी गर्दैछन् भनेपछि आन्दोलनमा म पनि जान्छु भन्ने विचार गरी डेरा कोठाबाट १०:४० निस्केको हुँ। हामीहरुको चावहिल चौकमा भेलाजम्मा हुने सल्लाह भई हाम्रा साथीहरुकै करिव १०/१२ वटा मोटरसाईकलहरुमा सबैमा २/२ जना बसी हामीहरु धोविखोलाको बाटो हुँदै बिजुलीबजार पुलमा अन्दाजी ११:४० बजे पुगेका थियौं। हामी पुग्दा प्रदर्शनकारीहरु र प्रहरी विचमा ढुंगा हानाहान तथा अश्रु ग्याँस हानी सकेको रहेछ। नयाँ बानेश्वर चोक पुगेर आकाशेपुल कट्न नसकेपछि मोटरसाईकल साईडमा राखी एकछीन म प्रदर्शनमा सहभागी भएको हुँ। मैले भिडमा एकजनाबाट हैण्ड माईक मागेर "के.पि. मोरो रण्डिको छोरो" "मेरो देश मेरो शान" जस्ता नारा लगाएको थिएँ। मैले प्रदर्शनकारीहरुलाई तोडफोड नगर्न समेत सम्झाउदा एक्कासी मेरो टाउकोमा २ वटा ढुंगा लाग्न पुगी मेरो टाउकोमा चोट लागी फुटेर रगत बग्न थालेपछि मैले साथीभाईहरुलाई घर फर्कौं भन्दै सबैलाई लिएर पुनः धोबि खोला हुँदै फार्मेसीमा सामान्य उपचार गराई घर गएको हुँ। सामाजिक सन्जालहरुमा Tibetan original blood लेखिएको ज्याकेट लगाई प्रदर्शनमा सहभागी भएका दृश्यहरु देखें, उक्त ज्याकेट लगाउने मानिस मै हुँ। कुनै विशेष प्रयोजन थिएन, आफूसँग रहेका कपडाहरु मध्ये लगाउने क्रममा त्यो संयोग मात्र मिलेको होला। सबै खर्चहरु व्यक्तिगत रुपमा गरेका थियौं। प्रदर्शनमा सहभागी हुने वारेमा NGO/INGO/foreign entity संग मेरो कुनै समन्वय भएको थिएन, हाल पनि छैन। नेपालमा वसेर "एक चिन निती" को विरोध गर्न पाईदैन भन्ने कुरा मलाई थाहा छ र कुनै राष्ट्रको बारेमा विरोध

गरेको छैन। नेपालको संविधान, सार्वभौमसत्ता र अखण्डता वारे मेरो कुनै बिरोध छैन। उक्त दिन भ्रष्टाचार विरुद्धको आण्दोलन भएको कारण म समेत सो मागलाई समर्थन गर्दै आन्दोलनमा सहभागी भएको हुँ। भाद्र २३ गते प्रदर्शन स्थलमा मैले Hate speech /separatist slogan पृथकतावादी नारा लगाएको थिएन। कानून सबैलाई वरावर हुन्छ भन्ने मलाई थाहा छ, कानून वमोजिम कारवाही हुने कार्यमा हाम्रो कुनै विरोध छैन।

मलाई मेरो देश मलाई फिर्ता चाहियो, मेरो देश मेरो शान" भन्ने नारा मैले लगाएको हो। मैले भ्रष्टाचारबाट मुक्त हुने गरी आफ्नै देश नेपाल चाहियो भन्ने सन्दर्भमा उक्त नारा लगाएको हुँ। अन्य देशलाई लक्षित गरी उक्त नारा लगाएको होईन। हामी संसद भवन सम्म पुग्नै सकेनौ र सामाजिक सन्जालमा देखिएका संसद भवन आसपास ठूलो आवाज निकाल्दै शान्तिपूर्वक प्रदर्शनमा बुलेट बाईकहरु चलाएका व्यक्तिहरु हामी तथा हाम्रो समूह होईन। हामीहरुले भिडलाईउत्तेजित पारेका थिएनौं। म, मेरो बुवा, तथा मेरो आमाले जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट जारी भएको वंशजको आधारमा नागरिकता प्रमाण पत्र प्राप्त गरेका छौं। मेरो नागरिकता प्रमाण पत्र अनुसन्धानको सिलसिलामा हाल जिल्ला अदालत काठमाण्डौमा रहेको कारणले आफूसँग कुनै प्रतिलिपी समेत नभएकोले नम्वर वताउन सक्दिन। गायन क्षेत्रमा चर्चित रहेका सुरेन्द्र गुरुङ 'HAKIM' लाई आदर्श मानेको कारणले वहाँलाई Role Model को रुपमा सम्मान स्वरुप उक्त फर्ममा राखेको हो। उक्त आन्दोलनमा जानु पूर्व म सामान्य नागरिक जिवन विताई आएकोमा हाल सामाजिक सन्जालमा कोही कसैले मेरा विरुद्ध भ्रमपूर्ण व्यहोराको खवर प्रस्तुत गरिदिएको कारण मैले नेपाली नागरीक भएर पनि शरणार्थी जस्तो जिवन विताई रहेको छु। मलाई डेरा कोठाबाट समेत निकालिएको अवस्था छ, बौद्ध फुलवारी कम्प्लेक्समा रहेको ट्याटु पसल समेत छाडेर अन्तै जानु भनेका छन्। मलाई नेपाली नागरिक भएर नै आफ्नो सामान्य जिवन निर्वाह गर्ने अबस्थाबाट वन्चित नगरियोस्। [135]

## ५.३. उपचारमा संलग्न चिकित्सकहरुका घटना विवरण कागज ब्यहोराः

### १३५. राष्ट्रिय ट्रमा सेन्टर महाबौद्धका डा. रुपेश यादवको कागज ब्यहोराः

भाद्र २३ गते नियमित रुटिनमा काम कारवाही चलिरहेको थियो। म एनेस्थेसियोलोजिस्टको रुपमा

135 घटना बिबरण कागजको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न.१३४ अन्तर्गत रहेको ।

काम गर्दछु। हाम्रो काम ३ वटा टिममा बाँडिएर गर्ने गरेका छौं। पहिलो टिमले आईसियु, पोस्ट अप र ईमर्जेन्सी हेर्ने गर्दछ, अर्को टिमले प्रि एनेस्थेटिक केयर युनिट र वार्डहरुको नियमित काम गर्दछ भने तेस्रो युनिटले अप्रेशन थिएटरमा काम गर्दछ। भाद्र २३ गते मेरो डिउटी 'आईसियु÷ मा थियो। उक्त दिनको आन्दोलन बच्चाहरुको भएकोले राज्य कठोर रुपमा प्रस्तुत नहोला, ठुलो सुरक्षा थ्रेट नहोला सामान्य लाठी चार्ज सम्म होला भन्ने आँकलन थियो। ट्रमा अस्पतालमा यस्ता आन्दोलन हुने क्रममा पूर्व तयारी (मोक ड्रिल लगायत) साथ डिउटी स्टेनबाई रहेको हुन्छ। तर मिडियाबाट गोलीहरु चलेको भन्ने जानकारी पाएपछी हाम्रो अप्रेशन युनिटको नियमित अप्रेशनहरु छिटो सकाई अप्रेशन थिएटर सकेसम्म खाली राख्ने तयारी थालेका थियौं, ताकी कुनै घाईतेहरु आईहालेमा छिटो रेस्पन्स गर्न सकियोस्। त्यसैगरी आईसियु तथा पोष्ट वार्डमा भएका नियमित विरामीहरुलाई पनि सकेसम्म छिटो वार्डमा सिफ्ट गराई ती युनिटहरु पनि खाली गरियो। मेरो एचडियु युनिटमा भएका ४ जना स्टाफहरु तथा अन्य रिजर्व रहेका स्टाफहरु समेतलाई आईसियु तर्फ केन्द्रीत राख्यौं। अस्पतालमा डिजास्टर कन्डिसन्सको नेतृत्व सँधै एनेस्थेसियोलोजिस्ट युनिटले गर्ने गर्दछ। तर राष्ट्रीय ट्रमा सेन्ट्ररमा यो युनिटमा काम गर्ने थोरै जनशक्ति जम्मा ११ जना मात्र छौं। लगभग दिनको १३०० बजे तिर गोली लागेका घाईते बच्चाहरु अस्पतालमा आउन थाले। छर्रा सम्म लागेर घाईतेहरु आउलान् भन्ने अपेक्षा विपरीत ठुलो संख्यामा Gun Shot का घाईतेहरु(जोर्नी, थाई, हिप, स्पनाईनल कर्डमा गोली लागेका) अस्पतालमा ओईरिन थाले। त्यसपछी अस्पतालमा स्वास्थ्य ईमर्जेरन्सी घोषणा गरी सबै युनिटका डक्टर तथा नर्सहरु आई घाईतेको उपचारमा संलग्न रह्यौं। त्यसपछी घाईतेको अबस्था अनुसार Yellow, Green, Black, Red Zone मा विभाजित गरी उपचार प्रकृया अगाडि बढाईयो। दिनको करिव १४.०० बजेतिर घाईतेहरुलाई अप्रेशन थिएटरमा रिसिव गरी आन्द्रामा गोली लागेको, जोर्नीमा गोली लागेको, मेन भेसलमा गोली लागको, टाउकोमा गोली लागेको जस्ता केसहरुको करिव ७ वटा केशहरुको अप्रेशन गर्दा रातको करिव २३.०० बजेको थियो।

भाद्र २४ गते पुनः अस्पताल पुगी अघिल्लो दिनका अप्रेशनका घाईतेहरुको फलो अपमा व्यस्त भईयो। २३ गतेको एकजना घाईतेको खुट्टा समेत काट्नु परेको थियो। २४ गते कोटेश्वर लगायतका स्थानहरुबाट घाईतेहरु आउन थाले, विशेष गरी अन्य अस्पतालमा उपचार हुन नसकी थप उपचारको लागि समेत ३ जना विरामीहरु आएका थिए। तर थप उपचारको लागि आएका विरामीहरु मध्ये केही त आन्दोलनमा सहभागी नभएका तर कफी पिउँदै गरेको अबस्थामा सर्भाईकल

स्पाईनल कर्डमा गोली लागी गम्भिर अबस्थामा पुगेका रहेछन्। तर दोश्रो दिनको घाईतेहरु भने पहिलो दिनको भन्दा फरक विशेष गरी गोली नभई शरीर भरी छर्राहरु लागी उपचारार्थ आएका थिए। धेरै पछि सम्म लगभग तिहार सम्म देशैभरीबाट रेफर भई अस्पतालमा उपचारार्थ आएका छन्। यो घटनामा विशेष गरी १७/१८ वर्षकै वच्चा उमेरकै घाईतेहरु बढी थिए। उपचारको लागि आएका मध्ये २३ गते ३ जना घाईतेहरु तथा २४ गते १ जना घाईतेको मृत्यु भएको हो। भाद्र २३ र २४ गते उपचार नपाई कुनै घाईतेले फर्कनु परेको थिएन। जेन्जी आन्दोलनको क्रममा यस अस्पतालमा उपचार गरिएका घाइतेहरुको विवरण समेत संलग्न राखेको छु। [136]

## १३६. के.एम.सि. अस्पताल सिनामंगलका डा. विनिता प्रधानको कागज ब्यहोराः

काठमाण्डौ मेडिकल कलेज शिक्षण अस्पताल सिनामंगलमा कार्यरत रहेको छु। हाम्रो केएमसि अस्पतालमा डिजास्टर मेनेजमेन्ट कमिटि रहेको छ, उक्त कमिटिमा चेअरमेन, डाईरेक्टर, सिएमसि, प्रिन्सिपल, एचओडिहरु तथा नर्सिङ विभागबाट मेट्रोन ईन्वार्जहरु र सुपरभाईजरहरु हुनुहुन्छ। भाद्र २३ गते दिनको करिव १३.४५ बजेतिर घटना भएको भन्ने विषयमा मैले फोनमा कुराकानी गरिरहेको अबस्थामै हाम्रो अस्पतालमा घाईतेहरु ल्याउने क्रम शुरु हुन थाल्यो। हामीले ईमर्जेन्सी विभागको सबै १५ वटा बेडलाई Red Area मा परिणत गरी घाईतेहरुको उपचार शुरु गरेका थियौं। डाइरेक्टर मिना थापाको को-अर्डिनेसनमा सर्जिकल, अर्थोपेडिक, एनेस्थेसिया, नर्सिङ टिम लगायतका युनिटहरु समेतलाई संलग्न गराई सो दिनको उपचार विधि अगाडि बढाईएको थियो। अरु बेलाको आन्दोलनमा घाईतेहरु हात खुट्टामा चोट लागि आउने तर उक्त दिनका घाईतेहरुको अवस्थामा छाति र टाउकोमा गोली लागेको थियो। उपचार समय बचाउन फार्मेसीको सबै मेडिसिन भित्रै सिफ्ट गरेर उपचार गरिएको थियो। ४/५ जना मध्ये १ जना डेथ हुनुभयो र अर्को १ जनालाई तुरुन्त आईसियु अपरेशमा सिफ्ट गरियो। १५ वटा बेड एकैछिनमा प्याक भयो। त्यसपछि आएका अन्य विरामीहरुलाई Yellow, Green Area छुट्याई उपचार गराईयो। साँझ १९.३० बजे सम्म घाईतेहरु आए। त्यसपछी भने अन्य अस्तालबाट रेफर भएका घाईतेहरु मात्र आए। रातको करिव २२.०० बजेसम्म डे सिफ्टका डाक्टरहरु र नर्सहरू उपचारमा संलग्न भईयो। २३ गते जम्मा ३७ जना घाईतेहरुलाई रिसिव गरिएको थियो, सो मध्ये २ जनाको (सौरभ कृष्ण श्रेष्ठ र सुबास बोहोरा) सोहि दिन मृत्यु भएको थियो। भोलिपल्ट २४ गते भने छाति र टाउकोमा चोट लागेका घाईतेहरु

136 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१३५ अन्तर्गत रहेको ।

देखिएन, पेट तिर छर्रा लागेका, Burn केसहरु आएका थिए। भाद्र २३ र २४ गते जम्मा ८३ जना घाईतेहरु हाम्रो अस्पतालमा रिसिभ भएको, हाल सबैजना डिस्चार्ज भएको तर अन्य अस्पतालबाट रेफर भई आएका १ जना (दौलत थापा -सिन्धुपाल्चोक, गोली लागी अचेत अबस्थामा) भने हालसम्म हाईकवरमा उपचारार्थ रहेका छन्। सबै घाईतहरुको निशुल्क उपचार गरियो। हामीले उपचार खर्चको सम्पूर्ण विल स्वास्थ्य मन्त्रालय तथा नगरपालिकामा पेश गरेका छौं, हालसम्म हामीलाई रकम प्राप्त भएको छैन। आन्दोलनको दिन भाद्र २३ गते डाक्टरहरु लगायतलाई रिसिव गर्न अस्पतालबाट गएको एउटा एम्बुलेन्सलाई प्रदर्शनकारीबाट ईमाडोलमा तोडफोड समेत गरियो। राज्यले यस्ता डिजास्टर अबस्थामा अस्पतालहरूलाई समेत सर्कुलर गरी स्टेन्वाई राखी घाईतेहरुको उपचार खर्चको ग्यारेण्टी गर्न सक्नु पर्दछ, जसले खर्च अभावमा घाईतले मृत्युको मुखमा जानु नपरोस्। अस्पतालमा पूर्व मन्त्री मो. आफताव आलमको उपचार गरिएकोले प्रदर्शनकारीहरुबाट अस्पताललाई समेत Target गरिएको सुचना आईरहेको, निजलाई बाहिर निकाल्नुहोस् नत्र ठिक हुँदैन भनी धम्की आएकोले अर्को मानसिक तनाव खेप्न परेको थियो। [137]

## <u>१३७. सिभिल अस्पताल नयाँ वानेश्वका डा. रमेश पन्तको कागज ब्यहोराः</u>

मेरो NMC नम्बर 6928 हो। २०१२ डिसेम्वरमा सिभिल अस्पताल ज्वाईन् गरेपछि Disaster Plan गरेको हुं। Disaster Plan को Nepal Emergency Operation Centre (NEOC) गृह मन्त्रालयमा रहेको छ, सो सेन्टरमा स्वास्थ्यतर्फ स्वास्थ्य मन्त्रालयमा रहेको Health Emergency Operation Centre (HEOC) ले हेर्दछ, जुन मन्त्रालय छिर्ने बित्तिकै दाहिने पट्टी कन्टेनरबाट सन्चालन हुन्छ। त्यस अन्तर्गत देशभरीमा २५ वटा हब हस्पिटल र हब हस्पिटल वरीपरि नेटवर्कमा सेटलाईट हस्पिटलहरु रहेको छन्, जसलाई हब सेटलाईट नेटवर्क भनीन्छ। काठमाण्डौ उपत्यकाभित्र टिचिङ, आर्मी, विर, पाटन र सिभिल अस्पताललाई हब'अस्पताल तोकिएकोछ। सिभिल अस्पतालको सेटलाईट अस्पतालहरु भक्तपुरका सबै, काठमाडौंका के एम सि, भेनस, तिलगंगा, एभरेष्ट अस्पतालहरु हुन्। सेटलाईट अस्पतालहरुको नेटवर्कको बीचमा मिटिङहरु र को-अर्डिनेशन भै रहेको हुन्छ। विपद अबस्थामा काम गर्नको लागि हब र सेटलाईट अस्पतालहरुको भाईवर ग्रुप छ। Zen-G आन्दोलन हुन सक्ने संभावित घटना मेनेज गर्न भाद्र २२ गते अलर्ट बस्नको लागी जानकारी गराएको थिएँ। विपद अबस्थाको लागि Red, Yellow, Green Zone छुट्याईएको हुन्छ। Red अबस्थाको एउटा

137 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१३६ अन्तर्गत रहेको ।

बिरामी आउँदा Yellow अबस्थाको २, Green अबस्थाको ३ वटाको रेसियोका विरामीहरु अनुमान गरिएको हुन्छ। सोही अनुसार थप सामानहरु (लजेस्टीक) छुट्याएर राखिन्छ। Red Zone लाई Emergency हेड, Yellow Zone लाई Orthopaedic हेड र Green Zone लाई Genealogy हेडले कमाण्ड गर्छ। भाद्र २३ गते दिनको करिव १२.१५ बजेबाट घाईते आउन थाले। घाईतेको चापले Green Zone Yellow मा र Yellow जोन Red मा परिणत भयो, Green Area भने सबै लबिहरुलाई तोकियो। त्यसपछी सेटलाईट केएमसि अस्पतालमा डा विनिता जोशी र भक्तपुर अस्पताल समेतमा सम्पर्क गरेर अबस्थाको बारेमा बुझे। हाम्रो अस्पतालमा Neuro Surgery को उपचार नहुने भएको कारणले त्यस्ता बिरामीहरुलाई राष्ट्रिय ट्रमा सेन्टर र टिचिङ अस्पताल रेफर गरियो, रेफर गरिएका बिरामीहरुलाई एम्बुलेन्समा राखि मुभ गर्न धेरै बाधा, अवरोधहरु भयो, बल्ल बल्ल लगियो, एम्बुलेन्स तोडफोड गरिएको अबस्थामा फिर्ता भयो। लजिस्टिक सामानहरुको अभाव भयो, अस्पताल बाहिर आगो लागिरहेकोले अस्पतालमै समेत तोडफोड वा आगजनी हुने त्रास हुन थाल्यो, अस्पताल भित्रै पनि अश्रुग्याँसले आँखा पोली रहेकोले मानिसक समस्या समेत खेप्नु पऱ्यो। यस भन्दा अगाडीका आन्दोलनहरुमा लाठी लागेका, लडेका, हात-खुट्टा मर्केका, भाँच्चिएका घाईतेहरु आउने गरेकोमा उक्त दिन भने अधिकांश गोली लागेकै घाईतेहरु रिसिभ आए। भाद्र २३ गते २५२ जना घाईतेहरु उपचारको लागी आएकामा ३ जनाको मृत्यु भयो। Dead Body मर्चरीमा लैजान प्रदर्शनकारीहरुबाट थ्रेट थियो। भाद्र २४ गते विहानै हालका प्र.म. शुशीला कार्की, माननीय डा. तोसिमा कार्की समेत अस्पतालआउनु भएको थियो। दिनको १२.३० देखि गोली लागेका प्रदर्शनकारीहरु र बर्दीमा रहेका घाईते प्रहरीहरु समेत ल्याईयो। प्रदर्शनकारी र प्रहरीलाई एकैस्थानमा राखी उपचार गर्दा झन थ्रेट हुने अबस्था रहेकोले प्रहरीको बर्दी खोली अलगै डाइरेक्ट वार्डमा सिफ्ट गरियो। भाद्र २४ गते २१० जना घाईतेहरु उपचारको लागी आएकामा ३ जनाको मृत्यु भयो। बिरामीको चाप र अन्य व्यक्तिहरुको अत्याधिक भिडको कारणले सबै बिरामीहरुको अभिलेख राख्न सकिएन। ४६२ घाईते मध्ये बेड भर्ना गराई ५० जनाको अपरेशन गरियो, करिव ४०। ४२ जना ट्रमा, टिचिङ र पाटन अस्पतालमा रेफर गरियो केही घाईतहरु समान्य उपचार पश्चात तुरुन्तै बाहिर गएर प्रदर्शनमा सहभागी समेत हुन थाले। सम्पूर्ण उपचार निशुल्क उपचार गराईयो। [138]

138 घटना बिबरण कागजको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१३७ अन्तर्गत रहेको ।

## ५.४. प्रत्यक्षदर्शीहरुका घटना विवरण कागज ब्यहोराः

### १३८. सुवास खत्रीको कागज ब्यहोराः

म जि.पि.कोईराला कलेज चाबहिल काठमाडौंमा बि.बि.एस. अध्ययन गर्दैछु। धादिङ घर भई काठमाडौ चाबहिलमा परिवार सहित डेरा गरी बस्छु। काठमाडौं चाबहिलमा बिगत धेरै बर्ष अगाडिदेखि मेरो परिवारले पुजा सामग्रीको पसल संचालन गरी आएका छन्, हाम्रो पसल अगाडी फुटपाथमा उमेश महतको बुबाआमाले सागको व्यापार गर्ने गर्नु भएको तथा हाम्रो र उमेश महतको डेराकोठा समेत नजिक नजिक रहेको हुंदा म र उमेश महतको पहिले देखि चिनजान थियो। मैले काठमाडौ चाबहिल चोकमा "सुवर्ण स्नोकर हाउस" संचालन गरी आएको छु, घटना हुनु भन्दा एक महिना अगाडी देखी उमेश महत मेरै स्नोकर हाउसमा काम गरी आएका थिए। मिति २०८२। ०५। २३ गतेका दिन म र उमेश महत प्रदर्शनमा सहभागी भएका थिएनौ, स्नोकरको काममा व्यस्त थियौं। उक्त दिन के कति कारणले प्रदर्शन भड्किन पुगी सुरक्षाकर्मीहरुबाट गोली चालाउने अबस्था आयो मलाई थाहा छैन। मिति २०८२। ०५। २३ गतेका दिन प्रदर्शनकारीहरुतर्फ भएको क्षतिको कारण राज्यसँग आक्रोसित जनताले मिति २०८२। ०५। २४ गतेका दिन बिहान देखी चौतर्फी आन्दोलन गरी रहेका थिए। आन्दोलनको क्रममा प्रहरी कार्यालयहरु, अन्य सरकारी कार्यालयहरु, संघीय संसद भवन, उच्च तहका व्यक्तिहरुको निजी निवासहरु समेतमा तोडफोड आगजनी भई रहेको थियो। गौशाला प्रहरी कार्यालयमा तोडफोड भई रहेको भन्ने सुनी हेर्नको लागी म र उमेश महत गयौ। म, उमेश महत लगायतका व्यक्तिहरु गौशाला प्रहरी कार्यालयको ठिक बिपरित तर्फ बस काउन्टरमा थियौ, त्यतिबेला एकजना हामीले नचिनेको व्यक्तिलाई गोली लागी सकेको थियो। लगभग दिनको १/२ बजेको थियो होला प्रदर्शनकारीहरुले ढुंगामुढा, तोडफोड गरी आगजनी गर्ने र प्रहरीहरुले फायरिङगर्ने क्रम चलिरहेको थियो, सोही क्रममा उमेश महतको दाहिने तर्फ छात्तिमा गोली लागी ढले। तत्कालै अपरिचित व्यक्तिले ल्याएको स्कुटरमा बानेश्वरको फ्रन्टलाईन अस्पताल लग्यौं। उपचारको क्रममा लगभग ४/५ बजे तिर चिकित्सकद्वारा मृत्यु घोषणा गरी दिए। २४ गतेको बिरोध कार्यक्रममा तोडफोड आगजनी जस्ता बिध्वंसात्मक कार्य हुनुमा अन्य कुनै समुहको घुसपैठमा भएको शंका लाग्छ छ। [139]

139 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१३८ अन्तर्गत रहेको ।

## १३९. आयुष भट्टराईको कागज ब्यहोराः

म पब्लिक युथ क्याम्पस क्षेत्रपाटीमा BBS Second Year मा अध्ययन गर्दै आएको छु। मिति २०८२ भाद्र २३ गतेका दिन बिहान अ. ११:०० बजेको समयमा काठमाडौं स्थित माईतीघर मण्डलमा जेन्जी युवा पुस्ताको भिड जम्मा भई सम्बोधन गर्दै गरेको दृश्य टिकटक लाईभ (सामाजिक संजाल) मा देखी म माईतीघर मण्डलामा पुगी प्रदर्शनकारीहरुले भ्रष्टाचार बिरुद्धको नारा लगाएको एक छिन हेरी सुनी सो पश्चात म पैदल हिडी नयाँ बानेश्वर जाने बाटोमा पर्ने बबरमहल पुल नजिक पुग्दा प्रहरीको टोलीलाई प्रदर्शनकारीहरुले अगाडी बढ्न नदिईएको अवस्थामा प्रदर्शनकारीहरुको भिडले प्रहरीहरुलाई हटाई जबरजस्ती पूर्वक नयाँ बानेश्वर तर्फ जान लाग्दा म पनि सोही भिडको पछि पछि नयाँ बानेश्वर चौकमा पुगेको हुँ। सो चौकमा पुग्दा माईतीघर, तीनकुने, पुरानो बानेश्वर, शंखमुल लगायतका स्थानहरुबाट प्रदर्शनकारीहरुको भिड भेला जम्मा हुँदै गरेको थियो। प्रदर्शनकारीहरुको भिड संसद भवन प्रवेश गर्न खोज्दा नेपाल प्रहरी र APF का सुरक्षाकर्मीहरुले भिडलाई अगाडी जान दिई राखेको थिएन। प्रहरीले अगाडी जान नदिए पछि भिडले प्रहरी माथि ढुङ्गा मुढा गर्न थाले। ढुङ्गामुढा गर्न थाले पछि प्रहरीले अश्रु ग्यास प्रहार गर्दै गरेको अवस्थामा भिडले सो अश्रु ग्यासलाई हातले टिपेर प्रहरी तर्फ फाल्दै गरेको म प्रत्यक्ष रुपमा देखेको हुँ। सो पश्चात मलाई डर लागि घरतर्फ जानुपर्छ भनी सोची सोही बाटो फर्की पुनःनया बानेश्वर चौक निर पुग्दा ननस्टप अश्रुग्यांस सुरक्षाकर्मीहरुले हान्दै गरेको र प्रदर्शनकारीहरुले सो अश्रुग्यास टिपी प्रहरीतर्फ फाल्दै ढुङ्गामुढा गर्दै गरेको थियो। प्रदर्शनकारीहरु माथि सुरक्षाकर्मीहरुले अश्रु ग्यास प्रहार गर्दा पनि भिड नहटे पश्चात सुरक्षाकर्मीहरुको तर्फबाट डयाङ्ग ड्याङ्ग गोली फायर गर्दै गरेको आवाज मैले सुनी अगाडी भिडमा रहेका केही प्रदर्शनकारीहरुलाई गोली लागी घाईते भई निजहरुलाई उपचारको लागि एम्बुलेन्समा राखी अस्पतालतर्फ लगेको कुरा सोही भिडमा हल्ला खल्ला हुँदा सुनेको हुँ। सो पश्चात मेरो घरबाट मेरो बुवाले मेरो मोबाईलमा फोन गरी तिमी आन्दोलनमा छौ भने घर फर्की हाल कर्फ्यु लागी सक्यो भनी मलाई जानकारी गराउँदा म सो स्थानबाट पैदल हिडी घर जाने क्रममा एभरेष्ट होटल अगाडी रहको आकाशे पुलनिर मानिसहरुको भिड पछि बसी म अझ एक छिन प्रदर्शन हेरौ भनी सोच बनाई हेरिरहेको अवस्थामा मेरो अगाडी आकाशे पुल निर उभि प्रदर्शन हेरीरहेका तत्काल मैले नचिनेका हाल नाम थर वतन थाहा पाएका ईश्वत अधिकारीलाई छातीमा गोली लागी निज सोही आकाशे पुलनिर ढली छटपटाउन थालेको अवस्थामा मैले प्रत्यक्ष देखेको हुँ। सो पश्चात म एकदम त्रसित भई सो स्थानबाट भागी पसलतर्फ हिडेको हुँ। निजले टाउँकोमा कालो हेलमेट, मुखमा निलो रंगको माक्स, कालो ज्याकेट, कालो पाईन्ट लगाएका थिए। मिति २०८२ साल भाद्र २४ गतेको घटना

मिति २०८२ साल भाद्र २३ गतेको मानवीय क्षति पछिको आक्रोसमा अन्य विभिन्न अपराधिक समुहको घुसपैठले उक्त सरकारी, निजी लगायतका भौतिक सम्पतिहरुमा तोडफोड, आगजनी र लुटपाट समेत गरी घटना घटाएको हुनुपर्दछ। [140]

## १४०. थाहाखबर डटकमको नयाँ बानेश्वरका सुरक्षा गार्ड किशोर घिमिरेको कागज ब्यहोराः

म २०८२ जेष्ठ २७ गते देखी भिश्व सेक्यरिटी प्रा.लि नक्सालमार्फत थाहाखबर डटकमको नयाँ बानेश्वर स्थित भवनको सुरक्षा गार्डको काम गरी सोही कार्यालयमा बस्छु। मेरो ड्युटी सधै बिहानको ०६.०० बजे देखी बेलुकाको १८.०० बजेसम्म नियमित पर्छ। मिति २०८२ भाद्र २३ र २४ गते दुवै दिन म बिहान ०६.०० बजेदेखी बेलुका १८.०० बजे सम्म थाहाखबर डटकमको नयाँ बानेश्वर स्थित कार्यालयमा नियमित ड्युटी मै थिए। भदौ २३ गते बिहान ०६.०० बजे मैले ड्युटी लिने क्रममा नै आज बिधार्थीको शान्तिपूर्ण आन्दोलन छ र अलि सतर्क भएर ड्युटी गर्नु भनेर नक्साल स्थित भिश्व सेक्यरिटी प्रा.लि को अफिस र थाहाखबर डटकमको अफिसबाट निर्देशन प्राप्त भएको थियो। अन्दाजी ११.३० बजेको समयमा माईतिघर तर्फबाट आन्दोलन गर्दै हजारौको संख्यामा मानिसहरु नयाँ बानेश्वरतर्फ आउँदै गरेको देखेको थिए। त्यो समयमा चोकमा नेपाल प्रहरीको बाक्लो उपस्थिति थियो, पत्रकारहरुको पनि बाक्लो उपस्थिति थियो भने सशस्त्र प्रहरिको संख्या भने केही कम थियो। अन्दाजी १२.३० बजेको समयमा हुनुपर्छ नयाँबानेश्वरमा भेलाजम्मा भएका आन्दोलनकारीहरु निषेधित क्षेत्र तोडेर ढुङ्गामुढा गर्दै आक्रमक तवरले निषेधित क्षेत्र तोडेर संसद भवन तर्फ अगाडी बढिरहेको थिए। सो समयमा सुरक्षाकर्मीको तर्फबाट अश्रुग्याँस प्रहार भईसकेको थियो। अन्दाजीको १३.०० बजेको समयमा चारै तर्फबाट प्रदर्शनकारीहरु भेलाजम्मा भएपश्चात भीड झन-झन आक्रमक हुँदै गयो। त्यसपछि मैले देखेसम्म संसद भवन भीत्रैबाट सुरक्षाकर्मीद्वारा गोली प्रहार सुरु भयो। सो क्रममा ४-५ जना गोली लागेर ढलेको मैले आफ्नै आँखाले देखेको थिए। गोली लागेर ढलेकालाई प्रदर्शनकारीहरुले नै उद्दार गरिरहेका थिए। सो समयमा भिड आक्रमक हुँदै गइसकेपश्चात सुरक्षाकर्मीको टोली भने ब्याक हुँदै संसद भवनभित्र प्रबेश गरे। त्यसपश्चात प्रदर्शनकारीहरु संसद भवन तारवार भत्काई, भित्ता फोडी, पोष्टमा चढेर, गेट भत्काएर संसद भवन कब्जा गरौ भन्दै हो-हल्ला गरिरहेका थिए। प्रदर्शनकारीले संसद भवनको गेट फोड्ने प्रयास गर्ने, भित्तामा प्वाल पार्ने, आगो लगाउने, भित्र प्रवेश गर्ने र प्रदर्शनकारीहरु भित्र प्रवेश गरिसकेपछि सुरक्षाकर्मीले अश्रुग्याँस र गोली प्रहार गर्ने, त्यसपछि भिड पछाडी सर्ने र फेरी संसद भवनमाथि आक्रमण गर्ने क्रम चलिरहेको थियो। प्रदर्शनकारीहरुको हातमा मैले पेट्रोल

---

140 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१३९ अन्तर्गत रहेको ।

भरिएको सिसाको बोत्तल समेत देखैको थिए। सो क्रममा संसद भवन तर्फबाट प्रहार गरिएको अश्रुग्याँस आकाशतर्फ गएर मुनि झर्ने हुँदा प्रदर्शनकारीहरुले सुरक्षाकर्मीले हाम्रो अफिसको छतमाथिबाट गोली प्रहार गरिरहेको हुनसक्छ भनेर शंका पनि गरे। शंकाको निक्यौंल गर्न पटक पटक गरी ४ चोटी ८-१० जनाको समूहमा रहेका प्रदर्शनकारीले हाम्रो अफिस भवनको छतमा गएर समेत हेरे तर त्यहाँ एकजना पनि सुरक्षाकर्मी रहेको पाईएन। सोही दिन भागदौडको क्रममा निजहरु हाम्रो अफिसको ताला तोडेर भित्र प्रवेश गर्ने, लुक्ने र फेरी निस्किने गरिरहेका थिए। ढुंगामुढाको क्रममा हाम्रो अफिसको सिसाहरु समेत फुटयो र हाम्रो अफिस प्राङ्गणसम्म पनि अश्रुग्याँस आएको थियो। साँझसम्म करिब १५-१६ जना घाईते भएको देखे। आन्दोलनकारीहरुले पटक-पटक हाम्रो अफिस नजिक आएर, यो प्रचण्डेको हो, भोली यस्को पालो हो आगो लाग्ने पनि भनेका थिए। यो घटनाक्रम साझ अन्दाजी १९.३० बजेको समयसम्म चल्यो र २०:०० बजेतिर आन्दोलनकारीहरु घरतर्फ गएपश्चात सुरक्षाकर्मी पनि त्यहाबाट फर्किए। भदौ २३ गते राति पनि म ड्युटी मै थिए। भदौ २४ गते बिहान ०६.०० बजेतिर अघिल्लो दिनका मृतकका परिवार, केही आन्दोलनकारीहरु लगायतका व्यक्तिहरु संसद भवनको १ नं गेटतर्फ भेला जम्मा हुँदै थिए। अन्दाजी ०८.०० बजेको समयसम्म स्थिति सामान्य नै थियो। अं ०८.३० बजेको समयमा हुनुपर्छ, १ वटा ट्रकमा नेपाली सेनाको टोली आएर हवाई फायर गरेर, त्यहाँ उपस्थित भीड त्यँहाबाट थापाथली, माईतिघर र तीनकुने तर्फ भगाए। त्यसपछि सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको सुरक्षाकर्मीले नयाँ बानेश्वर चोक र तिनकुनेतर्फ ब्यारिकेड लगाए। पौने घण्टा जति गेटको एरिया शान्त भएपश्चात नेपली सेनाको टोली फिर्ता भयो। फेरी अन्दाजी ०९.३० बजेको समयमा प्रदर्शकारीहरु कोटेश्वर, शंखमुल, थापाथली र पुरानो बानेश्वरतर्फबाट भेला जम्मा हुन थाले। अन्दाजी ११.०० बजेको समयमा प्रदर्शनकारीले संसद भवन जलाउन खोज्ने र प्रहरीले अश्रुग्याँस र गोली प्रहार गर्ने क्रम चलिरहँदा अन्दाजी ६-७ जना घाईते भएको मैले देखे। सोही क्रममा १ वटा एम्बुलेन्स र १ वटा मो.सा जलिरहेको थियो। आन्दोलनकारी र सुरक्षाकर्मीबिच मुठभेड भईरहँदा हाम्रो अफिसमा पनि १ वटा गोली गेट छेडेर हाम्रो चेन्जिङ रुममा गई हाम्रो भित्तामा टंगाएको ड्रेसमा समेत प्वाल पारेको थियो। अन्दाजी ०१.०० बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरुले हतियार माथि राखेर हार मानेर बाहिर निस्केपछि प्रदर्शनकारीहरुले संसद भवन पूर्ण रुपमा आगजनी गरेको देखे। त्यतिबेला नेपाली सेनाको उपस्थिति त्यहा थिएन। त्यसपछि बेलुका सम्म सामान चोर्ने ओसार्ने, मो.सा सहित भित्र पस्ने गरिरहेको देखे। बेलुका १८.०० बजेसम्म पनि प्रदर्शनकारिहरुले हो-हल्ला गर्ने, आगो लगाउने, लुटपाट गर्ने गरिरहेको थिए। अन्दाजी १७.४५ बजेको समयमा प्रदर्शनकारीहरु आएर हामीलाई हजुरहरु जानुस हामी आफ्नो काम गर्छौं भन्दै यो प्रचण्डेको हो जलाउनुपर्छ भन्दै आगजनी गरे। त्यसो हुनु भन्दा १ घण्टा अगाडि नै अफिसको मेन स्वीच अफ गरेकोले धेरै क्षति हुन पाएन। निजहरुले हाम्रो अफिसमा

रहेको मो.सा बाट पेट्रोल समेत निकालेर लगे। [141]

## १४१. थाहाखबर डटकमको नयाँ बानेश्वरका सुरक्षा गार्ड नेत्रप्रसाद चौधरीको कागज ब्यहोराः

म भिश्व सेक्यरिटी प्रा.लि नक्सालमार्फत थाहखबर डटकमको नयाँ बानेश्वरस्थित भवनको सुरक्षा गार्डको काम गर्छु। मेरो ड्युटी सधै बिहानको ०६.०० बजेदेखी बेलुकाको ०६.०० बजेसम्म नियमित पर्छ। मिति २०८२ भाद्र २३ र २४ गते दुवै दिन म बिहान ०६.०० बजेदेखी बेलुका १८.०० बजे सम्म थाहाखबर डटकमको नयाँ बानेश्वर स्थित कार्यालयमा नियमित ड्युटी मै थिए। भदौ २३ गते बिहान ०६.०० बजे मैले ड्युटी लिने क्रममा नै आज बिधार्थीको शान्तिपूर्ण जियनजेड आन्दोलन छ र अलि सतर्क भएर ड्युटी गर्नु भनेर नक्साल स्थित भिश्व सेक्यरिटी प्रा.लि को अफिस र थाहाखबर डटकमको अफिसबाट निर्देशन प्राप्त भएको थियो। अन्दाजी ०९ ०० बजेको समयमा म थाहाखबरको गेटमा ड्युटी गरिरहेको अवस्थाममा ठूलो संख्यामा बिधार्थीहरु र युवा उमेरका व्यक्तिहरु नयाँ बानेश्वरमा भेला जम्मा भएर माईतिघर तर्फ गईरहेको देखेको थिए। अन्दाजी ११.३० बजेको समयमा माईतिघर तर्फबाट आन्दोलन गर्दै हजारौको संख्यामा मानिसहरु नयाँ बानेश्वर तर्फ आउँदै गरेको देखेको थिए। अन्दाजी १२.३० बजेको समयमा हुनुपर्छ नयाँबानेश्वरमा भेलाजम्मा भएका आन्दोलनकारीहरु निषेधित क्षेत्र तोडेर ढुङ्गामुढा गर्दै आक्रमक तवरले निषेधित क्षेत्र तोडेर संसद भवन तर्फ अगाडी बढिरहेको थिए। अन्दाजी १३.०० बजेको समयमा चारैतर्फबाट प्रदर्शनकारीहरु भेलाजम्मा भएपश्चात भीड झन-झन आक्रमक हुँदै गयो। त्यसपछी मैले देखेसम्म संसद भवन भीत्रैबाट सुरक्षाकर्मीद्वारा गोली प्रहार सुरु भयो। सो क्रममा ४-५ जना गोली लागेर ढलेको मैले आफ्नै आँखाले देखेको थिए। गोली लागेर ढलेकालाई प्रदर्शनकारीहरुले नै उद्दार गरिरहेका थिए। सो समयमा भिड आक्रमक हुँदै गइसकेपश्चात सुरक्षाकर्मीको टोली भने ब्याक हुँदै संसद भवनभीत्र प्रबेश गरे। साँझसम्म प्रदर्शनकारीहरुले आक्रमण गर्ने, घाईते हुने, सुरक्षाकर्मीले फायर गरिसकेपछी ब्याक हुने र फेरी आक्रमणगर्ने क्रम चलि नै रहेको थियो। सो क्रममा संसद भवन तर्फबाट प्रहार गरिएको अश्रुग्याँस आकाशतर्फ गएर मुनि झर्ने हुँदा प्रदर्शनकारीहरुले सुरक्षाकर्मीले हाम्रो अफिसको छतमाथिबाट गोली प्रहार गरिरहेको हुनसक्छ भनेर शंका पनि गरे। शंकाको निक्यौंल गर्न पटक पटक गरी ४ चोटी ८-१० जनाको समूहमा रहेका प्रदर्शनकारीले हाम्रो अफिस भवनको छतमा गएर समेत हेरे तर त्यहाँ एकजना पनि सुरक्षाकर्मी रहेको पाईएन। सोही दिन भागदौडको क्रममा निजहरु हाम्रो अफिसको ताला तोडेर भित्र प्रवेश गर्ने, लुक्ने र फेरी निस्किने गरिरहेका थिए। साँझसम्म करिब १५-१६ जना घाईते भएको देखे।

141 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१४० अन्तर्गत रहेको ।

आन्दोलनकारीहरुले पटक-पटक हाम्रो अफिस नजिक आएर, यो प्रचण्डेको हो, भोली यस्को पालो हो आगो लाग्ने पनि भनेको थिए। यो घटनाक्रम साझ अन्दाजी १९.३० बजेको समयसम्म चल्यो र २०:०० बजेतिर आन्दोलनकारीहरु घरतर्फ गएपश्चात सुरक्षाकर्मी पनि त्यहाबाट फर्किए। भदौ २३ गते राति पनि म ड्युटी मै थिए। भदौ २४ गते बिहान ०६.०० बजेतिर अघिल्लो दिनका मृतकका परिवार, केही आन्दोलनकारीहरु लगायतका व्यक्तिहरु संसद भवनको १ नं गेटतर्फ भेला जम्मा हुँदै थिए। चारै तर्फ बाट भीड जम्मा हुँदै तत्कालीन सरकारको प्रधानमन्त्री र गृहमन्त्री विरुद्द नाराबाजी गरिरहेका थिए। अन्दाजी ०८.०० बजेको समयसम्म स्थिति सामान्य नै थियो। अं ०८.३० बजेको समयमा हुनुपर्छ, १ वटा ट्रकमा नेपाली सेनाको टोली आएर हवाई फायर गरेर, त्यहाँ उपस्थित भीड त्यँहाबाट थापाथली, माईतिघर र तिनकुने तर्फ भगाए। त्यसपछी सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको सुरक्षाकर्मीले नयाँ बानेश्वर चोक र तिनकुनेतर्फ ब्यारिकेड लगाए। पौने घण्टा जति गेटको एरिया शान्त भएपश्चात नेपली सेनाको टोली फिर्ता भयो। फेरी अन्दाजी ०९.३० बजेको समयमा प्रदर्शकारीहरु कोटेश्वर, शंखमुल, थापाथली र पुरानो बानेश्वरतर्फबाट भेला जम्मा हुन थाले। निषेधित क्षेत्र भएकाले प्रहरीले १ न गेट तर्फ भेला जम्मा हुन नदिएपनि हजारौंको संख्यामा भेला जम्मा भएको भीडले ब्यारिकेड तोडेर संसद भवनलाई चारै तिर बाट घेरे। त्यो लगत्तै प्रदर्शनकारीले ढुङ्गामुढा, गैटी लगायतका घरेलु हातहतियारहरु, फलामको रडहरु, सिसाको बोटल सहित संसद भवन र त्यहा रहेका सुरक्षाकर्मीमाथि आक्रमण गर्न थाले। अन्दाजी ११.०० बजेको समयमा प्रदर्शनकारीले संसद भवन जलाउन खोज्ने र प्रहरीले अश्रुग्याँस र गोली प्रहार गर्ने क्रम चलिरहँदा अन्दाजी ६-७ जना घाईते भएको मैले देखे। सोही क्रममा १ वटा एम्बुलेन्स र १ वटा मो.सा जलिरहेको थियो। प्रदर्शनकारीहरुले हाम्रो अफिसमा पनि ढुङगामुढा गर्ने र सिसा फोड्ने गरिरहेको थिए भने सुरक्षाकर्मीले प्रहार गरेको अश्रुग्याँस पनि हाम्रो अफिसमा आईरहेको थियो। प्रदर्शनकारीहरुले प्रहरी हाम्रो भवनको छतमा लुकेको छ की भनेर शंका गर्दै जबरजस्ती प्रवेश गरेर आठौ तलामा गई हेर्ने र कोही नदेखेपछि हो-हल्ला गर्दै हाम्रो ४ वटा फायर एक्सटिन्गुइसर बिनाकारण आकाशतर्फ प्रहार गरी सके। आन्दोलनकारी र सुरक्षाकर्मीबिच मुठभेड भईरहँदा हाम्रो अफिसमा पनि १ वटा गोली गेट छेडेर हाम्रो चेन्जिङ रुममा गई हाम्रो भित्तामा टंगाएको ड्रेसमा समेत प्वाल पारेको थियो। अन्दाजी ०१.०० बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरुले हतियार माथि राखेर हार मानेर बाहिर निस्केपछी प्रदर्शनकारीहरुले संसद भवन पूर्ण रुपमा आगजनी गरेको देखे। त्यतिबेला नेपाली सेनाको उपस्थिति त्यहा थिएन। त्यसपछि बेलुका सम्म सामान चोर्ने ओसार्ने, मो.सा सहित भित्र पस्ने गरिरहेको देखे। बेलुका १८.०० बजेसम्म पनि प्रदर्शनकारिहरुले हो-हल्ला गर्ने, आगो लगाउने, लुटपाट गर्ने गरिरहेको थिए। सोही समयमा प्रदर्शनकारीहरुले प्रहरीको पोशाक लगाएर प्रहरीको बन्दुक बोकेर हिडिरहेको थिए। निजहरु विजय रैली निकालेर हो-हल्ला गरिरहको थिए।

अन्दाजी १७.४५ बजेको समयमा १००औ को संख्यामा प्रदर्शनकारीहरु आएर हामिलाई हजुरहरु जानुस हामी आफ्नो काम गर्छौं भन्दै यो प्रचण्डेको जलाउनुपर्छ भन्दै आगजनी गरे। [142]

**१४२. महेश कुमार श्रेष्ठको कागज ब्यहोराः**

म २० बर्ष देखि नयाँ वानेश्वरमा " HARDFORD EDUCATION " संचालन गरी जापानिज भाषाको प्रशिक्षण दिई जापान लगायतका अन्य देशमा विधार्थीहरु पठाउने लगायतका कार्यहरु गर्दै आएको छु। मेरो कार्यालय संसद भवनको पश्चिम-दक्षिण कुनाको नयाँ वानेश्वर चोकको शंखमुल र बबरमहलतर्फ जाने बाटोको उत्तर पूर्व मोहडा भएको घरमा छ। भाद्र २३ गते बिहान ०७:०० आफ्नो कार्यकक्षमा काम गर्दै आईरहेको थिए। ११:०० बजे चोकमा मानिसहरुको भिड बाक्लो हुँदै एभरेष्ट होटल अगाडिको व्यारिकेड तोडेर प्रदर्शनकारीहरु चोकमा जम्मा हुँदै गए। प्रहरीले पानीको फोहोरा हानेर, लाठी हान्दै भिडलाई नियन्त्रण लिंदै थियो। प्रदर्शनकारीहरु संसद भवनको पर्खाल भत्काउँदै थिए, संसद भवनको १ नं. गेट नाघेर भित्र प्रवेश गर्दै थिए। प्रहरीले भित्र छिर्ने प्रदर्शनकारीहरुलाई लखेटी अश्रुग्याँस समेत हानी रहेको थियो। अन्दाजी १४:१८ बजेको समयमा मेरो कार्यकक्षको पूर्व पट्टीको झ्यालको सिसामा एक्कासी गोली पडकेको आवाज आई सिसाहरु समेत फुटी कार्यक्षमा झरी हामी सवै जना सो कोठाबाट वाहिर निस्की भागि अर्को कोठामा गई १० मिनेट पछि म आफ्नो कार्यकक्षमा गई हेर्दा सो गोली पूर्व पट्टीको सिसाको झ्याल फुटाई सोही कोठाको दक्षिणतर्फ फर्केको काठमा खण्ड बनाई सिसा लगाईएको कार्यालयको रयाक (दराज) को सिसा समेत फुटी सो र्याक (दराज) मा राखेको ईन्डेक्स फायलमा प्वाल पारी सोही कोठाको पश्चिम तर्फ रहेको सिमेन्टेड बोर्डको भित्ताभित्र छिर्न गएको हो। कोठा जान खोज्दा निस्किन नसक्ने भएकोले मैले १ जना स.प्र.बल नेपालका डिएसपी सावलाई फोन गर्दा अहिले निस्किने अवस्था छैन तपाईहरु जुन ठाउँमा हुनुहुन्छ सुरक्षित भएर बस्नु भनी भनेकाले हामीहरु पछाडीको कौशीमा बसी लुकिछिपी सोही दिन अ.१८ः३० बजे हामी सवै निस्की घर कोठा गएका हौ। भाद्र २४ गतेको घटना २३ गतेको मानवीय क्षतिको आक्रोसमा घटाएको हुनुपर्छ। [143]

---

142 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१४१ अन्तर्गत रहेको ।

143 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४२ अन्तर्गत रहेको ।

## १४३. शिवराम बाँडाको कागज ब्यहोराः

मिति २०८२/०५/२४ गते म होलटमै बसिरहेको अवस्थामा कोटेश्वर चोकमा जेन्जी समूहले आयोजना गरेको आन्दोलनमा सहभागी आन्दोलनकारीहरु नाराबाजी गर्दै प्रहरी प्रभाग कोटेश्वरमा तोडफोड आगजनी गरी प्रहरी कर्मचारीहरुलाई आक्रमण गरेपछि केही प्रहरी ज्यान जोगाउनको लागि भाग्दै मेरो होटलको छतबाट भित्र प्रवेश गरेका थिए। सो बेलामा प्रहरीहरुको लुगा च्यातिएको, चोटपटक लागेको, जुत्ता चप्पल नभएको अवस्थामा प्रहरीहरु आएका थिए। प्रहरीहरुलाई आन्दोलनकारीहरुले लखेट्दै इटा ढुगा, लाठी, धारिलो हतियार समेतले प्रहार गरी कुटपिट गरेको हुँदा निजहरुलाई बाहिर जाँदा ज्यानको खतरा हुन सक्ने भएकोले मैले होटलको विभिन्न कोठाहरुमा लुकाई बाहिर बाट चावी लगाई सुरक्षित गरेको हुँ। त्यसपछि केही आन्दोलकारीहरु होटलको गेटबाट भित्र प्रवेश गरी प्रहरी कँहा गयो भन्दै आएका थिए। निजहरुलाई मैले मेरो होटलमा बिदेशी गेष्टहरु आएका छन् यँहा कोही प्रहरीहरु छैन। तपाईहरु भित्र प्रवेश नगर्नुहोस् भनी सम्झाई बुझाई पठाएको हुँ। सो बेलामा मेरो होटलको गेटमा राखिएको सिसिटिभी समेत आन्दोलनकारीहरुले फुटाई दिए र ढुंगा हानेर कौशिमा रहेको सोलार तथा झ्यालको सिसा समेत फुटाई दिए। मेरो करिव १, ००, ०००/- जतिको क्षति भएको छ। आन्दोलनकारीहरु गएपछि र बाहिर केही शान्त भएपछि मेरो होटलमा बसेका प्रहरीहरुलाई मैले आफ्नो कपडा र जुत्ता चप्पल समेत दिएर खाना खुवाएर पठाएको हुँ। केही प्रहरी सोही राति अं. १०:०० बजेको समयमा गए भने केही प्रहरी भोलिपल्ट विहान गए। प्रहरीलाई खोज्दै मेरो होटलमा आउने मानिहरु मेरो सिसिटिभि फुटाउने, सोलार र सिसा फुटाउने मानिसहरु म चिन्दिनँ। मैले जाने बुझेसम्मको व्यहोरा खुलाई लेखाइदिएको ठीक साँचो छ। [144]

## १४४. लक्ष्मण श्रेष्ठको कागज ब्यहोराः

मेरो घर नयाँ बानेश्वर रत्नराज्य लक्ष्मी कलेज सडक खण्डमा आइप्लेक्स मलको विपरीत सडकको पश्चिमतर्फ संसद भवनतर्फ रहेको छ। म आफ्नै घरको भुइतलामा मोबाइल पसल व्यवसाय गरी आएको छु। मिति २०८२ भाद्र २३ गते करीब १२:०० बजे सम्म स्थिति सामान्य थियो। करिब दिनको १३:०० बजेतिर पुरानो बानेश्वरतर्फबाट स्कुल कलेजको ड्रेसमै विद्यार्थीको भीड नारा लगाउँदै संसद भवनतर्फ अगाडि बढेको थियो। भीड अराजक थियो र जथाभावी ढुंगामुढा गर्दै थिए। भीडले

144 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४३ अन्तर्गत रहेको ।

भेरै पसल अगाडि एउटा एम्बुलेन्सलाई तोडफोड गरिदिए। भीड एक नम्बर गेटमा पुगेपछि आगजनी समेत गरेछन्। एकजना प्रदर्शनकारीलाई गोली लागि लत्पतिएको अवस्थामा मोटरसाइकलमा राखी यस कलेजको बाटो हुँदै उपचारको लागि लगेको देखेको हुँ। दिनभरि संसद भवनको वरिपरि तनावपूर्ण अवस्था बन्यो। सडकमा आवतजावत गर्ने अवस्था समेत थिएन। साँझ १९ बजे मात्र नयाँ बानेश्वर एरियाको सडकमा सामान्य अवस्था बनेको थियो। राति सामाजिक सञ्जालबाट उक्त दिनको प्रदर्शनको कयौं मानिसहरूको मृत्यु भएको र कैयौं घाइते भएको थाहा पाएँ। [145]

## १४५. सुरज पराजुलीको कागज ब्यहोराः

मिति २०८२। ०५। २३ गते जेन्जी युवा पुस्ताबाट गरिएको आन्दोलनको दिन म पसलमै थिए। बिहान ८ः३० बजे पसल पुग्दा सडकमा मोटरसाइकल र निजी सवारी साधन चलेको थियो। करिब ११.०० बजेदेखि ११ः३० बजेतिर अकस्मात संसद भवन अगाडि ठूलो भीड आइपुग्यो। भीडमा स्कुल ड्रेस कलेज ड्रेसमा विद्यार्थीहरु समेत थिए। भीड गेटभित्र प्रवेश गर्न खोजेपछि प्रहरीले रोक्न खोज्दा धकेलाधकेल भयो। भिडबाट प्रहरीतर्फ तथा स्थानीय घरहरुमा समेत ढुंगामुढा गर्दै थिए। भीडका मानिसहरु तोडफोडमा संलग्न रहेका र संसद भवन छिर्ने मानसिकतामै थिए। यो क्रममा गोली चलेको आवाज आइरहेको थियो। चोकमा रहेको आकाशे पुलमुनि एकजना ढलेको देखेको हुँ। भिडले नै उक्त घाइतेलाई एम्बुलेन्समा हाली उपचारको लागि लगेका हुन। करिब ४ः३० बजेतिर म मिनभवनमा रहेको घरतर्फ गएको हुँ। सामाजिक सञ्जालबाट राति उक्त दिन १९ जनाको मृत्यु भएको र धेरै प्रदर्शनकारीहरू घाइते भएको थाहा पाएको हुँ। प्रहरीले महत्त्वपूर्ण प्रतिष्ठान जोगाउन गोली चलाएको हो जस्तो लाग्छ। [146]

## १४६. सरोज टन्डनको कागज ब्यहोराः

म रोहित श्रेष्ठको घरको पहिलो तलामा रहेको अमिको क्याफेमा दुई वर्षदेखि क्यासियरको काम गरिरहेको छु। सदाझैं म भाद्र २३ गते पनि सोही क्याफेमा बिहान ८.०० बजे पुगेको हुँ। हाम्रो क्याफे रहेको घर संसद भवनको पश्चिम दक्षिण कुनाको पारिपट्टि चोकमा रहेको र यात्रु प्रतिक्षालयसंगै रहेको छ। अन्दाजी ११ः३० बजेतिर हो-हल्ला सुनेपछि म बाहिर निस्की हेर्दा संसद भवनको पश्चिमतर्फ र दक्षिणतर्फको सडकभरि मानिसहरू थिए। भीडमा स्कुल कलेज यूनिफर्ममा

145 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४४ अन्तर्गत रहेको ।
146 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४५ अन्तर्गत रहेको ।

समेत विद्यार्थीहरू थिए। भीडका मानिसहरूले सडकमा बार रेलिङ बिजुलीका पोल सिसी क्यामेरा तोडफोड गर्दै थिए। प्रहरीले पनि पानीको फोहरा र लाठी चार्ज गर्दै थियो। केही मानिसहरु हातमा बोकी ल्याएका पिक फलामे रड हम्मर समेतले संसद भवनको पर्खाल समेत भत्काउँदै थिए, केही मानिसहरू पर्खाल नाग्दै संसद भवन परिसरभित्र छिर्दै समेत थिए। यसबीचमा प्रहरीले माइकिङ गर्दै कर्फ्यु लागेको जानकारी समेत गराएको थियो। करीब दिनको २ बजेतिर गोली लागि हाम्रो क्याफे अगाडि सडकमा एकजना र चोकमा एकजना समेत दुईजना ढलेको देखेको हुँ। उनीहरू ढलेपछि भीडकै मानिसहरूले उनीहरूलाई उठाउँदै मोटरसाइकलमा राखी अस्पतालतर्फ लगेको देखेको हुँ। दिनभरि नै प्रहरीसँग भीडपक्षको दोहोरो हानाहान जस्तै भइरह्यो। साँझ भएपछि मात्र अवस्था सामान्य भएको हो। [147]

## <u>१४७. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा रहेको राष्ट्रिय वाणिज्य बैङ्कको सुरक्षागार्ड हरिराम थापा मगरको कागज ब्यहोराः</u>

जी-फोर्स सेक्युरिटी फोर्स कम्पनीबाट राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखामा ड्युटी गर्दै आएको छु। भाद्र २३ गते बिहानको अवस्था सामान्य नै थियो। बिहानको करिब ९:०० बजेदेखि भने संसद भवन वरिपरि मानिसहरूको चहलपहल बढेको थियो। करिब ११:०० बजेदेखि भीड र प्रहरी बीचमा घम्साघम्सी भएको थियो। हाम्रो कार्यालय लगभग दिनको १५:३० बजेसम्म चलिरहेको थियो। बाहिर अश्रु ग्याँस लाठी चार्ज तथा गोलीफायर भएको थियो भीडले हाम्रो कार्यालयको उत्तरतर्फको सिसाहरू ढुङ्गा प्रहार गरी फुटाइदिए। २३ गते प्रदर्शनको क्रममा आन्दोलनकारीहरूको गोली लागि मृत्यु भएको सामाजिक सञ्जालबाट सुनी थाहा पाएको हुँ। २४ गते पुनः डे ड्युटीको लागि बिहान ९:०० बजे कार्यालय पुगेको थिएँ। २३ गतेको प्रदर्शन पश्चात हामीलाई २४ गते सिभिलमा ड्युटी बस्नु र आपत्कालीन अवस्था आइलागे आफ्नो ज्यान जोगाउनु भन्ने आदेश थियो। संसद भवनको ३ नम्बर गेट प्रदर्शनकारीहरूले बिहानको करिब ११:३० बजेतिर तोडेर संसद भवन प्रवेश गरे। प्रदर्शनकारीहरु संसद भवन लगायतबाट टेवल, कुर्सी पानीको जार, ग्याँस सिलिन्डर, ल्यापटप लगायत जे भेट्यो ओसारी रहेका थिए। २४ गते साँझ करिब १९.३० बजेको समयमा प्रदर्शनकारीहरूले आगजनी गरी कार्यालयको भल्ट समेत फुटाई करिब ५ करोड नगद १८ केजी सुन तथा चाँदी

147 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४६ अन्तर्गत रहेको ।

समेत लुटी लगेका हुन। [148]

**१४८. अधिबक्ता पार्वती के.सी.को कागज ब्यहोराः**

म कानून व्यवसायी भएकोले २०८२ भाद्र २४ गते बानेश्वर स्थित मेरो पवित्र लक्ष्मी ल-फर्ममा आई पेशी मुद्दाको तयारी गरी राखेको थिए। उक्त दिन चौतर्फी आगजनी तोडफोड भएकोले कर्फ्यु लागेको भन्ने जानकारी भयो। भाद्र २३ गतेको Gen-Z यूवा पुस्ताको कार्यक्रम रहेको मौका पारी राज्य बिरोधी, अराजक, हिंसात्मक समूह र सो समूहमा आबद्ध व्यक्तिहरुले Gen-Z यूवा पुस्ताको शान्तिपूर्ण कार्यक्रममा घूसपैठ भई आन्दोलन भड्काई संघीय संसद भवन र भवनको सुरक्षार्थ खटिएका राष्ट्रसेवक सुरक्षाकर्मीहरुमाथि आक्रमण गरेको कारण सुरक्षाकर्मीहरु वाध्यात्मक अबस्थामा परी संसद भवनको सुरक्षा र आफ्नो आत्मरक्षाको लागि गोली चलाएको हो भन्ने मेरो बुझाई छ। सोही समूहका व्यक्तिहरु तोडफोड, आगजनी, लुटपाट, सुरक्षाकर्मीहरुको हत्या जस्ता कार्यमा संलग्न भएका हुन। त्यस्ता समूह, समूहको योजनाकार र त्यस्ता समूहमा आबद्ध व्यक्तिहरुको पहिचान गरी प्रचलित कानून बमोजिम सजाँय हुनुपर्छ। [149]

**१४९. सुनिल दासको कागज ब्यहोराः**

मिति २०८२। ५। २३ गते अन्दाजी ११.०० बजेतिर नयाँ बानेश्वर चोकमा मानिसहरूको भीड बढ्दै गएर अराजक हुँदै गई संसद भवन, प्रहरी र स्थानीय घरहरूमा समेत ढुंगामुढा गर्न थाले कोही मानिसहरु हात हातमा पिक, कुटो, फलामे रडले संसद भवनको गेट पर्खाल भत्काइरहेका थिए। कोही प्रहरीतर्फ ढुङ्गामुढा प्रहार गरिरहेका थिए प्रहरीले समेत लाठी चार्ज गर्दै थियो। भीडका केही व्यक्तिहरू प्रहरीको ड्युटी पोस्टमा चढी प्रहरीको हतियार तान्न खोज्दै थिए। यही बीचमा प्रहरीले कर्फ्यु लागेको माइकिङ गरेको थियो। तर भीडले कर्फ्युको प्रवाह नगरी आक्रोशित हुँदै तोडफोड गर्दै थिए। संसद भवनको दक्षिण गेटमा आगो समेत लाग्दै थियो। यस क्रममा मैले १०/१५ वटा जति गोली चलेको आवाज सुने। अन्दाजी १५:३० बजेतिर सडकमा केही शान्त अवस्था रहेको यकिन गरी म बाहिर निस्की थापा गाउँमा रहेको डेरा कोठातर्फ जाँदा संसद भवनको पश्चिम गेट नजिक दुईजना सडकमै ढलेको समेत देखेको थिए। [150]

---

148 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१४७ अन्तर्गत रहेको ।

149 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४८ अन्तर्गत रहेको ।

150 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१४९ अन्तर्गत रहेको ।

**१५०. राम श्रेष्ठको कागज ब्यहोराः**

म बानेश्वरस्थित संघीय संसद भवनको पश्चिम गेट अगाडि मोबाइल पसल सञ्चालन गरी बस्छु। २०८२ भाद्र २३ बिहान १०-११ बजेदेखि चारै तर्फबाट प्रदर्शनकारीहरु भेला जम्मा भई प्रदर्शन गरिरहेका थिए। नेपाल प्रहरी सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई सम्झाउने बुझाउने शान्तपूर्वक प्रदर्शन गरिदिन अनुरोध गर्ने सम्बन्धमा जानकारी गराउने गरिरहेका थिए। सोही क्रममा प्रदर्शनकारीहरूको एक समूहले संसद भवनभित्र प्रवेशगर्न उक्साउने, केही बुलेट मोटरसाइकलहरु ठूलो ठूलो आवाजमा कुदाई भिडलाई उत्तेजित बनाउने गर्न थाले। सो पश्चात प्रदर्शनकारीहरुले ढुङ्गामुढा प्रहार गर्दै सुरक्षाकर्मीको निश्चित क्षेत्रमा राखेको ब्यारिकेट तोडी अगाडि बढे। भिडलाई नियन्त्रण गर्न प्रहरीले पानीको फोहरा प्रयोग गर्ने, लाठी चार्ज गर्ने, अश्रुग्याँस प्रहार गर्ने जस्ता कारबाही गरे। प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई गोली चलाउनेसम्मको बाध्यात्मक अवस्थामा पुर्याएको हो। भोलिपल्ट २४ गतेका दिन बिहानदेखि जेन्जी लगायतका अन्य व्यक्तिहरु समेत आक्रामक शैलीमा ठूलो संख्यामा चारै तर्फबाट भेला जम्मा भई विभिन्न घरेलु हतियार, पेट्रोल बम, प्रज्वलनशील पदार्थ सहित एकाएक सुरक्षाकर्मीहरुलाई आक्रमण गर्ने कुटपिट गर्ने सुरक्षाकर्मीहरूको सवारी साधन तोडफोड गर्ने, संघीय संसद भवनको पर्खाल भत्काउने, भित्र प्रवेश गर्ने, प्रहरीको ब्यारेक संघीय संसद भवनमा आगजनी तथा सङ्घीय संसद भवनमा लुटपाट गर्ने गरेका हुन। [151]

**१५१. नविन बस्नेतको कागज ब्यहोराः**

भदौ २३ गते संसद भवनको उत्तरपूर्वको एक होटलमा साथिहरुको साथमा थिए। समय यकीन भएन बाहिर होहल्ला सुनी बाहिर निस्की हेर्दा भीडले ढुंगामुढा गुलेली प्रहार गरिरहेका थिए। केही मानिसहरु संसद भवनको पर्खाल भत्काई रहेका थिए। प्रहरीले पनि अश्रुग्याँस लाठी हानिरहेका थिए। TOB लेखेका ज्याकेट लगाएका मानिसहरुले अस्वाभाविक रुपमा बाइकहरु कुदाउँदा भीड झन आक्रोशित भएको थियो। संसद भवनभित्र रहेका सांसदहरु एम्बुलेन्स चढी बाहिर निस्कन खोज्दा झन तनाब बढेको थियो। सो वीचमा एक जना ससस्त्र प्रहरीको युनिफर्म लगाएका सुरक्षाकर्मीले गोली चलाउदा २ नं गेट अगाडि एक जना ढलेको देखेको हुँ। मानिस ढल्ने वित्तिकै मानिसहरुले अस्पतालतर्फ लगेका हुन्। ११:०० बजेदेखि नै आन्दोलनकारीहरुको भीड बाक्लो हुन

151 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१५० अन्तर्गत रहेको ।

थाल्यो। अधिकांश मधेशी समुदायका मानिसहरुको उपस्थिति रहेको भीडले संसद भवनभित्र प्रवेश गरी आगजनी तथा तोडफोड गरी सरसामन लुटपाट समेत गरेको देखेको हुँ। मेरै घरको अगाडि एकजना प्रदर्शनकारी ढलेको देखेको थिएँ। गोली कस्ले हान्यो देखिन। २४ गते नेपाली सेना समेत थियो तर उनीहरुकै उपस्थितिमा आगजनी भयो। सेना मूकदर्शक बनिरह्यो। ग्याँस सिलिण्डर पड्केको आवाजले मेरो घरमा समेत कम्पन महसुस गरियो। २५ गते मात्र दमकलले आगो निभाएको हो।[152]

**<u>१५२. विलजेस कार्कीको कागज ब्यहोराः</u>**

भदौ २३ गते करिव ११:०० बजेतिर संसद भवनको चारैतिर अति ठूलो सङ्ख्यामा प्रदर्शनकारीहरु जम्मा भई आक्रामक शैलीमा प्रदर्शन गर्न थाले। विभिन्न विचारधारामा रहेका प्रदर्शनकारीहरूले अन्धाधुन्दा ढुङ्गामुढा प्रहार गर्न थाले। प्रहरीले पानीको फोहरा, टियर ग्याँस, लाठी चार्ज लगायतका कारबाही गर्न थाल्यो। सो दिन प्रहरी कारबाहीमा ठूलो संख्यामा प्रदर्शनकारीहरु मारिनुको साथै घाइते भएको भन्ने विभिन्न संचार माध्यमबाट जानकारी पाएँ। भोलिपल्ट २४ गते संसद भवनको सुरक्षामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल समेत तैनाथ थिए। करीब ११.०० बजेतिर प्रदर्शनकारीहरुले संसद भवनको पर्खाल फुटाई फलामे रेलिङ तोडी भित्र प्रवेश गर्न थाले, सेनाले आफ्नो स्थान छाडी फर्कियो। संसद भवनभित्र प्रवेश गरेपछि प्रदर्शनकारीहरूले सुरक्षा पोष्ट, ब्यारेक र संसद भवनमा आगजनी गर्नुको साथै संसद भवन नजिकैको सडक विभागमा बसेको सशस्त्र प्रहरी बल नेपालको ब्यारेक समेत तोडफोड आगजनी गरेको थियो।[153]

**<u>१५३. सचिन भण्डारीको कागज ब्यहोराः</u>**

मिति २०८२। ५। २३ गते दिउसोतिर बानेश्वर चोकमा होहल्ला नाराबाजी पढेपछि सम्पूर्ण पसलहरू बन्द भए। उक्त समयमा स्कुल कलेजका ड्रेसमा धेरै व्यक्तिहरूको उपस्थिति रहेको थियो। प्रदर्शनकारीहरुले जताततै ढुङ्गामुढा गर्दै थिए। केही व्यक्तिले संसद भवनको पर्खाल भत्काउँदै थिए। प्रदर्शनकारीहरूले संसद भवनको पर्खालमाथिको फलामको रडहरू भाँचेका र पर्खालका केही भागहरू भत्काएका थिए। प्रहरीले समेत लाठी चार्ज गरी अश्रुग्याँस प्रहार गरेको थियो। केहि समयमा गोलीहरू चलेको आवाज पनि सुनियो। भीडले एकजना प्रहरीको आँखा फुटाए

152 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१५१ अन्तर्गत रहेको ।

153 घटना बिबरण कागजको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१५२ अन्तर्गत रहेको ।

भन्ने पनि सुनेको हो। टिओबी लेखिएका ज्याकेट लगाएका कालो झण्डा बोकेका मोटरसाइकलमा चढी आएका मानिसहरुले प्रभोक गरी रहेका थिए। भोलिपल्ट भाद्र २४ गते १० बजेतिर पुन आफ्नो नियमित कामको लागि सस्तो मार्केटमा पुगेको हुँ। ११.०० बजेतिर मानिसहरु चारैतिरबाट आउन थाले उक्त दिन जेन्जी समूहको खासै उपस्थित थिएन। अन्दाजी १४:३० बजेको समयमा संसद भवनमा आगो लगाइ दिए भन्ने सुनेपछि म समेत संसद भवनतर्फ गएँ। म पुग्दा सडकभरि मानिसहरू थिए संसद भवन दन्दनी जलिरहेको थियो। प्रदर्शनकारीहरूले प्रहरीलाई कुटपिट लछारपछार गर्दै थिए। संसद भवनभित्र प्रहरीहरूको उपस्थिति थिएन, आर्मी थियो तर मूकदर्शक थिए। आन्दोलनकारीहरु केहीले गमला, केहीले फर्निचर जस्ता जे भेटे आफूसँग लिई भाग्दै थिए। केही प्रदर्शनकारीहरू पार्किङ गरिएका सवारी साधनहरूमा आगो लगाउँदै थिए। [154]

### १५४. दलराम श्रेष्ठको कागज ब्यहोराः

मिति २०८२। ५। २३ गते बानेश्वर चोकमा स्कुल कलेजका ड्रेसमा धेरै व्यक्तिहरूको उपस्थिति रहेको थियो। प्रदर्शनकारीहरुले जताततै ढुङ्गामुढा गर्दै संसद भवनको पर्खाल भत्काउँदै थिए। प्रहरीले समेत लाठी चार्ज र अश्रुग्याँस प्रहार गरेको थियो। गोलीहरू चलेको आवाज पनि सुनियो। टिओबी लेखिएका ज्याकेट लगाएका कालो झण्डा बोकेका मोटरसाइकलमा चढी आएका मानिसहरुले उत्तेजित गरी रहेका थिए। भोलिपल्ट भाद्र २४ गते ११.०० बजेतिर मानिसहरु चारैतिरबाट आउन थाले। अन्दाजी १४:३० बजेको समयमा संसद भवनमा आगो लगाइ दिएका थिए। संसद भवनभित्र प्रहरीहरूको उपस्थिति थिएन, आर्मी थियो तर मूकदर्शक थिए। आन्दोलनकारीहरुले सवारी साधनहरूमा आगो लगाउँदै अन्य सामानहरु समेत ओसार्दै थिए। [155]

## ५.५. घाईतेहरुको घटना विवरण कागज ब्यहोरा

### १५५. लोकराज उपाध्यायको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गतेका दिनको प्रदर्शनमा मेरो सहभागिता थियो। प्रदर्शनको क्रममा म घाइते भई उपचारको लागि अस्पताल भर्ना भई उपचारार्थ रहेकोले २४ गतेको प्रदर्शनमा मेरो सहभागिता रहेन। भ्रष्टाचार नियन्त्रण गरी राष्ट्रहित र सुशासन कायम गर्न सहयोग गर्नुपर्छ भन्ने लागेर

154 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१५३ अन्तर्गत रहेको ।

155 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१५४ अन्तर्गत रहेको ।

स्वतःस्फूर्त रुपमा २३ गतेको आन्दोलनमा सहभागी भएको हुँ। उक्त दिन बिहान करिब १०:०० बजेतिर म प्रदर्शनमा सहभागी हुन माइतीघर मण्डलामा पुगेको थिए। लगभग ११:०० बजे म समेतका प्रदर्शनकारीहरु भ्रष्टाचार नियन्त्रण, राष्ट्रहित र सुशासन कायम गर्न माग राखी प्रदर्शन गर्दै अगाडि बढ्न थाल्यौ र करीब १२:०० बजेतिर संघीय संसद भवन बानेश्वरको दक्षिण गेटअगाडि सडकमा पुगेको थिएँ। म पुग्दा प्रहरीले निषेधित क्षेत्र भनी जनाउ स्वरुप सडकमा राखेको व्यारिकेट प्रदर्शनकारीहरुले तोडी संघीय संसद भवन वरपर पुगी सकेका थिए। प्रहरीले संघीय संसद भवन वरपरका प्रदर्शनकारीहरुलाई हटाउन प्रयास गरी रहेको थिए। सोहीबीच सुरक्षा कर्मीहरुबाट अश्रुग्याँस, रवरवुलेट प्रयोग गरी प्रदर्शनकारीहरुलाई संघीय संसद भवन वरपरबाट हटाउन प्रयास गरे र प्रदर्शनकारीहरुबाट ढुंगामुढा प्रहार हुन थाल्यो। यसै क्रममा संघीय संसद भवनको दक्षिणतर्फबाट गरेको फायरले मेरो बायाँ कोखामा घाउ बनायो। तत्कालै सोही तर्फबाट फायर हुँदा मेरो बायाँ गोडाभन्दा हल्का तल गोली लागि म घाइते भए। मेरो रु.३२, ०००। - मूल्यको एउटा मोवाईल पनि हराएको छ। प्रदर्शनमा सहभागी अन्य साथीहरुले मलाई सिभिल अस्पताल बानेश्वरमा लान सहयोग गरे। सो पश्चात के, के भयो मलाई थाहा भएन। भोलिपल्ट अस्पतालले मेरो गोडामा अप्रेशन गरी धातुको गोली निकाली दियो। लगभग ५ दिनको उपचारपछि डिस्चार्ज भई हाल सम्म अस्पतालको फ्लोअपमा छु। नेपाल सरकारबाट मेरो उपचार हुन्को साथै थप रु.२०, ०००। - पनि उपलव्ध भएको छ। २३ गतेको घटना सम्बन्धमा राज्यसँग आक्रोशित जनताले २४ गतेका दिन गरेको विरोध कार्यक्रममा अन्य कुनै व्यक्ति वा समूहले प्रदर्शन भड्काउने उद्देश्यले घूसपैठ गरी तोडफोड आगजनी गर्ने कार्यमा समावेश भई विध्वंसात्मक कार्य गरेको जस्तो लाग्छ। प्रदर्शनकारीहरुमाथि गोली चलाउन आदेश दिने तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा फिल्ड कमाण्डरहरु तथा २०८२ भाद्र २४ गते तोडफोड आगजनी जस्ता विध्वंसात्मक कार्यमा संलग्न व्यक्तिहरुको सम्बन्धमा छानविन गरी कानून बमोजिम कारबाहीको लागि अनुरोध गर्दछु। [156]

## १५६. आर्यन अधिकारीको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनको दिन पाटन औद्योगिक क्षेत्रमा थिएँ। भाद्र २३ गते के-कसो भयो म प्रत्यक्षदर्शी नभएको कारणले मलाई अन्य केही थाहा

156घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१५५ अन्तर्गत रहेको ।

छैन। भ्रष्टाचार विरोधको आन्दोलन चर्कदाँ राज्यले गोली प्रहार गरी बच्चाहरु मारेको सुनी अब त हामी पनि आन्दोलनमा जानु पर्दछ भन्ने लागेर भाद्र २४ गते बिहान खाना खाएर अन्दाजी १०:३० बजे तिर म कोठाबाट बाहिर निस्केको हुँ। नख्खु कारागारबाट रबि लामिछाने छुट्दै छन् भन्ने सुनेर म समेत सोही एरिया तिर गएको हुँ। करिव दिनको १५:०० बजेको समयमा रबि लामिछाने दाई गाडीमा चढेर अगाडि बढेपछि सम्पूर्ण भीड पनि गाडीको पछिपछि लागियो। नख्खु दोबाटो रिंगरोडसम्म गाडी र भीड सँगसँगै गयो, त्यसपछि गाडीले भीडलाई छाडेर अगाडि बढ्यो र म सोही भीडको पछि लागेर जावलाखेल चोकसम्म पुगें। उक्त स्थानमा आन्दोलनकारीहरु २/३ जना प्रहरीको अश्रुग्याँस लागेर ढलेको देखि म समेत भई निजहरुलाई उद्धार गरी साइडमा ल्याई पानी छम्की होसमा ल्याएको हो। साँझको समयमा म स्थानीय होटलमा खाजा खाई जावलाखेल चोकतर्फ अगाडि बढ्दा लगनखेल चोकतर्फबाट प्रदर्शनकारीहरुले शसस्त्र प्रहरीको वन टन भ्यान नियन्त्रणमा लिई उक्त भ्यानको सबै ढालाहरु तोडी सो भ्यानमा अट्ने सम्मको मानिसहरु चढी अब जाउलाखेल प्रहरीलाई आक्रमण गर्न आएको थाहा पाई म समेतको २०/२५ जना युवाहरुले प्रहरीमा आक्रमण गर्नु हुँदैन भनी उक्त भ्यानलाई छेक्दै अगाडि बढ्दै गर्दा करिव १९:००-१९:३० बजेतिर अचानक बत्ति गयो र अन्धकार भयो सोही क्रममा प्रहरीले गोली चलायो। मलाई अचानक दाँहिने खुट्टाको तिघ्रा र कम्मरको वीचमा अनि दाँहिने हातको नाडिमा गोली लाग्यो। मैले सामान्य चिनेको तर यकीन नाम थर ठेगाना थाहा नभएको सन्जय घिसिङ समेत सोही भीडमा उपस्थित रहेछन्। निजले मलाई उद्धार गरी सडकको छेउमा एउटा घरको गेटमा पुऱ्याएपछि हामीलाई फलो गरी प्रहरी समेत आएको देखि पुनः सो स्थानबाट हामी दुबै जना अगाडि बढ्ने क्रममा म भुइमा लडें। पुनः गोली चलेको आवाज सुनी हेर्दा निज संजय तामाङको हातमा समेत गोली लाग्न गयो। पुनः उठी अल्का अस्पतालतर्फ बढ्दै गर्दा प्रहरीको गोली लागि अर्को १ जना साथी पनि भूँईंमा ढलेको देखि हामी आत्तिएर अर्को गल्लीतिर गई स्थानीय व्यक्तिको घरमा केही समय लुकीछिपी बसी पछि अर्को गल्ली हुँदै उपचारको लागि पाटन अस्पतालतर्फ जाने क्रममा संजयको दाई समेत मोटरसाइकल लिई सो स्थानमा पुगेपछि हामी तीनजना मोटरसाइकल चढी अस्पताल पुगेका हौं। मेरो शरीरमा लाइभ राउण्ड लागेको रहेछ। त्यसपछि म उक्त अस्पतालमा बेड भर्ना भई ८ दिन उपचार गराई डिस्चार्ज भएको हो। मेरो औषधी उपचारको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोरेको छ। [157]

**<u>१५७. स्मृति राईको कागज ब्यहोराः</u>**

157 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१५६ अन्तर्गत रहेको ।

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा मेरो पूर्ण सहभागिता रहेको थियो। बिहान करिव १०:३० बजेको समयमा शान्तिपूर्ण रुपमा नाराबाजी गर्दै रैली नयाँ बानेश्वरतर्फ अगाडि बढीरहेको थियो र म भीडको पछाडिको भागमा थिएँ। प्रदर्शनको क्रममा हामीहरु संसद भवनको दक्षिणतर्फको गेटमा पुग्यौं। हामीहरुले शान्तिपूर्ण रुपमा धर्ना बस्छौं स्थान छुट्याई दिनुहोस् भन्दा प्रशासनबाट सुनुवाइ भएन, उल्टो प्रहरीतर्फबाट लाठी चार्ज, अश्रु ग्याँसहरु प्रहार भै रहे। पानीको फोहोरा समेत प्रहार भएको कारणले भीडको आक्रोश समेत बढ्दै गयो। यही क्रममा संसद भवनको दक्षिण ढोकासँगै रहेको भित्रपट्टिको सानो घरमा करिव १०/१५ जना आन्दोलनकारीहरु चढेर नारा जुलुस गरिरहेको देखें। उक्त भवनको छानोमा चढेका १ जान पुरुष व्यक्तिको शरिरबाट रगत बगिरहेको देखी मैले निजलाई उद्धार गर्नको लागि सो स्थानमा पुगी २/३ जना मानिसहरुको सहयोगमा घाइतेलाई छतबाट तल झारे। उहाँको टाउको तथा खुट्टामा घाउचोट लागि रगत बगिरहेको र उक्त रगत मेरो ज्याकेटमा समेत लागेको रगत देखी प्रहरीलाई लक्षित गरी “सरकार तिमीहरुलाई जनताको छोरा छोरीलाई गोली चलाउने आदेश कसले दियो?” भन्दै गर्दा अचानक मेरो अगाडिबाट आएको गोली मेरो दाँहिने खुट्टाको घुँडामुनी २ ठाउँमा लागेपछि म आत्तिदैं मलाई गोली लाग्यो भनी हारगुहार गर्दा उपस्थित साथीहरुले मलाई उद्धार गरी एम्बुलेन्समा राखी मलाई नजिकै रहेको सिभिल अस्पतालमा पुऱ्याएका हुन। मेरो खुट्टामा रबरको गोली लागेको रहेछ। त्यसपछि म उक्त अस्पतालमा बेड भर्ना भई ३ दिन उपचार गराई डिस्चार्ज भएको छु। हाल मेरो स्वास्थ्य अबस्था सामान्य रहेको छ। मेरो औषधी उपचारको सम्पूर्ण खर्च नेपाल सरकारबाट व्यहोरिएको छ। [158]

**<u>१५८. आयुष वि.क.को कागज ब्यहोराः</u>**

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा मेरो स्वतःस्फूर्त सहभागिता रहेको थियो। सो दिन प्रदर्शनको क्रममा म घाइते भई उपचारार्थ अस्पतालमा रहेको हुँदा २४ गतेको प्रदर्शनमा मेरो कहीँ कतै सहभागिता रहेन। हामी बानेश्वर एभरेष्ट होटल नजिक प्रहरीको व्यारिकेटमा पुगेपछि प्रहरीले अगाडि बढन दिएन। म रैलीको अगाडि व्यारिकेट नजिकै थिए। पछाडिका प्रदर्शनकारीहरुले पछाडिबाट नारा लगाउदै अगाडि बढ्न दवाव दिई धकेल्न थाले जसको कारण अगाडिका प्रदर्शनकारीहरु प्रहरी व्यारिकेटतर्फ अगाडि बढ्न पुग्यो र व्यारिकेट धकेलिन

158 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१५७ अन्तर्गत रहेको ।

थाल्यो। केही समय व्यारिकेट धकेलाधकेल भई व्यारिकेट तोडिन लागेपछि व्यारिकेट अगाडि रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको टोलीले प्रदर्शनकारीहरुमाथि पानीको फोहोरा, अश्रुग्याँस प्रहार गर्न थाले। पछाडितर्फका प्रदर्शनकारीहरुले प्रहरीले प्रहार गरेको अश्रु ग्याँसको सेल टिपी प्रहरी तर्फ नै फाल्न थाले। सो प्रश्चात प्रहरीहरुसँग धकेलाधकेल भई प्रदर्शनकारीहरुले व्यारिकेट तोडे। व्यारिकेट तोडेपछि प्रहरीहरु पानीको फोहोरा अश्रुग्याँस प्रहार गर्दै पछाडि हट्न थालेपछि प्रदर्शनकारीहरु झन उत्तेजित भई ढुंगामुढा प्रहरा गर्न थाले र प्रहरीले प्रहार गरेको रवर बुलेटहरु प्रदर्शकारीहरुलाई लागि घाइते भई रहेका थिए। करीब दिनको १२:३५ बजेतिर मेरो कम्मर मुनी पछाडि बायाँतर्फ रबर बुलेट लागि म घाइते भए र सहभागी कोही साथीहरुले मलाई सिभिल अस्पताल बानेश्वर लगे। अस्पताल पुगेपछि मलाई ९ वटा रवर बुलेट लागेको जानकारी भयो। सिभिल अस्पताल एरियामा प्रहरीहरुको हस्तक्षेप बढेपछि मेरो परिवारले मलाई सिभिल अस्पतालबाट रिफर गराई त्रि. बि. शिक्षण अस्पताल महाराजगँज लगी उपचार गराए। मेरो शरीरबाट हाल सम्म तीन वटा रबर बुलेट निकाल्न बाँकी छ। हाल सम्म अस्पतालको फ्लोअपमा छु। मेरो उपचार नेपाल सरकारबाट भई रहेको छ। २३ गतेका घटना सम्बन्धमा राज्यसँग आक्रोशित जनताले गर्न लागेको २४ गतेको विरोध कार्यक्रममा अन्य कुनै व्यक्ति वा समूहको घूसपैठमा तोडफोड आगजनी गर्ने कार्यमा समावेश भएको मेरो अनुमान छ। हाल विभिन्न व्यक्ति र समूहले घाइतेहरुको नाम प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट आर्थिक संकलन गरी आफू खुशी गर्ने गरेको सर्वत्र जानकारी भएको छ। सो को नियन्त्रण गरी दिन समेत अनुरोध गर्दछु। [159]

## १५९. कृष्ण सुनारको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनमा मेरो स्वतःस्फूर्त सहभागिता रहेको थियो। सो दिन प्रदर्शनको क्रममा म घाइते भई उपचारार्थ अस्पतालमा रहेको हुँदा २४ गतेको प्रदर्शनमा मेरो कहीं कतै सहभागिता रहेन। उक्त दिन १०:०० बजेपछि आन्दोलनमा सहभागी हुन गोंगबुबाट रामशाहपथ हुदै लगभग अन्दाजी दिनको १२:०० बजे तिर संघीय संसद भवन बानेश्वरको दक्षिण गेट अगाडि सडकमा पुगेको थिएँ। म पुग्दा आन्दोलन भड्की सकेको थियो। कसरी आन्दोलन भड्कन पुग्यो मलाई थाहा भएन। अन्दाजी दिनको १-२ बजेको थियो होला के कताबाट फायर भएको गोली मेरो शरीरमा लागि म ढली व्यहोस भए र मलाई नजिकै

159 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१५८ अन्तर्गत रहेको ।

रहेको सिभिल अस्पताल लगेछन्। करीब दिनको ३ः३० बजेतिर मेरो होस् आउँदा सिभिल अस्पतालमा उपचार भई रहेको थियो। मेरो शरीरको बायाँ छातीमाथि कुमको हातको जोर्नी नजिक गोली लागेको रहेछ। सोही दिन मेरो शरीरको गोली लागेको स्थानमा अप्रेशन गरी एउटा धातुको गोली र दुई दिन पछि २५ गतेका दिन पुन अप्रेशन गरी ४ वटा छर्रा निकालियो। चिकित्सकले मेरो शरीरमा थप २ वटा छर्रा रहेको छ, पछि निकाल्नु पर्छ भन्नु भएको छ। हाल सम्म मेरो बायाँ हात राम्रोसँग चल्दैन। सिभिल अस्पतालले नशामा असर परेको कारणले दुखेको हो भनी थप उपचारको लागि त्रि.बि. शिक्षण अस्पताल महाराजगँज काठमाडौंमा रिफर गरी दिएको छ। हाल म अस्पतालको फ्लोअपमा छु। हाल सम्म मेरो उपचार खर्च नेपाल सरकारबाट भएको छ। मलाई नेपाल सरकारबाट थप रु.२०, ०००। - उपलव्ध भएको छ, औषधी भने व्यक्तिगत रुपमा खरिद गर्नु परेको छ। हाल सम्म मेरो रु.८, ०००। - खर्च भई सकेको छ, थप खर्च पनि लाग्नेछ। २३ गतेका घटना सम्बन्धमा राज्यसँग आक्रोशित जनताले गर्न लागेको २४ गतेको विरोध कार्यक्रममा अन्य कुनै व्यक्ति वा समूहले प्रदर्शन भड्काउने उद्देश्यले घूसपैठ गरी तोडफोड आगजनी गर्ने कार्यमा समावेश भई विध्वंसात्मक कार्य गरेको जस्तो लाग्छ। प्रदर्शनकारीहरुमाथि गोली चलाउन आदेश दिने तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा फिल्ड कमाण्डरहरु तथा २०८२ भाद्र २४ गते तोडफोड आगजनी जस्ता बिध्वसांत्मक कार्यमा संलग्न व्यक्तिहरुको सम्बन्धमा छानविन गरी कानून बमोजिम कारबाहीको लागि अनुरोध गर्दछु। [160]

## १६०. मनोज बहादुर बोहराको कागज ब्यहोराः

आन्दोलन शुरुमा शान्त र त्यसपछि आक्रामक भएको थियो। मलाई याद भएसम्म सुरक्षाकर्मीले पूर्व चेतावनी दिएको थिएन। कुनै वार्ता र अपील समेत गरेन। हातखुट्टा र टाउकोमा गोली लागेको छ। सुरक्षाकर्मी र आन्दोलनकारीहरु बीचको दुरी १०/१२ मिटर जति थियो होला। म बेहोसीमा रहेको कारण उपचार कसरी भयो थाहा भएन तर अस्पतालमा प्रहरी निग्रानी देखिन। मेरो मोबाइल हराएको कारण मेरो मोबाइलमा रहेको भिडियो उपलब्ध गराउन असक्षम छु। राज्य गैह्र जिम्मेवार भएर अतिशक्तिको प्रयोग गर्यो। घटनाको सम्बन्धमा मैले अन्य कसैलाई जानकारी गराएको छैन। आन्दोलनमा व्यापक घूसपैठ भएको जस्तो लाग्छ, जियनजेड ले सिंहदरवार अदालत जलाउने जस्तो कार्य गर्दैनन्। तिनीहरुलाई पत्ता लगाई कडा कारवाही होस्। राज्य सत्तामा बस्नेहरु निस्वार्थ

160 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१५९ अन्तर्गत रहेको ।

भावनाले देशप्रति जिम्मेवार भई कार्य गर्ने र आन्दोलनमा दमन गर्नेलाई कारवाही, भ्रष्टाचारीलाई कारवाही होस्। घटनाको सम्पूर्ण जिम्मेवारी तत्कालीन सरकारले लिनुपर्दछ। [161]

**१६१. संजित यादवको कागज ब्यहोराः**

म बानेश्वर स्थित संसद भवन अगाडि स्वःस्फूर्त आन्दोलनमा सहभागी थिएँ। शुरुमा आन्दोलन शान्तिपूर्ण थियो, प्रहरीले अश्रुग्याँस प्रहार गर्न थालेपछि माहोल अशान्त भयो। सो एरियामा सुरक्षाकर्मीको उपस्थिति राम्रै थियो तर उनीहरुले बल प्रयोग गर्नु भन्दा पहिला कुनै चेतावनी दिएनन्, कुनै वार्ता भएन। १० मिटरजति दूरीबाट खुट्टामा गोली र पानीको फोर्सको कारणले चोट लागेको छ। मेरो उपचार गर्ने कार्य ढिला भयो। राज्यको दमनको कारण ठूलो घटना भयो। भ्रष्टाचार नियन्त्रण र जनतामा जागरुकता भएमा यस्ता घटना नदोहोरिन सक्छन्। २४ गते आन्दोलनमा घूसपैठ भएको छ। दोषी पत्ता लगाई कारवाही होस्। [162]

**१६२. कृष्ण थापाको कागज ब्यहोराः**

म भदौ २३ गते बानेश्वरस्थित संसद भवनअगाडि र २४ गते धोवीघाट, कालिमाटी एरियामा बालेन साहको आव्हानमा भ्रष्टाचार, करको दुरुपयोगको विरुद्धमा र सुशासनको पक्षमा स्वःस्फूर्त रुपमा आन्दोलनमा सहभागी भएको थिएँ। आन्दोलन अशान्त थियो। सुरक्षाकर्मीले अश्रुग्याँस प्रहार गरेका थिए। वार्ताको अपिल नगरिएको र निषेधित क्षेत्रको बारेमा समेत जानकारी नदिएको। सुरक्षाकर्मीको उपस्थिति बाक्लै थियो। प्रहरीलाई सहयोग गरी बचाउन जाँदा भीडले हुत्यायर प्रहरी बिटमा करेन्ट लागेर हातमा चोट लागेको छ। प्रहरी र सुरक्षाकर्मीवीचको दुरी १२ मिटर थियो। मलाई के-कसरी उपचार भयो जानकारी भएन। उपचार समेत प्रहरी निग्रानी मै भयो। केही फोटो भिडियो छन्। राज्यबाट दमन भयो, भ्रष्टाचारीलाई कारवाही होस्, पीडितलाई शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था होस्। [163]

**१६३. युवराज थापाको कागज ब्यहोराः**

म स्वःस्फूर्त जनतालाई लुटेको विरोधमा बानेश्वर एरियामा १२:०० बजेतिर आन्दोलनमा अग्रपंतिमा

161 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६० अन्तर्गत रहेको ।
162 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६१ अन्तर्गत रहेको ।
163 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६२ अन्तर्गत रहेको ।

सहभागी भएको थिएँ। भीड आक्रामक थियो। सुरक्षाकर्मीले निषेधित क्षेत्रको बारेमा जानकरी दिएका थिए। वार्ताको अपिल गरेनन्। मेरो चाक र छातीमा लाठी प्रहार भएको छ। उपचार पनि पाइयो। मसँग फोटो भिडियो केही पनि छैन। सरकारले दमन गर्यो। आयोगबाट क्षतिपूर्ति, नीति सुधार, न्यायिक कारवाही होस्। दमनकारी सबैलाई फाँसी दिनु पर्छ। पार्टीहरुबाट घूसपैठ भएको छ। [164]

**<u>१६४. सुरेन्द्रजंग थापाको कागज ब्यहोराः</u>**

म स्वःस्फूर्त रुपमा भ्रष्टाचारको विरोधमा बानेश्वर संसद भवनअगाडि १२:३० बजे आन्दोलनमा सहभागी भएको थिएँ। आन्दोलन शान्त थियो। पुलिस र APF ठिकै थिए बल प्रयोग गर्नुअघि निषेधित क्षेत्र बारे जानकारी दिएको थाहा भएन। सो क्षेत्र तोडी सकेका थिए। खुट्टा, कुहिनो र तिघ्रामा गोली लागेको छ। उपचार स्वतन्त्र रुपमा भयो। मसँग फोटो भिडियो छ। हानहान भनेको सुनेको थिए। दर्जा जानकारी भएन। सरकारले दमन गर्यो। आयोगबाट क्षतिपूर्ति, नीति सुधार, न्यायिक कारवाही र माफी चाहन्छु। पार्टीहरुबाट घूसपैठ भएको छ। [165]

**<u>१६५. दिपेन गुरुङको कागज ब्यहोराः</u>**

देशमा सुशासन र भ्रष्टाचारीलाई कारवाही गर्न स्वःस्फूर्तरुपमा डिल्लीबजारमा आन्दोलनमा सहभागी भएको थिएँ। मैले आर्मी देखिन सुरक्षाकर्मीले कुनै चेतावनी दिएनन्। मेरो छातीमा गोली लागेको छ। मसँग फोटो भिडियो छैन। उपचार स्वतन्त्र रुपमा भयो। हानहान भनेको सुनेको थिए दर्जा जानकारी भएन। सरकारले दमन गर्यो आयोगबाट क्षतिपूर्ति, नीति सुधार, न्यायिक कारवाही र माफी चाहन्छु। पार्टीहरुबाट घूसपैठ भएको छ। [166]

**<u>१६६. अशोक राईको कागज ब्यहोराः</u>**

म भदौ २४ गते बिद्यार्थिहरुलाई गोली हानी मारेको विरोधमा स्वःस्फूर्त १०:०० बजेतिर गौशालामा आन्दोलनमा सहभागी भएको थिए। भीड शान्त थियो, सुरक्षाकर्मीले बल प्रयोग गर्दा कुनै चेतावनी दिएनन्। मेरो २ वटा घुँडामा गोली लागेको छ। स्वतन्त्र रुपमा उपचार गरेको हो। घटनाको फोटो भिडियो छैन। हानहान भनेको सुनेको थिएँ। सरकारले दमन गर्यो आयोगबाट क्षतिपूर्ति, नीति

164 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६२ अन्तर्गत रहेको ।
165 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६४ अन्तर्गत रहेको ।
166 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६५ अन्तर्गत रहेको ।

सुधार, न्यायिक कारवाही चाहन्छु। पार्टीहरुबाट घूसपैठ भएको छ। [167]

## १६७. सन्तोष चौलागाईको कागज ब्यहोरा

म देशमा सुशासन र भ्रष्टाचारीलाई कारवाही गर्न स्वःस्फूर्तरुपमा माइतीघरदेखि बानेश्वरसम्म आन्दोलनमा सहभागी भएको थिएँ। सुरक्षाकर्मीले कुनै चेतावनी दिएनन्। मेरो टाउकोमा लाठी टियर ग्याँस लागेको छ। नाम दर्जा थाहा छैन। चिन्न सक्छु फोटो भिडियो छ। उपचार स्वतन्त्र रुपमा भयो। हानहान भनेको सुनेको थिएँ दर्जा जानकारी भएन। पार्टीहरुबाट घूसपैठ भएको छ। [168]

## १६८. सुर्यसन प्रजापतिको कागज ब्यहोराः

म भदौ २४ गते सुशासनको पक्षमा स्वःस्फूर्त रुपमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा आन्दोलनमा सहभागी भएको थिएँ। २३ गते बानेश्वरमा थिए। सुरक्षाकर्मीहरु नेपाली सेना, प्रहरीहरु थिए। सुरक्षाकर्मीले कुनै चेतावनी दिएनन्। मेरो टाउकोमा ग्याँस लागेको छ। फोटो भिडियो छैन। उपचार स्वतन्त्र रुपमा भयो आयोगबाट क्षतिपूर्ति, नीति सुधार र न्यायिक कारवाही चाहन्छु। [169]

## १६९. रमिन्द्र पासवानको कागज ब्यहोराः

म २४ गते मात्र भ्रष्टाचार विरुद्व स्वःस्फूर्त गौशाला चोकमा आन्दोलनमा सहभागी हुँदा औंलामा गोली लागेको छ। आन्दोलन अशान्त रहेको थियो। सुरक्षाकर्मी पनि धेरै थिए। करिव १२ मिटरको दुरीबाट फायर भएको थियो। उपचारमा ढिलाई भयो तर प्रहरी निगरानीमा होइन। मैले कुनै सुरक्षा कमाण्डरलाई चिनिन, फोटो भिडियो छैन। आन्दोलनमा घूसपैठ भएको छ। ऐन कानूनमा सुधार होस्, जियनजेडका मागहरु पूरा होस्। [170]

## १७०. युवराज उपाध्यायको कागज ब्यहोराः

म स्वःस्फूर्त रुपमा बानेश्वरचोकमा देश परिवर्तन र भ्रष्टाचारको विरोधमा आन्दोलनमा सहभागी भएको थिएँ। प्रदर्शन शान्त थियो। सुरक्षाकर्मीले कुनै पूर्व चेतावनी तथा वार्ता अपिल समेत नगरी गोली प्रहार गर्दा मलाई लागेको छ। सुरक्षाकर्मी र हामीवीचको दुरी करिव ३० मिटर जति थियो होला।

---

167 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६६ अन्तर्गत रहेको ।
168 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६७ अन्तर्गत रहेको ।
169 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६८ अन्तर्गत रहेको ।
170 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१६९ अन्तर्गत रहेको ।

उपचार स्वतन्त्ररुपमा समयमै पाइयो। आदेश दिने कमाण्डरको अनुहार चिन्न सकिन्छ। फोटो भिडियो छैन। आयोगबाट क्षतिपूर्ति, नीति सुधार र न्यायिक कारवाही चाहन्छु। यस्ता घटना नदोरिउन भनी भ्रष्टाचारीलाई कारवाही र जेल चलान हुनुपर्छ। आन्दोलनमा घूसपैठ भएको हो।[171]

**<u>१७१. राम चर्माकारको कागज ब्यहोराः</u>**

म सुशासनको पक्ष र भ्रष्टाचारको विरोधमा स्वःस्फूर्तरुपमा कलंकीमा आन्दोलनमा सहभागी भएको थिएँ। सुरक्षाकर्मीको उपस्थिति बाक्लो थियो। भीड शान्त थियो। सुरक्षाकर्मीलाई बल प्रयोग भन्दा अगाडि कुनै चेतावनीबिना गोली प्रहार गर्दा मेरो आँखामा लागेको छ। सुरक्षाकर्मी र हामीवीचको दुरी १५/२० मिटर जति थियो। घटनाको भिडियो छ। राज्यबाट अति बल प्रयोग भएको छ। राज्यबाट क्षतिपूर्ति, न्यायिक कारवाही, नीति सुधार सबै चाहिन्छ। यस्ता घटना नदोरिउन भन्नलाई भ्रष्टाचारीलाई कारवाही हुनु पर्छ। पार्टीहरुबाट घूसपैठ भएको छ। दोषीहरु पत्ता लगाई कारवाही गरिनु पर्दछ।[172]

**<u>१७२. सुमन बोहराको कागज ब्यहोराः</u>**

म भ्रष्टाचारको अन्त्य र सुशासनको पक्षमा स्वतःस्फूर्तरुपमा त्रिपुरेश्वरमा आन्दोलनमा सहभागी भएको थिएँ। भीड आक्रामक र सुरक्षाकर्मीको उपस्थिति खतरा थियो। सुरक्षाकर्मीले बिना चेतावनी विना वार्ता लाठी प्रहार गर्दा मेरो खुट्टामा लागेको छ। स्वतन्त्ररुपमा समयमै उपचार पाइएको थियो। मसँग फोटो भिडियो छैन। राज्यले अति बल प्रयोग गर्यो। राज्यबाट क्षतिपूर्ति, न्यायिक कारवाही, नीति सुधार सबै चाहिन्छ। यस्ता घटना नदोरिउन भन्नलाई भ्रष्टाचारीलाई कारवाही हुनु पर्छ। घूसपैठ भएको छ। दोषीहरु पत्ता लगाई कारवाही गरिनु पर्दछ।[173]

**<u>१७३. नृप रोकायाको कागज ब्यहोराः</u>**

म भ्रष्टाचारको अन्त्य र सुशासनको पक्षमा स्वतःस्फूर्त रुपमा बानेश्वरमा आन्दोलनमा सहभागी भएको थिएँ। भीड आक्रामक र सुरक्षाकर्मीको उपस्थिति खत्रा थियो। सुरक्षाकर्मीले चेतावनीविना गोली प्रहार गर्दा मेरो निधारमा लागेको छ। स्वतन्त्ररुपमा समयमै उपचार पाइएको थियो। मसँग फोटो

---

171 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१७० अन्तर्गत रहेको ।

172 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१७१ अन्तर्गत रहेको ।

173 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१७२ अन्तर्गत रहेको ।

भिडियो छैन। राज्यले अति बल प्रयोग गर्यो। राज्यबाट क्षतिपूर्ति, न्यायिक कारवाही, नीति सुधार सवै चाहिन्छ। यस्ता घटना नदोरिउन भन्नलाई भ्रष्टाचारीलाई कारवाही हुनु पर्छ। २४ गते घूसपैठ भएको छ। दोषीहरु पत्ता लगाई कारवाही गरिनु पर्दछ। [174]

## १७४. विजेश तामाङ्गको कागज ब्यहोराः

म भ्रष्टाचारको अन्त्य र सुशासनको पक्षमा स्वतःस्फूर्तरुपमा माइतीघरदेखि बानेश्वरमा आन्दोलनमा सहभागी भएको थिएँ। भीड शुरुमा शान्त र संसद भवनमा पुगेपछि आक्रमक भएको थियो। पुलिस र APF खटिएका थिए। चेतावनी सम्बन्धमा जानकरी भएन। मलाई खुट्टामा गोली लागेको छ। स्वतन्त्ररुपमा समयमै उपचार पाइएको थियो। मसँग फोटो भिडियो छैन। राज्यले अति बल प्रयोग गर्यो। राज्यबाट क्षतिपूर्ति, न्यायिक कारवाही, नीति सुधार सवै चाहिन्छ। यस्ता घटना नदोरिउन भन्नलाई भ्रष्टाचारीलाई कारवाही हुनु पर्छ। घूसपैठ भएको छ। दोषीहरु पत्ता लगाई कारवाही गरिनु पर्दछ। [175]

## १७५. कुमार उपाध्यायको कागज ब्यहोराः

म कुमारी आयल स्टोर्समा लेखापालको रुपमा काम गर्छु। भदौ २३ गते भ्रष्टाचारको विरुद्ध र सामाजिक संजालमा लगाइएको प्रतिवन्धको विरोधमा भएको आन्दोलनमा सहभागी भइन। तर २४ गते पनि कुनै आन्दोलनमा सहभागी भएको थिइन। म मेरो घरको छतमा गएको बेला गौशाला प्रहरी कार्यालयमा प्रदर्शनकारीहरुले आगजनी गरिरहेका थिए। प्रहरीले अश्रुग्याँस र गोली प्रहार गरिरहेका अवस्थामा प्रहरीले प्रहार गरेको गोली मेरो पाखुरामा लागेको छ। पाखुरामा लागेको गोली फोक्सो र ढाडसम्म पुगेको छ। डाक्टरको नियमित उपचारमा रहेको छु। सबै उपचार खर्च राज्यले व्यहोरेको छ। राज्यले मेरो परिवारको भरणपोषण र दोषीहरुलाई कारवाही होस्। [176]

## १७६. बादल राईको कागज ब्यहोराः

म आफै आन्दोलनमा सहभागी भएको हो सुरुमा माइतीघरदेखि बानेश्वर सम्मको भीड शान्त थियो। तर जब गोली चल्यो अनि भीड आक्रामक भयो। प्रहरी र APF पहिला देखिनै ड्युटिमा थिए

174 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१७३ अन्तर्गत रहेको ।
175 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१७४ अन्तर्गत रहेको ।
176 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१७५ अन्तर्गत रहेको ।

आर्मीपछि आएको थियो। बल प्रयोग भन्दा पहिला अलिअलि निशेधित क्षेत्र बारे जानकारी दिएका थिए। भीड नियन्त्रणको प्रयास गरेको थियो। मलाई ढुंगामुढा बाट टाउकोमा चोट छ। प्रहरीसँग को दुरी ४-५ मिटर मात्र थियो। अन्य मानिसहरुद्वारा मलाई अस्पताल लगियो। उपचार राम्रो पाई रहेको छु। घटना सम्बन्धी फोटो भिडियो साथमा छैन। राज्य बाट गलत शक्तिको प्रयोग भयो। घूसपैठ पनि भयो। मैले घटना सम्बन्धमा अनलाइन खबरमा अन्तरवार्ता दिएको छु। शान्तिपूर्ण आन्दोलनमा त्यसरी दमन गर्नु भएन आन्दोलनको मर्म अनुसार परिवर्तन होस। [177]

**<u>१७७. एकता शाहको कागज ब्यहोराः</u>**

मेरो बाबु शुशिल चन्द शाह, आमा बुनु शाही, ठेगाना चाँगुनारायण नगरपालिका वडा नं४ . D टोल उमेर १७ वर्ष शैक्षिक योग्यता १२ कक्षा पास गरी चिकुत्सा शिक्षा आयोग बाट MBBS मा नाम निकाली हाल घरमै आराम गरि रहेको छु। मिति २०८२ भदौ २३ गते भएको प्रदर्शनमा स्वस्फुर्तः बानेश्वर स्थित संसद भवनको दक्षिण गेटमा सहभागि भएको थिएँ। नेतृत्वको बारेमा जानकारी भएन मलाई प्रदर्शनको क्रममा प्रहरीले पहिला लाठिले दाहिने तिघ्रामा हान्यो, केही समय पछि मेरो हातको पाखुरामा रबर बुलेट समेत लाग्यो मैले स्कुल युनिफर्ममा भएकोले प्रहरीले हान्दैन भन्ने बुझी अन्य सहभागिहरु भाग्दा समेत नभागि नाराबाजि गरिरहें सो क्रममा सुरक्षाकर्मिले हानेको गोलि लागि मेरो वायाँ घुँडामा लागि घाइते भएँ। मेरो उपचार निशुल्क रुपमा KMC सिनामंगल र B&B ग्वार्कोमा भएको हो हाल घरमै फजियोथेरापी गराई रहेको छु। अहिले दैनिक उपचारमा आर्थिक समस्या समेत छ। मेरो शारिरीक कारणले अन्यत्र गई अध्ययन गर्न असरमर्थ रहेकोले मेरो घर नजिकको KMC मेडिकल कलेजमा अध्ययनको व्यवस्था गराई दिनकोलागि माग गर्न चाहन्छु। मेरो आभिभावकलाई रोजगारी समेतको ब्यवस्था होस। [178]

**<u>१७८. शम्भु दंगालको कागज ब्यहोराः</u>**

म काठमाडौं जोरपाटीमा रहेको Nayapost.com को संचालक तथा कार्यकारी सम्पादक हुँ। २०८२ भाद्र २३ गते बिहान १० बजे चाबहिलमा रहेका मनास्लु कलेज र सेन्ट लरेन्स कलेजबाट निस्किएका बिद्यार्थीहरुको जुलुसको भिडियो खिच्दै हामी पूरानो बानेश्वर चोकसम्म पुग्यौं। हामी बानेश्वर माइतीघर सडकको बिजुलीबजार पुल छेउ पुग्दा ११, ३० बजेतिर जुलुसले एभरेष्ट होटल

177 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१७६ अन्तर्गत रहेको ।

178 घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.१७७ अन्तर्गत रहेको ।

अगाडि सुरक्षाकर्मीले राखेको बेरिकेडमाथि धकेल्न सुरु गरे। सुरक्षाकर्मीले पानीको फोहोरा हान्यो, युवाहरुले बेरिकेड ढालेर बिजुलीबजारको पुलतर्फ गुडाएर लगे। अन्दाजी १२ बजेदेखि आन्दोलनकारी पक्षले ढुंगा हान्ने र सुरक्षाकर्मीको तर्फबाट अश्रुग्याँस हान्ने क्रम सुरु भएको थियो। १२.३० सम्म त्यहाँको परिस्थिति भड्की सकेको थियो। सडकमा तैनाथ दंगा प्रहरीको संख्या थोरै थियो भने संसद भवन भित्र अत्याधुनिक हतियार बोकेका सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो। नयाँ बानेश्वर क्षेत्र अश्रुग्याँसले आँखा हेर्न र श्वास फेर्न नसकिने अवस्थामा पुगेको थियो। सुरक्षाकर्मीले अन्धाधुन्ध हानेको गोलीबाट घाइते हुने र मारिनेहरुको संख्या बढिरहेको थियो। यस्ता दृश्यहरु क्यामेराबाट छायाँकंन गरिरहेको बेला १४.३० बजे आसपास नयाँ बानेश्वर संसद भवनको गेट छेउमा संसद भवन भित्रबाट सुरक्षाकर्मीले हानेको धातुको गोलीले मेरो बायाँ खुट्टामा लागि गोलीगाँठो छेडेर वारपार भयो। सो पश्चात म ट्रमा सेन्टरमा भर्ना भई १६ दिन उपचार गरेपछि मलाई हप्तामा दुई पटक फलोअपमा आउँने गरी डिस्चार्ज गरियो। मेरो खुट्टाको हड्डी पूर्णरुपमा निको हुन अझै १ बर्ष लाग्ने डाक्टरको भनाई छ। २०८२ भाद्र २३ गतेका दिन घटना हुनुको मुख्य कारक र जिम्मेवार तत्कालीन सरकार, तत्कालीन प्रधानमन्त्री, तत्कालीन गृहमन्त्री र तत्कालीन सूचना तथा संचारमन्त्री हुन। सरकारले निःशुल्क उपचार गर्ने भनेपनि घाइतेले खाने औषधी निःशुल्क गरेको तर अस्पताल जाने आउने खर्च, बिरामीका लागि आवश्यक पर्ने अन्य आवश्यक सामग्रीको खर्च भने सरकारले व्यहोरेको छैन। [179]

## १७९. प्रकाशवहादुर बोहराको कागज ब्यहोराः

म माइतीघर मण्डलामा १:४५ बजेतिर सहभागी भएको थिएँ। बानेश्वर चोकस्थित एक नम्बर गेटतिर पुग्दा नपुग्दै एक्कासि मेरो देब्रे खुट्टाको घुँडाभन्दा माथि थाईमा गोली लागेको थियो। म आन्दोलनमा सरिक हुनुको उद्देश्य राजनीतिक भ्रष्टाचारको बिरोध गर्नु, स्थिर सरकार, मजबुत अर्थतन्त्र, युवा विदेश पलायन हुन नपरोस् भनेर हो। म माइतीघरबाट स्वतःस्फूर्त रुपमा आन्दोलनमा सहभागी भएको थिए। पहिला भीड शान्त नै थियो। बानेश्वरमा मलाई गोली लागेपछि भीड आक्रमक भएको थियो। मैले सुरक्षाकर्मीलाई भीडमा कही पनि देखिन। कुनै पनि चेतावनी बिना निश्चित क्षेत्रको कुनै जानकारी बिना प्रहरीले गोली हान्यो। मेरो देब्रे खुट्टाको घुँडाभन्दा माथि गोली लागेको छ। साथीहरुले एम्बुलेन्समा हालेर नेसनल ट्रमा सेन्टरमा पुऱ्याए। मैले कुनै सुरक्षा कमाण्डरलाई

179 घटना बिबरण कागजको सक्कल प्रति पाना- ४, अनुसुची-५ को सि.न.१७८ अन्तर्गत रहेको ।

आन्दोलनस्थलमा देखिन, मलाई गोली लागेको भिडियो उपलब्ध छ। चाहिनेभन्दा धेरै नै अराजक तरिकाले शक्तिको दुरुपयोग भएको देख्छु। मैले कुनै मानव अधिकार आयोग एनजीओ वा आइएनजीओ चलाएको छैन। आन्दोलन शुरु हुँदा कुनै घूसपैठ थिएन, जब आन्दोलनले उग्ररूप लिन थाल्यो त्यसपछि धेरै नै घूसपैठ भएको थियो। [180]

## १८०. भीमबहादुर दमाईको कागज ब्यहोराः

भाद्र २३ गते करिब ११:३० बजेतिर एभरेस्ट होटेलतर्फको सडक हजारौंको भीड संसदभवनतर्फ आयो। त्यसपछि शङ्खमूल तर्फबाट समेत एक हुल आएर चौकको हुलमा मिसियो भीडका मान्छेले ढुङ्गामुढा हानेपछि प्रहरीले समेत पानीको फोहोरा, लाठी चार्ज र अश्रुग्याँस हानेको हो। प्रहरीले माइकबाट कर्फ्यु लागेको भन्दै थियो। म बरण्डामै थिए, बाहिरबाट मेन गेट धकेल्दै भित्र प्रवेश गर्न खोजेपछि म पनि भित्रबाट गेट धकेल्दै थिएँ सोही क्रममा गोली चलेको आवाज आयो, आफ्नो दाहिने हातमा करेन्टको झट्का लागे जस्तो भयो यसो हेर्छु त पाखुराबाट रगत बग्दै थियो। सो पाखुराको केही तल दाहिने कोखाबाट समेत रगत बगिरहेको थियो। गोली मेन गेट छेडेर उछिट्टिएर मेरो पाखुरा र कोखमा लागेछ। त्यसपछि म डरले भित्रै बसिरहें। बाहिर निस्कने अवस्था थिएन। मलाई गोली लागेको थाहा पाएर घरपेटी दिदीले मलाई भोलिपल्ट सिभिल अस्पताल लगी उपचार गराएका हुन। १५ दिनसम्म उक्त घाउचोटले गर्दा मैले नियमित काम गर्न सकिन हाल मेरो अवस्था सामान्य रहेको छ। मेरो उपचार खर्चमा कुनै पैसा लागेन र राज्यबाट हालसम्म पाउने सहयोग रकम प्राप्त गरेको पनि छैन। जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट घाइते कार्ड बनाउने प्रक्रियामा छु। [181]

## १८१. सन्तकुमार मेहताको कागज ब्यहोराः

मिति २०८२ भाद्र २३ गते जेन्जी (Gen-Z) पुस्ताले आह्वान गरेको प्रदर्शनको दिन नयाँ वानेश्वर स्थित म आफै सन्चालक रहेको हिमालयन जाभा कफी सपमा थिए। दिनको करिव ११:०० बजेपछि चोकमा मानिसहरुको भीडभाड बाक्लो हुँदै गयो, एभरेष्ट होटल अगाडिको ब्यारिकेड तोडेर प्रदर्शनकारीहरु चोकमा जम्मा हुँदै गए। प्रहरीले पानीको फोहोरा हानेर, लाठी हान्दै भीडलाई नियन्त्रण लिँदै थियो। भीडकै केही मानिहहरु संसद भवनको १ नं. गेट नाघेर भित्र प्रवेश गर्दै थिए। अश्रुग्याँस हानेपछि भीडका मानिसहरु तितरबितर भई मेरो पसल छेउछाउ आएर पानी मागेर

180 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१७९ अन्तर्गत रहेको ।

181 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१८० अन्तर्गत रहेको ।

आँखा सफा गर्दै थिए। सोही क्रममा सँसद भवन कम्पाउण्ड भित्रबाट हानेको गोली लागि सडकमा प्रदर्शन गरिरहेका २ जना ढलेको देखेर म पसलको सिसाबाला ढोका बन्द गरी भित्र बसेर बाहिर सडकमा हेर्दै थिएँ। करिब दिनको १३:३० बजे म एक्कासी भुइँमा ढले। मेरो घाँटीमा गोली लागेको रहेछ। मलाई एभरेष्ट अस्पतालको एम्बुलेन्सले उपचारको लागि ट्रमा सेन्टर महाबौद्धमा लगी मलाई ८ दिन बेड भर्ना (आईसियु तथा भेन्टीलेटरमा राखी) गराई उपचार गराएपछि डिस्चार्ज भएर हाल म घरमै आराम गरी डाक्टरको नियमित फलो अपमा रहेको छु। सो दिन गोलीले मेरो घाँटीको दाहिनेतर्फ जुगलर भेन काट्दै घाँटीको पछाडिको मसलको भागमा गोली अड्किएको रहेछ। भाद्र २४ गतेको आन्दोलनको क्रममा राज्य संचालन गर्न महत्वपूर्ण प्रशासनिक निकायहरु बिभिन्न मन्त्रालय, सर्वोच्च अदालत समेतका न्यायिक निकायहरु, निजी सम्पत्तिहरु तथा प्रहरी कार्यालयहरुमा तोडफोड, आगजनी गरी ठूलो क्षति पुऱ्याउनुको साथै, प्रहरीहरुको निर्मम हत्या, हातहतियार लुटपाट गर्ने जस्ता विध्वंसात्मक कार्य म अस्पतालमा उपचारार्थ रहेको अबस्थामा सामाजिक संजालबाट थाहा पाएको हुँ। उक्त दिनको घटना २३ गतेको मानवीय क्षति पछिको आक्रोशमा उक्त घटना घटाएको हुनुपर्दछ। [182]

**<u>१८२. आन्दोलनकारीहरुद्वारा आगो लगाई घाइते बनाइएकी गीता कुमारी शाहको कागज ब्यहोराः</u>**

मिति २०८२। ०५। २४ गते म कोटेश्वर चोक स्थित घडी पसलबाट फर्किदै थिएँ। प्रहरी हवल्दार चिज कुमार कुमाललाई आन्दोलनकारीहरुले चारैतिरबाट घेरा हाली धारिलो हतियार, इटा ढुंगा, लाठी, लात्ती मुक्का समेतले प्रहार गरी मार्न खोजेको देखें। निजलाई बचाउनको लागि छेउमा गई छेक्न खोज्दा मलाई समेत कुटपिट गरे। सो आन्दोलकारीको समूहमा १ जना अं. २२/२३ बर्षकी केटी पनि थिइन्। मैले नहिर्काउनु, नहान्नु भन्दै गर्दा चिज कुमार कुमालले मलाई बचाउनु भनी मेरो छेउमा आई लुक्न खोजे। आन्दोलनकारीहरुले यसलाई जसरी भए पनि मार्नुपर्छ, छाड्नु हुँदैन भन्दै कुटपिट गरिरहेका थिए। मैले निज चिज कुमार कुमाललाई बचाउ प्रयास गर्दा गर्दै पनि आन्दोलकारीहरुले आगो पेट्रोल जस्तो तरल पदार्थ चिज कुमार कुमाल र मलाई लाग्ने गरी फयाँकिदिए। उक्त तरल पदार्थ फयाँक्ने वित्तिकै आगो सल्कियो, त्यसपछि मेरो शरिरमा पुरै आगो बल्यो। सो आगोबाट मेरो शरिरको कपडा जलेकोले म अत्तालिएर हार गुहार गर्दै कपडा खोलें। त्यसपछि मलाई कान्तिपुर अस्पताल लगेको थाहा छ, त्यसपछि बेहोस भएछु, कान्तिपुर अस्पतालबाट

182 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१८१ अन्तर्गत रहेको ।

मलाई काठमाण्डौ मेडिकल कलेजमा लगि उपचार गरिएछ। उक्त आक्रमणबाट मेरो शरिरको करिव ४०% जलेको छ। मेरो दाहिनेतर्फको हात, कुमदेखि तल पैतलासम्मै जलेको छ। हालसम्म पनि उपचार गराई रहेकी छु, आफै उठेर हिड्न सक्दिनँ। अरुको सहयोगमा उठ्ने बस्ने हिडडुल गर्नु पर्ने अबस्था छ। [183]

183 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१८२ अन्तर्गत रहेको ।

## ५.६. मृतक परिवारको तर्फबाट घटना बिबरण कागजः-

**१८३. मृतक विनोद महर्जनका दाजु काजी रत्न महर्जनको कागज ब्यहोराः**

मेरो भाई बर्ष ३४ को विनोद महर्जन चित्रकला र हस्तकला सम्बन्धी काम गर्थे। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन विनोद कहाँ थिए जानकारी भएन तर अन्तिम पटक विनोदलाई अन्दाजी १२:०० बजेको समयमा छिमेकीले शंखमुलमा पानी वितरण गर्दै गरेको देखेका रहेछन्। सोही दिन भाद्र २३ गते गोली लागेपछि प्रदर्शनकारीहरुले नै अस्पताल पुर्याएको रहेछन्। अस्पतालमा १:५८ बजेको समयमा नै मृत्यु भइसकेको रहेछ। सामाजिक संजालमा उपलब्ध भिडियो अनुसार विनोदको मृत्यु घटनास्थलमै भएको हुनुपर्छ। घटना सम्बन्धमा अस्पताल र प्रहरी प्रशासनले लिखित बयान लिनुभएको छ। प्रत्यक्षदर्शीले बताएअनुसार सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै मुखमा २ वटा गोली प्रहार गरेका रहेछन् जुन गोली टाउकोको पछाडिबाट बाहिर निस्केको देखिन्छ। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख र ललितपुर महानगरपालिकाबाट रु.५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ। [184]

**१८४. मृतक संतोष विश्वकर्माकी श्रीमती अम्बिका वि.क.को कागज ब्यहोराः**

मेरो श्रीमान संतोष विश्वकर्मा कक्षा १० सम्मको अध्ययन गरेर मजदुरी काम गर्नुहुन्थ्यो। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा व्यक्तिगत तबरले स्वतःस्फूर्त सहभागी हुनुभएको थियो। घटनाको दिन उहाँ कहाँ हुनुहुन्थ्यो जानकारी भएन तर अन्तिम पटक उहाँसँग मेरो भदौ २३ गतेको दिन बिहान अन्दाजी १०:३० बजेको समयमा सम्पर्क भएको थियो। सोही दिन गोली लागेपछि आन्दोलनरत मित्रहरुले नै अस्पताल पुर्याएको रहेछन्। २३ गते अस्पतालमा नै उपचार हुन नपाउँदै मृत्यु घोषणा भएको हो। पोष्टमार्टम रिपोर्ट प्राप्त भएको छैन। उपचारको क्रममा ढिलाई वा लापरवाही भएको छैन। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ भन्ने अपेक्षा छ। घटनाको जिम्मेवार तत्कालीन नीतिस्तरका सबै, तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक,

184 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८३ अन्तर्गत रहेको ।

सुरक्षाकर्मी र तीनका कमाण्डर लगायत हुन। यस्ता घटना दोहोरिन नदिन मुख्य देशमा सुशासन कायम गरी भ्रष्टाचारको निवारण र रोजगारीको उपलब्धता हुनुपर्छ। दोषीलाई कारबाही गर्नुपर्छ। [185]

## १८५. मृतक विमल बावु भट्टका दाजु अनिल भट्टको कागज ब्यहोराः

मेरो भाई विमल बावु भट्ट कक्षा १२ मा अध्ययनरत थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकार विरुद्ध आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन विमल बानेश्वर स्थित आन्दोलनमा सहभागी हुन पुगेका रहेछन्। अन्तिम पटक भदौ २३ गते विमलको मसँग भाइबरमा कुरा भएको थियो। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि को कस्ले अस्पताल पुर्याएको रहेछन् थाहा भएन र १२:४५ बजेको समयमा सिभिल अस्पतालमा नै मृत्यु घोषणा भएको रहेछ। उपचारको क्रममा पक्कै पनि लापरवाही भएको छ। घटना सम्बन्धमा अस्पताल र प्रहरी प्रशासनले लिखित बयान लिनु भएको छैन। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै छातिमा गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गर्नुपर्छ तर सरकारले अहिलेसम्म हामी पीडितको लागि केही गर्न सकेजस्तो लाग्दैन। घटनाको जिम्मेवार तत्कालीन नीतिस्तरका सबै, तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, फिल्ड कमाण्डर लगायतका सुरक्षा संयन्त्रका व्यक्तिहरु हुन। भाद्र २३ र २४ गतेको घटनाहरुको सन्दर्भमा कुनै पनि शासन र नेतृत्व गर्न आएका प्रतिनिधिले भविष्यमा भ्रष्टाचार र वेथिति नहोस ताकी यसरी नागरिकहरुले आवाज उठाउँदा मृत्युवरण गर्नुपरोस्। [186]

## १८६. मृतक अभिषेक चौलागाईका बुवा दिनेश चौलागाईको कघझ भ्जअओः

मेरो छोरा अभिसेक चौलागाई कक्षा १२ मा अध्ययनरत थिए। घटनाको दिन भदौ २४ गते अभिसेक ठमेल स्थित आफ्नो अफिसबाट घरतर्फ आउँदै गर्दा नयाँ बानेश्वरमा गोली लागेको रहेछ। अन्तिम पटक भदौ २४ गते कुरा भएको थियो। भाद्र २४ गते नैं मृत्यु भएको रहेछ भनेर २५ गते बेलुका ०६:३० बजेको समाचार सुनेर थाहा पाए। घटनास्थलमै मृत्यु भएको रहेछ। सुरक्षाकर्मीले धैरै नै आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै ताकेर टाउकोमा गोली प्रहार गरेका रहेछन्।

185 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८४ अन्तर्गत रहेको ।

186 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८५ अन्तर्गत रहेको ।

राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई छिटो न्यायिक कारबाही गरोस भन्ने अपेक्षा छ। घटनाको जिम्मेवार तत्कालीन प्रधानमन्त्री, मुख्यसचिव, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक, सुरक्षाकर्मी र फिल्ड कमाण्डर लगायतका व्यक्तिहरु हुन। [187]

**<u>१८७. मृतक देव कुमार सुवेदीकी श्रीमती पार्वती अधिकारीको कागज ब्यहोराः</u>**

मेरो श्रीमान देव कुमार सुवेदी ज्यालादारी गार्ड हुनुहुन्थ्यो। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा व्यक्तिगत रुपमा स्वतःस्फूर्त सहभागी हुनुभएको थियो। भदौ २३ गते उँहा बानेश्वरमा हुनुहुन्थ्यो बने भाद्र २४ गते कालिमाटिमा हुनुहुन्थ्यो। अन्तिम पटक भदौ २४ गते मसँग कुरा भएको थियो। अहिले आन्दोलनमा गए छिट्टै घर आउँछु भन्नु भएको थियो। घटना सम्बन्धमा गोली लागेर साथीहरुले सहयोग गर्दै गरेको फोटो छ। भाद्र २४ गते कालीमाटी चोकमा गोली लागेपछि दिउसो ०१:२० बजेको समयमा संगै भएका साथीहरुले अस्पताल पुर्याएका थिए। भाद्र २५ गते अस्पतालले मृत घोषित गर्यो। पोष्टमार्टम रिपोर्ट हेरेको छैन। उपचारको क्रममा ढिलाई वा लापरवाही भएको छैन। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गरोस्। घटनाको जिम्मेवार तत्कालीन नीति स्तरका सबै, तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक लगायतका व्यक्तिहरु हुन। यस्ता घटना नदोहोरिन दोषीलाई कडा भन्दा कडा कारबाही हुनुपर्छ। [188]

**<u>१८८. मृतक अर्जुन भट्टका दाजु अभिलाख भट्टको कागज ब्यहोराः</u>**

मेरो भाई अर्जुन भट्ट अध्ययनका लागि विदेश जाने तयारीमा थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। भदौ २३ गते बानेश्वरस्थित आन्दोलनमा सहभागी थिए र भाद्र २४ गते कालिमाटीमा थिए, अन्तिम पटक भदौ २४ गते अर्जुन मसँगै आन्दोलनमा थिए। भाद्र २४ गते कालिमाटी प्रहरी बृत्तका प्रहरीले अन्धाधुन्ध गोली चलाएर गोली लागेपछि साथीभाईले अस्पताल पुर्याएका थिए। वयोधा अस्पतालमा नै मृत्यु घोषणा भएको हो। उपचारको क्रममा ढिलाई वा लापरवाही भएन किनभने भाईको तत्काल मृत्यु

187 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८६ अन्तर्गत रहेको ।

188 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८७ अन्तर्गत रहेको ।

भएको हो। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै अन्धाधुन्ध गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ। यस्ता घटना दोहोरिन नदिन सबै दोषीलाई कडा भन्दा कडा कारबाही हुनुपर्दछ।[189]

## १८९. मृतक दीपक सिंह साउदका दाजु विरेन्द्र सिंह साउदको कलागज ब्यहोराः

मेरो भाई दीपक सिंह साउद विद्यार्थी थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा स्वतःस्फूर्त सहभागी भएका थिए। भदौ २३ गते मेरो भाइ बानेश्वर स्थित आन्दोलनमा सँगै अध्ययनरत साथीहरुसँग सहभागी थिए। भाद्र २४ गते १२-१ बजेतिर कालिमाटी चोकमा गोली लागेपछि एम्बुलेन्सले नै वयोधा अस्पताल पुर्याएको रहेछ। थप उपचारको लागि वीर अस्पताल लगिएको रहेछ। असोज २६ गते अस्पतालमा नै मृत्यु घोषणा भएको हो। पोष्टमार्टम रिपोर्टमा एउटा गोली टाउकोमा र अर्को गोली घाँटीमा लागेको देखिन्छ। उपचारको क्रममा ढिलाई वा लापरवाही भएन। कालिमाटिमा सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै अन्धाधुन्ध गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई कारबाही गरी न्याय प्रदान गर्नुपर्छ। घटनाको जिम्मेवार तत्कालीन सरकार प्रमुख, सुरक्षाकर्मी र तिनका कमाण्डर हुन। यस्ता घटना दोहोरिन नदिन नागरिकको स्वतन्त्रतालाई सम्मान गर्दै हरेक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता दिनुपर्छ। सुशासन, भ्रष्टाचारमुक्त समाज र रोजगारीको ग्यारेन्टी होस् र मौलिक हकको हनन नहोस्।[190]

## १९०. मृतक सार कुमार राईकी श्रीमती सुनिता राईको कागज ब्यहोराः

मेरो श्रीमान सार कुमार राई कक्षा ८ सम्मको पढाई गरेर पेन्टर काम गर्थे। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सहभागी भएका थिए। मेरो भाइ भदौ २३ र २४ गते दुवै दिन आन्दोलनमा सरिक थिए। भदौ २४ गते गोली लागेपछि आन्दोलनकारीहरुले नै अस्पताल पुर्याएका थिए। भाद्र २४ गते असपतालमा नै मृत्यु घोषणा भएको थियो। उपचारको क्रममा ढिलाई वा लापरवाही भएको छैन किनभने उपचार हुन नपाई मृत्यु भइसकेको थियो। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका

189 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८८ अन्तर्गत रहेको ।

190 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१८९ अन्तर्गत रहेको ।

रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गरोस। घटनाको जिम्मेवार तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरिक्षक लगायत हुन्। यस्ता घटना दोहोरिन नदिन देशमा सुशासनका साथै भ्रष्टाचारमुक्त देश बनाएर रोजगारिको उपलब्धता हुनुपर्छ। देशमा सुशासन कायम भई दोषीलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ। [191]

## १९१. मृतक धिरज श्रेष्ठका बुवा नारायण श्रेष्ठको कागज ब्यहोराः

मेरो कान्छो छोरा धिरज श्रेष्ठ स्नातक तहको पढाई सकेर व्यवसाय पनि गर्दै विदेश जाने तयारिमा थियो। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा भदौ २३ गतेको दिन बानेश्वर स्थित आन्दोलनमा स्वतःस्फूर्त रुपमा सहभागी भएका थिए। अन्तिम पटक भदौ २४ गते घरबाट निस्किने बेलामा देशको हितको लागि जाँदैछौं भनेको थियो। सोही दिन गोली लागेपछि आन्दोलनकारीले नै अस्पताल पुर्याएको रहेछन्। भाद्र २४ गते तार्केश्वर अस्पतालले नै मृत्यु घोषित गरेको थियो। उपचारको क्रममा ढिलाई वा लापरवाही भएको थाहा भएन। मेरो विचारमा घटनास्थलमै मृत्यु भएको हुनुपर्छ। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ। घटनाको जिम्मेवार तत्कालीन माथिल्लो पदमा बस्ने सबै हुन। यस्ता घटना दोहोरिन नदिन देशमा सुशासन कायम गरेर भ्रष्टाचारको अन्त्य र रोजगारीको उपलब्धता गर्नुपर्छ। उक्त घटनाको सबै दोषीलाई पहिचान गरेर कारबाही होस्। [192]

## १९२. मृतक योगेन्द्र न्यौपानेका भाई सुजन न्यौपानेको कागज ब्यहोराः

मेरो दाजु योगेन्द्र न्यौपाने स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा स्वतःस्फूर्त सहभागी भएका थिए। भदौ २३ गते योगेन्द्र बानेश्वरस्थित आन्दोलनमा सहभागी थिए। अन्तिम पटक मसँग गोली चल्न सुरु भयो म फर्किन लागे भन्नु भएको थियो। घटना सम्बन्धी आन्दोलनमा हिडेको भिडियो फुटेज प्राप्त गरेका छौं। बानेश्वर चोकमा टाउकोमा गोली लागेपछि जियनजेड साथीहरुले नै एभरेष्ट अस्पताल पुर्याएको रहेछन्। सोही दिन अस्पतालमा नै मृत्यु घोषणा गरेको हो। उपचारको क्रममा ढिलाई वा लापरवाही

191 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९० अन्तर्गत रहेको ।
192 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९१ अन्तर्गत रहेको ।

भएन तर पोष्टमार्टम ढिला भयो। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै टाउकोमा गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। घटनाको जिम्मेवार तत्कालीन नीति निर्माण स्तरका सबै, सुरक्षाकर्मी र तिनका कमाण्डर हुन्। यस्ता घटना दोहोरिन नदिन दोषीलाई कारबाही गर्नुपर्छ। हाम्रा दाजुभाई देशमा सुशासन र भ्रष्टाचारको विरुद्ध शान्तिपूर्ण आन्दोलनमा गएकोमा सरकारको दमन र आक्रमक शैलीले गर्दा हामीले हाम्रो परिवारको सदस्य गुमाउनुपर्यो। [193]

## १९३. मृतक योग श्रेष्ठको दाजु राम कृष्ण श्रेष्ठको कागज ब्यहोराः

मेरो भाइले भदौ २३ गते आन्दोलनमा सहभागी हुने बारे कसैलाई जानकारी दिएका थिएनन्। सधैजसो जिम गएर ३:०० बजे खाना खाने मान्छे भाद्र २३ गते बिहान १०:०० बजेको समयमा दिदी खाना हाल्दिनु बाहिर जानु छ भनेर घरबाट निस्केका थिए। घटना सम्बन्धी आन्दोलनमा योगकै मोबाइलबाट खिचिएको भिडियो हामीसँग सुरक्षित छ। बानेश्वर चोकमा भिडियो बनाउँदै गर्दा कोखामा गोली लागेपछि को-कस्ले अस्पताल पुर्याएको रहेछन् थाहा जानकारी भएन। भाद्र २३ गतेको दिन नै अस्पतालमा नै डा.मनिष विक्रम शाहले मृत्यु घोषणा गरेका हुन। उपचारको क्रममा ढिलाई कै कारण मेरो भाईले कलिलो उमेरमा ज्यान गुमाउनु पर्यो। सुरक्षाकर्मीले अहंकारी र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका हुन। राहत स्वरुप नेपाल सरकारबाट पाउने रकम पाएका छौं। यस्ता घटना दोहोरिन नदिन संवेदनशील अंगमा गोली प्रहार गर्ने तत्कालीन नीति निर्माण स्तरका सबै सुरक्षाकर्मी र तिनका कमाण्डरलाई कडा भन्दा कडा सजाय गर्नुपर्छ। [194]

## १९४. मृतक प्रविन कुलुङको भाई मौसम कुलुङको कागज ब्यहोराः

भाद्र २३ गते जेन्जी पुस्ताले आह्वान गरेको प्रदर्शनमा गरिने कार्यक्रमको पूर्व योजनाको बारेमा मलाई केही जानकारी थिएन। २४ गते मसँगै रहनु भएका मेरो सहोदर माइलो दाजु अनिल कुलुङ र पासाङ दावा शेर्पा समेत पाँच जना आन्दोलनमा जानुपर्छ भनी खाजा खाई अन्दाजी १२ बजेतिर कोठाबाट निस्केका थियौं। सडकमा पुग्दा हजारौं मानिसहरुले प्रदर्शन गरिरहेका थिए। त्यसपछि हामी पाँचै जना भीडमा मिसिएर गोपीकृष्ण पुल हुँदै चाबिलतर्फ गयौं। हामी अगाडि बढ्ने सल्लाह गरी गौशाला चोकतर्फ गयौं चाबेल चोकबाट हामीसँग आएका अनिल कुलुङ र पासाङ दावा शेर्पा के

193 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९२ अन्तर्गत रहेको ।
194 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९३ अन्तर्गत रहेको ।

कता छुटे थाहा भएन। हामी तीनजना चोकमा पुग्दा सडकभरि मानिसहरु भेला भएर होहल्ला गर्दै प्रहरी लक्षित ढुङ्गामुढा गरिरहेका थिए। प्रहरीहरू भने आफ्नो चौकीभित्रै रहेर छतबाट समेत भीडलाई अश्रुग्याँस र गोली फायर गर्दै थिए। सोही बेला बत्तीसपुतली तर्फबाट सेनाको गाडी आयो त्यसपछि हामीहरु गौशाला चोकबाट अश्रुग्याँस पुछ्दै सेनाको गाडीतर्फ नै बढ्यौं। मेरो दाई प्रविण कुलुङले कसैसँग फोनमा कुराकानी गर्दै अगाडि बढ्दै हुनुहुन्थ्यो। सोही बेला एक्कासी प्रहरीले चौकी भित्रैबाट चलाएको गोली लागि दाइ प्रविण कुलुङ सडकमा ढल्नुभयो। म हारगुहार गर्दै दाइलाई आफ्नो काखमा राखी हेर्दा दाइको छातीको दाहिने भागमा गोली छोडेर ढाडबाट वारपार भएको र दाइको शरीरबाट रगत बगिरहेको देखे। एकजनाको मोटरसाइकलमा दाइलाई राखी नजिकै रहेको फ्रन्ट लाइन अस्पतालमा लैजाँदा डाक्टरले केही समयपछि दाइलाई मृत घोषणा गरेको हो। राज्यबाट पाइने क्षतिपूर्ति रकम रु १५ लाख पाइसकेका छौं। मेरो दाजुलाई मृत्युको अवस्थामा पुर्याउने कार्यमा संलग्न रहेका तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र गोली फायर गर्ने प्रहरीसहितलाई कारबाही होस्। [195]

## <u>१९५. मृतक श्रीयम चौलागाइको बुबा गणेश प्रसाद चौलागाँईको कागज ब्यहोराः</u>

मेरो छोरा श्रीयम चौलागाँई विद्यार्थी हुन। श्रीयम व्यक्तिगत रुपमा स्वतःस्फूर्त आन्दोलनमा सहभागी भएका थिए। घटनाको दिन श्रीयम कलेज गएको विद्यार्थी भएकाले कलेजमा नै छ होला भन्ने आशा थियो। सो दिन अन्तिम पटक दिउँसो १ः०० बजेको समयमा उसको दाइसँग कुरा भएको थियो। सोही दिन बानेश्वर चोकमा श्रीयमको टाउकोमा गोली लागेपछि प्रदर्शनकारीहरुले नै अस्पताल पुर्याउँदा अस्पताल पुर्याउनु अगावै नै मृत्यु भइसकेको भनी सोही दिन ३ः१५ बजेको समयमा अस्पतालले मृत घोषित गरेको रहेछ। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले तत्काल छानविन गरी तत्कालीन सरकार प्रमुख़ जस्तै प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षकका साथै सुरक्षाकर्मी र कमाण्डर लगायतलाई न्यायिक कारबाही हुनुपर्छ। यस्ता घटना दोहोरिन नदिन देशमा सुशासन कायम भई भ्रष्टाचारमुक्त देश बनाई हरेक नेपालीले रोजगारीको अवसर पाउनुपर्छ भन्ने लाग्छ, निर्दोष जनतामाथि तत्कालीन सरकारले निर्ममताका साथ गोली हानी मारेको घटनामा सो घटनाको दोषीलाई चाडो भन्दा भन्दा कारबाही

195 घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.१९४ अन्तर्गत रहेको ।

हुनुपर्छ। [196]

## १९६. मृतक शौरन किसोर श्रेष्ठका बुवा वसन्त किशोर श्रेष्ठको कागज ब्यहोराः

मेरो छोरा शौरन किसोर श्रेष्ठ १२ कक्षा पास गरेर घर गृहस्थि हेर्ने गर्थे। जियनजेड पुस्ताद्वारा आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त रुपमा सहभागी भएका थिए। घटनाको दिन अन्तिम पटक बिहानको समयमा म र बहिनीसँग कुरा भएको थियो, शौरनले शान्तिपूर्ण आन्दोलनमा जाने कुरा गरेको थियो। घटनासम्बन्धमा आन्दोलनमा सहभागी भएको प्रदर्शनकारीलाई गोली लाग्दा उठाउन सहयोग गर्दैगर्दा शौरनको दाहिने छातिमा २ वटा गोलीका साथै हात र घाँटीमा छर्रा समेत लागेको फोटो, भिडियो छ। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि आन्दोलनकारीहरुले नै पहिला सिभिल अस्पताल लगेकोमा त्यहाँबाट KMC अस्पताल सिनामंगलमा लगेकोमा सोही दिन ०२:५३ बजेको समयमा अस्पतालले मृत घोषित गरेको रहेछ। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले तत्काल छानविन गरी तत्कालीन सरकारको प्रधानमन्त्री, गृहमन्त्री, गृहसचिव, राष्ट्रीय अनुसन्धान प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षकका साथै सुरक्षाकर्मीहरु लगायतलाई न्यायिक कारबाही हुनुपर्छ। यस्ता घटना दोहोरिन नदिन देशमा कुशासनको अन्त्य गरी सुशासनको सुरुवात गर्नुपर्छ। [197]

## १९७. मृतक ईश्वतबहादुर अधिकारीका बुवा ईश्वर बहादुर अधिकारीको कागज ब्यहोराः

मेरो घरको कान्छा छोरा ईश्वतबहादुर अधिकारी विद्यार्थी हुन, डबल माष्टर्स गरेका थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकार विरुद्द आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन अन्तिम पटक भदौ २३ गते दिउसो २:१२ बजेको समयमा मसँग कुरा भएको थियो। ईश्वतले उसको अगाडि ६, ७ जनाको लाश छ, गिद्दी निस्केको छ भन्ने कुरा गरेको थियो। मैले ईश्वतलाई सजग गराएको थिएँ। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि प्रदर्शनकारीहरुले नै अस्पताल लगेकोमा मैले ईश्वतको नम्बरमा फोन गर्दा अर्कै मान्छेले फोन रिसिभ गरेर मलाई छिटो वीर अस्पतालको ट्रमा सेन्टरमा आउनुपर्यो भनेका थिए। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै छातीमा गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख

---

196 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९५ अन्तर्गत रहेको ।

197 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९६ अन्तर्गत रहेको ।

पाएका छौं। जाँचबुझ आयोगले न्यायिक कारबाही गरोस्। घटनाको जिम्मेवार तत्कालीन सरकारको नीति निर्माण स्तरका प्रधानमन्त्री, गृहमन्त्री, राष्ट्रिय अनुसन्धान प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायत हुन। यस्ता घटना दोहोरिन नदिन देशका तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री लगायत अन्य ओहदामा रहेका व्यक्तिहरुलाई कारबाहीको दायरामा ल्याई भ्रष्टाचारको अन्त्य गरी देशमा सुशासन कायम गरी रोजगारीको अवसर प्रदान गर्नुपर्छ।[198]

## १९८. मृतक गौरब जोशीका बुवा ईश्वर बासुदेव जोशीको कागज ब्यहोराः

मेरो छोरा गौरब जोशी विद्यार्थी हुन्, १२ कक्षा पास गरेका थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्द आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन गौरब पुतलीसडकस्थित कन्सल्टेन्सीमा पढेर बानेश्वरस्थित आन्दोलनमा सहभागी हुन पुगेका रहेछन्। अन्तिम पटक भदौ २३ गते दिउसोको समयमा गौरबको दिदीसँग कुरा भएको थियो, गौरबले आन्दोलनमा छु, कर्फ्यु लागेको छ, एकछिनमा घर आउछु भन्ने कुरा गरेको थियो। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि अन्जान व्यक्तिहरुले नै अस्पताल पुर्याएको हुनुपर्छ। भाद्र २४ गते बिहान ट्रमा सेन्टरमा बुझ्दा मृतकहरुलाई टिचिङ अस्पतालमा लगिएको छ भनेकाले त्यहाँ पुगेर बुझ्दा मृत्यु भइसकेको कुरा थाहा पाए। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै टाउकोमा गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस्। यस्ता घटना दोहोरिन नदिन दोषीलाई कारबाही भई, भ्रष्टाचारमुक्त देश, सुशासन र रोजगारीको उपलब्धता होस्।[199]

## १९९. मृतक रसिक खतिवडा खत्रीकी आमा रचना खतिवडा खत्रीको कागज ब्यहोराः

मेरो एक मात्र छोरा रसिक खतिवडा खत्री कक्षा १२ का विद्यार्थी थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्द आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन रसिक बानेश्वरमा रहेछन्। अन्तिम पटक भदौ २३ गते घरबाट जाँदा मलाई जियनजेड आन्दोलनमा जान्छु भनेर गएको थियो। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि आन्दोलनकारीले नै अस्पताल पुर्याएको रहेछन्। भाद्र २३ गते अस्पतालमा नै मृत्यु भइसकेको कुरा थाहा पाएँ। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै छातिमा र कोखामा गोली प्रहार गरेका

---

198 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९७ अन्तर्गत रहेको ।

199 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९८ अन्तर्गत रहेको ।

रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस्। घटनाको जिम्मेवार तत्कालीन नीति निर्माण स्तरका सबै, तत्कालीन सरकार र सरकार मातहतको निकाय एवं सम्बन्धित फिल्डको कमाण्डर लगायत हुन। यस्ता घटना दोहोरिन नदिन दोषीलाई कारबाही हुनुपर्छ। देशमा कुशासन र भ्रष्टाचारको अन्त्य हुनुपर्छ। उक्त घटनाको मुख्य कारण देशमा भएको भ्रष्टाचार, कुशासन र नातावाद भएकाले सक्रिय संरचनामा परिवर्तन गरी देशमा भएको कुशासन र भ्रष्टाचारको अन्त्य गर्नुपर्छ। [200]

## २००. मृतक साजन राई डकर्मीका भतिज भरत राईको कागज ब्यहोराः

मेरो काका साजन राई शैक्षिक रुपमा साक्षर पनि थिएनन्, डकर्मी काम गर्थे। व्यक्तिगत कारणले जियनजेड पुस्ताद्वारा तत्कालीन सरकार विरुद्द आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन काका बानेश्वरमा रहेछन्। अन्तिम पटक भदौ २३ गते घरबाट जाँदा म र काका भक्तपुरस्थित डेरा कोठामा सँगै बसेका थियौं। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि हामीले नै अस्पताल पुर्‍याएका थियौं। भाद्र २३ गते बेलुका ७:४९ बजेको समयमा कोरियन असपतालमा नै मृत्यु घोषणा भएको थियो। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै छातीमा गोली प्रहार गरेका हुन। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस्। [201]

## २०१. मृतक बुध्दिबहादुर तामाङका बाबु विष्णु बहादुर तामाङको कागज ब्यहोराः

मेरो जेठो छोरा बुद्धिबहादुर तामाङ कक्षा १२ सम्मको अध्ययन गरी व्यापार गर्थे। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्द आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सहभागी भएका थिए। घटनाको दिन छोरा बानेश्वरमा रहेछन्। अन्तिम पटक भदौ २३ गते घरबाट जाँदा बुद्धिले देशको हितको लागि जाँदैछु भनेका थिए। सोही दिन बानेश्वर चोकमा गोली लागेपछि आन्दोलनमा गएका साथीहरुले नै अस्पताल पुर्‍याएका रहेछन्। भाद्र २३ गते ट्रमा सेन्टरमा नै मृत्यु घोषणा भएको थियो। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक

200 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.१९९ अन्तर्गत रहेको ।

201 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०० अन्तर्गत रहेको ।

कारबाही गरोस्। [202]

## २०२. मृतक नीरज पन्तका बुवा कीर्तिबल्लभ पन्तको कागज ब्यहोराः

मेरो छोरा सामान्य औषधी व्यवसायी हुन। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्द आयोजित आन्दोलनमा एक्लै र स्वतःस्फूर्त सामाजिक सेवा गर्ने हेतुले सहभागी भएका थिए। घटनाको दिन भदौ २४ गते छोरा महाराजगंजमा रहेछन्। सोही दिन महाराजगंजमा गोली लागेपछि प्रदर्शनकारीहरुले नै अस्पताल पुर्याएका रहेछन्। भाद्र २४ गते टिचिङ अस्पतालमा नै मृत्यु घोषणा भएको थियो। सुरक्षाकर्मीले राम्रो व्यबहार नगरेर बिना चेतावनी नै गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस्। यस्ता घटना दोहोरिन नदिन सरकार र सुरक्षाकर्मी संयम हुनुपर्छ। [203]

## २०३. मृतक निखिता गौतमका बुवा लोकनाथ गौतमको कागज ब्यहोराः

मेरी छोरी निखिता गौतम विद्यार्थी हुन। जियनजेड पुस्ताद्धारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा चासो राखेतापनि घटनाको दिन भदौ २४ गते छोरी गौशाला चोकस्थित आफ्नै घरको छतमा आफन्तसँग बसिरहेकी थिइन। गोली लागेपछि एक जना अपरिचित व्यक्तिले आमाको काखमा राखेर मोटरसाइकलमा नै छोरीलाई फ्रन्टलाईन अस्पतालमा पुर्याएपछि अस्पतालले मृत्यु भइसकेको घोषणा गर्यो। सुरक्षाकर्मीले आक्रमक र दमनकारी व्यवहार गरेर बिना चेतावनी नै अन्धाधुन्ध गोली प्रहार गरेका हुन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस्। यस्ता घटना दोहोरिन नदिन घटना घटाउने तत्कालीन सरकार, सरकारको संरचना र जिम्मेवार व्यक्तिहरुलाई हदैसम्मको कारबाही हुनुपर्छ। [204]

## २०४. मृतक अनिष पराजुलीका बुवा भीम बहादुर पराजुलीको कागज ब्यहोराः

मेरो एक मात्र छोरा अनिश पराजुली कक्षा १० पास गरेर सानो तिनो व्यवसाय गरिरहेको थियो। जियनजेड पुस्ताद्धारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा भदौ २३ गतेको प्रहरी

---

202 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०१ अन्तर्गत रहेको ।

203 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०२ अन्तर्गत रहेको ।

204 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०३ अन्तर्गत रहेको ।

ज्यादतिले उत्तेजित भई साथीहरुसँग स्वतःस्फूर्त रुपमा भदौ २४ गतेको आन्दोलनमा सहभागी भएका थिए। घटनाको दिन अनिश महाराजगंजमा रहेछन्, अन्तिम पटक भदौ २४ गते गाँउको एकजना आफन्तसँग कुरा भएको रहेछ, सोही दिन महाराजगंजमा गोली लागेपछि आन्दोलनकारीले नै अस्पताल पुर्याएको रहेछन् अस्पताल लगेको केही बेरमा नै मृत्यु भइसकेको कुरा थाहा पाए। सुरक्षाकर्मीले दमनकारी रुपमा बिना चेतावनी नै अन्धाधुन्ध छातीमा गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। घटनाको जिम्मेवार तत्कालीन नीति निर्माणस्तरका सबै एवं सुरक्षाकर्मीको कमाण्डर लगायत हुन्। यस्ता घटना दोहोरिन नदिन देशमा नीतिगत सुधार गरेर नातावाद, कुशासन र भ्रष्टाचारको अन्त्य हुनुपर्छ। [205]

## <u>२०५. मृतक विजय चौधरीका दाजु अजय कुमार चौधरीको कागज ब्यहोराः</u>

मेरो भाई विजय चौधरी कक्षा १२ सम्मको अध्ययन सकेर ठेकापट्टा गरिरहेको थियो। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा भदौ २४ गतेको दिन स्वतःस्फूर्त रुपमा सहभागी भएका थिए। घटनाको दिन भाई संसद भवनपछाडि रहेछन्, अन्तिम पटक भदौ २४ गते दिदीसँग कुरा भएको रहेछ, सोही दिन संसद भवन पछाडि गोली लागेपछि आन्दोलनकारीले नै मोटरसाइकलमा अस्पताल पुर्याएको केही बेरमा नै मृत्यु भइसकेको कुरा थाहा पाए। सुरक्षाकर्मीले आक्रमक रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका हुन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। यस्ता घटना दोहोरिन नदिन देशमा रोजगारीको उपलब्धता, भ्रष्टाचारको अन्त्य र सुशासन हुनुपर्छ। [206]

## <u>२०६. मृतक महेश बुढाथोकीका बुवा केशब बुढाथोकीको कागज ब्यहोराः</u>

मेरो जेठो छोरा महेश बुढाथोकी विद्यार्थी हुन्। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। अन्तिम पटक महेशको आफ्नी आमासँग कुरा भएको थियो। सोही दिन कोटेश्वर चोकमा गोली लागेपछि प्रदर्शनकारीहरुले नै अस्पताल पुर्याएकोमा अगाडि नैं मृत्यु भइसकेको रहेछ। पोष्टमार्टम रिपोर्टमा गोली लागि मृत्यु भएको कुरा उल्लेख छ। प्रत्यक्षदर्शीले बताएअनुसार सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा बिना चेतावनी नै गोली प्रहार गरेका रहेछन्। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका

---

205 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०४ अन्तर्गत रहेको ।

206 घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०५ अन्तर्गत रहेको ।

छौं। जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गर्नुपर्छ र नीतिगत सुधार पनि गर्नुपर्छ। [207]

## २०७. मृतक उमेश महतकी दिदी सुमित्रा महतको कागज ब्यहोराः

मेरो भाई स्नातक तहका विद्यार्थी थिए। जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरुसँग स्वतःस्फूर्त सहभागी भएका थिए। भदौ २३ गतेको दिन उमेश बानेश्वर आन्दोलनमा सहभागी थिए भने भदौ २४ गते गौशाला थिए। अन्तिम पटक मसँग कुरा हुँदा भाई घरमा नै थियो। भदौ २४ गतेको दिन गौशालामा हिंडदै गर्दा गोली लागेपछि को कस्ले अस्पताल पुर्याएको रहेछन् थाहा भएन। उक्त दिन नैं फ्रन्टलाईन अस्पतालमा उमेशलाई मृत घोषणा गरियो। सुरक्षाकर्मीले आक्रमक र दमनकारी रुपमा छातीमा गोली प्रहार गरेको रहेछ। राहत स्वरुप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौं। आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ। घटनाको जिम्मेवार तत्कालीन नीतिस्तरका सबै र तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक लगायत हुन्। [208]

## २०८. ग्लोबल कलेज काठमाण्डौंका सूचना अधिकारी धर्मराज ओझाको कागज ब्यहोराः

म काठमाण्डौ ग्लोबल कलेजमा स्थापना काल देखी नै कार्यरत छु। मिति २०८२ भदौ २३ गते पहिलो सिफ्टमा रहेका विद्यार्थिहरुको विहान ११:०० बजे छुट्टी भए पश्चात केही विद्यार्थिहरु कलेजले भाडामा लिई चलाएको बसमा आफ्नो घर तर्फ जाने क्रममा श्रीयम चौलागाई र सम्राट जङग कार्कीले चालक कर्णबहादुर पुलामी लाई आफूहरु यतै झर्ने भनी कन्भिन्स गरी भरोसा अस्पताल नजिक झरी व्यक्तिगत रुपमा प्रदर्शनमा सहभागी हुन गएका रहेछन। सो कुरा हामी व्यवस्थापनका कुनै पनि व्यक्तिलाई जानकारी थिएन। सोहि दिन करिव साँझ १७०० बजेतिर मात्र हामिलाई बानेश्वरमा गोलिबारी भएको जानकारी भएको थियो। सोको केही समयमा संचार माध्यमहरुमा विद्यार्थिहरु समेत हताहति भएको समाचार आउन थाले। बाहिरको वातावरण बिग्रेको भन्ने जानकारी पाए पश्चात हामिले दिवा सिफ्टका विद्यार्थिहरुलाई समेत निजहरुको अभिभावकको जिम्मा लगाई पठाएका थियौं। संचार माध्यममा मृतकको फोटो आएपछी संचार माध्यम बाटै हाम्रो कलेजका विद्यार्थि समेतको हताहति भएको जानकारी भएको थियो। घटनाको ७ दिन पछि हामी निज श्रीयम

२०७ घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०६ अन्तर्गत रहेको ।

२०८ घटना बिबरण कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न.२०७ अन्तर्गत रहेको ।

चौलागाईको घरमा गई बुझ्दा निजले आफ्नो जर्मनिमा रहेकी दिदी र घरमा रहेकी आमालाई समेत प्रदर्शनमा जाने कुरा जानकारी गराएका रहेछन्। २३ गते सांझ हाम्रो कलेजमा कुनै घटना भएको थिएन तर सो दिन सामाजिक संजालमा ग्लोबल कलेजको होस्टेलमा छात्राहरुमाथी दुर्व्यवहार भएको भनी अफवाह फैलिएकोसम्म जानकारी प्रहरीले गराएको थियो। हामीले कुनै होस्टेल संचालन नगरेको र कुनै घटना नभएको समेत प्रहरी लाई जानकारी गराएका थियौं। भदौ २४ गते प्रदर्शनकारीहरु कलेजमा पसि तोडफोड आगजनी गरी ठुलो क्षति भएको छ। कलेजको क्षति सम्बन्धमा प्रहरी लगायत यस आयोगमा समेत निवेदन दिएका छौं। कलेजको भवन, सर्भर, कम्प्युटर, स्मार्ट बोर्ड लगायत शैक्षिक सामाग्रीहरुको सानिमा जिआईसी ईन्स्योरेन्स कम्पनिमा विमा रहेको छ तर हाल सम्म क्षति अनुसारको पुनःनिर्माण गर्दा लाग्ने रकम विमा वापत प्राप्त हुन नसकेको र दिन समेत आनाकानि गरि रहेकोले पुनः निर्माणमा समस्या भएको छ र नियमित शैक्षिक कार्यक्रम समेत प्रभावित हुने अवस्था छ। [209]

## २०९. ओरियण्ट कलेज बसुन्धाराका कार्यक्रम निर्देशक तुलसीराम भण्डारीको कागज ब्यहोराः

म बसुन्धारा स्थित ओरियण्ट कलेजमा कार्यरत छु। मिति २०८२ भदौ २३ गते पहिलो सिफ्टको कक्षा सम्पन्न भएपछी सम्पूर्ण विध्यार्थीहरुलाई नियमित रुपमै सवारी साधनबाट आ-आफ्नो घर तर्फ पठाईएको थियो। दोश्रो सिफ्ट दिनको ११०० बजेबाट शुरु हुने गरेकोमा सो दिन समेत नियमित रुपमा अध्यापन सुचारु रहेकोमा दिनको करिव १२०० बजे नयाँ वानेश्वर एरीयामा तनावग्रस्त भएको समाचारहरु सुन्नमा आएपछी सम्पूर्ण बच्चाहरुलाई निजहरुको अभिभावकलाई जानकारी गराई अन्दाजी १२३० बजे क्लास बन्द गराई वच्चाहरुलाई घरतर्फ पठाईएको थियो। उक्त दिनको जियनजेड (Gen-Z) युवा पुस्ताद्वारा गरिएका प्रदर्शनमा हाम्रो कलेजबाट ४ जना विध्यार्थीहरु कलेज ड्रेसमै सहभागी भएको कुरा पछी थाहा पाएका हौं। उक्त प्रदर्शनमा हाम्रो कलेजबाट व्यवस्थापकिय हिसावमा कुनै सहभागीता रहेको थिएन। उक्त आन्दोलनमा सहभागी भएका वच्चाहरु बिहानको सिफ्टमा कक्षा १२ मा अध्ययनरत रहेका र निजहरु उक्त दिन कलेजमा अनुपस्थित रही घरबाटै आन्दोलनमा सहभागी हुन गएका भन्ने बुझिएको छ। निजहरु आन्दोलनमा सहभागी हुँदा कुनै घाईते वा मानविय क्षति भएको छैन। हाम्रो कलेजमा कुनै भौतिक क्षति समेत भएको छैन। [210]

---

२०९ घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.न.२०८ अन्तर्गत रहेको ।

२१० घटना बिबरण कागजको सक्कल प्रति पाना- ३, अनुसुची-५ को सि.नं.२०९ अन्तर्गत रहेको ।

## २१०. डा. तोषिमा कार्कीको कागज व्यहोराः

भदौ २३ गते म संसदीय समितिको बैठकमा सहभागी थिए। करिव १०:३० बजे बिहानतिर बानेश्वर क्षेत्रमा आन्दोलन चर्किएको थाहा पाएपछि म गाडी चढेर बानेश्वरतर्फ निस्किंदा बबरमहलको पुल पुग्न भन्दा अगाडि नै गाडी रोकियो र मलाई अगाडि नजान भनियो तर मैले म जसरी पनि जानुपर्छ भनी त्यहाँबाट एक जना मानिसको बाइकमा लिफ्ट लिएर अगाडि बढे । केही अगाडि बढेपछि बाइकपनि जान सक्ने अवस्था भएन र त्यहाँबाट मिनभवनको पछाडिको बाटो हिडेर सिभिल हस्पिटल पुगे। म सिभिल हस्पिटल जाँदा त्यता भित्रतर्फको गल्ली बाटोमा नै प्रहरीहरु फाइरिङ गरिरहेका थिए भने प्रदर्शनकारीहरु ढुङ्गा प्रहार गरिरहेका थिए। दुबै पक्षको भीडन्त भैरहेको थियो। मैले प्रदर्शनकारी भाईबहिनीहरुलाई सम्झाए र सुरक्षाकर्मीलाई पनि सम्झाए। तर, त्यहाँ कसैले पनि सुन्ने मान्ने अवस्था थिएन। म आन्दोलनको बीच बाटो हुदै सिभिल हस्पिटल पुगे। त्यहा घाइतेहरु आउन शुरु भई सकेको थियो। त्यतिबेला सायद १२ बजिसकेको थियो जस्तो लाग्छ। म हस्पिटलको बाहिर बसेर घाइतेहरुको उपचारमा सहजीकरण गरिरहेको थिय। लगातार घाइतेहरु हस्पिटलमा आई रहेका थिए। कतिपय प्रदर्शनकारीहरु सामान्य उपचार गराउदै फेरी आन्दोलनमा गईहाल्थे, मैले नजाउ भनेर सम्झाउदा पनि उनीहरुले हामीलाई नरोक्नुहोस हामी जानुपर्छ भन्थे। म धेरै पटक अस्पतालबाट बाहिर निस्केर सुरक्षाकर्मीहरुलाई पनि यस्तो नगर्नुहोस भनेर सम्झाउने कोशिस गरे, उनीहरुले पनि मैले भनेको सुनेनन्। प्रहरीले हानेको गोली अश्रुग्याँस अस्पतालभित्रसम्मै आई पुगेको थियो। अस्पतालको अवस्था निकै दर्दनाक थियो। म त्यो रात घाइतेहरुको उपचारमा संलग्न भई अस्पतालमानै बसे। अस्पतालमा सबै स्वास्थ्यकर्मीहरु उपचारमा खटिनै रहनु भएको थियो।

२४ गते बिहानैदेखि बानेश्वरक्षेत्र तनावग्रस्त थियो। करिव १० बजेतिर घाइतेहरु अस्पताल ल्याउन शुरु भैसकेको थियो। म सब हेरेर बसिरहन सकिन र बाहिर निस्केर संसदभवन भित्र पसेको थिए। मलाई भित्र नजान सबैले भनिनै रहेका थिए। मैले संसद भवन परिसर भित्र एउटा मानिस लडिरहेको देखेको थिए। उसको नाडी छाम्दा चाल नपाएपछि मैले अस्पताल लैजान लगाए। मैले प्रदर्शनकारीहरुलाई तोडफोड नगर्न भनेर आग्रह गरिरहेको थिए। म त्यहाँबाट निस्किएर फेरि सिभिल अस्पतालमानै गए। घाइतेहरुको सामान्य उपचारमा म पनि संलग्न भए। रातिसम्म पनि अस्पतालमा घाइतेहरु आई नै रहेका थिए। त्यहाँ उपचार हुन नसकेकाहरुको अन्य अस्पतालमा पठाउनको लागि पनि मैले सहजीकरण गरेको थिए। म त्यो रातपनि अस्पतालमानै बसे। भदौ २५ गते बिहान सिभिल अस्पतालबाट निस्किएको हो। यो घटना एकदमै दुखदायी भयो। मैले प्रहरीले संयमता

अपनाएको देखिन ।[211]

## २११. दिल भुषण पाठकले यस आयोगमा ब्यक्त  गरेको भनाइको ब्यहोराः

२०८२ साल भाद्र २३ र २४ गते Gen-Z पुस्ताहरुबाट भएको प्रदर्शनको क्रममा संघीय संसद भवन, सिहंदरबार, सर्बोच्च अदालत, Hilton Hotel लगायतका स्थानमा आगजनी तथा तोडफोड हुनुका साथै  ठूलो सख्यामा मानिसहरुको मृत्यु समेत भएको सन्दर्भमा Hilton Hotel मा आगजनी हुनुको पछाडि तपाईंले सञ्चालन गरेको 'टफ टक विथ दिलभूषण पाठक÷ नामको युट्युब च्यानलमार्फत हिलटन होटलबारे भिडिओ रिपोर्ट प्रसारण गरेको कारण मुख्य हो भनिन्छ नि? तपाईंले उक्त प्रशारण कार्यक्रममा Hilton Hotel सम्बन्धी बिषय उठाउनुको पछाडिको कारण के थियो? उक्त कार्यक्रमको सामग्रीलाई प्रशारणपूर्ब तथ्य जाँच (Fact Check) कसरी गरिएको थियो? कार्यक्रम प्रशारणपछि सामाजिक सन्जालमा के कस्ता प्रतिक्रियाहरु आए? तपाईंले आफ्नो कार्यक्रममा हिल्टन होटलबारे उक्त रिपोर्ट प्रशारणगर्दा पत्रकार आचारसंहिता पालना गर्नुभयो\भएन? तपाईंले हिल्टन होटलमा आगजनी भएपछि कुनै Clarification जारी गर्नु भयो? भन्ने प्रश्नहरुमा निजले  आफ्नो भनाई तपसिल बमोजिम ब्यक्त गरेको ।

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो । आजको लोकतान्त्रिक समाजमा व्यावसायिक पत्रकारिता केवल सूचना प्रवाह गर्ने माध्यम होइन, राष्ट्रको नैतिक दिशानिर्देशक हो । खराब शासन र भ्रष्टाचारका विरुद्ध पत्रकारिता मौन बस्न सक्दैन । खोजमूलक पत्रकारितामार्फत शक्ति दुरुपयोग, घोटाला र अनियमितता उजागर गर्नु र सबैलाई जवाफदेही एवं उत्तरदायी बनाउनु पत्रकारिताको प्रमुख जिम्मेवारी हो । नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेको छ । यसले पत्रकारलाई निर्भीक भएर सत्य लेख्न र बोल्न कानुनी आधार दिएको छ । तर स्वतन्त्रता सँगै जिम्मेवारी पनि आउँछ । सत्यता, निष्पक्षता र सन्तुलन कायम गर्नु नै व्यावसायिकताको मूल आधार हो । पत्रकारिता भनेको अन्धो समर्थन होइन, राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राखेर सत्य बोल्नु हो । सत्य बोल्ने साहस, गलतको विरोध गर्ने दृढता र जनताको पक्षमा उभिने प्रतिबद्धता नै मेरो पत्रकारिताप्रतिको वास्तविक विश्वास हो । पत्रकारिताले राजनीतिक दल र सरकारलाई जवाफदेही बनाउँछ । यसले शक्तिशाली व्यक्तिहरूलाई प्रश्न गर्ने, नागरिकका आवाज र गुनासालाई राष्ट्रिय बहसमा ल्याउने, पारदर्शिता र सुशासनको मागलाई बलियो बनाउने, तथा कानुनी निकाय र निगरानी

[211] घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.२११अन्तर्गत रहेको ।

संस्थालाई कारबाहीतर्फ घ्यानाकर्षण गर्ने काम गर्दछ। यहि विश्वासले म विगत ३३ वर्षदेखि पत्रकारिताको माध्यमबाट देश र जनताको हक र हितका लागि क्रियाशिल रहेको छु र अन्तिम सास रहिन्जलसम्म क्रियाशिल रहने प्रतिवद्धता छ ।[212]

## २१२. गैर आवासिय नेपाली सङघका पूर्ब अध्यक्ष राजेन्द्र कुमार शर्माको भनाई ब्यहोराः

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई केवल एउटा राजनीतिक घटनाका रुपमा मात्र बुझ्नु ठूलो भूल हुनेछ। यो आन्दोलन गरीबी, बेरोजगारी, बढ्दो आर्थिक असमानता र राज्यको कमजोर सेवा प्रवाहको परिणाम स्वरुप उत्पन्न भएको सामाजिक बिष्फोट हो । बिदेशमा रहेका करिब ८० लाख नेपालीहरु देशको अबस्था देखेर चिन्तित छन् । राज्यको उत्तरदायित्व शून्य हुनु नैं यो आन्दोलनको मूल जड हो ।[213]

## २१३. उध्योग बाणिज्य महासँघ, नेपालको कागज ब्यहोरा

राज्य सञ्चालन प्रणाली र राज्य सञ्चालकको भूमिका र क्रियाकलापको विरोधमा गत भदौमा भएको युवापुस्ताको आन्दोलनले राजनीतिक परिवर्तनसँगै स्वच्छ र मर्यादित काम र रोजगारी, आर्थिक समृद्धि र आर्थिक तथा सामाजिक विकासको माग गरेको स्पष्ट देखिन्छ । युवा पुस्ताले नुतन प्रविधिमा आधारित व्यवसायको विकास मार्फत उद्यमशीलता र रोजगारीको सुनिश्चितताको अपेक्षा गरेका छन् । युवा पुस्ताको उद्यमशीलता, रोजगारी र बहुक्षेत्रगत आर्थिक एवम् सामाजिक विकासको अपेक्षाले साकार रुप लिन निजी क्षेत्रको सवलताको उपयोग अनिवार्य हुन्छ । पुँजी, उद्यमशीलता र प्रविधिको उपयोगमा निजी क्षेत्रको सम्भावनालाई पूर्ण परिचालन नगरेसम्म अर्थतन्त्रको विकासको आधार तयार हुँदैन । त्यसैले, युवापुस्ताको अपेक्षा बमोजिमको शासकीय सुधार, आर्थिक तथा सामाजिक रुपान्तरणका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रबर्धन गर्नु जरुरी हुन्छ । तर, पछिल्लो युवा आन्दोलनको क्रममा निजी क्षेत्रमाथि गरिएको प्रहार, रोजगारीको आधारका रुपमा रहेका उद्योग तथा व्यावसायिक प्रतिष्ठान र उद्यमीको निजी सम्पत्तिमा गरिएको श्रृङ्खलावद्ध आक्रमण र आगजनीबाट निजी क्षेत्रको मनोबल कमजोर हुँदा युवा पुस्ताले राखेको अपेक्षा अनुसार रोजगारी सिर्जना गर्ने क्षेत्रमा ठूलो लगानी गर्ने साहस र चाहना अझै पूर्ण रुपमा जागृत हुन सक्ने अवस्था देखिदैंन । निजी क्षेत्रको सहभागिता र संलग्नता विना कुनै पनि देशको विकास सम्भव छैन भन्ने तथ्य स्थापित

---

[212] घटना बिबरण कागजको सक्कल प्रति पाना- २, अनुसुची-५ को सि.न.२१२ अन्तर्गत रहेको ।

[213] प्राप्त कागजको सक्कल प्रति पाना- ६, अनुसुची-५ को सि.न. अन्तर्गत रहेको ।

[213] प्राप्त कागजको सक्कल प्रति पाना- ५, अनुसुची-५ को सि.न. अन्तर्गत रहेको ।

भइसकेको छ । यसर्थ, आन्दोलनको कारण निजी क्षेत्रलाई परेको पीडा र हानीको कुनै मौद्रिक मूल्य नभएता पनि आगामी दिनमा यस प्रकारको घटनाको पुनरावृत्ति हुन नदिने प्रतिबद्धता एवम् सोही अनुसारको आवश्यक प्रबन्ध गरी कमजोर रहेको मनोबललाई माथि उठाउन यस्तै प्रकारका आन्दोलनबाट प्रभावित देशहरुले निजी क्षेत्रको सुरक्षा र प्रवर्धनका लागि गरेको प्रयासलाई पनि अनुभवको रुपमा ग्रहण गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्ले “निजी क्षेत्रको सुरक्षा र प्रवर्धन रणनीतिक योजना स्वीकृत गरी लागु गर्नु आवश्यक छ ।[214]

उल्लिखित बयान र घटना विवरण सम्बन्धी विस्तृत कागज अनुसूची ५ मा संलग्न गरिएको छ।

| सि.नं. | नाम थर | पाना | फाईल नम्बर | समुह | बिबरण |
|---|---|---|---|---|---|
| १(क) | राष्ट्रपति रामचन्द्र पौडेल | ६ | | | |
| १. | पूर्ब प्रधानमन्त्री के.पी शर्मा ओली | ४ | | | |
| २. | पूर्ब प्रधानमन्त्री शेर बहादुर देउवा | ५ | | | |
| ३. | पूर्ब प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) | ७ | | | |
| ४. | सभामुख देवराज घिमिरे | १२ | फाईल-१ | | |
| ५. | राष्ट्रीय सभा अध्यक्ष नारायण प्रसाद दाहाल | ११ | | | |
| ६. | पूर्ब गृहमन्त्री रमेश लेखक | २० | | राजनीतिकर्मी | |
| ७. | पूर्ब संचारमन्त्री पृथ्वी सुब्बा गुरुङ | ८ | | | बयान कागज |
| ८. | पूर्ब गृहमन्त्री रवि लामिछाने | १० | | | |
| ९. | पूर्ब मेयर बालेन्द्र शाह (बालेन) | ३ | | | |
| १०. | पूर्ब प्रधानमन्त्री झलनाथ खनाल | | | | |
| ११. | रविलक्ष्मी चित्रकार | | | | घटना बिबरण कागज |
| १२. | पूर्ब सांसद राम नारायण बिडारी | ३ | फाईल-१ (क) | | |
| १३. | पुर्व मुख्यसचिव एक नारायण अर्याल | १३ | | | |
| १४. | संघीय संसद महासचिव पद्म प्रसाद पाण्डेय | ११ | | | |
| १५. | पूर्ब गृहसचिव गोकर्णमणी दुवाडी | २५ | | | |
| १६. | संचार सचिव राधिका अर्याल | १२ | | | |
| १७. | सहसचिब आनन्द काफ्ले | ८ | | निजामति कर्मचारी | |
| १८. | तत्कालीन काठमाण्डौ जिल्ला प्र.जि.अ. सह सचिव छविलाल रिजाल | ५० | फाईल-२ | | बयान कागज |
| १९. | सह सचिव लिला प्रसाद शर्मा | १६ | | | |
| २०. | समाज कल्याण परिषदको सदस्य सचिव सरोज कुमार शर्मा | ६ | | | |
| २१. | उपसचिव सत्यराज जोशी | १२ | | | |
| २२. | काठमाण्डौ जिल्ला सहायक प्र.जि.अ मुक्तिराम रिजाल | ४ | | | |
| २३. | डिल्लीबजार कारागार प्रशासक बाबुराम अर्याल | ३ | | | घटना बिबरण |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | जगन्नाथदेवल नि.कारागार प्रशासक वैकुण्ठ राज रेग्मी | ३ | फाईल-२ (क) | | कागज |
| २५. | प्रधान सेनापति अशोक राज सिग्देल | १६ | फाईल-३ | नेपाली सेना | बयान कागज |
| २६. | सहायक रथी मनोज वैदवार | ८ | | | |
| २७. | प्रमुख सेनानी दिवाकर खड्का | ६ | | | |
| २८. | प्रमुख सेनानी गणेश खड्का | १३ | | | |
| २९. | सेनानी सन्तोष ढुंगेल | ६ | | | |
| ३०. | अ.प्रा प्र.म.नि चन्द्र कुबेर खापुङ् | ३० | फाईल-४ | नेपाल प्रहरी | बयान कागज |
| ३१. | प्र.म.नि दान बहादुर कार्की | ३२ | | | |
| ३२. | प्र.अ.म.नि शिद्दी बिक्रम शाह | २२ | | | |
| ३३. | प्र.ना.म.नि ओम ब.राना | २९ | | | |
| ३४. | प्र.ना.म.नि विश्व अधिकारी | ६९ | | | |
| ३५. | प्र.व.उ श्याम कृष्ण अधिकारी | १२ | फाईल-४ (१) | | |
| ३६. | प्र.व.उ सोमेन्द्र सिंह राठोर | १० | | | |
| ३७. | प्र.व.उ दीप सम्सेर ज.ब.रा | २३ | | | |
| ३८. | प्र.उ ऋषिराम कँडेल | १४ | फाईल-४ (२) | | |
| ३९. | प्र.उ अपिल राज बोहरा | १३ | | | |
| ४०. | प्र.उ कुलदीप चन्द | ८ | | | |
| ४१. | प्र.उ माधव बुढाथोकी | ८ | | | |
| ४२. | प्र.ना.उ एलिजा गिरी | ११ | फाईल-४ (३) | नेपाल प्रहरी | बयान कागज |
| ४३. | प्र.ना.उ मधु कुमार थापा | १४ | | | |
| ४४. | प्र.ना.उ सुन्दर तिवारी | २७ | | | |
| ४५. | प्र.ना.उ जागेश्वर भण्डारी | ८ | | | |
| ४६. | प्र.ना.उ जयश्वर रिमाल | २३ | | | |
| ४७. | प्र.ना.उ राज बाबु महर्जन | ८ | | | |
| ४८. | प्र.ना.उ उद्दव सिंह भाट | ८ | | | |
| ४९. | प्र.ना.उ सुनिल जंग शाह | ९ | | | |
| ५०. | प्र.ना.उ सुकदेब खनाल | १३ | | | |
| ५१. | प्र.ना.उ कृष्ण कु. चन्द | १० | | | |
| ५२. | प्र.ना.उ ज्ञान बहादुर विष्ट | १० | | | |
| ५३. | प्र.ना.उ जनार्दन घिमिरे | ९ | | | |
| ५४. | प्र.ना.उ राज कु. श्रेष्ठ | ११ | | | |
| ५५. | प्र.ना.उ हरि खतिवडा | ३३ | | | |
| ५६. | प्र.ना.उ मन्जिल मुकारुङ | १२ | | | |
| ५७. | प्र.नि. सुदर्शन पन्थी | १२ | फाईल-४ (४) | | |
| ५८. | प्र.नि रमेश थापा | ५ | | | |
| ५९. | प्र.नि योगराज सुवेदी | ४ | | | |
| ६०. | प्र.नि सम्मुनत अधिकारी | १८ | | | |
| ६१. | प्र.नि लक्ष्मी खड्का | ५ | | | |
| ६२. | प्र.नि यज्ञराज भट्ट | ६ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३. | प्र.नि रमेश विष्ट | ४ | | | |
| ६४. | प्र.नि उद्दव पोखरेल | ६ | | | |
| ६५. | प्र.नि शरण बिक्रम शाह | ५ | | | |
| ६६. | प्र.नि नारायण सिहं बिष्ट | ५ | | | |
| ६७. | प्र.नि राजन थापा | १३ | | | |
| ६८. | प्र.ब.उ. नवराज अधिकारी | २१ | | | |
| ६९ | प्र.ना.उ शिद्दराज न्यौपाने | ६ | | | |
| ७०. | प्र.ना.उ चिनिमाया तामाङ | ३ | | | |
| ७१. | प्र.ना.उ जेशी शाह | ३ | | | |
| ७२. | प्र.नि विजय राज तिमल्सिना | ४ | | | |
| ७३. | प्र.नि नेत्र प्र. पौडेल | २ | | | |
| ७४. | प्र.व.ना.नि विरेन्द्र कु. चौधरी | ४ | | | |
| ७५. | प्र.व.ना.नि शरद प्र. पाण्डेय | २ | | नेपाल प्रहरी | घटना बिबरण कागज |
| ७६. | प्र.व.ना.नि ज्ञान प्र. पराजुली | ४ | | | |
| ७७. | प्र.व.ना.नि ओमकार चन्द | ३ | | | |
| ७८. | प्र.व.ना.नि राज कु. के.सी | २ | | | |
| ७९. | प्र.व.ना.नि दीप बहादुर राना | ३ | | | |
| ८०. | प्र.व.ना.नि रणधिर जैशी | ३ | | | |
| ८१. | प्र.व.ना.नि जय बहादुर सिंह | २ | | | |
| ८२. | प्र.व.ना.नि शंकर प्र. चिदी मगर | २ | | | |
| ८३. | प्र.ना.नि हिम ब. वि.क. | २ | | | |
| ८४. | प्र.ना.नि रोशन चन्द | २ | | | |
| ८५. | प्र.ना.नि. दिनेश राउत | १ | | | |
| ८६. | प्र.स.नि राजन कार्की | १ | | | |
| ८७. | प्र.स.नि प्रमोद कु. यादव | २ | | | |
| ८८. | प्र.स.नि प्रदिप सिंह धामी | ३ | फाईल-४ (क) | | |
| ८९. | प्र.स.नि हरेराम कुमाल | २ | | | |
| ९०. | प्र.स.नि खेम राज अधिकारी | २ | | | |
| ९१. | प्र.स.नि बिरेन्द्र सिंह विष्ट | २ | | | |
| ९२. | प्र.स.नि प्रकाश राय | ४ | | नेपाल प्रहरी | घटना बिबरण कागज |
| ९३. | प्र.ब.ह ओमलाल पाण्डे | २ | | | |
| ९४. | प्र.ब.ह दिपेश लामा | १ | | | |
| ९५. | प्र.ब.ह झलै थारु चौधरी | १ | | | |
| ९६. | प्र.ब.ह राम चन्द्र यादव | २ | | | |
| ९७. | प्र.ब.ह कुमार राउत | २ | | | |
| ९८. | प्र.ह मान ब.चन्द | ३ | | | |
| ९९. | प्र.ह निरज कु. सिंह | २ | | | |
| ९९(क) | प्र.ह. दिपक प्र.घिमिरे | ३ | | | |
| ९९(ख) | प्र.ह. बिनोद थापा | ३ | | | |
| १००. | प्र.स.ह लक्ष्मण राज जैशी | २ | | | |
| १०१. | प्र.स.ह गणेश खड्का | २ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२. | प्र.स.ह रुद्र प्र. गौतम | २ | | नेपाल प्रहरी | घटना बिबरण कागज |
| १०३. | प्र.स.ह योगेन्द्र ब. चन्द | ३ | | | |
| १०४. | प्र.ज अशोक कु. अवस्थी | २ | | | |
| १०५. | प्र.ज मनोज ज्ञवाली | २ | | | |
| १०६. | प्र.ज जितेन्द्र महत | ३ | | | |
| १०७. | प्र.ज क्षेत्र राज तिमल्सिना | २ | | | |
| १०८. | प्र.ज. हिक्मत बि.क. | २ | | | |
| १०९. | प्र.ज चुमान सिंह धामी | ३ | | | |
| ११०. | प्र.ज बखत गिरी | ३ | | | |
| १११. | स.प्र.म.नि राजु अर्याल | ४४ | फाईल-५ | सशस्त्र प्रहरी बल | बयान कागज |
| ११२. | स.प्र.अ.म.नि नारायणदत्त पौडेल | १७ | फाईल-५ (१) | | |
| ११३. | स.प्र.ना.म.नि सुरेश कु. श्रेष्ठ | ४४ | | | |
| ११४. | स.प्र.व.उ राजेश उप्रेती | १४ | | | |
| ११५. | स.प्र.उ राजेश लामिछाने | १० | | | |
| ११६. | स.प्र.उ रोशन घिमिरे | १० | | | |
| ११७. | स.प्र.उ जिबन के.सी | ८ | | | |
| ११८. | स.प्र.ना.उ सुमन चालिसे | ९ | | | |
| ११९. | स.प्र.ना.उ प्रमोद राय | १३ | | | |
| १२०. | स.प्र.ना.उ संगम श्रेष्ठ | ६ | फाईल-५ (क) | सशस्त्र प्रहरी बल | घटना बिबरण कागज |
| १२१. | स.प्र.ना.नि सुवोध कु. बुढाथोकी | ५ | | | |
| १२२. | स.प्र.ज सुबिना लामा | ५ | | | |
| १२३. | अ.प्रा. रा.अ प्रमुख हुतराज थापा | ३० | फाईल-६ | राष्ट्रीय अनुसन्धान विभाग | बयान कागज |
| १२४. | रा.अ उपत्यका अभियान महाशाखा प्रमुख कृष्ण प्र. खनाल | १२ | | | |
| १२५. | रा.अ काठमाण्डौ जिल्ला प्रमुख रिबेन गच्छेदार | १५ | | | |
| १२६. | सुदन गुरुङ | १० | फाईल-७ | आयोजक तथा अन्य | बयान तथा घटना बिबरण कागज |
| १२७. | रक्षा बम | ३ | | | |
| १२८. | खेमराज साउद | ४ | | | |
| १२९. | रोनेश प्रधान | ३ | | | |
| १३०. | विशाल श्रेष्ठ | ३ | | | |
| १३१. | ऋषि थापा | ४ | | | |
| १३२. | पुर्षोत्तम सुभप्रभात यादव | २ | | | |
| १३३. | विष्णु ढुङ्गेल | ३ | | | |
| १३४. | तेनजिङ दावा लामा | ६ | | | |
| १३५. | डा. रुपेश यादव | ३ | फाईल-८ | अस्पताल प्रशासन | घटना बिबरण कागज |
| १३६. | डा. विनिता प्रधान | २ | | | |
| १३७. | डा. रमेश पन्त | ४ | | | |
| १३८. | सुवास खत्री | २ | | | |
| १३९. | आयुष भट्टराई | २ | | | |
| १४०. | किशोर घिमिरे | ३ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४१. | नेत्र प्रसाद चौधरी | ३ | फाईल-९ | प्रत्यक्षदर्शी | घटना बिबरण कागज |
| १४२. | महेश कु. श्रेष्ठ | २ | | | |
| १४३. | शिवराम बाँडा | २ | | | |
| १४४. | लक्ष्मण श्रेष्ठ | २ | | | |
| १४५. | सुरज पराजुली | २ | | | |
| १४६. | सरोज टन्डन | २ | | | |
| १४७. | हरिराम थापा मगर | ३ | | | |
| १४८. | पार्वती के.सी | २ | | | |
| १४९. | सुनिल दाश | २ | | | |
| १५०. | राम श्रेष्ठ | ५ | | | |
| १५१. | नविन बस्नेत | ३ | | | |
| १५२. | विजलेश कार्की | ४ | | | |
| १५३. | सचिन भण्डारी | ३ | | | |
| १५४. | दलराम श्रेष्ठ | २ | | | |
| १५५. | लोकराज उपाध्याय | २ | फाईल-१० | घाईते | घटना बिबरण कागज |
| १५६. | आर्यन अधिकारी | ३ | | | |
| १५७. | स्मृति राई | ३ | | | |
| १५८. | आयुष बि.क. | २ | | | |
| १५९. | कृष्ण सुनार | २ | | | |
| १६०. | मनोज ब. बोहरा | ५ | | | |
| १६१. | संजीत यादव | ५ | | | |
| १६२. | कृष्ण थापा | ५ | | | |
| १६३. | युवराज थापा | ५ | | | |
| १६४. | सुरेन्द्र जंग थापा | ५ | | | |
| १६५. | दिपेन गुरुङ | ५ | | | |
| १६६. | अशोक राई | ५ | | | |
| १६७. | सन्तोष चौलागाई | ५ | | | |
| १६८. | सुर्यसन प्रजापति | ५ | | | |
| १६९. | रविन्द्र पासवान | ५ | | | |
| १७०. | युवराज उपाध्याय | ५ | | | |
| १७१. | राम चर्माकार | ५ | | | |
| १७२. | सुमन बोहरा | ५ | | | |
| १७३. | नृप रोकाया | ५ | | | |
| १७४. | बिजेश तामाङ | ३ | | | |
| १७५. | कुमार उपाध्याय | ३ | | | |
| १७६. | बादल राई | ३ | | | |
| १७७. | एकता शाह | ३ | | | |
| १७८. | शम्भु दंगाल | ४ | | | |
| १७९. | प्रकाश ब. बोहरा | ५ | | | |
| १८०. | भीम ब. दमाई | २ | | | |
| १८१. | सन्त कु. मेहता | २ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८२. | गिता कु. शाह | २ | | | |
| १८३. | काजी रत्न महर्जन | ५ | फाईल-११ | मृतक परिवार | घटना बिबरण कागज |
| १८४. | अम्बिका बि.क | ५ | | | |
| १८५. | अनिल भट्ट | ५ | | | |
| १८६. | दिनेश चौलागाई | ५ | | | |
| १८७. | पार्वती अधीकारी | ५ | | | |
| १८८. | अभिलाख भट्ट | ५ | | | |
| १८९. | विरेन्द्र सिंह साउद | ५ | | | |
| १९०. | सुनिता राई | ५ | | | |
| १९१. | नारायण श्रेष्ठ | ५ | | | |
| १९२. | सुजन न्यौपाने | ५ | | | |
| १९३. | रामकृष्ण श्रेष्ठ | ५ | | | |
| १९४. | मौसम कुलुङ | २ | | | |
| १९५. | गणेश प्रचौलागाई. | ५ | | | |
| १९६. | बसन्त किशोर श्रेष्ठ | ५ | | | |
| १९७. | ईश्वर बहादुर अधिकारी | ५ | | | |
| १९८. | वासुदेव जोशी | ५ | | | |
| १९९. | रचना खतिवडा | ५ | | | |
| २००. | भरत राई | ५ | | | |
| २०१. | विष्णु बहादुर तामाङ | ५ | | | |
| २०२. | किर्तिबल्लभ पन्त | ५ | | | |
| २०३. | लोकनाथ गौतम | ५ | | | |
| २०४. | भिम बपराजुली . | ५ | | | |
| २०५. | अजय कुमार चौधरी | ५ | | | |
| २०६. | केशव बुढाथोकी | ५ | | | |
| २०७. | सुमित्रा महत | ५ | | | |
| २०८ | धर्मराज ओझा | ३ | फाईल-१२ | स्कूल\कलेज र अन्य | घटना बिबरण कागज |
| २०९ | तुलसीराम भण्डारी | ३ | | | |
| २१० | डा. तोषिमा कार्की | २ | | | |
| २११ | दिल भुषण पाठक | २ | | | |
| २१२ | राजेन्द्र कुमार शर्मा (गैरआवासिय) | ६ | | | |
| २१३ | उद्योग बाणिज्य सँघ | ५ | | | |

# परिच्छेद - ६: प्रदर्शनको क्रममा धैरै क्षति भएका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुबाट प्राप्त घटना विवरण व्यहोरा

आयोगबाट विभिन्न जिल्लामा जियनजेड पुस्ताद्वारा गरिएको आन्दोलन पूर्व, आन्दोलनको समयमा र आन्दोलन पश्चातको अवस्थाको विषयमा यकीन गर्न आन्दोलनको धैरै प्रभाव परेको जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीहरुलाई घटना विवरण कागज माग गरिएको थियो। जिल्लाबाट प्राप्त घटना विवरणलाई समेत प्रारम्भिक तथ्याङ्कको रुपमा लिई अनुसन्धान र छानविन गरिएको थियो। आयोगबाट माग भएका जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीहरुले गरेको घटना विवरण कागजको संक्षिप्त व्यहोरा र विवरणलाई घटना देहायबमोजिम प्रस्तुत गरिएको छ।

## ६.१. कोशी प्रदेश

### ६.१.१. जिल्ला प्रशासन मोरङ

म मितिः २०८१। ०९। २४ देखी २०८२। ०७। १४ सम्म प्र.जि.अ.को भूमिकामा जिल्ला प्रशासन कार्यालय, मोरङ्गमा कार्यरत थिए। तत् पश्चात हाल २०८२। ०७। १७ देखी म महोत्तरी जिल्लाको प्र.जि.अ.को भूमिकामा कार्यरत रहेको छु। नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड (जियनजेड) युवा पुस्ताद्वारा मिति-२०८२ भदौ २४ गतेको घटना र २४ गते राति नेपाली सेनाको परिचालन पश्चात पनि विहानसम्म व्यक्तिगत रिसिइबीका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण भएको देखिन्छ र उक्त प्रदर्शनका क्रममा म कार्यरत जिल्लामा घटेका मूख्य घटनाहरू, घटनाका कारण, घटनामा संलग्न मूख्य व्यक्ति वा समूह साथै सुरक्षा निकायहरुको परिचालन र समन्वय कस्तो रहेको भन्ने सन्दर्भमा यथार्थ विवरण यथाशिघ्र उपलब्ध गराइदिन भनी पत्र प्राप्त भए अनुसार म निम्न बमोजिमको विवरण उपलब्ध गराइएको व्यहोरा सादर अनुरोध गर्दछु। निम्नः-

**भाद्र २३ गतेको अवस्था-**

विहान ६:०० देखी दिउसो १२:३० सम्म अविरल। निरन्तर वर्षा भइरहेको वर्षात को समय मा विहान ११ वजे कार्यालयमा आई शान्तिपूर्ण कार्यक्रम आयोजनको लागि अनुमति माग गरिएको (कार्यक्रम स्थल हिमालयन रोड विराटनगरमा करिव ७००-१००० को उपस्थिति रहने र पूर्ण शान्तिपूर्ण रहने र सुशासन तथा सामाजिक सञ्जाल खुल्ला गराउन माग गर्ने उल्लेख गरेको), कार्यक्रममा करिव ८०० जनाको सहभागिता रहेको, मालपोत कार्यालय र महानगरपालिकाको कार्यालय लक्षित गरि दिउसो सामान्य प्रदर्शन

भए पनि अरु सामान्य रहेको, काहि कतै कोहि घाइते हुने गरि कुनै घटना र बलको प्रयोग नभएको, इटहरीमा २ जना र काठमान्डौमा धेरै आन्दोलनकारीको मृत्यु भएको सामाचार आए पश्चात आन्दोलनकारी आक्रोशित भएको, PABSON/N-PABSON लगायत संग समन्वय बैठक गरि ३ दिनको लागि स्थानीय तहवाट विद्यालय विदाको लागि समन्वय गरिएको, बेलुका ६ बजे प्रदेश सुरक्षा समन्वय समितिको बैठक बसि घटनाको छलफल ब्रिफंग गरिएको, सो दिन मोरंगमा कुनै अप्रिय घटना नघटेको।

**<u>भाद्र २४ को अवस्था-</u>**

विहान ६ बजे देखी कमान्ड पोष्टको बैठक जिल्ला प्रशासन कार्यालयमा वसिएको, जिल्लामा कुनै जन र धनको क्षति हुन नदिन व्यपक विमर्श गरिएको, घटना पूर्वनै कर्फयू आदेश जारी गरेर स्थिति लाई सामन्यिकरण गर्ने तर्फ श्री गृह मन्त्रालय र प्रदेशको आन्तरिक मामिला मन्त्रालय वाट मौखिक समन्वय गरिएको र विहान ११ बजे वाट कर्फयू आदेश जारि गरिएको, आन्दोलानकारीको मूख्य निशानाको केन्द्रविन्दु रहेको प्रदेश सभा भवन जोगाउन हर सम्भव प्रयास गरिएको र दिउसो २ बजे सम्म जोगाइएको, सोहि समयमा ट्राफिक चौकमा रहेको आन्तरिक राजस्व कार्यालयको भवनमा आगजनी गरी आन्दोलानकारी हाम्रो नियन्त्रणबाट बाहिर देखिन थालिएको, सामाजिक सञ्जाल र समाचार बाट प्रधानमन्त्री ज्यूको राजिनामा आएको र सिंहदरवारमा समेत आगजनी गरिएको समाचार सार्वजनिक गरिएपछी सबैतिरको अवस्था नियन्त्रण बाहिर गएको होकि भन्ने सबै परिचालित सुरक्षाकर्मी लाई आभष भएर मनोवल कमजोर भएको अवस्था देखिएको र प्रदेश सभा भवन वाट आगजनिको शुरुवात भई कोइराला निवास र तत् पश्चात नजिकै रहेको जिल्ला प्रसासन कार्यालयमा समेत करिव ३ बजेतिर आन्दोलनकारीको प्रवेश भएको र जिल्लामा अन्य कार्यालय तथा निजी सम्पत्ति र पार्टी कार्यालयहरूमा आगजनिको प्रारम्भ भएको, यी सम्पूर्ण घटना अगाडी जिल्ला स्थित राजनितिक दलको बैठक १० वजे वसी जिल्लामा शान्ति व्यवस्था कायम गर्न सार्वजनिक अपिल गरिएको, विद्यार्थी संघ/सङ्गठन लाई समन्वय गरी कुनै अशान्ति नहोस भनी समन्वय र सचेतना गरिएको, जिल्लामा सबैतिर अशान्ति र आगजनि भएको अवस्था सम्म हामि जिल्ला सुरक्षा समितिको सबै टोलि संगै बेलुका ७ बजे सम्म रहेका थियौ, जिल्ला स्थित १५५ सरकारी कार्यालय, निजी प्रतिष्ठान, निजी घर र राजनितिक दलको कार्यालय तिर क्षति भएको अवस्था विध्यमान भएको।

**<u>घटनाका कारणः-</u>**

मूख्य रूपमा राज्य प्रतिको आक्रोश देखिएको र काठमान्डौ तथा इटहरीको मृत्तक प्रतिको बदलाको भावना देखिएको। र घ. घटनामा संलग्न मूख्य व्यक्ति/समूहः-

आधारभूत रूपमा जियनजेड आन्दोलनकारीकै अगुवाई रहेको तर सामाजिक रूपमा अभियन्ता भनी कृयाशिल, राजनितिक दलहरूको संस्थापन पक्ष इत्तर पक्ष, सामाजिक संजाल मा पत्रकारिताको रूपमा देखिएका पात्रहरू आन्दोलनकारीलाई अव यता उता जाऔं भनी उक्साएर ल्याएका तर व्यक्तिगत रूपमा मैले नचिनेका पात्रहरू रहेको भनी आन्दोलन पश्चातको समयमा अपुष्ट रूपमा सामाजिक रूपमा सुनिएको।

**<u>सुरक्षा निकायहरूको परिचालन र समन्वयको अवस्थाः-</u>**

जिल्लामा भाद्र २३ गते केहि पनि बल प्रयोग नभएकोले यहा थप केहि नहोला भन्ने हाम्रो सुरक्षा विश्लेषण थियो। हामी सुरक्षा निकायको विचमा समन्वयको कुनै कमी थिएन, भाद्र २४ गते राति १० बजेबाट नेपाली सेनाको परिचालन पश्चात नेपाल आयल निगमको प्रादेशिक इन्धन डिपोमा आगो लगाउने र कारागार कार्यालय वाट कैदि वन्दि भगाउने प्रयास गरिएको थियो तर हाम्रो स्थानीय समन्वय र सुरक्षा परिचालनले त्यो सम्भव नभएको,

समग्रमा यो जिल्लामा वल प्रयोग वाट कोहि घाइते अंग भंग नभएको तर नेपाल राज्यभरी आगोजनी भएको सन्देश प्रवाह भए पश्चात हामीले बल प्रयोग नगरि आगजनी वाट यो जिल्लालाई जोगाउन सकेनौ, नेपली सेनाको परिचालन पश्चात कुनै सार्वजनिक सम्पत्ति तथा निजी सम्पत्तिमा काहि कतै कुनै क्षति नभएको अवस्था रहेको व्यहोरा सादर अनुरोध गर्दछु भन्ने ब्यहोराको मोरङ्ग जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको

## <u>६.१.२. जिल्ला प्रशासन कार्यालय मकवानपुर</u>

नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड युवा पुस्ताद्वारा मिति २०८२ भाद्र २४ गतेको घटना र २४ गते राती नेपाली सेनाको परिचालन पश्चात पनि बिहानसम्म व्यक्तिगत रिसिइबीका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण सम्बन्धमा उक्त प्रदर्शनको क्रममा मकवानपुर जिल्लामा भएको घट्ना सम्बन्धी विवरण साथै सुरक्षा निकायको परिचालन र समन्वय देहाय बमोजिम रहेको व्यहोरा आदेशानुसार अनुरोध छ।

**देहायः**

**<u>मिति २०८२ भाद्र २३ गतेको मुख्य घटनाक्रमः-</u>**

मिति २०८२। ०५। २३ गते १०:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका बडा नं.२ स्थित हेटौडा उपमहानगरपालिकाको कार्यालय अगाडी जियनजेड Youth Against Corruption

का अन्दाजी १२००/१३०० जना युवा/विद्यार्थीहरु भेला जम्मा भई भ्रष्टाचार विरुद्ध तथा सामाजिक संजाल निषेध गरेको बिरोधमा विभिन्न नाराहरु गर्दै प्रदर्शन शुरु भएको, प्रदर्शनकारीहरु हेटौडा उपमहानगरपालिकाको कार्यालयबाट पिप्ले, बुद्धचोक, सीमाचोक, TCN रोड हुँदै प्रदेश सभा कार्यालय अगाडि पुगी नाराबाजी गरि पुनः राम मन्दिर, बाइपास रोड, TCN रोड, सीमाचोक हुँदै बुद्ध चोकमा पुगी नाराबाजी गरि ऐ.मितिको १५:१५ बजेको समयमा शान्तिपूर्ण रुपमा तितरवितर भएको, उक्त स्थानमा नेपाल सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोली संयुक्त रुपमा परिचालन भएको।

**<u>मिति २०८२ भाद्र २४ गतेको मुख्य घटनाक्रम</u> -**

- अन्दाजी ०९:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ४ सिमा चोकमा जियनजेड Youth Against Corruption आवद्द अन्दाजी १००/२०० जनाको संख्यामा युवाहरु भेला जम्मा भई भ्रष्टाचार विरुद्ध तथा सामाजिक संजाल निषेध गरेको बिरोधमा प्रदर्शन शुरु गरेकोमा पछी युवाहरु थपिदै अ.१५००/२००० जनाको संख्यामा भेलाजम्मा भई सरकारी कार्यालयहरु तोडफोड तथा आगजनी गर्दै अगाडी बढेको।
- मिति २०८२। ०५। २४ गते अन्दाजी १०:४५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका बडा नं. २ मनकामना चोक नजिकै रहेको मकवानपुर बहुमुखी क्याम्पस भित्र लगाईएको विद्यार्थी संगठनको व्यानर अन्दाजी १००/२०० जानको संख्यामा रहेका जियनजेड समर्थकहरुले बिद्यार्थीहरुले तोडफोड गरी वाहिर निस्किएको।
- अन्दाजी ११:३० बजेको समयमा हेटौडा उपमहानगरपालिका वडा नं. १० स्थित युद्धचोकमा रहेको हेटौडा उपमहानगरपालिकाको बोर्ड तोडफोड गरेको।
- अन्दाजी ११:५० बजेको समयमा अ.२००/२५० जनाको संख्यामा रहेका जियनजेड समर्थकहरुले मनहरी गाउँपालिका वडा नं. ७ मनहरी बजारमा ईलाका प्रहरी कार्यालय नजिकै रहेको नेपाली कांग्रेस, ने.क.पा. एमाले र ने.क.पा. माओबादि पार्टी कार्यालयको ताल्चा फोडी कार्यालय भित्र रहेको टेबल कुर्सी बाहिर निकाली जलाएको।
- १२:१० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका बडा नं.४ पुष्पलाल पार्क स्थित रहेको ने.क.पा. एमालेको पार्टी कार्यालयमा प्रदर्शनकारीहरुले आगजनी गरेको।
- अन्दाजी १२:४५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित जिल्ला समन्वय समिति मकवानपुरको ३ तले भवनमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको र उद्योग तथा बाणिज्य कार्यालयमा तोडफोड गरि २ वटा बाइक र बा १ झ ९४३० नं. को हाइलक्स गाडीमा आगजनी गरेको।

- अन्दाजी १२:५५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित जिल्ला मालपोत कार्यालयमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति गरेको।
- अन्दाजी १३:३० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा. १ चौकिटोल स्थित वागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय रहेको ६ तले भवन तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको स्कारपियो-२. कार-१, मो.सा.-१२. स्कुटर-४ यान जली पूर्ण रुपमा क्षति भएको १
- अन्दाजी १३:४० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा. २ स्थित वागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा तोडफोड गरी फर्निचरका सामानहरु निकाली आगजानी गरी सरकारी मोटरसाईकलमा समेत आगो लगाएको।
- अन्दाजी १३:५५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा. १ चौकिटोल स्थित अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयमा तोडफोड गरी सवारी साधनहरुमा समेत आगजनी गरेको।
- हेटौंडा - अन्दाजी १४:०० बजेको समयमा हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको आन्तरीक राजश्व कार्यालय तोडफोड तथा आगजनी गरेको। तोडफोड तथा आगजनीबाट क्यान्टिन भवन-१ तोडफोड गरी क्षति भएको, कार्यालयको २ तले भवन पूर्ण रुपमा जलेको, मो.सा.-६, गाडी-२ वटा जलेर पूर्ण रुपमा क्षति भएको
- अन्दाजी १४:१० बजेको समयमा हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको उच्च अदालत पाटनको हेटौंडा ईजलास तोडफोड तथा आगजनी गरेको। तोडफोड तथा आगजनीबाट ३ तले भवन पूर्ण रुपमा क्षति भएको, कार्यालय संचालनको फर्निचर, सिसाहरु, टेबल, कुर्सी फुटाई तोडफोड गरेको, ५ वटा मो.सा.र २ बढ़ा ट्याक्सी पूर्ण रुपमा जलेको ४ वटा कार तोडफोड गरी क्षति पुन्याएको।
- अन्दाजी १४ २० बजेको समयमा हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको उच्च सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको। जिल्ला सरकारी वकिल कार्यालयको ३ तले भवनको पहिलो तला आगलागी भई पूर्ण रुपमा क्षति भएको, दोग्यो र तेश्रो तलामा तोडफोड गरी क्षति भएको। पार्किङ गरेको कार-२, मो.सा. ६. साईकल-४ पूर्ण रुपमा जली नष्ट भएको। उच्च सरकारी वकिल कार्यालयको ४ तले भवनको पहिलो तला आगजनीबाट पूर्ण रुपमा क्षति भएको र दोश्रो, तेस्रो तलामा तोडफोड गरी क्षति पुर्‍याएको।
- अन्दाजी १४ ३५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका बडा नं.१० स्थित बागमती प्रदेशको प्रदेश सभा भवनमा प्रदर्शनकारीहरु प्रवेश गरी आगजनी

गरी पूर्ण रुपमा क्षति भएको। संत्तदिय दलको ३ तल्ले र २ तले १/१ बटा पक्ति भवन पूर्ण रुपमा क्षति भएको, क्यान्टिन/लाईबेरीमा तोडफोड तथा आगजनी गरेको, राष्ट्रिय वाणिज्य बैंकको ATM तोडफोड गरी क्षति पुर्‍याएको, मो.सा.-५, स्कुटर-१ जली पूर्ण रुपमा छाति भएको।

- अन्दाजी १४:४५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको स्वास्थ्य मन्त्रालय र सामाजिक विकाश मन्त्रालयको ४ तले भवन प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको। जस्ताको छानो भएको क्यान्टिन र गोदाम घर जली पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको गाडी-२५, मो.सा.-१५. स्कुटर-७ वटा जलेर पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १४:५५ बजेको समयमा जिल्ला मकवानपुर मनहरी गाउँपालिकाका वडा नं. ९ मा रहेको मनहरी गाउँपालिकाको कार्यालयमा प्रदर्शनकारीहरुले आगजनी गरेको।
- अन्दाजी १५४५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका बडा नं. १९ नेवारपानीमा रहेको ईलाका प्रहरी कार्यालय नेवारपानीमा प्रदर्शनकारीहरु प्रवेश गरी आगजनी गरेको।
- अन्दाजी १५.५५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. १९ तिनताप्के स्थित बानिया निर्माण सेवाको १० कोठाको भुईतले यार्ड प्रदर्शनकारीहरु प्रवेश गरी तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको टिपर-१९, सिमेन्ट बल्कर-२, JCB-१ तोडफोड, सिमेन्ट वल्कर-१, बलेरो-१ र टिपर-१ आगजनी भई पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १६:१० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. १ चाईनाक्वार्टर स्थित २ तले बड़ा कार्यालय भवनमा रहेको डिजिटल बोर्ड, CCTV क्यामरा प्रदर्शनकारीहरूले तोडफोड गरेको
- अन्दाजी १६:२० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभर्याङ स्थित सवारी परिक्षण कार्यालयमा रहेको स्कारपियो १, पिकअप-१. मो.सा.२ आगजनी गरी पूर्ण रुपमा रतिः गरेको।
- अन्दाजी १६:२५ बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभर्याङ स्थित रहेको यातायात व्यवस्था कार्यालयमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति गरेको। पार्किङमा रहेको मो.सा. २. स्कुटर-१ समेत जली पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १६:३० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभर्याङ स्थित रहेको नारायणी यातायात व्यवसाय कम्पनी प्रा.लि. मा तोडफोड तथा आगजनी गरेको।

- अन्दाजी १६ ३५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ३ बसामाडी स्थित रहेको प्रहरी चौकी बसामाडीमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको। आगजनीबाट ८ जना प्रहरी कर्मचारीहरुको सम्पूर्ण सामानहरु, असोभावका सामानहरु, खाद्यान्न, भाँडाकुडाहरु जली पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको मो.सा.१९. स्कुटर-१. एम्बुलेन्स १ जली पूर्ण रुपमा शति भएको।
- अन्दाजी १६:४० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको २ तले सहरी विकाश तथा भवन कार्यालय प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको
- अन्दाजी १७:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका बडा नं. २ स्थित रहेको जिल्ला अदालत मकवानपुरमा प्रदर्शनकारीहरु प्रवेश गरी कार्यालयमा तोडफोड गरी आगजनी गरेको। तोडफोड तथा आगलागीबाट ६ तले भवन जली पूर्ण रुपमा क्षति भएको, टाटा सुमो-१, बोलेरो-१, पिकअप-१. मोटर-४६, साईकल-७ पूर्ण रुपमा जलेको, न्टिन भवन-१ तोडफोड गरी क्षति भएको।
- अन्दाजी १७:०५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रदर्शनकारीहरु प्रवेश गरी कार्यालयमा तोडफोड तथा आगजनी गरेको। तोडफोड तथा आगजनीबाट भवनको झ्याल, ढोकामा क्षति भएको, कम्प्युटर ३ थान तोडफोड, कोप नियन्त्रकको कार्यकक्षको फायलहरु छरपस्ट गरेको, जेनेरेटरमा आगजनी गरेको, टाटासुमो-१. मो.सा.-३ जली पूर्ण रुपमा नष्ट भएको।
- अन्दाजी १७१० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका बडा नं. २ स्थित रहेको बागमती प्रदेश प्रमुख सचिवको ३ तले पक्की निवास प्रदर्शनकारीहरुले तोडफोड गरी आगजनी गरी पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १७:२० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदर्शनकारीहरूले तोडफोड गरेको। TV, ल्यापटप र नगद रु.३०, ००० चोरी लगेको, मो.सा. २, स्कुटर-५ जली नष्ट भएको।
- अन्दाजी १७:३० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको नापि कार्यालयको ३ तले भवनमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको गाडी-२. मो.सा.-१ जली पूर्ण रुपमा नष्ट भएको।
- अन्दाजी १७:४० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २. स्थित रहेको लोकसेवा आयोग प्रदर्शनकारीहरुले तोडफोड गरेको। पार्किङमा रहेको

गाडी-१. मो.सा.-१ जली पूर्ण रुपमा नष्ट भएको।

- बन्दाजी १७:५५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको उद्योग, वाणिज्य, भुनी तथा प्रशासन मन्त्रालयको भवनको झ्याल, ढोका तथा मुलगेट प्रदर्शनकारीहरुले तोडफोड गरेको। पार्किङमा रहेको मो.सा.-२. स्कुटर-१ आगजनी गरी पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १८:१० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित रहेको हेटौडा उपमहानगरपालिकाको ४ नं. वडा कार्यालय र जिल्ला खेलकुद विकास समितिको कार्यालयमा प्रदर्शनकारीहरुले आगजनी गरेको।
- अन्दाजी १८:१५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ५ स्थित रहेको विश्वकान्ती कलावती सुमार्गी (अजय सुमार्गी) को घरमा प्रदर्शनकारीहरुले गेस्ट रुमको झ्यालको सिसा फोडेको, ३ वटा गाडी जलाएको, फर्निचरको सामान, टेलिभिजन-१, घरमा रहेको १३ वटा कोठाहरु शौचालय सहित जली नष्ट भएको।
- बन्दाजी १८:२० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ११ थानाभर्‍याङ्गमा स्थित रहेको हेटौडा उपमहानगरपालिकाको कृषि भवनमा प्रदर्शनकारीहरुले ढुङ्गामुढा तथा तोडफोड गरी ३ तले भवनको सम्पूर्ण झ्याल, ढोकामा अति पुन्याएको।
- अन्दाजी १८:३५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ११ यानाभयाङ्गमा रहेको प्रदेश आपतकालीन संचालन केन्द्र (PEOC), जिल्ला ट्राफिक कार्यालय मकवानपुरमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको।
- अन्दाजी १८:३५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ११ थानाभन्याङ्गमा रहेको वागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालय प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको। पहिलो तला आगलागीवाट पूर्ण रुपमा क्षति भएको र दोश्रो तलाको झ्याल, ढोका, फर्निचर सामानहरु तोडफोड गरी क्षति भएको।
- अन्दाजी १८:४० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ११ थानाभन्र्‍याङ्गमा रहेको बागमती प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्म मकवानपुर प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको। तोडफोड तथा आगजनीबाट ब्यारेक तथा मेशको ढोका तथा झ्यालहरु क्षति भएको, मेसमा रहेको TV, फर्निचर, भाडाकुडा वानटन-१ तोडफोड गरेको, मो.सा. ४ वटा पूर्ण रुपमा जली क्षति भएको।
- अन्दाजी १८:४५ बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. ११ स्थित रहेको ३ तले बडा कार्यालय भवन तोडफोड तथा आगजनी गरेको।
- अन्दाजी १८:५० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. १० स्थित रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रदर्शनकारीहरुले तोडफोड

तथा आगजनी गरेको। तोडफोड तथा आगजनीबाट १२ बटा कोठा भएको २ तले भवन जली पूर्ण रुपमा क्षति भएको। पार्किङमा रहेको प्राडो गाडी-१. स्कारपियो-१. EV गाडी-१, कार-१. स्कुटर-१ पूर्ण रुपमा क्षति भएको।

- अन्दाजी १९:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको ७तले भाटभटेनी सुपर मार्केटमा प्रदर्शनकारीहरुले तोडफोड/लुटपाट र आगजनी गरी पूर्ण रुपमा क्षति भएको।
- अन्दाजी १९.२० बजेको समयमा जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ स्थित रहेको नेकपा एमालेका नेता/संविधान सभा सदस्य/मकवानपुर बहुमुखी क्याम्पसको संचालन समितिको अध्यक्ष अनन्त प्रसाद पौडेलकी साढे २ तले घरमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको। TV, ५ तोला गहना, प्रोजेक्टर चोरी लगेको घरको सिलिङमा आगो लगाई आशिक क्षति भएको।
- अन्दाजी १९:२५ बजेको समयमा जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ स्थित रहेको भिमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको २ तले घरमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति गरेको
- अन्दाजी १९:३० बजेको समयमा जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ स्थित रहेको संचयकोष कार्यालयको ३ वटा भवनमा प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरेको। पार्किङमा रहेको स्कारपियो १. टोयोटा-१. मो.सा.-२. स्कुटर-१ पूर्ण रुपमा जली नष्ट भएको।
- अन्दाजी १९ ३५ बजेको समयमा जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ स्थित रहेको वागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणी पौडेलको ४ तले घरमा प्रदर्शनकारीहरुले तोडफोड गरी बाहिरी भागमा क्षति पुर्‍याएको।
- अन्दाजी १९:४० बजेको समयमा जिल्ला मकवानपुर हे.उ.म.न.पा. ५ स्थित रहेको बागमती प्रदेशका मुख्यमन्त्री माननीय इन्द्रबहादुर बानियाँको ३ तले घर प्रदर्शनकारीहरुले तोडफोड तथा आगजनी गरी पूर्ण रुपमा क्षति पुगेको।

उक्त विरोधका कार्यक्रमहरु सुरक्षार्थ सुरक्षा योजना अनुसार सुरक्षा निकायको टोली खटि गएको।

**मिति २०८२ भाद्र २५ गतेको मुख्य घटनाक्रमः**

- अन्दाजी १२:५५ बजेको समयमा कारागार कार्यालय भिमफेदी, मकवानपुरको ब्लक 'क' मा रहेका कैदीबन्दीहरुले उक्त ब्लक तर्फको ३ वटा फलामे गेट तोडी नारा जुलुश र ढुङ्गामुढा गरी सुरक्षा घेरा तोडेर बाहिर निस्की मेनगेटमा भेला जम्मा भई कारागार प्रशासनको भवन, मेनगेट, सशस्त्र प्रहरी बल, नेपाल कारागार सुरक्षा वेश भिमफेदीको

जु.अ. व्यारेक, चेकजाँच कक्ष, कारागार प्रशासनको यसमा तोडफोड/आगजनी गरेको, सो क्रममा सशस्त्र प्रहरी बल, नेपाल कारागार सुरक्षा वेश भिमफेदीको टोलीले SLR.वाट २ राउण्ड हवाई फायर, ६ राउण्ड अश्रुग्याँस फायर गरेको र नेपाली सेना काली प्रसाद गणबाट खटि आएको ७० जनाको टोलीले अन्दाजी २०० राउण्ड हवाई फायर गरेको, उक्त ब्लकमा रहेका ५५४ जना कैदीबन्दीहरु मध्ये २५९ जना कैदीहरु कारागार कार्यालयको पश्चिम तर्फको पर्खाल भत्काई भागेको, अन्य २९५ जना कैदीबन्दीलाई ऐ.०३:३० बजेको समयमा नियन्त्रणमा लिई सम्बन्धित ब्लकमा फिर्ता गरिएको र जिल्ला प्यूठान गौमुखि गा.पा.-४ घर भएका वर्ष २५ को दिपक सुनार (चोरी मुद्दा) र जिल्ला कपिलवस्तु सिद्धार्थ न.पा. १० घर भएका वर्ष ३३ को नरेश मुराउ (कर्तव्य ज्यान मुद्दा) कैदीलाई खुट्टामा गोली लागि घाइते भएको हुँदा उपचारका लागि नेपाल प्रहरीको टोलीले हेटौडा अस्पताल ल्याईएकोमा उपचार पश्चात् फिर्ता भएको।

- मिति २०८२। ०५। २५ गते १०:१५ बजेको समयमा जिल्ला मकवानपुर भिमफेदी गापा ६ स्थित कारागार कार्यालय भिमफेदीको ख ब्लकमा रहेको कैदीबन्दीहरु पर्खाल फुटाई भाग्ने क्रममा स.प्र.बल, नेपाल कारागार सुरक्षा बेशमा खटिएको स.प्र.बल, नेपालको टोलीले नियन्त्रणमा लिन ५ वटा ग्याँस सेल फायर गरी २९६ जना नियन्त्रणमा लिईएको, १८१ जना कैदी बन्दी फरार भएको।

**सुरक्षा निकायको परिचालन र समन्वय**

- २०८२ भाद्र २३ र २४ गते भएको घटनामा सुरक्षा निकायहरूबीचको आपसी समन्वयका लागि प्र.जि.अ.को कार्यकक्षमा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू सबै बसी अवस्थाको विश्लेषण गरिएको थियो। बल प्रयोग गरिएको थिएन। उक्त सुरक्षा समितिको निर्णयानुसार सुरक्षा निकायको परिचालन र समन्वय गरिएको भन्ने ब्यहोराको मकवानपुर जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.१.३. जिल्ला प्रशासन कार्यालय सुनसरी :</u>**

मिति २०८२। ०५। २३ गते अं. १०:४० बजेको समयमा जेन्जी पुस्ता अभियान इटहरी नगर संयोजक सृष्टि भट्टराई र स्थानीय जेन्जी नेतृत्वकर्ता विकल रेग्मीको नेतृत्वमा इटहरीस्थित गोलचोकमा विद्यार्थी र युवाहरु गरी अं. १, ००० हजार जनाको संख्यामा भेला जम्मा भई नारा जुलुस गर्दै नगर परिक्रमा गर्न शुरु गरेको, सोही विरोध प्रदर्शनप्रति ऐक्यबद्धता जनाउदै समाहित भए। पश्चात सो जुलुसमा सहभागीहरुको अनुमानित संख्या ४०००/४५०० सय जना रहेको देखिन्छ। तत्पश्चात नारा जुलुसकै क्रममा घूसपैठ गरेका केही व्यक्तिहरुले उत्तेजित शैलीमा सरकार

विरोधी नाराहरु लगाउन थाले। उक्त विरोध जुलुस नेतृत्वकर्ताको काबु बाहिर गई इटहरी उप-महानगरपालिकाको गेटमा रहेको डिजिटल सूचना बोर्ड फुटाई मुख्य गेट भत्काउन खोज्ने क्रममा सोही स्थानमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुले रोक्न खोज्दा सुरक्षाकर्मी उपर नै प्रदर्शनकारीहरुले ढुंगामुढा, पेट्रोल भरेको बोतल, गुलेली लगायतले प्रहार गरे। सुरक्षाकर्मीहरुसँग झडपकै क्रममा केही प्रदर्शनकारीहरु उप- महानगरपालिका कार्यालयभित्र प्रवेश गरी उक्त कार्यालयमा रहेका थान-२ दमकल, थान-१ पानि ट्याङ्कर लगायत अन्य सवारीसाधनहरुमा तोडफोड गरी क्षति पुर्याउनुका साथै नगर प्रमुखको कार्यकक्ष, जिन्सी शाखा, सामाजिक विकास शाखा, घर नक्सा तथा भवन निर्माण अनुमति शाखा लगायतमा आगजनी गरेको, विरोध प्रदर्शनको सम्बन्धमा जेन्जी पुस्ताका प्रतिनिधिहरुलाई जिल्ला प्रशासन कार्यालय सुनसरीबाट विरोध प्रदर्शनको अनुमति ल्याउन अनुरोध गरेको। आन्दोलनमा अन्य व्यक्तिहरुको घूसपैठ हुन सक्ने भएकोले सचेत रहन अनुरोध गरेको।

प्रदर्शनकारीहरुको संख्या थपिदै जाने क्रममा उत्तेजित नारा जुलुस एवं भाषण, पब्लिक सेन्टिमेन्ट लगायतको कारणले आन्दोलन नेतृत्वविहिन बन्न सक्ने हुँदा आफ्नो टिमलाई ब्रिफिङ गर्न जेन्जी पुस्तालाई अनुरोध गरेको, आन्दोलनरत बिद्यार्थीहरु/जेन्जी पुस्तालाई कार्यक्रम स्थलको मुख्य बिन्दुबाटै सुरक्षा गर्दै स्कटिङ गरी सुरक्षा प्रदान गरेको, आन्दोलनरत जेन्जी पुस्ता विद्यार्थीहरुससँग कार्यक्रम गर्नको लागि माइक तथा साउण्ड सिष्टम नभएको हुँदा दुर्गा पार्टी प्यालेससँग समन्वय गरी आन्दोलनरत पक्षका प्रतिनिधि र प्रहरी कर्मचारी खटी गई साउण्ड सिष्टम ल्याई कार्यक्रम व्यवस्थापनमा सहजजीकरण गरी दिएको, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुखले नेकपा माओवादी केन्द्रका मदन चुडालसँग समन्वय गरी आफ्ना कार्यकर्तालाई जेन्जी प्रदर्शनमा घूसपैठ नगराउन अनुरोध गरेको, आन्दोलनकारी / प्रदर्शनकारीहरुलाई आफ्ना गतिविधिहरु शान्तिपूर्वक तथा कानूनी दायरामा रहेर सम्पन्न गर्न पटकपटक सम्झाई बुझाई गरेको। निजहरुले उप-महानगरपालिकामा रहेका दमकलहरु, पानी ट्याङ्करहरु, सवारी साधनहरु लगायतमा तोडफोड गर्न थालेको र कार्यालयहरु आगजनी समेत गर्न थाले पश्चात ढुंगामुडा, तोडफोड तथा आगजनी नगर्न अनुरोध गरिएको। जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट आन्दोलनरत पक्ष/प्रदर्शनकारीहरुसँग समन्वय गरी कम भन्दा कम क्षति गराई निजहरुलाई उप-महानगरपालिका एरियाबाट बाहिर जानको लागि पटकपटक फोन सम्पर्क गरी अनुरोध गर्नुका साथै सो सम्बन्धमा उप-महानगरपालिका एरियामा माइकिङ समेत गरेको।

जिल्ला प्रशासन कार्यालय सुनसरीबाट स्थानीय प्रशासन ऐन २०२८ बमोजिम जारी भएको निषेधाज्ञा

र ऐ. ऐन बमोजिम ऐ. कार्यालयबाट दिनको १५:३० बजेको समयमा जारी भएको कर्फ्यू आदेशको सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गरिएको, प्रदर्शन स्थलमा माइकिङ गरिएको। नागरिक समाज, राजनीतिक दल, प्रदर्शनकारीका प्रतिनिधिहरु मार्फत प्रचारप्रसार गर्नुका साथै समाचार सम्प्रेषण गरिएको।

इटहरी उप-महानगरपालिका तोडफोड र आगजनी गर्ने समूह वा व्यक्तिमाथि थप मानवीय क्षति र भौतिक संरचना क्षति नहोस्/नबढोस् भनी आक्रमण र आगजनीमा संलग्न फ्रन्ट लाइनका मानिसहरूलाई न्यूनतम बल प्रयोग गरी नियन्त्रणमा लिन मात्रको आदेश पटक पटक दिइएको। तोडफोड तथा आगजनीमा संलग्न १३ जना प्रदर्शनकारीहरुलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई इलाका प्रहरी इटहरीमा ल्याइएको।

उप-महानगरपालिकामा तोडफोड तथा आगजनी पश्चात प्रदर्शनकारीहरुलाई सुरक्षाकर्मीहरुले बल प्रयोगको सिद्दान्त मुताविक सिलसिलेवार रुपमा शक्तिको प्रयोग गरी उप-महानगरपालिकको कम्पाउण्ड एरियाबाट बाहिर निकाले पश्चात ऐ. २३ गते अ. १७:०० बजे उक्त भीड इलाका प्रहरी कार्यालय ईटहरीको मेन गेट तर्फ अगाडि बढी मेन गेटमा ढुंगा मुडा गरेको। सोही दिन अ.१७:०० बजेको समयमा नियन्त्रणमा लिइएका आन्दोलनकारीहरुलाई छुटाउन इलाका प्रहरी कार्यालय ईटहरीमा करिव ५,००० जनाको संख्यामा आएका प्रदर्शनकारीहरुको भीडले प्रहरी लक्षित आक्रमण गरे पश्चात प्रहरी कार्यालय, हातहतियार, सवारी साधनहरु, कागजात तथा थुनुवाहरु समेतको सुरक्षार्थको लागि खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको संयुक्त सुरक्षा फौजबाट टियर ग्याँस, व्लाङक राउण्ड र लाइभ राउण्डबाट हवाइफायर गरी भीडलाई तितरवितर बनाएको। हवाई फायर पश्चात तितर वितर भएको भीडले केही घाइतेहरुलाई आफूसँग लगेको र २ (दुई) जना घाइतेहरुलाई सो स्थानमा फेला पारी तत्काल प्रहरीले उद्धार गरी धरानस्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारार्थ पठाइएको।

गोली चलाउने आदेश प्रमुख जिल्ला अधिकारी वा प्रहरी उपरीक्षक वा सशस्त्र प्रहरी उपरीक्षक वा कसैको लिखित वा मौखिक आदेश नभई कानूनतः सिलसिलेवार बल प्रयोगको सिद्धान्तको आधार र जिल्ला सुरक्षा समितिबाट सोही दिन दिनको १५:३० देखि कर्फ्यू आदेश जारी गरिएको अवस्थालाई मध्यनजर गरी उप-महानगरपालिका जलाउन सफल उच्छृङखल समूह नियन्त्रणमा लिएका प्रदर्शनकारीहरूलाई हिरासतमुक्त गर्ने आशयले समेत अन्दाजी ५,००० को संख्यामा रहेका समूहले

हातहातमा ढुंगा, ग्याटिस, फलामे रड, घरेलु हातहतियार, पेट्रोल भरिएको बोटल लिई इलाका प्रहरी कार्यालय इटहरीमाथि आक्रमण गरेको अवस्थामा तत्काल न्यूनतम बल प्रयोग नगर्ने हो भने थप क्षति हुन सक्ने, प्रहरी कर्मचारी मर्न सक्ने अवस्थालाई मध्यनजर गरी स्वतःस्फूर्त रूपमा आत्मरक्षाका लागि गोली चलाइएको अवस्था थियो।

इलाका प्रहरी कार्यालयमा रहेको डिजिटल डिस्प्ले तोडफोड गरेको, विभिन्न मुद्धामा पक्राउ गरी इलाका प्रहरी कार्यालयको अगाडि सुरक्षित साथ पार्किङ गरी राखिएका सवारी साधनहरुमा तोडफोड गरेको, उक्त क्रममा केही प्रहरी कर्मचारीहरु समेत घाइते भएको, उप-महानगरपालिका परिसरमा तोडफोड तथा आगजनी गर्ने क्रममा पक्राउ गरी इलाका प्रहरी कार्यालयको हिरासत कक्षमा रहेका मानिसहरुलाई हिरासतमुक्त गराउन भनी प्रहरी कार्यालयमा जबरजस्ती प्रवेश गर्न पटक पटक प्रयास गरेको। सो क्रममा इलाका प्रहरी कार्यालय इटहरी परिसरमा रहेका नेपाल प्रहरीले प्रयोग गर्ने सवारी साधनहरु, इलाका प्रहरी कार्यालयका विभिन्न शाखाहरु तथा सो स्थानमा रहेका महत्वपूर्ण कागजातहरु, हातहतियारहरु, सञ्चार साधनहरु, हिरासत कक्ष समेतमा ढुंगामुढा, तोडफोड तथा आगजनीको प्रयास समेत गरी क्षति पुऱ्याउन खोजेको।

राजश्व अनुसन्धान कार्यालय इटहरीमा जिल्ला सुरक्षा समितिको कमाण्डपोष्टबाट इटहरी चोक र आसपास क्षेत्रमा भगवतीदल गण इटहरीमा थप मद्दत माग गर्ने निर्णय भएको, मिति २०८२। ०५। २३ गते, पत्र संख्या ०८२/०८३.चलानी नं.३४ बाट भगवती दल गणको इमेल bhagawatidalgbn@gmail.comमा १६:०३ बजे पत्र पठाएएको, नेपाली सेनाको टोली १७:२४ बजेको समयमा इटहरी चोकमा परिचालन भएको, सोहीबीच "अनियन्त्रित भीडले इलाका प्रहरीकार्यालय इटहरीमाथि आक्रमण पश्चात आत्मरक्षामा गोली चलाउन परेको, नेपाली सेनाको टोली सोही रात फर्केको र भोलिपल्ट अर्थात् भाद्र २४ गते राति १०:०० बजे पश्चात मात्र खटिएको।

मिति २०८२/०५/२३ गते भएको जेन्जी समूहको देशव्यापी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय इटहरी अगाडि आन्दोलनरत जेन्जी समूहका घरेलु हतियार सहितको उत्तेजित हुल नेपाल प्रहरी, सशस्र प्रहरी बल नेपालका सुरक्षाकर्मीमाथि ढुंगा-मुढा, गुलेली, इटा, सिमेन्टका टुका, सिसाका बोतल, सिसाको बोतलमा पेट्रोल हाली आगो सल्काई सुरक्षाकर्मीमाथि प्रहार गरी केही सुरक्षाकर्मी घाइते बनाई कार्यालयको LED Display तथा अनुसन्धानको क्रममा कार्यालय कम्पाउण्ड बाहिर चार पांग्रे तथा दुई पाङ्ग्रे सबुद प्रमाणका सवारी साधन तोडफोड गर्दा उक्त दिन सुरक्षाकर्मीले

सिलसिलेवार भीड नियन्त्रणको सिलसिलेवार सिद्दान्त बमोजिम सम्झाई बुझाई अश्रुग्याँस प्रहार गरी, डमी राउण्ड हवाइफायर गरेको। उक्त इटहरी उप-महानगरपालिका र इलाका प्रहरी कार्यालय इटहरीको झडपमा नेपाल प्रहरीका प्रनाउ लक्ष्मी भण्डारी, प्रनि कोमल ठाकुर, प्रनि मेघराज अर्याल प्र.ना.नि. सोमनाथ ढुंगाना, प्र.स.नि. महेन्द्र प्र. यादव, प्रह कमला थापा, प्रसह पुरुषोत्तम थानदार, प्र.ज. नितेश कु मण्डल, प्र.ज. रबिन दर्जी, विनकुमार खत्री सहित १० (दश) जना, सशस्त्र प्रहरी बल नेपालका स.प्र.ज. संजय थोकर, स.प्र.ज. कुसाङसित, संजय थारु, सप्रज शुशिल थारु समेत ४ (चार) जना र इटहरी उमनपा र इप्रका इटहरीमा गरी जम्मा प्रदर्शनकारी-१५ (पन्ध्र) घाइते भएको उक्त उत्तेजित जेन्जी समूहले प्रयोग गरेको तपसिलमा उल्लेखित सीमाको इटाको टुक्रा गुलेली समेत बरामद भएको। उक्त अन्दोलनमा प्रदर्शनकारीहरूले सुरक्षालाई प्रहार गरेको नगरपालिका गेटबाहिर र भित्र यत्रतत्र छरिएको अवस्थामा पेट्रोलको गन्ध आएको आगोले जलेको जस्तो कपडाको सलेवि संहितको फुटेको सिसाको वियरको बोतल थान २ (दुई), पेट्रोलको गन्ध आएको आगोले जलेको जस्तो को बोतल २ (दुई) गुलेली थान १ (एक) विभिन्न फुटेको सिसाको टुक्राहरू फेला परेको।

इलाका प्रहरी कार्यालय इटहरी र इटहरी उप-महानगरपालिकामा जेन्जी समूहले ढुंगा-मुढा तथा आगजनी गर्दा एशियन राजमार्ग विस्तारको लागि भत्काइएका घर टहराहरूबाट निस्किएका रड इटा, ढुंगा, टिना अधिकांश रूपमा प्रयोग गरी प्रहरी कार्यालय तथा उप-महानगरपालिकाको कार्यालयमा आक्रमण गरेको।

घटनाका कारणहरुतर्फ विचार गर्दा जेन्जी नेतृत्वकर्तामा सुझबुझ पूर्ण नेतृत्व क्षमता (Leadership Quality) को कमी, आन्दोलनमा अन्य विभिन्न व्यक्ति तथा स्वार्थ समूहहरुको घूसपैठ, जेन्जी नेतृत्वकर्ताले जुलुसमा सहभागीहरुको भीडलाई आफ्नो नियन्त्रणमा राखन नसक्नु, जेन्जी आन्दोलनलाई अझ उत्तेजित हुन सघाउ प्रकृतिका विभिन्न भ्रामक र तथ्यहीन फोटो तथा भिडियोहरु (जस्तैः संसद भवन नयाँ बानेश्वरभित्र मानिसहरुको लास रहेको आदि) विभिन्न सामाजिक सञ्जालहरुमा व्यापक रुपमा पोष्ट तथा शेयर गरी सर्वसाधारणहरुलाई दिग्भ्रमित बनाउने प्रवृति, जुलुसमा घूसपैठ भएका व्यक्तिहरुले दिएको उत्तेजित अभिव्यक्तिको कारणले जुलुसमा सहभागी अन्य व्यक्तिहरु पनि उत्तेजित बन्दै जानु। सरकारको कार्यसम्पादनप्रति नागरकहरुको चरम असन्तुष्टि र निराशा, प्रदर्शनकारीहरुको अनुपातमा न्यून सुरक्षाकर्मीहरुको संख्या, रातको समय भएकोले पर्याप्त प्रकाशको अभाव। साथै जिल्ला सुरक्षा समितिमा सशस्त्र प्रहरी उपरीक्षक भएकै अवस्थामा समान दर्जाका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईको कमाण्डमा सशस्त्र प्रहरी खटिएको र जिल्ला

सुरक्षा समिति वा कमाण्ड पोष्टमा रहेका सशस्त्र प्रहरी उपरीक्षकसँग कुनै समन्वय गरेको नदेखिएकोले Unity of Command 'भएको नदेखिएको। तोडफोड, लुटपाट र आगजनीमा रास्वपा, नेकपा माओवादी केन्द्र लगायतका प्रमुख राजनैतिक दलहरुमा आवद्ध व्यक्तिहरु, विभिन्न हिन्दु धार्मिक अतिवादी सोच रहेका व्यक्ति तथा दुर्गा प्रसाई लगायतका स्वार्थ समूहहरुको संलग्नता रहेको। विभिन्न सामाजिक सञ्जालहरुमा पोष्ट गरिएका फोटो तथा भिडियोहरुको संकलन समेत गरी तोडफोड, लुटपाट र आगजनीमा संलग्न व्यक्तिहरुको पहिचान गर्ने कार्य जारी रहेको।

**सुरक्षा निकायहरुको परिचालन र समन्वय :**

मिति २०८२। ०५। २३ गते १०:०० बजेदेखि नै जेन्जी प्रदर्शनको सुरक्षा व्यवस्थापनको लागि इटहरीको गोल चोकमा प्रनाउको कमाण्डमा ३० जना स्थानीय प्रहरी र थप मद्दत स्वरुप नेप्रविसु गण दुहवीबाट प्रनिको कमाण्डमा ५० जना सहित जम्मा ८० जना नेपाल प्रहरी र सप्रनाउको कमाण्डमा ५५ जना सशस्त्र प्रहरी सहित कूल १३५ जना सुरक्षाकर्मी परिचालन गरिएको।

प्रदर्शनकारीहरुको संख्या अनपेक्षित रुपमा बढ्न थालेपछि सो क्षेत्रमा थप सुरक्षाकर्मीहरु परिचालन गर्दै गएकोमा उक्त भीड नेतृत्वको काबु भन्दा बाहिर गई हुलमा परिणत भए पश्चात सो भीडले सरकारी सम्पत्तिहरुको तोडफोड र आगजनी जस्ता उच्छृङखल र कानून विपरीतका गतिविधिहरु गर्न थालेपछि सुरक्षाकर्मीहरुको संख्या थप गरी इटहरी क्षेत्रमा नेपाल प्रहरी तर्फ प्र.उ. समुन कुमार तिम्सिनाको कमाण्डमा २२२ जना र सशस्त्र प्रहरी बल तर्फ स.प्र.उ. निर्मल कुमार थापाको कमाण्डमा १४१ जना सशस्त्र प्रहरी गरी कूल जम्मा ३६३ जना सुरक्षाकर्मी परिचालन गरिएको।

प्रदर्शन स्थलको तत्कालीन वस्तुस्थितिको सम्बन्धमा तालुक कार्यालयमा जाहेर गरी तालुक कार्यालयबाट भए गरेको निर्देशन मुताविक संयमता अपनाई न्यूनतम बल प्रयोग गरी क्षति गराउन उन्मुख भीडलाई व्यवस्थापन गर्ने प्रयास गरीएको। तथापि, उक्त भीड उत्तेजित र अराजक भई अं. १५:२० बजेको समयमा सो भीडले इटहरी उप-महानगरपालिकाको कार्यालयमा आगजनी, तोडफोड, कार्यालय प्रयोजनका सामाग्री लुटपाट, चोरी तथा अति आवश्यक सवारी साधन दमकल समेतमा तोडफोड गरे पश्चात बल प्रयोगको सिद्दान्त मुताविक सिलसिलेवार रुपमा न्यूनतम बल प्रयोग गरी उक्त भीडलाई उप. महानगरपालिका बाहिर निकालिएको सो स्थानबाट केही प्रदर्शनकारीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय इटहरीको हिरासत कक्षमा लगि राखिएको।

इटहरी उप-महानगरपालिकाको कार्यालय तोडफोड, लुटपाट तथा आगजनीमा संलग्न रहेका मानिसहरुलाई नियन्त्रणमा लिई हिरासतमा राखेको विषयलाई लिएर प्रदर्शनकारीहरुले निषेधाज्ञा आदेशको उलङ्घन गरी अं. १६:५० बजेको समयमा इलाका प्रहरी कार्यालय इटहरीमा ढुंगामुडा, तोडफोड, गुलेली प्रहार जस्ता अराजक गतिविधिहरु गर्न थाले पश्चात सुरक्षाकर्मीहरुले न्यूनतम बल प्रयोगको सिद्धान्त अनुरुप कानून बमोजिम सिलसिलेवार रुपमा टियर ग्याँस प्रहार, ब्लाङ्क राउण्ड हवाई फायर र लाइभ राउण्ड हवाई फायर गरिएको।

सुरक्षाकर्मीले हदै सम्मको संयमता अपनाई न्यूनतम बल प्रयोग गरी भीड नियन्त्रण एवं व्यवस्थापनको प्रयास गरेकोमा उत्तेजित भीडले कानून विपरीतका गतिविधिहरु गर्दै सुरक्षाकर्मीमाथि नै आक्रमण गर्न थालेपछि सुरक्षाकर्मीहरुसँग भएको मुडभेडमा प्रदर्शनकारीहरु घाइते भई उपचारको क्रममा २ जनाको मृत्यु समेत भएको।

कर्फ्यू तथा निषेधाज्ञा आदेशको अवज्ञा गरी उक्त दिन बिहान १०:०० बजेको समयबाट नै प्रदर्शनकारीहरुले विभिन्न सहरी तथा ग्रामिण भेगका चोकहरुमा भेला जम्मा भई प्रदर्शन गर्न शुरु गरेको, अं. ५००/६०० सय जनाको संख्यामा रहेको जेन्जी प्रदर्शनकारीहरुको उच्छृङ्खल समूह अं. २२:३० बजेको समयमा झुम्का कारागारमा पुगी कारागारमा रहेका १, ७९६ जना कैदी वन्दीहरु जबरजस्ती भगाएको। १२:३० बजेको समयबाट प्रदर्शनकारीहरुले कानून विपरीतका उच्छृङखल तथा अराजक गतिविधिहरु गर्दै इलाका प्रहरी कार्यालय इटहरी, पकली लगायतका विभिन्न प्रहरी कार्यालयहरु, इटहरी उप-महानगरपालिका, इनरुवा नगरपालिका, आन्तरिक राजस्व कार्यालय इटहरी, राजस्व अनुसन्धान कार्यालय ईटहरी, यातयात व्यवस्था कार्यालय सवारी तथा लाइसेन्स कार्यालय लगायतका सरकारी कार्यालयहरु, विभिन्न गैह्र सरकारी कार्यालयहरु र निजी सम्पत्तिहरुमा तोडफोड, लुटपाट तथा आगजनीको कारणले भएको क्षतिको विवरण प्रेषित गरिने नै छ।

अघिल्लो दिन बसेको जिल्ला सुरक्षा समितिको बैठकले संयुक्त रुपमा सुरक्षाकर्मी परिचालन गर्ने निर्णय गरे बमोजिम मिति २०८२। ०५। २४ गते बिहानैदेखि नै जेन्जी प्रदर्शनको सुरक्षा व्यवस्थापनको लागि सुनसरी जिल्लामा कार्यरत सबै प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मी परिचालन गरिएको। राजधानी लगायतका अन्य विभिन्न स्थानहरुमा घटेका अघिल्लो दिनका घटनाहरुलाई दृष्टिगत गरी मानवीय क्षति हुन नदिन भरमग्दुर प्रयास गरेको कारणले मानवीय क्षति नभएको। प्रदर्शनकारीहरुको संख्या थपिदै जाने क्रममा उत्तेजित नारा जुलुस एवं भाषण, पब्लिक सेन्टिमेन्ट

लगायतको कारणले आन्दोलन नेतृत्व विहिन बन्न सक्ने हुँदा आफ्नो टिमलाई ब्रिफिङ गर्न जेन्जी पुस्तालाई अनुरोध गरेको, आन्दोलनरत बिद्यार्थीहरु/जेन्जी पुस्तालाई कार्यक्रम स्थलको मुख्य विन्दु वाटै सुरक्षा गर्दै स्कटिङ गरी सुरक्षा प्रदान गरिएको भाद्र २४गतेका दिन सुरक्षाकर्मीले हदै सम्मको संयमता अपनाई न्यूनतम बल प्रयोग गरी भीड नियन्त्रण एवं व्यवस्थापनको प्रयास गरेको एवं मानवीय क्षति हुन नदिने उद्देश्य लिएकै कारणले सुरक्षाकर्मीहरुसँग भएको मुडभेडमा कुनै पनि प्रदर्शनकारीहरु गम्भीर घाइते तथा मृत्यु नभएको भन्ने व्यहोराको सुनसरी जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको

<u>६.१.४. जिल्ला प्रशासन कार्यालय, झापा :</u>

- २०८२ भाद्र २२ गतेका दिन केही युवा विद्यार्थीहरुले जिल्ला प्रशासन कार्यालयबाट भाद्र २३ गते आफूहरुले भद्रपुरबाट बिर्तामोडसम्म शान्तिपूर्ण रैली निकाल्ने भनी अनुमती माग भएको। सुरक्षा समितिको बैठक बसी सो सम्बन्धमा छलफल गरिएको सोही बमोजिम मिति २०८२। ०५। २३ गते अन्दाजी १०:३५ बजेको समयबाट जिल्ला झापा दमक न.पा.-५ स्थित आकाशे पुल छेउमा सरकारले नियमन गर्ने उद्देश्यले बन्द गराएको सामाजिक सञ्जालको विरोधमा युथ अफ दमक, झापाको आयोजनामा जियनजेड PROTEST AGAIN CORRUPTION CORRUPT POLTICIANS SOCIAL MEDIA लेखिएको ब्यानर सहित अन्दाजी २०० जनाको संख्यामा राजमार्गको दुईतर्फ बाटो अवरोध नहुने गरी प्लेकार्डहरु बोकी विरोध कार्यक्रम गरेको।
- आयोजकले कार्यक्रम समापनको घोषणा गरे पनि उक्त समूह नाराबाजी गर्दै रैली निकाली बजार परिक्रमा गर्दै दमक नगरपालिकाअगाडि आई नारावाजी गर्नुका साथै दमक नगरपालिकाको गेट तथा गेटमा रहेको सि.सी. टिभी तोडफोड गरी कार्यालय परिसरमा रहेका केही सवारीसाधनहरु गेटबाहिर निकाली आगजानी गरी क्षति पुर्‍याउन थालेको। प्रहरीले सामान्य बल प्रयोग गरी थप क्षति हुन नदिएको।
- त्यसैगरी सोही दिन (भाद्र २३ गते) अंदाजी ११:३० बजेको समयमा जिल्ला झापा बिर्तामोड न.पा. -५ मुक्तिचौक नजिक वन स्टप मल बाहिर करिव ५५० जना स्वतःस्फूर्त रुपमा भेला जम्मा भई नेपालको झण्डा तथा विभिन्न प्ले कार्डहरु बोकी विरोध रैली गरेकोमा आन्दोलनकारी थपिदै अन्दाजी संख्या ५, ००० को हाराहारीमा पुगेको, तत्पश्चात रैली पुनः मुक्ति चोकबाट बिर्तामोड नगरपालिका बाहिर पुगी नाराबाजी गरी केही उग्र व्यक्तिहरुले नगरपालिकाको कार्यालयतर्फ ढुङ्गा हानी नगरपालिकाको अगाडिपट्टीको झ्यालका सिसा फुटाउनुका साथै उपमेयर तथा कर्मचारीहरुलाई बाहिर निस्किन समेत नदिएको। उल्लेखित

घटनाको सम्बन्धमा सुरक्षा समितिको बैठकमा छलफल हुँदा ती दुवै स्थानीय तहका आन्तरिक समस्या (बिर्तामोड नगरपालिकामा उपमेयर र रा.प्र.पा.बाट निर्वाचित वडा नं. ८ का वडाध्यक्षबीचको विवाद तथा दमक नगरपालिका भित्रको राजनैतिक खिचातानी) का कारण यी घटना भएको विश्लेषण गरिएको।

- भाद्र २३ गते काठमाडौंको घटना तथा सोही दिन साँझ तत्कालीन गृहमन्त्रीज्यूले राजिनामा दिनुभए पश्चात जिल्लाबाट मन्त्रालयमा सम्पर्क गर्न र निर्देशन माग गर्न समेत केही कठिनाई भएको। उल्लिखित अवस्थालाई मध्यनजर गरी भाद्र २३ गते साँझ बसेको सुरक्षा समितिको पहिलो बैठकले रातिको समयमा उच्छ्ङखल गतिविधि नहोस् भन्ने अभिप्रायले सोही दिन बेलुकी ०८:३० बजेबाट २४ गते बिहान ०५:०० बजेसम्म बिर्तामोड नगरपालिका क्षेत्रमा कर्फ्यू आदेश जारी गरेको। त्यसैगरी सोही दिन बेलुकी पुनः बसेको बैठकको निर्णयबाट भाद्र २३ गते बेलुकी १०:०० बाट २४ गते बिहान ०५:०० बजेसम्म दमक नगरपालिका क्षेत्रमा कर्फ्यू आदेश जारी गरी सूचना प्रवाह गरिएको।
- भाद्र २४ गते बिहान बसेको बैठकले सो दिन बिहान १०:३० बजेबाट साँझ ०७:०० बजेसम्म बिर्तामोड र दमक क्षेत्रमा कर्फ्यू आदेश जारी गरेको। सोही दिन बसेको अर्को बैठकले भद्रपुर नगरपालिका क्षेत्रमा निषेधाज्ञा लगाउने निर्णय गरेको। भाद्र २४ गते बिहान ०७:०० बजेबाट बिर्तामोड र दमक क्षेत्रमा भीड बढ्दै गएको र १०:३० बाट लागु भएको कर्फ्यू अवज्ञा गर्दै बिर्तामोड र दमकमा भीड जम्मा भई नाराबाजी गर्न शुरु गरेका।
- उक्त क्रममा बिर्तामोड स्थित मुक्तिचोकमा ठूलो संख्यामा जम्मा भएको भीडले शुरुमा बिर्तामोड चोकमा रहेको ट्राफिक प्रहरीको पूरा नो कार्यालयमा रहेका कागजात तथा फर्निचर बाहिर ल्याएर आगजानी गरी क्षति पुऱ्याएको। मुक्तिचोकबाट ५/६ हजारको संख्यामा आएको उत्तेजक भीडले बिर्तामोड नगरपालिका भवनमा पनि नाराबाजी र तोडफोड गर्न थालेको। साथै, बिर्तामोड स्थित राजनीतिक दलका पार्टी कार्यालयहरुमा तोडफोड तथा आगजनी गरेको।
- दमकमा पनि नगर परिक्रमा पश्चात उत्तेजक भीडले नगरपालिका कार्यालयमा ढुंगामुडा र आगजनी गर्न शुरु गरेको। दमक तथा बिर्तामोडको घटना पश्चात अराजक समूहले गौरादह, कन्काई, अर्जुनधारा, मेची, भद्रपुर नगरपालिका तथा बाह्रदशी, बुधशान्ति, कचनाकवल तथा झापा गाउँपालिकाका प्रशासनिक भवन तथा वडा कार्यालयहरु, मेची भन्सार कार्यालय, भद्रपुर भन्सार कार्यालय लगायत केही सरकारी कार्यालय र केही राजनैतिक दलका पार्टी कार्यालयहरुमा समेत तोडफोड र आगजनी गरेको।
- दिउँसो २ बजे पश्चात मोटरसाइकलहरुमा सवार समूहको अगुवाईमा उत्तेजक समूहले विभिन्न राजनैतिक दल सम्बद्ध जनप्रतिनिधि तथा नेताहरुका निजी घरहरुमा समेत आगजनी र तोडफोड गरेको। सुरक्षित हुने भनी प्रहरी कार्यालयमा राखिएका जनप्रतिनिधिहरु चढ्ने

सवारीसाधन समेत अराजक समूहले बाहिर निकालेर आगो लगाएको।

- प्रहरी अन्यत्र व्यस्त भएको मौकाछोपी इलाका प्रहरी कार्यालय, दमकमा आएको अराजक समूहले प्रहरीमाथि निर्घात आक्रमण गरी प्रहरीका हतियार, गोलीगट्ठा र बन्दोबस्तीका सामान तथा पोशाक समेत लुटेर लगेको। ट्राफिक प्रहरी कार्यालय, बिर्तामोडमा आगजनी गराउनका साथै ग्याँस सिलिण्डरहरु समेत विष्फोट गराएको तथा ट्राफिक प्रहरीका पोशाक तथा सरसामान सबै लुटेर लगेको। त्यसैगरी इलाका प्रहरी कार्यालय, बिर्तामोडबाट पनि प्रहरीका हतियार, गोलीगट्ठा र बन्दोबस्तीका सामान तथा पोशाक समेत लुटेर लगेको। लुटिएका हतियारबाट आन्दोलनकारीबाट फायरिगं समेत गरिएको। अत्यधिक भीडका कारण थप सुरक्षाकर्मी तथा अश्रुग्याँस सेल पठाउन सक्ने अवस्था समेत नभएको।
- प्रहरीबाट प्राप्त जानकारी अनुसार उत्श्रृंखल समूहले जिल्ला ट्राफिक प्रहरी कार्यालय परिसरभित्र कार्यालयको भवनमा खाना पकाउने ग्याँस सिलिण्डर विष्फोट गराउने क्रममा उक्त समूहका केही सख्त घाइते भई उपचारत रहेको, मृतकमध्ये कोहि उक्त घटनामा परेका पनि हुन्सक्ने, साथै हतियार लुटेर लगेको समूहबाट गोली प्रहार समेत भएको हुन्सक्ने। बिर्तामोडमा उपचार रहेका घाइतेहरुमध्ये ३ जनाको मृत्यु भएको छ। ती कहाँको घटनामा घाइते भएका थिए भन्ने स्पष्ट नभएको। साथै गोली लागेकाहरुलाईपनि कस्ले गोली हानेको थियो भन्ने यकीन गर्न भने नसकिएको। आन्दोलनकारीहरुले दमक र बिर्तामोडमा गरेको तोडफोड पश्चात ग्रामिण क्षेत्रमा रहेका वा अन्यत्र रहेका प्रहरी युनिटहरुमा राति २१:०० बजेसम्म आगजानी तथा तोडफोड गरेको। "
- यसक्रममा भाद्र २३ र २४ गते जिल्लाभर नेपाल प्रहरीको तर्फबाट ४९६ राउण्ड हवाई फायर, २५४ सेल अश्रुग्याँस प्रहार भएको छ भने सशस्त्र प्रहरीवलका तर्फबाट १२ राउण्ड हवाई फायर, १६६ सेल अश्रुग्याँस प्रहार भएको सम्बन्धित कार्यालय प्रमुखबाट जानकारी प्राप्त भएको छ।
- घटनाका कारण र संलग्न व्यक्तिहरुको विषयमा विश्लेषण गर्दा २३ गते दमक र बिर्तामोड नगरपालिका परिसर र भवनमा भएको ढुंगामुडाको मुख्य कारण त्यहाँका जनप्रतिनिधिहरुबीचको समस्या, स्रोत साधनमा पहुँच नपाएका दलका कार्यकर्ताहरुको समर्थन र संलग्नता रहेको देखिन्छ। सामाजिक सञ्जाल बन्द गरिनाले रिसाएको समूहलाई जुलुसमा सहभागी गराउन र उत्तेजित बनाउन सम्भव भएको।
- २४ गतेका घटनाहरु हुनुमा भने २३ गते काठमाडौंमा भएको झडपमा परी घाइते तथा मृत्यु हुनेहरुका फोटाहरु संलग्न राखी सामाजिक सञ्जालहरुमा गरिएका आह्वानको प्रभाव २४ गते काठमाडौंमा भएका आगजनी, तोडफोड र आक्रमण लगायतका घटनाहरुले भीडलाई उत्तेजित बन्न मद्दत गरेको देखिन्छ।
- स्थानीय तहका जनप्रतिनिधिहरुको व्यवहार तथा स्रोत साधनको दुरुपयोग गरेको भन्ने

महशुस गरेकाहरुले पनि समर्थन गरेको देखिन्छ। प्रहरी नभए ढुक्कले अपराधकर्म गर्न पाइने थियो भन्ने ठान्नेहरु, प्रहरीले कारवाही गरेकाहरु लगायतको सहभागिताले पनि भीडलाई उत्तेजक बनाउन मद्दत गरेको देखिन्छ। एकैसाथ सबैतिर आक्रमण हुन थालेपछि विशेष गरेर २४ गते २ बजेपछि प्रहरी युनिटहरुमाथि नै आक्रमण हुन थालेपछि प्रहरी आफ्ना हतियारको सुरक्षामा व्यस्त हुनुपर्दा पनि उत्श्रृंखलता अझ बढ्न पुगेको।

- लागु औषध सेवनकर्ता, सहचालक, पहाडतिरबाट झरेर सानोतिनो काममा, जागिरमा संलग्न/बेरोजगार व्यक्ति, प्रहरी ट्राफिक प्रहरी कारवाहीमा परेका व्यक्ति तथा अन्य सरकारी कार्यालयहरु असन्तुष्ट विचौलियाहरु, केन्द्रीय सरकार तथा स्थानीय सरकारमा सहभागी नभएका/अवसर नपाएका राजनीतिक दलका कार्यकर्ताहरु पनि संलग्न भएको देखिन्छ।

**सुरक्षा निकायहरुको परिचालन र समन्वयः**

- भाद्र २२ गतेबाट नै सुरक्षा समितिका सदस्यहरुवीच पटक पटक अनौपचारिक तथा औपचारिक बैठक तथा छलफलहरु भएका।
- भाद्र २३ गते बिहान ११ बजेबाटनै प्रमुख जिल्ला अधिकारीको कक्षमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख बसी मातहतबाट सूचना संकलन तथा छलफल गरी सम्बन्धित सुरक्षा प्रमुखबाट मातहतलाई आवश्यक निर्देशन दिने कार्यहरु भएका। थप जनशक्ति परिचालन समेत गरिएको। भाद्र २४ गते बिहान १० बजेबाट जिल्ला प्रशासन कार्यालयमा सुरक्षा समितिका पदाधिकारी सम्मिलित कमाण्डपोष्ट खडा गरी वस्तुस्थिति बुझ्ने, छलफल गर्ने तथा मातहतको मनोवल उकास्न निरन्तर प्रयास भएको। भाद्र २३ र २४ गते नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको टोली परिचालन भएको थियो। २४ गते राति ११ बजे पश्चात भने नेपाली सेनाले समेत जन्य सुरक्षा निकायसँगै सामूहिक गस्ती पेट्रोलिङ गरेको। समग्रमा भन्नुपर्दा सुरक्षा निकायहरुबीचको समन्वय सन्तोषजनक रहेको भन्ने व्यहोराको झापा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.२. मधेश प्रदेश

### <u>६.२.१. जिल्ला प्रशासन कार्यालय पर्सा :</u>

जेन्जी (जियनजेड) युवा पुस्ताहरुका राष्ट्रहित सुशासन र भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी देशभर जस्तै पर्सा जिल्लाको सदरमुकाम विरगंजमा भाद्र २३ गते दिनको ११.०० बजेदेखि करिब एक घण्टाजति घण्टाघरमा उपस्थित भै बजार परिक्रममा गरी रैली सहित सचेतनामूलक कार्यक्रम गर्ने गरी कार्यक्रम तय गरी सो बमोजिम शान्तिपूर्ण रुपमा कार्यक्रम सञ्चालन गरी सम्पन्न भएको। सो दिन देशभर भएको आन्दोलन विरोध समेतका कार्यक्रमहरु मध्ये काठमाडौंमा सुरक्षा निकायहरुमा भएको बल प्रयोगबाट आन्दोलनकारी युवाहरुको मृत्यु (हताहत) भएको खबरबाट जिल्लामा आन्दोलनकारीहरु पुनः जम्मा भै विरोधका कार्यक्रम गर्न शुरु भएको थियो। सोही दिन भाद्र २३ गते अन्दाजी दिनको ५:०० बजेपछि आन्दोलनकारीहरु घण्टाघरमा जम्मा भई सुरक्षा निकायबाट गरिएको बल प्रयोगबाट काठमाडौंमा मृत्यु भएका आन्दोलनका विरोधमा कार्यक्रम शुरु गरिएको, साझ करिव ६-७ बजेदेखि भीड उत्तेजित भई ट्राफिक डिभाइडर तोडफोड गर्ने, आगजनी गर्ने समेतका कार्यक्रम शुरु गरिएपछि सुरक्षाकर्मीबाट सम्झाइ बुझाइ गर्दा समेत भीड नियन्त्रण गर्न नसकिएपछि राति ९:०० बजेदेखि भोलि पल्ट भाद्र २४ गते बिहान ९:०० बजेसम्म वीरगंज

बजारको निश्चित क्षेत्र तोकि कर्फ्यू आदेश जारी गरी भीड तितरवितर साम्य गरिएको।

भोलिपल्ट भाद्र २४ गते बिहान ८:०० बजे जिल्ला प्रशासन कार्यालयको बैठक कक्षमा जिल्ला स्थित राजनीतिक दल, सुरक्षा निकायका प्रमुख सहित सर्वदलीय सर्वपक्षीय बैठक राखी आन्दोलनको अवस्था हुन सक्ने सम्भावित क्षतिको आँकलन, कर्फ्यू आदेशलाई निरन्तरता दिने नदिने र जिल्लामा शान्ति सु-व्यवस्था कायम गर्न सुरक्षा निकायले गर्नुपर्ने काम समेतका विषयमा छलफल गरी सुझाब संकलन गरिएको थियो। सर्वदलीय सर्वपक्षीय बैठक समापन भएपछि बैठकमा प्राप्त सुझाव, शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी भाद्र २४ गते दिनको ११:०० बजेदेखि पुनःकर्फ्यू आदेश जारी गरी शान्ति सुरक्षा कायम गर्न प्रयत्न गरिएको थियो। भाद्र २४ गते सुरक्षाका मुलतः दुईवटा निकाय नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल शान्ति सुरक्षा कायम गर्न फिल्डमा खटिएको थियो। यो परिस्थितिको आंकलन गरी नेपाली सेनाले समेत कर्फ्यू आदेश तोकिएको क्षेत्रमा परिचालन गर्न अनुरोध गरिएकोमा नेपाली सेनाले सेना फिल्डमा खटिदा बल प्रयोग गर्ने स्थितिमा मानवीय क्षति हुन्सक्ने आंकलन गरी आफ्नो तालुक निकायको निर्देशन पर्खिदै समन्वय गर्दै गरेको अवस्था थियो। विरगंजमा सो दिन आन्दोलनकारी र अन्य समूह एकीकृत भै नाराजुलुस गर्ने, भीडभाड हुने क्रम बढेको, मूलतःभीड घण्टाघरहरुको अगाडि जम्मा भै नाराजुलुस गरिएको अवस्था रहेको थियो।

सामाजिक सञ्जालमा दिनको करिव १-२ बजेतिर काठमाडौंमा सिंहदरबार, व्यवस्थापिका संसद रहेको अन्तराष्ट्रिय सम्मेलन केन्द्र भवन, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय लगायतका महत्वपूर्ण निकायका संरचनामा भएको क्षतिको समाचार एवं प्रमुख राजनीतिक दलका नेताहरुको निजी घर आवासमा क्षति भएको समाचार सामाजिक सञ्जालमा भिडियो समेत आएपछि जिल्लामा भीड उत्तेजित भै घण्टाघर नजिकको प्रहरी बीट, नेपाल टेलिकम कार्यालय र सवारी साधनमा तोडफोड आगजनी गर्ने गरेको र तत् पश्चात बिरगंज महानगरपालिका लगायत व्यक्तिका घरमा समेत तोडफोड, लुटपाट र आगजनी गर्ने गरेको अवस्था रह्यो। सोही दिन राति १०:०० बजेपछि नेपाली सेनाको प्रधान सेनापतिको मन्तव्य पश्चातको विज्ञप्ति र आदेश बमोजिम नेपाली सेना समेत फिल्डमा खटी तीन वटै सुरक्षा निकायको समन्वयात्मक पहलबाट राति १०:०० बजे पश्चात थप क्षति हुन पाएन।

भाद्र २३ गते बालसुधार गृहबाट केही बालबालिका गेट तोडी भागेको र कारागारको गेट समेत तोड्न खोज्दा सुरक्षाकर्मीबाट रोकिएको र २५ गते बिहान कारागारको कम्पाउण्ड वालमा प्वाल खनी कैदी माग्न खोज्दा माइकिङ्ग गरी सम्झाई बुझाई गरिएको र तत् पश्चात अश्रुग्याँस, हवाइ

फायर गरी कैदीवन्दीलाई भाग्नबाट रोकिएको थियो। तत्पश्चात् जिल्लामा लुटपाट, तोडफोड र आगजनीका घटना घटेको र शान्ति सुरक्षाको अवस्था संयमित बन्दै गएको थियो। भाद्र २३ गतेदेखि भाद्र मसान्तसम्मको अवधिमा कर्फ्यू, निषेधाज्ञा, दंगाग्रस्त क्षेत्र घोषणा गरी तीनवटै सुरक्षा निकायको समन्वयात्मक रुपमा परिचालन गरी गस्ती तथा पेट्रोलिङ्ग गरी स्थितिलाई नियन्त्रणमा लिई सामान्यीकरण गरिएको थियो।

आन्दोलनकारीबाट आक्रमण गरी वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहेका प्रायः सबैजसो कार्यालय भवन र सवारी साधनहरु, प्रदीप यादव, पूर्व मन्त्री एवं पूर्व प्रतिनिधि सभा सदस्य, अजय चौरसिया, पूर्व मन्त्री एंव प्रतिनिधि सभा सदस्य राजकुमार गुप्ता, पूर्व मन्त्री एवं प्रतिनिधि सभा सदस्य लाल बाबु राउत, पूर्व मन्त्री, मधेश प्रदेशको घरसँगै रहेको २ बटा चारपांग्रे सवारी साधन समेत आगजनी भएका। अनिल रुगंटा, संविधानसभा सदस्य, निजको घर कम्पाउण्डमा रहेका ४ घर मध्ये ३ घर पूर्ण रुपले क्षति भएको र सवारी साधनमा समेत आगजनी र तोडफोड भएको। यसै घटनामा आगजनीका क्रममा घर भित्र परी एक जना कामदार शिलादेवी दुसारिन जलि घाइते भएको र उपचारका क्रममा काठमाडौंमा निधन भएको। राजेशमान सिंह, नगर प्रमुख वीरगञ्ज महानगरपालिका, निजको दुईवटा घरमध्ये एउटा घर पूर्णरुपले क्षति भएको अर्कै घरमा भूइतला र पहिलो तलामा आगजनी र माथिल्लो तलामा तोडफोड भएको।

त्यसैगरी नेपाल टेलिकम, घण्टाघर कार्यालयमा आगजनी गर्दा भुँइतला पूर्ण रुपमा क्षति माथिल्लो तलामा व्याट्रीमा आगजनी र तोडफोड, कार्यालय भित्र र परिसरमा रहेकै सवारी साधन र चार पांग्रे गाडी, अटोरिक्सा, मोटरसाइकल समेत ६ वटा साधन जली पूर्ण नष्ट भएको, आन्तरिक राजश्व कार्यालयः मोटरसाइकलमा आगजनी, भूइतल्लाका अभिलेख लगायतका कागजात जली नष्ट भएको, माथिल्लो तलामा तोडफोड, लुटपाट, उच्च अदालत, जनकपुर वीरगंज इजलाशः अदालतको गेटमा तोडफोड गर्दै तीनवटा मोटरसाइकलमा तोडफोड र आगजनी, यातायात व्यवस्था कार्यालय, वीरगंज तोडफोड र आगजनी, वीरगंज महानगरपालिकाका वडा नं. ९, १०, ११, १४, २१. २६ र ३१ का वड कार्यालयहरुमा, जिल्ला प्रहरी कार्यालय अन्तर्गतका इलाका प्रहरी, प्रहरी चौकी र प्रहरीबिट समेतका भवनमा, कारागार कार्यालय, पर्सा कारागारको गेट तोडफोड गरिएको, बाल सुधार गृहमा तोडफोड गरी बालवन्दीहरु सुधार गृहबाट भागेको।

आन्दोलनका कारणहरु विचार गर्दा भाद्र २३ गते काठमाडौंमा आन्दोलनकारी जियनजेड युवा

पुस्ताका बालबालिकाहरुको मृत्यु भएको, घाइते भएको घटना सामाजिक सञ्जाल एवं समाचारमा व्यापक भएपछि बेलुकीपख आन्दोलनकारीहरु संगठित भै आन्दोलनमा होमिएको, भदौ २४ गते काठमाडौँमा सिंहदरबार व्यवस्थापिका संसद रहेको अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, सर्वोच्च अदालत, विशेष अदालत, राष्ट्रपति निवास लगायतका सरकारी भवन एवं राष्ट्रपति रामचन्द्र पौडेल, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड" को निजी निवास आन्दोलनकारीहरुले जलाएको समाचार व्याप्त भएको एवं सामाजिक सञ्जालमा Live प्रसारण भएपछि सोको प्रभाव परी भीड उत्तेजित भै आगजनीमा उत्रेको साथै शासन व्यवस्था एवं शासित व्यवस्था सञ्चालन गर्ने उच्च नेतृत्वप्रति सर्वसाधारणको नकारात्मक सोच।

आन्दोलन जियनजेड युवा पुस्ताहरुद्वारा गरिएको भनीएता पनि भाद्र २४ गतेको सरकारी भवन एवम् व्यक्तिको निजी घरमा सवारी साधनमा आगजनी, तोडफोड, लुटपाट गर्नमा घूसपैठ भै अन्य उमेर समूहका व्यक्ति, समाजका उदण्ड र नकारात्मक सोच भएका व्यक्ति एवं सवारी चालक, सहचालक, कलकाराखानाहरुमा कार्यरत मजदुर र कामदारहरु रहेको अनुमान गरिएको छ।

**सुरक्षा निकायहरुको परिचालन र समन्वयः**

भाद्र २३ र २४ गते र त्यसपछिका घटनाहरु नियन्त्रण लिन जिल्लामा जिल्लास्थित सुरक्षा निकायहरु नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयबीच राम्रो एवं सुमधुर सम्बन्ध रहेको थियो। भाद्र २४ गते अप्रिय घटना घट्न सक्ने पूर्वानुमान गरी कर्फ्यू आदेश जारी गरिएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट मात्र शान्ति सुरक्षा कायम गर्न असम्भव प्राय भएकोले नेपाली सेना परिचालन गर्न लिखित एवं मौखिक अनुरोध गरिएकोमा नेपाली सेनाको केन्द्रीय कमाण्डको आदेशानुसार भाद्र २४ गते राति १०:०० बजेपछि मात्र नेपाली सेना परिचालन भएको, सो दिनको ११:०० वजेदेखि कर्फ्यूको आदेशसँगै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालको फौज संयुक्त रुपमा परिचालन गर्न सकिएको भए सो दिनको घटना घट्न नदिनेगरी नियन्त्रण गर्न सकिने अनुमान गरिएको छ।

पर्सा जिल्लामा भाद्र २४ गते राति १०:०० बजे नेपाली सेना परिचालन भएपछि जिल्ला सदरमुकामबाट टाढा रहेको केही स्थानीय तह र बडा कार्यालयमा भएको तोडफोड एवं आगजनी वाहेक खासै उल्लेख्य घटना भएका छैनन्। म हाल सम्बन्धित कार्यालयमा नरहेको र सुरक्षा सम्बद्ध पदाधिकारी र कार्यालयका कर्मचारीहरुबीच छलफल गर्न नपाएको एबम् अभिलेख हेर्न नपाएको

कारण नितान्त स्मरणका आधारमा तयार गरी पेश गरेको व्यहोरा समेत सम्मानित आयोग समक्ष निवेदन गर्दछु भन्ने व्यहोराको पर्सा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.२.२. जिल्ला प्रशासन कार्यालय धनुषा :</u>**

स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जिल्लामा जिल्ला सुरक्षा समिति रहने र उक्त समितिको अध्यक्ष प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ। उक्त समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धानको जिल्लास्थित कार्यालयका प्रमुखहरु सदस्य र सहायक प्रमुख जिल्ला अधिकारी सदस्य-सचिव रहने व्यवस्था छ। उक्त समितिले जिल्लाको समग्र शान्ति सुरक्षाको विश्लेषण गर्ने, सूचना संकलन गर्ने, आवश्यकता अनुरुप सुरक्षा योजना बनाई सोही अनुरूप परिचालनका लागि निर्णयहरु लिने गर्दछ। सोही बमोजिम गरिएको।

२०८२ भाद्र २३ र २४ गते भएको घटनामा सुरक्षा निकायहरुबीचको आपसी समन्वयका लागि प्र.जि.अ.को कार्यकक्षमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु सबै बसी अवस्थाको विश्लेषण गरिएको थियो। बल प्रयोग गरिएको थिएन। बल प्रयोग नभएको कारण धनुषा जिल्लामा कुनै पनि व्यक्ति घाइते नभएको अवस्था थियो।

विभिन्न समूहबाट व्यक्तिका निजी सम्पत्ति माथि आक्रमण भएको, घरहरु जलाइएको थियो। उक्त विषयका सम्पूर्ण विवरणका मुचुल्काहरु जिल्ला प्रहरी कार्यालय र कार्यालय मातहतका निकायहरुबाट गरिएको हुँदा तहाँ सुरक्षित नै छ। सचिवालयलाई चाहिएको अवस्थामा जिल्ला प्रहरी कार्यालय, धनुषाबाट प्राप्त गर्न सकिने छ।

**सुरक्षा निकायहरुको परिचालन र समन्वय**

जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा सदस्यहरुबीचको आपसी सम्बन्ध समन्वयकारी र एक आपसमा अत्यन्त सुदृढ अनि सहयोगी थियो। फलस्वरुप निजी र सार्वजनिक सम्पत्तिमा क्षति पुगेतापनि कुनै किसिमको मानवीय क्षति हुन पाएन भन्ने व्यहोराको धनुषा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.२.३. जिल्ला प्रशासन कार्यालय रौतहट :</u>**

जिल्लास्तरीय नभई देशभरको प्रदर्शन र २३ गते काठमाडौंमा भएको आन्दोलनका कारण मृत्यु तथा घाइते भएको घटनाबाट आक्रोशित भएको, सुशासन प्रतिको नैराश्यता कारण प्रदर्शन भएको देखिन्छ।

सदरमुकामबाट अधिक दूरीमा रहेको पालिकाहरु चन्द्रपुर, फतुवा विजयपुर, कटहरिया, गरुडा न.पा. भवन आन्दोलनकारीद्वारा आगजनी गरी क्षति पुऱ्याएको। त्यसैगरी मौलापुर, बोधीमाई, गौर, परोहा न.पा. मा आगजनी गरेको र सी कारणबाट कार्यालय भवनमा आशिंक क्षति भएको तथा मौलापुर, बन्द्रपुर, गरुडा न.पा. को केही सवारी साधन समेत जलाएको। सरकारी कार्यालयहरुमा चन्द्रपुरमा इलाका प्रहरी कार्यालय भवन, सडक डिभिजन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला वन डिभिजन कार्यालय, प्रदेश कोलेनिकामा आगजनी गरी भवन र सवारी साधन क्षति भएको। वृन्दावन, गढीमाई, माधवनारायण न.पा. को केही वडा कार्यालयहरुमा सामान्य क्षति भएको। व्यक्तिगत भवनतर्फ स.प्र.जि.अ. किरणनिधी तिवारी र पूर्व प्र.म माधव कुमार नेपालको घरमा क्षति, गरुड़ाको मेयर कन्थमनीको घरबाट सरसमान लुटी लगेको। २३ गते जिल्ला प्रशासन कार्यालय गौर, जिल्ला अदालत लगायतका कार्यालयमा आन्दोलनकारी सैयौंको संख्यामा आई आगजनी र तोडफोडको प्रयास गरेको भएतापनि स.प्र.बल, नेपाल नं. ११ गण हे. क्वा र नेपाल प्रहरीको टोली परिचालन गरी क्षति हुन नदिएको सामान्य रुपमा भवन र सवारी साधनको सिसा फुट्न गएको।

२४ गते राति सेना परिचालन भए पश्चात यस जिल्लामा कुनै विशेष क्षति नभएको।

## सुरक्षा निकायहरुको परिचालन र समन्वय

सुरक्षा निकायको परिचालन उत्कृष्ट रहेको, सार्वजनिक सुरक्षा अमनचयन कायम राख्न समन्वयात्मक तवरले व्यापकरुपमा सुरक्षाकर्मी परिचालन गरिएको (सशस्त्र प्रहरी बल नेपाल/जिल्ला प्रहरी)। सदरमुकाम गौरमा छिटपुट बाहेक ठूलो क्षति नभएको। सदरमुकामबाट टाढा रहेको न.पा.मा सुरक्षा फौजको प्रयासका बाबजुद प्रदर्शनकारीहरुबाट क्षति पुऱ्याइएको।

२४ गते दिनभर जिल्ला प्रशासन कार्यालयको भवनमा सुरक्षाको कमाण्ड पोष्ट खडा गरी समन्वय गरी शान्ति सुरक्षाको प्रवन्ध मिलाइएको। कार्यालयमानै प्र.जि.अ.बसी कमाण्ड पोष्ट खडा गरी सशस्त्र प्रहरी बल र नेपाल प्रहरी परिचालन गरिएको। दिउँसो १:३० बजेबाट ४:४५ बजे सम्म प्रदर्शनकारीले पटक-पटक जिल्ला प्रशासन कार्यालय परिसर भित्र पसी तोडफोड गर्ने प्रयास गरेता

पनि न्यूनतम बल प्रयोग मार्फत सदरमुकाममा कुनै क्षति नभएको। २४ गते राति करीब १०:३० बजे केही कैदीवन्दी जिल्ला कारागार कार्यालयबाट भागेको र तत्काल सुरक्षा फौजले नियन्त्रणमा लिएको। यद्यपी करीव १:३१मा (२९१ मध्ये) कैदी फरार रहेको भन्ने व्यहोराको रौतहट जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.३. बागमती प्रदेश

### <u>६.३.१. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक :</u>

मिति २०८२/०५/२३ गते काठमाडौंमा शुरु भएको घटना भन्दा अघि जिल्लाको स्थिति सामान्य रहेको थियो। उक्त समयमा गत वर्षको वर्षातबाट वि.पी. राजमार्गमा भएको क्षतिका कारण यात्रुहरुको आवागमन कसरी सुरक्षित बनाउने र वडा दशैं, तिहार जस्ता चाडपर्व नजिक आइरहेको सन्दर्भमा राजमार्गको स्तरोन्नती, ट्राफिक व्यवस्थापन, पहिरो र बाढीबाट कसरी सुरक्षित बनउने भन्नेमा जिल्ला सुरक्षा समिति केन्द्रीत रहेको थियो। उक्त दिन दिउँसो १:०० बजेदेखि काठमाडौंमा अप्रिय घटना हुन पुग्यो र कर्फ्यू लाग्यो भन्ने सूचना प्राप्त भएपछि तत्काल अन्य कार्यक्रम छोडेर जिल्ला सुरक्षा समितिको बैठक बोलाइयो। उक्त बैठकमा जिल्लाको सुरक्षा स्थिति र काठमाडौंमा घटेको घटनाबाट पर्न सक्ने प्रभावको विश्लेषण भयो। सोही दिन बेलुका जियनजेड युवाहरुको तर्फबाट बनेपा बजारमा शान्तिपूर्ण रुपमा कार्यक्रम गर्ने भनी श्री आयुष तिवारी मोवाइल नं. ९८६०४२८६१४ बाट मौखिक स्वीकृति मागिएको विषयमा समेत छलफल भयो। उक्त बैठकको निर्णय नं.१. मा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलबाट सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्था मिलाउने निर्णय भै सुरक्षाकर्मीहरु बनेपा बजार र जिल्लाको संवेदनशील स्थानहरुमा परिचालन गरियो। जियनजेड युवाहरुको भीडमा बाहिरिया व्यक्तिहरुको घूसपैठ रोक्न विशेष सतर्कता अपनाइयो। बेलुका करिब ५० जना जियनजेड युवाहरुको प्लेकार्ड सहित शान्तिपूर्ण कार्यक्रम शुरु भयो। उक्त भीडमा २-३ सयको संख्यामा अन्य व्यक्तिहरु मिसिन खोजे पछि दुवै समूहलाई अलग अलग सुरक्षा घेरामा राखी कार्यक्रम सञ्चालन गर्न लगाइयो। घूसपैठ गर्न खोजेको समूहले आक्रामक र भड्काउ भाषण गरेको कारण सुरक्षाकर्मी संख्या थप गरी मजबुद सुरक्षा घेरा भित्र राखी कार्यक्रम शान्तिपूर्ण रुपमा करिब बेलुका ८:३० तिर सम्पन्न भएको थियो।

मिति २०८२/०५/२४ गते जिल्ला सुरक्षा समितिको कमाण्ड पोष्ट बिहानदेखि नै शुरु भयो।

बैठकले सुरक्षाकर्मीहरु उच्च सतर्कताका साथ परिचालन गर्ने र नेपाली सेना धुलिखेलको श्रीमेहर गणलाई तयारी अवस्थामा रहन अनुरोध र निर्देशन गरियो। साथै अत्यावश्यक सेवाहरु तयारी अवस्थामा रहन सम्वन्धित निकायहरुलाई अनुरोध गरियो। बिहान करिव ९:३० बजेतिर काठमाडौंको घटनाको प्रभाव स्वरुप बनेपा र पनौती बजारमा विरोध र प्रदर्शनका कार्यकम हुने जानकारी आउन थालेको र कार्यक्रममा अप्रिय घटना घटाउने कोसिस भइरहेको छ भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला सुरक्षा समितिको बैठक तत्काल राखी सूचनाहरु विश्लेषण एवम् छलफल गरियो।

उक्त बैठकमा छलफलको क्रममा मानिसहरु विस्तारै असंगठित रुपमा बजारमा जम्मा हुन थालेको र विरोध प्रदर्शन र जुलुस निकाल्ने भन्ने सूचना विभिन्न स्रोतबाट प्राप्त भएकोले काठमाडौं उपत्यकामा समेत कर्फ्यू लागेको सन्दर्भलाई विचार गरी दिउँसो १२:१५ बजेदेखि लागु हुने गरी बनेपा, पनौती, धुलिखेल, पाँचखाल क्षेत्रमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कर्फ्यू आदेश जारी गर्ने निर्णय भएको र नेपाली सेनाको धुलिखेलमा रहेको श्रीमेहर गणलाई परिचालनको लागि अनुरोध गर्ने निर्णय भै तत्काल पत्राचार र अनुरोध गरी नेपाली सेना परिचालन भएको। कर्फ्यूको सूचना जारी गर्दै समयमै सञ्चार माध्यमहरु, सामाजिक सञ्जालहरुमा प्रचार प्रसार गरिएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको साथै नेपाली सेनाको परिचालित टोलीले माइकिङ्ग गर्दै सम्झाउँने कामहरु भएको थियो। कर्फ्यू तोडेर ध्वंसात्मक रुपमा अगाडि बढेको उक्त करिव ८-१० हजारको भीडलाई सीमित सुरक्षाकर्मी र उपकरणका बाबजुत संयमताका साथ न्यूनतम बल प्रयोग गर्दै रोक्न अधिकतम प्रयास सुरक्षाकर्मीहरुबाट भएको थियो। काठमाडौंको प्रभावबाट झन भीड उत्तेजित, आक्रमक हुन पुगेको अवस्था रहेको थियो। सरकारी संरचना, सम्पत्ति एवम् व्यक्तिगत सम्पत्ति क्षति हुन्बाट जोगाउन सुरक्षाकर्मीबाट स्थानीय प्रशासन ऐन, २०२८ एवम् प्रहरी ऐन र गृह मन्त्रालयको निर्देशन बमोजिम अश्रुग्याँस, लाठीचार्ज, हवाईफायर जस्ता न्यूनत बल प्रयोग गरी रोक्ने प्रयास गरियो।

करिब १:०० बजेतिर बनेपा बजार र पनौती बजारमा विरोध प्रदर्शन, जुलश र सभाहरु हुन थाल्यो। सुरक्षाकर्मीको संख्याले नियन्त्रण गर्ने भन्दा पनि ठूलो संख्यामा भीडहरु जम्मा भै हिसांत्मक गतिविधि हुन थाल्यो। सुरक्षा प्रमुखहरुलाई जिल्ला सुरक्षा समितिको बैठक र कमाण्ड पोष्टमा राखी Line of action को रुपमा स्थानीय प्रशासन ऐनको परिधिभित्र रही न्यूनतम बल प्रयोग गरी शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम गर्न र आफू अन्तर्गतका सुरक्षाकर्मी परिचालन गर्न निर्देशन दिइएको थियो। त्यसरी निर्देशन दिँदा अघिल्लो दिनको काठमाडौंको अप्रिय घटना र विगतका आन्दोलनहरु र

न्यूनतम बल प्रयोगको विषयमा विस्तृत छलफल गर्दै मानव अधिकार एवम् जिल्लाको स्थिति समेत विचार गर्न निर्देशन गरिएको थियो। साथै सुरक्षा निकायहरुवीच समन्वयका साथ प्रस्तुत हुन निर्देशन गरिएको थियो।

बनेपा र पनौती बजारमा भीड अनियन्त्रित रुपमा ध्वंसात्मक प्रवृतिले हिंडी रहेको जानकारी आइरहेकोले सुरक्षा कमाण्ड पोष्ट निरन्तर राखी बेला बेलामा आवश्यक निर्देशन गरिएको थियो। साथै मोवाइलमा प्राप्त सूचना र गुनासो आउन साथ सुरक्षा प्रमुखहरुलाई जानकारी गराउँदै शान्ति सुरक्षा कायम गर्न निरन्तर निर्देशन गरिएको थियो। उक्त अराजक भीडले बनेपा नगरपालिकाको कार्यालय, इलाका प्रहरी कार्यालय बनेपा, नेपाली काग्रेसको पार्टी कार्यालय, नेकपा एमालेको पार्टी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बनेपा बजारमा रहेका प्रहरी पोष्टहरु आगजनी र तोडफोड गरेको, बनेपाका मेयर र उपमेयरको घरमा आगजनी र तोडफोड गरेको। त्यस्तै पनौती नगरपालिका कार्यालय तथा नगरपालिकाका वडा कार्यालय, प्रहरी चौकी, पाँचखाल प्रहरी चौकी, प्रहरी चौकी हिंगुवा पाटी समेत आगजनी र तोडफोड गरेको। धुलिखेल नगरपालिकाका मेयर, पनौती नगरपालिकाका मेयर, उपमेयर, पूर्व मेयर र त्यस्तै संविधान सभा सदस्य शिव हुमागाई र समाजसेवी रामेश्वर थापाको घरमा तोडफोड, आगजनी सवारी साधन तोडफोड गरेको। क्षति सम्बन्धी यकीन विवरण जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, काभ्रेबाट प्राप्त हुनेनैछ।

भाद्र २५ गते धुलिखेल कारागारमा रहेका सागर मैनाली भन्ने राम कृष्ण मैनालीको नेतृत्वमा हुन खोजेको आगजनी र तोडफोड गरी कारागारबाट कैदीवन्दी भगाउने प्रयासलाई तत्कालै थप सुरक्षाकर्मी परिचालन गरी सामान्य बल प्रयोग गरी सुरक्षित पारिएको। सामान्य आगजनी र क्षति भए पनि कारागार र कैदीवन्दीहरु सुरक्षित पारिएको साथै त्यसरी कारागार तोडफोड र आगजनी गरी भाग्ने भगाउने प्रयास गर्ने ४ जनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा तत्काल सारी केन्द्रीय कारागार काठमाडौंमा स्थानान्तरण गरिएको थियो।

धुलिखेल बजार र सदरमुकाम आक्रमण गर्न आएको भीडलाई धुलिखेलको बाघचोकमा ब्लकेज गरी सुरक्षाकर्मीको रणनीतिक परिचालन र न्यूनतम बल प्रयोग गरी सदरमुकाममा रहेका सरकारी कार्यालय र संरचनाहरुलाई सुरक्षित पार्न सफल भएको थियो। त्यसको लागि सुरक्षाकर्मीको संयम, धैर्यता र साहस उदाहरणीय थियो। करिव ५ घण्टाको झडप पछि स्थिति नियन्त्रणमा आई राति १० बजे पछि नेपाली सेनाले सुरक्षास्थिति नियन्त्रणमा लिइएको थियो। कर्फ्यूको समय बढाउँदै लगि भाद्र

२८ गते रातिबाट कर्फ्यू हटाइएको थियो।

समग्रमा काभ्रे जिल्लामा उक्त आन्दोलनको क्रममा कोही व्यक्ति सामान्य घाइतेसम्म नभएको र कोही कसैको मृत्यु नभएको स्थिति रहेको थियो। साथै, सुरक्षा निकायहरुका हातहतियारहरु लुटिन नपाएको र इलाका प्रहरी कार्यालय, बनेपाबाट केही गोलीहरु हराएको भनी जानकारी आएको।

**सुरक्षा निकायको परिचालन र समन्ययः**

सुरक्षा निकायहरुबीच समन्वय र परिचालन राम्रो रहेको कारण बनेपा र पनौतीमा केही क्षति भएपनि सदरमुकामस्थित धुलिखेलका सम्पूर्ण कार्यालयहरु, कारागार, अदालत लगायत सम्पूर्ण संरचनाहरु सुरक्षित रहेको र कुनै मानवीय क्षति नभएको। बनेपा र पनौतीमा क्षति रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्त अनुरुप स्थानीय प्रशासन ऐन, २०२८ र प्रहरी ऐन बमोजिम अश्रुग्याँस, लाठी चार्ज एवम् हवाई फायर लगायतका बल प्रयोग गरी नियन्त्रणका प्रर्याप्त प्रयासहरु भएको थियो। समग्रमा स्थानीय प्रशासन ऐन, २०२८ को दायरामा रही उच्चतम रुपमा सुरक्षा निकायहरु परिचालन र निर्देशन गरिएको एवम् न्यूनतम बल प्रयोगको सिद्धान्त अवलम्बन गरिएको तथा काठमाडौं उपत्यकाको देखासिखि र सुरक्षाकर्मीको मनोवल घट्दा केही सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति क्षति रोक्न नसकिए पनि मानवीय क्षति नपुगोस् भन्ने उद्देश्यले काम गर्दा र सही सुरक्षा रणनीति अपनाउँदा धुलिखेल सदरमुकामस्थित सबै सरकारी एवम् गैरसरकारी कार्यालयहरु एवम् अन्य संस्थाहरु सुरक्षित रहेको भन्ने व्यहोराको काभ्रेपलाञ्चोक जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.३.२. जिल्ला प्रशासन कार्यालय चितवन :</u>**

भ्रष्टाचारको अन्त्य, सुशासन कायम, नेपालमा दर्ता नभएका र हुन नमानेका सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध हटाउनु पर्ने, सरकारी कार्यालयहरुबाट सेवा प्रवाहमा हुने ढिलासुस्तीको अन्त्य लगायतका माग राखी जियनजेड पुस्ताहरु भर्चुअल माध्यमबाट सरकारविरुद्ध संगठित भई सेप्टेम्बर ०८ मा सडकमा आउने र सरकारबिरुद्ध बलियो उपस्थिति देखाउने गरी तयारी गरेका थिए। सेप्टेम्बर ०८ को बिद्रोहलाई सफल बनाउन विभिन्न अनलाइन मिडिया, छापा मिडिया, सामाजिक सञ्जाल (Tik Tok, DISCORD, Reddit) लगायतबाट व्यापक प्रचार-प्रसार गरिएको थियो। सेप्टेम्बर ०८(भदौ २३ गते) बिहान १०:०० बजेदेखि ११:३० बजेसम्मको बिद्रोहलाई शान्तिपूर्ण बनाउनका लागि अन्यत्र जिल्ला जस्तै यस जिल्लामा पनि मिति २०८२। ०५। २२ गते (Sept 07) का दिन

जियनजेड पुस्ताका अगुवाहरु आभाष सापकोटा, रबिन केसी, सन्दिप न्यौपाने, मिलन कँडेल, अमित गिरी लगायतले हस्ताक्षर गरेको पत्र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयमा बुझाएका थिए।

तोकिएको समयमै भ्रष्टाचार बिरुद्धको युवा प्रतिकार कार्यक्रम गर्नका लागि मिति २०८२। ०५। २३ गते (Sept. 08) ०९:५५ बजे आभाष सापकोटा, रविन केसी, सन्दीप न्यौपाने, मिलन कँडेल, अमित गिरी, सागर कार्की लगायतको नेतृत्वमा जिल्ला प्रशासन कार्यालयको गेट अगाडि सुरुमा करिब २०० को संख्यामा युवाहरु जम्मा भएका थिए। उक्त समूहले ११:४० बजे जिल्ला प्रशासन कार्यालय चितवनमा प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापन पत्र बुझाई भ्रष्टाचार बिरुद्धका नाराबाजी सहित रैली निकालेर भरतपुर महानगरपालिका १० चौबिस कोटीचोक, भरतपुर महानगरपालिका गेट हुदै पुल्चोकसम्म पुगी पुनः अन्दाजी १४:२० बजेतिर भरतपुर महानगरपालिका गेट अगाडि पुगेर नाराबाजी सहित महानगरपालिकाको गेटतिर ढुङ्गामुढासम्म गरेका थिए। भरतपुर महानगरपालिका अगाडि उग्र बनिरहेका आन्दोलनकारीहरुलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस, लाठी चार्ज तथा हवाई फायर समेत गर्नु परेको थियो। सो क्रममा १८ जना आन्दोलनकारीहरु र १४ जना प्रहरी कर्मचारीहरु घाइते भएका थिए।

उक्त दिन जियनजेड पुस्ताको यस जिल्लामा भएको भ्रष्टाचार बिरुद्वको युवा प्रतिकार कार्यक्रममा दुवै पक्ष (आन्दोलनकारी र प्रहरी)का व्यक्तिहरु घाइते भएपनि हताहतको अवस्था भने नरहेको। जिल्लामा केही छिटफुट घटना भएपनि देशका विभिन्न स्थानमा (विशेषगरी काठमाडौंमा भएको) १९ जनाको मृत्यु भएपछि जियनजेड पुस्ता लगायत अन्य मानिसहरु समेत सरकारप्रति रुष्ट भई तत्कालीन सरकार तथा बिगत लामो समय देखी सरकारमा रहेका शिर्ष नेतृत्वप्रति आक्रामक बनेका। सम्भावित क्षति न्यूनिकरणका लागि भाद्र २४ गते बिहान ७:०० बजे जिल्लास्थित PABSON, HISSAN, भरतपुर महानगर शिक्षा शाखा प्रमुख, बजार क्षेत्रका मुख्य विद्यालयका प्रतिनिधिहरुको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा बैठक बसी आफ्ना विद्यार्थीहरुको सुरक्षामा ध्यान दिन भनीएको, सोही दिनको बिहान ८:०० बजे जिल्लास्थित सक्रिय राजनीतिक दल र तिनका प्रतिनिधिहरुको उपस्थितिमा बैठक बसी राजधानीमा घटेको घटनाको कारण जिल्लामा शान्ति सुरक्षाको स्थिति बिग्रिन नदिन संयमित रहन, परिस्थितिलाई सामान्यीकरण गर्न र शान्ति सु-व्यवस्था कायम राख आग्रह गरिएको। साथै क्षतिलाई न्यूनीकरण गर्नका लागि जिल्ला सुरक्षा समिति चितवनले भदौ २४ गते १२:०० बजेदेखि कर्फ्यू समेत लगाएको। प्रशासनको सक्रियतामा स्थिति शान्त राख्न प्रयास जारी रहेको भएपनि भदौ २३ गते भएको दमनबाट धेरै आन्दोलनकारीको मृत्यु

पश्चात उग्र बनेका जियनजेड समूह एवं अन्य व्यक्तिहरु दोश्रो दिन २०८२ भदौ २४ गते हजारौंको संख्यामा जम्मा भएर सरकार तथा नेताहरु बिरुद्ध चर्को नाराबाजी गर्दै सरकारी तथा नेताहरुका निजी घरहरुमा तोडफोड आगजनीमा उत्रिएका। सो क्रममा यस जिल्लामा रहेका सरकारी कार्यालय, माडी नगरपालिका बाहेकका स्थानीय तहका कार्यालय तथा वडा कार्यालय, मुख्य राजनीतिक दलका कार्यालय, केही मिडिया हाउस तथा पत्रकारको घर जिल्लामा राजनीतिमा सक्रिय रहेका संघ/प्रदेश/स्थानीय राजनीति दलका नेताहरुका घर तथा सवारी साधनहरुमा तोडफोड तथा आगजनी गरेको। २०८२। ०५। २३ गते जियनजेड समूहका प्रतिनिधिहरूलाई प्रदर्शन शान्तिपूर्ण बनाउन र प्रदर्शनका क्रममा घूसपैठ हुन नदिन सचेत गराएको।

२०८२। ०५। २३ गते ११:३० बजे जियनजेड समूहको मागपत्र बुझेको र जियनजेड समूहलाई धन्यवाद दिएर बिदाई गरेको। २०८२। ०५। २३ गते साँझ प्रदर्शनमा घाइते भएकाहरूलाई अस्पतालमा गएर जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुले भेट गरेको। अस्पताल प्रशासनलाई उपचारमा कमी हुन नदिन निर्देशन गरिएको। साँझ १९:०० बजेको समयमा दिनभरको घटनाको समिक्षा गरी जिल्लामा रहेको PABSON, HISSAN का प्रतिनिधि साथै राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिलाई २४ गते बिहान छलफलको लागि बोलाउने निर्णय गरेको।

यस जिल्लामा भाद्र २३ गतेको प्रदर्शनका क्रममा भरतपुर महानगरपालिकाको भवनमा सामान्य ढुङ्गा प्रहार भएको भएतापनि सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा कुनै तोडफोड आगजनी इत्यादि भएको थिएन। २४ गतेका दिन उत्तेजित भीडबाट ५३ वटा सरकारी कार्यालय ७४ वटा पालिका र वडा कार्यालय भवन ६ वटा राजनीतिक दलका कार्यालय ५१ वटा निजी भवनमा तोडफोड आगजनी ८६ वटा चार पाङ्ग्रे सवारी साधन १०६ वटा दुई पाङ्ग्रे सवारी साधन १ वटा सञ्चार गृहमा तोडफोड, भाटभटेनी सुपरमार्केटको भवन पूर्ण रुपमा नष्ट हुने गरी तोडफोड भएको, समग्रमा जिल्लामा गठित क्षति मूल्यांकन समितिले पेश गरेको प्रतिवेदन करिब १, ६१८, ४२१, ८४०। ५० (अक्षरुपी एक अरब एकसट्ठी करोड चौरासी लाख एक्काइस हजार आठ सय चालिस पैसा पचास मात्र) बराबरको क्षति पुगेको अवस्था छ। क्षतिको यो अंकमा भाटभटेनी स्टोरको मूल्य समावेश गरिएको छैन। प्रदर्शनकारीहरुले जिल्लाका विभिन्न स्थानहरुमा एकै पटक तोडफोड एवं आगजनी सुरु गरेका। सो क्रममा एकजना भारतीय मूलका व्यक्तिसहित जम्मा २ जना प्रदर्शनकारीहरुको आगजनी भइरहेको भवनभित्र सामान लिन जाँदा जलेर मृत्यु हुन पुगेको।

घटनाको कारणतर्फ विचार गर्दा मुख्य रुपमा देशव्यापी रुपमा जियनजेड समूहले गरेको प्रदर्शनको क्रममा काठमाडौंमा भएको घटना (२३ गतेको) पश्चात् प्रदर्शनकारीहरु थप उत्तेजित बनी तोडफोडमा उत्रिएको देखिन्छ। भाद्र २४ गतेको प्रदर्शन जियनजेड समूहको भनीएतापनि सो दिन सबै खालको व्यक्ति/समूहको संलग्नता रहेको थियो। सुरूमा जियनजेड समूहका नामले गरेतापनि त्यसमा आपराधिक समूह, ज्याला मजदुरी गर्ने समूह कवाडी संकलन गर्ने समूह सर्वसाधारण सबैको सहभागिता रहेको। जिल्लामा क्रियाशील राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले नेपाली काँग्रेस नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा(विप्लव समूह), नेकपा(बहुमत)का जिल्ला/नगर तहका नेता/कार्यकर्ताको प्रत्यक्ष संलग्नता देखिएको र कतिपय कार्यालय तोडफोड र आगजनीमा सुरूमा भीडलाई नेतृत्व गर्नेमा मुख्य दलका नेता/कार्यकर्ता संलग्नता रहेको देखिन्छ। सरकारी कार्यालय लक्षित गर्नेमा रास्वपा, नेकपा विप्लवका, बढी देखिन्थे भने व्यक्ति केन्द्रीत एमाले माके, नेकपा, राप्रपा, विप्लव समूहकाले विगतदेखि आफूलाई रिस उठेका व्यक्ति लक्षित आक्रमण गरेको देखिन्छ। सुरूमा घरमा ढुंगा हान्ने, सिसा फोड्ने र बिस्तारै कार्यालय/घरभित्रै गएर तोडफोड/आगजनी गर्ने गरेको पाइयो। जिल्ला अदालत, सरकारी वकिल कार्यालयहरुमा आपराधिक व्यक्ति र तीनका आफन्तले समेत मिसिल जलाउने गरेको पाइयो भने जिल्ला प्रशासन कार्यालयजस्ता कार्यालयमा सरकारप्रतिको असन्तुष्टि र अघिल्लो दिन (भाद्र २३ गते) को घटनाको प्रतिकारात्मक बदलाजस्तो देखिन्थ्यो। जिल्लामा क्रियाशील राजनीतिक दल, तीनका भातृ संगठनले नै विशेषतः तोडफोड आगजनीमा भाग लिएको बुझिन्थ्यो।

**सुरक्षा निकायको परिचालन र समन्ययः**

जिल्ला सुरक्षा समितिको २०८२/०५/२३ र २४ गतेको बैठकबाट भएको निर्णयानुसार चारवटै सुरक्षा निकायलाई समन्वयात्मक ढंग रुपमा परिचालन गरिएको थियो। नेपाल प्रहरीको जनशक्ति आफ्नो युनिट रहेका ७३ स्थानहरुका अलावा महानगर क्षेत्र लगायत मुख्य शहर र चोकहरुमा तथा सशस्त्र प्रहरी वल, नेपालको जनशक्ति महानगर क्षेत्र, पूर्वी चितवन, दक्षिण चितवन गरी मुख्यतः ४ क्षेत्रमा विभाजन गरी तदनुरुप खटिइएको, कर्फ्यू आदेश जारी भएपश्चात नेपाली सेनालाई समेत परिचालन गरिएको थियो।

२०८२। ०५। २४ गते मध्यान्ह १२:०० बजेबाट भरतपुर महानगरको बजार क्षेत्र र सरकारी कार्यालय रहेका स्थानहरू लक्षित गरी कर्फ्यू आदेश जारी गरेको। २०८२। ०५। २५ गते साँझ

१७:०० बजेदेखि जिल्लाभर कर्फ्यू आदेश जारी गरी स्थिति सामान्यीकरण गर्ने प्रयास गरिएको। २०८२। ०५। २६ गते कर्फ्यू हटाई निषेधाज्ञा लगाइएको र जिल्लास्थित कार्यालयहरूलाई आ-आफ्नो कार्यालय परिसर सरसफाई गर्न लगाइएको।

एकैपटक धेरै स्थानबाट प्रदर्शन भएको अन्य जिल्लाबाट थप मदतको सम्भावना नरहेको, आ-आफ्नो युनिट सुरक्षामा सुरक्षाकर्मीहरु खटिइएका तथा ठूलो संख्यामा प्रदर्शनकारीहरु रहेको हुँदा अनपेक्षित क्षति हुन पुगेको अवस्था हो।

२४ गते राति नेपाली सेना परिचालन पश्चात स्थिति क्रमशः सामान्यीकरण उन्मूख रहेको भएतापनि उक्त समयमा बैङ्क/वित्तिय संस्था, सुन पसल इत्यादीको सुरक्षामा विशेष ध्यान केन्द्रीत गरिएकै समयमा कारागार कार्यालयबाट कैदी वन्दीहरुले प्रदर्शन सुरु गरेका, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, नेपालको टोलीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरेको, हवाई फायर समेत भएको भएतापनि स्थिति नियन्त्रणमा आउन नसकेको। जिल्ला सुरक्षा समिति, चितवनले मिति २०८२। ०७। ११ पारित गरेको प्रतिवेदन समेतका आधारमा २५ गते बिहान नेपाली सेनाको टोलीले उक्त कारागारमा Duty लिनु अगावै सबै कैदीवन्दीहरु कारागारबाट बाहिर निस्किसकेको अवस्था रहेको। उक्त कारागारका ७५० कैदीवन्दीहरु मध्य हालसम्म ६१४ (छ सय चौध) जनालाई फिर्ता ल्याईसकिएको छ।

राजधानीमा प्रधानमन्त्रीको राजिनामा पश्चात पनि घटना साम्य नभएपछि त्यसले ठूलो क्षति पुयाएको थियो। साँझ पर्दै गएपछि विस्तारै सर्वसाधारण घर फर्कन थाले भने आपराधिक पृष्ठभूमिका व्यक्ति/मानिसहरू अझै बाँकी रहेका कार्यालयमा तोडफोड/आगजनी गर्न र लुटपाट गर्न तल्लिन रहेका थिए। विस्तारै भीड कम हुँदै जानु सुरक्षाकर्मीहरू पनि अलि सजग हुन थालेपछि भाद्र २४ गते राति २२:०० बजेबाट स्थिति क्रमिक रूपमा सुधार हुन थाल्यो। नेपाली सेनाले जिल्ला प्रहरी कार्यालयको सुरक्षा र नेपाल प्रहरी, सशस्त्र प्रहरीले मोटरसाइकलमा हिड्नेलाई लखेट्ने र केही उग्र समूहलाई नियन्त्रणमा लिनु, सडकमा नेपाली सेनाको उपस्थिति बाक्लिँदै गएपछि स्थिति सामान्यीकरणतर्फ गएको थियो। त्यसक्रममा प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा समितिले खेलेको भूमिकाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। भन्ने व्यहोराको चितवन जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.४. गण्डकी प्रदेश

### <u>६.४.१. जिल्ला प्रशासन कार्यालय तनहुँ :</u>

२०८२ भाद्र २३ गते काठमाडौं लगायतका स्थानमा जियनजेड प्रदर्शनमा भएको घटनाक्रमहरुको कारण यस जिल्लामा पनि हुन सक्ने प्रदर्शनलाई मध्यनजर गरी मिति २०८२ भाद्र २४ गते बिहान वसेको जिल्ला सुरक्षा समिति बैठकको निर्णायानुसार जिल्ला सदरमुकाममा रहेका सरकारी निकायहरु रहेको स्थानहरुको चारकिल्ला तोकी बिहान १०:०० बजे देखि निशेधाज्ञा आदेश जारी गरिएको। सोही घटनालाई मध्यनजर गरी प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा रहेको सुरक्षा कमाण्ड पोष्टमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग लगायतका निकायका जिल्ला प्रमुख बसी आवश्यक समन्वय, नियमन र निर्देशन गरिएको।

बिहान करिव ११:०० बजेतिर जिल्ला सदरमुकाम दमौलीस्थित अनसन चौतारीमा करिव ४०-५० जनाको हाराहारीमा प्रदर्शनकारी जम्मा भई शान्तिपूर्ण नारा जुलुस सहित प्रदर्शन भएको। मध्यान्ह करिव १२:०० बजेतिर प्रदर्शनकारीको भीड बढ्न गएको र प्रदर्शनकारीहरु जिल्ला स्थित राजनैतिक दलहरु नेकपा एमाले, नेपाली कांग्रेस तथा नेकपा माओबादी केन्द्रका पार्टी कार्यालय, दिउसो करिव १:०० बजेदेखि ३:०० बजेसम्म सम्माननीय राष्ट्रपतिज्यूको व्यास-२ को निवासमा ढुङ्गा प्रहार, व्यास नगरपालिकामा तोडफोड र सवारी साधनमा आगजनी, दिउसो ३:०० बजे देखि साँझ ७:०० बजे सम्म प्रदर्शनकारीहरुबाट जिल्ला सदरमुकामस्थित सरकारी कार्यालयहरु मध्ये डिभिजन वन कार्यालय, आन्तरिक राजस्व कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, मालपोत कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, तनहुँ जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालयमा तोडफोड र आगजनी तथा सवारी साधनमा समेत तोडफोड र आगजनी भएको।

प्रदर्शनकारीद्वारा जिल्ला प्रशासन कार्यालयमा मध्यान्हतिर ढुङ्गा मुढा भएकोमा सुरक्षाकर्मीबाट सामान्य तवरबाट भीड तितरवितर गरिएकोमा पुनः साझ ५ बजेदेखि जिल्ला प्रशासन कार्यालयको परिसरमा रहेका सवारी साधनमा आगजनी, प्रशासकीय भवनमा तोडफोड र आगजनी हुँदा कार्यालयमा आगलागि भएको, प्रमुख जिल्ला अधिकारी निवास साथै कार्यालयको सुरक्षार्थ खटिएका प्रहरी निवासमा लुटपाट, आगजनी गरिएको साथै कर्मचारी निवासहरुमा समेत लुटपाट, तोडफोड र आगजनी गरिएको।

साझ ७:०० बजेतिर केही प्रदर्शनकारीहरु कारागार कार्यालय तनहुँमा गई ढुङ्गामुडा गरे पश्चात कारागार भित्रका कैदीवन्दीहरु पनि तोडफोड र आगजनीमा उत्रिई कारागार भित्र रहेका सम्पूर्ण ३२७ जना कैदीवन्दीहरु कारागार तोडफोड गरी भागेको।

प्रदर्शनकारीबाट जिल्लाको शुक्लागण्डकी नगरपालिका तथा वडा कार्यालयहरुमा समेत तोडफोड र आगजनी भएको।

२०८२ भाद्र २४ गतेको राति देखि नेपाली सेनाको परिचालन पश्चात पनि सो रात सरकारी कार्यालयहरुमा लुटपाट, कर्मचारी निवासहरुमा लुटपाट जस्ता घटना भएकोमा कार्यालय तथा निवास वरपरका सि.सी.क्यामेराहरु समेत प्रदर्शनको क्रममा तोडफोड गरी क्षति पुगेको हुँदा उक्त घटनामा संलग्न व्यक्ति तथा समूहको पहिचान गर्न कठिन भएको।

२०८२ भाद्र २५ गते व्यास नगरपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका एवं शुक्लागण्डकी नगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा आक्रमण गरी आगजनी गर्ने तयारी रहेको भनी गुनासो प्राप्त भएकाले ती स्थानहरुमा नेपाली सेना सहितको सुरक्षाकर्मीको टोलीले गस्ति गरी गराई सम्भावित जोखिम व्यवस्थापन गरिएको।

मिति २०८२। ०५। २६ गते वसेको जिल्ला सुरक्षा समितिको बैठकबाट नेपाली सेनाको बिज्ञप्ति नं. १३. मिति २०८२। ०५। २५ गतेको विज्ञप्तिमार्फत भएको निषेधाज्ञा र कर्फ्यू आदेश प्रभावकारी कार्यान्वयन गर्न जिल्लास्थित सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालित गरिएको।

मिति २०८२। ०५। २८ गते वसेको जिल्ला सुरक्षा समितिको बैठकबाट जियनजेड प्रदर्शनको क्रममा आगजनी तथा तोडफोड भएका सवारी साधन, संरचना तथा सामग्रीको क्षतिको मुल्यांकन र व्यवस्थापनका लागि अवरोध व्यवस्थापन समिति गठन गरी सार्वजनिक स्थलको सुरक्षा, यातायातको अवरोध कार्य सञ्चालन जोखिम तथा अवरोध भएमा व्यवस्थापन गरी सेवा प्रवाह सूचारु गर्ने वातावरण तयार पारिएको।

**सुरक्षा निकायको परिचालन र समन्वयः**

जिल्लास्थित सुरक्षा निकायको परिचालनको अवस्था प्रभावकारी रहेको थियो। सुरक्षा निकायहरु, सरकारी कार्यालयका प्रमुख तथा स्थानीय जनप्रतिनिधि सहितको बैठक बसी प्रदर्शनको क्रममा क्षति भएका कार्यालयहरुको सेवा प्रवाह सूचारुका लागि आवश्यक मेसिनरी औजार तथा फर्निचरको आवश्यकता तथा व्यवस्थापनका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरी तत्काल सेवा सुचारु गर्ने वातावरण बनाई सेवा सुचारु गरिएको।

लुटपाटको क्रममा जिल्ला प्रशासन कार्यालयबाट व्यक्तिको निजी घरमा पुऱ्याएको केही थान राहदानी तथा राष्ट्रिय परिचयपत्र सुरक्षित रुपमा नियन्त्रणमा लिइएको भन्ने व्यहोराको तनहुँ जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.४.२. जिल्ला प्रशासन कार्यालय कास्की :</u>**

मिति २०८२। ०५। २२ गते भाद्र २३ गते देखि हुने जैनजी युवा पुस्ताले गर्ने विरोध प्रदर्शनका अनुमति माग पक्षात सोही दिन विरोध कार्यक्रमको सुरक्षा व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय, कास्की र सशस्त्र प्रहरी बल नेपाल नं २४ गण.हे.क्वा. कालिका कास्कीलाई लेखी पठाइएको।

मिति २०८२/०५/२३ देखि घोषित जियनजेडको विरोध प्रदर्शनको सुरक्षा व्यवस्थापनका लागि मिति २०८२/०५/२२ गते जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय गरी जिल्लास्थित सुरक्षा निकायहरुले सुरक्षा योजना र जनशक्ति परिचालन योजना तर्जुमा गरी सोही बमोजिम सुरक्षा जनशक्ति परिचालन गरिएको। २०८२/०५/२३ गते जियनजेड युवापुस्ताद्वारा जिल्लाका विभिन्न स्थानहरुमा प्रदर्शन पश्चात आन्दोलनको भीड जिल्ला प्रशासन कार्यालय, कास्की र अन्य सरकारी कार्यालय केन्द्रीत भएपश्चात जिल्ला सुरक्षा समितिको निर्णयानुसार निश्चित क्षेत्र तोकी निषेधाज्ञा जारी गरिएको। सोही दिन प्रदर्शनकारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोडफोड गरी क्षति पुऱ्याउन खोजे पश्चात सुरक्षाकर्मी र प्रदर्शनकारी बीच झडप भई सुरक्षाकर्मी र आन्दोलनकारी घाइते भएका।

मिति २०८२/०५/२४ गते बिहान १०:०० बजे देखि लागु हुने गरी २०८२/०५/२४ गते राति

१०:०० बजेसम्मका लागि कर्फ्यू आदेश जारी गरिएको। जारी गरिएको कर्फ्यू आदेशको अवज्ञा गरी प्रदर्शनकारीहरुले सरकारी तथा सार्वजनिक निकाय, निजी सम्पत्तिमा तोडफोड आगजनी लगायतका ध्वंशात्मक कार्यहरुमा संलग्न हुने सम्भावना बढ्दै गए पश्चात मिति २०८२/०५/२४ गते करिब दिनको १२:०० बजे जिल्ला सुरक्षा समितिको बैठकका निर्णयानुसार जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न जारी गरिएको कर्फ्यू आदेश कार्यान्वयनका लागि जिल्लास्थित नेपाली सेनाको कृष्णदल गण फूलबारी व्यारेकलाई पत्राचार गरी पठाइएको।

मिति २०८२। ०५। २४ गते बिहान १०:०० बजेदेखि राति १०:०० बजेसम्मका लागि लगाइएको कर्फ्यूको उल्लंघन भई विध्वंशात्मक क्रियाकलाप बढ्न थालेपछि मिति २०८२। ०५। २४ गते दिउँसो करिब १२:०० बजे जिल्ला सुरक्षा समितिक बैठकको निर्णयानुसार सबै सुरक्षा निकायहरुको समन्वयात्मक परिचालन मार्फत कर्फ्यू आदेश कार्यान्वयन गरी जिल्लामा शान्ति सुरक्षा कायम राख्न जिल्लामा तैनाथ रहेको श्री कृष्णदल गण फूलबारी व्यारेकलाई अनुरोध गरिएको।

मिति २०८२/०५/२४ गते २२:४० बजका समयमा सृजनाचोकस्थित सृजना मिनि मार्केटमा लागेको आगो तथा लुटपाट नियन्त्रण गरी नजिकै रहेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीको ब्लड बैङ्कलाई सुरक्षा दिएको।

पोखरा ट्रेड मलमा भएको तोडफोड तथा आगजनी, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल अगाडि फार्मेसी तथा URL Building मा भएको आगजनी र विजी मलमा भएको आगजनी नियन्त्रणको लागि कार्य गरिएको।

मिति २०८२/०५/२५ गते बिहान ०८:३० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.९ शान्तिवन स्थित कृषि बजारमा जियनजेड को नाम लिई सोही बजारमा कृषि उपज व्यवसाय तथा काम गर्ने केही उच्छ्रृङखल व्यक्तिहरुले विगतमा कृषि बजार व्यवस्थापन समितिको टेण्डर प्रकृयामा व्यक्तिगत रिसईवी राखी आगजनी तथा तोडफाड गर्न खोजेको भनी प्राप्त सूचना अनुसार तत्कालै नेपाली सेनाको कृष्ण दल गण फूलवारी व्यारेकबाट टोली खटिई गई अराजक गतिविधि गर्नेहरुलाई तरकारी बजारबाट हटाएकोमा कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष नवराज दुवाडीले प्रशासन शाखा, लेखा शाखा, योजना शाखा, अध्यक्षको कार्यकक्ष, विषादी अवशेष द्रूत विश्लेषण प्रयोगशाला इकाईमा तोडफोड गर्नुका साथै भाडा वापत उठेको रु. ३, ६०, ०००। -(तीन लाख साठी हजार) रुपैयाँ समेत हराएको भनी आपराधिक प्रवेश तथा आपराधिक

उपद्रव सम्बन्धी कसूरमा जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिई आवश्यक अनुसन्धान भइरहेको।

**सुरक्षा निकायको परिचालन र समन्वयः**

मिति २०८२/०५/२२ गते देखि नै तोडफोड, आगजनीको घटना पश्चात पनि जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु एकै ठाँउमा कमाण्डपोष्ट खडा गरी आवश्यकतानुसार सुरक्षा समितिको बैठक बस्ने, जिल्लामा मानवीय तथा थप क्षति नहोस्, शान्ति सुरक्षा भंग नहोस् भने अभिप्रायका साथ जिल्लामा गान्ति सुरक्षा र सद्भाव कायम गर्नेतर्फ सबै सुरक्षा निकायबाट समन्वय गरी काम कारबाही गरिएको।

सुरक्षा निकायको परिचालन र समन्वयका लागि गरिएका सुरक्षा समितिका बैठकका निर्णयहरुको छायाँप्रति, समन्वय बैठकका उपस्थिति र निर्णय र जनशक्ति परिचालनमार्फत विरोध प्रदर्शनका सुरक्षा व्यवस्थापनका लागि सुरक्षा निकायहरुबाट तयार गरिएको सुरक्षा योजना र जनशक्ति परिचालन योजना यसैसाथ संलग्न छ। भाद्र २४ गते देशव्यापी एकसाथ नेपाली सेनाको परिचालन पश्चात जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रहरी नायव उपरीक्षक हरि बहादुर बस्नेतको कमाण्डमा टोली परिचालित भई पोखरा महानगरपालिकाको दमकलको सहायताले जिल्ला प्रहरी कार्यालय, कास्की र भाटभटेनी सुपर मार्केटको कास्की पोखरास्थित भवनमा लागेको आगो नियन्त्रणमा लिइएको।

२०८२ भाद्र २४ गते बेलुका ९:४५ बजेदेखि नेपाली सेना परिचालन भएको। परिचालन पछि माइकिङ्ग मार्फत कर्फ्यू सम्बन्धी सूचना प्रचारप्रसार, पैदल गस्ती मोबाइल गस्ती पट्रोलिङ भेहिकल पट्रोल तथा चेकप्वाइन्ट मार्फत चेकजाँच गरी पोखरा महानगरपालिका क्षेत्रका विभिन्न स्थानमा लागेको आगलागि नियन्त्रण, चोरी लुटपाट नियन्त्रण, लुटपाट भएका हातहतियार सामग्री उपकरण बरामद लगायतका काम कारबाही भएका भन्ने व्यहोराको कास्की जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

**<u>६.४.३. जिल्ला प्रशासन कार्यालय पर्वत :</u>**

नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड (जियनजेड) युवा पुस्ताद्वारा मिति २०८२ भाद्र २३ र २४ गते यस जिल्लामा पनि आन्दोलन भएको थियो। आन्दोलनका क्रममा भएको घटनाको यथार्थ विवरण यसै साथ संलग्न गरिएको साथै उक्त दिन

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको संयुक्त सुरक्षा फौजद्वारा शान्ति, सुरक्षा, अमनचयन कायम गर्न समन्वयात्मक रुपमा परिचालन गरिएको व्यहोरा अनुरोध छ।

आन्दोलनबाट जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. ६ मैत्रीचोक स्थितमा रहेको ने.क.पा एमालेको जिल्ला पार्टी कार्यालय, जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. ४ विधिमार्ग स्थितमा रहेको नेपाली काङग्रेसको जिल्ला पार्टी कार्यालय, जिल्ला पर्वत कुश्मा न.पा वडा नं. ५ दर्शनटोल स्थितमा रहेको माओवादी केन्द्रको जिल्ला पार्टी कार्यालय, जिल्ला पर्वत मोदी गाउँपालिका वडा नं. २ स्थितमा गोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, जिल्ला पर्वत कुश्मा न पा वडा नं. ४ शान्तीटोल स्थित युबराज जोशीको घर, जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. ७ फुलबारी स्थित पूर्व माननीय पदम गिरीको घर तोड फोड तथा आगजनी भएको। जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. ५ लोकन्तान्त्रिक चोकस्थितमा रहेको शहीद गोबिन्दनाथ शर्मा र अमृत प्रसाद जोशीको शालिकमा समेत क्षति पुऱ्याएको।

**सुरक्षा निकायहरुको परिचालन र समन्वय**

२४ गते राति नेपाली सेना परिचालन पश्चात यस जिल्लामा व्यक्तिगत रिसिबीका कारण कुनै पनि सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथि आक्रमण नभएको र जिल्लास्थित सबै सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालित भई जिल्लाको समय सुरक्षा व्यवस्थालाई सामान्यीकरण गरिएको भन्ने व्यहोराको पर्वत जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी हरी प्रसाद घिमिरेले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.५. लुम्बिनी प्रदेश

### <u>६.५.१. जिल्ला प्रशासन कार्यालय, रुपन्देही</u>

मिति २०८२/०५/२३ गते ११:४० बजेको समयमा सिद्धार्थनगर न.पा.-३ आँखा अस्पताल चोकबाट स्वतन्त्र विद्यार्थी विवेक भण्डारीको नेतृत्वमा अ. ५०/६० वटा मो.सा. र पैदल अ. १००० जनाको सख्यामा रहेको समूह सामाजिक सञ्जाल बन्द भएको र भ्रष्टाचारको विरुद्धमा विरोध स्वरुप र्याली सुरु भएको उक्त रैलीले बजार परिक्रमा गर्ने भन्ने बुझिएको उक्त स्थानमा जि.प्र.का. रुपन्देहीबाट प्र.ना.उ. गणेश सापकोटाको कमाण्डरमा ५५ जनाको टोली खटी गएको। ऐ १३:५० बजेको समयमा बुटवलतर्फबाट आएको अर्को टोली समेत थप जम्मा भई २०००/२५०० जना

जिल्ला रुपन्देही सिद्धार्थनगर न.पा.-५ स्थित जिल्ला प्रशासन कार्यालय अगाडि पुगेको, ऐ, १४:१५ बजे उक्त रैली ऐ. ऐ. ५ स्थित रहेको नेपाली कांग्रेसको पाटी कार्यालयमा गई ढुङ्गामुढा गर्दा २ वटा झ्यालको सिसा फुटेको, ४ वटा गाडी, ३ वटा स्कुटी र १ वटा मो.सा. मा क्षति पुगेको, उक्त भीडलाई प्रहरीले सम्झाई बुझाई तितरबितर गराएको।

मिति २०८२/०५/२३ गते १७:३५ बजेको समयमा सैनामैना न.पा.५ बुद्धनगरमा जियनजेड समूहका अ. ५००/६०० जनाको संख्यामा भेलाजम्मा भई कोणसभा गरी टायर समेत बाली विरोध कार्यक्रम गरेको उक्त स्थानमा इ.प्र.का. सालझण्डी रुपन्देही प्र. नि. खगेन्द्र अधिकारीको कमाण्डमा १७ जनाको टोली खटिई गई टायर निभाई स्थिति सामान्य बनाएको, ऐ, १७:५० बजेको समयमा ऐ सैनामैना न.पा. १० सालझण्डी चोकमा जियनजेड का अ. ३००/४०० जना भेला जम्माभई विरोध कार्यक्रम शुरु गरेको उक्त समूहले रैली निकाली सालझन्डी बजार परिक्रमा गरी पुन सालझण्डी चोकमा गई कोणसभा गरेको। उक्त स्थानमा इ.प्र.का. सालझण्डीबाट प्र.ना.नि. को कमाण्डमा १० जनाको टोली खटी गई स्थिति सामान्य बनाएको।

मिति २०८२/०५/२३ गते १९:४५ बजेको समयमा जिल्ला रुपन्देही सुद्धोधन गा.पा.-४ फर्साटिकट चोकस्थित जियनजेड समूहका अ. ५०० जनाको समूह भेला जम्मा भई विरोध रैली गरेको उक्त रैली फर्साटिकट बजार परिक्रमा गरी फर्साटिकट चोकमा पुगि कोणसभा गरेको, उक्त स्थानमा इ.प्र.का. छपियाबाट प्र.नि. शैलेन्द्र पाण्डेको कमाण्डमा १३ जनाको टोली खटी गएको, ऐ, २०:३० बजे कार्यक्रम समाप्त भएको।

मिति २०८२/०५/२३ गते २०:३० बजे कर्फ्यू लागेको समयमा जि. रुपन्देही तिलोतमा नगरपालिका ५ मणिग्राम चोकमा जेएन.जी समूहका अ.२५०/३०० जनाको संख्यामा सामाजिक सञ्जालको माध्यमबाट भेलाजम्मा भई सरकारको विरुद्धमा नारावाजी तथा व्यक्तिको घरमा ढुङ्गामुढा गरी विरोध कार्यक्रम शुरु भएको जानकारी पश्चात उक्त स्थानमा इ.प्र.का. मंगलापुर रुपन्देहीबाट प्र.नि. सुनिल थापा नेपालीको कमाण्डमा ५ जनाको टोली खटिई सम्झाइ बुझाइ गर्न खोज्दा प्रहरीमाथि नै हातपात गरे पश्चात स्थिति नियन्त्रणमा लिनको लागि निम्न मानिसहरुलाई नियन्त्रणमा लिई जि.प्र.का रूपन्देहीमा राखिएको १) जिल्ला रूपन्देही तिलोत्तमा ५ मणिग्राम बस्ने वर्ष ३२ को सुवास पण्डारी २) ऐ, ऐ, बस्ने वर्ष २४ को सागर ढकाल ३) ऐ. ऐ. बस्ने वर्ष २० को सन्देश भण्डारी ४) वर्ष २३ को दिपेन्द्र भुसाल ठेगाना नखुलेको ५) बर्ष २९ को पदम गैरे ठेगाना

नखुलेको निजहरुलाई कार्यालयमा ल्याए पश्चात आफन्तको जिम्मा लगाई छोडिएको।

मिति २०८२/०५/२३ गते २२:२० बजेको समयमा कञ्चन गा.पा. वडा नं. ४ थकालीचोकमा काठमाडौंमा जियनजेड को विरोध कार्यक्रमको क्रममा मृत्यु भएकाप्रति हार्दिक श्रद्धाञ्जली र घाइतेहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामनाको लागि अ. ४००/५०० जनाको संख्यामा उपस्थिति भई शान्तिपूर्ण दीप प्रज्वलन कार्य सुरु भएको उक्त स्थानमा इ.प्र.का. रुद्रपुरबाट प्र.ना.नि. जगत बहादुर सुनारको कमाण्डमा ५ जनाको प्रहरी टोली खटी गएको उक्त कार्यक्रम ऐ, २२:४० बजेको समयमा समाप्त भएको।

मिति २०८२। ०५। २३ गते १६:०० बजे देखि २२:०० बजे सम्म पूर्वमा पेट्रोल पम्प, धागो कारखाना पुल सम्म, पश्चिममा बेलवास चोक सम्म, उत्तरमा विडिया खोलासम्म र दक्षिणमा मंगलापुरसम्म कर्फ्यू आदेश जारी भएको।

मिति २०८२/०५/२३ गते १६:०० बजेदेखि ऐ. २२:०० बजेसम्म पूर्वमा रोहिणी खोलासम्म, पश्चिममा बेथरी पुल सम्म, उत्तरमा बुद्ध चोकसम्म र दक्षिणमा पिपरासम्म बुटवल बेलहिया सडक खण्डको १०० मिटरसम्म कर्फ्यू आदेश जारी भएको।

मिति २०८२/०५/२४ गते ११:०० बजे निषेधाज्ञा जारी भएको समयमा जि. रुपन्देही बुटवल उप-महानगरपालिका वडा नं. १० चौराहा चोकस्थित जेन जि समूहको आयोजनामा सामाजिक सञ्जाल बन्द भएको, भ्रष्टाचार विरुद्ध र काठमाडौंमा ऐ. २३ गते प्रदर्शनको क्रममा मृत्यु भएका व्यक्तिहरुको विषयलाई लिएर ऐ. समूहका युवा गौरव आचार्यको नेतृत्वमा विरोध रैली कार्यक्रम शुरु भएको अं. ५००० जनाको संख्यामा उपस्थिति रहेको। उक्त रैली चौराहाबाट सुरु भई हाइवे, बुटवल उपमहानगरपालिकाको कार्यालय पुगी पुनः कालिकानगर रुट हुदै फिर्ता भएको थियो। चौराहाको भित्री रुट हुँदै ऐ. १४:३० बजेको समयमा बुटबल- ८ सुख्खानगर स्थित रहेको एमाले पार्टी कार्यालयमा पुगी तोडफोड तथा आगजनी गरेको, उक्त स्थानमा ई.प्र.का. बुटवलबाट प्र.ना.उ.को कमाण्डमा ७० जनाको टोली खटिइ गएको। सोही समूह ऐ. १५:०० बजेको समयमा बुटवल -७ दीप नगरस्थित जिवराज आश्रित भवनमा पुगेर तोडफोड गरेको सोही समूहले ऐ १५:३५ बजेको समयमा ऐ. बुटवल -८ सुख्खानगरस्थित रहेको लुम्बिनी प्रदेश सभा सदस्य माननीय भोज प्रसाद श्रेष्ठको घरमा तोडफोड तथा आगजनी गरेको, ऐ. १५:४० बजेको समयमा ऐ. बुटवल -७ दीप नगर स्थित रहेको बि.पी. स्मारिकामा समेत आगजनी तथा तोडफोड गरेको, ऐ १६:१५ बजे

तिलोत्तमा -४ ड्राईभरटोलस्थित रहेको टुलिप होटेलमा तोडफोड गरेको, ऐ १६:३५ बजे बुटवल -९ बसपार्क स्थित रहेको आन्तरिक राजश्वर कार्यालयमा तोडफोड तथा आगजनी गरी अन्तरिक राजस्व कार्यालयमा भएकोा सामानहरु लुटपाट गरेको, उक्त समयमा आन्दोलनकारी संख्या थप हुन गई अं. ७/८ हजार पुगेको ऐ. १६:४३ बजे बुटवल -९ बसपार्क स्थित प्रहरी बिट बसपार्क र राष्ट्रिय अनुसन्धान कार्यालय तोडफोड ढुंगा मुढा गरेको, ऐ. १७:२० बजे तिलोत्तमा -४ शान्तिकुञ्जस चोक स्थित प्रतिनिधि सभाका सदस्य माननीय बासुदेव घिमिरेको घरमा तोडफोड तथा आगजनी गरेको, ऐ. १७:३० बने बुटवल -८ स्थितमा अख्तियार दुरुपयोग अनुसन्धान प्रदेश कार्यालय, ईलाका प्रशासन कार्यालय र मुख्य मन्त्रीको निवासमा आगजनी तथा तोडफोड गरेको, ऐ १७:५० बजे ऐ. बुटवल -८ मा रहेको डिभिजन वन कार्यालयमा समेत आगजनी गरेको, ऐ १७:५५ बजे बुटवल -८ स्थित विद्युतचोक स्थित लुम्बिनी प्रदेश प्रमुखको कार्यालय तथा निवास ऐ. स्थानमा रहेको उच्च अदालत बुटवलको कार्यालयमा तोडफोड तथा आगजनी गरेको, ऐ, १८:०० बने हाटबजारस्थित रहेको बुटवल उपमहानगरपालिकाको कार्यालयमा, ऐ.ऐ. -१३ स्थित रहेको मालपोत कार्यालय, ऐ.ऐ.-१३ स्थित रहेको यातायात कार्यालयमा तोडफोड तथा आगजनी गरेको, प्रदर्शनको क्रममा तोडफोड तथा आगजनीबाट बुटवल -३ गोलपार्क स्थित रहेको बहुमुखी क्याम्पसमा तोडफोड, बुटवल उपमहानगरपालिका बुटवलस्थित सुपरमार्केट (भाटभटेनी) समेत तोडफोड गरी सामान लुटपाट भएको, बुटवल र मैनाबगरस्थित रहेको नेपाली कांग्रेसको पार्टी कार्यालय तोडफोड भएको, प्रहरी बिट अमरपथ तोडफोड तथा आगजनी गरेको ऐ १८:३० बजेको समयमा तिलोत्तमा १ बन वाटिका स्थित रहेको प्रदेश सभा सदस्य लिला गिरीको घरमा तोडफोड गरेको, भीड तितरबितर पार्न माथि उल्लेखित स्थानहरूमा सिलसिलेवार बल प्रयोग गर्दा इ.प्र.का. मंगलापुर र ई.प्र.का. बुटवलको लाठी ८० थान, हेलमेट २२ थान, सिल्ड ३५थान क्षति भएको, SLR को Blank राउण्ड ९, अश्रुग्याँस सेल १९ थान, बेरेटा पेस्तोलको राउण्ड ३ र सटगन रबर बुलेट ३ राउण्ड समेत फायर भएको र थान ३ हतकडि उक्त भीडमा हराएको, ऐ २१:३० बजेको समयमा बजार एरिया सामान्य भए पश्चात प्रहरी टोली आ-आफ्नो कार्यालयतर्फ फिर्ता भएको।

मिति २०८२/०५/२४ गते ११:३० बजेको समयमा जि. रुपन्देही सैनामैना न.पा.-३ झारवेरा स्थितमा रहेको सैनामैना नगर प्रमुख फणिन्द्र शर्माको घरमा जियनजेड समूहका अं. ४०० जनाको संख्यामा भेला जम्मा भई विरोध स्वरूप नारा जुलुस गरेको। उक्त स्थानमा जि.प्र.का. रुपन्देहीबाट प्र.ना.उ. गणेश सापकोटाको कमाण्डमा र इ.प्र.का. रन्यौराबाट प्र.नि को कमाण्डमा २० जनाको

टोली खटिगएको। भीडलाई तितरवितर गराउने प्रयास भईरहेको संख्या बद्दो क्रममा रहेको। उक्त भीडलाई तितर वितर गर्ने क्रममा प्रहरी द्वारा २२ सेल अश्रु ग्याँस र SLR को १८ डमी राउण्ड फायर भएकोह र ई.प्र.का रन्यौराको नाममा रहेको बा.प्र.०१-००२ झ ७३३२ नं. को स्करपियो गाडीको साइटको सिसा फुटेको पछाडिको भाग क्षति भएको नगर प्रमुखको घरको सिसाहरु फुटेको। मानवीय क्षति नभएको मानिसहरु तितरवितर भए पश्चात प्रहरी टोली कार्यालयतर्फ फिर्ता भएको।

मिति २०८२/०५/२४ गते ११:४० बजेको समयमा जि. रुपन्देही तिलोत्तमा न.पा.-१२ वक्रहर स्थित रहेको ऐ. वडा कार्यालयमा अं. ३०० जना जियनजेडका कार्यकर्ता आई तालावन्दी गरी तितरवितर भएको भन्ने खबर प्राप्त हुनासाथ उक्त स्थानमा इ.प्र.का मंगलापुर स्पन्देहीबाट प्र.नि को कमाण्डमा १२ जनाको टोली खटी गएको अवस्था सामान्य पश्चात फिर्ता भएको।

मिति २०७२/०५/२४ गते १२:०० बजेको समयमा जि. रुपन्देही शुद्धोधन गा.पा.-४ फर्साटिकरबाट जियनजेड समूहका अं. ६००/७०० जनाको संख्या जम्मा भई रैली शुरु गरेको शुद्धोधन गा.पा. को कार्यालयको गेटबाहिर आई नारा जुलुस गरेको, उक्त स्थानमा इ.प्र.का. छपियाबाट प्र.ना.नि. को कमाण्डमा ५ जनाको टोली खटि गएको, ऐ.१२:३० बजे रैली शुद्धोधन गा.पा. को कार्यालयबाट इलाका प्रशासन कार्यालय मानपकडीतर्फ लागेको, ऐ.१२:४० बजे इलाका प्रशासन कार्यालय मानपकडीबाट शुद्धोधन गा.पा. वडा नं. ७ बस्ने प्रदेश सभा सदस्य तुलसी चौधरी को घरतर्फ लागेको ऐ. १३:०० बजे शुद्धोधन गा.पा.-७ मंगलापुरस्थित तुल्सी चौधरीको घरबाट रैली शुद्धोधन गा.पा. वडा नं.२ शुद्धोधन गा.पा. को अध्यक्ष विष्णु प्रसाद बस्यालको घरतर्फ गई सोही स्थानबाट तितरवितर भएको।

मिति २०८२/०५/२४ गते १२:०० बजेको समयमा जि.रुपन्देही सैनामैना न.पा.५ बुद्धनगरस्थित नगरपालिकामा जियनजेड को विरोध कार्यक्रमको लागि ४००/५०० जनाको सरुवामा मानिसहरु भेला जम्मा भएको। उक्त स्थानमा इ.प्र.का. सालझण्डीबाट प्र.नि.को कमाण्डमा १३ जनाको टोली खटी गई भीडलाई तितरवितर गराएको, ऐ. १२:३० बजेको समयमा ऐ. न.पा.-१० सालझण्डी चोकस्थित वडा कार्यालयमा जियनजेड को विरोध कार्यक्रममा अं.२५०/३०० जनाको संख्यामा मानिसहरु भेला जम्मा भई तालावन्दी गरेको भन्ने बुझिएको, उक्त स्थानमा ई.प्र.का. सालझण्डीबाट प्र.स.नि. को कमाण्डमा ६ जनाको टोली खटि गएको उक्त स्थानमा तालावन्दी गर्ने समूह कोही

नभएको। ऐ, १३:१० बजे सैनामैना न.पा. ११ को वडा कार्यालयमा तालावन्दी गरी विरोधकर्ताहरु पुन सालझण्डी तर्फ गई सोही स्थानबाट तितरवितर भएको।

मिति २०८२/०५/२४ गते १२:१० बजेको समयमा जि. रुपन्देही देवदह न.पा. ६ खैरेनी चोकस्थित देवदह न.पा. भित्र रहेको निजी तथा सरकारी विद्यालयहरुका विद्यार्थीहरु लगायत अन्य मानिसहरु अं. ५०० जनाको संख्यामा जियनजेड समूह जम्मा भई खैरेनी चोकबाट नारा जुलुस लगाउँदै नगरपालिका तर्फ लागेको, उक्त स्थानमा प्र.नि. को कमाण्डमा २९ जनाको टोली खटी गएको। ऐ, १३:३५ बजे नगरपालिकाबाट एमाले पार्टी कार्यालय तर्फ गएकोप, ऐ १४:३० बजे पार्टी कार्यालयमा आई नाराबाजी तोडफोड गरी ऐ १४:५५ बजे देवदह नगरपालिकाको उपमेयरको घर तर्फ गएको, ऐ १५:४५ बजे देवदह नगरपालिका प्रमुखको घरमा पुगि नाराबाजी गरी घरमा आगजनी समेत गरेको, ऐ १५:५५ बजेको समयमा देवदहको एमाले पार्टी कार्यालय तोडफोड गर्दा कार्यालयमा रहेका सम्पूर्ण झ्याल ढोका, टेबुल, कुर्ची, A/C लगायतका सामान क्षति भएको ऐ, १८:३० बजेको समयमा उक्त समूह तितर वितर भए पश्चात प्रहरी टोली कार्यालयतर्फ फिर्ता भएको।

मिति२०८२/०५/२४गते १२:३० बजेको समयमा जि. रुपन्देही तिलोत्तमा न.पा.-८ शान्तिनगरस्थित रहेको ऐ वडा कार्यालयमा अं.२००/२५० जना जियनजेडका कार्यकर्ता आई तालावन्दी गरी गएको भन्ने खबर प्राप्त हुन साथ उक्त स्थान इ.प्र.का. मंगलापुरबाट प्र.नि.को कमाण्डमा १२ को टोली खटी गएको उक्त स्थानमा तालावन्दी गर्ने समूह कोही नभएको हुँदा प्रहरी टोली कार्यालयमा फिर्ता भएको।

मिति २०८२/०५/२४ गते १२:४० बजेको समयमा जि. रूपन्देही सिद्धार्थनगर न.पा.-४ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको गेट बाहिर अं. ५००/६०० जनाको संख्यामा जियनजेड समूह भेला जम्मा भई विरोध रैली सुरु गरेको। उक्त स्थानमा जि.प्र.का. रुपन्देहीबाट प्र.ना.उ.को को कमाण्डमा-१२० जनाको टोली खटिएकोा, सोही समूहमा अन्य थप भई अं. २००० जनाको समूह ऐ. १५:२५ बजेको समयमा जि. रुपन्देही सिद्धार्थनगर न.पा.-५ स्थित रहेको जिल्ला प्रशासन कार्यालयमा आई नाराबाजी गरेको, एयरपोर्ट गेट बाहिर अं. ५०० जना भेला जम्मा यथावत रहेको, ऐ १५:३० बजे जिल्ला प्रशासन कार्यालयबाट ऐ.ऐ.-५ हाट बजार स्थित रहेको नेपाली काग्रेसको पार्टी कार्यालयमा तोडफोड तथा प्रहरी माथि ढुंगामुढा हुँदा प्रहरीद्वारा भीडलाई तितर बितर गर्ने क्रममा डमी राउण्ड ३ र अश्रु ग्याँस सेल ५ फायर भएको। मानवीय क्षति नभएको, पार्टी कार्यालयको

सिसाहरु फुटेर क्षति भएको। सोही भीड ऐ, १५:४० बजेको समयमा देवकोटा चोकमा टायर बाली चक्काजाम गरेको, उक्त भीड पुनःएयरपोर्ट तर्फ लागेको, ऐ १७:०० बजे एयरपोर्टको डोमेस्टिक गेटबाट अं.१००० जनाको संख्या भित्र छिरी ४ वटा सरकारी नं. प्लेटको गाडीमा आगजनी गरेको। सोही भीड २/३ समूहमा विचलित भई ऐ. १८:०० बजेको समयमा ऐ. ७ स्थित रहेको सिद्धार्थनगर न.पा.को को उमपेपर उमा अधिकारीको घरमा आगजनी गरेको, ऐ. १८:२० बजे सि.न.पा.-९ गोलिगढ स्थित रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालय भवनमा तोडफोड गरेकोमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको परिसरमित्र कारवाहीको लागि ल्याइएका सर्वसाधारण तथा प्रहरी कर्मचारीहरुका सवारी साधनहरु जलेर नष्ट भएको, सोही समूहले ऐ, १९:०० बजेको समयमा मौर्य होटल एण्ड सुपरमार्केट (भाटभटेनी) समेत तोडफोड गरी लुटपाट समेत गरेको, ऐ. १९:३० बजेको समयमा उक्त समूह तितरवितर भए पश्चात प्रहरी टोली कार्यालयमा फिर्ता भएको।

मिति २०८२/०५/२४ गते १५:०० बजेको समयमा जि. रुपन्देही तिलोत्तमा न.पा.-५ मणिग्राम स्थित रहेको ऐ. ५ नं. वडा कार्यालयमा अं. २००/३०० जना जियनजेडका कार्यकर्ता आई कार्यालयको गेटको ताला फोडि तीन वटा झ्यालको सिसा फुटाएको, भन्नेप खबर प्राप्तत हुन साथ उक्त स्थानमा मंगलापुरबाट १२ जनाको टोली खटी गएको, उक्त स्थानमा वाल तोडफोड गर्ने समूह कोही नभएको हुँदा प्रहरी टोली कार्यालयतर्फ फिर्ता भएको।

मिति २०८२/०५/२४ गते १५:३० बजेको समयमा सैनामैना न.पा.- ६ कलौनी स्थित लुम्बिनी प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री भुमिश्वर ढकालको घरमा जियनजेड समूहका अं. ३००/४०० जनाको संख्यामा मानिसहरु भेलाजम्मा भई घर तथा कम्पाउण्ड आगजनी तथा तोडफोड गरेको, उक्त स्थानमा इ.प्र.का सालझण्डीबाट प्र.स. नि. गोबिन्द श्रेष्ठको कमाण्डमा ८ जनाको टोली खटी गएको, ऐ. १५:४५ बने उक्त समूह सैनामैना न.पा. ६ कलौनीस्थित नेपाली काग्रेसको पार्टी कार्यालयमा गई अं. ४००/५०० जनाको संख्याले तोडफोड तथा आगजनी गरी पुन, सालझण्डीतर्फ आएको उक्त स्थानमा इ.प्र.का. सालझण्डीबाट प्र.नि. को कमाण्डमा १० जनाको टोली खटी गएको।

मिति २०८२/०५/२४ गते १६:०० बजेको समयमा जिएन जि समूहका अं. २००/३०० जनाको संख्यामा जम्मा भएका समूहले जिल्ला रुपन्देही तिलोत्तमा न.पा. वडा नं. ३ स्थित रहेको एमाले

नगर कमिटीको कार्यालयमा तोडफोड गरेको र ऐ. १६:०५ बजेको समयमा ऐ. ५००/६०० जना जियनजेड समूहका कार्यकर्ता भेला जम्मा भई तिलोत्तमा न.पा. ५ नम्बर स्थित रहेको पूर्व गृहमन्त्री बालकृष्ण खाणको घरमा आई एउटा एकतले र एउटा दुईतले दुवै घरमा आगजनी तथा तोडफोड गरेको। आगजनी गर्न लाग्दा प्रहरीले दुई राउन्ड टियर ग्याँस फायर गरेको उक्त स्थानमा इ.प्र.का. मंगलापुर रुपन्देहीबाट प्र.नि. को कमाण्डमा २६ जनाको टोली खटी गएको घरमा आगजनी पश्चात उक्त समूह तितर वितर भएको हुँदा प्रहरी टोली कार्यालय तर्फ फिर्ता भएको।

मिति २०८२/०५/२४ गते १६:४३ बजेको समयमा जि. रुपन्देही बुटवल उ.म.न.पा.-९ बसपार्क स्थित रहेको अस्थायी प्रहरी बिट बसपार्कमा अं. ५००/६०० जना प्रदर्शनकारीहरुले तोडफोड गर्ने क्रममा हथकडी थान-१ प्रर्दशनकारीहरूले लगेको, प्रहरी टोली सुरक्षित रहेकोमा उक्त टोली ई.प्र.का. बुटवलमा आई बसेको।

मिति २०८२/०५/२४ गते १६:४५ बजेको समयमा तिलोत्तमा नगरपालिका चार नंबर स्थित रहेको तिलोत्तमा नगरपालिकाको नगर प्रमुख रामकृष्ण खाँणको घरमा अं ३००/३५० जना जेनजिका कार्यकर्ता आई घरमा भएको सबै समान बाहिर निकाली आगो लगाएको र घरको सिसाको झ्याल सबै तोडफोड गरेको उक्त स्थानमा इ.प्र.का. मंगलापुरबाट प्र.स.नि.को कमाण्डमा ५ जनाको टोली खटिई गएको घरमा आगो लगाए पश्चात उक्त समूह तितर बितर भएको।

मिति २०८२/०५/२४ गते १७:१० बजेको समयमा जि. रुपन्देही सिद्धार्थनगर न.पा.-१, बेलहिया गाउँमा रहेको सिद्धार्थनगर न.पा. का मेयर इस्तियाक अहमद खानको घरमा जेएनजीका अं.१००/१५० मा आएका कार्यकर्ताहरुले तोडफोड तथा आगजनी गरी भैरहवातर्फ लागेको मानवीय क्षति नभएको, ऐ, १८:२० बजेको समयमा अं. २०० जनाको संख्यामा आएका प्रर्दशनकारीहकले ऐ, सिद्धार्थनगर न.पा. १ स्थित भैरहवा भन्सार कार्यालयमा आगजनी गरी गएकोम।

मिति २०८२/०५/२४ गते १८:३० बजे जिल्ला रुपन्देही सिदार्थनगर न.पा.-४ उद्योगपुरी स्थित रहेको लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्री सन्तोष पाण्डेको घरमा तोडफोड तथा आगजनी गरेको मन्त्रीज्युको PSO प्र.ह. गणेश प्र.यादवको लु ८१ प १७३२ नं. को मो.सा. प्रहरी पोशाक, प्रहरीको प्रमाणपत्र, बेडबिस्तारा, XIR को मोटोरोला हेण्ड सेटको व्याट्री थान-१ र चार्जर एडप्टर थान-१ जलि क्षेति भएको, प्र.स.ह.रमेश यादवको प्रहरी पोशाक, प्रहरीको प्रमाणपत्र, बेडबिस्तारा जलेर

नष्ट भएको।

### सुरक्षा निकायहरुको परिचालन र समन्वय :

जिल्लामा जियनजेड प्रर्दशन को दौरान सुरक्षा निकायहरुको समन्वय प्रभावकारी रहेको। सोबमोजिम घटनालाई नियन्त्रण र व्यवस्थापन गर्न मिति २०८२/०५/२४ गते बिहान ०९:३० बजे देखि अर्को आदेश नभए सम्मको लागि रुपन्देही जिल्लाभर ५ जना भन्दा बढी व्यक्ति भेला जम्मा भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा विरोध कार्यक्रम गर्न नहुने भनी निषेधाज्ञा जारी गरिएको।

मिति २०८२/०५/२४ गते बेलुका २०:३० बजे देखि अर्को आदेश नभए सम्मको लागि रुपन्देही जिल्लाभर कर्फ्यू आदेश जारी भएको। जिल्लामा भौतिक क्षति भएपनि मानवीय क्षति नभएको भन्ने व्यहोराको रुपन्देही जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी टोकराज पाण्डेले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

### ६.५.१ जिल्ला प्रशासन कार्यालय बाँके :

सरकारले सामाजिक सञ्जाल बन्द गरेको विषय भ्रष्टाचार बिरुद्धको विषयलाई लिएर भाद्र २३ गते बिहान अन्दाजी ९:४५ बजेको समयमा नेपालगन्ज उपमहानगरपालिका वडा नं. -११ स्थित बि.पी. चोकमा अन्दाजी ५००/६०० जनाको संख्यामा जियनजेड पुस्ताका युवाहरु समेतको समूह भेला जम्मा भई रैली जुलुस निकाली नगर परिक्रमा गरि करिव ११:५५ बजेको समयमा नेपालगन्ज उपमहानगरपालिकाको कार्यालय गेटअगाडि धर्ना दिएको र धर्नाका क्रममा दिउँसो करिब १५:०० बजेको समयमा ढुंगा र बोतल प्रहार गरी जबरजस्ती नगरपालिकाभित्र प्रवेश गर्न खोज्दा प्रहरीले नियन्त्रणमा लिने क्रममा धकलपकल हुँदा जिल्ला बाँके खजुरा गाउँपालिका बडा नं. ३ पुल चोक बस्ने बिनय नेपाली र जिल्ला दैलेख आठविसकोट नगरपालिका वडा नं.- १ घर भई हाल नेपालगंज उपमहानगरपालिका वडा नं. - ६ प्रगतिटोल बस्ने जय प्रकाश बापा सामान्य घाइते भई निजहरुलाई तत्काल उपचारका लागि भेरी अस्पताल लगिएको। सामान्य उपचार पश्चात सोही दिन दुवै जना अस्पतालबाट डिस्चार्ज भएको भनी जानकारी प्राप्त भएको। उपमहानगरपालिकाको धर्ना पश्चात उक्त जुलुस जिल्ला प्रशासन तयालय यकिकी मूल गेट सम्म पुगी केही बेर धर्ना दिए पश्चात शान्तिपूर्ण रुपमा सम्पन्न भएको।

सोही दिन कोहलपुर नगरपालिका बाल नं. ११ स्थित कोहलपुर चौराहमा विज्ञान अन्दाजी १०.२५ बजेको समयमा जियनजेड पुस्ताका युवाहरु समेतका अन्दाजी ३०० जनाको संख्यामा भेला जम्मा भई रैली निकाली नगर परिक्रमा पश्चात मध्यान्ह करिब १२:२५ बजेको समयमा कोहलपुर नगरपालिकाको गेट अगाडि नेता जम्मा भइ नारा जुलुस गरेको र करिब १४:४५ बजेको समसमा उक्त प्रदर्शन शान्तिपूर्ण रूपमा समाप्त भएको। यस प्रकार भाद्र २३ गते भएका माथि उल्लिखित दुइवटा प्रदर्शनमा जम्मा २ जना प्रदर्शनकारीलाई सामान्य चोटपटक लागि तत्काल उपचार भएको।

भाद्र २३ गते करिब दिउँसो ३ बजेपछि बसेको जिल्ला सुरक्षा समितिले "काठमाडौं लगायत देशका विभिन्न भागहरूमा जियनजेड का नामबाट प्रदर्शनहरू भइरहेको वर्तमान संवेदनशील अवस्था र यस जिल्लाको नेपालगंज, कोहलपुर लगायतका स्थानहरुमा आज भएको प्रदर्शन समेतलाई दृष्टिगत गर्दै संभावित सुरक्षा चुनौतीको सूक्ष्म विश्लेषण र प्रभावकारी सूचना, समन्वय, गस्ती, पेट्रोलिंग, माइकिंग मार्फत स्थितिलाई सामान्य बनाइराख सबै सुरक्षा निकाय पूर्ण सतर्कताको अवस्थामा रहने, समन्वयात्मक रुपमा परिचालित हुने र एक आपसमा भरपर्दो सूचना आदान-प्रदान गर्ने निर्णय गरेको।

भाद्र २४ गते बिहान करीब १० बजे आसपासको समयमा प्रदर्शनकारीले ने.क.पा. एमाले पार्टी कार्यालयमा तोडफोड र आगजनी शुरु गरेको। सो स्थानमा पहिले देखिनै खटिरहेको सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिन नसकेको र समयमै आगो निभाउन नसकेमा नजिकका घरहरुमा समेत आगजनी फैलिन सक्ने भएकोले तत्काल दमकल पठाउनका लागि ने.क.पा. एमाले बाँकेका अध्यक्ष लगायत विभिन्न व्यक्तिबाट प्रमुख जिल्ला अधिकारीलाई फोन मार्फत खबर आएको उपमहानगरपालिकाका नगर प्रमुखज्यूसँग फोन सम्पर्क गरी दमकल पठाइएको भएतापनि प्रदर्शनकारीबाट आगलागिको सूचना प्राप्त हुनासाथ नेपालगंज भएको अवरोधका कारण दमकल सम्बन्धित स्थलमा पुग्न नपाएको। ने.क.पा. एमालेको पार्टी कार्यालयमा आगजनी भएको केही समय पछि नेपाली कांग्रेस, बाँकेको पार्टी कार्यालयमा पनि आगजनी भएको खबर प्राप्त भएको। त्यसपछि आन्तरिक राजश्व कार्यालय, राजश्व अनुसन्धान कार्यालय, कोहलपुर नगरपालिका, कोहलपुर स्थित नापी कार्यालय, मालपोत कार्यालय कोहलपुर, इलाका प्रशासन कार्यालय कोहलपुर, नेपालगंज उपमहानगरपालिका कार्यालय जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, उच्च अदालत. उच्च सरकारी वकिलको कार्यालय, जिल्ला स्थित नापी कार्यालय, मालपोत कार्यालय, जिल्ला हुलाक कार्यालय, कृषि ज्ञान केन्द्र, भन्सार कार्यालय लगायतका दर्जनौ सरकारी कार्यालयका भवन, सवारी

साधन, कार्यालय भवन भित्रका फर्निचर, कम्प्युटर, कागजात लगायतका सरकारी सम्पत्तिमा व्यापक तोडफोड, आगजनी र लुटपाट समेत भएको। नेपालगंज बजार स्थित विभिन्न चोकहरुमा रहेका विपी कोइराला, पुष्पलाल लगायतका सालिकहरुमा तोडफोड भएको। नेपालगंज बजार क्षेत्रमा रहेको ट्राफिक प्रहरी पोष्ट सहित केही प्रहरी पोष्टहरु भत्काउने कार्य भएको। निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी र लुटपाटको घटना हेर्दा यस जिल्लामा कोहलपुर नगरपालिकाका नगर प्रमुख, उप-प्रमुख र केही वडा अध्यक्षहरुको घरमा क्षति पुगेको बाहेक अन्य कुनै पनि निजी सम्पतिको नोक्सानी भएको भनी प्रमुख जिल्ला अधिकारीलाई जानकारी प्राप्त भएको अवस्था नरहेको। बिहान करिब १०:०० बजेपछि शुरु भएको तोडफोड, आगजनी र लुटपाटको कार्य दिउँसो २ बजेपछि झन-झन आक्रामक बन्दै गएको र दिउँसो २ बजेपछि स्थिति नियन्त्रण बाहिर गएको महसुस भएको। बिहान ठीक १०:०० बजेदेखि नै प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा जिल्ला सुरक्षा समितिका सबै पदाधिकारी सम्मिलित कमाण्ड पोष्ट बसिरहेको। फिल्डमा भैरहेको तोडफोड, आगजनी र लुटपाटको सूचना/जानकारी विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय तहका जनप्रतिनिधि, जिल्लास्थित विभिन्न कार्यालयका प्रमुख एवम् कर्मचारीबाट प्रमुख जिल्ला अधिकारीलाई फोन सम्पर्क मार्फत प्राप्त हुनासाथ आफ्नै कार्यकक्षमा उपस्थित रहेका बाँकि जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु (खासगरी नेपाल प्रहरी प्रमुख र सशस्त्र प्रहरी बल, नेपालका प्रमुखलाई प्रदर्शनकारीहरुबाट भैरहेको विध्वंसात्मक गतिविधिलाई तत्काल नियन्त्रणमा लिन माइकिंग, पानीको फोहोरा, लाठी चार्ज, अश्रु ग्याँस र हवाई फायर सम्म (मानवीय क्षति नहुने गरी। सिलसिलेवार बल प्रयोगको सिद्धान्त बमोजिम स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रदर्शनकारीको भीडलाई नियन्त्रणमा लिनको लागि आवश्यक कारवाही अगाडि बढाउन प्रमुख जिल्ला अधिकारीबाट पटक-पटक अनुरोध र आदेश समेत भएको। नेपालगंज उपमहानगरपालिकामा भएको तोडफोड, आगजनी र लुटपाट पश्चात प्रदर्शनकारीको समूह जिल्ला प्रशासन कार्यालयतर्फ अगाडि बढिसकेको र जिल्ला सुरक्षा समितिका सदस्य रहेका नेपाली सेनाका प्रमुख सेनानीबाट प्रमुख जिल्ला अधिकारीको सुरक्षाका लागि अब जिल्ला प्रशासन कार्यालयबाट नजिकै (अन्दाजी २५० मिटर) रहेको नेपाली सेनाको पोष्टमा सर्नु उपयुक्त हुने भनी २/३ पटक सुझाव प्राप्त भएपछि गृह मन्त्रालयमा समेत अवस्था जाहेर गर्दा सोही आशयको मार्गदर्शन प्राप्त भएपछि करिब दिउँसो ३:३० बजेपछि नेपाली सेनाका प्रमुख सेनानी सँगै प्रमुख जिल्ला अधिकारी ४ वाहिनी पोष्टमा गएको र जिल्ला प्रशासन कार्यालयको प्र.जि.अ. र स.प्र.जि.अ. चढ्ने गाडी सुरक्षार्थ नेपाली सेनाको सोही पोष्टमा लगिएकोले क्षति हुन नपाएको। मैले नेपाली सेनाको पोष्टमा पुगेको करिब १०-१५ मिनेट नबित्दै प्रदर्शनकारीको समूहले

जिल्ला प्रशासन कार्यालय चोकमा आक्रमण गरी तोडफोड, आगजनी र लुटपाट गरेको। प्रमुख जिल्ला अधिकारी आफू स्वयम् आफ्नो कार्यालयमा बस्दा सुरक्षित नहुने अवस्थाका कारण नेपाली सेनाको पोष्टमा गई बस्नु परेपछिको अवस्थामा समेत फोन मार्फत प्राप्त सूचना जानकारी र सुरक्षा माग तथा आगो निभाउनका लागि दमकल माग भएका विषयमा निरन्तर फोन सम्पर्क मार्फत आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्न हरसम्भव प्रयास गरेको। बिहानदेखि राति अबेरसम्मका हरेक घटना र परिस्थितिका बारेमा गृह मन्त्रालयमा निरन्तर जाहेर/समन्वय गरेको। राति करिव ९:०० बजेपछि नेपालगंज उपमहानगरपालिका स्थित विभिन्न व्यक्तिबाट चोरी र लुटपाटका घटना बढ्न थालेको पनि फोनमार्फत सूचना प्राप्त हुनासाथ नेपाली सेनाको ४ वाहिनी पोष्टमा राति ९:३० बजे जिल्ला सुरक्षा समितिको आपतकालीन बैठक बसेको र रात्रि १०:०० बजेदेखि सयुक्त सुरक्षा गस्ती परिचालन गरिएको।

भाद्र २४ गते बेलुकी ९:३० बजेको समयमा जिल्लाको ४ बाहिनी चोकस्थित नेपाली सेनाको सुरक्षा पोष्टमा जिल्ला सुरक्षा समितिको आपतकालीन बैटक बसी २४ गते बिहान ९:०० बजे पछि विभिन्न व्यक्तिहरु सम्मिलित प्रदर्शनका क्रममा भएको सरकारी सम्पत्ति र निजी सम्पति समेतमा आक्रमण, तोडफोड, आगजनी, लुटपाट लगायतको अराजक क्रियाकलापबाट उत्पन्न विषम परिस्थितिलाई नियन्त्रणमा लिन एवं सर्वसाधारणको जीउधनको सुरक्षाका साथै जिल्लाको शान्ति सुव्यवस्था कायम राख्न अति आवश्यक देखिएकोले स्थानीय प्रशासन ऐन २०२८ बमोजिम आजै राति १० बजेदेखि अर्को आदेश नभए सम्मका लागि निषेधाज्ञा जारी गर्नको लागि क्षेत्र समेत तोकी प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरेको। जिल्ला सुरक्षा समितिको सोही बैठकको सिफारिस बमोजिम प्रमुख जिल्ला अधिकारीबाट तोकिएका स्थान/क्षेत्र खुलाई मिति २०८२/०५/२४ गते राति १०:०० बजे देखि अर्को आदेश नभएसम्मका लागि निषेधित क्षेत्र तोकी निषेधाज्ञाको आदेश जारि गरिएको। साथै जिल्ला सुरक्षा समितिको भाद्र २६ गतेको बैठकको सिफारिस बमोजिम बाँकि जिल्ला भर निश्चित समय तोकी निषेधाज्ञाको आदेश जारी गरिएको।

साथै भाद्र २४ गतेकै जिल्ला सुरक्षा समितिको बैठकले जिल्लामा उत्पन्न विषम परिस्थिति, हुलदंगा एवम् अशान्तिको अवस्थाबाट सर्वसाधारण नागरिकको जीउधनको सुरक्षा एवम् विद्यमान लुटपाट, आगजनी जस्ता अराजक गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न जिल्लास्थित सबै सुरक्षा निकाय संयुक्त रुपमा परिचालन हुने निर्णय समेत गरेको। तत्पश्चात सोही राति १०:०० बजेदेखि प्रमुख जिल्ला अधिकारी समेतको सहभागितामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,

नेपाल र राष्ट्रिय अनुसन्धान समेतका जिल्ला सुरक्षा समितिका पदाधिकारी सहित संयुक्त गस्ती परिचालन भएको।

भाद्र २४ गते राति १० बजेपछि नेपालगंज उपमहानगरपालिका भित्रका विभिन्न स्थानबाट चोरीका घटना बढ्न थालेको भनी फोन मार्फत सूचना प्राप्त भएपश्चात जिल्ला सुरक्षा समितिका सबै पदाधिकारी सम्मिलित सुरक्षा टोली राति १०:०० बजे बाट परिचालित भयो। भवन जल्दै गरेको नेपालगंज उपमहानगरपालिका कार्यालयबाट अहिले पनि सामान चोरी भैरहेको भनी उक्त पालिकाका मेयर र कर्मचारीबाट प्राप्त सूचना बमोजिम उक्त स्थानमा पुग्दा केही व्यक्तिहरु हामी पुग्नासाथ भागेको देखियो। त्यसपछि बजारको मुख्य मुख्य चोकहरुको अवस्था नियाल्दै गस्ती अगाडि बढीरहेको समयमा नेपालगंज भन्सार कार्यालयमा अहिले पनि सामान चोरी हुँदै छ भनी उक्त कार्यालयका प्रमुखबाट फोनमार्फत जानकारी प्राप्त भएकोले हाम्रो टोली सिधै नेपाल भारत सीमानाका जमुनाहमा रहेको भन्सार कार्यालय पुग्यो। हामी भन्सार नाका परिसरमै रहेका बखत मलाई एकजना अपरिचित व्यक्तिको एउटा अज्ञात नम्बर (मेरो मोबाइलमा सेभ नभएको नम्बर) बाट फोन आयो र फोनमा उताबाट बोल्ने व्यक्तिले तपाई सि.डि.ओ. हो कि भन्ने प्रश्न सोधे पश्चात मैले हो भन्ने जवाफ दिएपछि बाल सुधार गृहमा भर्खरै गोली चलेको र त्यसबाट आफ्नो केही साथीहरु घाइते भएको सूचना दियो। राति करिव १०:३० देखि ११:०० बजेको समयमा उक्त फोन मार्फत सूचना पाउने वित्तिकै मैले तत्कालीन समयमा आफूसँगै रहेका नेपाल प्रहरी र सशत्र प्रहरी बल, नेपालका प्रहरी उपरीक्षकद्वयलाई बालसुधार गृह वा कारगारमा गोली चलेको हो र कोही घाइते भएको अवस्था हो? भनेर प्रश्न गर्दा दुबै जनाले तत्काल आफ्नो च्यानलमा सोधनी पश्चात गोली नचलेको र केही राउण्ड हवाई फायर मात्र भएको भनी मलाई जानकारी दिए। राति करिब १२:०० बजे आसपासको समयमा नौबस्ता कारागार र बालसुधार गृहको स्थलगत अवस्था बुझ्न दुवै जना प्रहरी उपरीक्षकहरू सहितको टोली सम्बन्धित स्थलतर्फ प्रस्थान गरेको थियो। नौबस्ता कारागार र सँगै जोडिएको नौबस्ता बालसुधार गृहमा भाद्र २४ गते राति १० बजे पछि (अन्दाजी १०:१५ बजेदेखि ११:०० बजे भित्रको समयमा हुनुपर्छ)भएको भनीएको घटनाका सम्बन्धमा मैले सो राति प्राप्त गरेको जानकारी त्यति मात्रै रहेकोले सो घटनाका सम्बन्धमा सम्बन्धित कार्यालय/अधिकारीबाट नै विस्तृत विवरण प्राप्त हुनेछ होला। साथै २४ गते राति नौवास्ता बालसुधार गृह र नौबस्ता कारगार कार्यालयबाट फरार भएका कैदी वन्दी सम्बन्धी जानकारी समेत सम्बन्धित कार्यालयबाट प्राप्त हुनेछ।

भाद्र २४ गते राति १०:०० बजेबाट शुरु भएको संयुक्त गस्तीबाट भाद्र २५ गते बिहान करिव १:३० बजे नेपालगंजस्थित राँझा व्यारेक प्रमुख सेनानीको कार्यालयमा आइपुगेपछि म र राष्ट्रिय अनुसन्धानका बाँके जिल्ला प्रमुख त्यस राति र भोलिपल्ट २५ गतेको राति समेत गरी २ रात सोही व्यारेकमा बसेको अवस्था थियो।

भाद्र २४ गते राति १० बजेपछि नेपाली सेनाको परिचालन पश्चात भाद्र २५ गते दिउँसो करिव १ बजेतिर जयन्दु बाल सुधार गृहबाट १२३ जना बाल विज्याईकर्ता भागेको खबर प्राप्त हुनासाथ प्र.जि.अ.को नेतृत्वमा जिल्ला सुरक्षा समिति उक्त स्थानमा पुगी माइकिंग गरी भागेका व्यक्तिहरूलाई तत्काल फिर्ता हुन अनुरोध गर्दा ३ जना बाल विज्याईकर्ता फिर्ता आएको।

भाद्र २६ गते दिउँसो अन्दाजी ३:३० बजेको समयमा जिल्ला कारागार कार्यालय बाँकेको "B" ब्लकमा रहेका कैदीवन्दीले आगजनी गरी भाग्न प्रयास गरेको खबर प्राप्त हुनासाथ संयुक्त फौजको सुरक्षा कारवाहीमा स्थिति नियन्त्रणमा लिइएको। सो क्रममा केही राउण्ड हवाई फायर भएको र एक जना कैदी घाइते भई उपचारका लागि अस्पताल लगिएको।

घटनाका कारणहरू हेर्दा बाँके जिल्लाको सन्दर्भमा भाद्र २३ गतेको प्रदर्शन समग्रमा शान्तिपूर्ण नै रहेको भएतापनि भाद्र २४ गते यस जिल्लामा पनि सरकारी/सार्वजनिक सम्पतिमा ठुलै क्षति पुग्नुका साथै केही व्यक्ति (माथि उल्लेख भैसकेको) को निजी सम्पतिमाथि समेत क्षति पुगेको थियो। मेरो बिचारमा बाँके जिल्लामा भएको उक्त घटना घट्नुका सम्भावित कारणहरू निम्नानुसार हुन सक्दछन्:-

भात्र २३ गते काठमाडौंमा भएको प्रदर्शनको क्रममा बाँके जिल्ला निवासी २ जना विद्यार्थीको पनि दुःखद निधन भएकोले गर्दा यसबाट बाँके जिल्लाका प्रदर्शनकारीहरूमा बढी आक्रोश उत्पन्न हुनु, आमसञ्चार माध्ययम सहित विभिन्न सामाजिक सञ्जालमा भाद्र २३ गते काठमाडौंमा भएको प्रदर्शनमा ठूलो संख्यामा प्रदर्शनकारीको निधन भएको घटनामा सुरक्षाकर्मीबाट भएको बल प्रयोगको तीव्र आलोचना हुनुका साथै प्रहरीप्रति व्यक्त चौतर्फी आक्रोशका कारण भाद्र २४ गते प्रदर्शनकारीबाट नोडफोड, आगजनी र लुटपाट हुँदा समेत सुरक्षाकमी अपेक्षित रुपमा परिचालित हुन नसक्नु, भाद्र २३ गतेको काठमाडौंको घटना र भाद्र २४ गते विभिन्न सामाजिक सञ्जालमा आएका पोष्ट सूचना, काठमाडौंमा भएको प्रहरी चौकी माथिको आक्रमण र प्रहरीका हातहतियार लुटिएका समाचार लगायतका कारण बाँके जिल्लामा कार्यरत सुरक्षाकर्मीको मनोबलमा समेत प्रतिकूल प्रभाव

पर्नु, गृह मन्त्रालय र सुरक्षा निकायको नेतृत्त्व तहबाट समेत स्पष्ट निर्देशन/मार्गदर्शनको अभाव महसुस हुनु, मानव शरीरमा मस्तिष्कघात (Brain Hemorrhage) हुँदा शरीरका अन्य अंगले ठीकसँग आफ्नो कार्य गर्न नसक्ने अवस्था सृजना हुने गरेझै राज्य सञ्चालनको मुख्य केन्द्रीय निकाय सिंहदरवार नै आगजनीमा पर्नुका साथै राज्यका महत्वपूर्ण निकाय विध्वंस भएको खबर देश भर फैलिएको अवस्थाले गर्दा जिल्लास्थित सुरक्षा निकायमा पनि प्रतिकूल प्रभाव परेको, कर्तव्यपालनाका लागि मरी मेटेर काम गर्दै गर्दा भोलि उल्टै कारवाहीमा परिने हो कि भनी सुरक्षाकर्मीमा व्याप्त आशंका, सुरक्षाकर्मीसँग प्रयाप्त स्रोत, साधन अभाव हुनु। स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम शान्ति सुरक्षा कायम गर्ने सवालमा बल प्रयोगको आदेश दिने अधिकार प्रमुख जिल्ला अधिकारीसँग रहेतापनि व्यहारमा हेर्दा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू आफ्नो माथिल्लो निकायबाट स्पष्ट आदेश प्राप्त नहुँदासम्म बल प्रयोगको सवालमा द्विविधा महसुस गर्ने विद्यमानता हुनु, बिगतदेखि सुरक्षा निकाय अभाव, दवाव र प्रभावबाट मुक्त हुन नसक्नु, सरकारी निकायबाट प्रदान गरिएका सेवाहरुले नागरिको मन जित्न नसकेको तथा सरकारी निकायप्रति नागरिकको चरम अविश्वास र आक्रोश हुनु। सरकारी सेवा प्रदायकहरुमा सेवाग्राहीमैत्री व्यवहारको कमी हुनु। हरेक आन्दोलनमा कुनै न कुनै रूपमा सरकारी सम्पत्तिमाथि नोक्सानी हुने गरेको बिगत देखिको परम्परा र त्यसरी सरकारी सम्पत्ति नोक्सानी गर्नेलाई खासै कारबाही नहुने गरेको। गत बिगतदेखिको प्रचलनका कारण प्रदर्शनकारीहरुमा सरकारी सम्पत्ति माथि नोक्सानी गर्दा कुनै डर/त्रास नहुनु, हरेक नागरिकलाई सरकारी/सार्वजनिक सम्पत्तिप्रति अपनत्त्व र माया जगाउन नसकिएको अवस्था रहनु। सधै अधिकारमुखी सोचबाट आन्दोलन हुने तर नागरिकलाई आफ्नो कर्तव्यप्रति जिम्मेबार बनाउने खालका क्रियाकलापमा सरोकारवाला पक्षबाट प्रयाप्त ध्यान नपुग्नु। शिक्षा प्रणालीकै माध्यमबाट प्रत्येक व्यक्तिमा नैतिकता, अनुशासन, असल आचरण, जिम्मेवार नागरिक बन्न सघाउने गुणहरू प्रवर्द्धन गर्न नसकिएको अवस्था हुनु। समाजमा व्याप्त दण्डहीनता, कानून कार्यान्वयनमा फितलोपना, सुशासनको अभाव आदि।

बाँके जिल्लाको सन्दर्भमा विचार गर्दा भाद्र २३ गतेको प्रदर्शनमा जियनजेड पुस्ताका युवा समूह समेतको संलग्नतामा केही अन्य व्यक्ति/समूह समेतको संलग्नता रहेको आभास हुन्थ्यो भने भाद्र २४ गतेको तोडफोड, आगजनी र लुटपाट लगायतका कार्यमा विभिन्न आपराधिक प्रवृत्ति र पृष्ठभूमि भएका व्यक्तिहरू बढी संलग्नता रहेको आशंका गर्न सकिन्थ्यो। भाद्र २४ गतेको घटना पश्चात जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला प्रहरी कार्यालय बाँकेबाट समेत भाद्र २४ गतेको घटनामा

संलग्न व्यक्ति/समूहका सम्बन्धमा सूचना/जानकारी उपलब्ध गराइदिन हुन सार्वजनिक रुपमा अपिल गरे पश्चात जिल्ला प्रहरी कार्यालय, बाँकेमा भाद्र २४ गतेको तोडफोड आगजनी र लुटपाटसँग सम्बन्धित भिडियोहरु, CCTV फुटेज फोटोहरु र अन्य महत्त्वपूर्ण सूचनाहरु संकलन कार्य भएको थियो। तसर्थ बाँके जिल्लाको भाद्र २४ गतेको घटनासँग सम्बन्धित व्यक्ति/समूहका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट विस्तृत सूचना/विवरण प्राप्त हुन सक्नेछ। यसका साथै विभिन्न सरकारी कार्यालयका CCTV फुटेजको संकलन र निजी सम्पति नोक्सानी भएका व्यक्तिबाट समेत थप सान्दर्भिक सूचना संकलन हुन सकेको खण्डमा भाद्र २४ गतेको घटनामा संलग्न व्यक्ति/समूह सम्बन्धी भरपर्दो विवरण प्राप्त हुन सक्ने सम्भावना देखिन्छ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वयः**

बाँके जिल्लाको हकमा भाद्र २३ गते यस जिल्लास्थित नेपालगंज उपमहानगरपालिका र कोहलपुर नगरपालिकामा भएका दुवै प्रदर्शनमा सुरक्षा निकायहरुको प्रभावकारी परिचालन र समन्वयका कारण कुनै अप्रिय घटना घटेको थिएन। भाद्र २३ गते काठमाडौंमा घटेको घटनाबाट पर्न सक्ने सम्भावित प्रभाव र भाद्र २४ गतेका लागि जिल्लास्थित सुरक्षा निकायको प्रभावकारी परिचालन र भरपर्दो समन्वय हुन सकोस् भन्ने हेतुले भाद्र २३ गते दिउँसो ३ बजेदेखि बेलुकी ६ बजेसम्म झन्डै ३ घण्टा लामो अवधिसम्म जिल्ला सुरक्षा समितिको बैठक बसी विभिन्न निर्णय सहित भाद्र २४ गतेका लागि आवश्यक तयारी गरेकै अवस्था थियो। त्यसका साथै भाद्र २४ गते बिहान १० बजेदेखि नै जिल्ला प्रशासन कार्यालय, बाँकेमा प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा कमाण्ड पोष्ट खडा गरी जिल्लाभरिको शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने प्रयास गरिएको थियो। यी सबै प्रयासका बाबजुद पनि जब फिल्डमा एकपछि अर्को स्थानमा प्रदर्शनकारीहरूबाट तोडफोड, आगजनी र लुटपाटका घटना हुन थाले तत्पश्चात फिल्डमा खटिएको सुरक्षाकर्मीले अपेक्षित रुपमा भीड नियन्त्रण गर्न सकेको देखिएन। फिल्डमा भैरहेको तोडफोड, आगजनी र लुटपाटको सूचना/जानकारी विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय तहका जनप्रतिनिधि, जिल्लास्थित विभिन्न कार्यालयका प्रमुख एवम् कर्मचारीबाट प्रमुख जिल्ला अधिकारीलाई फोन सम्पर्क मार्फत प्राप्त हुनासाथ आफ्नै कार्यकक्षमा उपस्थित रहेका बाँके जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु (खासगरी नेपाल प्रहरी प्रमुख र सशस्त्र प्रहरी बल, नेपालका प्रमुखलाई प्रदर्शनकारीहरुबाट भैरहेको विध्वंसात्मक गतिविधिलाई तत्काल नियन्त्रणमा लिन माइकिंग, पानीको फोहोरा, लाठी चार्ज, अश्रु ग्याँस र हवाई फायर सम्म (मानवीय क्षति नहुने गरी। सिलसिलेवार बल प्रयोगको सिद्धान्त बमोजिम स्थानीय

प्रशासन ऐन, २०२८ बमोजिम प्रदर्शनकारीको भीडलाई नियन्त्रणमा लिनको लागि आवश्यक कारबाही अगाडि बढाउन प्रमुख जिल्ला अधिकारीबाट पटक-पटक अनुरोध र आदेश समेत भएको भएतापनि जिल्लाभर दर्जनौ सरकारी कार्यालय तोडफोड, आगजनी र लुटपाट हुनुका साथै सयौंको संख्यामा सरकारी सवारी साधनमा तोडफोड, आगजनी र लुटपाट सहित केही व्यक्तिको निजी सम्पत्तिमाथि समेत नोक्सानी पुगेको अवस्था हुँदासम्म एकजना पनि प्रदर्शनकारी नियन्त्रणमा आएको वा घाइते भएको अवस्था नदेखिनुका साथै फिल्डमा खटिएको कुनै पनि सुरक्षाकर्मी समेत कहींकतै घाइते भएको वा चोटपटक लागेको नदेखिएको अवस्थालाई समेत विचार गरी प्रमुख जिल्ला अधिकारीको नजरबाट हेर्दा भाद्र २४ गतेका दिन बाँके जिल्लामा सुरक्षा निकायको परिचालन र समन्वय प्रमुख जिल्ला अधिकारीले अपेक्षा गरे अनुरुप सन्तोषजनक वा प्रभावकारी थियो भनेर भन्न सकिने अवस्था देखिंदैन भन्ने व्यहोराको बाँके जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

**६.५.२. जिल्ला प्रशासन कार्यालय (बर्दघाट सुस्ता पूर्व) :**

मिति २०८२ भाद्र २३ र २४ गतेको जियनजेड समूहको प्रदर्शनको अनुमतिका लागि यस कार्यालयमा कुनै पनि व्यक्ति वा समूहबाट निवेदन प्राप्त नभएको। आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय घेराउमा आएका प्रदर्शनकारीहरुका प्रतिनिधिहरुसँग छलफल गरी आन्दोलनलाई शान्तिपूर्ण बनाउन अनुरोध गरिएको। आन्दोलन अवधिभर जिल्लाको सुरक्षा प्रवन्धको लागि जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीहरु सम्मिलित सुरक्षा कमाण्डपोष्ट खडा गरी जिल्ला प्रशासन कार्यालयमा बसी आवश्यक निर्देशन गर्ने गरिएको। २४ गतेको सुरक्षा प्रवन्धको लागि जिल्ला प्रहरी कार्यालयको मातहतबाट ३२२ जना, सशस्त्र प्रहरी बल, नेपालको जिल्ला इकाईहरुबाट २०० जना र राष्ट्रिय अनुसन्धान विभागबाट १५ जना समन्वयात्मक रुपमा परिचालन भएको यस क्रममा जिल्लाभरबाट ६ सेल अश्रुग्याँस हानिएको। नेपाली सेनाको नं २ वन तथा पर्यावरण सुरक्षा गणबाट रातको १०:०० बजेपछि नेपाली सेना परिचालन भएको।

जियनजेड युवा पुस्ताद्वारा आयोजना गरिएको भनीएको प्रदर्शन र मोटरसाइकल रैलीमा १५-४० वर्ष उमेर समूहका व्यक्तिहरु सहभागी भएका थिए। २४ गते बिहान १०:३० बजेको समयमा करिब २५००-३००० जनाको समूह सर्वप्रथम नारा जुलुससहित जिल्ला प्रशासन कार्यालय रहेको स्थान (कावासोती न.पा.-३, संगम चोक) आई घेरा हालेका थिए। उक्त समयमा जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीहरु जिल्ला प्रशासन कार्यालयमै कमाण्ड पोष्ट खडा गरी छलफलमा रहेका थिए।

जिल्ला प्रशासन वरीपरी जम्मा भएका आन्दोलनकारीका माग र गुनासोहरुका सम्बन्धमा छलफल गर्न भनी केही प्रतिनिधिहरुलाई प्र.जि.अ.को कार्यकक्षमा बोलाइ छलफल गर्दा प्रशासनको सेवा प्रवाह बन्द गरी आन्दोलनलाई साथ दिनुपर्ने माग भएकोमा सम्झाई बुझाई गरी फर्काइएको। तत्पश्चात उक्त समूह कावासोती नगरपालिका रहेको स्थानतर्फ गई नगरपालिका भवनमा तोडफोड र आगजानीमा उत्रेका देखिन्छन्। सुरक्षा व्यवस्थापनका लागि परिचालित सुरक्षा टोलीले त्यहाँबाट हटाएको उक्त समूह र सी समूहमा जिल्लाका गैडाकोट, देवचुली लगायत क्षेत्रबाट जोडिन आएका अन्य व्यक्तिहरु सहितको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) समूह जिल्लाका विभिन्न स्थानहरुमा गई नगरपालिका वडा कार्यालय, राजनीतिक दलका कार्यालयहरु, नगरप्रमुख र अन्य नेताका निजी निवास, व्यवसायिक प्रतिष्ठान सहितका ५३ वटा संरचनाहरुमा तथा निजी र सरकारी गरी ४० वटा सवारी साधनहरुमा तोडफोड, आगजनी गरी सम्पत्तिमा क्षति पुऱ्याएका थिए।

२०८२ भाद्र २३ गते काठमाडौंमा भएको प्रदर्शन तोडफोड र त्यसै क्रममा भएको प्रदर्शनकारीको मृत्युको कारण उत्तेजित भएको भीडले सोको प्रतिक्रिया स्वरुप काठमाडौं लगायत मुलुकका विभिन्न स्थान जस्तै कास्की, चितवन लगायतका ठाँउमा भएको तोडफोड र विध्वंशका घटनाहरु सामाजिक सञ्जालमार्फत छिटो रुपमा प्रचार प्रसार हुनु र त्यसको प्रभावस्वरुप यहाँपनि विध्वंसका घटना घट्न गएका थिए। सुरक्षाकर्मीले एक स्थानमा तोडफोड आगजनीमा उत्रिएको समूहलाई रोक्दा अर्को समूहले अर्को ठाँउमा गई तोडफोड र आगजनीमा गर्ने गरेका। २४ गतेको प्रदर्शनमा अधिक बल प्रयोग नगर्ने भनी केन्द्रीय सुरक्षा निकायका नेतृत्वबाट अनौपचारिक सन्देश प्रवाह भएको भन्ने कारणले आन्दोलनकारीलाई विध्वंसमा उत्रन मनोवैज्ञानिक बल पुगेको थियो। जिल्ला भित्रको सुरक्षा व्यवस्थाका सम्बन्धमा जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलाई दिइने आदेशमा एकात्मकता नहुनु। प्र.जि.अ.को आदेश र जिल्ला सुरक्षा समितिको निर्णय पश्चात पनि आ-आफ्नो तालुक निकायको आदेश पर्खने खालको व्यवहार प्रचलनमा हुनु।

**सुरक्षा निकायहरुको परिचालन र समन्वयः**

मिति २०८२ भाद्र २३ र २४ गतेको जियनजेड समूहको प्रदर्शनको अनुमतिका लागि यस कार्यालयमा कुनै पनि व्यक्ति वा समूहबाट निवेदन प्राप्त नभएको। आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय घेराउमा आएका प्रदर्शनकारीहरुका प्रतिनिधिहरुसँग छलफल गरी आन्दोलनलाई शान्तिपूर्ण बनाउन अनुरोध गरिएको। आन्दोलन अवधिभर जिल्लाको सुरक्षा प्रवन्धको लागि जिल्ला

सुरक्षा समितिका सबै पदाधिकारीहरु सम्मिलित सुरक्षा कमाण्डपोष्ट खडा गरी जिल्ला प्रशासन कार्यालयमा बसी आवश्यक निर्देशन गर्ने गरिएको। २४ गतेको सुरक्षा प्रवन्धको लागि जिल्ला प्रहरी कार्यालयको मातहतबाट ३२२ जना, सशस्त्र प्रहरी बल नेपालको जिल्ला इकाइहरुबाट २०० जना र राष्ट्रिय अनुसन्धान विभागबाट १५ जना समन्वयात्मक रुपमा परिचालन भएको यस क्रममा जिल्लाभरबाट ६ सेल अश्रुग्याँस हानिएको। नेपाली सेनाको नं. २ वन तथा पर्यावरण सुरक्षा गाणबाट रातको १०:०० बजेपछि नेपाली सेना परिचालन भएको। आन्दोलनले उग्ररुप लिदै गएपछि २४ गते दिउसो २:३० बजेदेखि कर्फ्यू आदेश जारी गरिएको तत् पश्चात पनि आफ्नो विभागीय माथिल्लो निकायबाट आदेश नआएको भनी नेपाली सेना परिचालन नभएको। जियनजेड समूहको प्रदर्शनको समयमा र प्रदर्शन पश्चात जिल्ला सुरक्षा समितिको बैठक बसी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क, ६ख बमोजिमका आदेश र सूचना जारी गरिएको।

जियनजेड समूहको प्रदर्शनबाट यस जिल्लामा हुन सक्ने क्षति रोकथामका लागि जिल्ला स्थित राजनीतिक दलका प्रमुख/प्रतिनिधिहरु, सरकारी कार्यालयहरु, शैक्षिक संस्थाहरु लगायत सरोकारवाला पक्षहरुसँग नियमित सम्पर्क/समन्वय गरिएको। साथै २४ गतेको घटना पश्चात जिल्लाको स्थितिलाई सामान्यीकरण गर्दै सेवाप्रवाहलाई पूर्ववत् रुपमा सूचारु गर्न जिल्लास्थित कार्यालय प्रमुखहरुको बैठक बसी समन्वय गरिएको।

१५ देखि ४० वर्ष उमेर समूहका विभिन्न व्यक्तिहरु सम्मिलित भएको पाइएको। कुनै विशेष समूह भनी हालसम्म यकीन नभएको। हुप्सेकोट गाउँपालिका वडा नं. १ मा रहेको प्रहरी चौकी र चौकी परिसरमा रहेका हुप्सेकोट गा.पा.को स्वामित्वका लगायत सवारी साधन तोडफोड र आगजनीमा संलग्न विभिन्न ७ जना व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धानको कार्य भइरहेको। सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड आगजनीमा संलग्न अन्य व्यक्तिहरुको समेत खोजी कार्य र प्रमाण संकलनको कार्य जिल्ला प्रहरी कार्यालयबाट भइरहेको भन्ने व्यहोराको नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.६. कर्णाली प्रदेश

### <u>६.६.१. जिल्ला प्रशासन कार्यालय सुर्खेत :</u>

मिति २०८२ भाद्र २३ गते आन्दोलनरत पक्षको सामान्य जमघट घण्टाघर चोकमा भएको थियो।

विरेन्द्रनगर ७ स्थित घण्टाघर चोकमा अन्दाजी १५००/२००० जेन्जी युवाहरु भेला जम्मा भई कोणसभा गरी प्रदेशसभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हुँदै वीरेन्द्रनगर बजारक्षेत्र परिक्रमा गरी शान्तिपूर्वक समापन भएको थियो। जिल्लास्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल परिचालन भएको थियो। २३ गतेको गतिविधिबाट जिल्लामा कुनै क्षति नोक्सानी भएको थिएन।

मिति २०८२ भाद्र २३ गते जिल्ला सुरक्षा समितिको बैठकबाट नेपालमा पछिल्लो समय जियनजेड पुस्ताले उठान गरेका विषय लगायत समसामयिक अन्य घटना र बिषयका सन्दर्भमा जिल्लामा हुन सक्ने सम्भावित गतिविधिहरु र सुरक्षा चुनौतीलाई आंकलन गरी जिल्लास्थित सबै सुरक्षा निकायहरु उच्च सतर्कतामा रही तयारी अवस्थामा रहने निर्णय गरिएको थियो।

मिति २०८२ भाद्र २४ गते मंगलबार बिहान ११:०० बजे जिल्ला सुरक्षा समितिको बैठकबाट नेपालमा पछिल्लो समय जियनजेड पुस्ताले उठान गरेका विषयलाई लिएर मिति २०८२/०५/२४ गते विरोध तथा आन्दोलनको कार्यक्रम गरिने भनी जानकारी प्राप्त हुन आएको। सो सम्बन्धमा हालसम्म उपलब्ध सूचनाको विश्लेषण गर्दा क्षति हुन नदिन उच्च सतर्कता अपनाउन आवश्यक देखियो। ठूलो संख्याको भीडलाई उत्तेजित, हिंसात्मक वा ध्वंसात्मक हुन नदिन सुरक्षाकर्मीबाट माइकिङ्ग गरी शान्तिपूर्वक रहन अनुरोध गर्नुका साथै क्षति हुन नदिने गरी जिल्लास्थित सबै सुरक्षाकर्मी परिचालित हुने निर्णय भएको थियो।

मिति २०८२ भाद्र २४ गते मंगलबार दिनको ३:०० बजे जिल्ला सुरक्षा समितिको बैठकबाट सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र निरन्तर उत्तेजित अराजक भीडबाट तोडफोड, आगजनीका साथै धनजनको क्षति गर्ने प्रयास गरिरहेको, प्रहरीमाथि ढुङ्गा मुढा, सिसा, बोतल प्रहार गरिरहेको र यसबाट थप क्षति हुन सक्ने भएकोले सुरक्षा स्थितिलाई नियन्त्रणमा लिनको लागि मिति २०८२/०५/२४ गते बेलुका ४:३० बजेदेखि अर्को आदेश जारी नभएसम्मको लागि सुब्बाकुनादेखि पश्चिम वाङ्गेसिमलसम्म रत्नराजमार्गको उत्तर क्षेत्र सबै र दक्षिणतर्फ रत्नराजमार्गको ३०० मिटरभित्र कसैले आवात जावत गर्न, भेला जम्मा हुन र अन्य कुनैपनि काम कुरा गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन (संशोधन सहित) २०२८ को दफा ६ (क) बमोजिम कर्फ्यू आदेश जारी गर्ने निर्णय भएको थियो।

२४ गते दिउँसोबाट राजधानी लगायतका जिल्लाहरुमा भएको क्षतिको समाचारका कारण सुर्खेत

सदरमुकाममा भैरहेको आन्दोलन पनि उग्र हुँदै गएको थियो। सोही दिन दिउसो वीरेन्द्रनगर ६ हटियालाइनमा रहेका नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी, रा.प्र.पा., राष्ट्रिय जनमोर्चाका पार्टी कार्यालयहरु आगजानी गरी कागजात, फाइल, फर्निचर लगायत आगजनी गरिएको थियो। प्रहरीले स्थितिलाई सामान्य बनाउन सामान्य बल प्रयोग गरेको थियो। उक्त आगजनीको क्रममा नेकपा माओवादी पार्टी कार्यालयको छतमा रहेका ६ जना आन्दोलनकारीहरुलाई सुरक्षाकर्मीद्वारा उद्दार गरिएको थियो। सोही बखत नै दमकल पठाई पार्टी कार्यालयको आगो निभाइएको थियो। आन्दोलनरत पक्षले दमकलमा ढुङ्गा मुडा प्रहार गरी क्षति पुऱ्याएको थिए।

भीड उग्र भई सुरक्षाकर्मीको आग्रहलाई बेवास्ता गरी बीरेन्द्रनगर नगरपालिका, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उच्च सरकारी वकिल कार्यालय, प्रदेश प्रमुखको कार्यालय तथा निवास, सीटी हल, जिल्ला समन्वय समितिको कार्यालय, लगायत संघीय तथा प्रदेश मन्त्रालय तथा कार्यालयहरुमा तोडफोड भएको थियो।

आन्दोलनकारीको भीडलाई मुख्यमन्त्रीको कार्यालयमा सुरक्षाकर्मीहरुले तोडफोड गर्न नदिई रोकिराखेपछि त्यहाँबाट उत्तेजित भएको र क्षति पुऱ्याउन नसकेको भीड अर्को साइडमा रहेका नापी कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालयमा तोडफोड आगजनी र लुटपाट तथा मुख्य न्यायाधिवक्ताको कार्यालयका सवारी साधनमा आगजनी गरेका थिए।

आन्दोलन र भीड उग्र हुँदै गएपश्चात स्थितिलाई नियन्त्रणमा लिन २४ गते १६:३० बजेबाट कर्फ्यू जारी भएको थियो। उक्त कर्फ्यूपछि प्रदेश सभा, वीरेन्द्रनगर नगरपालिकाका उपत्यकामा रहेका १२ वटा वडा कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निवास लगायतमा आगजनी तोडफोड र लुटपाट भएको थियो।

उक्त कर्फ्यू पश्चात नै सुर्खेतस्थित नेपाली काँग्रेस उपसभापति एवम् पूर्व रक्षामन्त्री पूर्णबहादुर खड्का, निजका भाई डा.डम्बर खड्का, निजका भाई विष्णु खड्काको घर तथा सवारी साधन आगजनी तथा लुटपाट भएको थियो। त्यसै गरी विष्णु खड्काको फार्मेसीमा आगजनी तथा तोडफोड भएको थियो।

उक्त कर्फ्यू पश्चात नै मुख्यमन्त्री मा. यामलाल कंडेल, वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकाल र उपप्रमुख नीलकण्ठ खनालको निजी घरमा आगजनी तोडफोड र लुटपाट भएको थियो।

उक्त आक्रोशित भीडले शुभ होटल, NIC ASIA Bank को ATM लगायत निजी तथा व्यक्तिगत सम्पत्तिमा समेत तोडफोड तथा लुटपाट गरेका थिए।

आन्दोलनरत पक्ष उत्तेजक हुँदै गएको अवस्थामा फिल्डमा परिचालित सुरक्षा फौजबाट सरकारी, व्यक्तिगत तथा सार्वजनिक घर संरचना तथा कार्यालयहरु जोगाउन स्थानीय प्रशासन ऐन २०२८, अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१६ बमोजिम न्यूनतम बल प्रयोगको सिद्धान्त तथा प्रावधान अनुसार हरसम्भव प्रयास भएको थियो। उक्त भीड नियन्त्रण गर्ने क्रममा खटिएका सुरक्षाकर्मीतर्फ नेपाल प्रहरीका २६ जना, सशस्त्र प्रहरी बल, नेपालका १४ जना र आन्दोलनकारी तर्फका १३ जना घाइते भएका थिए। १ जना सन्तोष बोहोरा गम्भीर घाइते भई हालसम्म उपचाररत रहेका र अन्य सामान्य घाइतेहरुको उपचार पश्चात घर फर्की सकेका छन्।

भीड नियन्त्रणभन्दा बाहिर गई उग्र भएकाले बल प्रयोग गरी नियन्त्रण तथा क्षति न्यूनीकरण गर्न सुरक्षा कारबाही गर्नु परेको थियो। आगजानी तोडफोड नगर्न अनुरोध, लाठी चार्ज, अश्रु ग्याँस फायर, हवाई फायर गरी स्थितिलाई सामान्य बनाउन प्रयास गरिएको थियो। यस क्रममा नेपाल प्रहरीबाट सर्ट गन १३६ राउण्ड, श्री नट थ्री ब्ल्याङ्क राउण्ड १२२, ग्याँस सेल ४५२ वटा, एस एल आर २३२ ब्ल्याङ्ग राउन्ड र २ वटा लाइभ राउन्ड फायर भएको थियो। सोही दिन दंगा ब्यवस्थापनको क्रममा सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट जम्मा ९३ सेल अश्रुग्याँस तथा ११ वटा लाइभ राउण्ड प्रयोग गरिएको थियो।

भीड नियन्त्रणका क्रममा नेपाल प्रहरीको ढाला ३० वटा, हेल्मेट २५, लाठी ११८, राइट कन्ट्रोल गेयर ५ वटा, बुलेट प्रुफ सफ्ट जकेट ७, ग्याँस गन २ क्षति भएको र सशस्त्र प्रहरी बल, नेपालको लाठी १३, बडी प्रोटेक्टर इक्वीपमेन्ट ५, ढाला ३२, हेल्मेट ३ र मेघा फोन ४ वटा क्षति भएका थिए।

कुनैपनि पक्षमा कुनै किसिमको क्षति नहोस् भनेर पूर्ण संयमताका साथ सुरक्षा फौज ड्युटीमा परिचालन भएको। आन्दोलनलाई थप उग्र र अराजक हुन नदिन सुरक्षा फौजतर्फबाट न्यूनतम बल प्रयोगको सिद्धान्त अपनाइएको थियो।

२०८२ भाद्र २४ गते १७:०० बजेदेखि राति २२:०० बजेसम्मको अवधिमा जिल्ला सुरक्षा समितिको निर्णयानुसार कर्फ्यू आदेश जारी भएको थियो। वीरेन्द्रनगर नगरपालिकाका वडा

कार्यालयहरु, जनप्रतिनिधिका निजी निवास लगायतमा आगजनी तथा लुटपाट भएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले नियन्त्रणको प्रयास गरेको थियो। कर्फ्यू लागु पश्चात २४ गते २२:०० बजेसम्म नेपाली सेना परिचालन हुन नसक्दा सोही समयमा आगजनी तथा लुटपाटबाट धेरै क्षति भएको थियो। राति नेपाली सेना परिचालन पश्चात अवस्था सामान्य रहेको थियो।

घटनाको कारण र यसमा संलग्न व्यक्तितर्फ विश्लेषण गर्दा नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायका विविध माग राखी जियनजेड पुस्ताले आन्दोलन गरेका थिए। शासकीय व्यवस्थाका असन्तुष्टिको प्रतिक्रिया स्वरुप ठूलो जियनजेड सहितको अनियन्त्रित ठूलो भीड सहित आन्दोलनमा आएका र आन्दोलनमा व्यक्तिगत र राजनीतिक प्रतिशोध राखेका व्यक्ति तथा आपराधिक मनोवृत्ति भएका समूहको समेत घूसपैठ भै त्यस्ता व्यक्ति तथा समूहहरु व्यक्तिगत, राजनीतिक दल र सरकारी कार्यालयका घर संरचना तथा सम्पत्तिहरुमा आक्रमण, आगजनी र लुटपाट लगायतका घटना गराउन संलग्न भएको देखिन्छ। जियनजेड समूहहरु, पहिचान नभएका अन्य मानिसहरु तत्कालीन सरकार बाहिर रहेका राजनीतिक दल र सरकारमा रहेका पनि एक अर्का पार्टीका विरुद्ध लाग्ने व्यक्तिहरु नै घटनामा संलग्न भएका थिए।

### सुरक्षा निकायहरुको परिचालन र समन्वय

आन्दोलन हुनुभन्दा अगाडिदेखि नै प्रमुख जिल्ला अधिकारी र जिल्लाका सबै सुरक्षा निकायका प्रमुखहरुको जिल्ला प्रशासन कार्यालय सुर्खेतमा कमाण्ड पोष्ट खडा गरी आन्दोलनको क्रममा आउन सक्ने सुरक्षा चुनौतीलाई सामना गर्न सूचना आदान प्रदान, छलफल र समन्वय सहित संयुक्त रुपमा सुरक्षा फौज परिचालन गरिएको थियो।

२०८२ भाद्र २४ गते दिउँसो सुरक्षाका लागि सरकारी गाडीहरु कालीदल गण र कर्णाली प्रदेश प्रहरी कार्यालयको कम्पाउण्डमा राखी सुरक्षित गरिएको थियो। २०८२ साल भाद्र २४ गते २२:०० बजे सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका उपत्यका क्षेत्रका मंगलगढी घण्टाघर चोक, इत्राम चोक, टेलिकम चोक, सुब्बाकुना, बांगेसिमल लगायतका विभिन्न मुख्य चोक तथा नाकाहरुमा नेपाली सेनाको फौज खटिएको थियो। संवेदनशील महत्वपूर्ण स्थानहरु जिल्ला कारागार र सुर्खेत विमानस्थलमा फौज खटिई सुरक्षा गरेको थियो। नेपाली सेनाका विभिन्न युनिटहरु श्री काली बहादुर गणको २५० जना, श्री नं. १ राजदल गणको १०५ जना, श्री बिनायक दल गणको १०५ जना, श्री कालिदल गण (इ) १०५ जना गरी जम्मा ५६५ जना फौज परिचालन गरिएको थियो। २४ गते

२२:०० बजेपछि र २५ गते कर्फ्यू उलंघनका छिटफुट घटना बाहेक कुनै अप्रिय घटनाहरु भएको थिएन। नेपाली सेनाको कुनै कर्मचारी घाइते भएको छैन। २०८२ भाद्र २४ गते कर्णाली प्रदेश सरकारका मुख्य सेनाको तर्फबाट कसैलाई कारबाही गरिएको थिएन। मुख्यमन्त्री यामलाल कंडेललाई १३:१५ बजे सुरक्षाका लागि कालीदल गण कपासे व्यारेकमा राखिएको थियो।

२०८२ भाद्र २३ गते सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट कूल दरवन्दी ४४९ मध्ये ४५ जना परिचालन गरिएको थियो। जिल्लामा २३ गते कुनै अप्रीय घटना भएको थिएन। २०८२ भाद्र २४ गते बिहान ६:०० बजेदेखि सुर्खेत जिल्लामा जम्मा २४७ जना सशस्त्र प्रहरी परिचालन गरिएको थियो। सोही दिन दंगा व्यवस्थापनको क्रममा जम्मा ९३ सेल अश्रु ग्याँस तथा ११ वटा लाइभ राउण्ड प्रयोग गरिएको थियो। सो क्रममा १४ जना सशस्त्र प्रहरी कर्मचारीहरु सामान्य घाइते भएका थिए। दंगा नियन्त्रणका क्रममा कुनै व्यक्तिलाई कारवाही गरिएको थिएन। सो क्रममा लाठी १३, वडी प्रोटेक्टर इक्वीपमेन्ट ५, ढाला ३२, हेल्मेट ३ र मेघा फोन ४ वटा पूर्ण रुपमा क्षति भएको थियो।

सुरक्षा चुनौतीको अवस्थालाई मूल्याङ्कन गरी अन्य सुरक्षा निकाय तथा तालुक कार्यालय र गणबाट थप प्रहरी जनशक्ति परिचालन हुने गरेको। जिल्लाको दरवन्दी ५४३ रहेकोमा प्रहरी परिचालन गर्न आवश्यक जनशक्ति पुगेको थिएन। कर्णाली प्रदेशमा रहनुपर्ने नेपाल प्रहरीको कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र र नेपाल प्रहरी विशेष सुरक्षा गण, सुर्खेत बाँके जिल्लाको नेपालगंजमा रहेकोले सुर्खेतमा सुरक्षाकर्मीको संख्या न्यून भएको थियो। आन्दोलनलाई थप उग्र र आराजक हुन नदिन सुरक्षा फौजतर्फबाट न्युनतम बल प्रयोगको सिद्धान्त अपनाइएको। सो क्रममा सर्टगन १३६ राउण्ड, ३०३ राइफल १२२, ब्ल्याङ्क राउण्ड, ग्याँस गन ४५२ ग्याँस सेल र SLR २३४ राउण्ड मध्ये २३२ राउण्ड ब्ल्याङ्क र २ राउण्ड लाइभ फायर भएको भन्ने व्यहोराको सुर्खेत जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले गरेको घटना विवरण कागज सक्कल अनुसूची ६ मा रहेको छ।

## ६.७. सुदूरपश्चिम प्रदेश

### <u>६.७.१. जिल्ला प्रशासन कार्यालय कञ्चनपुर :</u>

मिति २०८२ भाद्र २३ गते जियनजेड आन्दोलनमा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको विषयलाई लिएर विद्यार्थी संगठनले साँझ १९:०० बजेतिर भीमदत्त नगरपालिका वडा नं. ४ स्थित

बजारमा मसाल जुलुस निकाली कोणसभा गरेको। भाद्र २४ गेत बिहान ०७:३० बजे यातायात व्यवसायी, चालक, सह-चालकहरुले सडक बन्द गरी आन्दोलनमा एक्यवद्धता जनाउने क्रममा स्वतःस्फूर्त रुपमा राजनैतिक दलका विद्यार्थी नेता तथा राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका प्रतिनिधि तथा बजारमा व्यवसाय गर्ने व्यापारी, पावर अफ बुचका पदाधिकारी तथा सदस्यहरु, स्थानीय वासिन्दा, भारतीय मजदुर, व्यापारीहरु, चम्मन चोकमा जम्मा भई रैली निकाली नेपाली कांग्रेस र नेकपा एमाले पार्टी कार्यालयमा केही व्यक्ति गई आगजनी तथा तोडफोड गरेको। सो पश्चात पूर्व गृहमन्त्री रमेश लेखकको बजारमा रहेको घर, नगरपालिका कार्यालयको गेट, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयको गेटमा ढुङ्गामुढा, जिल्ला प्रशासन कार्यालयमा तोडफोड तथा आगजनी, शुक्लाफाँटा न.पा.को कार्यालय एवं वडा कार्यालयहरुमा तोडफोड तथा आगजनी, कृष्णपुर न.पा., पुनर्वास न.पा., दोधारा चाँदनी न.पा.मा तोडफोड तथा आगजनी गर्नुको साथै सवारी साधनहरुमा समेत क्षति पुऱ्याएको थियो। जिल्ला प्रशासन कार्यालयमा सामान्य बल प्रयोग पश्चात भीड केही हदसम्म नियन्त्रण भई उक्त समूह पूर्व गृहमन्त्री रमेश लेखकको बेदकोट न.पा.८ स्थित रहेको घरमा आगजनी गरेको, पूर्व मुख्यमन्त्री राजेन्द्र रावल, प्रदेश सभा सदस्य प्रकाश रावल, प्रदेश मन्त्रीहरु हिरा सार्की, बहादुर थापा, सुरेन्द्र पाल, नेकपा एमाले जिल्ला इन्चार्ज निरुदेवी पाल, जिल्ला समन्वय समिति प्रमुख, भीमदत्त न.पा. नगर प्रमुख/उप-प्रमुख, बेदकोट न.पा. प्रमुख, कृष्णपुर न.पा. प्रमुख, शुक्लाफाँटा न.पा. प्रमुख लगायत ७७ स्थानमा आगजनी तथा तोडफोड भएको थियो। घटनाका कारणहरुः- सरकारले गरेको सामाजिक सञ्जाल प्रतिवन्ध तथा भ्रष्टाचार विरुद्ध सुशासन कायम लगायतका विषयमा युवाहरुमा देखिएको असन्तुष्टिको साथै अनियन्त्रित सामाजिक सञ्जालको कारण देशमा उक्त घटना घटाउनलाई बल पुगेको देखिन्छ।

घटनामा संलग्न व्यक्ति समूहको पहिचान र विश्लेषण गर्दा २४ गतेको तोडफोड तथा आगजनीमा संलग्न सामाजिक सञ्जालमा तस्वीर तथा भिडियो अपलोड भएकै छन्। उक्त तोडफोड तथा आगजनीमा नेकपा एमाले, नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्र, रा.प्र.पा., रा.स्व.पा, नेकपा विप्लव, बहुमत लगायत तथा तीनका भातृ संगठनका युवा तथा विद्यार्थी नेता कार्यकर्ता संलग्न रहेको पाइन्छ। साथै काम तथा व्यापारिक सिलसिलामा रहेका यस जिल्लामा भारतीय नागरिकहरु, यातायात व्यवसायीका पदाधिकारी, चालक, सह-चालक, मेकानिक्स, होटल व्यवसायी, होटलमा काम गर्ने कर्मचारीहरुले विषेश गरी धनमाल लुटपाट गर्ने मनसायबाट घटना घटाएको देखिन्छ। सुरक्षा निकायको परिचालनः काठमाडौंमा भएको आन्दोलनको प्रभाव देशैभरि पर्न सक्ने आंकलन गरी थप

क्षति र झडप हुन नदिन प्रमुख जिल्ला अधिकारीको कमाण्डमा जिल्ला सुरक्षा समितिको बैठक बसी तत्कालै जिल्लामा हुन सक्ने घटनाहरु मध्यनजर गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग लगायत सुरक्षा निकायहरुलाई परिचालन गरिएको थियो। मुख्य गरी जिल्लामा रहेका राजनैतिक पार्टीका पार्टी कार्यालयहरु, पूर्व मन्त्रीहरुका घरहरु, स्थानीय निकायका न.पा. कार्यालय, जिल्ला प्रशासन कार्यालय र सरकारी कार्यालयहरुमा सुरक्षाकर्मी परिचालन गरिएको थियो।

**सुरक्षा निकायहरुको परिचालन र समन्वय**

यस जिल्लामा रहेका सबै सुरक्षा निकायबीच एक आपसमा समन्वयमा रही परिचालन भएको। सुरक्षाकर्मीहरु जिल्लामा विभिन्न स्थानहरुमा छरिएर परिचालन हुँदा सुरक्षाकर्मीहरुको कम संख्यामा उपस्थिति भएको तर आन्दोलनकारीहरुको भीड ठूलो संख्यामा एकै स्थानमा रहेकोले सुरक्षाकर्मीहरुले जिल्लामा निजी तथा सरकारी कार्यालयहरुमा क्षति हुनबाट रोक्न नसकिएको। सुरक्षाकर्मीहरुले जिल्ला प्रशासन कार्यालयको सुरक्षार्थ केही अश्रुग्याँस र हवाइ फायर गरे पश्चात आन्दोलनकारी विभिन्न समूह समूहमा छरिएर राजनीतिक दलका नेता, मन्त्रीहरु, स्थानीय निकायका कार्यालय, स्थानीय निकायका प्रमुख/उप प्रमुखहरुको घरहरुलाई लक्षित गरी आगजनी तथा तोडफोड गर्ने कार्य तीव्ररुपमा गरेको हुँदा समयमा नै सबै स्थानमा सुक्षाकर्मीहरु उपस्थित नहुँदा उक्त घटनाहरुले उग्र रुपलिएको देखिन्छ। त्यसकारण आगामी दिनहरु हुने यस्ता आन्दोलनहरुलाई लक्षित गरी सुरक्षा निकायहरुको परिचालनमा आफ्नो माथिल्लो निकायको आदेश लिनु भन्दा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा प्रत्यक्ष रुपमा आश्यकता अनुसार परिचालन हुनु पर्ने र सो अवधिको सम्पूर्ण जिम्मेवारी समेत प्रमुख जिल्ला अधिकारीको हुने कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ भन्ने व्यहोराको कञ्चनपुर जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको छ।

## <u>६.७.२. जिल्ला प्रशासन कैलाली</u>

माथि उल्लिखित विषयबस्तुहरु समावेश गरी कैलाली जिल्लामा समेत भाद्र २३ गतेबाट गर्न लागिएको प्रदर्शन वा विरोधका सम्बन्धमा स्थानीय जेनजी समूहका सरिता जोशी लगायत अगुवाहरुबाट जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायलाई जानकारी गराइएको तथा उक्त प्रदर्शन शान्तिपूर्ण हुने मौखिक प्रतिबद्धता आयोजकहरुबाट गरिएको थियो। सोही अनुसार प्रदर्शनलाई शान्तिपूर्ण रुपले संचालन गर्न प्रशासनबाट मौखिक सुझाव र निर्देशन दिइएको थियो। २३ गतेको

दिन उक्त समूहबाट कैलाली जिल्लामा भए गरेका गतिविधि एवं सुरक्षा निकायबाट भए गरेका प्रयास देहाय बमोजिम रहेको सम्बन्धित निकायहरुवाट प्राप्त भएको छ। मिति २०८२। ०५। २३ गते Gen-Z द्वारा काठमाण्डौको संसद भवनमा भएको दुःखद (मानवीय क्षति) घटनालाई लिएर मिति २०८२। ०५। २४ गते Gen-Z को आन्दोलन देशभरी नै सशक्त रुपमा हुन सक्ने भनी जिल्ला सुरक्षा समिति र सुरक्षा निकायहरुका प्रमुखहरुले खतराको बिश्लेषण गरी यस जिल्लाको प्रदेशका मन्त्रालयहरु, प्रदेश सभा, जिल्ला प्रशासन कार्यालय, केही सरकारी कार्यालयहरु लगायत केही राजनीतिक तहमा रहेका उच्च ओहदामा रहेका व्यक्तिहरुको नीजि निवास र ब्यापारिक केन्द्रहरुमा तोडफोड र आगजनी हुन सक्ने सम्भावनालाई मध्येनजर गरी जिल्ला सुरक्षा समितिले प्राप्त सूचनालाई सुक्ष्म बिश्लेषण गरी सुरक्षा दिन पर्ने भनीएका मुख्य मुख्य कार्यालयहरुः मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश सभा, जिल्ला प्रशासन कार्यालय, बिशिष्ट ब्यक्तिहरुको नीजि निवास लगायतका स्थानमा स.प्र.बल नेपाल नं. ३४ गण हे.क्वा.कैलालीले भदौ २३ गते तयार पारिएको सुरक्षा योजना अनुसार भदौ २४ गते बिहान ०८:०० बजे देखि नै डिउटी परिचालन गरिएको थियो।

साथै बिभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, जिल्ला सुरक्षा समिति एवं अन्य सुरक्षा निकायहरुसंग निरन्तर समन्वय र ११ बजे भएको बैठक मार्फत आन्दोलनमा हुन सक्ने जोखिम बिश्लेषण गरी सुरक्षामा खटिएका कमाण्डरहरुलाई सुचना सम्प्रेषण गरिएको थियो।

विभिन्न विषयलाइ लिएर मिति २०८२। ०५। २४ गते विहान विभिन्न समयमा कैलाली बहुमुखी क्याम्पस र ऐश्वर्य बहुमुखि क्याम्पस लगायत विभिन्न व्यक्तिहरु भेला जम्मा भई भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको बिरोध रैली निकाली बजार परिक्रमा गरी मुख्यमन्त्री कार्यालय गेट अगाडि र जिल्ला प्रशासन कार्यालय कैलालीको गेट अगाडि भेला जम्मा भई कोणसभा गरेको। जिल्ला अन्य विभिन्न स्थानहरुमा समेत भ्रष्टाचार विरुद्ध ब्यानर सहितको रैली निकाली नारा जुलुस सहित विरोधका कार्यक्रमहरु गरिएका थिए। सोही दौरानमा जिल्लामा रहेका सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालयहरु, स्थानीय तहका कार्यालय भवन लगायत विभिन्न वडा कार्यालयहरु, अन्य बिभिन्न सरकारी कार्यालयहरु, बिभिन्न पार्टीका पार्टी कार्यालहरु, नेपाल प्रहरीका ईकाई तथा पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाज्यूको निवास, पूर्व मन्त्री लेखराज भट्टज्यूको घर, मेयर, वडा सदस्य लगायतका निजि निवास, होटल व्यापारीक स्थल लगायतका निजी प्रतिष्ठान, उल्लेखित स्थानहरुमा राखिएका विभिन्न चार पांग्रे र २ पांग्रे सवारी साधनहरुमा समेत आगजनी तथा तोडफोड भएको थियो।

सोही दिन ०८:०५ बजे देखि जेन-जी समुहका अन्दाजी ९००/१०००० (नौ सय हजार )जना बिद्यार्थीहरु लगायत जेन-जी समुह समर्थकहरुले भ्रष्टाचार बिरुद्ध तथा सामाजिक संजाल प्रतिबन्ध गरेको बिषयलाई लिएर बिरोध रैली निकाली बजार परिक्रमा गरी कैलाली जिल्लामा रहेका सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालयहरु, बिभिन्न सरकारी कार्यालयहरु, बिभिन्न पार्टीका पार्टी कार्यालहरु, नेपाल प्रहरीका ईकाई तथा भि.आई.पि.हरुका निजि निवासहरुमा तोडफोड तथा आगजनी भएको र उक्त आगजनी तथा प्रदर्शन नियन्त्रण गर्ने क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीबिच भएको झडपमा ऐ. १२:४० बजे जिल्ला कैलाली धनगढी उमनपा-४ स्थित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मजकुर स.प्र.बल, नेपाल नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीबाट स.प्र.ना.उ. दुर्गादत्त भट्टको कमाण्डमा खटिएको ३५ जनाको टोलीद्वारा २० वटा ग्याँस सेल, १० वटा ७.६२ मि.मि. वाल राउण्ड, स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलालीबाट स.प्र.ना.उ. सुमन रानाभाटको कमाण्डमा खटिएको ८५ जनाको टोलीद्वारा १७ वटा ग्याँस सेल फायर र २ वटा ७.६२ मि.मि. वाल राउण्ड हवाई फायर, ऐ. १ स्थित सुदूरपश्चिम प्रदेश सभा भवनमा स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलालीबाट स.प्र.नि. नरेन्द्र बहादुर बिष्टको कमाण्डमा खटिएको ३५ जनाको टोलीद्वारा २४ वटा ग्याँस सेल र ६ वटा ७.६२ मि.मि. बाल राउण्ड हवाई फायर, मजकुर स.प्र.बल, नेपाल बडिमालिका जवान तालिम शिक्षालय बनबेहडाबाट स.प्र.नि. किसन सिंह टेरको कमाण्डमा खटिएको ३५ जनाको टोलीद्वारा ४ वटा ग्याँस सेल फायर र ऐ. १ स्थित जिल्ला प्रशासन कार्यालय कैलालीमा स.प्र.उ. सुरेन्द्र राज रञ्जितको कमाण्डमा खटिएको ७० जनाको टोलीद्वारा २९ वटा ग्याँस सेल र ७ वटा ७.६२ मि.मि. वाल राउण्ड हवाई फायर गर्नुका साथै उक्त समुहले प्रदर्शन गरेको स्थानहरुमा स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलालीबाट स.प्र.उ. सुरेन्द्र राज रञ्जितको कमाण्डमा मजकुर स.प्र.बल, नेपाल नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय, मजकुर स.प्र.बल, नेपाल बडिमालिका जवान तालिम शिक्षालय बनबेहडा, नं. ४३ रिजर्भ गण हे.क्वा. बनबेहडा तथा यस गण मातहत कार्यालयहरुबाट समेत गरी ५०३ जनाको टोली परिचालन भएको।

मिति २०८२ भाद्र २४ गते Gen-Z समुहद्वारा गरेको आन्दोलनमा परिस्थितिको अनुचित फाइदा उठाई केही समूहहरूले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुगाएको, लुटपाट एवं आगजनी लगायतका घटना भएको भन्ने विषयलाई समेत मध्यनजर गरी सोही दिनको राती २२:०० बजेबाट नेपाली सेना परिचालन पश्चात नेपाली सेनाले जिल्लाको शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिई जिल्लाका मुख्य मुख्य स्थानहरुमा ३ वटै सुरक्षा निकायहरुबाट

संयुक्त रुपमा मोवाईल गस्ति, पैदल गस्ति, पिकेट लगायतका डिउटी परिचालन गरिएको थियो। मिति २०८२। ०५। २४ गते Gen-Z आन्दोलनकारी समुहद्वारा कैलाली जिल्ला स्थित प्रदेश सरकारका मन्त्रालयहरु, सरकारी कार्यालयहरु, सरकारी कार्यालयका सवारी साधनहरु, केही मन्त्री र राजनितिक दलका नेताहरुको निजि घर तथा सवारी साधनहरु आगजनी, भाटभटेनी लगायत केही व्यापारीक केन्द्रहरुमा तोडफोड तथा आगजनी गरेकोमा उक्त घटना पश्चात २४ गते राती १० वजे देखि २५ गते बिहान सम्म कैलाली जिल्लामा व्यक्तिगत रिसिईबीका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति माथि आगजनी, तोडफोड तथा ढुङ्गामुडा लगायत कुनै पनि किसिमको क्षति नभएको।

## सुरक्षा निकायको परिचालन र समन्वय

काठमाण्डौमा भएको आन्दोलनको प्रभाव देशव्यापी रूपमा फैलिन सक्ने आकलन गर्दै सम्भावित थप क्षति, झडप तथा संवेदनशील घटनाहरू हुन नदिन जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ.को कमाण्डमा जिल्ला सुरक्षा समितिको आपतकालीन बैठक बसेर जोखिम मूल्यांकन तथा सुरक्षा रणनीति तय गरिएको थियो। सो बैठकको निर्णय अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सुरक्षा निकायहरूलाई प्रचलित कानूनी व्यवस्था तथा सुरक्षा कार्यविधिअनुसार सक्रिय रूपमा परिचालन गरिएको थियो। विशेषतः जिल्लाभित्रका राजनैतिक दलहरूको पार्टी कार्यालय, पूर्व प्रधानमन्त्री/मन्त्री तथा स्थानीय जनप्रतिनिधिहरूका आवासीय क्षेत्र, स्थानीय निकायका विभिन्न कार्यालयहरु लगायत विभिन्न कार्यालय तथा स्थानहरुमा आवश्यक सुरक्षाकर्मी परिचालन गरी निगरानी, भीड नियन्त्रण, आकस्मिक घटना रोकथाम तथा शान्ति सुरक्षा व्यवस्था कायम हुने गरी विभिन्न सुरक्षाकर्मी परिचालन गरिएको थियो। प्र.जि.अ. वाट जि.सु.स. को बैंठकमा प्रस्ताव राखी निषेधाज्ञा र कर्फ्यू आदेश समेत जारी भएको थियो भन्ने ब्यहोराको कैलाली जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले गरेको घटना विवरण कागज। सक्कल अनुसूची ६ मा रहेको छ।

# परिच्छेद -७ : स्थलगत अनुगमनको क्रममा संकलित विवरण

आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा भाद्र २३ र २४ गतेको प्रदर्शनबाट धेरै क्षति पुगेका जिल्लाहरुमा गई क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षण, राजनीतिक दलका प्रतिनिधिहरु सरकारी कर्मचारी, सुरक्षाकर्मी निजी क्षेत्रका प्रतिनिधिहरुसमेतका सबै सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया गरिएका विभिन्न जिल्लाका व्यक्तिहरुले घटनाका सम्बन्धमा दिनु भएको धारणा र विवरणलाई तथ्याङ्कको रुपमा लिएर जाँचबुझ र छानविन गरिएको थियो। उक्त विवरणको सारांश देहायबमोजिम प्रस्तुत गरिएको छ।

आयोगका पदाधिकारीबाट स्थलगत अनुगमन गरिएका जिल्लाहरुमा भएको अन्तरक्रियाको क्रममा प्राप्त सुझावहरु स्थलगत अनुगमनको क्रममा क्षति भएका संरचनाहरुको स्थलगत अनुगमन, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसंग छलफल र सरोकारवालाहरुसंग अन्तरक्रिया समेत गरी राय सुझाव संकलन गरिएको थियो। सो क्रममा संकलित सुझावहरुको संस्लेषण यस परिच्छेदको अन्तमा गरिएको छ। जिल्लामा भएका छलफलमा ब्यक्त धारणा र सुझावहरु प्रदेश अन्तर्गत जिल्ला गत रुपमा प्रस्तुत गरिएको छ।

## ७.१. कोशी प्रदेश

कोशी प्रदेश अन्तर्गत मोरङ, झापा र सुनसरी जिल्लाको स्थलगत अनुगमन गरिएको थियो। ती जिल्ला हरुमा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझावहरु निम्न छन्।

### <u>७.१.१. झापा</u>

मिति २०८२।०७।११ गते झापा जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**प्रदेश सभा सदस्यः**

भाद्र २४ गते २:३० बजे मेरो घरमा जुलुस आयो। प्रदेश सभाबाट राजिनामा दिने नभए मारी दिने भनी धम्की दिए। १५०/२०० सय मानिस थिए। फेरी राति १०/११ बजे आए। ढुङ्गा प्रहार गरे। ७ वटा मोटरसाइकलमा २१ जना आएका थिए। मोविल लिएर आएका थिए तिनीहरु गाउँ

बाहिरको केटाहरु थिए।

**गोपाल तामाङ्गः**

आपराधिक क्रियाकलापमा संलग्न १३२ जनाको पहिचान गरिएको छ। १७ जना उपर थानामा किटानी जाहेरी दिएकोमा निजहरुलाई हाजीर जमानीमा छाडेको छ। देश रहेन भने सम्पत्ति को केही Value हुदैन। घर पूर्ण रुपमा जल्यो। ५ मिनेट भित्र ३ वटा कोठा आगो लगाएका छन्। २ सकेन्डमा गेट भत्काए (Iron को Remote gate)मैले प्रतिकार गर्नु पर्ने भन्ने पछि Feel गरे। त्यो घटना नियोजित प्रायोजित घटना हो। अपराधमा संलग्न सवैलाई कानूनी दायरामा ल्याउनु पर्छ। सुन चोरेर गएको मान्छे समेत पनि प्रहरीबाट छुट्यो। Iphone चोर्नेहरुको Location देखिन्छ। वहालवाला प्रहरीले मेरो घरमा आगो लगाएको छ। CCTV Footage फोटो Album बनाई प्रहरी कहाँ दिएको छु कारबाही होस्।

**नेपालरत्न शिवाकोटी पूर्व मेयरको छोराः**

मेरो जत्तिको क्षति कसैकोमा छैन। CCTV Footage photo मा सबै छ। २००/३०० जना बिहान ८:०० बजे आई गाडी जलाए। मेरो छिमेकीको घरमा राख्छु भन्दा छिमेकीहरु पनि मानेनन्। १५ मिनेटमा मेरो पैसा सामान सबै लुटी सकेको छ। मेरो वच्चा अझैसम्म ट्रमामा छ। फेरि सोही दिन राति आगो लगाउन समूह आयो। फेरी भोलि पल्ट फुटाउन चोर्न आए। भाटभटेनी जलाए Insurance वालाको कमिशनको खेल शुरु भयो।

**बिष्णु प्रसाईः**

मेचीनगरमा आगो लगाए पछि बिष्णु प्रसाई कहाँ छ भने। छुरी तरवार ल्याएर आए ५०/६० जना रमिते बने। रा.स्व.पार्टी/रा.प्र.पा./माओवादीका मान्छे अग्रपंक्तिमा थिए। सवैले हात जोडेर भन्दा पनि नमानी पेट्रोल लगाएर घरमा सवै लुगाफाटा सहित आगजनी गरे। किन केही नभएको ठाउँमा ल्याएको भन्नेहरु पनि थिए। हामी अहिले वेसाहारा झै भएका छौं। अब सुरक्षा आफुले आफैलाई गर्नु पर्ने अवस्था आएको छ। प्रहरीले जाहेरी दर्ता त गर्दैनौ Notice मा मात्र राख्छौ भन्छन्।

**प्रेम गिरी ने.क.पा.एमाले अध्यक्षः**

यो आयोगको विश्वसनियताप्रति हाम्रो प्रश्न छ। हामी एमाले, काँग्रेसहरुको घर भिजिट गर्दा एउटै

Model बाट तोडफोड भएको छ। राम्रो विध्वंसकारीहरु प्रयोग भएका छन्। हामीसँग नियन्त्रित आगो छ, तिम्रो छाडा आगोलाई सतर्क गराउँछौ। हामीले CDO सावले भनेको कुरा मान्यौ। पुलिसले पक्राउ गरेकालाई छोडेको छ हामी पीडित मात्रै हैन लोकतन्त्रका हिमायती पनि हौं। रास्वपाका पदाधिकारीले अगुवाई गरेको छ। हाम्रो सम्पतिको क्षतिमा हामी चूप लाग्दैनौ। राजनीतिक आस्थाका सवै अफिसहरु डढाईएको छ। निजी सम्पत्ति क्षति सम्बन्धमा सम्बोधन गर्नु पर्छ। यो क्षेत्रमा राहतको प्याकेज राज्यले हेर्नुपर्छ। सुरक्षा राज्यकै जिम्मेवारी हो। यी अपराधीहरु खुल्लम खुल्ला हिँडिरहेका छन्। Druggist, ट्यापेहरुलाई अगाडि लगाएर काम गरेका छन्। लोकतान्त्रिक दलले अलोकतान्त्रित निर्णय गर्न नपरोस्। कन्काई नगरपालिकाको मेयर (नगर प्रमुख) को घरबाट ८० किलो सुन समातियो भनी (भाग्य न्यौपाने) You tuber ले भनेका छन्। खै त ८० किलो सुन ? सरकार संयम भयो भने स्थिति सम्हालिन्छ नत्र अवस्था अर्कै हुन्छ। किटानी जाहेरी आउँछ,प्रहरीको मनोबल समेत बढाउनु पर्छ।

**देउमान थेवे, नेपाली काँग्रेसः**

आन्दोलनको श्रृंखला भोग्दै आएको ४०/५० बर्ष भयो। तर २३/२४ गतेको आन्दोलन अकल्पनीय छ। म काठमाडौंमा नै थिएँ। नेपाल प्रहरीलाई यो २ दिनले विचरा नै बनाई दियो। ड्रेस,भवन केही छैन,प्रहरीकै हतियार लिएर प्रहरीलाई हानियो। यहाँ दुबै दलका तोडफोड, आगजनी, लुटपाटको pattern एउटै खालको छ। पिकअप गाडीमा पेट्रोल ,खुकुरी भाला, गैती बोकी सस्तो खाले रक्सी ख्वाँउदै मानिसहरुलाई बोकेर ल्याईरहेका छन्। घर आगजनी गरेपछि २ वटा गाडी अन्तै ठाउँमा राखेको थियो त्यही गई आगो लगाई दिएका छन्। कन्काईमा मेरो उपमेयर, मेयर, वडाअध्यक्षको घरमा आगोलागि भयो। पहिला CCTV फुटाउने अनि माथि गई पानी ट्यांकी तोड्ने र सबैलाई आओ भनी आव्हान गर्ने यस्तो पनि आन्दोलन हुन्छ। लुटेको सामान कहाँ कहाँ छन् भन्ने हामीले प्रहरीलाई भन्यौ,प्रहरीले काम गर्न सकेन। आफै खोज्दा सामान त्यहाँ रहेछ र व्यक्तिगत हिसाबले सामान फिर्ता समेत ल्यायौं। प्रहरी र CDO लाई भन्दा काम नहुने अवस्था छ। जेन्जीको नामबाट लुटपाट गराउने नेतृत्वलाई यो आयोगले कारवाही गर्छ की,गर्दैन? आयोगले दुधको दुध पानीको पानी छुट्टयाई दिन्छ? आगो लगाउनेहरुको अब सामाजिक बहिष्कार हुन थाल्यो यिनीहरुलाई यस्ले मात्र पुग्दैन कानूनी उपचार चाहिन्छ। काकडभिट्टा देखि दमकसम्म प्रहरी भवनको दुराअवस्था छ। हामी भन्दा पनि नेपाल प्रहरी/सशस्त्र प्रहरीलाई निरीह वनाइयो।

**प्रसाई युवा व्यवसायीः**

म एउटा युवा व्यवसायी हु। मेरो ८० बर्षको बुवा, र छोरीलाई निकाली घरमा आगलागि गरियो। एमालेको झोले भनेर आगो लगाईयो।यदि अपराधीलाई कारवाही नहुने हो भने हामीसँग पनि List छ/हामीहरुसँग पनि युवा छ।तोडफोड गर्ने हतियार सहित लुटने Lock फुटाउने पछि आगो लगाउने ३ वटा ग्रुप पेट्रोल बोतलमा बोकेर हिड्ने। प्रहरीको बिजोग देखियो प्रहरी अफिसरले म त असुरक्षित छु भन्ने कुरा सुन्दा दुःख लाग्यो।प्रहरी प्रशासनले संमयता अपनाएको छ। बिर्तामोडमा काँग्रेस/एमाले मिलेर प्रहरी कार्यालय बनायौ।

**दमक राजस्व प्रमुखः**

कार्यालय भाडाको घरमा थियो। दिउँसो आए सकाएर गए राति हामी बाहिर निस्केका थियौ। शुरुमा File निकालेर आगो लगाए,अर्को टोलीले बोतलमा बोकेर ल्याएको पेट्रोल राखी आगजनी गरे।

**मेचीनगर प्रमुख,गोपल बुढाथोकीः**

आक्रोशितहरुले बिहान ८ बजे देखि नै जलाउने काम शुरु गरे। सार्वजनिक सम्पति तोडफोड गर्दैनौ भनी धुलावारी कोणसभामा भने। त्यसपछि धुलावारी मोडबाट निस्केकाले धेरै ठाउँमा आगजनी गर्दै आए। वि.पि. सालिक र बिश्व प्रकाशको घर रहेको नगरपालिकाका अग्नि नियन्त्रकलाई खुकुरी देखाई आगो ननिभाउन भने। पेशेवर मान्छेहरु संलग्न छन्। हतियार,ज्वलनशील पदार्थ सहित, दराज, ढोका फुटाउने समेतको सामाग्री सहित यो विध्वंश मच्चाईएको छ। निर्ममतापूर्वक राज्यले नियन्त्रण नगरे ऊद्यमी,व्यवसायी र नागरिक कोही सुरक्षित नहुने देखिन्छ। पेशेवर लागुऔषध प्रयोग गर्ने, रिसईवी साध्न आएका अपराधीहरु सहित आएका छन्। Bullet मोटरसाईकल छ,मुख्य मान्छेहरुबाट Indian (भारतीय) गाडीहरुको Jeep को प्रयोग भएको छ। तत्काल आवेश भन्दा पूर्व योजना सहित थिए। मेची नगरमा प्रत्यक्ष रा.स्व.पार्टीका मान्छेहरु प्रयोग भईरहेका छन् Leading नै गरिरहेको छन्। मेरो घर ध्वस्त छ,म डेरामा वसीरहेको छु,मेरो अफिस पनि ध्वस्त छ। हामी समाजमा डेरा नपाउने अवस्थामा आयौं। हामी डेरामा बस्दा घर धनीले पनि सुरक्षित रहन नसक्ने भने। प्रहरीहरु नै असुरक्षित छन्,प्रहरीको मनोबल कमजोर बनाईएको छ। मुलुकको यही अवस्थाले राम्रो दिशानिर्देश गर्दैन।

**पवित्रा महतरा बिर्तामोड मेयरः**

नगरपालिकामा ८ नं. १० नं. वडा कार्यालयहरु ध्वस्त छन् जलेका छन् केही कागजपत्र छँदैछैनन। नगरपालिकामा समेत काम गर्ने अवस्था छैन। पहिला जाँदा साथ CC camera बन्द गर्ने,र ध्वस्त गर्ने फोडफाड गरी चोर्ने डकैती गर्ने सिलिण्डरहरु पनि प्रयोग गरी जान्ने मान्छेले आगो लगाउने गरेको छ। हेल्मेट/माक्स/चश्मा लगाएर आएका छन्। नगर रक्षक १५ जना छ तिनिहरुले रक्षा गर्न सक्ने स्थिति भएन। २३ गते बिर्तामोड नगरपालिका र दमक नगरपालिका ध्वस्त गऱ्यो। (ढुङ्गामुढा,तोडफोड,लुटपाटपनि भयो दिउँसो १ बजे) २३ गते ५ बजे मेरो घरमा नै २/४ जना भाई आई तपाई निस्की हाल्नुस् भने कसैले घरबाट निस्किन दिनु हुँदैन पेट्रोल छर्केर मार्छु भनी आएका थिए।

**दमक नगरपालिकाको मेयर( नगर प्रमुख) को श्रीमतीः**

हाम्रो घरमा घटना हुन्छ भनेर बिश्वास थिएन। दमक थाना आगजनी भएपछि हाम्रो घरमा आए तोडफोड गरी तल्लो तल्लामा भएको सहकारीमा तोडफोड गरे। त्यसपछि पेट्रोल छर्दै आगजनी गरे। आफूलाई परेको बेला कोही भएन। चिनेकै मान्छेहरु थिए। दोषीलाई कडा कारवाही होस्।

**भद्रपुर उपमेयर राधा शर्माः**

आजभोलि त राष्ट्रिय झण्डा छड्के रुपमा लगाई कोही मानिस आउँदा पनि डर लाग्न थाल्छ। २४ गते ४:३० बजे तिर मेरो घरमा आईपुगे १ जना चिनेकै मान्छे आए। मोटरसाईकल लिएर आएका थिए। चिनेकैले ए त्यसलाई थुन भने माक्स लगाएर र रक्सी खाएका थिए। गैटीले पर्खाल फोडे, CC Camera निकाले र एउटाले माथि ट्याङ्की फोडे। दमकल आउँदा आउदै जलाए,पछि दमकलको पाईप काटे एकछिनमा Spray गर्यो र आगो दन्दन्ती बल्यो अत्याचारको पराकाष्ठा भयो। २०/२५ वटा Bullet (२० बर्ष देखि २८ बर्ष उमेरको)डाकेर आएका थिए। मेरो घर काम नलाग्ने भएको छ। घरको बिमा गरेको छैन, घर सहकारीमा धितोमा राखेको छु।

**अर्जुनधारा नगरपालिकाको उपप्रमुख ,खड्गमाया पराजुलीः**

११ वटा कार्यालयमा २ वटा मर्मत गर्न नसक्ने अवस्थामा छन्। नगरपालिकामा तल्लो तल्लामा आगजनी भएको छ। सवै सवारी साधन नष्ट भएका छन्। १५ करोड माथि क्षति भएको अनुमान छ। सेवा दिन सामाग्री नै छैन। सीमित ठाउँबाट सेवा दिईरहेका छौ।

**झापा गाउँपालिकाः**

सवै वडा कार्यालय, गाडी,मोटरसाईकल डढाएको छन्। गाउँपालिकाका भवनहरु ध्वस्त छन् काम गर्ने वातावरण छैन। २३ गते केही भएको थिएन। २४ गते काठमाडौंको अवस्था हेरी सतर्कता अपनाउदा पनि १० बजे पछि आउन थाले। आन्दोलनकारीहरुले नगरपालिकाको गेट तोडे अनी आगजनी गरे। त्यहा आगजनी हुँदा दमकल पठाउदा जान दिएनन् राष्ट्रिय झण्डा ओढेर आई पहिला पानी टयांकी फोडे दराजबाट सुन, लुगाफाटा लुटे र आगजनी गरे। उपमेयर कहाँ गएर आगजनी गरे। ६०/७० को हुल थियो र अरु रमिते बने। हामीसँग भिडियो छ। प्रहरी मुचुल्का पनि छ। जाहेरी लिन पर्खनुस भनी रहेका छन्। लुटपाटको जाहेरी ३ महिना भित्र दिनुपर्छ तर राज्यले कारवाही गरेको छैन अब हामीले नै कारवाही गर्छौं।

**उपमेयर गौरादहः**

सबै परिवार संगै बसी टि.भी. हेरीरहेका थियौ, मेयरको २:३० बजे तिर फोन आयो तुरुन्तै सुरक्षित ठाउँमा गएर बस्नु भन्नु भयो। नयाँ नम्बरबाट राजिनामा दिनु भन्ने फोन आयो, तपाई कहाँ त आन्दोलनकारीहरु आउँदैछन् भन्यो। परिचय मांग्दा फोन काटी दियो। शुरुमा पानी टयांकी फोडे अनि सबै कोठा जलाए। छिमेकीहरुले पानी निभाउन खोज्दा पनि कुटपिट गरे। मान्छे सबै चिनेका छन्। ८०% रा.स्व.पा. र बाँकी माओवादीका हुन।

**केशव काकडभित्ताः**

मेरो घरमा आई मलाई घर छाडेर भाग भने। काकडभिट्टा प्रहरी चौकी आगजनी भएपछि मलाई सूचना आएको थियो। म घर भित्रै हुँदा ढुङ्गा मुढा भयो। एउटाले माईकमा निजी सम्पति नाश नगरौ भन्यो। ४०० मान्छे थिए, आधी जति गए। हातमा पेट्रोल बोकेका थिए। बेलुका ६ बजे तिर आई ढुङ्गामुढा गर्न थाले शिशिर चौलागाई भन्ने पत्रकारको संलग्नता छ।

**मेचीनगर सञ्चार प्रतिष्ठानको अध्यक्षः**

मेरो घरमा आउने को मान्छे हो भनी पता लगाउन थालेको छु ९/१० जना पत्ता लागे। इ.प्र.का.मा किटानी जाहेरी दिएको छु। झण्डा बोकेर मास्क लगाउने मान्छेहरु छन्। निजी सम्पति माथि तोडफोड हुँदा गृहमन्त्रीले किन काम नगरेको। आयोग प्रति बिश्वसनियता राम्रो छैन। खुला अर्थतन्त्रमा विश्वास गर्ने हामीलाई यो चोट वेदनाले र सरकारको व्यवहारले गर्दा हाम्रो लगानी भारत

लगायत ठाउँमा हुन सक्छ। प्रहरीलाई वर्दी खोलेर भाग, हतियार छोड,थुनुवा छोड्नु भनी किन भनिरहेका छन् ? प्रहरी प्रशासनको अवस्था साह्रै दयनिय छ। चोर,लुटाहा,गुण्डा, फटाहाले जे गर्दा पनि प्रशासनले छुट दिएको देखिन्छ। मान्छेले ठूलो रिस राखेको छ। आज हामी माथि अपमान हुँदा पनि राज्य चुप लागेको छ। हाम्रो आत्मा पोलेको छ। प्रहरी पनि पीडित छ दोषी मान्छेहरु खुलेआम हिडेका छन्, यसले उल्टो मन भत्भती पोल्ने रहेछ। आफ्नै देशमा अनागरिक झैं लागेको गुनासो छ।

**इन्दु बुढाथोकी, नेपाली काँग्रेस क्षेत्रिय सभापतिः**

मेची नगरपालिकामा आगजनी गर्न पुगेको समूहले नेपाली काँग्रेसको क्षेत्रीय कार्यालय,गिरिजा प्रतिष्ठानमा क्षति गरे। आयोग प्रति भन्दा पनि ब्यक्ति प्रति बिश्वास छैन। तिहार पछि अझ सशक्त आन्दोलन हुन्छ भन्ने छ। गैटी,बेल्चा बोकेका मान्छेलाई कस्ले परिचालित गरे। सामाजिक सञ्जाल र त्यसमा पनि You tuber ले प्रचार प्रसार गरेर अरुलाई यस्ता कार्य गर्न हौसला बढाए। हतियार नै फिर्ता नहुँदा प्रहरी र नागरिक कसरी सुरक्षित हुने। सिंहदरवार त सुरक्षित भएन भने देशमा कसरी सुरक्षा हुन्छ। राजनीतिक पार्टीका सवै भ्रष्टचारी हुन भन्ने भाष्य निर्माण गरियो। आतंक मच्चिएको अवस्था छ। राजनैतिक चेतना कम भएको छ। गिरिजाप्रसाद कोईरालाको सालिकको टाउको लिएर के.पी वली मुर्दावाद भन्ने नारा लगाउँथे। सञ्चारको क्षेत्रमा काम गरेका शिशर चौलागाईको उक्साहटमा तोडफोड भयो। किन समाज सेवामा लाग्ने भन्ने भावना बढ्यो। घर राम्रो हुँदा राम्रो गाडी चढ्दा भ्रष्टाचारी हुने ?

**दमक नेपाली काँग्रस सभापति**

के.पी.शर्मा ओलीको घर शान्ति मार्ग मा आगजनी गर्न जाने भनी हिडेका व्यक्तिहरुले इलाका प्रहरी कार्यालयमा पहिला हाने। मेयर पछि उपमेयरको घरमा हाने। यी अपराधीहरुलाई घरबाट निकाली राम्ररी वदला लिन सक्ने क्षमता छ, हामी सक्छौं तैपनि हामी संयमित छौ ,कानूनी उपचारका लागि अघि बढ्छौं।

**भद्रपुर नगर प्रमुखः**

भद्रपुरमा २३ गते केही भएन। आगजनी लुटपाट होला भन्ने सोचेको नै थिईएन। कृष्ण सिटौलाको घर आगलगि पछि मेरो र उपमेयर लगायतको घरमा आगजनी गरे। त्यसपछि नगरपालिका र पछि

सवै वडा ध्वस्त पारिएको छ। स्थानीय मान्छेहरु नै छन्। केही राजनैतिक दलका नेताहरुले नै परिचालन गरेको देखिन्छ। ३ वटै पार्टीका नेताहरु परिचालित छन्। चौकी बनाउन सहकार्य गर्न तिनै प्रवृतिका मान्छेहरु आए तर पुनः निर्माणमा सहभागी गराईएन।२००८ सालको नगरपालिका (पूरा नो) ध्वस्त पारिएको छ।अहिले निर्वाचनको कुरा गरे पनि प्रहरीको मनोबल निकै कमजोर छ। वास्तवमा यी अपराधीहरुलाई कारवाही भएन भने देश द्वन्द तर्फ पुनःजान सक्छ।

**शिव सताक्षीः**

यूवा विदेश जानु हुँदैन भनिन्छ तर तिनै यूवालाई सिफारिस दिइन्छ। घटनाका अपराधीहरु सबैलाई कानूनी कारवाही हुनुपर्छ।

**कन्काई नगरपालिका राजेन्द्र पोखरेलः**

नगरपालिका र व्यक्तिगत घरभित्र पस्ने मान्छे २०/२५ जना प्रायः चोर्ने खालका नै छन्। मेरो घरमा ९० बर्षको वृद्ध विरामी आमालाई निकाल्न गाह्रो भयो। एकदमै अमानवीय व्यवहार देखाए। GEN-Z पुस्ताका पछाडि वदला लिने समूह धेरै छ। ९ वटै वडा कार्यालयमा मा क्षति भएको छ। किन हामीले काम गर्ने भन्ने भावना विकास भएको छ। २४ गते कतै क्षति गर्दैनन भन्ने सोच थियो। मजदुरी गर्ने मान्छेलाई उचालेर ल्याईएको छ, उकास्नेहरुलाई कारवाही गर्नुपर्छ। Routine of Nepal Banda भाग्य न्यौपाने, हरुले उकासेर मेरो घर जलाए। केही मान्छेले अघिल्लो दिन बसेरै plan गरेका छन्। प्रहरीको मनोबल एकदमै कमजोर भएको छ। पुलिस देख्दा भाग्ने अपराधीहरु अब प्रहरी नै अपराधिहरु देख्दा भाग्नु पर्ने स्थिती देखीन्छ। ४ घण्टा घर जलाएर एउटा मान्छे मोटरसाईकलमा आएर बसेर काम सकेर गएको छ। साँझ परे पछि ६/७ जना मान्छे लुट्न आउँदा प्रतिकार गरे पछि कोही आउन सकेन। हामीले त बदला लिन सक्छौ तर कानून मिच्न चाहदैनौ अपराधीलाई कारवाही भएन भने के हुन्छ थाहा छैन। आसा नै जीवनको ठूलो चिज रहेछ।

**वुद्धीमान थापा दमकः**

के.पी.ओलीलाई भोट हालेको भनी १/२ घण्टा सम्म के के गरे भन्ने CCTV Camera मा छ। व्यक्तिगत २ वटा गाडी जलाए। पहिला ट्यांकी फोड्ने पानीको,हतियार सहित थिए, बच्चा घरमा छ आगो लगाएको छ,विभिन्न निकायलाई फोन गर्दा कोही पनि आएन, हामी कुन देशमा बसिरहेका छौं? मेरो ६ बर्षको छोरीले बाबा हामी मर्न लागेको हो भनी सोधेको छ। न सरकार न छिमेकी ,शुन्य

समय हामीले भोग्यौ। मेरो घर र मेरो परिवार खोजी खोजी किन ध्वस्त पारियो ? गाडी त कमाएर ल्याएर किनेर चढेको हो। मैले APF सँग पनि आस गरेको थिए। जलाउनेहरु सबै दुर्गा प्रसाईको मान्छे भन्छ। यस्तो अवस्था फेरी नदोहोरियोस्।

## ७.१.२. सुनसरी

मिति २०८२। ०८। १७ गते सुनसरी जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**प्रमुख जिल्ला अधिकारी सुनसरी :**

अहिले एक त राम्ररी सुरक्षा दिन सकेको छैनौ,क्षतिको विवरण माग्न धेरै गाह्रो छ, स्थानीय जनताहरु आक्रोशित छन्। निजी घर पनि जलाइएको छ।अपराधिहरुलाई कानूनी कारबाही गर्छौं। प्रशासनको संयमताले ठूलो दुर्घटना टर्यो ईटहरी नगरपालिका जलाउन आउने सबै चिन्छौं भन्ने जानकारी आएको छ। चुनावका लागि राजनीतिक दल भित्र न्यूनतम सहमती निर्माण गर्नुपर्छ। दलहरुले पनि लचकता देखाउँदै यही संविधान भित्रबाट सहमती खोज्नु पर्छ। २३ गते ईटहरी चौकी आक्रमण गर्न आउने २ जनाको प्रहरीको गोलीबाट मृत्यु भयो। ५० जना बिद्यार्थी र उनीहरुका पछाडि मास्क लगाएकाहरु थिए, नगरपालिकाको गेटमा। २३ गते सबै सिसा फुटाईयो। भोलिपल्ट २४ गते जलाए।

**झुम्का कारागारः**

भागेका १७९६ कैदीवन्दीहरु मध्ये फिर्ता १२०० भन्दा बढी, फिर्ता हुने बाँकी ६००। पछि ईटहरीमा १५० जति मानिस थिए। २३ गते १० बजे तिर चोकमा आई पुग्दा ५००/६०० जति भए। तर धरान तिर जाँदा फर्कदा १५००/२००० जति जम्मा भए जेन्जी वाहेक अरु पनि थिए।

**ईटहरी सशस्त्र वाहिनीपती कुमार न्यौपानेः**

सशस्त्रबाट S.P. को कमाण्डमा खटिएको थियो। भीड नियन्त्रणमा UNITY ले COMMAND पनि देखिएन। कसैको क्षति नहोस् भनी सवैले सुरक्षित रहन भने (गृह लगायत सवै UNIT ले )। घटनामा आन्दोलनकारीबाट पेट्रोल बम पनि प्रहार भएको छ। सार्वजनिक पदमा भएका कारण घर असुरक्षित हुने,परिवार असुरक्षित हुने अवस्था आउन हुँदैन। भ्रष्टाचार, हत्यारा भन्ने बात लाग्ने

अवस्थामा हामीले कसरी काम गर्ने ?

**<u>७.१.३. मोरङ्गः</u>**

मिति २०८२। ०८। ०७ गते मोरङ्ग जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**उद्योग संगठन, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलालः**

हाम्रो आत्मसम्मानमा ठूलो चोट छ। Nepali Rika hotel चलेको २ बर्ष भएको थियो क्षति भयो। हाम्रो नेपाली समाजमा यस्तो हुन्छ भन्ने कहिल्यै सोचेनौ। पहिचान गरेको अपराधीहरु ३०० जना जती छन्। होटलमा विदेशी १५ जना थियो Guest हरुलाई झ्यालबाट सिँढी लगाएर उद्धार (Rescue) गर्यौं। हाम्रो देशप्रति धारणा कस्तो रहेको होला। हामीसँग सबै Footage हरु छ। प्रहरी प्रशासनको मनोबल ह्वातै घटेको छ। हामी व्यसायी हौ ,हाम्रो सुरक्षा कसले गर्ने,सवै सरकारी निकाय दुर्वल अवस्थामा छ।

**सुन्दर हरैचा नगर प्रमुखः**

निजी सार्वजनिक र औद्योगिक सम्पत्ति सबै ध्वस्त भएको छ। आयोगको काम कसरी हुन्छ पीडितले न्याय पाउने पीडकले सजाय पाउने अवस्थामा हुन्छ कि हुँदैन विश्वस्त पार्नुपर्यो। अध्यक्षकै अभिव्यक्ति हामीले सुनेका छौं। अहिले प्रधानमन्त्रीको अभिव्यक्तिले पनि थुप्रै शंका उत्पन्न गरायो। एउटा हाफ पेन्टमा, कट्टुमा हामी गाउँमा हिड्न परेको छ। हामी पनि हातमा दहिं जमाएर बस्दैनौ। हामी लुट्नका लागि नगरपालिकामा आएका होईनौ। राज्य छ, हामीले अनुभूति गरेका छैनौ। हामी खरानीको बीचमा वसेर २९ गते देखि नियमित सेवा दिईरहेको छौ। गृहमन्त्री,प्रधानमन्त्रीको अभिव्यक्ति आपत्तिजनक छ। हाम्रा कार्यालयहरुको मर्मत र कम्प्युटर लगायत खरिद गर्न सरकारले तत्काल सहयोग गर्नुपर्छ। ८ करोड माथिको क्षति भएको छ। मेरो घरमा मात्रै २५/३० लाखको क्षति भएको छ।

**कारी बहादुर बस्नेत वडा नं.१ को वडा अध्यक्षः**

मेरो घरमा २४ गते ४:३० मा भित्र गई आगजनी गरेको प्रमाण सहित प्रहरीमा निबेदन दिए पनि कारवाही भएको छैन। आयोगबाट तपाईहरु हामीलाई अल्मलाउन आउनु भएको हो की ? भन्ने

शंका छ। दोषी खुलेआम हिडिरहेका छन्। ६०/६५ बर्ष माथिको मान्छेले ईशारा दिएर युवाहरुले आगो लगाई रहेका छन्। प्रशासनले कारवाही नगर्दा हामी कहाँ जाने ? तपाईले क्षति पुर्याउने र अपराधीलाई कारवाही गर्न सक्नु हुन्छ ?

**ज.स.पा.अध्यक्षः**

गुण्डाहरुले सवै आगजनी, लुटपाट गरेको छ, भाटभटेनी हाम्रो सान थियो सबै जलाय अपराधीहरुले। घटना घटाउने व्यक्तिहरुको पहिचान र कारबाही गरिनुपर्छ।

**सागर थापा ने.क.पा.एमाले अध्यक्षः**

५० लाख भन्दा वढी क्षति एमालेको पार्टी कार्यालयमा भएको छ। सक्कली जेन्जीले, वीरेन्द्र सभागृह वचाएका छन्। कसैले प्रतिशोध साधिरहेका छन्। जेन्जीको नाममा विध्वंश गर्नेहरुलाई कारवाही गर्नुपर्छ। हिजो हामी जेन्जीको आन्दोलन प्रति समर्थनमा थियौ। सरकारले संयमता नअपनाए वाद प्रतिवाद हुन्छ ,विष्फोटन हुन्छ। सार्थक रुपमा आयोग लागोस्।

**भक्तिनाथ माझी नेपाली काँग्रेस का.वा.सभापतिः**

२४ घण्टाको परिवर्तन साच्चिकै अकल्पनीय रहयो। सबैलाई आन्दोलनकारीहरुलाई समेत। मोरङ्ग जिल्लालाई अशान्त हुन नदिन क्रियाशिल थियौ। आयोगको उदेश्य के हो ? आन्दोलनकारीलाई कारवाही कसरी हुन्छ जेन्जी आन्दोलनको नाममा कारवाही नगर्नु भन्ने हो यो सरकारले। आयोगले निष्पक्ष ढङ्गले काम गर्नुपर्छ। कोईराला निवास कहाँ छ भनी सोध्दै आगजनी भएको छ। सरकारको स्वार्थपूर्ति गर्ने हो भने आयोगको कुनै काम छैन। हामीले मुडभेड नचाहेकै हो। हामीले आन्दोलनलाई सहजता गरेका थियौ। अध्यक्षको भनाईले यो आयोगको विश्वसनीयता देखिदैन। ७० लाख पार्टी कार्यालयमा क्षति २ करोड भन्दा बढी कोइराला निवासमा क्षति भएको छ। राज्यको दायित्व खै ? सेवा प्रवाह गर्ने कार्यालयहरुलाई तुरुन्त साधन उपलव्ध गराउनु पर्यो।

**पवन सारडाः**

२३ गते दिउँसोसम्म शान्त थियो। २ बजे पछि टायर बाल्न थाले। केही जेन्जीहरु पनि थिए तर लुटपाटमा अन्य तत्व थिए। हाम्रो भौतिक र मानसिक रुपमा ठूलो क्षति भएको छ। व्यापार व्यवसाय चलेको छैन बैङ्कको ऋण ब्याज तिर्नु पर्नेछ। सरकारले युवाहरुको आवाज संवोधन गर्न

सक्ने हुनु पर्छ। आगामी दिनमा हामी कसरी विश्वस्त हुने। भोलिको दिन यस्तो नहोस्। आगजनी र अपराधमा लाग्नेलाई कारबाही हुनै पर्छ।

**नागेश कोईराला मेयर विराटनगरः**

जेन्जी आन्दोलनमा ७१ जना कसरी शहीद भए भन्ने कुरा स्पष्ट रुपमा आयोगको प्रतिवेदनमा आउनु पर्छ। मेरो ३५/४० लाखको क्षति भएको छ। जियनजेडको नाममा बाहिरका मान्छे आई घूसपैठ गराइ आगजनी लुटपाट भयो। पार्टी कार्यालय ध्वस्त भयो क्षति करीब ७० लाख छ। महानगरपालिका भवन समेत ध्वस्त भई सक्यो एउटा पनि साधन श्रोत छैन। आयोग माथि प्रश्न चिन्ह खडा भएको छ। घरको सामान लुटपाट तोडफोड भयो। यस्तो परिस्थिति आउँछ भन्ने थाहा भए हामी संगठित हुन्थ्यौ। मैले नाम दिंदा पनि अपराधिहरुलाई सरकारले कारबाही गरेन भने भविष्यमा अप्ठयारो पर्छ।

**किशोर पाण्डे माओवादी केन्द्रः**

अध्यक्षले सामाजिक सञ्जालमा व्यक्त गरेका घटनाले आयोगप्रति प्रश्न चिन्ह खडा भयो। २०४६ साल देखि दल र कर्मचारीको शाशनको दम्भ र आदेशले यो अवस्था आयो। शाशकीय स्वरुप लगायत सवैमा सुधार आवश्यक छ। आन्दोलनमा Vested Interest सहित परिचालित भयो। अप्ठयारो फेरी भोलि पनि नआउला भन्ने छैन। सामाजिक अवस्था चित्रण होस् प्रतिवेदनमा। नियोजित कुरा र घूसपैठका कुरा स्पष्ट हुनु पर्छ। दोषीलाई कारवाहीको दायरामा ल्याउनु पर्छ।

**कृष्ण निरौला, रा.स्व.पाः**

२३ गते स्कुल ड्रेसका बच्चाहरु १९ जना मृत्यु हुन्छन् भन्ने कसले अनुमान गरेको थिए। घटनाको सम्बन्धमा मैले खेद प्रकट गरेको छु। रा.स्व.पा.सदस्य कार्यकर्तालाई पनि अपराधमा संलग्न भएको भए कारवाही गर्नुपर्छ। अहिलेको अवस्था आउनका लागि सवै दलहरुको कार्यशैली प्रमुख कारण देखिन्छ। व्यक्तिगत घर, सम्पति, तोडफोड, आगजनी, लुटपाट गर्ने सबैलाई कानूनी दायरामा ल्याउनु पर्छ।

**ने.क.पा.एस.,चन्दविर राईः**

अप्रिय असामयिक घटना घटेको छ। जेन्जीले उठाएका मुद्दा जायज नै छन्। भोलिपल्टको

जिम्मेवारी जेन्जीले पनि लिनुपर्छ। राजनैतिक पार्टी एकदम संवेदनशील हुनुपर्छ।

**आन्तरिक राजस्व कार्यालय शिव उप्रेती:**

२४ गते २००/३०० जना समूह आए। हाम्रो सबैको सम्पति हो तोडफोड नगरौं भन्दा मानेनन्। घर (३ वटा) ध्वस्त भए। सरकारी मुचुल्का मूल्यांकन पनि भईरहेको छ। सरकारी कर्मचारीलाई हटाउने, कठालो समाउने काम पनि भयो कर्मचारी निरुत्साहित भएका छन् मनोबल बढाउनुपर्यो।

**कोलेनिका प्रमुख, मोरङ्ग:**

भाद्र २३ र २४ गतेको आन्दोलनमा हाम्रा भवन सवै क्षति भएका छन्। क्षति मूल्यांकन समितिले तयार गरेको क्षतिको विवरण सिडियो अफिसमा Detail सहित छ। सबै आए पछि मिन्हा समितिको बैठक बस्छ। यो समितिले मिन्हा दिँदैन तर मिन्हाको लागि सिफारिस गर्छ।

**मालपोत प्रमुख:**

मालपोत कार्यालयमा क्षति भएको छ। अस्ती २६ गतेबाट कार्यालय सञ्चालन भएको छ। अभिलेख (तामेली व्यवस्थापन) मा क्षति भएको छ। १९७९ देखी २०३० सम्मका सवै प्रमाण खरानी भएका छन्। दर्ता किताब कुनै पनि वाँकी रहेनन। भूमि सुधार कार्यालयको सवै कागजात क्षति भएको छ।

समग्रमा भ्रमण गरिएका जिल्लाहरुको शान्ति सुरक्षाको स्थिति अत्यन्त तरल अवस्थामा भएको पाईयो। सुरक्षा निकाय खास गरी प्रहरीको मनोबल अति कमजोर भएको छ। साथै आयोगले देशलाई निकास दिने औजार बनोस तर प्रतिसोधको हतियार नबनोस भन्ने भावना समेत पाईयो।

## ७.२. मधेश प्रदेश

मधेश प्रदेश अन्तर्गत बारा र पर्सा जिल्लाको अनुगमन गरिएको थियो। ती जिल्ला हरुमा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझाव हरु निम्न छन।

### <u>७.२.१.पर्सा</u>

मिति २०८२।०७।११ गते पर्सा जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रिया बाट प्राप्त राय:

**प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीः**

भदौ २३ गतेको जेन्जी आन्दोलनको लागि सामान्य तथा शान्त तवरले आन्दोलन गर्नेगरी अनुमति लिएका थिए। काठमाडौंमा भएको आन्दोलनको सूचना पश्चात यहाँ आन्दोलन थप बढेको देखिन्छ। वीरगंज म.न.पा. र वडाहरु आन्तरिक राजश्व कार्यालय, नेपाल टेलिकम, उच्च अदालत, यातायात कार्यालयमा क्षति, कारागारमा कार्यालयमा तोडफोड भएको छ। व्यक्तिगत घरहरुमा, प्रदीप यादव, राजकुमार गुप्ता, अजय चौरासिया, लालवावु रावत, अनिल रुङ्गटाको घरमा क्षति भएको। २३ गतेको घटना सामान्य भयो। २४ गते क्षतिको घटना भएको थियो।

२४ गते कर्फ्यू आदेश जारी भएको। सबै सरकारी कार्यालयका सवारीसाधन एकीकृत गरेर जोगाउने प्रयास गरियो। बाल सुधार गृहमा पर्खाल तोडेर केही बालवन्दी भागेका छन्। भाद्र २९ गतेदेखि सेवा प्रवाह सुचारु भयो। दमकलहरु सुरक्षा निकायमा राख्दा थप सुरक्षित हुन सक्ने देखियो। आपराधिक घटनामा संलग्नलाई कारवाही हुनुपर्यो भन्ने पीडित पक्षको माग रहेको छ।

**राम नारायण कुर्मीः (नेपाली काङ्ग्रेस पर्सा उपसभापति)**

वीरगञ्ज मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनको उद्गम स्थल हो। जेन्जी आन्दोलनका नाममा जेन्जी नभएका व्यक्तिहरुले आपराधिक गतिविधि बढाए। सुरक्षा निकायलाई आगो लगाइँदै छ सुरुक्षा पठाइदिनुहोस भनेर अनुरोध गरियो तर संख्या कम भएर होला पठाइएन, दमकल पानी समयमा आएन। अवका दिनमा दमकल सुरक्षा निकायमा राख्नुपर्छ।

**डा. विश्वमणी शर्माः (ने.क.पा.एमाले जिल्ला अध्यक्ष)**

मान्छे मर्नुभन्दा पनि काल पल्किनु दुःखद हो भनेजस्तै भयो। अनपेक्षित घटना भयो यस्तो होला भन्ने पूर्वानुमान थिए। काठमाडौंको घटनाको सूचनापछि मात्रै वीरगञ्जमा क्षति पुऱ्याइयो। यसमा रिस रागको गन्ध देखियो। यदि एमालेले गरेको भएपनि हामी कारवाही भोग्न तयार छौं। अन्य दलका अर्थात् जो भएपनि कानून बमोजिम कारबाही होस। टार्गेट पार्टी कार्यालय र नेताका घर किन भयो ? शक्तिको प्रदर्शनको आधारमा सरकार चलाउने हो भने यो सरकारको अवधि कहिलेसम्म हो ? सुरक्षाकर्मीलाई सुरक्षा कमाण्डरले हतियारको सुरक्षा गरेर भाग भन्ने निर्देशन प्राप्त भयो भनीयो। अवस्था यस्तै हुने हो भने राष्ट्रसेवकले, सुरक्षाकर्मीले कसरी देशको सेवा गर्ने? त्यसकारण दोषीलाई कानून बमोजिम कारवाही होस्।

**अजय कुमार चौरासियाः (पूर्व कानून मन्त्री)**

नेपालमा सोसल मिडिया बन्द गर्ने निर्णय भएपछि जुन किसिमको घटना भयो त्यसमा मृत्युवरण गर्ने मृतकप्रति श्रद्धाञ्जली र घाइतेप्रति समवेदना प्रकट गर्दछु। सरकारी निजी सम्पतिमा आगो लगाउने जुन निन्दनीय कार्य गरियो यो रेकर्डमा रहने छ। यो आन्दोलनले लोकतन्त्रलाई नै सिध्याउन खोजियो यस्तो आपराधिक क्रियाकलाप गर्नेलाई काननू बमोजिम कारबाही होस्। घटनाको समयमा म नेपाल सरकारको कामको शिलसिलामा युगाण्डा गएको थिए। घरमा चार-चार पटकको प्रयासमा आगजनी र लुटपाट गरियो। रातको ३ बजे मात्रै आगो निभाउन सफल भएछन् यसका लागि सुरक्षा निकायलाई धन्यवाद। यो घटना नियोजित थियो यस्तो घटनाका दोषीलाई कसैले ढाकछोप गर्ने छैनौ। यो लोकतान्त्रिक व्यवस्थामा दोषीलाई कारवाही होस् भन्ने तवरले आयोगले प्रतिवेदन दिनेछ भन्ने विश्वास लिएको छु।

**राजेशमान सिंहः (प्रमुख वीरगंज महानगरपालिका)**

रिसरागले आन्दोलन गरियो, पहिले घर जलाइयो त्यसपछि लुटपाट गरियो। जेन्जीहरुको नाममा सामाजिक सञ्जालमा हाम्रा मृतक बा अमालाई गाली गर्नु सही हो त ? भोलिका दिनमा यस्ता दोषीमाथि कानूनी कारवाही भएन भने हामी प्रतिवाद गर्न बाध्य हुनेछौ। महानगरपालिकाले २१ ट्याक्टर लुटिएको सामान फिर्ता ल्यायो। फिर्ता नभएको सामान कति होला ? पत्रकारको भूमिका निष्पक्ष भएन समाज भड्काउन खोजियो सामाजिक सद्भाव विगार्न खोजियो प्रशासनले यो विषयमा आवश्यक कदम चलाउन आवश्यक सहयोग गर्न महानगर तयार छ।

**शशि कपुरनिया : (ज.स.पा.नेपाल)**

भदौ २३ गते साँझ जेन्जीको नाममा राजनीतिक दलहरुलेनै आन्दोलन गरे। २४ गते आपराधिक शैलीमा आगजनी र लुटपाट गर्ने काम भयो। नेपालमा छानविन सम्बन्धी विभिन्न मितिमा धेरै आयोग बने तर धेरै प्रतिवेदन सार्वजनिक भएका छैनन्। प्रहरीले जाहेरी दर्ता गर्न किन मानिरहेको छैन ? दर्ता गरी कानून बमोजिम कारवाही होस्।

**उद्योग वाणिज्य संघ वीरगंजकाः (प्रतिनिधि)**

आयोग उद्योग व्यावसाय सम्म पनि पुगोस् आयोगको प्रतिवेदनले व्यावसाय राम्रोसँग सञ्चालन होस्। जेन्जीको नाममा स्टेकहोल्डर फरक छन् राम्रोसँग छानविन गरी दोषीउपर कारवाही होस्।

**अशोककुमार गुप्ताः (नेपाली कांग्रेस)**

यो आन्दोलनको जिम्मा अहिलेसम्म कसैले पनि लिएको छैन। कि राज्यले क्षतिपूर्ति तिर्नुपर्यो नत्र भने दोषी को हो ? उसलाई क्षतिपूर्ति तिराउनुपर्यो। उक्त दिनमा सुरक्षा निकायको सक्रियता कस्तो थियो ? लोकतन्त्र मास्न खोज्नेलाई तुरुन्तै जाहेरी दर्ता गरी कारवाही प्रकृया अगाडि बढाइयोस्।

**प्रमुख कर अधिकृतः (आन्तरिक राजश्व कार्यालय)**

क्षतिको विवरण जिल्ला प्रशासन कार्यालय र माथिल्लो निकायमा पेश गरिएको छ। नेपाल प्रहरी र सुरक्षा निकायलाई मनोबल उच्च पारेर काममा फर्काउनुपर्ने आवश्यकता रहेको छ। यस विषयमा आवश्यक समन्वय होस्।

**प्रमुख प्रशासकीय अधिकृतः (पर्सागढी न.पा)**

घटना घटाउने भिडियो फुटेजमा ग्यारेजमा काम गर्ने भारतीय र वंगलादेशी व्याक्ति देखिएका छन्। कबाडमा काम गर्ने व्याक्तिहरु पनि देखिएका छन्। निष्पछ छानविन होस्। अन्य कर्मचारी त्यसमा पनि स्थानीय तहका कर्मचारी बढी टार्गेटमा छन् आवश्यक सुरक्षा प्रदान गरियोस्।

**काशिराम वलीः (नेपाल आयल निगम)**

भारतीय मूलका केही मानिसले आयल निगम अगाडि आएर टायर बालेर आन्दोलन गरेका थिए। जेन्जीको नाममा अदृश्य शक्ति रहेको देखिन्छ निष्पक्ष छानविन होस्।

**प्रमुख प्रशासकीय अधिकृतः (वीरगंज महानगरपालिका)**

क्षतिको विवरण सबै सम्बन्धित निकायमा पेश गरिएको छ। लुटपाट गरिएको धेरै सामान कबाड व्यवसायीबाट फिर्ता ल्याइयो। २३ ट्याकटर भन्दा बढी सामान व्याक्तिहरुको घरबाट फिर्ता ल्याइयो। दोषीहरु खुलेआम हिडेका छन्। प्रहरीले जाहेरी दर्ता गर्न मानेको छैन। ध्यानाकर्षण होस्। वीरगंज महानगरपालिकामा ४० वटा शाखा छन्। सामाग्री मागेर अफिस चलाउन सकिने अवस्था छैन। नयाँ खरिदमा अनुमति प्राप्त होस् कर्मचारीको मनोवल बढ्ने गरी काम गरियोस्।

**अनिश कुमार गुप्ताः (नेपाल टेलिकम)**

कार्यालयभित्र ६ वटा गाडी जले। देशभर सूचना प्रवाह गर्ने निकाय नेपाल टेलिकममाथि आक्रमण

गरियो। कर्मचारीका सामान लुटिएका छन्। फिर्ता कहिले हुन्छन् ? आगामी दिनमा यस्ता घटना नहुने तवरले काम गरियोस्।

## ७.२.२. बारा

मिति २०८२। ०७। ११ गते बारा जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**कृष्णकुमार श्रेष्ठः (किसान) (विघटित प्रतिनिधि सभा सदस्य)**

भाद्र २३ मा सहादत प्राप्त (मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली र २४ गते घटेका घटनाका दोषीलाई कारवाही होस्। २२ गते म काशी गएको थिएँ। मेरो अनुरोध सुरक्षा निकायलाई २४ गते कुनै बल प्रयोग नगर्न अनुरोध गरे। २४ गते सुरुमा विरोध प्रदर्शन स्वभाविक थियो। तर त्यस पश्चात् घूसपैठ भयो र जितपुर नगरपालिकाको भवन जलाइयो जसमा नगरपालिकाको कर्मचारी समेत संलग्न थिए।

जेन्जीले आन्दोलन स्थगित गरेपछि करिव ५ बजे केही दलालहरुले उकासेर मेरो घर लगायत गाडी जलाइयो। जलाएपछि त्यहाँ भएका उद्योगधन्दा बन्द गर्न सकिन्छ भन्ने नियत थियो। प्रहरीले जाहेरी दर्ता गर्न मानेको छैन। पत्रकारले लाइटर दिएर घर जलाएको छ। यो सबै पत्रकारलाई भनेको होइन। छिटोभन्दा छिटो हाम्रो मुद्दा दर्ता गरियोस् र दोषीलाई कारवाहीको प्रक्रिया अगाडि बढाइयोस्।

**अच्युत मैनालीः (विघटित प्रतिनिधिसभा सदस्य)**

म विगत १४ बर्षदेखि सामाजिक सेवामा सक्रिय छु। पेट्रोल किनेर घर जलाइएको छ। यस छानविन आयोगको अध्यक्ष सर्वोच्च अदालतको न्यायाधीश बन्नुपर्थ्यो। आयोगको भूमिका निष्पक्ष होस्। निजगढका १३ मध्य ११ वटा वडा आगो लगाउनु राजनैतिक कारण हो। हाम्रो कामहरु प्रकृयामुखी हुँदा जेन्जीका नाममा सुशासनको मुद्दा लिएर आन्दोलन भयो के सुशासन प्राप्त गर्यो त ?

**ज्वाला साहः (विघटित प्रतिनिधि सभा सदस्य)**

भदौ २३ गते बच्चाहरुलाई ताकि ताकि गोली हान्ने को हो ? अहिलेसम्म कारबाही किन भएन? सरकारी र निजी सम्पत्तिमा आगो लगाउने अपराधीलाई कारबाही हुन किन ढिला भएको छ? के.पी

शर्मा वलीको पासपोर्ट र उपत्यका बाहिर जान रोक्का किन गर्नुपर्यो ? नेपाली काङग्रेस र एमालेको सरकार बन्दा अन्य पक्षले यो अवस्था निम्त्याएको हुन सक्छ। मेरो घर जलाउन लागे भनेर सुरक्षा निकायलाई फोर्स पठाउनुस् भने तर सुरक्षा निकायले टेरेन। सशस्त्र प्रहरीले सहयोग गरेन सशस्त्र प्रहरी जनपथमा मर्ज हुनुपर्छ। आयोगले दोषीलाई कारवाही गरेन भने हामी आफैले कारवाही गर्नेवाला छौ। जेन्जीका नाममा बच्चा मारिए देश सही ट्र्याकमा छैन घटनाको प्रकृति अदृश्य छ। अध्यक्षज्यू यो दबाव तपाइले थेग्न सक्नुहुन्छ कि नाई ? तुरुन्तै मुद्दा दर्ता गरेर दोषीमाथि कारवाही होस्।

**अमृत शर्मा बजगाईः**

जेन्जीको नाममा अरुले आतंक मच्चाएको छ। सामाजिक सञ्जालमा जसले बढी गाली गर्यो उ हाइलाइट हुने खालको परिस्थिति बनेको छ। अब दोषीलाई के कसरी कारबाही हुन्छ ? आयोगबाट छिटो भन्दा छिटो कारबाही होस्। प्रहरीको मनोबल गिरेको छ। २३ गतेको घटना नै शंकास्पद छ। बच्चाको टाउको ताकेर प्रहरीले गोली हानेको हो ? आयोगको भनाई र गृह मन्त्रीको आदेशमा विरोधाभाष भयो कि ? सुदन गुरुङको भूमिका के हो ? आयोगले निष्पक्ष छानविन गरोस्।

**विनोदप्रसाद साहः (प्रमुख, कलैया उ.म.न.पा)**

आयोगका अध्यक्ष कसैको दवावमा नगइकन निष्पक्ष हुनुपर्छ। भदौ २४ गतेको डकैती शैलीमा लुटपाट गर्नेलाई कारबाही गर्न निर्देशन दिनुहोस्। निष्पक्ष रुपमा दोषीलाई कारबाही होस्।

**नरेन्द्र साह (जिल्ला समन्वय समिति अध्यक्ष)**

आन्दोलनकारीले ७ करोडको भ्रष्टाचारी भनेर करिब ३० लाखको क्षति गरे दोषीलाई कारबाही होस्।

**अशोक कुमार जैयसवालः (अध्यक्ष, बारागढी गा.पा)**

भदौ २५ गते घरको स्वीच समेत बाँकी नराखी पूर्ण रुपमा ध्वस्त पारियो। जाहेरी दर्ता गर्न प्रहरी मानेको छैन जाहेरी दर्ता गरेर यथाशीघ्र कारबाही होस्।

**जुल्फिकर अलिः (अध्यक्ष विश्रामगढी गा.पा.)**

अफिसमा गएर तोडफोड र जलाउने काम गर्यो यो पार्टीकै मान्छेले गरेको हो जेन्जीले होइन। दोषीलाई यथाशीघ्र कारवाही होस्।

**राजन पौडेलः (प्रमुख, जितपुर सिमरा उ.म.न.पा)**

करछली गर्ने नियतले समेत आगलागि भएको हुन्सक्छ। त्यो कोणबाट पनि अनुसन्धान होस्। नेपाल प्रहरीलाई Actively काम गर्ने वातावरण बनाउन प्रधानमन्त्री र गृह मन्त्रीलाई भन्नुहोस्। तत्कालीन घटना घटेको समयमा गृह सचिव, मुख्य सचिवको भूमिका के थियो ? उनीहरुको पनि छानविन होस्।

**सुरथ पुरीः (प्रमुख, निजगढ नगरपालिका)**

जेन्जीलाई तडकभडक गराएर आन्दोलनमा ल्याउने तत्व को थियो ? यिनीहरुलाई अनुसन्धानमा ल्याउनु पर्छ। लोकतान्त्रिक व्यवस्थामा सार्वभौमसत्तामाथि प्रहार भयो। राजनीतिमा लाग्ने मान्छेप्रति किन गलत भाष्य निर्माण गरियो ? सामाजिक सञ्जालको दुरुपयोग गरी अपराधीकरण गरियो। अहिलेको सरकारको भूमिका शंकास्पद देखियो। सुरक्षा निकायले प्रभावकारी रुपमा भूमिका निर्वाह गरेन। दोषीलाई कारबाही होस्।

मिति २०८३।०७।१३ गते कारागार कार्यालय भीमफेदीमा गरिएको स्थलगत निरीक्षण र अन्तर्क्रियाको साराशः

**सुबास पौडेलः (कारागार प्रमुख)**

मिति २०८२। ०५। २४ गतेको दिनसम्म जम्मा कैदीवन्दी १०६६ जना थिए। ती मध्ये २५ गते बिहान ४ बजे कारागारको दक्षिणतर्फको पर्खालबाट काँडेतारमा सिरक डसना राखी ४४० जना भागे। त्यो मध्ये हालका दिनसम्म २८६ जना फिर्ता भए र अझै १५४ जना फिर्ताहुन बाँकी छन्। कैदीले भित्रैको टेलिभिजनमा हेरेर अन्यत्र जताततै कैदीलाई भाग्न दिइयो। यहाँ किन थुनी राख्नुहुन्छ? भन्दै आन्दोलन र तोडफोड सुरु गरे। अन्यत्र सबैठाँउमा निस्किन दिइयो भने हामीले पनि निस्कन दिउँला नत्र भागेमा तपाईहरुलाई थप कारबाही हुन्छ भन्यौ। साँझ ८ बजे थप सुरक्षा व्यवस्था मगाइयो। ९ बजे सुरक्षा आइपुग्यो राति १२ बजे देखि ४ बजेसम्म दोहोरो भीडन्त चल्यो। कारागारकै गाडी जबरजस्ती साँचो बिनै तार जोडेर चलाइयो र सुरक्षाकर्मीलाई किच्न खोजियो। उक्त अवस्थामा भीडन्त हुँदा २ जनालाई घुँडामुनी गोली लाग्यो र घाइते भए। भागेका

कैदीवन्दी घरको सम्पर्कमा पनि छैनन् भन्ने कुरा आएको छ। भागेका कैदीमध्ये २७ जना भारतीय छन् र कैद अवधि लामो भएका कैदीहरु फिर्ता भएका छैनन्। नवलपुर अदालतले दिएको कैद भुक्तानको सुविधाले थप चुनौती दिएको छ। यो विषयमा सबै डकुमेन्ट अध्यक्षज्युलाई उपलब्ध गराउँछौ। आयोगबाट थप समन्वय होस्।

**दिनेश शर्माः (DSP, APF)**

यहाँ बाह्य भन्दा पनि आन्तरिक रुपमै कैदीवन्दीले आन्दोलन तोडफोड गरेर निस्किए। समयमा थप सुरक्षाकर्मी आइपुग्दा तुलनात्मक रुपम कम क्षति भयो। विपद् व्यवस्थापनको टोलीले आगो निभाउने उपकरणको सहायताले थप क्षति हुन पाएन।

**स्थानीय बासिन्दाको रायको सारांश :**

राजधानी काठमाडौंमा सिंहदरबार, संसदद भवन, विभिन्न व्याक्तिहरुको घर लगायतमा आगजनी तोडफोडको खबर टिकटक फेसबुक युटुब आदि लगायतका सामाजिक सञ्जालबाट फैलिएपछि जिल्ला जिल्लामा सरकारी कार्यालयहरु र नेताका घरहरुमा आगो लगाउन लुटपाट गर्न सुरु गरिए। २३ गते राति सामाजिक सञ्जाल खुला गरेको कारणले राजधानी बाहिरका जिल्लाहरुमा तथा देशै भरी आगजानी तथा तोडफोड गरियो भन्ने स्थानीयहरुको राय पाइयो।

**निरीक्षणको क्रममा देखिएका केही सकारात्मक पक्षहरुः**

१. **पर्सा जिल्लामा :**

प्र.जि.अ.र सुरक्षा निकायको प्रभावकारी सुरक्षा समन्वय तथा व्यवस्थापनका कारण देहायका क्षेत्रमा क्षति हुन पाएन।

- कैदीवन्दी कसैलाई पनि भाग्न नदिइएको।
- भन्सार कार्यालय बचाउन सकिएको।
- अदालतहरु बचाउन सकिएको।
- मानवीय क्षति नभएको।

**२.कारागार कार्यालय भीमफेदीमाः**

जेलर, सुबास पौडेलको सक्रियतामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनालाई प्र.जि.अ. ले समन्वय गरी भदौ २४ गते राति देखि २५ गते बिहानसम्म सुरक्षा निकाय परिचालन गरेर बढी तोडफोड, आगजनी हुन र धैरै कैदी थुनुवा भाग्नबाट बचाएको पाइयो। प्रभावकारी सुरक्षा व्यवस्थापनका कारण तुलनात्मक रुपमा कम क्षति भएको देखियो।

**सुझावः**

१.देशकै ठूलो मध्यको कारागार वीरगञ्ज कारागारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाको सुरक्षा बलले तोडफोड, आगजनी हुन र थुनुवा कैदी भगाउनबाट रोकिएछ। उक्त कार्यको लागि तत्कालीन प्र.जि.अ. तोयनारायण सुबेदीलाई सरकारद्वारा पुरस्कृत गरिनुपर्छ।

२. कारागार कार्यालय भिमफेदीमा जेलर, सुबास पौडेलको सक्रियतामा नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनालाई प्र.जि.अ. मार्फत समन्वय गरी २४ गते रातिदेखि २५ गते बिहानसम्म सुरक्षा निकाय परिचालन गरेर बढी तोडफोड, आगजनी हुन र धैरै कैदी थुनुवा भाग्नबाट बचाएको पाइयो। निडर भएर कार्यसम्पादन गरेकोमा जेलर, सुबास पौडेललाई सरकारले पुरस्कृत गरिनुपर्छ।

## ७.३. बाग्मती प्रदेश

बागमती प्रदेश अरन्तरगत चितवन, मकवानपुर र उपत्यकाका तिन जिल्लाको अनुगमन गरिएको थियो ती जिल्ला हरुमा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझाव हरु निम्न छन। बागमति प्रदेश अन्तर्गत काठमाण्डौ उपत्यकाका तिन जिल्लाहरुमा क्षति भएका संरचनाहरुको मिहिन अध्ययन, तथा विश्लेषण सुरक्षा प्रमुखहरुको बयान तथा आवश्यक कर्मचारीहरुको घटना विवरण कागज समेत गरिएको थियो सो को विवरण खण्डखण्डमा संक्षेपिकरण समेत गरिएको छ। मकवानपुर र चितवन जिल्लामा भएका अनुगमनको क्रममा प्राप्त सुझावहरु यसै खण्डमा राखीएको छ।

### ७.३.१. चितवन

मिति २०८२। ०७। ११ गते चितवन जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**प्रमुख जिल्ला अधिकारीः**

२१ गते साँझ चितवनमा हाजिर भए। ज्ञापनपत्र २३ गते ११ बजे ज्ञापनपत्र आयो जेन-जी युवाहरुको। धर्ना र शान्तिपूर्ण कार्यक्रम गर्नु भनी धन्यवाद समेत दियौ। संभव भएसम्म प्रहरीलाई संयमित रहन निर्देशन दिँदै पछि वल प्रयोग गरियो। ग्याँस सेल, हवाई फायर,रबर बुलेट सिलसिलेबार प्रयोग भयो। बल प्रयोग सिद्धान्त बाहिर गएन। निर्णयहरु जिल्ला सुरक्षा समितिले आयोगमा पठाइएको छ। एकै प्रकृतिको घटनामा एउटालाई फौजदारी अपराध र अर्कोलाई शहीद घोषणा गर्न मिल्दैन। सेवा सुचारु गर्न सरोकारवाला र व्यवसाय क्षेत्रका साथीहरुसँग अन्तरक्रिया गरी एकद्वार प्रणालीबाट वितरण गरिएको छ। हामीसँग सूचना छ तोडफोड,आगजनीको तथ्य प्रमाण छन् आन्दोलन गर्ने र आतंक सृजना गर्ने दुबैका। सवैको मनोविज्ञान, मनोभावना गिरेको छ। तर Hope (आसा) गुमाएका छैनौ। Hope जगाउने काम आयोग र सरकारले गरिदेओस्।

**रा.स्व.पा.सभापति कृष्ण भुषालः**

प्रमाण छताछुल्ल, स्पष्ट छ। छाती ताकेर गोली हानिएको छ। यिनीहरुका विरुद्ध के छ गोली हान्नेलाई कारवाही। जेन्जी भाईहरुको सुझाव संकलन आवश्यक छ। हाम्रा सरकारी निजी कार्यालयहरु सहज सुविधा प्रदान र नागरिकको सेवामा समर्पित किन भएनौ ? हामी सवै दोषी हौ,हामी सवैलाई हत्कडी लाग्नुपर्छ। न्यायालयमा न्याय पाउन न्यायाधीश आफ्नै पार्टीको हुनुपर्ने, प्रहरी Party कै हुनुपर्ने अवस्था छ।

**प्रकाश पाण्डे Hotel संघ अध्यक्षः**

यतिखेर व्याज/सामा पनि तिर्न सकिएन। विदेशी पर्यटकहरुले भ्रमण रद्ध गरेका छन्। Hotel booking Entry छैन। पर्यटन उद्योग ठूलो मारमा छ/कर्मचारी पाल्न सक्ने अवस्था छैन। कर्मचारीको मनोबल घटेको छ। लगानी ठ्याक्कै बन्द भएको छ।

**केशव पोखरेल,समाजवादी पार्टीः**

२०४६ साल र २०६२/६३ का प्रतिवेदन सार्वजनिक नहुँदा दोषीमाथि कारवाही भएन। दण्डहीनता बढ्यो। ईतिहास कै डरलाग्दो भौतिक क्षति भयो। आयोगले किटान भएका शंकितमाथि कारवाही गर्नुपर्छ। मानवीय र भौतिक क्षतिको यो अवस्थामा पुर्याउने दलहरु पनि अपराधी हुन, भ्रष्टाचार चारैतिर फैलिएको छ। पोखरा विमानस्थलको भ्रष्टाचारवारे केही काम भएन।

**हरि प्रसाद पौडेल,रेडक्रस अध्यक्षः**

२३ गते रेडक्रसले पनि एम्बुलेन्स र स्यंसेवक Stand by राखेको थिएन। तर, सोही दिन आन्दोलनकारी र सुरक्षाकर्मीको सेवामा खटायौ। जिल्ला प्रशासन अगाडि २/३ जना मान्छेले एम्बुलेन्स तोडफोड गरेपछि हामीले सेवा रोक्यौ। केही एम्बुलेन्स, राहत सामग्रीहरु पनि जलेका छन्।

**सुमन श्रेष्ठ चितवन उद्योग बाणिज्य अध्यक्षः**

जेन्जी घटना पछि सजग हुनुपर्छ भन्ने हामीलाई लाग्यो। निजी क्षेत्रलाई ठूलो क्षति भएको छ। आयोगले दोषीमाथि कारवाही नगरेमा यस्ले दुष्परिणाम दिन्छ।

**वसन्त पराजुली, पत्रकार महासंघ चितवनः**

Media कर्मीमाथि धम्की भयो। मानसिक तनावहरु पनि रह्यो। धरपक्कड र धम्कीका व्यवहार दुवैतर्फबाट आयो। पत्रकारमा Self-censorship का कारण स्वतन्त्र रुपमा समाचार लेख्न नपाउँदा अवस्था भयावह हुन सक्छ।

**श्यामलाल बि.क. पीडितः**

ने.क.पा. एमालेमा आबद्ध छु। रात्री नगरपालिकामा १९ जना व्यक्तिको छानी छानी एमालेको घर तोडफोड भएको छ। जेन्जी आन्दोलनमा घरमा आगजनी गरी लुटपाट ध्वस्त पार्ने काम भएको छ। २३ गतेको आन्दोलन सही थियो तर २४ गते घूसपैठ भयो। आज देश ५० औ बर्ष पछाडि धकेलिएको छ। देश कानूनी दायरा भन्दा बाहिर छ। एकले अर्को पार्टीको रिस गर्ने,तोडफोड गर्ने अनि देश कसरी बन्छ ?

**सुजन अधिकारी, भिजन डेरीः**

मसँग भएका घटनाका Video हरु मैले प्रहरीलाई दिएको छु। कारवाही होस्, क्षतिपूर्ति समेत पाउँ।

**बार अध्यक्ष चितवनः**

हाम्रो भवन पनि जलाइएको छ (३७ लाख करीव क्षति)। मानवताहीन भएका मान्छेहरुलाई छाड्नु

हुँदैन। श्रब्य दृष्य हामीसँग छ।

**मालपोत अधिकृत शिव शर्मा पौडेलः**

मालपोतमा ५ वटा सवारी साधन खरानी भयो। राज्यले हाम्रो व्यक्तिगत क्षतिलाई पनि राहत दिनुपर्छ।

**कुलप्रसाद भुषाल,वडा अध्यक्षः**

३ वटै कार्यालय ध्वस्त भएको छ। आयोगका अध्यक्षले आफ्नो धारणा राख्नुले प्रश्न चिन्ह खडा भएको छ। अब म निष्पक्ष छु भन्ने Statement आउनु पर्छ। घटनाको Video हरु सबै सार्वजनिक छ। खैरेनी मेयर, उपमेयरको घर लुट्न जानेलाई प्रशासनले कारवाही गरोस्। आयोगले हामीलाई काम गरेर विश्वास दिलाउनु पर्छ। १७००० कैदीहरुलाई छुटाउन काम गर्नेलाई कारवाही गर्नुपर्यो।

**रमेश गौतमः**

ध्वस्त भएका Office (कार्यालय) हरुको अवस्था र पुनःनिर्माणका कामलाई पनि आयोगबाट सिफारिस होस्।

**आन्तरिक राजस्व कार्यालय प्रमुखः**

हावा खैरेनीबाट बग्दै आयो। आयोगले कर छुटका लागि सिफारिस गरोस्। निजी क्षेत्रले हामी कहाँ निबेदन दिनुपर्छ।

**पूर्ण प्रसाद आचार्य,वडाअध्यक्षः**

नेपाल बच्नु पर्यो, संबिधान, राष्ट्रिय सम्पदा बच्नु पर्यो। सुरक्षा निकाय पूर्ण रुपमा सक्रिय नहुँदा जन प्रतिनिधि, पुलिस, प्रशासन भाग्नु पर्यो। सवै पार्टीका कार्यकर्ताहरु तोडफोडमा सक्रिय छन्। पार्टीले कारवाहीको दायरामा ल्याउनु पर्यो। वडाअध्यक्ष देखी भ्रष्टाचारको कारवाही शुरु गर्नुपर्छ। CDOदेखि सवै सुरक्षा प्रमुखले अपराधीहरुलाई कारवाही गर्छु भन्ने प्रतिबद्धता चाहियो।

**लक्ष्मण पौडेल कालिका न.पा.वडा अध्यक्षः**

तोडफोड, आगजनी गर्नेहरुको Footage प्रहरीमा दिएका छौ। आयोगले कारवाही गर्न खुट्टा

नकमाओस्। अराजक तत्वहरुले समाजलाई Manipulate गरेको छ यो कुरामा समेत ध्यान जाओस्।

**प्रभा बराल रासी नगरपालीकाका पूर्व नगर प्रमुखः**

भाई बहिनीहरुले मुलुकलाई विधि सम्मत चलाउनका लागि प्रविधि चलाउनु पर्छ भनी सुझ बुझका साथ शुरु गरेको आन्दोलनमा घूसपैठ गरेको विभिन्न तथ्यले देखाइसकेको छ। इतिहासले सम्मान गर्ने किसिमको छानविन आयोगले गरोस्। भित्री योजनाकार पनि आयोगले पत्ता लगाओस। ।

**नरसिंह भण्डारी रेडक्रसः**

कम क्षति रेडक्रस हो तर हाम्रो १ वटा एम्बुलेन्स जलाइएको छ। अफिस पनि जलेको छ। सार्वजनिक सेवा प्रदायक संस्था (रेडक्रस लगायत) लाई क्षतिपूर्ति छिटो छिटो दिइनु पर्ने।

**अर्जुन सापकोटा,चितवन उद्योग संघः**

काठमाडौंको सुरक्षा विग्रेपछि जेन्जीको नाममा १०० जना आपराधिक व्यक्तिले ध्वंस गर्दा हामीले केही गर्न सकेनौ। प्रमुख जिल्ला अधिकारी सहित सबै सुरक्षा निकायले आत्म आलोचना गर्न आवश्यक छ। हामी उद्योगी व्यवसायीले पनि शिक्षा लिनुपर्छ अब हामीले व्यवसाय रोज्नेकी राजनीति रोज्ने भन्ने कुरामा ध्यान दिइनु पर्नेछ। हामी सवै सरोकारवालाले आफूलाई सुधार्ने हो भनी हामीलाई देशमा काम गर्ने वातावरण बन्छ की भन्ने कुरामा म बिश्वस्त छु।

**बद्री तिमिल्सिना ने.क.पा.माओवादी केन्द्र चितवनः**

हामीले धेरै आयोग देख्यौ,आयोग कुरा सुन्न आयो,तर आयोगको कुरा बाहिर आएन। मेरो केही झिनो आशा छ आयोगप्रति। २३ गतेको घटनामा को को दोषी थियो त्यसलाई कारवाही गर्नुपर्छ। २४ गतेको घटनाका सन्दर्भमा सरकारले पूर्व मूल्यांकन गर्यो गरेन ? नेपालको मुटु संसद, सिंहदरबार, सर्वोच्च जल्यो चितवनमा प्रशासनप्रति केही गुनासो छैन। जेन्जीले यस्ता अपराध गर्दैन।

**रामचन्द्र अधिकारी माओवादी जिल्ला संयोजकः**

२३/२४ गते फरक ढंगले अनुसन्धान गरोस्। जनताको अभिभावक हुनुपर्ने गरेन सरकारले। आयोगले खुट्टा नकमाओस्। प्रतिवेदन बुझाउने Duty मात्र पूरा नगरोस्।

**रुद्र प्रसाद ढकाल रा.प्र.पाः**

बनेका आयोगका प्रतिवेदन वाहिर कहिल्यै आएन। २३ गतेको घटनाले २४ गते घटना घटेको हो। भ्रष्टाचार सुशासन, बिरुद्धका ज्वालामुखी विष्फोट २४ गते हो। आन्दोलन र अपराधलाई छुट्ट्याउनु पर्छ।

**कमलराज पाठक एमाले अध्यक्ष चितवनः**

२३/२४ गतेको घटनाले धेरै शिक्षा दिएको छ। हामी नागरिक, राजनैतिक दल, राज्यका सबै निकाय सचेत हुनुपर्छ। २३ गते घटनाको उचित छानविन होस्। २४ गते योजनाबद्ध काम भएको छ। नियोजित घटना सम्बन्धमा पनि छानविन हुनु पर्छ। राज्यको सार्वभौमसत्ता माथि आक्रमण भएको घटना हो। मुलुक बाच्नु पर्यो पहिला। बुढी मरी भन्दा पनि काल पल्कियो भन्ने डर मान्नुपर्छ। स-साना कुराहरुमा दिमागको उपयोग भईरहेको छ। आयोगका अध्यक्ष माथि प्रश्न उठेको छ ? तटस्थ छानविन हुन्छ की हुँदैन ? यस्तै कारणले अर्को आन्दोलन शुरु भयो भने जिम्मेवारी कसको हुने हो ?

**<u>७.३.२. मकवानपुर</u>**

मिति २०८२।०७।११ गते मकवानपुर जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**बागमती प्रदेश भौतिक मन्त्रालयका सचिवज्यू** :

बागमती मा ५ वटा जिल्लामा क्षति भएको ८ जिल्लामा क्षति नभएको, ३६ वटा कार्यालयमा क्षति भएको, बाग्मती प्रदेश सरकारको अनुमानित १ अर्ब ४ करोड बराबरको क्षति भएको छ। पुनर्निर्माणको लागि १ अर्ब ३० करोड लाग्ने अनुमान छ।

**हिदम लामा : (अध्यक्ष, भीमफेदी गा.पा.)**

क्षतिको विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाइसकेको छौं। जिल्ला प्रहरी कार्यालयले दोषी उपर जाहेरी दिदाँ जाहेरी दर्ता गर्न आलटाल गरेको छ। अपराधीलाई जति सक्दो छिटो कानूनी कारवाही हुनुपर्दछ। गृहमन्त्रीको निर्देशन बमोजिम जाहेरी दर्ता भएनन्। सुदन गुरुङको भूमिका के हो स्पष्ट

पारियोस्। माननीय अध्यक्षज्यूप्रति जनताले धेरै अपेक्षा गरेका छन् सोही बमोजिम काम गर्नुहोला।

**अंगत प्रसाद पौडेलः (पूर्व माननीय)**

घर जलेको छ। प्रहरीले मुद्धा/जाहेरी दर्ता गर्दैन किन ? संविधान अनुसार फौजदारी मुद्धा अनुसार मुद्धा दर्ता हुनुपर्यो। फौजदारी अपराधका मुद्धा र जाहेरी भोलिका दिनमा दर्ता होस्।

**अरुण सुमार्गीः**

दोषीहरु खुलेआम हिड्न थाले, उनीहरुलाई जाहेरी दिदाँ समेत दर्ता गरिएन्, कारवाही गरिएन्, (आमाको नाममा भएको घर जल्यो) कानून बमोजिम प्रक्रिया अगाडि बढाइयोस्।

**वीरबहादुर घलान ज्वालाः (ने.क.पा. माओवादीको नि. जिल्ला सचिव)**

जेन्जीको नाममा जुन खालको आतंक भयो यस्तै भइराखे हो भने देश युगाण्डातर्फ जाँदै छ। न्यायोचित ढंगले छानविन भयो भनेमात्र चुनावको वातावरण बन्छ।

**बद्रीबहादुर पनेरुः (राष्ट्रिय परीक्षा बोर्ड)**

जेन्जीको नाममा ठूलो आन्दोलन भयो। असुरक्षित अवस्थामा चुनाव सम्पन्न हुन सक्दैन। उच्च मनोबलका साथ चुनाव गराउन सकिने अवस्था छैन्।

**मा. एकलाल श्रेष्ठः (प्रदेश मा.)**

जेन्जीको नाममा जुन किसिमको विध्वंश भयो यो कल्पना भएको भन्दा फरक भयो। घर बचाउन प्रयास गरियो तेस्रोपटक सम्मको घर जलाउने प्रयासले घर जलाइयो। यो क्षतिको क्षतिपूर्ति कसरी हुन्छ ? किटानी जाहेरी दिएका व्यक्तिलाई तत्काल पक्राउ गरी कारवाही चलाउनुपर्छ। यस विषयमा गम्भीरतापूर्वक ध्यान दिइयोस्। हरेक मान्छेलाई राज्यले सुरक्षा दिन्छ भन्नेल विषयको ग्यारेन्टी गरियोस्। हाम्रो सम्पत्तिको सुरक्षा किन गरिएन ?

**मीना कुमारी लामा : (प्रमुख हेटौडा उ.म.न.पा)**

चिनेजानेकै देखिराखेकै मान्छेबाट निजी घरहरु र सरकारी कार्यालयहरु जलाइयो। यस्तो आतंकलाई गम्भीरतापूर्वक लिइएन भने भावी अवस्था के हुने ? भोलि कंगो रुवान्डा जस्तो स्थिति आउन सक्छ।

जेन्जीसँग अघिल्लो दिन बस्दा भदौ २३ गते आन्दोलन शान्त हुने ठूलो आन्दोलन नहुने परिस्थिति थियो। भोलिपल्ट २४ गते भने जेन्जीको नाममा विध्वंस मच्याइयो।

अब आउने दिनमा चुनावमा को उठ्छ ? उठ्यो कि घर जलाउँछ भन्नेस डर हुन्छ। सबैलाई सुरक्षाको महशुस भएन भने अवस्था के होला ? अपराधीहरु खुलेआम हिडिरहेका छन्। हामी डराउनुपर्ने अवस्था आएको छ। सुरक्षा निकाय, राजनीतिकर्मी, समाजसेवी सबैको मनोबल उच्चा हुने गरी Action ले काम गरियोस्।

**डोरमणी पौडेल : (पूर्व मुख्यमन्त्री, बागमती प्रदेश)**

आंशिक र पूर्ण क्षतिको विषयमा मा

पदण्ड के हो ? कसरी छुट्याउने हो। सबैको आशा र भरोषा आयोगका अध्यक्ष हुनुहुन्छ। उहाँले खेल्नुभएको भूमिकाको आधारमा सुरक्षाको प्रत्याभूति होला। आन्दोलनकारीको नाममा बोक्न सक्नेजति चोरी डकैती गरेर लगे। बोक्न नसक्ने चिज सबै आगलागि गरे। २३ गते आन्दोलन शान्तिपूर्ण थियो। २४ गतेको आन्दोलन जेन्जीको नाममा विध्वंस मचाइयो। यो घूसपैठ लुटपाटको आन्दोलन हो। दोषीहरु हाम्रै अगाडि खुलेआम हिडिरहेका छन्। तर आजसम्म कारवाही सुरु गरिएको छैन। चुनाव हुन चुनौतीपूर्ण अवस्था छ। स्थानीय प्रशासनले उच्च मनोबलका साथ काम गर्न सकेको छैन्। हामी प्रजातन्त्र मान्ने मान्छे हौं। त्यसैले कानूनी राज्यमा कानून बमोजिम होस् भनेर प्रतिक्षामा छौं। अन्यथा प्रतिशोध गर्ने सामर्थ्य हामीसँग पनि थियो। सुदन गुरुङको हालीमुहाली चल्ने अरु सबै निरीह बन्नु पर्ने अवस्था किन आयो ?

**पत्रकार हरि हुमागाईः**

संकलन गरेको र अनुगमन गरेको विवरण के गर्नुहुन्छ? पीडितलाई आश्वस्त पार्ने आधार के छ? आश्वस्त पार्नुपर्छ।

**ध्रुव अधिकारी पत्रकार महासंघ मकवानपुरः**

आयोग र सरकारवीच TOR मा अलमल भएको हो की ? यस विषयमा क्लियर होस्। राज्यले २३ गतेको घटनामा मात्रै केन्द्रीत भएको होकी ? यस्ता विषयमा आयोगको जवाफ के छ ?

**प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठः**

यहाँ उठेका विषयवस्तु अध्यक्षज्यू समक्ष पुगेको छ। यसमा यथार्थता र निष्पक्ष तवरले सम्बन्धित निकायसम्म पुगोस्। आन्दोलनका नाममा क्षति गराउने वर्गहरु जेन्जी होइनन् भन्नेस देखिन्छ। सरकार गठन हुदैं थियो, आयोग गठन हुँदै थियो माथिबाट TOR प्राप्त हुन बाँकी भएर जाहेरी दर्ता गर्न केही विलम्व भएको हुन्सक्छ। माथिबाट पछि फौजदारी अभियोग सम्बन्धमा कानून बमोजिम गर्ने भन्ने निर्देशन प्राप्त भएको छ। मनोबल थोरै कमजोर भएपनि राज्यले दिएको जिम्मेवारी सुरक्षा प्रत्याभूतिमा हामी दृढ छौं। शान्ति सुरक्षा सुव्यवस्था कायम गर्नमा यहाँहरुले देखाएको भूमिका प्रति सबैलाई धन्यवाद दिन चाहन्छु।

## ७.४. गण्डकी प्रदेश

गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको अनुगमन गरिएको थियो ती जिल्लामा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझाव हरु निम्न छन।

### ७.४.१. कास्की

मिति २०८२। ०७। ११ गते कास्की जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**नगर प्रमुख पोखरा महानगरपालिकाः**

संरचनाहरु जलाउन हाईड्रोजन ग्याँसको प्रयोग भएको छ। पेट्रोल बम प्रयोग गरिएको छ। गण्डकी छड्केका अपिल त्रिपाठीले समेत समूहलाई उत्तेजित बनाउने काम गरे। जिल्ला प्रहरी कार्यालय कास्कीको पनि मुद्दा शाखामा आगो लगाए,सबै फाँट सोध्दै आगजनी गरे जहाँ रवि लामीछानेको फाईल थियो। यस विषयमा सुरज खड्कालाई सोध्नुपर्छ उनी रा.स्व.पा.का चिनिएकै मान्छे हुन। आन्दोलन गर्ने मान्छे माओवादीको पनि देखिन्छन् अभियन्ता र रमिते पनि थिए। भाग्य न्यौपानेले उत्तेजना गराए। २३ र २४ गतेका घटनाको सत्यतथ्य छानविन हुनुपर्दछ।

**जिल्ला प्रहरी कास्कीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलीयाः**

छोरीको गहना/लुगा सवै नष्ट भयो। इन्टरनल क्षति त कति-कति हो। जलाउनेमा ट्याक्सी चालक (Taxi Driver) संलग्न छ, जेल बसेर आएको। गाडी ल्याएर चम्चा पनि छैन सबै लुटेर लगे। जि.प्र.का.

६ बजे नै छोडियो प्रहरी उपरीक्षक (S.P.) को ड्रेस एउटा केटीले लगाएको पछि देखियो। पहिला मोटरसाइकलमा आएर चिनाउँछ कोही मान्छे आउँछन् ढुङ्गा हान्छन् अनी अर्को ग्रुपले आएर उत्तेजित गर्छ। त्यसपछि तोकिएको मान्छे मोटरसाइकलमा आई सरकारी वकिल कार्यालय कास्की, अदालतमा पनि सहकारीमा आगो लगाउँछन्। सबै तालिम प्राप्त छन्।

**पूर्व मुख्यमन्त्री गण्डकी प्रदेशः**

गृहको विज्ञप्तिले द्विविधा उत्पन्न गरायो। अपराधीको मनोबल बढ्यो। मानिस आन्दोलनको नाममा जे गरे हुन्छ नै भन्ने भावना, आन्दोलनको नाममा लुटपाट भयो। राजनीतिक र हिँसात्मक पाटो वेग्लै हुन्छ। हिँसात्मकलाई कारवाही आज नभए भोलि (Rule of law) चाहिन्छ। हुण्डरीले देश वन्दैन। ४० बर्ष पछिका सवैमा नैतिकता Social Structure धेरै छ पछिकामा कम छ। Gen-z ले धरातलीय यथार्थ वुझेका छैनन्। मान्छेले कसरी हेर्छन् भनी स-साना कुराहरु हामीले हेरेनौ। Education model ठीक नै भएन। दुश्मन party भित्र कै मान्छे हुन। खाएको भन्दा वढी प्रचार भएको छ। शासकहरुको वोली नै ठीक भएन। स-साना कुराहरु comment गर्ने वानी ठीक भएन। २४ गते सवै party का असन्तुष्टिहरु संलग्न थिए। पोखरामा आन्दोलनमा रा.स्व.पा./माओवादी/ रा.प्र.पा.लागेका थिए प्रदेश सरकारका मातहत करीब २ अरब क्षति। कास्कीपछि तनहुँमा क्षति CDO Office,वकिल कार्यालय,मालपोत क्षति भयो। तनहुँमा जलेको ४४ वटा ४ पाङ्ग्रे तत्काल maintenance गरी बस्न मिल्ने। कुनै ठाउँमा भेला हुने भनी भन्ने तर अन्य ठाउँमा भेला भै तोडफोड गर्न थाले। Social media नियमन हुनुपर्छ। भागबण्डाको सरकारले नराम्रो Message गएको छ। । शिक्षामा आमूल परिवर्तन आवश्यक। स्थायी कर्मचारीले काम नै गर्दैनन्। निजामती लगायत शाखा अधिकृतबाट उपसचिव, सहसचिव जाँच दिनै प्रणालीका कारण काम नहुने अवस्थाछ।

**प्रमुख जिल्ला अधिकारी कास्कीः**

संघ, प्रदेश र स्थानीयमा सबैमा क्षति। ११६ वटा (आवास सहित) क्षति सरकारी संयन्त्रमा। निजीमा २७ वटा घर, होटेल आदि। सरकारी कार्यालयमा क़रीब २ अर्ब १८ करोड (प्रारम्भिक) क्षति भएको। Detail सर्भे गर्न बाँकी नै छ। केन्द्रबाट श्रोत साधन पर्याप्त आएको छैन। जि.प्र.का. सहित २७ वटा स्थान क्षति। ७७३ जना कैदी/वन्दी कारागारबाट भागेको जस मध्ये ५१६ फिर्ता भैसकेको। विदेशी सहित २२१ फरार छन्

**रामबहादुर पौडेल नागरिक समाज कास्कीः**

आयोगमार्फत हुने छानविन दस्तावेजीकरण हुने छ भन्ने विश्वास लिन्छौ। देशलाई माया गर्ने संस्था हो हाम्रो। २३ गतेको नरसंहार गर्ने र २४ गतेको आगजनी तोडफोड, लुटपाट गर्नेलाई सख्त कारवाही गर्न अनुरोध छ। जुनकुनै प्रकारको सहयोग गर्न हामी तयार छौ।

**गोकर्ण कार्की पोखरा बाणिज्य संघ अध्यक्षः**

निजी क्षेत्र मुटुमाथि ढुङ्गा राखी हास्नु परेको छ। निजी क्षेत्रमा ३ अर्ब ५२ करोड क्षति। शान्ति सुरक्षा अमन चयन भएन भने निजी क्षेत्रले काम गर्न सक्दैन। निजी क्षेत्रले नै अग्रसरता लिएर आर्थिक पलायन शुरु गर्यो। जीवनयापन र सुशासन कायम गर्ने काम गर्नु पर्छ। सरकारी कार्यालय कसरी सञ्चालन गर्ने भनी केन्द्रीय सरकारको पहिलो भूमिका हुनु पर्छ। हामीले व्यवसायीहरुलाई ढाडस दिइरहेका छौ। विदेशी संस्था आएर Tax तिर्नुपर्ने कुरा सवैलाई बुझाउन सकेनौ। सबै भन्दा बढी क्षति निजी क्षेत्रको नै छ। जसले क्षति गरेको छ आगजनी गरेको छ सबैलाई पक्राउ गरी क्षतिपूर्ति भराउनु पर्छ। रिसइवीले पनि जलाएका छन् सम्पतिहरु।

**CHAMBER Of COMMERCE का अध्यक्ष कास्कीः**

साहुहरुको मूल आधार नै निजी क्षेत्र हो। यस हिसाबले निजी क्षेत्रले लगानी गर्न आँट नगर्न सक्छ। CCTV र अन्य प्रमाणबाट देखिएका कुराका आधारमा कडा कारवाही होस्।

**बिमा प्राधिकरण प्रमुखः**

क्षतिपूर्ति सम्बन्धमा विमाले काम गरी जानकारी दिन्छ।

**सालीकराम सापकोटा माओवादी केन्द्रः**

हाम्रो पार्टीमा क्षति भएको छ। राज्यमा दण्डीनताका कारण समस्या बढ्दै गएको छ। कानून हातमा लिनेलाई तुरुन्त कारवाही हुनुपर्छ। नत्र भयावह स्थिति पनि आउन सक्छ। यो देश सञ्चालन गर्ने भविष्यमा पनि राजनैतिक पार्टीले नै हो। यिनीहरुलाई सुधार्ने काम सवै पक्षबाट हुनुपर्छ। सही ढङ्गले छानविन होस्।

**बिमल अधिकारी राष्ट्रिय खेलाडीः**

हामीलाई मनोवैज्ञानिक रुपमा क्षति बढी भएको छ। सुरक्षा निकायले Actively काम गरिरहेको देखिन्न। ९ बजेदेखि भट्टी बन्द गरी दिनुस् भन्दा पनि कसैले आँट गर्दैन। मेरा छोराछोरी समेतलाई सुरक्षित छु भन्ने भावना सृजना गर्नु पर्ने अवस्था छ।

**रमेश पौडेल,पत्रकार महासंघ अध्यक्षः**

सत्य तथ्य साथ प्रतिवदन आओस्। प्रहरी प्रशासनको मनोबल उच्च गर्नुपर्ने छ। Media सामाजिक सञ्जालका कारण Dominate भएका छन्। भारतमा Youtuber ले ध्वस्त पार्यो भनी समाचारले भनेको छ। राजनैतिक दललाई Bypass गरेर निर्वाचन सम्भव छैन आयोगले पनि जिम्मा लिनुपर्छ, निर्वाचन भएन भने के हुन्छ? अब हामीले नैतिक शिक्षालाई बिशेष ध्यान दिइनुपर्छ ध्वंश गर्ने शिक्षालाई प्राथमिकता दिईनु हुँदैन।

**गौरी भट्टराई ,पर्यटन उधमी कास्कीः**

२३ गते अकल्पनीय भयो २४ गते त झन भयानक भयो। पर्यटन एउटा यस्तो क्षेत्र हो जसले धेरै क्षेत्रमा असर पारिएको हुन्छ। बगैचा रिसोर्ट, अंशुबर्मा, Event Centre, राजिव पहारीको घर लगायतका व्यवसायमा गरी साढे २ अर्बको क्षति भएको प्रारम्भिक अनुमान छ। व्यक्तिगत रिसइवी, घूसपैठ भयो। अझैपनि अभिव्यक्ति नकारात्मक आइरहेको छ। सरकार अभिभावक हो राहतका Package अति प्रभावित भएको क्षेत्रमा विशेष ध्यान दिइनु पर्छ। Tourism व्यवसायमा अन्यौल भइरहेको छ। यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालयहरुले अझै राम्रो Delivery भएको छैन। ATM छिट्टै पाइन्छ तर License किन ढिला हुन्छ। Short Term Loan किस्ता पछाडि घकेल्नुपर्ने बिषयमा सरकारले अझ बढी प्राथमिकता दिनुपर्छ। साना व्यवसायलाई १५,२० लाख ऋण उपलब्ध गराए व्यवसाय चलायमान हुन्छ।

**मुख्यमन्त्री कार्यालयका कर्मचारीः**

९ वटै मन्त्रालयले मिति २०८२/७/२ मा क्षतिको विवरण आयोगमा पठाई सकिएको छ। License (सवारी चालक अनुमति पत्र) को काम शुरु हुन सकेको छैन। प्रदेशले काम गर्दा संघीय ऐन बाधक हुन सक्छ केन्द्रले सहजीकरण गर्नुपर्ने।

**तारानाथ पहारी पोखरा पर्यटन अध्यक्षः**

Tourism Revival मा छिटो काम गरिनु पर्ने। संघ सरकारले विश्वभरी नेपाल जान Ambassador हरुलाई भन्नु पर्ने। बिशेष Indian Tourism मा केन्द्रले पहल गर्नुपर्ने।

**जितु गुरुङ्ग वरपिपल रिसोर्टः**

सरकारले पीडितहरुलाई कसरी हेरेको छ, अपराधिहरु खुलेआम हिडिरहेका छन् ? व्यवसायलाई कसरी संरक्षण गर्ने ? कडा भन्दा कडा कारवाही अपराधीहरुलाई गर्नु पर्यो। किटानी जाहेरी दिएको छ अपराधिहरु पक्राउ परेपछि किन छुट्छन्?

**खिमलाल शिवाकोटी राष्ट्रिय मानव अधिकार आयोगः**

Multiple Human Right Vacation भएको छ। कारागारबाट थुनुवा वन्दी भागेका कारण सुरक्षा प्रभावित भएको छ।

राष्ट्रसेवक कर्मचारीहरुको मनोबल खस्केको अवस्था छ। आयोगले निजहरुसँग बसी छलफल गरिरहेको छैन। हामीले जिल्लाको Fact analysis गरेर पठाएका छौं केन्द्रमा। पीडितले न्याय पाउन पीडकले कानून बमोजिम सजाय पाओस्।

**रमन जंग राणाः**

प्रहरीले निबेदन लिँदैन् माथिका आदेश छैन भन्छ। अपराधीहरुलाई कारवाही हुनु पर्यो।

**रामेश्वर अर्याल, उपसचिव प्रदेश प्रमुख कार्यालयः**

आवास पूर्ण रुपमा क्षति/Office पनि केही वाहेक सबै क्षति। ४ करोड ३२ लाख क्षति प्रारम्भिक अनुमान।

**लोकनाथ अर्याल शिक्षा कार्यालयः**

धेरै आगलागि भएको। SLC Copy जाँचको क्रममा थिए तपाई हाम्रा भाई बैनीको उत्तर पुस्तिका जलाउँदा उनीहरुलाई समस्या हुन्छ भनेपछि प्रर्दशनकारीहरु गए। ६०० भन्दा बढी विद्यालय/३ हजार भन्दा बढी सरकारी शिक्षकको अभिलेख नष्ट भयो।

**नारायण प्रसाद आचार्य, हुलाकः**

आम नागरिकका Post Box मा क्षति पुर्याएका छन्। नियमित डाँक ढुवानी मुग्लीन पोखरा गर्न शुरुमा अप्ठयारो भयो। २४ गते राति चोरी (Computer,पार्सल डकुमेन्टहरु ) भएको छ। ६ करोड ६५ लाखको मोटामोटी क्षति भएको छ। प्राप्त Footage हरु सहित प्रहरीमा निबेदन दिएको छु।

**अमृत सुबेदी ONLINE खबरः**

भदौ २३ गतेको आक्रोसको फाइदा उठाउदै २४ गते भएको आगजनी, लुटपाट, तोडफोडले समाज झन भयावह हुँदैछ। जलाउने, फुटाउने, सवै व्यक्ति पहिचान गरी कारवाही गर्नुपर्छ। अपराधीलाई कारवाही हुन्छ भन्ने कुरा नभएसम्म दण्डहीनता हुन्छ। २४ गतेको ध्वंसको चरम निराशा भ्रष्टाचारको व्यापकता र यी पूरा ना मान्छेबाट शासित हुँदा आक्रोश नै हो। कस कसको घर/सम्पति जलाउने भनी योजना सहित काम भएको छ। किटानी जाहेरी दिंदा पनि प्रहरीले लिंदैन।

**प्रमुख प्रशासकीय अधिकृत पोखरा महानगरपालिकाः**

२५ वटा वडा कार्यालयहरु पूर्ण रुपमा क्षति भएका छन्। पालिका भवन पूर्ण ध्वस्त भएको छ। सभा गृहबाट सेवा प्रवाह भइरहेको छ। सेवा प्रवाहलाई सहज बनाउन प्रयास हुँदैछ।

**सूर्यप्रसाद भण्डारी व्यवसायी मिनी सृजना मार्केटः**

सत्य निरुपण आयोगले भरपुर रुपमा राम्ररी काम गरिदिएको भए यो अवस्था नआउन सक्थ्यो। अपराधी र राजनैतिक क्रियाकलापलाई छुट्टा छुट्टै गर्नुपर्ने। ३३ ब्यवसायले ८० Stall मा काम गरिरहेको। वेलुका साँझ Market को चारैतिरबाट पेट्रोल, डिजल खन्याएर आगजनी गरियो। न्यूनतम ५ करोड क्षति भयो। कारागारबाट भागेका कैदीहरुले अपराध गरेका भन्ने समाचर (८०%) ले पनि झन भड्कायो। प्रत्येक आन्दोलनमा निजी व्यवसायी प्रभावित किन भइरहने ? सामाजिक सँजालमा आएका Footage हेरी प्रहरीले कारवाही गरे हामीले सहयोग गर्छौं।

**बासु त्रिपाठी निजी क्षेत्रको पीडितः**

भदो २३ गतेको घटनालाई देखाएर स्वार्थ सिद्धी गर्न २४ गतेको घटना भएको देखिन्छ। ३ वटा राजनैतिक दलका मानिस अगाडि वसी ध्वंस गर्न लागेका। ११ खर्व भन्दा वढी राजस्व उठाउन

नसक्ने सरकारले अब राजस्व कसरी सञ्चालन गर्छ। को मान्छे आए भन्दा पनि को को वसी कहाँ List बनाए भन्ने बुझ्नु पर्छ। यो आम समस्या भएका हुँदा Video, Photo उपलब्ध गराएका हुँदा ब्यक्ति ब्यक्तिले निबेदन दिंदा भोलि अर्को दुर्दशा होला भन्ने व्यवसायीहरुमा भय छ। Insurance Company ले पनि काम सहजीकरण गर्नुपर्छ। प्रभावित भएका व्यवसायीको मनोबल बढाउनु पर्छ। यो आयोगले नेपालीको मन जित्न सकोस र आर्थिक अवस्था सुद्धीकरण गर्न सहयोग गरोस्।

**सरकारी कर्मचारीका प्रतिनिधिः**

सुरक्षा अङ्गले साधन श्रोत सम्पन्न सहित उच्च मनोवलका साथ काम गर्नुपर्छ। सरकारी कर्मचारीले नियम, कानूनका कारणले गर्दा सहज काम गर्न नसक्ने अवस्थामा छौ। कर्मचारी आफ्नो Chair मा ढुक्कसँग बसेर काम गर्न सकिरहेको छैनौ। अबको २ बर्ष संस्कार युक्त तालिम, शिक्षा दिइनु पर्छ। Fake News प्रशारण, प्रकाशन गरी भ्रम फैलाउनेहरुप्रति कडा रुपमा सरकार प्रस्तुत हुनुपर्ने देखिन्छ।

**नारायण गुरुङ्ग रा.प्र.पाः**

राजनैतिक दलहरुका कारण यो अवस्था आएको हो। भ्रष्ट नेता र कार्यकर्ताका कारण यो अवस्था आएको छ। Public धेरै मनकारी छ,पैसा उठाएर प्रहरी र वडा बनाइरहेका छन्। पीडितहरुको माग सुनुवाई गरी कारवाहीका लागि सिफारीस गरिनुपर्छ। सुरक्षा निकाय (प्रहरी) को मनोबल बढाउन हामी सवै लाग्नु पर्छ।

**निता गुरुङ्ग होटेल Good Will पोखराः**

ट्रक ल्याएर साँझ समान चोरे। करिब १४ करोडको क्षति भयो। क्षतिको वडा कार्यालयमा Report गरेको छौं।

**मालपोत कार्यालय, सुभाष पोखरेलः**

प्रशासनको भवनको अनुमानित २० करोड क्षति (भवन १० करोड, Computer समेत १० करोड) भएको छ। अत्यावश्यक रोक्का फुकुवा/रजिष्ट्रेशन काम शुरु गरिसकेका छौ। सन् १९८० भन्दा अगाडि देखिका मिसिलहरु सबै ध्वस्त भए।

**पूर्व मन्त्री यज्ञबहादुर थापाः**

निर्दोष, निश्चल जियनजेड आन्दोलन हो तर आन्दोलन Hijack भयो घूसपैठ द्वारा हिंसक भयो। आयोगले आग्रह र पूर्वाग्रह नराखी काम गरोस्। इतिहासमा कहिल्यै नभएको घटना पोखरामा पनि भएको छ। मेरो घरको आडमा पेट्रोल पम्प र ARMY BARRACK हुँदा पनि सामान्य क्षति भयो। मनोवैज्ञानिक, भौतिक क्षति प्रशस्तै भएको छ। आयोगले तस्बीर मात्र देखेको छ, सतहमा बसेर सिफारिस नगर्नु होला। कुशल भएर यसको शल्यक्रिया गर्नुस\/ध्यान दिनुस्। कमी कमजोरी पार्टीका तर्फहरुबाट पनि भएको छ यसलाई सुधार्नै पर्ने हुन्छ।

**प्र.ना.उ. हरी बस्नेतः**

हतियार बचाउनु पर्छ भनी Army लाई भन्दा पनि आएन, अनि हतियार र Running मुद्दाको मिसिलहरु गाडिमा राखियो। आधि हतियार सशस्त्रको कालिका गण र बाँकी नेपाल प्रहरीको गणमा राखियो। थुनुवा ८१ जना पनि छोडेर हिडयौ। बाल सुधार गृहका २ जना भागेकाबाट ७ नाल पेस्तोल ८ गोली बरामद भयो (२३ गते राति)। एकैचोटी धेरै ठाउमा तोडफोड आगजनी गरे। सबै रक्सी खाएका मानिस थिए, Gen-z कोही थिएन। Police Force स-साना Unit मा राख्न हुँदैन भन्ने पाठ सिकायो।

मिति २०८२। ०७। ११ गते रुपन्देही जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**शंकर खत्री, रा.प्र.पा. :**

२३ गते शान्तिपूर्ण अवस्था थियो। २४ गते जियनजेडको नाममा भएको आपराधिक कार्यलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाले रोक्ने प्रयास गरेन भन्ने गुनासो छ।

**महेन्द्र, रा.स्व.पा.:**

जेन्जीका सही मागको विषयमा २३ गतेको आन्दोलनमा समर्थन गरे। २३ गतेको आन्दोलनमा गएको विद्यार्थी हरुलाई कस्ले गोली हान्यो ? पहिचान हुनु पर्यो। हदैसम्मको कारवाही हुनु पर्यौ। प्रहरीको पोशाक, हतियार कस्ले लुटयो ? जियनजेडले लुटेको छैन, पहिचान भएको छ छैन? लुटपाटमा कर्मचारीहरुको संलग्नताको भएको भन्ने कुरा आएका छ। जिल्ला प्रहरी कार्यालयले मुद्दा नचलाई छोडेको छ भन्ने गुनासो छ। यसतर्फ ध्यान जावस्।

## ७.५. लुम्बिनी प्रदेश

लुम्बिनी प्रदरश अन्तर्गतबाँके र रुपन्देही जिल्लाको स्थलगत अनुगमन गरिएको थियो। ती जिल्ला हरुमा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझाव हरु निम्न छन।

## ७.५.१. रुपन्देही

**नारायण महत, माओवादी, सैनामैना:**

मेरो घरमा पनि क्षति भएको छ। आन्दोलनको समीक्षा राम्रोसँग हुनुपर्छ। एकै दिन निषेधित क्षेत्र तोड्ने र संसदभित्र छिर्ने काम कसरी भयो ? चुनाव मात्रै नाम लिएर हुदैन। अपराधीलाई कारवाही हुनुपर्यो। प्रहरी प्रशासनले आफ्नै सुरक्षा गर्न सकेन भने अपराधीलाई कसरी कारबाही गर्छ ?समाजबाट वहिष्कृत गर्नुपर्छ। २० लाख वरावर क्षति भएको छ। अपराधी चिनिन्छ तर कारवाही हुँदैन किन? भौतिक रुपमा हामीमाथि किन आक्रमण भयो ? हाम्रो धैर्यधारण गर्न सक्ने अवस्था छैन, हामी प्रतिकार गर्छौ। प्रशासनले गर्ला भनेर चुप लागेका छौं, नत्र हामी आफै उठ्नेछौ। जनताले आफै जीवन रक्षा गर्ने अवस्था नआओस्। लागुऔषध दुर्व्यसन गर्नेले समाजका निकम्मा व्यक्तिहरुले, पूर्वाग्रही भई मेयर, उपमेयर, माननीयज्यूहरुको घर जलाएका छन्।

**पुष्प ढकाल ने.क.पा. :**

शहीद स्मृति प्रतिष्ठान ध्वस्त, भयो। सरकार सामाजिक न्यायका पक्षमा हुनु पर्छ। पहिलो दिन नै संसद भवनभित्र छिर्ने कस्तो सुरक्षा योजना वन्यो ? टाउँकोमा गोली हानिएको बाहिरबाट नै हो भन्ने छ। खासमा भएको के हो ? जनता अझै सुरक्षित छैनन् भने निर्वाचन कसरी होला? जेन्जीका नाममा व्यक्तिगत रिसइवी लिनेहरुलाई कानूनी दायरामा ल्याउनु पर्छ नत्र गल्ति गर्ने प्रवृत्ति बढ्दै जान्छ। आन्दोलनका नाममा जे पनि गर्न हुन्छ भन्ने भाष्य नबनोस्। फेरि दोहोरिन सकिन्छ क्षति गर्ने पनि पहिचान भएका छन् तर प्रहरीले किटानी दिनुहोस् भन्छ। प्रहरीलाई काम गर्न किन गाह्रो भयो? अहिले राजनैतिक अस्थिरता बढ्दै गएको छ। लगानीको वातावरण सृजना नहुँदा युवाहरु झन निरास भएका छन्।

**जीवराज आश्रित प्रतिष्ठान:**

आयोगको विश्वसनीयतामा नै प्रश्न छ, तटस्थता कायम गर्न सक्छ भन्ने छैन। भाद्र २३ गते साँझ ५ बजेदेखि २४ गतेसम्मका सवै घटना आपराधिक हुन्। त्यहाँ प्रतिशोध छ विगतमा आपराधिक कार्यमा मुछिएकाहरुको संलग्नता र रिसइवी गर्नेको सहभागिता देखिन्छ गृहमन्त्रीले आयोगको रिपोर्टपछि कारवाही गर्नु हुन्छ की हुन्न त्यसको सुनिश्चित गर्नु पर्यो दण्डहीनतालाई प्रश्रय दिएको देखियो।

हाम्रा प्रतिष्ठानमा करीब ३२ लाखको क्षति भएको छ। अधिकांशको वीमा पनि थिएन। प्रहरी भन्छ तपाई सुरक्षित रहनुस् हामी अहिले अनौपचारीक रुपमा निवेदन लिन्छौ, माथिको आदेश स्पष्ट छैन।

**<u>बासुदेव घिमिरे, पूर्व सांसद एमाले:</u>**

घरको प्रत्येक कोठा खरानी भएको छ। समाजमा रहेका अराजक तत्व अभिभावकलाई नटेर्ने युवा, लागु औषध सेवनकर्ताहरुले आगो लगाएका हुन्। सरकारविहिन अवस्थामा हामी पुगेका छौ। किटानी जाहेरी साथ भिडियो दिँदा पनि प्रहरी प्रशासनले काम गरेको छैन। सुरक्षा संयन्त्रको लाचारीपन देखिन्छ। दमकल पनि रोकिएको छ। दमकल जलाइन्छ भनेर प्रहरीले रोकेको थियो। जनप्रतिनिधिको त यस्तो अवस्था छ सर्वसाधारणको के हालत होला ? नेपाल प्रहरीमा यस्तो कमजोर मनस्थिति यस अघि कहिल्यै थिएन। समयमै आवश्यक कानूनी कारवाही भएन भने लामो समय सम्म दण्डहीनता रहन जान्छ। मेरो ३ करोड २० लाख बराबरको क्षति भएको छ।

**<u>पर्शुराम गिरी, वडा अध्यक्ष :</u>**

सर्वसाधारण मान्छेलाई ठूलो भौतिक मानसिक क्षति भएको छ। अब हामी बाच्ने कसरी? कहाँ जाने आयोगले पहिचान गरी कारवाही गरोस्। आफै सुरक्षित वस्नुस् भन्ने सुरक्षा निकायहरुबाट के आस गर्ने ? सुरक्षित वातावरण कहिले वन्छ? आयोगले गल्ती गर्ने व्यक्तिलाई कारवाही गर्नुपर्छ। सरकार जनमुखी हुनुपर्छ, नत्र अस्थिरता र अराजकता बढाउछ। सुरक्षा निकायलाई मनोबल बढाउने काम गर्नुपर्छ। २४ गते साँझ ७ वजे अराजकतत्वले लिला गिरीको घर आगजनी गरी मेरो घर लुटपाट र आगजनी गरेका छन्। ३२ तोला सुन र नगद लुटेर लगेका छन्। हाम्रा मनमा लागेको दुःखका कुरा राख्ने वातावरण आयोगले बनाएकोमा धन्यवाद्। शान्ति सुरक्षा आफैले नगरे बाँच्न सक्ने अवस्था रहेन जस्तो छ। सुरक्षा संयन्त्रसँग को विश्वास घट्यो।

**<u>विष्णु प्रसाद बस्याल, शुद्धोधन गाउँपालिका अध्यक्ष :</u>**

भागेर लुकेर ज्यान वचाइयो। घरमा पेट्रोल बम हानिएको छ। मानसिक तनावले ग्रस्त छु।

**<u>ध्रुव खरेल, देवदह नगरपालिका प्रमुखः</u>**

म प्रत्यक्ष पीडित छु। २३ गते देवदहमा केही भएन २४ गते अराजक भीडले २ वजे देवदह नगरपालिका गएर कर्मचारीलाई उत्तेजित गराउने ढुङ्गा हान्ने हान्न लगाउन कार्य गरेको देखियो। मेरो घरमा हुल आउदा नेपाल प्रहरी र सशस्त्र प्रहरी पनि घर छेउँमा थियो तर बचाउन आएन। कम्पाउण्ड भित्र २०/२५ जना प्रदर्शनकारीहरु छिरे र सवै ध्वस्त भयो। ५/६ तोला जती सुन

फिर्ता भयो १६ तोला अझै फेला परेन। लान मिल्ने जति गड्यौलाको मुल पनि लगे, भाँडाकुँडा चामल सवै लगे। लान नमिल्ने सवै आगो लगाए। अ.७५/८० लाख सम्पति क्षति भयो। प्रत्येक व्यक्ति सवै चिनेका छौ। भित्र बसेका भए नलुकेको भए मारिदिन्थे हामीलाई। प्रहरीले मुचुल्का उठायो, निवेदन प्रहरीले लियो तर दर्ता गरेन, अपराधी खुलेआम हिडेको छ। पक्राउ परेकालाई पनि माथिको आदेश छ भनी छोड्ने काम भइरहेको छ। हामी अन्याय अत्याचारमा परेका छौ। भिडियो सवै छ। जनप्रतिनिधि भए वापत हामीलाई किन यस्तो पिडा दिइयो ? हामीले भ्रष्टाचार गरेको भए छानविन गरोस् अहिले सरकारले राज्यको नागरिकको सुरक्षा भन्दा अपराधीलाई संरक्षण गरेको जस्तो देखिन्छ। हामी घरवार विहिन भएका छौ। हामीले आयोग मार्फत न्यायको याचना गर्छौं।

<u>हितराज पन्थी, ने.क.पा.एमालेः</u>

आयोगको विश्वसनीयता माथि प्रश्न चिन्ह खडा भएको छ। नेपाल राष्ट्रको स्वभीमान वचाउने बेला आयो जेन्जी आन्दोलन पवित्र भावनासहित आएको थियो तर विध्वंसमा रुपान्तरण गरियोस् गल्ती गर्ने जो भए पनि कारवाही होस्। दोषीलाई ने.क.पा. एमालेले संरक्षण गर्दैन। राज्य विहिनको अवस्थाले अर्को विध्वंश निम्त्याउन सक्छ। नागरिक र सेवाग्राहीले हाम्रा कमजोरीले के कति असर गर्यो भनी हामीले समीक्षा गर्नुपर्छ सवै दलहरु हामी राज्य विहिनको अवस्थामा छौ। सरकारका अंगहरु यस्तो बिषयमा किन निष्क्रिय देखीए ? सबैतहका पार्टी कार्यालयहरु तोडफोड भएका छन् आन्दोलनकारीले पेट्रोल बम, रसायनहरु कसरी प्रयोग गरे ? योजनावद्ध ढंगले व्यक्तिगत घरहरु जलाइएको छ, राम्ररी छानविन होस्। मान्छेलाई भड्काएर आफ्नो स्वार्थ सिद्ध गर्ने समूह विरुद्ध पार्टीहरुले जिम्मेवारी पूर्वक भूमिका निर्वाह गर्न प्रयास गरेका छन्। सवै अडियो भिडियो हामी उपलव्ध गराउँछौ दोषीलाई कारबाही होस्। राज्यका सुरक्षा निकायको भूमिका सन्देहपूर्ण छ। सवै पार्टी निर्वाचनबाट भाग्दैनन् तर लुटिएका हात हतियार गोली फिर्ता सहित उचित वातावरण वेगर निर्वाचनमा जानुको कुनै अर्थ हुँदैन। हामी फेरी एक दलले अर्कोलाई दोषारोपण हैन एकता, सहष्णुताका भावना साथ देश निर्माणमा लाग्नु पर्छ।

<u>लिला गिरीः</u>

हामीले तपाइमाथि विश्वास गर्छौं। गलत कुरामा साथ दिनु हुँदैन भन्ने विश्वास छ। काम गर्ने क्रममा हामीले चाहे जस्तो परिणाम नआएको होला तर फिल्मी शैलीमा मुलुकको सत्ता परिवर्तन गर्नु रहस्यमय हुन सक्छ। राज्यले निष्पक्षसँग छानविन गर्नुपर्छ। सरकार सुरक्षा निकाय, नेता सवैका विषयमा कुरा उठेका छन्। जिम्मेवार सवै पक्षले यथोचित सजाय पाउनु पर्छ। पार्टी कार्यालय

जलेका छन्। घरवास जलेको छ। व्यवसायी प्रतिष्ठानमा आगजनी भएको छ। सरकारी संयन्त्रलाई निरुत्साहित र Dominate गर्ने काम भएको छ। सरकारी कार्यालय धेरै जलेका छन्। दोषी विरुद्ध कारवाही हुनुपर्छ। किटानी दिन प्रमाण सहित जाहेरी ल्याउछौं। कारवाही नगर्नु छोडी दिनु भनेर वर्तमान सरकारले भन्न पाइदैन। हामी सवै पीडित हौ। मेरो घरान सम्पूर्ण आगजनी भयो अन्नपात, सम्पति केही बचेको छैन। किटानी जाहेरी दर्ता गर्नु पर्छ। आयोगले निष्पक्ष रुपमा काम गरोस्। गलत हिसावले आर्जन गरेको सम्पति नष्ट भएको छ भने ठीक छ नत्र राज्यले उचित क्षतिपूर्ति दिनु पर्छ।

**<u>राजु गुरुङ्ग, ने.क.पा. एमाले</u>ः**

अध्यक्ष गौरीबहादुर कार्कीमाथि प्रश्न चिन्ह छ। विगतका आयोग झै यो प्रतिवेदन थन्कने त हैन। निष्पक्षतापूर्वक छानविन गरी दोषीलाई कारवाही होस्। २४ गते देशभरि Militant professional मान्छेहरुले लुटपाट, तोडफोड योजनावद्ध ढंगले आगजनी गरे। गृहमन्त्रीले आदेशले छोड्न आदेश दिए। यस्तो अवस्था छ। दमकल आन्दोलनकारीले हैन प्रहरीले रोकेको बुझियो ? सुरक्षा निकायमा पनि घूसपैठ भएको छ आयोगले छानविन गरोस्। त्रसित मनस्थितीमा नागरिकहरु छन्। यो अवस्थामा कसरी निर्वाचन हुन्छ ? जनताले अर्को विद्रोह गर्छन यदि दोषीहरुलाई कारवाही भएन भने भिडियो फुटेज छ। सरकारले गरेन भने हामीले कारवाही गर्न बाध्य हुन्छौ।

**<u>ईस्तियाँक अहमद, सिद्धार्थ नगर (मेयर)</u> :**

जियनजेड शहीद प्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु। मेरो घर जलेको छ,मलाई पनि धेरै पीडा छ। मेरो घर आगो लाग्दा हाम्रा समुदायले प्रतिकार गरेको भए अर्को घटना घटदथ्यो साढे तीन किलो सुनको विस्कुट हराएको छ। डेढ किलो गहना, रुपैया १ करोड पाँच लाख नगद थियो। केही देखिएन। हामी नेपालीहरु सोमालिया जस्तो हुदैछौ।

**<u>माननीय भोजराज श्रेष्ठ, प्रदेश सभा सदस्य ने.क.पा. एमाले</u>ः**

आज जेन्जी प्रतिनिधि पनि उपस्थिति हुनुपर्थ्यो। मेरो घरमा १५ जना जेन्जी छन्। उनीहरुलाई हतियार बोकाउने की बुद्धको उपदेश पढाउने ? राजनीतिमा लाग्नु भनेको अपराध हो ? भन्ने जेन्जीलाई सोध्न चाहन्छु। डेढ महिना भयो अपराधी समातिएको छैन। आयोग निर्मम रुपमा प्रस्तुत होस्। जेन्जी आन्दोलन कस्ले आयोजना गर्यो ? आयोजकहरुले जिम्मेवारी लिनु पर्छ की पर्दैन ? सच्चा राम्रो कामको जस् र गलतको गलत भन्न सक्नु पर्छ। म भ्रष्टाचारी हुँ ? आतंककारी हु ? भन्ने प्रमाणित होस्। म अपराधी कहा निर भए ? मेरो ७६ लाख क्षति भएको छ। समाजसेवा,

राजनीति गर्नु अपराध हो र ? आन्दोलन र अपराध वेग्ला बिषय हो हामी त व्यवसायी परिवार हौं। गल्ती गरेको भए कानून बमोजिम सजाय भोग्न तयार छु यदि कुनै गलत काम गरेको रहेछु भने हाम्रो सम्पतिमाथि छानविन होस्। हाम्रो सुरक्षा त छैन, हजुरको कसरी सुरक्षित गर्न सक्छौ भनी प्रहरी प्रशासन प्रमुख जिल्ला अधिकारीबाट समेत किन भनाई आउछ? हाम्रा फायल दर्ता भएको छैन मेरो गाडी क्षति भएको छ, कुनै संस्थासँग आबद्ध भएको गाडी र झण्डै ७६ लाख बराबरको क्षति भएको छ। ऋण लिएर घर मर्मत गर्दैछु। हामीले राज्यलाई कर तिरीरहेका छौं सुरक्षा पाउछौं भनेर अब न्याय खोज्न कहाँ जाने?

**<u>सावत्री अर्याल, उपमेयर वुटवल नयाँः</u>**

ठूलो क्षति वुटवल नगरपालिका कार्यालयमा भएको छ। मैले जेन्जीको आन्दोलनमा जान मेरा छोरा छोरीलाई रोक्न सकिन। २४ गते वुटवल नगरपालिका जसरी पनि जोगाउनु पर्छ भनी योजना बनायौ तर काम प्रभावकारी भएन। करीब ७०% घर ध्वस्त भयो। टोलवासीले आगजनी हुन दिएनन् तर पनि २४ गते साँझ पख मेरो घर पनि ध्वस्त भयो। हामी भोलि नेपाली हुन पाउछु की पाइदैन भन्ने शंका उत्पन्न भयो। प्रहरी प्रशासनले पनि प्रतिकार गर्नुस भनेनन्। सवै राजनैतिक दल अहिले एक ठाउँमा आउनु पर्छ। हामीले न्याय पाउनु पर्छ, अपराधीले सजाय पाउनु पर्छ।

**<u>दिपेन्द्र जि.सी. ड्रिमल्याण्ड रिसोर्ट :</u>**

वुटवलमा पनि अर्को dream land Hotel १५ बर्ष देखि सञ्चालनमा छ। २४ गते ३:३० बजेबाट तोडफोड लुटपाट शुरु भयो। पाहुनाहरु भएको होटलका रुमबाट अमानवीय ढंगले आगो लगाउन शुरु भयो। मणिग्राममा रहेको होटलमा वढी क्षति भएको छ। मणिग्राममा १०० जना कर्मचारी थिएन। त्यहाँका Restaurants, cabins, Reception Hall सवै जलाइयो। मेरो होटल रुपन्देहीको पहिलो चार तारे होटल हो। होटलमा रहेको नेपालको झण्डा पनि जलाइएको छ १५०० जना अट्ने ठूलो हल र बाँकी ६ वटै हलमा आगजनी गरी पूर्ण रुपमा ध्वस्त छौं। हामी प्रतिकार गर्न सक्ने अवस्था थिएनौ। ६०/७० जना अन्तिम सम्म थिए। होटल हाम्रो कब्जामा हो भनी वाहिर जान दिइएन। T.V., फर्निचर, रक्सी लगायत सवै जलाइयो र धेरै लुटेर लगे जाँचबुझ आयोगले न्याय देओस्।

**<u>विना राना, सैनामैना उपमेयरः</u>**

भाग भाग भन्दा भन्दै पनि घरमा नै वसी रहे, कोहीले राजिनामा दिनुस् भने हाम्रो मेयरको त झन ३ पटक फर्की घेरी आई आगजनी तोडफोड गरेका छन्। सार्वजनिक स्थलमा मलाई जुताको माला

लगाएर लाने भन्दै थिए। अपराधीहरु खुल्ले आम हिडिरहेका छन्। पक्रन माथिल्लोको आदेश नै आएको छैन भन्छ प्रहरीले दोषीमाथि कारबाही होस मनका पीडा पोख्ने अवसर दिनु भएकोमा धन्यवाद।

__रा.स्व.पा.__ :
प्रहरीले केही गर्दैन र सेना आउन चाहँदैन भन्ने भावनाले जेन्जी र अपराधीहरु आन्दोलन गर्न उद्दत भए। भिडियो फुटेज आयोगले पनि खोज्नु पर्छ र छानविन गर्नुपर्छ।

__नवराज ढकाल, केचन गाउँपालिका प्रमुखः__
मेरो घरको सामान सवै जलाइएको र तोडफोड गरिएको छ। प्रहरीले उजुरी दर्ता गर्न मानेको छैन। सल्लाह गरेर उजुरी प्रहरीमा लगेनौ भिडियो सवै हामीसँग सुरक्षित छ। हाम्रो अपेच्छा पूरा होस्। न्याय पाइयोस्।

__प्रमुख, सैनामैना नगरपालिकाः__
यस्तो किसिमको आन्दोलन कहिल्यै देखिएन? यो आन्दोलन मानवताहीन आन्दोलन देखियो २४ गते ११:०० बजे नगरपालिकामा आन्दोलनकारीहरु गए। सशस्त्र प्रहरी, नेपाल प्रहरीलाई त्यहाँ थाहा थियो। त्यो ठाउँ बच्यो। सुरक्षाकर्मीलाई धन्यवाद दिन चाहन्छु। त्यसपछि केही अराजक व्यक्तिहरु राजनैतिक नेताहरुको घरमा मोटरसाइकलमा ३ जना बसी बेल्चा, गैती बोकेर वडा नं.१ देखि १० सम्म दौडिरहेका थिए। मान्छेहरु त्रसित थिए। तेश्रो पटक फर्की आई घरका कोठामा गई आगजनी गरे। शिक्षिका (मेरो पत्नी) अझै पनि विक्षिप्त अवस्थामा छिन। जस्ले गल्ती गर्छ कारवाही गर्नुस् भनेका छौ। क्षतिको मूल्यांकन जिल्ला मूल्यांकन समितिले गरेको छ। यो घटनामा प्रशिक्षित मान्छे ठूल ठूला पाखुरा भएका स्काउट, रेडक्रसका मान्छेहरु प्रयोग भएका छन्। एक जनालाई मेसेज गर्दा सयौ मान्छेमा जाने प्रणालीबाट काम गरेका छन्। राष्ट्रिय झण्डा ओढेर अपराध गर्ने, रेडक्रसको ज्याकेट लगाएर तोडफोड गर्न मिल्छ ? हामीले पनि यी अपराधीहरुलाई ठेगान लगाउन सक्छौ। जेल बसेका, लागु औषध कारोवारी, सेवन गर्ने र अपराधमा संलग्न भएका मान्छेहरु प्रयोग भएका छन्

__उमाकान्त चपाई, जिल्ला समन्वय अध्यक्ष__ :
राजनीतिक दललाई निर्वाचनमा जाने वातावरण छैन। गृहमन्त्रीले प्रहरीलाई कारवाही गर्न रोक किन लगाएको? तपाइको सुरक्षा तपाइले नै गर्नुस् भनेर प्रहरी प्रशासनले किन भनेको ? जलाउन उत्प्रेषणा

गर्नेलाई कारवाही गरिनुपर्छ। हाम्रा पनि युवा छन् प्रयोग गर्न सक्छौ तर आतंकित गर्ने काम हुन्छ भन्ने ठान्छौ। हामी जिम्मेवार छौं। सञ्चारकर्मीहरुबाट पनि मेयरको घर बलिरहेको सामाचार प्रशारण गरेको कारण भैरहवा एअर्पोर्टमा पूर्व प्रधानमन्त्री आउँदै छन् भन्ने जस्ता गलत भ्रामक सामाचार संप्रेषण गर्ने पत्रकारमाथि पनि कारवाही गर्नु पर्छ। अहिले दण्ड गर्न सकिएन भने आगामी दिन अझ विकराल अवस्था आउन सक्छ।

क) बाँके जिल्ला

मिति २०८२। ०७। ११ गते बाँके जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त रायः

**प्रशासकिय अधिकृत, नेपालगंज उपमहानगर पालिकाः**

जेन्जीहरु हाम्रो आन्दोलन सफल भनेर हिडिसकेपछि यो लुटपाट, तोडफोड, आगजनी भएको हो। यसमा जेन्जीको संलग्नता छैन। हामी खरानीवाटै उठेर ३/४ दिनदेखि सेवा प्रवाह शुरु गरेका छौ। लुटपाटमा Videos लगायत तमाम Evidence ले मानिसको पहिचान सहजै हुन्छ। २ जनालाई किटानी सहित जाहेरी दिदा प्रहरीले पक्रेर छोडी दिएको छ। राष्ट्रसेवक कर्मचारीहरु पनि भयभित छन्। अपराधीलाई कारवाही होस्। क्षतिग्रस्त कार्यालयको पुर्नःनिर्माणका लागि केन्द्र र प्रदेश सरकारको सहयोग छिटो पाइयोस्।

**उदय के.सी. आन्तरिक राजस्व कार्यालयः**

जेन्जी भन्दा कार्यालयसँग रिसइवी भएका मान्छेले धमिलो पानीमा माछा मार्ने तत्वहरु सामेल गराई। थारै समूह मात्र संलग्न थिए।

**भंसार प्रमुखः**

जस्को जुन कार्यालयसँग रिस उठेको छ त्यही मान्छेले त्यो कार्यालयहरु नष्ट गराएको छ। काठमाडौं कै प्रभाव बाहिर जिल्लामा पर्यो मोटरसाइकल ग्यारेजहरुबाट टुल्स लिएर आएर सामानहरु लिएका छन् हाम्रोमा करिब पौनौ ७ करोडको क्षति भएको छ। आगजनी भन्दा लुटपाट बढी भएको छ। अपराधमा संलग्नलाई कारवाही हुनुपर्छ। भवन बिभागले द्रुत गतिमा पुननिर्माण गर्नु पर्छ। प्रहरी कार्यालयले पनि क्षतिको मुचुल्का उठाएको छ। गोदामबाट सामानहरु बिहानदेखि बेलुका सम्म लुटेर लगेका छन्। कर्मचारीहरुको आवास र सम्पतिमा क्षति भएको छ। भंसारमा खटेका सशस्त्र प्रहरीको लुगाफाटा आगो लगाएको तथा उनीहरुसँग भएको हतियारहरुमा आगो लगाएका

छन्। हामीसँग भिडियो क्लिपहरु छन् उनीहरुलाई दुधको दुध पानीको पानी पूर्वाग्रही नभै आयोगले दोषी उपर कारवाही गर्नुपर्छ।

<u>ईन्द्र वहादुर कार्की उच्च अदालत बाँकेः</u>
भाद्र २४ गतेको आन्दोलन मैरै अगाडि घटेको र म त्यही परिसरमा जिल्ला अदालतमा थिए। ३:३० बजे दिउँसोमा जिल्ला अदालतमा आगजनी भयो। प्रहरी प्रशासनसँग सम्पर्क हुन सकेन अदालतका सुरक्षाकर्मीहरुले हात उठाई दिनु भयो। सवै कर्मचारीहरु त्रसित थिए। जिल्ला प्रशासन कार्यालय जलाई सके पछि अदालत ध्वंश पार्न आएका थिए। प्रशासन जलाउन जाँदा अदालत हैन भनेर गए पछि फेरि आएर जलाए। जेन्जी भन्दा पनि लुटपाट गर्ने समूह धेरै थिए सवारी साधन सवै जलेर नष्ट बनाए। ७३ थान मोटरसाइकल,कारहरु जले २ जना न्यायाधीशको २ वटा नयाँ सहित ५ गाडी जले। उच्च अदालतमा पनि सवै जले जियनजेड भन्दा अरु तत्वले जलाए। चालु र फैसला कार्यान्वयन (लगायत ६०००) मुद्दाका करिब ४००० चालु मिसिल जलेका छन्। भौतिक संरचना सवै ध्वस्त भए। अभिलेख फाँटको तलबाट आगो लगाएछन्। कुर्सी,टेबुल, प्रिन्टर ,कम्प्युटर, AC केही वाँकी छैन। जिल्ला अदालत र उच्च अदालत पूर्ण रुपमा ध्वस्त भएको छ। उच्च अदालतमा ७ करोड जति क्षति र जिल्ला अदालतमा ९ करोड २९ लाखको क्षति भएको छ।

<u>सविन चौधरी मालपोत कार्यालयः</u>
यो समाजमा कानून छैन दण्ड हुदैन जे गरेपनि हुन्छ भन्ने दृष्य भाद्र २४ गते २ बजे पछि देखियो। अब ज्यान जोगाउनु होला भनेर प्रशासनका कर्मचारीहरुले भने चोर्न सक्ने सामान चोरे र आगजनी गरे। २५ गते घूसपैठ भई केही फायलहरु पनि जलाएको छ। हाम्रो कार्यालयमा ५ करोड ९१ लाखको क्षति भएको छ। हामीसँग Digitized Record छ तर त्यहा कहिले काही Data entry गर्दा त्रुटि भएका सेवाग्राहीलाई अलि समस्या आउन सक्छ। Data tally नहुँदा सर्जमिन मुचुल्का वडा कार्यालयको सिफारिशसम्म पुग्न पर्ने हुन्छ। कार्यालयमा Red sticker लागेको छ। हामी भाडा प्रक्रियामा छौं र फर्निचर लगायत अन्य पूर्वाधारहरु आवश्यक पर्ने हुँदा सरोकार निकायबाट सहयोगको अपेक्षा गरेका छौ। भूमिसुधार सम्बन्धी काम गर्न भने समय लाग्ने अवस्था छ। मोही फाँटको २ वटा कोठामा आगलगी हुँदा यो समस्या आयो सायद अर्को हप्ताबाट काम शुरु गर्छौं।

<u>नापी कार्यालय प्रमुखः</u>
हाम्रो कार्यालयमा कागजात १०% जलेको छ अरु सुरक्षित छ। अब मर्मत गरी Server जडान गरेर हामी काम शुरु गर्छौं।

**विनोद घिमिरे,कृषि ज्ञान केन्द्रः**

हाम्रो कार्यालय पनि जलेको अवस्थामा छ। फायल कहाँ छ भनेर खोजी खोजी जलाएको छ सरकारी कर्मचारीको मोटरसाइकलहरु जलेका छन् र पनि हाम्रो प्राविधिक सेवा शुरु भई सकेको छ।

**जिल्ला हुलाक कार्यालयः**

चौबिस गते करिब ५ बजे हाम्रो कार्यालयमा छिरेर पूर्ण रुपमा क्षति गरेका छन्। काउन्टर स्टोर लगायतमा पूर्ण आगजनी भएको भयो। सेवा प्रवाह शुरु भएको छ। डाँक ढुवानीमा सवारी साधन मार्फत सेवा शुरु गरिसक्यौ। कोहल्पुर बाँके जिल्ला हुलाकमा ८८ लाख भन्दा बढीको क्षति भएको छ। हुलाक टिकट लुटपाट र राजस्व लुटपाट भएको छ।

**नरैनापुरपुर गाउँपालिकाः**

२४ गते कार्यालय समय सकेपछि राति ९/१० बजे भारत तिरबाट आई पालिकामा आगजनी र लुटपाट भएको छ। अभिलेख पनि ध्वस्त भएको छ। २५ गते बिहान आई अन्य वडा कार्यालय जलाउन आउनेलाई नेपाली सेनाले पक्राउ गरेको छ।

**राजस्व अनुसन्धान कोहल्पुरः**

लुटपाट, आगजनीमा संलग्न राजस्व अनुसन्धानमा विगतमा कारवाही परेका र आउँदा दिनहरुमा पर्न सक्ने मान्छेहरु संलग्न हुन सक्ने आशंका छ। सुरक्षा निकायले हात उठाए पछि यो अवस्था सृजना भएको छ। ४ बजे १००/२०० जनाको समूहले कार्यालयभित्र पहिला बाहिरका सवारी साधन अनुसन्धानका क्रममा भएका प्रमाण, अभिलेखमा क्षति गरे। अनुसन्धान भइरहेको र हुन सक्ने कागजात जलाइएको छ। अनुसन्धानको क्रममा गाडी र मोटरसाइकल नष्ट गरिएको छ। यसमा संलग्न सवैलाई कानूनी दायरामा ल्याइएन भने दण्डहिनताको अवस्था आउँछ।

**जलस्रोत तथा विकास डिभिजनः**

सरकारी मोटरसाइकल ८ वटा ध्वस्त भएको छन्। चोर्न पाइन्छ लिन पाइन्छ भन्ने खालका आपराधिक मानसिकता भएका मान्छेहरु धैरै देखिए। यहाँ पछि भंसार लुटन जानुपर्छ भन्दै थिए ती व्यक्तिहरु।

**बालसुधार गृह नौवस्ता बाँकेः**

चौबिस गते भरि पनि केही भएन। २३ गते ६ बजे नै २५ वटा CC Camera तोडफोड गरि सकेका

थिए। यस बाल सुधारमा ५ जनाको निधन २ जना घाइते भए। १७६ मध्य ७८ भागे ३५ सम्पर्कमा आए ४३ आउन बाँकी सबै बालिक १७ देखि २५ बर्ष सम्मका छन्।

**नौवस्ता कारागारः**

२५ जना भारतीय वाँकी नेपाली गरी जम्मा १४७ जना भागेका छन्। ९८ आउन बाँकी रहेको यस कारागारमा जम्मा ५८५ थिए।

**जयन्तु वालसुधार गृहः**

२५ गते ११५ जना फरार भए/४९ आए ६६ अझै फरार छन्। Civil मा मात्र प्रहरी रहनुपर्ने हतियार बोक्न नपाइने प्रावधान रहेकामा हाल Civil मा १० जना कार्यरत छन्।

**नेपालगंज कारागारः**

भाद्र २३ र २४ गते television वन्द गरेका कारण केही जानकारी पाएनन्। २४ गते वेलुका वाहिरका मान्छे आई सम्पूर्ण रिहा गर भनी २ वटा CCTV फुटाए। सशस्त्र प्रहरीले Tear gas हानेपछि भाग्यो। २५ गते वेलुका हामीले Counseling पनि गर्यौं। भित्रको CC Camera तोडफोड भएपछि सेना,प्रहरीले बल प्रयोग गर्यो १० जना घाइते भएका छन्। भेटघाट कक्ष क्षति भए पनि कारागार पूर्ण रुपमा भने क्षति भएन्। ४ बाट High Quality का cc camera पनि Install गर्यौं )क्षति गर्ने मान्छेबाट नै गरायौं(

**कृष्ण श्रेष्ठ (व्यवसाय पूर्व अध्यक्ष उद्योग बाणिज्य संघ) :**

निजी क्षेत्रका व्यवसायीहरु त्रासपूर्ण वातावरणमा छन्। काम गरेर खाने वातावरण कसरी बन्छ? घटनामा संलग्न लुटेराहरुलाई कारवाही भएन भने दण्डहीनता बढ्छ। सखत कारवाही हुनुपर्छ। भवन ध्वस्त भएकाले सेवाग्राहीले सेवा नपाइरहेको अवस्था छ। फेरि यस्तो घटना घटेमा त कहाँ पुग्छौं होला हामी ? यो घटनामा ५% जेन्जी र ९५% लुटेरा छन्। घटना कसरी घटाएर लुटन पाइन्छ भनी पर्खेर बस्ने जमात छ। यस्ता घटना दोहरिन नदिन सबै पक्ष सक्रिय हुनुपर्छ।

**मेयर पूर्ण आचार्य (कोहल्पुर) :**

क्षति भएका सबै ठाउँको प्रकृति एउटै खाले छ। जेन्जीलाई ढाल बनाएर लुटेराले ध्वस्त पारे मेरो पैतृक सम्पति र निजी घरमा ठूलो क्षति भएको छ। ९६ लाख वरावरको क्षति भएको छ। कोहलपुर नगरपालिमा केही बाहेक पूर्ण रुपमा नष्ट भएको छ। नगर विकास समिति पनि पूर्ण रुपमा नष्ट भएको छ। कोहलपुर नगरपालिकामा करिब १३५ थरिका सामानहरुर भौतिक संरचनासहित

करिब ९ करोड क्षति भएको छ। २८ गतेबाट पुर्नःनिर्माण थालेर व्यवस्थित रुपले केही सेवाहरु दिन शुरु गर्यौं। तर पूर्ण रुपमा सेवा प्रवाह गर्न केही दिन भित्रै सक्षम हुन्छौं। त्यो उदण्डता प्रदर्शन गर्नेलाई आयोगले कारवाही गर्न सक्छ ? यो सरकारले दण्डहिनता अन्त गर्न सक्छ?सक्दैन/ मेरो सम्पत्ति छानविन गरोस् भन्ने चाहन्छु। नागरिक एकदम भयभित भएका छन् सामाजिक सञ्जालले चुनौती दिएको छ। उदण्डता मच्चाउनेहरु खुल्ला रुपमा समाजमा हिँडिरहेका छन्। सिंगो सरकारले यस्ता अपराधीलाई कारवाही नगर्नु भन्नु आपतिजनक छ।

<u>उच्च अदालत वार एशोसिएसन</u>ः

भाद्र २३/२४ गतेको घटनामा संलग्न व्यक्तिलाई कारवाही हुन्छ की हुँदैन ? आयोगको प्रतिवेदन कार्यान्वयनमा हामीलाई आशंका छ। म पनि प्रत्यक्षदर्शी छु। सुरक्षा प्रमुखहरुलाई सम्पर्क गर्दा फोन नै लाग्दैन। वार एशोसिएसनको घर पनि ध्वस्त भएको छ। वार एशोसिएसनको भुइतला मर्मत सम्भार गरी जिल्ला अदालतलाई काम गर्न दिएका छौं। अझै केही सामान फिर्ता गर्न पनि सकिन्छ यदि सुरक्षाकर्मीले सक्रियता लिने हो भने। अपराधीलाई कारवाही नभए दण्डहीनता बढ्छ।

<u>ईन्सेक प्रदेश संयोजक</u>ः

भौतिक संरचनाको क्षति र मानवीय क्षति भएको हुँदा प्रभावकारी रुपमा अनुसन्धान हुनुपर्छ। के कारण र कम्जोरीले घटना घट्यो पत्ता लगाउन आवश्यक छ। जिल्लामा उदण्ड मच्चाउने १००/१५० जना जति मात्रै हुन। संलग्न भएका व्यक्तिहरुलाई पत्ता लगाई कानूनी कारवाही गर्न आवश्यक छ। छिटो भन्दा छिटो आयोगले काम टुंग्याउनु पर्छ। २३ गते यहाँ केही भएन २४ गते दोहोरो झडप को स्थिति बन्यो।

<u>पत्रकार महासंघ नविन गिरी जिल्ला शाखा अध्यक्ष</u>ः

भाद्र २३ र २४ लाई एउटै डालोमा हालेर हेर्नु हुदैन। मलाई शंका छ, प्रतिवेदन दुधको दुध पानीको पानी हुनेमा। गृहमन्त्रीका विज्ञप्तिले संशय बढायो। सरकार बाहिरबाट विरोध गर्न सजिलो र सत्तामा आई काम गर्न गार्हो छ। सामाजिक सञ्जाल मार्फत उक्साउनेहरुलाई कारवाही हुनुपर्छ। घटनामा राज्यको उपस्थिति देखिएन। यदी देखिएको भए क्षति न्यून हुने थियो। सुरक्षा संयन्त्रले अघिल्लो दिन नै गाडी जोगाउनुस डाटा बचाउनुहोस् किन भन्यो?

<u>सुघांशु कोईराला नेपाली काँग्रेस</u>ः

नेपाली काँग्रेसको पार्टी कार्यालय आगजनी र तोडफोड भएको छ। करिब ८८ लाख बराबरको

क्षतिको मूल्यांकन छ। वास्तविक जेन्जीहरुको आन्दोलन शान्तिपूर्ण थियो, अराजक समूहको घूसपैठले देश ध्वंस भएको छ। बाँकेको हकमा प्रशासन पुरै चुकेकै हो। म मेरो बुढो वावा,आमा लिएर काहाँ जाने ? जस काहाँ जादा पनि उनीहरु असुरक्षित हुने सम्भावना वढी थियो। मैले एस.पी सावलाई नेताहरुको घर सुरक्षित राखिदिनुस् भन्दा प्रहरी आउन त आयो। तर प्रहरीलाई देख्ने वित्तिकै प्रदर्शनकारीहरुले लखेटे। वि.पि. पुष्पलाल, गणेशमानका सालिक ढालियो। हामी मुडभेड चाहदैनौ र हामीले पुनर्स्थापित गर्न सक्दथ्यौ, तर अहिल्यै गरेका छैनौ। बाँकेका नागरिकमा यस्तो त्रास छ।

**<u>घनानाथ खनाल ने.क.पा.एमाले</u>ः**

बाँके तहस नहस भएको छ। कार्यालयहरुले सहज रुपमा काम गर्न सक्ने अवस्था छैन। २४ गतेको घटनाको कस्ले जिम्मेवारी लिने? सरकार बन्न २ दिन अगाडि आयोगका अध्यक्षको पूर्वाग्राही सहितको स्टाटसले आयोगले निष्पक्ष छानविन गर्छ? सवै जलेका सार्वजनिक कार्यालय बारे केन्द्रीय सरकारले विशेष ध्यान दिएको छैन। २४ गतेका घटनाका दोषीहरुलाई कारवाही किन गरिदैन? निष्पक्ष छानविन होस्। पासपोर्ट रोक्का, काठमाडौं वाहिर जान नपाउने व्यवस्था किन गरियो ? २४ गतेको आन्दोलन कस्ले गरायो भन्ने कुरा पहिला यकिन हुनुपर्छ। निष्पक्ष छानविनको प्रतिबद्धताको आवश्यकता छ। हामी केही दिन भित्रै पार्टी कार्यालयबाट कार्यक्रम सञ्चालन गर्छौं। मुख्य राजनीतिज्ञहरुको सालिक हामीले पुर्नः स्थापना गर्न नपरोस् सरकारले गरोस्।

**<u>यातायात कार्यालय प्रमुख</u>ः**

कार्यालय ध्वस्त भएको छ। जाँचपास र रुट परमिटका काम शुरु गरी केही दिनमा अनलाइन सेवा प्रवाह गर्छौं। सवारी दर्ता अभिलेख लगायत सवै ध्वस्त भएका छन्।

**<u>बाँके जिल्ला समन्वय प्रमुख</u>ः**

उपमहानगरबाट सुरु भएको लुटपाट भंसार कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, जिल्ला अदालत, उच्च अदालत लगायतमा आगजनी र लुटपाट शुरु भयो। जेन्जीको नाममा अरुबाटै लुटपाट भएको छ। गणेशमानको सालिक फोड्नेलाई कारवाही गर्नु पर्यो भन्दा प्रहरीले र प्रमुख जिल्ला अधिकारीले माथिबाट आदेश आएको छैन भन्नुभयो। राष्ट्रसेवक कर्मचारीले पनि आफ्नो कार्यशैलीमा व्यापक परिवर्तन गर्नु आवश्यक छ। यहाँकै एउटा टोलमा अहिले प्रहरी गएर खानतलासी गरे भने लुटिएको ५०% माल सामान बरामद हुन्सक्छ। प्रहरी प्रशासन निष्क्रिय हैन

सक्रियता भएर काम गर्न आवश्यक छ। अन्यथा दण्डहीनता बढ्ने देखिन्छ।

**जिल्ला स्थित सुरक्षा समितिको छलफलका क्रममा बुझिएका कुराहरुः**

मिति २०८२ भदौ २३ गते कुनै किसिमको अप्रिय घटनाहरु भएनन्, सामान्य प्रदर्शन भएको थियो। काठमाण्डौ मा भएको २३ गतेको प्रदर्शनकारीहरुमाथिको हताहतीले सुर्खेतमा पनि असर गर्न सक्छ भन्ने अनुमान गरी जिल्ला सुरक्षा समितिमा छलफल गरी २४ गते विहानै देखी प्रहरी र ससश्त्र प्रहरीको तैनाथी वढाईएको थियो। बिहान करिव ९ वजे तिर हटिया चोक नेता चोक, बीच बजार लगायत स्थानबाट प्रदर्शनकारीहरु जम्मा हुनेक्रम बढे पछि प्रहरीलाई बजार क्षेत्रमा केन्द्रीत गरिएको थियो। जिल्ला स्थित जेन जि प्रतिनिधिहरुसँग समन्वय गरी प्रदर्शनलाई ब्यवस्थापन गर्दै आइएकोमा करिव १२;३० बजेतिर काठमाडौं लगायत देशभरी भएका घटनाहरुको रिपोर्टिङ भएकोले प्रदर्शनकारीहरुको संख्या बढी रहेको थियो सोही क्रममा सवै भन्दा पहिला हटिया लाईनमा रहेका राजनैतिक दलका कार्यालयहरुमा तोडफोड र आगजनी भएको थियो। सो पश्चात् प्रदर्शनकारीहरु विभिन्न समूहरुमा बाँडिएर जिल्ला स्थित सरकारी कार्यालयहरु प्रहरी कार्यालयहरुमा आक्रमण गर्न लागे पश्चात फौजलाई पनि सोही अनुसार खटाइएको थियो। करिव ४;३० बजे नेपाली सेनाले प्रमुख जिल्ला अधिकारीलाई सुरक्षित स्थानमा जाने भन्दै आफ्नो साथमा लिएर गएपछि सशस्त्र प्रहरी समेत ड्युटीबाट हटेकोले प्रहरी एक्लैले छरिएर रहेका प्रदर्शनकारीहरुलाई नियन्त्रण गर्न नसकेकोलेमाथि उल्लेखित क्षति भएको देखिन्छ। ३;४० मा कर्फ्यू आदेश लागु भएतापनि नेपाली सेना फिल्डमा आएन र प्रहरीको साधन स्रोत गोलिगठ्ठा, अस्रुग्याँस समेत सकिएकोले थप क्षति रोक्न नसकेको।

**<u>७.६ कर्णाली प्रदेश</u>**

कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको अनुगमन गरिएको थियो सो क्रममा बुझिएका कुराहरु निम्नानुसार छन्

**<u>७.५.२. सुर्खेतः</u>**

मिति २०८२। ०७। ११ गते सुर्खेत जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रियाबाट प्राप्त राय।

**जगदिश्वर उपाध्याय प्रजिअ सुर्खेतः**

क्षतिको विवरण क्षति भएका कार्यालयहरुको क्षतिको मूल्यको आधारमा वर्गीकरण गरिएको छ। नगरपालिका, गाउँपालिका र तीनका वडा कार्यालयहरुमा क्षति भएको अवास्था रहेको छ। नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष र सर्वसाधारण समेतको निजी सम्पत्ति मा आगलागि चोरी लुटपाट भएको अवस्था रहेको छ।

**जिवराज वुढाथोकी सचिवः**

प्रदेश सभाको भवन पूर्ण रुपमा क्षति भएको छ। सचिवालयको प्रसासनिक भवन, समिति बैठक कक्ष र १४ सवारी साधन बचेको अवस्था छ। पुस्तकालय, जेनेरेटर, सभामुख, उपसभामुखको निवास तोडफोड भएको छ। आगलागि भएको छैन। सबै गरेर अनुमानित क्षति ३.७७ करोड भएको छ।

**देव कुमार सुवेदी, जिल्ला सचिव नेपाली काग्रेस सुर्खेतः**

पार्टीको जिल्ला कार्यालयपूर्ण क्षति भएको छ। दोषीलाई कारवाही र पूर्ण शान्ती सुरक्षाको ग्यारेन्टी गरिनु आवश्यक रहेको छ। पुनः घटना नदोर्याउिन भनेर दीर्घकालीन समाधान नै आजको आवश्यकता हो। अनुमानित कूल १.२८ करोड बराबरको क्षति भएको छ।

**विनपा ७ नं वडाका वडा अध्यक्षः**

कार्यालय तोडफोड भएको छ चिनजानका मानिसहरुले नै कार्यालय तोडफोड गरेको छ।

**राजमो विश्णु प्रसाद शर्मा जिल्ला अध्यक्षः**

कार्यालय तोडफोड, आगजनी भएको छ। घटनाको सत्यतथ्य छानविन र दोषीलाई निर्मम कारवाही गरे मात्र पुनः शान्ति सुरक्षा बहाली गर्न सकिन्छ। अनुमानित कूल १९ लाख बराबरको क्षति भएको छ।

**जित बहाददुर राना नेकपा माओवादी केन्द्रः**

देशको ब्यवस्था र संबिधान माथि प्रहार भएको छ। पार्टी कार्यालय पूर्ण क्षति भएको छ। पुनः प्रयोग गर्न सकिने अवस्था छैन। अनुमानित कूल १.१७ करोडको क्षति भएको छ। आन्दोलनले

परिवर्तन माग गरेको छ तर दोषीलाई कारवाही नगरी हुँदैन।

**हर्ष बिक्रम खड्का अध्यक्ष नउवा सुर्खेतः**

कार्यालयमा आगलागि भई छ करिव ५/६ लाखको क्षति भएको छ। भदौ २३ र २४ गतेको ध्वंस किन भयो? आगामी दिनमा यस्ता अकल्पनिय घटना दोहरिन नदिन गम्भिर अध्ययन आवश्यक रहेको छ। २३ र २४ गतेको घटना लाई दुई पाटामा हेर्नु पर्दछ। व्यवसायिक वातावरण बिग्रेको छ विश्वासको वातावरण बनाउन सकिएन भने जनशक्ति पलायन रोक्न सकिने अवस्था छैन।

**वडा नं. ९ वडा अध्यक्षः**

वडा कार्यालय पूर्ण क्षति भएको छ। दैनिक काम कार्यवाही नगरपालिका कार्यालयबाट संचालित छ।

**खिमलाल देवकोटा ११ नं. वडाः**

आन्दोलनका विभिन्न पाटालाई फरक दृष्टिकोणले हेर्नु पर्ने अवस्था छ। स्थायित्वलाई प्राथमिकता दिन निष्पक्ष अनुसन्धान आवश्यक छ।

**६ नं वडा कार्यालयः**

कार्यालय पूर्ण क्षति भएको अवस्था छ आन्दोलनलाई फरक दृष्टिकोणबाट हेरिनु आवश्यक छ। दोषीलाई कडा कानुनी कारवाही हुन आवश्यक छ।

**२ नं. वडा कार्यालयः**

कार्यालयका २ वटा कोठा पूर्ण क्षति भएको छ। कार्यालयमा क्षति पुऱ्याउनेहरु चिनजानका मान्छेनै रहेका छन्।

**१० वडा कार्यालयः**

नयाँ भवन जलेर नष्ट भएको छ। अभिलेखहरु जलेर नस्ट भएको छ। सभाहल, अध्यक्षको कार्यकक्ष जलेको छ, पूरा नो भवनबाट काम गरिरहेको छ। काम गर्ने वातावरण छैन, सुरक्षा छैन। सरकारका

मानिसहरुलेनै धम्कीको भाषा बोलिरहेको अवस्थामा देश कसको हो भन्ने प्रश्न पनि उठेको छ।

**१ नं वडा कार्यालयः**

आन्दोलनमा घूसपैठ भई ब्यक्ति केन्द्रीत आक्रमण भएको अवस्था छ व्यवसायीहरु आतंकित छन्। सरकार अभिभावकको भूमिकामा देखिएको छैन। लुटपाटमा संलग्न ब्यक्तिहरुलाई कारवाही नगर्न सरकारको हस्तक्षेप छ। वास्तविक आन्दोलनलाई आपराधिक व्यक्तिहरुबाट दुरुपयोग भएको छ। कानुनी राज्यमा कानुनी राजको महसुस हुनु पर्दछ।

**विष्णु खड्का व्यवसाई उप-सभापती नेका सुर्खेतः**

आयोगले राजनीतिक, आग्रह पूर्वाग्रह बाट बच्दै सत्यको खोजि गरी निष्पक्ष अनुसन्धान गरी देशलाई नयाँ दिशा दिन सफल होस। आयोगका अध्यक्षको निष्पक्षतामा प्रश्न छ उहाले काम मार्फत त्यो आरोपलाई गलत सावित गर्नु हुनेछ भन्ने विस्वास लिएको छु। भदौ २३ गतेको आन्दोलन विशुद्व जेन जी को आन्दोलन थियो तर २४ गतेको विध्वंस नियोजित प्रायोजित थियो। २४ गते सुर्खेतमा ११:३० बजे मेरो ईत्राम स्थित घर नजिक ३०-४० जना मानिसहरु जम्मा भएका थिए। १२:४५ मा नेकपा एमाले जिल्ला कार्यालयमा स-सानो जमातले आगजनी गरेको थियो। मोटर साईकलमा चढेर भीडमा भड्काउन केही मानिसहरु प्रायोजित भीडले आगजनी गरेको अवस्था छ। १३:३०-१४:०० बजेको समयमा मेरो घरमा आगजनी भएको थियो। यो आन्दोलन नभई अराजकता हो। यसको दीर्घकालीन समाधान गर्न सकिएन भने आज भन्दा भयावह हुने अवस्था हुन्छ। देशमा सुरक्षा विहिन राज्य विहिन अवस्था सिर्जना भएको छ। पहिचान विहिन अवस्थाको सिर्जना भएको छ। यसको निराकरण कानूनको राज र कानूनको सही र निष्पक्ष प्रयोगबाट मात्र हुन्छ। गृहमन्त्री नै राजनीतिक दलका विरुद्व वक्तव्यबाजि गर्दै हिड्नु सोभनीय छैन। राज्यका वैध निकायहरुलाई आफ्नो कार्य गर्न स्वतन्त्र छाडी दिने हो भने मात्र पनि न्युनतम शान्ती सुरक्षा कायम हुने अवस्था रहेको छ। लुटेराहरु खुलेआम धम्काउदै हिडिरहेका छन्। आयोगले निष्पक्ष छानविन गरी कानूनको राज कायम हुन आवश्यक छ। अनुमानित ३५-४० लाख बराबरको क्षति भएको छ। नागरिकका सम्पत्ति को क्षतिपूर्ति दिन आवश्यक छ। नागरिक अभिभावक बिहिन भएको अवस्था छ। क्षतिपूर्तिको व्यवस्था हुनु पर्दछ। जेन जीका नाममा अराजकता फैलिएको छ। व्यक्तिगत फाइदाको लागि अफवाह फैलाइएको छ। आन्दोलनकारी भन्दा समयको फाइदा उठाउन भड्काउन प्रविधिको प्रयोग भएको छ।

**वडा अध्यक्ष वडा नं ४ बिनपाः**

हिमाली पुस्तकालयमा सञ्चालित वडा कार्यालय ध्वस्त भएको छ। हिमाली पुस्तकालय र रेडक्रस उप शाखाको कार्यालय समेत आगजनी भएको अवस्था छ।

**कूलमणी देवकोटा अध्यक्ष नेकपा एमाले सुर्खेतः**

घटनामा षडयन्त्र तथा घूसपैठ भएको छ। आन्दोलनलाई फाइदा लिने प्रायोजित भीडले लिएको छ। प्रायोजित पूर्वनियोजित र हस्तक्षेपयुक्त ध्वंस भयो। यो घटनाको छानविन गर्ने आयोगको विज्ञता के हो? विश्वासयोग्य वातावरण कसरी कायम हुन्छ। राज्यका ब्यवस्थाका अङ्गहरुमाथि गम्भिर प्रहार भएको छ। नेपालको राष्ट्रिय अस्मितामाथि प्रहार भएको छ। नेपाल प्रहरीलाई आफ्नो काम गर्न किन नदिने ? तत्काल राहत कसरी गर्ने व्यवस्था किन नगर्ने। मानिसको सँधै डरमा बाँच्नु परेको अवस्थामा राज्यनै पक्षपाती भएको अवस्था छ। असुरक्षा, अव्यवस्थाको कहाली लाग्दो अवस्था सिर्जना भएको छ। मुलुक संकटतर्फ नै गएको छ राज्यनै पक्षपाती भएपछि हुने पुनः ध्वंस नै हो। राज्यनै आफ्नो भन्ने अवस्था नभएको महसुस भएको छ। ६ जना नेताको घर सम्पत्ति आगजनी गरेको अवस्था छ। प्रतिशोधको मानसिकताबाट यो भयावह अवस्थाबाट बाहिर निस्किन सक्ने स्थिति छैन। सम्हालिनु पर्ने अवस्थामा सबै जना सह अस्तित्वबाट मात्र सम्भव छ।

**पदम बाहादुर शाही उबासँघ कार्णाली प्रदेशः**

भदौ २३ गतेको आन्दोलन जायज थियो। मागहरु पनि जायज थिए। राजनीतिक माग थिएनन्। आन्दोलनबाट दण्डहीनता मौलाएको छ। व्यवसायीहरु हतोत्साही भएका छन्। रोजगारी र राजस्व सम्बन्धमा संकुचन आउने अवस्था रहेको छ। संस्थागत रुपमा सुर्खेत उवासंघमा क्षति भएको छ। ब्यक्तिगत सम्पत्ति ६ वटामा आगजनी भएको छ। वातावरण धुमिल भएको छ। २४ गतेको घटनमा संलग्नहरु आपराधिक मानिसहरु हुन। यो वास्तव मा आन्दोलन थिएन। लगानीको वातावरण निरुत्साहित भएको छ प्रत्यक्ष वैदेशिक लगानीको वातावरण पूर्न रुपमा नष्ट भएको छ। २४ गतेको ध्वंसबाट ब्यवसाइक घरानाहरु प्रताडित र असुरक्षित छन्। मनोवैज्ञानिक क्षति ठूलो भएको छ। देशको कन्फिडेन्स कमजोर भएको छ।

**ध्रुव शाही नेकपा एमाले कर्णाली प्रदेशः**

अहिलेको अवस्था सवैले आ-आफ्नो स्थानबाट सुधार गर्न आवश्यक छ। आहिलको नेतृत्वले यो

दण्डहीनतालाई मात्र प्रस्रय दिएको छ। गृहमन्त्री नै अराजक छन्। आयोगका पदाधिकारीहरु वायस छन् ब्यक्तिगत तुस पालेकाहरु आयोगमा गएका छन्। थप हिंसाको वातावरण तयार गर्न लागेको हो ? सरकार कसको हो सबैको होइन? सरकार अभिभावक हुनु पर्दैन ? आयोगको निष्पक्षतामा ठूलो प्रश्न छ। तीनको योग्यतामा प्रश्न छ। सर्वस्वीकार्यता नै कायम हुन नसकेको यो अवस्थामा आयोगबाट के रिपोर्ट आउछ भन्ने पूर्वनिर्धारित नै छ। विश्वनीय कार्यबाट देशलाई थप संकटबाट बाहिर निकाल्न सबैसँग सहकार्य र सहअस्तित्व आवश्यक छ। राजनीतिक दललाई केही पनि होइनन् भन्ने मानसिकताबाट लोकतन्त्रको जगर्ना हुन सक्दैन।

**१२ नं. वडा अध्यक्षः**

शान्ति सुरक्षाको अवस्था अत्यन्त चुनौतीपूर्ण छ। आगो लगाउन संलग्नहरु अटो चालकहरु हुन। निवृत्त राष्ट्रसेवकहरु पनि संलग्न छन्। सरकारको विश्वास नै छैन। सरकारले कसैलाई राहत दिन होइन मान्छे उचालेर व्यवस्थाविरोध कार्य गरी रहेको छ। संविधानको सपथ खाएका सरकारले बन्दुक र भीड देखाएर हामीलाई तर्साउन मात्र ध्यान केन्द्रीत छ। रास्वपाका कार्यकर्ताहरु आज हामीलाई धम्की दिइरहेका छन्। स्वाभिमानी नेपालीहरु अब बाँच्न नपाउने ?

**८ नं वडाः**

वडा कार्यालय र ब्यक्तिगत सम्पत्ति पनि क्षति भएको छ। १ करोड ३६ लाख क्षति भएको छ। ३४ लाख जाति मेरो ब्यक्तिगत सम्पत्ति क्षति भएको छ। सुरक्षा निकाय लाई स्वतन्त्र रुपमा काम गर्न दिएन भने देश गम्भीर गृह युद्धमा जाने अवस्था छ। सुरक्षाको अवस्था अत्यन्त गम्भिर छ। बारम्बार धम्कीको सामना गर्न परिरहेको छ। २४ गतेको सुरक्षा निकायको लापरवाही गम्भीर मूल्याङ्कनको विषय बनेको छ। सरकार गम्भीर छैन भीडबाट निर्देशत सरकार सबैको बनोस।

**मुख्य न्यायाधिवक्ताको कार्यालयः**

२ वटा गाडी जलेको छन्। कार्यालयको सिसा फुटेको छ। ११४६००० को क्षति भएको छ।

**दिनेश भण्डारी नापी कार्यालयः**

भूइतलाको प्राविधिक फाँटसहित कार्यालय जलेर नष्ट भएको छ सर्भर नष्ट भएको छ। सेवा प्रवाह गर्न सकिएको छैन। बजेट छैन। कानूनी व्यवस्था छैन। ३ घण्टा जति आगो लागाएको छ। १

करोड ६५ लाख को भवन ५० लाख ६५ हजार समेत कूल २६३००००० को क्षति भएको छ। अपराधमा संलग्न सवैलाई कडा कारवाही होस। कार्य गर्ने वातावरण छैन।

**अख्तियार अनुसन्धान दुरुपयोग कार्यालयः**

१३ लाख जतिको क्षति भएको छ आगलागि भएको छैन।

**लेखा नियन्त्रण कार्यालयः**

जनताका दैनिक कार्यसँग प्रत्यक्ष सम्बन्ध नभएको यो कार्यालय समेत आगलागिबाट १७७ लाख क्षति भएको छ।

**मुख्य मन्त्रीको कार्यालयः**

लुटपाट तथा तोडफोड भएको छ। मुख्यमन्त्री कार्यालय र मन्त्री आवासमा क्षति भएको अन्दाजी रु ६३०००।

**भेरी बबई डाईभर्सनः**

कम्पाउण्ड बाहिरबाट ढुंगामुढा।

**लक्षमी प्रसाद वासकोटाः**

न.पा. कार्यालय सिटिहल लगायत स्थानमा आगजनी भएको छ।

**मेघनाथ सापकोटाः**

सिसा टुटफुट फर्निचर तोडफोड भएको छ ४००००० जतिको क्षति भएको छ।

**निलकण्ठ ढकाल उप मेयर बिनपाः**

मेरो घरजलाइएको छ। सवै कपडा समेत जलाइएको छ। समाज विस्रिङखलित छ। थेत्तरो छ प्रधानमन्त्री अराजक छन्। प्रतिशोधबाट ग्रसित छन्। अव नेपाली भन्ने अवस्था छैन। सरकारमा गएका मानिसहरु परिचालित हुन। सवै संलग्नलाई कारवाही होस्। नेपालको राष्ट्रिय छवी निर्माणमा सवैको ध्यान जानु आबश्यक छ। एक्लै हिड्न नसक्ने अवस्था छैन। शान्ति सुरक्षाको अवस्था दयनीय छ। national confidence गिरेको अवस्था छ। देश निराशामा छ।

**नगर प्रमुख मोहनमाया ढकालः**

बिरेन्द्रनगर नपा ५९१०००० जना बस्छन। सहर लाई निर्माणको दिशामा गएको यो अवस्थामा २४ गते भएको विध्वंसात्मक घटनाले यो अभियानलाई ठूलो धोका भएको छ र विकासको गति अति नै पछाडि धकेलिएको छ। नगरपालिकाका सवै वडा कार्यालय नगरपालिका भवन अभिलेख साधन स्रोत सवैमा क्षति भएको छ। विकासको गतिमा ब्रेक लागेको छ सुरक्षित सहर निर्माणमा दिएको योगदानले आज हामी र हाम्रो परिवारलाई पुनः एकपटक दोका दिएको छ। निर्माणको गति रोकिएको छ। जेन जी भन्ने यो पुस्ता निर्माणको बाधक होइन हुन सक्दैन। यसमा परिचालित ब्यक्ति समूहहरु संलग्न छन्। पूर्व न्यायाधिसहरु समेतले आन्दोलनमा विष भर्ने काम गरेका छन्। विध्वंसको यो ताण्डवलाई सणडित गरेमात्र पूर्ण शान्ति सम्भव छ। गैती बेल्चा लगेर घर तोडफोड गरेका छन्। मेरो घरमा आगजनी गरिएको छ। समितिले निष्पक्ष छानविन गरोस। पीडितले न्याय पाउने वातावरण निर्माणमा आयोगले भूमिका खेलोस्। प्रतिसोधको भावनाले देशलाई गति दिन सकिदैन भन्ने सबैले मनन गरुन्। राज्य अभिभावक बनोस्। लोकतन्त्रको उपयोग सबैले गर्न आवश्यक छ लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो। राज्य सवैको कुरा सुन्ने र विवेक सम्मत निर्णय गर्ने अभिभावक बनोस। प्रतिसोधको गर्त बाट निस्कन सकोस्।

३१ सदस्य बिपी भण्डारी दण्डहीनताको अन्त्य तथा क्षतिपूर्तिको सम्बन्धमा रिपोर्टमा गम्भीरताका साथ अध्ययन गरी सामेल गरिने छ निष्पक्षता कायम गरिने छ। सहभागीहरुबाट उठेका सरोकारका विषयलाई कार्यादिशको अधीनमा रही पूर्ण पालना गरिने छ।

## ७.६. सुदुरपश्चिम प्रदेश

सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलाली र कञ्चनपुर जिल्लाको अनुगमन गरिएको थियो।

### ७.६.१. कञ्चनपुरः

मितिः २०८२।०७।११ गते कञ्चनपुर जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रिया बाट प्राप्त रायः

**सर्वसाधारण टेलरिङ गर्ने सुरेन्दर शिलाधरः**

मेरो व्यवसाय मा ठूलो क्षति भएको छ। न्यू रोयल टेलरिङ ब्राण्ड नामको होजियारी उद्योग

सञ्चालन गर्दै आई रहेको छु। २४ गते मेरो सवै तयारी लुगा कच्चा कपडा मेसिन आदि जलाई नष्ट पारी दिएका छन्। राज्यले के कसरी क्षतिपूर्ति दिन्छ। सामान्य काम गर्ने मानिसलाई अब कसरी काम गर्ने र जीबिका चलाउने भन्ने ठूलो प्रश्न भएको छ। मेलौली होजियारी उद्योग हो करिव ४० लाख जतिको क्षति भएको छ।

**सरकारी वकिल कार्यालयः**

फर्निचर र इलेक्ट्रिक सामानहरु जलेर नष्ट भएको छ। केही बाहेक मिसिल फायलहरु सुरक्षित रहेका छन्।

**तिलक प्रसाद रिजाल पुनर्वास नगरपालिकाः**

गाडी फायल भवन सवै जलेका छन् साढे पाँच करोड जति क्षति भएको छ। छुट्टै रहेको यौटा हलबाट सेवा प्रवाहको काम भई रहेको छ।

भीमदत्त नगरपालिका क्षति भएको छ रिपोर्ट भएको छ, दैनिक धम्की दिने कामहरु भएका छन्।

**घरेलु तथा साना उद्योग कार्यालयः**

दुईवटा उद्योगमा क्षति भएको छ। सो को विवरण पठाइसकिएको छ।

**बेदकोट नगरपालिका प्रमुखः**

२३ गतेको र २४ गतेको आन्दोलन फरकफरक हुन। २३ गतेको आन्दोलन प्रमुख ३ मागमा सीमित थियो। भ्रष्टाचारको नियन्त्रण, सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा र प्रदेश संरचनामा भएको महंगोपनाको विरुद्धमा भएको थियो। सो आन्दोलनमा हामी जस्ता राजनीतिक प्रतिनिधिहरुले पनि पटकपटक उठाएकै विषय हुन। २३ गते के कसो भयो सबैले देखेकै विषय हो। २४ गते संसद भवन, सर्बोच्च अदालत सिँहदरवार, राष्ट्रपतिको कार्यालय समत जलाउँदा ती बन्दुकहरु कहाँ थिए नेपाली जनताले प्रश्न गरि रहेका छन्। सहादत भएका सम्पूर्णप्रति श्रद्दा व्यक्त गर्न चाहन्छु। अपराधी र आन्दोलनकारी को हुन छुट्याउनु पर्छ। मेरो घर जलाइएको छ। राप्रपाका कार्यकर्ताहरु र रास्वपा र माओवादीका कार्यकर्ताहरु समेत भई मेरो घरमा रहेका किताव कापी गरगहना लुटिए प्रशासन ले टुलुटुलु हेरेर बस्यो। ६;३० बजे मेरो घरमा आगलागि भयो। यो आन्दोलन थिएन यो

त पूर्ण आपराधिक कार्य हो।

**७.६.२. कैलालीः**

मितिः २०८२। ०७। ११ गते कैलाली जिल्लामा क्षति भएका संरचनाहरुको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर्क्रिया बाट प्राप्त रायः

**विभिन्न स्थानीय निकायका अधिकारीहरुः**

स्थानीय निकायका कार्यालयहरु, वडा कार्यालयहरु सेवा केन्द्रहरुमा आगजनी तोडफोड भएको छ लुटिएको छ। बिहान करिव ९;०० बजेदेखि पटकपटक आएका प्रदर्शनकारीहरुले चोरी लुटपाट र आगजनी गरेक छन्, रास्वपाका कार्यकर्ताहरु घोषितरुपमै आगजनि तोडफोडमा संलग्न देखिएका छन्। खासगरी काग्रेस एमालेले प्रतिनिधित्व गर्ने पालिकाहरुमा क्षति पुर्याइएको छ। जानकि टिकापुर, भजनी जस्ता पालिकाहरुमा खास क्षति छैन। माओवादीका कार्यकर्ताहरु समेत आगजनीमा संलग्न छन्। आगजनी तथा लुटपाटबाट भएको क्षतिको विवरण स्थानीय प्रशासन तथा संघीय मामिला मान्त्रालयमा पठाई सकिएको छ। प्रहरीबाट मुचुल्का समेत भई सकेको छ। कतिपय पालिकाहरुको शहरी विकास शाखाबाट क्षतिको यकीन विवरण निकाल्ने काम समेत भएको छ। अन्य निकायको समेत शुरु भएको छ। २३ गते काठमाडौंमा भएको आन्दोलनको कारण पालिकाहरुमा समेत तोडफोड भयो। कार्यालयमा कर्मचारीहरु काम गरिरहेकै अवस्थामा एक्कासी आगजनी गरेकोले कर्मचारीहरु समेत बल्लबल्ल बाँच्न सकेका थिए।

**ट्रेडयुनियन अध्यक्षः**

कर्मचारीलाई कार्वाही र तीनको कामको मूल्याङ्कन गर्ने देशको कानून छ कर्माचारीहरु सबै चोर हुन भन्ने भावना कुनै अर्थमा पनि ठीक होइन। कार्यालयमा क्वाटरमा वस्ने कर्मचारीहरुको सवै चिज जलेको छ तीनको बासको समेत व्यवस्था छेन। कर्माचारीहरुलाई निरीह बनाएर राज्यको सेवा प्रवाह ठीक हुने होइन। कर्माचारीहरु समेत यो देशका नागरिक हरु हुन। सेवा प्रवाहमा लागेका कर्मचारीहरुलाई आक्रमण गर्दा समेत कुनै सुरक्षा निकायको सहयोग पाईएन। दमकलले राम्रो काम गर्न सकेन परिचालित भएन। राजनैतिक आन्दोलनको टार्गेटमा सरकारी कार्यालयहरु पर्नु सबैका लागि गलत अभ्यास हो। यसले द्वन्दलाई निराकरण गर्दैन। यसले त खराव नजिर मात्र प्रस्तुत गर्यो। अर्को आन्दोलन हुँदा घरघर टार्गेट हुन सक्छन्। आज जसले आगजनीको अगुवाई गरे

तिनीहरु समेत सुरक्षित हुन सक्दैनन्।

**टेक राज पनेरु श्रेष्तेदार जिल्ला अदालतः**

अदालत निमुखाको न्यायको मन्दिर हो। यो कुनै विकासे कार्यालय होइन। अदालत राज्यको समेत होइन यो त जनताको आस्थाको केन्द्र हो। अदालतमा आगजनी गर्नु आन्दोलन होईन इतिहासले यसको खराव मूल्याङकन गर्नेछ। अदालतमा जहिले पनि यौटा पक्ष जित्ने र अर्को पक्ष हार्ने नै हो। त्यसैले कानूनी हारको आक्रोस अदालतमा आगजनी गरेर साम्य हुँदैन। आगजनीमा कुनै समय सरकारमा रहेकै पार्टीका चिनेजानेका मानिसहरु संलग्न छन्। यो देशद्रोह हो। अदालतको क्षतिको विवरण आफ्नो च्यानलबाट पठाई सकिएको छ। यहाँ समेत प्रस्तुत गरिएको छ। ३:३० बजेतिर कारागार बाट कैदीहरु भागेपछि अदालतमा आगजनी गरिएको छ। २००७ साल देखिका सक्कल मिसिल जलेका छन्। कम्पयुटरहरु चोरिएका छन्। आन्दोलन र आपराध लाई फरक दृष्टिकोण बाट हेरिनु पर्दछ।

**कारागार प्रमुखः**

कारागारबाट कैदी र थुनुवाहरु बेलुका करिव ७ बजेतिर वाहिर ठूलो भीड आई आगजनी गर्ने ढुंगामुढा गर्ने कार्य गर्न थालेपछिभित्र समेत नाराबाजी गर्न लागे रवि लामिछाने वाहिर जान हुने हामी किन जान नहुने भन्दै आक्रोसित हुन लागे। जिल्ला प्रहरी कार्यालयमा समेत ठूलो समूहले आगजनी तोडफोड गर्ने कार्य गरिरहेको हुँदा थप सुरक्षाकर्मी समेत आउन सक्ने अवस्थसा थिएन। काठमाडौंमा जेल बाट कैदी थुनुवा भागेको भन्ने सूचना टिभि लगायतमा फैलिएको थियो। रवि लामिछाने जेल टिडेर भागेपछि अन्य जेलका कैदी थुनुवाहरु समेत भाग्न भगाउन थालियो। ६६७ जना भागेका छन्। जस मध्य ४०९ जना पुनः आइसकेका छन्। ४५ लाख जति क्षति भएको छ।

**यातायात कार्यालयः**

Online सिस्टम जलेको छैन। हामी कार्यालयमा काम गरिरहेकै अवस्थामा बाहिर बाट आगजनी गरियो। कर्माचारी र सेवाग्राहीका समेत मोसाहरु जलेका छन्। राज्य विहिनता छ। अहिले पनि जेन जि को नाममा थर्काउने धम्कि दिने कार्यहरु गरि रहेका छन्। संरक्षण छैन सुरक्षा छैन।

**अन्तरिक राजश्व कार्यालयः**

करिव ३;४५ बजेतिर आगजनी गरे क्वाटरमा रहेका बालबच्चाहरुमाथि रहेकै अवस्थामा आगजनी गरियो। सेवाप्रवाह प्रभावित बनेको छ।

**खड्ग जोशी मानवअधिकारकर्मीः**

२४ गतेको आन्दोलन आन्दोलन थिएन यसलाई दुई प्रमुख आधारमा हेरिनु पर्छ। पहिलो राज्यको शक्तिको सीमा र नागरिक अधिकारको सीमा यी दुई पक्षहरुलाई छाड्दा हुने कुनै पनि अनुसन्धान पूर्ण हुन सक्दैन। राज्यबाट गठित कुनै पनि आयोगले सत्य निरुपण गर्ने जाँगर देखाएका छैनन। देशलाई ठीक दिशा दिन यो आयोगले स्पष्ट दिशा निर्देश गर्न सक्नु पर्दछ। यो टालटुले किसिमले सबै कुरा वुजिदैन। अध्ययनको बिधि भएन। सराकरवालाहरु बोल्न सक्ने अवस्था छैन। मानव अधिकार एलाइन्सले पनि राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर कार्य गर्दैछ।

**राष्ट्रिय सभा सदस्य नारायण दत्त भट्टः**

देशले अक्लपनीय क्षति भोग्नु पर्यो यो आफैमा अति दुःखद क्षण हो। राज्यका सवै निकायहरु कुनै न कुनै रुपले सेवा प्रवाहमा कमजोर सावित भए। मेरो घर समेत टार्गेट भयो। हामी २३ गते पनि राष्ट्रिय सभाको समितिमा बैठकमा सुशासन सम्बन्धी छलफल मै थियौं। हामी संसद भवन मै रहेको अवस्थामा बाहिरबाट आगजनी गर्ने काम गरियो। प्रतिसोधको भावनाले देशलाई हित गर्दैन सबैको हातेमालो गरियो भने मात्र हामीले देशलाई अगाडि लैजान सक्छौ। आज देश डराई रहेको छ ७२ सालको भुकम्पपछि ऋण अनुदान गरेर पुनः बनाइएको सिँहदरवार जलाइएको छ। राजनैतिक दलका कार्यालयहरु जलाइएको छ। व्यापारिक प्रतिष्ठान जलाइएको छ। यो त नेपाली भन्न समेत नसुहाउने कार्य भयो। २३ र २४ गतेको घटना लाई फरकफरक दृष्टिकोण बाट हेरिनु पर्दछ। आपराधिक कार्यको सही अनुसन्धान होस्। आयोगलाई देशलाई दिशा निर्देश गर्ने आभूतपूर्व अवसर प्राप्त भएको छ यसलाई सदुपयोग गरोस्।

## ७.७. स्थलगत अनुगमनका क्रममा सहभागीहरुले राखेका धारणाको निचोड

भाद्र २३ र २४ गतेको प्रदर्शको क्रममा प्रदेशगत प्रतिनिधित्व हुने गरी धेरै क्षति भएका १३ वटा जिल्लाहरुमा आयोगका अध्यक्ष र सदस्यहरुको नेतृत्वमा भएको अवलोकन, अन्तर्क्रिया र छलफल कार्यक्रमहरुमा विभिन्न व्यक्तिहरुले राखेका धारणा र विषयवस्तुको निष्कर्ष निम्न बमोजिम रहेको छ।

- ❖ आयोगको तर्फबाट अध्यक्ष र सदस्यको नेतृत्वमा भएको अवलोकन, अन्तर्क्रिया र छलफल कार्यक्रममा उपस्थितिको सन्दर्भलाई लिएर स्थानीयबासीहरु तथा सरोकारवालाहरुले खुसी प्रकट गरेका थिए। तर उक्त कार्यक्रममा उपस्थित अधिकांश व्यक्तिहरु प्रदर्शनको क्रममा भएको भौतिक क्षति र सुरक्षाको अभावका विषयउपर चिन्तित एवं आक्रोशित थिए।
- ❖ केही जिल्लाहरुका जनप्रतिनिधि एवं स्थानीयबासीहरु र प्रशासनिक अधिकारीहरुले सुरक्षा निकायहरुबीच अपेक्षितरुपमा समन्वय हुन नसकी सुरक्षाको गम्भिर समस्य सृजना भएको भन्ने गुनासो प्रकट गर्नुभयो। गुनासो विशेषगरी नेपाली सेना र केही स्थानहरुमा सशस्त्र प्रहरी बलबाट अपेक्षित सहयोग नभएको भन्ने थियो।
- ❖ राजनीतिक दल समर्थक व्यक्तिहरु र जनप्रतिनिधिहरुले घटनाको दोषीका सम्बन्धमा केही निश्चित पार्टीका कार्यकर्ताहरुलाई आरोप लगाएका थिए।
- ❖ भाद्र २३ र २४ गतेको घटनाको सम्बन्धमा विभिन्न व्यक्तिहरुको छुट्टाछुटै धारण रहेको थियो। आमरुपमा बुझिए जस्तै भाद्र २३ गतेको घटना घट्नुमा तत्काल जिम्मेवारीमा रहेका पदाधिकारीहरुको कमजोर व्यवस्थापन, आन्दोलनप्रतिको नजर अन्दाजका साथै विशेष गरी काठमाडौंमा शान्तिपूर्ण जेन्जी प्रदर्शनमा गलत मनसाय राखेका व्यक्तिहरुको घुसपेठ भएको भन्ने धारणा प्रकट भएको थियो।
- ❖ सबै जिल्लाहरुमा सुरक्षा निकाय, प्रशासन(प्रमुख जिल्ला अधिकारीहरु) को मनोवल गिरेको कारणले दैनिक प्रशासन र शान्ति सुरक्षालाई सामान्यीकरणतर्फ लग्दै मजबुत सुरक्षा व्यवस्थापनको माध्यमद्वारा भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा निकाय र प्रशासनको मनोवल उच्च बनाउनुपर्ने माग रहेको थियो।
- ❖ भ्रमण गरिएका सबै जिल्लाहरुमा उपस्थित भएका राजनीतिक दल सम्बद्ध व्यक्तिहरु, जनप्रतिनिधि, स्थानीयबासीहरु, जियनजेड युवाका प्रतिनिधिहरु लगायत सरोकारवाला सबैजनाले भाद्र २४ गतेको प्रदर्शनको क्रममा चिनेजानेका व्यक्तिहरुले व्यक्तिगत एवं सांगठनिक रिसइबीका कारणले पेट्रोल, रसायनिक पदार्थ आदिको प्रयोग गरी घरसम्पति जलाउने, लुटपाट गर्ने, धम्कि दिने जस्ता अपराधिक क्रियाकलापहरु गरेको, सुरक्षा निकायहरुले त्यस्ता व्यक्तिहरुलाई हालसम्म पनि कारवाहीको दायरामा नल्याएकोले भविष्यमा अपराधिक क्रियाकलापहरुमा बढोत्तरी हुने आशंका व्यक्त गर्दै तत्काल कानूनी कारवाहीको दायरमा ल्याउन सम्बद्ध निकाय समक्ष पहल गरिदिन समेत माग गरेको थिए।
- ❖ जिल्लास्थित राष्ट्रिय अनुसन्धान कार्यालयहरुले समयमानै सूचनाको प्रवाह गर्न नसकेकोले धेरै क्षति व्यहोर्नु परेको गुनासो समेत राखेका थिए।
- ❖ केही अभियन्ताहरुले सामाजिक सञ्जालमार्फत गलत र भ्रामक सूचना प्रसार गरेको कारणबाट विशेषगरी भाद्र २४ गते सार्वजनिक निकाय र व्यक्तिगत सम्पत्तिमा व्यापकरुपमा क्षति हुन पुगेको भन्ने सहभागीहरुले धारणा व्यक्त गरेका थिए।


- ❖ भौतिक क्षतिको मूल्याङ्कन गरी राज्यद्वारा क्षतिपुर्तिको व्यवस्था गर्नुपर्ने माग समेत सहभागीहरुले राखेका थिए।
- ❖ आयोगका पदाधिकारीहरु समक्ष आयोगले भाद्र २३ र २४ गतेको घटनाको सन्दर्भमा निष्पक्ष तवरबाट छानविन गरी जोसुकै भएपनि दोषी उपर कारवाही गर्न माग गरेका थिए। केही सहभागीहरुले आयोगको गठन र यसको कार्यसम्पादनको विषयलाई लिएर शंका समेत व्यक्त गरेका थिए।
- ❖ समग्रमा भविष्यमा यस्ता किसिमका घटना दोहोरिन नदिन आयोगबाट वस्तुनिष्ठ आधारमा संलग्न तथ्य/प्रमाणको विश्लेषण गरी सुझाव प्रेषित गर्ने अपेक्षा समेत राखेका थिए।

**स्थलगत अनुगमनको क्रममा लिइएका केही तस्विरहरु**










# परिच्छेद-८ : आयोगबाट भएका पत्राचार तथा विभिन्न निकायहरुबाट प्राप्त जवाफ विवरण

नेपाल सरकार मन्त्रिपरिषद्ले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रण लगायतका माग राखी जियनजेड (Gen-Z) युवा पुस्ताद्धारा २०८२ भाद्र २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका मानवीय तथा भौतिक क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोगको गठन भएको हो। आयोगलाई दिइएको कार्यदिश अनुसार विभिन्न निकायबाट प्रदर्शनका क्रममा भएका मानवीय तथा भौतिक क्षति लगायत सुरक्षा निकायसँग सम्बन्धित विवरण माग गर्नु पर्ने भएकाले सोही बमोजिम विभिन्न निकायमा २७० वटा पत्रहरु प्रेषित गरिएको थियो।ती पत्रहरु मध्ये नियमित कार्य संचालनसँग सम्बन्धित, विभिन्न निर्णयहरु कार्यान्वयनका पत्रहरु, जानकारी सम्बन्धी पत्रहरु, गुनासो/उजुरी तथा जाहेरी पत्रहरु लगायतका पत्रहरु बाहेक सम्बद्ध निकायहरुलाई १९९ वटा पत्र मार्फत विवरण माग गरिएको थियो। माग भएको मध्ये १६४ वटा पत्रको जवाफ प्राप्त भएकोमा ३५ वटा पत्रहरुको जवाफ प्राप्त भएन र बाँकी पत्रहरुको जवाफ तथा विवरण प्राप्त भई प्रतिवेदनमा समावेश गरिएको छ। साथै, पत्राचारको पूर्ण विवरण अनुसूची (१०) मा समावेश छ।

# परिच्छेद-९ : सरकारी निकाय, परिषद तथा समितिका निर्णयहरु

## ९.१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयहरु

मिति २०८२/०५/२३ गते जियनजेड पुस्ताद्धारा गरिएको सामाजिक सञ्जालमा रोक साथै भ्रष्टाचार विरोधी आन्दोलनको समयमा मिति २०८२/०५/२३ मा मन्त्रिपरिषद्ले देहायबमोजिमका दुई वटा निर्णय गरेको रहेछ।

- ❖ कृषी मन्त्रालयका प्राविधिक सहसचिवको बढुवा गरी अवकाश दिने,
- ❖ नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक श्री दानबहादुर कार्कीलाई काठमाण्डौ उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा सरुवा गर्ने।

## ९.२. राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरु

मिति २०८२ साल भाद्र २३ गते सोमबारको दिन नेपालको संविधानको भाग २८ को धारा २६६ को उपधारा (१) अनुसार राष्ट्रिय सुरक्षा परिषद्को ३९ औ बैठक बसी देहाय बमोजिम निर्णय गरेको रहेछ।

- ❖ मुलुकको सुरक्षाका वर्तमान अवस्थाको बारेमा समीक्षा गरियो। विद्यमान सुरक्षा चुनौतीलाई सम्बोधन गरी मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सबै सुरक्षा निकायलाई प्रभावकारी र समन्वयात्मक रुपमा परिचालन गर्ने।
- ❖ सैनिक ऐन, २०६३ को दफा १३३ को उपदफा (२) को व्यवस्था बमोजिम नेपाली सेनालाई आ.व.०८२/०८३ को लागि आवश्यक रहेका परिशिष्ट क मा उल्लिखित हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्रीहरु खरिद गर्न नीतिगत स्वीकृतिका लागि नेपाल सरकार ,मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने।

राष्ट्रिय सुरक्षा परिषद्को आठौ वार्षिक प्रतिवेदनको मस्यौदामा छलफल गरियो। साथै, उक्त मस्यौदालाई केही संशोधनसहित स्वीकृत गरी नेपालको संविधानको भाग २८ को धारा २६६ को उपधारा (३) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने निर्णय गरियो।

## ९.३. केन्द्रीय सुरक्षा समितिका निर्णयहरु

यस आयोगबाट मिति २०८२ साल भाद्र २० देखि २५ गतेसम्म केन्द्रीय सुरक्षा समितिको बैठकको निर्णयहरु माग गरिएकोमा गृह मन्त्रालयबाट प्रेषित पत्रमा देहायबमोजिमको व्यहोरा उल्लेख भएको

- मिति २०८२ साल भाद्र २२ मा मात्र केन्द्रीय सुरक्षा समितिको बैठक बसेको तर सो बैठकबाट कुनै लिखित निर्णय अभिलेखबद्ध भएको नदेखिएको भनी उपस्थिति मात्र पठाइएको।

## ९.४. जिल्ला सुरक्षा समितिका निर्णयहरू

**विभिन्न जिल्लाबाट प्राप्त भएका जिल्ला सुरक्षा समितिका निर्णयहरु**

यस आयोगबाट भाद्र २३ र २४ गते देशैभरीका सबै जिल्लामा जियनजेड प्रर्दशनको दौरान भएका जिल्ला सुरक्षा समितिको बैठकका निर्णयहरु माग गरिएको थियो। केही जिल्लाहरुबाट घटना विवरण कागज उपलब्ध भएको थियो भने केही जिल्लाहरुबाट जिल्ला सुरक्षा समितिका निर्णयहरुसमेत प्राप्त भएको थियो। तुलनात्मक रुपमा धेरै प्रभाव परेका जिल्लाका जिल्ला सुरक्षा समितिका निर्णयहरुलाई देहायहरु बमोजिम उल्लेख गरी विश्लेषण गरिएको छ।

**कोशी प्रदेश**

**जिल्ला प्रशासन कार्यालय मोरङ**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. यस अघि जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरु एवं कार्यान्वयनको अवस्था वारे बैठकमा छलफल/समीक्षा भयो, कार्यसम्पादन प्रभावकारी भएको पाइयो।
२. फेसबुक लगायतका सामाजिक सञ्जाल माथि लगाइएको प्रतिवन्ध, भ्रष्टाचार, बेथितिको विरोधमा जियनजेड पुस्ताद्वारा आह्वान गरिएको शान्तिपूर्ण विरोधका कार्यक्रमलाई मध्यनजर राखी जिल्लामा कुनैपनि किसिमको अवाञ्छित/गैरकानूनी गतिविधि हुन नदिन सबै सुरक्षा निकायले समन्वयात्मक रुपमा सुक्ष्म निगरानी गरी शान्ति सुव्यवस्था कायम राख्न प्रभावकारी कार्य सम्पादन गर्ने।
३. विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास कार्यक्रम आउँदो २०८२ असोज १ गते विहान ८:०० बजे सिंधिया खोलामा सवै सुरक्षा

निकायले समन्वय गरी सञ्चालन गर्ने।

४. हालसम्म जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको विश्लेषण गरियो।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. यस अघि जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरु एवं कार्यान्वयनको अवस्था बारे बैठकमा छलफल / समीक्षा भयो, कार्यसम्पादन प्रभाबकारी भएको पाइयो।

२. विभिन्न समूह र पक्षहरुवाट आ-आफ्ना माग राखी विराटनगर महानगर लगायत जिल्लाका विभिन्न स्थानमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिविधि लगायत हुलदंगा वा अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) वमोजिम देहायका स्थानहरुमा मिति २०८२।०५।२४ गते विहान ११:०० बजेदेखि बेलुकी १०:०० बजेसम्मका लागि सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, धर्ना जस्ता कार्यहरु गर्न निषेध गर्ने।

<u>देहाय</u>

क) प्रदेश सभा पूर्वमा नेपाल राष्ट्र बैंक, पश्चिममा कोशी अस्पताल चोक।

ख) मुख्यमन्त्री कार्यालय उत्तरमा रोडशेष चोक, दक्षिणमा जतुवा चोक (कोभीड अस्पताल नजिक)

ग) मुख्यमन्त्री निवास - उत्तरमा रोडशेष, दक्षिणमा सिचाई मन्त्रालय जाने बाटो।

घ) जिल्ला प्रशासन कार्यालय उत्तरमा शनिहाट, दक्षिणमा टेलिकम जाने मोड पश्चिममा गोल्छा आँखा अस्पताल।

ङ) विराटनगर महानगरपालिका पूर्वमा शनिहाट चोक, उत्तरमा विराटेश्वर मन्दिर, दक्षिणमा गोल्छाचोक।

च) प्रदेश प्रमुख कार्यालय पूर्वमा नहर, पश्चिममा कोशी राजमार्ग।

छ) प्रदेश प्रमुख निवास- उत्तर मदननगर आवि, दक्षिण मानगढ खानेपानी, पश्चिममा नहर वरपरको ३०० मिटर क्षेत्र

ज) Integrated Check Post (ICP) को ३०० मिटर क्षेत्र।

३. हालसम्म जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको विश्लेषण गरियो।

२०८२/५/२५ का निर्णयहरु

१. यस अघि जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरु एवं कार्यान्वयनको अवस्था बारे बैठकमा छलफल / समीक्षा भयो, कार्यसम्पादन प्रभावकारी भएको पाइयो।
२. विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी विराटनगर महानगर लगायत जिल्लाका विभिन्न स्थानमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिविधि लगायत हुलदंगा वा अशान्ती हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम मिति २०८२।०५।२५ गते दिनको १७:०० बजेदेखी मिति २०८२/०५/२६ गते बिहान ६:०० बजेसम्मका लागि अति आवश्यक सवारी साधन (दमकल, एम्बुलेन्स, शववाहन, स्वास्थ्यकर्मी) आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला धर्ना जस्ता कार्यहरु गर्न नपाउने गरी मोरङ जिल्लाभरी कर्फ्यू आदेश जारी गरिएको, छ। यो आदेशको उल्लघंन गरी उल्लेखित कार्यहरु गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही परिने व्यहोरा जानकारी गराईन्छ।

**जिल्ला प्रशासन कार्यालय धनकुटा**

२०८२/५/२३ का निर्णयहरु

१. जिल्लाको हाल सम्मको शान्ति सुरक्षाको अवस्था समीक्षा गर्दा सन्तोषजनक रहेको महशुस गरियो।
२. आ.व. २०८२/०८३ को विशिष्ट व्यक्तिको सुरक्षा योजना, प्रदेश पुनः नामाङ्कन संयुक्त संघर्ष समितिले गर्न सक्ने विभिन्न कार्यक्रमको सुरक्षा योजना, होली पर्वको सुरक्षा योजना, चाडपर्वको सुरक्षा योजना, महत्वपूर्ण स्थानहरुको सुरक्षा योजना, स्रोतसाधनको अनुचित दोहन नियन्त्रण कार्ययोजना, मेलापर्वको सुरक्षा योजना र धार्मिक भेदभाव तथा छुवाछुत नियन्त्रण सम्बन्धी कार्ययोजना स्विकृत गरियो।
३. धनकुटा जिल्लाको सबै स्थानीय तह समेटिने गरी उपलब्ध उपकरण सहितको QRT/IRT परिचालन २०८२ स्विकृत गरियो।
४. हाल विद्यमान देशमा बढ्दै गइरहेको सुरक्षा चुनौतीलाई मध्यनजर गरी सम्पूर्ण सुरक्षा निकायहरुले आ-आफ्नो सूचना संयत्रलाई अझ प्रभावकारी बनाई भए गरेका तथ्यगत कुराहरुलाई यथाशीघ्र प्रवाह गर्ने र सुरक्षा व्यवस्था भरपर्दो बनाउन आवश्यकता अनुसार तत्काल परिचालन हुनेगरी तयारी अवस्थामा रहने।

२०८२/५/२५ का निर्णयहरु

१. मिति २०८२/०५/२३ गते काठमाडौ उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा

भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दा संभावित हुनसक्ने घटनालाई रोक्न मिति २०८२ भाद्र २५ गते बेलुकी ५ बजे (१७.०० वजे) देखि २०८२ भाद्र २६ गते विहान ६ वजे सम्म अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम धनकुटा जिल्लाको धनकुटा नगरपालिकाका तपसिल बमोजिमको स्थानमा लागु हुनेगरी कर्फ्यू आदेश जारी गर्ने।

**तपसीलः-**

- उत्तरमा- कागते
- पूर्वमा- खनिया वास
- पश्चिममा- औद्योगिकग्राम
- दक्षिणमा - चुलिवन

१. जिल्लाको हाल सम्मको शान्ति सुरक्षाको अवस्था समीक्षा गर्दा सन्तोषजनक रहेको महशुस गरियो।

<u>२०८२/५/२६ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते काठमाडौ उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दै २०८२।०५।२६ गते विहान ११ बजे देखि अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम धनकुटा जिल्लाभर कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी निषेधाज्ञा जारि गर्ने।

२. जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दै संभावित हुनसक्ने घटनालाई रोक्न मिति २०८२ भाद्र २६ गते बेलुकी ८ बजे (२०.०० बजे) देखि २०८२ भाद्र २७ गते विहान ४ बजे सम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम धनकुटा जिल्लाको धनकुटा नगरपालिकाका तपसिल बमोजिमको स्थानमा लागु हुनेगरी कर्फ्यू आदेश जारी गर्ने।

तपसीलः-

- उत्तरमा- कागते
- पूर्वमा- खनिया बास
- पश्चिममा- औद्योगिकग्राम
- दक्षिणमा- चुलिवन

३. जिल्लाको हाल सम्मको शान्ति सुरक्षाको अवस्था समीक्षा गर्दा संवेदनशिल रहेको महशुस गरियो।

**जिल्ला प्रशासन कार्यालय उदयपुर**

२०८२/५/२४ का निर्णयहरु

१. Gen-z को मिति २०८२। ०५। २३ गतेको आन्दोलन शान्तिपूर्वक रहेको भए तापनि मिति २०८२। ०५। २४ गते दिउँसोबाट सुरु भएको आन्दोलन तथा नाराजुलुस उश्रृङखल बन्दै गएको। सरकारी कार्यालयहरुमा समेत तोडफोड भएको, राजनीतिक दलका पार्टी कार्यालयहरु, जन प्रतिनिधिहरुका घरहरुमा समेत आक्रमण, तोडफोड तथा आजगनी समेत हुन थालेको। एकै पटक जिल्ला सदरमुकाम लगायत अन्य पालिका र शहरी क्षेत्रहरुमा शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि हुन थालेको। जिल्लामा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका यूनिटहरुबाट मात्र स्थिति नियन्त्रणमा लिन नसकिने देखिएको हुँदा थप क्षति हुन नदिन र शान्ति व्यवस्था नियन्त्रणमा लिन तत्काल आवश्यक भएकोले मद्दतकालागि नेपाली सेना, पशुपति प्रसाद गणलाई अनुरोध गर्ने निर्णय गरियो।
२. पशुपति प्रसाद गणको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल जिल्ला भर परिचालन हुने निर्णय गरियो।
३. आवश्यकता अनुसार जिल्लामा निशेधित क्षेत्र, निषेधाज्ञा र कर्फ्यूको आदेश जारी गर्ने निर्णय गरियो।
४. सुरक्षा कार्बाही गर्दा न्यूनतम बलको प्रयोग गरी स्थिति नियन्त्रणमा लिने निर्णय गरियो।

२०८२/५/२५ का निर्णयहरु

१. Gen-z को मिति २०८२। ०५। २४ गते भएको आन्दोलनका क्रममा यस जिल्ला भित्रका सरकारी कार्यालयहरुमा तोडफोड भएको, नगरपालिकामा आगजनी भएको, पार्टी कार्यालहरुमा आगजनी भएको र जनप्रतिनिधि तथा पूर्व जनप्रतिनिधिका घरहरुमा तोडफोड र आगजनी भएको र यसबाट ठूली धन, भौतिक संरचना तथा महत्वपूर्ण कागजातहरु समेतमा क्षति पुगेको मुल्यांकन गरियो।
२. हाल जिल्लाको शान्ति सुरक्षाको अवस्थाको मुल्याकन गर्दा जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न देहायको क्षेत्रहरुमा कर्फ्यू लगाउन आवश्यक देखिएकोले प्रमुख जिल्ला अधिकारीलाई कर्फ्यूको आदेश जारी गर्न सिफारिस गर्ने निर्णय गरियो।

१.जिल्ला सदरमुकाम, त्रियुगा नगरपालिका क्षेत्रः

- पूर्वमा- त्रियुगा नगरपालिका वडा नं. १३, फूलजोर
- पश्चिममा- त्रियुगा नगरपालिका वडा नं. ७, चुहाडे
- उत्तरमा- त्रियुगा नगरपालिका वडा नं. १०, चपन वरुवा पुल
- दक्षिणमा - त्रियुगा नगरपालिका वडा नं. ६, जलजले

२.कटारी नगरपालिका क्षेत्रः

- पूर्वमा- कटारी नगरपालिका वडा नं. ५, डाङडुङ खोला पुल
- पश्चिममा कटारी नगरपालिका वडा नं. ४, ककुर खोला पुल
- उत्तरमा कटारी नगरपालिका वडा नं. ४, मरुवा खोला पुल
- दक्षिणमा कटारी नगरपालिका वडा नं. ३, ताराधारी

३.चौदण्डीगढी नगरपालिका क्षेत्रः

- पूर्वमा- चौदण्डीगढी नगरपालिका वडा नं. ४, बसाहा
- पश्चिममा चौदण्डीगढी नगरपालिका वडा नं. ६, सात धारे
- उत्तरमा चौदण्डीगढी नगरपालिका वडा नं. ८, विरेन्द्र बजार
- दक्षिणमा चौदण्डीगढी नगरपालिका वडा नं. ६, मदन भण्डारी हाइवे

१. जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवि, पत्रकार र सरोकारवाला सबैमा अनुरोध गर्ने निर्णय गरियो।

२. जिल्लामा सुरक्षा व्यवस्था कायम गर्न नेपाली सेना, पशुपति प्रसाद गणको नेतृत्वमा जिल्ला प्रहरी र सशस्त्र प्रहरी बल नेपाल नं.५ गण हे.क्वा. त्रियुगा उदयपुर परिचालन हुने निर्णय गरियो।

३. जिल्लाको समग्र सुरक्षा अवस्थाको सुक्ष्म मुल्यांकन गरी जिल्ला सुरक्षा कमाण्ड पोष्ट र JOC मार्फत सुरक्षा व्यवस्था मिलाउने निर्णय गरियो।

<u>२०८२/५/२६ का निर्णयहरु</u>

१. Gen-z को मिति २०८२/०५/२४ गते भएको आन्दोलनको कारण जिल्लाको शान्ति सुरक्षाको अवस्थाको मुल्याङ्कन गर्दा जिल्लामा शान्ति सु-व्यवस्था कायम गर्न मिति २०८२/०५/२६ गते बिहान ०६:०० बजे देखि साझ ०६:०० बजेसम्म उदयपुर जिल्लाभर लागु हुनेगरी प्रमुख जिल्ला अधिकारीलाई निषेधाज्ञाको आदेश जारी गर्न सिफारिस गर्ने निर्णय गरियो।

२. जिल्लाको शान्ति सुरक्षाको अवस्थाको मुल्यांकन गरी शान्ति सुव्यवस्था कायम गर्न मिति २०८२/०५/२५ गते देहायको क्षेत्रहरुमा जारी गरिएको कर्फ्यूको आदेशलाई आज मिति २०८२/०५/२६ गते साझ ०७:०० बजे देखि भोली विहानको ०५:०० बजे सम्म लागू हुने गरी प्रमुख जिल्ला अधिकारीलाई पुनः कर्फ्यूको आदेश जारी गर्न सिफारिस गर्ने निर्णय गरियो।

**देहायः**

➢ जिल्ला सदरमुकाम, त्रियुगा नगर क्षेत्र,

- पूर्वमा- त्रियुगा नगरपालिका वडा नं. १३ फुलजोर

- पश्चिममा - त्रियुगा नगरपालिका वडा नं. ७ चुहाडे
- उत्तरमा - त्रियुगा नगरपालिका वडा नं. १० चप्पन बरुवा पुल
- दक्षिणमा - त्रियुगा नगरपालिका वडा नं. ६ जलजले

➢ कटारी नगरपालिका क्षेत्र

- पूर्वमा- कटारी नगरपालिका वडा नं. ५ डाङडुङ खोला पुल
- पश्चिममा कटारी नगरपालिका वडा नं. ४ ककुर खोला पुल
- उत्तरमा- कटारी नगरपालिका वडा नं. ४ मरुवा खोला पुल
- दक्षिणमा कटारी नगरपालिका वडा नं. ३ ताराघारी

➢ चौदण्डीगढी नगरपालिका क्षेत्र

- पूर्वमा- चौदण्डीगढी नगरपालिका वडा नं. ४ बसाहा
- पश्चिममा- चौदण्डीगढी नगरपालिका वडा नं. ६ सातधारे
- उत्तरमा चौदण्डीगढी नगरपालिका वडा नं. ८ बिरेन्द्र बजार
- दक्षिणमा - चौदण्डीगढी नगरपालिका वडा नं. ६ मदन भण्डारी हाईवे

**देहाय**

३. यस जिल्ला भित्रको शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्दा देहायको क्षेत्रहरु थप गरी आज साझको ०७:०० बजे देखि भोली बिहान ०५:०० बजेसम्म कायम रहने गरी प्रमुख जिल्ला अधिकारीलाई कर्फ्यूको आदेश जारी गर्न सिफारिस गर्ने निर्णय गरियो।

➢ बेलुकी नगरपालिका क्षेत्र

- पूर्वमा- वेलका नगरपालिका वडा नं. ९ खारखोला
- पश्चिममा बेलका नगरपालिका वडा नं. ४ लालबजार
- उत्तरमा- वेलका नगरपालिका वडा नं. ९ भचुवा पानी टयाङ्की
- दक्षिणमा- वेलका नगरपालिका वडा नं. ३ गिदेरी खोला

४. जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवि, पत्रकार र सरोकारवाला सबैमा अनुरोध गर्ने निर्णय गरियो।

५. जिल्लामा सुरक्षा व्यवस्था कायम गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन हुने निर्णय गरियो।

६. जिल्लाको समग्र सुरक्षा अवस्थाको सुक्ष्म मूल्याङ्कन गरी जिल्ला सुरक्षा कमाण्ड पोष्ट र JOC मार्फत सुरक्षा व्यवस्था मिलाउने निर्णय गरियो।

**जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. सामाजिक संजाल बन्द, भ्रष्टाचार लगायतको विषय समेटी सरकारको विरोधमा काठमाडौं सहित देशका अधिकांश जिल्लाहरुमा भईरहेको जेन-जीहरुको प्रदर्शनले निम्त्याउन सक्ने सुरक्षा चुनौती, आवश्यक सुरक्षा व्यवस्थापन लगायतका विषयमा छलफल भयो। अन्य स्थानको प्रदर्शनको प्रभावबाट यस जिल्लामा पनि जेन-जीहरुको प्रदर्शन हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी प्रदर्शनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन, कुनै अप्रिय घटना हुन नदिन, सुरक्षा निकायहरुले एक आपसमा समन्वय गरी सुरक्षा योजना बनाई भरपर्दो सुरक्षा व्यवस्था मिलाउने।
२. नजिकिँदै गरेको नेपालीहरुको माहान चाड दशैं, तिहार, छठ जस्ता पर्वहरु मध्यनजर गरी तीनवटै सुरक्षा निकायहरुले चाडपर्व केन्द्रित एकीकृत सूरक्षा कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सुरक्षा व्यवस्था मजबुत बनाउने।
३. जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल आश्रीत गुल्मले जिल्ला स्थित सबै आ-आफ्नो ईकाईहरुवाट दैनिक रुपमा नियमित गस्ति पेट्रोलिड बढाउने।
४. जिल्ला सुरक्षा समितिद्वारा चालु आ.व.को लागि तयार गरिएको एकीकृत जिल्ला सुरक्षा योजना अनुरुपको क्षेत्रगत रणनीतिक सुरक्षा योजना सबै सुरक्षा निकायहरुको समन्वयमा तयार गरी आगामी बैठकमा पेश गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. जियनजेडको देशव्यापी प्रदर्शन, ओखलढुंगा जिल्लामा त्यसको प्रभाव र आगामी सुरक्षा रणनीतिको विषयमा बैठकमा छलफल भयो। हालसम्मको सुरक्षा व्यवस्था सामान्य नै रहेको पाईयो।
२. हिजो देखी काठमाडौं लगायत मुलुकका विभिन्न भागमा भएको प्रदर्शनको क्रममा ज्यान गुमाउने व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं सम्बद्ध परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने र घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।
३. सामाजिक संजाल बन्द, भ्रष्टाचार लगायतको विषय समेटी सरकारको विरोधमा काठमाडौं सहित देशका अधिकांश जिल्लाहरुमा हिजो मिति २०८२/०५/२३ गतेबाट शुरु भएको जेन-जीहरुको प्रदर्शनमा ऐक्यवद्धता जनाई यस जिल्लामा पनि प्रदर्शन हुने जानकारी प्राप्त भएकोले उक्त प्रदर्शनमा नागरिक जीउ धनको सुरक्षालाई उच्च प्राथमिकता दिई सार्वजनिक सम्पत्ति (सरकारी कार्यालय, सवारी साधन, स्थानीय तह, उच्च पदाधिकारीहरुको निवास, संवेदनशील भौतिक संरचनाहरु र पेट्रोल पम्प) को सुरक्षालाई विशेष ध्यान दिई भरपर्दो र मजबुत सुरक्षा प्रवन्ध सुरक्षा निकायहरुले मिलाउने।
४. जियनजेडहरुको प्रदर्शनबाट यस जिल्लामा परेको प्रभावलाई सामान्यिकरण गर्न कुनै अप्रिय घटना हुन नदिन जिल्लाका राजनीतिक दल प्रमुख/प्रतिनिधि, नागरिक समाज, स्थानीय

बुद्धिजिवी, लब्ध प्रतिष्ठित व्यक्तिहरु र आन्दोलनरत पक्षहरुसँग समन्वय गर्ने। सुरक्षा निकायहरुले पूर्ण धैर्यता अपनाउने।

५. प्रदर्शनलाई शान्तिपूर्ण र मर्यादित बनाउन, प्रदर्शनमा स्वार्थप्रेरित घुसपैठ रोक्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न सम्पूर्ण जिल्लाबासीहरु समक्ष हार्दिक अपिल गर्ने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

मिति २०८२।०५।२५ साँझ ५:०० बजे देखि मिति २०८२।०५।२६ गते विहान ६:०० बजे सम्म देहायका क्षेत्र भित्र लागु हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ "क" बमोजिम ओखलढुंगा जिल्लाभर कसैले आवतजावत गर्न, कुनैपनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने

**देहाय**

- पूर्वमा सिद्धिचरण नगरपालिका वडा नं. ४ र ५ रुम्जाटारका सम्पूर्ण क्षेत्रहरु
- पश्चिममा मोलुङ गाउँपालिका वडा नं. २ र १ रामपुर र सिद्धिचरण नगरपालिका वडा नं. ९, ११ र १२ का सम्पूर्ण क्षेत्रहरु
- उत्तरमा सिद्धिचरण नगरपालिका वडा नं. ६ र ७ का सम्पूर्ण क्षेत्रहरु
- दक्षिणमा सिद्धिचरण नगरपालिका नगरपालिका वडा नं. ३, ८ र १० का सम्पूर्ण क्षेत्रहरु

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते काठमाडौं उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा भएको विरोध प्रदर्शन र देशका विभिन्न स्थानहरुमा सार्वजनिक तथा व्यक्तिगत सम्पतिहरुमा आगजनी, तोडफोड, लुटपाट तथा विभिन्न जिल्लाका कारागार कार्यलयहरुबाट कैदीबन्दी भाग्ने/फरार हुने जस्ता घटनाबाट उत्पन्न विषम परिस्थितीमा जिल्लाको सुरक्षा अवस्था विश्लेषण गर्दा यस जिल्लामा समेत उक्त प्रकृतिका घटना हुनसक्ने सम्भावना रहेको देखिँदा त्यस्ता घटनाहरु भएमा उत्पन्न हुने परिस्थितिलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट मात्र स्थिति नियन्त्रणमा लिन कठिन भई व्यक्तिगत, सरकारी तथा सार्वजनिक सम्पतिहरुमा क्षति पुग्ने, चोरी, डकैती, लुटपाट जस्ता अपराधिक घटना हुन सक्ने प्रवल सम्भावना भएकाले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (२) बमोजिम नागरिकको जीउधनको रक्षा एवं सार्वजनिक सम्पतिको संरक्षणका लागि यस जिल्लामा अवस्थित नेपाली सेनाको दुर्गाबक्स गणलाई थप मद्दतका लागि अनुरोध गर्ने।

२. हालसम्मको जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।

**मधेश प्रदेश**

**जिल्ला प्रशासन कार्यालय बारा**

<u>२०८२/५/२२ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र १३ गते सम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. जिल्ला प्रहरी कार्यालय, बाराको च.नं. ८२६ मिति २०८२। ०५। १८ गतेको पत्रबाट लेखी आए बमोजिम सिमरा विमानस्थलमा हाल विमानस्थल सुरुक्षा गार्ड सिमरा बाराबाट प्रहरी नायब निरीक्षकको कमाण्डमा १५ जना प्रहरी जनशक्तिद्वारा सुरक्षा प्रदान गर्दै आएकोमा विमानस्थलको भौतिक संरचना एवम् यात्रुहरुको चापमा भएको वृद्धिलाई मध्यनजर गरी विमानस्थल हाताभित्र सुरक्षाको प्रत्याभूति कायम गर्न अन्तराष्ट्रिय मापदण्डलाई समेत आधार मान्दा मौजुदा प्रहरी जनशक्ति अपर्याप्त हुन गएको देखिएकोले थप १२ जना प्रहरी जनशक्तिको व्यवस्था गर्न जिल्ला प्रहरी कार्यालय, बारालाई निर्देशन दिने निर्णय गरियो।
३. जिल्लाको हाल सम्मको शान्ति सुरक्षाको स्थिति सामान्य रहेको महशुस गरियो।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २२ गते सम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. Zen Z युवाहरुको प्रदर्शन तथा अन्दोलनका नाममा सरकारी सम्पत्ति, पदाधिकारी, कर्मचारी, सरकारी कार्यालय लगायत निजी सम्पत्ति माथि आक्रमणको प्रयास भई जनजीवन अस्तव्यस्त भएकोले आज मिति २०८२। ०५। २४ गते दिउँसो २:०० बजे देखि बेलुका ८:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) बमोजिम बारा जिल्लाको कलैया उपमहानगरपालिका भित्र पर्ने देहायका चार किल्ला तोकी सो सिमाना भित्र र जीतपुरसिमरा उ.म.न.पा. भित्र तोकिएको क्षेत्रमा कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

**तपसिलः-**

१. पूर्वः- पासाहा खोला

२. पश्चिमः- गण्डक नहर नि

३. उत्तरः- बडहर्वा चोक

४. दक्षिणः- दुर्गा माध्यमिक विद्यालय सम्म

५. गण्डक नहर देखि पथलैया सडक खण्ड राजमार्गको दायाँ बायाँ २०० मिटरसम्म

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २४ विहान भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. Gen-Z युवाहरुको प्रदर्शन तथा अन्दोलनका नाममा सरकारी सम्पत्ति, पदाधिकारी, कर्मचारी, सरकारी कार्यालय लगायत निजी सम्पत्ति माथि आक्रमण हुनसक्ने भएकोले आज मिति २०८२। ०५। २४ गते राति १०:०० बजे देखि मिति २०८२। ०५। २५ गते बिहान ६:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र ६ख (झ) बमोजिम बारा जिल्लाभर कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने साथै हालको शान्ति सुरक्षाको अवस्था मूल्याङकन गर्दा स्थिति नियन्त्रणमा लिन कठिनाई भएको हुँदा नेपाली सेना परिचालन गर्न श्री रिपुमर्दन गण, ब्रहम्पुरी ब्यारेक बारालाई अनुरोध गर्ने निर्णय गरियो।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २४ गतेसम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. Zen Z युवाहरुको प्रदर्शन तथा अन्दोलनका नाममा सरकारी सम्पत्ति, पदाधिकारी, कर्मचारी, सरकारी कार्यालय लगायत निजी सम्पत्ति माथि आक्रमण हुनसक्ने भएकोले पुनः आज मिति २०८२। ०५। २५ गते विहान ठीक ६:०० बजे देखि मिति २०८२। ०५। २६ गते बिहान ६:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र (ख) बमोजिम बारा जिल्लाभर कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।
३. देशको विषम् परिस्थितिलाई मध्यनजर गरी प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकायका प्रमुख रहेको संयुक्त सुरक्षा परिचालन कमिटि (JOC) गठन गरी जिल्लाभर सबै सुरक्षाकर्मी एकीकृत रुपमा परिचालन गर्ने निर्णय गरियो।

<u>२०८२/५/२६ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २५ गतेसम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. सुरक्षा स्थितिमा कुनै खतरा उत्पन्न भएको अवस्थामा तत्काल निशेधित क्षेत्र तोकी एकीकृत

रुपमा सुरक्षाकर्मी खटाउने निर्णय गरियो।

३. हालको विषम् परिस्थितिको अनुचित फाइदा उठाउने उदेश्यले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा क्षति पुर्या उने, लुटपाट एवम् आगजनी गर्ने, व्यक्ति लक्षित हिंस्रक आक्रमण, बलात्कारका प्रयास जस्ता क्रियाकलाप गर्नसक्ने सम्भावना रहेको हुँदा त्यस्तो गतिविधिमा संलग्न व्यक्तिलाई पक्राउ गरी नियमानुसार कारवाही गर्ने साथै आवश्यकता अनुसार केही दिनसम्म रातभर कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

४. सुरक्षा स्थितिको मूल्याङ्कन गरी थप सूचना जारी गर्ने निर्णय गरियो।

<u>२०८२। ५। २६ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २६ गते विहान भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।

२. हालको विषम् परिस्थितिको अनुचित फाइदा उठाउने उदेश्यले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा क्षति पुर्‍याउने, लुटपाट एवम् आगजनी गर्ने, व्यक्ति लक्षित हिंस्रक आक्रमण लगायत अवान्छित गतिविध तथा क्रियाकलाप हुन नदिन मिति २०८२/०५/२६ गते साँझ ठीक ८:०० वजे देखि मिति २०८२। ०५। २७ गते बिहान ६:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र (ख) बमोजिम वारा जिल्लाभर कसैले आवत-जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक तथा घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

३. सुरक्षा स्थितिको मूल्याङ्कन गरी थप सूचना जारी गर्ने निर्णय गरियो।

<u>२०८२/५/२७ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २६ गते दिउँसो २:३० बजे भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।

२. मिति २०८२/०५/२७ गते दिनको ठिक ११:०० बजे देखि साँझ ०६:०० बजेसम्म कलैया उपमहानगरपालिका भरी कुनै किसिमको भेला गर्न, सभाजुलुस तथा प्रदर्शन गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३क) बमोजिम निषेधाज्ञाको आदेश जारी गर्न निर्णय गरियो।

३. हालको विषम् परिस्थितिको अनुचित फाइदा उठाउने उदेश्यले सर्वसाधारण नागरिक तथा, सार्वजनिक सम्पत्ति समेतमा क्षति पुर्याउने, लुटपाट एवम् आगजनी गर्ने, व्यक्ति लक्षित हिंस्रक आक्रमण लगायत अवान्छित गतिविधी तथा क्रियाकलाप हुन नदिन मिति २०८२/०५/२७ गते साँझ ठीक ८:०० बजे देखि मिति २०८२। ०५। २८ गते बिहान ६:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र ६ख (झ) बमोजिम बारा जिल्लाभर

कसैले आवत-जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक तथा घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने साथै हालको शान्ति सुरक्षाको अवस्था मूल्याङकन गर्दा स्थिति नियन्त्रणमा लिन कठिनाई भएको हुँदा नेपाली सेना परिचालन गर्न श्री रिपुमर्दन गण, ब्रहम्पुरी ब्यारेक बारालाई अनुरोध गर्ने निर्णय गरियो।

४. सुरक्षा स्थितिको मूल्याङ्कन गरी थप सूचना जारी गर्ने निर्णय गरियो।

<u>२०८२/५/२८ का निर्णयहरु</u>

१. सुरक्षा समितिवाट मिति २०८२ भाद्र २८ गते विहान ०६:०० बजे भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. मिति २०८२। ०५। २३ २०२४ गते देशभरका विभिन्न स्थानहरूमा भएका आन्दोलनका कारण असामान्य अवस्था सिर्जना भई वारा जिल्लाभर निषेधाज्ञा तथा कर्फ्यू आदेश जारी भएकोमा हाल स्थिति सामान्य भइसकेको तथा जनजीवन सहजै रूपले सञ्चालन हुन थालेको हुँदा मिति २०८२/०५/२९ विहान ०६:०० बजे पश्चात निपेधाज्ञा तथा कर्फ्यू हटाउने निर्णय गरियो।
३. सुरक्षा स्थितिको मूल्याङ्कन गरी थप सूचना जारी गर्ने निर्णय गरियो।

<u>२०८२/५/२८ का निर्णयहरु</u>

१. सुरक्षा समितिबाट मिति २०८२ भाद्र २७ गते दिनको १०:०० बजे भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।
२. सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८२/०५/२७ गते शुक्रवार वर्तमान प्रतिनिधि सभाको विघटन भएपश्चात् बारा जिल्लामा शान्ति सुरक्षाको अवस्था विग्रन नदिन, विभिन्न व्यक्ति तथा समूहले गैरकानुनी रूपमा भेला, जुलुस, प्रदर्शन वा हिंस्रक गतिविधि गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम मिति २०८२/०५/२८ गते बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म जिल्ला भरि कुनै पनि भेला, जुलुस वा प्रदर्शन गर्न नपाउने गरी निषेधाज्ञा जारी गर्ने तथा सोही ऐनको दफा ६(क) र ६ख(झ) बमोजिम मिति २०८२/०५/२८ गते राति ८:०० बजेदेखि मिति २०८२/०५/२९ गते बिहान ६:०० बजेसम्म सम्पूर्ण जिल्ला भरि आवागमनमा रोक लगाउँदै कर्फ्यू आदेश जारी गर्ने साथै हालको शान्ति सुरक्षाको अवस्था मूल्याङकन गर्दा स्थिति नियन्त्रणमा लिन कठिनाई भएको हुँदा सोही ऐनको दफा ६(२) र ६ख (झ) अनुसार आवश्यक मदतको लागि श्री रिपुमर्दन गण, ब्रहम्पुरी व्यारेक बारालाई अनुरोध गर्ने निर्णय गरियो।

३. सुरक्षा स्थितिको मूल्याङ्कन गरी थप सूचना जारी गर्ने निर्णय गरियो।

**जिल्ला प्रशासन कार्यालय पर्सा**

२०८२। ५। २३ का निर्णयहरु

पछिल्लो विकसित घटनाक्रमको सन्दर्भमा जिल्लास्थित सुरक्षा निकायहरुले सुरक्षा संवेदनशीलता विश्लेषण गर्दा आज मिति २०८२-०५-२३ गते बेलुकी ९:०० बजेदेखि मिति २०८२-०५-२४ गते विहान ९:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम पर्सा जिल्लाको वीरगंज महानगरपालिका क्षेत्र भित्रका तपसिल बमोजिमका स्थानहरुमा आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो। सोही बमोजिम सबै सुरक्षा निकायले उक्त आदेश कार्यान्वयन गर्ने गराउने निर्णय समेत गरियो।

**देहायः**

१. पूर्वः बाईपास रोड

२. पश्चिम : सिर्सिया पुल

३. उत्तरः गण्डक चौक

४. दक्षिणः शंकराचार्य गेट

२०८२।५।२३ का निर्णयहरु

१. यस अघि बसेको जिल्ला सुरक्षा समितिको बैठकको निर्णय कार्यान्वयनको स्थिति समिक्षा गरियो। जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था-सामान्य रहेको विश्लेषण गरियो।
२. पछिल्लो विकसित घटनाक्रमको सन्दर्भमा जिल्लास्थित सुरक्षा निकायहरुले सुरक्षा संवेदनशीलता विश्लेषण गरी समन्वयात्मक रुपमा सूचनाको आदानप्रदान गर्ने र त्रुटीरहित रुपमा जिल्लाको समग्र शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउने निर्णय गरियो।
३. जिल्लास्थित सरकारी कार्यालयहरुलाई अनिवार्य रुपले पालोपहराको व्यवस्था मिलाउने र जरुरी परेकोमा बाहेक सरकारी सवारी साधनको प्रयोग नगर्ने, साथै सार्वजनिक सम्पत्ति र कार्यालयको सुरक्षा प्रबन्ध मिलाउन जानकारी गराउने निर्णय गरियो।
४. सुरक्षा संवेदनशीलतालाई ध्यानमा दिई बजारमा, सार्वजनिक निकायमा, राजनैतिक दलको पार्टी

कार्यालयमा, विशिष्ट महानुभावहरुको निवासमा र सार्वजनिक प्रतिष्ठानमा सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले संयुक्त तथा समन्वयात्मक रुपमा सुरक्षा फौज परिचालन गरी गस्ती, पेट्रोलिङ्ग गर्ने।

५. भीड भई सुरक्षा निकाय वा व्यक्तिको जीउ धन वा सार्वजनिक सम्पत्तिमा क्षति हुन सक्ने सम्भावना भएमा सुरक्षा फौजले सम्झाई बुझाई गर्ने, नभएमा क्रमशः लाठी चार्ज, पानीको फोहोरा, हवाई फायर गरी भीड नियन्त्रण गर्ने यति गर्दा पनि भीड संयमित नभएमा सिलसिलेवार, (क्रमशः) सुरक्षा बल प्रयोग गर्ने।

<u>२०८२।५।२४ का निर्णयहरु</u>

१. हिजो मिति २०८२/०५/२३ गते बेलुकी ९:०० बजेदेखि मिति २०८२/०५/२४ गते विहान ९:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम पर्सा जिल्लाको वीरगंज महानगरपालिका क्षेत्र भित्रका केही स्थानहरुमा आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरिएकोमा देहाय बमोजिमको चार किल्ला तोकी आज मिति २०८२/०५/२४ गते विहानको ११:०० बजे देखि साँझ ६:०० बजेसम्मका लागि उक्त कर्फ्यू आदेशको समयावधि थप गर्ने निर्णय गरियो। सोही बमोजिम सबै सुरक्षा निकायले उक्त आदेश कार्यान्वयन गर्ने गराउने निर्णय समेत गरियो।

देहायः

१. पूर्वः बाईपास रोड

२. पश्चिम : सिर्सिया पुल

३. उत्तरः गण्डक चौक

४. दक्षिणः शंकराचार्य गेट

<u>२०८२।५।२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२४ गते विहानको ११:०० बजे देखि साँझ ६:०० बजेसम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम पर्सा जिल्लाको वीरगंज महानगरपालिका क्षेत्र भित्रका केही स्थानहरुमा आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरिएकोमा देहाय बमोजिमको चार किल्ला तोकी अर्को आदेश नभएसम्म कर्फ्यू आदेशको समयावधि थप गर्ने

निर्णय गरियो। सोही वमोजिम सबै सुरक्षा निकायले उक्त आदेश कार्यान्वयन गर्ने गराउने निर्णय समेत गरियो।

देहायः

१. पूर्वः बाईपास रोड

२. पश्चिम : सिर्सिया पुल

३. उत्तरः गण्डक चौक

४. दक्षिणः शंकराचार्य गेट

२०८२/५/२४ का निर्णयहरु

१. जिल्लाको समग्र शान्ति सुरक्षा तथा समसामयिक सुरक्षा विषयहरुको समिक्षा गर्नुका साथै सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सुरक्षा निकायहरुबीच आवश्यक सूचना आदानप्रदान गरी आपसी समन्वयको माध्यमबाट सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउने।

२. जियनजेड प्रदर्शनको क्रममा मुख्यतः बीरगंज महानगरपालिका क्षेत्र भित्रका कार्यालय, निजी तथा सार्वजनिक सम्पत्तिमा भएको आगजनी, ढुंगामुढा प्रहार, उच्छृङ्खल गतिविधि लगायतका विरोध प्रदर्शनका कारण निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुगेको र शान्ति भंग हुन जान सक्ने स्थिति देखिएकोले शान्ति सुरक्षा कायम गर्न र सार्वजनिक सम्पत्तिको संरक्षण समेतका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम वीरगंज महानगरपालिकाको केही क्षेत्रमा अर्को आदेश नभए सम्म कर्फ्यू जारी भएकोमा सोही ऐनको दफा ६ख (झ) बमोजिम हालको शान्ति सुरक्षाको अवस्था हेर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालबाट स्थिति नियन्त्रण गर्न कठीनाई भएकोले नेपाली सेना परिचालन गर्न श्रीजंग गण, पर्सालाई अनुरोध गर्ने निर्णय गरियो।

**बागमती प्रदेश**

**जिल्ला प्रशासन कार्यालय दोलखा**

२०८२/५/२३ का निर्णयहरु

१. सामाजिक संजालमा प्रतिबन्ध लगायत विषयको विरोधमा Gen Z समूहका युवाहरुद्वारा

काठमाडौं लगायत देशका विभिन्न स्थानहरुमा भइरहेको प्रदर्शनका सन्दर्भमा यस जिल्लामा पनि त्यस्ता समूहद्वारा हुन सक्ने अवान्छित गतिविधि समेतलाई मध्येनजर गर्दै सबै सुरक्षा निकायहरुले सूक्ष्म निगरानी गरी उच्च सुरक्षा सतर्कता अपनाउने।

२. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।

२०८२/५/२४ का निर्णयहरु

१. यस अघि भएका निर्णयको समिक्षा गरियो।

२. मिति २०८२/५/२३ गते काठमाडौ उपत्यका लगायतका स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको सम्बन्धमा बैठकमा छलफल गरियो।

३. मिति २०८२/५/२३ गते काठमाडौ उपत्यका लगायतका स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दा जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सरकारी कार्यालयहरु, स्थानीय पालिकाहरु, रेडियो स्टेशन, केबलकार, हाइड्रोपावर लगायतका स्थानहरुमा अशान्ति हुन नदिन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालले मात्र सम्भव नदेखिएको हुँदा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (२) बमोजिम नेपाली सेना श्री गरुडदल गण चरिकोटको सहयोग माग गर्ने।

४. निर्णय नं. ३ मा उल्लेखित सरकारी संरचनाहरुमा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा १ (क) बमोजिम बल प्रयोग गरी शान्ति कायम हुन नसकेमा शान्ति कायम गर्न सोही ऐनको दफा ६ को उपदफा १ (ख) बमोजिम घुँडा मुनी पारी गोली चलाउनको निमित्त प्रमुख जिल्ला अधिकारीको आदेश माग गर्ने।

५. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।

२०८२।५।२५ का निर्णयहरु

१. मिति २०८२/५/२३ गते काठमाडौं उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चातत उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दा मिति २०८२/५/२५ गते विहान ९:०० बजे देखि अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम दोलखा जिल्ला भर कुने पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउनेगरी निषेधाज्ञा जारी गर्ने।

२. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।

२०८२।५।२५ का निर्णयहरु

१. मिति २०८२/५/२३ गते काठमाडौं उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीलाई विश्लेषण गरी समन्वयात्मक ढंगले जिल्लाको शान्ति सुरक्षाको व्यवस्था गर्न तथा सो अवस्थाको तुरुन्त जानकारी गराउनका लागि देहाय बमोजिम संयुक्त कार्य संचालन केन्द्र (Joint Operation Center) गठन गर्ने।

देहायः

- सेनानी श्री कृष्ण काजी थापा, संयोजक, गरुडदल गण
- प्रशासकीय अधिकृत श्री दिल कृष्ण श्रेष्ठ, सदस्य, जिल्ला प्रशासन कार्यालय
- प्रहरी निरीक्षक श्री श्रीराम तिमल्सिना, सदस्य, जिल्ला प्रहरी कार्यालय
- सशस्त्र प्रहरी निरीक्षक श्री जयन्त के.सी. सदस्य, सशस्त्र प्रहरी बल, नेपाल नं १८ गुल्म हे.क्वा.
- वरिष्ठ अनुसन्धान सहायक श्री प्रशान्त डोटेल, सदस्य, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

२. देश भरीका विभिन्न कारागारहरुवाट कैदी बन्दीहरु कारागारबाट भागिरहेको अवस्थालाई मध्यनजर गर्दै दोलखा जिल्ला चरिकोट स्थित कारागारमा नेपाली सेना गरुडदल गण चरिकोट ब्यारेक समेतले भरपर्दो सुरक्षा व्यबस्था मिलाउने।

२०८२/५/२५ का निर्णयहरु

- मिति २०८२/५/२३ गते काठमाडौ उपत्यका लगायत देश भरका विभिन्न स्थानहरुमा भएको जियनजेडको प्रदर्शन पश्चात् उत्पन्न परिस्थिति र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको विश्लेषण गर्दा मिति २०८२/५/२५ गते बेलुका ५:०० बजे देखि अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को (क) बमोजिम दोलखा जिल्ला भर कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी देहाय बमोजिमका चारकिल्ला भित्र कर्फ्यू आदेश जारी गर्ने।

देहायः-

- पूर्व- भीमेश्वर मन्दिर जानेबाटो तीनधारा सम्म
- पश्चिम-सिमपानी
- उत्तर-पाखाटोल जानेबाटो भीमेश्वर नगरपालिका सम्म
- दक्षिण-पुरानो बजारसम्म

- उलेखित चारकिल्ला वाहेक दोलखा जिल्लाको अन्य क्षेत्रमा अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) क) बमोजिम कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी निषेधाज्ञा जारी गर्ने।

**जिल्ला प्रशासन कार्यालय धादिङ**

२०८२/५/२३ का निर्णयहरु

१. जिल्ला सुरक्षा समितिबाट विभिन्न मितिमा भएका बैठकका निर्णयहरुको प्रभावकारी कार्यान्वयन भैरहेको र जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।
२. राजधानी लगायत देशका विभिन्न स्थानहरुमा आज भाद्र २३ गते भएको आन्दोलन तथा प्रदर्शनलाई मध्यनजर गर्दै यस जिल्लाको अवस्थाको समिक्षा गरियो। हाल (२०:०० वजे) सम्म धादिङ जिल्ला धुनिबेशी नगरपालिका वडा नं. ६ धार्केस्थित पृथ्वी लोकमार्ग र निलकण्ठ नगरपालिका वडा नं. ३, एमालेचोकमा दीप प्रज्वलन बाहेक अन्य अवस्था सामान्य रह्यो। जिल्ला भित्र पनि आन्दोलन तथा प्रदर्शनका कार्यक्रम हुन सक्ने सम्भावना रहेको हुँदा सवै सुरक्षा निकायहरुले सूचना आदान प्रदान गर्दै सुरक्षा व्यवस्थालाई मजवुत बनाउने।
३. जिल्लाको समग्र शान्ति सुरक्षा संवेदनशीलतालाई ध्यान दिइ जिल्ला स्थित सरकारी कार्यालयहरु समेतको सुरक्षा व्यबस्थापन मिलाउनका लागि देहायका स्थानहरुमा निम्न बमोजिमको सुरक्षा जनशक्ति परिचालन गर्ने।

देहायः-

क) Cordon १ः पशु सेवा कार्यालय र उद्योग वाणिज्य संघ विचको सडक

जिम्मेवारी :- सशस्त्र प्रहरी बल आश्रित गुल्म धादिङ, नफ्रि १ सेक्सन

ख) Cordon २ः क्याम्पस चोक (धादिङ अस्पताल अगाडी)

जिम्मेवारी :- सशस्त्र प्रहरी बल आश्रित गुल्म धादिङ, नफ्रि १ सेक्सन

ग ) Cordon ३ः उद्योग तथा वाणिज्य कार्यालय अगाडीको भित्री सडक

जिम्मेवारी :- जिल्ला प्रहरी कार्यालय धादिङ, जु.प्र.अ.को कमाण्डमा ७ जना।

घ) Cordon ४ः सशस्त्र वन रक्षक सुरक्षा क्याम्प र टुडिखेलको विचको भित्री सडक (हेलीप्याड समेतको सुरक्षार्थ)

जिम्मेवारी :- जिल्ला प्रहरी कार्यालय धादिङ, जु.प्र.अ.को कमाण्डमा ७ जना।

ङ) उल्लिखित तोकिएका Cordon हरुको नियमित गस्ती शसस्त्र प्रहरी बलबाट र तोकिएका Cordon वाहेकका संवेदनशिल क्षेत्रहरुको गस्ती नेपाल प्रहरीबाट गर्ने।

- शान्ति सुरक्षामा प्रतिकुल अवस्था उत्पन्न भएमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रमुख जिल्ला अधिकारीको आदेशानुसार नेपाली सेना (श्री भैरव गण) परिचालन हुने।

२०८२/५/२४ का निर्णयहरु

१. मिति २०८२। ०५। २३ गते देखि काठमाडौं उपत्यका लगायत देशका विभिन्न शहरहरुमा जेन जि समूहको प्रदर्शनबाट जनधनको क्षति भएको, उक्त समूहले आज यस जिल्लामा पनि शान्तिपूर्ण प्रदर्शन, दिप प्रज्वलन लगायतका गतिविधिहरु गरेको र आगामी समयमा यस जिल्लामा हुन सक्ने विरोध वा प्रदर्शनलाई केन्द्रित गरी सुरक्षा निकायहरु विच आपसी समन्वयमा विश्वसनीय सुरक्षा व्यवस्था मिलाउने।
२. जिल्ला सदरमुकाम धादिङवेशी साथै पृथ्वी राजमार्गका विभिन्न वजार क्षेत्रमा जेन जि समूहले विभिन्न किसिमका नाराहरु लगाउदै गरेका प्रदर्शनमा हाल सम्म (१९:३० बजे) कुनै पनि जनधनको क्षति नभई शान्तिपूर्वक रहेको पाइयो।

**२०८२/५/२५ का निर्णयहरु**

१. कारागार, कार्यालय, धादिङको पुरुषवन्दी गृहमा रहेका कैदिवन्दी तथा थुनुवाहरुले स्वतः थुनुवामुक्त हुन पाउनु पर्ने भनी माग राखी वन्दी गृह भित्र आगजनी तथा तोडफोड गर्ने अवस्था देखिएको तथा प्राय यसै जिल्लाका स्थायी घर ठेगाना भएका कैदि वन्दीहरुले जिल्ला सदरमुकाम धादिङबेसीमा रहेका आ-आफ्ना आफन्तहरुलाई फोन गरी कारागार कार्यालय, नख्खुमा जस्तै धरपकडबाट थुनामुक्त गराईदिन अनुरोध गर्ने गरेको पाईएको र विच बजार क्षेत्रमा केही यूवाहरु खुडा खुकुरी जस्ता धारिला हतियार लिई हिडडुल गरेको पाईएकोले यस विषम परिस्थितिको आँकलन गरी नीलकण्ठ नगरपालिका वडा नं. ०३ को धादिङबेशी क्षेत्र मध्ये पूर्वमा सिरान बजार चोक देखी क्रिक रिसोर्ट सम्म, पश्चिममा' हस्पिटल चोक, उत्तरमा जिल्ला प्रशासन जाने सडक र दक्षिणमा अरुण खोला चारकिल्ला भित्रको क्षेत्रमा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ख.(१) बमोजिम दंगाग्रस्त क्षेत्र घोषणा गरी ऐ.ऐ. दफा ६ (ख) १ को देहाय (झ) बमोजिम कारवाही गर्न नेपाली सेना श्री भैरव गण, गजुरी ब्यारेक धादिङलाई अनुरोध गर्ने। आजै २:१० बजेको बैठकबाट धादिङबेशी बजार क्षेत्रमा बेलुका ५:०० बजे देखि कर्फ्यू आदेश जारी गर्ने गरी निर्णय भएकोमा माथि उल्लिखित दंगा ग्रस्त क्षेत्रको सुरक्षा संवेदनशिलतालाई मध्येनजर गरी २:२० बाट ५:०० सम्म ऐ.ऐ. दफा ६ क (१)

बमोजिम कर्फ्यू आदेश जारी गरी ऐ.ऐ. ६ क. (३) (४) बमोजिम कारवाही गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिने।

**२०८२/५/२६ का निर्णयहरु**

१. मिति २०८२/०५/२३ र २४ गते काठमाडौ लगायत देशका विभिन्न शहरहरुमा भएको जेन-जीको प्रदर्शनबाट उत्पन्न परिस्थितिका कारण यस जिल्लामा भएका घटनाको अवस्थाको बारेमा छलफल एवम् समीक्षा गरियो र हाल जिल्लाको अवस्था सामान्य हुँदै गएको।

२. यसै बीच देशको विषम परिस्थिति र रातको समयमा हुन सक्ने अवान्छित क्रियाकलाप/गतिविधि मुख्य चुनौतीको रुपमा कायमै रहेको सन्दर्भमा मिति २०८२/०५/२६ गते साझ ७:०० बजे देखी मिति २०८२/०५/२७ गते विहान ६:०० बजे सम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकाभित्र देहायका क्षेत्रमा कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने।

**देहायः**

जिल्ला सदरमुकाम धादिङवेशी नीलकण्ठ नगरपालिका मध्ये पूर्वमा इजारा चौतारा, पश्चिममा धादिङबेशी-सल्यानटार सडक, उत्तरमा थोपलखोला र दक्षिणमा अरुङ खोला।

१. मिति २०८२/०५/२३ र २४ गते काठमाडौ लगायत देशका विभिन्न शहरहरुमा भएको जेन-जीको प्रदर्शनबाट उत्पन्न परिस्थितिका कारण यस जिल्लामा कारागार सुरक्षा एवं जिल्लाको समग्र शान्ति सुरक्षामा खलल पुग्ने अवस्था देखिएकाले मिति २०८२/०५/२५ गते अपरान्ह ५:०० बजेदेखि लागू हुने गरी कर्फ्यू आदेश जारी भएकोमा हाल, बिस्तारै शान्ति सुरक्षाको अवस्था सामान्नीरण तर्फ उन्मुख देखिएकोले सर्वसाधारणका सहजताका लागि आज मिति २०८२/०५/२६ गते बेलुका ५:०० बजे देखी ७:०० बजे सम्म कर्फ्यू आदेश हटाईएको। साथै उक्त अवधिमा जिल्लाभर निषेधाज्ञा जारी रहने।

२. उल्लेखित निषेधाज्ञाको समय अवधिमा अत्यावश्यक बस्तु जस्तैः दुध, फलफुल, तरकारी, अण्डा तथा मासुजन्य वस्तु र कृषि उत्पादित सामाग्री, औषधि जस्ता सामाग्रि निषेधाज्ञाको समयमा सुरक्षा निकायको समन्वयमा निर्वाध रुपमा ढुवानी एवम् आवतजावत गर्ने व्यबस्था मिलाउने।

**जिल्ला प्रशासन कार्यालय काठमाडौं**

<u>२०८२/५/२२ का निर्णयहरु</u>

१. काठमाडौं जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाको समिक्षा गरियो। हाल शान्ति सुरक्षाको अवस्था सामान्य रहेको र आगामी दिनहरुमा पनि समन्वयात्मक रुपमा सुरक्षा व्यवस्था चुस्त राख्ने।

२. मिति २०८२/०५/२३ गते विभिन्न व्यक्ति वा संस्थाबाट काठमाडौंमा हुन सक्ने संवेदनशिल गतिविधि सम्बन्धमा छलफल गरियो। सुरक्षा संवेदनशिलतालाई मध्यनजर गरी सम्भावित गतिविधिको सुक्ष्म निगरानी गर्दै कुनै किसिमको अवाञ्छित गतिविधि हुन नदिन समन्वयात्मक रुपमा सुरक्षा व्यवस्था मिलाउने।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. आज Gen Z समुह लगायत विभिन्न पक्षबाट हुने प्रदर्शनलाई हिंसात्मक हुन नदिनको लागि मिति २०८२/०५/२२ गतेको जिल्ला सुरक्षा समितिको बैठकले एकिकृत सुरक्षा योजना स्विकृत गरिसकेको छ। उक्त सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि डियुटिमा खटिने अधिकृत तथा जवानहरु सबैलाई संचार गर्ने।

२. Gen z समुहको आयोजनामा हुने आजको प्रदर्शनमा बालबालिकाको पनि उल्लेख्य उपस्थिति हुन सक्ने भएकोले भीड नियन्त्रणका लागि बल प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउने।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. काठमाडौं जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाको समिक्षा गरियो। हाल शान्ति सुरक्षाको अवस्था सामान्य रहेको तर पछिल्ला दिनहरुमा सामाजिक सञ्जाल बन्द भएको विषयमा युवा पुस्ताका विभिन्न समुहहरुबाट काठमाडौमा हुन सक्ने संवेदनशिल गतिविधिलाई मध्यनजर गर्दै कुनै किसिमको अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा निकायहरुका बीचमा समन्वय सुदृढ गरी त्रुटिरहित सुरक्षा प्रबन्ध मिलाउने।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते सामाजिक सञ्जाल बन्द भएको विषयमा युवा पुस्ताका विभिन्न समुहहरुबाट काठमाडौंमा भएको आन्दोलनमा आन्दोलनकारीहरु अराजक भई आपसी मुठभेड,

भीडन्त एवम् हुलदङ्गा वा अशान्ति भईसकेको अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम देहायको क्षेत्रमा मिति २०८२/०५/२३ गते अपरान्ह १२:३० बजेदेखि लागु हुने गरी मिति २०८२/०५/२३ गते रातको १० बजेसम्म कर्फ्यू आदेश जारी गर्नको लागि श्रीमान् प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

**देहायः**

क) बानेश्वर क्षेत्रः-

- बानेश्वर चोकदेखी पश्चिम एभरेष्ट होटल हुँदै बिजुलीबजार पुलसम्म,
- बानेश्वर चोकदेखी पूर्व मिन भवन, शान्तिनगर हुँदै तीनकुने चोकसम्म,
- बानेश्वर चोकदेखी उत्तर आइप्लेक्स मल हुँदै रत्नराज्य माध्यमिक विद्यालयसम्म,
- बानेश्वर चोकदेखी दक्षिण शखमुल ओरालो हुँदै शंखमुल पुलसम्म,

२. मिति २०८२/०५/२३ गते यस जिल्लाको बानेश्वर क्षेत्रमा केन्द्रित प्रदर्शनको क्रममा उश्रृङ्खल र अवाञ्छित गतिविधि भई जिल्लाको शान्ति सुरक्षामा खलल पर्ने अवस्था देखिएकोले सो को नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी भएको कर्फ्यू आदेशको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (२) वमोजिम कार्यान्वयन गर्न नेपाली सेना, नरसिंहदल गण सिंहदरबार व्यारेकलाई आवश्यक सहयोग गर्न अनुरोध गर्ने।

## २०८२/५/२३ का निर्णयहरु

१. मिति २०८२/०५/२३ गते सामाजिक सञ्जाल बन्द भएको विषयमा युवा पुस्ताका विभिन्न समुहहरुवाट काठमाडौंमा भएको आन्दोलनमा आन्दोलनकारीहरु अराजक भई आपसी मुठभेड, भीडन्त एवंम् हुलदङ्गा वा अशान्ति भईसकेको अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम देहायको क्षेत्रमा मिति २०८२/०५/२३ गते अपरान्ह १:०० बजेदेखि लागु हुने गरी मिति २०८२/०५/२३ गते रातको १० बजेसम्म कर्फ्यू आदेश जारी गर्नको लागि श्रीमान् प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

**देहायः**

क) शितल निवास (राष्ट्रपति कार्यालय) महाराजगंज क्षेत्रः

- उत्तर पूर्वतर्फ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडिको चोकसम्म,

- पूर्व दक्षिणतर्फ सामाखुशी जाने मोडदेखि १०० मिटर दक्षिणसम्म,
- दक्षिण पश्चिमतर्फ सामाखुशी जाने मोडदेखि सामाखुशी खोलासम्म।

ख) हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्रः

- केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म।

ग) नारायणहिटी दरवार संग्रहालय क्षेत्रः

- केशरमहल चोकदेखी नारायणहिटी दरबार संग्रहालय दक्षिण गेट हुँदै जयनेपाल मोडसम्म,
- नारायणहिटी दरवार संग्रहालय दक्षिण गेटदेखी महेन्द्र सालिकसम्म

घ) सिंहदरबार क्षेत्रः

- भद्रकाली मन्दिर (तिनकुनै आइल्याड) को पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबारै मूल गेटसम्म,
- सिंहदरवार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय मा.वि.को मोडसम्म,
- पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तरपूर्वी मोड र सो मोडदेखि सिंहदरनार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दिरसम्म,
- सिंहदरवार मूलगेट अगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालत अगाडि हुँदै पुरातत्व विभागको चोकसम्म,
- पुरातत्व विभागको चोकदेखि सिंहदरवार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म,
- जिल्ला अदालतको पूर्वी मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म।

ङ) प्रधानमन्त्री निवास वालुवाटार क्षेत्रः

- बालुवाटार पवित्र बर्कशप चोकदेखि नेपाल राष्ट्रबैंक हुँदै इटालिया चोक, चिनियाँ दुतावास हुदै भाटभटेनी तर्फको लक्ष्मी बैंक अगाडी ढुंगेधारा सम्म,
- इटालिया चोकदेखि पश्चिमतर्फ राष्ट्रिय सभा अध्यक्षको निवाससम्म र सो निवासदेखि गैह्रीधारा जाने सडकतर्फ १०० मिटरसम्म,
- प्रधानमन्त्री निवासको उत्तरपूर्वी सोडदेखि प्रधान न्यायाधीश निवासको मोडसम्म र सो मोडदेखि पश्चिमतर्फ १०० मिटरसम्म,
- प्रधान न्यायाधीश निवासको मोडदेखि पूर्व दक्षिणतर्फ राष्ट्रिय सभा अध्यक्षको निवासको मोडसम्म,
- राष्ट्रबैंक चोकदेखि पूर्वतर्फ जाने सडकको १०० मिटरसम्म।

च) संसद भवन नयाँ बानेश्वर क्षेत्रः

- बानेश्वर चोकदेखी पश्चिम एभरेष्ट होटल हुँदै माइतीघर मण्डलासम्म,
- वानेश्वर चोकदेखी पूर्व मिन भवन, शान्तिनगर हुँदै तीनकुने चोकसम्म,
- बानेश्वर चोकदेखी उत्तर आइप्लेक्स मल हुँदै रत्नराज्य माध्यमिक विद्यालयसम्म,
- बानेश्वर चोकदेखी दक्षिण शंखमुल ओरालो हुँदै शंखमुल पुलसम्म,

२. मिति २०८२/०५/२३ गते यस जिल्लाको बानेश्वर माइतीघर तथा सिंहदरवार क्षेत्रमा केन्द्रित प्रदर्शनको क्रममा उश्रृङ्गल र अवाञ्छित गतिविधि भई जिल्लाको शान्ति सुरक्षामा खलल पर्ने अवस्था देखिएकोले सो को नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी भएको कर्फ्यू आदेशको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (२) बमोजिम कार्यान्वयन गर्न नेपाली सेना, नरसिंहदल गण सिंहदरवार व्यारेकलाई आवश्यक सहयोग गर्न अनुरोध गर्ने।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते विभिन्न समुहहरुबाट काठमाडौमा भएको आन्दोलनमा आन्दोलनकारीहरु अराजक भई मुठभेड, भीडन्त एवम् हुलदङ्गा वा अशान्ति भईसकेको अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम देहायको क्षेत्रमा मिति २०८२/०५/२३ गते रातको १२,०० बजेदेखि लागु हुने गरी मिति २०८२/०५/२४ गते विहान ५:०० बजेसम्म कर्फ्यू आदेश जारी गर्नको लागि श्रीमान् प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

**देहायः**

क) शितल निवास (राष्ट्रपति कार्यालय) महाराजगंज क्षेत्र

- उत्तर पूर्वतर्फ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडिको चोकसम्म,
- पूर्व दक्षिणतर्फ सामाखुशी जाने मोडदेखि १०० मिटर दक्षिणसम्म,
- दक्षिण पश्चिमतर्फ सामाखुशी जाने मोडदेखि सामाखुशी खोलासम्म।

ख) हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्रः

- केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटलको सिमानासम्म।

ग) नारायणहिटी दरवार संग्रहालय क्षेत्र

- केशरमहल चोकदेखी नारायणहिटी दरवार संग्रहालय दक्षिण गेट हुँदै जयनेपाल मोडसम्म,
- नारायणहिटी दरवार संग्रहालय दक्षिण गेटदेखी महेन्द्र सालिकसम्म।

घ) सिंहदरबार क्षेत्रः

- भद्रकाली मन्दिर (तिनकुने आइल्याड) को पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरवार मूल गेटसम्म,
- सिंहदरवार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय मा.वि.को मोडसम्म,
- पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरवारको उत्तरपूर्वी मोड र सो मोडदेखि सिंहदरवार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दिरसम्म,
- सिंहदरवार मूलगेट अगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालत अगाडि हुँदै पुरातत्व विभागको चोकसम्म,
- माइतीघर मण्डलादेखि पश्चिमतर्फ थापाथली चोकसम्म,
- पुरातत्व विभागको चोकदेखि सिंहदरवार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म,
- जिल्ला अदालतको पूर्वी भोडको प्रवेश मारदिखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म।

ङ) प्रधानमन्त्री निवास वालुवाटार क्षेत्रः

- वालुवाटार पवित्र वर्कशप चोकदेखि नेपाल राष्ट्रबैंक हुँदै इटालिया चोक, चिनियाँ दुतावास हुदै भाटभटेनी तर्फको लक्ष्मी बैंक अगाडी ढुंगेधारा सम्म,
- इटालिया चोकदेखि पश्चिमतर्फ राष्ट्रिय सभा अध्यक्षको निवाससम्म र सो निवासदेखि गैह्रीधारा जाने सडकतर्फ १०० मिटरसम्म,
- प्रधानमन्त्री निवासको उत्तरपूर्वी मोडदेखि प्रधान न्यायाधीश निवासको मोडसम्म र सो मोडदेखि पश्चिमतर्फ १०० मिटरसम्म,
- प्रधान न्यायाधीश निवासको मोडदेखि पूर्व दक्षिणतर्फ राष्ट्रिय सभा अध्यक्षको निवासको मोडसम्म,
- राष्ट्रबैंक चोकदेखि पूर्वतर्फ जाने सडकको १०० मिटरसम्म।

च) संसद भवन नयाँ बानेश्वर क्षेत्रः

- वानेश्वर चोकदेखी पश्चिम एभरेष्ट होटल हुँदै माइतीघर मण्डलासम्म,
- बानेश्वर चोकदेखी पूर्व मिन भवन, शान्तिनगर हुँदै तीनकुने चोकसम्म,
- बानेश्वर चोकदेखी उत्तर आइप्लेक्स मल हुँदै रत्नराज्य माध्यमिक विद्यालयसम्म,
- बानेश्वर चोकदेखी दक्षिण शंखमुल ओरालो हुँदै शंखमुल पुलसम्म।

२. मिति २०८२/०५/२३ गते यस जिल्लाको वानेश्वर माइतीघर तथा सिंहदरवार क्षेत्रमा केन्द्रित प्रदर्शनको क्रममा उश्रृङ्गल र अवाञ्छित गतिविधि भई जिल्लाको शान्ति सुरक्षामा खलल पर्ने अवस्था

देखिएकोले सो को नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी भएको कर्फ्यू आदेशको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (२) बमोजिम कार्यान्वयन गर्न नेपाली सेना, नरसिंहदल गण सिंहदरवार व्यारेकलाई आवश्यक सहयोग गर्न अनुरोध गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते विभिन्न समुहहरुबाट काठमाडौंमा भएको आन्दोलनमा आन्दोलनकारीहरु अराजक भई मुठभेड, भीडन्त एवम् हुलदङ्गा वा अशान्ति भईसकेको अवस्था समेतलाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क अमोजिम देहायको क्षेत्रमा मिति २०८२/०५/२४ गते विहान ८:३० बजेदेखि लागु हुने गरी अर्को आदेश नभएसम्म कर्फ्यू आदेश जारी गर्नको लागि श्रीमान् प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

**देहायः**

क) काठमाडौ महानगरपालिका चक्रपथ क्षेत्रभित्र

काठमाडौं महानगरपालिकाको वालकुमारी पुलदेखि कोटेश्वर चोक, सिनामंगल, गौशाला, चावहिल, नारायणगोपाल चोक, गोङ्गबु, बालाजु, स्वयम्भू, कलंकी, बल्खु हुँदै बागमति नदी पुलसम्मको चक्रपथ भित्रको सम्पूर्ण भूभाग।

२. मिति २०८२/०५/२३ गते यस जिल्लाको बानेश्वर माइतीघर तथा सिंहदरबार क्षेत्रमा केन्द्रित प्रदर्शनको क्रममा उश्रृङ्खल र अवाञ्छित गतिविधि भई जिल्लाको शान्ति सुरक्षामा खलल पर्ने अवस्था देखिएकोले सो को नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी भएको कर्फ्यू आदेशको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (२) बमोजिम कार्यान्वयन गर्न नेपाली सेना, नरसिंहदल गण सिंहदरवार व्यारेकलाई आवश्यक सहयोग गर्न अनुरोध गर्ने।

**जिल्ला प्रशासन कार्यालय ललितपुर**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ मा विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी उपत्यका

क्षेत्रमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिबिधि लगायत. हुलदंगा वा अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्था बमोजिम सबै स्कुल/कलेज र शिक्षण संस्थाहरु भाद्र २४ र २५ गते २ (दुई) दिन बन्द गर्न ललितपुर महानगरपालिका, महालक्ष्मी नगरपालिका र गोदावरी नगरपालिकालाई अनुरोध गर्ने। साथै, जिल्ला प्रशासन कार्यालयले उपर्युक्तानुसार सूचना प्रकाशन गर्ने।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. २०८२ भाद्र २३ गतेदेखि Gen-Z लगायतका युवा सम्मिलित समूहहरुले विभिन्न माग राखी काठमाण्डौं उपत्यकामा प्रदर्शन गर्ने तयारी गरेको सूचना विभिन्न माध्यमहरुबाट प्राप्त भएको हुँदा यसबाट जिल्लामा हुनसक्ने सम्भावित सुरक्षा जोखिम आँकलन गरी सबै सुरक्षा निकायले आवश्यक तयारी सहित भरपर्दो सुरक्षा व्यवस्था मिलाउने तथा नियमित रुपमा सूचना आदान प्रदान गर्ने।
२. उक्त प्रदर्शनलाई मध्यनजर गरी सार्वजनिक सम्पत्ति र जनधनको सुरक्षार्थ भैंसेपाटीस्थित मन्त्री निवास, पुल्चोक स्थित न्यायाधीश निवास, नेपाली काँग्रेस पार्टीको केन्द्रीय कार्यालय, नेकपा (एमाले) पार्टीको केन्द्रीय कार्यालय, बाल कुमारी पुल, जिल्लास्थित दुरसञ्चार सेवा प्रदायक निकाय तथा सोमा जडित प्रविधि र अन्य महत्वपूर्ण प्रतिष्ठान तथा सरकारी कार्यालय लगायतका जोखिमयुक्त क्षेत्र (VA/VP) मा विशेष सतर्कता अपनाउने र जिल्ला स्थित सुरक्षा निकायहरुले एकीकृत सुरक्षा योजना सहित एकापसमा समन्वय गरी सुरक्षाकर्मी परिचालन गर्ने।
३. यस अघिको जिल्ला सुरक्षा समितिका निर्णयहरु कार्यान्वयनको प्रगति समीक्षा गरियो। साथै, यस जिल्लाको हालसम्मको शान्ति सुरक्षाको स्थिति सामान्य रहेको पाईयो।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ मा विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी उपत्यका क्षेत्रम प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिबिधि लगायत हुलदंगा वा अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले देहायको क्षेत्रमा लागि निषेधित क्षेत्र घोषणा गर्न सिफारिस गर्नेः-

**देहायः**

क) पुल्चोकस्थित यु एन हाउस र न्यायाधीश निवासको २०० मिटर क्षेत्रः

- पूर्वतर्फ इनारमोड जाने मूलबाटो,
- पश्चिम राष्ट्रिय किताबखाना (निजामती),
- उत्तरतर्फ आन्तरिक राजस्व कार्यालय,
- दक्षिणतर्फ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय सहकारी विकास बोर्डको चौहद्दीभित्र।

ख) भैंसेपाटीमा स्थित नयाँ मन्त्री निवास क्षेत्रः

- पूर्वमा भैंसेपाटीबाट बुंगमती जाने सडक,
- पश्चिमतर्फ सिजी हाउजिङ्ग,
- उत्तर भैसेपाटी आवास गेट,
- दक्षिणतर्फ इटनी जाने ओह्रालो सीमा कायम गरी सो भित्र।

ग) सानेपा स्थित नेपाली काँग्रेस पार्टीको केन्द्रीय कार्यालय क्षेत्रः

- पूर्वमा सानेपा चोकबाट ईन्द्रायणी मन्दिर पक्की सडक,
- पश्चिमतर्फ बल्खु पुलदेखी मनमोहन पार्कसम्म बागमती करिडोर सडक,
- उत्तरतर्फ चक्रपथ सडकको सर्भिस लेन (बल्खु पुलदेखी सानेपा चोकसम्म),
- दक्षिणतर्फ ईन्द्रायणी मन्दिरबाट बागमती करिडोर जाने पक्की सडक,

घ) च्यासल स्थित नेकपा (एमाले) पार्टीको केन्द्रीय कार्यालय क्षेत्रः

- पूर्वमा मनोहरा खोला करिडोरको झोलुंगे पुल,
- पश्चिमतर्फ च्यासल रंगशाला,
- उत्तरमा मनोहरा खोला,
- दक्षिणतर्फ मल पोखरी जाने बाटो,

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ मा विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी उपत्यका क्षेत्रमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिबिधि लगायत हुलदंगा या अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले देहायको क्षेत्रमा लागि निषेधित क्षेत्र घोषणा गर्न सिफारिस गर्नेः-

**देहायः**

क) ललितपुर महानगरपालिका वडा नं.५, १३ र १४ का क्षेत्र,

- महालक्ष्मीचोक देखि पाटन अस्पतालसम्म,
- पाटन अस्पताल देखि जावलाखेल चोकसम्म,
- जावलाखेल चोक देखि एकान्तकुनासम्म,
- एकान्तकुना देखि महालक्ष्मी चोकसम्म।

२. मिति २०८२/०५/२४ गते बिहान ९:०० बजेदेखि अर्को आदेश नभएसम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम ललितपुर जिल्ला ललितपुर महानगरपालिकाका देहायका क्षेत्रमा चार किल्ला तोकी सो सिमाना भित्र कसैले आवत जावत, हिडडुल गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक वा घेराउ गर्न नपाउने गरी कर्फ्यूको आदेश जारी गर्न सिफारिस गर्नेः-

**तपशिलः**

ललितपुर महानगरपालिकाको बल्खु, धोविघाट, सानेपा, एकान्तकुना, महालक्ष्मीस्थान, सातदोवाटो, ग्वार्को हुँदै बालकुमारी पुलसम्मको चक्रपथ क्षेत्र र सो भित्रको सम्पूर्ण भू-भाग।

**२०८२/५/२४ का निर्णयहरु**

१. मिति २०८२/०५/२३ मा विभिन्न समूह र पक्षहरुवाट आ-आफ्ना माग राखी उपत्यका क्षेत्रमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिविधि लगायत हुलदंगा वा अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले देहायका क्षेत्र चार किल्ला तोकी सो सिमानाभित्र कर्फ्यू आदेश जारी गर्न सिफारिस गर्ने।

२. मिति २०८२/०५/२४ गते विहान ७:०० बजेदेखि २०८२/०५/२४ गते रातीको १२:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क वमोजिम ललितपुर जिल्लाको ललितपुर महानगरपालिका, वडा नं. २,४, ९, १८ र २५ भित्रका देहायका क्षेत्रमा चार किल्ला तोकी सो सिमाना भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक वा घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी हुन :

**देहायः**

क) वडा नं. ४,१८ र २५ को भैसेपाटी क्षेत्रः

- पूर्वमा भैसेपाटीवाट बुंगमती जाने सडक,

- पश्चिमतर्फ सिजी हाउजिङ्ग तथा चोभार-गंल्छी सडक,
- उत्तरमा एकान्तकुनाको गायत्री पेट्रोल पम्प भन्दा तल रहेको विष्णुदेवी मन्दिर,
- दक्षिणतर्फ इटनी जाने ओहालो क्षेत्र।

ख) वडा नं. २ सानेपा स्थित इन्द्रायणि मार्ग आसपास क्षेत्रः

- पूर्वमा सानेपा चोकवाट ईन्द्रायणी मन्दिर पक्की सडक,
- पश्चिमतर्फ बल्खु पुलदेखी मनमोहन पार्कसम्म बागमती करिडोर सडक,
- उत्तरतर्फ चक्रपथ सडकको सर्भिस लेन (बल्खु पुलदेखी सानेपा चोकसम्म) भित्र,
- दक्षिणतर्फ ईन्द्रायणी मन्दिरवाट बागमती करिडोर जाने पक्की सडक क्षेत्र

ग) वडा नं. ९ को च्यासल क्षेत्रः

- पूर्वमा मनोहरा खोला करिडोरको झोलुंगे पुल,
- पश्चिमतर्फ च्यासल रंगशाला,
- उत्तरमा मनोहरा खोला,
- दक्षिणतर्फ मल पोखरी जाने वाटो।

१. निर्णय नं. १ वमोजिमको कर्फ्यूको अवधिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धानका निकायवाट एकापसको संयोजनमा परिचालन हुने र सुरक्षा व्यवस्था मिलाउने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ र २४ गते विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी उपत्यका क्षेत्रमा भएको प्रदर्शनका क्रममा तोडफोड, आगजनी आदिवाट क्षति भएका जिल्लास्थित सबै प्रहरी प्रभाग, वृत्त, चौकी लगायतका इकाई तथा कारागार कार्यालय, नख्खुको क्षतिको यथार्थ प्रतिवेदन तयार गर्ने र सुरक्षा सेवा पुनर्स्थापना गरी यथाशिघ्र कार्य सुचारु गर्ने।
२. कारागार कार्यालय नख्खु, ललितपुरमा साविकको व्यवस्था बमोजिम सुरक्षा निकायहरु आजैबाट खटिई कारागार क्षेत्रको सुरक्षा व्यवस्था मिलाउने र तत्काल कैदीबन्दी CRC ब्लकमा राख्न कारागार प्रशासकले समन्वय गर्ने।

**जिल्ला प्रशासन कार्यालय चितवन**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका अध्यक्षका रुपमा आउनु भएका प्रमुख जिल्ला अधिकारी, श्री गणेश अर्यालज्यूलाई स्वागत एवं सफल कार्यकालको शुभकामना प्रदान गर्ने निर्णय गरियो।
२. यस अघि बसेको बैठकको निर्णयहरूको कार्यान्वयनका सन्दर्भमा समिक्षा गरियो। साथै जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।
३. जेन-जि ग्रुपबाट सञ्चालन हुने भनिएको विरोध कार्यक्रमको सूचना संकलन, विश्लेषण गरी जनशक्ति परिचालनलाई जिल्लास्थित सुरक्षा निकायहरुबिच चुस्त र छरितो समूह परिचालन गरी उच्च सतर्कता अपनाई समन्वयात्मक रुपमा त्रुटिरहित शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

२०८२/५/२३ का निर्णयहरु

१. आज जिल्लामा विभिन्न स्थानहरुमा भएका प्रदर्शन नियन्त्रणका लागि फिल्डमा खटिएका सुरक्षाकर्मीहरुले अपनाएको सावधानी र संयमताका लागि सबै सुरक्षाकर्मीहरुलाई धन्यवाद दिने।
२. अहिलेको विषम परिस्थितिमा भरतपुर महानगरपालिका लगायतका अन्य संवेदनशील स्थानहरुको सुरक्षा प्रबन्ध गर्ने।
३. थप परिस्थितिको समग्र विश्लेषण गरी तदनुरुप सुरक्षा रणनीति अवलम्बन गर्ने।

२०८२/५/२४ का निर्णयहरु

पछिल्लो समयमा विकसित घटनाक्रमलाई मध्यनजर गरी जिल्लाको शान्ति सुरक्षाको अवस्था थप बिग्रन नदिनका लागि आज मिति २०८२। ०५। २४ गते विहान १२ः०० बजेदेखि लागू हुने गरी अर्को आदेश नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम चितवन जिल्लाको भरतपुर महानगरपालिकाभित्र देहायका चार किल्ला तोकी सो सीमानाभित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

**देहायः**

क) भरतपुर महानगरपालिका क्षेत्रभित्रः

पूर्वतर्फः केन्द्रीय बस टर्मिनल

पश्चिमतर्फः नारायणी पुल (पुलचोक)

उत्तरतर्फः पोखरा बसपार्क देखि विशालचोक

दक्षिणतर्फः त्रिचोक (भरतपुर विमानस्थल पछाडीको चोक)

नोटः कर्फ्यूको आदेश अवधिभर अत्यावश्यक सेवाका सवारी साधनहरु, एम्बुलेन्स, दमकल, शव वहान, स्वास्थ्यकर्मीका सवारी साधनहरु, सञ्चारकर्मीहरु, पर्यटक सवारी साधनहरु, मानव अधिकार तथा कुटनीतिक नियोगका सवारी साधनहरु र हवाई टिकटको आधारमा हवाई यात्रुहरुको आवगमनमा सुरक्षाकर्मीहरुबाट सहजीकरण गर्ने।

## २०८२/५/२५ का निर्णयहरु

मिति २०८२।०५।२५ गते साँझ १७:०० बजेदेखि मिति २०८२।०५।२६ गतेको बिहान ०६:०० बजेसम्म स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (क) बमोजिम चितवन जिल्लाको सबै सिमाभित्र कसैले पनि आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

## जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक

२०८२/५/२३ का निर्णयहरु

१. आज काठमाडौंमा भएको जियनजेड (Gen Z) समुहको आन्दोलनका कारण शान्ति सुरक्षामा खलल पुग्न गई कर्फ्यू समेत लगाउनु पर्ने अवस्था सिर्जना भएको। उक्त आन्दोलनको प्रभाव यस जिल्लामा समेत पर्नसक्ने सम्भावनालाई मध्यनजर राखी त्यस्ता समुहको गतिविधि र क्रियाकलापको सूचना संकलन गर्ने, हुनसक्ने सम्भावित जोखिमको विश्लेषण गर्ने। यस आन्दोलनले लिन सक्ने स्वरुपको विश्लेषण गरी आवश्यक सुरक्षाकर्मी जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नं १५ गण हे.क्वा. बाट परिचालन गर्ने।
२. काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङ्द्वारा Comparative Analysis of Aboveground Biomass and Carbon Stock Estimation Using LIDAR and Multi-spectral Derived Data शिर्षकमा हुने अनुसन्धानका लागि बनेपा नगरपालिका क्षेत्रमा Drone उडान अनुमति माग गरेको सन्दर्भमा सुरक्षा संवेदनशीलता र व्यक्तिगत गोपनियता एवं तोकिएको

शर्त पालना गर्ने गरी सुरक्षा निकायसँग समन्वय र शर्तको पालना गर्ने गरी स्वीकृति प्रदान गर्ने।

३. सशस्त्र द्वन्दको समयमा सशस्त्र प्रहरी बल नेपालमा कार्यरत रही देश जनता र संगठनको खातिर कर्तव्य पालनाको शिलसिलामा मिति २०५९/१०/०२ गते यस जिल्लाको कुशादेवीमा विरगती प्राप्त गर्नु भएका सशस्त्र प्रहरी हवल्दार स्व. ओम बहादुर शाहको वलिदानी योगदानको सम्मान स्वरुप यस जिल्लाको पनौती न.पा. वडा नं. २ स्थित वैरामहादेव परिसरमा अमर सहिदको सिलालेख स्थापना गर्ने

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. हालसम्म जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य र शान्तिपूर्ण रहेको, राखिएको।
२. Gen-z ले आव्हान गरेको विरोधका कार्यक्रम काठमाडौं उपत्यकामा भएको घटनाक्रमले यस जिल्लामा पनि प्रत्यक्ष असर भई स्वस्फूर्त विरोधका कार्यक्रम, श्रद्धाञ्जली सभाको आयोजना भई रहेको सन्दर्भमा मिति २०८२/०५/२३ गते जिल्ला सुरक्षा समितिमा कमाण्ड पोष्ट खड़ा गरी अवस्थाको सुक्ष्म विश्लेषण गर्दै उच्च सतर्कता साथ सुरक्षाकर्मी परिचालन गरिएको।
३. जिल्लाको शान्ति सुरक्षाको अवस्था निरन्तर निगरानी र विश्लेषण गर्दै आवश्यकता अनुसार रणतीतिक रुपमा जिल्ला सुरक्षा समितिका पदाधिकारी परिचालित रहेको।
४. वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै धुलिखेलमा तैनाथ श्री श्रीमेहर गण तयारी अवस्थामा रहन अनुरोध गरियो।
५. अत्यावश्यक सेवाहरुलाई निरन्तर सूचारु राख्दै आवश्यक अनुसार तुरुन्त परिचालन हुने गरी तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई अनुरोध गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

मिति २०८२/०५/२३ गतेको Gen-Z को आन्दोलन कार्यक्रमको क्रममा काठ्माण्डौ उपत्यका लगायत देशको विभिन्न स्थानहरुमा भईरहेको विरोध प्रदर्शन र त्यसको प्रभावबाट यस जिल्लाको बनेपा, पनौती, धुलिखेल, पाँचखाललगायतका स्थानहरुमा भईरहेको विरोध प्रदर्शनमा निस्किएको जुलुस तथा भीडहरुबाट सार्वजनिक शान्ति एवं सुव्यवस्थामा खलल पुग्ने एवं हिंसात्मक तथा ध्वंसात्मक घटना हुन सक्ने देखिएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (१) (क) बमोजिम काभ्रेपलाञ्चोक जिल्लाको देहायका मिति, समय स्थानमा चार किल्ला तोकी सो सीमानाभित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो।

कर्फ्यू लाग्ने क्षेत्रः

- अरनिको राजमार्गको साँगा भञ्ज्याङदेखि धुलिखेल बसपार्कको दायँबायाँ ५०० मिटर आसपासको क्षेत्र।
- बनेपा नाला सडकको नाला गुम्बादेखि नेपाल बिद्युत प्राधिकरणचोक हुँदै रेडक्रसचोक, शिरमेमोरियल अस्पताल र चण्डेश्वरी मन्दिरको दायँबायाँ ५०० मिटर आसपासको क्षेत्र।
- बनेपा चारदोबाटोदेखि पनौती बजार रोशीखोलासम्मको दायँबायाँ ५०० मिटर आसपासको क्षेत्र।
- बि.पी, राजमार्गको काभ्रेभञ्ज्याङ देखि धुलिखेलचोकसम्म र सरस्वती बजार अड्डाबजार हुँदै भट्टेडाँडा सम्म दायँवायाँ ५०० मिटर आसपासको क्षेत्र।
- पाँचखाल नगरपालिका अरनिको राजमार्गको तामाघाट पुलदेखि जिरोकिलोसम्म सडकको दायँबायाँ ५०० मिटर आसपासको क्षेत्र।

कर्फ्यू लाग्ने मितिः २०८२/०५/२४ समयः दिउसो १२:१५ बजेदेखि राति ९:०० सम्म

१. निर्णय नं १ कार्यान्वयन गर्न नेपाली सेना श्री श्रीमेहर गण धुलिखेललाई अनुरोध गर्ने।
२. २०८२/५/२४ का निर्णयहरु
३. आज मिति २०८२/०५/२४ गतेको निर्णयबाट जारी कर्फ्यू आदेशलाई भोली मिति २०८२/०५/२५ गते बिहान १०:०० बजेसम्मको लागी निरन्तरता दिने।
४. निर्णय नं. १ कार्यान्वयन गर्न नेपाली सेना, श्री श्रीमेहर गण धुलिखेललाई अनुरोध गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

आज मिति २०८२/०५/२४ गते जारी भएको कर्फ्यू आदेश अर्को आदेश जारी नभए सम्मका लागि काभ्रेपलाञ्चोक जिल्लाभर लागु हुने गरी जारी गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको जिल्लाका विभिन्न स्थानमा रहेको युनिटहरुको जनशक्ति, हात हतियार तथा गोलिगठ्ठाको अवस्था र सुरक्षा स्थितीको विश्लेषण गरी आवश्यकता अनुसार उपयुक्त स्थानमा मर्ज गरी परिचालन गर्ने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. आज मिति २०८२/०५/२५ गतेको निर्णयबाट जिल्लाको समग्र सुरक्षा अवस्था सामान्य रहेको विश्लेषण गरियो।

२. कारागार कार्यालय धुलिखेलमा रहेका केही कैदीं बन्दीहरुले कारागार भित्र आगजनिको घटना घटाउने प्रयास गरेकोमा सुरक्षा कारबाही पश्चात अवस्था नियन्त्रणमा आएको र उक्त घटना घटाउन प्रत्यक्ष संलग्न देहाय बमोजिमका कैदी बन्दीहरुलाई सुरक्षाको दृष्टिकोणले अन्यन्त्र कारागारमा स्थानान्तरण गर्न उपयुक्त हुने हुंदा सो नभए सम्म जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा सुरक्षा पूर्वक राख्ने निर्णय गरियो।

**देहायः**

(क) सागर मैनाली भन्ने राम कृष्ण मैनाली

(ख) उद्धवराज गिरि

(ग) सुनिल रञ्जितकार

(घ) शिवराज थापा

**गण्डकी प्रदेश**

**जिल्ला प्रशासन कार्यालय कास्की**

<u>२०८२/५/२२ का निर्णयहरु</u>

१. यस अगाडि बसेको जिल्ला सुरक्षा समितिको निर्णय कार्यान्वयनको समिक्षा गरियो। सो बमोजिमका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको पाईयो।
२. नेपाल सरकारले नेपालमा सूचीकृत नभएका सामाजिक सञ्जालहरुमाथि लगाएको प्रतिबन्धको विरोध स्वरुप पोखरामा रहेका Zen Z, युवा विद्यार्थी, युवा उद्यमी लगायतका समुहले मिति २०८२/०५/२३ गते विरोध प्रदर्शन गर्ने कार्यक्रम रहेको भन्ने बुझिन आएकोले जिल्लास्थित सुरक्षा निकायहरुले समन्वयात्मक तवरले सुक्ष्म रुपमा सूचनाको संकलन, विश्लेषण र आदनप्रदान गरी विरोधका नाममा हुन सक्ने अवाञ्छित एवम् कानून विपरितका कार्यहरुलाई कारबाहीको दायरमा ल्याउने। साथै, जिल्ला प्रहरी कार्यालय कास्की र सशस्त्र प्रहरी बल नेपाल नं २४ है. क्वा गण कालिका मालेपाटनले संयुक्त रुपमा त्रुटि रहित सुरक्षा व्यवस्था मिलाउने,
३. सामाजिक सञ्जाल सञ्चालनमा प्रतिबन्ध लगाई अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई प्रभावि पारेको भनि अन्य विभिन्न संघ, संगठन, राजनीतिक दल लगायतले ज्ञापनपत्र/ध्यानाकर्षण पत्र बुझाएकोले त्यस्ता संघ संगठनले गर्न सक्ने विरोधका कार्यक्रम समेतको सूचना संकलन, विश्लेषण र आपसमा सूचना आदनप्रदान गरी शान्ति सुरक्षाको लागि

तयारी अवस्थामा रहने,

४. जिल्ला प्रहरी कार्यालय, कास्कीको मिति २०८२/०५/१८ को पत्रानुसार कास्की जिल्लामा रहेको पोखरा अन्तराष्ट्रिय विमानस्थलको सुरक्षा कार्यालयको दरवन्दी स्तरोन्नती गर्नुपर्ने भनि तालुक कार्यालयमा सिफारिस गर्न जिल्ला सुरक्षा समितिमा पेश भएकोमा थप संरचना र दरवन्दी थप गर्नुपर्ने औचित्य सहितको राय पठाउन पोखरा अन्तराष्ट्रिय विमानस्थल्न नागरिक उड्डयन कार्यालयमा अनुरोध गर्ने,
५. नजिकिदै गरेका विजयादशमी, दिपावली, छठपर्व लगायतका विभिन्न समुदायले मनाउने चाडपर्व अवधिको सुरक्षा योजना तयार गरी आगामी सुरक्षा समितिको वैठकमा पेश गर्ने,
६. विभिन्न संघ/संस्था/समुह, व्यवसायी, राजनीतिक दलबाट हुने कार्यक्रममा स्थानीय तहको अनुमति प्राप्त गर्न लगाई स्थानीय तहको अनुमती सहमति प्राप्त भए पश्चात मात्र शान्ति सुरक्षाको प्रबन्ध मिलाउने,
७. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था विश्लेषण गर्दा जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. यस अगाडि बसेको जिल्ला सुरक्षा समितिको निर्णय कार्यान्वयनको समिक्षा गरियो। सो बमोजिमका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको पाईयो।
२. नेपाल सरकारले नेपालमा सूचीकृत नभएका सामाजिक सञ्जालहरुमाथि लगाएको प्रतिबन्धको विरोध स्वरुप पोखरामा रहेका Zen Z, युवा विद्यार्थी, युवा उद्यमी लगायतका समुहले गरेको विरोध प्रदर्शन हिंसात्मक भई जिल्लाको शान्ति सुरक्षा, सार्वजनिक सम्पत्ति तथा भवनहरुमाथि क्षति पुर्‍याउन सक्ने सम्भावनालाई दृष्टिगत गरी अवाञ्छित गतिविधिहरु नियन्त्रणमा लिई शान्ति सु-व्यवस्था अमन चयन कायम राख्दै सार्वजनिक सरकारी सम्पत्तिको संरक्षण गर्न मिति २०८२/०५/२३ गते दिनको २:०० बजे देखी कास्की जिल्ला पोखरा महानगरपालिका भित्रको पूर्व तर्फ वाई चोक, उत्तर पूर्व तर्फ मिलनचोक, पश्चिम तर्फ वैदाम फिस्टेल गेट, उत्तर तर्फ मालपोत कार्यालय कास्की र दक्षिण तर्फ राष्ट्रबैंक चोक पर्यटनबोर्डको कार्यालय डयामसाईड क्षेत्रमा लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ संसोधन) सहित (को दफा ६ को उपदफा) ३क (बमोजिम निषेधाज्ञा जारी गर्ने,
३. कास्की जिल्लाका सुरक्षाका हिसावले VIP हरु तथा अति संवेदनशिल तथा संवेदनशिल सरकारी निवास, सरकारी तथा सार्वजनिक सम्पत्ति एवम सवारी साधनहरु तोडफोड तथा क्षति हुन नदिन सबै सरकारी कार्यालयहरु सँग समन्वय गरी संयुक्त रुपमा सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्था कायम गर्ने। साथै प्रचलित कानून विपरितका हिंसात्मक तथा विध्वंसात्मक कार्य गर्ने अराजक समुहलाई नियन्त्रणमा लिई कारबाही गर्ने।

४. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था विश्लेषण गर्दा जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ देखी GEN Z समुह लगायतले कास्की जिल्लामा गरेको विरोध प्रदर्शन अराजक भई स्थानीय प्रशासन तथा प्रहरी (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल) को नियन्त्रण बाहिर गएकाले व्यक्तिको जिउज्यानको सुरक्षार्थ तथा सरकारी, सार्वजनिक र व्यक्तिगत भौतिक सम्पत्तिहरुको सुरक्षार्थ स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (२) बमोजिम कर्फ्यू आदेशको कार्यान्वयन मार्फत-जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न नेपाली सेना परालित हुन जिल्लास्थित नेपाली सेनालाई अनुरोध गर्ने,

**जिल्ला प्रशासन कार्यालय स्याङ्जा**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. यस अघिका सुरक्षा बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था जिल्लाको समग्र शान्ति सुरक्ष सम्बन्धमा छलफल तथा समीक्षा गरियो, जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइयो।
२. आजको राष्ट्रिय घटनाक्रमको समिक्षा गर्दा यस जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य नै रहेके पाइएतापनि आगामी दिनमा जुनसुकै समयमा विषम परिस्थिति सिर्जना हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै सबै सुरक्षा निकायबिच प्राप्त सूचनाको आदान प्रदान तथा सुक्ष्म विष्लेषण र समन्वयात्मक भूमीका निर्वाह गर्दै तयारी अवस्थामा रहने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. मिति २०८२/५/२३ गते राष्ट्रव्यापी रुपमा भएको आन्दोलनको असर यस जिल्लामा सामान्य परेको आन्दोलनरत समुहले जिल्ला प्रशासन कार्यालय, स्याङजा, पुतलीबजार नगरपालिकाको कार्यालयको साथै नेपाल काँग्रेस र ने.क.पा. एमालेको जिल्ला सदरमुकामस्थित पार्टी कार्यालयमा र ट्राफिक चोकमा रहेको वि.पि. कोइरालाको शालिकसमेत तोडफोड गरी सामान्य क्षति पुर्यामएको। जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्न सुरक्षा व्यवस्था शसक्त बनाइएको। देशको वर्तमान अवस्था तथा यस जिल्लामा समेत आन्दोलनको प्रभावलाई मध्यनज गरी नागरिकको जिउधन सम्पत्तिको संरक्षण गर्न स्थानीय प्रशासन ऐन, २०२८ को संशोधनसहित दफा ६ (क बमोजिम मिति २०८२/०५/२५ गते दिनको १२:०० बजे देखि मिति २०८२/०५/२६ गते विहान

६:०० बजेसम्म स्याङजा जिल्लाभर कर्फ्यू आदेश जारी गर्ने।

२. हालै विकसित शान्ति सुरक्षामा खलल पुर्याउने परिदृश्यहरु देखा परेको यस अवस्थामा जिल्लामा रहेका सुरक्षा दृष्टीकोणले संवेदनशिल स्थान तथा क्षेत्रमा निगरानी राख र परेका बखत तत्काल परिचान गर्न सबै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) हरुको Joint Operation Cell खडा गरी कार्यान्वयनम ल्याउने।

२०८२/५/२५ का निर्णयहरु

१. सबै सुरक्षा निकायबाट आज १७:०० बजेसम्मको निषेधाज्ञाको अवस्था अनुगमन तथा विष्लेषण गर्दै असरदाररुपमा परिचालन भएको पाइएकोले स्थानीय प्रशासन ऐन, २०२८ को संशोधनसहित दफा ६ (क) बमोजिम आज मिति २०८२/०५/२५ गते १७:०० बजेदेखि भोली मिति २०८२/०५/२६ गते बिहान ०६:०० बजेसम्म स्याङजा जिल्लाभर लागू हुने गरी कर्फ्यू आदेश जारी गर्ने।

२. वर्तमान शान्ति सुरक्षा व्यवस्था सम्बन्धमा जिल्लामा रहेका सूचना संकलन, विश्लेषण गर्न देहाय बमोजिमका पदाधिकारी रहने गरी JOC (Joint Operation Center) खडा गर्ने।

**देहायः**

१. प्रशासकीय अधिकृत श्री सूर्य प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय स्याङजा - संयोजक

२. सह-सेनानी श्री कल्याण थापा, सिंह शार्दूल गुल्म, आँधिखोला व्यारेक, स्याङ्जा -सदस्य

२. प्रहरी निरीक्षक श्री कमल नेपाली, जिल्ला प्रहरी कार्यालय स्याङजा -सदस्य

३. अनुसन्धान अधिकृत श्री शुसिल कोइराला, रा.अ. जिल्ला कार्यालय स्याङजा -सदस्य

४. स.प्र.निरीक्षक श्री देवराज मल्ल, स.प्र. वल नेपाल नं. ३० गुल्म हे.क्वा., स्याङ्जा -सदस्य

**जिल्ला प्रशासन कार्यालय पर्वत**

२०८२/५/२४ का निर्णयहरु

१. यस अघिको बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो। निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. मिति २०८२।०५।२३ गतेबाट देशका विभिन्न स्थानमा भईरहेको Gen-Z को आन्दोलनको प्रभाव यस जिल्लामा पनि देखिएकोले उक्त समूहले गर्न सक्ने आन्दोलनका विविध गतिविधी उपर सबै सुरक्षा निकायहरुले सुक्ष्म तवरबाट निगरानी

राखी प्राप्त सूचना समयमै संप्रेषण गर्ने र प्राप्त सूचना बमोजिम सतर्कता र सजगता अपनाउने निर्णय गरियो।

३. जिल्लास्थित सरकारी कार्यालय प्रमुखहरुलाई बदलिदो परिस्थिति अनुरुप विशेष सर्तकता सहित कार्यालय संचालन गर्न निर्देशन दिने निर्णय गरियो।
४. यस जिल्लाको आ.व.०८२।०८३ को लागि क्षेत्रगत विशेष सुरक्षा योजना २०८२ स्वीकृत गरी कार्यान्वयमा लैजाने निर्णय गरियो।
५. जिल्लाको समग्र अवस्था शान्तिपूर्ण रहेको पाइयो।

२०८२/५/२४ का निर्णयहरु

१. वर्तमान समयमा देशका अधिकांश क्षेत्रमा Gen-Z को आन्दोलन र सोबाट सृजित परिस्थितिका कारण जिल्लामा उत्पन्न अवस्थालाई सामान्नीकरण गर्दै नागरिकको जिउधनको सुरक्षा स्थितिलाई सामान्य बनाउनको लागी नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरी सहितको संयुक्त खटन पटन गर्न आवश्यक महसुश भएको हुदाँ स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (३क) को प्रयोग गरी संयुक्त सुरक्षा फौज परिचालन गर्ने निर्णय गरियो।

**लुम्बिनी प्रदेश**

**जिल्ला प्रशासन कार्यालय रुपन्देही**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते यस जिल्लाको भैरहवा, बुटवल क्षेत्रमा हुन सक्ने प्रदर्शन, जुलुस, हुल दंगा तथा झडप आदिका कारण प्रतिकूल अवस्था सिर्जना भई शान्ति सुरक्षा भंग हुन सक्ने परिस्थितिलाई दृष्टिगत गरी बुटवल देखी भैरहवा क्षेत्रभित्रका संवेदनशिल क्षेत्रहरुमा कर्फ्यू आदेश जारी गर्ने।

२. कर्फ्यू आदेशको अवधिभर तोकिएको सिमाना भित्र निषेधित गतिविधिहरु नियन्त्रणका लागि सबै सुरक्षा निकायहरुले समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने। आवश्यक परेको खण्डमा नेपाली सेनालाई पनि परिचालन गर्न अनुरोध गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाको विषयमा छलफल र विश्लेषण भयो।

२. शान्ति सुरक्षाको हालसम्मको अवस्था उच्च सतर्कतायुक्त र नियन्त्रणमा रहेको पाईयो।

३. रुपन्देही जिल्लाका विभिन्न क्षेत्रमा हुन सक्ने प्रदर्शन, जुलुस, हुल दंगा तथा झडप आदिका कारण प्रतिकूल अवस्था सिर्जना भई शान्ति सुरक्षा भंग हुन सक्ने परिस्थितिलाई दृष्टिगत गरी मिति २०८२/०५/२४ गते विहान ९:३० बजेदेखि अर्को आदेश नभए सम्मको लागि रुपन्देही जिल्लाभर लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ६ को उपदफा ३ (क) बमोजिम निषेधाज्ञा जारी गर्ने।

४. निषेधाज्ञाको अवधिभर निषेधित गतिविधिहरु नियन्त्रणका लागि सबै सुरक्षा निकायहरुले समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने। आवश्यक परेको खण्डमा नेपाली सेनालाई मद्दतको लागि अनुरोध गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२४ गते रुपन्देही जिल्लाभर प्रदर्शन जुलुस, हुल दंगा तथा झडप आदिका कारण प्रतिकूल अवस्था सिर्जना भई शान्ति सुरक्षा भंग हुने सक्ने परिस्थितिलाई दृष्टिगत गरी अर्को आदेश नभए सम्मका लागि कर्फ्यू आदेश जारी गर्ने।

२. कर्फ्यू आदेशको अवधिभर तोकिएको सिमाना भित्र निषेधित गतिविधिहरु नियन्त्रणका लागि सबै सुरक्षा निकायहरुले समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने।

३. उक्त कर्फ्यू अवधीभर नेपाली सेनालाई परिचालनका लागि अनुरोध गर्ने।

२०८२/५/२७ का निर्णयहरु

१. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाको विषयमा छलफल र विश्लेषण भयो। शान्ति सुरक्षाको हालसम्मको अवस्था उच्च सतर्कतायुक्त र नियन्त्रणमा रहेको पाईयो।
२. रुपन्देही जिल्लाका विभिन्न क्षेत्रमा हुन सक्ने प्रदर्शन, जुलुस, हुल दंगा तथा झडप आदिका कारण प्रतिकूल अवस्था सिर्जना भई शान्ति सुरक्षा भंग हुन सक्ने परिस्थितिलाई दृष्टिगत गरी स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ६ को उपदफा ३ (क) बमोजिम रुपन्देही जिल्लाभर लागू हुने गरी मिति २०८२/०५/२७ गते देखि अर्को आदेश नभए सम्मको लागि विहान ६:०० बजेदेखि राती १०:०० बजेसम्म निषेधाज्ञा र राती १०:०० बजे देखि विहान ६:०० बजे सम्म कर्फ्यू आदेश जारी गर्ने।
३. निषेधाज्ञाको अवधिभर निषेधित गतिविधिहरु नियन्त्रणका लागि सबै सुरक्षा निकायहरुले समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने।
४. तोकिएको अवधिभर नेपाली सेनालाई परिचालनका लागि अनुरोध गर्ने।

**जिल्ला प्रशासन कार्यालय बाँके**

२०८२/५/२३ का निर्णयहरु

१. काठमाण्डौ लगायत देशका विभिन्न भागहरुमा Gen-Z का नामबाट प्रदर्शनहरु भइरहेको वर्तमान संवेदनशील अवस्था र यस जिल्लाको नेपालगंज, कोहलपुर लगायतका स्थानहरुमा आज भएको प्रदर्शन समेतलाई दृष्टिगत गर्दै संभावित सुरक्षा चुनौतीको सुक्ष्म विश्लेषण र प्रभावकारी सूचना, समन्वय, गस्ति, पेट्रोलिङ, माइकिङ मार्फत स्थितिलाई सामान्य बनाई राख्नव सबै सुरक्षा निकाय पूर्ण सतर्कताको अवस्थामा रहने, समन्वयात्मक रुपमा परिचालित हुने र एकापसमा भरपर्दो सूचना आदान-प्रदान गर्ने।
२. निकट भविष्यमा आइरहेका हिन्दु धर्मावलम्बीहरुको महत्वपूर्ण चाडवाडहरुलाई सुरक्षित, शान्तिपूर्ण र सद्भावपूर्ण बनाई राख विशेष प्राथमिकता दिने। कानून हातमा लिने र अवान्छित क्रियाकलाप गर्ने/गर्न खोज्ने व्यक्तिहरुमाथि तत्काल कानूनी कारवाहीको सुनिश्चितता गर्ने।

२०८२/५/२४ का निर्णयहरु

मिति २०८२/०५/२४ गते बिहान करिव ९ बजेपछि विभिन्न व्यक्तिहरु सम्मिलित समुहको प्रदर्शनको दौरानमा यस बांके जिल्लाको सदरमुकाम नेपालगंज बजार क्षेत्र तथा आसपासका शहरी

बस्तीहरुमा केही उच्छृङ्खल समूहहरुले यस जिल्ला स्थित नेपालगंज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, भन्सार आन्तरिक राजश्व कार्यालय, उच्च अदालत, जिल्ला अदालत लगायत थुप्रै सरकारी कार्यालय, विभिन्न राजनैतिक दलका पार्टी कार्यालयहरु र विभिन्न व्यक्तिका निजी घरहरु समेतमा आगजनी गरी लुटपाट समेतका ध्वंसात्मक कार्यहरु गर्नुका साथै सुरक्षाकर्मीका पोष्टहरुमा आक्रमण एवम् सुरक्षाकर्मीमाथि समेत आक्रमण गरिरहेको विद्यमान विषम परिस्थितिलाई ध्यानमा राखी यसबाट सृजना हुन सक्ने अराजक, हिंस्रक, झडपपूर्ण स्थिति र सरकारी, अर्धसरकारी कार्यालय र सार्वजनिक संरचना तोडफोड, हुलदंगा, अशान्ति र थप हिंसक कियाकलाप हुन सक्ने प्रवल सम्भावना देखिएकोले सर्वसाधारणको जीउधनको सुरक्षाका साथै शान्ति सु-व्यवस्था र अमनचयन, सहिष्णुता, पारस्पारिक सद्भाव र भाईचारा कायम राख्न अति आवश्यक देखिएकोले आजै राति १० बजेदेखि अर्को आदेश वा व्यवस्था नभएसम्म स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम यस जिल्लाको तपशिल बमोजिमका क्षेत्रमा निषेधाज्ञा जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो।

(क) पूर्वमा रासी नदी पुल

(ख) पश्चिममाः खजुरा रोड हुँदै नहर पुलसम्म

(ग) उत्तरमा रांझा चोक

(घ) दक्षिणमाः जमुनाहा सीमा नाका

(ङ) यस जिल्लाको सिमा भित्र पर्ने पूर्व-पश्चिम राजमार्गको दुवै तर्फको ५०० मिटर सम्मको क्षेत्र

हाल यस जिल्लामा उत्पन्न विषम परिस्थिति, हुलदंगा एवम् अशान्तिको अवस्थाबाट सर्वसाधारण नागरिकको जीउधनको सुरक्षा एवम् विद्यमान लुटपाट, आगजनी जस्ता अराजक गतिबिधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न जिल्ला स्थित सबै सुरक्षा निकाय संयुक्त रुपमा परिचालन हुने।

**जिल्ला प्रशासन कार्यालय कपिलवस्तु**

<u>२०८२/५/२० का निर्णयहरु</u>

१. मिति २०८२ भदौ १३ गतेको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो।
२. मिति २०८२।०४।२८ को जिल्ला सुरक्षा समिति कपिलवस्तुको निर्णयानुसार जिल्लाको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी तयार गरिएको क्षेत्रगत विशेष सुरक्षा योजना, २०८२ को मस्यौदालाई पारित गरियो।

३. मिति २०८२।०५।२० गतेका दिन इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरको जन्म जयन्ती (मोहम्मद दिवस) को अवसरमा जिल्लाको तौलिहवा, कृष्णनगर, चन्द्रौटा लगायतका स्थानहरुमा ठूलो संख्यामा मुस्लिम धर्मावलम्वीहरु जम्मा भई धार्मिक र्या ली एवं विभिन्न कार्यक्रम आयोजना गरी धुमधामका साथ मनाउने हुँदा सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गरी सुरक्षा निकायले भरपर्दो सुरक्षा व्यवस्था मिलाउने।
४. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको विश्लेषण गरियो।

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२ भदौ २० गतेको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो।
२. काठमाण्डौं लगायत देशको विभिन्न स्थानमा भईरहेको जियनजेडको प्रदर्शनको असर यस जिल्लामा समेत पर्न सक्ने भएकोले जिल्लाका सबै सुरक्षा निकायहरुले तत्काल जिल्लाको अवस्था एवं सम्भावित सुरक्षा चुनौतीलाई विश्लेषण गर्दै सुरक्षा व्यवस्था सुदृढ बनाउने।
३. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको विश्लेषण गरियो।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. मिति २०८२ भदौ २३ गतेको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो।
२. जेन- जी द्वारा आव्हान गरिएको आन्दोलन समाप्त भएको घोषणा पश्चात पनि केही अराजक समूहबाट जिल्लाका विभिन्न स्थानमा सार्वजनिक एवं निजी सम्पतिको तोडफोड, आगजनी र लुटपाटको प्रयास भईरहेकोले मिति २०८२।०५।२५ गते साँझ ५:०० बजे देखि २०८२।०५।२६ गते विहान ६:०० बजेसम्म यस जिल्लाभर कर्फ्यू आदेश जारी गर्ने निर्णय गरियो। सो अवधिभर नेपाली सेना परिचालनको लागि श्री शम्शेरदल गोरुसिंगे कपिलवस्तुलाई अनुरोध गर्ने।
३. जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको विश्लेषण गरियो।

**जिल्ला प्रशासन कार्यालय दाङ**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. मिति २०८२/०५/१५ गते बसेको जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।
२. सरकारले सामाजिक सञ्जाल बन्द गरेको भनि केही समूहले विभिन्न जिल्लामा विरोध प्रदर्शन र तोडफोडका घटना भई जनधनको क्षति भएको र यस जिल्लामा समेत विरोध प्रदर्शन गरेको हुदाँ त्यस्तो प्रदर्शन अनियन्त्रित भई सार्वजनिक सम्पत्ति, सरकारी कार्यालय र व्यक्तिको सम्पत्ति तोडफोड र आगजनी हुन सक्ने, संभावित घटनालाई मध्यनजर गरी महत्वपुर्ण सार्वजनिक स्थानहरु, सरकारी कार्यालयहरु, स्थानीय तहहरुको प्रशासनिक भवन र

अन्य संभावित स्थानहरुमा तोडफोड, आगजनी र लुटपाट जस्ता अवाञ्चित गतिविधि हुन नदिन उच्च सुरक्षा सतर्कता अपनाई समन्वयात्मक रुपमा सबै सुरक्षा निकाय परिचालित भई भरपर्दो र त्रुटी रहित सुरक्षा व्यवस्थापन मिलाउने।

३. विरोधमा सहभागी प्रर्दशनकारीहरु एक स्थानबाट अर्को स्थान र अन्य जिल्ला बाट प्रदेश राजधानी र प्रमुख बजार क्षेत्रमा आउन सक्ने संभावनालाई दृष्टीगत गरी जिल्ला प्रवेश गर्ने मुख्य नाका र सडकहरुमा चेकजाँचलाई कडाई गर्ने र शंकास्पद देखियमा त्यस्तो समुहलाई आवागमनमा रोक लगाउने।

४. जिल्लाको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन एकिकृत सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना सबै सुरक्षा निकायहरुको आपसी समन्वयमा तर्जुमा गरी पेश गर्न जिल्ला प्रहरी कार्यालय, दाङ र स.प्र.बल नेपाल नं.२९ गण हे.क्वा. भालुवाङलाई मस्यौदा तयारीका लागि जिम्मेवारी दिएकोमा समितिको बैठकमा छलफल भई प्राप्त हुन आएका सुझावहरुलाई समेत समावेश गरी तयार गरिएको एकिकृत सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजनालाई स्वीकृत गरी कार्यान्वयन गर्ने।

५. जिल्लाको हालसम्मको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाईयो।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२३ गते बसेको जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

२. काठमाण्डौं लगायतका जिल्लाहरुमा विरोध प्रदर्शन र तोडफोडका क्रममा जनधनको क्षति भएको दुखद् एवं अकल्पनीय घटनालाई लिएर यस जिल्लाको विभिन्न स्थानमा समेत विरोध प्रदर्शन, जुलुस भईरहेकोले त्यस्तो प्रदर्शन जुलुम भीड अनियन्त्रित भई हिंसात्मक एवं ध्वंसात्मक प्रवृत्ति लिई सार्वजनिक सम्पत्ति, सरकारी कार्यालय र व्यक्तिको सम्पत्ति तोडफोड र आगजनी हुन गएकोत हुँदा दाङ जिल्लाको देहायका चार किल्ला तोकी सो सिमा भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी मिति २०८२/०५/२४ गते अपरान्ह ४:३० बजे देखि अर्को आदेश नभएसम्मको लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम दाङ जिल्लाको देहायका चार किल्ला तोकी सो सिमा भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू समक्ष सिफारिस गर्ने निर्णय गरियो।

**देहाय**

क) राप्ती गाउँपालिकास्थित प्रदेश सभा, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको क्षेत्र र भालुवाङ बजार क्षेत्र भित्र

पश्चिममा गोपीनाला, पूर्वमा भालुवाङ पुल

ख) घोराही उपमहानगरपालिका क्षेत्र भित्र

पश्चिममा झिगौरा चोक, दक्षिणमा प्रहरी बोर्डिङ स्कूल देखि गोरखा बोर्डिङ स्कूल नजीकको कटुवा खोला पुल, पूर्वमा मितेरी हस्पिटल देखि रझेना स्कूलसम्म र उत्तरमा फुर्सेकाली, ढोरेनी स्कूल देखि सेवार खोला पुलसम्म

ग) तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र

पूर्व-हात्ती खौवा, पश्चिम- कृष्ण मन्दिर उत्तर आँखा अस्पताल र दक्षिण एयरपोर्ट

घ) लमही नगरपालिकाका क्षेत्र भित्र

पूर्वमा- अर्नवा, पश्चिममा अर्जुन खोला पुल र दक्षिणमा कोलही पुलसम्म

३. उल्लेखित बजारक्षेत्रमा कर्फ्यूको सूचना सर्वसाधारणले पाउने गरी सुरक्षा निकायले माइकिङको व्यवस्था मिलाउने निर्णय गरियो।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. मिति २०८२/०५/२४ गते बसेको जिल्ला सुरक्षा समितिले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।
२. मिति २०८२/०५/२४ गते अपरान्ह ४:३० बजे देखि अर्को आदेश नभएसम्मको लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट कर्फ्यू आदेश जारी भएकोमा कर्फ्यूको समयमा सर्वसाधारणको लागि अति आवश्यक पर्ने खाद्य सामाग्री, औषधी, खानेपानी, पेट्रोलियम पदार्थ, दुग्धजन्य पदार्थ, फलफुल तथा तरकारी ढुवानी गर्नुपर्ने देखिएमा आवश्यक सहजीकरण गर्ने निर्णय गरियो।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. जिल्ला सुरक्षा समिति दाङको आज मिति २०८२।०५।२५ गतेको निर्णयानुसार जिल्लाको देहायका चार किल्ला तोकी सो सिमा भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी मिति २०८२/०५/२४ गते अपरान्ह ४:३० बजे देखि मिति २०८२।०५।२६ गते विहान ६:०० बजेसम्म निरन्तरता दिइएकोमा पुनः मिति २०८२।०५।२६ गते विहान ९:०० बजे देखि मध्य राती १२:०० बजे सम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क बमोजिम दाङ जिल्लाको देहायका चार किल्ला तोकी सो सिमा भित्र कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको

भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू समक्ष सिफारिस गर्ने निर्णय गरियो।

**देहाय**

क. राप्ती गाउँपालिकास्थित प्रदेश सभा, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको क्षेत्र र भालुवाङ बजार क्षेत्र भित्र
पश्चिममा गोपीनाला, पूर्वमा भालुवाङ पुल

ख. घोराही उपमहानगरपालिका क्षेत्र भित्र
पश्चिममा- झिगौरा चोक, दक्षिणमा प्रहरी वोर्डिङ स्कूल देखि गोरखा बोर्डिङ स्कूल नजीकको कटुवा खोला पुल, पूर्वमा मितेरी हस्पिटल देखि रझेना स्कूलसम्म र उत्तरमा फुर्सेकाली, ढोरैनी स्कूल देखि सेवार खोला पुलसम्म

ग. तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र
पूर्व-हात्ती खौवा, पश्चिम- कृष्ण मन्दिर उत्तर आँखा अस्पताल र दक्षिण एयरपोर्ट

घ. लमही नगरपालिकाका क्षेत्र भित्र
पूर्वमा- अर्नवा, पश्चिममा अर्जुन खोला पुल र दक्षिणमा कोलही पुलसम्म

२. उल्लेखित बजार क्षेत्रमा कर्फ्यूको सूचना सर्वसाधारणले पाउने गरी सुरक्षा निकायले माइकिङको व्यबस्था मिलाउने निर्णय गरियो।

**कर्णाली प्रदेश**

**जिल्ला प्रशासन कार्यालय मुगु**

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. श्री सडक डिभिजन जुम्लाको प.सं. २०८२। ८३, च.नं. ९१, मिति २०८२। ०५। १५ गतेको पत्रवाट सडक डिभिजन कार्यालय र निर्माण व्यवसायी M/S JAGRITI/RARA TENJIN/ NORYANG JV बिच ठेक्का नं-RDJML/३३७०१११५-४/०८१/८२-३१, "Roadway Excavation for track Opening, Improvement/Upgrading of Road including २४+५००) Mugu" को निर्माण कार्य गर्नको लागि मिति २०८२।०२।२२ मा ठेक्का सम्झौता भई सडक डिभिजन कार्यालय जुम्लाबाट कर्मचारी खटिई फिल्ड प्रतिवेदन अनुसार उक्त ठेक्काको ५.८४ कि.मि. सडक खण्ड चट्टानमा बाटो खोल्न तथा वाटो चौडा गर्न निर्माण व्यवसायी स्वयमको खर्चवाट मुगु जिल्लाको छायल अगाडिको कडा चट्टानमा बाटो खोल्न तथा बाटो चौडा

गर्न एक मात्र विकल्प विस्फोटक पदार्थको प्रयोग रहेको साथै लागत अनुमानमा समेत HARD ROCK को QUANTITY भएको हुँदा Explosive Material को खरिद, ढुवानी, भण्डारण र प्रयोगको अनुमतिको लागि सिफारिस भई आएकोले विस्फोटक पदार्थको खरिद, ओसारपोसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ बमोजिम गृह मन्त्रालय, लागूऔषध नियन्त्रण शाखालाई सिफारिस गरी पठाउने निर्णय गरियो।

तपशिल

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | Gelatin | ३२ kg | |
| २ | Electric Detonator | १२६ nos | |
| ३ | Fuse Wire | १८० meter | |

२. अघिल्लो बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो। नेपालभर Gen-Z युवा पुस्ताले नेपालको हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार र अनियमितताको विरुद्धमा खेद प्रकट गर्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा मुगु जिल्लाको सदरमुकाम गमगढीमा आज विरोध प्रदर्शन भएको र जिल्लाको शान्तिसुरक्षामा खलल पुग्ने -खालका अप्रिय घटना नहोस् भनि जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नं ४५ गुल्म हेक्वा. मुगु., बाट गस्ती परिचालन भएको साथै उक्त विरोध प्रदर्शनले हिँसाको रुप नलिओस् भनि सबै सुरक्षा निकायहरु सतर्क भई एक आपसमा सुचना आदानप्रदान-, समन्वय र सहकार्य गर्ने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. हाल Generation Z को मिति २०८२/०५/२३ वाट देश भरी भ्रष्टाचार तथा अनियमितताको विषयमा चलेको विरोध आन्दोलनबाट भएको जनधनको क्षतिवाट यस जिल्लामा समेत परेको असरका बारेमा व्यापक छलफल गरियो। यस विरोध प्रदर्शनबाट जिल्लामा पर्न सक्ने नकरात्मक तथा गलत कदमहरुलाई नियन्त्रण गर्न जिल्लास्थित सबै सुरक्षा निकायहरुविच सूचना आदानप्रदान गर्ने, परिस्थितिको सुक्ष्म विश्लेषण गर्ने, सयुक्त गस्ती परिचालन गर्ने तथा विषम परिस्थिति सिर्जना भएमा स्थानीय प्रशासन ऐन, २०२८ तथा मन्त्रालयवाट भएका परिपत्रको परिचालन हुने गरी जिल्ला सुरक्षा समिति पुर्ण रुपमा तयारी गर्ने।

२. यस विषम परिस्थितिबाट उत्पन्न हुन सक्ने धरपकड तथा झडपबाट हुन सक्ने मानवीय क्षति तथा घाइतेको छिटो र सुलभ तरिकाले आकष्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक सवारी

साधन (जिल्लास्थित भएका एम्बुलेन्स तथा अन्य) दक्ष जनशक्तिलाई स्वास्थ्य सेवा कार्यालय तथा अन्य सरोकारवाला निकायहरुले तयारी अवस्थामा राखे।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. हाल Generation Z को मिति २०८२/०५/२३ बाट देश भरी भ्रष्टाचार तथा अनियमितताको विषयमा चलेको बिरोध आन्दोलनबाट यस जिल्लामा हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न निरन्तर अनुगमन तथा निरीक्षण गर्न तथा आवश्यक सूचनाको द्रुत आदान प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी श्री खडानन्द खत्रीको नेतृत्वमा सबै सुरक्षा निकायका प्रमुख सदस्य रहने गरी जिल्ला प्रशासन कार्यालयमा JOC गठन गर्ने।

२. विद्यमान विषम परिस्थितीलाई मध्यनजर गर्दै जिल्लामा शान्ती तथा सुव्यवस्था कायम गर्दै आन्दोलनको नाममा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको तोडफोड र आगजनी एवम् लुटपाट जस्ता घटनालाई नियन्त्रण गर्न तथा सम्भावित अन्य खतरालाई समेत कुशलतापूर्वक व्यवस्थापन गर्नका लागि जिल्लाभरि मिति २०८२/०५/२५ गते बेलुकी १७:०० बजेदेखि २०८२/०५/२६ विहान ६:०० बजेसम्म सार्वजनिक स्थानमा ठूलो संख्यामा जम्मा नहुने गरी सूचित गर्ने।

३. जिल्लास्थित VIP तथा VVIP, अपराध अनुसन्धान, कर्फ्यू, चाडपर्व सुरक्षा, भीड नियन्त्रण, राजमार्ग सुरक्षा, लागुऔषध नियन्त्रण, विपद् व्यवस्थापन, सदरमुकाम सुरक्षा योजनासहितको विशेष क्षेत्रगत सुरक्षा कार्य-योजना २०८२ पारित गर्ने।

## सुदुरपश्चिम प्रदेश

## जिल्ला प्रशासन कार्यालय कैलाली

<u>२०८२/५/२३ का निर्णयहरु</u>

१. सुरक्षा समितिको पूर्व बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था विश्लेषण गर्दा सामान्य र सन्तोषजनक रहेको पाइयो।
२. देशको पछिल्लो घटनाक्रमलाई मध्यनजर गर्दै जेन्जी समूहले गरिरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमका कारण उत्पन्न हुन सक्ने विभिन्न सुरक्षा चुनौतिहरुलाई ध्यानमा राखि सबै सुरक्षा निकायहरुले समन्वयात्मकरुपमा परिचालित भई भरपर्दो सुरक्षा प्रवन्ध मिलाउने।
३. सेती प्रादेशिक अस्पतालको च.नं. ३५५ मिति २०८२।०५।२२ गतेको पत्र यस समितिमा

पेश भई छलफल भयो। सो सम्बन्धमा कारागार व्यवस्थापन विभाग/कार्यालयसँग समेत आवश्यक समन्वय गरी अधिकांश घाइते कैदीबन्दीहरुको व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको र सो मध्य केही कैदीबन्दीहरुको हकमा समेत आवश्यक समन्वय गरी यथाशीघ्र व्यवस्थापन गर्ने। साथै यस प्रक्रियामा प्रचलित कानून तथा नीतिअनुरूप अस्पताललाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. सुरक्षा समितिको पूर्व बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था विश्लेषण गर्दा सामान्य र सन्तोषजनक रहेको पाइयो।
२. देशको पछिल्लो घटनाक्रमलाई मध्यनजर गर्दै जेन्जी समूहले गरिरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमका कारण उत्पन्न हुन सक्ने परिस्थितिलाई मध्यनजर गर्दै हुन सक्ने अराजक गतिवधिहरुलाई नियन्त्रण गरी सर्वसाधारण नागरिकहरुको जनधनको सुरक्षा र सरकारी सम्पत्तिको संरक्षण गरी शान्ति सुव्यवस्था कायम गर्न क्रममा काबु बाहिरको परिस्थितिमाथि उत्पन्न भएमा निषेधित क्षेत्र र तत् पश्चात समेत स्थिति नियन्त्रण नभए कर्फ्यू आदेश जारी गर्ने।
३. जेन्जी समूहले गरिरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमले अराजकताको स्थिति सृजना भएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(२) को अबस्था सृजना हुन सक्ने देखिएकोले अर्को आदेश नभएसम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (ख) बमोजिमको अधिकार प्रयोग गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिने।

<u>२०८२/५/२५ का निर्णयहरु</u>

१. सुरक्षा समितिको पूर्व बैठकमा गरिएका निर्णयहरू कार्यान्वयनको अवस्था समिक्षा गरियो।
२. मिति २०८२/०५/२४ गते भएको जिल्ला स्थित सरकारी कार्यालयहरुको क्षतिको विवरण यकिन गरि यथाशिघ्र जिल्ला सुरक्षा समितिमा पेश गर्ने र सेवा सुचारु गर्न आवश्यक तयारी गर्ने।
३. जिल्ला तहमा जनतामा सुरक्षाको प्रत्याभुति गराउन संयुक्त प्रट्रोलिङ्ङ तथा चेकपोईन्ट स्थापना गर्ने।
४. विस्तापित भएका प्रहरी वृत, प्रभाग, अस्थायी प्रहरी चौकीहरु ध्वस्तभई कार्य सम्पादन हुन नसक्ने ठाँउहरुमा नजिकको उपयुक्त स्थान पहिचान गरि वा जिल्ला प्रहरी परिसरबाट कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने।
५. स्थानीय तहहरुबाट प्रवाह हुने सेवा सुचारु गर्न प्रमुख प्रसासकीय अधिकृतहरुले विद्यमान अवस्था र थप गर्नु पर्ने व्यवस्था समेत उल्लेख गरी जिल्ला सुरक्षा समितिमा प्रतिवेदन पेश

गर्ने र सेवा सुचारु गर्न सम्भव रहेका स्थानीय तहहरुवाट सेवा सुचारु गराउने।

६. जिल्ला सुरक्षा समितिको निर्णय बमोजिमका अनुरोधहरु कार्यान्वयन तथा पालना गर्न स्थानीय जनसमुदायहरुलाई शान्तिसुरक्षा कायम गरी जनजीवन सामान्य बनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुन अपिल गर्दै माईकिङ्ग गर्ने।

७. जिल्लाको पछिल्लो सुरक्षा अवस्थालाई मध्यनजर गरी अर्को आदेश जारी नभएसम्मका लागि मिति २०८२/०५/२४ गते साँझ ०५:०० बजेदेखि जिल्ला भरी नै लागु हुने गरी (तीन जनाभन्दा बढीको समुह वनाई) कसैले आवत जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूबाट जारी गरिएको अनिश्चितकालिन कर्फ्यू आदेशलाई निरन्तरता दिने र प्रभावकारी रुपमा लागु गर्न सबै सुरक्षा निकायले थप आवश्यक समन्वय गर्ने।

**जिल्ला प्रशासन कार्यालय कञ्चनपुर**

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. यसपूर्व बसेको जिल्ला सुरक्षा समितिको बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरियो। उक्त निर्णयहरु कार्यान्वयन प्रभावकारी रुपमा भएको पाइयो।

२. सामाजिक संजाल नियमन एवं नियन्त्रणको सन्दर्भमा Gen Z समुहको आह्वानमा काठमाडौं उपत्यका लगायत देशका विभिन्न शहरमा मिति २०८२ भाद्र २३ गतेको घटना प्रति उच्च सम्वेदनशील हुँदै जिल्लामा हुन सक्ने विरोध, सभा, जुलुस, अन्य गैर कानूनी कृयाकलाप नियमन एवं सर्वसाधारणको जीउ ज्यान तथा सार्वजनिक सम्पत्तिको क्षति हुन नदिन सबै सुरक्षा निकायले आपसी संचार सम्पर्क गरी घटना घट्न घटाउन सक्ने स्थानको पहिचान गरी उच्च सतर्कताका साथ Area Domination गरी गस्ति, पेट्रोलिङ्ग गरी हुन सक्ने घटनालाई नियन्त्रणमा लिने।

३. जिल्लाको समग्र शान्ति सुरक्षाको हालैको संवेदनशीलतालाई मध्यनजर गरी प्रमुख जिल्ला अधिकारीको संयोजनमा देहाय अनुसारको कमाण्ड पोष्ट खडा गरी देहाय अनुसार गर्ने।

- संयोजक प्रमुख जिल्ला अधिकारी
- सदस्य प्रहरी उपरीक्षक
- सदस्य सशस्त्र प्रहरी उपरीक्षक
- सदस्य उप अनु. निर्देशक
- सदस्य सेनानी
- सदस्य सहायक प्रमुख जिल्ला अधिकारी
- सदस्य मे.सु. श्री अर्जुन भट्ट

२०८२/५/२५ का निर्णयहरु

१. यसपूर्व बसेको जिल्ला सुरक्षा समितिको बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरियो।

२. हालको विषम परिस्थितिलाई मध्यनजर गरी शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न र अवान्छित गतिविधि नियन्त्रण गर्न नेपाली सेना सँगको आपसी समन्वयमा जिल्ला स्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयबाट संयुक्त रुपमा परिचालित हुने।

३. नेपाल सरकार, रक्षा मन्त्रालय, नेपाली सेना, जनसम्पर्क तथा सूचना निर्देशनालय जङ्गी अड्डा काठमाडौं नेपालको मिति २०८२।०५।२५ गतेको विज्ञप्ति नं. १४ को "अनाधिकृत हातहतियार तथा गोलीगठ्ठा सुरक्षाकर्मीहरुलाई बुझाउनु हुन" का सम्बन्धमा Gen Z नेतृत्वको आन्दोलनको क्रममा सुरक्षाकर्मीहरुबाट लुटिएका/फेला परेका हातहतियार, गोलीगठ्ठा, पोषाक एवं सुरक्षा सामाग्रीहरु नजिकको सुरक्षा निकाय वा सुरक्षाकर्मीलाई यथाशिघ्र बुझाउन हुनका साथै त्यस्ता हातहतियारहरुको सम्बन्धमा सूचना प्राप्त गर्नुहुने व्यक्तिहरुले सुरक्षा निकायहरुलाई जानकारी गराउन हुन भनी सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गर्ने।

४. मिति २०८२।०५।२४ गतेको आन्दोलनका क्रममा जिल्ला कारागार, कञ्चनपुरबाट फरार भएका कैदीबन्दीहरुलाई यथाशीघ्र सम्पर्कमा आउने भनी सूचना प्रकाशन गर्ने।

५. हाल जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था नियन्त्रणमा रहेको।

**प्रभाव**

- क. हातहतियार तथा गोलीगठ्ठा लुटिएको मिति २०८२।०५।२४ गतेको आन्दोलनका क्रममा जिल्ला कारागार, कञ्चनपुरबाट कैदीबन्दी भागेकाले सो घटनालाई नियन्त्रणमा लिनका लागि भाद्र २५ गते जिल्ला भर कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी चारकिल्ला भित्र कर्फ्यू आदेश जारी गरिएको देखिन्छ।
- ख. घटनाको पूर्व आंकलन नगरेको, गृह मन्त्रीको गृह जिल्ला भएकोले अझ बढी अकल्पनीय रुपमा भौतिक क्षति भएको समग्रमा सुरक्षा संवेदनशिलता अपनाउने विषयमा कमजोरी देखिएको देखिन्छ।

**जिल्ला प्रशासन कार्यालय डडेल्धुरा**

२०८२/५/२३ का निर्णयहरु

१. विगतका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक

भएको बैठकमा मल्याइन गरियो।

२. Gen Z Movement Nepal नामक समूहका अराजक गतिविधिहरु हाल यस जिल्लामा भए गरेको नदेखिएता पनि उक्त समूहबाट यस जिल्लामा हुन सक्ने अराजक गतिविधिहरुलाई हुन नदिन सूचना संकलन गरी जिल्लामा रहेका सबै सुरक्षा निकायहरुले आपसी समन्वय गरी उच्च सतर्कता अपनाई भरपदों सुरक्षा व्यवस्था मिलाउने। सो समुहका गतिविधिहरुको सुक्ष्म रुपमा निगरानी राखी कानून विपरित कार्य गर्ने जो सुकैलाई कानुनी दायरामा ल्याई आवश्यक कारवाही गर्न जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल नं. ५२ गुल्म है. क्या. डडेल्धुरा र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय डडेल्धुराबाट आपसी समन्वयमा आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो।

३. जिल्लाको समसामयिक सुरक्षा अवस्थालाई बैठकमा विस्तृत छलफल भयो। हाल जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य गरेको बैठकमा विश्लेषण गरियो।

<u>२०८२/५/२४ का निर्णयहरु</u>

१. विगतका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक भएको बैठकमा मुल्याङ्कन गरियो।

२. देशको पछिल्लो घटनाक्रमलाई मध्यनजर गर्दै जन्जी समूहले गरिरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमका कारण उत्पन्न हुन सक्ने परिस्थितिलाई मध्यनजर गर्दै हुन सक्ने अराजक गतिविधिहरूलाई नियन्त्रण गरी सर्वसाधारण नागरिकहरूको जनधनको सुरक्षा र सरकारी सम्पत्तिको संरक्षण गरी शान्ति सुव्यवस्था कायम गर्ने क्रममा काबु बाहिरको परिस्थिति उत्पन्न भएकोले देहायको स्थानमा कर्फ्यू आदेश जारी गर्ने।

**देहाय**

क. अमरगढी नगरपालिका वडा नं. ५ को बागबजार क्षेत्र, तुफानडाँडा क्षेत्र र जिल्ला प्रहरी कार्यालय आसपासको क्षेत्र।

ख. अमरगढी नगरपालिकाको वडा नं. ४ जिल्ला प्रशासन कार्यालय देखि टुडिखेल आसपासको क्षेत्र।

ग. अमरगढी नगरपालिका वडा नं. ८ किर्तिपुर आसपासको क्षेत्र।

घ. स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (२) को अवस्था सिर्जना भएको देखिन आएकोले शान्ति सुरक्षा कायम गर्न नेपाली सेनालाई परिचालनका लागि अनुरोध गर्ने।

ङ. जेन्जी समुहले गरिरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमले अराजकताको स्थिति सिर्जना भएकोले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(२) को अवस्था सिर्जना हुन सक्ने देखिएकोले अर्को आदेश नहुने बेलासम्मको लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा ६क बमोजिमको अधिकार प्रयोग गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिने।

# परिच्छेद -१०: आयोगबाट गरिएका भौतिक प्रमाण संकलनको सम्बन्धमा

## १०.१. CCTV, Audio\Video र सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरुको सम्बन्धी विवरण

आयोगले जाँचबुझको क्रममा विभिन्न निकायहरुमा पत्राचार गरी प्रदर्शनको क्रममा भएका घटनाहरुको सम्बन्धमा विश्लेषण गर्न CCTV फुटेज एवम् सार्वजनिक सूचना जारी गरी प्रमाण संलग्न भएका Audio/Video समेत माग गरिएको थियो। साथै, सामाजिक सञ्जालहरुमा उपलब्ध घटना सम्बन्धी Audio/Video हरु समेत संकलन गरिएको थियो। सोको विवरण देहायबमोजिम रहेको छ।

| S.N. | Office | CCTV Footage | Social Media Video | Clips | Screenshots |
|---|---|---|---|---|---|
| 1 | Metropolitan Police Office | 225 | | 39 | 69 |
| 2 | Samanya Prashasan Mantralaya | 8 | | 2 | 6 |
| 3 | DAO Kaski | 48 | | 1 | 5 |
| 4 | Nepal Police Academy | 4 | | 1 | 9 |
| 5 | Bhatbhateni | | 544 | | 317 |
| 6 | Annapurna Network | 11 | | 11 | 4 |
| 7 | Energy Ministry | 37 | | | |
| 8 | Home Ministry | 9 | | 1 | 4 |
| 9 | Casino Pride | 185 | | 8 | 218 |
| 10 | Hotel Tulip | 1 | 39 | | 16 |
| 11 | Maulakali Cable Car | 60 | | 27 | 72 |
| 12 | Dream Group | 35 | | 114 | 200 |
| 13 | Kohalpur Municipality Internal CCTV | 19 | | 10 | 18 |
| 14 | कोहलपुर नगर प्रमुख पुर्ण आचार्यको निजी निवासका फोटो र भिडियोहरु | | 17 | | 54 |
| 15 | Nakkhu Prison | 52 | 16 | 1 | 6 |
| 16 | Shambhu Bahadur Shrestha | | | 1 | 46 |
| 17 | Kantipur Medai Group (KMG) | | 45 | | 104 |
| 18 | Bal Sudhar Griha Banke | 5 | 4 | | |
| 19 | Karagar Kapilvastu | 20 | | | |
| 20 | Mina Aryal-Under Sec | | | 12 | 10 |

| | | | | | |
|---|---|---|---|---|---|
| 21 | Singhadurbar 1 | 400 | | 27 | 79 |
| 22 | CIAA | | | 6 | 13 |
| 23 | Napi Karyalaya Morang | 14 | | 4 | 15 |
| 24 | Sanjeeta Rawal-Dr. Bhim Rawal | 2 | 2 | 26 | 11 |
| 25 | koteshwor Police | 5 | 20 | | 52 |
| 26 | karagar Rautahat | 34 | | | |
| 27 | Krishna Prasad Bhattarai Aashram | | 30 | | 7 |
| 28 | Bindu Kumar Thapa | | | 42 | 14 |
| 29 | Civil Hospital | 17 | | 5 | 5 |
| 30 | Email बाट प्राप्त | 16 | | 90 | 622 |
| 31 | From Genz Injured | | | 12 | |
| 32 | SocialmediaVideos Links from Bigyan Sir | | 741 | | 160 |
| 33 | Dr. Upendra Mahato | | | 11 | 45 |
| 34 | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | 160 | | | 10 |
| 35 | Drone Footage - onlinekhabar | | | 514 | |
| 36 | News Videos 24 | | 2 | 1 | 3 |
| 37 | AP1 Tv | | 1 | 4 | |
| 38 | AVE NEWS | | | 1566 | |
| 39 | Himalayan Tv | | 1 | 57 | |
| 40 | झलनाथ खनालको आवास | | 13 | | |
| 41 | Ekantipur | | 1 | 18 | 1 |
| 42 | Sarokar TV | | | 908 | |
| 43 | Nepal Television | | 2 | | |
| 44 | From IT Directorate | | 248 | | 620 |
| 45 | Area Police Office Damak/Birtamod | | 10 | | 41 |
| 46 | CCTV Footage from Sources | 2 | | 12 | 19 |
| | **Total** | **1369** | **1736** | **3531** | **2875** |

**<u>Berkeley Protocol सम्बन्धि व्यावहारिक सीमितता</u>**

यस आयोगले गरेको अनुसन्धानको क्रममा विभिन्न किसिमका डिजिटल सामग्री प्राप्त भएका छन्, जसमा CCTV फुटेज, पीडित तथा सर्वसाधारणले बुझाएका भिडियोहरू, र सामाजिक सञ्जालबाट डाउनलोड गरिएका सामग्रीहरू समावेश छन् । यी सामग्रीहरू Pen Drive, इमेल, म्यासेजिङ एपहरू मार्फत आएका छन् ।

यस व्यावहारिक अवस्थाका कारण आयोगले "Berkeley Protocol on Digital Open-Source Investigations" मा उल्लेखित केही प्राविधिक आवश्यकताहरू पूर्ण रूपमा लागू गर्न सक्दैन । तल यसका प्रमुख सीमितता तथा स्वीकार्य विकल्पहरूको सार प्रस्तुत गरिएको छ ।

१. पूर्ण Chain of Custody सम्भव छैन

Berkeley Protocol अनुसार निम्न कुरा अपेक्षित हुन्छः

- मूल फाइलहरू
- नियन्त्रणित र कागजी प्रमाणसहितको संकलन प्रक्रिया
- निरन्तर chain-of-custody
- Forensically sound transfer विधि

तर आयोगले प्राप्त गर्ने सामग्रीहरू पहिले नै circulate, copy, download वा forward गरिएका हुन्छन्। त्यसैलेः

- आयोग मूल सङ्कलक (original collector) होइन
- सामग्रीको पूर्व–ह्यान्डलिङ अभिलेख उपलब्ध हुँदैन
- प्रारम्भिक भण्डारण उपकरण नभेटिने सम्भावना उच्च हुन्छ
- फाइलहरू बुझाउनु अघि नै परिवर्तित भएको हुन सक्छ
- Forensic–स्तरको chain-of-custody फेरि निर्माण गर्न सम्भव हुँदैन

यो सीमितता तथ्य—अन्वेषण (fact-finding) प्रकृतिको अनुसन्धानमा स्वाभाविक र अपरिहार्य हो ।

२. Metadata (EXIF, समय, उपकरण विवरण) हराइन्छ वा परिवर्तन हुन्छ

सामाजिक सञ्जाल प्लेटफर्महरूले प्रायः

- EXIF डेटा हटाउँछन् वा परिवर्तन गर्छन्
- भिडियोलाई recompress र transcode गर्छन्
- मूल उपकरण पहिचानहरू मेटाउँछन्
- GPS तथा समयसम्बन्धी metadata हटाउँछन्

यस्तै WhatsApp, Messenger, Viber वा इमेलमार्फत पठाइएका फाइलहरूले पनि आफ्ना मूल metadata गुमाउँछन् ।

त्यसैलेः

- आयोगले metadata मा आधारित प्रमाणिकता परीक्षण गर्न सक्दैन
- Forensic प्रयोगशालामा गरिने metadata-based validation व्यावहारिक छैन

३. AI-Generated वा Manipulated सामग्रीको प्रमाणिकता सुनिश्चित गर्न कठिन

निम्न कुराहरू बिनाः

- मूल भिडियो खिचिएको उपकरण
- प्राथमिक, uncompressed फाइल
- पूर्ण metadata ढाँचा

सामाजिक सञ्जालमा देखिएको भिडियो AI-Tools, Deepfake वा अन्य editing प्रयोग गरेर परिवर्तन गरिएको हो कि होइन भनेर निश्चित रूपमा भन्न सम्भव हुँदैन ।

सामाजिक सञ्जालको recompression प्रक्रियाले धेरै forensic artefact हराउँछन् ।

त्यसैले आयोगले content-based analysis मा निर्भर रहनुपर्ने हुन्छ, जस्तैः

- Geolocation
- Chronolocation
- भौतिक र वातावरणीय सुसंगतता
- दृश्य तुलना
- Cross-corroboration

यी विधिहरू Berkeley Protocol सँग मेल खान्छन् ।

४. Berkeley Protocol ले खुला स्रोत तथा नागरिक—बुझाएका सामग्रीमा लचिलोपन दिन्छ

Protocol ले स्वीकार गरेको छ किः

- धेरै अनुसन्धानहरू secondary वा open-source सामग्रीमा निर्भर हुन्छन्
- मूल उपकरण प्रायः उपलब्ध हुँदैन
- Metadata हराउने सम्भावना उच्च हुन्छ
- Verification ले forensic purity भन्दा विश्लेषणमा बढी निर्भर हुन्छ

त्यसैले आयोग Protocol को ढाँचा भित्र रहेर निम्न कुरामा ध्यान दिन सक्छः

- Verification
- Corroboration
- Contextual analysis
- सीमितताबारे स्पष्टता (transparency)

५. भिडियोबाट Screenshots निकाल्नु उपयुक्त र आवश्यक छ

प्रतिवेदनमा मुख्य घटनाहरू स्पष्ट रूपमा प्रस्तुत गर्न आयोगले प्राप्त भिडियोहरूबाट screenshots निकालिरहेको छ । यो अभ्यास अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य छ, विशेषतः:

- पूरा भिडियो प्रतिवेदनमा समावेश गर्न सम्भव नभएको अवस्थामा
- घटनाका मुख्य क्षणहरू दृश्यात्मक रूपमा देखाउन आवश्यक परे

**स्पष्ट पार्नुपर्ने कुराः**

- Screenshots लाई मूल प्रमाण मानिँदैन
- मूल भिडियो नै प्राथमिक स्रोत हो
- Screenshots केवल दृश्य—सन्दर्भका लागि प्रयोग गरिन्छ
- Berkeley Protocol ले पनि documentation तथा verification को लागि keyframe प्रस्तुतीकरणको अनुमति दिन्छ।

**Screenshots लेः**

- स्थान, समय तथा घटनाको क्रम स्पष्ट पार्न
- विभिन्न कोणका सामग्रीसँग तुलना गर्न
- प्रतिवेदन पठनीय र सुस्पष्ट बनाउन सहयोग गर्छन् ।

**निष्कर्ष**

आयोगको कार्य—परिस्थितिलाई हेर्दा निम्न Berkeley Protocol का प्राविधिक पक्षहरू पूर्ण रूपमा लागू गर्न सम्भव छैनः

१. Forensic chain-of-custody

२. Metadata–आधारित प्रमाणिकता परीक्षण

३. AI manipulation को निश्चित पहिचान

४. मूल उपकरण वा primary फाइलहरूको ह्यान्डलिङ

तर आयोगले Protocol का मुख्य पक्षहरू पूर्ण रूपमा लागू गर्न सक्छः

- सामग्री (content) को verification
- Corroboration
- Contextual analysis
- सीमितताबारे पारदर्शिता
- Screenshots मार्फत स्पष्ट र विश्वसनीय प्रतिवेदन प्रस्तुतिकरण

यो कार्यविधि अन्तर्राष्ट्रिय fact-finding मानकसँग पूर्ण रूपमा मेल खान्छ र आयोगको निष्कर्षलाई विश्वसनीय, न्यायोचित तथा विधिसम्मत बनाउँछ ।

## १०.२. टेलिफोन सेवा प्रदायकहरुबाट प्राप्त विवरण (CDR/BTS DATA)

२०८२ साल भदौ २३ र २४ गते देशका विभिन्न स्थानहरुमा भएका घटनाहरुमा देशभर तोडफोड एंव आगजनी, महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरुको भौतिक क्षति भएको घटना सम्बन्धमा तत्काल घटना स्थलमा उपस्थित मानिसहरुले प्रयोग गरेका मोबाइल नम्बरहरुको (Cell ID) सम्बन्धी विवरण माग गरिएकोमा टेलिफोन सेवा प्रदायक NTC & NCELL दुबैबाट जम्मा १७४४२० वटा मोबाईल नम्बरहरु सम्बन्धी विवरण तपशिलमा उल्लेखित छ।

| क.सं. | संकलित प्रमाण | स्रोत | सङ्ख्या | संकलन विधी | जांचबुझ बिधी | नतिजा | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | BTS | विभिन्न १५ जिल्लाका निम्न स्थानहरु | १७४४२० | प्राविधिक परिक्षण गर्ने टुलहरुको माध्यम बाट | I2 analysist notebook | उपस्थित | दुवै सेवा प्रदायक(Ntc & Ncell)को गरी |
| २. | BTS | काठमाण्डौ जिल्ला अदालत | ११०७ | प्राविधिक परिक्षण गर्ने टुलहरुको माध्यम बाट | " | उपस्थित | Ntc & Ncell |
| ३. | "" | संसद भवन | २२४९६ | " | " | " | " |
| ४. | "" | अदुअआ टंगाल | २२७६ | " | " | " | " |
| ५. | "" | नेप्रप्र कार्यालय | ५२६९ | " | " | " | " |
| ६. | "" | सिंह दरवार | २६९२ | " | " | " | Ntc only |
| ७. | "" | सर्वोच्च अदालत | १४१७ | " | " | " | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | "" | नख्खु कारागार | ५३६० | " | " | " | दुवै |
| ९. | "" | राष्ट्रपति कार्यालय | २६४४ | " | " | " | " |
| १०. | "" | केपी शर्मा ओलि निवास | २६७४ | " | " | " | " |
| ११. | "" | शेर बहादुर देवा निवास | २१८९ | " | " | " | NCELL |
| १२. | "" | पुष्पकमल दाहाल | ७११ | " | " | " | " |
| १३. | "" | गगन कुमार थापा निवास | ३०२३ | " | " | " | Ntc & Ncell |
| १४. | "" | कान्तिपुर पब्लिकेसन | २१७९ | " | " | " | " |
| १५. | "" | हिल्टन होटल | ३२३५ | " | " | " | " |
| १६. | """ | Ncell कार्यालय लैनचौर | २२०८ | " | " | " | " |
| १७. | """ | भाटभटेनि सुपर मार्केट टंगाल | २१९२ | " | " | " | NTC |
| १८. | """ | उपेन्द्र महतो निवास | १५३० | " | " | " | Ntc & Ncell |
| १९. | """ | शेखर गोल्छा निवास | १०९४ | " | " | " | " |
| २०. | """ | विनोद चौधरी निवास | २५९४ | " | " | " | " |
| २१. | """ | कास्कि जिल्ला अन्तर्गत | २२५०३ | " | " | " | " |
| २२. | """ | बाँके जिल्ला अन्तर्गत | १५२१८ | " | " | " | " |
| २३. | """ | चितवन जिल्ला अन्तर्गत | १३५९३ | " | " | " | " |
| २४. | """ | झापा जिल्ला अन्तर्गत | ८९०७ | " | " | " | " |
| २५. | """ | कैलाली जिल्ला अन्तर्गत | २८६० | " | " | " | " |
| २६. | """ | सुनसरी जिल्ला अन्तर्गत | ४८०३ | " | " | " | " |
| २७. | """ | रुपन्देही जिल्ला अन्तर्गत | ११६८४ | " | " | " | " |
| २८. | """ | कञ्चनपुर जिल्ला अन्तर्गत | ४६८६ | " | " | " | " |
| २९. | """ | मोरङ जिल्ला अन्तर्गत | १४३०० | " | " | " | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३०. | “” | पर्सा जिल्ला अन्तर्गत | ३४६४ | “ | “ | “ | “ |
| ३१. | “” | मकवानपुर जिल्ला अन्तर्गत | ४७५२ | “ | “ | “ | Ntc only |
| ३२. | “” | सुर्खेत जिल्ला अन्तर्गत | ७५९ | “ | “ | “ | Ncell only |

**<u>Limitations in applying full forensic reconstruction methods within the commission</u>**

आयोगले प्राप्त गरेको Forensic Reconstruction Checklist विभिन्न विशिष्टिकृत क्षेत्रहरू: Scene Reconstruction, Weapon & Ballistics, Video & Digital Evidence, Environmental Conditions, तथा Human Factors सँग सम्बन्धित प्राविधिक कार्यहरू समेट्दछ । यस्ता कार्यहरू सम्पन्न गर्न उच्चस्तरीय उपकरण, विशेषज्ञ, तथा Forensic प्रयोगशालाको आवश्यकता पर्छ ।

तर आयोगको उपलब्ध साधन-स्रोत तथा प्राप्त प्रमाणहरूको प्रकृतिलाई हेर्दा, यी प्राविधिक कार्यहरू संपूर्ण रूपमा सम्पन्न गर्नु सम्भव छैन । तसर्थ, यसका सीमितताहरूलाई निम्न बुँदागत रूपमा स्पष्ट पारिएको छ ।

**Scene Reconstruction**

| **Checklist Task** | किन आयोगले यो कार्य गर्न सक्दैन |
|---|---|
| Bullet impact mapping | यसका लागि मूल घटनास्थल यथास्थितिमा उपलब्ध हुनुपर्छ । घटनास्थल पहिले नै परिवर्तन भइसकेकाले Scientific Mapping गर्न सकिँदैन । साथै 3D scene mapping उपकरण र Trained crime-scene technicians आयोगसँग छैनन् । |
| Projectile trajectory tracing | Laser trajectory kit, string reconstruction tools, ballistic cones, र firearms specialists आवश्यक पर्छन् । आयोगसँग यी उपकरण वा विशेषज्ञ उपलब्ध छैनन् । |
| Cartridge casing plotting | यो कार्यका लागि untouched crime scene, total-station survey उपकरण, र precise grid mapping आवश्यक हुन्छ । कार्ट्रिजहरू पहिले नै चलाइएका, सङ्कलन गरिएका वा हराइएका हुनसक्छन् । |
| Determining firing positions | फायरिङ कोण (angle), elevation, र shooter positioning नाप्न 3D modelling, ballistic triangulation, र on-site measurement आवश्यक पर्छ । आयोगसँग यस्ता उपकरण तथा विशेषज्ञता छैन । |
| Crowd position & movement reconstruction | Accurate reconstruction गर्न drone mapping, physical ground measurement, र scene grids चाहिन्छ । घटना धेरै समय अगाडि भइसकेकाले भीडको वास्तविक movement र layout reconstruction सम्भव छैन । |

आयोगले Full scene reconstruction गर्न सक्दैन, किनभने मूल घटनास्थल पहिलो अवस्थामै सुरक्षित छैन, साथै आयोगसँग 3D mapping उपकरण, trajectory analysis प्रणाली, laser measurement device, Crime-scene technologist जस्ता प्राविधिक स्रोतहरू उपलब्ध छैनन् । घटना भएको धेरै समय भइसकेको कारण भौतिक परिवेश परिवर्तन भइसकेको छ, जसले वैज्ञानिक रूपमा Full scene reconstruction असम्भव देखिन्छ ।

यसकारण आयोगले स्वयं भौतिक पुनर्निर्माण गर्न नसकी, सम्बन्धित निकायहरूले उपलब्ध गराएका भिडियो, फोटो, तथा कागजातहरूमा आधारित विश्लेषणमै निर्भर रहनु बाहेक विकल्प छैन ।

## २. हतियार तथा बलिस्टिक परीक्षण

| Checklist Task | किन आयोगले यो कार्य गर्न सक्दैन |
|---|---|
| हतियारको सिरियल नम्बर प्रमाणीकरण | Fire गरिएका हतियारहरूमा सीधा पहुँच आयोगसँग छैन । |
| राउन्ड गणना (जारी गरिएको vs चलाइएको vs फेला पारिएको) | Armoury issuance records, ballistic evidence logs, र नियन्त्रित evidence-collection protocol आवश्यक हुन्छ । आयोगसँग यी व्यवस्थागत तथ्यांक र नियन्त्रण प्रणालीमा पहुँच छैन । |
| गोली चलाउँदा बाँकी रहने अवशेष (GSR) परीक्षण (Gunshot residue (GSR) testing) | GSR परीक्षण घटनापश्चात तुरुन्तै नमुना संकलन गरेर प्रयोगशाला विश्लेषण गर्नुपर्छ । घटना पुरानो भइसकेकाले नमुना संकलन सम्भव छैन । |
| Ricochet analysis | घटनाको समयमा प्रभाव परेका सतहहरू, प्रवेश/निस्कने चिन्हहरू, र प्रभाव कोणका ढाँचाहरूको शारीरिक परीक्षण आवश्यक हुन्छ । यद्यपि आयोगसँग घटनास्थलको पहुँच छ, घटना विगतमा भएको हुनाले प्रभाव परेका सतहहरू परिवर्तन भएका वा अव्यवस्थित भएका हुन सक्छन् । साथै, आयोगसँग वैज्ञानिक रूपमा विश्लेषण गर्न आवश्यक विशेषज्ञ उपकरण वा ब्यालिस्टिक विशेषज्ञहरू उपलब्ध छैनन् । |
| Bullet deformation study | यस्तो परीक्षणका लागि microscopic comparison, test-firing setup, र नियन्त्रित प्रयोगशाला प्रक्रिया आवश्यक हुन्छ । सबै बरामद गोलीहरू आधिकारिक बलिस्टिक प्रयोगशालामा पठाउनै पर्ने हुन्छ । आयोग स्वयं microscopic परीक्षण वा comparative analysis गर्न सक्दैन । |
| Autopsy-to-firearm ballistic matching | यस्तो परीक्षणका लागि Medico-legal सम्बन्धी शवपरीक्षणका निष्कर्षहरू, सुरक्षित राखिएका गोली वा टुक्राहरू, र नियन्त्रित ब्यालिस्टिक तुलना सेटअप आवश्यक हुन्छ । आयोगले सम्बन्धित फरेन्सिक प्रयोगशालाले तयार गरेका आधिकारिक फरेन्सिक प्रतिवेदनहरूमा निर्भर हुनु पर्ने देखिन्छ । |

आयोग कुनै पनि प्रकारको हतियार वा ब्यालिस्टिक परीक्षण गर्न सक्षम छैन, किनकि यस्तो कार्यका लागि ब्यालिस्टिक प्रयोगशाला, ब्यालिस्टिक विशेषज्ञहरू, नियन्त्रित प्रमाण सङ्कलन प्रक्रिया, परीक्षण—फायरिङ सुविधाहरू, र Medico Legal सम्बन्धी शवपरीक्षण अभिलेखको पहुँच आवश्यक पर्छ । यसको परिणामस्वरूप, आयोगले सम्बन्धीत निकायहरूले पेश गरेका ब्यालिस्टिक प्रतिवेदन, फरेन्सिक कागजातहरू, र निष्कर्षहरूमा पूर्ण रूपमा निर्भर रहनुपर्छ ।

### ३. आयोगले गर्न सक्ने कार्यहरूः डिजिटल प्रमाण विश्लेषण

आयोगसँग उपलब्ध भएका भिडियो, CCTV, मोबाइल फुटेज, सोसल—मिडिया सामग्री, तथा अन्य डिजिटल डकुमेन्टहरूको आधारमा आयोगले सीमित तर महत्वपूर्ण डिजिटल विश्लेषण गर्न सक्छ ।

आयोगले गर्न सक्ने कार्यहरू, र किन पूर्ण वैज्ञानिक/प्राविधिक विश्लेषण सम्भव छैन भन्ने विषय देहाय वमोजिम रहेको छ ।

#### ३.१ CCTV Time-Sync Validation

| **Checklist Task** | किन आयोगले विस्तृत प्राविधिक विश्लेषण गर्न सक्दैन |
|---|---|
| विभिन्न CCTV क्यामेराको Timestamp तुलना | धेरैवटा भिडियो स्रोतहरू उपलव्ध नहुनु |
| विभिन्न Angle बाट आएको CCTV फुटेज मिलान | सम्पूर्ण Angle वा मल्टिपल स्रोत उपलब्ध नहुनु , धेरै ठाउँको सीमित क्यामेरा फुटेज मात्र उपलब्ध भएको |

#### ३.२ मोबाइल भिडियो ट्रायाङ्गुलेशन

| **Checklist Task** | किन आयोगले पूर्ण ट्रायाङ्गुलेशन गर्न सक्दैन |
|---|---|
| दृश्यमा देखिने भवन, सडक, पोल, गेट आदि जस्ता landmark प्रयोग गरी अनुमानित स्थान पहिचान | मूल भिडियोको GPS डेटा, EXIF metadata, वा मूल स्रोत फाइल आयोगलाई उपलब्ध छैन, जसले सटीक स्थान निर्धारण असम्भव बनाउँछ । |
| भिडियोमा देखिने भीड, प्रहरी, वा वस्तुहरूको सापेक्ष स्थिति (relative position) अनुमान गर्ने | दृश्यको केवल 2D representation उपलब्ध भएकाले 3D दूरी, direction, वा वास्तविक movement model गर्न मिल्दैन । |

#### ३.३ ड्रोन फुटेज विश्लेषण

| **Checklist Task** | **किन आयोगले पूर्ण रूपमा ड्रोन—आधारित Forensic Reconstruction गर्न सक्दैन** |
|---|---|
| ड्रोन फुटेजको समीक्षा | आयोगसँग ड्रोन फुटेज, Flight logs, GPS telemetry, वा सेन्सर डेटा उपलब्ध छैन । |

## ३.४ अडियो विश्लेषण

| **Checklist Task** | किन आयोगले पूर्ण अडियो फरेन्सिक गर्न सक्दैन |
|---|---|
| उपलब्ध भिडियोहरूबाट सुनिएका गोली आवाज गणना | आयोगलाई प्राप्त अधिकांश CCTV फुटेजहरूमा अडियो ट्र्याक नै छैन, जसकारण प्रत्यक्ष ध्वनि विश्लेषण सम्भव हुँदैन । आयोगले केवल सामाजिक सञ्जालमा प्रसारित भिडियोहरूमै निर्भर रहनुपर्छ । |
| गोलीहरू बीचको समय अन्तर अनुमान | सामाजिक सञ्जालका केहि भिडियोहरूमा गोलीको आवाज सुनिन्छ । तर सो भिडियोहरूकै आधारमा गोलीहरू बीचको समय अन्तर अनुमान गर्न सकिँदैन । |

आयोगले आधारभूत डिजिटल प्रमाण विश्लेषण गर्न सक्ने क्षमता राख्छ । तर मूल भिडियो/अडियो फाइल उपलब्ध नभएकाले उन्नत फरेन्सिक कार्य, विशेषगरी ठ्याक्कै भू—स्थान (precise geolocation) निर्धारण जस्ता विश्लेषणहरू गर्न सम्भव हुँदैन ।

आयोगले आधारभूत डिजिटल प्रमाण विश्लेषण गर्न सक्षम छ । तर, मौलिक मिडियाको अभावका कारण उन्नत फोरेन्सिक कार्यहरू गर्न सकिँदैन ।

## ४. वातावरणीय अवस्थाहरू (Environmental Conditions)

| Checklist Task | किन आयोगले पूर्ण वातावरणीय विश्लेषण गर्न सक्दैन |
|---|---|
| प्रकाशको अवस्था (छायाँ, दृश्यता) | वैज्ञानिक रूपमा सटीक छायाँ—विश्लेषण, प्रकाश मापन, वा क्यालिब्रेटेड फोटोमेट्रिक परीक्षण गर्न आवश्यक उपकरण, मापन प्रणाली, र घटनास्थलमा On—site विश्लेषण क्षमताहरू आयोगसँग उपलब्ध छैनन् । भिडियोबाट केवल सामान्य अवलोकन मात्र गर्न सकिन्छ । |
| मौसमको अवस्था (हावा, दृश्यता, वर्षा) | वैज्ञानिक मौसम—पुनर्निर्माण गर्न चाहिने विस्तृत मौसम—डाटा, Ground validation, र मोडेलिङ उपकरण आयोगसँग छैन । आयोग केवल भिडियो तथा सार्वजनिक स्रोतमा आधारित अनुमान मात्र गर्न सक्छ । |
| भीडको घनत्व (Crowd Density Estimation) | सटीक भीड—मोडेलिङका लागि ड्रोन फुटेज, व्यापक एरियल दृश्य, तथा विशेष सफ्टवेयर चाहिन्छ । आयोगसँग केवल CCTV र नागरिकले खिचेका Social Media भिडियोहरू मात्र उपलब्ध छन्, जसले गणितीय घनत्व मापन सम्भव बनाउँदैन । |
| Escape Routes वा Bottlenecks विश्लेषण | सटीक विश्लेषणका लागि घटनास्थलको 3D नक्साङ्कन, भौतिक मापन, र Advanced spatial modelling चाहिन्छ । घटनापछि घटनास्थल परिवर्तन भइसकेको हुँदा विस्तृत अवरोध—विश्लेषण सम्भव छैन । आयोग केवल उपलब्ध भिडियो र फोटोग्राफहरूमा आधारित सामान्य अवलोकन गर्न सक्छ । |

आयोगले प्रकाश, मौसम, भीडको घनत्व, तथा सम्भावित Escape Routes जस्ता वातावरणीय अवस्थाहरूबारे भिडियो र सार्वजनिक रूपमा उपलब्ध सामग्रीका आधारमा सामान्य अवलोकन मात्र

गर्नसक्छ । तर छायाँ—मोडेलिङ, मौसम पुनर्निर्माण, Advanced crowd simulation, वा 3D वातावरणीय Reconstructions जस्ता वैज्ञानिक तथा प्राविधिक परीक्षण गर्न चाहिने उपकरण, सफ्टवेयर, र विशेषज्ञता आयोगसँग उपलब्ध छैन । यस कारण, आयोगको वातावरणीय विश्लेषण Descriptive स्तरमा मात्र सीमित हुन्छ ।

### ५. मानव—सम्बन्धी तत्वहरू (Human Factors)

| **Checklist Task** | किन आयोगले पूर्ण Human-Factors Assessment गर्न सक्दैन |
|---|---|
| अधिकारीको तनाव वा थकान मूल्याङ्कन (Officer stress or fatigue assessment) | यसका लागि मनोवैज्ञानिक मूल्याङ्कन, चिकित्सकीय रिपोर्ट, ड्युटी—लग, र विशेषज्ञ क्लिनिकल परीक्षण आवश्यक पर्छ । |
| तालिमको समीक्षा (Review of training history) | संस्थागत प्रशिक्षण फाइल, प्रदर्शन मूल्याङ्कन, र आन्तरिक अभिलेख आवश्यक पर्छ । आयोगलाई नेपाल प्रहरी तथा सम्बन्धित निकायका यस्ता गोप्य रेकर्ड माग गरि अध्ययन गर्नु पर्ने हुन्छ । |
| SOP compliance scoring | यसका लागि आन्तरिक अनुशासनात्मक फाइल, सुपरभिजन रिपोर्ट, ऑपरेशनल डिब्रिफ, तथा SOP उल्लङ्घनको विस्तृत अभिलेख चाहिन्छ । नेपाल प्रहरीले औपचारिक SOP-compliance scoring प्रणाली नअपनाएकाले आयोगले स्वतन्त्ररूपमा मूल्याङ्कन गर्न सक्दैन । |
| मनोवैज्ञानिक वा व्यवहारगत विश्लेषण (Psychological or behavioural analysis) | क्लिनिकल इन्टरभ्यू, मनोवैज्ञानिक परीक्षण, र विशेषज्ञ मनोवैज्ञानिक आवश्यक पर्छ । आयोगसँग यस्तो क्लिनिकल मूल्याङ्कन क्षमता छैन । |
| साक्षीका बयानहरूलाई भौतिक प्रमाणसँग तुलना (Comparing witness statements with physical evidence) | यसका लागि बयान, भिडियो, फरेन्सिक दस्तावेज, र अन्य उपलब्ध प्रमाणसँग तुलना गर्नुपर्छ । आयोगले पहिले नै अधिकारीहरू, पीडितहरू, तथा साक्षीहरूबाट बयान संकलन गरिसकेको छ, त्यसैले आयोगले तुलना कार्य सम्पन्न गरी समानता, विरोधाभास, वा स्पष्टिकरण आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न सक्छ। |

आयोगले मानव—सम्बन्धी पक्षहरू जस्तै तनाव वा थकान, प्रशिक्षण विवरण, SOP Compliance व्यवहार सम्बन्धी विचलनहरू स्वतन्त्र रूपमा मूल्याङ्कन गर्न सक्दैन, किनभने यस्ता मूल्याङ्कनका लागि गोप्य अभिलेख, संस्थागत प्रशिक्षण रेकर्ड, चिकित्सा/मनोवैज्ञानिक प्रतिवेदन, तथा विशेषज्ञ क्षमता आवश्यक हुन्छ । आयोगको भूमिका उपलब्ध दस्तावेजहरूको समीक्षा गर्ने, बयानहरू बीचका विरोधाभासहरू पहिचान गर्ने, र भिडियो सामग्रीसँग तुलना गर्नेमा सीमित छ । आयोगसँग क्लिनिकल, मनोवैज्ञानिक, वा आन्तरिक अनुशासनात्मक जाँच गर्ने क्षमता छैन ।

# परिच्छेद-११ : आयोगमा प्राप्त उजुरी तथा गुनासोहरु

## यस आयोगमा प्राप्त भएका गुनासो, उजुरी तथा जाहेरीहरुको संक्षिप्त विश्लेशणः

यस आयोगको गठन पश्चात् भाद्र २३ र २४ गतेको प्रर्दशनको क्रममा भएका घटनाहरुको सम्बन्धमा विभिन्न माध्यमहरुको प्रयोग गरेर र व्यक्ति स्वयम् आयोगमा उपस्थित भई जम्मा ३९ वटा उजुरी तथा गुनासाहरु लिखित रुपमा प्राप्त भएका छन्। जसमा गृह मन्त्रालय गुनासो व्यवस्थापन शाखा मार्फत ४ वटा, प्रहरी परिसर काठमाडौमार्फत १ वटा, राष्ट्रिय सतर्कता केन्द्र मार्फत १ वटा, व्यक्तिगत रुपमा २० वटा, इमेल मार्फत १० वटा, त्यसै गरी टोल उपभोक्ता समिति, वडा नं. ५, ललितपुरबाट १ वटा, सुर्यदर्शन बचत पीडित संघर्ष समितिबाट १ वटा र ने.क.पा. मधेश प्रदेश समितिबाट १ वटा गरी जम्मा ३९ वटा उजुरी तथा गुनासाहरु आयोगमा परेका थिए।

साथै, सो गुनासाहरुका छायाँप्रति र बाँकी गुनासाहरुका विवरण प्रतिवेदनको अनुसूची १० मा संलग्न राख्ने गरी देहायको तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ।

| क्र.सं. | गुनासो प्राप्त मिति | गुनासोका माध्यम/निकायहरु | निवेदक/गुनसोकर्ता | गुनासोको व्यहोरा |
|---|---|---|---|---|
| १. | २०८२।६।२१ | जिल्ला प्रहरी परिसर, काठमाडौंको च.नं. ५८८० को पत्र | पुरुषोत्तम खतिवडा लगायत | प्रदर्शनको क्रममा भएको भौतिक एवं मानवीय क्षतिको विषयमा मानवता र राज्य विरुद्धको कसुरमा जाहेरी |
| २. | २०८२।८।१ | टोल उपभोक्ता समिति, वडा नं. ५, ललितपुर | टोलवासी | फर्निचर कारखाना बन्द गराइदिने सम्बन्धमा। |
| ३. | २०८२।८।२ | निवेदन | मिनभवन, काठमाडौं बासी अभितराज सुमार्गीका बुबा, | आन्दोलनको क्रममा तोडफोड र आगजनी गर्ने अपराधीलाई पक्राउ गरी कारवाही गर्ने सम्बन्धमा। |
| ४. | २०८२।७।९ | गृह मन्त्रालयको च.नं. ४०९ को पत्र | हेलो सरकारमार्फत गुनासोकर्ता | तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सम्बन्धी गुनासो |
| ५. | २०८२।९।१७ | राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ८२५ को पत्र | विक्रम के.सी., भक्तपुर | आन्दोलनको क्रममा तोडफोड र आगजनी गर्ने अपराधीलाई पक्राउ गरी कारवाही गर्ने सम्बन्धमा। |
| ६. | २०८२।६।२ | निवेदन | जाटा शंकर साह कलवार, रौतहट | लुटपाट र आगजनी गर्नेलाई कारवाही गर्ने सम्बन्धमा। |
| ७. | - | इमेल | जगत आचार्य | आन्दोलनको क्रममा भएको अनियमितता उपर छानविन गर्ने सम्बन्धमा। |
| ८. | २०८२।८।२९ | निवेदन | नवराज ढकाल | भ्रष्टाचार विरुद्ध छानविन। |
| ९. | २०८२।८।२४ | निवेदन | धर्मराज तिमिल्सिना | आन्दोलनको क्रममा भएको गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| १०. | २०८२।८।२२ | गृह मन्त्रालयको च.नं. ६६० को पत्र | राम पाल, कञ्चनपुर | आन्दोलनको क्रममा भएको हत्या सम्बन्धी छानविन र कारवाही। |
| ११. | २०८२।८।२३ | GEN Z 2.0 | अविन लिम्बु | आन्दोलनको क्रममा भएको घटना एवं पदाधिकारी उपर छानविन गर्ने सम्बन्धमा। |
| १२. | २०८२।६।२७ | सुर्यदर्शन बचत पीडित संघर्ष समिति | किरण श्रेष्ठ | सहकारी सम्बन्धी समस्यामा सहयोग। |

| | | | | |
|---|---|---|---|---|
| १३. | २०८२।८।२३ | गृह मन्त्रालयको च.नं. ६८० को पत्र | दिपनारायण चौधरी, रौतहट | आन्दोलनको क्रममा तोडफोड र आगजनी वापत क्षतिपूर्ति सम्बन्धमा। |
| १४. | - | इमेल | फुलिमा शर्मा | व्यपारी-विचौलिया लगायतलाई छानविन तथा कारवाही सम्बन्धमा। |
| १५. | - | इमेल | फुलिमा शर्मा | व्यपारी-विचौलिया लगायतलाई छानविन तथा कारवाही सम्बन्धमा। |
| १६. | - | इमेल | फुलिमा शर्मा | संगठित अपराध र ब्ल्याकमेल सम्बन्धमा। |
| १७. | - | इमेल | सुमन मिश्र | संगठित अपराध र ब्ल्याकमेल सम्बन्धमा। |
| १८. | - | इमेल | सुमन मिश्र | पूर्व मन्त्री प्रेम आले सम्बन्धी। |
| १९. | - | इमेल | सुमन मिश्र | रवि लामिछाने सम्बन्धमा। |
| २०. | - | इमेल | हरक महरा | भ्रष्टाचार विरुद्ध छानविन सम्बन्धमा। |
| २१. | २०८२।८।९ | इमेल | मनमायाँ निरौला, सुनसरी | प्रहरी चौकीमा रहेको निजी सवारी साधन सम्बन्धी जानकारी नपाएको। |
| २२. | २०८२।८।१ | निवेदन | शुबास मेहता, किर्तीपुर | आन्दोलनको क्रममा तोडफोड भएको सवारी साधन वापत क्षतिपुर्ति सम्बन्धमा। |
| २३. | २०८२।७।२८ | ने.क.पा. मधेश प्रदेश समिति | अनिल सि. | सहिद अजबलाल यादवको मुर्ति लगायतमा भएको तोडफोड सम्बन्धमा। |
| २४. | २०८२।६।१२ | निवेदन | उमेश चन्द्र यादव | आन्दोलनको क्रममा भएको गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| २५. | २०८२।७।३० | इमेल | विश्वजित कुमार सिन्हा | आन्दोलनको क्रममा रौतहत जिल्लामा न्यून क्षतिमात्र पुगेको अवस्थामा पनि कैदीहरु फरार भएको सम्बन्धमा। |
| २६. | २०८२।७।२३ | निवेदन | मान बहादुर गुरुङ, पोखरा | आन्दोलनको क्रममा तोडफोड र आगजनीमा संलग्न व्यक्ति बारे। |

| | | | | |
|---|---|---|---|---|
| २७. | २०८२।७।३० | निवेदन | निरज खड्का, काठमाडौं | आन्दोलनको क्रममा गोली चलाइएको छानविन सम्बन्धमा। |
| २८. | २०८२।७।१६ | निवेदन | भोज प्रसाद श्रेष्ठ, बुटवल | आन्दोलनको क्रममा भएको गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| २९. | २०८२।६। | निवेदन | भोज प्रसाद श्रेष्ठ | आन्दोलनको क्रममा तोडफोड र आगजनी वापत क्षतिपूर्ति र कारवाही सम्बन्धमा। |
| ३०. | २०८२।७।१६ | निवेदन | परसराम मौर्या | आन्दोलनको क्रममा तोडफोड र आगजनी सम्बन्धमा। |
| ३१. | २०८२।७।२३ | निवेदन | कृति नेपाल, सुनसरी | आन्दोलनको क्रममा भएको गैरकानूनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| ३२. | २०८२।७।१६ | निवेदन | सौगात घिमिरे | आन्दोलनको क्रममा भएको गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| ३३. | २०८२।७।१६ | निवेदन | ओम प्रकाश पाण्डे | आन्दोलनपश्चात चितवन जिल्लाको पर्यटन व्यवसायमा परेको प्रभाव सम्बन्धी जानकारी। |
| ३४. | २०८२।७।२१ | निवेदन | जियनजेड समूह, बुटवल | INGO सेसी का निर्देशक दिपक कुमार खड्कालाई कारवाही गर्ने सम्बन्धमा। |
| ३५. | २०८२।७।२१ | निवेदन | सुबास भण्डारी | आन्दोलनको क्रममा भएको शंकास्पद गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| ३६. | २०८२।७।२० | गृह मन्त्रालयको च.नं. ४८ को पत्र | धर्मराज तिमिल्सिना | आन्दोलनको क्रममा भएको शंकास्पद गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| ३७. | २०८२।६।१९ | निवेदन | काठमाडौ उपत्यकाका पिडित प्रहरी कर्मचारीहरु | आन्दोलनको क्रममा भएको शंकास्पद गैरकानुनी गतिविधि उपर छानविन गर्ने सम्बन्धमा। |
| ३८. | २०८२।६।२९ | निवेदन | घाइतेतर्फबाट निरज खड्का | आन्दोलनको क्रममा चलेको गोली सम्बन्धि छानविन। |
| ३९. | २०८२।६।१९ | निवेदन | काठमाडौ उपत्यकाका पीडित प्रहरी कर्मचारीहरु | आन्दोलनको क्रममा चलेको गोली सम्बन्धी छानविन। |

# भाग-३

# जाँचबुझको क्रममा सँकलित तथ्य\तथ्याङकहरुको विश्लेषण तथा निष्कर्ष

# परिच्छेद-१२ संकलित तथ्य\तथ्याङकहरुको विश्लेषण

## १२.१. मानवीय क्षतिको विश्लेषण तथा निष्कर्ष

### १२.१.१. मृत्यु सम्बन्धी विवरणको विश्लेषण

भदौ २३ र २४ को घटनामा कुल ७६ जनाको मृत्यु भएको थियो। जसमध्ये भदौ २३ गते २० जना पुरुषको मृत्यु भएको थियो। भदौ २४ गते जनाको मृत्यु भएको थियो जसमा २ महिला र १८ पुरुष थिए। भदौ २३ र २४ को घटनामा लागेको चोटपटकको कारण २४ गते पछि विभिन्न मितिमा ३६ जनाको मृत्यु भएको थियो जसमा ३ महिला र ३३ पुरुष थिए। (मृतकको विवरण अनुसुची - २ मा राखिएको)

| क्र.सं. | विवरण | मृतकको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | भदौ २३ मा भएको मृत्यु | - | २० | २० |
| २ | भदौ २४ मा भएको मृत्यु | २ | १८ | २० |
| ३ | भदौ २४ पछि भएको मृत्यु (२३ र २४ मा भएको घाइते) | ३ | ३३ | ३६ |
| | **कुल** | **५** | **७१** | **७६** |

### १२.१.२. मृत्युको कारण अनुसार मृत्युको विवरणको विश्लेषण

भदौ २३ र २४ मा भएको घटनाको कारण मृत्यु भएका ७६ जना मध्ये ५१ जना आन्दोलनकारीको गोली लागेर, ३ जना प्रहरीको कुटपिटबाट, विभिन्न व्यावसायिक प्रतिष्ठान एवं स्थलमा ९ जना जलेर र १ जना भारतीय नागरिकको हायात होटलको चौथौ तलाको झ्यालबाट हामफालेर मृत्यु भएको थियो भने १ जनाको मृत्यु के कारणले भयो भन्ने प्रष्टसँग खुल्न सकेको

छैन।

| क्र.सं. | मृत्युको कारण | मृतकको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | गोली लागेर(आन्दोलनकारी) | १ | ५१ | ५१ |
| २ | कुटपिट(प्रहरी) | - | ३ | ३ |
| ३ | जलेर(आगलागी/विष्फोट) | ३ | ६ | ९ |
| ४ | झ्यालबाट हाम फालेर(भारतीय नागरिक) | १ | - | १ |
| ५ | नखुलेको | - | १ | १ |
| | **जम्मा** | **५** | **७१** | **७६** |

**१२.१.३. घटना घटेको स्थान अनुसार मृत्युको विवरणको विश्लेषण**

भदौ २३ र २४ मा विभिन्न जिल्लामा घटना भई ७६ जनाको मृत्यु भएको थियो। जसमध्ये काठमाण्डौमा ५४, सुनसरीमा २, झापामा ३, कास्कीमा ३, चितवनमा १, भक्तपुरमा १, ललितपुरमा २, बाँके (कारागार) ५, रामेछाप (कारागार) ३, धादिङ (कारागार), २ जनाको मृत्यु भएको थियो। जसमा १२ जना मृतकको पहिचान खुलेको छैन।

| क्र.सं. | घटना घटेको स्थान | मृतकको संख्या |
|---|---|---|
| १ | काठमाण्डौ | ५४ |
| २ | सुनसरी | २ |
| ३ | झापा | ३ |
| ४ | कास्की | ३ |
| ५ | चितवन | १ |

| | | |
|---|---|---|
| ६ | भक्तपुर | १ |
| ७ | ललितपुर | २ |
| ८ | बाँके(कारागार) | ५ |
| ९ | रामेछाप(कारागार) | ३ |
| १० | धादिङ(कारागार) | २ |
| | **जम्मा** | **७६** |

**१२.१.४. उमेर समूह अनुसार मृत्युको विवरणको विश्लेषण**

भदौ २३ र २४ मा भएको घटनाको कारण सबै भन्दा बढी १४ देखि २९ वर्ष सम्मका २ महिला र ३३ पुरुष गरी ३५ जनाको मृत्यु भएको थियो। ३० देखि ४५ वर्ष सम्मका १ महिला र १९ पुरुष गरी २० जनाको मृत्यु भएको थियो। ४६ वर्ष र भन्दा माथि उमेरका २ जना महिला र ७ जना पुरुष गरी ९ जनाको मृत्यु भएको थियो भने १२ जना मृतकको पहिचान खुल्न सकेको छैन।

| **क्र.सं.** | **उमेर समूह** | **मृतकको संख्या** | | |
|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | १४ देखि २९ वर्ष सम्म | २ | ३३ | ३५ |
| २ | ३० देखि ४५ वर्ष सम्म | १ | १९ | २० |
| ३ | ४६ वर्ष र भन्दा माथि | २ | ७ | ९ |
| ४ | उमेर नखुलेको | - | - | १२ |
| | **जम्मा** | **५** | **५९** | **७६** |

**१२.१.५. घाइते भएका व्यक्तिहरुको विवरण एवं विश्लेषण**

मिति २०८२।१०। २९ सम्मको तथ्याङ्क अनुसार भदौ २३ र २४ मा भएको घटनामा प्रदर्शनकारी तर्फ १३२८ जना घाइते भएकोमा १,३२५ जना उपचार पश्चात डिस्चार्ज भएको र ३

जना हालसम्म उपचाररत रहेका छन्। सुरक्षाकर्मी तर्फ २०६८ जना घाइते भएकोमा सबैजना उपचार पश्चात डिस्चार्ज भएको देखिन्छ।उक्त प्रदर्शनका घाइतेमध्ये २५२२ जनालाई नेपाल सरकारको तर्फबाट दुई किस्ता गरी प्रति व्यक्ति रु. ३५,०००। - उपचार/राहत रकम जिल्ला प्रशासन कार्यालयहरुमार्फत प्रदान गरिएको छ।जसमध्ये १७३ जना महिला र २३४९ जना पुरुष छन्। (घाइतेको विस्तृत विवरण अनुसूची ३ मा राखिएको छ)

| **क्र.सं.** | **विवरण** | **घाइतेको संख्या** | | |
|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | घाइते | १७३ | २३४९ | २५२२ |

## <u>१२.१.६. उमेर समूह अनुसार घाइतेको विवरणको विश्लेषण</u>

भदौ २३ र २४ मा भएको घटनाको कारणले सबै भन्दा बढी १४ देखि २९ वर्ष उमेर समूहका व्यक्तिहरु १७४९ जना घाइते भएका छन्। त्यस्तै १३ वर्ष मुनिका २ जना, ३० देखि ४५ वर्ष सम्मका ६२० जना र ४६ वर्ष माथिका ११४ जना छन्। ३७ जना घाइतेहरुको उमेर खुलेको छैन।

| **क्र.सं.** | **उमेर समूह वर्गीकरण** | **घाइते संख्या** |
|---|---|---|
| १ | १३ वर्ष मुनि | २ |
| २ | १४ देखि २९ सम्म | १७४९ |
| ३ | ३० देखि ४५ सम्म | ६२० |
| ४ | ४६ देखि माथि | ११४ |
| ५ | उमेर नखुलेको | ३७ |
| | **कुल** | **२५२२** |

## <u>१२.१.७. प्रदेश अनुसार घाइतेको विवरणको विश्लेषण</u>

भदौ २३ र २४ घटनाको कारण सबैभन्दा बढी बागमती प्रदेशका १८७९ जना जसमा १७५७ पुरुष र १२२ महिला घाइते भएका छन्। त्यसैगरी क्रमश: कोशी प्रदेशमा २२४ जना जसमा

२१५ पुरुष र ९ जना महिला, लुम्बिनी प्रदेशमा १२९ जनामा १२५ पुरुष र ४ महिला, गण्डकी प्रदेशमा १३२ जनामा १०८ पुरुष र २४ महिला, सुदुरपश्चिम प्रदेशमा ६४ जनामा ६० पुरुष र ४ महिला र मधेश प्रदेशमा ५९ जनामा ५२ पुरुष र ७ महिला घाइते भएका छन्। त्यसैगरी सबैभन्दा कम कर्णाली प्रदेशका ३५ जना जसमा ३२ जना पुरुष र ३ जना महिला घाइते भएका छन्।

| क.सं. | प्रदेश | घाइतेको संख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | कोशी प्रदेश | २१५ | ९ | २२४ |
| २ | मधेश प्रदेश | ५२ | ७ | ५९ |
| ३ | बागमति प्रदेश | १७५७ | १२२ | १८७९ |
| ४ | गण्डकी प्रदेश | १०८ | २४ | १३२ |
| ५ | लुम्बिनी प्रदेश | १२५ | ४ | १२९ |
| ६ | कर्णाली प्रदेश | ३२ | ३ | ३५ |
| ७ | सुदुरपश्चिम प्रदेश | ६० | ४ | ६४ |
| | **कूल** | **२३४९** | **१७३** | **२५२२** |

## १२.२ प्रर्दशनको क्रममा देशभरि भएको भौतिक क्षतिको विवरणको विश्लेषण

भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा मुलुकमा ठूलो भौतिक क्षति हुन पुगेको छ। खासगरी सार्वजनिक र निजी भवन, व्यापारिक प्रतिष्ठानहरु,सवारी साधन, चल अचल सम्पति, सुरक्षा निकायका हातहतियार एवं बन्दोबस्तीका सामानहरु लगायतका सामानहरुको क्षति भएको छ। आयोग गठन भए पश्चात सार्वजनिक रुपमा सूचना आव्हान गरी, विज्ञप्ति मार्फत, पत्राचारद्धारा, संवाद एवं भेटघाट लगायतका माध्यमबाट आन्दोलनबाट भएको क्षतिको विवरण माग गरिएको थियो। पत्राचार, ईमेल तथा प्रत्यक्ष रुपमा आयोगमा उपस्थित भई दर्ता भएका विवरणहरुबाट समग्र क्षतिको रकम एकीन गरिएको छ। उपरोक्त अनुसार आयोगमा प्राप्त हुन आएको क्षतिको विवरणको आधारमा भौतिक क्षतिको विवरणलाई देहाय बमोजिमको आधारमा विश्लेषण गरिएको छ।

## १२.२.१. समग्र भौतिक क्षतिको विवरणको विश्लेषण

समग्रमा भौतिक क्षतिको रकम रु. ४१ अर्ब ८९ लाख १८ हजार ७०९ रहेको छ। जसमा सबै भन्दा बढी सरकारी/सार्वजनिक क्षेत्रको ५७१ निकाय एवं कार्यालयको क्षति रु.१४ अर्ब ७४ करोड ७२ लाख ६८६ हजार ५९७ रहेको छ।

निजी क्षेत्रको ८२१ व्यक्ति तथा निकायको समग्र क्षति रु. २२ अर्ब २७ करोड ८१ लाख ३७३ हजार ३१ रहेको छ।

त्यसैगरी सामुदायिक तथा अन्य क्षेत्रको २४२ निकाय वा संस्थाको रु ३ अर्ब ९८ करोड ३५ लाख १२ हजार ७४५ रहेको छ।

| क्र.सं. | क्षेत्र | कुल संख्या | क्षति रकम (रु.लाख) |
|---|---|---|---|
| १. | सरकारी/सार्वजनिक | ५७१ | १४७४७२.६८६५९७ |
| २. | निजी | ८२१ | २२२७८१.३७३०३१ |
| ३. | सामुदायिक अन्य | २४२ | ३९८३५.१२७४५ |
| **कूल जम्मा** | | **१६३४** | **४१००८९.१८७०९** |

## १२.२.२. क्षेत्रगत रुपमा भौतिक क्षतिको विवरणको विश्लेषण

क्षेत्रगत रुपमा संवैधानिक निकाय ८ वटाको रु. ५ अर्ब २१ करोड ३१ लाख ५० हजार ९७५, अदालतहरु २५ वटाको रु. १ अर्ब ९७ करोड २३ लाख ९८ हजार, ७६९ संघीय १० वटा मन्त्रालयको रु. १ अर्ब १० लाख ५७ हजार ५८८, १४९ संघीय सरकारी कार्यालयहरुको रु. १ अर्ब ७७ करोड ५५ लाख २० हजार ३८०, गृह मन्त्रालय अन्तर्गत १३ वटा निकायको रु. १८ करोड ४८ लाख ८४ हजार ५२, जिल्ला प्रशासन कार्यालय २४ वटाको रु. ३३ करोड ७९ लाख ९४ हजार २३८, जिल्ला समन्वय समिति १० वटाको रु. २ अर्ब ८३ करोड ९२ लाख ०२ हजार ८७४, १३९ स्थानीय तहको रु. ४ अर्ब ५१ करोड २५ लाख ५५ हजार ५१, प्रदेश कार्यालयहरु ८७ को रु. ३ अर्ब ७२ करोड ८७ लाख १९ हजार ४७७, सुरक्षा निकायका ४६ वटा कार्यालयहरुको ४ अर्ब ८१ करोड ९२ लाख ७७ हजार ३१२,

सार्वजनिक संस्थान ८ वटाको रु. ५ करोड ७५ हजार ६६ हजार ४५०, राजनैतिक दलका कार्यालयहरु १९६ को ४६ करोड १५ लाख ५३ हजार ६९२, ४९ जना राष्ट्रसेवक कर्मचारीको रु.३ करोड ५२ लाख ९८ हजार ९६८, सुरक्षा निकायका कर्मचारीहरू ३२५ जनाको रु. ३ करोड ३८ लाख १८ हजार ३००, निर्वाचित पदाधिकारीहरू १७६ जनाको रु. ९ अर्ब ३८ करोड ७७ लाख ४५ हजार २८१, ६२ वटा व्यापारिक प्रतिष्ठानको रु. १८ अर्ब ५ लाख २१ हजार २९९, सहकारी संस्था ३ वटाको रु. ५३ लाख, ९ वटा शैक्षिक संस्थाको २ अर्ब ९८ लाख ९ हजार ५९४, २०९ जना व्यक्तिको रु.३ अर्ब २६ करोड ९७ लाख २४ हजार २०८ र ३४ वटा अन्य क्षेत्रको रु. ५३ करोड ६६ लाख ४९ हजार ४५९ क्षति गरी कूल भौतिक क्षतिको रकम रु. ४१ अर्ब ८९ लाख १८ हजार ७०९ रहेको छ।

| **क्र.सं.** | **क्षेत्र** | **कुल संख्या** | **क्षति रकम (रु.लाख)** |
|---|---|---|---|
| **१.** | संवैधानिक निकायहरु | ८ | ५२१३.१५०९७५ |
| **२.** | अदालतहरु | २५ | १९७२३.९८७६९ |
| **३.** | संघीय मन्त्रालयहरु | १० | १००१०.५७५८८ |
| **४.** | संघीय सरकारी कार्यलयहरू | १४९ | १७७५५.२०३८० |
| **५.** | गृह म. अन्तर्गत | १३ | १०८४.८८४०५२ |
| **६.** | जिल्ला प्रशासन कार्यालहरू | २४ | ३०३७.९९४२३८ |
| **७.** | जि.स.स. | १० | २८३९.२०२८७४ |
| **८.** | स्थानीय तह | १३९ | ४५१२५.५५०५१ |
| **९.** | प्रदेश कार्यालयहरु | ८७ | ३७२८७.१९४७७ |
| **१०.** | सुरक्षा निकाय | ४६ | ४८१९.२७७३१२ |
| **११.** | सार्वजनिक संस्थान | ८ | ५७५.६६४५० |

| | | | |
|---|---|---|---|
| १२. | राजनैतिक दलहरू | १९६ | ४६१५.५३६९२ |
| १३. | राष्ट्रसेवक कर्मचारीहरू | ४९ | ३५२.९८९६८ |
| १४. | सुरक्षा निकायका कर्मचारीहरू | ३२५ | ३३८.१८३०० |
| १५. | निर्वाचित पदाधिकारीहरू | १७६ | ९३८७.७४५२८१ |
| १६. | व्यापारिक प्रतिष्ठान | ६२ | १८०००५.२१२९९ |
| १७. | सहकारी | ३ | ५३.००००० |
| १८. | शैक्षिक संस्था | ९ | २९८००.०९५९४ |
| १९. | व्यक्तिगत | २०९ | ३२६९७.२४२०८ |
| २०. | अन्य/विविध | ३४ | ५३६६.४९४५९ |
| **कूल जम्मा** | | | **४१००८९.१८७०९** |

## १२.२.३. संघीय, प्रदेश कार्यालयहरु र स्थानीय तहको भौतिक क्षतिको विवरणको विश्लेषण

संघीय कार्यालयहरु २०६ वटाको क्षति रु. ३ अर्ब ४७ करोड २७ लाख ८६ हजार ८४ रहेको छ। सात वटा प्रदेश अन्तर्गतका ८७ वटा कार्यालयहरुको रु. ३ अर्ब ७२ करोड ८७ लाख १९ हजार ४७७ र १३९ वटा स्थानीय तहहरुको रु. ४ अर्ब ५१ करोड २५ लाख ५५ हजार ५१ क्षति भएको छ।

| **क्र.सं.** | **क्षेत्र** | **कुल संख्या** | **क्षति रकम (रु.लाख)** |
|---|---|---|---|
| १. | संघीय कार्यालयहरु | २०६ | ३४७२७.८६०८४ |
| २. | प्रदेश कार्यालयहरु | ८७ | ३७२८७.१९४७७ |

| | | | |
|---|---|---|---|
| ३. | स्थानीय तह | १३९ | ४५१२५.५५०५१ |
| | **कूल जम्मा** | | **११७१४.६०६१२** |

## १२.२.४. प्रदेश कार्यालयहरुको क्षतिको विवरणको विश्लेषण

सात वटा प्रदेश अन्तर्गतका प्रदेश कार्यालयहरुको कूल क्षति रु ३ अर्ब ७२ करोड ८७ लाख १९४ हजार ७७ रहेको छ। जसमा सबैभन्दा बढी क्षति वाग्मती प्रदेशको रु ११ अर्व २ करोड ९७ लाख ८० हजार एक रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशको क्षति रु ७ अर्ब ८१ करोड ५० लाख १५ हजार ६३५ रहेको छ। त्यसैगरी, कोशी प्रदेशको क्षति रु. ७६ अर्ब ४७ करोड ९५ लाख १७ हजार ४९२, मधेश प्रदेशको क्षति रु. ६१ करोड २० लाई ९२४१ हजार ३, गण्डकी प्रदेशको क्षति रु. ६१ करोड ३ लाख ९८ हजार ५१७, सुदूरपश्चिम प्रदेशको क्षति रु. ५ अर्ब ३८ करोड ८९ लाख २ हजार १६६ रहेको छ।

| क्र.सं. | क्षेत्र | कुल संख्या | क्षति रकम (रु.लाख) |
|---|---|---|---|
| १. | गण्डकी प्रदेश | १५ | ६१०३.९८५१७ |
| २. | कोशी प्रदेश | १२ | ७६४७.९५१७४९२ |
| ३. | बाग्मती प्रदेश | १ | ११०२९.७८००००१ |
| ४. | मधेश प्रदेश | १७ | ६१२०.९२४१००३ |
| ५. | सुदूरपश्चिम प्रदेश | २१ | ५३८०.८९०२१६६ |
| ६. | लुम्बिनी प्रदेश | १५ | २२२.१६१९७४१ |
| ७. | कर्णाली प्रदेश | ६ | ७८१.५०१५६३५ |
| | | **कूल जम्मा** | **३७२८७.१९४७७** |

नोट: राष्ट्रिय योजना आयोगबाट मिति २०८२।८। २४ मा प्रकाशित २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सर्वजनिक सम्पति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाहरुको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन, २०८२ अनुसार आन्दोलनबाट भएको समग्र भौतिक क्षति रकम रु ८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ। (श्रोत राष्ट्रिय योजना आयोग)

यस आयोगले विभिन्न माध्यमबाट जियनजेड आन्दोलनको क्रममा भएको भौतिक क्षतिको विवरण माग गरेको थियो। पटक पटकको ताकेताको बाबजुत पनि समग्र क्षतिको विवरण प्राप्त हुन

नसक्नु र आयोगमा फिल्ड लेभलमा गएर क्षतिको विवरण गर्ने जनशक्तिको अभाव हुनुको कारणले राष्ट्रिय आयोजना आयोगले संकलन गरेको क्षतिको रकम भन्दा कम देखिन गएको हो। त्यसकारण, राष्ट्रिय योजना आयोगले तयार गरेको क्षतिको रकमको विवरणलाई आधिकारिक मानिएको छ।

## १२.३ हातहतियारको नोक्सानी तथा लुटपाटको विश्लेषण तथा निष्कर्ष

भाद्र २३ र २४ गते प्रदर्शनका क्रममा प्रदर्शनकारीद्वारा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल जम्मा १३४२ थान हातहतियार र ११८५२५ थान गोलीगठ्ठाहरु लुटपाट भएको नेपाल प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट पेश भएको विवरणबाट देखिएको छ। लुटिएका हातहतियार तथा गोलीगठ्ठाहरुमध्ये जम्मा ७४५ थान हातहतियार र २८०६८ थान गोलीहरु हालसम्म फिर्ता भएको विवरणमा उल्लेख गरिएको छ। लुटिएका हातहतियारहरुले राष्ट्रिय सुरक्षामा ठूलो चुनौती खडा गरेको छ। जसले समाजमा अपराधिक घटनाहरु जस्तै चोरी, डकैति, हिंसात्मक गतिविधिहरु बृद्धि हुन जाने हुन्छ। विशेष गरी नेपाल-भारत खुला सीमानाका कारण सीमापार हुने तस्करी वा विदेशी अपराधीहरुको हातमा पुग्न सक्ने र राष्ट्रिय सुरक्षा जोखिम बढी राष्ट्रिय सुरुक्षामा आँच आउन सकिने देखिन्छ।

हाल लुटिएका हातहतियार तथा गोलीगठ्ठाहरु फिर्ता गर्ने स्पष्ट कानूनी प्रावधान छैन। यद्यपि, विशेष परिस्थितिमा सुरक्षा निकायले एकीकृतरुपमा हतियार फिर्ताको आव्हान गरी निश्चित समयमा बुझाउनेलाई छुट दिने नीति लिएको छ। यस्ता सुरक्षा चुनौतीहरुलाई सामना गर्नका लागि विशेष खोजी अभियान, गुप्तचरी परिचालन, अवैध हातहतियार सम्बन्धी कानूनको संशोधन सहित पुनरावलोकन गरी हातहतियार लुटपाटमा संलग्न व्यक्तिहरुलाई कडा भन्दा कडा कारवाही गर्नुपर्ने देखिन्छ। त्यसैगरी, सीमा सुरक्षामा कडाई र सामुदायिक सहयोगमार्फत लुटिएका हातहतियार फिर्ता लिई राष्ट्रिय सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्नु पर्ने हुन्छ।

## १२.३.१. हराएको लुटिएको हातहतियारको विवरण

| सि.नं. | जिल्ला | लामो हतियार | ऐ.गोली | ऐ. ब्लयाङ्क राउण्ड | ऐ. म्यागजिन | ऐ. बिनेट | ऐ.स्काईपर | ऐ.नोजल क्याप | ऐ. आयलबोतल | सटगन | ऐ. कार्टिज | रबर बुलेट | एस.एम.जी | ऐ.म्यागजिन | ऐ.गोली | ऐ.बिनेट | ऐ.स्काईपर | ग्याँसगन | ऐ.सेल | non-lethal multi weapon | pipir cartidge red | छोटो हतियार पेस्तोल रिभल्भर | ऐ.गोली | ऐ.म्यागजिन | जम्मा हा.ह | जम्मा गोली | ग्यास गोण्ड ग्रेनेड | हल्कडी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | ४३६ | ६२९४५ | २०१९ | ३०३ | १६६ | ६२ | ० | ० | १०३ | ५९९१ | ४७४७ | ११ | ३० | ६०७ | ५ | ५ | १५१ | २७३९ | ३० | १५० | ४२३ | १०४८१ | ७३३ | ११५४ | ८९६७९ | ९३ | २०२० |
| २ | झापा | ७४ | ११०६६ | १५४ | १२६ | २३ | ६० | ६० | ६० | ६ | ५३४ | ० | ६ | ३० | ३०० | ३ | ३ | १० | ९० | ० | ० | ७ | ३७७ | ७ | १०३ | १२५२१ | ० | ४६ |
| | मोरङ | १ | ६४५ | | | | | | | २ | ४५ | | | | | | | ४ | ४५ | | | १ | १४ | २ | ८ | ७४९ | | |
| | सुनसरी | २ | १८१४ | | १२ | १० | | | | | ४८९ | ५२५ | | | | | | | ५०७ | | | | | | २ | ३३३५ | | १२२ |
| ३ | सप्तरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १४ | २ | १ | १४ | | |
| | धनुषा | २ | १०० | | | | | | | | | | | | | | | | | | | | | | २ | १०० | | |
| | रौतहट | | ९५ | | | | | | | | | | | | | | | | | | | | | १ | | ९५ | | |
| ४ | चितवन | १ | ८२७ | ० | १० | | | | | | २८२ | | | | | | | | | | | | ९५ | १५ | १ | १२०४ | | १० |
| | मकवानपुर | | ९५ | | | | | | | | | | | | | | | | | | | | | | | ९५ | | |
| | काभ्रे | | ३९५४ | | ६ | | | | | | | | | | | | | | | | | | | | | ३९५४ | | ७ |
| ५ | कास्की | ३७ | ३०१० | १८० | ५८ | | | | | ४ | २१३ | २६५ | | ४५ | ८० | | | १ | १५० | | | १२ | २१० | २७ | ५४ | ४१०८ | ० | १०५ |
| ६ | बाँके | २ | | | २ | | | | | | | | | | | | | | | | | | | | २ | | | |
| ८ | कैलाली | १ | | | | | | | | | | | | | | | | | | | | १ | | | २ | | | |
| | डडेल्धुरा | | | | | | | | | | | | | | | | | १ | | | | | | | १ | | | |
| ९ | प्र.प्र.का भण्डार शाखा | १ | १०० | १८ | १ | | | | | १ | | ५० | | | | | | २ | ४० | | | | | | ४ | २०८ | | |
| १० | ने.प्र.के.वि. कार्यदल | ० | १६४८ | १० | ५८ | | | | | | | १३ | | १९ | | | | | १२३ | | | ४ | ५८२ | १९ | ४ | २३७६ | | |
| ११ | १ नं गण नक्शाल | १ | ५० | ० | १ | | | | | १ | | | | | | | | | | | | २ | ३७ | ४ | ४ | ८७ | | |
| जम्मा | | ५५८ | ८६३४९ | २३८१ | ५७७ | १९९ | १२२ | ६० | ६० | ११७ | ७५५४ | ५६०० | १७ | १२४ | ९८७ | ८ | ८ | १६९ | ३६९४ | ३० | १५० | ४५१ | ११८१० | ८१० | १३४२ | ११८५२५ | ९३ | २३१० |

## १२.४. प्राप्त उजुरी/गुनासोहरुको विश्लेषण तथा निष्कर्ष

भाद्र २३ र २४ गते जेन-जी समूहबाट भएको प्रदर्शनकाको परिणामस्वरुप तत्कालीन सरकार परिवर्तन भई नँया बनेको सरकारको सम्बन्धमा निम्न गुनासाहरुः नेपाल प्रहरीका तत्कालीन प्रहरी महानिरीक्षक र अतिरिक्त महानिरीक्षकलाई कारबाही गरी पाँउ, सामाजिक संञ्जाल लगायतमा आएका समाचार र प्रहरीका तल्लो तहका कर्मचारीहरुद्वारा निजहरुकै आदेशमा प्रहरीले सम्पूर्ण कामकारबाही गरेको भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा सो **Fake** रहेको, यस आयोगमा शंकास्पद गतिविधिमा संलग्नलाई तत्काल कारबाही गर्नुपर्ने, जसमा भारतको नयाँ दिल्लीस्थित बसन्त विहारमा बस्ने पुस्कर भण्डारीको छोरा सुभाष भण्डारीले बानेश्वरको सिद्धार्थ कटेजमा बसी नेपाल आमाको जय होस भन्ने इमेल ठेगाना बनाई नक्कली प्रहरी बनाई सोही मार्फत उजुरी गर्न लगाएको भनी निवेदन परेको सो सम्बन्धमा आयोगले सम्बद्ध निकायमा आवश्यक कारबाहीको लागि पठाइएको थियो।

आयोगले कार्यसम्पादनको सिलसिलामा विभिन्न क्षेत्रका सरोकारवालासँग छलफल समेत गरेको थियो। धेरैजसो निवेदन र उजुरीहरुमा तत्कालीन सरकारमा रहेका पदाधिकारीहरुलाई कानून बमोजिम कारबाही गर्नुपर्ने र अर्कोतर्फ प्रर्दशन कारीहरुलाई कारबाही गर्नुपर्ने जस्ता माग राखिएको थियो। साथै आयोगको काम कारबाहीको सन्दर्भ भन्दा फरक भ्रष्टाचारका निवेदन, सम्पत्ति शुध्दीकरणका विषयका निवेदन साथै अराजक गतिविधिमा संलग्नहरुलाई तत्काल कानून बमोजिम कारबाही गर्नुपर्ने विषयहरु उल्लेख भएका छन्। प्रतिवेदन लेखनको सिलसिलामा आयोगमा परेका सम्बद्ध उजुरी र गुनासोको सन्दर्भको सार वास्तवमा सार्वजनिक पदाधिकारी र समाजका स्रभान्त व्यक्तिहरुले अख्तियारीको दुरुपयोग गरेको भ्रष्टाचारको विषय साथै आन्दोलनको दौरान भएका गतिविधिहरुको विषयमा कारबाहीको लागि निवेदन प्राप्त भएकोमा ती लिखित परेका केही उजुरी तथा गुनासोहरु सम्बन्धित कार्य क्षेत्रमा पर्ने निकायमा आवश्यक कार्यार्थ पठाइएको छ।

## १२.५. संकलित CCTV, Audio\Video र सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्रीहरुको परीक्षण, विश्लेषण तथा निष्कर्ष

### भाद्र २३ को घटनाक्रम

| क्र.सं. | समय | स्थान | स्रोतहरू | घटना |
|---|---|---|---|---|
| १. | ०८:३० - ०९:१४ | माईतीघर मण्डला | Online Khabar | विधार्थिहरू पोशाकमा राष्ट्रिय झण्डा सहित माइतीघर आसपासमा प्लेकार्ड सहित जम्मा भइ भ्रष्ट्रचार विरुद्ध नाराजुलुस गर्न शुरु गरेको। |
| २. | १०:००- १०:५२ | माइतीघर मण्डला देखि बिजुलिबजार पुल सम्म | CCTV: Bijuli bazar PTZ, YouTube Channel: EON YouTube Channel | मण्डलाको दक्षिण सडक लेनमा प्रदर्शनकारी रहेको अन्य लेनमा सामान्य अवस्थामा सवारी साधन चलिरहेको देखिन्छ भने १०:२७ देखि केहि प्रदर्शनकारी विजुलीबजार तर्फ लाग्दै गरेको देखिन्छ। EON YouTube Channel को अनुसार १०:५२ मा नेपाल टेलिकमको कार्यालय नजिकको पोलमा रहेको तत्कालिन प्रम केपी ओलीको तस्विर देखेर आक्रोशित भई प्रदर्शनकारी च्यातेको, जुन घटना Bijuli bazarPTZ CCTV मा १०:५२ देखिएको। |
| ३. | १०:५८ - ११:०० | बिजुलीबजार देखी बानेश्वर स्थित कृष्ण टावर (नेपाल प्रहरीको ब्यारिकेट सम्म) | CCTV: Bijuli Bazar PTZ , Everest Hotel PTZ | बिजुली बजारपुल हुँदै प्रदर्शनकारीको पहिलो समूह निषेधित क्षेत्र तर्फ रहेको ब्यारिकेट तर्फ बढ्दै गरेको, ११:०० मा ब्यारिकेटमा सुरक्षाकर्मीसँग आमुनेसामुने भएको। |
| ४. | ११:४०- ११:४७ | एभरेष्ट होटल देखि नयाँ बानेश्वर चोक सम्म | CCTV: Everest Hotel PTZ | एभरेष्ट हस्पिटल तर्फबाट केहि प्रदर्शनकारी प्रहरीको व्यारिकेडको पछाडी तर्फ पुग्छन् र सशस्त्र प्रहरीको टोलीले हटाउछन भने ११:४७ मा पुनः सोही दिशाबाट अघिल्लोपटक भन्दा धेरै संख्यामा प्रदर्शनीकारीहरुआई एउटा समूह प्रहरीको ब्यारिकेड तोड्न जान्छन भने अर्को समूह नयाँ बानेश्वर चोक तर्फ अगाडी बढ्छन र ब्यारिकेड तर्फ लागेका प्रदर्शनकारीहरुले ब्यारिकेड तोडी ठूलो समूह चोक तर्फ लाग्छन्। |
| ५. | ११:४९ - ११:५५ | नयाँ बानेश्वर | CCTV: Everest Hotel PTZ | बाइकसहितका प्रदर्शनकारीहरु नयाँ बानेश्वरचोक तर्फ बढेको, प्रहरीले भीडलाई रोक्नलाई आफ्नो फर्मेशनमा रहन प्रयास गरेको, एउटा सानो समूह नयाँ बानेश्वर चोकमा पुगेको, चोकमा सार्वजनिक तथा निजी सवारी साधन सुचारु रहेको, भीडलाई तितरवितर पार्न प्रहरीले वाटर क्याननको प्रयोग गरेको भने भीडले प्रहरी माथि ढुंगा प्रहार गरेकोमा भीडलाई नियन्त्रण गर्न नसकेकोले वाटर क्यानन, अश्रुग्याँस प्रयोग गर्दै प्रहरी बानेश्वर चोक तर्फ पछी हट्दै गरेको र भीडको मुख्य जमात संसद भवनतर्फ अघि बढ्दै गरेको। |

| | | | | |
|---|---|---|---|---|
| ६. | ११:५५ | बानेश्वर चोक - संसद भवन गेट | CCTV: Baneshwor Chowk 2 | सवारी साधन सुचारु रहँदै गर्दा प्रहरी अश्रुग्याँस प्रहार गर्दै संसद भवनतर्फ पछी हटिरहेको भने प्रदर्शनकारी "Youth Against Corruption" लेखिएको ब्यानस सहित संसद भवन तर्फ बढ्दै गरेको। |
| ७. | ११:५१ | संसद भवन दक्षिण गेट | CCTV: Civil Hospital PTZ, Online-khabar news | बाइकसवार सहितको पहिलो समूह संसद भवन गेट अगाडी पुगेको देखिन्छ भने संसद भवनको मेन (दक्षिण) गेटमा रहेको क्यामेरा अनुसार ११:४६ मा सो समूह पुगेको देखिन्छ, onlinekhabar.com अनुसार ११:४९ मा २० जना जतिको समूह पुगेको उल्लेख गरेको छ। |
| ८. | ११:५४ - १२:०५ | नयाँ बानेश्वर चोक -सिभल हस्पिटल गेट सम्म | CCTV: BICC PTZ, Civil Hospital PTZ | प्रहरीद्वारा अश्रुग्याँसको प्रयोग गरि भीडलाई तितरबितर बनाएको, सुरुमा दुईजना प्रदर्शनकारी दक्षिण गेटमाथि चढेको देखिन्छ भने सिभिल हस्पिटल नजिक रहेको CCTV मा भने १२:०५ मा पर्खाल चढि दक्षिण गेट माथि चढेको देखिन्छ, नयाँ बानेश्वर चोकबाट ठूलो संख्यामा आएको भीड संसद भवन दक्षिणगेट नजिक जम्मा भएपछी सडकपेटीमा रहेको रेलिङ्ग तोडेर तेही रेलिङ्गको सहारामा प्रदर्शनकारी गेटमाथि चढेको देखिन्छ |
| ९. | १२:०५ - १२:१० | संसद भवनको दक्षीण गेट | CCTV: Civil Hospital PTZ, Online-Khabar news, YouTube Channel: EON | ठूलो मात्रामा प्रदर्शनकारी BICC मेन (दक्षिण)गेट अगाडी जम्मा भइसकेका हुन्छन्, BICC गेटमाथि रहेका प्रदर्शनकारीलाई लक्षित गरि अश्रुग्याँस प्रहार, प्रदर्शनकारीद्वारा अश्रुग्याँसशेल प्रहरी तर्फनै प्रहार, सोहि घटना Civil Hospital PTZ मा १२:१० मा देखिएको, onlinakhabar.com र EON YouTube channel बाट समेत यस सम्बन्धी घटनाक्रम उल्लेख गरिएको छ |
| १०. | १२:०७- १२:४१ | सिभिल अस्पतालको Emergency कक्ष | CCTV: Civil Hospital Emergency | आँखाको तल्लो भागमा चोट लागेको विधार्थी पोशाकमा रहेको पहिलो घाइते इमेर्जेन्सी कक्षमा प्रवेश, १२:१७ देखि घाइतेहरु उपचारार्थ आउने संख्यामा बृद्दि, १२:४१ शरिरको बिभिन्न अंगहरुबाट रगत आएको देखिने घाइते प्रदर्शनकारीहरु एमेर्जेन्सी कक्षमा आउने क्रम सुरु भएको |
| ११. | १२:३० - १२:४१ | संसद भवनको दक्षीण गेट - सिभिल अस्पताल | CCTV: BICC PTZ, Nepal Commerce Campus, Online-khabar | जिल्ला प्रशासन कार्यालय, काठमाण्डौले १२:३० देखि लागु हुने गरि कर्फ्यू आदेश, वाइकसवारको आगमन, एकजना मेट गेट तर्फबाट १२:३३ मा पेट समात्दै आएको(संभावित गोलीप्रहारबाट) र सिभिल अस्पतालको इमेर्जेन्सीको क्यामेराबाट १२:५४ मा पेटबाट रगत बगिरहेको अवस्थामा उपचारार्थ आएको, संसद भवन गेट नजिक आगजनी, onlinekhabar को समाचार अनुसार १२:३७ प्रदर्शनकारी ताक्दै गोली प्रहार भएको। Nepalcommerce Campus को CCTV अनुसार १२:४१ मा दुई एम्बुलेन्स सिभिल अस्पताल |

| | | | | |
|---|---|---|---|---|
| | | | | तर्फ गएको। |
| १२. | १२:३५ - १३:०१ | संसद भवन दक्षीण गेट वरिपरि | CCTV: BICC PTZ, YouTube Channel: GCSVLOGS | प्रहरीद्धारा मेनगेट वरपर जम्मा भएका प्रदर्शनकारी लक्षित गरि tear gas प्रहार, संसद भवन परिसरबाट गेट भित्रबाट पानीको फोहोरा प्रहार, गोलीप्रहारबाट घाइतेलाई उद्धार, १२:५५ पछि गोली प्रहारबाट घाइते प्रदर्शनकारीको संख्यामा ब्यापक बृद्दी, प्रदर्शनकारीद्वारा प्रहरी लक्षित गरी मोलोटोव प्रहार, प्रहरीद्वारा मेनगेट अगडीप्रदर्शनकारीको टाउकोमा गोली प्रहार गरेको देखिन्छ जुन घटना YouTube Channel GCSVLOGS ले राखेको भिडियोबाट प्रष्ट देखिन्छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले राष्ट्रपतिको कार्यालय शीतलनिवास, उपराष्ट्रपतिको कार्यालय लैनचौर, नारायणहिटी दरबार संग्रहालय र सिंहदरबार क्षेत्र कर्फ्यू लाग्ने क्षेत्र बिस्तार। |
| १३. | १२:५३- १३:१५ | संसद भवन दक्षीण गेट वरिपरि | CCTV: BICC PTZ Baneshwor Chowk 1 | संसद भवनको पश्चिम गेटमा प्रदर्शनकारीहरुले सुरक्षाकर्मीलाई लक्षित गरी ढुंगामुडा गर्छन भने गेट समेत तोडफोड गर्ने प्रयास गर्छन् भने प्रहरीले प्रदर्शनकारी माथि अश्रुग्याँस प्रहार गर्दछन्। पर्खाल चढेर रेलिङ भाच्न सुरु, आन्दोलकारीद्वारा बानेश्वरचोकमा राखिएको ट्राफिक संकेत रहेको फलामे पोलको प्रयोगगरी BICC को बानेश्वरचोक पश्चिम तर्फको हाइपोईन्ट तर्फको पर्खाल फुटाउन सुरु गरेको र केही प्रदर्शनकारी संसद परिसरमा प्रवेश गरेको, संसद भवन परिसरमा रहेको प्रहरी लक्षित गर्दै ढुंगा प्रहार गर्दै गर्दा एक प्रदर्शनकारीलाई गोली लागी हातले बोकेर लगिएको, १३:३३ मा गोली प्रहारद्वारा घाइतेलाई ब्हिलचेयरमा राखेर उद्दार गरेको देखिन्छ |
| १४. | १३:१९ - १३:४३ | संसद भवन दक्षीण गेट वरिपरि | CCTV: BICC PTZ , Civil Hospital Emergency CCTV | ३५-४० को संख्यामा बाइक सवार समूहको मेनगेट अगाडी प्रवेश हुन्छ, प्रदर्शनकारीहरुले मेनगेट अगाडी ढलेका ब्यारिकेड सडकमा राखी ब्यारिकेड पछाडी पम्पलेट सहित प्रदर्शन गरिरहेका हुन्छन, यसै क्रममा १३:३४ मा नगर प्रहरी(City Police)को टोली गाडीबाट निस्केर शान्त प्रदर्शनकारी तर्फ बल प्रयोग गर्दै बढ्छ भने अन्य स्थानबाट प्रहरीद्वारा ब्यापक रुपमा अश्रुग्याँसको प्रयोग गरी भीडलाई तितरबितर गरेको देखिन्छ र केही घाइतेलाई एम्बुलेन्सले उद्दार गर्छ, १३:३८ मा प्रदर्शनकारीको आक्रोसित भीड एकिकृत भई प्रहरीमाथि ढुंगामुडा गरेको देखिन्छ, १३:४३ मा घाइते प्रदर्शनकारीको उद्दारका लागि दुई एम्बुलेन्स आएको र संसद भवनको सामुन्ने रहेको लुम्बिनि तन्दुरी भोजनालय अगाडी एकजना घाइतलाई CPR दिँदै गरेको देखिन्छ। online media मा पत्रकारहरु समेत घाइते भएको समाचार आउँछ, onlinekhabar.com ले १३:४० मा सिभिल अस्पतालमा उपचारका क्रममा एक जनाको मृत्यु भनेर भएको उल्लेख गरेको र ratopati.com ले १३:५४ मा एक जनाको |

| | | | | |
|---|---|---|---|---|
| | | | | मृत्यु र ७० जना घाइते भनी समाचार प्रकाशित गर्दछ। Civil Hospital Emergency CCTV अनुसार १३:०० बजे आसपासमा गम्भीर प्रकृतिका घाइतेहरुको चाप बढ्छ भने १३:२४ मा एकजना घाइते पत्रकार इमेर्जेन्सी कक्षमा उपचारार्थ आएको देखिन्छ। |
| १५. | १३:२० | ARABICA COFFEE SHOP | Arabica coffee shop CCTV | गोलीले त्यहाँको अगाडीको सिसा पुटेको देखिन्छ भने BICC PTZ (अन्य CCTV Camera भन्दा ४:३० से. ढिलो) अनुसार १३:१७ मा एक जना प्रदर्शनकारी खुट्टामा चोट लागेर भागिरहेको देखिन्छ, त्यसपछी एउटा प्रदर्शनकारीको समूह मेनगेट नजिक रहेका प्रहरीमाथि आक्रामक शैलिमा प्रस्तुत हुन्छन्, Civil Hospital PTZ मा १३:२१ मा प्रदर्शनकारी मेनगेट तर्फबाट घाइतेलाई उचालेर Arabica Coffee Shop तर्फ भाग्दै गरेको देखिन्छ। Rolex Moto YouTube Channel मा समेत Arabia Coffee अगाडी प्रदर्शनकारीहरु गोली प्रहारबाट घाइते भएको देखिन्छ। |
| १६. | १३:५६ - १४:३० | बानेश्वर चोक देखी सिभिल अस्पताल | CCTV:Civil Hospital PTZ, Nepal Commerce Campus, YouTube Channel: EON | Uniglobe Polyclinic रहेको भवनतर्फ प्रदर्शनकारीले ढुंगा प्रहार गर्दछन्, सशस्त्र प्रहरीको एम्बुलेन्स मेनगेट अगाडी आइपुग्छ र त्यसमा सवार सशस्र प्रहरीहरुलाई संसद परिसर भित्र पठाई प्रदर्शनकारीहरुले एम्बुलेन्स आगो लगाईदिन्छन, EON YouTube Channel अनुसार बानेश्वर चोकमा एकजना विद्धार्थीलाई टाउकोमा गोली लागेको उल्लेख गरेको, एम्बुलेन्सले बानेश्वरचोकबाट उद्दार गर्दै गरेको देखिन्छ भने Civil Hospital PTZ मा एकजनालाई प्रदर्शनकारीद्वारा उद्दार गर्दै गरेको देखिन्छ। |
| १७. | १४:१५- १४:३० | बानेश्वर चोक | YouTube Channel : EON YouTube Channel , Web Khabar YouTube Channel, Hardford Consultancy , Himalayan Java CCTV: Baneshwor Chowk PTZ | EON YouTube Channel मा विधार्थीलाई टाउकोमा गोली लागेको देखिन्छ भने प्रहरी संसद भवनको पश्चिम ढोका र पानी ट्याङ्की विच रहेको सडकबाट गोली प्रहार गरेको Web Khabar YouTube Channel बाट देखिन्छ, नयाँ बानेश्वर चोक नजिक दक्षिण-पश्चिममा रहेको भवनको चौंथो तल्लामा रहेको Hardford Consultancy मा १४:१८:१७ मा झ्यालको सिसामा गोली लागेको देखिन्छ भने नयाँ बानेश्वर चोक नजिक Havard को पूर्वी दिशामा भने संसद भवनको दक्षिण दिशामा रहेको Himalayan Java मा रहेका त्यसका संचालकको घाँटीमा गोली लागेको पाइन्छ, Baneshwor Chowk PTZ मा १४:१६ मा भीडहरु संसद भवनको पश्चिमतर्फ नयाँ बानेश्वर चोकबाट भागेको र १४:१७ मा केहि घाइतेहरुलाई बोकेर लगेको देख्न सकिन्छ। |
| १८. | १४:२९:५२ देखि १४:३३:५० | | | यो समयको CCTV FOOTAGE सम्वन्धित कार्यालयहरूबाट प्राप्त हुँदा FOOTAGE हरू नरहेको। |

| | | | | |
|---|---|---|---|---|
| | र १४:३४:४९ देखि १४:४७:५० | | | |
| १९. | १४:५० - १५:१३ | संसद भवनको दक्षिण गेट सिभिल अस्पताल | CCTV: BICC PTZ | प्रदर्शनकारीहरु संसद भवनको दक्षिण गेटबाट हटिसकेको र नयाँ बानेश्वर चोकमा केन्द्रित रहि प्रदर्शन गरिरहेको देखिन्छ भने नेपल प्रहरी एवं सशस्त्र प्रहरीले संयुक्त रुपमा नयाँ बानेश्वर तर्फ रहेका प्रदर्शनकारीलाई लक्षित गरि फर्मेशनमा डिउटी लिएको देखिन्छ, पुन १५:०५ मा थाहा खवर, Arabica Coffee अगाडी रहेका केही प्रदर्शनकारी मेनगेट अगाडी बढे सँगै नयाँ बानेश्वर चोकमा ठूलो संख्यामा रहेका प्रदर्शनकारीहरु समेत संसद गेटमा आईपुग्छन र सुरक्षाकर्मीले अश्रुग्याँस लगायत प्रयोग गरेर प्रदर्शनकारीलाई तितरवितर बनाउँछ, १५:१२ खुट्टामा गोलीद्वारा घाइते प्रदर्शनकारी देखिन्छन भने १५:१३ मा केही घाइते प्रदर्शनकारीहरुलाई दुई वटा एम्बुलेन्सले उद्दार गरेको देखिन्छ। |
| २०. | १५:५४ - १८:१५ | बानेश्वर चोक , एभरेष्ट होटल, सिभिल अस्पताल गेट परिसर वरिपरि | | नेपाली सेनाको टोली गाडी सहित संसद भवनको मेनगेटमा आइपुगेपछी नयाँ बानेश्वर चोकमा रहेका प्रदर्शनकारी सुरक्षाकर्मीहरुको सुरक्षा फर्मेशन तोड्दै मेनगेटमा आईपुग्छन र गेटमा प्रदर्शनकारी चड्ने तथा तोड्ने प्रयास गरे पछी १५:५९ मा सुरक्षाकर्मीले त्यहाँ जम्मा भएको भीडलाई तितरवितर बनाउँछ, १६:०९ मा एकजना घाइते महिला प्रदर्शनकारीलाई प्रदर्शनकारीहरुले बोकी सिभित अस्पताल तर्फ लग्दै गरेको देखिन्छ। सुरक्षाकर्मीले संसद परिसर नजिकबाट प्रदर्शनकारीहरुलाई हटाइसकेको अवस्था देखिन्छ भने, प्रदर्शनकारीको समूह पनि पातलो भइसकेको र केही प्रदर्शनकारी सिभिल अस्पताल तथा नेपाल कमर्शक्याम्पस गेट नजिक रहेका देखिन्छन भने अर्को प्रदर्शनकारीको समूह भने एभरेष्टहोटल अगाडी देखिन्छन्। नेपाली सेनाको टोली गाडी सहित एभरेष्ट होटेल अगाडी आएपछी त्यँहा रहेका प्रदर्शनकारीलाई प्रहरीले बिजुलीबजार तिर लखेट्छ भने १७:३० मा प्रहरी सिभिल अस्पताल गेटतिर गई त्यहाँ रहेका प्रर्शनकारीलाई प्रहरीले हटाउँछ, १८:१५ मा नयाँ बानेश्वर संसद परिसर एरियाको अवस्था सामान्य देखिन्छ। |

- www.onlinekhabar.com को अनुसार बिहान ०८:२३ मा बिधार्थीहरु माइतीघर आसपास प्लेकार्ड सहित भेला जम्मा हुन शुरु हुन्छ, बिहान ०९:१४ मा थोरै संख्यामा प्रदर्शनकारीहरु राष्ट्रिय झण्डा सहित माइतीघर मण्डला एरियामा भेला हुँदै गरेको, भष्ट्राचार बिरुद्द नाराजुलुस सहित विधार्थी पोशाकमा रहेको बिधार्थीहरु।

- बिहान १०:०० मा माइतीघर क्षेत्रमा प्रदर्शनकारीको भीड बढ्दै जान्छ, बिहान १०:२५ सम्म मण्डलाको दक्षिण सडक लेनमा प्रदर्शनकारी रहेको अन्य लेनमा सामान्य अवस्थामा सवारी साधन चलिरहेको देखिन्छ भने १०:२७ देखि केहि प्रदर्शनकारी विजुलीबजार तर्फ लाग्दै गरेको देखिन्छ। EON YouTube Channel को अनुसार १०:५२ मा नेपालटेलिकमको कार्यालय नजिकको पोलमा रहेको तत्कालिन प्रम केपी ओलीको तस्विर देखेर आक्रोशित भई प्रदर्शनकारी च्यातेको, जुन घटना BijulibazarPTZ CCTV मा १०:५२ देखिएको।
- Bijuli Bazar PTZ र Everest Hotel PTZ १०:५८ मा बिजुली बजारपुल हुँदै प्रदर्शनकारीको पहिलो समूह निषेधित क्षेत्र तर्फ रहेको ब्यारिकेट तर्फ बढ्दै गरेको, ११:०० मा ब्यारिकेटमा सुरक्षाकर्मीसँग आमुनेसामुने भएको।
- Everest Hotel PTZ ११:४० मा एभरेष्ट हस्पिटल तर्फबाट केहि प्रदर्शनकारी प्रहरीको व्यारिकेडको पछाडी तर्फ पुग्छन् र सशस्त्र प्रहरीको टोलीले हटाउछन भने ११:४७ मा पुनः सोही दिशाबाट अघिल्लोपटक भन्दा धेरै संख्यामा प्रदर्शनीकारीहरुआई एउटा समूह प्रहरीको ब्यारिकेड तोड्न जान्छन भने अर्को समूह नयाँ बानेश्वर चोक तर्फ अगाडी बढ्छन र ब्यारिकेड तर्फ लागेका प्रदर्शनकारीहरुले ब्यारिकेड तोडी ठूलो समूह चोक तर्फ लाग्छन्।
- ११:४९ मा बाइकसहितका प्रदर्शनकारीहरु नयाँ बानेश्वरचोक तर्फ बढेको, ११:५४ मा प्रहरीले भीडलाई रोक्नलाई आफ्नो फर्मेशनमा रहन प्रयास गरेको, एउटा सानो समूह नयाँ बानेश्वर चोकमा पुगेको, चोकमा सार्वजनिक तथा निजी सवारी साधन सुचारु रहेको, ११:५५ मा भीडलाई तितरवितर पार्न प्रहरीले वाटर क्याननको प्रयोग गरेको भने भीडले प्रहरी माथि ढुंगा प्रहार गरेकोमा भीडलाई नियन्त्रण गर्न नसकेकोले वाटर क्यानन, अश्रुग्याँस प्रयोग गर्दै प्रहरी बानेश्वर चोक तर्फ पछी हट्दै गरेको र भीडको मुख्य जमात संसद भवनतर्फ अघि बढ्दै गरेको।
- Baneshwor Chowk 2 ११:५५ मा सवारी साधन सुचारु रहँदै गर्दा प्रहरी अश्रुग्याँस प्रहार गर्दै संसद भवनतर्फ पछी हटिरहेको भने प्रदर्शनकारी “Youth Against Corruption” लेखिएको ब्यानस सहित संसद भवन तर्फ बढ्दै गरेको।
- Civil Hospital PTZ ११:५१ मा बाइकसवार सहितको पहिलो समूह संसद भवन गेट अगाडी पुगेको देखिन्छ भने संसद भवनको मेनगेटमा रहेको क्यामेरा अनुसार ११:४६ मा सो समूह पुगेको देखिन्छ, onlinekhabar.com अनुसार ११:४९ मा २० जना जतिको समूह पुगेको उल्लेख गरेको छ।
- BICC अगाडी रहेको CCTV मा ११:५४ मा प्रहरीद्वारा अश्रुग्याँसको प्रयोग गरि भीडलाई तितरबितर बनाएकोमा ११:५७ मा वाटरक्यानन पछ्याउँदै प्रदर्शनकारी

मेनगेट अगाडी पुग्छन्, १२:०१ सुरुमा दुईजना प्रदर्शनकारी गेटमाथि चढेको देखिन्छ भने सिभिल हस्पिटल नजिक रहेको CCTV मा भने १२:०५ मा पर्खाल चढि गेट माथि चढेको देखिन्छ, नयाँ बानेश्वर चोकबाट ठूलो संख्यामा आएको भीड संसद भवन गेट नजिक जम्मा भएपछी सडकपेटीमा रहेको रेलिङ्ग तोडेर तेही रेलिङ्गको सहारामा प्रदर्शनकारी गेटमाथि चढेको देखिन्छ।

- ❖ १२:०५ BICC PTZ ठूलो मात्रामा प्रदर्शनकारी BICC मेनगेट अगाडी जम्मा भइसकेका हुन्छन्, BICC गेटमाथि रहेका प्रदर्शनकारीलाई लक्षित गरि अश्रुग्याँस प्रहार, प्रदर्शनकारीद्वारा अश्रुग्याँसशेल प्रहरी तर्फनै प्रहार, सोहि घटना Civil Hospital PTZ मा १२:१० मा देखिएको, onlinakhabar.com र EON YouTube channel बाट समेत यस सम्बन्धी घटनाक्रम उल्लेख गरिएको छ।
- ❖ Civil Hospital Emergency CCTV footage ०८:५९(-०३ घण्टा ८ मिनेट) १२:०७ मा आँखाको तल्लो भागमा चोट लागेको विधार्थी पोशाकमा रहेको पहिलो घाइते इमेर्जेन्सी कक्षमा प्रवेश, १२:१७ देखि घाइतेहरु उपचारार्थ आउने संख्यामा बृद्दि, १२:४१ शरिरको बिभिन्न अंगहरुबाट रगत आएको देखिने घाइते प्रदर्शनकारीहरु एमेर्जेन्सी कक्षमा आउने क्रमसुरु भएको।
- ❖ जिल्ला प्रशासन कार्यालय, काठमाण्डौले १२:३० देखि लागु हुने गरि कर्फ्यू आदेश जारी गरेको, BICC PTZ CCTV मा १२:२९ मा वाइकसवारको आगमन, एकजना मेट गेट तर्फबाट १२:३३ मा पेट समात्दै आएको(संभावित गोलीप्रहारबाट) र सिभिल अस्पतालको इमेर्जेन्सीको क्यामेराबाट १२:५४ मा पेटबाट रगत बगिरहेको अवस्थामा उपचारार्थ आएको। BICC PTZ CCTV मा १२:३४ मा BICC को गेट नजिक आगजनी, onlinekhabar को समाचार अनुसार १२:३७ प्रदर्शनकारी ताक्दै गोली प्रहार भएको। Nepal Commerce Campus को CCTV अनुसार १२:४१ मा दुई एम्बुलेन्स सिभिल अस्पताल तर्फ गएको।
- ❖ करिव १३:१५ देखि संसद भवनको पश्चिम गेटमा प्रदर्शनकारीहरुले सुरक्षाकर्मीलाई लक्षित गरी ढुंगामुडा गर्छन भने गेट समेत तोडफोड गर्ने प्रयास गर्छन् भने प्रहरीले प्रदर्शनकारी माथि अश्रुग्याँस प्रहार गर्दछन्।
- ❖ BICC PTZ १२:३५ मा प्रहरीद्धारा मेनगेट वरपर जम्मा भएका प्रदर्शनकारी लक्षित गरि tear gas प्रहार, १२:४० मा संसद भवन परिसरबाट गेट भित्रबाट पानीको फोहोरा प्रहार गरिएको, १२:५५ मा गोलीप्रहारबाट घाइतेलाई उद्धार गरिदै गरिएको। १२:५५ पछि गोली प्रहारबाट घाइते प्रदर्शनकारीको संख्यामा ब्यापक बृद्दी, १३:०१ मा प्रदर्शनकारीद्वारा प्रहरी लक्षित गरी मोलोटोव प्रहार, १३:०५ मा प्रहरीद्वारा मेनगेट अगडीप्रदर्शनकारीको टाउकोमा गोली प्रहार गरेको देखिन्छ जुन घटना YouTube

Channel GCSVLOGS ले राखेको भिडियोबाट प्रष्ट देखिन्छ।

- BICC PTZ मेनगेट अगाडीको भीडको माहोल शान्त अवस्थामा रहेकोमा १३:१९ मा ३५-४० को संख्यामा बाइक सवार समूहको मेनगेट अगाडी प्रवेश हुन्छ, १३:३२ मा प्रदर्शनकारीहरुले मेनगेट अगाडी ढलेका व्यारिकेड सडकमा राखी ब्यारिकेड पछाडी पम्पलेट सहित प्रदर्शन गरिरहेका हुन्छन, यसै क्रममा १३:३४ मा नगर प्रहरी(City Police)को टोली गाडीबाट निस्केर शान्त प्रदर्शनकारी तर्फ बल प्रयोग गर्दै बढ्छ भने अन्य स्थानबाट प्रहरीद्वारा ब्यापक रुपमा अश्रुग्याँसको प्रयोग गरी भीडलाई तितरवितर गरेको देखिन्छ र केही घाइतेलाई एम्बुलेन्सले उद्दार गर्छ, १३:३८ मा प्रदर्शनकारीको आक्रोसित भीड एकिकृत भई प्रहरीमाथि ढुंगामुडा गरेको देखिन्छ, १३:४३ मा घाइते प्रदर्शनकारीको उद्दारका लागि दुई एम्बुलेन्स आएको र संसद भवनको सामुन्ने रहेको लुम्बिनि तन्दुरी भोजनालय अगाडी एकजना घाइतलाई CPR दिदै गरेको देखिन्छ।
- Baneshwor Chowk 1 १२:१५ मा प्रदर्शनकारीको एउटा समूह बानेश्वर चोकबाट पश्चिम गेट तर्फ लागेको, १२:४२ मा प्रदर्शनकारीद्वारा प्रहरी लक्षित ढुंगाप्रहार, १२:५३ मा पर्खाल चढेर रेलिङ भाच्न सुरु, १३:०९ मा आन्दोलकारीद्वारा बानेश्वरचोकमा राखिएको ट्राफिक संकेत रहेको फलामे पोलको प्रयोगगरी BICC को बानेश्वरचोक पश्चिम तर्फको हाइपोईन्ट तर्फको पर्खाल फुटाउन सुरु गरेको र केही प्रदर्शनकारी संसद परिसरमा प्रवेश गरेको, १३:१५ संसद भवन परिसरमा रहेको प्रहरी लक्षित गर्दै ढुंगा प्रहार गर्दै गर्दा एक प्रदर्शनकारीलाई गोली लागी हातले बोकेर लगिएको, १३:३३ मा गोली प्रहारद्वारा घाइतेलाई व्हिलचेयरमा राखेर उद्दार गरेको देखिन्छ।
- १३:०० देखि लागु हुने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंले राष्ट्रपतिको कार्यालय शीतलनिवास, उपराष्ट्रपतिको कार्यालय लैनचौर, नारायणहिटी दरबार संग्रहालय र सिंहदरबार क्षेत्र कर्फ्यू लाग्ने क्षेत्र बिस्तार, १३:२० देखि online media मा पत्रकारहरु समेत घाइते भएको समाचार आउँछ, onlinekhabar.com ले १३:४० मा सिभिल अस्पतालमा उपचारका क्रममा एक जनाको मृत्यु भनेर भएको उल्लेख गरेको र ratopati.com ले १३:५४ मा एक जनाको मृत्यु र ७० जना घाइते भनी समाचार प्रकाशित गर्दछ। Civil Hospital Emergency CCTV अनुसार १३:०० बजे आसपासमा गम्भीर प्रकृतिका घाइतेहरुको चाप बढ्छ भने १३:२४ मा एकजना घाइते पत्रकार इमेर्जेन्सी कक्षमा उपचारार्थ आएको देखिन्छ।
- Arabica Coffee Shop को CCTV अनुसार १३:२० मा गोलीले त्यहाँको अगाडीको सिसा पुटेको देखिन्छ भने BICC PTZ (अन्य CCTV Camera भन्दा ४:३० से. ढिलो) अनुसार १३:१७ मा एक जना प्रदर्शनकारी खुट्टामा चोट लागेर भागिरहेको देखिन्छ,

त्यसपछी एउटा प्रदर्शनकारीको समूह मेनगेट नजिक रहेका प्रहरीमाथि आक्रामक शैलिमा प्रस्तुत हुन्छन्, Civil Hospital PTZ मा १३:२१ मा प्रदर्शनकारी मेनगेट तर्फबाट घाइतेलाई उचालेर Arabica Coffee Shop तर्फ भाग्दै गरेको देखिन्छ। Rolex Moto YouTube Channel मा समेत Arabia Coffee अगाडी प्रदर्शनकारीहरु गोली प्रहारबाट घाइते भएको देखिन्छ।

- Civil Hospital PTZ र Nepal Commerce Campus CCTV १३:५६ मा Uniglobe Polyclinic रहेको भवनतर्फ प्रदर्शनकारीले ढुंगा प्रहार गर्दछन्, BICC PTZ १४:२२ मा सशस्त्र प्रहरीको एम्बुलेन्स मेनगेट अगाडी आइपुग्छ र त्यसमा सवार सशस्र प्रहरीहरुलाई संसद परिसर भित्र पठाई प्रदर्शनकारीहरुले एम्बुलेन्स आगो लगाईदिन्छन र गेट अगाडी सडकमा राखिएको मृतकलाई अर्को एम्बुलेन्समा राखेर लगेको देखिन्छ।
- EON YouTube Channel अनुसार बानेश्वर चोकमा १४:१५-१४:३० मा एकजना विद्धार्थीलाई टाउकोमा गोली लागेको उल्लेख गरेकोमा Everest Hotel Baneshwor PTZ बाट १४:१४ मा केहीलाई एम्बुलेन्सले बानेश्वरचोकबाट उद्दार गर्दै गरेको देखिन्छ भने Civil Hospital PTZ बाट १४:२६ मा एकजनालाई प्रदर्शनकारीद्वारा उद्दार गर्दै गरेको देखिन्छ।
- EON Youtube Channel मा विधार्थीलाई टाउकोमा गोली लागेको देखिन्छ भने प्रहरी संसद भवनको पश्चिम ढोका र पानी टयाङ्की विच रहेको सडकबाट गोली प्रहार गरेको Web Khabar YouTube Channel बाट देखिन्छ, नयाँ बानेश्वर चोक नजिक दक्षिण-पश्चिममा रहेको भवनको चौंथो तल्लामा रहेको Hardford Consultancy मा १४:१८:१७ मा झ्यालको सिसामा गोली लागेको देखिन्छ भने नयाँ बानेश्वर चोक नजिक Havard को पूर्वी दिशामा भने संसद भवनको दक्षिण दिशामा रहेको Himalayan Java मा रहेका त्यसका संचालकको घाँटीमा गोली लागेको पाइन्छ, Baneshwor Chowk PTZ मा १४:१६ मा भीडहरु संसद भवनको पश्चिमतर्फ नयाँ बानेश्वर चोकबाट भागेको र १४:१७ मा केहि घाइतेहरुलाई बोकेर लगेको देख्न सकिन्छ।
- BICC PTZ मा १४:२९:५२ देखि १४:३३:५० र १४:३४:४९ देखि १४:४७:५० सम्मको फुटेज नरहेको र १४:५० मा प्रदर्शनकारीहरु संसद भवनको दक्षिण गेटबाट हटिसकेको र नयाँ बानेश्वर चोकमा केन्द्रित रहि प्रदर्शन गरिरहेको देखिन्छ भने नेपल प्रहरी एवं सशस्त्र प्रहरीले संयुक्त रुपमा नयाँ बानेश्वर तर्फ रहेका प्रदर्शनकारीलाई लक्षित गरि फर्मेशनमा डिउटी लिएको देखिन्छ र स्थिति नियन्त्रणमा देखिन्छ, BICC PTZ १५:०५ मा थाहा खवर, Arabica Coffee अगाडी रहेका केही प्रदर्शनकारी मेनगेट

अगाडी बढे सँगै नयाँ बानेश्वर चोकमा ठूलो संख्यामा रहेका प्रदर्शनकारीहरु समेत संसद गेटमा आईपुग्छन र सुरक्षाकर्मीले अश्रुग्याँस लगायत प्रयोग गरेर प्रदर्शनकारीलाई तितरवितर बनाउँछ, १५:१२ खुट्टामा गोलीद्वारा घाइते प्रदर्शनकारी देखिन्छन भने १५:१३ मा केही घाइते प्रदर्शनकारीहरुलाई दुई वटा एम्बुलेन्सले उद्दार गरेको देखिन्छ।

- ❖ BICC PTZ १५:५४ मा नेपाली सेनाको टोली गाडी सहित संसद भवनको मेनगेटमा आइपुगेपछी नयाँ बानेश्वर चोकमा रहेका प्रदर्शनकारी सुरक्षाकर्मीहरुको सुरक्षा फर्मेशन तोड्दै मेनगेटमा आईपुग्छन र गेटमा प्रदर्शनकारी चढ्ने तथा तोड्ने प्रयास गरे पछी १५:५९ मा सुरक्षाकर्मीले त्यहाँ जम्मा भएको भीडलाई तितरवितर बनाउँछ, १६:०९ मा एकजना घाइते महिला प्रदर्शनकारीलाई प्रदर्शनकारीहरुले बोकी सिभित अस्पताल तर्फ लग्दै गरेको देखिन्छ।
- ❖ १६:०५ सम्ममा सुरक्षाकर्मीले संसद परिसर नजिकबाट प्रदर्शनकारीहरुलाई हटाइसकेको अवस्था देखिन्छ भने, प्रदर्शनकारीको समूह पनि पातलो भइसकेको र केही प्रदर्शनकारी सिभिल अस्पताल तथा नेपाल कमर्शक्याम्पस गेट नजिक रहेका देखिन्छन भने अर्को प्रदर्शनकारीको समूह भने एभरेष्टहोटल अगाडी देखिन्छन्।
- ❖ १६:३४ मा नेपाली सेनाको टोली गाडी सहित एभरेष्ट होटेल अगाडी आएपछी त्यँहा रहेका प्रदर्शनकारीलाई प्रहरीले बिजुलीबजार तिर लखेट्छ भने १७:३० मा प्रहरी सिभिल अस्पताल गेटतिर गई त्यहाँ रहेका प्रर्शनकारीलाई प्रहरीले हटाउँछ, १८:१५ मा नयाँ बानेश्वर संसद परिसर एरियाको अवस्था सामान्य देखिन्छ।

(*Source: Harddisk1/उपत्यका प्रहरी कार्यालय सिसिटिभि फुटेज/CCTV Valley Police, Harddisk1/Civil hospital, Harddisk1/बिभिन्न स्रोतहरूबाट प्राप्त सोसियल मिडिया लिंकहरू /Social Media/Arabia Coffee, Hardford, Himalayan Java

https://www.onlinekhabar.com/interactive/interactive-protest-timeline.html )

Youtube Channel : https://www.youtube.com/@eon_nepal

## भाद्र २४ को घटनाक्रम

*बानेश्वर क्षेत्र*

| क्र.सं. | समय | स्थान | स्रोतहरू | घटना |
|---|---|---|---|---|
| १. | ०७:५८<br>- | ससंद भवन दक्षिण गेट, बानेश्वर | CCTV: Civil Hospital PTZ, Commerce Campus Minbhawan | आन्दोलनकारीहरू बिहानदेखि नै ससंद भवनको दक्षिण गेट अगाडी जम्मा भए २३ गते भाचेको फलामे बारहरू समेत |

| | | | | |
|---|---|---|---|---|
| | ०८:२४ | | | मुख्य सडक खण्डमा तेर्साई बाटो बन्द गर्न खोजेको देखिन्छ। |
| २. | ०९:१८ | मिनभवन क्याम्पस गेट जाने मुख्य सडक खण्ड | CCTV: Nepal Commerce Campus Minbhawan | मिनभवनको मुख्य सडक खण्डनमा आन्दोलनकारीहरू जम्मा भई आन्दोलन शुरू गरेको देखिन्छ। |
| ३. | ११:३१ - ११:५५ | बबरमहल देखि बिजुलीबजार स्थित कृष्ण टावर | CCTV: Krishna Tower PTZ | सर्वप्रथम आन्दोलनकारी बिजुलीबजार नजिकै रहेको कृष्ण टावर अगाडी जम्मा भएको र बबरमहलबाट आएको आन्दोलनकारीसँग भेटि बानेश्वर तर्फ अघि बढेको देखिन्छ। |
| ४. | ११:५८ | बानेश्वर चोक | CCTV:Baneshwor Chowk PTZ | बानेश्वर चोकमा आन्दोलनकारीहरूले आगजानी गरेको पश्चात नेपाल प्रहरीले लिएको डिउटिको फर्मेशन छोडि ब्याक भएको देखिन्छ । |
| ५. | १२:०० - १२:०१ | च्यासल | Onlinekhabar news & onlinekhabar Drone Footage | च्यासलस्थित एमालेको केन्द्रियकार्यालयमा आगजनी सुरु भएको उल्लेख गरेको छ भने अनलाइनखबरबाट प्राप्त ड्रोन फुटेजमा १२:०१ मा आगजनी भईरहेको र त्यस क्षेत्र वरपर रहेका अन्य भवन, व्यापारिक प्रतिष्ठानहरुमा समेत आगलागी भईरहेको देखिन्छ। |
| ६. | १२:११ - १३:०१ | बानेश्वर चोक | CCTV:Baneshwor Chowk PTZ र Everest Hotel , OnlineKhabar , Onlinekhabar बाट प्राप्त Drone Footage | बानेश्वर चोकमा रहेको ट्राफिक प्रहरीको आईल्याण्डमा आन्दोलनकारहरुले आगजानी गरेको देखिन्छ, अर्को भीड बानेश्वर चोक तर्फ नाराबाजी गर्दै अगाडी बढेको १३:०१ मा अनलाइनखवरबाट प्राप्त ड्रोन फुटेज अनुसार आन्दोलनकारीहरु नयाँ बानेश्वर चोक देखि पश्चिम गेट तर्फ भेला भइरहेको देखिन्छ |
| ७. | १३:०८ - १३:१४ | यातायात कार्यालय बानेश्वर | Onlinekhabar news | संसद भवन नजिकै रहेको यातायात कार्यालयमा आन्दोलनकारीहरुले आगजनी गरेका छन् भने अनलाइनखवरबाट प्राप्त ड्रोन फुटेज सो समयमा यातायात कार्यालयमा आगलागी भईरहेको र संसद भवन परिसरको मुख्य गेटमा सुरक्षाकर्मी फर्मेशनमा रहेको परिसर भित्र आन्दोलनकारी नदेखिएको अवस्था रहेको देखिन्छ। |
| ८. | १३:१४ - ०२:५६ | बानेश्वर चोक लगायत संसद भवन वरीपरी | Onlinekhabar news र Onlinekhabar प्राप्त Drone | बानेश्वरमा Youth Against Corruption को पम्पेलट सहितको ठूलो भीड बानेश्वर चोकबाट अगाडी बढि रहेको देखिन्छ, ०२:५० मा संसद भवनमा आगजनी शुरु गरि सकेको देखिन्छ भने अनलाईन खबरबाट प्राप्त ड्रोन फुटेजमा ०२:५६ मा संसद भवनमा आगो लागेको देखिन्छ। |

- ❖ Civil Hospital PTZ र Nepal Commerce Campus MinBhawan बिहान ०७:५८ देखि नै आन्दोलनकारी बानेश्वर संसद भनव मेन गेट अगाडी जम्मा भई ०८:२४ मा अघिल्लो दिन बाचेको फलामे बारहरू समेत मेन गेट अगाडीको बाटोमा तेर्साई गाडीहरू बन्द गर्न खोजेको।

- ❖ Nepal Commerce Campus MinBhawan ०९:१८ मा मिनभवन क्याम्पस अगाडी आन्दोलनकारीहरू जम्मा भइ आन्दोलन शुरु गरेको।
- ❖ Krishna Tower PTZ ११:३१ मिनेटमा सर्वप्रथम आन्दोलनकारीहरु बिजुलीबजार नजिकै रहेको Krishna Tower अगाडी जम्मा हुन सुरु गरी ११: ५५ मा बबरमहल तर्फबाट आएको आन्दोलनकारीहरु सँग मिसिइ बानेश्वर तर्फ अघि बढेको।
- ❖ Baneshwor Chowk PTZ पहिलो पल्ट ११:५८ मा बानेश्वर चोकमा आन्दोलनकारीहरूले आगजानी गरेको पश्चात नेपाल प्रहरीले लिएको डिउटिको फर्मेशन छोडि ब्याक भएको।
- ❖ www.onlinekhabar.com का अनुसार १२:०० मा च्यासलस्थित एमालेको केन्द्रियकार्यालयमा आगजनी सुरु भएको उल्लेख गरेको छ भने अनलाइनखबरबाट प्राप्त ड्रोन फुटेजमा १२:०१ मा आगजनी भईरहेको र त्यस क्षेत्र वरपर रहेका अन्य भवन, व्यापारिक प्रतिष्ठानहरुमा समेत आगलागी भईरहेको देखिन्छ।
- ❖ Baneshwor Chowk PTZ र Everest Hotel 1 आन्दोलनकारीहरूले १२:११ बजे बानेश्वर चोकमा रहेको ट्राफिक प्रहरीको आईल्याण्डमा आन्दोलनकारहरुले आगजानी गरेको देखिन्छ र सोही घटना www. onlinekhabar.com का अनुसार १२:१४ मा ट्राफीख बिटमा आगजनी गरेको उल्लेख गरेको छ। १२:४५ मा फेरी अर्को भीड बानेश्वर चोक तर्फ नाराबाजी गर्दै अगाडी बढेको १३:०१ मा अनलाइनखवरबाट प्राप्त ड्रोन फुटेज अनुसार आन्दोलनकारीहरु नयाँ बानेश्वर चोक देखि पश्चिम गेट तर्फ भेला भइरहेको देखिन्छ।
- ❖ www.onlinekhabar.com ले उल्लेख गरे अनुसार १३:०८ मा संसद भवन नजिकै रहेको यातायात कार्यालयमा आन्दोलनकारीहरुले आगजनी गरेका छन् भने अनलाइनखवरबाट प्राप्त ड्रोन फुटेज सो समयमा यातायात कार्यालयमा आगलागी भईरहेको र संसद भवन परिसरको मुख्य गेटमा सुरक्षाकर्मी फर्मेशनमा रहेको परिसर भित्र आन्दोलनकारी नदेखिएको अवस्था रहेको देखिन्छ।
- ❖ अनलाईन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:१४ मा बानेश्वरमा Youth Against Corruption को पम्पेलट सहितको ठूलो भीड बानेश्वर चोकबाट अगाडी बढि रहेको देखिन्छ।
- ❖ www.onlinekhabar.com ले उल्लेख गरे अनुसार ०२:५० मा संसद भवनमा आगजनी शुरु गरि सकेको देखिन्छ भने अनलाईन खबरबाट प्राप्त ड्रोन फुटेजमा ०२:५६ मा संसद भवनमा आगो लागेको देखिन्छ।

(*Source: Harddisk1/उपत्यका प्रहरी कार्यालय सिसिटिभि फुटेज/CCTV Valley Police/2nd Time Footage/Export 11-3-2025 1-02-38 PM/Media Player Format/Civil Hospital PTZ, Nepal Commerce Campus Minbhawan, Export 11-3-2025 1-04-23 PM/Media Player Format/Baneshwor Chowk PTZ, Everest Hotal PTZ, Krishana Tower PTZ

https://www.onlinekhabar.com/interactive/interactive-protest-timeline.html )

*सिंहदरवार क्षेत्र*

| क्र.सं. | समय | स्थान | स्रोतहरू | घटना |
|---|---|---|---|---|
| १. | १३:०२ - १३:३० | भद्रकाली देखि सिंहदरवार पश्चिम गेट सम्म | CCTV: Bhadrakali PTZ, Singha Durbar Paschim Gate, | आन्दोलनकारीहरू सिंहदरवारको पश्चिम गेट तर्फ अगाडी बढिरहेको तथा नेपाल प्रहरीको वाटर क्यानन तथा सुरक्षाकर्मीहरू समेत आफ्नो फर्मेशनमा डिउटि लिई रहेको देखिन्छ, नेपाल प्रहरीको Water गएको तथा आन्दोलनकारीहरू मध्ये आधि जती आन्दोलनकारीहरू प्रदर्शनी मार्ग तर्फ मोडिइ उपत्यका ट्राफिक प्रहरी अगाडी सम्म राखिएका डिभाइडहरू तोडफोड गर्न सुरु गरेको देखिन्छ , प्रर्दशनी मार्ग तिरवाट ठूलो संख्यामा भीड हातमा लठ्ठि, फलाम बासहरू लिइ सिंहदरवार पश्चिम गेटमा जम्मा भए प्रहरीको ब्यारेक गटे समेत तोडफोड गरी मुख्य बाटोमा टायरमा आगजनी गरेको, सुरक्षाकर्मीहरू मेन गेटबाट सानो गटे तर्फ सरेको साथै आन्दोलनकारी पश्चिम गेटमा चढि सकेको. सुरक्षाकर्मीहरु पश्चिम गेटबाट सानो गेटमा सरे पश्चात आन्दोलनकारीहरू पश्चिम गेट भित्र नै छिरि सकेको तथा बाहिरको डिउटि सम्पूर्ण पश्चिम गेट भित्र छिरेको देखिन्छ। |
| २. | १३:४०- १३:४९ | सिंहदरवार पश्चिम गेट अगाडी | CCTV: Singha Durbar Paschim Gate,Inside VIP Gate | आन्दोलनकारी सिंहदरवार पश्चिम गेट भित्र छिरी सेकेको देखिन्छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ मा आन्दोलनकारीको भीड सिंहदरवारको पश्चिम गेट अगाडी तिर भाग्दै गरेको देखिन्छ, अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ मा आन्दोलनकारीहरू पश्चिम गेटमा चढ्न शुरु गरेको देखिन्छ, |
| ३. | १५:०३- १५:१५ | सिंहदरवार पश्चिम गेट अगाडी | CCTV: Old Home Turning, Onlinekhabar Drone Footage | पहिलो पल्ट आन्दोलनकारीहरू प्रधानमन्त्री परिसर अगाडी पुगेको देखिन्छ, ठूलो आगो दन्किन शुरु गरेको देखिन्छ तथा अनलाईन खबरबाट प्राप्त ड्रोन फुटेज अनुसार १५:१३ मा सिंहदरवार परिसरमा ठूलो मात्रामा धुवा उडेको देखिन्छ |
| ४. | १४:५५ | सिंहदरवार दक्षिण गेट | CCTV: Singha Durbar Dakshin Gate | आन्दोलनकारीहरू दक्षिण गेटमा तोडफोड तथा आगजनी शुरु गरेको देखिन्छ। |
| ५. | १५:०७ | प्रधानमन्त्री कार्यालयको पार्किङ | CCTV: PM Parking | आन्दोलनकारीहरूले प्रधानमन्त्री कार्यालयको पार्किङमा रहेको मोटरसाइकल तथा गाडीमा तोडफोड तथा आगजनी गरको। |
| ६. | १५:०९ | सिंहदरबार भित्रको मुख्य पार्किङ | CCTV:Main parking | आन्दोलनकारीहरूले पार्किङमा रहेको मोटरसाइकल तथा गाडीमा तोडफोड तथा आगजनी गरको |
| ७. | १५:१८ | शिक्षा मन्त्रालय तथा गृह पार्किङ | CCTV: Sikshya Parking, Griha Parking | आन्दोलनकारीहरूको समूहले आगजनी तथा तोडफोड शुरु गरेको देखिन्छ। |

- Bhadrakali PTZ भद्रकालीबाट १३:०२ मिनेटमा आन्दोलनकारीहरू सिंहदरवारको पश्चिम गेट तर्फ अगाडी बढिरहेको तथा नेपाल प्रहरीको वाटर क्यानन तथा सुरक्षाकर्मीहरू समेत आफ्नो फर्मेशनमा डिउटि लिई रहेको देखिन्छ।

- ❖ Singha Durbar Paschim Gate PTZ पहिलो पल्ट १३:०५ मिनेटमा गेट अगाडी पुगे पश्चात लगत्तै नेपाल प्रहरीको Water गएको तथा आन्दोलनकारीहरू मध्ये आधि जती आन्दोलनकारीहरू प्रदर्शनी मार्ग तर्फ मोडिइ उपत्यका ट्राफिक प्रहरी अगाडी सम्म राखिएका डिभाइडहरू तोडफोड गर्न सुरु गरेको देखिन्छ।
- ❖ Singha Durbar Paschim Gate PTZ १३:१२ प्रर्दशनी मार्ग तिरवाट ठूलो संख्यामा भीड हातमा लठ्ठि, फलाम बासहरू लिइ सिंहदरवार पश्चिम गेटमा जम्मा भए प्रहरीको ब्यारेक गटे समेत तोडफोड गरी मुख्य बाटोमा टायरमा आगजनी गरेको।
- ❖ Singha Durbar Paschim Gate PTZ १३:२६ मिनेटमा सुरक्षाकर्मीहरू मेन गेटबाट सानो गटे तर्फ सरेको साथै आन्दोलनकारी पश्चिम गेटमा चढि सकेको तथा १३:३० मिनेटमा सुरक्षाकर्मीहरु पश्चिम गेटबाट सानो गेटमा सरे पश्चात आन्दोलनकारीहरू पश्चिम गेट भित्र नै छिरि सकेको तथा बाहिरको डिउटि सम्पूर्ण पश्चिम गेट भित्र छिरेको देखिन्छ।
- ❖ Inside of VIP Gate १३:४० बजे पहिलो पल्ट आन्दोलनकारी सिंहदरवार पश्चिम गेट भित्र छिरी सेकेको देखिन्छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ मा आन्दोलनकारीको भीड सिंहदरवारको पश्चिम गेट अगाडी तिर भाग्दै गरेको देखिन्छ।
- ❖ अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ मा आन्दोलनकारीहरू पश्चिम गेटमा चढ्न शुरु गरेको देखिन्छ।

Old Home Affair Turning १५:०३ मा पहिलो पल्ट आन्दोलनकारीहरू प्रधानमन्त्री परिसर अगाडी पुगेको देखिन्छ भने १५:१५ मा ठूलो आगो दन्किन शुरु गरेको देखिन्छ तथा अनलाईन खबरबाट प्राप्त ड्रोन फुटेज अनुसार १५:१३ मा सिंहदरवार परिसरमा ठूलो मात्रामा धुवा उडेको देखिन्छ।

- ❖ Singha Durbar Dakshin Gate १४:५५ आन्दोलनकारीहरू दक्षिण गेटमा तोडफोड तथा आगजनी शुरु गरेको देखिन्छ।
- ❖ Main Parking १५:०९ मा आन्दोलनकारीहरूले पार्किङमा रहेको मोटरसाइकल तथा गाडीमा तोडफोड तथा आगजनी गरको।
- ❖ PM Parking १५:०७ मा आन्दोलनकारीहरूले पार्किङमा रहेको गाडीहरू आगजनी तथा तोडफोड गरेको देखिन्छ।
- ❖ Sikshya Parking र Griha Parking १५:१८ मा आन्दोलनकारीहरूको समूहले आगजनी तथा तोडफोड शुरु गरेको देखिन्छ।

(*Source: HardDisk 1/सिंहदरवार/CCTV फुटेज/NVR1/PM Parking, D06,D20, D22,D23,D32,

https://www.onlinekhabar.com/interactive/interactive-protest-timeline.html )

**घटनाको विश्लेषण**

२०८२ भाद्र २३ गते काठमाडौंमा भ्रष्टाचारविरुद्ध युवा विद्यार्थीहरूको माइतीघर मण्डलाबाट सुरु भई नयाँ बानेश्वर चोक हुँदै संसद भवनसम्म फैलिएको थियो। विभिन्न सीसीटीभी फुटेज, युट्युब च्यानलहरू र अनलाइन मिडियाका आधारमा यो घटनाको क्रमिक विवरण यस प्रकार छः

**प्रदर्शनको सुरुवातः माइतीघरमा भेला**

बिहान ८:२३ बाटै विद्यार्थीहरू माइतीघर आसपास प्लेकार्डसहित भेला हुन थालेका थिए। बिहान ९:१४ सम्म थोरै संख्यामा प्रदर्शनकारीहरू राष्ट्रिय झण्डासहित माइतीघर मण्डला क्षेत्रमा जम्मा भएका देखिन्छन्। उनीहरू भ्रष्टाचारविरुद्ध नारा लगाउँदै विद्यार्थी पोसाकमा थिए।

बिहान १०:०० सम्म माइतीघर क्षेत्रमा प्रदर्शनकारीको भीड बढ्दै गयो। १०:२५ सम्म मण्डलाको दक्षिण सडक लेनमा प्रदर्शनकारीहरू थिए भने अन्य लेनमा सवारी साधनहरू सामान्य रूपमा चलिरहेका थिए। १०:२७ बाट केही प्रदर्शनकारीहरू विजुली बजारतर्फ लागेका देखिन्छन्। ईओएन युट्युब च्यानलका अनुसार १०:५२ मा नेपाल टेलिकमको कार्यालय नजिकको पोलमा रहेको तत्कालीन प्रधानमन्त्री केपी ओलीको तस्बिर देखेर प्रदर्शनकारीहरू आक्रोशित भई च्यातेक थिए, जुन विजुली बजार पीटीजेड सीसीटीभीमा १०:५२ मा कैद भएको छ।

**निषेधित क्षेत्रतर्फ अघि बढ्दै प्रदर्शन**

विजुली बजार पीटीजेड र एभरेस्ट होटल पीटीजेड सीसीटीभीका अनुसार १०:५८ मा विजुली बजार पुल हुँदै प्रदर्शनकारीहरूको पहिलो समूह निषेधित क्षेत्रतर्फ रहेको व्यारिकेटतर्फ बढेका थिए। ११:०० मा उनीहरू व्यारिकेटमा सुरक्षाकर्मीसँग आमनेसामने भएका थिए।

एभरेस्ट होटल पीटीजेड सीसीटीभीमा ११:४० मा एभरेस्ट अस्पतालतर्फबाट केही प्रदर्शनकारीहरू प्रहरीको व्यारिकेटको पछाडितर्फ पुगेका देखिन्छन्, जसलाई सशस्त्र प्रहरीको टोलीले हटाएको थियो। ११:४७ मा पुनः सोही दिशाबाट अघिल्लो पटकभन्दा धेरै संख्यामा प्रदर्शनकारीहरू आएका थिए। एउटा समूहले प्रहरीको व्यारिकेट तोड्न प्रयास गरेको थियो भने अर्को समूह नयाँ बानेश्वर चोकतर्फ अघि बढेको थियो। व्यारिकेटतर्फ लागेका प्रदर्शनकारीहरूले व्यारिकेट तोडी ठूलो समूह चोकतर्फ लागेका थिए।

११:४९ मा बाइकसहितका प्रदर्शनकारीहरू नयाँ बानेश्वर चोकतर्फ बढेका थिए। ११:५४ मा प्रहरीले भीडलाई रोक्न आफ्नो फर्मेसनमा रहन प्रयास गरेको थियो। एउटा सानो समूह नयाँ बानेश्वर

चोकमा पुगेको थियो, जहाँ सार्वजनिक तथा निजी सवारी साधनहरू सुचारु थिए। ११:५५ मा भीडलाई तितरबितर पार्न प्रहरीले वाटर क्यानन प्रयोग गरेको थियो। तर, भीडले प्रहरीमाथि ढुंगा प्रहार गरेपछि प्रहरीले वाटर क्यानन र अश्रुग्यास प्रयोग गर्दै बानेश्वर चोकतर्फ पछि हटेको थियो। भीडको मुख्य जमात संसद भवनतर्फ अघि बढेको थियो।

बानेश्वर चोक २ सीसीटीभीमा ११:५५ मा सवारी साधनहरू सुचारु रहँदै गर्दा प्रहरी अश्रुग्यास प्रहार गर्दै संसद भवनतर्फ पछि हटिरहेको देखिन्छ भने प्रदर्शनकारीहरू "Youth Against Corruption" लेखिएको ब्यानरसहित संसद भवनतर्फ बढेका थिए।

**संसद भवन गेटमा पुग्दै प्रदर्शनकारीहरू**

सिभिल अस्पताल पीटीजेड सीसीटीभीमा ११:५१ मा बाइकसवारसहितको पहिलो समूह संसद भवन गेट अगाडी पुगेको देखिन्छ भने संसद भवनको मेन गेटमा रहेको क्यामेराका अनुसार ११:४६ मा सो समूह पुगेको थियो। अनलाइनखबर डटकमका अनुसार ११:४९ मा २० जना जतिको समूह पुगेको उल्लेख छ।

बीआईसीसी अगाडी रहेको सीसीटीभीमा ११:५४ मा प्रहरीद्वारा अश्रुग्यास प्रयोग गरी भीडलाई तितरबितर बनाएको थियो। ११:५७ मा वाटर क्यानन पछ्याउँदै प्रदर्शनकारीहरू मेन गेट अगाडी पुगेका थिए। १२:०१ मा सुरुमा दुई जना प्रदर्शनकारीहरू गेटमाथि चढेका देखिन्छन् भने सिभिल अस्पताल नजिक रहेको सीसीटीभीमा १२:०५ मा पर्खाल चढी गेटमाथि चढेको देखिन्छ। नयाँ बानेश्वर चोकबाट ठूलो संख्यामा आएको भीड संसद भवन गेट नजिक जम्मा भएपछि सडकपेटीमा रहेको रेलिङ तोडेर त्यही रेलिङको सहारामा प्रदर्शनकारीहरू गेटमाथि चढेका थिए।

१२:०५ मा बीआईसीसी पीटीजेड सीसीटीभीमा ठूलो मात्रामा प्रदर्शनकारीहरू बीआईसीसी मेन गेट अगाडी जम्मा भइसकेका थिए। बीआईसीसी गेटमाथि रहेका प्रदर्शनकारीहरूलाई लक्षित गरी अश्रुग्यास प्रहार भएको थियो भने प्रदर्शनकारीहरूले अश्रुग्यास सेल प्रहरीतर्फ नै प्रहार गरेका थिए। सोही घटना सिभिल अस्पताल पीटीजेडमा १२:१० मा देखिएको छ। अनलाइनखबर र ईओएन युट्युब च्यानलबाट समेत यस सम्बन्धी घटनाक्रम उल्लेख गरिएको छ।

**घाइतेहरूको उपचार र कर्फ्यू आदेश**

सिभिल अस्पताल इमर्जेन्सी सीसीटीभी फुटेजमा १२:०७ मा आँखाको तल्लो भागमा चोट लागेको

विद्यार्थी पोसाकमा रहेको पहिलो घाइते इमर्जेन्सी कक्षमा प्रवेश गरेको देखिन्छ। १२:१७ बाट घाइतेहरू उपचारार्थ आउने संख्यामा वृद्धि भएको थियो भने १२:४१ मा शरीरका विभिन्न अंगहरूबाट रगत आएको देखिने घाइते प्रदर्शनकारीहरू इमर्जेन्सी कक्षमा आउने क्रम सुरु भएको थियो।

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले १२:३० बाट लागु हुने गरी कर्फ्यू आदेश जारी गरेको थियो। बीआईसीसी पीटीजेड सीसीटीभीमा १२:२९ मा बाइकसवारको आगमन देखिन्छ भने एक जना मेट गेटतर्फबाट १२:३३ मा पेट समात्दै आएको (सम्भावित गोली प्रहारबाट) र सिभिल अस्पतालको इमर्जेन्सी क्यामेराबाट १२:५४ मा पेटबाट रगत बगिरहेको अवस्थामा उपचारार्थ आएको देखिन्छ। बीआईसीसी पीटीजेड सीसीटीभीमा १२:३४ मा बीआईसीसीको गेट नजिक आगजनी भएको थियो भने अनलाइनखबरको समाचार अनुसार १२:३७ मा प्रदर्शनकारी ताक्दै गोली प्रहार भएको थियो। नेपाल कमर्स क्याम्पसको सीसीटीभी अनुसार १२:४१ मा दुई एम्बुलेन्स सिभिल अस्पतालतर्फ गएका थिए।

करिब १३:१५ बाट संसद भवनको पश्चिम गेटमा प्रदर्शनकारीहरूले सुरक्षाकर्मीलाई लक्षित गरी ढुंगामुडा गरेका थिए भने गेटसमेत तोडफोड गर्ने प्रयास गरेका थिए। प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेको थियो।

बीआईसीसी पीटीजेडमा १२:३५ मा प्रहरीद्वारा मेन गेट वरपर जम्मा भएका प्रदर्शनकारीहरूलाई लक्षित गरी टियर ग्यास प्रहार भएको थियो। १२:४० मा संसद भवन परिसरबाट गेट भित्रबाट पानीको फोहोरा प्रहार गरिएको थियो। १२:५५ मा गोली प्रहारबाट घाइतेलाई उद्धार गर्दै गरेको देखिन्छ। १२:५५ पछि गोली प्रहारबाट घाइते प्रदर्शनकारीको संख्यामा व्यापक वृद्धि भएको थियो। १३:०१ मा प्रदर्शनकारीद्वारा प्रहरी लक्षित गरी मोलोटोभ प्रहार भएको थियो भने १३:०५ मा प्रहरीद्वारा मेन गेट अगाडी प्रदर्शनकारीको टाउकोमा गोली प्रहार गरेको देखिन्छ, जुन घटना युट्युब च्यानल जीसीएस व्लगले राखेको भिडियोमा समेत प्रष्ट देखिन्छ।

**प्रदर्शनको चरमोत्कर्ष र दमन**

बीआईसीसी पीटीजेडमा मेन गेट अगाडीको भीडको माहोल शान्त अवस्थामा रहेकोमा १३:१९ मा ३५-४० को संख्यामा बाइकसवार समूहको मेन गेट अगाडी प्रवेश भएको थियो। १३:३२ मा

प्रदर्शनकारीहरूले मेन गेट अगाडी ढलेका व्यारिकेट सडकमा राखी व्यारिकेट पछाडी पम्पलेटसहित प्रदर्शन गरिरहेका थिए। यसै क्रममा १३:३४ मा नगर प्रहरी (सिटी पुलिस) को टोली गाडीबाट निस्केर शान्त प्रदर्शनकारीतर्फ बल प्रयोग गर्दै बढेको थियो भने अन्य स्थानबाट प्रहरीद्वारा व्यापक रूपमा अश्रुग्यास प्रयोग गरी भीडलाई तितरबितर गरेको देखिन्छ। केही घाइतेहरूलाई एम्बुलेन्सले उद्धार गरेको थियो। १३:३८ मा प्रदर्शनकारीको आक्रोशित भीड एकीकृत भई प्रहरीमाथि ढुंगामुडा गरेको देखिन्छ भने १३:४३ मा घाइते प्रदर्शनकारीको उद्धारका लागि दुई एम्बुलेन्स आएका थिए। संसद भवनको सामुन्ने रहेको लुम्बिनी तन्दुरी भोजनालय अगाडी एक जना घाइतेलाई सीपीआर दिइँदै गरेको देखिन्छ।

बानेश्वर चोक १ सीसीटीभीमा १२:१५ मा प्रदर्शनकारीको एउटा समूह बानेश्वर चोकबाट पश्चिम गेटतर्फ लागेको थियो। १२:४२ मा प्रदर्शनकारीद्वारा प्रहरी लक्षित ढुंगा प्रहार भएको थियो भने १२:५३ मा पर्खाल चढेर रेलिङ भाँच्न सुरु भएको थियो। १३:०९ मा आन्दोलनकारीद्वारा बानेश्वर चोकमा राखिएको ट्राफिक संकेत रहेको फलामे पोलको प्रयोग गरी बीआईसीसीको बानेश्वर चोक पश्चिमतर्फको हाइपोइन्टतर्फको पर्खाल फुटाउन सुरु गरेको थियो र केही प्रदर्शनकारी संसद परिसरमा प्रवेश गरेका थिए। १३:१५ मा संसद भवन परिसरमा रहेको प्रहरी लक्षित गर्दै ढुंगा प्रहार गर्दै गर्दा एक प्रदर्शनकारीलाई गोली लागी हातले बोकेर लगिएको थियो। १३:३३ मा गोली प्रहारद्वारा घाइतेलाई व्हिलचेयरमा राखेर उद्धार गरेको देखिन्छ।

१३:०० बाट लागु हुने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंले राष्ट्रपतिको कार्यालय शीतलनिवास, उपराष्ट्रपतिको कार्यालय लैनचौर, नारायणहिटी दरबार संग्रहालय र सिंहदरबार क्षेत्रमा कर्फ्यू क्षेत्र विस्तार गरेको थियो। १३:२० बाट अनलाइन मिडियामा पत्रकारहरू समेत घाइते भएको समाचार आएका थिए। अनलाइनखबर डटकमले १३:४० मा सिभिल अस्पतालमा उपचारका क्रममा एक जनाको मृत्यु भएको उल्लेख गरेको थियो भने रातोपाटी डटकमले १३:५४ मा एक जनाको मृत्यु र ७० जना घाइते भएको समाचार प्रकाशित गरेको थियो। सिभिल अस्पताल इमर्जेन्सी सीसीटीभी अनुसार १३:०० बजे आसपासमा गम्भीर प्रकृतिका घाइतेहरूको चाप बढेको थियो भने १३:२४ मा एक जना घाइते पत्रकार इमर्जेन्सी कक्षमा उपचारार्थ आएको देखिन्छ।

अरेबिका कफी शपको सीसीटीभी अनुसार १३:२० मा गोलीले त्यहाँको अगाडीको सिसा फुटेको देखिन्छ भने बीआईसीसी पीटीजेड (अन्य सीसीटीभी क्यामेराभन्दा ४:३० सेकेन्ड ढिलो) अनुसार

१३:१७ मा एक जना प्रदर्शनकारी खुट्टामा चोट लागेर भागिरहेको देखिन्छ। त्यसपछि एउटा प्रदर्शनकारीको समूह मेन गेट नजिक रहेका प्रहरीमाथि आक्रामक शैलीमा प्रस्तुत भएका थिए। सिभिल अस्पताल पीटीजेडमा १३:२१ मा प्रदर्शनकारी मेन गेटतर्फबाट घाइतेलाई उचालेर अरेबिका कफी शपतर्फ भाग्दै गरेको देखिन्छ। रोलेक्स मोटो युट्युब च्यानलमा समेत अरेबिया कफी अगाडी प्रदर्शनकारीहरू गोली प्रहारबाट घाइते भएको देखिन्छ।

**प्रदर्शनको अन्तिम चरणः आगजनी र थप गोली प्रहार**

सिभिल अस्पताल पीटीजेड र नेपाल कमर्स क्याम्पस सीसीटीभीमा १३:५६ मा युनिग्लोब पोलिक्लिनिक रहेको भवनतर्फ प्रदर्शनकारीले ढुंगा प्रहार गरेका थिए। बीआईसीसी पीटीजेडमा १४:२२ मा सशस्त्र प्रहरीको एम्बुलेन्स मेन गेट अगाडी आइपुगेको थियो र त्यसमा सवार सशस्त्र प्रहरीहरूलाई संसद परिसर भित्र पठाई प्रदर्शनकारीहरूले एम्बुलेन्समा आगो लगाइदिएका थिए। गेट अगाडी सडकमा राखिएको मृतकलाई अर्को एम्बुलेन्समा राखेर लगेको देखिन्छ।

ईओएन युट्युब च्यानल अनुसार बानेश्वर चोकमा १४:१५-१४:३० मा एक जना विद्यार्थीलाई टाउकोमा गोली लागेको उल्लेख छ। एभरेस्ट होटल बानेश्वर पीटीजेडबाट १४:१४ मा केहीलाई एम्बुलेन्सले बानेश्वर चोकबाट उद्धार गर्दै गरेको देखिन्छ भने सिभिल अस्पताल पीटीजेडबाट १४:२६ मा एक जनालाई प्रदर्शनकारीद्वारा उद्धार गर्दै गरेको देखिन्छ।

ईओएन युट्युब च्यानलमा विद्यार्थीलाई टाउकोमा गोली लागेको देखिन्छ भने प्रहरी संसद भवनको पश्चिम ढोका र पानी ट्याङ्कीबीच रहेको सडकबाट सुरक्षाकर्मीले गोली प्रहार गरेको वेब खबर युट्युब च्यानलबाट देखिन्छ। नयाँ बानेश्वर चोक नजिक दक्षिण-पश्चिममा रहेको भवनको चौंथो तल्लामा रहेको हार्डफोर्ड कन्सल्टेन्सीमा १४:१८:१७ मा झ्यालको सिसामा गोली लागेको देखिन्छ भने नयाँ बानेश्वर चोक नजिक हार्वर्डको पूर्वी दिशामा भने संसद भवनको दक्षिण दिशामा रहेको हिमालयन जाभामा रहेका त्यसका सञ्चालकको घाँटीमा गोली लागेको पाइन्छ। बानेश्वर चोक पीटीजेडमा १४:१६ मा भीडहरू संसद भवनको पश्चिमतर्फ नयाँ बानेश्वर चोकबाट भागेको र १४:१७ मा केही घाइतेहरूलाई बोकेर लगेको देखिन्छ।

१४:५० मा प्रदर्शनकारीहरू संसद भवनको दक्षिण गेटबाट हटिसकेका थिए र नयाँ बानेश्वर चोकमा केन्द्रित रही प्रदर्शन गरिरहेका थिए। नेपाल प्रहरी एवं सशस्त्र प्रहरीले संयुक्त रूपमा नयाँ बानेश्वरतर्फ

रहेका प्रदर्शनकारीलाई लक्षित गरी फर्मेसनमा ड्युटी लिएको देखिन्छ र स्थिति नियन्त्रणमा देखिन्छ। बीआईसीसी पीटीजेडमा १५:०५ मा थाहा खबर, अरेबिका कफी अगाडी रहेका केही प्रदर्शनकारी मेन गेट अगाडी बढे सँगै नयाँ बानेश्वर चोकमा ठूलो संख्यामा रहेका प्रदर्शनकारीहरू समेत संसद गेटमा आइपुगेका थिए र सुरक्षाकर्मीले अश्रुग्यास लगायत प्रयोग गरेर प्रदर्शनकारीलाई तितरबितर बनाएका थिए। १५:१२ मा खुट्टामा गोलीद्वारा घाइते प्रदर्शनकारी देखिन्छन् भने १५:१३ मा केही घाइते प्रदर्शनकारीहरूलाई दुई वटा एम्बुलेन्सले उद्धार गरेको देखिन्छ।

बीआईसीसी पीटीजेडमा १५:५४ मा नेपाली सेनाको टोली गाडीसहित संसद भवनको मेन गेटमा आइपुगेपछि नयाँ बानेश्वर चोकमा रहेका प्रदर्शनकारी सुरक्षाकर्मीहरूको सुरक्षा फर्मेसन तोड्दै मेन गेटमा आइपुगेका थिए। गेटमा प्रदर्शनकारी चढ्ने तथा तोड्ने प्रयास गरेपछि १५:५९ मा सुरक्षाकर्मीले त्यहाँ जम्मा भएको भीडलाई तितरबितर बनाएका थिए। १६:०९ मा एक जना घाइते महिला प्रदर्शनकारीलाई प्रदर्शनकारीहरूले बोकी सिभिल अस्पतालतर्फ लग्दै गरेको देखिन्छ।

**प्रदर्शनको समापनः स्थिति सामान्यीकरण**

१६:०५ सम्ममा सुरक्षाकर्मीले संसद परिसर नजिकबाट प्रदर्शनकारीहरूलाई हटाइसकेको अवस्था देखिन्छ भने प्रदर्शनकारीको समूह पनि पातलो भइसकेको थियो। केही प्रदर्शनकारीहरू सिभिल अस्पताल तथा नेपाल कमर्स क्याम्पस गेट नजिक रहेका देखिन्छन् भने अर्को प्रदर्शनकारीको समूह भने एभरेस्ट होटल अगाडी देखिन्छन्।

१६:३४ मा नेपाली सेनाको टोली गाडीसहित एभरेस्ट होटेल अगाडी आएपछि त्यहाँ रहेका प्रदर्शनकारीहरूलाई प्रहरीले विजुलीबजारतिर लखेटेको थियो। १७:३० मा प्रहरी सिभिल अस्पताल गेटतिर गई त्यहाँ रहेका प्रदर्शनकारीहरूलाई हटाएको थियो। १८:१५ मा नयाँ बानेश्वर संसद परिसर क्षेत्रको अवस्था सामान्य देखिन्छ।

(*Source: Harddisk1/उपत्यका प्रहरी कार्यालय सिसिटिभि फुटेज/CCTV Valley Police, Harddisk1/Civil hospital, Harddisk1/बिभिन्न स्रोतहरूबाट प्राप्त सोसियल मिडिया लिंकहरू /Social Media/Arabia Coffee, Hardford, Himalayan Java
https://www.onlinekhabar.com/interactive/interactive-protest-timeline.html )
Youtube Channel : https://www.youtube.com/@eon_nepal
Video Links : https://www.youtube.com/watch?v=8MSs6d_4rh4

**नेपालमा अनियन्त्रित सामाजिक सञ्जालका रणनीतिक जोखिमहरू**

नेपालको द्रुत डिजिटल रूपान्तरणले सामाजिक लाई सार्वजनिक छलफल, नागरिक सहभागिता, सूचनाको प्रवाह, र विचार अभिव्यक्तिको केन्द्रका रुपमा स्थापित गरिदिएको छ । यसले अभिव्यक्ति, जनचेतना, र वास्तविक समयमै जानकारी प्राप्त गर्ने अवसरहरू विस्तार गरेको छ । Digital Technology ले अध्ययन-अध्यापन, रिसर्च तथा व्यजसाय गर्न, व्यवसायका विविधिकरण र प्रचार-प्रसारमा पनि सहयोग पुर्याएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार, देशको ब्रडब्यान्ड पहुँच १३१.५१% र मोबाइल फोन पहुँच १३८.६२% पुगेको छ । जनसंख्याभन्दा बढी रहेको यो पहुँचले सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरूको व्यापक प्रभाव स्पष्ट रूपमा देखाउँछ । तर, यि सञ्जाल तथा प्लेटफर्महरूको प्रभावकारी नियमनको अभावले यी प्लेटफर्महरूलाई व्यक्तिको विश्वसनीयता निर्माण वा ध्वस्त पार्ने शक्तिशाली साधनमा पनि रूपान्तरण गरिदिएको छ। सार्वजनिक धारणा प्रायः प्रमाणित तथ्यभन्दा बढी योजनाबद्ध कथन, सिर्जित भावनात्मक सामग्री, र समन्वित डिजिटल अभियानका आधारमा निर्माण हुने गरेको छ, जसले डिजिटल हेरफेरमा सक्षम केही पक्षहरूले आफु अनुकुल प्रयोग गर्न सहयोग पुर्याएको छ । म्यान्मारमा पत्रकार, मानवअधिकार संस्थाहरू, र संयुक्त राष्ट्रसंघीय तथ्य-अनुसन्धान मिसनको अनुसन्धानले फेसबुकमा व्यापक रूपमा घृणात्मक र उकास्ने सामग्री लगातार दोहोर्याइने र एल्गोरिदमिक रूपमा प्रवर्द्धन गरिने कार्यवाट रोहिंग्या समुदाय विरुद्ध हिंसा व्यापक बनेको देखायो । यसले हालैको इतिहासकै सबैभन्दा ठूलो शरणार्थी संकटमध्ये एक निम्त्यायो, जसले अनियन्त्रित डिजिटल प्लेटफर्महरूले कति विनाशकारी परिणाम निम्त्याउन सक्छन् भन्ने स्पष्ट गर्छ ।

हालैका आन्तरिक घटनाहरू, विशेषगरी Gen-Z प्रदर्शनले सामाजिक सञ्जाल मार्फत प्रवाह भएका भ्रामक जानकारी र भावनात्मक सामग्रीले कसरी छिटो तनाव बढाउन सक्छ भन्ने कुरालाई झनै प्रस्ट पारेको छ। आन्तरिक तथा बाह्य स्रोतबाट प्रवर्द्धन गरिएका गलत कथनहरू ठूलो परिमाणमा फैलिन पुगे, जसले जनसमूहको तीव्र परिचालन, सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति, र समग्र सामाजिक अस्थिरता निम्त्यायो। यस्ता घटनाहरूले अनियन्त्रित डिजिटल सामग्री प्रवाहका कारण राज्यका संरचनालाई दबाबमा पार्न, सामाजिक स्थिरतालाई कमजोर बनाइदिन, र स्थानीय असन्तुष्टिलाई देशव्यापी संकटमा बदल्न सक्ने गम्भीर जोखिम रहेको देखाउँछ ।

यी जोखिमहरू न्यूनीकरण गर्न नेपालले डिजिटल जोखिम व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढ

गर्नुपर्छ। यसमा सामाजिक सञ्जाल गतिविधि निगरानी, Emerging Digital Threat पहिचान, र दुष्प्रचार अभियानहरूको समयमै प्रत्युत्तर दिन सक्षम बनाउने गरी साइबर ब्युरोको क्षमता विस्तार गर्नु अति आवश्यक छ । त्यस्तै, सामाजिक सञ्जाल-सृजित अपराधको प्रमाण विश्लेषण गर्न डिजिटल फरेन्सिक प्रयोगशालाहरूले आवश्यक उपकरण, दक्ष जनशक्ति, र प्राविधिक क्षमताका साथ विश्वसनीय विश्लेषण गर्ने दक्षता कायम गर्न सक्नुपर्छ । यससँगै, मध्यस्थ संस्थाको जवाफदेहिता, आपत्तीजनक/गैरकानूनी सामग्री हटाउने प्रक्रियाको पारदर्शिता, आधुनिक साइबर कानुन, र राष्ट्रिय डिजिटल साक्षरता जस्ता सुधार अनिवार्य छन्, ताकि सामाजिक सञ्जालले लोकतान्त्रिक स्थिरतालाई सुदृढ गर्न सहयोग पुर्‍याओस।

सूचना स्वयं शक्ति बनेको वर्तमान परिवेशमा सामाजिक सामञ्जस्य, सार्वजनिक सुरक्षा, र लोकतान्त्रिक मजबूती जोगाउन डिजिटल प्रविधि माथी सामाजिक सदभाव कायम राख्न र व्यक्तिको मर्यादा अक्षुण राख्न व्यावहारिक हस्तक्षेप गर्नु अत्यावश्यक छ ।

**आयोगका सिफारिसहरू**

१. आधुनिक डिजिटल-मिडिया नियमन प्रणाली विकास गर्ने

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्लेटफर्मको जिम्मेवारी, अनलाइन हानिको व्यवस्थापन, र मध्यस्थ उत्तरदायित्व (Intermediary Liability) परिभाषित गर्ने अधिकार-आधारित नियमन ढाँचा अपनाउने । यस ढाँचामा GDPR (General Data Protection Rule) जस्ता अन्तर्राष्ट्रिय डेटा-सुरक्षा सिद्धान्तका मूलभूत तत्वहरू समेटी प्रयोगकर्ताको गोपनीयता र व्यक्तिगत डाटाको सुरक्षित प्रवन्ध सुनिश्चित गरिनुपर्ने ।

२. साइबर ब्युरोको सञ्चालन क्षमता सुदृढ गर्ने

सामाजिक सञ्जाल विश्लेषण, दुष्प्रचार पहिचान, र डिजिटल जोखिमको समयमै प्रत्युत्तरका लागि विशेषीकृत "सोसल-मिडिया इन्टेलिजेन्स" इकाइ सहित ब्युरोलाई पर्याप्त स्रोत-साधनले सुसज्जित र अधिकार प्राप्त बनाउने ।

३. राष्ट्रिय डिजिटल फरेन्सिक क्षमता वृद्धि गर्ने

सामाजिक सञ्जाल-सम्बन्धित डिजिटल प्रमाणको छिटो, र प्राविधिक रूपमा विश्वसनीय विश्लेषण गर्न

आवश्यक उपकरण, दक्षता, र विशेषज्ञता विकास गर्ने ।

४. प्लेटफर्म जिम्मेवारी र सहकार्य सुनिश्चित गर्ने

नेपालमा सेवा प्रदान गर्ने सामाजिक सञ्जाल कम्पनीहरूलाई पारदर्शी सामग्री व्यवस्थापन प्रक्रिया लागू गर्ने, हानिकारक गतिविधि रिपोर्ट गर्ने, र वैधानिक अनुसन्धानमा समयमै सहकार्य गर्न कानुनी रूपमा बाध्य बनाउने।

५. डिजिटल साक्षरता र प्रतिरोधात्मक क्षमता विस्तार गर्ने

नागरिकलाई गलत सूचना पहिचान गर्न र सुरक्षित रूपमा अनलाइन व्यवहारमा संलग्न हुन सहयोग गर्ने राष्ट्रिय स्तरको डिजिटल साक्षरता कार्यक्रम सुरु गर्ने ।

६. बहु-एजेन्सी समन्वय संरचना स्थापना गर्ने

साइबर, सञ्चार, सुरक्षा, तथा फरेन्सिक निकायहरू सहित राष्ट्रिय Computer Emergency Response Team (CERT) लाई समेट्ने स्थायी समन्वय संरचना निर्माण गर्ने, जसले वास्तविक समय (Real Time) मा सूचना आदान–प्रदान गर्न र डिजिटल खतराहरूका विरुद्ध एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न सक्षम बनाउँछ ।

७. पूर्व-चेतावनी र द्रुत–प्रतिक्रिया प्रणाली विकास गर्ने

दुष्प्रचार वा गलत सूचनाको अचानक वृद्धि जस्ता हानिकारक अनलाइन ढाँचाहरू पहिचान गर्न, र अवस्था बिग्रिनु अघि नै हस्तक्षेप गर्न सक्ने प्रणाली स्थापना गर्ने ।

८. बाह्य प्रभाव तथा दखल रोकथाम सुदृढ गर्ने

सामाजिक सञ्जाल प्रयोग गरेर सार्वजनिक धारणा हेरफेर गर्ने वा राष्ट्रिय घटनामा हस्तक्षेप गर्ने विदेशी गतिविधिहरू पहिचान गरि प्रतिरोध गर्ने निगरानी संयन्त्र सुदृढ गर्ने ।

विदेशी पक्षहरुले डिजिटल प्रविधिको प्रयोग गरि सामाजिक सञ्जाल मार्फत सार्वजनिक मत, राजनीतिक स्थिरता, वा आन्तरिक मामिलामा प्रभाव जमाउन खोज्ने गतिविधि पहिचान र अवरोध गर्ने निगरानी क्षमतामा सुधार गर्ने ।

९. अन्तर्राष्ट्रिय सहकार्यका लागि MLAT प्रक्रिया प्रारम्भ गर्ने

विदेशमा रहेको डिजिटल प्रमाण वैधानिक रूपमा प्राप्त गर्न Mutual Legal Assistance Treaty (MLAT) प्रक्रियाको विकास सुरु गर्ने । यस प्रकारको प्रकृया अपनाउदा सीमा—पार अनलाइन अनुसन्धानमा प्रभावकारी सहकार्य सहज हुने अपेक्षा गर्न सकिन्छ ।

**References**:

Amnesty International. (2022, September 29). Myanmar: Facebook’s systems promoted violence against Rohingya; Meta owes reparations – new report. https://www.amnesty.org/en/latest/news/2022/09/myanmar-facebooks-systems-promoted-violence-against-rohingya-meta-owes-reparations-new-report/


Amnesty International. (2022). The social atrocity: Meta and the right to remedy for the Rohingya (Report No. ASA 16/5933/2022). https://www.amnesty.org/en/documents/asa16/5933/2022/en/

Office of the United Nations High Commissioner for Human Rights. (2018, September 12). Report of the independent international fact-finding mission on Myanmar (A/HRC/39/64). https://www.ohchr.org/Documents/HRBodies/HRCouncil/FFM-Myanmar/A_HRC_39_64.pdf

Stecklow, S., & Myanmar Investigative Team. (2018, August 15). Why Facebook is losing the war on hate speech in Myanmar. Reuters. https://www.reuters.com/investigates/special-report/myanmar-facebook-hate/

## १२.६. CDR/BTS Data को विश्लेषण तथा निष्कर्ष

### <u>१२.६.१. CDR विश्लेषण</u>





**प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको मोवाईल नम्वर ९८५१२०५५५५** मा भदौ २३ र २४ गते गृह मन्त्री रमेश लेखकका पि.ए. जनक भट्टले ४ पटक सम्पर्क गरेको देखिन्छ , काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ , नेपाली सेनाका मेजर गणेश खड्कासँग २३ र २४ गते २३ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ ।

**प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको मोवाईल नम्वर ९८५१२८०३५५** मा २४ गते सुदन गुरुङले २ पटक फोन सम्पर्क गरेको देखिन्छ, DIGP ओम राना सँग २३ र २४ गते ५३ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ , IGP दान बहादुर कार्कीसँग भदौ २३ र २४ गते १४ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, DSP सुन्दर तिवारीसँग भदौ २४ गते ४ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व IGP चन्द्र कुवेर खापुङसँग भदौ २३ र २४ गते ४२ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, काठमाडौं प्रमुख जिल्ला अधिकारी

छवि रिजाल सँग भदौ २४ गते ४ पटक एक अर्कोले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व प्रधानमन्त्री के.पि.वलीका P.A. राजेश बज्रचार्यलाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, AIGP सिद्धि विक्रम शाहसँग भदौ २३ र २४ गते ३० पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ।


उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ।




**प्रहरी नायव महानिरीक्षक ओम रानाको मोवाईल नम्वर ९८५१२८०६००** मा पुर्व IGP चन्द्र कुवेर खापुङसँग भदौ २३ र २४ गते ११ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ , NID का प्रमुख हुत राज थापाले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ , Metro Control ले भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, Home Minister Spokesperson ले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, AIGP सिद्धि विक्रम शाहले भदौ २३ र २४ गते ३९ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजालले २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, DIGP विश्व अधिकारीले भदौ २३ र २४ गते ५३ पटक एक अर्काले दुवैको मोवाईल

नम्वरमा सम्पर्क गरेको देखिन्छ, IGP दान बाहादुर कार्कीले भदौ २३ र २४ गते २२ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, Metro-1 सँग भदौ २४ गते ३ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ।


उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते प्रहरी नायव महानिरीक्षक ओम रानाले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क र समन्वय गरेको देखिन्छ।




**पुर्व IGP चन्द्र कुवर खापुङको मोवाईल नम्वर ९८५१२८०९०० ले** IGP दान बहादुर कार्कीलाई भदौ २३ र २४ गते ४ पटक सम्पर्क गरेको देखिन्छ, मुख्य सचिव एक नारायण अर्याललाई भदौ २३ गते ३ पटक सम्पर्क गरेको देखिन्छ , DIGP विश्व अधि कारीलाई भदौ २३ र २४ गते ४२ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, गृह मन्त्री रमेश लेखकका पि.ए. जनक भट्टले भदौ २४ गते ३ पटक सम्पर्क गरेको देखिन्छ, देवराज घिमिरे Speaker of the Pratinidi Sabha ले भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, AIGP सिद्धि विक्रम शाहसँग भदौ २३ र २४ गते २८ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, DIGP ओम राना सँग भदौ २३ र २४ गते ११ पटक एक अर्काले

दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकको दुवै मोवाइल नम्वरमा भदौ २३ र २४ गते ८ पटक एक अर्कालेे दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, सशस्त्र IGP राजु अर्यालसँग भदौ २३ र २४ गते २ पटक एक अर्कालेे दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए. राजेश बज्रचार्यले १ पटक भदौ २४ गते सम्पर्क गरेको देखिन्छ, Metro Control सँग भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, गृह सचिव सँग भदौ २३ र २४ गते ९ पटक एक अर्कालेे दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, नेपाली सेनाको प्रमुख अशोक सिग्देलसँग भदौ २४ गते २ पटक सम्पर्क गरेको देखिन्छ।


उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ गते र २४ गते पुर्व IGP चन्द्र कुवर खापुङको मोवाइल नम्वर बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ।




**सशस्त्र प्रहरी IGP राजु अर्यालको मोवाइल नम्वर ९८५१११०४९८** लाई काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजाले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, विष्णु रिमालले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, मुख्य सचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते २ पटक एक अर्कालेे दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व IGP चन्द्र कुवेर खापुङसँग भदौ २३ र २४ गते २

पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकको दुवै मोवाइलसँग भदौ २३ र २४ गते ११ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, नेपाली सेनाको प्रमुख राजु सिग्देलसँग भदौ २४ गते २ पटक सम्पर्क गरेको देखिन्छ, सह-सचिव आनन्द काफ्लेले भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ, सुदन गुरुङसँग भदौ २४ गते ६ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, गृह सचिवसँग भदौ २३ र २४ गते ४ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, गृह प्रवक्तासँग भदौ २३ र २४ गते २ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकका पि.ए. जनक भट्टले भदौ २४ गते ४ पटक सम्पर्क गरेको देखिन्छ, IGP दान बहादुर कार्कीलाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व NID Chief हुत राज थापासँग भदौ २३ र २४ गते ४ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ।


उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते सशस्त्र प्रहरी IGP राजु अर्यालले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ।




**Chief of NID हुतराज थापाको मोवाइल नम्वर ९८५१०८२३०९** ले पुर्व गृह मन्त्री रमेश लेखकलाई भदौ २४ गते १ पटक फोन सम्पर्क गरेको, पुर्व नेपाल प्रहरीका IGP चन्द्र कुवँर खापुङसँग भदौ २३ गते २ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, DIG ओम रानाले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, सशस्त्रको प्रहरीको IGP राजु अर्याल भदौ २३ र २४ गते ४ पटक एक अर्काले

दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ ।

उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते Chief of NID हुतराज थापाले बिभिन्न व्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।





**गृह सचिव गोकर्णमणि दवाडिको मोवाईल नम्वर ९८५१३२२२२२ ले** पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए. राजेश बज्रचार्यलाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकको दुवै मोवाइल नम्वरमा भदौ २३ गते ३ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ,, विष्णु रिमालसँग भदौ २३ र २४ गते ४ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, नेपाली सेनाको प्रमुख अशोक सिग्देलसँग भदौ २३ र २४ गते ६ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, मुख्य सचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते ६ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ ।

गृह सचिव गोकर्णमणि दवाडिको मोवाईल नम्वर ९८५१०२८९९९ ले काठमाडौं प्रमुख जिल्ला अधिकारी


छवि रिजालको दुइवटै मोवाइल नम्वरमा भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ।

उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते गृह सचिव गोकर्णमणि दवाडिले बिभिन्न व्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।





**पुर्व गृह मन्त्री रमेश लेखकको मोवाईल नम्वरहरू ९८५११८०३३३, ९८५१४००००४** लाई सशस्त्र प्रहरीका IGP राजु अर्यालले भदौ २३ र २४ गते ११ पटक सम्पर्क गरेको देखिन्छ, गृह सचिव गोकर्णमणि दवाडिले भदौ २३ गते ३ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व नेपाल प्रहरीका IGP चन्द्र कुवेर खापुङले भदौ २३ गते ८ पटक सम्पर्क गरेको देखिन्छ, विष्णु रिमाललाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई भदौ २३ गते २ पटक फोन सम्पर्क गरेको देखिन्छ, पुर्व प्रधानमन्त्री के.पी. वलीको पि.ए. राजेश बज्रचार्यको दुवै मोवाइल नम्वरमा भदौ २३ र २४ गते ३ पटक फोन सम्पर्क गरेको देखिन्छ, नेपाली सेनाको प्रमुख राजु सिग्देललाई भदौ २३ र २४ गते ३ पटक सम्पर्क गरेको देखिन्छ,पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए. दिपेन्द्र दाहाललाई भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व NID प्रमुख हुतराज थापालाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ।

उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते पुर्व गृह मन्त्री रमेश लेखकले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।




**काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजालको मोवाईल नम्वर ९८५१११९७७७** लाई पुर्व गृहमन्त्री रमेश लेखकले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, DIGP विश्व अधिकारीले भदौ २४ गते ४ पटक सम्पर्क गरेको देखिन्छ, सह-सचिव आनन्द काफ्ले भदौ २३ र २४ गते १० पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, गृह सचिव गोकर्ण मणि दवाडिलाई भदौ २३ गते १ पटक फोन सम्पर्क गरेको देखिन्छ, AIGP सिद्धि विक्रम शाहसँग भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकलाई भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व गृह मन्त्री रमेश लेखकको पि.ए. जनक भट्टलाई भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, मुख्य सचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते ७ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ, IGP दान बाहादुर कार्किले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, विष्णु रिमालले भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, गृह सचिव गोकर्ण मणि दवाडिसँग भदौ २३ र २४ गते ९ पटक सम्पर्क गरेको देखिन्छ, DIGP ओम रानाले भदौ २३ गते १ पटक सम्पर्क गरेको देकिन्छ, सशस्त्र IGP राजु अर्यालले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ।


उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजालले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।




**राजेश बज्रचार्य (पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए.) को मोवाइल नम्वर ९८५११६२२०६** मा पुर्व गृह मन्त्री रमेश लेखकले भदौ २३ गते २ पटक सम्पर्क गरेको देखिन्छ, बिष्णु रिमालले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, सभामुख देवराज घिमिरेले १ पटक सम्पर्क गरेको देखिन्छ ।

**राजेश बज्रचार्य (पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए.) को मोवाइल नम्वर ९८०११६२२०६** ले पुर्व गृह मन्त्री रमेश लेखकलाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, गृह सचिव गोकर्ण मणि दवाडिलाई भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, पुर्व IGP चन्द्र कुवेर खापुङले भदौ २४ गते १ पटक सम्पर्क गरेको देखिन्छ, DIGP विश्व अधिकारीलाई भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ ।

उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते राजेश बज्रचार्य (पुर्व प्रधानमन्त्री के.पि. वलीको पि.ए.) ले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।




**सत्य राज जोशी (कारागार कार्यालय नख्खुका जेलर ) को मोवाइल नम्वर ९८५१०८०५७२** ले सह-सचिव आनन्द काफ्लेलाई भदौ २४ गते ६ पटक सम्पर्क गरेको देखिन्छ,ललितपुर प्रमुख जिल्ला अधिकारीले भदौ २३ गते १ पटक सम्पर्क गरेको देखिन्छ, अविनाश आचार्य ( राष्ट्रिय स्वतन्त्र पार्टि ) सँग भदौ २३ र २४ गते २ पटक एक अर्काले दुवैको मोवाईल नम्वरमा सम्पर्क गरेको देखिन्छ।

उल्लेखित चार्टको अध्ययन अनुसार भाद्र २३ र २४ गते सत्य राज जोशी (कारागार कार्यालय नख्खुका जेलर ) ले बिभिन्न ब्यक्तिहरूसँग सम्पर्क गरेको देखिन्छ ।


### १२.६.२. BTS Data विश्लेषण

२०८२ साल भदौ २३ र २४ गते देशका विभिन्न स्थानहरुमा भएका घटनाहरुमा देशभर तोडफोड एंव आगजनी, महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरुको भौतिक क्षति भएको घटना सम्बन्धमा तत्काल घटना स्थलमा उपस्थित मानिसहरुले प्रयोग गरेका मोबाइल नं हरुको (Cell ID) प्राविधिक अनुसन्धानतर्फ उक्त स्थानहरुको Base Transceiver Station-BTS Analysis गरिएकोमा स्थापित तथ्यहरु निम्नानुसार रहेको देखियो।

डाटा माग गरी हेरेका मध्य देश भरिका १५ जिल्लाका सरकारी कार्यालय, राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरुको निजी निवास, तत्कालिन मन्त्रीहरुका निजी निवास, सर्वसाधारणहरुका ब्यक्तिगत सम्पती, उद्योग तथा ब्यापारिक प्रतिष्ठान आदी मुख्य-मुख्य क्षति भएका स्थानहरु छनोट गरी सो अनुसार डाटा माग

गरी हाल सम्म प्राप्त भएका डाटा NTC & NCELL दुबै सेवा प्रदायकहरुको गरी जम्मा १७४४२० वटा मोबाईल नं हरुको विश्लेषण गरिएको छ। तल दिईएको टेबलमा हाल सम्म प्राप्त सम्पुर्ण डाटाहरुको संख्या उल्लेखित छ।


**Table-1 of all latched mobile no. ( NTC & NCELL)**




**NTC BTS ( काठमाण्डौ उपत्यका भित्रका सरकारी कार्यालयहरु)**

काठमाण्डौ उपत्यका भित्र मिति २०८२ साल भाद्र २३ (बानेश्वर स्थित संसद भवन) र २४ गतेका दिन माग गरि हेरिएका मध्य तोडफोड र आगजनी भएका महत्वपुर्ण **सरकारी कार्यालयहरु** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा नेपाल टेलिकमको सो स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल ३०७२३ जना सिम प्रयोगकर्ताले नेपाल टेलिकमको मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ ३०७२३ जना नेपाल टेलिकमका प्रयोगकर्ताहरु घटनाको समयमा सो स्थानमा उपस्थित भई नेपाल टेलिकमको नेटवर्क बाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए।


**Table-2 NTC government office BTS (Valley)**




**NCELL BTS ( काठमाण्डौ उपत्यका भित्रका सरकारी कार्यालयहरु)**

काठमाण्डौ उपत्यका भित्र मिति २०८२ साल भाद्र २३ (बानेश्वर स्थित संसद भवन) र २४ गतेका दिन माग गरि हेरिएका मध्य तोडफोड र आगजनी भएका महत्वपुर्ण **सरकारी कार्यालयहरु** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल १२५३८ जना सिम प्रयोगकर्ताले NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ १२५३८ जना NCELL का प्रयोगकर्ताहरु घटनाको समयमा सो स्थानमा उपस्थित भई NCELL को नेटवर्क बाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए।


**Table-3 NCELL government office BTS (Valley)**




**NTC\NCELL BTS (राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरुको निजी निवास)**

काठमाण्डौ उपत्यका भित्र मिति २०८२ साल भाद्र २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्वपुर्ण **राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरुको निजी निवास** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NTC\NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल ८५९८ जना सिम प्रयोगकर्ताले NTC\ NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ ८५९८ जना NTC\NCELL दुबै सेवा प्रदायकका प्रयोगकर्ताहरु घटनाको समयमा टेवलमा उल्लेखित स्थानमा उपस्थित भई सोका माध्यमबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए। यसमा दुवै सेवा प्रदायकहरुको डाटा समाविष्ट छ।


**Table-4 political leaders residences NTC & NCELL**




**NTC\NCELL BTS (ब्यापारिक प्रतिष्ठान तथा व्यापारिक घरानाका निजी निवास)**

काठमाण्डौ उपत्यका भित्र मिति २०८२ साल भदौ २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्वपुर्ण **ब्यापारिक प्रतिष्ठान तथा व्यापारिक घरानाका निजी निवास** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NTC\NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल १५०३२ जना सिम प्रयोगकर्ताले NTC\ NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ १५०३२ जना NTC\NCELL दुबै सेवा प्रदायकका प्रयोगकर्ताहरु घटनाको समयमा टेबलमा उल्लेखित स्थानमा उपस्थित भई ती सेवा प्रदायकहरुको माध्यम बाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए।


**Table-5 industrial and business-related offices and residences**




**NTC BTS (उपत्यका बाहिरका ११ जिल्ला महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरु )**

काठमाण्डौ उपत्यका बाहिर (११ जिल्लाहरु) मिति २०८२ भाद्र २४ गतेका दिन तोडफोड र आगजनी भएका **महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरु** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा नेपाल टेलिकमको तहा स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल ६८३१७ जना सिम प्रयोगकर्ताले नेपाल टेलिकमको मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ ६८३१७ जना जना NTC का प्रयोगकर्ताहरु घटनाको समयमा टेबलमा उल्लेखित स्थानमा उपस्थित भई सोको नेटवर्क बाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए।


**Table-6 उपत्यका बाहिरका जिल्लाहरुमा तोडफोड आगजनि भएका मुख्य-मुख्य स्थानहरुको NTC BTS डाटा**




**NCELL BTS (उपत्यका बाहिरका ११ जिल्ला महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरु )**

काठमाण्डौ उपत्यका बाहिर (११ जिल्लाहरु) मिति २०८२ भाद्र २४ गतेका दिन तोडफोड र आगजनी भएका **महत्वपुर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरु, व्यक्तिगत घरहरु र व्यापारिक प्रतिष्ठानहरु** नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NCELL को तहा स्थानमा अवस्थित नेटवर्क टावरहरुको माध्यमबाट कुल ३९२१२ जना सिम प्रयोगकर्ताले NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन। यसको अर्थ ३९२१२ जना NCELL प्रयोगकर्ताहरु घटनाको समयमा टेवलमा उल्लेखित स्थानमा उपस्थित भई NCELL नेटवर्क बाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए।

**Table-7 उपत्यका बाहिरका जिल्लाहरुमा तोडफोड आगजनि भएका मुख्य-मुख्य स्थानहरुको NCELL BTS डाटा**




माथि विवेचित डाटा पुर्ण होइनन यिनिहरु केही मुख्य स्थानहरुका डाटामात्र संग्रहित गरिएका छन्, अनुसन्धानको क्रममा आवश्यक हुने थप तथ्यांक सेवाप्रदायकहरु संग बुझी विस्तृत अनुसन्धान गर्न समेत सिफारिस गरिएको छ ।

प्राविधिक विश्लेषणको क्रममा अंक गणनामा आपसमा जोडिएका LAC & CELL आइडिहरु दोहोरो जोडिने तथा नजोडिने समेत हुने हुँदा total value समेत फरक पर्न सक्ने भएकोले सोही अनुसार विश्लेषण गर्न पर्ने ।

## १२.७. Autopsy/ Ballistic Report को विश्लेषण तथा निष्कर्ष

गृह मन्त्रालयको अभिलेख अनुसार कुल ७६ जनाको मृत्यु भएको देखिन्छ। तीमध्ये ६४ जना मृतकको पहिचान भएकोमा ६३ जना मृतकका शव परीक्षण (Autopsy) प्रतिवेदन आयोगमा प्राप्त भएका छन्। मृतकका शव परीक्षण (Autopsy) प्रतिवेदन विश्लेषण गर्दा प्रमुख रुपमा गोली लागि मृत्यु भएको पाइयो। परीक्षण गरिएका ६३ जनाको शव मध्ये ४८ जनाको गोली लागि मृत्यु भएको पुष्टि भएको देखिन्छ। तीमध्ये छातीमा २० जना, टाउकोमा १४ जना, घाटीमा ५ जना, पेटमा ४ जना, तथा नितम्ब (Buttock) मा १ जना, फोक्सो, छाती तथा घाटी, काँध र जांघ (Thigh) मा एक-एक जनाको गोली लागि मृत्यु भएको देखिन्छ। यसका अलावा आगलगी (Burn injuries) वाट ८ जना, चोटपटक (Blunt force injuries) का कारण ५ जना तथा विस्फोटनका कारण १ जनाको मृत्यु भएको देखिन्छ। साथै १ जनाको मृत्युको कारण निर्धारण हुन नसकेको समेत शव परीक्षण (Autopsy) प्रतिवेदनवाट देखिन्छ।

शव परीक्षणका क्रममा १३ जना मृतकका शववाट Suspected Firearm सम्बन्धी Ballistic नमुना, २ जनावाट Toxicology नमुना, १ जनावाट Toxicology & DNA नमुना तथा २ जनावाट DNA नमुना संकलन गरिएको थियो। संकलित नमुनाहरु मध्ये ९ जना मृतकका शववाट निकालिएका नमुनाहरुको Ballistic परीक्षण प्रतिवेदन आयोगमा प्राप्त भएका छन्। बाँकी ५० जना मृतकका शरीरबाट गोली बाहिर निस्किएको (Exit wound) तथा अन्य कारणवाट मृत्यु भएको हुंदा Ballistic परीक्षण आवश्यक रहेको नदेखिएको। साथै ४ जना मृतकका शववाट निकालिएका नमुनाहरुको Ballistic परीक्षण प्रतिवेदन आयोगमा प्राप्त नभएको।

आयोगमा प्राप्त भएका Ballistic परीक्षण प्रतिवेदन विश्लेषण गर्दा ९ जना मृतकका शववाट निकालिएका १४ वटा नमुनाहरुको परीक्षण गरेको देखिन्छ। सो मध्ये 5.56 mm Caliber Rifle का ७ वटा, 12 Bore Shotgun rubber pellet का १ वटा, Disintegrated pieces of metal/lead का ५ वटा तथा 7.62 mm caliber SLR का १ वटा नमुनाहरु रहेको देखिन्छ।

उक्त घटनामा गोली लागि घाइते भएका ६२ जना पिडितहरुका शरिरवाट निकालिएका ६७ वटा Suspected Firearm सम्बन्धी Ballistic नमुनाहरुको Ballistic परीक्षण प्रतिवेदन आयोगमा प्राप्त भएका छन्। उक्त नमुनाहरुमा 12 Bore Shotgun rubber pellet का ३३ वटा, 5.56 mm Caliber Rifle का १६ वटा, Disintegrated pieces of metal/lead का १२ वटा, Handgun का २ वटा, 9 mm Calibre

Pistol/SMG का २ वटा, 7.62 mm Calibre SLR का १ वटा, तथा 7.62 mm fired empty cartridge (SLR) का १ वटा नमुना रहेका छन्। यस घटनामा प्रयोग भएका गोलीहरु नेपालका सुरक्षा निकायले प्रयोग गर्ने हतियारसँग मेल खान्छ।

## १२.८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयको निर्णयहरुको विश्लेषण

- ❖ मन्त्रिपरिषद्को निर्णय सम्बन्धमा तत्कालीन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्ष श्री के.पी. शर्मा ओलीले सार्वजनिक रुपमा साथै आयोगबाट सोधपुछको क्रममा २३ गतेको घटनापछि घटनाको सत्यतथ्य पत्ता लगाउन जाँचबुझ आयोग गठन गर्ने साथै मृतक र घाइतेलाई उचित क्षतिपूर्ति दिने निर्णय गरिएको देखियो।
- ❖ पूर्व मुख्यसचिव श्री एकनारायण अर्यालसँगको सोधपुछमा समेत उक्त दिन जाँचबुझ आयोग गठन गर्ने र बन्द भएका सामाजिक सञ्जाल खुलाउने निर्णय भएको देखिएको।
- ❖ तर यस आयोगबाट मिति २०८२/९/२२ गते भाद्र २३ गतेसम्म भएका मन्त्रिपरिषद्को निर्णय माग गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०८२/०९/२३ गते प्राप्त पत्रमा भाद्र २३ गतेको घटना सम्बन्धमा र २४ गतेको सुरक्षा व्यवस्थाबारे कुनै पनि निर्णय म.प.बाट भएको देखिएन।

## १२.९. राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरुको विश्लेषण तथा निष्कर्ष

- ❖ राष्ट्रिय सुरक्षा परिषद्ले मिति २०८२ भाद्र २३ गते बैठक बसी विद्यमान सुरक्षा चुनौतीलाई सम्बोधन गरी मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सबै सुरक्षा निकायलाई प्रभावकारी र समन्वयात्मक रुपमा परिचालन गर्ने भन्ने निर्णय गरेको तथापि सुरक्षा स्थितिको संवेदनशीलतालाई मध्यनजर गरी सेना परिचालन लगायतको विषयमा निर्णय गरेको भने देखिएन।

## १२.१०. केन्द्रीय सुरक्षा समितिका निर्णयहरुको विश्लेषण तथा निष्कर्ष

- ❖ भाद्र २३ गतेदेखि जेन-जी पुस्ताले आन्दोलनको आव्हान गरेकोमा उत्पन्न हुन सक्ने सुरक्षा चुनौती र सोको उचित ब्यवस्थापनको सन्दर्भमा केन्द्रीय सुरक्षा समितिको बैठकबाट कुनै पनि निर्णय भएको रहेनछ।
- ❖ भाद्र २३ गते आन्दोलनको क्रममा काठमाण्डौको बानेश्वरमा आन्दोलनमा उपस्थित भएका व्यक्तिहरुको प्रहरीको गोली लागी मृत्यु भइसकेपछि पनि केन्द्रीय सुरक्षा समितिको आकस्मिक बैठक बसी कुनै निर्णय भएको पाइएन।

## १२.११. जिल्ला सुरक्षा समितिका निर्णयहरुको विश्लेषण तथा निष्कर्ष

सूचना तथा संचार मन्त्रालयको मिति २०८२ भाद्र १९ गतेको निर्णयानुसार सरकारले सामाजिक सञ्जालमाथि रोक लगाएको देखिन्छ। सो निर्णयको बिरुद्द युवा पुस्ताद्वारा २३ र २४ गते शान्तिपूर्ण आन्दोलनको घोषणा गरेको देखिन्छ। विशेष गरी आन्दोलन काठमाडौं केन्द्रित हुने गरी जेन्जी पुस्ताद्वारा जिल्ला प्रशासन कार्यालयमा आन्दोलनको लागि अनुमति लिएको देखिन्छ।

- मिति २०८२/०५/२३ गते सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी सम्भावित गतिविधिको सुक्ष्म निगरानी गर्दै कुनै किसिमको अवाञ्छित गतिविधि हुन नदिन समन्वयात्मक रुपमा सुरक्षा व्यवस्था मिलाउने।
- भाद्र २३ गते हुने गरी अनुमती लिएको पर्दशनको व्यवस्थापनको लागि सुरक्षा समितिबाट बनाइएको सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि डियुटिमा खटिने अधिकृत तथा जवानहरु सबैलाई संचार गर्ने।
- स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क बमोजिम २३ गते अपरान्ह १२:३० बजेदेखि लागु हुने गरी मिति २०८२/०५/२३ गते रातको १० बजेसम्म कर्फ्यू आदेश जारी गर्ने निर्णय भएको र सोही दिन २३ गते अपरान्ह १:०० बजेदेखि रातिको १० बजेसम्म र रातको १२:०० बजेदेखि लागु हुने गरी २४ गते विहान ५:०० बजेसम्म कर्फ्यू आदेश जारी गर्नको लागि तेस्रो पटक निर्णय भएको देखिन्छ। भाद्र २४ गते विहान ८:३० बजेदेखि लागु हुने गरी अर्को आदेश नभएसम्म कर्फ्यू आदेश जारी गरेको देखिन्छ।
- भाद्र २३ र २४ गते प्रदर्शनका सन्दर्भमा जिल्ला भित्र हुन सक्ने अवान्छित गतिविधि समेतलाई मध्येनजर गर्दै सबै सुरक्षा निकायहरुले सूक्ष्म निगरानी गरी उच्च सुरक्षा सतर्कता अपनाइएको पाइयो। भाद्र २५ गते जिल्ला भर कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी चारकिल्ला भित्र कर्फ्यू आदेश जारी गरिएको र समग्रमा जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको देखियो।
- अन्य जिल्लाका जिल्ला सुरक्षा समितिहरुबाट भाद्र २३ गते काठमाण्डौंमा भएको प्रर्दशनबाट युवाहरुको मृत्यु भई आन्दोलनले उग्र रुप लिएपछी देशैभरी यसको प्रभाव परेको र २३ गते जिल्ला सुरक्षा समितिहरुले बैठक बसी सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने पहल गरेको देखिन्छ।
- विशेषगरी भाद्र २३ गते काठमाण्डौंमा प्रर्दशन उग्र भइसकेपछी कर्फु आदेश जारी भएको नेपाली सेनालाई सहयोग मागी सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयत्न भएपनि उचित समयमा कर्फुको सञ्चार हुन सकेको पाइएन।
- काठमाण्डौ बाहेकका जिल्लाहरुको हकमा समेत भाद्र २३ गते दिउसोबाट नियमित कर्फु

आदेश लागु गरेपनि सोको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ भाद्र २४ गते देशका अधिकाशं जिल्लाहरुमा अत्यधिक भौतिक क्षति हुन पुग्यो। साथसाथै सुरक्षाकर्मीहरुको आफ्नै सुरक्षा समेत गर्न नसकिने अवस्था सिर्जना भयो।

- २३ गते काठमाडौमा भएको प्रदर्शनको प्रभाव तथा केही प्रदर्शनकारीको मृत्यु घटनाको पूर्व आंकलन नगरेको, गृह मन्त्रीको गृह जिल्ला भएकोले अझ बढी अकल्पनीय रुपमा भौतिक क्षति भएको समग्रमा सुरक्षा संवेदनशिलता अपनाउने विषयमा कमजोरी देखिएको देखिन्छ।

भाद्र २३ र २४ गते प्रदर्शनका सन्दर्भमा जिल्ला भित्र हुन सक्ने अवान्छित गतिविधि समेतलाई मध्येनजर गर्दै उच्च सुरक्षा सतर्कता अपनाइएको पाइयो। भाद्र २५ र २६ गते जिल्ला भर कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी चारकिल्ला भित्र कर्फ्यू तथा निषेधाज्ञा जारी गरिएको र जिल्ला शान्ति सुरक्षाको अवस्था समीक्षा गर्दा सन्तोषजनक रहेको महशुस गरिएको देखिन्छ।

## १२.१२. कैदी\बन्दी\थुनुवा फरारबाट उत्पन्न सुरक्षा चुनौतीको विश्लेषण तथा प्रभाव

२०८२ साल भाद्र २३ र २४ गतेको प्रदर्शनको क्रममा देशैभरिका कारागार र प्रहरी हिरासतहरुबाट कैदीबन्दी/थुनुवा फरार भए। तत्कालिन विषम परिस्थितिलाई मध्यनजर गर्दै कारागार व्यवस्थापन विभाग, कारागार कार्यालयहरु, नेपाल प्रहरी प्रधान कार्यालय र प्रहरी कार्यालयहरुबाट निश्चित समयावधि तोकी कारागार तथा हिरासतमा फर्कनको लागि सार्वजनिक सूचना जारी गर्दै सरोकारवालाहरुमा सुचित गरिएको थियो।

कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार उक्त प्रदर्शनको क्रममा १४,५५५ जना कैदीबन्दी/थुनुवाहरु विभिन्न कारागार तथा बालसुधार गृहबाट फरार भएको जसमध्ये ३१२१ जनालाई पक्राउ गरिएको ६६०३ जना सम्बन्धित कारागारमा आफै उपस्थित भएका ३७७ जना अन्य कारागारहरुमा उपस्थित भएका र हालसम्म ४४४२ जना फरार नै रहेका छन्।

अर्को तर्फ हिरासतमा रहेका थुनुवाहरुमा १०३३ जना प्रदर्शनको क्रममा फरार भएकोमा २२३ जनालाई पक्राउ गरिएको ४४ जना आफै उपस्थित भएकोमा ७६६ जना हालसम्म फरार नै रहेको तथ्याङ्क प्रहरी प्रधान कार्यालयबाट उपलब्ध भयो।

कारागार व्यवस्थापन विभागको तथ्याङ्क अनुसार अति संवेदनशील मानिएका लागू औषध मुद्दाका १०३७ जना, कर्तव्य ज्यान मुद्दाका ५४९ जना, जबरजस्ती करणी मुद्दाका ११७४, डाँका चोरी मुद्दाका ४४८ र हातहतियार खरखजाना मुद्दाका ३६ जना कैदीबन्दीहरु हालसम्म फरार रहेका छन्।

फरार कैदीबन्दी/थुनुवाहरुबाट आपराधिक कार्य/गतिविधिमा संलग्न भएको समाचारहरु आइरहेका छन्। आफ्नै आमा, साथी, आफन्तहरुको हत्या गरेको कसुरमा पुन पक्राउ समेत परेको नेपाल प्रहरीको सूचनामा उल्लेख छ।

माथि उल्लेखित विषयको विश्लेषण गर्दा कैदीबन्दी/थुनुवाहरु खुला रुपमा रहँदा सुरक्षा जोखिम अत्यन्त बढिरहेको छ। आपराधिक क्रियाकलापमा बढोत्तरी भइरहेको छ जसले समाजमा भय सिर्जना गरिरहेको अवस्था विद्यमान छ। तसर्थ सरकारले फरार कैदीबन्दी/थुनुवाहरुलाई केही थप समयावधि तोकेर कारागार तथा हिरासतमा फर्काउने साथै सुरक्षा निकायहरुबिच coordinated search operation लागु गरी पक्राउ गर्ने व्यवस्था मिलाउनु पर्दछ। पक्राउ परेकाहरुलाई थप कडा कारबाहीको लागि कानूनी प्रबन्ध समेत गर्नु पर्दछ।

## १२.१३. हिंसात्मक आन्दोलनमा डिसकर्डको भुमिका बारे संक्षेप

भाद्र २३ र २४ भएको जियनजेड (Gen-Z) आन्दोलन, त्यसमा प्रयोग भएको डिजिटल प्लाटफर्म 'डिस्कर्ड' र आन्दोलनले लिएको हिंसात्मक मोडको विस्तृत विश्लेषण गरेको छ। यस लेखका मुख्य बुँदाहरू यस प्रकार छन्:

**१. आन्दोलनको केन्द्रः डिस्कर्ड (Discord)**

- **संगठनको आधारः** आन्दोलनको तयारी र परिचालनका लागि 'डिस्कर्ड' मुख्य माध्यम बन्यो। विशेषगरी 'युथ अगेन्स्ट करप्सन' र 'युवा हब' नामक दुई सर्भरहरूमा १ लाख १४ हजारभन्दा बढी संवादहरू भएका थिए।
- **निर्णय प्रक्रियाः** सोही प्लाटफर्ममा भएको भोटिङमार्फत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीका रूपमा सिफारिस गर्ने जस्ता राजनीतिक निर्णयहरू समेत गरिएका थिए।
- **परिचयः** सुरुमा भिडियो गेम खेल्नेहरूका लागि बनाइएको यो प्लाटफर्म अहिले राजनीतिक र सामाजिक आन्दोलन संगठित गर्न विश्वव्यापी रूपमा प्रयोग हुन थालेको छ।

**२. घटनाक्रमको समयरेखा (२३ र २४ भदौ)**

- **२३ भदौ (शान्तिपूर्णबाट हिंसातर्फ):**
  - युवाहरू स्कुल/कलेजको युनिफर्ममा माइतीघरमा भेला भएका थिए।
  - बानेश्वरको निषेधित क्षेत्र तोडिएपछि प्रहरीसँग झडप भयो।
  - प्रहरीको दमन र गोलीकाण्डमा २२ जनाको ज्यान गयो।
  - त्यही दिन अपराह्नदेखि डिस्कर्डमा 'मोलोटोभ ककटेल' (पेट्रोल बम) प्रयोग गर्ने योजनाहरू बन्न थाले।
- **२४ भदौ (विनाश र आगजनी):**
  - कर्फ्यु उल्लंघन गर्दै प्रदर्शनकारीहरू सडकमा उत्रिए।
  - शीर्ष नेताहरूको घर, संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालत जस्ता महत्वपूर्ण संरचनाहरूमा आगजनी गरियो।

**३. आगजनी र रसायनको प्रयोग (Chemical Use)**

लेखमा आगजनीका क्रममा साधारण पेट्रोल मात्र नभई घातक रसायनहरू प्रयोग भएको आशंका

गरिएको छः

- **मोलोटोभ ककटेलः** बोतलमा पेट्रोल र कपडा प्रयोग गरी बनाइने बम, जसको चर्चा डिस्कर्डमा ३५६ पटक भएको थियो।
- **सोडियम र नेपाल्मः** डिस्कर्ड संवादमा 'सोडियम' मेटल र 'नेपाल्म' (Napalm) बनाउने सूत्रहरू आदानप्रदान भएको पाइएको छ।
- **तीव्र आगलागीः** संसद् भवन र अन्य संरचनाहरूमा निकै छोटो समयमा आगो फैलिनुले 'सोडियम' वा 'म्याग्नेसियम' जस्ता प्रज्वलनशील रसायनको प्रयोग भएको हुन सक्ने संकेत गर्दछ।

### ४. प्रमुख निशानामा परेका क्षेत्रहरू

- **शीर्ष नेताका निवासः** पुष्पकमल दाहाल (ढोलाहिटी), शेरबहादुर देउवा (बुढानीलकण्ठ) र केपी शर्मा ओली (बालकोट) लगायतका नेताहरुको घरमा आगजनी र तोडफोड भयो।
- **सरकारी संरचनाः** संसद् भवन (प्रतिनिधिसभा बैठक कक्ष), सिंहदरबारको मुख्य गेट, सर्वोच्च अदालत, मन्त्री क्वार्टर (भैंसीपाटी), प्रहरी कार्यालय, स्थानीय पालिकाका कार्यालयमा क्षति पुऱ्याइयो।
- **विमानस्थलः** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'जिलेटिन' सहित आक्रमण गर्ने प्रयासलाई सेनाले विफल पारेको थियो।
- **व्यापारिक प्रतिष्ठानः** भाटभटेनी सुपर स्टोर, हिल्टन होटल लगायतका ब्यापारिक केन्द्रहरुमा आगजनी

---


### ५. मिथ्या सूचना र घुसपैठको जोखिम

- आन्दोलनका क्रममा डिस्कर्डमा 'होस्टलमा बलात्कार भएको' र 'मृत्यु संख्या बढाइचढाइ गरिएको' जस्ता मिथ्या सूचना (Misinformation) फैलिएका थिए, जसले भीडलाई थप उत्तेजित बनायो।
- आन्दोलनकारीहरू स्वयंले पनि राजनीतिक दलका कार्यकर्ता र अन्य स्वार्थ समूहको घुसपैठ हुन सक्ने आशंका गरेका थिए।

## घटना क्रम (Analytical Flowchart)

**Cause ⟶ Escalation ⟶ Impact**

### CAUSE (प्रारम्भिक कारण / उत्प्रेरक तत्व)



**सामाजिक तथा राजनीतिक असन्तुष्टि**

- युवा केन्द्रित असन्तुष्टि र आक्रोश
- सार्वजनिक रूपमा असन्तुष्टि अभिव्यक्ति गर्ने आह्वान
- डिजिटल प्लेटफर्म मार्फत प्रारम्भिक समन्वय

**डिजिटल प्लेटफर्मको प्रयोग**

- 'डिस्कोर्ड' लगायत अनलाइन च्यानल प्रयोग
- **Yuwa Hub** र **Youth Against Corruption** नामको Discord Server प्रयोग गरिएको।
- शान्तिपूर्ण प्रदर्शनको योजना
- भेला हुने स्थान, समय र प्रतीकात्मक गतिविधिको छलफल

**<u>भदौ २३ र २४ गते नेपालमा भएको Zen-G आन्दोलनमा प्रयोग भएका मुख्य Discord Server हरु :</u>**


**Yuwa Hub**

यो Server मुख्यतया भदौ २२ गते बाट नै Active भएको थियो । यो Server बाट बिभिन्न ठाउँहरूको नाम राखि बिभिन्न प्रयोजनको लागी Channel हरू बनाईएको थियो । मुख्यतया यो Server मा बिभिन्न ब्यक्तिहरु जस्तै नेपाल फुटबल खेलाडि, गायक गायिका लगायत बिभिन्न क्षेत्रका ब्यक्तिहरूलाई Podcast नामको Channel मा सहभागि गराई आन्दोलनमा सहभागी हुनुको साथै सबै Discord मा जोडिएका Member हरूलाई समेत आह्वान गरिएको । यो Channel को Admin हरुले दुई खालका Invitation Links हरू Generate गरेका थिए, एउटा सर्व साधारणहरूलाई Server मा जोडिनको लागी भने एउटा Server भित्रका Mod handlers/Core Member हरूको लागी जसमा Core member हरु Plan Execute गर्ने, बिभिन्न समयमा Server हरु Flush गर्ने लगायतका गोप्य कुराहरू गरि रहेको थिए । यो Server मा भएका Core Member हरूलाई कुनै शंकास्पद खालका ब्यक्ति समुह वा कुनै म्यासेजहरु आएमा सबै Server भित्रका Channel हरुलाई Flush गर्ने काम समेत गरेका थिए । यो Server मा जम्मा १२, १४४ वटा सम्म message हरु पठाइएको थियो ।

**<u>Youth Against Corruption:</u>**

यो Youth Against Corruption नामको  Discord Server को Admin Hami Nepal रहेका थिए। यो Server भन्दा पहिले नै भदौ २२ गते राती Yuwa Hub मा नेतृत्वको लागि तथा भदौ २३ गतेको आन्दोलनको लागी के-कुन ब्यक्ति तथा संस्थाहरू बाट के कस्तो सहयोग लिन सकिन्छ भन्ने  छलफलमा Hami Nepal समेतको नाम लिइएको थियो तथा यो Hami Nepal संस्थाले भदौ २३ गते पानी लगायत medical Team मा सहयोग गर्ने भनि जिम्मा दिइएको थियो त्यस पश्चात यो Discord Server बनिएको थियो। भदौ २३ गते बिहान जब यो Discord Server को QR सहितको पम्पेल्ट सहित ब्यक्तिहरु माईती घर मा उपस्थित भए सो पश्चात यो Server मा सदस्यहरू संख्या बढ्न थालेको हो। यो Server मा जम्मा १८,०१० वटा सम्म message हरु पठाइएको थियो।

**ESCALATION (उग्रता वृद्धि हुने चरण)**



**डिजिटल संवादको स्वर परिवर्तन**

- शान्तिपूर्ण सन्देशबाट आक्रामक सन्देश तर्फ रूपान्तरण
- आगजनी, अवरोध र भिडसँग जुध्ने रणनीति बारे छलफल




**भ्रामक तथा अपुष्ट सूचनाको प्रसार**

- सामाजिक सञ्जाल मार्फत फैलिएका असत्य/अपुष्ट आरोप
- भीडको मनोविज्ञानमा नकारात्मक प्रभाव
- आवेग र आक्रोशको तीव्र वृद्धि

**माथिका दुवै Discord Server मा बिभिन्न समयमा बिभिन्न User हरू विच भएमा केही संवादहरू** :

[सेप्टेम्बर ७, २०२५ (साँझ) – शान्तिपूर्ण योजना सुरु]

├── डिस्कर्डमा प्रदर्शन योजना: स्कुल युनिफर्ममा माइतीघर ९ बजे भेला

├── रेकर्डिङ सल्लाह: HeriHair ("Make sure to record stuff up")

├── Molotov/Napalm छलफल सुरु: IDKEHUAIM (10:40 PM: "Guys, make Molotov..."), Joseph ("Napalm recipe"), Titool (tear gas chemical)

↓ (Infiltrators चेतावनी: Durga Prasai, Mahesh Basnet को ग्रुप)

[सेप्टेम्बर ८, २०२५ – शान्तिपूर्ण प्रदर्शन ⟶ झडप र २२ मृत्यु]

├── बिहान: शान्तिपूर्ण भेला ⟶ दिउँसो बानेश्वरमा बारिकेड तोडियो, प्रहरी गोली ⟶ कर्फ्यू

├── डिस्कर्ड escalation:

- Sukit (12:24 PM: "Curfew announced... They can shoot you")
- Stardustkis (12:43 PM: "Now we need to use Molotov")
- Rukesh (2:37 PM: "Supply Molotov"; 5:55 PM: "Make as many Molotov")
- Sagat Ji (3:55 PM: "I'm bringing Molotov")
- Kaji GQ (1:58 PM: "Throw Molotov from your side")
- Kushel ("Target Parliament Building with Molotov")
- Anonymous (7:50 PM: "Throw fire at police... surround leaders'' homes" – १५ पटक)
- Abo (8:00 PM: "We need grenades and Molotov")
- Greenish (राति: Grenades import from India/Kerala)
- Tony (false rape rumour ⟶ Global College burned)
- Chris/ARU (chemical weapons/sodium छलफल)

├── साँझ: गृहमन्त्री रमेश लेखक राजीनामा

├── मुख्य लक्ष्य: KP Oli, Prachanda, Deuba

↓

[सेप्टेम्बर ९, २०२५ – आगजनी चरम र सरकार पतन]

├── बिहान ८:३०: कर्फ्यू → प्रदर्शन जारी

├── ~१०:३० AM: Prachanda को निवास (धोलाहिटी) मा आगो

- Toxic (10:32 AM: "Throwing Molotov... need backup")
- Reaction (10:47 AM: "Prachanda's residence burned")

├── दिउँसो: Deuba को घर (बुढानीलकण्ठ) आक्रमण/जल्यो (हेलिकप्टर उद्धार)

- RicharKe (12:04 PM: "Sher's house is burning")
- AppleP (12:54 PM: "Sher... broke")
- Nocturnal (questioning delay)

├── ~१२:२० PM: संसद भवन आगो सुरु

- Tearsok (12:20 PM: "Parliament Building is going to burn")

├── ~२:०५ PM: सिंहदरबार जल्यो (बचाउन आग्रह गर्दागर्दै)

- Samu (2:01 PM: "Don't burn Singha Durbar")
- Lucifer (2:27 PM: "Save Singha Durbar")
- Diwakar Dulal (2:07 PM: Data centre बचाउन अपिल – ८७ पटक)

├── ~२:०० PM: PM KP Oli राजीनामा → बालुवाटार/शितल निवास जल्यो

- Shri 3 Jangbahadur Kunwar Rana (targets list)
- Daddy/Muffin (Baluwatar raid calls)

├── अन्य: भैसेपाटी मन्त्री क्वार्टर, सर्वोच्च अदालत जल्यो (Abij/Snacks/IMnoob questions)

- Sank (loot suggestion)

├── विमानस्थल आक्रमण योजना (AppleP/Vishwasthapa/Zeus) तर सेनाले रोके



**हिंसात्मक गतिविधिको सुरुवात**

- आगजनी, तोडफोड
- पेट्रोल बम (Molotov cocktail) प्रयोग भएको आशंका
- सुरक्षा निकायसँग प्रत्यक्ष झडप

**IMPACT (परिणाम / असर)**




**भौतिक र सार्वजनिक क्षति**

- सरकारी तथा सार्वजनिक संरचनामा आगजनी
- सवारीसाधन तथा सम्पत्तिमा क्षति



**मानवीय क्षति र सार्वजनिक सुरक्षा चुनौती**

- मृत्यु तथा घाइतेको अवस्था
- कर्फ्यू, बल प्रयोग, आपतकालीन सुरक्षा उपाय लागू



**राज्य संयन्त्रमा दबाब**

- सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर असर
- डिजिटल प्लेटफर्मको भूमिका माथि प्रश्न

## डिस्कर्ड (DISCORD)

- जेन्जी प्रदर्शनको तयारी र संचालनमा Discord प्लेटफर्म निर्णायक वनेको थियो।
- जिल्ला प्रशासन कार्यालय शान्तपुर्ण कार्यक्रम हुने भनि ३ समूहको निवेदन अनुसार सुरक्षा योजना वन्यो र Discord मा आगजनी,हिँसात्मक सन्देश र हतियार प्रयोग वुनिन थाले।
- विशेष गरी Video game खेल्नेहरुको मन्च डिस्कर्डमा युवा युवा संगठित भए र त्यहीवाट भ्रष्टाचार विरोधी आन्दोलनको माहोल तयार भईरहेको थियो।
- "हामी नेपाल" को Youth Against corruption र "युवा हव" नाम भएका दुईवटा सर्भर (भर्चुअल समुदाय) वढि सक्रिय थिए।
- -छलफल गरेर कहाँ,कति बेला र कसरी भेला हुने भन्ने निर्णय गर्ने
- -सुशिला कार्कीलाई प्रधानमन्त्रीमा पनि Discord कै Voting वाट छानिएको हो ।
- Discord निःशुल्क सञ्चार प्लेटफर्म हो, जहाँ प्रयोगकर्ताले सर्भर (Virtual) समूह वनाएर वा

सर्भरमा जोडिएर TEXT, AUDIO र VIDEO CHAT गर्छन ।

- सन २०२५ मा अमेरिकी युवाहरुले GAMER हरु विच सहकार्य गर्न निर्माण गरेको यो प्लेटफर्म अहिले विश्वका ६० करोड भन्दा बढी प्रयोगकर्ताहरु यो प्लेटफर्म संग आवद्ध छन ।
- -एउटा सर्भरमा ५ लाख सदस्य सम्म जोडिन सक्ने,विभिन्न बिषयमा वेग्ला वेग्लै समूह वनाउन सक्ने यो शुरुमा Gamer मा मात्र सिमित थियो।
- -पछि यो सामाजिक छलफल,समूह निर्माण र राजनीतिक आन्दोलन संचालनका लागि ब्यापक प्रयोग हुन थाल्यो।
- -यस छलफलमा मात्र भाग लिनेहरु एनोनिमस (दम) परिचय कुरा गर्छन।
- जेन्जी आन्दोलनमा युवाहरुले टिकटक,रेडिट जस्ता प्लेटफर्ममा "Nepo baby kids" Nepo babies जस्ता अभियान चलाएर आन्दोलनलाई तताउन Discord लाई प्रमुख माध्यम वनाए।
- ७ सेप्टेम्बर (भाद्र २२) को राती ९:३५ वजे देखि ९ सेप्टेम्बर (भाद्र २४) मध्यरात सम्म (करीव) ५० घण्टा) सर्भरमा कुल ६ लाख ६४ हजार पटक सम्वाद लेखिएको थियो।विहान १०:४० मा "आई डि केहु आईएम" प्रयोगकर्ताले गाईज मौलाटोभ नि वनाउ है ........वोतलमा भनेर लेखेका थिए।
- ७ सेप्टेम्टर (भाद्र २२) मा स्कुल-कलेजको युनिफर्म लगाएर आन्दोनमा जाने,विहान ९ वजे माईतीघर मण्डलामा भेटने कार्यक्रम वन्यो। काठमाडौं वाहेक वाहिर प्रमुख शहरहरुमा पनि प्रदर्शन गर्ने तयारी सम्बादमा देखियो।
- घूसपैठ प्रति सजग रहि दुर्गा प्रसाई राजाबादी र दलका विधार्थी यूनियनहरु प्रति चनाखो रहन पनि भनेका थिए।सचेत हुनु है सवै भनि
- रेकर्ड गरी सामाग्रीहरु अन्तराष्ट्रिय सामाचार संस्थामा पठाई घटनालाई विश्व मन्चमा पुर्याउने योजना देखिन्छ।
- "हेरी हेयर"प्रयोगकर्ताले ७ सेप्टेम्वरमा लेखेका छन "MAKE SURE TO RECORD STUFF OF"
- Discord विशेष गरी नेपोवेवी अभिव्यक्ति स्वन्त्रता, करदाताको पैसा दुरुपयोग र राजनीतिक सुधार लगायत विषयमा छलफल हुन्थियो ।
- भाद्र २३ गते सडकमा शान्तिपूर्ण आन्दोलन चलि रहँदा पनि Discord मा संवाद,छलफल चलिरहेकै थियो।
- निषेधित क्षेत्र तोडेपछि भिड अनियन्त्रित बन्यो र प्रहरी संग झडप शुरु भयो र व्यारीकेड कसले तोड्यो,किन तोड्यो भनेर Discord मा छलफल भएका छन ।
- कर्फ्यु जारी भयो र कुल २२ जनाको ज्यान गयो।

- -१२ बजेर २४ मिनेटमा "सुकिट" नामक प्रयोगकर्ताले कर्फ्यु अपाउन्समेन्ट भईसक्यो,प्लिज गाईज गेट द फ... आउट अफ संसद भवन। दे कयान सट यू
- सडकमा दमन प्रदर्शन रोकीएन\आन्दोलनलाई हिँसात्मक बनाउने सन्देशहरु Discord मा आउन थाले

  -भाद्र २३ गते १२ वजेर ४३ मिनेटमा "स्टारडस्ट किस" नामक प्रयोगकर्ताले "अब Molotov (पेट्रोल ककटेल बम) युज गर्नुपर्छ भनि लेखे।

  -१:५८ वजे कानी जिकियूले "हो हो अब मोलोटोभ फाल आफ्नो साईडवाट"लेखेका थिए

  -२:३७ वजे रुकेश नामक प्रयोगकर्ताले मोलोटोभ सप्लाई हान न कसैले भनि पोष्ट गरेका छन।

  -३:५५ मा "सागात जी" नामक प्रयोगकर्ताले मोलोटोभ लिएर आउदै छु । म भनि लेखे

  -५:५६ मा "रुकेश" ले यो मोलोटोभ जति सक्दो वनाएर लिएर आउ सबले भनि लेखे

  -आगो सल्काउन र फैलाउन प्रयोग हुने यो "मोलोटोभ" हतियार गैरकानूनी र प्राणघातक हुन्छ ।

  -यस्ता उतेजना फैलाउने खबर प्रति राज्य पक्ष बेखवर रहयो

  -कुशल नामक प्रयोगकर्तले रयान्डम प्लेसमा होईन,सिधा संसद भवन जानुपर्छ भनि लेखे

भाद्र २३ गतेको विरुद्ध भोलिपल्ट २४ गते प्रदर्शन हुने निश्चित थियो। प्रहरी कारवाही

- Discord मा हिँसात्मक सन्देशहरु वढिरहेका थिए

-गृहमन्त्रीको राजीनामा पछि पनि नहुने तर्क गरिरहेको थिए

-"रस्सियन अंकल म नामक प्रयोगकर्ताले राजीनामा नरम सजाय हो" भनी अन्तराष्ट्रिय अदालतमा मुद्दा चलाउने माग गरेका थिए

बेलुका ७:५० बजे एनोनिमस नामक प्रयोगकर्तले राजीनामा गरेर ठुलो कुरा होईन । अब गर्ने भनेको वियरको बोटलमा पेट्रोल हाल्ने अनि आगो लगाएर पुलिस तिर फाल्ने । जसले गरेर पुलिसहरु जलेर मरुन। अनि प्लिज संसद भवनहरु हैन ३\४ हजार भएर सानो होस् यो ठूलो

नेताहरुको घर घेरे घर देखि निकालेर लखेट्ने गाली निकालेर ठोकने।पुलिस हेडक्वाटर जाने । आज गोली हान्न आदेश दिनेलाई घाटी.......(हिंसात्मक सन्देश) प्लिज किल पिपुल फ्रम द गभर्मेन्ट यहि सन्देश उनले दर्जन भन्दा वढि पटक पठाएका छन ।

भाद्र २३ गते रातभर मोलोटोभ वारे वहस भएको छ ।

- ८ वजे "आबो" ले हामीलाई ग्रेनेड र मोलोटोभ चाहिन्छ लखेका छन
- मोलोटोभ कसरी बनाउने भन्ने विषयहरु पनि सविस्तार आउन थाले
- भाद्र २४ गते विहान ८:५९ वजे जोसेक भिजारी नोभिक स्टालिनले मोलोटोभ बनाउने वारे लेखेको हिंसात्मक संवाद छ।
- "एकज्युकयु" नामक प्रयोगकर्ताले वनाउने सिकाउँदै अनि एउटा कपडा हाली देउ वोतलको मुख देखि मिकचर हुने गरी। त्यसपछि मोलोटोभ रेडी ।
- वानेश्वर स्थित संसद भवनमा केही युवाले पेट्रोल बम प्रहार गरिरहेको भिडियोहरुमा पनि देखिन्छ
- Discord मा हतियार मगाउने संवाद पनि भएको थियो। प्रदर्शन केही दिन लम्बिने सक्ने उनिहरुको अनुमान थियो।
- भाद्र २३ गते राती ११:४९ मा "ग्रिनिस्यु" नामक प्रयोगकर्ताले फ......गनको सोलुसन चाहियो कया।ईण्डियावाट मगाउन सकिने समेत लेखेका छन । ११:५१ मा सोही प्रयोगकर्ताले "ईन्डिया वाट ईम्पोर्ट हान्दिम म" एवाउट ५० ग्रेनेड आउन सक्छ समेत लेखेका छन ।
- सोही प्रयोगकर्ताले ११:५६ मा "ईन्डियाको केरलाको डिलरलाई चिनेको छु" भन्यो भने लिएर आउछ।
- कार्तिकेय नामक प्रयोगकर्ताले "गर्न सक्ने शान्तीपूर्ण प्रदर्शन नै हो" भनि पनि लेखेका छन।
- तर नेतृत्व अभाव,आक्रोशको ठूलो आयातनेल संवाद हिंसात्मक हुँदै गयो।
- Discord मा भाद्र २३ गते "टोनी" नामक प्रयोगकर्ताले .......लोबल कलेजको होस्टलमा बलात्कार भईरहेको छ" भनी दावी गरे र केही पछि केहीले ठूलो समाचार भनि खण्डन पनि गरे (मोडरेटरहरुले)
- प्रहरी त्याहा पुगेको थियो साझ तर घटना केही थिएन । खाली उत्तेजित र आक्रोशित वनाउने काम मात्र थियो। तर २४ गते ग्लोवल कलेज जलाईयो ।
- भाद्र २४ गते काठमाडौं र ललितपुरले चक्रपथ क्षेत्र भित्र कर्फ्यु लगाएका विषयमा

“म्याडडग” ले हत्याराहरुले कर्फ्यु लगाएका छन”

- “जस्टडिपफ्रईड” ले लेखेका छनः-८:३० देखी कर्फ्यु छ। अहिले पुगिहालम।
- अर्को प्रयोगकर्ता लेखेका छनः-जब २०\३० हजार भेला हुन्छौ। भाडमा जान्छ कर्फ्यु
- कतिपयले कर्फ्युमा निस्कन नहुने भनिरहदा कतिपयले मर्ने की मार्ने कर्फ्यु आदेश नमान्ने वहस गरिरहेका थिए।
- काजीले लेखेका छन “कर्फ्यु रोक्दा नि रोकिदैन” जाने हो। कि मर्छ की मार्छुम ।

श्रोतः- कान्तिपुर

## डिजिटल युगमा एल्गोरिदम प्रभाव

**Algorithm:-**

Algorithm भनेको कुनै पनि समस्या समाधान गर्न वा निश्चित कार्य सम्पादन गर्नका लागी बनाईएको चरणबद्ध निर्देशनहरूको (set of step-by-step instructions) समुह हो। आजको डिजिटल संसारमा, विशेष गरी सामाजिक सञ्जालहरू (Facebook, Tik Tok, Instagram, YouTube) हरूमा एल्गोरिदम (Recommended Algorithm) ले मेरुदण्डको रुपमा काम गरी रहेको हुन्छन्। प्रयोगकर्ताहरूले के हेर्ने, के सुन्ने र कस्तो धारणा बनाउने भन्ने सुक्ष्म रुपमा निर्धारण गर्छन। Algorithm ले कुन कुरा सत्य हो? कुन कुरा झुटो हो भन्ने कुरासँग सरोकार राख्दैन यसले सत्यता भन्दा संग्लनता (Engagement Over Truth) सँग मात्र मतलब राख्दछ जुन कुराले बढि प्रयोगकर्ताको ध्यान तानिरहेको छ। विभिन्न यन्त्र चल्नको लागी इन्धनको आवश्यकता परे जस्तै Algorithm चल्नको लागी पनि इन्धनको आवश्यकता पर्दछ, सो ईन्धन भनेको प्रयोगकर्ताको व्यक्तिगत Data हो। सो Data विभिन्न स्रोतहरू जस्तै Data Mining हरू बाट पनि प्राप्त भएको हुन्छ।

**सामाजिक सञ्जालमा Algorithm को मुख्य उदेश्यः-**

सामाजिक सञ्जालमा Algorithm को मुख्य उदेश्य Attention Economy मा आधारित हुन्छ । Attention Economy के आधारमा हाल एप निर्माण गर्ने कम्पनीले प्रयोगकर्ता समयलाई नै उनीहरुको आम्दानीको स्रोत बनाई रहेको पाईन्छ मानव जाती गर्ने ध्यान सिमीत हुन्छ,एकै पटक हामीले धेरै कुरामा पूर्ण ध्यान दिन सक्दैनौ,बिशेष गरी सामाजिक सन्जाल युट्युब,टिकटक,ईन्स्टाग्राम आदिले मानव जातीको ध्यान कयाप्चर (capture) गर्न प्रतिस्पर्धा गर्छन। (capture) गरे पछि यी कम्पनीहरुले हाम्रो ध्यान बिज्ञापनदाताहरुलाई बिक्री गरेर नाफा आर्जन गर्छ। फेसबुक,ईन्स्टाग्रामका (फ्री सेवा) मा रहेको दिईएको सम्पति हाम्रो ध्यान र समय नै हो (Attention economy) नेपालमा पनि टिकटक,फेसबुक,ईनस्टाग्राममा घण्टौ बिताउने मानिसहरुको संख्या दिन प्रतिदिन वढिरहेको छ,अझ युवाहरुको त यस प्रति अझ बढि लगाव देखिन्छ ।जेनजी आन्दोलन जस्ता घटनामा सामाजिक संजालले कसरी Attention (ध्यान) तान्ने र spread out (फैलाउछ) भन्ने बिषय सबैलाई थाहा नै छ ।आजको डिजिटल संसारमा सबै भन्दा ठूलो प्रतिस्पर्धा पैसा होईन,ध्यान ( viewers को attention) हो ।

**Algorithm ले समाजिक सञ्जालहरूमा कसरी काम गर्दछ?**

सामाजिक सञ्जालहरूमा Algorithm मुख्यतया Machine Learning मा आधारित भएर काम गर्दछ। Machine Learning भनेको साधारणतया, कम्प्युटरलाई कुनै काम गर्नको लागि मानिसले 'स्टेप बाई-

स्टेप' निर्देशन (Programming) दिनुपर्छ। तर, मेसिन लर्निङ एउटा यस्तो प्रविधि हो जहाँ कम्प्युटरलाई हरेक कुरा सिकाइरहनु पर्दैन। यसले पुराना तथ्याङ्क (Data) र अनुभवहरू हेरेर आफैं सिक्छ र निर्णय गर्छ।

**Social media हरूमा Algorithm को प्रवेश र कार्य प्रणालीः-**

सुरुका दिनहरूमा Social Media समय अनुसार (chronologically) चल्ने गर्दथ्यो अर्थात सामाजिक सञ्जालमा नजिक रहेको मानिसले हालेको पोष्ट पहिले देखिन्थ्यो तर सन् २०१० पछि Algorithm को प्रवेश भयो। सो पश्चात यसले Data को

आधारमा काम गर्न थाल्यो। यसको कार्य प्रणालीहरू यस प्रकार छन।

१. संलग्नताको गणित (Engagement Metrics):

प्रयोगकर्ताको हरेक क्रियाकलापहरू जस्तै क्लिक, लाईक, कमेन्ट र हामीले हेरेको फोटो समेतको समयको विवरणहरू राख्ने गर्दछ।

२. प्रेडेक्टिभ मोडलिङ (Predictive Modelling)

Algorithm से प्रयोगकर्ताको बानी समेत अध्ययन गरी त्यसलाई रेकर्ड गरी प्रयोगकर्ताको भविष्यको रुचिको अनुमान गर्दछ। जस्तो प्रयोगकर्ता आज राती ८ बजे खानाको भिडियो हेरेको छ भनि भोलि पल्ट ठिक ८ बजे उस्को Feed खानाको भिडियोहरुले भरिन्छ। अणि प्रयोगकर्ताले त्यसलाई अझ बढी रुचीका साथ हेर्न थाल्दछ।

३. सामाग्रीको वर्गिकरण (Content Categorization): Artificial Intelligence ले भिडियोको रङ र त्यसमा प्रयोग भएका शब्दहरु समेतलाई चिनेर सहि दर्शक समक्ष पुराउँछ।

**यसले सामाजिक सञ्जालका प्रयोगकर्ता बाट निम्न Data हरू संकलन गरी रहेको हुन्छ ।**

**१. प्रयोगकर्ताको व्यवहारः-** कस्तो भिडियोहरु कति समय सम्म हेरियो, कस्तो भिडियो लाईक गरियो, के-कस्ता सामाग्रिहरू (Status, Photo, video,) पोष्ट गरियो, कहिले कुन समयमा के-कस्तो ठाउँमा गईयो लगायत कुराहरू।

**२. सम्वन्धित सामाग्रीः**-भिडियो क्याप्सन (Video Caption), ह्यासट्याग (#) र आवाज।

३. **डिभाइस सेटिङ (Device Setting):-** प्रयोगकर्ताले प्रयोग गर्ने भाषा, देश र सामाजिक सञ्जालको सञ्चालन गर्न प्रयोग गरीएको Device को प्रकार।

४. प्रोफाईलिङ (Profiling): प्रयोगकर्ताको उमेर, लिङ्ग, राजनीतिक झुकाव र यौनिकता समेत ।

**# सुचनाको घेराबन्दी (Information Siege):-**

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई जे देख्छन्/जे देखाईन्छ प्रयोगकर्ताहरूलाई तेहि नै वास्तविक

संसार जस्तो लाग्छ।

**भावनात्मक म्यानुपुलेसन (Emotional Sentimental Manipulation):-**

Algorithm ले गाह्रो, बौद्धिक तथा असहज प्रश्नहरूलाई पछाडि धकेली सहज सजिलो र **सनसनिपुर्ण एवं भावनात्मक** सामाग्रीहरूलाई अगाडी सार्ने कार्य गर्छ।

**सोचको सिमा (Boundaries of Thought):-**

यस देशका नागरिकहरू स्वतन्त्र जेलमा छैन तर समाजिक सञ्जालका प्रयोगकर्ताहरूलाई निश्चित घेरा भित्र सिमित राखिएको छ र यहि ALGORITHM को सबै भन्दा ठुलो सफलता हो।

**FILTER BUBBLE ECHO CHAMBER:-**

**१) फिल्टर बबलः-**

# Algorithm से प्रयोगकर्ताहरूको डिजिटल व्यवहार (Digital Behavior) लाई पुर्ण रुपमा अध्ययन गरी त्यसलाई नियन्त्रण समेत गरि सकेको हुँदा प्रयोगकर्ताहरुलाई मनपर्ने, चासो लाग्ने सुचना समाचार र सामाग्रीहरु मात्र देखाउछ। जसले गर्दा प्रयोगकर्ताहरूलाई यस्तो बबलमा थुनिदिन्छ जहाँ प्रयोगकर्ताले आफ्नो विचार भन्दा फरक केहि कुरा सुन्न देख्न सक्दैन ।

**२)Echo Chamber:-**

यस्तो एउटा अवस्था (State) जहाँ प्रयोगकर्ताले आफ्नो विचारको प्रतिध्वनी (Echo) मात्र सुन्न सक्छ ।जब प्रयोगकर्ताले पटक-पटक एउटै विचारको प्रतिध्वनी सुन्ने अवस्थामा पुग्छ जहाँ उसको सोच\विचार नै अन्य व्यक्तिहरुको सोच/विचार हो भन्ने लाग्छ। जबकि त्यो एउटा भ्रम मात्र हुन्छ।

नेपालमा भएको Gen-z आन्दोलन मात्र नभई देशको अहिले चुनावि माहोलमा समेत यो दुईवटा प्राविधिक अवधारणा **(Technical Concept)** ले सबै भन्दा ठुलो भुमिका खेलेको थियो र खेल्दै छ।

- **Digital Proxy War (विचार वारे माथिको आक्रमण):-**

हाल नेपालमा सबै भन्दा प्रयोग भएको र गरिएको आक्रमण हो Digital Proxy War । हातहतियार गोलि गठ्ठाले शरिरलाई मार्न सक्छ तथा गलत विचार र सुचनाले पुरै पुस्तालाई नियन्त्रण गर्छ।

**<u>१) सुचनाको विष (Information Poison):-</u>**

सामाजिक सञ्जालका करौडा प्रयोगकर्ताहरूको माझ यो एक शक्तिशाली तथा घातक यन्त्र हो। यो केवल झुठ मात्र नभइ ध्यान भड्काउने, एक आपसमा घृणा बढाउने र आपसी विश्वास तोड्ने काम गर्दछ।

**<u>२) अदृश्य शक्ति (Invisible Enemy):-</u>**

यस युद्धमा शत्रु देखिदैन किनकि, यसमा Algorithm मित्र जस्तो देखिन्छ तर व्यवहारमा यसले प्रयोगकर्ताको Digital

Behavior पढि बुझि Algorithm ले शासकको भूमिका निर्वाह गर्छ।

**<u>शक्ती सन्तुलनमा बदलाव (Shift in the Balance of Power):-</u>**

नेपाल जस्तो देशमा निति निर्माण लगायतका प्रक्रियाहरू निकै सुस्त छ । संसारमा प्रविधिको बिकाश दिन प्रतिदिन चौबर गुणाले बढिरहेको हुँदा नेपालमा ( Non state actors) Tech Company र Algorithm को प्रभाव सबै क्षेत्रमा पर्न थाली सकेको छ। जसका कारणले गर्दा राज्यबाट शक्ति बिस्तारै Tech शक्तिहरुको हातमा सर्दैछ।

**<u>चुनावि माहोल र Engineered Popularity:-</u>**

हाल देश चुनावी माहोलमा रहेको बेला हामीले सामाजिक सञ्जालहरू खोल्दा हेर्दा तथा समाचार समेत पढ्दा हरेको News Feed मा विज्ञापन,व्यक्ति बिशेष लगायतका बिभिन्न सामाग्रीहरू देखि रहेका छौ।

**के नेपालको आगामी भविष्य ससंदले लेख्छ ? कि SOFTWARE को CODE ले हो ? भन्ने अहिलेको गम्भिर प्रश्न हुन सक्छ ? भ्रमको ट्रेन्ड (illusion 0f trend)**

१)हाल सामाजिक सञ्जालमा चलिरहेको देखिने Trend हरु सधैं वास्तविक आवाज नभएर, यो धेरै जस्तो योजनाबद्ध लोक प्रियता (Engineered Popularity) मात्र हुन सक्छ ।

**<u>२) निर्णयको आधार (Basis for Decision making):-</u>**

आजको नेपालमा कुन राजनितिक मुद्धा उठ्ने र कुन दबाउने\नदेखाउने कुनै तर्क वा बहसले हैन बरु भन्ने कुरा Algorithm छनोट ले तय गरिरहेको हुन्छ जसले गर्दा लोकतन्त्र जरै देखि कमजोर भइरहेको छ।

- **<u>नेपाल कसरी अदृश्य जेल र Digital Proxy War को सिकार बन्दै छ ?</u>**

**<u>बिना हातहतियार (गोलो गट्टा बारुद) हारिने युद्धः-</u>**

नेपाल आज एउटा यस्तो युद्ध हार्दैछ, जसको हारको घोषणा कहि कतै गरीएको छैन किनकि युद्ध शान्त, सालिन र आरामदायी छ । इतिहारामा भएका युद्धहरू भुगोलका थिए तर यो युद्ध मानसिक क्षेत्रको लागी हो। हालको अवस्था परिस्थितीलाई नजिकबाट नियाल्दा हरेक व्यक्तिको विचार नै युद्धको मैदान बनेको छ। **यस युद्धको मुख्य कारक तत्व वा यसको प्रधानसेनापती ALGORITIIM हो जसले नेपाललाई अदृश्य जेलमा बन्द गर्ने प्रयास गरिएको छ ।**

**<u>अदृश्य जेलः जहाँ पर्खाल छैन, केवल अभिरुचीहरू (PREFERENCES) छन् ।</u>**

नेपाल एक स्वतन्त्र देश जस्तो देखिएता पनि नेपालका नागरिकहरू विचार र व्यवहारमा स्वतन्त्र छैनन् । यहाँका नागरिकहरू

बन्धनमा (जेलमा) छैनन् तर प्रत्येक नागरिकहरूको सोच सिमित छ। यो जेल पर्खालले होइन, अभिरुचीहरू (Preferences) ले बनाईन्छ ।

**<u>चेतना नै पहिलो प्रतिरोधः-</u>**

नेपालमा विचार सुरक्षित भएन भने राष्ट्र राष्ट्रियता र राष्ट्रको सिमाना समेत सुरक्षित रहन सक्दैन। यो अदृश्य जेल र Algorithm बाट बच्ने भनेको नागरिक चेतना हो। यसमा सबै नेपाली लगायत नेपाल सरकारको समयमा नै ध्यान जान जरुरी छ।

# भाग-४

# निष्कर्ष (Conclusion) तथा राय सिफारिस

## परिच्छेद-१३ जाँचबुझ आयोगको निष्कर्ष, ठहर र सिफारिस

### १३.१. २०८२ साल भाद्र २३ गतेको घटनाका सम्बन्धमा

<u>पृष्ठभूमि</u>

प्रत्येक व्यक्तिलाई आफ्ना धारणा व्यक्त गर्ने र आफ्नो असन्तुष्टि शान्तिपूर्ण तरिकाबाट राख्ने अधिकार हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणा (Declaration of Human Rights 1948) ले समानता, वैयक्तिक र जीवनको स्वतन्त्रताका साथै विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण सभा गर्ने अधिकार सहितका अन्य धेरै अधिकारहरु प्रत्याभूत गरेको छ। त्यस्तै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights (ICCPR) १९६६ र यसको ऐच्छिक प्रोटोकल (The Optional Protocol to the ICCPR 1966.) १४ मे १९९१ मा र दोश्रो ऐच्छिक प्रोटोकलमा (Second Optional Protocol to the ICCPR 1966) ४ मार्च १९९८ नेपालले हस्ताक्षर गर्‍यो। यसरी अनुबन्ध र प्रोटोकलमा सही गरिएका प्रावधानहरु नेपालको हकमा बाध्यात्मक रुपमा लागू हुन्छन्। नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले सन्धिको प्रावधानहरु नेपाली कानूनसंग बाझिएमा बाझिएको हद सम्म नेपाली कानून निस्प्रभावी हुने व्यवस्था गरेबाट सन्धिहरुको प्रधानता रहने व्यवस्था छ। यस अनुवन्धले प्रत्येक सन्धि राष्ट्रका नागरिकको आफ्नो विचार व्यक्त गर्ने र भेला हुने लगायतका अन्य मौलिक अधिकारहरुको संरक्षण गर्न अहम भूमिका खेलेको छ। यिनै पवित्र (sacrosanct) मान्यताहरुलाई नेपालको कानूनमा पनि विशेष स्थान प्राप्त छ। नेपालको संविधानको धारा १७ ले नेपाली नागरिकको स्वतन्त्रताको हकको व्यवस्था गरी विचारको अभिव्यक्ति र त्यस्तो विचारलाई सामुहिक रुपमा मुखरित गर्न विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको सुरक्षा (guarantee) गरेको छ।

संविधानबाट प्रदत्त यिनै हक अधिकारको प्रयोग गरी मिति २०८२ साल भाद्र २३ गते काठमाडौं स्थित माइतीघर मण्डला क्षेत्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउँ भनी “हामी नेपाल” नाम गरेको संस्थाका सुदन गुरुङ समेतको नामबाट, अंकित मल्ल र खेमराज साउदको नामबाट, एवं सवल गौतम र पुरुषोत्तम यादवको

नामबाट जिल्ला प्रशासन कार्यालय काठमाडौमा पृथक-पृथक ३ वटा निवेदन दर्ता भई निवेदकहरु संग जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसंग छलफल भै निषेधित क्षेत्र बाहेकका स्थानमा मात्र प्रदर्शन गर्ने र उक्त प्रदर्शन शान्तिपूर्ण रुपमा हुने मौखिक सहमति भई सोही अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले निजहरुलाई प्रदर्शन गर्न अनुमति दिईएको थियो। सोही अनुरुप मिति २०८२ साल भाद्र २३ गते माईतीघर मण्डलामा शान्तिपूर्णरुपमा प्रदर्शन सुरु भई सोही स्थानमा कोणसभा गर्ने भनी पूर्व स्वीकृत कार्यक्रम अनुसार अगाडी बढ्ने योजना रहेको थियो।

भाद्र २३ गते युवाहरुले गर्ने भनिएको प्रदर्शन देशमा व्याप्त वेथिति विरुद्ध लक्षित थियो। युवाहरुले प्रयोग गरिरहेका सामाजिक संजालहरु र अन्य प्रकारका specific संजाल, समय समयमा सडकमा देखिने कुशासन विरुद्धका आन्दोलनमा युवाको व्यापक सहभागिताले पनि देशमा विद्यमान वेथिति विरुद्ध युवाहरुको रोष प्रकट भइरहेको थियो। अन्य मिडिया/पत्रपत्रिकामा प्रकाशित सरकारी कार्यमा हुने ढिलासुस्ति, भ्रष्ट्राचार र कुशासनका विरुद्ध प्रकाशित आलेख र सरकार संचालनका प्रकृयाका प्रति असहमति जनाउँदै/रोष प्रकट गर्दै सामान्य व्यक्तिहरुबाट समेत सामाजिक संजालमा भएका टिप्पणी द्वारा पनि यिनै बिसंगती विरुद्ध असन्तुष्टि अभिव्यक्त भएको पाईन्छ।

नेपालमा सेप्टेम्बरको शुरुदेखि टिकटक र रेडिट लगायतका समाजिक संजालमा ह्यासट्याग अभियान अन्तर्गत राजनीतिज्ञका सन्तानले भ्रष्टाचारबाट कमाएको धनमा विलासी जीवनशैली अपनाएको आरोप लगाइएका भिडियो र मिमहरुको व्यापक रुपमा प्रचार प्रसार गरेबाट पनि त्यस्तो असन्तुष्टि पोखिएको देखिन्छ।

भाद्र २३ गते पूर्व नै भ्रष्टाचार र सामाजिक सञ्जालविरूद्ध प्रदर्शन गर्दै जेनजी आन्दोलन आह्वानकर्ताले "श्रीलङ्काले गऱ्यो, इन्डोनेसियाले गऱ्यो, फिलिपिन्सले गऱ्यो, बंगलादेशले गऱ्यो अब नेपालको पालो ! हामी गोर्खाली उठ्ने समय आएको छ। आवाज उठाउने समय आएको छ" जस्ता पोष्टहरु प्रेसित गरिएका थिए। केही अन्य प्लेटफर्ममा संसद भवन, सिंहदरबार लगायत सार्वजनिक संरचना जलाईएको वा विध्वंस गरिएको AI-generated फोटो/भिडियोहरूको साथै सामाजिक सञ्जालमा प्रेषित गरिएका Netakhor.vercel.app जस्ता संजालमा शीर्ष नेताहरूको घर म्यापिङ गरी आक्रमणको योजना बनाएको भन्ने समाचार मिडियामा प्रकाशित भएको देखिन्छ।

Discord नाम गरेको संजालको पनि विभिन्न ग्रुपहरु थिए। ती मध्येको एउटा Discord group मा अराजक गितिविधि Molotov Cocktail निर्माण गर्ने, तोडफोड, लुटपाट र आगजनी गर्न सक्ने जस्ता धारणा प्रेसित

गरिएको थियो। भाद्र २३ गतेका आयोजकहरुले सो कुरा थाहा पाई प्रदर्शन हुनु अगाडी भाद्र २२ गते नै प्रहरीलाई खबर गरेको र सो रोक्न/हटाउन साइबर व्यूरोलाई अनुरोध समेत गरेको भनी केही आयोजक मध्येका सुदन गुरुङले आयोग समक्ष आफ्नो कुरा व्यक्त गरेका छन ।

सामाजिक संजालहरु आजको बदलिँदो विश्वको अति महत्वपूर्ण र शसक्त संचारका माध्यम भएका छन। खासगरी युवा वर्गको आवाजलाई सामुहिक रुपमा मुखरित गर्न यो माध्यम शसक्त रुपमा प्रस्तुत भएको देखिन्छ। तर ती माध्यम बाट हुने क्षति पनि त्यतिनै छिटो र ब्यापक छ। विश्वव्यापी रूपमा डिजिटल र साइबर माध्यमबाट सुरक्षा खतराहरू उत्पन्न हुने प्रवृत्ति पनि बढेको छ।

**<u>राष्ट्रिय अनुसन्धान विभागको अनभिज्ञता</u>**

राष्ट्रिय अनुसन्धान विभागलाई यी सञ्जालमा व्यक्त गरिएका messages को बारेमा विशेष जानकारी थिएन। राष्ट्रिय अनुसन्धान विभागले युवा वर्गमा बढ्दै गएको संस्थापन (establishment) विरोधी भावनाको कुनै विश्लेषण नगरेको देखिन्छ। न त सरकारका अन्य तालुक निकायले सो सम्बन्धमा कुनै अध्ययन/अनुसन्धान गरेको देखिन्छ।

भाद्र २३ गते प्रदर्शन कार्यक्रम आव्हान गर्ने र त्यसका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट स्वीकृती प्राप्त गर्ने जिएनजेड मध्येका तीन ग्रुपले प्रदर्शन शान्तिपुर्ण हुने भनिएकोमा प्रदर्शन सुरुमा शान्तिपुर्ण रुपमा सुरुभई केही समयपछि उग्र हुन थालेको देखिन्छ। प्रदर्शन यसरी उग्र हुन्छ भन्ने विषयमा न त आयोजक मध्येका कसैलाई कुनै आभाष थियो न त सरकारका सुरक्षा निकायलाई नै कुनै जानकारी थियो। भाद्र २३ गते राजधानीको अवस्था शान्तिपूर्ण हुन्छ भन्ने पूर्व अनुमानकै भरमा उक्त दिन संघीय संसद भवनमा राष्ट्रिय सभाको बैठक बस्ने गरी कार्यसूची रहेको तथा राष्ट्रिय सभागृहको कार्यक्रममा राष्ट्रपतिको उपस्थिति रहेको थियो भन्ने प्रहरी अधिकृतहरुको आंकलन रहेको देखिन्छ।

भाद्र २२ गते साँझ प्रधानमन्त्री निवास वालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको थियो। बैठकमा राष्ट्रिय अनुसन्धान बिभाग, नेपाल प्रहरी लगायका सबै सुरक्षा निकायका प्रमुखहरुबाट भाद्र २३ गते जेन्जीहरुले शान्तिपुर्वक प्रदर्शन गर्ने बारे जानकारी गराएका थिए। उक्त प्रदर्शनमा हुनसक्ने सम्भावित हिंसाबारे जानकारी गराईएको थिएन। केही गुप्तचर रिपोर्टमा भने भाद्र २३ गते युवा पुस्ताद्वारा आयोजना गरिएको प्रदर्शनको बारेमा शान्तिपूर्ण कार्यक्रमको स्वीकृति लिएर गरिएको प्रदर्शनमा केहि उच्छृङ्खल व्यक्तिहरुको घुसपैठ हुन सक्ने र स्थितिलाई उत्तेजक बनाउने प्रयास हुनसक्ने आंकलन थियो तर संघिय

संसद भवनमा तोडफोड र आगजनि नै हुन सक्ने बिश्लेषण गरिएको थिएन भन्ने राष्ट्रिय अनुसन्धान विभागका अधिकारीको भनाई रहेको छ।

प्रदर्शनमा निश्चित उमेर समूहका युवा पुस्ताहरु र विद्यार्थीहरू समेत सहभागी हुने भएकोले संयमित हुन, शान्तिपूर्ण तवरले प्रदर्शन हुने भएकोले आवश्यक सहजीकरण गर्न, सकभर बल प्रयोग नगर्न निर्देशन भएको थियो ।तत्कालीन प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ्गबाट निश्चित उमेर समूहका युवा पुस्ता सहभागी हुने भएकोले "हेभी डिप्लोएमेन्ट" नगर्ने र सुरक्षाकर्मी धेरै नदेखाउने तर जनशक्ति नजिकतम् अवस्थितिमा दुरुस्त राख्ने एवम् निषेधित क्षेत्र तोड्ने, सार्वजनिक सम्पत्ति नै तोडफोड र आगजनी गर्ने जस्ता ध्वंसात्मक र हिंसात्मक गतिविधि भएमा कानून बमोजिम सिलसिलेवार बल प्रयोग गर्ने भन्ने समेतको निर्देशन प्रहरी महानिरीक्षकबाट मातहतका प्रहरी अधिकारीहरुलाई दिइएको थियो भन्ने व्यहोराको जिल्ला प्रहरी परिसर काठमाडौका तत्कालीन कार्यालय प्रमुख प्र.ब.उ. हाल प्र.ना.म.नि. विश्व अधिकारीको भनाई रहेको छ।

राष्ट्रिय अनुसन्धान विभागको रिपोर्टिङमा भाद्र २३ गतेको प्रदर्शनमा तिनहजार देखि बढीमा पाँच हजार सम्म व्यक्तिहरु भेला हुने आंकलन गरी सुझाव दिएको पाइन्छ। सोही सुझावलाई आधार मानी सम्पूर्ण सुरक्षा व्यवस्था अगाडी बढाइएको देखिन्छ, जो यथेष्ट थिएन।

<u>एकिकृत विशेष सुरक्षा योजना</u>

काठमाडौका प्रमुख जिल्ला अधिकारीले जियनजेड आन्दोलनको घोषणा भएपछि जिल्ला सुरक्षा समितिको बैठक मार्फत सुरक्षा ब्यवस्थालाई मजबुत तुल्याउनु थप फौज परिचालनको लागि आ-आफ्ना तालुक निकायसँग समयमै समन्वय गर्नु भनी निर्देशन दिएका थिए। प्रहरी प्रशासन, गुप्तचर संयन्त्र र जिल्ला सुरक्षा निकायबाट प्राप्त सूचनाका आधारमा आन्दोलन सामाजिक सञ्जाल सम्बन्धी विषयमा असन्तुष्टि प्रकट गर्ने कार्यक्रमका रूपमा बुझिएको र प्रारम्भिक चरणमा शान्तिपूर्ण रहने अनुमान गर्दै आन्दोलनको सम्भावित रुट, समय, सहभागीको अनुमानित संख्या र संवेदनशील क्षेत्र पहिचान गरी एकीकृत विशेष सुरक्षा योजना, २०८२ स्विकृत गरी सोही बमोजिम सुरक्षाकर्मी परिचालन गरिएको थियो।

मिति २०८२ साल भाद्र २२ गते काठमाडौंका प्रमुख जिल्ला अधिकारीको अध्यक्ष्यतामा प्र.ब.उ. विश्व अधिकारी, सह-अ.नि. रिबेन कुमार गच्छेदार, प्रमुख सेनानी गणेश खड्का, स.प्र.उ. जीवन केसी, स.प्र.उ. रोशन घिमिरे, स.प्र.जि.अ.मुक्तिराम रिजाल र प्र.उ. अपिलराज बोहरा समेतको जिल्ला सुरक्षा समितिको बैठक बसि एकिकृत विशेष सुरक्षा योजना स्विकृत गरी सो अनुसार सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको

थियो। सो सुरक्षा योजनामा कमाण्डपोष्ट स्थापना, निषेधित क्षेत्र कर्डन, र्‍यालीको स्कर्ट,सूचना संकलन, पिकेटिङ, रोडब्लकिङ, गर्ने र सुरक्षा योजना बमोजिमको अपुग जनशक्ती व्यवस्थापन सम्बन्धित सुरक्षा निकायहरुबाट मांग गरी पूर्ती गर्ने भन्ने उल्लेख थियो। त्यसकारण तीन तहको सुरक्षा रणनीति अन्तरगत सुरक्षाकर्मीको भूमिका निर्दिष्ट गरिएको थियो।

प्लान 'A' अन्तरगत पुर्व घोषित कार्यक्रम तोकिएको समय र स्थानमा शन्तिपूर्ण भएमा आयोजक संग समन्वय र सहकार्य गरी सुरक्षा र ट्राफिक व्यवस्थापनमा सहजिकरण गर्ने।

प्लान 'B' मा निषेधित क्षेत्र वा संवेदनशील क्षेत्र प्रवेश गर्न जबरजस्ति गर्ने, लाठी ढुंगामुढा गर्ने, सरकारी कार्यालयको काममा अवरोध सिर्जना गर्ने वा प्रवेश गर्ने, सार्वजनिक तथा सरकारी सवारी साधनमा अवरोध गर्ने, सार्वजनिक सम्पती वा सवारी साधन तोडफोड गर्ने, सुरक्षाकर्मीको काममा दखल पुर्याउने वा मुठभेड गर्ने, बैंक वित्तिय संस्थाको कामकारवाहीमा अवरोध पुर्याउने, कालोमोसो दल्ने वा अन्य अवांछित गतिविधी गर्ने र हिंसात्मक गतिविधितर्फ उन्मुख भएमा सम्झाई बुझाई गर्ने, निषेधित क्षेत्रको बारेमा जानकारी गराउने, कानून बमोजिम कारवाही हुनेकुरा जानकारी गराउने, सिलसिलेवार बल प्रयोग मार्फत अवस्थालाई नियन्त्रणमा लिने।

प्लान 'C' मा निषेधित क्षेत्रहरुमा प्रवेश गर्ने वा सुरक्षाकर्मीमाथि सांघातिक आक्रमण गरेमा, हातहतियार सहित झडप गरेमा, महत्वपूर्ण र निषेधित क्षेत्रमा जबरजस्ति प्रवेश र आगजनि गरेमा, निर्धारित कार्यक्रम भन्दा अन्य कार्यहरु गरी हताहत हुने अवस्था भएमा वा स्थिति नियन्त्रण गर्न कर्फ्यू लाग्ने अवस्था भएमा स्थानिय प्रशासन ऐन, २०२८ बमोजिम बल प्रयोग गरी अवस्थालाई नियन्त्रणमा लिने, कर्फ्यू आदेश जारी हुने तथा निषेधित क्षेत्र लगायतको सुरक्षामा जिल्ला सुरक्षा समितिबाट थप निर्णय भई सेना परिचालनको लागि अनुरोध गर्ने भन्ने योजना रहेको थियो।

उपरोक्त प्रकारको सरकारी निकायबाट तयार गरिएको रणनीतितर्फ विचार गर्दा भाद्र २२ गते साझ प्र.जि.अ. को कार्यकक्षमा बसेको बैठक र जिल्ला सुरक्षा समितिको मिति २०८२ भाद्र २३ गते बिहान ०९:०० बजे बसेको बैठकले काठमाण्डौंको शान्ति सुरक्षाको स्थिति सन्तोषजनक रहेको भनि विश्लेषण गरेको देखिन्छ।

**<u>शान्तिपूर्ण रुपबाट शुरु भएको प्रदर्शन उग्र भीडमा परिवर्तन</u>**

२३ गते विहान करिब ९:०० बजे देखि सुरु भएको शान्तिपूर्ण हुने भनिएको प्रदर्शन बिहान १०:१५ सम्म सामान्य नै थियो तर दिउसो ११:०० बजेदेखि स्थिति क्रमशः विग्रदै गयो। प्रदर्शनकारीहरु विजुली बजार

निर पुगेपछि ठूलो प्रदर्शनमा परिणत भै सकेको थियो।

भीड बिजुली बजारतर्फबाट मात्र आउने अनुमान भएकोले उक्त दिन एभरेष्ट होटल अगाडीको मुख्य मार्गमा मात्र प्रहरीको ब्यारिकेड राखिएको र सर्भिस लेन तिर ब्यारिकेड राखिएको थिएन। अन्य मार्गमा ब्यारिकेड नभएको अवस्थामा एकाएक चारैतिरबाट प्रदर्शनकारीको प्रवेश भएपछि सुरक्षा व्यवस्था जटिल बन्दै गएको थियो।

बिजुली बजारमा प्रदर्शनकारीसँग मिसिन गएको भीड त्यहाँ पुग्नु अघि नै contain गर्ने प्रयास भएको देखिदैन। सुरक्षा योजना अन्तरगतको Plan A सफल नभए पछि तुरुन्तै Plan B मा जानुपर्ने थियो त्यो तत्काल लागु हुनु पर्नेमा सो नभएको देखिन्छ। खासगरी भीड बढ्दै जाँदा त्यही अनुपातमा सुरक्षा पनि बढाउनु पर्नेमा सो नभएको देखिन्छ।

स्कुलका विद्यार्थीका साथै अन्य विभिन्न ठाउँबाट आएका व्यक्तिहरु करिब ११:१५ बजे नयाँ बानेश्वर एभरेष्ट होटलको अगाडी पुग्दा प्रदर्शनले निकै ठूलो भीडको रुप लिइसकेको थियो। भीड उत्तेजक भै केही व्यक्तिहरु अशोभनीय नाराहरु पनि लगाइरहेका थिए। सुरक्षा निकायसंग उक्त भीडलाई होटल अगाडी रोकि राख्न यथेष्ट सुरक्षा शक्ति थिएन। यो कुरा प्रशासनका अधिकारीले पनि स्विकारेका छन्।

**<u>एभरेष्ट होटल अगाडीको प्रहरी व्यारिकेट तोड्दै भीड निषेधित क्षेत्रमा प्रवेश</u>**

एभरेष्ट होटल नजिकको प्रहरी व्यारिकेट देखी धेरै पछाडि सम्म प्रदर्शनकारीहरुको भीड थियो। प्रदर्शनकारीहरुले पछाडिबाट नारा लगाउदै अगाडी बढन दबाब दिई धकेल्न थाले जसको कारण अगाडीका प्रदर्शनकारीहरु प्रहरी व्यारिकेट तर्फ बढ्न गई व्यारिकेट तोडियो। व्यारिकेटको पछाडि (बानेश्वर तिरबाट एभरेष्ट होटल तर्फ) बाट आएका प्रदर्शनकारीले पनि व्यारिकेट ढाल्नमा सहयोग गरेको देखिन्छ। व्यारिकेट तोडेपछी प्रहरीहरु पानीको फोहोरा, अश्रुग्यास प्रहार गर्दै पछाडि हटे। प्रदर्शनकारीहरुले प्रहरीलाई धकेल्दै अगाडी बढ्दै संघीय संसद भवन अगाडी पुगे।

एभरेष्ट होटल अगाडी निषेधित क्षेत्र सुरु गरिएको थियो त्यसकारण होटलको अगाडी "व्यारिकेट" खडा गरिएको थियो। यहाँनिर प्रशासन/सुरक्षा निकायको तर्फ मुख्य २ कमजोरी देखिन्छः पहिलो सुरक्षा निकायको उपस्थिति कमजोर हुनु, परिस्थितिको मूल्याङ्कन गरी प्रहरीको संख्या (तैनाथी) बढाउनुपर्नेमा समयमै नबढाउनु। दोश्रो निषेधित क्षेत्र प्रवेश गर्न नदिन खडा गरिएको व्यारिकेट मेनरोडमा मात्र लगाउनुका साथै त्यहाँ लगाइएको व्यारिकेट हल्का र पुरानो प्रकृतिको हुनु। त्यसमा पनि एउटा मात्र ब्यारीकेट खडा

गरिनु। यसले गर्दा सर्भिस लेन तिरबाट समेत आएका प्रदर्शनकारीको भीडको बिचमा प्रहरी पर्न गएको देखिन्छ जुन सुरक्षाका हिसाबले निकै अस्वभाविक हो।

## संसद भवन परिसर वरपरको स्थिति

करिब ११:४५ बजे विहान ठूलो संख्यामा रहेको उत्तेजित भीड ढुङ्गामुडा प्रहार गर्दै र प्रहरीलाई धक्का मुक्का गर्दै निषेधित क्षेत्र प्रवेश गरी संघीय संसद भवन (BICC Building) क्षेत्र तिर बढे पछि स्थिति नियन्त्रणमा लिन प्रहरीबाट पानीको फोहोरा प्रयोग गरियो। प्रहरीले फोहोरा हान्न प्रयोग गरिएको वाटर क्यानन् (Water Cannon) मा २ वटा फोहोरा सम्म एकसाथ प्रयोग गर्ने क्षमता थियो। दुवै फोहोरा प्रयोग गर्दा यो जम्मा ३ मिनेट मात्र चल्छ र वाटर क्याननमा भएको पानी सिधिन्छ। सि.सि. टि.भी फुटेज हेर्दा वाटर क्यानन बाट हानेको फोहोरा २ पटक प्रयोग गरियो र केही सेकेण्डका लागि सानो फोहोरा पनि प्रयोग गरेको देखिन्छ। वाटर क्याननमा भएको पानी सकिएपछी फेरी भर्नुपर्ने अवस्था तत्काल सम्भव थिएन। प्रहरीसंग केवल एक वाटर क्यानन् मात्र पानीको फोहोराको लागि उपलब्ध रहेकोमा २ पटक प्रयोग पश्चात निस्प्रभावी भयो। सशस्त्र प्रहरीबाट पनि बानेश्वर चोकमा एक वाटर क्यानन तैनाथ गरिएको थियो तर त्यो प्रयोग नै नगरी त्यहाँबाट संसद भवनको दक्षिण पट्टीको गेटमा लगेर राखेको देखिन्छ।

पानीको फोहोराको निष्प्रभावि प्रयोगले भीडलाई तितर वितर गर्नुको सट्टा युवा प्रदर्शनकारीहरुलाई अझ उग्र बनायो र सोही स्थानमा उपलब्ध भएका ढुङ्गा, इटा, ब्लकहरु प्रयोग गरी प्रदर्शनकारीहरुले सुरक्षाकर्मीहरुमाथि प्रहार गर्न थाले। अन्य केही प्रदर्शनकारीहरु हातमा गुलेली, बन्चरो, कुटो लगायतका घरेलु हतियार लिई संघीय संसदको सुरक्षामा खटिएका सुरक्षाकर्मीमाथि प्रहार गर्न थाले। केही प्रदर्शनकारीहरु संसद भवन कब्जा गर्ने जस्ता प्रदर्शनकारीहरुको भीडलाई भडकाउने अभिव्यक्ति दिइरहेका थिए। तिमध्ये केही वाटर क्याननमा ढुङ्गामुढा गर्नमा संलग्न थिए।

पानीको फोहोराको प्रयोग निष्प्रभावि भएपछी प्रहरी सुरक्षाकर्मीहरु अलि हतास भएको जस्तो देखियो र सुरक्षा नियन्त्रण गर्न अपनाउनुपर्ने कम घातक साधनहरु क्रमशः लाठीचार्ज,अश्रुग्याँस,रबरको गोली प्रयोग गर्न थालेको देखिन्छ। अश्रुग्याँसको प्रयोग गर्दा यसको प्रभावकारीता कम भएको कारण प्रदर्शनकारीहरुले प्रहरीबाट हानेका अश्रुग्याँस हातले टिपि चिसो रुमालले बेरेर सुरक्षाकर्मीतर्फनै फालिदिन थालेपछी संसद भवन परिसर भित्र र बाहिर रहेका सुरक्षाकर्मीहरु(नेपाल प्रहरी र सशस्त्र प्रहरी) झन स्थिती समहाल्न गाह्रो हुने महशुस गरिरहँदा प्रदर्शनकारीहरु थप आक्रामक भएको देखिन्छ।

यस्तो संवेदनशिल समयमा फिल्डमा कार्यरत प्रहरीका कमाण्डरहरुले स्थिती नियन्त्रणमा लिन बल प्रयोग भन्दा पनि बार्ताको माध्यमबाट प्रदर्शनकारी युवाहरुलाई सम्झाउन सकेको भए अवस्था धेरै हदसम्म सामान्यिकरण तर्फ जान सक्ने अवस्था रहन्थ्यो। एकातिर सुरक्षाकर्मीहरुमा संसद भवनमा भीड प्रवेश गर्न लाग्यो केही नगर्दा आफुहरुमाथि दोष लाग्न जाने होकी भन्ने मनस्थितीमा थिए भने प्रदर्शनकारीहरु पनि हौसिएर अगाडी बढिरहेको परिस्थितिमा प्रहरी सुरक्षाकर्मीहरुले लाठीचार्ज,अश्रुग्याँस र रबरको गोली प्रयोग गरेको देखियो। प्रहरीको यस प्रकारको कामकारवाहीबाट युवा प्रदर्शनकारीहरु झन आक्रोशित हुँदै अगाडी बढ्न थालेको अवस्थामा त्यसलाई निस्तेज (Defuse) गर्ने संयन्त्र (Mechanism) को प्रयासको अभाव देखियो।

शान्तिपूर्ण उद्देश्य राखेर सुरु गरिएको प्रदर्शन दंगाको रुप लिन थाले पछि त्यस अवस्थालाई बुझी केही प्रदर्शन आयोजकहरुले आन्दोलनकारीहरुलाई जति सम्झाउदा बुझाउँदा पनि नमाने पछि आन्दोलन फिर्ता भएको घोषणा समेत गरेको भन्ने भनाई "हामी नेपाल" संस्थाका अध्यक्ष सुदन गुरुङ र अन्य साक्षीहरुको रहेको छ। प्रदर्शनकारीको उग्र व्यवहार हेर्दा सुरुमा प्रदर्शन आयोजकहरुको नियन्त्रणबाट भीड बाहिर गइसकेको स्पष्ट देखिन्छ।

**<u>मोटर साइकल सवार व्यक्तिहरुको प्रवेशले भीडलाई उक्साहट</u>**

भाद्र २३ गते करिब १२:०० बजेको समयमा चावहिल ओम अस्पताल धोबिखोला करिडोर, गौशाला लगायतका विभिन्न क्षेत्रबाट करिब १०० वटा मोटरसाइकलमा बानेश्वर, बिजुलीबजार तिरबाट आएका (त्यसमा केही TOB लेखिएको कालो T-shirt लगाएका) युवाहरुले मोटरसाइकल पड्काउँदै (आवाज) र हो-हल्ला गरी भीडलाई थप उत्तेजित बनाउने कार्य गरेको देखिन्छ। फलस्वरुप भीड झन उग्र भै प्रहरीलाई धक्कामुक्का गर्दै, पानीका बोत्तल, ढुङ्गा मुडा, रड, इट्टा, गुलेली आदिबाट प्रहार गर्दै पश्चिम गेट तर्फबाट संघीय संसद भवन परिसर भित्र छिर्ने कोसिस गरेको देखिन्छ। प्रहरीले माइकिङ गरी सम्झाउँदा बुझाउँदा नियन्त्रण नभएपछि बल प्रयोग गरेको भन्ने जिल्ला प्रहरी परिसर काठमाडौंका अपरेशन ईन्चार्ज प्र.ना.उ. सुन्दर तिवारी र अन्य प्रहरी अधिकारीहरुको भनाई रहेको छ।

**<u>जिल्ला प्रशासन कार्यालय काटमाडौंका प्रमुख जिल्ला अधिकारीबाट कर्फ्यू आदेश जारी</u>**

भाद्र २३ गते संघीय संसद भवनको वरीपरीको परिस्थितिलाई मध्यनजर गरी दिउँसो १२:३० बजेबाट राती २२:०० बजे सम्म लागु हुने गरी काठमाण्डौका प्रमुख जिल्ला अधिकारीबाट बानेश्वर क्षेत्रमा पहिलो कर्फ्यू

आदेश जारी भएको देखिन्छ। (दोश्रो आदेश दिउसो १३:०० बजे देखि राति २२:०० बजेसम्म शितल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार लगायतका निषेधित क्षेत्र आसपास, तेश्रो आदेश राति २४:०० बजे देखि भाद्र २४ गते विहान ०५:०० बजे सम्म र चौथो आदेश भाद्र २४ गतेकै विहान ८:३० देखि अर्को आदेश नभए सम्मका लागि जारी भएको थियो। ललितपुर र भक्तपुर जिल्लाका प्र.जि.अ.बाट पनि आ-आफ्नो क्षेत्रमा कर्फ्यू आदेश जारी गरिएको थियो)।

दिउँसो करिब १२:०० बजेको समयमा संघीय संसद भवनको वरिपरि चारैतिरबाट प्रदर्शनकारीले तोडफोड र आगजनी गर्दै शुरुमा दक्षिण-पूर्व र ततपश्चात पश्चिम-दक्षिणतर्फको गेटबाट संघीय संसद भवन भित्र प्रवेश गरेका थिए । हिंसा फैलिँदै जाँदा नागरिकको जिउ-ज्यान तथा सार्वजनिक,निजी सम्पत्तिमा गम्भीर जोखिम देखिन थालेपछि जिल्ला सुरक्षा समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,राष्ट्रिय अनुसन्धान बिभाग र नेपाली सेनासँग छलफल गरी परिस्थितिको गम्भीर समिक्षा पश्चात स्थानीय प्रशासन ऐन, २०२८ को दफा (६क) बमोजिम प्रमुख जिल्ला अधिकारीले अन्तिम विकल्पका रूपमा, समय र क्षेत्र सीमित गरी, चरणबद्ध रूपमा लागू हुने गरी कर्फ्यू आदेश जारी गरिएको थियो भन्ने काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाई रहेको छ।

भाद्र २३ गते संसद भवन परिसर वरपर रहेका प्रत्यक्षदर्शीका अनुसार कर्फ्यूको आदेश जारी गर्नु अघि र कर्फ्यू जारी भए पश्चात भीडलाई सम्झाई बुझाई गर्ने तथा चेतावनी दिने उद्देश्यले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संयुक्त रुपमा मेगाफोन (माइकिङ) मार्फत भीड नियन्त्रण गर्न सानो हाते माईकले ठूलो जमातलाई सूचना दिन खोजिरहेको देखिन्छ। तर त्यो प्रभावकारी भएन। उक्त प्रदर्शनमा आएका धेरैजसो युवा प्रदर्शनकारीहरु त जीवनमै पहिलो पटक प्रदर्शनमा आएका थिए र कर्फ्यू भनेको के हो भन्ने समेत जानकारी नभएका थिए।

भाद्र २३ गते दिउँसो १२:३० बजेदेखि कर्फ्यू आदेश जारी भएको भएता पनि ठूलो संख्यामा रहेका अराजक भीडबाट आदेशको अवज्ञा भएको थियो। संघीय संसद भवन परिसर अगाडी प्रदर्शनकारीहरु मध्ये धेरैले माइकको आवाज सुनी रहेका थिएनन् किनकी ठूलो भीडमा हाते माइकको प्रयोग प्रभावकारी हुन सकेको थिएन। जसका कारण दिउँसो मध्यान्हमा लागेको कर्फ्यू आदेशको जानकारी थोरै व्यक्तिहरुलाई मात्र भएको थियो। फलस्वरुप कर्फ्यू आदेश जारी भएपछि नयाँ बानेश्वर चोक र संघीय संसद भवन परिसर वरपर भएका धेरै प्रदर्शनकारीहरु कर्फ्यू पछिको अवस्था बारे अनभिज्ञ भई हताहत (casualty) को संख्या बढ्ने कारण मध्ये कर्फ्यू वारे जानकारी दिन हातेमाइक प्रभावकारी नहुनु पनि एक प्रमुख कारण थियो।

कर्फ्यू आदेश करिब १२:३० बजेतिर लागेपछि पनि स्थिति शान्त हुन सकेन। ढुंगा र बोतलले प्रहार गर्दै अश्लिल शब्द प्रयोग गरी भीडमा आएका केही प्रदर्शनकारीहरुले प्रहरीमाथि आक्रमण गरिरहेका थिए। प्रदर्शनकारीलाई लक्षित गरी हानिएको अश्रुग्याँस समेत उल्टाएर प्रहरीतर्फ फर्काइएको, अत्यधिक संख्याका प्रदर्शनकारी एकैपटक आक्रामक रुपमा प्रस्तुत भएको भन्ने व्यहोराको प्रहरी वृत कालिमाटी कार्यालयका प्रमुख प्र.ना.उ. मधु कुमार थापा, प्र.ब.ना.नि. ज्ञान प्रसाद पराजुली र प्र.ज.चुमान सिंह धामीको भनाई रहेको छ।

फिल्ड कमाण्डरहरूका भनाइमा पटक—पटक माइकिङ तथा चेतावनी दिँदै भीड शान्त नभएपछि न्यूनतम बल प्रयोगको सिद्धान्त अनुरूप संसद भवन नजिक हवाई फायर गरिएको थियो। हजारौँको संख्यामा प्रदर्शनकारीले संवेदनशील संरचनामा प्रवेश गर्ने अवस्था देखिएपछि कमाण्डरका हैसियतले त्यही स्थानमा खटिन आएका स.प्र.उ. जिवन के.सी. सँग प्रत्यक्ष अनुमति लिएर ६ राउन्ड SLR बाट हवाई फायर गरिएको थियो भन्ने स.प्र.ना.उ.सुमन चालिसेको भनाई रहेको छ।

उक्त दिन भएको प्रदर्शनका क्रममा धातुको गोली ५२ राउण्ड, रबर गोली ४१७ राउण्ड, ११७ ब्ल्याङ्क राउण्ड  र ग्यास सेल १०१७ राउण्ड प्रहार भएको प्रतिवेदन नेपाल प्रहरीलाई प्राप्त भएको उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख प्र.ना.म.नि. ओम बहादुर रानाको भनाई रहेको छ। उक्त दिन भाद्र २३ गते सुरुमा करीब ३५०० र पछि ५०० थप गरी ४००० प्रहरी जनशक्ति काठमाडौं उपत्यका भरी परिचालन गरिएको थियो तर नयाँ बानेश्वर क्षेत्रमा कति जना खटाइएका थिए भन्ने यकिन छैन। (विश्व अधिकारी)

**<u>प्रदर्शनकारीद्वारा संघीय संसद परिसरभित्र प्रवेश गर्ने प्रयास र प्रहरीबाट बल प्रयोग</u>**

प्रहरीको व्यारिकेट तोडदै संघीय संसद भवन बानेश्वर तर्फ प्रदर्शनकारीहरु अगाडी बढे। गेट बाहिर रहेका प्रहरीहरु माथी प्रदर्शनकारीहरुले ढुङ्गामुढा प्रहार, लाठिले आक्रमण शुरु गरेको देखिन्छ। अनियन्त्रित भीड मध्ये केही उच्छृङ्खल युवाहरु उक्त भवनको दक्षिण पट्टिको गेटको बायँ तर्फको कौसीमा चढ्ने, नारा लगाउने, केहिले सोही छत मुनी प्रहरी अधिकृत बस्ने कोठामा आगजनी गर्ने, कोही दक्षिण र पूर्वी पर्खालबाट भित्र प्रवेश गर्न खोज्ने, प्रवेश गर्न र केही टिकटक लगायतमा आफ्नो वहादुरी (heroism) देखाउन पनि उग्र हुँदा अवस्था जटिल तर्फ मोडिन गएको देखिन्छ। सोही स्थानमा कार्यरत नेपाल प्रहरीको महिला अधिकृतले संसद भवनको दक्षिण गेटमा प्रदर्शनकारीहरुले ढुङ्गा लगायत विभिन्न प्रकारले आक्रमण गर्न थाले पछि “लौ हामीलाई मार्न लाग्यो” भनी प्रहरीको सञ्चार सेटमा नै बोलेको रेकर्डका आधारबाट पनि प्रदर्शनकारीहरुले

एउटा सीमा पार गर्न थालिसकेको संकेत पाईन्छ ।

प्रदर्शनकारीहरुले घरेलु हतियारको प्रयोग गरी संसद भवन परिसरको चारैतर्फको पर्खाल फोडेर (संघीय संसद भवनको पर्खालमा क्षति पुर्याएको र ४०१ भन्दा बढी स्थानमा पर्खाल फोडेको),पर्खाल र गेट नाघेर, रेलिङ भत्काएर, सेन्ट्री पोष्ट कब्जा गरी, १ नं. गेट अगाडी नै आगजनी गरेर, अनाधिकृत रूपमा पटक पटक गरेर अन्दाजी ५०० को सङ्ख्यामा प्रदर्शनकारीहरू प्रवेश गरेका थिए सो मध्ये दर्जनौंलाई नियन्त्रणमा लिईएको र केहीलाई पुनः संघीय संसद भवन बाहिर लखेटिएको थियो। High post हरूमा खटिएका नेपाल प्रहरी विशेष कार्यदल (STF) का प्रहरीहरूको प्रदर्शनकारीले हातहतियार खोस्न खोजेपछि सबै पोष्ट खाली गरी ग्राउण्डमा झारिएको थियो भन्ने व्यहोराको संघीय संसद भवनमा सुरक्षार्थ डिउटीमा खटिएका बिशेष प्रहरी कार्यदल (STF) का संघीय संसद भवनमा सुरक्षार्थ खटिएका कमाण्डर प्रहरी निरीक्षक समुन्नत अधिकारीको भनाई रहेको छ।

कर्फ्यू आदेशमा भीड हटाउनको लागि मैले घुँडा मुनी रबरको गोली चलाउनु मौखिक आदेश दिएको तर अन्तिम बल (गोली चलाउने) प्रयोग गर्ने आदेश दिएको थिइन भन्ने तत्कालिन काठमाडौंका प्र.जि.अ.को भनाई रहेको छ।

संघीय संसद भवनको कम्पाउण्ड वाल भत्काइ सकेको, दुईवटा गेटमा आगो लगाइ सकेको, सुरक्षा पोष्टहरुमा आगो लगाइ सकेको, पर्खाल नाघेर संघीय संसद भवन परिसर भित्र प्रवेश गरेर तोडफोड शुरु भइ सकेको अवस्थामा यदि प्रहरीले उक्त दिन संघीय संसद भवन परिसर सुरक्षार्थ अन्तिम बल प्रयोग नगरेको भए त्यहि दिन संसद भवनमा तोडफोड हुने निश्चित थियो भन्ने व्यहोराको तत्कालीन प्रहरी महानिरीक्षक चन्द्र कुवेर खापुङको भनाई रहेको छ।

**<u>बल प्रयोग बारे कानूनी व्यवस्था</u>**

फिल्डमा खटिएका प्रहरीले परिस्थितिले मांग गरेमा कानून बमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् र त्यसका लागि प्रत्येक अवस्थामा केन्द्रबाट पूर्व स्वीकृति लिनुपर्ने कानूनी बाध्यता छैन। Live fire पूर्ण रूपमा प्रतिबन्धित गर्ने वा cease fire को विशेष आदेश दिने अधिकार प्रहरी महानिरीक्षकलाई नभएको र आफूले नीतिगत रूपमा न्यूनतम बल प्रयोग गर्न मात्र निर्देशन दिएको भन्ने तत्कालिन प्र.म.नि.चन्द्र कुबेर खापुङ्गको भनाई रहेको छ। बल प्रयोग सम्बन्धी निर्णय व्यक्तिगत जिम्मेवारी र फिल्डमा भएको वास्तविक परिस्थितिको मूल्याङ्कन अनुसार लिन सकिने प्रकृया अनुसार नै अगाडी बढाइएको थियो। न्यूनतम बल प्रयोग र अन्य

विकल्पहरूले स्थिति नियन्त्रणमा लिन सक्ने सम्भावना समाप्त भइसकेको अवस्थामा ठूलो आकारको र आक्रामक भीडलाई नियन्त्रण गर्न अन्तिम उपायका रूपमा गोली प्रहार गर्नु अपरिहार्य थियो। महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा र आत्मरक्षाको निमित्त कर्फ्यू आदेश जारी भइ सकेको अवस्थामा फिल्डको अवस्था हेरेर र स्थानिय प्रशासन ऐन,२०२८ अनुसार परिस्थिति हेरेर धातुको गोली (Live ammunition) को प्रयोग सुरक्षा फौजले गर्न सक्छ भन्ने व्यहोराको तत्कालीन प्र.म.नि.खापुङको भनाई रहेको देखिन्छ।

गोली प्रहार अन्तिम विकल्प (last resort) को रूपमा मात्र प्रयोग गरिएको र त्यो पनि अत्यन्त विषम, सामूहिक जीवन रक्षाको अवस्था सिर्जना भएपछि आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) अन्तर्गत गरिएको थियो। यसका लागि कुनै छुट्टै अतिरिक्त लिखित आदेश कुर्नु व्यवहारिक नभएको र त्यस्तो ढिलाइले राज्यलाई अपूरणीय क्षति पुऱ्याउन सक्ने अवस्था रहेको थियो भन्ने व्यहोराको प्र.ब.उ.हाल प्र.ना.म.नि. विश्व अधिकारीको भनाई रहेको छ।

स्थिति नियन्त्रण बाहिर गई संघीय संसद भवन प्रवेश गरी आगजनी तथा तोडफोड गर्न लागेको देखेर मैले प्रत्यक्ष अप्रेशन कमाण्डरसँग सम्पर्क गरी बल प्रयोगको आदेश लिएर हाम्रो टोलीले अश्रुग्याँस र हवाई फायर सम्म प्रयोग गरेको हो। हाम्रो टोलीबाट सो दिन ९५ अश्रुग्याँस सेल, INSAS बाट १७६ राउण्ड र SMG बाट २६ राउण्ड हवाई फायर भएको थियो। हाम्रो टोलीले कुनै भीडमाथि प्रत्यक्ष गोली चलाइएको छैन भन्ने संघीय संसद भवन सुरक्षार्थ डिउटीमा खटिएको विशेष कार्यदलका प्रमुख प्रहरी निरीक्ष समुन्नत अधिकारीको भनाई रहेको छ।

भाद्र २३ गतेको घटनामा non-lethal विकल्प (माइकिङ, पानीको फोहरा, अश्रुग्याँस, रबर बुलेट) सक्रिय रूपमा प्रयोग गरिएको थियो। उक्त दिन भएको प्रदर्शनको क्रममा उपत्यका भित्र धातुको गोली ५२ राउण्ड, रबर गोली ४१७ राउण्ड, ब्ल्याङ्क राउण्ड ११७ र ग्याँस सेल १०१७ राउण्ड प्रहार भएको प्रतिवेदन प्राप्त भएको थियो भन्ने काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख प्र.ना.म.नि. ओम बहादुर रानाको भनाई रहेको छ।

भाद्र २३ गतेका दिन बिहान करिब ८:३० बजे सुरु भएको प्रदर्शन संघीय संसद भवन नयाँ बानेश्वरमा पुगुन्जेल कर्फ्यू अवज्ञा गर्दै अराजक भै संसद भवन भित्र प्रवेश गर्ने प्रयास गरी संसद परिसरको केही भागमा आगो लगाउने प्रयास गरेको देखिन्छ। प्रहरीले भीड नियन्त्रण गर्न र प्रदर्शनकारीको संसद परिसर भित्र प्रवेश गर्ने प्रयासलाई बिफल तुल्याउन बलको प्रयोग गरेको देखिन्छ। यही क्रमका संसद भवन दक्षिण/पूर्व लगायतका स्थानहरुबाट संसद भवन परिसर भित्र प्रवेश गरेको आक्रोसित प्रदर्शनकारीहरुलाई प्रहरीले

सम्झाइबुझाई संघीय संसद भवन परिसरबाट बाहिर पठाएको पनि देखिन्छ। त्यस मध्ये केही प्रदर्शनकारीहरुलाई हिरासतमा राख्र प्रहरी परिसर भद्रकाली काठमाडौं पठाईयो र निजहरुलाई सोही दिन साँझ हिरासतमुक्त पनि गरियो।

काठमाडौंमा भाद्र २३ गते १७ जना युवाहरुको त्यही दिन घटनास्थलमै र १२ जनाको केही दिन पछि मृत्यु भएको संकलित प्रमाणबाट र मृतकका आफन्तले दिएको वयानबाट खुल्न आएको छ। त्यसका अलावा ठूलो संख्यामा प्रदर्शनकारी र प्रहरीहरु घाइते भएका थिए। ती मध्ये केही अझै अस्पतालहरुमा उपचाररत छन। सो दिनको घटनामा यति ठूलो मानवीय क्षति र घाइतेको संख्या अत्यधिक कसरी किन हुन पुग्यो भन्ने संवेदनशील प्रश्न खडा भएको छ। कानूनको पूर्ण परिपालना नगरी कुनै नागरिकको ज्यान जानु निजलाई संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाच्न पाउने हक हनन् हुन जान्छ। सो व्यवस्था ICCR को धारा ६(१) मा पनि प्रत्याभूत गरिएको छ।

संघीय संसद परिसरको अवस्था असामान्य भै कर्फ्यू १२:३० बजे देखि लागु हुने गरी प्र.जि.अ.बाट आदेश गरिएको भनाई प्र.जि.अ र अन्य प्रहरी अधिकारीको रहेको छ तर उक्त संघीय संसद भवन परिसरको दक्षिण पट्टि रहेको Civil Hospital को Emergency कक्षमा रहेको CCTV footage को अध्ययन गर्दा उक्त दिन दिउँसो १२:०७ बजे स्कुलको पोशाकमा एक जना बिद्यार्थी आँखामा चोट लागि अस्पताल पुगेको देखिन्छ। सोही दिन १२:१७ बजे देखि घाइतेहरु उपचारार्थ उक्त अस्पतालमा आउने क्रम जारी रहेको पनि CCTV footage मा देखिन्छ। यी घटनाहरुबाट प्रष्ट हुन्छ की कर्फ्यू आदेश जारी हुनु भन्दा अगावै प्रहरीबाट बल प्रयोग गर्न थाली सकिएको थियो। कुन समयदेखि रबरको गोली प्रहार गर्न थालियो,कुन समय देखि अन्तिम बल धातुको गोली प्रहार हुन थाल्यो भनी यकिन समय किटान गर्न नसकिएको अवस्था छ । राष्ट्रिय अनुसन्धान विभागको टाइमलाइनमा १२:१५ बजे पहिलो फायर खोलिएको भनिएको भएतापनि माथी उल्लेखित घटनाहरुले सो समय भन्दा अगाडी नै अत्यधिक बल प्रयोग भएको देखिन्छ।

स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(१)(ख) ले शान्ति सुरक्षा कायम गर्न नसकिने भै गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडी भीडलाई "हटदैनौ भने गोली चलाइनेछ" भनी स्पष्ट संग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनै पर्‍यो भने घुँडा मुनी पारी चलाउनको निमित्त आदेश लेखिदिनु पर्छ भनी प्र.जि.अ लाई अख्तियार दिएको छ। तर उपरोक्त उल्लेखित भाद्र २३ गतेको संघीय संसद भवन अगाडीको घटनामा प्र.जि.अ. ले दिउँसो १२:३० बजे देखि लागु हुने गरी कर्फ्यू आदेश जारी गरेको देखिन्छ। प्र.जि.अ. कै बयानमा घुँडा मुनी रबरको गोली चलाउन आदेश दिएको तर

अन्तिम बल (गोली चलाउन) आदेश नदिएको भनी उल्लेख गरेका छन्।

संकलित प्रमाण र CCTV footage हेर्दा उक्त दिन १२:०० बजेको आसपासमा संघीय संसदको गेट, पर्खाल लगायत बाहिरी भाग माथि आक्रमण सुरु भएको देखिन्छ। तर १२:३० बजेदेखि लागु हुने गरी प्र.जि.अ. बाट कर्फ्यू आदेश जारी गरिएको थियो। यदि प्रदर्शनकारीहरुले संघीय संसद भवनमा हमला गर्दा सुरक्षाकर्मीबाट संसद भवनको रक्षार्थ बल प्रयोग गरिएको थियो भने के बल प्रयोग गर्नु पूर्व अपनाउनु पर्ने स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(१)(क) अनुसारको सिलसिलेवार प्रकृया (graduated process) अपनाइएको थियो भन्ने प्रश्न उठ्दछ।

बल प्रयोग गर्नु पूर्वको प्रकृयाका बारेमा स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(१)(क) ले कुनै सभा जुलुस, हिंसात्मक/ध्वंसात्मक भई शान्ति भङ्ग हुने देखिएमा सम्झाई बुझाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रु ग्याँस, पानीको फोहोरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जे गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गराउने व्यवस्था छ। ऐनमा गरिएको यस प्रकारको व्यवस्थालाई भाद्र २३ गतेको संघीय संसद भवन अगाडी करिब १२:०० बजे आसपासको समयमा लाठी चार्ज गरेको तर प्रभावकारी हुन नसकेको देखिन्छ। अश्रु ग्याँसको प्रयोगले पनि भीडलाई नियन्त्रण गर्न नसकेको देखिन्छ। अश्रु ग्याँसको प्रयोग प्रभावकारी नहुनुमा भीडको आकारको तुलनामा यथेष्ट मात्रामा अश्रु ग्याँस उपलब्ध नहुनु र भएका केही अश्रु ग्याँस पनि expire date भई प्रभावकारी नहुनु हो। रबर बुलेटको प्रयोगको बारेमा ऐन मौन रहेपनि व्यवहारमा रबर बुलेट प्रयोग भएको देखिन्छ। पानीको फोहोराको उपयोग प्रभावकारी नहुनुमा(माथि पनि उल्लेख गरिसकिएको छ) यसको अति न्युन प्रयोग नै हो किनकी एउटा मेसिन मात्र फोहोरा हान्नमा प्रयोग गरिएको र त्यो ३ मिनेटको लागि मात्र प्रभावकारी हुने कम क्षमताको भएकोले भीड नियन्त्रण गर्न असफल रह्यो।

हवाई फायरको सम्बन्धमा स्थानिय प्रशासन ऐन,२०२८ को दफा ६ (१) (क) ले भीड तितर बितर (disperse) गर्न अपनाउनु पर्ने विधिमा हवाई फायर गर्न सक्ने व्यवस्था गरेको छ। भाद्र २३ गते सुरक्षाकर्मीले हवाई फायर मात्र गरेको तर प्रदर्शनकारीहरु माथि गोली प्रहार नगरेको आफ्नो बयानमा खुलाएका छन । यथार्थमा सो दिन गोली लागि ज्यान गुमाएका व्यक्तिहरुको शवपरीक्षण लगायत forensic examination र post-mortem report ले ज्यान गुमाउनुको मुख्य कारण गोली लागि मृत्यु भएको र उक्त गोलीहरु सुरक्षाकर्मीहरुले प्रयोग गर्ने हतियारसँग मेल खान्छ भन्ने स्पष्ट पारेको छ। त्यस अतिरिक्त प्रत्यक्षदर्शी र सिभिल अस्पतालमा खटिएका चिकित्सकहरुको भनाई अनुसार पनि उपचारका लागि लगिएका

घाइतेहरु अधिंकाशलाई सुरक्षाकर्मीले प्रयोग गर्ने बन्दुकको गोली लागेको देखिन्छ। यस तथ्यबाट यो प्रष्ट हुन्छ कि संघीय संसद भवन अगाडीको सार्वजनिक स्थानमा हवाई फायर मात्र नभई घातक (lethal force) धातुको गोलीनै प्रयोग भएको थियो। बल प्रयोग गर्दा रबर बुलेट बढी प्रयोग गरी INSAS र SMG जस्ता बन्दुक प्रयोग नहुनु पर्नेमा तिनको प्रयोग बढी भएको प्रमाणबाट पुष्टि हुन्छ। भीड नियन्त्रण कार्यमा गैह्र घातक (Non-lethal) सामाग्रीमा (pepper spray, baton launcher slippery foam, sticky foam, immobilizing foam, taser, sponge round) जस्ता आधुनिक वस्तुहरुको अत्यधिक प्रयोग गरिनुपर्छ। तर गैह्र घातक (Non-lethal) सामाग्रहरुको खरिदका लागि सरकारी तथा सुरक्षा निकायका पदाधिकारीले त्यस तर्फ समयमानै उचित ध्यान दिएको देखिदैन।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१)(ख) ले भीडमा गोली नै चलाउनु पर्ने अवस्था आएमा घुँडा मुनि पारी गोली चलाउनु पर्ने व्यवस्था गरेको छ तर माथिको व्यहोराले संघीय संसद भवन अगाडी मृत्यु भएको व्यक्तिहरु मध्ये अधिकांशको शरीरको माथिल्लो भागमा गोली लागि मृत्यु भएको,मृतकहरुको शव परीक्षण प्रतिबेदन लगायतका प्रमाणहरुबाट प्रष्ट हुन्छ। यसरी हेर्दा उक्त घटनामा excessive use of force प्रयोग भएको देखिन्छ। घातक हतियार (Lethal force) नै प्रयोग गर्नु परे Light Arms प्रयोग हुनु पर्नेमा फिल्डमा खटिएका प्रहरी कर्मचारीहरुमा धैरै कम मात्रमा उपलब्ध भएको देखियो।

यससंगै जोडिएर अर्को प्रश्न आउछ, के सुरक्षा निकायबाट जथाभावी गोली प्रहार (Indiscriminate Firing) थियो? आयोग द्वारा छानबिनको क्रममा सम्पर्क गरिएका व्यक्तिहरुले दिएको बयान र आयोगको स्थलगत निरीक्षणमा देखिएका दशी प्रमाणबाट सुरक्षा निकायबाट बल प्रयोग गर्दा targeted नभई indiscriminate use of force भएको छ। यसको उदाहरण बानेश्वर चोक नजिक पहिलो तल्लामा रहेको हिमालयन जावा (Himalayan Java) त्यसका संचालक सन्त कुमार मेहताको घाटीमा गोली लागि २ महिना ट्रमा सेन्टर (Trauma Center) मा बस्नु पर्‍यो। सोही नजिक ४ तल्ला माथि बानेश्वर चोकमा दक्षीणपश्चिम भागमा रहेको हार्डफोर्ड एजुकेशन सेन्टर चलाउने महेश कुमार श्रेष्ठको कार्यालय कोठामा गोली लागि सोही कोठामा रहेको आलमारीमा गोलीको दाग देखिएको छ। त्यसै गरी नजिकै रहेको Arabica café भित्र सम्म प्रहरीबाट फायर भएको गोली पुगेको देखिन्छ। घाइतेलाई rescue गर्न जाँदा अर्को एक जनाको ज्यान गएको प्रत्यक्षदर्शीले बताएका छन्। यी प्रतिनिधि घटनाहरु र यस्ता अरु घटनाहरुले प्रहरीबाट जथाभावी गोली प्रहार (Indiscriminate Firing) प्रयोग भएको देखिन्छ।

अर्को बिचारणीय पक्ष त्यस दिनको घटनामा धातुको गोली प्रयोग (Live Fire) गर्नु पर्ने परिस्थिती विद्यमान

थियो वा थिएन भनी हेर्नु पर्ने हुन्छ। प्रदर्शनकारीहरु उग्र थिए भन्ने संकलित प्रमाणबाट देखिन्छ तर तिनको कृयाकलापबाट प्रहरी माथि imminent threat थियो भनी यकिन साथ भन्न सक्ने अवस्था भने छैन। उदाहरणका लागि केही प्रदर्शनकारीहरु संघीय संसद भवन परिसर भित्र प्रवेश गरेकोमा तिनलाई प्रहरीले संसद भवनको भित्री परिसरबाट सम्झाई बुझाई गर्दा नमान्नेहरुलाई सामान्य बल प्रयोग गरी बाहिर पठाएको देखिन्छ। त्यही दिन घाइते प्रहरीलाई लिन संघीय संसद भवन परिसर भित्र जान लागेको एम्बुलेन्स गाडीलाई संसद भवन परिसरको गेट निर प्रदर्शनकारीहरुले रोकी त्यस भित्र रहेका चिकित्सक र अन्य व्यक्तिहरुलाई बाहिर निकाली एम्बुलेन्समा आगो लगाएको देखिन्छ। यसरी सशस्त्र प्रहरीको एम्बुलेन्समा सवार चिकित्सक र सशस्त्र प्रहरीलाई एम्बुलेन्सबाट प्रदर्शनकारीहरुलेनै बाहिर निकाली संघीय संसद भवनको दक्षिण गेटबाट संसद भवन परिसर भित्र मूल गेट सम्म लगि भित्र जान दिएको घटनाले परिसर वरपर रहेका सुरक्षाकर्मीहरु माथि imminent threat थियो भन्ने कुरामा बिश्वास गर्ने आधार देखिदैन।

भाद्र २३ गतेको घटनामा काठमाडौंका प्र.जि.अ.ले आफ्नो बयानमा भीड हटाउनको लागि मैले घुँडामुनि रबरको गोली चलाउन मौखिक आदेश दिएको छु तर अन्तिम बल (गोली चलाउने) प्रयोगको आदेश दिएको थिएन भनी गोली चलाइएकोमा आफ्नो भूमिका नभएको भनी आयोग समक्षको बयानमा भनेका छन। तर बिभिन्न भनाई तथा उपलब्ध प्रमाणबाट निजले बयानमा भनेको कुरा संग मेल खादैन।

भाद्र २३ गतेको संसद भवन अगाडी घटेको घटनाले अर्को महत्वपूर्ण प्रश्न उब्जाएको छ, के प्र.जि.अ. ले कर्फ्यू लगाउनु पूर्वको अवस्थामा र कर्फ्यूको आदेश जारी गरी सकेपश्चात अन्तिम बल प्रयोग गर्न सुरक्षा निकायले फेरी प्र.जि.अ. को अनुमति लिनु पर्ने अनिवार्यता रहन्छ अथवा कर्फ्यू आदेश भित्र बल प्रयोग गर्ने अधिकार सुरक्षा अधिकारीलाई रहन्छ वा सुरक्षाकर्मीले आवश्यकता अनुसार आफैं गोली प्रहार गर्न सक्दछ। स्थानिय प्रशासन ऐन,२०२८ मा कर्फ्यू आदेश जारी भएको अवस्थामा प्र.जि.अ ले गोली हान्ने आदेश समेत दिन सक्नेछ भन्ने विषयलाई प्रमुख जिल्ला अधिकारीहरुले आफ्नो अनुकुल ब्याख्या गरेको देखिन्छ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) (क) अनुसार कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक भई शान्ति भंग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले रोक्न नसके आफैं गई वा मातहतका अधिकृत पठाई सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, पानीको फोहरा र हवाईफायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गरिदिने भनी उल्लेख गरेको छ।

सोही ऐनको दफा ६(१) (ख) मा कुनै जुलुस/भीड हिंसात्मक भई शान्ति सुरक्षा कायम गर्न नसकिने भएमा भीडलाई उक्त स्थानबाट हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसंग त्यो भीडले बुझ्ने गरी चेतावनी दिनु पर्छ। यदि चेतावनी दिदाँ पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडा मुनि पारी गोली चलाउनको निमित्त लिखित आदेश प्र.जि.अ. ले दिनुपर्छ भनिएको छ। सो व्यवस्थाले भीडमा गोली चलाउने अवस्था आएमा त्यसका लागि प्र.जि.अ.ले लिखितरुपमा आदेश दिनु पर्ने वाध्यात्मक व्यवस्था गरेको छ। यसका अतिरिक्त जुनसुकै अवस्थामा पनि गोली चलाउनु पूर्व सिलसिलेवार प्रकृया अपनाउनु (graduated process) पर्ने बाध्यात्मक व्यवस्था ऐनले गरेको छ।

फिल्डमा खटिएका प्रहरीले परिस्थितिले माग गरेमा कानून बमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् र त्यसका लागि प्रत्येक अवस्थामा केन्द्रबाट पूर्व स्विकृति लिनु पर्ने कानूनी बाध्यता छैन। गोली चलाउने निर्णय फिल्डका कमाण्डरले तत्काल परिस्थिति मूल्यांकन गरेर गोली प्रहार कार्यान्वयन गर्न सक्ने भनि तत्कालिन प्रहरी प्रमुख लगायत केही प्रहरी अधिकृतको बुझाई रहेको देखियो। प्रहरी अधिकृतहरुको यस प्रकारको बुझाई स्थानीय प्रशासन ऐन,२०२८ को व्यवस्था भन्दा पनि फौजदारी संहिताको दफा २६(च) का साथै दफा २४ र २५ मा गरिएको "निजी रक्षा" को अवस्थासंग बढी मेल खान्छ। तर निजी रक्षाको अवस्थामा पनि "मनासिव" भन्दा बढी बल प्रयोग गरिने छैन भनी बलको प्रयोग proportionate हुनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ।

सामान्यत: कानूनमा गरिएको व्यवस्थालाई हेर्दा शान्ति वहाल गर्न र अमन चयन कायम राख्न स्थानीय प्रशासन ऐन,२०२८ ले सम्बन्धित जिल्लाको प्र.जि.अ.लाई अख्तियारी दिएको छ। तर काठमाडौं जस्तो देशको राजधानी भएको ठाँउमा विभिन्न शक्ति केन्द्रहरु छन् जहाँबाट विभिन्न प्रकारका आदेश/निर्देशन प्रेषित हुन्छन्। भाद्र २३ र २४ गते घटनाको बारेमा राष्ट्रिय सुरक्षा परिषद्, केन्द्रीय सुरक्षा समिति जस्ता विशिष्ट प्रकृतिका सरकारी निकायहरुले सुरक्षा बिश्लेषण गरेको र जिल्ला सुरक्षा समिति पनि आफ्नो किसिमले सुरक्षा नीति बनाई पास गरी लागु गरेको थियो। साथै भाद्र २३ गतेको घटनाका सम्बन्धमा प्र.जि.अ.ले गृह सचिव हुँदै गृह मन्त्री र गृह मन्त्रीले पनि प्रधानमन्त्रीलाई जानकारी गराइरहेको देखिन्छ। साथै, प्रहरीले आफ्नो च्यानलमार्फत प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरीले सशस्त्र प्रहरी महानिरीक्षक र सेनाले प्रधानसेनापति लाई त्यतिखेर विद्यमान अवस्था (Situation) को बारेमा जानकारी गराई आवश्यक निर्देशन लिईरहेका थिए। विभिन्न प्रकारका निर्णायक निकायहरुको विद्यमानताले काठमाडौ प्र.जि.अ. को आदेश भाद्र २३ गते घटिरहेको घटनालाई नियन्त्रणमा लिई शान्ति वहाल गर्न समन्वय (Coordination) को कमी भै प्र.जि.अ.को

आदेश प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको हुन सक्छ। तर यही कारणले मात्र शान्ति स्थापना हुन नसकेको भन्ने ठोस आधार भने देखिँदैन।

भाद्र २३ गते संसद भवन परिसरमा हतियार सहित डिउटी खटिएका के कुन प्रहरीले कुन समयमा घातक बल (Lethal fire) प्रहार गर्यो भन्ने प्रश्नमा पनि सम्बन्धित अधिकारीहरुले आयोग समक्ष दिएको बयानमा प्रष्ट यकिन साथ भन्न सकेको देखिदैन। बल प्रयोगको सहि समय (Exact time) नदिनमा प्रहरीले अख्तियारी बिना बल प्रयोग गरेको थियो भन्ने संसय हुन सक्छ। त्यसभन्दा बरु जानकारी नै नदिन उचित हुन्छ भने सम्बन्धित अधिकारीहरुको धारणा रहेको पनि हुन सक्छ।

Ballistic Audit नहुनु पनि प्रहरीको चरम लापरवाही र कमजोरी देखिन्छ। प्रहरीले डिउटीमा खटिनु पूर्व के कुन हतियार,के कति संख्यामा गोलीगठ्ठा बुझी लगि डिउटी पुरा गरी कार्यालयमा फिर्ता आउँदा बुझी लगेको परिणाम बमोजिमको गोलीगठ्ठा बुझायो वा खर्च गरेको संख्या अनुसार गोली शस्त्रागार (Armory) मा बुझाएको अभिलेख (record) सम्पुर्ण प्रहरी इकाईहरुमा राखिने प्रचलन प्रहरी संगठन भित्र कार्यान्वयन हुने accepted norm हो। भाद्र २३ र २४ गतेको हतियार गोलीगठ्ठाको अभिलेख (record) नेपाल प्रहरीले भाद्र २४ गते प्रहरी इकाईहरुमा आक्रमण र आगजनी हुँदा सो अभिलेख जली नष्ट भएको भनिएको सन्दर्भमा पनि मौखिक रुपले नै संकलन गरी उक्त अभिलेख पठाउनु पर्नेमा बहाना बनाई गैह्रजिम्मेवापूर्ण रुपमा नेपाल प्रहरीका नेतृत्व तहको भनाई रहेको र सशस्त्र प्रहरी बल नेपालको प्रमुखले सो उल्लेखित अभिलेख पछि पठाउँछु भनी हाल सम्म ताकेता गर्दा पनि नपठाउने गैह्रव्यवसायिक काम गरेको देखिन्छ।

**<u>भाद्र २३ गते बानेश्वरको घटनामा प्रमाण सुरक्षित नहुनु</u>**

भाद्र २३ गते बानेश्वर क्षेत्रमा भएको प्रदर्शनकारी र सुरक्षा बल बिच भएको भीडन्तमा सुरक्षा निकायबाट घातक बल (Lethal Arms) पनि प्रयोग भएको थियो। घटनापछि प्रमाणको रुपमा त्यहाँ प्रयोग भएका Ammunition को खोका समेतको सुरक्षित Record राख्नु पर्दथ्यो। तर राखिएको देखिदैंन। सो रेकर्ड नुहुनुको कारणहरुमा भाद्र २३ गते साँझसम्म बानेश्वर क्षेत्रमा तनावको स्थिति रहेको र सन्त्रासको वातावरण रहेकोले पनि प्रमाण संकलन नभएको हुनसक्छ। भाद्र २४ गते बिहान संघीय संसद भवन परिसर बाहिरको एरिया प्रहरीले घेरी सबुद प्रमाण (Evidence) संकलन गरिनु पर्थ्यो। तत्कालका लागि संघीय संसद भवन परिसर वरपरको Situation Control गर्नुनै सुरक्षाकर्मीहरुको पहिलो प्राथमिकता रहेको हुन सक्छ। प्रमाण संकलन (Evidence collection) र संकलित प्रमाणको संरक्षण (Evidence Preservation) दोस्रो प्राथमिकतामा परेको हुनुपर्छ। उक्त क्षेत्रमा पत्रकार, प्रदर्शनकारी र पैदल यात्री, सवारी साधनहरुको

Movement ले घटनास्थल सुरक्षित नभई सबुद प्रमाण Contaminate भएको पनि हुन सक्छ। सबुद प्रमाण संरक्षण (Preserve) गर्दा प्रहरीले आफु बिरुद्ध प्रमाण लाग्ने डरले वास्ता नगरेको पनि हुन सक्छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट फायर भएको हतियार सिल (Seal) गरी Forensic जाँचका लागि सुरक्षित राख्नु पर्नेमा सो गरेको देखिदैन। सबुद प्रमाण सुरक्षित भए मिडिया, अदालत, मानवअधिकार संस्था लगायत सरकारी आयोग र अन्य स्वतन्त्र निकायले छानविन गर्न सक्ने तर सो अभावमा केही नहुने भनी उल्लेखित सवुद प्रमाण संकलन नगर्ने सुरक्षा अधिकारीहरुको मनसाय रहेको पनि हुन सक्छ। उल्लेखित जेसुकै कारण भएपनि प्रहरीले सबुद संकलन गर्न खासै ध्यान दिईएको पाईदैन।

भाद्र २३ गते को कसले बोकेको कुन हतियारबाट फायर भएको हो भनि यकिन गर्न उक्त दिन गोली चलेको प्रहरीका हतियारहरू सिल (Seal) गरेर सुरक्षित राख्नु पर्नेमा सो बिल्कुलै नगरेको र भाद्र २३ गते मुख्य घटनास्थल रहेको संघीय संसद भवन परिसर भित्र बाहिर फायर भएका गोलीका खोकाहरू संकलन गरि सुरक्षित राखेको अभिलेख नभएको भनि प्रहरी अधिकृतहरुले आयोग समक्ष बयानमा उल्लेख गरेको पाईन्छ।

नेपाल प्रहरी (Nepal Police) र सशस्त्र प्रहरी बल नेपाल (APF) का प्रहरी महानिरीक्षकहरू संग भाद्र २३ गते संघीय संसद भवन परिसरमा कुन हातहतियारबाट कुन प्रहरीले कति संख्यामा गोली प्रहार गरेको हो? निजले प्रहरी कोतबाट उक्त दिन के-कति संख्यामा हात हतियार,गोलीगठ्ठा बुझे र कति खर्च गरे? सो हतियार र बाँकी कति गोलीगठ्ठा प्रहरी कोतमा फिर्ता गरे? भन्ने सम्बन्धमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षकहरुले आयोग समक्ष दिएको बयानमा उल्लेख गर्न सकेको देखिन आएन।

**TOB (Tibetan Original Blood)**

TOB(Tibetan Original Blood) समूह सन् २०२४ को मध्यदेखी सक्रिय रहेको देखिन्छ र त्यही समय देखि इन्स्ट्राग्राममा "T.O.B – Blood" नामक पेजबाट र TikTok मा पनि यस सम्बन्धि सामाग्रीहरु भेटिन थालेको थिए। शुरुमा केही सदस्यले आफुलाई तिब्बती/भोटे सँग जोडी गर्व जनाउन TOB शब्द "Tibetan Original Blood" को रुपमा प्रयोग गरेको पाईन्छ। यो Tibetan (बौद्ध/तिब्बती) पहिचान र आम-परिचयको संकेतका लागि प्रयोग हुने एउटा ट्यागलाइन हो। जहाँ युवाहरुले आफ्नो तिब्बती जड/रगत (Bloodline) र संस्कृतिलाई गर्वका साथ देखाउन चाहन्छन। सामान्यतया TOB मा हुने भावमा असली तिब्बती हुनु,आफ्नो अधिकार/पहिचानको लागि लड्नु र युवा माझ आफ्नो पहिचान/अस्मिता संकटमा छ भन्ने इङ्गित गर्नलाई TOB प्रयोगमा ल्याईएको पाईन्छ। उनिहरुको भनाईमा यो ग्रुप राजनीतिक/पृथकतावादी नभइ साँस्कृतिक/व्यक्तिगत पहिचानको लागि संगठित भएको हो। TOB समूह आफैंले केही समय पछि परिवर्तन

गरी “The Original Brothers” भन्ने नयाँ नाम राखेको पाईन्छ। TOB मुख्यत: मोटरसाईकल प्रेमी/बाइकर्स समूह हो। जसमा विभिन्न जातजातीका युवाहरुको सहभागिता छ। Gen-Z आन्दोलनका बेला TOB (Tibetan Original Blood) लेखिएका टि-सर्ट लगाएका कमाण्डरले मेरो देश मेरो शान, मेरो देश मलाई फिर्ता देउ भन्ने आपतीजनक अभिव्यक्तिले तिब्बती राज्य इंकित गर्न खोजेको भन्ने बिषय पनि निकै चर्चामा रहयो । TOB भनेको Tibetan Separatists ग्रुप हो; नेपालमा विदेशी एजेन्ट हो र एउटा हिंसात्मक समूह हो भनेर पनि प्रचार-प्रसार भयो। TOB (Tibetan Original Blood) अर्थले ‘Free Tibet’ सम्बन्धी राजनीतिक गतिविधिसंग जोडेर हेर्न थालियो। तर नेपाल प्रहरीले हालसालै गरेको अनुसन्धानमा TOB को राजनीतिक अथवा सेपेरिटिस्ट उद्देश्य नरहेको प्रष्ट पारेको छ।

TOB समूहको अरु कुनै राजनीतिक उद्देश्य रहेको नदेखिएको भएतापनि भाद्र २३ गतेको प्रदर्शनमा यो ग्रुप मोटरसाइकलमा चावहिल ओम अस्पताल नजिकबाट धोबिखोला करिडोर हुँदै बिजुलीबजार तिरबाट आई भीडलाई उक्साई (Incite) उग्र बनाउने कार्य भने गरेको पाईन्छ। यदि भीडलाई उक्साउने कार्य हुन्छ भने र त्यसले हिंसा बढाउछ भने अपराधिक कार्य हुन्छ। भाद्र २३ गतेको TOB ग्रुपबाट गरिएको उक्साहटको कार्यलाई सामान्य कार्य भनी भन्न मिल्ने अवस्था छैन।

## <u>जेन जेड आन्दोलन र युथ काउन्सिलको सक्रियता</u>

“युथ काउन्सिल” नामक गैह्र सहकारी संस्था युवा नेतृत्व (Youth Leadership), टिमवर्क (Team Work), नागरिक सहभागिता (Civic Engagement), प्रजातन्त्र, (Democracy), सुशासन (Good Governance), नितिगत सम्वाद (Policy Dialogue) जस्ता विषय वस्तुमा सकृय रहेको पाइन्छ।

Gen-Z आन्दोलन शहरी शिक्षित युवाहरुबाट संचालित रहेको छ भने युथ काउन्सिलले पनि शहरी, शिक्षित युवाहरु माझनै कार्यक्रम संचालन गर्दै आइरहेको देखिन्छ। “युवा काउन्सिल” युवाहरुको क्षमता विकाशमा अंग्रेजी भाषा सिकाउनमा र युवालाई एउटा संजालमा आबद्ध हुने वातावरण सृजना गर्छ। युथ काउन्सिलले जवाफदेहिता,अधिकार र शसक्तिकरण जस्ता मान्यता राख्दछ। Gen-Z आन्दोलनकारीहरुले पनि यसै किसिमको भाषा प्रयोग गरेको देखिन्छ। यस अर्थमा उनीहरुले गर्न खोजेको कार्यमा र उनीहरुको लक्ष्यमा एकरुपता देखिन्छ। त्यस सन्दर्भमा केही युथ काउन्सिलका युवाहरु संस्थागत रुपमा नभई व्यक्तिगत रुपमा भाद्र २३ र २४ गतेको प्रदर्शनमा सामेल भएको हुन सक्दछ। तर संगठित रुपबाटै आन्दोलनमा लागेको भने देखिदैन। युथ काउन्सिल वैदेशिक आर्थिक सहयोगमा आफ्ना कार्यक्रम संचालन गर्दै आएको देखिन्छ।

Gen-Z आन्दोलनलाई विदेशबाट सञ्चालित भन्न सकिने कुनै ठोस प्रमाण उपलब्ध छैन। संस्था नियमन गर्ने सरकारी संयन्त्रहरुसंगको यस आयोगका पदाधिकारीहरुको परामर्शबाट पनि यस विषयमा शंका गर्नुपर्ने ठोस आधार उपलब्ध भएन। तथापी नेपाल वैदेशिक Fund आईरहदा (त्यो पनि खास गरेर एउटा गैह्र सरकारी संस्थालाई Direct found आउँदा) को अवस्थामा शंका गर्ने प्रवृत्ति छ र नेपालको भौगोलीक अवस्थितीका कारण शंका गर्नु स्वभाविक पनि हो। संघ संस्थाहरु नियमन गर्ने सरकारी संयन्त्रहरुमा समन्वयको कमी, यस सम्बन्धी कानूनमा विद्यमान अस्पष्टता,एउटा देशले नेपालमा सिधा जनस्तरमा funding गर्न सक्ने गरी गराएको सम्झौता,बिभिन्न श्रोतबाट आउने fund को यथार्थ लेखाजोखा नहुनु जस्ता कमीकम्जोरीले बिदेशबाट आउने अनुदानमा पारदर्शिताको कमी छ। यस सम्बन्धमा राज्यका संयन्त्रहरुले सूक्ष्मरुपमा अध्ययन अनुसन्धान गरी ठोस् निती नियम बनाई त्यस्ता आर्थिक श्रोत सुनिश्चित गर्न आवश्यक देखिन्छ।

**<u>भाद्र २४ गतेको घटनाका सम्बन्धमा</u>**

२०८२ भाद्र २३ गते जेन्जी युवा आन्दोलन मूलतः शान्तिपूर्ण, परिवर्तनमूखी र भ्रष्टाचारका विरुद्ध लक्षित थियो। त्यो आन्दोलनमा संघीय संसद परिसरको अगाडी प्रदर्शनकारी र सुरक्षाकर्मीहरु बिच भएको भीडन्तमा गोली लागि १७ जनाको मृत्यु सोही दिन र १२ जनाको केही दिनपछि मृत्यु भएको थियो ती मध्ये केहीको मृत्यु विभत्स तरिकाको थियो। यस घटनाको Live (प्रत्यक्ष) जानकारी सामाजिक संजालमार्फत प्रत्येक घरघरमा पुगेको थियो। जसका कारण सामान्य व्यक्तिहरुमा पनि सरकारी दमन प्रति आक्रोश प्रकट भई देश भरिकै आम नागरिकहरु भाद्र २४ गते स्वत:स्फूर्त रुपमा सडकमा सरकार बिरुद्ध प्रदर्शन गर्न आए।

भाद्र २३ गतेको प्रदर्शन हुनुको कारण सरकारले विभिन्न २६ वटा सामाजिक संजालमा लगाएको रोक पनि प्रमुख कारण हो। यहि प्रतिबन्ध बिरुद्ध भाद्र २३ र २४ गते युवा लगायत आम नागरिकहरु आफ्नो असन्तुष्टि व्यक्त गर्न प्रदर्शनमा उत्रिएका थिए। सरकारको सम्बन्धित निकायले सामाजिक संजालमा रोक लगाउँदा भबिष्यमा त्यसले पार्न सक्ने प्रभावका बारेमा अध्ययन गरेर मात्र रोक लगाउनु पर्नेमा त्यस सम्बन्धमा अध्ययन नै नगरी रोक लगाएको देखिन आयो। भाद्र २३ गते संघीय संसद भवन अगाडी घटेको घटना पश्चात त्यसको दबाबमा सामाजिक संजाल माथि लगाएको रोक सरकारले हटाउँदा पनि भाद्र २४ गते त्यसले देशभरी पुर्‍याउन सक्ने Negativity को बारेमा सरकारको सम्बन्धित निकायले कुनै किसिमको अध्ययन गरेको देखिदैन। फलस्वरुप भाद्र २४ गतेको घटना काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहिर विभिन्न स्थानहरुमा प्रदर्शनकारीहरुलाई उत्तेजित पार्न, भडकाउन, कारागारहरु तोडफोड गर्न, लुटपाट र आगजनी गराउन सामाजिक संजालले अहम भूमीका खेलेको देखिन्छ। सम्वेदनशील क्षेत्रको समयमै सुरक्षा

व्यवस्थापन गर्न नसक्नु सरकारको गम्भीर कमजोरी थियो।

भाद्र २३ गते संघीय संसद भवनमा गोली प्रहार भएको घटना पछिका दिनहरुमा काठमाडौं लगायत देशका विभिन्न स्थानहरुमा भएका लुटपाट, आगजनी, तोडफोडका घटनाहरु शान्तिपूर्ण युवा आन्दोलन नभई त्यसको आडमा भएका अपराधिक गतिविधिहरु हुन् भन्ने आयोगको ठहर छ।

भाद्र २४ गते बिहानै देखि संघीय संसद भवन वानेश्वर आसपासको क्षेत्रमा ठूलो संख्यामा प्रदर्शनकारीहरु भेला भै कर्फ्यूको अवज्ञा गर्दै सुरक्षाबलको प्रतिकारका बाबजुद संसद भवन परिसरमा प्रवेश गरी भिषण आगजनी र तोडफोड गरे।

भाद्र २४ गते तोडफोड, लुटपाट र आगजनी केवल संसद भवनसम्म मात्र सीमित नभई काठमाडौं उपत्यका भरी र काठमाडौं बाहिर देशै भरी फैलियो। काठमाडौं उपत्यकामा संसद भवन पछि सिंहदरबार मुख्य निशानामा परेको थियो। सिंहदरबार भित्र रहेका मन्त्रालयहरु र सिंहदरबार बाहिर रहेका सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रपति भवन शितलनिवास, प्रधानमन्त्री निवास बालुवाटार, मन्त्री निवास भैसिपाटी ललितपुर, उपत्यका भित्र र उपत्यका बाहिरका केही तारे होटलहरु, राजनैतिक दलका पार्टी कार्यालयहरु, व्यापारीक प्रतिष्ठानहरु, राजनितीकर्मी, राष्ट्रसेवक कर्मचारीहरु र व्यक्तिका वासस्थानहरु काठमाडौं उपत्यका लगायत देशका बिभिन्न भागमा रहेका जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, प्रहरी चौकी, प्रहरी पोष्ट विभिन्न सरकारी कार्यालयहरु, व्यक्तिगत सम्पतीहरु लगायतमा तोडफोड, लुटपाट र आगजनी गरियो।

त्यही दिन सामाजिक संजाल मार्फत तोडफोड र लुटपाटका घटनाहरुको असर देशमा मेची देखि महाकालि सम्मका क्षेत्रहरुमा फैलियो। खासगरी १८ जिल्लाहरुमा प्रदेश सरकारका भवनहरु,अन्य सरकारी तथा स्थानीय सरकारका भवनहरुमा बढी क्षति हुन गएको देखिन्छ।

भाद्र २४ गतेको घटनामा प्रहरी वृत्त र चौकीहरुमा आगजनी/तोडफोड मात्र भएन, ठूलो मात्रामा प्रहरीका हातहतियार, गोलीगट्ठा, असवाव, संचार साधन, सवारी साधन र प्रहरी कर्मचारीहरुको व्यक्तिगत सम्पति पनि लुटिए।

भाद्र २४ गते उपत्यका लगायत देशका विभिन्न भागहरुमा यति ठूलो संख्यामा यसरी एकै दिन भएको घटना नेपालको ईतिहासमा पहिलो हो। भाद्र २४ गते एउटै समयमा बिभिन्न सरकारी भवन, प्रहरी पोष्ट, व्यवसायिक प्रतिष्ठान, निजी वासस्थान, बिभिन्न राजनैतिक दलका पार्टी कार्यालयहरु तोडफोड, आगजनी र लुटपाट हुँदा

देश भरि एकैचोटी प्रहरी परिचालन गरी शान्ति सुरक्षा कायम गर्न सक्ने अवस्था सम्भव थिएन र नेपाल प्रहरीको सपोर्टको लागि नेपाली सेना र सशस्त्र प्रहरी बल देश भरिका अधिकांश स्थानहरुमा निष्कृय देखिन्थे।

सुरक्षा निकायहरुबाट बल प्रयोग गर्दा धेरै ठूलो संख्यामा हताहत र मानवीय क्षति समेत हुने आंकलन गरी नेपाल प्रहरीको तालुक कार्यालयहरुबाट न्यून्तम बल प्रयोग गर्ने, परिस्थिति बिग्रिन गए प्रहरी कर्मचारीहरु सुरक्षित भई हातहतियार, गोलीगठ्ठा, असवावका सामानहरु समेत सुरक्षित स्थानमा लाने भनी निर्देशन आएको थियो। सोही निर्देशन बमोजिम केही स्थानका प्रहरी इकाईहरु प्रहरी कर्मचारीहरुले आफ्नै बलबुताले सुरक्षित राख्न सकेको देखिन्छ। काठमाडौं उपत्यकाका धेरै प्रहरी इकाईहरुमा तोडफोड, आगजनी र लुटपाट हुन थालेपछि ती प्रहरी इकाईमा कार्यरत प्रहरी कर्मचारीहरुले हिरासत कक्षमा रहेका थुनुवाहरुलाई हाजिरी जमानीमा छोडी हातहतियार सुरक्षित राख्न सकेको देखिन्छ। काठमाडौं उपत्यका भित्रका केही प्रहरी इकाईहरुमा भने हातहतियार, गोलीगठ्ठा, असवाव, संचार साधन र सवारी साधन बचाउन सकेको देखिदैन। प्रहरी वृत महाराजगंज र प्रहरी प्रभाग कोटेश्वरमा प्रदर्शनकारीहरुले तोडफोड, लुटपाट र आगजनी गरी प्रहरी माथि आक्रमण गरी महाराजगंजमा २ जना र कोटेश्वरमा १ जना प्रहरी कर्मचारीलाई अमानवीय तरिकाबाट कुटपिट गरी घाइते बनाई कर्तब्य गरी मारेको घटनास्थल प्रकृती मुचुल्का, लाशजाँच मुचुल्का र शवपरीक्षण प्रतिबेदन लगायतका संकलित प्रमाणबाट र आयोगका पदाधिकारीहरुको स्थलगत अनुगमनको क्रममा खुल्न आएको छ। उक्त दिन काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय लगायत ३९ प्रहरी वृत, प्रभाग, चौकी, पोष्टमा लुटपाट, आगजनी र तोडफोड भयो। सोही दिन देशभरी भएको मृतक,घाइतेहरु र भौतिक क्षति समेतको विवरण क्रमशः अनुसूची २, ३ र ४ मा उल्लेख गरिएको छ।

भाद्र २४ गते नेपाल प्रहरीले आफ्नो कार्यालय छोडेर हिडेपछि उक्त क्षेत्रमा राज्यको प्रत्यक्ष उपस्थितिमा शुन्यता (Vaccum) सृजना भयो। जसका कारणबाट भीड मनोविज्ञानमा अब हाम्रो जित भयो, हामीले जे गरेपनि हुन्छ, अब कोही पनि आउँदैन भन्ने बलियो आत्मविश्वास बढ्न गएको देखिन्छ। हतारमा प्रहरी इकाईहरु छोड्दा हातहतियार, गोलीगठ्ठाहरुलाई नष्ट (Destroy)/निष्प्रभावी (Disable) नगरी असुरक्षित रुपले छोडि जाँदा Non State Actor को हातमा हातहतियार र गोलीगठ्ठा जस्तो राज्यको एकाधिकारमा रहनु पर्ने वस्तुको अतिक्रमण भई सार्वजनिक सम्पत्ति, सरकारी र निजी संरचना तथा सुरक्षा प्रतिष्ठानहरु लक्षित आक्रमणहरु तिव्र भई हिंसात्मक गतिविधिको नियन्त्रणमा सरकार पूर्णरुपमा असफल रह्यो।

सामान्यतया प्रहरीले आफ्नो कार्यालय छोड्नु भनेको अन्तिम विकल्प (Last Resort) मात्र हुनुपर्ने हो।

निश्चय पनि विशेष परिस्थिति निर्माण भएमा प्रहरी कर्मचारीहरुको ज्यू-ज्यानको सुरक्षा, थुनुवाको सुरक्षाको विषयमा वैकल्पिक सुरक्षा योजना तत्कालै बनाई आफु संगसंगै थुनुवा र हातहतियार, गोलीगठ्ठा सुरक्षित गर्नुपर्ने पेशागत मान्यता हो। त्यस्तै हातहतियार लिएर जान संभवै भएन भनेपनि हातहतियार, गोलीगठ्ठाहरुलाई निष्प्रभावी वा नष्ट गरी अपराधीको हातमा जानबाट रोक्नु प्रहरीको अर्को महत्वपूर्ण कर्तव्य पनि हो। भाद्र २४ गते प्रहरी कार्यालय छोड्ने निर्णय तत्कालिन परिस्थितिजन्य जोखिमसंग सम्बन्धित भएपनि त्यसको कारणबाट सृजना हुने संकटबारे गहिरिएर पूर्वअनुमान, पूर्व योजना र जोखिम मूल्याङ्कन गरेको देखिदैन।

प्रहरी कार्यालय परित्याग गर्ने निर्णयले तत्कालिन संकट व्यवस्थापनलाई सरल बनाएकोले मानविय क्षति पनि कम हुन गएको भन्ने प्रहरी अधिकृतहरुको अनुमानलाई सही मान्ने हो भने पनि प्रहरीले स्टेशन छोड्दा सर्वसाधारण नागरिक र स्वयं प्रहरीहरु समेत तत्काल संरक्षणविहीन अवस्थामा पुगेको देखिन्छ। यसको परिणाम स्वरुप प्रहरी माथि आक्रमण बढ्नुका साथै निजी सम्पत्तिहरु माथि लुटपाट, सरकारी र निजी सम्पतिमा आगजनी हुन गयो, जसले गर्दा प्रत्येक नागरिकमा अब त कोही पनि सुरक्षित छैन भन्ने डर पैदा हुन गई भय र त्रासको वातावरण सृजना भई नागरिक सुरक्षा, हातहतियार नियन्त्रण र राज्य प्रतिको विश्वासमा गम्भिर र दीर्घकालिन असर गरेको महसुस सर्वसाधारणले गरेको पाइन्छ।

भाद्र २४ गते सबैसुरक्षा निकायहरु आ-आफ्नै chain of command मा चले तर unified command को अभाव देखियो। सुरक्षा संयन्त्रले कुन ठाउँ जोगाउने, कुन ठाउँ छोड्ने भन्ने प्राथमिकता लिस्ट (asset protection list) नहुँदा भाद्र २४ गते १०:०० बजेबाट प्रहरी जनशक्ति प्रहरी कार्यालयहरुमा मात्र सीमित भएको तर ती स्थान पनि पछि छोडेको हुँदा देशमा एक किसिमको सुरक्षा शुन्यता (Security Vacuum) भई अराजकताको स्थिति श्रृजना हुन गयो र अपराधिक प्रवृत्ति भएका व्यक्तिहरुले लुटपाट र आगजनी गर्ने अवसर पाए।

**भाद्र २४ गतेको आक्रमणका सहभागिहरु**

भाद्र २४ गतेको देशभरी घटेका घटनाहरु विभिन्न प्रकारका व्यक्तिहरुको संलग्नता रहेको जाँचबुझ आयोग समक्ष बयान दिएका व्यक्तिहरु र आयोगका पदाधिकारीबाट गरिएको विभिन्न जिल्लाको स्थलगत निरीक्षण एवं भ्रमणको क्रममा सरोकारवाला व्यक्तिहरुसंग गरिएको अन्तरक्रियाबाट बुझिएको छ।

भाद्र २३ गतेको सन्दर्भमा काठमाडौंमा भएको प्रदर्शन सुरुमा विशुद्ध शान्तिपूर्ण रहने किसिमले गरिएको र

सरकारले सुशासन दिन नसकेको र भ्रष्टाचारका विरुद्ध लक्षित थियो। तर बानेश्वर चोकसम्म पुग्दा प्रदर्शन अत्यधिक ठूलो भै भीडमा परिण हुन पुग्यो र उग्र पनि हुन पुग्यो। भीड उग्र हुँदा प्रहरीले चलाएको गोलीबाट हताहतको र घाइतेहरुको संख्या निकै बढ्न गयो।

भाद्र २४ गतेको प्रदर्शन सुरुमा भाद्र २३ गते मारिएका युवाहरुको समर्थनमा सरकारको बिरोधमा सुरु भएको थियो तर केही समय पछिनै यसमा अपराधिक प्रवृतिका व्यक्तिहरु (Criminal Elements) पनि सामेल हुन पुगे। त्यस दिन व्यक्तिका घर, Shopping Mall, सरकारी कार्यालयहरु, ब्यापारीक प्रतिष्ठानहरु, होटलहरु लुट्ने, तोडफोड गर्ने, आगजनी गर्ने, प्रहरीका हतियार लुट्ने र प्रहरी माथी आक्रमण गर्ने, आगो लगाउने र बिभिन्न राजनैतिक दलका व्यक्तिहरु माथि आक्रमण गर्ने जस्ता कार्य अपराधिक मनोवृत्तिबाट प्रभावित भएको देखिन्छ। CCTV फुटेज र व्यक्तिहरुसंगको सोधपुछबाट यसमा केही Street Vendor देखि कवाडी संकलन गर्ने, ग्यारेजमा काम गर्ने मानिसहरु, बस, ट्रक लगायतका सवारी साधनहरुका चालक, सह-चालकहरु, उपत्यका बाहिरबाट आएका निर्माण कार्यमा संलग्न व्यक्तिहरु, वर्कशपमा काम गर्ने व्यक्तिहरु, सुकुम्बासी सम्मका व्यक्तिहरुको संलग्नता रहेको देखिन्छ। कारागारबाट भागेका र प्रहरीको हिरासत कक्षबाट छुटेका केही व्यक्तिहरुको पनि यसमा सहभागिता रहेको थियो। केही स्थानहरुमा राजनीतिक प्रतिशोध साधन र अन्य केही ठाउँमा व्यक्तिगत रिसइवी साध्न पनि अर्काको घरमा आगजनी गर्ने कार्य गरेको देखिन्छ। केही संख्यामा उरन्ठयाउँला जेन्जी युवाहरु प्रदर्शनमा सहभागि भएको तर तोडफोड,लुटपाट र आगजनी गर्ने जस्ता मनसाय नहुँदा नहुँदै पनि भीडको लहलहैमा लागि आवेगमा आई अपराधिक कार्यमा समावेश भएको र ठूलो संख्यामा नेतृत्व विहिन, उदेश्य विहिन, दिग्भ्रमित युवाहरुको पनि संलग्नता थियो जसलाई व्यक्तिगत सम्पति जलाउनु हुदैन, सार्वजनिक सम्पति सबैको साँझा सम्पति हो र यिनलाई नष्ट गरिनु हुदैन भन्ने पनि सामान्य हेक्का थिएन। यसै बीच केही युवा प्रदर्शनकारीहरु तोडफोड आगलागी गर्न हुँदैन भन्दै गर्दा उनिहरुलाई सम्झाई बुझाई गरिरहेको दृश्यहरु पनि देखिन्थ्यो।

सिंहदरबार, संघीय संसद भवन, सर्वोच्च अदालत,राष्ट्रपति भवन जस्ता Vital Installation जलाउनमा विशेष प्रज्वलनशील पदार्थको प्रयोग गरिएको थियो। केही विशेष प्रकारका कागजात भएका ठाउँमा target गरेर आगो लगाइएको थियो। खासगरी आयोगको स्थलगत भ्रमणका क्रममा प्राय सबै ठाउँमा आक्रमणको कार्यशैली एकै प्रकारको देखिन्छ। कुनै कार्यालय/ घरमा आक्रमण गर्दा सबभन्दा पहिला CCTV ध्वस्त गर्ने, पानीको टयांकी खाली गरी भत्काउने, सरकारी कार्यालयहरुमा रहेको Data Centre भत्काउने र Computer कक्षमा आक्रमण गर्ने, ततपश्चात कागजातहरु जलाउने, लुटपाट गर्ने, अन्त्यमा ती भवनहरुमा ग्याँस सिलिण्डरमा आगजनी गरी भवन भित्र फाल्ने सो उपलब्ध नभएमा बोतलमा पेट्रोल हाली घर भित्र फ्याकी

आगो लगाउने गरेको पाईन्छ। सिंहदरबार परिसर भित्र विभिन्न मन्त्रालहरुमा रहेका फायर एक्सटिङगुईसर (fire extinguisher) खोलेर त्यसमा भएको केमिकल फाल्ने गरेको देखियो। कम्पाउण्ड भित्र पार्किङ्ग एरियामा राखीएका सवारी साधनहरुमा आगो लगाउने प्रकृया सबै स्थानहरुमा एउटै प्रकारको देखिन्छ। तर सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन शिलत निवास,व्यापारिका गोदाम घरहरु, भाटभटेनी स्टोरहरु, कान्तिपुर पब्लिकेशन, हिल्टन होटल, हायात लगायतका होटल जस्ता ठाउँहरुमा भने रसायन, पेट्रोल बम (Molotov Cocktail) लगायत अति प्रज्वलनशील पदार्थ प्रयोग गरेको पाईन्छ। केही आवास घर र भाटभटेनीमा लुटपाट गरी आगजनी गरी लुटपाट गर्न खोज्दा केही लुटेराहरु निस्किन नसकी जलेर मृत्यु भएको पनि देखिन्छ।

अनुसन्धानका लागि सरकारी कार्यालयहरुका CCTV footage निकै उपयोगी हुन सक्ने तर प्रायःजसो आक्रमण गरिएका सरकारी कार्यालयहरुका अभिलेख (record) गर्ने सामाग्रीहरु फोडिएको तथा आगजनी गरी नष्ट गरिएको छ। भाद्र २४ गते सम्पुर्ण घटनाहरुलाई एक एक गरी बृहत रुपमा अनुसन्धान गरिनु पर्दछ।

भाद्र २४ गते घटनामा संलग्न भएका व्यक्तिहरुको सम्बन्धमा निक्यौंल गर्न आयोगलाई अहिलेसम्मको छानविनबाट अभियोजनको लागि सिफारिस गर्न मिल्ने गरी ठोस सबुद प्रमाण संकलन गर्न सकिएको छैन। आयोगलाई सहयोग पुग्ने गरी कुनै intelligence report सरकारी वा गैह्र सरकारी निकायबाट हाल सम्म प्राप्त हुन सकेको छैन। आयोगलाई प्राप्त कार्यदिश निश्चित तर छोटो अवधिको लागि रहेकोले देशभरीका घटनाहरु विस्तृतरुपमा छानविन गर्ने तत्काल कोही कसैलाई दोषी प्रमाणित गर्न समय र जनशक्ति अभावका कारणले आयोगले सकेन। तथापि आयोगले भाद्र २४ गतेको संघीय संसद भवन, सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, निजी ब्यापारिक प्रतिष्ठानहरू, सरकारी तथा निजी भवन तथा बिभिन्न पार्टी कार्यालयहरू लगायतका स्थानहरू उक्त दिन घटना हुँदाको समयमा सोही स्थानहरूका टेलिफोन टावरहरूमा उपलब्ध BTS DATA का आधारमा भौतिक रूपमा उपस्थित भएका ब्यक्तीहरूको टेलिफोन नम्बरहरू नेपाल दुरसंचार र NCell बाट मांग गरि त्यस Raw data लाई  अध्ययन गरि स्थानगत टेलिफोन नम्बरहरू प्रतिबेदनमा उल्लेख गरेका छौं। अब सरकारले विज्ञ सहितको अनुसन्धान टोली गठन गरि उपलब्ध अन्य प्रमाणहरू (CCTV footage, Social media, पिडित र अन्त स्रोतहरू बाट प्राप्त video clips जस्ता प्रमाणहरू) संग भिडाई  तत्कालै अभियुक्त सम्म पुग्न बृस्तीत अनुसन्धान गर्न आवश्यक रहेको देखिन्छ।

भाद्र २४ गते घटेका घटनामा देशभरका बिभिन्न प्रहरी कार्यालयहरूबाट आफ्नो ज्यान भन्दा पनि प्यारो गरि हतियार गोलीगट्ठा सुरक्षित राख्नु पर्छ भनि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका बिभिन्न कार्यालयहरुबाट बारम्बार प्रशिक्षण पाईरहेको बिषय अपराधीहरूले लुटीलगेको सम्बन्घमा प्रहरी ऐन २०१२, सशस्त्र प्रहरी ऐन,२०५८ र प्रहरी नियमावली,२०७१,सशस्त्र प्रहरी नियमावली,२०७२ नियम बमोजिम आवश्यक छानबिन गरिएको रिपोर्ट आगजनी लगायत बिभिन्न कारण देखाई उपलब्ध नगराएको हुँदा निजहरूलाई सचेत गर्दै हतियार गोलीगट्ठा जस्तो राज्यको एकाघिकार बिषय हल्का बिषय नठानि राज्यले तत्कालै गृह मन्त्रालयको नेतृत्वमा विज्ञहरू सहितको सशक्त अनुसन्धान टोली बनाई भाद्र २३ गतेको दुबै प्रहरी संगठनहरुका के कुन नाम,दर्जाका अधिकृत/जवानबाट के कति कारणले कुन अवस्थामा के-कति गोलीगट्ठा प्रयोग गरि खर्च गरेको हो भन्ने बिषय एकिन गरि ग़लत र गैर-जिम्मेवार भई खर्च गरेको हो भन्ने स-प्रमाण पुष्टी भई ठहर भएमा कानुन बमोजिम कारबाहीलाई सिफारिश गरिनुपर्छ।

साथै के-कुन परिस्थितिमा हातहतियार, गोलीगट्ठाहरू लुटिएका हुन ? यस्मा कुन प्रहरी अधिकृत जवानले समयमा नै सुरक्षित स्थानमा स्थानान्तरण गरि हतियार बचाउन पहल गरेको वा हेलचक्रयाई गरेको हो सो सम्बन्धमा अनुसन्धान गरी दोषी देखिए कारवाहीको लागि समेत सिफारिस गर्ने।

प्रहरी आफु कार्यालयबाट Tactical withdrawal हुँदा के-कति कारणले आफ्नो साथमा हतियार लिएर जान सके सकेनन? हतियार गोलीगट्ठा आफुसाथमा लिएर जाने अवस्था नरहदा गैर राज्य पक्ष अपराघीको कब्जामा हतियार नपार्न हतियार नष्ट (weapon destroy) हतियार निष्प्रभावी (weapon disable) गर्ने काम भयो/भएन ? हतियार गोलीगट्ठा लुटि लगेकोमा प्रहरीको हेलचक्रयाई र लापरवाही देखियो भने संलग्न तल्लो तह देखि माथिल्लो तह सम्मका जिम्मेवार प्रहरी अधिकृत तथा जवानहरूलाई सम्बन्धित ऐन नियम बमोजिम कारवाहीको लागी नेपाल सरकार समक्ष सिफारिश गरिनु पर्छ।

भाद्र २३ गते प्रहरीले अधिकांश निहत्था युवा प्रदर्शनकारी माथि अत्यधिक बल प्रयोग (Over action) गरेको र भाद्र २४ गते उपत्यका प्रहरी कार्यालय (Victor control) र देशभरिनै प्रहरी प्रधान कार्यालय (Police Headquarters control) बाट हिम्मत साथ डटेर कार्यालयमा सुरक्षित बसी आक्रमण गर्न आएमा सकभर कम बल प्रयोग गर्दै आवश्यकता अनुसार कानुन बमोजिम निर्धक्क अन्तिम बल प्रयोग गर्ने, परिस्थिति प्रतिकुल भएमा हवाई उद्धार समेत हुने भनि फिल्डमा खटिएका कार्यरत प्रहरीहरूको मनोबल उच्च राख्ने गर्ने गरि आदेश निर्देशन दिनु पर्नेमा सो नगरी त्यसको ठिक बिपरित सकभर बल प्रयोग नगर्ने, गर्नै परे पनि अश्रुग्यास बाहेक केही नगर्ने, हातहतियार, सवारी साधन, संचार सेट सुरक्षित गर्ने, थुनुवाको लिस्ट तयार गरि छोडिदिने र

सुरक्षित रहने भनि कहिल्यै नसोचेको आएको आदेशले सम्पुर्ण प्रहरीहरूमा डटेर सामना गर्ने भन्ने मनोविज्ञाननै मरेर गएको र अप्ठ्यारो परेमा पनि आदेश किन नमानेको भनि उल्टै गाली खाने र कारवाहीमा समेत पर्न सक्ने हुँदा छिटो-छिटो कसरी हुन्छ प्रहरी कार्यालयहरुबाट सुरक्षित स्थानमा जाने भन्ने तयारीमा छिटपुट केही कमाण्डर बाहेक लागेपछि प्रहरी कार्यालयहरू तोडफोड, सरकारी र प्रहरी कर्मचारीहरूको ब्यक्तीगत सम्पती र हातहतियार, असवाव, संचार साधन, लुटपाट ,आगजनी र राष्ट्रसेवक प्रहरी कर्मचारी माथि आक्रमण हुन गई (धेरै स्थानहरूमा छोडिएको थुनुवाको प्रत्यक्ष अगुवाईमा) समेत आक्रमण भयो।

प्रहरीको अनुपस्थितिले प्रदर्शनकारी त्यसमा पनि आपराधिक मनोभावना भएका र बदलाको भावनाले गस्नित ब्यक्तीहरूको मनोवल बढयो र देश भरिनै नागरिकले राती १०:०० बजे नेपाली सेना परिचालन नहुन्जेलसम्म अभिभावक बिहिन महसुस गरि असुरक्षित रहेको र आफुमाथि कसैले आक्रमण गर्न आएमा कोही पनि सहयोगमा आउने छैन भनि ठूलो डरत्रासमा बिताए। राज्य बिहिन यस्तो अवस्था देशभरिकै नेपाली नागरिकले प्रत्यक्ष महसुस गरेको सायद पहिलो पटक हो। उक्त घटनाले प्रहरी संगठन नागरिक सुरक्षालाई साह्रै महत्वपूर्ण सुरक्षा संयन्त्र रहेछ जसको अनुपस्थितले नागरिक कति सुरक्षा सहारा बिहिन हुँदा रहेछन भन्ने प्रष्टयाउँछ। यस्तो संबेदनशिल बिषयमा समेत ध्यान नदिई सुरक्षित हुन प्रहरी स्टेशन अप्रत्यक्ष रूपमा खाली गर भन्ने प्रहरी हाकिमका आदेशले माओबादी संग बिना कसैको सहारा एक्लै ६ बर्ष डटेर मुक़ाबला गर्ने प्रहरी संगठनको बिश्वसनियतामा समेत प्रश्न उठयो। हुन त आदेश आए पनि उपत्यका लगायत देश भित्रका केही प्रहरी स्टेशनले/कार्यालयले, हातहतियार र आफ्नो सुरक्षा गर्न डटेर लड़े जुन सर्बत्र प्रशंसा पनि भएको छ।

प्रहरी बिना हामी असुरक्षित हुने रहेछौ भनी आम नागरिकहरुले भाद्र २४ गते आगजनी, तोड़फोड़, लुटपाट भएको प्रहरी कार्यालयहरूको स्थानियकै अग्रसरताले रकम संकलन गरि मर्मत सम्भार, पुनःनिर्माण भईसकेको र कतिको अझैपनि भईरहेकोले बिषयले प्रहरी र नागरिक सुरक्षा बिच अन्योन्याश्रित सम्बन्ध रहेको प्रस्टयाउछ।

हुन त बिषम परिस्थिति, संकटको समयमा असल मनसायले तत्काल निर्णय भएको रणनीति फुर्सदको बेलामा बिश्लेषण गरे जस्तो पक्कै हुदैन। त्यसबेला असल मनसाय सहित प्रदर्शनकारी तर्फ र प्रहरी तर्फ पनि क्षती कम होस भनेर यो निर्णय गरिएको पक्कै होला तर सबै प्रहरीले आ-आफ्ना प्रहरी स्टेशनमा बसेर सामना गरेको भए सायद प्रहरी उच्च पदमा बसेका अधिकृतहरूले सोचे जस्तो क्षति नहुन सक्दथ्यो भन्ने कुरा केही प्रहरी अघिकृतहरूले आफ्नै स्टेशनमा बसी प्रतिकार गरि कार्यालय र हातहतियार,गोलीगट्ठा,असवाव,संचार सेट,सवारी साधनहरु समेत बचाएको साहसीक कार्यले पनि प्रमाणित गर्छ। सबै प्रहरी स्टेशनहरूले प्रतिकार

गरेको भए निश्चय पनि केही स्थानहरूमा हताहतको संख्या बढि हुन्थियो होला तर प्रहरी उच्च मनोबलका साथ प्रतिकार गरिरहन्थियो पनि। एक ठाउको प्रहरी कार्यालय माथि आक्रमणको खबर लाई warning को रूपमा लिएर सशक्त ढङ्गले सामना गर्न तयारी गर्नु पर्ने ठाउँमा आदेशले कति छिटो आफ्नो कार्यालय छोड्ने मनःस्थितिमा प्रहरी पुगेको देखिन्छ। एक ठाउँ पछि अर्को प्रहरी स्टेशन क़ब्ज़ा गर्दै हातहतियार असवाव समेत लुटन ब्यस्त अपराधीहरू को त मनोबल बाटोमा भेटिएको सबै प्रहरीलाई नामोनिशान नराख्ने मनोविज्ञानले हौसला बढदै गयो। एक ठाउँको कब्जाको खबर सामाजिक संजालबाट फैलिन गई देश भरिकै धेरै प्रहरी कार्यालयहरूमा आक्रमण समेत भयो।

यदि उपत्यकामा प्रहरीले बिहानैबाट डटेर सामना गरेको भए, आक्रमणकारीहरूको मनोबल पनि बढ़ने थिएन। एक ठाउमा आक्रमण गरि बिजय पाए पछि प्रदर्शनकारीहरूको मनोबल बढदै गई प्रहरी लगायत सरकारी र ब्यक्तीगत सम्पतीमा समेत लुटपाट, आगजनी गर्न बिभिन्न स्थानबाट यस्ता तोडफोड आगजनी गर्दै निश्चित स्थानमा एकिकृत भई ठुला सरकारी भवनहरू, प्रहरी भवनहरू, निजी ब्यापारिक प्रतिष्ठान, तारे होटेलहरू मा आगजनी, लुटपाट गर्न सफल भए। यदि प्रहरीले प्रहरी वृत मालीगाउ, ठिमीमा झै प्रतिकार गर्न डटेर बसेको भए ठाउँ ठाउँमा प्रदर्शनकारीहरू प्रहरीसंग सामना गरिरहेको हुँदा एकीकृत भई ठुला आक्रमण गर्न भेला हुने अवसर र हौसला बढन सक्ने अवस्था नरहने हुँदा भाद्र २४ गते जस्तों security vacuum कम हुन गई हातहतियार नलुटिने, थुनुवाहरू छोडेर उत्पन्न समस्या पनि नहुन सक्ने र राज्यले शान्ति सुरक्षाको केही हदसम्म नागरिकलाई अनुभूति गराउन सफल हुने अवस्था रहन्थ्यो। प्रदर्शनकारीहरुले प्रहरी कार्यालयमा आक्रमण गरेको भए प्रहरीले अन्तिम बल प्रयोग गरेको बिषयमा पनि भाद्र २३ गते जस्तो आरोप नलाग्ने, बरू प्रहरी कार्यालयमा आक्रमण गर्न जाने बिरूद्ध प्रहरीले गरेको कामलाई कानुनी र नागरिक स्तरबाट पनि सुरक्षा (protection) हुने सम्भावना रहन्थियो।

**<u>भाद्र २४ गते नख्खु कारागार कार्यालय ललितपुर र अन्य कारागारहरुको अवस्था</u>**

भाद्र २४ गते भवनहरु र प्रतिष्ठानहरुमात्र जलेनन्, कारागारमा पनि आक्रमण भयो। नख्खु कारागार कार्यालय ललितपुरमा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सभापति रवि लामिछाने ठगी तथा संगठित अपराध मुद्दामा रुपन्देही जिल्ला अदालतको आदेशानुसार पुर्पक्षको लागि बन्दीको रुपमा सोही कारागारमा रहदै आएका थिए। भाद्र २४ गते निज रबि लामिछानेलाई छोड्नु पर्ने जिकिर गर्दै प्रदर्शनकारीहरु दिउँसो अन्दाजी १५:३० बजे तिर नख्खु कारागारको मुल गेट अगाडी जम्मा भई भीड बढ्दै गई सो भीड कारागार परिसरमा प्रवेश गरी रबि लामिछानेलाई छोड्न कारागार प्रशासनलाई दबाब दिन थाले। उक्त भीडले कारागारमा

आक्रमण गर्ने डर त्रासले सो कारागारका प्रमुखले रबि लामिछानेको सुरक्षार्थ बन्दी कोठा भित्रबाट झिकी कारागार परिसर भित्रको मानसिक अस्पतालमा ल्याए। भीड बढ्न थालेपछि रबि लामिछानेले भीडलाई शान्त रहन पटक-पटक आग्रह गर्दै यस्तो परिबेशमा कारागार र यहाँका कर्मचारीहरुलाई बचाउने मेरो पनि जिम्मेवारी हो भनेपछि प्रहरीले रिबि लामिछानेलाई कारगार परिसर भित्रै रहेको भीड समक्ष प्रस्तुत गरे भन्ने जेलरको आयोग समक्ष दिएको बयानमा उल्लेख गरेका छन। भीडले रबि लामिछानेलाई बाहिर लग्न खोज्दा न्यायिक हिरासतमा बसेकोले कारागार प्रशासनको मलाई बाहिर जाने अनुमति पत्र नभई बाहिर नजाने भनेपछि निजका समर्थकले सो कारागारका कारागार प्रमुखसँग रबि लामिछानेलाई कारागारबाट बाहिर छाडिएको भन्ने बिषयमा आधिकारीक पत्र लिई निज रबि लामिछाने कारागारबाट छुटेको भन्ने आयोगको छानबिनबाट देखिएको छ। रबि लामिछानेलाई कारगारबाट छाडिएको भन्ने बिषयको पत्रमा केही व्यक्तिले करकापमा पारी मसंग सहीछाप गराएको भनी नख्खु कारागार प्रमुखको आयोग समक्ष दिएको बयानमा निजको भनाई रहेको छ। कारागार प्रमुखले बिधिवत रुपमा दस्तखत सहीछाप गरि दिएको पत्र प्राप्त गरे पश्चात मात्र निज रबि लामिछाने गाडीमा चढी कारागारबाट हिडेको यस आयोगबाट छानविनको क्रममा देखिन्छ।

रबि लामिछाने बाहिर निस्किएको केही समयपछि ठूलो भीड आई जेलमा आक्रमण गरी कैदीहरुलाई बाहिर निकाल्ने कार्य भएको देखिन्छ। यो समाचार सामाजिक संजालमा प्रेशित भएपछि काठमाडौं लगायत देशका अन्य भागमा पनि जेल आक्रमणको सिलसिला सुरु भयो। नख्खु कारागारको घटनापछि अन्य ठाउँहरुमा पनि जेल तोडफोड गर्ने, आगजनी गर्ने र कैदी/बन्दी भगाउने तथा कैदी/बन्दी आफैं भाग्ने कार्य भएको संकलित प्रमाणबाट देखिन्छ।

त्यस दिन देश भरीका कारागारहरुबाट १२४४० जना कैदी/वन्दी भागेका कारागार प्रशासनवाट जानकारी प्राप्त भएको छ। सयौं कैदी/बन्दी एकै चोटी कारागारबाट भाग्दा यस्ले ठूलो सुरक्षा चुनौति खडा गर्‍यो। यो सामान्य घटना थिएन र अझै समाजमा डरको वातावरण रहेको छ। कारागारबाट फरार भएका मध्ये २०८२ माघ ११ गतेसम्म ८२९४ जना कैदी/वन्दी कोही आफैं र कोही प्रहरीले पक्राउ गरी कारागारमा फिर्ता ल्याएको छ। बाँकी ४१४६ जना कैदी/वन्दी अझै फरार छन्। कारगारबाट कैदी/बन्दी भगाउनमा भूमिका खेल्ने व्यक्तिहरु वारे व्यापक अनुसन्धान गरी कानूनको दायरामा ल्याईनु पर्दछ।

## भाद्र २३ र २४ गतेको घटनामा नेपाली सेनाको भूमिका

भाद्र २३ गते संघीय संसद भवन परिसर वरपरको घटनामा सेना परिचालन सम्बन्धमा काठमाडौं जिल्लाका प्र.जि.अ.ले कर्फ्यू जारी गरी सकेपछि सेना सहयोगमा आइ सुरक्षा स्थिति सुदृढ हुने अपेक्षा गरिएकोमा सेनाबाट सहयोग प्राप्त नभएको भनेका छन। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (२) ले कुनै ठाँउमा गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्र.जि.अ.लाई लागेमा यस सम्बन्धी कारण र आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थानुसार नेपाली सेनाको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ। भाद्र २३ गतेको घटनालाई विचार गरी ३ चरणको सुरक्षा योजना जिल्ला सुरक्षा समितिले तयार गरी तेश्रो चरणको अवस्थाको लागि सेनाको सहयोग लिन सकिने कुरा पनि उक्त योजनामा भएको देखिन्छ।भाद्र २२ गते साँझ र २३ गते बिहान ९:०० बजे सम्म शान्ति सुरक्षा सामान्य रहेको समितिको निर्णयमा उल्लेख छ तर भाद्र २३ गते दिउंसो १२:०० बजेको निर्णयमा परिस्थिति काबु भन्दा बाहिर जान लागेको भन्दै सेनाको सहयोगको लागि पत्राचार गरिएकोमा नेपाली सेनाको सहयोग प्राप्त नभएको देखिन्छ।

नेपाली सेनाका अनुसार संघीय संसद भवन तर्फ सिंहदरबार स्थित नरसिंह दलबाट १२:४५ बजेको समयमा नै नेपाली सेना प्रहरीको सहयोगार्थ मुभ गरेको तर प्रदर्शनकारीहरु नेपाली सेना सवार रहेको ट्रकको चक्कामुनि सुति करिब ३:०० बजेमात्र संघीय संसद भवन कम्पाउण्डमा प्रवेश गरेको भन्ने छ। यसमा नेपाली सेनाले ट्रकमुनि सुतेका युवा प्रदर्शनकारीहरुलाई सम्झाइबुझाई हटाई ट्रक अगाडी लान सक्थ्यो अथवा गाडीबाट Dismount भै पैदलनै संघीय संसद भवन परिसरमा जान सक्थ्यो तर यी दुवै कार्य नगरी प्रहरीको Escort को लागि पर्खी रह्यो भन्ने प्रहरीहरुको भनाई र करिब ३:०० बजे दिउँसोको समयमा मात्र संघीय संसद भवन प्रवेश गरेको देखिन्छ। सेनाको टुकडी संसद भवन परिसरमा पुगी राति त्यही रहेको र दोश्रो दिन भाद्र २४ गते प्रदर्शनकारीहरुले संघिय संसद भवनमा आगजनी गर्न थाले पछि संसद भवनबाट निस्की गएको भनी प्रहरी र प्रत्यक्षदर्शीले बताएका छन्।

सेनाको प्रतिनिधि पनि जिल्ला सुरक्षा समितिको सदस्य रहने गरेको र भाद्र २३ गते जिल्ला सुरक्षा समिति, काठमाडौंको बैठक बिहानै देखि प्र.जि.अ.को कार्यकक्षमा बसिरहेको थियो। नेपाली सेनाका प्रतिनिधिलाई त्यस दिन विकसित हुँदै गएको स्थिति बारे जानकारी हुंदा पनि स्थानीय प्रशासनले मांग गरेको सहयोग समयमानै प्राप्त हुन सकेन। फलस्वरुप भीड नियन्त्रण नभई बल प्रयोग गर्दा धेरैजनाको मृत्यु भयो, अन्य सयौं जना घाइते समेत हुन पुगे।

भाद्र २४ गते सिंहदरबारमा भएको आगजनी र सोही दिन राष्ट्रपति भवन, शितल निवासमा भएको आगजनी र लुटपाटमा पनि नेपाली सेनाको निस्कृय भूमिकालाई लिएर निकै टिका टिप्पणी भएका छन्। सिंहदरबार परिसर भित्र लामो समय देखि सेनाले सुरक्षा प्रदान गर्दै आइरहेको छ। भाद्र २४ गतेको घटनाको शुरुमा सेनाले सिंहदरबार भित्र प्रवेश गरेका आक्रोशित प्रदर्शनकारीलाई प्रहरी संगै मिली परिसर बाहिर पठाएको देखिन्छ तर दोश्रो पटक प्रदर्शनकारीहरु भित्र प्रवेश गर्दा नेपाली सेना नव निर्मित गृह मन्त्रालयको भवन तर्फ जाने बाटो निर उभिई प्राय निस्कृय अवस्थामा रहेको प्रत्यक्षदर्शी,अन्य सुरक्षाकर्मीहरुले आयोग समक्ष गरेको बयान र उपलब्ध CCTV footage बाट प्रष्ट देखिएको छ।

नेपालको संविधानको धारा २६७ (२) बमोजिम राष्ट्रपति नेपाली सेनाको परमाधिपति हो भनी स्पष्ट व्यवस्था गरिएको छ। राष्ट्रको धरोहर राष्ट्रपति भवनको विशेष महत्व हुन्छ। राष्ट्रपति र राष्ट्रपति बस्ने भवनको सुरक्षा समेत नेपाली सेनाको जिम्मामा रहन्छ तर भाद्र २४ गते दिन केही प्रदर्शनकारीहरु राष्ट्रपति भवन भित्र अनाधिकृत रुपमा प्रवेश गर्न खोज्दा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुले शुरुमा सम्झाई बुझाई गर्दा पनि प्रदर्शनकारीहरु सुरक्षाकर्मीहरुको कुरा नमानी जबरजस्ती शितल निवासको पुर्वपट्टीको मूल गेटबाट भित्र प्रवेश गर्दा नेपाली सेनाका सकल दर्जाका अफिसर र जवानले प्रभावकारी रुपले प्रतिरोध नगर्दा ऐतिहासिक राष्ट्रपति भवन शितल निवासको पुरातात्विक भवनमा आगजनी भई ऐतिहासिक भवन लगायत दस्तावेजहरु समेत जलेर नष्ट भए। सिंहदरबार र शितल निवासका भवनहरु मात्र होईनन् ती त पुरातात्विक महत्वका Monuments र जनताको आस्थाका केन्द्र बिन्दु पनि हुन। यी भवनहरु माथिको आक्रमणले नेपाली सेना प्रति नेपाली नागरिकहरुको आस्था र विश्वास डगमगाएको छ। सिंहदरबार र राष्ट्रपति भवन शितल निवास जस्ता महत्वपूर्ण भवनहरुमा चारैतर्फ नेपाली सेनाको बख्तरबन्द गाडी सहित नेपाली सेनाको तैनाथी समयमानै परिचालन भएको भए प्रदर्शनकारीहरुलाई प्रहरीले भित्र प्रवेश गर्न नदिई बाहिरनै रोकी उक्त धरोहरहरु सुरक्षित राख्न गर्न सक्ने बलियो सम्भावना थियो। तर सुरक्षाको सम्पुर्ण जम्मेवारी लिएको नेपाली सेनाले समयमानै परिचालित गर्न सकेको देखिएन।

उक्त घटना रोक्न नसक्नुमा नेपाली सेनाका अधिकारीहरुको आफ्नै तर्क रहेको छ। ती अधिकारीहरुका अनुसार आक्रोशित प्रदर्शनकारीहरु माथि नेपाली सेनाले कारवाही गर्दा अत्यधिक मात्रामा प्रदर्शनकारीको हताहत तथा घाइते हुन सक्ने प्रबल सम्भावना रहेकोले नेपाली सेनाले हतियारको प्रयोग गरेन। नेपाली सेनाले life over property को सिद्धान्तलाई अवलम्बन गरी ब्यापक मानविय क्षति हुन नदिन हर सम्भव प्रयास गरेको भनी आयोग समक्ष आफ्नो वयानमा उल्लेख गरेका छन। नेपाली सेनाका अधिकारीहरुका अनुसार भाद्र २४ गते विहान ८:३० बजेको सट्टा बिहान ५ बजे देखि नै कर्फ्यूलाई निरन्तरता दिई समयमानै सबै

सुरक्षाकर्मीहरु परिचालन गर्ने भनी भाद्र २३ गते राती सम्पुर्ण सुरक्षाकर्मीहरु बिच समझदारी भएको भएतापनि भाद्र २४ गते बिहान ८:३० बजेबाट मात्र कर्फ्यू आदेश जारी गर्दा ठूलो संख्यामा प्रदर्शनकारीहरु उपत्यकाका सडकहरुमा आईसकेको हुँदा कर्फ्यू व्यवस्था प्रभावकारी भएन र नेपाली सेनाको परिचालन गर्नु पर्ने र परिचालित नेपाली सेनाको कामकारवाही पनि प्रभावकारी नहुने अवस्था सृजना हुन गयो। नेपाली सेनाका अनुसार भाद्र २४ गते बिहान ५ बजेबाटै कर्फ्यू आदेश जारी भई सुरक्षाकर्मी परिचालित भएको भए सर्वसाधारण नागरिकहरु सडकमा आउन सक्ने अवस्था हुने थिएन। भाद्र २४ गतेको घटना नघट्न पनि सक्थ्यो भन्ने भनाई रहेको छ।

सिंहदरबार र शितल निवासमा नेपाली सेना तैनाथ थियो तिनको रक्षा गर्नु नेपाली सेनाको कर्तव्य हो तर कार्यान्वयन गरेको देखिएन। सिंहदरबार स्थित नरसिंह दलका कमाण्डर र राष्ट्रपति भवन शितल निवासका कमाण्डर र संघीय संसद भवन परिसर वानेश्वर तथा प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षार्थ खटिएका नेपाली सेनाको कमाण्डरहरुले आफ्नो कर्तव्य पुरा गरेको देखिएन।

भाद्र २४ गतेको घटनाका सम्बन्धमा उपत्यका बाहिरका जिल्लामा पनि सेनाका प्रतिनिधि जिल्ला सुरक्षा समितिको सदस्यमा रहने कानूनी व्यवस्था भएको र सोही व्यवस्था बमोजिम नेपाली सेना जिल्ला सुरक्षा समितिको निर्णयहरुमा पनि प्रत्यक्ष रुपमा सहभागि हुँदै आएको छ। भाद्र २३ र २४ गते शान्ति सुरक्षाको अवस्था प्रहरी नियन्त्रण भन्दा बाहिर गएको अवस्थामा स्थानिय प्रशासन ऐन,२०२८ बमोजिम जिल्ला सुरक्षा समितको निर्णय अनुसार प्रमुख जिल्ला अधिकारीहरुले नेपाली सेनाको सहयोग माग्दा समेत सहयोग नपाएको गुनासो काठमाडौं लगायत बाहिर जिल्लाका प्र.जि.अ. र प्रहरी सुरक्षा अधिकारीहरुले निरीक्षण एवं अनुगमनको क्रममा आयोगका पदाधिकारीहरु संगको भेटमा खुलेर भनेका छन। माग भएको अवस्थामा नेपाली सेना हतियार असवाव सहित प्रदर्शनकारीको अगाडी आई परिचालित भएको भए पनि सेनाको उपस्थितीले धेरैहद सम्म प्रदर्शनकारीहरुमा डर पैदा भई थप क्षति (damage control) रोक्न सक्ने अवस्था हुन्थ्यो भन्ने भनाई समेत आयोग समक्ष व्यक्त गरेका छन्।

भाद्र २४ गते अन्दाजी १३:३० बजे देखि प्रधानमन्त्री निवास बालुवाटारको पुर्वपट्टी रहेको मूल गेट बाहिरी प्रदर्शनकारीहरु आई जम्मा भई तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओली बिरुद्ध नाराबाजी गर्दै आक्रोशित उक्त भीड प्रधानमन्त्री निवास भित्र प्रवेश गर्न खोज्दा गेटमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुले प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई गरी रोक्ने प्रयास गरेका थिए। तर उक्त भीडमा प्रदर्शनकारीहरुको संख्या बढ्दै गएको कारणबाट सुरक्षाकर्मीहरुले मात्र थेग्न सक्ने अवस्था नरहँदा बल प्रयोग गर्नु पर्ने अवस्था आएको

हुँदा सुरक्षाकर्मीहरुले बल प्रयोग नगरी उक्त स्थान छाडी गए पश्चात प्रदर्शनकारीहरु मुलगेटबाट भित्र प्रवेश गरी मुलगेट छेउँमा रहेको भवनमा तोडफोड आगजनी गर्दै भित्र रहेका अन्य भवन तथा सवारी साधनहरुमा क्षति पुर्याउदै प्रधानमन्त्री बस्ने मूल आवास भवन तर्फ बढीरहदा उक्त समयमा सुरक्षाकर्मीहरुले बल प्रयोग बिना सुरक्षा प्रदान गरी थप क्षति हुनबाट रोक्न सक्ने अवस्था थिएन। प्रधानमनत्री निवासको सुरक्षाको सम्पुर्ण जिम्मेवारी लिएका नेपाली सेनाले खटिएका अन्य सुरक्षाकर्मीहरुलाई आवश्यक सहयोग गरी भीडको अनाधिकृत प्रवेशलाई रोक्नु पर्नेमा सो नगरी प्रदर्शनकारीहरुलाई निर्वाध रुपले प्रवेश गर्न दिई प्रधानमन्त्री निवास भित्र रहेका भवन लगायत अन्य सामाग्रीहरु समेतमा आगजनी, तोडफोड तथा लुटपाट हुन दिएको घटनामा मौन बसी सुरक्षाको मूल जिम्मेवारी लिईएको नेपाली सेनाका तत्कालीन कमाण्डरले आफ्नो कर्तब्य पुरा गरेको देखिएन र राज्यले ठूलो क्षति व्यहोर्नु परेको थियो।

भाद्र २३ गते कर्फ्यू आदेश जारी भए पश्चात संघीय संसद भवनमा प्रदर्शनकारीहरु र सुरक्षाकर्मीहरुको बिचमा भईरहेको झडपमा जिल्ला सुरक्षा समिति काठमाडौंको अनुरोधमा सुरक्षा प्रदान गर्नको निमित्त नरसिंह दल सिंहदरवारबाट अन्दाजी १२:४५ बजेको समयमा दुईवटा सवारी साधनमा नेपाली सेना संघीय संसद भवन (BICC) को करिब ३०० मिटर पूर्वपट्टी रहेको थापा गाउँमा पुग्दा प्रदर्शनकारीहरुले नेपाली सेना सवार रहेको गाडीलाई रोकी अवरोध गरे पश्चात प्रहरीको सहयोगमा अन्दाजी १५:०० बजेको समयमा संघीय संसद भवन परिसरमा प्रवेश गरी ग संसद भवनको चारै तर्फ प्रदर्शनकारीहरुसंग मुकाबला गरीरहेका प्रहरीहरुलाई ठोस रुपमा आस्वस्त हुने गरी सहयोग नगरेको भनी ताँहा परिसरमा डिउटी खटिएका प्रहरी अधिकृतले आयोग समक्ष गरेको वयानमा उल्लेख गरेका छन।

भाद्र २३ गते राती उक्त नेपाली सेनाको टोलीले संघीय संसद भवन परिसर भित्र बसी सुरक्षा प्रदान गरेको देखिन्छ र दोश्रो दिन भाद्र २४ गते बिहान प्रदर्शनकारीहरुले संघीय संसद भवन परिसरमा प्रवेश गरी आगजनी र तोडफोड गर्न शुरु गरेको केहि बेरमानै नेपाली सेनाको उक्त टुकडी संघीय संसद भवन परिसरबाट बाहिर निस्किएको तहाँ खटिएका प्रहरी र प्रत्यक्षदर्शीहरुले बताएका छन। दुबै दिन नरसिंह दल सिंहदरबाट संघीय संसद भवन सुरक्षार्थ खटिएका नेपाली सेनाको टोलीले आफ्नो संघीय संसद भवन कर्तव्य पूर्ण रुपमा निर्वाह गरेको देखिएन।

तर नेपाली सेनाले केही गर्दै नगरेको भने होइन। भाद्र २४ गतेको घटनामा नेपाली सेनाले बिशिष्ट व्यक्तिहरु (VIP) को सुरक्षालाई महत्व दिई विभिन्न ठाउँबाट उद्धार गरी सुरक्षित स्थानमा लगेको थियो। प्रहरी वृत महारागंजको छतमा फसेका प्रहरीहरुको उद्धार सेनाको हेलिकप्टरबाट गरिएको थियो। भाद्र २४ गते साँझ

देखि देश भरी शान्ति सुरक्षा कायम गर्नमा सेनाले नै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। यद्यपी भाद्र २४ गते राती १०:०० बजे पछि नेपाली सेना व्यारेकबाट बाहिर आउँदा उक्त दिन तत्कालीन प्रधानमन्त्रीले राजिनामा दिंदा साथ किन सेना परिचालन भई शान्ति सुरक्षा कायम गर्न अग्रसर भएन भनी प्रश्न पनि नउठेको होइन। भाद्र २४ गते साँझ २२:०० बजे देखि नेपाली सेना परिचालन नभएको भए भाद्र २५ गते देशभरि झन ठूलो धनजनको क्षति मात्र नभई राष्ट्रिय अस्तित्वनै संकटमा पर्न सक्दथ्यो। नेपाली सेनाले राष्ट्र जोगाएको बिषयमा सर्वत्र प्रशंसा पनि भएको छ।

## तत्कालिन प्रधानमन्त्री के.पी.शर्मा ओली

नेपालले अंगिकार गरेको शासन प्रणालीमा प्रधानमन्त्री यस व्यवस्थाको मियोको रुपमा रहेको हुन्छ र कार्यकारी प्रमुख हुन्छ। मन्त्रीमण्डल र कर्मचारी तन्त्र निजलाई सपोर्ट गर्ने अंगहरु हुन। मुलुकभित्र भएका राम्रो कामको जस लिने र नराम्रा कामको अपजस लिने जिम्मा पनि प्रधानमन्त्री कै भागमा पर्न जान्छ।

नेपाल सरकारको प्रधानमन्त्री भएका कारण आफ्नो मातहतका निकायको काम कारवाहीको जिम्मा निजको रहन्छ। तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओलीको कार्यकालमा राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालयबाट प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहने गरी पहिलो पटक प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मातहत रहने व्यवस्था गरियो।

राष्ट्रिय अनुसन्धान विभागको मुख्य जिम्मेवारी भनेको विभिन्न श्रोतबाट सूचना संकलन गरी त्यसको विश्लेषण गर्ने र सरकारका तालुक निकायर सबै सुरक्षा निकायलाई सम्भावित घटना तथा खतराका बारेमा अवगत गराउने हो। यस जाँचबुझ आयोगले गरेको छानविनबाट उक्त विभाग र आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने उपकरणहरु (Tool) प्रयोग गर्नमा, सूचना संकलन गर्नमा र साइबर सूचना विश्लेषणमा निकै कमजोर रहेको देखिन्छ। भाद्र २३ गतेको सुरक्षा प्रवन्ध राष्ट्रिय अनुसन्धान विभागले बिभिन्न श्रोतवाट जम्मा गरेको सूचनाको आधारमा तयार गरिएको थियो जस अनुसार ३ देखी ५ हजार जति मानिस सामेल हुन सक्ने आंकलन थियो जो गलत साबित भयो। राष्ट्रिय अनुसन्धान बिभाग जस्तो महत्वपूर्ण निकायलाई सशक्त र सक्षम बनाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट ठोस पहल नभएको देखिन्छ।

भाद्र २३ गते साँझ राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा दिउँसोको विभत्स घटनापछि अर्को दिन भाद्र २४ गते देखि हुने सम्भावित सुरक्षा जोखिमको वास्तविक मूल्याङ्कन सहित सुरक्षा अंगहरुको योजनाबद्ध प्रभावकारी परिचालन र घटनाको वास्तविकता बारे छानविन गर्न उच्चस्तरीय छानविन समिति गठन गर्नुपर्नेमा हल्का

तथा मौखिक निर्णय मात्र गरिएको तर कुनै लिखित निर्णय नगरिएकोले घटनालाई सामान्य ढंगले लिएको देखिन्छ ।

सरकारले २६ वटा सामाजिक सञ्जालका प्लेटफर्महरु माथी रोक लगाउदा त्यस्ले निम्त्याउन सक्ने प्रभावका वारेमा कुनै अध्ययन गरिएको थिएन। ती सामाजिक सञ्जाल माथिको रोक खुलाउँदा औपचारिक निर्णय बिना संचार मन्त्रीले मौखिकरुपमा आदेश दिई खुलाईयो । यस बिषयमा अर्को दिनबाट देश भरीनै हुन सक्ने सम्भावित सुरक्षा चुनौतिलाई ख्याल गरेको पनि देखिएन । युवाको माग पुरा गरियो भन्ने जस्तो सामान्य सोच लिएर प्रतिबन्ध फुकुवाले पार्न सक्ने थप समस्याबारे रोक खुलाउन अघि छलफल/बिवेचना/विश्लेषण गरेको पाइदैन ।

त्यति मात्र नभई भाद्र २३ गते साँझ बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा समेत भाद्र २४ गते संकटकाल लगाई शान्ति सुरक्षा कायम गराउन नेपाली सेना परिचालन गर्न सकिने विकल्प (option) थियो । त्यस बिषयमा कुनै ठोस निर्णय लिइएन। न त भाद्र २४ गते हुन सक्ने सम्भावित परिणामका बारेमा परिषदले अन्य कुनै ठोस निर्णय लियो । जस्को फलस्वरुप भाद्र २३ गते मात्र नभई भाद्र २४ गते देशले कहिल्यै नभोगेको घटना घट्न गई जनधनको क्षति हुन पुग्यो ।

सबैभन्दा महत्पूर्ण पक्ष के छ भने भाद्र २३ गते संघीय संसद भवन अगाडी काठमाडौंका प्र.जि.अ.ले १२:३० बजे कर्फ्यू जारी गरेको केही समय अगाडी देखि प्रदर्शनकारी र सुरक्षा निकाय बिच भीडन्त सुरु भएको र सो क्रम करिब चार घण्टा सम्म चलेको देखिन्छ । यस कुराको रिपोर्टिङ्ग (Reporting) सरकारी संयन्त्र मार्फत सरकारका उच्च निकायहरु र प्रधानमन्त्री समेतलाई गरिएको थियो । त्यस दिनको घटनाको सम्बन्धमा प्रधानमन्त्रीलाई अवगत गराईएको थियो भनी तत्कालीन गृहमन्त्रीले आफ्नो वयानमा उल्लेख गरेका छन । सो समाचार सामाजिक संजालमा पनि व्यापक रुपमा प्रशारित भईरहेको थियो ।

बिग्रिदै गएको परिस्थितीलाई मध्य नजर गरी प्रधानमन्त्री जस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट त्यसलाई समाधान गर्न अथवा जोखिम न्यूनीकरण (Harm Minimize) गर्न सुरक्षा निकाय बिच समन्वय गरी प्रभावकारी सुरक्षाकर्मीको परिचालन गर्नुपर्ने, तत्काल फायर रोक्न सिज फायर (Cease Fire) पहल गर्नुपर्ने, सैनिक मुख्यालय संग समन्वय गरी नेपाली सेनासंग सहयोग लिई प्रदर्शनात्मक असर (Demonstrative effect) को लागि नेपाली सेना परिचालन गर्न सकिएको भए हताहतको संख्या कम हुन सक्थ्यो । सुरक्षा स्थिति बारे जानकारी हुँदा पनि प्रधानमन्त्रीबाट समयमानै आवश्यक पहल भएको देखिदैन ।

**<u>तत्कालीन गृहमन्त्री रमेश लेखक</u>**

गृहमन्त्री देशमा शान्ति सुरक्षा र अमन चयन कायम गर्नुपर्ने जिम्मेवारीपूर्ण पद हो र मन्त्रीमण्डलको महत्वपूर्ण सदस्य पनि हो। निजको जिम्मेवारी सुरक्षा निकायको दैनान्दीनको गतिविधिको जानकारी लिनेमा मात्र सीमित नभएर ती निकायहरु कति प्रभावकारी तरिकाबाट आफ्नो कार्य गरिरहेका छन् भनि मूल्याङ्कन गर्ने र छैनन् भने के-कति कारणले सकिरहेका छैनन् भनी सो पत्ता लगाई आवश्यक पर्ने कानूनी सुधार देखी लजिस्टिक सपोर्ट र समय सुहाउँदो हातहतियार/गोलीगठ्ठा उपलब्ध गराउने पनि रहन्छ। यस सन्दर्भमा तत्कालीन गृहमन्त्री रमेश लेखकले कानूनी सुधार तर्फ केही प्रयास गर्न खोजेको देखिन्छ तर ठोस रुपबाट कार्य भएको पाइदैन।

भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर घटेको घटनाका सम्बन्धमा पूर्व सूचनाको संकलनको कमी, सुरक्षा निकायका भीड नियन्त्रणमा संलग्न अधिकारीहरुमा आवश्यक तालिमको कमी, भीड नियन्त्रण गर्न आवश्यक पर्ने गैर घातक लगायतका साधन (tool) समय सापेक्ष नहुनु, घातक हतियार (lethal force) को अनावश्यक प्रयोग, सुरक्षा निकाय बिच भीड नियन्त्रण गर्ने सम्बन्धमा उचित समन्वय नहुनु, सुरक्षा निकायहरुको उचित समयमा सही तरिकाबाट परिचालन गर्न कानूनमा देखिएको कमी, सरकारी संयन्त्र प्रतिको जन अविश्वास आदि कारणले गर्दा उक्त घटना घट्न गएको हो। यि सबै कमी कमजोरी हुनुमा तत्कालीन सरकारको जिम्मेवारी रहन्छ। सरकारको सम्बन्धित मन्त्रालयको मन्त्रीको हैसियतले गृहमन्त्रीको पनि जिम्मेवारी रहन्छ।

प्रहरी कर्मचारीहरुमा दक्षताको कमी, तालिमको अभाव, यथेष्ट र समय सुहाउदो हातहतियारको कमी र नयाँ गैह्रघातक/कम घातक हातहतियारको आयातका लागि अग्रसरता नलिनु, २०८२ साल चैत्र १५ गते कोटेश्वर काठमाडौंको घटनाबाट पाठ सिकी सुरक्षा संयन्त्र बिच समन्वय गर्न आवश्यक कानूनी व्यवस्था नगर्नु र भाद्र २३ गतेको घटनामा हताहतको संख्या अत्यधिक हुनुमा र घाइतेहरुको संख्या बढ्नुमा पदीय दायित्वको हिसाबले गृहमन्त्रीको जिम्मेवारी रहन्छ।

भाद्र २३ गते संघीय संसद परिसरमा प्रहरी र प्रदर्शनकारीहरु बिच झडप शुरु भईसक्दा पनि गृहमन्त्री जस्तो जिम्मेवार पदाधिकारी राज्य ब्यवस्था समितिको छलफलमा ब्यस्त रहनुले उक्त घटनालाई गम्भिरतापूर्वक लिएको देखिन आएन।

भाद्र २३ गतेको घटनामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बिच फिल्डमा समन्वयको ठूलो कमी देखिएको

छ। उक्त कुरा सुरक्षा अधिकारीहरुले स्विकार गरेका छन् र सुरक्षा विज्ञहरुले आयोग संगको अन्तक्रियामा समेत दुई संगठन बिचको प्रभावकारी Operation tactics नभएको भनी औंल्याएका छन्।

सबैभन्दा महत्वपूर्ण पक्ष हो भाद्र २३ गते करिब १२:०० बजे दिउँसोको समयमा सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चार घण्टा सम्म चलेको झडपमा गृहमन्त्रीले सुरक्षा निकाय बिच समन्वय गरी प्रहरी परिचालनमा प्रभावकारीता गर्न निर्देशन र सिज फायर (Cease Fire) आदेश दिई तनाव कम गरी परिस्थिति नियन्त्रण हुन सक्थ्यो। गृहमन्त्री जस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट सुरक्षा अवस्थालाई सामान्यीकरण गरी त्यसलाई समाधान गर्न, जोखिम न्यूनीकरण (Harm Minimize) गर्न प्रधानमन्त्री मार्फत सुरक्षा निकाय बिच समन्वय गरी बढी जनशक्ति पठाउनु पर्ने अथवा सैनिक मुख्यालय संग समन्वय गरी नेपाली सेनासंग सहयोग लिई प्रदर्शनात्मक असर (Demonstrative effect) को लागि सेना परिचालन गर्न सकिएको भए हताहतको संख्या कम हुन सक्थ्यो। सुरक्षा स्थिति बारे जानकारी हुँदा पनि गृहमन्त्री जस्तो जिम्मेवार व्यक्तिबाट समयमानै आवश्यक पहल नभएको देखिन्छ।

**<u>तत्कालीन गृहसचिव गोकर्णमणी दुवाडी</u>**

गृह सचिव गृह मन्त्रालयको प्रशासनिक प्रमुख हो। गृह मन्त्रालयलाई आवश्यक पर्ने नीति बनाउने जिम्मेवारी पनि निजको हो। मन्त्रालय अन्तर्गत प्रहरीका संगठनहरुमा देखिएका कानूनी र समन्वयका (Coordination) समस्याहरुलाई समाधान गर्ने तर्फ तत्परता देखाउनुपर्ने जिम्मेवारी पनि सचिवको रहन्छ। गृह मन्त्रालय अन्तर्गत पर्ने नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई आवश्यक पर्ने गैरघातक हतियार, Logistic Support र ती संगठनहरुले प्रस्ताव गरेका आवश्यक वस्तुको निकाशका लागि सम्बन्धित मन्त्रालयसंग समन्वय गर्ने कार्य पनि सचिवको हो। गृह सचिव ७७ वटै जिल्लामा रहेका प्रमुख जिल्ला अधिकारीको Reporting Officer पनि हो।

भाद्र २३ गते काठमाडौंको प्रमुख जिल्ला अधिकारीले संघीय संसद भवन परिसरको वरपरको घटनाको बारेमा जानकारी गराउँदा तुरुन्त तालुक निकाय संग समन्वय गरी परिस्थिति (Situation) लाई बिग्रन (Aggravate) नदिई सामान्यीकरण (Normalize) गर्ने प्रयत्न गरिनु पर्दथ्यो। लगातार प्रदर्शनकारी र प्रहरी बिच चलेको मुठभेडका बारे काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीले गृह सचिवलाई जानकारी गराएको आयोग समक्षको वयानमा भनेका छन।

प्र.जि.अ.ले जानकारी गराएपछि थप बल पुऱ्याउन सबै सुरक्षा निकायसंग समन्वय गरी सुरक्षा बढाउनुपर्ने

जिम्मेवारी तत्कालिन गृह सचिवको पनि हो तर निजले त्यस्तो संवेदनशील अवस्थामा सक्रिय भई कार्य गर्नु पर्नेमा सो नगरी करिब चार घण्टा सम्म चलेको मुठभेडमा मुकदर्शकझै भएको हुँदा जिम्मेवारीबाट बिमुख रहेको देखिन्छ।

भाद्र २३ गते करिब १२:०० बजेको समयमा सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चार घण्टा सम्म चलेको झडपमा गृह सचिवले सुरक्षा निकाय बिच समन्वय गरी तनाव कम गरी परिस्थिति नियन्त्रण हुन सक्थ्यो। गृह सचिव जस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट त्यसलाई समाधान गर्न अथवा जोखिम न्यूनीकरण (Harm Minimize) गर्न सुरक्षा निकाय बिच समन्वय र सिज फायर (Cease Fire) गरी अन्य बैकल्पिक माध्याम अपनाएको भए हताहतको संख्या कम हुन सक्थ्यो। चार घण्टा सम्म चलेको उक्त घटना रोकी निजले समयमै परिस्थिती नियन्त्रणमा लिई मानविय क्षति न्यूनीकरणका लागि गृहमन्त्रीलाई आवश्यक सुझाव दिनुपर्नेमा सो नगरी  सुरक्षा स्थिति बारे जानकारी हुँदा पनि गृह सचिव जस्तो जिम्मेवार व्यक्तिबाट समयमानै आवश्यक पहल नगरी कर्तव्यबाट बमुख भएको देखिन्छ।

<u>तत्कालीन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी छविराज रिजाल</u>

प्रमुख जिल्ला अधिकारीलाई स्थिति अशान्त भएपछि कर्फ्यू लगाउने अख्तियारी स्थानिय प्रशासन ऐन,२०२८ ले दिएको छ तर एकचोटी अख्तियारी दिइसकेपछि निजको जिम्मेवारी समाप्त हुँदैन। कर्फ्यू जारी गरे पछिको अवस्थामा निरन्तर  परिस्थितिको अनुगमन (monitor) गरी राख्नु पर्ने र आवश्यकता अनुसार थप बल पठाई स्थिति नियन्त्रण  मा ल्याउन हर सम्भव कोसिस गरी राख्नु पर्ने निजको दायित्व हो।

भीड बढ्दै जाँदा त्यसलाई रोक्न एभरेष्ट होटल अगाडी प्रहरीको व्यारीकेटमा पर्याप्त सुरक्षाकर्मी परिचालन नगर्नु, सिलसिलेवार रुपमा बल प्रयोग गर्न आदेश दिनु अघि Water Cannon, Tear gas जस्ता गैरघातक हतियारहरुको अवस्था, उपलब्धता, व्यवस्थापन र कर्फ्यू घोषणापछि माइकिङ गर्दा माइकको प्रभावकारिता, संघीय संसद भवन परिसर बाहिरबाट त्यहाँ भित्रका सुरक्षाकर्मी, भौतिक संचरनामा आक्रमण हुँदा आवश्यक पर्ने चाहिने सुरक्षा योजना जस्ता गम्भिर विषयमा उचित ध्यान दिएको देखिएन।

भाद्र २३ गते प्रहरी र प्रदर्शनकारी बिच करिब १२:०० बजेको आसपासबाट मुठभेड सुरु हुन्छ। १२:३० बजे देखि कर्फ्यू आदेश जारी हुन्छ। यस क्रममा दर्जनौ प्रहरीलाई चोट पटक लाग्छ। दर्जनौ प्रदर्शनकारीहरु र केही मुठभेडको दृष्य हेरिरहेका रमितेहरु पनि प्रहरीबाट फायर भएको गोली लागि घाइते हुन्छन् र त्यस घटनामा त्यही दिन १७ जनाको र केही दिन पछि १२  जनाको मृत्यु हुन्छ। यो मुठभेडको क्रम करीब चार

घण्टा सम्म उक्त क्षेत्र रणमैदान बनी रहँदा सम्म प्रमुख जिल्ला अधिकारीले प्रदर्शनको क्रममा चलिरहेको गोली प्रहार रोक्न, सिज फायर (Cease Fire) गर्न पहल नगरेको र स्थिती नियन्त्रण गर्न डिउटीमा खटिएका र थप मद्दतमा खटि आएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सुरक्षाकर्मीहरु प्रभावकारी रुपमा परिचालित (deploy) गरिएको देखिएन।

संघीय संसद परिसर बाहिर सार्वजनिक स्थलमा मानविय हताहत हुँदा समेत प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहत रहेका सुरक्षा निकायहरुलाई सर्वसाधारण नागरिकको सुरक्षाका लागि प्रभावकारी निर्देशन दिई हताहत रोक्न पहल गर्नुपर्नेमा सो गरेको देखिएन।

काठमाडौंखा प्र.जि.अ. ले कर्फ्यू आदेश जारी गर्नु अघि माथिल्लो निकायसंग वस्तु स्थितिको जानकारी गराएको र संघीय संसद भवन परिसर वरपरको अवस्था हेरी कर्फ्यू लगाउन निजलाई सुझाव दिएको देखिन्छ तर कर्फ्यू आदेश जारी भए पश्चात माथिल्लो तहमा अनुरोध गरी सुरक्षाका लागि थप कदम चाल्न नतिजामुखी प्रयास नगरेको देखिन्छ। संघीय संसद भवन परिसर वरपर ४ घण्टासम्म रणमैदान भइरहँदा त्यसलाई तनाव कम गरी स्थितीलाई नियन्त्रणमा लिन प्रभावकारी बैकल्पि प्रयासहरु गरेको देखिएन।

**सशस्त्र प्रहरी प्रमुख राजु अर्याल**

सशस्त्र प्रहरी प्रमुख सशस्त्र प्रहरी बल नेपालको संगठन प्रमुख हो। सशस्त्र प्रहरी बललाई समयानुकुल तालिम दिई दक्ष बनाउने र समय सापेक्ष नयाँ प्रविधि भित्र्याउन विशेष भूमिका खेल्नु पर्ने दायित्व रहन्छ। भाद्र २३ गतेको घटनामा शुरुमा प्रदर्शनकारीहरुलाई Contain गर्नमा सशस्त्र प्रहरी बलको संलग्नता थियो। परिस्थिति बिग्रिदै जाँदा सशस्त्र प्रहरीको तर्फबाट बल प्रयोग भई SLR तथा INSAS जस्ता हतियार प्रयोग भएको तर हवाई फायर मात्र भएको भन्ने सशस्त्र प्रहरीका अधिकारीहरुको भनाई रहेको छ।संकलित प्रमाणको आधारमा मूल्याङ्कन गर्दा उक्त दिन सशस्त्र प्रहरी बल बाट पनि Excessive र Indiscriminate रुपमा बल प्रयोग भएको पाइन्छ।

सशस्त्र प्रहरी हतियार चलाउने सुरक्षाकर्मी भएकोले हतियार कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम र Mock Drill गराइरहनु अत्यावश्यक हुन्छ। ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत जवान/अधिकृतहरु समेत confusion मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप गर्ने कार्य हुन सक्छ। ROE ले बल प्रयोगको आवश्यकता (necessity),

अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपायकारुपमा (last resort) कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ। जसबाट अनावश्यक रुपमा बल प्रयोगमा नियन्त्रण भई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि प्रहरी संगठनलाई बचाउन मद्दत गर्छ।

यति महत्वपूर्ण विषयमा सशस्त्र प्रहरी महानिरीक्षकले ROE को व्यवस्था सशस्त्र प्रहरीमा लागु गर्न स्पष्ट निर्देशन दिनु पर्नेमा सो नदिई भाद्र २३ गतेको घटनामा disproportionate रुपमा बल प्रयोग भई हताहतको संख्या बढेको देखिन्छ। घण्टौ सम्म प्रदर्शनकारी र सुरक्षाकर्मीहरुबिच भएको मुडभेडको स्थितिलाई नियन्त्रण गर्न तनाव कम गरी धातुको गोली प्रहार रोक्न सिज फायर (Cease Fire) लगायतका उपायहरु अवलम्बन गर्न तर्फ पनि अग्रसरता लिएको देखिएन।

त्यस अतिरिक्त संघीय संसद भवन अगाडी ४ घण्टासम्म चलेको मुठभेडलाई निस्तेज गर्न संगठनको प्रमुखको हैसियतलेले समन्वय गर्नुपर्नेमा उक्त जिम्मेवारी पुरा नगरेको देखिन्छ। भाद्र २३ गते एभरेष्ट होटल अगाडी रहेको प्रहरीको ब्यारिकेड तोडेको घटनामा पछि गएर सशस्त्र प्रहरीबाट पूर्ण सहयोग प्राप्त नभएको र नेपाल प्रहरीको नयाँ बानेश्वर चोकमा भीडसंग सामना (deal) गर्न निकै अप्ठयारो स्थिति रहेको भन्ने फिल्डमा खटिएका नेपाल प्रहरीका कमाण्डरहरुको भनाई र CCTV Footage ले प्रष्ट पार्छ।

भाद्र २४ गते काठमाडौंमा मात्र नभई देशका अन्य भागमा भएका घटनाहरुमा पनि सशस्त्र प्रहरी बलको सकृय सहयोग प्राप्त नभएको भन्ने जाँचबुझ आयोगका अधिकारीहरु समक्ष फिल्डमा खटिएका सुरक्षाकर्मी र अन्य प्रशासन प्रमुखहरुले खुलस्त रुपमा व्यक्त गरेका छन। जिल्ला सुरक्षा समितिमा सशस्त्रको पनि प्रतिनिधि रहने, केन्द्रीय सुरक्षा समितिमा सशस्त्र प्रहरी प्रमुख रहने कानूनी व्यवस्थाले सशस्त्र बलको पनि भीड नियन्त्रणमा सकृय भै शान्ति सुरक्षा गर्नु पर्ने निजको अनिवार्य दायित्व भित्र पर्छ। भाद्र २४ गते प्रहरी वृत नयाँ वानेश्वर अगाडीको पुलमा डिउटीमा तैनाथ सशस्त्र प्रहरी बलले उक्त प्रहरी वृत आक्रमण गर्न जान लागेका प्रदर्शनकारीहरुलाई नरोकी वृतमा रहेका प्रहरी कर्मचारीहरु माथि आक्रमण हुँदा पनि सहयोग नगरी पन्छिएर हिडेको भन्ने नेपाल प्रहरीका अधिकृत जवानहरुको वयानमा उल्लेख छ। यो प्रतिनिधि घटना थियो यस्ता घटना देशभरि नै भई सशस्त्र प्रहरी मुकदर्शक भएको भन्ने भनाई आयोगलाई प्राप्त भएको छ। केन्द्रीय स्तरमा सशस्त्र प्रहरी लगायतका सबै सुरक्षा निकायका प्रमुखहरु एक ठाउँमा बसी समन्वय गरेको भनी आ-आफ्नो आयोग समक्षको वयानमा उल्लेख गर्ने तर यथार्थ फिल्डमा तल्लो तहसम्मको समन्वयमा नितान्त अभाव रहेको देखियो। भाद्र २४ गते सशस्त्र प्रहरी बलका प्रमुखले आफ्नो मातहत प्रहरी बललाई देश भरि घटेका

घटनाहरुमा सशस्त्र प्रहरी बललाई स्पष्ट निर्देशन सहित उचित तरिकाले समन्वय गरी समयाम परिचालन नगर्दा काठमाडौं उपत्यका लगायत देश भरिनै लुटपाट र आगजनी जस्ता घटनाहरु ब्यापक रुपमा घटेको देखिन्छ।

भाद्र २३ गते संघिय संसद भवन परिसरमा सशस्त्र प्रहरी बलले गरेको अत्यधिक बल (excessive force) प्रयोगले हताहतको र घाइतेहरुको संख्या बढ्न गएको र भाद्र २४ गतेको घटनाहरुमा सशस्त्र प्रहरी बलले आफ्नो दायित्व राम्ररी बहन गर्न नसकेको देखिन्छ। सशस्त्र प्रहरी बललाई उचित प्रशिक्षणको अभाव देखियो र सशस्त्र प्रहरी बलको प्रमुखको हैसियतले समयमानै यस्ता महत्वपुर्ण बिषयहरुको सुधार गर्न समयमानै प्रयास गरेको देखिएन।

सशस्त्र प्रमुखले भाद्र २३ गतेमा संघीय संसद भवन अगाडी अन्तिम बल प्रयोग पछि स्थिति क्रमैसंग नियन्त्रणमा आएको जिकिर लिनु भएको छ। तर त्यस दिनको CCTV फुटेज हेर्दा गोली प्रहार पछि स्थिति झन तनावपूर्ण भएको देखिन्छ। यसबाट निजको भनाई यथार्थपरक देखिंदैन।

हतियारबाट गोली प्रहार गर्ने प्रहरी अधिकृत वा जवानबाट प्रयोग हुने हतियार र गोली गठ्ठाको व्यक्तिगत अभिलेखीकरणको ब्यवस्था अनिवार्य रुपमा हुन्छ। यसबाट गोली प्रहार गर्ने सुरक्षाकर्मीको पहिचान गरी थप अनुसन्धान गर्न सहयोग मिल्छ। भाद्र २३ र २४ गते गोली गठ्ठा खर्च गर्ने प्रहरी अधिकृत तथा जवानहरुमध्ये नियमित प्रयोग हुने हतियार र गोली गठ्ठाको व्यक्तिगत अभिलेख विवरण आयोग समक्ष बयान गर्दा पछि पेश गर्नेछु भनी भनेको तर पटक पटक ताकेता गर्दा पनि उपलब्ध नगरेको हुँदा गोली खर्च गर्ने सशस्त्र प्रहरी अधिकृत तथा जवानहरुको यकिन पहिचान हुन नसकेको र यस्तो संवेदनशील विषयमा अभिलेख दुरुस्त नहुनु र उपलब्ध नगराउनु भनेको सशस्त्र प्रहरी बलको संगठन प्रमुखको गैह्रजिम्मेवारी र लापरवाहीपूर्ण कार्य हो।

चाँदामारीमा उत्कृष्ठ ठहरिएका सुरक्षाकर्मीलाई मात्र हतियार सहितको ड्यूटी खटाउने प्रावधान सशस्त्र प्रहरी बलमा नभएको भनी हतियार प्रयोग गर्ने जस्तो संवेदनशील विषयमा संगठन नेतृत्व गम्भीर नभएको देखिन्छ।

भाद्र २३ र २४ गतेको घटनाहरुका सम्बन्धमा सशस्त्र प्रहरी भित्रको सूचना संकलन इकाई (Information Collection Unit) लाई आवश्यक जानकारी नहुनुले यसको प्रभावकारी परिचालनमा सशस्त्र प्रहरी प्रमुख चुकेको देखिन्छ।

भाद्र २३ र २४ गतेको उपत्यका लगायत देश भरिको सशस्त्र प्रहरी सूचना आदान प्रदान हुने संचारको Voice Log तथ्य पता लगाउने एउटा बलियो आधार हो ।सोही कारण आयोगबाट Voice Log पटक पटक मांग

गर्दा सशस्त्र प्रहरी बल नेपालले उपलब्ध गराएन। Voice Log उपलब्ध गराउँदा आफु विरुद्ध प्रमाण लाग्ने भयले उपलब्ध नगराएको हुन सक्छ। Voice log उपलब्ध नगराई सशस्त्र प्रहरी बलको प्रमुखले जाँचबुझ आयोगलाई सहयोग गरेको देखिएन।

भाद्र २३ गते करिब १२:०० दिउँसोको समयमा सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चार घण्टा सम्म चलेको झडपमा सशस्त्र प्रहरी बल नेपालको संगठन प्रमुखको नाताले निजले सुरक्षा निकाय बिच समन्वय गरी जोखिम न्यूनीकरण (Harm Minimize) गोली प्रहार रोक्न सिज फायर (Cease Fire) लगायत आफ्नो मातहत र अन्य सुरक्षा निकाय बिच समन्वय गरेको भए हताहतको संख्या कम हुन सक्थ्यो। सशस्त्र प्रहरी बल नेपालको प्रमुखको महत्वपुर्ण जिम्मेवारी सम्हालेका व्यक्तिबाट समयमानै जोखिम न्यूनीकरण गर्न आवश्यक पहल गरेको देखिएन।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने सशस्त्र प्रहरी बलका हातहतियार आफ्नो कार्यालयबाट भाद्र २४ गते प्रदर्शनकारीहरुले लुटेर लगेको हुँदा समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगठ्ठा र असवावहरु सुरक्षित स्थानमा राख्ने प्रयास किन गरिएन? हातहतियार, गोलीगठ्ठा जस्ता अति संवेदनशील सामाग्रीहरु समयमानै सुरक्षित स्थानमा लगी सुरक्षित गर्न सक्ने अवस्था थिएन भने तिनलाई तत्कालै निस्कृय/नष्ट गरी लुटेराहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो तर सो कार्य गरेको देखिएन।

हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्था भए किन नष्ट गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न सशस्त्र प्रहरी र तीनका निकटस्थ कमाण्डरहरुको के-कस्तो भूमिका रह्यो भन्ने सम्बन्धमा बिश्लेषण गरी सशस्त्र प्रहरी ऐन,२०५८ को दफा २८ बमोजिम बिशेष अदालत गठन गरी अनुसन्धान एवं कारवाही हुनुपर्नेमा सो गरिएको भए सो को जानकारी आयोग समक्षको बयानमा उल्लेख नगरेको र कुनै किसिमको लिखित जानकारी आयोगलाई नगराईएको बिषय सशस्त्र प्रहरी बलको प्रमुखको सो कार्य लापरवाही एवं गैह्रवयसायिक देखिन आयो।

## तत्कालीन राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा

गुप्तचर संस्था राज्यको निकै महत्वपूर्ण अंग हो। राष्ट्रिय सुरक्षाका लागि आसन्न सुरक्षा खतराहरु पहिचान गर्न, विश्लेषण गरी तीनको समयमानै समाधानका लागि रणनीति तयार गरी राज्यका अन्य सुरक्षा संयन्त्रहरुलाई सम्प्रेषित गरी राष्ट्रको सार्वभौमिकता,अखण्डतालाई रक्षा गर्न प्रमुख भूमिका खेल्ने एउटा महत्वपूर्ण संस्था हो। यस्तो राज्यको संवेदनशिल इकाई (Agency) ले जटील जानकारी सरकार सम्बद्ध निकाय समक्ष समयमै पुऱ्याई देशमा स्थिरता सुनिश्चित गर्न मेरुदण्डको रुपमा कार्य गर्छन। खासगरी गुप्तचर निकायले सम्भावित खतरा र अवसरहरुको बारेमा चेतावनी दिने, प्रस्तावित नीति विकल्पहरुको सम्भावित परिणामहरुको मुल्याङ्कन गर्ने, विदेशी अधिकारी/निकायहरुको गुप्तचरी कार्यमा निगरानी गर्ने र सुरक्षा खतराहरुको बारेमा जानकारी दिने प्रमुख जिम्मेवारी हो।

भाद्र २३ गतेको घटनामा ३ हजार देखि ५ हजारसम्म प्रदर्शनकारीहरु जम्मा हुने नेपालको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभागको आंकलनका भरमा सबै सुरक्षा निकायहरुले आवश्यक सुरक्षा योजना तयार गरी कार्यान्वयन गरेको भनी काठमाडौंका प्रमुख जिल्ला अधिकारी र प्रहरी अधिकारीहरुले आयोग समक्षको बयानमा उल्लेख गरेका छन। प्राप्त सूचना (information) र वास्तविक बिच ठूलो अन्तर हुनुमा राष्ट्रिय अनुसन्धान विभागको ठूलो व्यवसायिक कमजोरी भएको कुरामा कुनै बिबाद छैन। राष्ट्रिय अनुसन्धान विभागका तत्कालिन प्रमुखले विभागसंग सूचना संकलन (information collect) गर्ने आन्तरिक संयन्त्रहरुको सिमितता वारे उल्लेख गरेका छन । उनको भनाइमा प्रदर्शन हुनु पूर्व र प्रदर्शन पछि ऐक्यबध्यता जनाउने विभिन्न व्यक्ति, समूहहरुको सामाजिक सञ्जालका गतिविधिहरुका अलावा बिरोधमा रहेका विभिन्न पक्ष र समूहको भेला, बैठक, अन्तरक्रियाको मनिटरिङ्ग गरिएको थियो। तर डिजिटल असन्तुष्टिका संकेतहरु ट्र्याक गर्ने प्रविधि, उपकरण तथा दक्ष कर्मचारीहरुका साथै कानूनी अड्चनका कारण ट्र्याकिङ गर्न नसकिएको विभागमा साइबर टेक्नोलोजी स्थापना गर्न पटक पटक सरकार संग अनुरोध गरिएको भएतापनि बजेट अभावमा स्थापना गर्न नसकिएको भन्ने भनाई तत्कालीन रा.अ.बि.प्रमुख थापाको रहेको छ।

भाद्र २३ गतेको प्रदर्शन अघि जेनजी मुभमेन्टमा संलग्न हुनेहरुले प्रयोग गर्ने विभिन्न सामाजिक सञ्जालको विषयमा विभागका प्रमुखलाई सामान्य जानकारी मात्र रहेको बताएर राज्यको एउटा संबेदनसिल गुप्तचर संस्थाका प्रमुख आफ्नो व्यवसायिक धर्मबाट पन्छिन खोजेको देखिन्छ। तर सामाजिक सञ्जालमा प्रयोग हुने विभिन्न डिजिटल प्लेटफर्महरु र त्यसमा पनि एउटै प्रकारको प्लेटफर्म धेरै ग्रुपले प्रयोग गरी फरक-फरक information share गरिराखेको अवस्थाको बारेमा विभागलाई जानकारी भएन भन्नु उनले आफ्नो पदीय

दायित्व पूर्णरुपमा निर्वाह गरेको पाईएन। सरकारले प्रतिबन्ध नगरेको Tiktok, X, you tube जस्ता open source वा अन्य प्लेटफर्ममा उपलब्ध सामाग्रीहरुलाई समेत सामान्य अनुगमन समेत गरेको देखिएन। भाद्र २३ गते राती तत्कालीन सरकारले सुरक्षा निकायहरुसंग कुनै राय परामर्श नगरी जेन्जी प्रदर्शनकारीहरुको मांग सम्बोधन गर्ने भनी सामाजिक सञ्जाल माथिको प्रतिबन्ध हटाएको कारणबाट सुरक्षा जोखिम बढ्न सक्ने भनि प्रतिबन्ध फुकुवा अगावै यसले पार्न सक्ने सुरक्षा चुनौती वारे ठोस प्रमाणहरु सहित नेपाल सरकारलाई राज्य र आम नागरिकहरुको सुरक्षाको खातिर जानकारी सहित बिश्वास दिलाई प्रतिबन्ध कायमै राख्नु पर्ने कार्यको नेतृत्वदायी भूमिका निर्वाह नगरी सरकारको निर्णयलाई चुपचाप शिरोधार्य गरी राष्ट्रलाई अपुरणीय क्षति पुर्याएको देखिन आयो।

काठमाडौं उपत्यका बाहिर कार्यरत रहेका राष्ट्रिय अनुसन्धान बिभागका अधिकृतहरुसंग सामाजिक सञ्जालहरुमा सरकार प्रतिको असन्तुष्टिका विषयमा सामान्य जानकारी रहेको तर बिस्तृत जानकारी नभएको भनी आयोगका पदाधिकारीलाई स्थलगत अनुगमन तथा अन्तरक्रियाको क्रममा जानकारी भयो। जिल्लाका गुप्तचर अधिकृतहरुमा उचित प्रशिक्षण र मनोबलको अभाव देखियो जसलाई संगठन प्रमुखको नाताले समयमानै सम्बोधन गरी आफ्ना मातहतका संयन्त्रहरुलाई चुस्त दुरुस्त राख्न नसकेको उनको कमजोरी देखियो।

राष्ट्रिय अनुसन्धान विभाग जस्तो महत्वपूर्ण अंगको रुपमा रहेको निकायबाट भाद्र २३ र २४ गतेको घटनाको बारेमा सही ढंगबाट सूचना (information) संकलित नभई राज्यका अन्य अंगहरुले परिस्थितिको सही आंकलन गर्न नसक्दा देशले ठूलो जनधनको क्षति/हानी ब्यहोर्नु पर्‍यो। विभागको प्रमुखको हैसियतले राष्ट्रिय अनुसन्धान विभागका तत्कालिन प्रमुखले आफ्नो जिम्मेवारी पूर्ण रुपमा बहन गरेको देखिएन।

**तत्कालिन प्रहरी महानिरीक्षक चन्द्र कुवेर खापुङ्ग**

नेपाल प्रहरी प्रमुख प्रहरी संगठनको command structure मा सबैभन्दा माथिल्लो तहको अधिकृत (Officer) भएकोले प्रहरी संगठनलाई प्रभावकारी र जनता माझ विश्वसनीय बनाई राख्नु पर्ने निजको दायित्व हुन्छ। त्यस अतिरिक्त आफ्नो मातहत प्रहरी इकाईहरुलाई चाहिने Logistic Support पनि उपलब्ध गराउन भगीरथ प्रयत्न गर्नु पर्ने हुन्छ। नागरिकहरुसंग प्रत्यक्ष सम्पर्कमा रहने नेपाल प्रहरी संगठनका तत्कालीन प्रमुखले प्रभावकारी सुरक्षा ब्यवस्थाका लागि संगठन भित्र र अन्य सुरक्षा निकाय (intra-organizational and inter-organizational) संग आवश्यकता अनुसार समन्वय (Coordination) गर्नु पर्ने दायित्व पनि संगठन प्रमुखकै रहन्छ।

भाद्र २३ गते प्रदर्शनकारीहरुले निषेधित क्षेत्र तोडी संघीय संसद भवन परिसरमा आईपुगेको केही समय पछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले कर्फ्यू आदेश जारी गरी सके पश्चात दिउँसो १२:४० बजेको समयमा तत्कालीन प्रहरी प्रमुख आफैंले "कर्फ्यू लागि सकेकोले आदेश माग गरी राख्नु नपर्ने आवश्यक बल प्रयोग गर्ने" प्रहरी संचार सेटबाट डिउटीमा खटिएका प्रहरीहरुलाई निर्देशन दिएको नेपाल प्रहरी प्रधान कार्यालयबाट प्राप्त हुन आएको Time Line बाट पुष्टी हुन्छ। एकातर्फ कर्फ्यूको आदेश जारी भै सकेपछि त्यस्को आफ्नै प्रकृया र विधि हुन्छ त्यसमा प्रहरी प्रमुखको भूमिका रहदैन भन्ने कुरा आयोग समक्ष गरेको बयानमा उल्लेख गरेका छन र अर्को तर्फ "कर्फ्यू लागि सकेकोले आदेश माग गरी राख्नु नपर्ने आवश्यक बल प्रयोग गर्ने" भनी प्रहरी संचार सेटबाट डिउटीमा खटिएका प्रहरीलाई निर्देशन दिईएको कुराले उनले आवश्यक परे अन्तिम बल प्रयोग गर्न प्रहरी अधिकृतहरुलाई संकेत गरेको देखिन्छ। जुन कुरा जिल्ला प्रहरी परिसर काठमाडौंका तत्कालीन प्रमुख हाल प्र.ना.म.नि.विश्व अधिकारीको भनाई समेतले पुष्टी गर्दछ।

भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर घटेका घटनामा सुरक्षा निकायबाट भएको अत्यधिक बल प्रयोगबाट १७ जना प्रदर्शनकारीहरुको त्यही दिन र १२ जनाको केही दिन पछि ज्यान गएको र सयौंको संख्यामा प्रहरी र प्रदर्शनकारीहरु घाइते हुन पुगेको यथार्थ हो। यो घटना घटनुको विभिन्न कारणहरु मध्ये प्रहरीलाई भीड नियन्त्रण प्रशिक्षण प्रभावकारी नभएको, बिगत धेरै बर्ष देखि भीड नियन्त्रणमा प्रहरीले गर्ने गोली प्रहारमा घरमा बसेको,सडकमा हिडिरहेको पैदल यात्री जस्ता निहत्था नागरिकहरुलाई गोली लागि मृत्यु/घाइते भएको बिभिन्न घटना र यसबाट मानवअधिकारको हनन भई बिश्व जगतमा नेपालको छबिमा प्रतिकुल असर पर्न गएको घटनाहरुबाट पाठ सिकेको देखिएन। चाँदमारीमा उत्कृष्टहरुलाई मात्र प्रदर्शनमा हातहतियार प्रयोग गर्न दिनु पर्ने नीति बनाउनु पर्ने र त्यसका लागि प्रहरी प्रमुखले initiative लिनुपर्नेमा सो वारे केही पहल नगरेको देखिन्छ। भीड नियन्त्रणमा आवश्यक पर्ने अत्याधुनिक गैह्र घातक सामाग्रीहरु (Pepper spray, Baton launcher, slippery foam, Sticky foam, Immobilizing foam, Taser, sponge round) निकासा गराउन प्रभावकारी पहल गरेको देखिएन। भाद्र २३ गते भीड नियन्त्रणमा गैह्र घातक सामाग्रीहरुको संख्यामा प्रशस्तै कमी,उपलब्ध गैह्र घातक सामाग्रीहरु पनि प्रभावकारी नभएकोले प्रहरीले छिट्टै घातक हतियार प्रयोग गरेको देखिन्छ। गैह्र घातक हतियार र सामाग्रीहरुको समयमा नै उचित भण्डारण (Stock) मा समेत प्रहरी प्रमुखले ध्यान दिएको देखिएन।

प्रहरी प्रमुखले गैह्र घातक सामाग्रीहरुको आपुर्तिमा समयमा ध्यान नपुऱ्याउँदा भाद्र २३ गते संघीय संसद परिसरमा खटिएका प्रहरी अधिकृत तथा जवानहरुले घातक (Lethal Weapon) प्रयोग गर्न बाध्य भई अधिकांश निहत्था विद्यार्थी तथा युवा प्रदर्शकारीहरुको हताहत र घाइतेहरुको संख्या बढ्न गयो। फिल्डमा

खटिएका कमाण्डरहरुबाट संघीय संसद भवन परिसर भित्र र बाहिर भइरहेका प्रदर्शनको बारेमा प्रहरी संचार र मोबाईल लगायतका माध्यमहरुबाट प्रहरी प्रमुखले जानकारी पाईरहेका हुन्छन। घटना बारे बिस्तृत अवगत भएका तत्कालीन प्रहरी प्रमुखले प्रदर्शनकारीहरु माथि सकभर न्यून्तम बल प्रयोग गर्नु र आवश्यक परे अन्तिम बल प्रयोग गर्न निर्देशन दिइरहेको भनी प्रहरी अधिकृतहरुले आयोग समक्ष बयान दिएका छन। प्रदर्शनको संबेदनशिल घडीमा अन्य सुरक्षा निकायहरुसंग आवश्यक समन्वय गरी संघीय संसद भवन परिसरमा बिग्रिदो शान्ति सुरक्षाको स्थिति सुधार गर्ने तर्फ कुनै ठोस पहल गरेको देखिएन। करिब चार घण्टा सम्म प्रदर्शनकारी र प्रहरी बिच भएको तनावपूर्ण परिस्थितीलाई नियन्त्रण गर्न प्रहरी प्रमुखले सक्रिय भूमिका खेलेको देखिदैन।

भाद्र २३ र २४ गतेको घटनाका सम्बन्धमा नेपाल प्रहरी भित्रको सूचना संयन्त्रलाई केही जानकारी नहुनुले पनि यसको प्रभावकारी परिचालनमा नेपाल प्रहरीका तत्कालीन प्रमुख चुकेको देखिन्छ। प्रहरी प्रमुखले आफ्नो वयानमा उक्त दिनको प्रदर्शन आक्रामक हुन सक्ने विश्लेषण थिएन भनेका छन् तर X/Discord/TikTok जस्ता सञ्जाल खुला थिए जसबाट प्रदर्शनका बारे प्रशस्त जानकारी प्राप्त गर्न सकिन्थ्यो निज प्र.म.नि.ले सो प्रदर्शन बारे आफ्ना मातहतका सूचना संयन्त्रलाई परिचालन गरी निगरानी राख्न लगाई भाद्र २३ गतेको घटना सम्बन्धमा उचित सुरक्षा कदम चालेको देखिन आएन। प्रहरी महानिरिक्षक खापुङले Discord सम्बन्धी आफुलाई जानकारी भएको भनी बयानमा खुलाएको देखिन्छ तर त्यस्तो संबेदनशिल सूचना आफ्ना मातहत प्रहरी प्रमुखहरुलाई समयमा जानकारीनै नगराई मौनबसी प्रभावकारी सुरक्षा योजना बनाउन सम्बन्धित जिल्ला प्रहरी प्रमुखहरुलाई आवश्यक निर्देशन दिएको देखिएन। निजको निस्कृयताले मूलुकले ठूलो धनजनको क्षति व्यहोर्नु पर्यो।

विभिन्न स्थानबाट निषेधित क्षेत्रमा प्रदर्शनकारीहरु प्रवेश किन भयो भनी प्रश्न गरेको सन्दर्भमा तत्कालिन प्रहरी प्रमुखले पूर्व आंकलन र तयारीमा जिल्ला सुरक्षा समितिको केही कमजोरी देखिन्छ र यो नेपाल प्रहरीको मात्र जिम्मेवारी नरहेको भन्ने अभिव्यक्ति दिएका छन् । यो भनाईबाट उनी प्रहरी प्रमुखको जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ।

संघीय संसद भवन परिसर अगाडी आक्रामक प्रदर्शनकारीहरुसंग प्रहरीले सामना गरी रहनु पर्दा प्रहरीबाट भएको बल प्रयोग भने प्रदर्शनकारीले सुरक्षाकर्मी तर्फ प्रयोग गरेको ढुङ्गा,छड,लाठी र सिसाका बोतलको तुलनामा प्रहरीको बल प्रयोग अनुपातिक (Proportionate) थिएन। सुरक्षाकर्मीबाट प्रयोग भएको अन्तिम बल अपराध गर्ने व्यक्ति वा समूह प्रति लक्षित हुनुपर्नेमा (targeted) भएन र जथाभावी (Indiscriminate) थियो

भन्ने पिडित र प्रत्यक्षदर्शीले आयोग समक्ष दिएको वयान कागजमा उल्लेख छ ।

आयोगले भाद्र २३ गते Field मा खटिएका कर्मचारीको नामावली नेपाल प्रहरी प्रधान कार्यालय नक्सलाबाट लिखित रुपमा माग्दा सो को जवाफ २२ दिन पछि मात्र पठाएको कारण आयोगको कार्य सम्पादनमा बाँधा पुग्न गएको थियो । त्यस्तै भाद्र २३ र २४ गतेको घटनामा के कति हातहतियार,गोलीगठ्ठा को कसले के कति संख्यामा बुझी के कति खर्च गरी प्रहरी कोतगार्डमा फिर्ता गर्यो भन्ने प्रहरी कर्मचारीहरुको नामावली र दर्जा सहितको अभिलेख आगजनीमा जली नष्ट भएको कारण देखाई उपलब्ध गराउन आनाकानी गरी प्रहरी प्रधान कार्यालयले पठाउँछ भनी बहाना बनाई आयोगमा दिएको बयानमा समेत नखुलाई तत्कालिन प्रहरी प्रमुखले आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ । यस्तो अभिलेखले गोली प्रहार गर्ने सुरक्षाकर्मीहरुको सहजै पहिचान हुने र थप अनुसन्धान कार्य गर्न सहयोग हुने हुन्छ । हातहतियार,गोलीगठ्ठाको अभिलेखीकरण नहुनु लापरवाही हो जसको भागीदार प्रहरी नेतृत्व हुन्छ ।

भाद्र २३ गते प्रहरीले गैह्र घातक (non-lethal) हतियारको अपर्याप्तताका कारण घातक हतियार (lethal force) प्रयोग गर्नु परेको बाध्यकारी अवस्थाका सम्बन्धमा तत्कालिन प्रहरी प्रमुखले निजलाई यस्को यकीन जानकारी नभएको भन्ने भनाई रहेको छ । प्रहरी प्रमुख जस्तो महत्वपूर्ण संगठनको जिम्मेवारीमा रहेको अधिकारीले संगठनलाई चाहिने आवश्यक सामाग्री उपलब्ध गराउन गृहमन्त्री/प्रधानमन्त्री सँग आवश्यक पहल गर्नु पर्ने हुन्छ । प्रहरी प्रमुखले यस विषयमा पहल गरी समयमा नै उपलब्ध गराउन सकेको देखिएन ।

नेपाल प्रहरीले भीड नियन्त्रण लगायत अन्य सुरक्षा कार्यहरुमा हतियारको प्रयोग गर्दा कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई mock drill सहितको Scenario based तालिम दिइनु पर्दछ । ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत जवान/अधिकृतहरु समेत confusion मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप गर्ने कार्य हुन सक्छ । ROE ले बल प्रयोगको आवश्यकता (necessity), अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपाय (last resort) का रुपमा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ । जसबाट अनावश्यक रुपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि प्रहरीलाई बचाउन मद्दत गर्छ । यति महत्वपूर्ण विषयमा प्रहरी प्रमुखले ROE को व्यवस्था नेपाल प्रहरीमा लागु गर्न स्पष्ट निर्देशन दिनुपर्नेमा सो नदिई भाद्र २३ गतेको घटनामा जथाभावी (disproportionate) रुपमा बल प्रयोग भई हताहतको संख्या बढेको देखिन्छ ।

प्रहरी विशेष कार्यदल STF (Special Task Force) नेपाल प्रहरी मातहतको संगठन हो। जसलाई संघीय संसद भवन सुरक्षित राख्ने जिम्मेवारी दिईएको थियो। STF नेपाल प्रहरीको अभिन्न अंग हो त्यसलाई के-कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा स्पष्ट Rules Of Engagement (ROE) हुनुपर्ने थियो सो नबनाई संघीय संसद भवनमा खटाउदा STF लाई बल प्रयोग बारे निश्चित निर्देशन भएन र STF लगायत त्याँहा खटिएका नेपाल प्रहरीका हतियार बोक्ने अन्य सुरक्षाकर्मीहरु द्विविधामा परि आवश्यकता भन्दा बढी बल प्रयोग हुन गएको देखिन्छ।

भाद्र २३ गतेको घटनामा करिब ४ घण्टासम्म प्रदर्शनकारी र प्रहरीबीच मुठभेडमा अन्तिम बलको प्रयोग भएको पनि देखिन्छ। यसरी "चार घण्टा" सम्म बलको प्रयोग भईरहँदा त्यसलाई बार्ता लगायत अन्य बैकल्पिक उपायहरुको प्रयोग गरी तनाव कम गर्न तत्काल गोली प्रहार रोकी सिज फायर (Cease fire) गराउने प्रयास प्रहरी प्रमुखबाट भएको पाइदैन। भाद्र २३ गते संघीय संसद भवन वरपर अन्तिम बल प्रयोग को कसले कहाँबाट कति बजेको समयमा शुरु भयो भन्ने एकिन तथ्याङ्क संगठन प्रमुखसँग नहुनु पनि निजको कमजोरी हो।

कर्फयू लागि सकेपछि बल प्रयोग गर्न आदेश कुर्नु पर्दैन भनी प्रहरीको रेडियो संचार सेटबाट आदेश दिने तत्कालीन प्रहरी प्रमुखले संघीय संसद भवन अगाडी प्रहरी र प्रदर्शनकारी बिच चलेको मुडभेडमा ठूलो संख्यामा प्रदर्शनकारीहरु हताहत र घाइते हुँदा बल प्रयोग गर्न आदेश दिने व्यक्तिले अन्तिम बलको प्रयोग रोकी बार्ता लगायतका तनाव कम गर्ने अन्य बैकल्पिक उपायहरु अपनाई स्थितीलाई नियन्त्रण गरी थप हताहत र घाइते हुन गर्न नदिन कुनै कदम चालेको देखिएन।

तत्कालीन प्रहरी माहनिरीक्षकले स्थितीलाई नियन्त्रणमा लिई शान्ति सुरक्षा कायम राख्न माथिल्लो निकायमा जाहेर गरी सल्लाह/परामर्श गरेको देखिन आएन वा गृहमन्त्री/प्रधानमन्त्री बाट कुनै किसिमको निर्देशन प्राप्त भएको भनी आयोग समक्ष दिएको वयानमा खुलाएनन।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियार भाद्र २४ गते घटित घटनाका क्रममा लुटिन गई प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था रहेको छ। यहाँ स्वभाविक प्रश्न उठ्छ किन समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगठ्ठा र असवावहरु सुरक्षित राख्ने प्रयास गरिएन। हातहतियार, गोलीगठ्ठा जस्ता अति संवेदनशील सामाग्रीहरु यदि प्रहरीबाट अन्य ठाउँ लगी सुरक्षित गर्न सक्ने अवस्था थिएन भने तिनलाई तत्कालै नष्ट (Destroy) निस्प्रभावी (Disable) गरी लुटेराहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो। सो कार्य गरेको देखिएन। हातहतियार

लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट/निस्प्रभावी गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न प्रहरी र तीनका निकटस्थ कमाण्डरहरुको के भूमिका रह्यो भन्ने सम्बन्धमा विश्लेषण गरी प्रहरी ऐन,२०१२ को दफा ३६ बमोजिम बिशेष अदालत गठन गरी अनुसन्धान एवं कारवाही हुनुपर्नेमा सो गरिएको कुरा निजले आयोग समक्षको बयानमा खुलाएको पाईएन। हातहतियार, गोलीगठ्ठा प्रदर्शनकारीहरुले लुटी लगेको सुरक्षा संबेदनसिलताको बिषयलाई हल्का रुपमा लिई लापरवाही गरेको स्पष्ट देखिन्छ।

भाद्र २४ गते प्रहरीहरु प्रायःजसो फिल्डमा थिए, कार्यालयमा अशक्त, सुत्केरी महिला,केही सेन्ट्री र अपराध अनुसन्धानमा काम गर्ने सादा पोशाकका प्रहरी कर्मचारीहरु मात्र थिए। सो दिन हिंसात्मक आक्रमणको क्रममा केही प्रहरी कार्यालयमा आगजनी भई हिरासतमा रहेका थुनुवाहरुको ज्यान तत्काल खतरामा परेको अवस्थामा तिनको अभिलेख राखी खोजेको बखत उपस्थित हुने सर्तमा थुनुवा छोड्ने निर्देशन सीमित र विशेष अवस्थामा मात्र गर्ने भनी आफुसंगै नेपाली सेनाको मुख्यालय भद्रकालीमा संगै रहेका तत्कालीन प्र.म.नि.चन्द्र कुबेर खापुङ्गको निर्देशन बमोजिम Victor control लाई मातहत सबै station लाई रिले गर्न भनिएको भनी तत्कालीन काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षक कार्कीको भनाई रहेको छ।

तर यथार्थमा Blanket रुपमा आदेश प्रवाह गरेका कारणबाट धेरै प्रहरी कर्मचारीहरुको मनोबल गिरी प्रहरी वृत, प्रभाग, चौकी, बिट छोडी गएको देखिन्छ। प्रहरीको मनोबल नखस्किने गरी आफ्नो कार्यालयमा बसी प्रतिकार गर्दा प्रहरी माथि आक्रमण हुने र हतियार लुटन सक्ने सम्भावना देखिएमा मात्र लगत राखी थुनुवाहरुलाई हाजिर जमानीमा छोडी आक्रमणकारीहरुसंग प्रतिकार गर्ने र प्रतिकार गर्दा गर्दै थप मद्दत आउन नसक्ने अवस्था नभएमा र आफुसंग भएको गोलीगठ्ठा पनि सकिदै जाने परिस्थिती सृजना भएमा मात्र आफु र हतियार सुरक्षित हुने गरी Tactical Withdrawal गर्ने भन्ने तत्कालीन प्र.म.नि.खापुङ्गले मातहत प्रहरी इकाईहरुलाई स्पष्ट आदेश दिनु पर्नेमा सो गरेको देखिएन। जसका कारणले मूलुकले ठूलो धनजनको क्षति ब्यहोर्नु पर्यो र भाद्र २४ गते नेपाली सेना परिचालन नहुन्जेल सम्म डर त्रासमा बिताउनु पर्यो र उपत्यकामा ३ जना प्रहरी कर्मचारीहरुको मृत्य र सयौं संख्यामा घाइते हुन गएको प्रहरीको हातहतियार प्रदर्शनकारीहरुले लुटी लगेको,आगजनी गरेको घटनाको उपज तत्कालीन प्रहरी महानिरीक्षकको आदेश बमोजिम प्रहरीले कम बल प्रयोग गर्न बाध्य भई आत्मसमर्पण गर्नु परेको घटनाको जिम्मेवारी तत्कालीन प्रहरी महानिरीक्षकले लिनु पर्छ।

**<u>तत्कालिन प्रहरी अतिरिक्त महानिरीक्षक हाल प्रहरी महानिरीक्षक दान बहादुर कार्की</u>**

हालका प्रहरी महानिरीक्षक दान बहादुर कार्की भाद्र २३ र २४ गते प्रहरी अतिरिक्त महानिरीक्षक थिए। भाद्र २३ गते उनी नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको मानवश्रोत विकाश विभागको प्रमुखको रुपमा कार्यरत थिए। नेपाल सरकार मन्त्रीपरिषदको निर्णयानुसार निज मानवश्रोत विकाश बिभागवाट काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको प्रमुखको रुपमा सरुवा भई मिति २०८२ साल भाद्र २४ गते विहान ९:०० बजे देखि काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको जिम्मेवारी सम्हालेको देखिन्छ। जिम्मेवारी सम्हालेको केही क्षणमै गृह मन्त्रालयबाट बोलावट भएपछि प्रधानमन्त्री निवास बालुवाटार, सैनिक मुख्यालय लगायत उच्चस्तरीय सुरक्षा बैठकहरुमा सहभागि भई निरन्तर रिपोर्टिङ, समन्वय र निर्देशनको भूमिकामा सकृय रहेको निजको भनाई छ।

भाद्र २४ गते काठमाडौं उपत्यका लगायत देश भरिका विभिन्न स्थानहरुमा सरकारी कार्यालयहरु, प्रहरी कार्यालयहरु, व्यक्तिहरुको निजी निवास तथा व्यापारिक प्रतिष्ठानहरुमा एकैसाथ आक्रमण भएको थियो। उक्त परिस्थितिमा प्रहरी कार्यालय/वृत, पोष्ट, विट बचाउन सक्ने अवस्था नहुँदा प्रहरी इकाईहरुमा हिरासतमा रहेका थुनुवाहरुलाई बचाउन, प्रहरीलाई सुरक्षित राख्न र त्यहाँ भएका हातहतियार पनि सुरक्षित राख्न र प्रहरीले आक्रमणकारी माथि बल प्रयोग गर्दा धेरै ठूलो संख्यामा मानवीय क्षति हुने भएकाले थुनुवा छोड्न र हातहतियार बचाउन तत्कालीन प्रहरी महानिरीक्षकको निर्देशनमा Victor Control को आदेश उपत्यका स्थित सबै प्रहरी कार्यालयहरुलाई रिले गरेको देखिन्छ।

भाद्र २४ गतेको घटनामा काठमाडौं उपत्यकामा रहेका प्रहरी वृत र चौकीमा तैनाथ प्रहरीहरुले दिएको बयानमा Victor Control को आदेशमा प्रहरी पोष्ट छोडेको, थुनुवाहरु छोंडेको र हातहतियार लगि सुरक्षित स्थानतिर गएको भन्ने रहेको छ। उक्त दिनको अवस्था वास्तवमै सामान्य थिएन र त्यस अवस्थामा सुरक्षा उपाय अपनाउन आवश्यक कदम चाल्न जरुरी थियो। आयोग पदाधिकारीको फिल्ड अनुगमन तथा निरीक्षणको क्रममा धेरै प्रहरी इकाईका प्रहरीहरुले हातहतियार बचाउन सफल भएको देखिन्छ। केही प्रहरी इकाईबाट प्रहरीका हातहतियार लुटिएका र केही स्थानमा जलेर नष्ट भएका देखियो।

भाद्र २४ गते प्रहरीहरु प्रायःजसो फिल्डमा थिए, कार्यालयमा अशक्त, सुत्केरी महिला, केही सेन्ट्री र अपराध अनुसन्धानमा काम गर्ने सादा पोशाकका प्रहरी कर्मचारीहरु मात्र थिए । सो दिन हिंसात्मक आक्रमणको क्रममा केही प्रहरी कार्यालयमा आगजनी भई हिरासतमा रहेका थुनुवाहरुको ज्यान तत्काल खतरामा परेको अवस्थामा तिनको अभिलेख राखी खोजेको बखत उपस्थित हुने सर्तमा थुनुवा छोड्ने निर्देशन सीमित र विशेष

अवस्थामा मात्र दिइएको थियो भन्ने तत्कालीन प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षक कार्कीको भनाई रहेको छ तर यथार्थमा Blanket रुपमा आदेश प्रवाह गरेका कारणबाट धैरै प्रहरी कर्मचारीहरुको मनोबल गिरी प्रहरी वृत, प्रभाग, बिट, चौकी छोडी गएको देखिन्छ। सबै प्रहरी इकाईहरुलाई प्रहरीको मनोबल नखस्किने गरी आफ्नो कार्यालय माथि आक्रमण हुने र हतियार लुटन सक्ने सम्भावना देखिएमा सो को लगत राखी थुनुवाहरुलाई हाजिर जमानीमा छोडी आक्रमणकारीहरु संग प्रतिकार गर्ने र प्रतिकार गर्दा गर्दै थप मद्दत आउन नसक्ने अवस्था भएमा र आफुसंग भएको गोलीगठ्ठा पनि सकिदै जाने परिस्थिती सृजना भएमा मात्र आफु र हतियार सुरक्षित हुने गरी Tactical Withdrawal गर्ने भन्ने मातहत प्रहरी इकाईहरुलाई स्पष्ट आदेश दिनु पर्नेमा सो गरेको देखिएन।जसका कारण उपत्यकामा केही घण्टा भित्रै ठूलो संख्यामा आगजनी, तोडफोड, हतियार, गोलीगठ्ठा, धन सम्पति लुटपाट भयो। यसमा आदेश दिने तत्कालीन काठमाडौं उपत्यका प्रहरी कार्यालय प्रमुख प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षकको रणनितीक कमजोरी देखिन्छ।

मूलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियारहरु भाद्र २४ गते घटित घटनाका क्रममा लुटिन गई प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था रहेको थियो। हतियार लुटिनु र जलाईनु सामान्य कुरा होईन। यहाँ स्वभाविक प्रश्न उठ्छ किन समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगठ्ठा र असवावहरु सुरक्षित राख्ने प्रयास गरिएन। हातहतियार, गोलीगठ्ठा जस्ता अति संवेदनशील सामाग्रीहरु यदि प्रहरीबाट अन्य ठाउँ लगी सुरक्षित गर्न सक्ने अवस्था थिएन भने तिनलाई तत्कालै नष्ट/निष्क्रिय गरी लुटेराहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो। सो कार्य गरेको देखिएन।हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न मातहत प्रहरी कर्मचारी र तीनका निकटष्थ कमाण्डरहरुको के भूमिका रह्यो भन्ने सम्बन्धमा आन्तरिक अनुसन्धान र विश्लेषण हुनुपर्नेमा तत्कालीन प्र.अ.म.नि. हाल प्रहरी महानिरीक्षक कार्कीबाट सो गरिएको देखिएन। प्रहरी इकाई खाली गरी सुरक्षित स्थानमा जाने भनी तत्कालीन प्रहरी महानिरीक्षले आदेश निर्देशन दिएको भएतापनि काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुखका हैसियतले सो आदेशको आंशिक कार्यन्वयन गरी त्यसको प्रभाव हेरेर मात्र उपत्यका प्रहरी कार्यालय रानीपोखरीका मातहत प्रहरी कार्यालयहरुमा आवश्यक्ता अनुसार सो आदेश कार्यन्वयन गर्न निर्देशन दिनु पर्नेमा सो गरेको देखिएन।

भाद्र २३ र २४ गतेको प्रदर्शनको विषम परिस्थितिमा कार्यालय छोडी भागेका, कर्तव्यच्यूत भएका, गैह्रजिम्मेवार अधिकृतहरुलाई केही नहुने तर जिउ-ज्यानका परवाह नगरी काम गर्ने राष्ट्रसेवक प्रहरी कर्मचारीहरुलाई Grill गर्दा सुरक्षाकर्मीहरुमा नकरात्मक प्रभाव पर्ने तर्फ सतर्क हुन जरुरी छ भन्ने प्रहरी

महानिरीक्षक कार्कीको भनाई रहेको छ। यसरी कर्तवयच्यूत हुने प्रहरी कर्मचारीहरुलाई प्रचलित नियम कानून बमोजिम कारवाही गरेको पनि निज प्र.म.नि.ले उल्लेख गरेको देखिदैन। यस्तो अवस्थामा हतियार,गोलीगठ्ठा,असवाव छोडी जाने प्रहरी कर्मचारीहरु माथि प्रहरी ऐन २०१२ को दफा ३६ बमोजिम बिशेष अदालत गठन गरी अनुसन्धान गर्नु पर्नेमा सो आवश्यक नरहेको भनी आयोगमा दिएको वयानमा उल्लेख गरेको देखिन्छ। यसरी हतियार, गोलीगठ्ठा, असवाव छोडी जाने प्रहरी कर्मचारीहरुलाई कारवाही नगरिएबाट प्र.म.नि.कार्की अनुसन्धान गर्न उदासिन रहेको देखिन्छ।

**प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धी विक्रम शाह**

भाद्र २३ गतेको प्रदर्शनका क्रममा माइतीघर मण्डला देखि नयाँ बानेश्वर क्षेत्र सम्मको सुरक्षा अवस्थाका विषयमा आफु बिहानै देखि फिल्डमा गएर प्रत्यक्ष अवलोकन गरेको र कम जनशक्ति रहेको ठाउँमा अतिरिक्त प्रहरी पठाउने व्यवस्था मिलाएको प्र.अ.म.नि. शाहले बताए। काठमाडौंका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी परिसर प्रमुख तथा अन्य बरिष्ठ प्रहरी अधिकृतहरुसंग सम्पर्कमा रहेको भएतापनि धेरै जसो निर्णयहरु प्रत्यक्ष रुपमा प्रहरी महानिरीक्षकबाट सोझै फिल्डमा खटिएकाहरुलाई निर्देशन जाने व्यवस्था थियो। यसका कारण कार्यविभाग प्रमुखको भूमिका अपेक्षाकृत समन्वयमै सीमित रहेको उनको भनाई छ। उनको यो भनाई आफैमा गैह्रव्यवसायिक र नेपाल प्रहरी प्रधान कार्यालय कार्य बिभागको प्रमुख जस्तो बिशिष्ठ श्रेणीका प्रहरी अधिकृतले आफ्नो दर्जागत जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ। सिधै फिल्डमा खटिएका प्रहरी कर्मचारीहरुलाई सिधै सम्पर्क गरी निर्देशन दिने गरिरहेको सम्बन्धमा तत्कालीन प्रहरी महानिरीक्षलाई त्यसो नगरी Chain of command अनुसार आफ्नो भूमिकलाई पनि Minimized नगर्न भनी सुझाव दिएको कतै देखिएन। यसमा निज प्र.अ.म.नि.को कमजोरी देखिन्छ।

भाद्र २४ गतेको सन्दर्भमा गोली नचलाउने आदेश, प्रहरी सुरक्षित हुने, हिरासतमा रहेका थुनुवाहरुको लिस्ट तयार पारी छोड्ने भन्ने तत्कालिन victor-1 को प्रहरी रेडियो संचार सेटमा खबर आएको हो भन्ने प्र.अ.म.नि. शाहको भनाई रहेको छ।

मूलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियारहरु भाद्र २४ गते घटित घटनाका क्रममा लुटिन गई प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था रहेको थियो। हतियार लुटिनु र जलाईनु सामान्य कुरा होईन। यहाँ स्वभाविक प्रश्न उठ्छ किन समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगठ्ठा र असवावहरु सुरक्षित राख्ने प्रयास गरिएन। हातहतियार, गोलीगठ्ठा जस्ता अति संवेदनशील सामाग्रीहरु यदि प्रहरीबाट अन्य ठाउँ लगी सुरक्षित गर्न सक्ने अवस्था

थिएन भने तिनलाई तत्कालै नष्ट/निष्क्रिय गरी लुटेराहरु प्रदर्शनकारीहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो। सो कार्य गरेको देखिएन। हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न मातहत प्रहरी कर्मचारी र तीनका निकटस्थ कमाण्डरहरुको के भूमिका रह्यो भन्ने सम्बन्धमा आन्तरिक अनुसन्धान र विश्लेषण हुनुपर्नेमा नेपाल प्रहरी प्रधान कार्यालय कार्य बिभाग प्रमुखको जिम्मेवारी हुन्छ। तत्कालीन कार्य बिभाग प्रमुख प्र.अ.म.नि. शाहबाट उक्त जिम्मेवारी पुरा गरिएको देखिएन।

प्र.अ.म.नि. शाह भाद्र २३ गते नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग प्रमुख (Operation Chief) जस्तो महत्वपूर्ण जिम्मेवारीमा थिए। त्यस अतिरिक्त प्र.अ.म.नि. शाह संघीय संसद भवन बानेश्वरमा खटिएको विशेष प्रहरी कार्य दल (STF) को पनि Ultimate Commander थिए। STF ले भीड हटाउन बल प्रयोग गरेको त्यहाँ खटिएको कमाण्डरको भनाई रहेको छ। आफनो मातहतको संगठनले बल प्रयोग गर्दा त्यसको जानकारी प्र.अ.म.नि. शाहलाई Chain of command बाट गएको प्रष्ट छ। निजले भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर दिउँसो करिब १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा बल बिच झडप भई करिब ४ घण्टासम्म अत्यधिक बल प्रयोग भई हताहतको संख्या अत्यधिक हुँदा तनाव कम गरी स्थितीलाई नियन्त्रणमा लिन गोली प्रहारलाई रोकी (Cease Fire) गरी मानविय क्षति कम गर्न आवश्यक भूमिका खेलेको देखिएन। निजले प्र.अ.म.नि.ले संघीय संसद भवन परिसरमा भईरहेको प्रहरी र प्रदर्शनकारीहरु बिचको करिब चार घण्टाको मुडभेडको बेलामा तत्कालीन प्रहरी महानिरीक्षलाई कुनै सल्लाह सुझाव पनि दिईएको देखिएन। यो पनि उनको गैह्रव्यवसायिक कृयाकलाप हो।

नेपाल प्रहरी भित्र हातहतियारबाट सुसज्जित संगठन भएकोले हतियार कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम दिइनु अत्यावश्यक छ। ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत अधिकृत/जवानहरु समेत भ्रम (confusion) मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप लगाउने कार्य हुन सक्छ। ROE ले बल प्रयोगको आवश्यकता (necessity), अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपाय (last resort) का रुपमा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ। जसबाट अनावश्यक रुपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि प्रहरी कर्मचारीहरुलाई बचाउन सहयोग गर्छ।

नेपाल प्रहरी प्रधान कार्यालय कार्य बिभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागु गर्न आवश्यक पहल गर्नु पर्नेमा सो नगरेको कारणबाट फिल्डमा खटिने प्रहरी कर्मचारीहरुमा हुनु पर्ने व्यवसायित्त्काको कमीले र स्पष्ट निर्देशनको अभावमा भाद्र २३ गतेको घटनामा जथाभावी (disproportionate) रुपमा बल प्रयोग भई हताहतको संख्या बढेको देखिन्छ। संघीय संसद भवन सुरक्षार्थ खटिएको STF (प्रहरी विशेष कार्य दल) टोलिलाई हतियार प्रयोगबारे स्पष्ट लिखित निर्देशन (ROE)उपलब्ध नगराउनु प्र.अ.म.नि. शाहको कमजोरी देखिन्छ।

व्यवसायिक प्रहरी अधिकृतले आफ्नो जिम्मेवारी राम्ररी बुझेर व्यवसायिक ढङ्गले नै सम्पादन गरिरहेको हुन्छ। पहिलो फाएर कहाँबाट कसले खोल्यो भन्ने सूचना नहुनु र सबै रिपोर्टिङ प्रहरी महानिरिक्षकसँग हुने भएकोले मेरो भुमिका न्यून रहने भनाई प्र.अ.म.नि. शाहको भनाई जिम्मेवारपूर्ण देखिदैन।

भाद्र २४ गते टङ्गाल स्थित भाटभटेनी र नक्सालको हिल्टन होटल जलाई आक्रमणकारीहरु नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आक्रमण गर्न खोज्दा कार्य बिभाग प्रमुख प्र.अ.म.नि.शाहले आक्रमणकारीहरुलाई मुल गेट भित्र प्रवेश गर्न नदिई नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल प्रहरी प्रधान कार्यालय नक्साललाई पूर्ण रुपमा सुरक्षित राख्न सफल भएको हुँदा उनलाई प्रहरी प्रधान कार्यालयले पुरस्कृत गर्नु पर्ने पनि देखिन्छ।

**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल**

भाद्र २३ गते विहान देखि नै उपत्यकामा भीड तिव्रता पूर्वक बढ्दै जाँदा स.प्र.अ.म.नि. पौडेल सशस्त्र प्रहरी प्रधान कार्यालय कार्य विभागको प्रमुखको हैसियतमा व्यवस्थापिकिय समन्वयमा सीमित रहेको उल्लेख गर्छन्। फिल्डमा खटिएका सशस्त्र प्रहरी अधिकृतहरुलाई स्थानीय निकायसंग समन्वय गरी न्यूनतम बल प्रयोग गर्न निर्देशन दिएको उनको जिकिर छ। उनको भनाइमा सशस्त्र प्रहरीबाट १९ राउण्ड हवाई फायर मात्र भएको भन्ने छ। तर पोष्टमार्टम रिपोर्ट र घाइतेहरुले दिएको वयानबाट त्यस घटनामा ठूलो संख्यामा प्रदर्शनकारीहरु हताहत भै सयौं व्यक्ति सुरक्षाकर्मीको गोली लागि घाइते भएको स्पष्ट देखिन्छ। त्सय कारण स.प्र.अ.म.नि. पौडेलको भनाई तथ्यपरक देखिदैन।

स.प्र.अ.म.नि. पौडेल सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको कार्य विभाग प्रमुख (Operation Chief) जस्तो महत्वपूर्ण जिम्मेवारीमा थिए। निज पौडेलले भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा बल बिच झडप भई ४ घण्टासम्म अत्यधिक बल प्रयोग भई

हताहतको संख्या अत्यधिक हुँदा त्यसलाई रोक्न (Damage Control) गर्न आवश्यक भूमिका खेलेको देखिएन। घटनाको तनावलाई कम गरी स्थितीलाई नियन्त्रणमा लिन र गोली प्रहार (Cease fire) रोक्न डिउटीमा खटिएका सशस्त्र प्रहरी बलका अधिकृत जवानहरुलाई कुनै निर्देशन दिएको देखिदैन।

सशस्त्र प्रहरी बल हतियारबाट सुसज्जित संगठन भएकोले हतियार कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम दिइनु र Mock drill अत्यावश्यक छ। ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत जवान/अधिकृतहरु समेत भ्रम(confusion) मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप लगाउने कार्य हुन सक्छ। ROE ले बल प्रयोगको आवश्यकता (necessity),अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपायकारुपमा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ। अनावश्यक रुपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि सशस्त्र प्रहरी कर्मचारीहरुलाई बचाउन सहयोग गर्छ।

यति महत्वपूर्ण सशस्त्र प्रहरी बल प्रधान कार्यालय कार्य बिभागका प्रमुख भई कार्यरत रहेका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक जस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागु गर्न आवश्यक पहल गर्नु पर्नेमा सो नगरेको कारणबाट फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुमा हुनु पर्ने व्यवसायित्ताको कमीले र स्पष्ट निर्देशनको अभावमा भाद्र २३ गतेको घटनामा जथाभावी (disproportionate) रुपमा बल प्रयोग भई हताहत र घाइतेहरुको संख्या बढेको देखिन्छ।

भाद्र २४ गते सशस्त्र प्रहरी बलले नेपाल प्रहरीलाई कुनै सहयोग नगरेको भनी प्रहरी अधिकृतहरुले आयोग समक्ष गरेको बयानबाट पनि निजको Command मा रहेको उपत्यका भित्रको सशस्त्र प्रहरीहरुलाई नेपाल प्रहरीलाई सहयोग र समन्वय गर्न निजले स्पष्ट निर्देशन दिएको देखिएन।

**प्रहरी नायव महानिरीक्षक ओम बहादुर राना**

प्र.ना.म.नि. ओम बहादुर राना भाद्र २३ गते सम्म काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा थिए। भाद्र २३ गते संघीय संसद भवन परिसर नजिक पूर्व कल्पना भन्दा बाहिरको स्थिति श्रृजना भई भीडले ढुङ्गामुडा, लाठी, साबेल, घन जस्ता सामाग्री प्रयोग गर्दै संघीय संसद भवन तर्फ बढी सुरक्षाकर्मीमाथी लगातार प्रहार गर्न थाले। यसैबिच काठमाडौं प्रशासनले जारी गरेको कर्फ्यू आदेश

लाई त्रुटी रहित ढंगले आदेश पालना गर्न आफुले आदेश दिएको भनी प्र.ना.म.नि. ओम बहादुर रानाको भनाई रहेको छ। उनको भनाईलाई पुष्टी गर्दै "आवश्यकता अनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नु" भनी उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुखले भनेको सुनेको भनी काठमाडौंका प्र.जि.अ.ले आफ्नो वयानमा उल्लेख गरेका छन।

भाद्र २३ गते प्र.ना.म.नि. रानाले कर्फ्यू लागि सकेपछि आवश्यक्ता अनुसार बल प्रयोग गर्न निर्देशन दिईएको देखिन्छ। अन्तिम बल (धातुको गोली) प्रयोग कति बजेको समयमा सुरु भई कति जान प्रदर्शनकारीहरु हताहत र घाइते भए भनेर लेखाजोखा नगरेको र "चार घण्टा" सम्म प्रहरी र प्रदर्शनकारी बिच भईरहेको मुडभेड भईरहदा तनाव कम गरी स्थितीलाई नियन्त्रणमा लिन फायर रोकी (Cease fire) घातक बलको प्रयोग भै रहँदा थप हताहत र घाइते हुन नदिन कुनै प्रयास गरेको देखिदैन।

**तत्कालीन जिल्ला प्रहरी परिसर, काठमाडौं प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक हाल प्रहरी नायब महानिरीक्षक विश्व अधिकारी**

भाद्र २२ गते गृह मन्त्रालयमा केन्द्रिय सुरक्षा समितिको बैठकमा काठमाडौंका प्र.जि.अ.,उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्र.ना.म.नि. र प्र.ब.उ.अधिकारी सहभागि थिए। त्यहाँ प्रदर्शनकारी ३००० देखि ५००० सम्म हुने आंकलन भएको र प्रदर्शनमा धेरै जसो युवा पुस्ता सामेल हुने भएकोले तत्कालिन प्र.ब.उ. हाल प्र.ना.म.नि.बाट Heavy deployment नगर्ने र सुरक्षाकर्मी धेरै नदेखाउने तर तोडफोड र ध्वंसात्मक गितिविधि भएमा कानून बमोजिम सिलसिलेवार बल प्रयोग गर्ने भन्ने निर्देशन थियो। भाद्र २३ गते संघीय संसद भवन परिसरको अगाडीको स्थिति निकै तनावपूर्ण रहेकोले सुरक्षा योजना कार्यान्वयन गरिएको भन्ने उनको भनाई रहेको छ। यस्तो अवस्थामा सबै सुरक्षा निकायले आफ्नो तालुक निकाय संगको समन्वय र गृह मन्त्रालयको सहमतिमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कर्फ्यू आदेश जारी गरिएको थियो। अति विषम परिस्थितिमा अन्तिम विकल्पको रुपमा मात्र गोली प्रहार गरिएको थियो भन्ने उनको भनाई रहेको छ। एभरेष्ठ होटल अगाडी रहेको प्रहरी ब्यारीकेटको संख्या कम हुनु त्यहाँ डिउटीमा खटिएका प्रहरीको संख्या पनि प्रदर्शनकारीहरुको अनुपातमा कम र थोरै संख्यामा परिचालन गरी सुरक्षामा ब्यवस्थामा कमजोरी हुन गई ठूलो संख्यामा मानविय क्षति प्रति उनि उत्तरदायी हुनु पर्छ। एभरेष्ट होटल अगाडीको प्रहरी ब्यारीकेटमा पछाडी बसी होहल्ला गर्दै ब्यारीकेट तोडन उस्काउने व्यक्तिहरु,मोटरसाईकलमा सवार TOB र अन्य समूहहरुलाई समयमानै नियन्त्रणमा लिन नसक्नु निजको ठूलो कमजोरी देखिन्छ। संघीय संसद भवन वरपर वानेश्वर क्षेत्रमा रहेका अग्ला भवनहरुको बिहानै बाट Security clearance गर्नु पर्नेमा नगरेको भनी संघीय

संसद भवन सुरक्षा जस्तो अतिसंबेदनसिल बिषयमा काठमाडौं जिल्ला परिसरका कार्यालय प्रमुख जस्तो जिम्मेवारी सम्हालेको प्रहरी अधिकृत गैह्रव्यवसायिक रहेको देखिन्छ

भाद्र २३ गते Petar-1 को आदेश पश्चात दिउसो १२:४६ बजे संचार सेटबाट संघीय संसद भवन परिसरमा खटिएका कमाण्डरहरुलाई निर्देशन बमोजिम काम नगरेकोले तत्काल आवश्यक कामकारवाही गर्न र सशस्त्र प्रहरी बल (APF) लाई माथिबाट आदेश आइसकेकोले समन्वय गरी संयुक्त रुपमा बल प्रयोग गर्ने भनी निज Kilo1 बाट आदेश दिएको देखिन्छ।

निज अधिकारीको बयानमा प्रदर्शनकारीको मृत्यु भएको समाचार सञ्चार सेटबाट करिब २:३० बजे जानकारी पाएको भन्ने उल्लेख गरिएको छ। महत्वपूर्ण स्थानमा बसी भाद्र २३ गतेको आन्दोलनमा खटिएका सुरक्षाकर्मीको संचालन गरिरहेको व्यक्तिले सूचना प्रणाली (information Channel) दुरुस्त राखी तुरुन्त संचार प्रवाह (instant communication) गरी परिस्थितिको मूल्याङ्कन गरी परिस्थिति नियन्त्रणमा लिनुपर्नेमा प्रदर्शनकारीहरुको मृत्यु भएको समाचार ढिला गरी प्राप्त गरेको भन्ने भनाइले यस्मा गम्भीर कमिकमजोरी रहेको देखिन्छ। यस प्रकारका कमिकमजोरीको लागि कमाण्ड सम्हालेको व्यक्तिले जिम्मेवारी लिनु पर्ने हुन्छ।

तत्कालीन प्र.ब.उ. हाल प्र.ना.म.नि. अधिकारीले भाद्र २३ गतेको आन्दोलनलाई contain गर्न तहगत रक्षा (Layered Defense) नरहेको भनेर आफ्नो बयानमा उल्लेख गरेका छन्। कुनै पनि प्रदर्शन हुँदा सम्भावित जोखिमलाई दृष्टिगत गरी Layered Defense हुनुपर्ने आवश्यक प्रकृया हो। त्यस दिन Layered Defense नै नभएको भन्ने भनाई गैह्र जिम्मेवारपूर्ण देखिन्छ।

भाद्र २३ गतेका दिन TOB को गतिविधिको बारेमा शुरुदेखि नै अनुगमन (Monitor) गरी उनीहरुको Movement कसरी भइरहेको छ भनेर निगरानी गरी सम्भावित जोखिम न्यून गर्न सकिन्थ्यो। त्यस प्रति कुनै अग्रसरता लिएको देखिदैन।

जिल्लाको आफ्नो सूचना संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न नसक्नु पनि उनको कमजोरी रहेको देखिन्छ।

प्र.ना.म.नि. अधिकारी भाद्र २३ गते काठमाडौं जिल्लाको नेतृत्व तहमा थिए। भाद्र २३ गते बल प्रयोगको सम्बन्धमा Peter-1 (तत्कालीन प्रहरी महानिरीक्ष) को हवाला दिदैं कर्फ्यू लागिसकेको अवस्थामा फेरी आदेश मागि रहनु नपर्ने भएकोले संघीय संसद भवन अगाडीको स्थिति नियन्त्रण गर्न बल प्रयोग गर्ने भन्ने V2

(Metro Chief) को आदेश रहेको भन्ने विभिन्न प्रहरी अधिकृतहरुको बयानबाट खुल्न आएको छ। भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा कर्मीहरु बिच झडप भई करिब चार घण्टासम्म गोली चली हताहतको संख्या अत्यधिक हुँदा सिज फायर (Cease Fire) गरी वार्ता सहित त्यसलाई रोक्न (Damage Control) आवश्यक भूमिका खेलेको देखिएन।

उक्त घटना रोकी निजले समयमै परिस्थिती नियन्त्रणमा लिई मानविय क्षति न्यूनीकरणका लागि काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुखलाई आवश्यक सुझाव दिनुपर्नेमा सो नगरी सुरक्षा स्थिति बारे जानकारी हुँदा पनि जिल्ला प्रहरी परिसर काठमाडौंको प्रमुख जस्तो जिम्मेवार व्यक्तिबाट समयमानै आवश्यक पहल नगरी कर्तव्यबाट बमुख भएको देखिन्छ।

भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर हवाइ फाएर मात्र गरिएको भन्ने निज प्र.ना.म.नि अधिकारीको जिकिर यथार्थपरक देखिदैन। त्यस दिनको संघीय संसद भवन भित्र बाहिर रहेका प्रहरीहरुलाई प्रभावकारी ढङ्गले परिचालन गर्न नसकेको स्पष्ट देखिन्छ।

भाद्र २४ गते मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियार प्रदर्शनकारीहरुले लुटी प्रहरीको नियन्त्रणबाट बाहिरिएको थियो। समयमै परिस्थितिको मूल्याङ्कन गरी काठमाडौं उपत्यका प्रहरी कार्यालय र मातहत प्रहरी कार्यालयहरुमा रहेका हातहतियार, गोलीगठ्ठा, सवारी साधन, संचार सेट र असवावहरु सुरक्षित राख्न समयमानै प्रयास गरेको देखिएन। हातहतियार, गोलीगठ्ठा जस्ता अति संवेदनशील सामग्रीहरु अन्यत्र स्थानमा लगि सुरक्षित गर्न सक्ने अवस्था थिएन भने तिनलाई तत्कालै नष्ट/निष्क्रिय गरी लुटेराहरु प्रदर्शनकारीहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो। उक्त समयमा निज प्र.ना.म.नि. उपत्यका प्रहरी कार्यालय परिसर भित्रै रहँदा पनि हातहतियार, गोलीगठ्ठा, सवारी साधन, संचार सेट, असवावका समानहरु लुटिन र आगजनी हुन नदिन समयमानै निर्णय नगरी हातहतियार समेत लुटाएको देखिन्छ। हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न आफु कार्यरत उपत्यका प्रहरी कार्यालय मातहत प्रहरी र तीनका निकटष्थ कमाण्डरहरुको के भूमिका रह्यो भन्ने सम्बन्धमा विश्लेषण गरी प्रहरी ऐन,२०१२ को दफा ३६ बमोजिम बिशेष अदालत गठन गरी अनुसन्धान एवं कारवाही हुनुपर्नेमा प्र.ना.म.नि.रानाबाट सो गरिएको देखिएन।

प्रहरी विशेष कार्यदल STF (Special Task Force)नेपाल प्रहरी मातहतको संगठन हो। जसलाई संघीय संसद भवन सुरक्षित राख्ने जिम्मेवारी दिईएको थियो। STF नेपाल प्रहरीको अभिन्न अंग हो त्यसलाई के-कसरी

परिचालन गर्ने भन्ने सम्बन्धमा स्पष्ट Rules Of Engagement (ROE) हुनुपर्ने थियो सो नबनाई संघीय संसद भवनमा खटाउदा STF लाई बल प्रयोग बारे निश्चित निर्देशन भएन र STF लगायत त्यहाँ खटिएका नेपाल प्रहरीका हतियार बोक्ने अन्य सुरक्षाकर्मीहरु द्विविधामा परि आवश्यकता भन्दा बढी बल प्रयोग हुन गएको देखिन्छ।

नेपाल प्रहरी हतियारबाट सुसज्जित संगठन भएकोले हतियार कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम दिइनु अत्यावश्यक छ। ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत जवान/अधिकृतहरु समेत भ्रम (confusion) मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप लगाउने कार्य हुन सक्छ। ROE ले बल प्रयोगको आवश्यकता (necessity), अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपायका रुप (last resort) मा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ। जसबाट अनावश्यक रुपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि सुरक्षाकर्मीहरुलाई बचाउन सहयोग पुग्छ।

यति महत्वपूर्ण विषयमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख भई कार्यरत रहेका प्रहरी नायब महानिरीक्षक जस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागु गर्न आवश्यक पहल गर्नु पर्नेमा सो नगरेको कारणबाट फिल्डमा खटिने प्रहरी कर्मचारीहरुमा हुनु पर्ने व्यवसायित्त्काको कमीले र स्पष्ट निर्देशनको अभावमा भाद्र २३ गतेको घटनामा जथाभावी (disproportionate) रुपमा बल प्रयोग भई हताहतको संख्या बढेको देखिन्छ।

<u>सशस्त्र प्रहरी नायब महानिरीक्षक सुरेश कुमार श्रेष्ठ</u>

स.प्र.ना.म.नि. सुरेश कुमार श्रेष्ठ सशस्त्र प्रहरीको उपत्यका प्रमुख जस्तो महत्वपूर्ण जिम्मेवारीमा रहेको र निजले भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर दिउँसोको अन्दाजी १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा बल बिच झडप भई करिब ४ घण्टासम्म चली हताहतको संख्या अत्यधिक हुँदा त्यसलाई रोक्न (Damage Control) आवश्यक भूमिका खेलेको देखिएन।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने सशस्त्र प्रहरी बलका हातहतियार भाद्र २४ गते सशस्त्र सुरक्षा बेश मिन भवन,काठमाडौंबाट लुटिन गई सशस्त्र

प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था रहेको छ। यहाँ स्वभाविक प्रश्न उठ्छ किन समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगट्ठा र असवावहरु सुरक्षित राख्ने प्रयास गरिएन। हातहतियार, गोलीगट्ठा जस्ता अति संवेदनशील सामाग्रीहरु यदि सशस्त्र प्रहरीबाट अन्य ठाउँ लगी सुरक्षित गर्न सक्ने अवस्था थिएन भने तिनलाई तत्कालै नष्ट/निष्कृय गरी लुटेराहरुको हातमा जानबाट रोक्न सकिन्थ्यो। सो कार्य गरेको देखिएन। हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यहरुमा संलग्न सशस्त्र प्रहरी र तीनका निकटष्थ कमाण्डरहरुको के भूमिका रह्यो भन्ने सम्बन्धमा आफ्नो मातहत रहेका संगठनमा आन्तरिक अनुसन्धान र विश्लेषण समयमा नै हुनुपर्नेमा स.प्र.ना.म.नि.श्रेष्ठबाट सो गरिएको देखिएन।

सशस्त्र प्रहरी बल हतियार चलाउने संगठन भएकोले हतियार कुन-कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरु स्पष्ट हुने गरी Rules of Engagement (ROE) बनाई Scenario based तालिम दिइनु अत्यावश्यक छ। ROE बिना फिल्डको कमाण्डर द्विविधामा हुने हुँदा बल प्रयोग गर्न असहज हुन सक्छ, मातहत जवान/अधिकृतहरु समेत भ्रम (confusion) मा पर्न सक्छन् र chain of command भत्किन गई एकले अर्कालाई आरोप-प्रत्यारोप लगाउने कार्य हुन सक्छ। ROE ले बल प्रयोगको आवश्यकता (necessity), अनुपातिकता (proportionality) र बल प्रयोगलाई अन्तिम उपाय (last resort) का रुपमा कसरी प्रयोग गर्ने भनी निश्चित मापदण्ड तयार गर्छ र प्रयोगका अवस्थाहरु (stages) निर्धारण गर्दछ। जसबाट अनावश्यक रुपबाट बल प्रयोग हुनबाट बचाई मृतक र घाइतेहरुको संख्या घटाउनमा मद्दत पुग्दछ र मानव अधिकार उल्लंघनको आरोपबाट पनि संगठनलाई बचाउन मद्दत गर्छ।

सशस्त्र प्रहरी बल काठमाडौं उपत्यकाका प्रमुख भई कार्यरत रहेका सशस्त्र प्रहरी नायब महानिरीक्षक जस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागु गर्न आवश्यक पहल गर्नु पर्नेमा सो नगरेको र फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुमा हुनु पर्ने व्यवसायिक्ताको कमीले र स्पष्ट निर्देशनको अभावमा भाद्र २३ गतेको घटनामा जथाभावी (disproportionate) रुपमा बल प्रयोग भई हताहतको संख्या बढेको देखिन्छ। आफ्नो मातहतका सशस्त्र प्रहरी अधिकृतहरुलाई अन्तिम बल प्रयोग रोकी स्थिती नियन्त्रणमा लिने अन्य गैह्र घातक उपायहरु अबलम्बन गर्न संघीय संसद भवन परिसरमा खटिएको सशस्त्र प्रहरी बल र नेपाल प्रहरी बिच समन्वयात्मक ढङ्गले अगाडी बढाउन र प्रहरीबाट बल प्रयोग भए पछि स्थितीलाई नियन्त्रणमा लिई तनाव कम गर्न, गोली फायर रोक्न (Cease fire) गर्न केही प्रयास गरेको देखिएन। भाद्र २४ गते सशस्त्र प्रहरी बलले नेपाल प्रहरीलाई कुनै सहयोग नगरेको भनी प्रहरी अधिकृतहरुले आयोग समक्ष गरेको बयानबाट पनि निजको Command मा रहेको उपत्यका भित्रको सशस्त्र प्रहरीहरुलाई

नेपाल प्रहरीलाई सहयोग र समन्वय गर्न निजले स्पष्ट निर्देशन दिएको देखिएन।

**तत्कालीन राष्ट्रिय अनुसन्धान बिभागको उपत्यका अभियान महाशाखा प्रमुख सह-निर्देशक कृष्णप्रसाद खनाल**

भाद्र २३ र २४ गतेको घटनाको बारेमा महाशाखा प्रमुख खनालले आफु र आफ्नो संस्थाले जिम्मेवारीपूर्ण दायित्व निभाएको जिकिर गरेतापनि सहि आंकलन नगरेको कारण अन्य सुरक्षा संयन्त्रहरुले विभागबाट उपलब्ध गराईएको जानकारीको आधारमा सुरक्षा रणनिती बनाउँदा खासगरी उक्त दिनको घटनामा सुरक्षा ब्यवस्थामा हुन गएको कमिबाट अधिकांश निहत्था युवा प्रदर्शनकारीहरुको हताहत तथा घाइतेहरुको संख्या बढ्न गएको हुँदा सह-निर्देशक खनाल उपत्यका अभियान महाशाखा प्रमुखले निर्वाह गर्नुपर्ने जिम्मेवारीमा चुकेको देखिन्छ।

भाद्र २३ गते प्रदर्शन अघि जेनजी मुभमेन्टमा संलग्न हुनेहरुले प्रयोग गर्ने सामाजिक सञ्जालमा प्रयोग हुने विभिन्न डिजिटल प्लेटफर्महरु र त्यसमा पनि एउटै प्रकारको प्लेटफर्म धेरै ग्रुपले प्रयोग गरी फरक फरक information share गरिराखेको अवस्थाको बारेमा विभागलाई जानकारी थिएन। सरकारले प्रतिबन्ध नगरेको Tiktok जस्ता open source वा अन्य प्लेटफर्ममा उपलब्ध सामग्रीहरुलाई समेत निजले सामान्य अनुगमन समेत गरेको देखिएन।

भाद्र २३ र २४ गतेको घटनाको बारेमा राष्ट्रिय अनुसन्धान विभाग जस्तो महत्वपूर्ण निकायबाट सही ढंगबाट सूचना (information) संकलित नभई राज्यका अन्य अंगहरुले परिस्थितिको सही आंकलन गर्न नसक्दा देशले ठूलो जनधनको क्षति/हानी बेहोर्नु पर्यो। राष्ट्रिय अनुसन्धान विभागका तत्कालिन उपत्यका अभियान जस्तो प्रमुखले आफ्नो जिम्मेवारी सही ढंगले पालना गरेको देखिएन।

**राष्ट्रिय अनुसन्धान बिभागको तत्कालीन काठमाडौं जिल्ला प्रमुख श्री रिबेन कुमार गच्छेदार**

माइतीघर मण्डलामा कार्यक्रम गर्ने भनिएतापनि जुलुसको रुपमा भीड बानेश्वर संघीय संसद भवनतर्फ जाने र सोही ठाउँ प्रदर्शन गर्ने भनी सुरक्षा समितिमा एक दिन पहिले नै जानकारी गराइएको र व्यारिकेट तोडेर संसदभवन अगाडी प्रदर्शन गर्न प्रयासरत रहने बारे सबै सुरक्षा निकायहरु जानकार नै रहेको। आन्दोलनमा घुसपैठ भई भीडलाई उत्तेजित पार्ने र अराजक बनाउन सक्ने तर्फ पनि सबै सुरक्षा निकाय जानकार नै रहेको भन्ने जस्ता उनको अभिब्यक्ति गैह्रजिम्मेवारपूर्ण रहेको देखिन्छ।

गत चैत्र १५ गतेदेखि नै विभिन्न आन्दोलन व्यहोरिसकेको सुरक्षा समितिले यत्ति सम्म आंकलन गर्न कठिन थिएन। त्यसैले यो आंकलनमा काठमाण्डौ एन. आइ. डी. (NID) मात्र नभइ कुनै पनि सुरक्षा निकाय चुकेको

छैन भन्ने गैह्र जिम्मेवारी भनाई राष्ट्रिय अनुसन्धान बिभागको काठमाडौं जिल्ला प्रमुख रिबेन कुमार गच्छेदारको रहेको देखिन्छ ।

भाद्र २३ गते रा.अ.बि. काठमाडौंको जिल्ला प्रमुख रहेका गच्छेदार जिल्ला सुरक्षा समितिको पनि पद्देन सदस्य थिए ।उनले त्यस समयमा आफु कर्यब्य परायण रहेको र आफ्नो जिम्मेवारीमा नचुकेको बताएका छन। तर संकलित प्रमणबाट निज र निजको बिभागबाट स्थितीको सहि आंकलन नगरेको कारण अन्य सुरक्षा संयन्त्रहरुले विभागबाट उपलब्ध गराईएको जानकारीको आधारमा सुरक्षा रणनिती बनाउँदा खासगरी भाद्र २३ गतेको घटनामा सुरक्षा ब्यवस्थामा हुन गएको कमिबाट हताहतको संख्या उल्लेख्य रुपमा बढ्न गएको थियो। त्यसकारण तत्कालीन रा.अ.बि.का काठमाडौं जिल्ला प्रमुखको जिम्मेवारीमा रही कार्यरत रहेकोले निज आफ्नो कर्तव्य पालनमा चुकेको देखिन्छ।

भाद्र २३ गते प्रदर्शन अघि जेन्जी मुभमेन्टमा संलग्न हुनेहरुले प्रयोग गर्ने सामाजिक सञ्जालमा प्रयोग हुने विभिन्न डिजिटल प्लेटफर्महरु र त्यसमा पनि एउटै प्रकारको प्लेटफर्म धेरै ग्रुपले प्रयोग गरी फरक-फरक information share गरिराखेको अवस्थाको बारेमा विभागलाई जानकारी थिएन। सरकारले प्रतिबन्ध नगरेको X,Tiktok,youtube जस्ता open source र अन्य प्लेटफर्ममा उपलब्ध सामग्रीहरुलाई समेत सामान्य अनुगमन गरेको देखिएन।

भाद्र २३ र २४ गतेको घटनाको बारेमा राष्ट्रिय अनुसन्धान विभाग जस्तो महत्वपूर्ण निकायबाट सही ढंगबाट सूचना (information) संकलित नभई राज्यका अन्य अंगहरुले परिस्थितिको सही आंकलन गर्न नसक्दा देशले ठूलो जनधनको क्षति/हानी बेहोर्नु पर्यो। राष्ट्रिय अनुसन्धान विभाग तत्कालिन काठमाडौं जिल्लाका प्रमुखले आफ्नो जिम्मेवारी सही ढंगले पालना गरेको देखिएन।

**प्रहरी वरिष्ठ उपरीक्षक दीप शमशेर ज.व.रा.**

स्थिति तनावपूर्ण रहेपछी दिनको १२:३० बजेको समयमा स्थानिय प्रशासनबाट कर्फ्यू आदेश जारी भयो। प्रहरीबाट ग्याँस सेल, डमि राउण्ड, रबर बुलेट लगायत गैह्र घातक (Non-lethal) हतियार प्रयोग गरी परिस्थितीलाई नियन्त्रण गर्ने प्रयास गरिएको थियो। तर परिस्थिती एक्कासी नियन्त्रण भन्दा बाहिर गएको र निश्चित स्थानमा खटिएका प्रहरी टुकडिलाई ट्र्यापमा पारी आगलागि गर्ने, घरेलु हातहतियार पेट्रोलबम आदीले आक्रमण गर्दै मार्ने सम्मको अवस्था सिर्जना भए पछी आत्म रक्षाको लागि प्रहरीले सिलसिलेवार रुपमा हवाई फायर समेतको बल प्रयोग गरेको थियो भन्ने उनको जिकिर रहेको छ। तर पोष्टमार्टम रिपोर्ट र

घाइतेहरुले आयोग समक्ष दिएको वयानबाट त्यस घटनामा ठूलो संख्यामा प्रदर्शनकारीहरु हताहत भई सयौं प्रदर्शनकारीहरु सुरक्षाकर्मीको गोली लागि घाइते भएको स्पष्ट देखिन आएको हुँदा प्र.ब.उ. दिप सम्शेर ज.ब.रा. को भनाई तथ्यपरक देखिदैन।

भाद्र २३ गते निज प्र.ब.उ. संघीय संसद भवन परिसर भित्रको नेतृत्व गर्ने प्रहरी कमाण्डर थिए। संघीय संसद भवन परिसरमा तैनाथ रहेको नेपाल प्रहरीको जनशक्ति र हातहतियार असवाव सम्बन्धमा निजले पूर्ववत रुपमा यथेष्ट जानकारी लिएको देखिएन। प्रहरीले अन्तिम बल प्रयोग गर्दा को-कसले,के कुन समयमा के कुन परिस्थितीमा कुन स्थानबाट फायर गरेको हो भनी जानकारी निजसंग नहुनुमा निजको नेतृत्वदायी भूमिका निर्वाह गर्न नसकेको स्पष्ट हुन्छ।

संघीय संसद भवन भित्र रहेका करीब ४०० प्रहरी फोर्सलाई व्यवस्थित रुपले समयमै परिसर वाहिर ल्याई तहगत सुरक्षा प्रणाली (layers defiance systems) लागु गरी परिचालन गर्न उनि असफल भएको देखिन्छ।

संघीय संसद भवनमा कार्यरत विशेष प्रहरी कार्यदल (STF), सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको बिचमा समन्वयात्मक भूमिका खेली प्रभावकारी प्रहरी परिचालन निजले गर्नुपर्नेमा सो गर्न नसकी संसद भवन परिसरको शान्ति सुरक्षाको अवस्था नियन्त्रण गर्न नसकी जथाभावी बल प्रयोग हुँदा प्रदर्शनकारीहरुको हताहत तथा घाइतेहरुको संख्या बढ्नुमा कमाण्डरको हैसियतले निजको जिम्मवारी पनि रहन्छ।

भाद्र २३ गते संघीय संसद भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा बल बिच झडप भई करिब चार घण्टासम्म गोली चली हताहतको संख्या अत्यधिक हुँदा तनाव कम गर्न गोली प्रहार (Cease Fire) रोकी बार्ता गर्न कुनै भूमिका खेलेको देखिएन।

प्र.ब.उ. दिप शम्शेर ज.ब.रा.संघीय संसद भवन भित्र रहेको नेपाल प्रहरीको STF, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई प्रदर्शनकारीहरुले प्रहरीको ब्यारीकेट तोडेर आईसके पछि संघीय संसद परिसर बाहिर तहगत सुरक्षा प्रणालीको ब्यवस्था गरी प्रदर्शनकारीहरुलाई contain गर्नु पर्नेमा सो नगर्दा प्रदर्शनकारीहरु सहजै रुपमा संसद भवन परिसर नजिक आउन सफल भई सुरक्षाको स्थिती बिग्रन गयो। प्र.ब.उ. ज.ब.रा.ले व्यवसायिक कौशलता प्रदर्शन गर्न सकेको देखिएन।

**बिशेष प्रहरी कार्य दल (STF) प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेल**

प्र.उ. ऋषिराम कँडेलको नेतृत्वमा संघीय संसद भवन परिसरको सुरक्षार्थ खटिएको बिशेष कार्यदलले प्र.व.उ. दीप शमशेर ज.व.रा.को आदेशमा भीड तितर बितर गराउन बल प्रयोग गरेको तर Live Fire प्रयोग नगरेको

भन्ने प्र.उ. कँडेलको भनाई रहेको छ। उक्त दिनको घटनामा भएको हताहतको संख्या र उपलब्ध मृतकहरुको शव परीक्षण प्रतिवेदन, घाइतेहरुको कागज, अस्पतालको रिपोर्ट आदि समेतबाट लाईभ (Live) फायर गरेको देखिन्छ त्यस कारण निज प्र.उ. कडेलको भनाई तथ्यपरक देखिदैन।

संघीय संसद भवनको सुरक्षाको लागि आवश्यक पर्ने Rule of Engagement (ROE) को अभावमा नै STF तहाँ तैनाथ भएको देखिन्छ। तर संघीय संसद भवन जस्तो देशकै संवेदनशील ठाउँमा तैनाथ (Deploy) गर्नु भन्दा अगाडी चाहिने आवश्यक ROE बनाइ Scenario Based प्रशिक्षण सहित Mock Drill गरिरहनुपर्ने हुन्छ। STF को कमाण्डरले बल प्रयोग गर्न चाहिने ROE बनाई लागु गर्नको लागि सम्बन्धित निकायलाई घचघचाई बनाउनु पर्नेमा सो गरेको देखिएन। संघीय संसद भवनमा सुरक्षार्थ खटिने STF को संचार सेट संग नेपाल प्रहरीको सम्पर्क नहुने भनी आयोग समक्ष दिएको बयान कागजले पनि STF र स्थानिय प्रहरीहरु बिच सहकार्यमा काम गर्न असजिलो हुने बिषयलाई समाधान गर्न उपत्यका प्रहरी कार्यालय रानीपोखरीका संग समन्वय हुने संचार सेट उपलब्ध गर्न गराउन कुनै पहल गरेको देखिएन।

**<u>सशस्त्र प्रहरी उपरिक्षक जिवन के.सी</u>**

सशस्त्र प्रहरी बल काठमाडौं जिल्लाको Overall Commander को हैसियतले सम्पूर्ण अवस्था नियन्त्रणमा राख्न नसकिएको मुख्य कारण सीमित साधन र जनशक्ति, अनि त्यस दिनको बिषम परिस्थितिमा थप मानविय क्षति रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्त अनुसार नै Field Commander परिचालन भएको हो भन्ने स.प्र.उ. के.सी.को जिकिर रहेको छ। भाद्र २४ गतेको घटनामा नेपाल प्रहरीका अधिकारीहरुले सशस्त्र प्रहरीबाट आवश्यक सहयोग नपाएको भन्ने गुनासो गरेकोमा स.प्र.उ. के.सी. भाद्र २३ गतेको घटनामा संघीय संसद भवन परिसरमा खटिएर पनि नेपाल प्रहरीसंग फिल्डमा निजको व्यवसायीक कमजोरीका कारण प्रभावकारी समन्वय नहुँदा सुरक्षा संयन्त्र कम्जोर हुन गई प्रदर्शनकारी युवाहरुको हताहत र घाइतेको संख्या बढ्न गएको थियो।

आफैं फिल्डमा गई Direct Command सम्हालेको अवस्थामा संघीय संसद भवन परिसरमा घटिरहेका घटनाको सही मूल्याङ्कन गरी सही समयमा सही निर्णय लिनुपर्ने निजको दायित्व थियो। त्यसमा उनको कमाण्डमा भएको सशस्त्र प्रहरी बलले हवाई फायर मात्र गरेको भन्ने निजको जिकिर रहेको र फिल्डमा हताहत र घाइतेहरुको संख्या हेर्दा हवाई फायर मात्र गरिएको भन्ने भनाई तर्कसंगत देखिदैन। बल जथाभावी (indiscriminate) तरिकाबाट प्रहार भएको थियो।

भाद्र २३ गते संसद भवन परिसर वरपर दिउँसोको करिब १२:०० बजे देखि प्रदर्शनकारी र सुरक्षा बल बिच झडप भई करिब चार घण्टासम्म गोली चली हताहतको संख्या बृद्धि भईरहँदा तनाव कम गरी स्थितीलाई नियन्त्रणमा लिन गोली प्रहार (Cease Fire) रोकी बार्ता गर्न निजले कुनै आवश्यक पहल गरेको देखिएन। निज फिल्डमै खटी वास्तविक सुरक्षा स्थिति बारे जानकारी भईरहदा पनि स्थितीलाई नियन्त्रणमा लिन आवश्यक पहल गर्नुपर्नेमा सो नगरी कर्तव्यबाट बिमुख भएको देखिन्छ।

## १३.२. २०८२ भदौ २३ र २४ गतेको घटनाको सम्बन्धमा विभिन्न पदाधिकारीहरुको दायित्वको विश्लेषण र पुरस्कार सिफारिस

### २०८२ भदौ २३ र २४ को घटना सम्बन्धमा राजनीतिक पदाधिकारीहरु तत्कालीन प्रधानमन्त्री र गृह मन्त्री,सुरक्षा र प्रहरी पदाधिकारीहरु समेत माथि हुनु पर्ने कानूनी कारबाही सम्बन्धमा

जेन-जी युवा समूहको २०८२ भदौ २३ गतेको आन्दोलन र २४ गतेको घटना सम्बन्धमा नेपालको विद्यमान कानूनी व्यवस्था अन्तरराष्ट्रिय कानून समेतमा के के प्रावधानहरु रहेछन् भन्ने सम्बन्धमा हेर्नु पर्ने हुन आयो। ***(२०८२ भदौ २३ र २४ गतेका घटनाको चर्चा र विश्लेषण गर्दा ठाउँ ठाँउमा २४ गतेको घटनाका प्रसंग उठेतापनि तत्कालीन गृहमन्त्री रमेश लेखकको हकमा भने २३ गतेको दिनसम्मका घटनामा मात्र उहाँको सरोकार र जवाफदेहीता हुन आउँछ।)***

नेपालको संविधानले प्रत्याभूत गरेका जनताका आधारभूत मौलिक अधिकार एवम् प्रचलित लोकतान्त्रिक हक प्रयोग गरी युवाहरुबाट शान्तिपूर्ण जनप्रदर्शन बाट सुरु भै पछि उग्र हुँदा त्यसमा सुरक्षा निकायले हस्तक्षेप गरी अत्यधिक बल प्रयोग गर्दा राष्ट्रमा अपूरणीय मानवीय क्षति हुन गयो। त्यसप्रकारको क्षति, ज्यादती एवम् शक्तिको दुरुपयोग तथा मानव अधिकार उल्लंघनका लागि जिम्मेदार ठहरिएका तत्कालीन प्रधानमन्त्री र गृहमन्त्री, राष्ट्र सेवामा रहेका विभिन्न सुरक्षा निकायका अधिकारीहरु, लगायतहरुको घटनाका सम्बन्धमा के कस्तो भूमिका रहेको थियो भन्ने सम्बन्धमा माथि विवेचना भईसकेको छ। दण्डहीनताको अवस्था सृजना नहोस् र भविष्यमा पनि संविधानद्वारा प्रदत्त स्वतन्त्रता, मानव अधिकारका प्रचलित सिद्धान्त तथा लोकतान्त्रिक पद्धतिलाई नष्ट गर्ने कार्य हुन नपाओस् भन्नका लागि अविलम्व कानून बमोजिम सम्बन्धित दोषीमाथि उपयुक्त कारवाही हुनु र गरिनु पर्ने हुन्छ। मुख्यतः भदौ २३ र २४ गतेका घटनामा सुरक्षाकर्मी देखि सरकार प्रमुखमा रहेका पदाधिकारीसम्मलाई फौजदारी अभियोग लाग्न सक्ने हो होइन भन्नेतिर हेर्दा निम्न अवस्था देखिन आयोः

संविधानको धारा १६ बमोजिम प्रत्येक नागरिकको जीवनको अधिकार सुरक्षित गर्ने गराउने कर्तव्य

राज्यका यी सबै पदाधिकारीमा रहेको पाइन्छ। त्यसको लागि सुरक्षा निकायलाई कानून बमोजिम निर्देशन दिने कर्त्तब्य राज्यको शासन गर्ने पदमा रहेकाहरुमा रहेकोमा विवाद छैन।

२०८२ भदौ २३ गते अपरान्ह संसदपरिसर क्षेत्रमा मानवीय क्षति हुन थालेपछि काठमाडौंका प्रजिअ, जिल्ला सुरक्षा समिति, गृह मन्त्रालयका सचिव, प्रहरीका महानिरीक्षकहरु र गृहमन्त्रीलगायत सरकार प्रमुखबीच अब के गर्ने ? कसरी सुल्झाउने ? थप गोली प्रहार रोकेर सुरक्षा कायम कसरी गराउने र बढी मानवीय क्षति हुन नदिने निर्णय गर्नु पर्नेमा कुनै पदाधिकारीलेपनि क्षति रोक्नेतिर यथेष्ट प्रयास नगरेको देखिन्छ।

देशको शासन व्यवस्था चलाउनेहरुमा हताहतको संख्या न्यून गरी शान्ति कायम गराउनेतिर छलफल र सरसल्लाह हुनु पर्ने हो। तर भएको देखिएन। पहिलो गोली कसले कहाँबाट कति बजे चलायो भन्ने संवेदनशील विषयमा समेत कसैलाई यकिन थाहा नहुनुमा सुरक्षा निकायको लापरबाही रहेको भन्ने प्रष्ट हुन्छ। सरकार प्रमुख र सरकारको गृहमन्त्री त देश र आम जनताका रक्षक र अभिभावक मानिन्छन्। अभिभावकले आफ्ना सन्तान गोली लागेर मरिरहेकामा चासो लिनु पर्नेमा सो लिएको देखिन आएन।

गोली चलेर प्रदर्शनकारीको मृत्यु भइसकेपछि शान्ति सुरक्षा हेर्ने गृह मन्त्रालयले प्रजिअलाई के निर्देशन दियो त भन्ने प्रश्न उठ्दछ। गृहमन्त्रालयमै संगै रहेका दुई प्रहरीका महानिरीक्षकहरु र प्रजिअलाई गृहमन्त्रीले शान्ति बहालीको लागि केही नयाँ निर्देशन दिएको र त्यस सम्बन्धमा कुनै कुरा गरेको देखिदैन । गृहमन्त्री रमेश लेखकले पहिलो गोलीले मानवीय क्षति भएपछि प्रधानमन्त्री,रक्षा मन्त्री, सेना प्रमुख सुरक्षा निकाय प्रमुखहरुसंग छलफल गरेकोसम्म आफ्नो बयानमा उल्लेख गर्नु भएकोछ। के छलफल गरियो ? शान्ति सुरक्षा कायम गराउन ठोस कदम चाल्नेतिर भने कुनै निर्णय लिन सकेको पाइदैन।

स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ १घ १क अनुसार शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी प्रजिअले गृह मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ र सो सम्बन्धमा गृह मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुने छ भन्ने कानूनी प्रावधान अनुसार प्रजिअले दिएको जानकारी अनुसार गृह मन्त्रालयले कुनै निर्देशन दिएको भन्ने छानविनको क्रममा देखिन आएन।

भदौ २३ गते बानेश्वर एभरेष्ट होटल अगाडि सुरक्षा निकायले राखेको ब्यारिकेड तोडेर

प्रदर्शनकारीहरु संसदपरिसरको दक्षिण ढोका बाहिर पुगेर बिरोध गर्न थाले।प्रहरीहरुले प्रदर्शनकारीहरुलाई अश्रुग्याँस प्रहार गर्न थालेपछि उनीहरुले पनि ड्युटीमा रहेका प्रहरीहरुलाई ढुंगामुढा गर्न थाले।प्रहरीले पानीका फोहरा, लाठीचार्ज, अश्रुग्याँस प्रहार प्रहार गरे।दुई थरी बीच भीडन्त हुन थाल्यो।त्यसैबीच संसदभवनको गेट भाँच्ने देखि गेटसंगैको प्रहरीको कोठामा आगो लगाइयो।शुरुको अवस्थामा प्रहरीले अश्रुग्याँस प्रहार गरी स्थिति नियन्त्रणमा लिन प्रयास गरेको देखिन्छ तर प्रदर्शनकारीहरुले अश्रुग्याँसलाइ भिजेको रुमालले टिपेर प्रहरीतर्फनै फ्याँकी प्रहरीहरुलाईनै अप्ठेरो पारेका प्रत्यक्षदर्शीको बयानवाट खुल्न आयो।

प्रहरीको जिउ ज्याननै खतरामा पर्न थालेपछि गोली चलाइएको भन्ने सुरक्षा निकाय र सरकारका जिम्मेवार व्यक्तिहरुको तर्क रहेको छ।त्यस दिनको घटनामा संसदपरिसर बाहिर रहेका प्रदर्शनकारीले परिसर भित्र रहेका प्रहरीको ज्यान नै लिने अवस्था थियो कि थिएन भन्ने प्रश्न उठ्दछ।संसद भवन परिसर बाहिर रहेका प्रदर्शनकारीलाइ गोली लागेको यथार्थ हो।त्यसदिन त परिसर भित्र पसेका प्रदर्शनकारीलाइ गोली नै लागेको पाइँदैन।शुरुमा संसदभवन अगाडि झण्डाको लाइनसम्म त केही प्रदर्शनकारीहरु गएका र उनीहरुलाइ सुरक्षाकर्मीले सामान्य बल प्रयोग गरेर संसद भवन परिसरबाट बाहिर निकालेपछि दोस्रो कुनै टोली (प्रदर्शनकारी)संसद भवनमा प्रवेश हुन सकेनन्। प्रदर्शनकारीहरुलाई संसदभवन परिसरबाट बाहिर निकालेको अवस्थामा सरकारी भवन रक्षाको लागि गोली चलाएको भन्ने तर्क फितलो देखिन्छ।त्यसकारण जिउ ज्यानकै सुरक्षाकोलागि बल प्रयोग गर्न पाउने कानूनी व्यवस्था भए पनि आफ्नो जिउको रक्षा र सरकारी भवनको रक्षाको लागि गोली चलाएको भन्ने पुष्टि हुन आउँदैन।

संसदभवन परिसर वरपर केही केही उग्र व्यक्तिहरु पनि भिडमा सामेल थिए।केहीको हातमा ढुङ्गा थियो त केहीको हातमा चिसो रुमाल, संसद भवनको दक्षिणतर्फको ढोकामा एक दुईवटा पेट्रोल बम Molotov cocktail प्रयोग भएको पनि देखियो।अपराधिक मनोवृत्ति भएका र Molotov cocktail बोक्ने प्रदर्शनकारीहरुलाइ ताकेर बल प्रयोग गर्नु पर्नेमा प्रदर्शनकारीहरुमाथि धेरै जसो जथाभावी गोली प्रहार गरियो।

प्रदर्शनकारीले सशस्त्र प्रहरीको पानीको फोहरा(Water cannon) गाडीका चालकहरुलाइ आक्रमण गरेका थिएनन्, सो गाडि नै फिर्ता लगियो।त्यस्तै गोली चलेपछि १४:२२ बजे सशस्त्र प्रहरीकै एम्बुलेन्स संसदभवनको दक्षिण गेट बाहिर पुगेको थियो। एम्बुलेन्सका चालक,डाक्टर र नर्सहरुलाइ

प्रदर्शनकारीहरुले संसदभवन परिसरभित्र सुरक्षितसाथ पठाए पछि एम्बुलेन्स आगजनी गरेको देखिन्छ। सुरक्षाकर्मीहरूलाई सुरक्षित साथ संसद भवन भित्र जान दिएको घटनाले प्रहरीहरुको जीबन रक्षाको अबस्था सृजना भएकोले (Doctrine of necessity) गोली प्रहार गरेको भन्ने सुरक्षाकर्मीको दाबी साँचो देखिन आएन। प्रदर्शनकारीहरुले प्रहरीलाइ मार्न चाहेको भए त एम्बुलेन्स भित्र रहेका सशस्त्रका सुरक्षाकर्मीहरुलाई त्यहिँ नै हातपात गरी उनीहरुले जे चाहेका थिए त्यही गर्न सक्ने अवस्था पनि थियो त्यतिखेर।

दक्षिण गेटमा लगभग १२:१५ तिर गोली चल्यो। प्रदर्शनकारीहरु परिसरको पर्खाल बाहिरबाट प्रहरीलाइ इटा ढुंगा हान्छन्। संसद भवन परिसरभित्रबाट प्रदर्शनकारीहरु उपर प्रहरीले गोली प्रहार गर्छ। करिब लगभग ४ घण्टा प्रदर्शनकारी र प्रहरीबीच भिडन्त हुन्छ। जति गोली लागेको छ, सवै संसदभवन परिसरको बाउण्ड्री पर्खालभन्दा बाहिर सार्वजनिक नागरिक हिड्ने सडक र पेटीमा रहेका प्रदर्शनकारीलाइ गोली लागेको छ। यसरी गोली लागेकाहरु सवै संसद भवन परिसर बाहिरनै रहेकामा विवाद पाइदैन। अझ गोली त परिसर दक्षिण सडकको दक्षिणपट्टि रहेको स्टाण्डर्ड चार्टर्ड बैंकको पश्चिमको घरमा रहेको हिमालयन जाभा कफीसपको झ्यालबाट प्रदर्शन हेरिरहेका सो कफीसपका सन्चालक सुनसरीका सन्तकुमार मेहतालाई घाँटीमा गोली लाग्न पुगेकोछ। त्यस्तै सो भन्दा केही पश्चिमको हार्टफोर्ड एडुकेशन सेन्टर चलाउने महेशकुमार श्रेष्ठको घरको चौथो तलाको कोठाको झ्यालमा गोली लागेकोछ। झ्यालको शिशामा गोली लागेर कोठा भित्रको आलमारीमा समेत गोली छिरेको पाइयो। त्यस्तै त्यहीँ निरको ARABIC café भित्र गोली लागेको छ। बानेश्वर चोककै शंखमूल जाने बाटो सडक पेटी छेउकै पश्चिम पट्टिको फलामे ढोकामा गोली लागि भित्ताबाट गोली फर्केर त्यहीँ सिलाई गरेर बसेका एक जना सिलाईकर्मी भीमबहादुर दमाईलाइ पनि पाखुरामा गोली लागेको पाइयो।

गोली हवाइ फायरमात्र गरेको भन्ने फिल्डमा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरी जवान,फिल्डमा खटिएका दुवैका प्रहरी कमाण्डरहरुको भनाई रहेको छ। त्यस्तै प्रहरीका महानिरीक्षकहरुलेसमेत प्रहरीबाटै घातक गोली फायर भएर प्रदर्शनकारीको मृत्यु भएकोमा अनभिज्ञता जनाएका छन्।

भदौ २४ गते भने संसद परिसरको दक्षिणपट्टिको मूल गेटको सडक दक्षिणकै थाहा खवरको गार्डहरुको चेन्जिङ रुममा गोली लागेर ड्रेसमा समेत प्वाल परेको सुरक्षा गार्ड किशोर घिमिरेको

भनाई पाइयो। त्यस्तै २४ गते गौशाला प्रहरी परिशर सडक दक्षिणको घरको चौथो तलाको कौशीबाट सडकमा भिडियो खिचिरहेको अवस्थामा वर्ष १९ की निकिता गौतमको गोली लागेर मृत्यु हुन्छ। संगै रहेका कुमार उपाध्याय गोली लागेर घाइते हुन्छन्, उपचार पछि निको भएका छन्। हवाइ फायर भनिएको प्रहरीको गोली सडक पारी कफीसप, आवासीय घरको छत लगायतमा समेत लाग्न पुगेको देखिन्छ।

आफूले दिएको आदेश भन्दा बाहिर गएर आफ्नो मातहतका कुनै पनि सुरक्षा अधिकारीले त्रुटिपूर्ण काम कारवाही गरेको भन्न सकेको पाइदैन। आफ्नै अधीनका सुरक्षा कर्मीले गरेको अधिक बल प्रयोगका लागि मन्त्रिपरिषद्, जवाफदेहीविहीन भन्न र मान्न सकिदैन। २३ गतेको घटना थाहा पाएर पनि २४ गतेको लागि प्रभावकारी सुरक्षा परिचालनमा नेपाल सरकारको गम्भीर लापरबाही मान्नु पर्छ।

सरकार प्रमुख र गृह मन्त्रालय प्रमुखले आफूलाई केही थाहा नभएको भनेर दायित्व पन्छाउनु खोज्नुले फौजदारी लापरवाही (Criminal Negligence) पुष्टि हुन आउँदछ। गोली चलेको घटनामा प्रधानमन्त्री, गृहमंत्री, गृह सचिव र प्रजिअले थाहा छैन भन्न मिल्दैन। राज्य चलाउने पदाधिकारीहरु र सुरक्षा अधिकारीहरुले स्वतः थाहा पाउने अवस्था हुन्छ।

गत २०८१ चैत्र १५ गतेको कोटेश्वर तीन कुने घटनाको सम्बन्धमा कुनै छानविन जाँचबुझ गराइएन। त्यतिबेला सरकार अर्थात् प्रहरी प्रशासनको कमजोरी के के थियो भनी पत्ता लगाउने कोशिस नै गरिएन। सामान्य घटनाको रुपमा लिएको देखिन आयो। गल्तीबाट शिक्षा लिने नेपालमा प्रचलन नै रहेको पाइँदैन। २०४६ सालको आन्दोलन,२०६३ सालको आन्दोलन र मधेश आन्दोलनका राय सुझावको अवलम्वन र विभिन्न घटना सन्दर्भमा राष्ट्र संघीय मानव अधिकार आयोगको प्रतिवेदनले भीड नियन्त्रणमा सरकारी कमजोरी, प्रहरीका कमजोरी, साधनको अभाव लगायतका कमजोरीहरु औंल्याएको पाइन्छ। तर ती कमजोरी सुधार गर्नेतिर विभिन्न काल खण्डका सरकारको विशेष पहल देखिएन। ती विभिन्न समयहरुमा घटेका घटनाहरुमा सुझाव दिएका विषयहरु यस आयोगले सिफारिश गर्ने सुझावहरु पनि झण्डै सोही विषयवस्तुमा केन्द्रित छन्। यसले विभिन्न समयमा गठन भएका आयोगहरुले मेहनत गरी तयार गरेको दस्तावेजलाई राज्य संचालन गर्नेले खासै महत्व नदिएको देखिन्छ।

स्थानीय प्रशासनले गरेको कार्यबाट राजनीतिक नेतृत्वलाइ जवाफदेही बनाउन मिल्दैन भन्ने जस्तो वयान गरी प्रधानमन्त्री केपी ओलीसमेतले आफूले सो घटनाको जिम्मेवारी नलिई स्थानीय प्रशासनलाई नै जवाफदेही बनाउन खोजेको भए पनि तत्कालीन प्रधानमन्त्री समेतको माथिका विभिन्न प्रकरणहरूमा देखाइएका क्रियाकलाप समेतले वेवास्तापूर्ण व्यवहार र अनुचित किसिमबाट गरेको दमनको नीतिले

नै देशले व्यापक मानवीय क्षति व्यहोर्न वाध्य हुन पुगेको स्थिति सिर्जना हुन आएको छ।

भदौ २३ गतेको सुरक्षा स्थिति र वातावरणलाई मूल्याङकन गरेर २४ गते सवै ७७ जिल्लामा दंगाग्रस्त क्षेत्र घोषणा गरिदिएको भए देशभरका अधिकांश स्थानमा लुटपाट, आगजनी हुने र त्यस्तो क्षति हुने स्थिति आउन नसक्नेतिर गृह मन्त्रालय र नेपाल सरकारका सुरक्षा निकायका उच्च पदाधिकारीहरुले पटक्कै ध्यान दिएको देखिन आएन।

भदौ २३ गते राति सामाजिक सञ्जाल माथिको प्रतिबन्ध हटाइयो। सामाजिक सन्जाल माथिको प्रतिवन्ध हटाउनु अगाडि त्यसले पार्ने प्रभाव र नतिजातिर तत्कालीन सन्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ र मुख्य सचिव एकनारायण अर्यालले देशको असहज स्थितिको मूल्याङ्कन गरेको देखिन आएन।परिणाम के भयो त भन्दा सामाजिक सञ्जाल सक्रिय गरिदिएको कारणबाट २४ गते राजधानीमा मात्र होइन देशभरी नै थप हिंसा, आगजनी, तोडफोड हुन गएको आयोगको ठम्याई छ।

राज्य सन्चालन गर्ने राजनैतिक लगायत पदाधिकारीहरुले सामाजिक सन्जाल खोली दिएका कारणबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौती वारे सुरक्षा प्रमुख र विज्ञहरुसंगका सरसल्लाह बेगर कुनै मूल्याङ्कन नगरी हचुवाका भरमा जेनजीको माग पूरा गरिदिएको सोचे। तर त्यसले ल्याउने प्रतिकूलतातिर सोच विचारनै गरिएन।अनि देशनै आगजनी,तोडफोड,लुटपाट र भागाभागको स्थितिले विध्वंशमा परिणत हुन पुग्यो।

भदौ २३ गते दिउँसो बानेश्वरमा भीडको आकार बढ्न थाल्यो।एकातिर संसदभवन भित्र प्रदर्शनकारीहरुलाई कुनैपनि हालतमा प्रवेश गर्न नदिने फौजी निर्देशन अर्को तर्फ सुरक्षा नियन्त्रण हामी सुरक्षाकर्मीको हातबाट बाहिर गएमा त्यसको अपजस सवै सुरक्षाकर्मीहरुले लिनु पर्ने भन्ने मनोवैज्ञानिक दवावले हतियारधारी सुरक्षाकर्मीमाथि थप तनाव बढ्न थाल्यो।गैर घातक हतियारहरुका विकल्पहरु न्यून र कमजोर थिए।माथिको कमाण्ड प्रष्ट थिएन। अब के गर्ने भन्नेमा नै अन्यौलजस्तो थियो।त्यस दिन संसद भवन परिसरभित्र रहेका करिव ५०० भन्दा बढी प्रहरी जनशक्तिलाइ संसदभवन परिसर बाहिर ल्याई व्यवस्थित र प्रभावकारी ढंगले तहगत सुरक्षा व्यवस्थापन गर्नेतिर लागेको देखिएन।संसदभवन परिसरभित्र रहेका ती सुरक्षाकर्मीलाई उचित आदेश दिएर परिचालन गर्न सकेको भए मानवीय क्षतिमा न्यूनिकरण हुन सक्थ्यो भन्ने पनि उचित कदम चालेको देखिएन।

<u>राष्ट्रिय कानूनी प्रावधान र व्यवस्थातिर हेर्दा:</u>

मुलुकी अपराध संहिता २०७४ को दफा ६ ले कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको

कामलाई कसूर मानिने छैन भनी फौजदारी न्यायका सामान्य सिद्धान्त मध्ये एक मानेको छ।यो सिध्दान्त अनुसार २०८२ भदौ २३ गतेको घटनामा के सुरक्षाकर्मी र सरकारी पदाधिकारीहरु यस प्रावधान अनुसार पूर्णरुपमा उन्मुक्ति पाउने अवस्थामा रहेका हुन् त भन्ने प्रश्न उठ्छ।

संहिताको दफा २४ ले निजी रक्षाको व्यवस्था गरेको छ। यस दफा अन्तरगत प्रत्येक व्यक्तिलाई आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्ति कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुनेछ। तर निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरु कसैको ज्यू, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिबाट बचाउन सकिदैन भन्ने मनासिव विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिव कारण भएमा मात्र प्रयोग गर्नु पर्ने व्यवस्था गरेको छ।

सोही संहिताको दफा २५ ले भने निजी रक्षाको अधिकारलाइ संकुचित बनाएको छ।माथि दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि विभिन्न अवस्थामा निजी रक्षाको अधिकार प्राप्त हुन नसक्ने गरेको छ।

यसै संहिताको दफा २५ को उपदफा (३) ले बल प्रयोग गर्दा आवश्यक पर्ने मनासिब बल भन्दा बढी बल प्रयोग गर्नमा रोक लगाएको छ।निजी रक्षाको अधिकार प्रयोग गर्दा त्यस्तो रक्षा गर्नको लागि आवश्यक पर्ने मनासिव बलभन्दा बढी बल प्रयोग गर्न नसकिने गरी रोक लगाएको छ।

संहिताको दफा २६ ले निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार नहुने गरी उपदफा (१)मा व्यवस्था गरेको छ।तर यसका केही प्रावधानहरु छन् जस अन्तरगत अरुको ज्यान जान सक्छ। यस दफाको उपदफा (२) को (क) देखि (च) सम्म त्यस्तो व्यवस्था गरिएको छ। खासगरी (च) मा कुनै व्यक्तिको व्यक्तिगत सुरक्षा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको संगठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेमा कसैको ज्यान गएमा त्यस्तो काम कसूर मानिने छैन भनी उल्लेख गरेको छ।यस प्रावधान आवश्यक वस्तु संरक्षण ऐन २०१२ संग मिल्दो रुपमा रहेकोछ।यो ऐनमा पनि क्रमशः घुडामुनी गोली हानी अशक्त (Incapacitated) गराउने भन्नेछ। मृत्युवरण हुने गरी गोली प्रहार त अन्तिम सहारा मात्र हो।

भदौ २३ गते बानेश्वरको संसदभवन परिसर बाहिर प्रहरीको गोली प्रहारबाट प्रदर्शनकारीको मृत्यु हुन

गएकोमा अपराध संहिताको दफा २६ को उपदफा(२) अन्तर्गतका निजी रक्षाको अधिकार प्रयोग गरेर बचाउको प्रावधान अनुसार सरकारी पक्षबाट गोली प्रहार भएको अवस्था देखिन र पुष्टि हुन आएन।

माथि उल्लेख गरिए अनुसार संहिताकै दफा २६ को उपदफा (१)ले ***निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन*** भनी संविधानको धारा १६ ले प्रदान गरेको प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारलाई यस कानूनी प्रावधानले पनि प्रत्याभूत गरेको छ।

संविधानको धारा १६ ले प्रदान गरेको बाँच्ने पाउने अधिकार र धारा १७ ले प्रदान गरेको बिना हतियार शान्तिपूर्व भेला हुने स्वतन्त्रतालाइ सरकारले मुखरित गर्नु पर्नेमा भदौ २३ गते सरकारको काम कारबाहीबाट नागरिकको उक्त अधिकारहरु अपहरण हुन पुगेकोछ।

भदौ २३ गते संसदभवन क्षेत्र बानेश्वरमा कलिला वालवालिका समेतलाइ गोली हानेर मार्न लगाएको आम आरोप लागिरहेकोमा तत्कालीन प्रधानमन्त्री र गृह मन्त्रीले आफूहरुले गोली हान्ने आदेश दिएको छैन भन्दै आइरहनु भएको पाइन्छ। प्रधानमन्त्री र गृह मन्त्री लगायत कुनै पनि राजनीतिक पदाधिकारी तथा अन्य प्रशासनिक अधिकारीलाई समेत शान्तिसुरक्षा कायम गराउन गोली हान्ने अधिकार कुनैं कानूनले प्रदान गरेको देखिदैन।उनीहरुकै आदेशले गोली हानिएको भन्ने पनि होइन।

नेपालको विद्यमान कानून अनुसार पनि स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाइ मात्र गोली हान्ने आदेश दिन सक्ने अधिकार प्रदान गरेको छ।गोली हान्ने अधिकारको आदेश बमोजिम अन्तिम कार्यान्वयन भने फिल्डमा रहेका हतियारधारी प्रहरी अधिकृत तथा जवानहरुले गर्दछन्।

प्रहरी सुरक्षाकर्मीहरु र प्रशासकीय अधिकारीहरु प्रधानमन्त्री अन्तर्गत गृह मन्त्रालय र प्रधानमन्त्री स्वयंको प्रत्यक्ष नियन्त्रणमा हुन्छन्।गोली चल्न शुरु भएपछि गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्री समेतलाइ खवर गरेको भनेका छन्। १२:१५ बजे लगभग गोली शुरु भएपछि झण्डै ४ घण्टा गोली चलिरह्यो।त्यो पनि संसद भवन परिसर वरिपरि। गोली लागेका विरामीले सिभिल अस्पताल, ट्रमा सेण्टर, वीर अस्पताल, केएमसी, एभरेष्ट अस्पताल भरिएर विरामी राख्ने ठाउँ थिएन।तमाम मिडियाबाट खवर प्रशारित थिए। तर सरकार प्रमुख प्रधानमन्त्री र उनको गृहमन्त्रीले भने गोली रोक्नेतिर कुनै प्रयास गरेको देखिन आएन।

गोली हान्न आदेश नदिएको भन्ने तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले संसदभवन परिसर क्षेत्रमा चार घण्टा भन्दा बढी सम्म गोली चलि रहँदा पनि बल रोक्ने प्रयास गरेको देखिदैन।

निजहरुले शासकीय अधिकार प्रयोगमा देखाएको उदाशीनतालाई के कस्तो खालको कसूर हो भनी हेर्नु पर्ने हुन आयो। निजहरुमाथि के कस्तो अभियोग लाग्न सक्ने हो वा अभियोग नै लाग्न नसक्ने भन्नेतिर हेर्दा निम्न अवस्था देखिन आयोः

बानेश्वर संसदपरिसर सडक पेटीमा जेनजी प्रदर्शनकारीहरु र प्रहरीबीच भीडन्त भइरहेको थियो। त्यस बेलामा प्रहरीहरुको ज्यान खतरामा पर्न लाग्यो भन्ने सेटबाट खवर पाए पछि ***"कर्फ्यु लागि सकेको,आदेश माग गरी राख्नु नपर्ने, आवश्यक बल प्रयोग गर्ने"*** भनी भाद्र २३ गते १२:४० बजे प्रहरीको PETER 1 सन्चार सेटबाट तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले (सज २७) आदेश दिएका थिए। उनकै आदेश पश्चात सुरक्षाकर्मीहरु अन्तिम बल प्रयोग गर्न अग्रसर देखिए, त्यसको अनुसरण गर्दै काठमाडौं जिल्ला प्रहरी प्रमुखले समेत Kilo 1 सन्चार सेटबाट पटक पटक बल प्रयोग गर्न आदेश दिए। उपत्यका प्रहरी कार्यालय रानीपोखरीका कार्यबाहक प्रमुख रहेका डीआइजी ओमबहादुर रानाले पनि सेटबाट बल प्रयोग गर्न आदेश दिए। एकातिर प्रहरी महानिरीक्षकको बल प्रयोग वारे कुनै भूमिका नरहने र कानूनी अधिकार पनि नभएको भनी वयान दिंने तर भदौ २३ गते सन्चार सेटबाट उनले आदेश दिएपछि नै बल प्रयोग हुन थाल्यो। अनि घातक गोली चलेर प्रदर्शनकारीहरुको मृत्यु तथा घाइतेको संख्या बढेको देखिन्छ।

भदौ २४ मा उपत्यका भित्र र उपत्यका बाहिरका विभिन्न प्रहरी कार्यालय तोडफोड,आगजनी र प्रहरी कार्यालयमाथि आक्रमण हुँदा र हतियार लुट्न लाग्दा प्रहरीहरुलाई डटेर मुकाबिला गर नभनी सुरक्षित भएर रहन तथा वल प्रयोग गर्न परे अश्रुग्याँस सम्म प्रयोग गर्न र थुनुवाहरुलाइ लगत राखेर छाडि दिन आदेश दिए पछि नै प्रहरीहरु कमजोर हुन थाले। ठाउँठाउँमा प्रहरी माथि आक्रमण हुन थाले। कार्यालयहरु जलाउन थालियो र हतियार लुटियो। देशनै राज्य विहीनको अवस्थामा पुगेको थियो।

यस्तो आदेश दिनेमा तत्कालीन प्रहरी महानिरीक्षक खापुङ नै थिए। प्रहरी, प्रहरी कार्यालय र हतियार सुरक्षित रहन नसक्नुमा यिनको पनि भूमिका देखिन आयो ।

प्रधानमन्त्री भनेको त देश चलाउने राजनेता हो। देशमा कहाँ के भइरहेको छ र किन भईरहेको छ ? भन्ने जान्ने अधिकार रहेका पदाधिकारी हुन् उनी। देशमा कहाँ के भइरहेको छ भनेर तुरुन्तै सूचना पाउँने पहिलो अधिकारीमा पर्दछन् उनी। त्यसैपनि प्रधानमन्त्रीले देश विदेशमा के भइरहेको छ भनी सूचना पाउँदछन्। झन् नेपालको हकमा त देशको एकमात्र गुप्तचरी निकाय राष्ट्रिय अनुसन्धान विभाग प्रत्यक्ष उनकै मातहतमा राखिएको छ। त्यसैले प्रधानमन्त्री बानेश्वरमा संसदभवन परिसरबाट गोली प्रहार भएर १७ जनाको मृत्यु भइसकेको र हजारौं प्रदर्शनकारी घाइते भएकोमा जानकार रहेको मान्नु

पर्दछ। त्यतिका प्रदर्शनकारीहरुको मृत्यु र घाइते भइसक्दा पनि रोक्ने यथेष्ट प्रयास गरेको देखिँदैन।

यो घटनामा गोली प्रहारबाट अधिकांश निहत्था प्रदर्शनकारीहरुको मृत्यु भएकोमा अन्तरराष्ट्रिय कानूनले के भन्दछ त भनी हेर्दा निम्न अवस्था देखिन आउँछः

<u>मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुः</u>

**क) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा** १९ विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र धारा २०(१) शान्तिपूवर्क भेला हुने अधिकार रहेको छ। ती अधिकारको पनि यो घटनामा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ का माथि लेखिएका धाराहरुको उल्लंघन गरिएको छ।

**ख) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि/प्रतिज्ञापत्र (ICCPR) १९६६ को** ***धारा ६ ले जीवनको अधिकार, धारा १९ ले अभिव्यक्तिको स्वतन्त्रता र धारा २१ ले शान्तिपूवर्क भेला हुने अधिकारको*** प्रत्याभूति गरेको पाइन्छ।
त्यस्तै **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि/प्रतिज्ञापत्र (ICCPR) १९६६ को** माथि उल्लेखित धारा ६,१९,२१ को पनि उल्लंघन भएकोछ।

**नेपालको संविधानको धारा ५१ राज्यका नीतिहरु मध्ये उपराधारा क (यी मध्ये केहीको परिपालनामा कमी भएको), त्यस्तै विशेषतः उपधारा (ख)(२)) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने व्यवस्थाको पालना नभएको** भन्ने तर्फ हेर्दा नेपाल सरकारको भदौ २३ गते संसदभवन परिसर बाहिरका अधिकांश निहत्था प्रदर्शनकारी माथिको गोली प्रहारबाट विधिको शासन कायम राख्न नसकेको देखिन्छ।

संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको सामान्य टिप्पणी नं. ३१ अनुसार नेपालले निम्न दायित्वहरू पूरा गर्नैपर्ने मान्यता स्थापित गरेको देखिन्छः

General Comment No. 31 [80]
The Nature of the General Legal Obligation Imposed on States Parties to the Covenant Adopted on 29 March 2004 (2187th meeting)

- सुरक्षा निकायहरूद्वारा हुने उल्लङ्घनहरू रोक्नुपर्ने।
- हत्या भएका घटनाहरूको छिटो र स्वतन्त्र रूपमा अनुसन्धान गर्नुपर्ने।
- दोषी व्यक्तिहरूलाई अभियोजन वा अनुशासनात्मक कारबाही गर्नुपर्ने।

❖ पीडितका परिवारलाई प्रभावकारी उपचार (remedies) प्रदान गर्नुपर्ने।

घटना घटेको बेलाको सरकार प्रमुख प्रधानमन्त्रीले राजीनामा दिई हटिसकेकाले त्यो सरकारले छनविन गराउने अवस्था नै भएन। पछि बनेको सरकारले भदौ २४ को घटनामा केही पछि अभियोजन गराउन थाल्यो। जाँचबुझ आयोग तुरुन्तै गठन गरेर घटनाको छानविन यस आयोगले गरिरहेको छ। माथि उल्लेखित प्रावधानहरु प्रधानमन्त्री, गृहमन्त्री वा अन्य उच्च पदस्थ अधिकारीहरूले प्रत्यक्ष रुपमा बल प्रयोग वा गोली हान्न आदेश नदिएको अवस्थामा पनि लागू हुन्छ।

माथि उल्लिखित प्रावधान अनुसार **सुरक्षा निकायहरूद्वारा ती प्रावधानहरुको उल्लङ्घन** प्रत्यक्षरुपमा नै हुन गएको छ। घाईतेहरुको सरकारले निःशुल्क उपचार गरायो। भदौ २३ र २४ गतेका घटनाका पीडित र मृतकका परिवारहरुसंग सम्झौता गरी निश्चत आर्थिक सहयोग उपलब्ध गरायो। जेन-जीहरुसंग १० बुँदे सम्झौता गरेको छ। जेन-जी परिषद गठन गरेको छ। भदौ २३ गतेकै के पी ओली मन्त्रिपरिषद्को वैठकबाट २३ गतेको घटनाको छानविन गर्न न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको भनिदै आएको पाइन्छ। तर त्यसदिनको मन्त्रीपरिषद्को वैठकको निर्णयमा न्यायिक आयोग गठन गर्ने सम्बन्धी निर्णय गरेको देखिएन।

हत्याको अनुसन्धान र अभियोजनतिर नयाँ सरकारले पनि सुरुमा ध्यान दिएन। यसै जाँचबुझ आयोगको प्रतिवेदनपछि भदौ २३ र २४ गतेको घटनाको अनुसन्धान तहकिकात गरिने भनेर सरकारले विज्ञप्ति निकाल्यो। फौजदारी वारदातमा अनुसन्धान तहकिकात गर्न र अभियोजन गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने भनेर यस आयोगले २०८२ असोज २१ गते सरकारलाई तत्कालै जानकारी गराएको थियो। त्यसपछि केही अनुसन्धान तहकिकात भएको पनि पाइन्छ। तर सरकारको अनुसन्धान शैलीप्रति आमनागरिकहरु निकै सशंकित पायौं। शुरुमा पक्राउ परेका संदिग्ध अभियुक्तहरु पनि केही दिनपछि हाजिर जमानीमा छुटे। जुन राष्ट्रिय र अन्तरर्राष्ट्रिय कानूनको विपरीत छ। प्रहरीले अनुसन्धान र अभियोजन नगरीनै ती अभियुक्तहरुलाइ छाडिदिंदा विधिको शासनको ठूलो उपहास हुन गएको छ। यसमा सरकारको पूर्ण लापरबाही देखियो।

जब राज्यका कार्यकारी प्रमुखहरू अनुमानित हानि रोक्न सक्दैनन्, अधीनस्थहरूलाई नियन्त्रण गर्दैनन् र जवाफदेहिता सुनिश्चित गर्दैनन्, जसले गर्दा हिंसाको अवधिमा नागरिकहरूको सुरक्षा गर्ने आफ्नो मौलिक कर्तव्यको उल्लंघन हुन जान्छ अनि दायत्व सुरु हुन्छ। भदौ २३ को घटनालाइ अन्तरराष्ट्रिय

संस्था Human Rights Watch ले यसरी टिप्पणी गरेको पाइन्छ

Police in Nepal used excessive, unlawful, and lethal force against "Gen Z" protesters in September 2025, resulting in at least 19 deaths and hundreds of injuries. Demonstrations erupted over corruption, a social media ban, and economic frustration. Watchdogs demand immediate, independent investigation.

Human Rights Watch found that police indiscriminately fired on protesters multiple times over three hours, killing seventeen people in Kathmandu who had been demonstrating against corruption in politics and a sweeping social media ban imposed four days earlier at a "Gen Z" protest in the capital, Kathmandu, on September 8. This sparked a second day of violence on September 9, but security forces appeared to fail to act when groups of people, some apparently not linked to the Gen Z protest, set fire to prominent government buildings; assaulted politicians, journalists, and others; and attacked schools, businesses, and media companies. (Human Rights Watch. November 19, 2025)

**भाद्र २३ गते संसद परिसर वरपर भएको घटनामा राज्यबाट निम्न त्रुटि भएको पाइन्छः**

- अधिकांश प्रदर्शनकारीहरु निशस्त्र हुनु ।
- बन्दुक जस्तो गम्भीर हतियारको प्रयोग हुनु र धातुको गोली चल्नु ।
- हतियार प्रयोग हुनुअघि सबैले सुन्ने गरी प्रभावकारी रुपमा चेतावनी नदिइनु, गोली चलाउनु अघि अन्य नरम उपाय (पानीको फोहरा, लाठी, व्यारिकेड, हवाइ फायर,वार्ता आदि) ठीकसंग र पर्याप्त मात्रामा नअपनाउनु।
- राज्यद्वारा मानवाधिकारप्रतिको उत्तरदायित्वको उल्लंघन (प्रहरी, सशस्त्र प्रहरी, सेना, प्रशासनिक नेतृत्व, कार्यकारी नेतृत्व)हुनु।

- यी माथि उल्लेखित चार कारणहरुमा प्रदर्शनकारीहरु अपवाद बाहेक निशस्त्र थिए। प्रहरीबाट बन्दुक जस्तो गम्भीर हतियारको प्रयोग भएर गोली चलेको थियो। संसद भवन सुरक्षार्थ खटिएको नेपाल प्रहरीको स्पेशल टास्क फोर्स STF, को (ROI) Rule of Engagement जस्ता हतियारधारीले पालना गर्नुपर्ने विधि र प्रकृया नै नअपनाएको पाइयो। राज्यद्वारा मानवाधिकारप्रतिको उत्तरदायित्वको उल्लंघन देखादेखी भएको पाइयो।

<u>**भदौ २३ गतेको घटनामा जवाफदेहीताको सवालहरुः**</u>

**विरोध प्रदर्शनको स्वरुप** सुरुमा शान्तिपूर्ण नै थियो। बानेश्वरमा ब्यारिकेड तोडेर जुलुस संसद परिसरको दक्षिण ढोकामा पुगेपछि भने प्रहरीको पानीको फोहरा, अश्रुग्याँस र रबरको गोलीको बदलामा प्रदर्शनकारीहरुले सुरक्षाकर्मीहरुमाथि इटा ढुंगा प्रहार गर्न थाले।

संसद परिसरबाहिरका प्रदर्शनकारी माथि कर्फ्यु लाग्नु अगावै करिब १२:१५ बजेबाट बल प्रयोग हुन थाल्यो। घटनास्थल नजिकै रहेको सिभिल अस्पतालमा पहिलो घाइते १२:०७ बजेमा र अन्य घाइतेहरु १२:१५ बजेबाट आउन थालेको भन्ने सिभिल अस्पतालको CCTV footage र चिकित्सकहरुको भनाई देखिन्छ। बाह्र बजे पश्चात् नै केही प्रदर्शनकारी हताहत र घाइते भइ सकेको र विभिन्न अस्पतालमा गोली लागेका सयौं घाइतेलाई उपचारार्थ पुराई सकेको खबर सन्चार माध्यमबाट बाहिरी सकेको थियो।

त्यसरी प्रहरीको गोली लागेर मृत्यु भएको र सयौं घाइते भएकोमा सरकारी निकाय जिल्ला सुरक्षा समिति,केन्द्रीय सुरक्षा समिति, राष्ट्रिय सुरक्षा परिषद् कुनै पनि अंगले रोक्न लगाउने, बढी मानवीय क्षति हुन नदिनेतर्फ दिँउँसै कुनै कदम चालेको पाइदैन। काठमाडौंका प्रजिअ,गृह सचिव, दुई प्रहरी महानिरीक्षकहरु, राष्ट्रिय अनुसन्धान प्रमुख, गृहमन्त्री र प्रधानमन्त्री बीच मानवीय क्षति कसरी रोक्ने भन्ने तिर कुनै सल्लाह परामर्श भएको देखिन आउँदैन। अत्यधिक गोली प्रहार रोक्नतिर चासो नै नदेखाएर उदासीन रहेकाले पनि राजनीतिक नेतृत्व र प्रशासनिक तथा प्रहरी अधिकारीहरु समेत पूर्णरुपमा २०८२ भदौ २३ मा संसदपरिसर क्षेत्रमा भएको मानवीय हताहत र घाइते हुने अवस्था आउनमा जिम्मेवार मानिने अवस्था छ।

प्रधानमन्त्री र गृहमन्त्री जस्ता जिम्मेवार व्यक्तिहरुले २३ गतेको घटनामा मेरो ***"प्रत्यक्ष आदेश थिएन" भन्नु बचाउको कारण हुन सक्तैन किनभनेः*** नेपाली संवैधानिक, कानूनी र नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय मानवअधिकार सम्बन्धी माथि उल्लेखित कानूनी मापदण्डअनुसार कार्यकारी र

अन्य अधीनस्थ नेतृत्वहरु यसकारण जिम्मेवार हुन्छन्ः

- परिणामहरू अनुमान गर्न सकिने अवस्थामा रहेको थियो।
- प्रहरीको सशस्त्र बललाई नियन्त्रण गर्न सरकार असफल रहेको थियो।

आयोगलाई प्राप्त कार्यदिश अन्तर्गत मिति २०८२ भदौ २३ गते जेन्जी (Gen-Z) युवा पुस्ताद्वारा सञ्चालित प्रदर्शनको क्रममा भएको घटनाबाट हुन गएको मानवीय क्षतिमा मानव अधिकारको उल्लंघनको कार्य समेत भएको देखिन आएकोछ। सो दिनको घटना र मानवीय क्षतिसमेत सत्यतथ्य पत्ता लगाउनु पर्ने यस आयोगको कार्य रहेकोछ।

मानव अधिकार मानिसलाई मानिस भएर मर्यादित रुपमा बाँच्नका लागि आवश्यक पर्ने अधिकार हुन्। त्यस्ता अधिकारहरुलाई मानव जातिको अन्तर्निहित, जन्मसिद्ध र अहरणीय अधिकारका रुपमा लिइन्छ। यस अन्तर्गत मानिसका विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि अधिकारहरु पर्दछन्। हाम्रो मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारलाई "व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा निहित अधिकार सम्झनु पर्छ" भनी परिभाषित गरेको छ। मानव अधिकारलाई प्राकृतिक अधिकार, मौलिक अधिकार, संवैधानिक अधिकार, कानूनी अधिकार, नैसर्गिक अधिकार इत्यादि जुनसुकै नाममा परिभाषित गरिएतापनि यसको केन्द्र विन्दु भनेको मानवीय मूल्य, मान्यता र जीवनको अधिकारनै हो। यस अर्थमा मानवलाई मानवीय मूल्य र मर्यादामा बाँच्नको लागि चाहिने आधारभूत अधिकार नै मानव अधिकार हो भन्न सकिन्छ । अभ्यासका क्रममा त्यस्ता अधिकारहरुलाई वहुपक्षीय, दुई पक्षीय, अन्तर्राष्ट्रिय, क्षेत्रीय स्तरका विभिन्न घोषणा एवं सन्धि-सम्झौता, सहमति पत्रद्वारा उदघोषित गर्दै लेखबद्ध गरिएको पाइन्छ। साथै राष्ट्रिय स्तरमा संविधान र कानूनद्वारा पनि ती अधिकारलाई सम्बोधन गरेको पाईन्छ।

प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गर्ने लक्ष सहित तयार भएको नेपालको संविधानको भाग ३ अन्तर्गत धारा १६ देखि ४५ सम्म ३० वटा मानव अधिकारका कुराहरुलाई सबैधानिक प्रत्याभूति प्रदान गरिएकोछ। ती हकको हनन् भएमा संवैधानिक उपचार पाउने व्यवस्थासमेत धारा ४६ ले गरेको छ ।जसमा धारा १७ ले कानून वमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने, सोही धारा अन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता,विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत गर्ने स्वतन्त्रता आदि परेका छन्। धारा १८ ले समानताको हक,धारा १९ ले सञ्चारको हक प्रदान गरेको छ। जसमा छापाखाना

र पत्र पत्रिका सम्बन्धी हक, धारा २० ले न्याय सम्बन्धी हक, १४ ले फौजदारी न्याय सम्बन्धी हक, धारा १५ ले निवारक नजरबन्द विरुद्धको हक, धारा १६ ले सूचनाको हक, धारा २५ ले सम्पत्ति सम्बन्धी हक, धारा १८ ले संस्कृति तथा शिक्षा सम्बन्धी हक, धारा २५ ले धार्मिक स्वतन्त्रताको हक, धारा २९ ले शोषण विरुद्धको हक, धारा ४५ ले देश निकाला विरुद्धको हक, आदिको प्रत्याभूति प्रदान गरेको छ ।

त्यस्तै, नागरिक अधिकार ऐन, २०१२, मानव अधिकार आयोग ऐन, २०५३, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, बालबालिका सम्बन्धी ऐन, २०४८, कारागार ऐन, २०१९ ले पनि मानव अधिकार संरक्षणको सम्बन्धमा विविध व्यवस्था गरेको पाईन्छ। यसको अलावा १८ वटा अन्तर्राष्ट्रिय मानव अधिकार सम्वन्धी सन्धिहरु, ९ वटा अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरु, २२ वटा सार्क राष्ट्र बीचको सन्धिहरुको नेपाल पक्ष बनेको छ। सन्धिहरुको कानून विषयक १९६९ को भियना सन्धिको धारा २६ ले सन्धिका पक्ष राष्ट्रलाई सन्धिको इमान्दारीपूर्वक पालना गर्नु पर्ने दायित्व तोकिदिनुका साथै ऐ. सन्धिको धारा ४६ मा राष्ट्रिय कानूनको व्यवस्थासंग बाझिएको आधारमा अन्तर्राष्ट्रिय सन्धिलाई अवैध घोषित गर्न पाईँदैन भन्ने उल्लेख छ। त्यसै गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपालको कानूनसंग बाझिएमा सन्धिको प्रचलनको लागि नेपाल कानून अमान्य हुने भएकाले सन्धिको व्यवस्था नै नेपाल कानून सरह लागू हुने व्यवस्था गरेको छ। यसबाट व्यक्तिको जीवन, स्वतन्त्रता, समानता, मर्यादित र सम्मानपूर्वक रहन पाउनु नै मानवको मानव अधिकारको मूलभूत क्षेत्र रही आएको देखिन्छ ।हाम्रो देश अर्थात् राज्यले मानव अधिकारलाई कति महत्व दिएको छ भन्ने यसबाट प्रष्ट हुन आउँछ।

नेपालको संविधानको धारा १७(२)(ख) ले प्रदान गरेको शान्तिपूर्वक भेला हुने र आफ्ना विचारहरु व्यक्त गर्न पाउने मौलिक मानव अधिकार अनुरुप जेन-जी पुस्ताहरुद्वारा भ्रष्टाचार र सामाजिक सन्जाल बन्द विरुध्द २०८२ भदौ २३ गते आन्दोलन गरिएको भन्नेमा विवाद गर्नु पर्ने अवस्था देखिदैन।

राज्य पक्षद्वारा अधिकांश निशस्त्र प्रदर्शनकारीमाथि ज्यादती भयो भन्ने कुरा राष्ट्रिय मानव अधिकार आयोगको भदौ २३ र २४ गतेको घटना सम्बन्धी छानविनको प्रारम्भिक प्रतिवेदन मूल्यांकनबाट समेत देखिन आएको छ ।

***शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीहरुद्वारा व्यापक रुपमा गोली, अश्रुग्याँस, लाठी प्रहार गरिएको र जनधनको क्षति हुन गएको छ। जसको फलस्वरुप प्रदर्शनमा भाग लिएका १७ जना संसदपरिसर बाहिर त्यसै दिन र राजधानी बाहिर २ व्यक्तिहरुको राज्यद्वारा गैर कानूनी तवरले हत्या गरिएको आरोप लागेको पाइन्छ। सोही दिन घाइते भएका १२ जनाको पछि मृत्यु भएको थियो। काठमाडौं उपत्यकामा***

*३७ जना प्रदर्शनकारीको मृत्यु भएको थियो।*

सुरक्षाकर्मीको गोली लागि वा अन्य कारणले १०८४ प्रदर्शनकारी घाइते भएका थिए। भदौ २३ र २४ को घटनामा १६१८ प्रहरीहरु घाइते भएका थिए भने ३ जना प्रहरी कर्मचारीको प्रदर्शनकारीबाट नृशंशरुपले हत्या भएको थियो। विभिन्न प्रकारका हतियारबाट ७८७३ राउण्ड गोली खर्च भएको थियो। एसएलआर अर्धस्वचालित हतियारबाट १०८१ गोली फायर भएको थियो।

टाउको,छाति र पेटमा घातक गोली लागेर प्रदर्शनकारीको मृत्यु भएको शव परीक्षणबाट खुल्न आएको छ। गोली लागि मर्ने र घाइते हुनेमा जेनजी पुस्ताका किशोरहरु समेत रहेका छन्। त्यसरी अत्यधिक मात्रामा नागरिकहरु घाइते भएको र ती मध्ये गोली प्रहारबाट घाइते भएको अवस्था समेत देखिन आएबाट कर्फ्यू र निषेधित क्षेत्र उल्लंघन गरिएको भन्ने बहानामा चरम दमन भएको स्थिति समेत प्राप्त तथ्यको विश्लेषण र श्रव्य दृष्यको सामग्रीहरुबाट समेत देखिन आएको छ। कर्फ्युमा समेत गोली प्रहार गर्न प्रजिअले आदेश समेत दिन सक्ने भन्ने धारणा र ठम्याईले गोली हान्ने आदेश मैले दिएको छैन भनी प्रजिअले बयान गरेको पाइन्छ। कसको आदेशमा गोली प्रहार भएको भनी कुनै प्रहरी र अधिकृतसमेतले भनेको पाइँदैन।

राज्यद्वारा गरिएका हरेक कृयाकलाप राज्यको मूल नीति अन्तर्गत पर्ने हुन्छन्। राज्यमा घटेका प्रत्येक जस अपजसको जवाफदेहिता र जिम्मेदारी पनि राज्य संचालनको जिम्मा लिने नीति निर्माणकर्ता र त्यसलाई कार्यान्वयन गर्ने शासनको शीर्ष तहसम्म रहन जान्छ। त्यस्तो जवाफदेहिता राज्य संचालन गर्ने नीति निर्माणकर्ताहरु सामूहिक रुपमा र आफ्नो तहवाट गरेको कार्यको सम्वन्धमा पदीय हिसावले व्यक्तिगत रुपमा समेत जिम्मेदार हुन्छन् ।

यस परिप्रेक्ष्यमा मिति २०८२ भदौ २३ गते देशमा भएको जनधनको क्षति, मानव अधिकार उल्लंघनका घटनामा राज्य सञ्चालक तहमा रहेका तत्कालीन सरकारका प्रधानमन्त्री के पी ओली र गृहमन्त्री रमेश लेखकसंग आयोगले उपर्युक्तानुसार राज्यद्वारा गरिएको मानव अधिकार उल्लंघन लगायत संसद भवन परिसरबाहिर २३ भदौमा चलेको गोलीका सम्बन्धमा सोधपूछ गरेको थियो। सो सोधपूछमा आफूहरुले गोली हान्न दिने कानून नै नभएको, गोली हान्न आदेश नदिएको र थाहा नभएको भनी जवाफ दिनु भएको ***पाइन्छ। बानेश्वर एभरेष्ट होटल अगाडि प्रहरीको ब्यारिकेड तोडेपछि गृहमन्त्रीले सिलसिलेवार रुपमा वल प्रयोगगरी स्थिति नियन्त्रण गर्नू भनी निर्देशन आफूलाई दिनु भएको*** भनी प्रजिअ छविराज रिजालले यस आयोगमा दिएको बयानमा उल्लेख गरेका छन्।

कानून कार्यान्वयन गर्ने अधिकारीले गर्ने वल तथा गोली गठ्ठाको प्रयोग सम्बन्धी राष्ट्र संघीय आधारभूत सिद्धान्त, १९९० ले व्यवस्था गरेका अन्तर्राष्ट्रिय मान्यता र प्रचलित राष्ट्रिय कानूनले

व्यवस्था गरेका प्रकृया र विधि समेतको नेपाल सरकार र सुरक्षा निकायहरुले पालना गरेको पाइएन।

राजनीतिक पदाधिकारीहरु, सुरक्षासंग सम्बन्धित प्रशासनिक पदाधिकारीहरु र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग लगायतका प्रमुख, मातहतका अधिकृत र प्रहरी जवानहरुसमेतको सो घटनामा काम कारबाही र अपनाउनु पर्ने सतर्कता लगायतका कमी कमजोरीहरुको माथि नै विवेचना गरिसकिएकोछ।

२०८२ भदौ २३ गतेको संसद परिसर क्षेत्र बानेश्वरमा घटेका घटनामा जवाफदेही हुनेहरु उपर कुन अभियोग लाग्न सक्ने अवस्था छ र कुन कानून लाग्ने हो भन्ने सम्बन्धमा हेर्नु पर्ने हुन आयो। त्यसतिर हेर्दा **हत्या र अवैध बल प्रयोगका लागि केही पदाधिकारीहरुका सम्बन्धमा मुलुकी अपराध संहिता अन्तर्गतका कसूरहरु** आकर्षित हुन आउने देखियो।

२०८२ भदौ २३ गतेको संसदभवन परिसर क्षेत्र बानेश्वरमा भएको यो घटनामा मुख्यतः ती पदाधिकारीहरुको **लापरबाहीपूर्ण (Reckless) र हेलचेक्र्याई ( Negligence)** को कारणले मृत्यु हुन गएको देखिन आयो।

संहितामा रहेको **लापरबाहीपूर्ण (Reckless) र हेलचेक्र्याई ( Negligence)** को परिभाषा के रहेछ भनी हेर्दा पहिलो शब्द ***<u>लापरबाही (Reckless)</u>*** का सम्बन्धमा मुलुकी अपराध संहितामा भएका कानूनी व्यवस्थातिर हेर्दा मुलुकी अपराध संहिता,२०७४ को दफा १८१ मा ***<u>लापरबाहीपूर्ण Reckless काम गरी ज्यान मार्न नहुने</u>*** प्रावधान रहेकोछ। लापरबाही भनेको के हो भनी हेर्दा निम्न अनुसार परिभाषा गरेको देखिन आयो:

**<u>लापरबाहीको शाब्दिक अर्थ (Dictionary Meaning of Recklessness)</u>**

**नेपाली वृहत् शब्दकोशः** कस्तो कार्यलाई लापरबाही भनिन्छ त भनी हेर्दा पर्बाह नहुनाको भाव वा अवस्था, मुनासिब माफिकको होसियारी वा विवेक नभएको अवस्था भनी नेपाल प्रज्ञा प्रतिष्ठानको नेपाली वृहत् शब्दकोशले अर्थ बताएको छ।

**Advanced Oxford Dictionary:** एडभान्स अक्सफोर्ड शब्दकोशले बिशेषणको रुपमा **"लापरवाह"** शब्दको अर्थ कुनै कार्यको परिणामको बारेमा पूर्ण रूपमा बेवास्ता गर्नु, सावधानी नअपनाउनु, खतराको बारेमा लापरवाह हुनु भन्ने हुन्छ। यसका पर्यायवाची शब्दहरु; अविवेकी, लापरवाह, खतरापट्टि ध्यान नदिने, नतिजातर्फ पटक्कै ध्यान नदिने भनी अर्थ लगाएकोछ।

**<u>न्यायिक दृष्टिकोणः</u>**

**Duckers v. Lynch** को मुद्दामा **"लापरवाह"** के हो भन्ने सम्बन्धमा व्याख्या गरेको पाईन्छ। यसमा लापरबाहको अर्थ जोखिमको हिसाब नगर्ने, बेवास्ता गर्ने, आफूले गरेको कामबाट आउनसक्ने खतरनाक परिणामप्रति उदासीन रहने भनेको छ। लापरवाहको आचरण भनेको जीवन वा सुरक्षाको लागि खतरा हुने परिस्थितिमा आउनसक्ने परिणाममा बेवास्ता गर्ने वा उदासीनता देखाउने हुन्छ यद्यपि कुनै हानिको उद्देश्य भने नहुन सक्छ।

**Boswell v. State** को मुद्दामा **"लापरवाह"** भनेको स्वेच्छाले अनुचित वा गलत कार्य गर्नु, लापरवाह ढँगले अरूको अधिकारको उपेक्षा गर्नु, विद्यमान अवस्थाको ज्ञान हुँदाहुदैपनि उचित वा विवेकपूर्ण कार्य गर्नबाट स्वेच्छाले रोक लगाउनु, जसको कारण आफूले गर्नुपर्ने कुनै पनि हेरचाहको पूर्ण त्याग गर्दछ, र त्यसबाट उत्पन्न हुने जोखिमयुक्त परिणामप्रति बेवास्ता गरी दुर्घटना गर्ने उद्देश्य बिना नैं दुर्घटना हुने मौका सृजना हुन्छ ।[215]

**Pape v. Time** को मुद्दामा प्रतिवादीले आफ्नो प्रकाशनको सत्यताको बारेमा गम्भीर शंका व्यक्त गरेको निष्कर्ष निकाल्न पर्याप्त प्रमाण उपलब्ध भएमा वा सूचनादाताको सत्यता वा उसको प्रतिवेदनको शुद्धतामा शंका गर्ने स्पष्ट कारणहरू भएमा, प्रकाशनमा वास्तविक द्वेष देखाउन "लापरवाह अवहेलना" आकर्षित हुने देखिन्छ।[216]

दोस्रो शब्द **<u>हेलचेक्र्याईको शाब्दिक अर्थ ((Dictionary Meaning of Negligence)</u>** यस प्रकार पाइयोः

**नेपाली वृहत् शब्दकोशः** अनुसार हेलचेक्र्याई अर्थात् अंग्रेजीमा (Negligence) भनेको के हो त भनी हेर्दा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित यस शब्दकोश अनुसार ***हेलचेक्याई भन्नाले जरुरी काम कुरामा पनि ध्यान नदिने प्रवृत्ति, उपेक्षा, बेवास्ता, हेप्ने काम वा बानी, अटेर्याई भनी*** अर्थ लगाएको पाइन्छ।

**Black's Law Dictionary:** Black Law Dictionary का अनुसार हेलचेक्याई शब्दले त्यो कानुनी अपराधलाई जनाउँछ जुन कुनै व्यक्तिले आफूले देखाउनुपर्ने हेरचाह प्रदर्शन गर्न असफल हुँदा हुने गर्दछ, चाहे त्यो सानो, साधारण होस् वा ठूलो होस् । यसमा मुख्यतया अनजान, विचारहीनता, बेवास्ता, र यस्तै प्रकारका विशेषताहरू हुन्छन् जबकि "मन नलाग्ने" वा "लापरवाही" भनेको जानाजानी गरिन्छ । हेलचेक्याईको कानून निश्चित अस्थाका सबै परिस्थितिहरूमा उचित आचरण वा उचित हेरचाहमा आधारित छ। हेलचेक्याईको सिद्धान्त प्रत्येक व्यक्तिको कर्तव्यमा निहित छ कि उसले अरूलाई चोट लाग्नबाट जोगाउन आफ्नो व्यवहारमा उचित सावधानी अपनाउनु पर्छ ।

**न्यायिक दृष्टिकोणः**

---

[215] *Boswell v. State, 250 Ind. 607, 238 N.E.2d 283, 286*

[216] *Pape v. Time, Inc., D.C.Ill., 294 F.Supp. 1087, 1088.*

**Amoco Chemical Corp. v. Hill, Del** को मुद्दामा "हेलचेत्र्याई" (Negligence) शब्दको परिभाषा गरेको छ । हेलचेत्र्याई भनेको त्यस्तो हेरचाह प्रयोग गर्न असफल हुनु हो जुन विवेकी र होसियार व्यक्तिले समान परिस्थितिमा उचित रूपमा प्रयोग गर्दथ्यो वा यो त्यस्तो कुनै कार्य गर्नु हो जुन सामान्य बिबेकको व्यक्तिले समान परिस्थितिमा गर्ने थिएन वा समान परिस्थितिमा सामान्य विवेकको व्यक्तिले गर्ने काम गर्न असफल हुनु नैं हेलचेत्र्याई हो ।[217]

**U.S. v. Ohio Barge Lines** को मुद्दामा अरूको सुरक्षाको लागि कानूनद्वारा स्थापित मापदण्डभन्दा कमसल मानवीय आचरण वा ब्यबहारको कारण उत्पन्न जोखिमबाट अनुचित हानि हुनु नैं "हेलचेत्र्याई" हो भनी परिभाषा गरिएको छ । "हेलचेत्र्याई" भनेको त्यस्तै परिस्थितिमा सामान्य बिबेकी व्यक्तिसँग उचित रूपमा अपेक्षा गर्न सकिने आचरणमा आएको विचलन हो ।[218]

**Halsbury's Laws of England** मा हेलचत्र्याइँ के हो भन्ने सम्बन्धमा विश्लेषण गर्दा हेलचेत्र्याई बिशेष प्रकृतिको अपराध (पीडा) हो, जुन बिशेष अबस्थामा बिशेष परिस्थितिले माग गरेको हेरचाह पुर्याउन नसक्नुको उपज घटना हुन जान्छ । कुन हद सम्मको हेलचेत्र्याई हो भन्ने कुरा प्रत्येक विवादcase को तथ्यमा निर्भर गर्दछ । यसमा कुनै गर्नुपर्ने काम नगर्नु, एउटा हिसाबले गर्नुपर्ने काम फरक तरिकाले गर्नु, वा पटक्कै नगर्नुपर्ने काम गर्नु जस्ता कुराहरु समावेश हुन्छन् भनी उल्लेख गरेको पाइन्छ ।[219]

**Jacob Mathew Vs. State of Punjab** भएको मुद्दामा हेलचेत्र्याई हुनाको लागि ३ वटा घटकहरु, कर्तब्य (Duty), उल्लंघन (Breach), क्षेति (Resulting Damage) आबश्यक हुन्छन् । पीडितप्रति प्रतिवादीको स्वामित्वमा रहेको हेरचाह गर्ने कर्तव्यको अस्तित्व, कानूनद्वारा तोकिएको हेरचाह गर्नुपर्ने स्तरको जिम्मेवारी पूरा गर्न असफल भएमा, जसले गर्दा त्यस्तो निभाउनुपर्ने कर्तव्यको उल्लंघन हुन्छ, क्षति, जुन कसैले कर्तब्य उल्लङ्घन गरेको कारण पीडितले भोगेको छ र कानूनद्वारा मान्यता प्राप्त पनि छ भन्ने उल्लेख गरेको पाइन्छ ।

केही पदाधिकारीहरुका हकमा निजहरुका सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम कारबाही गर्नु पर्ने अवस्था देखिन आयो। निजहरुको हकमा तल खुलाइएकोछ।

---

*217 Amoco Chemical Corp. v. Hill, Del.Super., 318 A.2d 614, 617.*

218 *U.S. v. Ohio Barge Lines, Inc., 607 F.2d 624, 632.*

219 *Halsbury's Laws of England (4th Edition)*

माथि उल्लेखित जेन-जी समूहले आयोजना गरेको प्रदर्शनको क्रममा भएको मानवीय हत्या सम्बन्धमा कुन पदाधिकारीमाथि कुन कानूनको आधारमा आरोप लगाउन सकिने हो र कुन कानून अनुसार कारबाहीको सिफारिश गर्नु पर्ने हो भन्ने सम्बन्धमा प्रत्येक पदाधिकारीको ओहदा अनुसारको जिम्मेवारी,दायित्व,सम्पादन गरेको कार्य,घटनामा संलग्नताको गाम्भीर्यता समेतको आधारमा पद र जिम्मेवारी अनुसार कारबाहीको लागि निम्नानुसार सिफारिश गरिएको छ।

१ कार्यकारी प्रमुख ***तत्कालीन प्रधानमन्त्री श्री के पी शर्मा ओली,***

***२ तत्कालीन गृहमन्त्री श्री रमेश लेखक र***

***३ तत्कालीन प्रहरी महानिरीक्षक श्री चन्द्रकुबेर खापुङ हकमा***

सरकार विरोधी वा कुनै पनि प्रदर्शनमा अन्तिम बल प्रयोग (धातुको गोली प्रहार) लाई अन्तिम विकल्पको रुपमा मात्र लिनु पर्ने गहन दायित्वपनि उनीहरुकै हो।

कर्तब्यको जानाजानी उल्लंघन भयो।घण्टौसम्म Live Firing हुँदा रोक्ने प्रयास नगरी मौन बसेको हुँदा अन्तिम बल प्रयोग गर्नु पर्दा अनुपातिक(Proportionately) र आवश्यकता (Necessity)को सिध्दान्तलाई राम्ररी पालना नगरेको आयोगबाट संकलित प्रमाणबाट देखिन्छ।अन्तिम बल प्रयोग गर्दा धातुको गोली प्रहार रोक्ने सुधारात्मक आदेश (Corrective order) दिनेतर्फ प्रयास नै नगरेको देखियो।
२३ गते मात्र १७ जना संसद परिशर बाहिर मारिएकामा आफूलाई घटनाहरुका सम्बन्धमा थाहा नभएको भनी दायित्वबाट पन्छिन खोज्नु सिद्धान्ततः मिल्ने देखिएन। संविधानले ग्यारेण्टी गरिएको सर्वसाधारण जनताको जीउ ज्यानको सुरक्षा, शान्तिपूर्ण निशस्त्र भेला प्रदर्शनहरू गर्न पाउने अधिकारको मर्यादा, मान्यता र राज्यबाट संरक्षण हुने विश्वासमा निस्किएका शान्तिपूर्ण जुलुसहरूमा समेत आवश्यक भन्दा बढी बलको प्रयोग भएको देखिन आएकोछ।

नेपालमा संसदीय राजनीतिक प्रणाली छ।यो प्रधानमन्त्रीय प्रणाली हो।प्रधानमन्त्रीले संसद भवन परिसर बाहिर लगभग ४ घण्टा गोली चलिरहँदा पनि केहीको मृत्यु र सयौं संख्यामा घाइते भईसकेको अवस्थामा पनि राज्यका सवै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएका पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री (अभिभावक)को ठूलो कमजोरी हो।

तत्कालीन प्रधानमन्त्री के पी ओलीले यसै घटनाका सम्बन्धमा जाँचबुझको क्रममा आयोगले सोधेको घटना सम्बन्धी सवै प्रश्नहरुको जवाफ दिनु भएन।एसईईका विद्यार्थी र फिल्डका प्रहरीलाइ सोध्ने

प्रश्न भनेर जवाफ दिन असहयोग गर्नु भयो।

गृह प्रशासन, सुरक्षा निकायका प्रमुखहरु र समग्रमा शान्ति सुरक्षाको सम्पूर्ण दायित्व भएका गृहमन्त्री रमेश लेखक र देशको कार्यकारिणी प्रमुख रहेका प्रधामन्त्री केपी ओलीले २३ गते दिउँसोनै बढी मानवीय क्षति रोक्नेतिर कुनै पहलको प्रयाससम्म गरेको देखिन आएन।भाद्र २३ गते घटना भएको दिउँसो २ बजेनै बैठक बोलाइए पनि प्रधानमन्त्रीले राती १० बजे पछिमात्र राष्ट्रिय सुरक्षा परिषदको वैठक बसालेको देखियो।जवकी दिउँसो १ बजेनै थुप्रै मानवीय क्षति भईसकेको थियो।नजिकका अस्पतालहरु गोली लागेका सयौं घाइतेले भरिइसकेका थिए।

माथि विवेचना र विश्लेषण गरिए अनुसार गोली हान्न आदेश नदिएको, पूर्व मनसाय राखेरै हत्या गरेको खालको वारदात नभए तापनि सुरक्षा बलले गोली चलाएर केही प्रदर्शनकारीको हताहत र घाइते भए पछि गोली फायर रोक्ने रोकाउने तिर प्रयास नै नगरी निजहरुको ***लापरबाहीपूर्ण कार्य गरेको कारणले किशोर किशोरीहरुको समेत ज्यान मर्न गएको देखिन आयो ।***

त्यसैले भदौ २३ को घटनामा लापरबाही र हेलचेक्र्याई गरेको कारणले किशोर किशोरीहरुको समेत ज्यान मर्न मराउन गएकोमा उहाँहरु जिम्मेवार देखिन आयो।

भदौ २३ गते संसदभवन परिसरभित्र प्रदर्शनकारीले भदौ २४ गतेमा जस्तो प्रहरीमाथि आक्रमण गरेको, हतियार खोसेको र संसदभवनमा आगो नै लगाएको अवस्था थिएन।संसदभवन परिसर बाहिर सर्वसाधारण हिंड्ने सार्वजनिक स्थानहरुमा रहेका प्रदर्शनकारीले इटा ढुंगा प्रहार गरेका र संसद भवनको दक्षिण ढोकासंगैको कोठामा आगो लगाएका थिए।संसदभवन आगो लगाउन अगाडि बढेका पनि थिएनन्।त्यस्तो अवस्थामा सुरक्षाका अन्य प्रकृयाहरु अपनाएर जानु पर्ने थियो।गोली चलेर हताहत हुन थालेपछि शान्ति र व्यवस्था कायम गराउन अन्य कदम चाल्नेतिर लागेको देखिन आएन।

परिणामतः त्यसैदिन १७ जना र त्यही स्थानमा गोली लागेका १२ जनाको पछि मृत्यु हुन गयो।भदौ २३ गतेकै जरियाले २४ गतेको घटना घट्न गयो।यो घटनामा जम्मा ७६ जनाको मृत्यु हुन गयो।देश जल्नु, लुटपाट हुनु र मृत्यु हुन जानुको कारण नै सरकारले २३ गतेको घटनामा गोली हान्न नरोक्नु र २४ गतेको लागि पनि सुरक्षाका कदम नचाल्नुबाट नै सवै घटना सिलसिलेबार रुपमा घटन गएका देखिन आए। भदौ २३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली रोक्नतिर तत्कालीन प्रधानमन्त्री लगायत कुनै पनि पदाधिकारीहरु अग्रसर नभई **लापरबाही पूर्ण**

र **हेलचेत्र्याईपूर्ण** कृयाकलाप र व्यवहार गरेका कारणलेनै अत्यधिक मानवीय क्षति हुन गयो।

२०८२ भदौ २३ गते बानेश्वर संसदपरिसर बाहिर प्रहरीको गोलीबाट प्रदर्शनकारीहरुको मृत्यु भएको सम्बन्धमा माथि विवेचना गरिसकिएकै छ। मुलुकी अपराध संहिता,२०७४ को दफा १८१ को उपदफा (१)मा कसैले **लापरबाहीपूर्ण (Reckless)** काम गरी कसैको ज्यान मार्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेकोछ। उपदफा (२)मा उपदफा(१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दफा १७७(ज्यान मार्ने नियतले कुनै काम गर्न नहुने),१७८(ज्यान जान सक्ने काम गर्न नहुने) र १७९(गम्भीर उत्तेजना वा रीसको आवेशबाट ज्यान लिन नहुने) यी तीन अवस्थामा बाहेक केही माथि उल्लेखित तीन पदाधिकारीहरुको सम्बन्धमा यो दफा १८१ को प्रावधान अनुसार लापरबाही र सोही संहिताको दफा १८२ अनुसार "हेलचेत्र्याई" (Negligence)गरी ज्यान मार्न नहुने प्रावधान अनुसार प्रहरीको गोलीले जेन-जी प्रदर्शनकारीहरुको ज्यान मर्न थाले पछि झण्डै चार घण्टासम्म गोली नरोकेर "हेलचेत्र्याई" (Negligence) पूर्ण कृयाकलाप गरेको पनि अवस्था पनि देखिन आयो।

अतः कार्यकारी प्रमुख ***तत्कालीन प्रधानमन्त्री श्री के पी शर्मा ओली, तत्कालीन गृहमन्त्री श्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक श्री चन्द्रकुबेर खापुङ*** सहित उहाँहरु
तीन जनालाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८१ को उपदफा (१) र सोही संहिता,२०७४ को दफा १८२ अनुसार कसूर हेरेर अनुसन्धान तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाइ सिफारिश गरी पठाउने निर्णय गरियो।

## गृह सचिवसमेत ४ जना उपर फौ.सं १८२ बमोजिम कारबाही सिफारिश

२०८२ भदौ २३ गते संसदपरिसर क्षेत्रमा घटेका घटना सम्बन्धमा राजनीतिक पदाधिकारीहरु, सुरक्षासंग सम्बन्धित प्रशासनिक पदाधिकारीहरु र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग लगायतका प्रमुख, मातहतका अधिकृत र प्रहरी जवानहरुसमेतको सो घटनामा काम कारबाही र अपनाउनु पर्ने उचित सतर्कता लगायतका, त्रुटि, बेवास्ता, कमी कमजोरीहरु,व्यक्ति व्यक्तिको कृयाकलाप र भूमिकाको सम्बन्धमा माथिनै विवेचना गरिसकिएकोछ।

**निम्न चार जना पदाधिकारीहरुको हकमा बिचार गर्नु पर्ने हुन आयोः**

१ तत्कालीन गृह सचिव श्री गोकर्णमणि दुवाडी।

२ सशस्त्र बल नेपालका महानिरीक्षक श्री राजु अर्याल

३ तत्कालीन प्रमुख हुतराज थापा, राष्ट्रिय अनुसन्धान विभाग ।

४ तत्कालीन प्रजिअ श्री छविलाल रिजाल, जिल्ला प्रशासन कार्यालय काठमाडौं।

माथि उल्लेखित जेनजी समूहले आयोजना गरेको प्रदर्शनको क्रममा भएको मानवीय हत्या सम्बन्धमा कुन पदाधिकारीमाथि कुन कानूनको आधारमा आरोप लगाउन सकिने भन्ने सम्बन्धमा कुन कानून अनुसार कारबाहीको सिफारिश गर्नु पर्ने हो भन्ने सम्बन्धमा प्रत्येक पदाधिकारीको ओहदा अनुसारको जिम्मेवारी,दायित्व,सम्पादन गरेको कार्य समेतको आधारमा पद र जिम्मेवारी अनुसार जवाफदेही हुनु पर्ने स्थिति देखिन आयो।

उनीहरुले गरेको **हेलचेक्र्याई ( Negligence)** पूर्ण आदेश लगायत काम कारबाही गरेकोबाट ज्यान मार्ने मराउने कार्यमा संलग्न रहेको देखिन आयो। त्यसपछिका घटनामा संसदभवन परिसर क्षेत्रमा लगभग ४ घण्टासम्म प्रदर्शनकारी र प्रहरीबीचको भीडन्त हुँदा गोली फायर रोक्न लगाएर शान्ति र व्यवस्था कायम गराउन सक्ने शासकीय अधिकारको उचित प्रयोगप्रति उदासीन रहेर अप्रत्यक्षरुपमा प्रहरीको बल प्रयोगलाइ समर्थन गरेको देखियो।२३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली रोक्न अग्रसर नभएकाले शान्ति कायम गराउनेतिर कुनै पनि पदाधिकारीहरु लागेको देखिन आएन।

सुरक्षा बलले गोली चलाएर केही प्रदर्शनकारीको हताहत र घाइते भए पछि गोली फायर रोक्ने रोकाउने तिर प्रयास नै नगरी ज्यान मार्ने मराउने कार्यमा देशको कार्यकारी प्रमुखतत्कालीन प्रधानमन्त्री र तत्कालीन गृहमन्त्री लगायत पदाधिकारीहरुले समेत पुराउनु पर्ने होसियारी नपुराएका कारण हेलचेक्र्याई ( Negligence) गरी ज्यान मार्न मराउने कार्यमा *पूर्ण रुपमा* सहयोग र सहमति भएको देखिन आयो।

२०८२ भदौ २३ गतेको संसद परिसर क्षेत्र बानेश्वरमा घटेका घटनामा जवाफदेही हुनेहरु उपर कुन अभियोग लाग्न सक्ने अवस्था छ र कुन कानून लाग्ने हो भन्ने सम्बन्धमा हेर्नु पर्ने हुन आयो। त्यसतिर हेर्दा **हत्या र अवैध बल प्रयोगका लागि केही पदाधिकारीहरुका सम्बन्धमा मुलुकी अपराध संहिता अन्तर्गतको हेलचेक्र्याई( Negligence) कसूरहरु** आकर्षित हुन आउने देखियो। हेलचेक्र्याईको सम्बन्धमा माथि नै विवेचना भइसकेकोछ।

मुलुकी अपराध संहिता,२०७४ को दफा १८२ मा **हेलचेक्र्याई ( Negligence)पूर्ण कुनै काम गरी कसैको *ज्यान मार्न हुँदैन*** *भन्ने* प्रावधान रहेकोछ।

माथि विवेचना गरिए अनुसार “हेलचेक्र्याई” (Negligence)गरी ज्यान मार्न नहुने प्रावधान अनुसार प्रहरीको गोलीले जेनजी प्रदर्शनकारीहरुको ज्यान मर्न थाले पछि झण्डै चार घण्टासम्म गोली नरोकेर ज्यान मार्नमा सहमत रहेर “हेलचेक्र्याई” (Negligence) पूर्ण कृयाकलाप गरेको देखिन आयो।

मुलुकी अपराध संहिता,२०७४ को दफा १८२ मा “हेलचेक्र्याई” (Negligence) ***गरी दफा १७९ को अवस्थामा बाहेक ज्यान मार्न नहुने*** प्रावधान रहेकोछ। दफा १७९ मा गम्भीर उत्तेजना वा रीसको आवेशबाट ज्यान लिन नहुने भन्ने रहेकोमा भदौ २३ गते संसदभवन परिसर क्षेत्रमा प्रहरी कारबाही हुँदा गम्भीर आवेश वा रीसको आवेगमा भएको भन्ने देखिन आएन।

भदौ २३ गते संसदभवन परिसरभित्र प्रदर्शनकारीले भदौ २४ गतेमा जस्तो प्रहरीमाथि आक्रमण गरेको, हतियार खोसेको र संसदभवनमा आगो नै लगाएको अवस्था थिएन। संसदभवन परिसर बाहिर सर्वसाधारण हिँड्ने सार्वजनिक स्थानहरुमा रहेका प्रदर्शनकारीले इटा ढुंगा प्रहार गरेका र संसद भवनको दक्षिण ढोकासंगैको कोठामा आगो लगाएका थिए भनिन्छ। संसदभवन आगो लगाउन अगाडि बढेका पनि थिएनन्। यस्तो अवस्थामा सुरक्षाका अन्य प्रकृया अपनाएर जानु पर्ने थियो। तर शान्ति सुरक्षा कायम गराउने अन्य विकल्प अपनाएर कदम चाल्नेतिर सोच्दै सोचिएन। त्यसको परिणाम नै मानवीय क्षति रोकिन सकेन।

परिणामतः त्यसैदिन १७ जना र त्यही स्थानमा गोली लागेका १२ जनाको पछि मृत्यु हुन गयो। भदौ २३ गतेकै जरियाले २४ गतेको घटना घट्न गयो। यो घटनामा जम्मा ७६ जनाको मृत्यु हुन गयो। देश जल्नु, लुटपाट हुनु र मृत्यु हुन जानुको कारण नै सरकारले २३ गतेको घटनामा गोली हान्न नरोक्नु र २४ गतेको लागि पनि सुरक्षाका कदम नचाल्नुबाट नै सवै घटना सिलसिलेबार रुपमा घटन गएका देखिन आए। भदौ २३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली रोक्नतिर तत्कालीन प्रधानमन्त्री लगायत कुनै पनि पदाधिकारीहरु अग्रसर नभई **“हेलचेक्र्याई”**पूर्ण कृयाकलाप र व्यवहार गरेका कारणलेनै अत्यधिक मानवीय क्षति हुन गयो।

माथिको विवेचना अनुसार ज्यान मार्न र मराउन सहमति जनाएको देखिन र पुष्टि हुन आएकाले २०८२ भदौ २३ गतेको घटनामा जिम्मेवार रहेका निम्न पदाधिकारीहरुका **“हेलचेक्र्याई” (Negligence)** पूर्ण काम, व्यवहार र कृयाकलापको कारणलेनै माथि उल्लेख भए अनुसार मानवीय क्षति हुन गयोः

१ तत्कालीन गृह सचिव श्री गोकर्णमणि दुवाडी।

२ सशस्त्र बल नेपालका महानिरीक्षक श्री राजु अर्याल

३ तत्कालीन प्रमुख हुतराज थापा राष्ट्रिय अनुसन्धान विभाग ।

४ तत्कालीन प्रजिअ श्री छविलाल रिजाल जिल्ला प्रशासन कार्यालय काठमाडौं।

अतः माथि उल्लेखित ***यी पदाधिकारीहरुकै "हेलचेक्र्याई" (Negligence) पूर्ण काम कारबाहीको कारणले किशोर किशोरीहरुकोसमेत ज्यान मर्न मराउन गएकोमा*** यी पदाधिकारीहरु माथि मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ को उपदफा (१) अनुसार कानून बमोजिम अनुसन्धान तहकिकात गरी गराई अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ठहर्छ।

- २०८२ भदौ २४ गतेको घटनामा त्यतिबेलाका काठमाडौं उपत्यका प्रहरी कार्यालयको प्रमुखमा खटिएका अतिरिक्त प्रहरी महानिरीक्षक एवं हालका प्रहरी महानिरीक्षक श्री दानबहादुर कार्कीको सम्बन्धमा।

२०८२ भदौ २३ गते निज प्रहरी प्रधान कार्यालय मानव स्रोत विकास विभागमा एआइजी रहनु भएको।भदौ २३ गतेको घटनापछि राती बसेको मन्त्रिपरिषदको वैठकले काठमाडौ उपत्यका प्रहरी कार्यालयको रिक्त एआइजीमा सरुवा गरेको।

भदौ २४ गते विहान ९ बजे मेट्रो प्रहरी कार्यालयमा हाजिर भए पछि गृह मन्त्रालयमा बोलाएपछी त्यही पुगेर दिनभर प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, अन्य सुरक्षा निकाय प्रमुखहरुसंगै पछि सैनिक मुख्यालयमा रहेका।

सोही समयमा आन्दोलनले उग्ररुप लिन थालेको।केही प्रहरी परिसरमा आक्रमण हुन थाले पछि थुनवाको लिष्ट तयार पार्ने र त्यस्तो अवस्था आएमा थुनुवा छोडि दिने। आफ्नो हतियार,सन्चार सेट,भेइकल र आफू सुरक्षित रहने, टियर ग्यास बाहेक अन्य बल प्रयोग नगर्ने भन्ने आफ्नो सेट भिक्टोर कन्टोल Victor Control मार्फत उहाँको आदेश भएको ।

थुनुवा छाड्ने आदेश पनि सवै प्रहरीलाइ दिएको होइन । Blanket होइन।भन्ने समेत निजको बयानबाट देखिन आयो।महाराजगन्ज प्रहरी परिसरमा आक्रमणकारीहरुले ३ जना प्रहरीको निर्ममतापूर्व हत्या गरेपछि बाँकी प्रहरीको सेनाको हेलिकप्टरबाट उध्दार गराउने काम पनि निजले गरेको देखिन आयो।

सुरक्षा प्रमुखहरु सहित सैनिक मुख्यालयमा बसेको बेलामा प्रहरी महानिर्देशकको निर्देशनमा निजको भिक्टोर कन्टोल Victor Control सेट बाट दिएको आदेशलाइ निजको स्वच्छाले दिएको आदेश भन्न

मिलेन। हाइरार्कीमा चल्ने प्रहरीमा आइजीपी को आदेश एआइजीले मान्नु पर्ने हुन्छ।आदेशको नतिजा Result हेरिदैन।प्रश्न गर्न पाइदैन। गरेमा प्रहरी कानून लाग्ने हुन्छ। प्रहरी महानिर्देशकको निर्देशनमा दिएको आदेशबाट यिनलाइमात्र उत्तरदायी बनाउन मिलेन।त्यतिबेलाको स्थितिमा प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङको आदेशमा काम गरेकाले यिनले आफ्नै स्वेच्छाले आदेश दिएको देखिन आएन।

साथै हातहतियार गोली गठ्ठा उपत्यका प्रहरी कार्यालय र मातहत कार्यालयबाट प्रदर्शनकारीहरुले लुटि लगेको सन्दर्भमा २४ गते बिहानबाटै स्थिति असामान्य हुँदै गएकोले सुरक्षित थानमा हातहतियार लैजानु, लिएर जान नसके निष्कृय वा नष्ट गरी जानु जसका कारणबाट हतियार गैह्र राज्य पक्ष(अपराधी)को हातमा पर्न जाने थिएन।यस तर्फ विचार नपुराएकोमा निजको सम्बन्धमा माथि नै विवेचना भइसकेकोछ।

प्रहरी महानिरीक्षकसंगै बसेर आदेश दिएका कारणले प्रहरी कार्यालयहरु जलाइएका, हतियार लुटिन गएको समेत अवस्था देखिन आएकाले हालका प्रहरी महानिरीक्षक श्री दानबहादुर कार्कीको सम्बन्धमा प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली २०७१ को नियम १०९ को उपनियम (क)(२) अनुसार कारबाही गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## कारबाही सिफारिश नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागतर्फ

२०८२ भदौ २३ र २४ गतेका घटना सम्बन्धमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका केही पदाधिकारीहरुका हकमा निजहरुका सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम कारबाही गर्नु पर्ने अवस्था देखिन आयो।

**कारबाही सिफारिश गरिएका नेपाल प्रहरीका पदाधिकारीहरुः**

१ प्र.अ.म.नि.श्री सिद्धिविक्रम शाह, नेपाल प्रहरी प्रधान कार्यालय, कार्य बिभाग, अपरेशन प्रमुख, नक्साल काठमाडौं।

२ प्रहरी नायव महानिरीक्षक श्री ओमबहादुर राना, तत्कालीन कार्यवाहक प्रमुख

काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी,काठमाडौं।

३ तत्कालीन काठमाडौं जिल्ला प्रहरी परिसर, कार्यालय प्रमुख हाल प्र.ना.म.नि.

श्री विश्व अधिकारी ।

४ काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा तत्कालीन कार्यरत प्रहरी बरिष्ठ उपरीक्षक श्री दीप शम्शेर ज.ब.रा.।

५ प्रहरी उपरीक्षक श्री ऋषिराम कँडेल, नेपाल प्रहरी विशेष कार्यदल, संसद भवन।

यी पदाधिकारीहरुको भदौ २३ र २४ गतेको घटना सम्बन्धमा निजहरुले सम्पादन गरेको कार्य र कृया कलाप सम्बन्धमा माथि विश्लेषण र विवेचना भइसकेको छ। तिनै विश्लेषण र विवेचनाको आधारमा निजहरुले कर्तब्यपालनामा देखाएको कमजोरी र निर्वाह गरेको भूमिकाका लागि निजहरुलाइ कारबाहीको सिफारिश गर्नु पर्ने हुन आयो।

२०८२ भदौ २३ गते संसद परिसरबाट गोली चलेर त्यही दिन १७ जना र त्यसै दिन गोली लागेका १२ जना आन्दोलनकारीहरुको पछि मृत्यु भएको देखिन्छ। २४ गते पनि राष्ट्रिय सम्पदा लगायत सरकारी भवनहरु र देशभर आगजनी र लुटपाट भएको छ।

२०८२ भदौ २३ र २४ गते जिम्मेवारीमा रहेका यी पदाधिकारीहरुले आफ्नो कर्तब्यपालनमा चुकेकासमेत कारणले माथि उल्लेखित पदाधिकारीहरुलाइ प्रहरी ऐन, २०१२ को दफा ९ को उपदफा (४) तथा प्रहरी नियमावली २०७१ को नियम १०९ अनुसार कारबाही गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## सशस्त्र प्रहरी माथि कारबाही सिफारिश

कारबाही गराउनु पर्ने सशस्त्र प्रहरी बल नेपालका माथिल्ला अधिकृतहरु निम्न बमोजिम रहेकाः

१ सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोक काठमाडौंका तत्कालीन अपरेशन कमाण्डर स.प्र.अ.म.नि.श्री नारायणदत्त पौडेल।

२ स.प्र.ना.म.नि.श्री सुरेश कुमार श्रेष्ठ सशस्त्र वाहिनीपति,काठमाडौं

३ सशस्त्र प्रहरीका एसपी, श्री जीवन केसी विपद उध्दार, सिनामङ्गल

सशस्त्र प्रहरीका माथि उल्लिखित अधिकृतहरुको काम कारबाही सम्बन्धमा माथि नै विवेचना गरिसकिएको छ।सो विश्लेषण र विवेचनाको आधारमा निजहरु उपर सशस्त्र प्रहरी ऐन,२०५८ र सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११२ बमोजिम कारबाही गर्न गराउनको लागि नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## २०८२ भदौ २४ गते हतियार र प्रहरी कार्यालयहरु जोगाएको

त्यस दिन प्रहरी प्रधान कार्यालय नक्साल र सशस्त्र प्रहरीको प्रधान कार्यालय हलचोक, प्रहरी परिसर भद्रकाली, लगायत उपत्यका भित्र र उपत्यका बाहिरका प्रहरी (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी)कार्यालयहरु र प्रहरी कर्मचारीहरुको समेत आफ्नो ज्यान हत्केलामा राखेर अपराधीहरुबाट बचाउने प्रहरी अधिकृत एवं सर्वसाधारण नागरिकलाई समेत पुरस्कृत गरिनु पर्ने। यस सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयले टोली गठन गरेर छानविन गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## राष्ट्रिय अनुसन्धान विभाग

२०८२ भदौ २३ र २४ गतेका घटना सम्बन्धमा ठीक रुपमा सही समयमा सूचना दिएको देखिन आएन। जुनकुरा माथि नै विवेचना गरिसकिएकोछ। सो विभागका निम्न अधिकारीलाई निम्नानुसार कारबाही गर्नु पर्ने देखियोः

१ सह निर्देशक श्री कृष्णप्रसाद खनाल, उपत्यका अभियान महाशाखा ।

२ काठमाडौ जिल्ला प्रमुख, सह अनुसन्धान निर्देशक श्री रिबेन कुमार गच्छदार

नेपाल विशेष सेवा ऐन,२०४२ र नेपाल विशेष सेवा नियमावली (१९ औं संशोधन सहित)२०४४ को नियम १०.२ बमोजिम निजहरुलाई कारबाही गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## महत्वपूर्ण चार स्थान(Vital Installations)को सुरक्षामा चुकेका सैनिक पदाधिकारीमाथि र टिओबी (TOB) ग्रुपलाई कारबाही सिफारिश

**सुरक्षाको लागि नेपाली सेनाको तर्फबाट खटिएको चार स्थलहरुः**

१ राष्ट्रपति भवन शीतल निवासमा सुरक्षाको लागि नेपाली सेनाको तर्फबाट खटिएको सुरक्षा टोलीको प्रमुख सहायक रथी श्री मनोज बैदवार ।

२ प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षाको लागि नेपाली सेनाको तर्फबाट खटिएको सुरक्षा टोलीको प्रमुख, प्रमुख सेनानी श्री दिवाकर खड्का।

३ सिंहदरबार सचिवालयमा सुरक्षाको लागि नेपाली सेनाको तर्फबाट खटिएको सुरक्षा टोलीको प्रमुख, प्रमुख सेनानी श्री गणेश खड्का। (जिल्ला सुरक्षा समितिको सदस्य समेत रहेका)

४  संसदभवन, अन्तरराष्ट्रिय सम्मेलन केन्द्र भवन परिसर बानेश्वरमा सुरक्षाको लागि नेपाली सेनाको तर्फबाट खटिएको सुरक्षा टोलीको प्रमुख, सेनानी श्री सन्तोष ढुङ्गेल ।

माथि उल्लेखित चार स्थलहरुको सुरक्षा गर्न नसकेकोमा ती परिसरमा सुरक्षाको लागि खटिएका नेपाली सेनाका कमाण्डरहरु उपर कानूनी कारबाहीको लागि सैनिक ऐन, २०६३ को दफा १०५ आकर्षित हुन आउने देखिन आयो ।

दफा १०५ मा हेर्दा सो दफामा विभागीय सजायसम्बन्धी प्रावधान रहेकोछ। परिच्छेद ८ (सैनिक अदालतको गठन तथा अधिकार क्षेत्र)मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने देहायका दर्जाका व्यक्तिले यस ऐन बमोजिम कसूर गरेमा कसूरको गाम्भीर्यता हेरी निजहरुलाई सैनिक अदालत नबोलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिम विभागीय सजायको आदेश दिन सक्नेछ। उपदफा (१) को देहाय (क) मा ***कमाण्डिङ्ग अधिकृत वा सो सरहका कमाण्डर वा नेपाल सरकारको स्वीकृति लिई प्रधानसेनापतिले तोकेको अन्य अधिकृतले विभागीय सजायको आदेश दिन सक्ने कानूनी प्रावधान रहेको छ।***
यस अनुसार ***कमाण्डिङ्ग अधिकृत*** भनेको कुन तहको अधिकृत रहेछ भनी हेर्दा यसै ऐनको दफा २ को (छ)(१) ले ***"कमाण्डिङ्ग अधिकृत"*** भन्नाले युनिट,सवयुनिटको तालुकवाला भनी परिभाषा गरेको पाइन्छ। यस परिभाषा अनुसार २०८२ भदौ २४ गते राष्ट्रपति कार्यालय शीतल निवास, सिंहदरबार सचिवालय, प्रधानमन्त्री निवास र संसद सचिवालय अन्तरराष्ट्रिय सम्मेलन केन्द्र भवनमा सुरक्षाको लागि खटिएका नेपाली सेनाका कमाण्डरहरुलाइ कमाण्डिङ्ग अधिकृतको रुपमा लिन मिल्ने देखिन आयो।

भदौ २४ गतेका दिन आफू खटिएको देशका महत्वपूर्ण चार स्थान(Vital Installations) राष्ट्रपति भवन शीतल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबार सचिवालय परिसर र संसदभवन,अन्तरराष्ट्रिय सम्मेलन केन्द्र भवन परिसर बानेश्वरमा सुरक्षाको लागि खटिएका नेपाली सेनाका माथि उल्लेखित ४ जना कमाण्डर अधिकृतहरुले सुरक्षा दिन दिलाउन नसकेकाले निजहरुलाई सैनिक ऐन,२०६३ को दफा १०५ को उपदफा (१)को देहाय (क) (७) बमोजिम नेपाली सेनाबाट कानूनी रीत पुराएर कारबाही गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएको छ।

## टिओबी (TOB) ग्रुपलाई कारबाही सिफारिश

भाद्र २३ गतेको प्रदर्शनमा टिओबी (TOB) ग्रुपका व्यक्तिहरु मोटरसाइकलमा चावहिल ओम अस्पताल नजिकबाट धोबी खोला कोरिडर हुँदै बिजुलीबजारतिरबाट आई नयाँ बानेश्वरमा जीएनजेड प्रदर्शनकारीहरु लगायतको ठूलो भिडलाई उक्साई उग्र बनाउने र शान्ति भंग गराउने कार्य गरेकाले ती ग्रुपको सम्बन्धमा अनुसन्धान तहकिकात गरेर दोषी माथि फौजदारी संहिताको दफा ३५ अनुसारको कारबाही गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछ।

## २०८२ भदौ २३ गते संसदभवन परिसर क्षेत्रमा गोली चलेको सम्बन्धमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका जवाफदेही अधिकृत र जवानहरुको सम्बन्धमा र तत्कालीन कांग्रस सभापति शेरबहादुर देउवाको घरभित्र फेला परेको रकमको सम्बन्धमा कारबाहीको प्रकृया:

भाद्र २४ गतेका घटनामा अनुसन्धान गराउन सिफारिश

- भदौ २४ गतेका दिन पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा लगायत अन्य ब्यक्तिहरुको घरमा आक्रमण हुँदा जलेको वा नजलेको अवस्थामा भेटिएको रकमवारे कानून बमोजिम बिस्तृत अनुसन्धान हुनुपर्ने।
- भाद्र २४ गतेको हिंसात्मक गतिबिधिहरुलाई भाद्र २३ गते तत्कालीन सरकारबाट अधिकांश निहत्था युवा प्रदर्शनकारीहरुमाथि भएको हत्या र दमन विरुद्धको सार्वजनिक आक्रोश हो भनेर मात्र भन्नु न्यायोचित हुँदैन। आयोगले भाद्र २४ गतेको घटनाको सम्बन्धमा बिभिन्न सरकारी, सार्वजनिक तथा निजी स्थानहरुको CCTV Footage ,श्रव्य दृष्य सामग्रीहरु, नेपाल टेलिकम, एनसेल लगायतका टेलिफोन सेवा प्रदायक निकायबाट प्राप्त हुन आएको BTS data संकलन गरी गहन ढङ्गले गरिएको छानविनलाई आधारमानी थप गहन अनुसन्धान गरी नेपाल सरकारले कानून बमोजिम गर्नुपर्ने देखिन्छ। त्यस्तै राजनीतिक दलमा सम्बद्ध नेता तथा कार्यकर्ताहरु उक्त दिन जेन्जी प्रदर्शनमा सहभागी भई तोडफोड, लुटपाट र आगजनीमा संलग्न भएकालाई कानून बमोजिम कारवाही गर्नुपर्छ भनी बिभिन्न राजनीतिक दलका तत्कालीन प्रमुखहरुले आयोग समक्ष आफ्नो बयान कागजमा उल्लेख गरि दिएबाट अनुसन्धान गर्ने निकायलाई थप अनुसन्धान गरी अभियुक्त सम्म पुग्न सहज हुने बिश्वास गरिएको छ। अतः नेपाल सरकारले आयोगको प्रतिबेदन प्राप्त भए पश्चात सो लाई आधारमानी बिस्तृत अनुसन्धान एवं कारवाहीको लागि समेत आयोग सिफारिश गर्दछ।

**२०८२ भदौ २३ गते संघीय संसद भवन परिसर वरपर गोली प्रहार भएको सम्बन्धमा र भाद्र २४ गते नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका कार्यालयबाट <u>हातहतियार,असवाव लुटिएका सम्बन्धमा कारवाही प्रक्रियाः</u>**

भाद्र २३ गते नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षकहरूसंग संघीय संसद भवन परिसरमा के-कुन हातहतियारबाट कुन दर्जाको प्रहरीले कति संख्यामा गोली प्रहार गरेको हो ? निजहरुले उक्त दिन प्रहरी कोतबाट के-कति संख्यामा गोली बुझेका थिए र के कति गोली खर्च गरी बाँकि के कति प्रहरी कोतमा फिर्ता गरेको भन्ने सम्बन्धमा आयोगको बयानमा सोधपुछ गर्दा यकिन तथ्याङ्क तत्काल नखुलाई पछि उपलब्ध गराउछु भनी बयानमा उल्लेख गरेको तर हाल सम्म दुबै प्रहरी संगठनका प्रमुखहरुबाट कुनै जवाफ प्राप्त नभएबाट निजहरु हातहतियार जस्तो सँबेदनसिल बिषयमा समेत पूर्णतया जिम्मेवार रहेको मानिने अबस्था रहेन।

साथै भाद्र २३ गते को-कसले बोकेको कुन हतियारबाट फायर भएको हो भनि यकिन गर्न उक्त दिन गोली चलेको हतियारहरु र संघीय संसद भबन परिसर भित्र बाहिर फायर भएका गोलीका खोकाहरू समेत नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुबैले संकलन एवं सिल (Seal) गरी सुरक्षित राखी छिट्टै विशेषज्ञ समक्ष फरेन्सिक जाँचको लागि पठाउनु पर्नेमा बिभिन्न कारणले सो को संकलन,सिल नगरेको र परिक्षणको लागि पनि नपठाएको भनी आयोग समक्ष गरेको वयानमा दुबै संगठनका प्रमुखहरुले उल्लेख गरेको देखिन्छ।

उक्त प्रमाणहरुको अभावमा आयोगले २०८२ भदौ २३ गते संघीय संसद भवन परिसर बानेश्वरमा प्रहरीले चलाएको गोली लागेर प्रदर्शनकारीहरुको मृत्यु हुन गएको सम्बन्धमा को-कसले गोली चलाएको हो भन्ने तथ्य उपलब्ध प्रमाणका आधारमा यकिन गर्न कठिनाई भएको।

भदौ २४ गतेको घटनामा उपत्यका प्रहरी कार्यालय रानीपोखरी, जिल्ला प्रहरी परिसर, जिल्ला प्रहरी कार्यालय, प्रहरी वृत, ईलाका प्रहरी कार्यालय, प्रहरी प्रभाग, प्रहरी चौकी, प्रहरी बिट, कारागार सुरक्षा, सशस्त्र प्रहरी बलको सुरक्षा बेशहरुमा समेत आगजनी, तोडफोड गरी हातहतियार, गोली गठ्ठा, असवाव,सवारी साधन,संचार सेट प्रदर्शनकारीहरुले लुटि लगेको सम्बन्धमा ती घटनाहरु के-कसरी हुन गए, कारण के-के थिए र जिम्मेवार को-को हुन भन्ने सम्बन्धमा विस्तृत अनुसन्धान गर्न आवश्यक देखिन्छ।

अतः भाद्र २३ र २४ गतेका घटनाहरुमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट हुन गएका कमीकमजोरीहरु तथा कानूनले निर्दिष्ट गरेको जिम्मेवारीभन्दा बाहिर गई गरिएका कार्यहरु उपर विस्तृत अनुसन्धान गरी आवश्यक कारवाही गर्न यो आयोग नेपाल सरकार समक्ष सिफारिश गर्दछ।

ooooo

<u>प्रहरी कार्यालय र हतियार बचाउने प्रहरीलाई पुरस्कृत गर्न सिफारिश</u>

२०८२ भदौ २३ र २४ गते जिएनजी आन्दोलनको क्रममा आफ्नो प्रहरी कार्यालय, हतियार र परिसरसमेतमा आन्दोलनकारी अपराधीहरुले आक्रमण गर्न थालेपछि डटेर मुकाबिला गरी बचाउने निम्न प्रहरी अधिकृतहरुलाई पुरस्कृत गरेर हौसला प्रदान गर्नु पर्ने भएकाले पुरस्कृत गर्नको लागि नेपाल सरकार समक्ष सिफारिश गरिएको छ।

१ श्री हरिबहादुर बस्नेत, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय कास्की
२ श्री मधु थापा, प्रहरी नायब उपरीक्षक, प्रहरी कालीमाटी काठमाडौं
३ सुनील शाह, प्रहरी नायब उपरीक्षक, प्रहरी वृत्त मालीगाउँ काठमाडौं
४ श्री चिनीमाया तामाङ, प्रहरी नायब उपरीक्षक,राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान
५ श्री कृष्णकुमार चन्द प्रहरी नायब उपरीक्षक,प्रहरी वृत्त जनसेवा काठमाडौं, ट्रमासेण्ट जलाउन लागेकोमा भदौ २३ गते राती बचाएको।
६ श्री नवराज ढुंगाना प्रहरी नायब उपरीक्षक, प्रहरी वृत्त ठिमी

<u>प्रहरी बचाउने निम्न दुई नागरिकहरुलाई पुरस्कृत गर्नुपर्नेः</u>

१ शिवराम बाँडा, होटल स्वर्णिम एण्ड गेष्ट हाउँस कोटेश्वर।

मिति २०८२ साल भाद्र २४ गते प्रदर्शनकारीहरुले प्रहरी प्रभाग कोटेश्वरमा तोडफोड र आगजनी गरी प्रहरी कर्मचारीहरुलाई कुटपिट गरी ईट्टा, ढुङ्गा, धारिलो हतियार समेतले प्रहार गरी घाईते बनाई हत्या समेत गर्न खोज्दा प्रहरी कर्मचारीहरु अर्धनङ्गन अवस्थामा भाग्दै कोटेश्वर स्थित होटल स्वर्णिम एण्ड गेष्ट हाउँसमा जाँदा सो होटलका संचालक जिल्ला रामेछाप गोकुलगंगा गाउँपालिका वडा नं.१ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३२ कोटेश्वरमा बस्ने टिकाराम बाँडाको छोरा बर्ष ४९ को शिवराम बाँडाले आफ्नो होटलको कौशीबाट निजहरुलाई प्रवेश गराई बिभिन्न कोठाहरुमा लुकाई मूल ढोका र कौशीको ढोकामा ताला लगाई पछि खाना खुवाई कपडा समेत खरिद गरी दिई निजहरुको ज्यान बचाएकोले सो होटलका संचालक शिवराम बाँडालाई

पुरस्कृत गर्नुपर्ने।

२ गिता कुमारी साह, घडी पसल सन्चालक कोटेश्वर ।

मिति २०८२ साल भाद्र २४ गते प्रदर्शनकारीहरुले प्रहरी प्रभाग कोटेश्वरमा तोडफोड र आगजनी गरी सोही वृतमा कार्यरत प्रहरी हवल्दार चिज कुमार कुमाललाई चारै तिरबाट घेराहाली धारिलो हतियार,ढुङ्गा,लाठी,लाती मुक्का समेतले प्रहार गरी मार्न खोजेको देखि सोही नजिक जिल्ला सप्तरी कन्चनरुप नगरपालिका वडा नं.०८ मा घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३२ कोटेश्वर चोकमा घडी पसल संचालन गरी बस्ने भोला शाहको छोरी बर्ष ४८ की गिता कुमारी साहले देखी सो स्थानमा गई प्रहरीलाई बचाउन खोज्दा प्रदर्शनकारीहरुले आगो पेट्रोल जस्तो तरल पदार्थ निज प्र.ह. र गिता कुमारी शाहलाई लक्षित हुने गरी फालेकोमा निज गिता कुमारी शाहको जिउमा परी निजको शरिरमा आगो लागि जली घाईते भई आफ्नो ज्यानको बाजी लगाई निज प्र.ह.को ज्यान बचाउन सफल भएकी घडी पसलकी संचालक गिता कुमारी शाहलाई पुरस्कृत गरिनुपर्ने ।

**<u>जेनजी आन्दोलनकी घाइते कार्ड नं १६५ की सुश्री एकता शाहको सम्बन्धमा सिफारिश गरिएको:</u>**

२०८२ भदौ २३ गते जेनजी आन्दोलनमा बानेश्वरमा संसद सचिवालयको दक्षिण गेट अगाडि प्रदर्शनमा बसेकीमा यिनको बायाँ घुँडामा गोली लागेर घाइते भएकी।

पछि एम्बुलेन्सको स्ट्रेचरमा बसेर एमबीबीएसको इन्ट्रान्स परीक्षा दिइछन्। ५७.५ प्रतिशत अङ्क ल्याएर उत्तीर्ण भएकी ।

निज आन्दोलनकी घाइते, महिला,मधेशी र खुट्टा अशक्तताको कारण लगायत सवै विवरण खुलाई एमबीबीएसमा यसै शैक्षिक वर्षमा छात्रवृत्तिमा भर्नाको लागि यस आयोगले नेपाल सरकारसंग २०८२।१०।१५।५ निर्णय गरी अनुरोध गरेको थियो।भर्ना गराउने प्रकृयामा नेपाल सरकार रहेको भन्ने बुझिन आयो।

**<u>आयोगको काममा उत्कृष्ट काम गर्ने कर्मचारीलाइ पुरस्कृत गर्न सिफारिश</u>**

यस जाँचबुझ आयोगमा खटिरएर उत्कृष्ट कार्य गर्ने देहायका कर्मचारीहरुलाइ मानपदवी लगायत

नगद पुरस्कारबाट पुरस्कृत गर्न गराउन नेपाल सरकार समक्ष सिफारिश गरिएकोछः

सहसचिव श्री प्रकाश पौडेल, गृह मन्त्रालय।
उप सचिव श्री कमल पाण्डे, गृह मन्त्रालय।
कम्प्युटर अप्रेटर ज्ञानु थापा, गृह मन्त्रालय।

प्रहरी नायव उपरीक्षक श्री बिष्णुप्रसाद सोती, प्रहरी प्रधान कार्यालय।
प्रहरी नायव उपरीक्षक श्री मुकेशकुमार तिवारी, प्रहरी प्रधान कार्यालय।
प्रहरी निरीक्षक श्री गजेन्द्र रावल, प्रहरी प्रधान कार्यालय।
प्रहरी हवलदार श्री जयकिशन प्रसाद कुर्मी, प्रहरी प्रधान कार्यालय।एक तह बढुवा गर्नु पर्ने।
प्रहरी सहायक हवलदार श्री नवराज नेपाली, प्रहरी प्रधान कार्यालय।एक तह बढुवा गर्नु पर्ने।
प्रहरी सहायक हवलदार श्री हरिप्रसाद जैशी, प्रहरी प्रधान कार्यालय।एक तह बढुवा गर्नु पर्ने।

# परिच्छेद — १४: शासकीय सुधारका लागि आयोगको सुझाव/सिफारिस

राज्य सञ्चालनको दशकौंको अनुभव र अध्ययन अनुसन्धानहरुको निष्कर्ष बमोजिम श्रोतसाधन विनियोजनको तुलनामा विकास र परिवर्तनको नतिजा पर्याप्त नदेखिनुको मुख्य कारण कमजोर शासकीय पद्धति वा कुशासन हो। यो कुरा हालैको जियनजेड युवाहरुको विद्रोहले थप पुष्टि गरेको छ। तसर्थ, मुलुकको राजकीय शक्ति र उपलव्ध साधनको न्यायिक तथा जवाफदेहिपूर्ण प्रयोग र गुणस्तरीय प्रतिफलका लागि वर्तमान शासकीय पद्धतिमा व्यापक परिवर्तन जरुरी छ। बर्तमान कार्यपद्धतिले आम जनताले अपेक्षा गरेको नतिजा दिन सक्दैन। राजनीतिक दलहरु आफ्ना बाचा पूरा नगर्ने, प्रशासन संयन्त्र जवाफदेही र न्यायिक नहुने, निजी क्षेत्र, सहकारी साथै गैर सरकारी संस्थाहरुका काममा अपारदर्शिता हावी भएको छ। भ्रष्टाचार बढ्दै गएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनलले फेब्रुअरी २०२५ मा सार्वजनिक गरेको रिपोर्ट अनुसार १८० देशमध्ये नेपालले १०० मा ३४ अंक मात्र प्राप्त गरी १०७ औं स्थानमा रहेको देखाएको छ। नेपालको राष्ट्रिय गरीबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७% रहेको छ (नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०)। प्रदेशगत आधारमा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै ३४.१६% र गण्डकी प्रदेशमा सबैभन्दा कम ११.८८% गरी बी रहेको छ। युवा बेरोजगारी दर पनि उल्लेख्य रुपमा बढिरहेको छ। नेपालको श्रम शक्ति सर्वेक्षण अनुसार बेरोजगारी दर १२.६% पुगेको जसमा युवा बेरोजगारी दर अझ उच्च करिब २०.३६% रहेको छ। रोजगारी अबसरका लागि युवा पलायन भइरहने, अर्थतन्त्र विप्रेषणमा चल्ने, द्वन्दहरु झनै बढ्ने जस्ता अवस्थालाई गम्भीरतापूर्वक सम्बोधन गर्नु जरुरी छ। यसको लागि राजनीतिक दल र राज्य संयन्त्र (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका) तथा प्रदेश र स्थानीय सरकार सञ्चालनको मूल्य मान्यता र पद्धतिमा आमूल परिवर्तन जरुरी छ। विधिको शासन र जवाफदेहितालाई संस्थागत र नतिजामुखी बनाउनु आवश्यक छ। तसर्थ, भविष्यमा २०८२ साल भाद्र २३ र २४ गते जस्ता घटनाहरु दोहोरिन नदिन शासकीय पद्धतिका अवयवहरुमा देखिएका समस्या र समाधानका लागि सिफारिस गरी एका सुझावहरुको कार्यान्वयन अनिवार्य गर्नुपर्ने हुन्छ।

## १४.१. राजनीतिक दल र निर्वाचन प्रणालीः

जहानियाँ राणा शासन लगायत नेपाली जनताद्वारा पटक पटक भएका राजसंस्थाको निरंकुशता विरोधी जनआन्दोलन र बलिदानीपूर्वक संघर्षबाट हालको व्यवस्था आएको कुरा सर्वविदितै छ। जहानियाँ राणा शासनदेखि शाहवंशीय केन्द्रीकृत व्यवस्था हुँदै वि.सं. २०४७ सालपछि बहुदलमा आधारित

प्रजातन्त्र र १० वर्षे माओवादी संघर्ष भई २०६२/६३ सालको जनआन्दोलनको बलबाट समावेशी सहितको पूर्ण गणतन्त्रात्मक शासन व्यवस्था आएको सर्व विदितै छ। लामो संघर्षपछि वि.सं. २०७२ सालमा संविधानसभाद्वारा संविधान जारी गरी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रण सहितको शासन व्यवस्था अङ्गीकार गरेको छ।नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वको व्यवस्था गरेको छ।जसमा राजनैतिक उद्देश्य अनुरुप बहुदलीय व्यवस्था साथै समानुपातिक समावेशीताको आधारलाई महत्वपूर्ण रुपमा राखिएको छ।तर समानुपातिक निर्वाचन प्रणाली र नेपाली समाजको बनोटको आधारमा कुनै एउटै राजनैतिक दलले पूर्ण बहुमतको आधारमा शासन सञ्चालन गर्न सकिने अवस्था रहेको देखिदैन। जसका कारण शासन सञ्चालनमा राजनैतिक गठजोड अनिवार्य जस्तै देखिन आएकोछ। फलस्वरुप यसले नीतिगत रुपमा जनचाहना र विकास केन्द्रीत भन्दा पनि पदपूर्ति र औपचारिक शासनलाई मात्र प्रतिविम्वित गरी एको अनुभवले देखाउँछ। तथापि, पछिल्लो शासन व्यवस्थासम्म आइपुग्दा जनजागरणमा बढोत्तरी भई नागरी क आवाजहरु मुखरित भएका छन्।

२३८ वर्षसम्म प्रत्यक्ष परोक्ष रुपमा शासन सत्ताको सञ्चालन गरेको राजतन्त्रात्मक शासन व्यवस्था हटाएको जनसंघर्षको पाठबाट पटक पटकका संघर्षमा हिमायती राजनीतिक दलका नेतृत्व र शासनसत्ताको बागडोर सम्हालेर बसेका नेतृत्वले विगतबाट पाठ सिक्नुपर्ने थियो। तर, नेपालका राजनीतिक दलहरु न त आन्तरिक लोकतन्त्रमा लागे न त सुशासनको दिशामा अगाडि रहे। देशमा सुशासन कायम गर्नुपर्ने प्रमुख दायित्व राजनैतिक नेतृत्वको नै हो।

०४६ को जनआन्दोलनले प्रजातन्त्र पुनर्स्थापना गरेपछिका ३५ वर्षमा यो देशले ३० जना प्रधानमन्त्री पायो। तर, कसैले पनि पाँचवर्षे कार्यकाल पूरा गर्न सकेनन्। यस अवधिमा दल र नेताहरूका राजनीतिक तिकडमले सरकार बन्ने र ढल्ने चक्र चलिरह्यो। त्यति मात्र होइन, जनताले बहुमत दिएर सिंहदरबार पठाएका दलले पनि आन्तरिक किचलोका कारण संसद् विघटन गरेर देशलाई मध्यावधिमा धकेले।

सरकार चलाउने दलहरूका क्रियाकलापले नागरिकमा बढाउँदै लगेको निराशा गत २३ भदौसम्म आइपुग्दा उत्कर्षमा पुग्यो। जियनजेड पुस्ता नै विद्रोहमा उत्रिएपछि दुई ठुला दल कांग्रेस र एमालेले चलाइरहेको सरकार ढल्यो। आन्दोलनको मागअनुसार संसद् विघटन गरियो र २१ फागुनमा आमनिर्वाचन हुँदै छ। नयाँ जनादेशपछि देशले प्रजातन्त्र पुनरुथापनापछिको ३१औं प्रधानमन्त्री

पाउनेछ ।

यी ३५ वर्षमा कांग्रेस नेताद्वय गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा सबैभन्दा धेरै पाँच-पाँचपटक प्रधानमन्त्री बने । एमाले अध्यक्ष केपी ओलीले चारपटक र तत्कालीन माओवादी अध्यक्ष (हाल नेकपाका संयोजक) पुष्पकमल दाहाल प्रचण्डले तीनपटक देशको नेतृत्व गरे । कृष्णप्रसाद भट्टराई, सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दले दुई-दुईपटक सरकार चलाए । भट्टराईले ०४६ को जनआन्दोलनपछि चुनावी सरकारको नेतृत्व पनि गरेका थिए । त्यसबाहेक मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, सुशील कोइराला, खिलराज रेग्मी र अहिले सुशीला कार्कीसहितले एक-एकपटक सरकारको नेतृत्वमा रहे ।

यस अवधिमा सत्ताका लागि विकृत खेलहरू पनि भए । सरकार ढाल्न र बनाउन सांसद किनबेचदेखि आफ्नै पार्टीको सरकार ढाल्नेसम्मका गतिविधि भए । कतिसम्म भने ठुला दलहरूको खिचातानीमा ११ सिट भएको तत्कालीन राप्रपाका सूर्यबहादुर थापा र आठ सिट भएको राप्रपा (चन्द)का नेता लोकेन्द्रबहादुर चन्द कांग्रेस, एमाले, तत्कालीन मालेको पालैपालो काँध चढेर प्रधानमन्त्रीको कुर्सीमा पुगे । यही राजनीतिक अस्थिरताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि दुईपटक सत्ता हत्याएर प्रत्यक्ष शासन गरे ।

अस्थिरताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि दुईपटक प्रत्यक्ष शासन गरे जनताले बहुमत दिँदा पनि थेग्न सकेनन्, बिचमै संसद् विघटन गरेर देश मध्यावधिमा धकेले दलहरूले जनताले दिएको बहुमतको समेत अपमान गरे । पार्टीको आन्तरिक किचलोका कारण बहुमतप्राप्त सरकारले संसद् विघटन गरेर देशलाई मध्यावधिमा पनि धकेले । ०४८ मा कांग्रेसले संसद्का २०५ मध्ये ११० सिट जितेर बहुमतको सरकार बनायो । तर, आन्तरिक किचलोले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २६ असार ०५१ मै संसद् विघटन गरेर मध्यावधि चुनाव गराए ।

दोस्रोपटक कम्युनिस्ट पार्टीहरूलाई जनताले बहुमत दिए । ०७४ मा एमाले र तत्कालीन माओवादी गठबन्धन गरेर चुनावमा गएका थिए । एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिक ४१ गरी १२१ र माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट जिते । सात महिनापछि दुवै पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी बनाए । यो पार्टी १७४ सिटसहित संसद्मा झन्डै दुईतिहाइनजिक पुग्यो । तर, पार्टीभित्रको किचलोले प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद् विघटन गरे । दुवैपटक

सर्वोच्चले पुनरुथापना गरिदियो ।

यो सव हुनुको कारण त हाम्रा राजनैतिक दल र तिनका नेतृत्व गर्नेहरुकै कृयाकलाप र व्यवहारले भएको हो।ती कमजोरी सुधार गर्ने तिर कहिल्यै नलागेको कारण जिएनजेड आन्दोलन हुन गएको हो।अब पनि चेतना नआउने हो भने के होला भन्ने प्रश्न उठ्दछ।

नेपालका राजनीतिक दलहरु आधिकारीक दस्तावेजमा नागरिक हक, सामाजिक न्याय र विकासको विषयमा प्रतिवद्ध देखिन्छन्। उनीहरुको दस्तावेज र व्यवहारमा समान्जस्यता पाइदैन। बदलिदो शासकीय प्रणालीमा पनि जनअपेक्षा अनुरुपका कार्य हुन नसक्नुको मुख्य कारण मध्येनै राजनैतिक दल र निर्वाचन प्रणालीको अप्रभावकारिता पनि एक हो। वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जियनजेड पुस्ताको आन्दोलनको जड समेत राजनैतिक प्रणालीप्रति जन आक्रोश र राजनैतिक दलभित्रको आन्तरिक सुशासन कायम हुन नसक्नु र वर्तमान निर्वाचन प्रणाली कारकका रुपमा रहेको देखिन्छ। हाल नेपालको राजनैतिक दल र निर्वाचन प्रणालीमा देखिएका समस्या र समाधानको लागि गर्नुपर्ने कामहरु देहायबमोजिम रहेका देखिन्छन्।

**वर्तमान राजनैतिक संयन्त्रमा देखिएका समस्या ः**

- दल र सरकारमा बारम्बार नेतृत्वमा एउटै व्यक्ति रहनु -नेतृत्वमा सिन्डिकेट,
- राजनैतिक दलका सदस्यहरुको नैतिक धरातल खस्किनु,
- प्रतिशोधको राजनीतिले प्रश्रय पाउनु,
- पार्टीको आन्तरिक निर्वाचन प्रणाली प्रजातान्त्रिक र सुदृढ नहुनु,
- राजनीतिको हस्तान्तरण र पुस्तान्तरणलाई स्वीकार्न नसक्नु,
- राजनीतिक नेतृत्वको तडकभडकपूर्ण जीवनशैली,
- स्वार्थ समूहसँगको अप्राकृतिक सञ्जालीकरण,
- गरी बीमाथि राजनीति गर्ने परम्परागत संस्कृति हावी,
- राजनीतिक नेतृत्वको डर तथा भय त्रास र धम्कीपूर्ण व्यवहार,
- राज्य सञ्चालनका सम्पूर्ण अवयवहरुमा राजनीतिक दलको हस्तक्षेप,
- आन्तरिक र निर्वाचन खर्चको सार्वजनिकीकरण नगर्नु,
- राजनीतिकर्मीले सम्पत्ति विवरण समयमै पेश नगर्नु,
- राजनैतिक दलका नेताले issuance नगरी राज्यमा व्ययभार थप्नु।
- नीतिगत निर्णयको नाममा ठूला ठेक्कापट्टा र खरिदबिक्रीमा सरकार डुब्नु।
- अनुचित कार्य अख्तियारको कार्यक्षेत्र संविधानबाटै हटाइ दिनु।

- समानुपातिक प्रणालीले गर्दा बहुमतको स्थायी सरकार आउने अवस्था नभएकाले त्यो प्रावधानलाइ उपयुक्त संशोधन गरेर प्रतिनिधिसभामा निर्वाचित बहुमतको सरकार आउनेतिर सोचिनु पर्दछ। त्यही अनुसार संवैधानिक प्रवन्ध गरी नु पर्दछ।

**निर्वाचन प्रणालीमा रहेका समस्या ः**

- खर्चिलो निर्वाचन पद्धति/प्रणाली अवलम्बन हुनु यो विषय निर्वाचनमा संलग्न उम्मेदवारले गर्ने खर्च सोचनीय सीमाभन्दा बढी हुनु, जुन विषय निर्वाचन पश्चात् स्वयम उम्मेदवारहरुले नै घोषणा गर्ने गरेको,
- निर्वाचन प्रणाली तथा व्यवस्थापनमा पारदर्शी (निर्वाचन) रुपमा सञ्चालन नहुनु,
- आचारसंहिता समयावधि तोकिने र देखाउने आकर्षणमा मात्र सीमित रहनु,
- निर्वाचनमा हुने धाँधली, बुथ कब्जा जस्ता अप्राकृतिक गतिविधिहरु यद्यपि कायम रहनु,
- नीतिमा आधारित घोषणापत्र मात्र जारी हुनु व्यवहारिक आशा जनतामा प्रवाह गर्न नसकिनु,
- सामाजिक चेतनामा बढोत्तरी हुन नसकेको कारण जुनसुकै परिस्थितिमा साम, दाम, दण्ड र भेदको नीति अवलम्बन गर्न सक्ने उम्मेदवारले मात्र जित्ने पद्धति कायम हुनु,
- कुनै पनि निर्वाचनमा पटक पटक एउटै व्यक्ति उम्मेदवार हुन पाउने व्यवस्था कायम रहनु,
- E- voting को सबै निर्वाचन बुथमा प्रभावकारी प्रयोग नहुनु,
- नेपाली डायस्पोरालाई भोटिङ अधिकार सु-निश्चित गर्न नसकिनु।

**समाधानको लागि सुझाव ः**

- सुसंस्कारयुक्त राजनैतिक प्रणाली विकास गर्नुका साथै राजनैतिक नैतिकता र सदाचारिता प्रवर्द्धनको लागि राजनीतिक दलहरुले आफ्नो दलको सुशासनको खाका अनिवार्य रुपमा तयार गरी  नेतृत्वदेखि सदस्यसम्म सबैलाई दीक्षित गर्ने, व्यवहारमा लागु गर्ने, सो अनुसार भए नभएको समय समयमा मूल्यांकन गरी सुशासनको कामलाई अझ प्रभावकारी बनाउनु पर्दछ। यस्तो विषय राजनैतिक दल सञ्चालन सम्बन्धी नीतिमा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने। राजनीतिक नेतृत्व आफै सुशासनको क्षेत्रमा अब्बल भए मात्र उसले सुशासनको कुरा गर्ने नैतिक हैसियत राख्दछ र राज्यका निकायहरुलाई सकारात्मक प्रभाव पार्न सक्दछ।
- निश्चित समयावधिभित्र राजनैतिक दलभित्र आन्तरिक निर्वाचन गर्ने कानूनी व्यवस्था गर्ने साथै निश्चित शैक्षिक उपाधी हासिल गरेका व्यक्तिहरुलाई मात्र निश्चित पदमा निर्वाचनमा उठ्न पाउने व्यवस्था गर्ने।
- सरकारलाई कसरी प्रभावकारी बनाउने, शासकीय पद्धति के हो, त्यसमा सुधार गर्नुपर्ने क्षेत्र के के छन् आदि जस्ता विषयको खोजी गरी राजनीतिक दलका सदस्यदेखि नेतृत्वसम्मलाई

समय समयमा दीक्षित गर्नको लागि प्रशिक्षण संयन्त्र बनाउनु जरुरी हुन्छ।

- निर्वाचित हुने जनप्रतिनिधिहरुलाई सरकारी कार्यपद्धति, संवैधानिक तथा कानूनी व्यवस्था, शासकीय पद्धति उनीहरुको जिम्मेवारी अनुसारको विषयको ज्ञान, जवाफदेहिता वारेमा कम्तिमा २ महिनाको तालिम वा प्रशिक्षणको व्यवस्था मिलाउनु जरुरी छ। यस्तो अध्ययन विश्वविद्यालय वा व्यावसायिक अध्ययन संस्थाहरु मार्फत गराउन सकिन्छ। अध्ययन सकेपछि मात्र सम्बन्धित पदको सपथग्रहण गराई जिम्मेवारी हस्तान्तरण गर्ने कानूनी व्यवस्था मिलाउनु पर्दछ।
- निर्वाचन खर्चको वस्तुनिष्ठ सार्वजनिकरणको कानूनी व्यवस्थालाई थप प्रभावकारी बनाउन निर्वाचन पश्चातको १ महिना भित्र अनिवार्य खर्च सार्वजनिकरण गर्नुपर्ने साथै सो उपर सार्वजनिक रुपमा उजुरी/गुनासो दिने संयन्त्रको विकास गर्ने र गुनासो सम्बन्धमा स्पष्ट नपारेमा वा तोकिएको सीमाभन्दा बढी खर्च गरेको पाइएमा कारबाहीको संयन्त्र विकास गर्ने। यसो गरेमा निर्वाचनमा बुथ कब्जा, धाधली, भोट किन्ने अप्राकृतिक परम्परा अन्त्य भई निर्वाचन स्वच्छ प्रतिस्पर्धात्मक र पारदर्शी हुन जानुका साथै विजयी उम्मेद्वारले निर्वाचन खर्च उठाउन गर्ने भ्रष्टाचारमा समेत न्यूनीकरण हुन जान्छ।
- कुनै पनि राजनैतिक प्रतिनिधि सार्वजनिक ओहोदाको पदमा निर्वाचन भएको मितिले १ महिनाभित्र र वार्षिक रुपमा व्यक्तिगत र पारिवारिक सम्पत्ति विविरण सुशासन आयोगमा पेश गर्ने र सो आयोगमार्फत सार्वजनिक समेत गर्ने कानूनी व्यवस्था गर्ने।
- संघ र प्रदेश सभामा निर्वाचित सदस्य मन्त्री बन्न नपाउने कानूनी व्यवस्था गर्नुपर्दछ। निर्वाचित संसदको काम नीति निर्माण गर्ने र कानून बनाउने हो,त्यसैले सांसदलाई विधायक भनिन्छ र संसदलाई विधायिका भनिने गरेको हो। तसर्थ, संसदलाई कार्यकारी पदमा जान नपाउने व्यवस्थाले शक्तिको नियन्त्रण र सन्तुलनलाई थप प्रभावकारी बनाउँदछ।
- खासमा संसदीय व्यवस्था भनेको बेलायतबाट आएको प्रणाली हो। संसदको काम कानून बनाउने हो। त्यसैले संसदलाई विधायिका र सांसदलाई विधायक भनिन्छ। अहिले नेपालमा सांसदको काम कानून बनाउने भन्दा अन्य काम जस्तोकी आफ्नो निर्वाचन क्षेत्रमा संसदीय विकास कोष वा पूर्वाधार विकास कार्यक्रम वा कुनै नामले कुस्त बजेट लैजाने। मन्त्री र अन्य शासकीय पदमा बस्ने र कुस्त कमाउने आदि अन्य काममै व्यस्त रहने गरेको पाइन्छ। एउटा विधेयक ५ वर्षसम्म पारित गरी दैन। त्यसैले विधायक अर्थात् सांसदलाइ कानून वा विधि निर्माणमा मात्र सीमित गराउनु पर्दछ। यसो गर्नाले भ्रष्टाचार गर्ने गराउने दूराशयले सांसद बन्ने उत्कटता हराउनेछ।संसदमा जहिल्यै कोरम नपुगेर वैठक स्थगित हुने गरेको पाइन्छ। सांसदहरु हाउस र समितिका वैठकमा भन्दा वाह्य काममा व्यस्त रहने गरेको देखिन्छ। विधेयकमा रौं चिरा छलफल गरी दैंन। दलीय ह्वीपको आधारमा पारित गरी न्छ। विधेयकमा भएका गुण दोषका विषयमा प्रायः छलफल नै गरी दैन।

- सांसदहरुबाट मन्त्री बन्न नपाउने गरी संवैधानिक व्यवस्था गरी एमा सांसद हुन तछाडमछाड पर्ने छैन। टिकटको लागि मोलमोलाई र लेनदेन हुनेछैन। बिचौलिया,व्यापारी लगायतले पैसा लगानी गरेर सांसद हुँदै मन्त्री भएको त देखिएकै हो। यसो गरी एमा कानून बनाउन सांसद हुन क्षमतावान र योग्य व्यक्तिमात्र अघि सर्ने छन्। त्यसैले अहिलेको मुख्य विकृति र भ्रष्टाचारको जड समाप्त हुनेछ। सांसदबाट मन्त्री हुन नपाउने गरी संविधानमा संशोधन हुनु नै अहिलेको मुख्य समस्याको समाधान हो। सांसद मन्त्री हुने हो भने सांसद पदबाट राजीनामा गर्नु पर्दछ। यसो गरी एमा प्रधानमन्त्रीले योग्य व्यक्तिहरुलाइ मन्त्रीमा ल्याउन सहज हुनेछ।
- राजनीतिक दलको खर्चको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने कानूनी व्यवस्था गर्ने।
- राजनीतिक दल र दलका कुनैपनि व्यक्तिले कुनैपनि श्रोतबाट चन्दा वा दान लिन नपाउने कानून बनाउने।
- विद्युतीय भोटिङ्गको प्रयोग अनिवार्य गर्ने। तर यसरी विद्युतीय भोटिङ्गमा प्रयोग गर्ने मेसिनको शुद्धताको लागि वैज्ञानिक परीक्षण अनिवार्य गरी मात्र लागु गर्ने।
- तत्कालै नेपाली डायस्पोरा भोटिङ्ग राईट सुनिश्चित हुन नसक्ने अवस्था भएमा पनि निश्चित समयावधि अर्थात् अर्को आम चुनावमा गर्न सकिने गरी निर्वाचन आयोग, सरकार र अन्य निकायहरुले काम गर्ने वातावरण मिलाउने।
- सांसदले प्रधानमन्त्री चयन गर्ने र निर्वाचित सांसदको जिम्मेवारी मुलुकलाई आबश्यक पर्ने ऐन कानुन बनाउने तर मन्त्रिमण्डलको सदस्य हुन नपाउने ब्यबस्था गर्नुपर्ने जसले चुनावमा हुने आर्थिक चलखेललाई घटाउँछ । प्रधानमंत्रीले बिज्ञताको आधारमा सामाजिक क्षेत्रका स्वच्छ ब्यक्तिहरूलाई मन्त्रीमण्डलमा समाबेश गर्ने गरी संबिधान संशोधन सहितको कानूनी ब्यबस्था हुनुपर्ने ।

## १४.२. संसद र संसदीय समितिः

नेपालको संविधान २०७२ मा शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन हुने प्रबन्ध गरेको छ। लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्राणालीमा संसदको भूमिका भनेको नीति निर्माण गर्नु साथै नीति कार्यान्वयनको अनुगमन गर्नु हो। तर नेपालमा भने संसद र संसदीय समितिहरु औपचारिकतामा मात्र सीमित भएका छन्। धेरैजसो कानून निर्माणको क्रममा संसदका भनाइहरु त हास्यास्पद सुनिन्छन्। देशको भूगोल र जनसंख्याको अनुपातमा सांसदको संख्या नै धेरै छ। तत्काल कायम भएका जिल्लाहरुमा हचुवाको भरमा कुनै वैज्ञानिक आधारबिना निर्वाचन क्षेत्र तोकिनु,(नेपालको निर्वाचन क्षेत्र निर्धारण आयोग(Constituency Delimitation Commission) को प्रतिवेदनको अनुसार निर्वाचन क्षेत्रको संख्या प्रतिनिधिसभा (Federal): मुलुकभर

१६५ वटा निर्वाचन क्षेत्र निर्धारण गरी एको छ। प्रदेशसभा (Provincial): सात प्रदेशमा गरी कूल ३३० वटा निर्वाचन क्षेत्र कायम गरी एको छ (एक प्रतिनिधिसभा क्षेत्र बराबर दुई प्रदेशसभा क्षेत्र) क्षेत्र निर्धारणको मुख्य आधारः आयोगले ९०% जनसंख्या र १०% भूगोललाई मुख्य आधार मानी क्षेत्र निर्धारण गरेको छ) यस आयोगको अध्ययनले संसदमा देखिएका मुख्य समस्या र समाधानका उपायहरु देहायबमोजिम सुझाएको छ।

- संसदमा उम्मेद्वारी दिने व्यक्तिको कुनै निश्चित मापदण्ड नहुँदा जस्तोसुकै क्षमता भएका व्यक्ति पनि सांसद हुने पद्दति रहनु,
- संसद र संसदीय समितिको निश्चित क्यालेन्डर नहुनु,
- कानून निर्माणमा भन्दा अन्य काममा सांसद लाग्ने प्रवृत्ति,
- संसदीय समितिबाट हुने अनुगमन र मूल्याङ्कनको काम नाम मात्रको हुनु,
- संसद मन्त्री बन्ने व्यवस्थाले गर्दा संसदीय मर्यादाभित्र रही कानून नीति निर्माण भन्दा पनि मन्त्री बन्ने होडमा सांसदहरु रहनु,
- सांसदहरुले अध्ययन र अनुसन्धान नहुँदा कानून निर्माण हचुवाको भरमा गर्ने पद्धति हावी हुनु,
- सांसदहरुले विधेयक पढेकै थिइएन, छलफलनै गराइएन,विधेयक सम्बन्धमा राम्रै जानकारी नै दिइएन वा हामीलाई झुक्काएर कानून ल्याइयो वा पार्टिको ह्विपको पालना गर्नैपर्ने जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिँदै हिड्नुले संसदको योग्यता अनुशासन र उत्तरदायित्व जस्ता विषयहरुको अवस्था र संसदमा रहेको समस्या स्वतः मुखरित हुन्छ,
- समानुपातिक समावेशी सांसद प्रतिनिधित्वमा Elite capture (समाजका टाठाबाठा बर्ग) भएकोले वास्तविक समावेशी वर्गको प्रतिनिधित्व हुन नसक्नु,
- कानून निर्माणमा सांसदहरु स्वार्थ समूहहरुसँग साठगाठ गर्ने साथै अनुचित बाह्य हस्तक्षेपमा परी स्वार्थ बाझिने कानून बनाउनु,
- स्वार्थ बाझिने सांसदहरुलाइनै विभिन्न समितिको नेतृत्व दिनु र सदस्यमा राख्नु।शिक्षा विधेयक, बाफिया,सहकारी आदि विधेयकमा निजी स्कूल सन्चालक, वैंकर्स, सहकारी सन्चालकहरु हावी भएर राज्यलाइ हानी हुने गरी कानून बनाइए।
- कानून निर्माणमा जनसहभागितामूलक विधि अवलम्बन नगर्नु।

**समस्या समाधानका लागि सुझावः**

- सर्वप्रथम त संसदको संख्या घटाउनको लागि निर्वाचन क्षेत्रको पुनः संरचना गरी नुपर्दछ जो भूगोलविद् र अन्य विषयका विशेषज्ञबाट अध्ययन गराएर सुझाव लिएर संविधान संशोधन गर्नुपर्दछ।

- संसद र संसदीय समितिहरुलाई कानूनको निर्माण गर्ने निश्चित क्यालेन्डर निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्ने तोकिएको अवधिभित्र संसदीय समितिबाट छलफल भई सुझाव प्रस्तुत नभएमा त्यस्ता समितिमा रहेका व्यक्तिहरुलाई जिम्मेवारीबाट हटाउने व्यवस्था सहितको कार्यविधि निर्माण र परिपालना गर्ने साथै हरेक अधिवेशनको अन्त्यमा क्यालेण्डर बमोजिम के कति काम भयो भएन भनी नागरी कहरुलाई जानकारी गराउने आम मानिसलाई संसदले महत्वपूर्ण काम गरेको छ भन्ने अनुभूत गराउने। प्रदेश संसदको हकमा पनि यस्तै गर्ने।
- संसदहरुलाई निर्वाचित भइसकेपछि कानून निर्माणको सन्दर्भमा अनिवार्य तालिमको व्यवस्थाको लागि विद्यमान कानून आयोग वा कानून निर्माण अध्ययन अनुसन्धान केन्द्र स्थापना गरी तालिमको व्यवस्था मिलाउनुपर्छ।
- राष्ट्रिय सदाचार नीति निर्माण गरी संसदको आचारसंहिता कायम गर्ने गराउने सन्दर्भमा छुट्टै आचार संहिता कायम गरी परिपालना गराउने व्यवस्था मिलाउने।
- संसदहरु मन्त्री बन्ने प्रावधान हटाउनु पर्दछ। जसले गर्दा विधि निर्माण अर्थात् कानून निर्माणमा मात्र संसदलाई लगाउनु पर्दछ।
- राजनैतिक दल भन्दा माथि उठेर कानून निर्माण गर्ने वातावरणको लागि विधेयक उपरको मतदानमा राजनीतिक दलको ह्वीप लगाउने प्रवृत्ति कानूनी आधारमा नै अन्त्य गर्नुपर्दछ।गोप्य मतदान हुनु पर्दछ।
- विकास निर्माण साथै योजनाको अनुगमन मूल्याङ्कन संसदहरुको अनुगमन समितिबाट निश्चित सूचक तोकेर गर्ने गराउने व्यवस्था गर्ने साथै अनुगमन समितिको समेत अनुगमन सुशासन आयोगको विज्ञ टोलीबाट गर्ने व्यवस्था मिलाउने।
- अब समानुपातिक प्रणालीमा युवाहरुको अनिवार्य सहभागिता सुनिश्चित हुने गरी कानूनी व्यवस्था गरी संसदमा युवा प्रतिनिधित्व बढाउनुपर्दछ।
- कानून निर्माणमा स्वार्थको विवाद हुन नदिन सो सम्बन्धी कानून पहिला बनाई पूर्ण कार्यान्वन गर्नुपर्दछ।
- संविधान वमोजिम संवैधानिक निकायहरुले पेशगरेका प्रतिवेदनहरु संसदमा पुग्दछन्। तर संसदमा ती प्रतिवेदनकफो अध्ययननै गरी दैन। संवैधानिक निकायलाइ उनीहरुले सम्पादन गरेका कामकारबाही सम्बन्धमा सोधपूछ नै गर्रिंदैन।
- एउटै विधेयक ५ वर्षसम्म पारित हुँदैन। अख्तियार सम्बन्धी विधेयक नीतिगत निर्णय सम्बन्धमा उपसमितिले गरेको संशोधनलाई लिएर एमाले र नेपाली कांग्रेसले रोकेर राखेकोछ। मन्त्रिपरिषद्ले नीतिगत निर्णयको नाममा भ्रष्टाचार गर्न रोकिने डरले रोकिन पुगेको छ।
- संसदमा उपस्थिति र हाजिरी सम्बन्धी कानूनी प्रावधानलाई कडाई गरी नु पर्दछ।संसदमा

संविधान र कानूनको पालना गरेर उपस्थित नहुनेलाई सांसदमा बस्न इच्छा नगरेको भनेर निष्काशन गर्ने कडा संवैधानिक प्रावधान ल्याइनु पर्दछ।

लोकतान्त्रिक राज्य व्यवस्थामा सरकार र संसदले नीति तथा कानून बनाउँदा आम नागरी क तथा सरोकारवालाहरुलाई सहभागी गराउने र सो प्रकिया तथा त्यसबाट बन्ने नीति तथा कानूनमा उनीहरुको स्वामित्व कायम गरी नु पर्छ। हाल नीति तथा कानून निर्माण कार्यमा सरकार हावी छ। कानून निर्माण प्रक्रियामा आमूल परिवर्तन गरी नु पर्छ। सरकारमा कुन विषयमा के कानून जावश्यक पर्यो वा कुन कानून संसोधन गर्नुपर्यो र किन पर्यो भन्ने विषयको प्रस्ताव संसदमा पेश गरी नु पर्दछ। संसदले आफैंले पनि अत्यावश्यक विषयमाको कानून बनाउन विधेयक मस्यौदा गर्ने, नागरी क र सरोकारवालाहरुसँग छलफल गर्ने सरकारको सुझाव लिने र पास गर्ने गर्नु पर्दछ। विधेयकको मस्यौदा आवश्यकतानुसार विज्ञहरुबाट गराएर सार्वजनिक रुपमा पनि छलफल गराएर विधायनको प्रकृयामा लैजानु पर्दछ।

## १४.३. न्यायालय र न्याय क्षेत्र :

लोकतान्त्रिक शासन प्रणालीको प्रमुख पूर्व सर्त स्वतन्त्र सक्षम न्यायपालिका हो। लोककल्याणकारी राज्य व्यवस्थामा सरकारको तर्फबाट जनतालाई पुराउनु पर्ने सेवा सबै नागरी कलाई सहज र समान रुपमा दिनुपर्दछ अझै न्यायमा त सबैको सहज पहुँच हुनु अनिवार्य नै हुन्छ। सन् २०२५ को जुलाई सम्म नेपालका सबै अदालतहरुमा १ लाख ४८ हजार मुद्धाहरु विचाराधीन रहेका थिए। सर्वोच्च अदालतमा मात्रै २८ हजार भन्दा बढी मुद्धा थिए। वि.सं.२०८२ साल भाद्र २३ र २४ गते भएको जियनजेड पुस्ताको आन्दोलनको कारण मध्ये न्याय क्षेत्रमा भएको अति राजनीतिकरण र खर्चिलो न्याय प्रणाली पनि हो। नेपालको न्यायालय र न्याय क्षेत्रमा भएका समस्या र समाधानका लागि पहल गर्नुपर्ने बुँदाहरु देहायबमोजिम रहेका छन्।

मुख्यतः सर्वोच्च अदालतमा मुद्दामा ढिलाई भएकोमा व्यापक जन गुनासो रहेकोछ। १० वर्ष भन्दा पुराना मुद्दाले गर्दा जन आस्थाको प्रश्न उठेको छ। विगतका केही प्रधानन्यायाधीशहरुका कृयाकलापले पनि सर्वोच्च अदालत बढी आलोचित हुन पुगेकोछ। प्रधानन्यायाधीशले मुद्दा तोक्दानै बेञ्च सेटिङको आरोप लागेर अरु न्यायाधीशबाट पनि विरोध भएपछि तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शंसेरको पालामा गोला प्रथाबाट सवै अदालतमा मुद्दा तोक्ने गरी यो।

सरकारी खरिदबिक्री र ठूलठूला ठेक्कापट्टा सम्बन्धी मुद्दा सम्बन्धित कानूनी प्रकृया बाहिर रिट

क्षेत्रबाट सर्वोच्च र उच्च अदालतमा जाने र ठेक्का नपाउनेको सेटिङमा वर्षौंवर्ष निर्णय नभै दिनाले विकासको काममा अनावश्यक वाधा अडचन परिरहेको कुरा सरकारी संयन्त्रले गुनासो गर्ने गरेको पाइयो। यस्ता विवादमा छिटो निर्णय हुनु पर्नेतिर हेरिनु पर्दछ। अन्तरिम आदेश जारी भएकोमा वा नभएकोमा र ठेक्कापट्टा लगायत आर्थिक कारोबार सम्बन्धी मुद्दा अनिवार्यरुपमा प्रथम सुनुवाईमै वा बढीमा ६ महिनाभित्र टुङ्गो लगाउने प्रणालीको विकास गरी नु पर्दछ।

संवैधानिक पदाधिकारी नियुक्ति र मन्त्रिपरिषदमा समेत तत्कालीन प्रधानन्यायाधीशले भाग लिएको देखिन आयो।

- सर्वोच्च अदालतका फरक इजलासहरुले एउटै विषयमा फरक फरक व्याख्या गरेकोमा आलोचना भएको पाइन्छ। विभिन्न मुद्दामा सेटिङको आरोप सार्वजनिक भएको पाइन्छ। ५२ संवैधानिक पदाधिकारीको नियुक्ति विरुध्द सभामुख अग्नी सापकोटासमेत विरुध्द प्रधानमन्त्रीसमेत भएको उत्प्रेषण समेत(०७७-WO-०७११) लगायत १५ वटा रिट निवेदनमा २०८२ असार १८ मा निर्णय हुँदा संविधान र कानूनको गलत व्याख्या गरी यो भनी सर्वोच्च अदालत संवैधानिक इजलास धेरै आलोचित हुन पुगेकोछ। सर्वोच्च अदालतले मुद्दामा ढिलाइ गर्दा न्याय नदिनु जस्तो हुन जान्छ भनेर टिप्पणि हुने गरेकोछ।
- पूर्ण इजलासमा ७ भन्दा बढी वा सवै १९ जनासम्म न्यायाधीशको इजलासले कुनै विवादको छिनोफानो गरेको पाइन्छ। तर संवैधानिक इजलास ५ जना न्यायाधीशको मात्र गठन हुन्छ। ५ जनामा राय बाझेमा ३ जनाको निर्णय वा आदेश फैसला सरह हुन्छ। संवैधानिक इजलासको निर्णयमा पुनरावेदन नलाग्ने वा दोहाराउने वा पुनरावलोकन नहुने संवैधानिक प्रावधानले गर्दा ठूलो इजलासले हेर्न नै पाउँदैन। ३ जना न्यायाधीशको निर्णय अन्तिम हुन्छ। त्यसैले यो संवैधानिक इजलासको बनोट त्रुटिपूर्ण भएकाले संविधानमा संशोधन गरेर सुधार गरी नु पर्दछ। न्यायपालिका सुधारमामा यी सवै कुरा विचार गर्नु पर्ने हुन्छ।
- उच्च अदालत र जिल्ला अदालतहरुको न्याय सम्पादनमा पनि बेला बेलामा आलोचना हुने गरेको पाइन्छ। किन आलोचना भएको हो भन्नेतिर प्रधानन्यायाधीशको ध्यान तुरुन्तै जाने प्रणाली विकास गरी नु पर्दछ।
- न्याय सम्पादन समयमा नै हुन नसक्नुः Justice delayed Justice denied भनिन्छ। ढिलो न्याय सम्पादन गर्नु पनि अन्याय गर्नु सरह हो भन्ने न्यायिक सिद्धान्त छ। नेपालको न्यायालयबाट कुनैपनि मुद्धा तोकिएको समयमा सम्पादन हुन नसक्नु कुशासनको प्रमुख कारण हो। अदालतहरुमा जनशक्ति प्रर्याप्त हुँदाहुँदै पनि समयमा कार्यसम्पादन नहुनु

नेपालको बिडम्बना नै हो यसको निराकरणका लागि अदालतमा विचाराधीन मुद्दा समय किटान गरेर छिन्ने र नयाँ मुद्धा दर्ता भएको निश्चित महिना वा वर्षमा छिन्नैपर्ने वाध्यात्मक व्यवस्था गर्ने र त्यसो नगर्नेलाई कारवाहीको कानूनी व्यवस्था गरी नु पर्दछ। यसको लागि आवश्यक जनशक्ति र श्रोतसाधनको व्यवस्था मिलाउनु पर्दछ।

- न्यायालय राजनीतिक चंगुलमा रहनुः नेपालमा कुनैपनि दलको सदस्य भएको वा दलको तर्फबाट जिम्मेवारी लिएका व्यक्तिलाई विभिन्न राजनैतिक दलका कोटा प्रणाली मार्फत न्यायाधीश बनाउने प्रचलनले गर्दा न्याय प्रणालीप्रति जनविश्वास घटेको हो। साथै न्यायाधीशहरुले न्याय सम्पादन गर्दा सरकारको धारणाबाट प्रभावित हुने गरेको आरोप लाग्दै आएको छ। यसरी स्वतन्त्र रुपमा रहनुपर्ने सक्षम र सबैको भरोसाको केन्द्र न्यायालय समेत राजनीतिक चंगुलमा फस्दा लोकतन्त्र कमजोर भएको महसुस आम नागरी कले गर्दै आएका छन्।
- न्यायिक निकायप्रति घट्दो जनविश्वासः न्यायालयले गरेका कामको बारेमा जनमूल्याङ्कनबाट यसको विश्वासको अवस्था मापन गर्न सकिन्छ। नेपालमा स्वच्छ न्याय पाइन्छ भन्ने अनुभूति आम मानिसमा गराउने प्रयत्न नै गरी दैन। न्याय स्वच्छ,स्वतन्त्र,किफायती,निष्पक्ष र छिटो हुनु पर्नेमा विवाद नै छैन। तर त्यसरी भएको अनुभूति न्यायका उपभोक्ताले गर्न सकेका छैनन्। नागरी कहरु धेरै वर्षदेखि मुद्धा धाइरहेका छन्, कतिको जीवनयापन कठिन भएको छ भने कतिको ज्यान समेत गइसक्यो। राजनीतिक प्रभाव र आस्थाका आधारमा कुनै सार्वजनिक चासोको मुद्धा तुरुन्त निरुपण हुन्छ भने कुनैको बर्षौं पालो आउँदैन जसका कारण आम नागरी कले न्यायको अनुभूति गर्न नसकेकोले न्यायालयप्रति जनविश्वास खस्कँदै गएको छ। न्यायालय भनेको न्यायको मन्दिर, अभिभावक, जनताको हकको संरक्षक मानिन्छ। आकाशै खसे पनि हामी न्याय मर्न दिँदैनौ भन्ने म्याग्नाकार्टाको सन् १२१५ को अभिव्यक्तिलाई हाम्रो न्यायालयले पनि हुबहु अनुशरण गर्नु पर्नेमा बेलाबेलामा आलोचित हुन पुगेकोछ।न्यायपालिका उपरको आलोचनालाई सर्वोच्च अदालतलेनै आवश्यक परे संविधानमा समेत संशोधन गराएर सुधार गर्न ढिलाई गर्नु हुँदैन।
- न्याय निरुपण र सुलभ न्यायको लागि वकालती पेशा गर्ने वकिलहरुको फी नै कुनै निर्धारित मापदण्डमा नभएकोले मनपरी शुल्क उठाउने गरी न्छ। सर्वसाधारणले सामान्य निवेदन पनि लेखाउन नसक्ने अवस्था छ। तसर्थ यसको लागि नियमनकारी निकायले सूचकको आधारमा नियमन गर्ने साथै सर्वसाधारणको एकरुपताको लागि कामबमोजिमको एकीकृत शुल्क निर्धारण गरी कार्यान्वयन गर्ने/गराउने गर्नुपर्दछ।
- कुनै पनि मुद्धाको गाम्भीर्यतालाई हेरी प्रकाउ पूर्जी जारी गर्ने विषयमा अनुसन्धान गर्ने निकायलाई स्वायत्त बनाउने गरी फौजदारी संहितामा संशोधन गर्नुपर्ने।

- न्यायालय सुधार अध्ययन सुझाव कार्यदलका सुझाव कार्यान्वयन हुन नसक्नुः भ्रष्टाचार र वेथिति अन्त्य गरी न्याय सेवा प्रभावकारी बनाउन र न्यायालयप्रति जनविश्वास बढाउन सर्वोच्च अदालतकै न्यायाधीश हरिकृष्ण कार्की अध्ययन समिति, नेपाल बार एशोसियसनबाट गराएको अध्ययन समिति, सर्वोच्चकै न्यायाधीश प्रकाश वस्तीको बिचौलिया सम्बन्धी लगायतका अन्य अध्ययन समिति र कार्यदलबाट सुझाइएका सुझावलाई कार्यान्वयन गर्ने गराउने। सर्वोच्च अदालतकै न्यायाधीश हरिकृष्ण कार्कीको अध्यक्षतामा गठित अध्ययन र सुझाव समिति लगायतका समितिहरुले दिएका सुझाव कार्यान्वयन गरी एमा समग्रमा न्यायपालिकाको विकृति र विसंगतिलाइ घटाउन सकिन्छ।
- न्यायाधीशहरुको नियुक्ति र कारबाही गर्ने संवैधानिक निकाय न्यायपरिषद्को बनोटनै दलीय भागबण्डामा नियुक्ति हुने परिपाटीको भएकाले सो आयोग दलीय हस्तक्षेप बाहिर स्वतन्त्र हुनु पर्दछ। यसको लागि न्यायाधीश नियुक्ति र कारबाही गर्ने कामको लागि भारतमा जस्तो कलेजियमको तरिकाबाट गर्नुपर्दछ। यसको लागि पनि संविधानमा नै संशोधन गरी नु पर्दछ।
- अदालतहरुमा मुद्दाको भार बढी भएको छ भने ओ एण्ड एम अर्थात् संस्थाको व्यवस्थापन सम्बन्धी अध्ययन गराएर आवश्यक मात्रामा न्यायाधीश र कर्मचारी थप गरी नु पर्दछ। सर्वोच्च अदालतमै १० वर्ष पुराना मुद्दा बाँकी देखिएकाले संविधानमै संशोधन गरेर आवश्यकतानुसार प्रधानन्यायाधीशले अस्थायी न्यायाधीश नियुक्ति गर्न सक्ने प्रावधान संविधनमा राखिनु पर्दछ। यसरी इजलास बढाएर पुराना मुद्दा फच्छ्यौंट गराइनु पर्दछ। जसबाट मुद्दामा ढिलाईको आरोपबाट मुक्ति मिल्दछ। न्यायपालिकामा मुद्दा ढिलो भया भनेर आलोचना हुँदा कुनै पनि प्रधानन्यायाधीशले सुधार तिर हेरेनन्।फूलकोर्टले पनि कुनै बाटो लिन सकेको पाइदैन।न्यायपालिकाको सुधारको लागि सर्वोच्च अदालतमै न्यायाधीश थपेर इजलास बढाएर मुद्दा छिटो फछ्र्यौट गर्न सकिने थियो।अन्य अदालतमा पनि न्यायाधीश र कर्मचारी बढाएर काम छिटो गर्न सकिने थियो। न्यायपरिषद लगायतमा सुधार गर्न संविधान संशोधन गर भनेर सरकार र संसदलाइ निश्चित अवधि दिनु पर्दथ्यो।त्यो निश्चित अवधिमा सुधार नगरेमा संविधान बमोजिम जनताको न्यायिक हक रक्षाकोलागि भनेर सर्वोच्च अदालतको सबै न्यायाधीशको पूर्ण इजलासले संविधान र कानून आफैंले संशोधन गरेर गर्न सक्नु पर्दछ।भारतमा जनताको न्यायिक स्वतन्त्रता रक्षाको लागि सर्वोच्च अदालत आफैंले संसदले बनाएको न्यायाधीश नियुक्ति सम्बन्धी कानून संशोधन गरेर कलेजियम पध्दति ल्याए जस्तै गर्नु पर्दछ।सरकारले संसदले नगरेको कार्यबाट न्याय मर्न मर्न दिनु हुँदैन।न्यायिक स्वतन्त्रता अपहरण हुनु दिनु हुँदैन।
- आफ्नो संस्थामा सुधार गर्न आफैं अघि सर्नु पर्दछ। त्यसको लागि न्यायपालिकामा

सुधारको लागि सर्वोच्च अदालतबाटनै आफ्नै न्यायाधीशको अध्यक्षतामा एक आयोग गठन गरेर सुधारका लागि सुझाव लिएर काम गरी नु पर्दछ।

- न्यायपालिकाप्रतिको वितृष्णा हटाउन, न्याय स्वच्छ, छरितो र किफायती बनाउन सर्वोच्च अदालतनै अग्रसर हुनु पर्दछ।
- मुद्दा छिटो छरितो गर्न गराउन मुद्दामा वकीलले हटाउने, बेन्च रोज्ने (Bench shooping) कुप्रवृत्ति हटाउनु पर्ने। एउटै मुद्दामा ५० सौं वकील राखेर प्रवचन दिने काम गराउनु भएन। विवादको तथ्य एक जना वकीलले प्रस्तुत गरेपछि लिड लयरले कानूनी त्रुटिमा मात्र बहस गराउने प्रणाली अपनाउनु पर्दछ। घण्टौ बहस गरेर इजलासको समय बरबाद गर्न रोक्नु पर्दछ।
- न्याय सुलभ पार्न वकीलको फी लगायत विकृति र विसंगति फाँड्ने तथा न्यायलाई वकीलहरुको स्वर्ग (Lawler's Paradise)हुनबाट बचाउनु पर्दछ।
- सर्वसाधारणको न्यायमा पहुँच नहुनुः नेपाली नागरी कले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ। पहुँच र पैसा नहुनेको लागि न्याय धेरै टाढाको विषय भएको छ। पक्षको तर्फबाट वहस गर्नुपर्ने वकिल त यति खर्चिला छन् की साधारण निवेदन लेखिदिएको मात्र पनि हजारौ असूल गर्दछन्। लोकतन्त्रको सुन्दरताको प्रमुख पक्ष न्यायिक विषयमाथि आम सर्वसाधारणको पँहुच नहुँदा न्यायपालिकाप्रति सर्वसाधारण रुष्ट हुन पुगेको देखिन्छ। प्रत्येक मुद्दामा वकील राखेपछि वकालतनामा राखिन्छ।सो वकालतनामासंगै वकीलको फी (मुद्दा लेखेको, साक्षी बकाएको, मुद्दा स्थगित भएमा पनि अध्ययन गरेको भनेर लिइने फी,बहस फी, अन्य निवेदन लेखेको फी आदि प्रत्येक कामको फी)को सूची अनिवार्य रुपमा राखिने गरी कानूनी प्रणाली विकास गरिनु पर्दछ।देखाउने डाटा र लिने फीमा भिन्नता हुनु हुँदैन।
- न्यायप्रति अदालतको विश्वास कायम गर्ने गराउने काममा सर्वोच्च अदालत नै अग्रसर हुनु पर्दछ।
- फैसला कार्यान्वयन छिटो छरितो गराउन अन्तिम फैसलापछि पक्षले निवेदन दिन नपर्ने गरी कानून संशोधन गराउन सर्वोच्च अलदालतले पहल गर्नु पर्दछ। फैसला कार्यान्वयन ढिला भएकोमा न्यायपालिकाको आलोचना हुने भएकाले कानून सुधारमा पनि सर्वोच्चले सरकार र विधायिकाको ध्यान आकर्षण गर्नु पर्दछ।
- पहिलेका फैसला कार्यान्वयन १ वर्षभित्र सक्ने गरी कार्यक्रम बनाउनु पर्दछ।
- सर्वोच्च र अन्य अदालतबाट भएका फैसला नेपाल सरकारले कार्यान्वयन गर्नु पर्नेमा पनि दशौं वर्षसम्म कार्यान्वयन नगरेको देखिन आएको छ। अदालतको फैसला र आदेश कार्यान्वयन नहुँदा अदालतप्रति जनविश्वास कम हुन जाने भएकाले अदालतनै तेतातिर सकृय हुनु पर्दछ। त्यस्तोमा पनि सर्वोच्च अदालतले निश्चित म्याद तोकेर कार्यान्वयन गर्न

गराउन सरकारलाई निर्देश जारी गर्नु पर्दछ।

- सर्वोच्च अदालतले फैसला कार्यान्वयनमा गरेको ढिलाई र सरकारी ४३ रोपनी जग्गालाई गुठीको ठहराएर गरेको निर्णय चर्चामा आएको पाइयो।
- पूर्ण इजलासबाट हालको कि.नं ३६५ को क्षेत्रफल ४३-५-३—० जग्गा गुठीको कायम नहुने नेपाल सरकारको हुने फैसला भएको थियो। फैसला मिति २०६७।०१।०२।५ पृ ३७६७ निर्णय नं. ८३३८ ने.का.प २०६७ अङ्क ४ सर्वोच्च अदालत, पूर्ण इजलास संवत् २०६४ सालको NE-००५९।
- सो फैसला पछि गुठी प्रशासकबाट नै मोही कायम गराउन अर्को मुद्दा रिटको रुपमा सर्वोच्चमा दर्ता गरियो।मोही र उनका मतियारहरुको प्रलोभनमा गुठी संस्थानका प्रशासक र संस्थान नै मिलेर पूर्ण इजलासको फैसला पछि षडयन्त्र गरेर मुद्दा रिट निवेदन दिए सरकारी जग्गालाइ गुठीको कायम गराउन ।
- २०६७।१।२ मा पूर्ण इजलासबाट सरकारी ठहराएको त्यही जग्गालाई गुठी संस्थान अन्तर्गतको पशुपति सदावर्त गुठी कायम गरी (तैनाथी)जग्गाधनी प्रमाण पूर्जा दिनु भनी मालपोत कार्यालयको नाममा मिति २०७४ कार्तिक १४ गते रोज ३ मा संयुक्त इजलासबाट परमादेश आदेश जारी भएको ।
- सर्वोच्च अदालतले १६ वर्षपछि २०८२।१०।१२ मा मात्र पूर्ण इजलासको फैसलाको जनाउ मालपोत कार्यालयमा दिएको। यसरी न्यायपालिकाको आस्था र गरिमालाई नष्ट गर्ने काम बेला बेलामा हुने गरेको छ। अव यस्तोविकृति सुधार कसरी गर्ने गराउने भन्ने तिर सवैले सोच्नु पर्दछ।

## १४.४. संवैधानिक आयोगहरुको स्वतन्त्रता र प्रभावकारीताः

संविधानमा नै व्यवस्था भएका आयोग तथा निकायहरु संवैधानिक निकायहरु हुन्। नेपालको संविधानले राज्यका निकायहरुले आफूलाई प्राप्त जिम्मेवारी पूरा गरे नगरेको निगरानी गर्न र अख्तियार दुरुपयोग गरे आवश्यक कारवाही गर्न वा सिफारिश गर्न १३ बटा संवैधानिक आयोगहरुको व्यवस्था भएको छ। ती सबै संबैधानिक निकायहरु संविधान बमोजिम तोकिएको काम गर्न स्वतन्त्र हुनुपर्दछ। यसमा कार्यपालिका तथा व्यवस्थापिकाको प्रभाव वा नियन्त्रण रहनु हुँदैन। वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जिएनजेड पुस्ताद्वारा गरी एको आन्दोलनको कारण समेत स्वतन्त्र संवैधानिक निकायहरुमा भएको नियुक्ति प्रक्रियाको साथै यस्ता आयोगबाट तोकिएको अधिकारबमोजिम प्रभावकारी रुपबाट कार्य सम्पादन नहुनु पनि रहेको देखिन्छ। नेपालको संवैधानिक आयोगहरुमा हाल देखिएका समस्या र समाधानका उपायहरु देहायबमोजिम प्रस्तुत गरी एको छ।

**संवैधानिक आयोगहरुमा देखिएका समस्याहरुः**

- संवैधानिक निकायमा हुने नियुक्तिमा सरकारी तथा राजनीतिक प्रभाव रहनु साथै कुनैपनि प्रतिस्पर्धात्मक परीक्षा प्रणाली अवलम्बन नगरी नु। राजनीतिक दलको तर्फबाट भागबण्डामा कोटा प्रणाली जसरी आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिले प्रभावकारी, स्वतन्त्र र तटस्थ कार्य सम्पादनको अपेक्षा समेत गर्न सकिदैन।
- संवैधानिक निकायहरुमा कार्यरत कर्मचारी विशिष्टिकृत नगरी नु जसले गर्दा स्वार्थ बाझिन जाने साथै कार्य प्रक्रियामा समेत प्रभावकारिता नहुने देखिन्छ।
- नेपालको संविधानमा बिना अध्ययन राजनैतिक स्वार्थको लागि धेरै संख्यामा संवैधानिक निकायहरुको व्यवस्था भएको देखिन्छ। यस्ता केही आयोगहरुको जिम्मेवारी नै स्पष्ट छैन वा कार्यदिशमा नै दोहोरोपना देखिन्छ। नविनतम् मान्यता अनुसार छरितो प्रशासन र सीमित सरकारको अवधारणा अनुसार कार्य गर्नुपर्नेमा संविधानमा नै व्यवस्था गरी अनावश्यक संख्यामा आयोगहरु स्थापना गरी नु भद्दा साशकीय परिपाटिले पश्रय पाउनु नै हो।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार अत्यन्तै धेरै छ। विशेष र नीतिगत भ्रष्टाचार न्यूनीकरणमा मात्र आयोगलाई केन्द्रीत गर्न नसक्नुले भ्रष्टाचारको व्यापकतामा न्यूनीकरण हुन सकिरहेको छैन।

**सुधारको लागि सुझाबहरुः**

- संवैधानिक आयोगमा नेतृत्वको नियुक्ति लोकसेवा आयोग र सुशासन आयोगको संयुक्त परीक्षा प्रणाली अन्तर्गत निश्चित मापदण्डको आधारमा प्रतिस्पर्धात्मक रुपमा हुनुपर्दछ।
- सवै संवैधानिक आयोगहरुलाई ज्ञान, सीप, प्रविधि र स्वतन्त्र रुपमा काम गर्ने गरी विशिष्टिकृत गर्नु पर्दछ। संवैधानिक आयोगमा मात्र काम गर्ने छुट्टै कर्मचारी सेवा बनाइनुपर्दछ। आयोगको उद्देश्य र काम बमोजिमको तालिम व्यवस्था समेत तय गरी नुपर्दछ।
- संवैधानिक परिषदलाई पनि दलीय भागबण्डाबाट बाहिर राखु पर्दछ। त्यसको पुनर्संरचना गरी नुपर्दछ र यसका लागि संविधान नै संशोधन गर्नु पर्ने हुन्छ।
- संवैधानिक आयोगहरुलाइ पनि दलीय भागबण्डाबाट बाहिर राखु पर्दछ। त्यस्ता आयोगहरुको कार्ययोजना र कार्यक्रम अनुसार आवश्यक बजेट सरकारले दिनु पर्दछ। संवैधानिक आयोगको लागि आवश्यक बजेट सम्बन्धमा संसदमा छुट्टै छलफल गरी कार्यक्रम मूलक रुपमा बजेट पारित गरी नु पर्दछ। बिना कार्यक्रम यति उति प्रतिशत बजेट भनी माग गर्ने र दिने प्रकृया ठीक होइन।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विशेष र नीतिगत भ्रष्टाचार

न्यूनीकरणमा केन्द्रीत गर्नुपर्दछ दैनिक प्रशासनिक तहमा हुने भ्रष्टाचार, अनुचित कार्य र सुधारात्मक पृष्ठपोषणका कार्यहरु सुशासन आयोगले गर्ने व्यवस्था गर्नुपर्दछ। जसले गर्दा भ्रष्टाचारको तहकीकरण छुट्टिने र न्यूनीकरण गर्न समेत सहज हुन्छ।

## १४.५. सार्वजनिक सेवा प्रवाहः

राज्यको तर्फबाट जनतालाई दिने सेवा नै सार्वजनिक सेवा हो। लोककल्याणकारी राज्य व्यवस्थाको मूल सूचक नै प्रभावकारी सार्वजनिक सेवा प्रवाह हो। संविधान र संघीयताको बस्तुनिष्ठ कार्यान्वयन गरेमा मात्र सार्वजनिक सेवा प्रवाह अपेक्षाकृत हुन जान्छ। हाल सरकारप्रति देखिएको जन असन्तुष्टिको एउटा कारण सार्वजनिक सेवा प्रवाहमा हुने झन्झट, मौलाउँदो भ्रष्टाचार र कर्मचारीहरुको काम चोर कार्य प्रवृति रहेको देखिन्छ। नेपालको सार्वजनिक सेवा प्रवाहमा विद्यमान समस्या र समाधानको उपायहरु देहायबमोजिम रहेका छन्।

**सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरु :**

- दैनिक सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा मिलेमतो घुस रिसवत जस्ता गैरकानूनी क्रियाकलाप हुनु, अमुक व्यक्ति र समूह सेवा किनबेचमा संलग्न हुनु। कमिशन प्रथा लगायतका भ्रष्टाचारको व्यापकता हुनु सार्वजनिक सेवा प्रवाह र प्रशासनप्रति जनविश्वाश क्षयीकरण हुदै जानुको प्रमुख कारण हो।
- सार्वजनिक सेवा प्रवाह कानूनी आधारमा हुन्छ। सेवा वितरण गर्ने विषयगत कानून कार्यविधि र मापदण्ड पनि बनाईरहेकै पाईन्छ। तथापि, कार्यान्वयनको पाटोमा भने कानून पालनामा उदासिनता रहेको हुन्छ। परम्परागत कार्यशैली साथै स्वयम् प्रशासकहरु कानूनको अनभिज्ञ रहँदा र लाभको आधारमा मात्र कार्यसम्पादन गर्ने प्रवृतिले कानून पालनामा उदासिनता रहेको देखिन्छ।
- गुणस्तरीय दिगो र प्रभावकारी सेवा प्राप्त गर्न पाउनु नागरी कको अधिकार हो। नेपालमा सार्वजनिक सेवा प्रवाहको अप्रभाकारिता हुनु फितलो प्रशासन संयन्त्रको द्योतकको रुपमा रहेको छ।
- नेपालले हाल संघीयताको मर्म अनुरुपको सार्वजनिक सेवाको प्रवाहको संयन्त्र बनाई कार्यान्वयन गरी रहेको छ। यद्यपि, तीन तहका सरकारबीच अझैपनि स्पष्ट प्रशासनिक कार्य विवरणको विभाजन हुन नसकी काममा दोहोरोपना देखिएको छ। यसैगरी अन्तर निकायगत दोहोरोपना समेत समस्याको रुपमा रहेको छ।
- नागरी कलाई दिनुपर्ने सेवा तोकिएको संस्थाबाट तोकिएको जिम्मेवार पदाधिकारिद्वारा दिनुपर्ने हुन्छ यद्यपि स्पष्ट कार्य विभाजनको अभाव दण्ड र पुरस्कार प्रणालीप्रति उदासिनता जस्ता

विषयले सार्वजनिक सेवा प्रवाहमा जिम्मेवारी पन्छाउने प्रवृति हावी छ। यस्तो प्रवृतिले जनअपेक्षा बमोजिमको सेवा प्रवाह हुन सकेको छैन।

- संहिताबद्ध कानूनको अभाव, एकीकृत सेवा वितरण मापदण्ड नहुनु , नागरी क बडापत्र देखाउने फोटोमा मात्र सीमित रहनु, सेवा प्राप्तिमा कागजी संकलन गर्नुपर्ने बाध्यता साथै संगठन संरचना सेवा प्रवाहमुखी नहुनु जस्ता झन्झटिलो कार्य प्रक्रिया सार्वजनिक सेवा प्रवाहको समस्या हो।
- सुधारिएको सार्वजनिक सेवा जनमैत्री, जननिकटस्थ र जनभावना केन्द्रीत हुनुपर्नेमा प्रशासकको आत्म केन्द्रीत व्यवहारले यसको अप्रभाकारिता बढाएको छ।
- सेवाग्राहीलाई बोझ सम्झने प्रवृति, स्पष्ट बुझाउन र सूचना दिन नसक्नु, झर्कने रिसाउने र गाली गर्ने जस्ता सेवाग्राहीप्रतिको सम्मानजनक व्यवहारमा हुने कमी पनि सार्वजनिक सेवा प्रवाहको समस्या हो।
- राजनीति र प्रशासनबीच कार्य र जवाफदेहिताको सीमांकनको प्रभावकारी कार्यन्वयन नहुनु। राजनीतिक नेतृत्व सरकारी कार्यकारी निर्णयकर्ता हुन्क। तीनले गरेको निर्णय कार्यान्वयन कर्मचारी संयन्त्रले गर्दछन्। राजनीतिक नेतृत्वले कानूनबमोजिम आदेश दिने कर्मचारीले कार्यान्वयन गर्ने र पछि कुनै समस्या आए कर्मचारीमात्र फस्ने राजनीतिक नेतृत्व चोखिने अवस्था छ। ठूला भ्रष्टाचार र अनियमिताको काम राजनीतिक नेतृत्वको जानकारी वा आशीर्वाद बिना हुन कठीन छ।
- संघीय प्रादेशिक र स्थानीय तहको सेवा प्रभावकारिता अभिवृद्धिका लागि एकीकृत प्रयास हुन नसक्नु।
- निजामती कर्मचारी प्रशासन, सार्वजनिक संस्थान लगायतका सार्वजनिक सेवा प्रवाह गर्ने संयन्त्रहरुमा दलीय ट्रेड युनियनको व्यवस्था कानून बमोजिम नै स्थापित रहँदा स्पष्ट प्रत्यक्ष राजनैतिक हस्तक्षेप देखिन्छ। राजनीतिक दलीय आस्थाको आधारमा खोलिएका र सरकारले अनुमती दिएका निजामती कर्मचारीको संगठन बन्द गरी नुपर्दछ। तसर्थ, पेशागत हक र हितको लागि मात्र सरकारी निकायमा कुनै नामको एक मात्र स्वतन्त्र कर्मचारी संगठनको अधिकार दिनु पर्दछ। कारखानामा जस्तो ट्रेड युनियन होइन।
- पारदर्शिता, उत्तरदायित्व, व्यवसायिकता जस्ता सार्वजनिक सेवा प्रवाहका सुन्दर पक्षहरुमा देखिएको अभावको कारणले यसलाई प्रभावहिन बनाएको देखिन्छ।

**सुधारका लागि सुझावहरुः**

- सार्वजनिक प्रशासनबाट व्यवस्थापनमा जानुपर्ने साथै सेवा वितरणको एकद्वार नीतिलाई अवलम्बन गर्नुपर्ने भनी समय समयमा गठित प्रशासन सुधार समितिहरुको सुझावलाई कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने।

- सेवा र सेवाग्राहीप्रति उत्तरदायी सार्वजनिक प्रशासन बनाउन कार्यसम्पादनको आधारमा वृत्तिविकासको अवसर, कामको अनुगमनपछि मात्र कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने प्रणालीको कार्यान्वयन गर्ने।
- जिल्ला प्रशासन कार्यालयहरुबाट प्रवाह हुने नागरी कता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र लगायतका सेवाहरुमा धेरै सुधार भएको छ। नागरी कले छिटो र प्रभावकारी सेवा पाउन थालेको महशुस गर्न थालिएको छ। पासपोर्ट र राष्ट्रिय परिचयपत्रको कार्ड वितरणमा १ महिना लाग्ने गरेको छ। १५ दिनभित्रै पाउने व्यवस्था गरी नु पर्छ।
- सवारी चालक अनुमति पत्रमा धेरै सुधार गर्नु पर्ने अवस्था देखिन्छ।
- पहिलो कुरा लिखित परीक्षामै धाँधली हुने कृयालाइ पूर्ण रुपमा हटाइनु पर्दछ।
- ट्रायल सेन्टरहरुले जबरजस्ती घुस ख्वाउन वाध्य पारिने गरेकोछ। ट्रायलमा आफ्नो बाइक वा गाडि लगेर ट्रायल गर्न दिइँदैन। सेटिङ नगरेको वा घूस नख्वाएको परीक्षार्थीलाई सवारी साधनको क्लच र आइसिलेटर बिगारेर ट्रायल गर्न दिएर फेल गराइन्छ।
- त्यसैले निवेदकलाई आफ्नै सवारी साधनमा ट्रायल टेष्ट गरी ने व्यवस्था गरी नु पर्दछ। यही कारणले सरकारको कृयाकलाप माथि व्यापक जन गुनासो आउने गरेको पाइन्छ। जुन कुरा यातायात मन्त्रीले ट्रायलसेन्टरका बिचौलियको प्रलोभनमा सुधार गर्न नै दिएका छैनन्।
- फ्रन्टलाईनबाट दिइने सरकारी सेवामा प्रभावकारिता बढाउन नागरी क सहायता कक्ष बनाउने जसमा पत्रकार र बारलाई राखे। सानातिना काम जस्तै फोटोकपी, स्क्यान, फोटो थिच्ने जस्ता कामहरु एकद्वार प्रणालीबाट त्यही टेबलबाट गरी दिने व्यवस्था मिलाउने।
- नागरी क सेवामा कियाशील कर्मचारीहरुमा शासकीय दम्भ नराखी सेवाग्राहीप्रति विनम्र, सहयोगी हुन सेवकको भावना हुनु पर्ने। कारणवस सेवाग्राहीको कुनै काम हुन नसक्ने भएमा निजलाई राम्ररी बुझाउने र त्यो काम कहाँ, कहिले र कसरी हुन्छ भन्ने व्यहोरा लेखेर दिने पद्धति बनाउने र आवश्यक सहजीकरण गरी दिने। तोकिएको कार्यजिम्मेवारीपूर्वक पूरा नगर्ने कर्मचारीलाई विभागीय प्रमुखले नै कारबाही गर्न सक्ने कानूनी प्रबन्ध गर्ने।
- मालपोत कार्यालयबाट जग्गा नामसारी र राजिनामा गर्दा धेरै झण्झट व्यहोर्नु पर्दछ। विचौलिया बिना काम नहुने गरेकोछ। आफ्नो बाबु आमा स्वर्ग भएपछ उत्तराधिकारी सन्तानको नाममा नामसारीमा गर्दा पनि घूस खुवाउनु पर्दछ। जग्गा पारित गरिँदा कित्ताकाटमा पनि नापीमा घूस खुवाउनु पर्दछ। मालपोतमा दर्ता गर्ने बित्तिकै अटोमेशनबाट काम गराइनु पर्दछ। कुनै कुरा नमिलेको भए यो यो मिलाएर वा यो यो प्रमाण लिएर आएमा काम हुन्छ भनी लिखित दिने प्रणाली विकास गर्नु पर्दछ।
- जग्गा पारित गरिँदा राजस्व कम गर्न मालपोतका कर्मचारीसंगको मिलेमतोमा बिचौलियाले नै सिकाउँन्। लाभकरमा राजस्व गुमाइने गरेकोछ। राजस्व कुनै पनि किसिमले लोप गर्ने, कम गर्ने कृया बन्द गराइनु पर्दछ। राजस्व लोप नहुने सफ्टवेयर विकास गरी नु पर्दछ।

- नागरी क सेवामा अत्यधिक खर्च होईन प्रभावकारी सुपरीवेक्षण र अनुगमन व्यवस्था गर्नुपर्छ। सुलभ नागरी क सेवा स्थापित गराउनतिर सरकारको ध्यान जानु पर्दछ।
- संघीय शासन प्रणालीमा तीन तहका सरकार संघ,प्रदेश र स्थानीय सरकारमा कर्मचारीको पूर्ण व्यवस्थापन गर्न तत्काल संघीय निजामती सेवा ऐन जारी गर्नुपर्दछ।
- सरकारी तहमा हुने काममा राजनीतिक तह र कर्मचारीको जवाफदेहिता स्पष्ट पारिनु पर्दछ। एकआपसमा अहस्तक्षेपको लागि प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्दछ।
- संघीय गणतन्त्रको भावना र सिद्धान्तलाई कार्यान्वयन गर्न आवश्यक संरचना, कर्मचारी संख्या, आवश्यक ज्ञान सीप र उत्प्रेरणा, व्यावसायिकताको अभिवृद्धि, उच्च मनोवल कायम हुनेगरी कर्मचारी व्यवस्थापन, उनीहरुको वृत्ति विकास र वैज्ञानिक कार्यसम्पादन मूल्यांकन गर्ने प्रणालीलाई दण्ड र पुरस्कारसँग जोड्ने।
- कर्मचारी सरुवालाई वैज्ञानिक र अनुगमनयोग्य बनाउन ऐन बमोजिमको कार्यविधिगत सरलीकरण गरी कार्यान्वयन गर्ने।
- कर्मचारीको क्षमता विकास गर्न सवै सरकारी कर्मचारीलाई सुशासन, Integrity, नागरी क सेवा, सेवकको भूमिका र अन्य मागमा आधारित र आवश्यकताको पहिचान गरी तालिम प्रदान गर्ने।
- हालको राष्ट्रिय सतर्कता केन्द्रको पुनर्संरचना गरी छरितो र प्रभावकारी सुशासन आयोग बनाउने। यसको नेतृत्व संसारका सुशासनको असल अभ्यासहरुको ज्ञान भएको विज्ञलाई गराउने र पदाधिकारी चयन गर्दा निश्चित मापदण्डको प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्ने। साथै यसमा वरिष्ठ सरकारी अधिकारीहरु पनि समावेश गर्ने। यसले तीनै तहका सरकारका सबै निकायहरुको पारदर्शिता, सेवा प्रवाह, जवाफदेहिताको अनुगमन गर्ने र आवश्यक सहजीकरण गर्ने कार्यदिश कानूनमा तोकेरै दिने। यसले सबै तहका सरकारका सुशासनको कामलाई अभियानको रुपमा सञ्चालन गर्न एकीकृत कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने। आयोगले सबै निकायको कामलाई प्रभावकारी बनाउन सूचक सहितको अनुगमन मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने। जसबाट सबै तहका सरकारी संयन्त्रहरुलाई वास्तविक दण्ड र पुरस्कार पद्धतिमा आवद्ध गर्ने जिम्मेवारी बहन गर्दछ।
- सार्वजनिक क्षेत्रमा काम गर्ने कर्मचारीबाट सेवा लिने व्यक्तिले सेवाको गुणस्तरको बारेमा तत्काल मूल्यांकन प्रणाली सुरु गर्ने। उदाहरणको लागि Indrive चढेर गन्तव्यमा पुगेपछि डाईभरको मूल्यांकनको लागि सूचना एपले मूल्यांकन गर्दै यस विषयलाई कर्मचारीको कार्यसम्पादनको हिस्सा बनाइनु पर्दछ। प्रवाह गरेको सेवाको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरी नु पर्दछ।
- उत्प्रेरणाको वस्तुगत मार्गचित्र बनाउने एवं उत्प्रेरणाका विषय र शासकीय प्रणालीलाई आवद्ध गर्ने। कर्मचारीको न्यूनतम् तलब बजार मूल्य अनुरुप कायम गर्न समय समयमा तलब

पुनरावलोकन समितिले दिएका सुझावको कार्यान्वयन गर्ने।

- राजनैतिक हस्तक्षेप हावी हुनु नहुने। अनुगमनयोग्य सरुवा बढुवा प्रणालीको विकास हुनु पर्दछ।
- कर्माचारीको ट्रेड युनियन खारेज गरी नु पर्दछ। ट्रेड युनियनहरुले दलीय रुपमा शासननै चलाउने र भ्रष्टाचारमा सहभागिता जनाउने गरेकाले राजनीतिक दल बाहिरको एउटैमात्र युनियनको रुपमा कर्मचारी संगठन दिलाइनु पर्दछ।
- कर्मचारीको व्यवसायिकता अभिवृद्धि गर्न देहायका विषय समावेश भएको आचारसंहिता कार्यान्वयन गर्ने/गराउने।
  - सेवाप्रति समर्पण
  - राजनीतिमा तटस्थता
  - समयप्रतिको अनुशासन
  - समयमै कार्य सम्पादन गर्ने प्रणाली
  - कर्तव्य परायणता
  - सेवाग्राहीप्रति उच्च सम्मान
  - सबै सरकारी काममा प्रविधिको प्रयोग गरेर सरकारी कामको लागत कम गराउने र सेवा प्रवाहको समय बचाउने, सेवाको गुणस्तर र प्रभाकारिता बढाउने। सेवा लिनको लागि नागरी कको समय र खर्च कम गर्ने उपाय अवलम्बन गराउने। सबै सरकारी भुक्तानीहरु नगदमा नभई डिजिटल भुक्तानी (Cashless) र सेवा प्रदायक र सेवा प्राप्त गर्ने व्यक्ति भेट्नु नपर्ने (Faceless) व्यवस्थाको विकास गर्ने।
  - प्रशासन केन्द्रीत शासनबाट नागरी क केन्द्रीत शासनमा विकास गर्ने।
  - सरकारी सवारी साधनको दुरुपयोग रोक्नु पर्ने।कुन कुन पदाधिकारीले सवारी साधन पाउने भन्ने प्रष्ट हुनु पर्ने। सवै कार्यालयमा बाइक भरमार किनेर बाँडिएको छ। खास परिचर,ड्राइभर र सरकारीकामको लागि मात्र बाइक राखेर व्यक्तिलाइ दिएको बाइक बिक्री गरिदिने। जथाभावी बाइक खरिद नगर्ने नीति पालना हुनु पर्दछ।मन्त्रहरुलाइ कतिवटा गाडी दिने भन्ने प्रष्ट कानूनी व्यवस्था हुनु पर्दछ। आयोजनाका गाडी प्रभावशालीलाइ बाड्नु हुँदैन। पुराना गाडी बाइक सवै ६ महिनाभित्र लिलाम बिक्री गर्नु पर्दछ।प्रत्येक मन्त्रालयमा अपरझट कामको लागि भने केही गाडी जगेडामा राखिनु पर्दछ।
  - १ तोकिएका अधिकारीलाइ बाहेक अन्य कर्मचारीलाइ गाडि सुविधा नदिने। शक्तिको भरमा तलका अधिकृत र सहायकले समेत सरकारी गाडि निजी नम्बर प्लेट राखेर प्रयोग गर्ने गरेको पाइन्छ। जसमा सरकारी इन्धन र मरमत खर्च हुने गरेकोछ। गाडि सुविधा दिने हो भने सरकारबाट निर्णय गराएर दिइनु पर्दछ। होइन भने त्यस्ता गाडी प्रयोगमा

रोक लगाइनु पर्दछ।

- केन्द्रीय सचिवलयमा बसबाट कर्मचारी आवतजावतको सुविधा सवै मन्त्रालय र विभागले गरेको पाइन्छ। तथापी जथाभावी मोटर साइकल र स्कुटर खरिद गरेर मनलाग्दी रुपमा प्रयोग गराएको पाइन्छ। इन्धन र मर्मतमा अपार रकम खर्च हुने गरेकोछ।
- कामको लागि प्रयोग गर्नु पर्ने बाइक वा स्कुटर चालक, पाले पहरा, बगैचे आदिको लागि निश्चित संख्यामा राखे पुग्छ। यसपाला सिंबदरबार र प्रदेश तथा बाहिरका कार्यालयमा जलाइएका बाइक र स्कुटरको संख्या हेर्दा अनावश्यकक अधिक संख्यामा देखिन आयो। जथाभावी गाडि लगायत बाइक खरिद गर्न निषेध गर्नु पर्दछ।
- वैदेशिक सहयोगको सम्झौता गर्दा पनि जथाभावी गाडि खरिद मन्त्री र प्रभावशालीलाइ बाड्न दिनु भएन। मेलम्ची लगायत ठूला आयोजनाका दर्जनौ गाडि दुरूपयोग भएको देखिएकै छ।
- मन्त्रीहरुलाइ पनि आयोजना र संस्थानका गाडि दुरपयोग गर्न रोक्नु पर्दछ। मन्त्रीका परिवार पत्नीको लागि समेत पहिलेनै तोकेर२। ३ वटा साना कार दिइनु पर्दछ। मन्त्रीको लागि जिल्ला घुम्न भारतीय पजेरो अर्थात् स्कारपियो दिए हुन्छ।२। ४ करोड मोलका जापानी गाडि खरिद बन्द गर्नु पर्दछ। निर्वाचन सकिए पछि भारतबाट प्राप्त भएका केही स्कारपियो भने नयाँ मन्त्रीहरुका छुट्याएर राखि दिनु पर्दछ। अन्तर्गत संस्थान र आयोजनाका गाडि प्रयोग गरेमा कारबाही गरी ने पध्दति वनाइनु पर्दछ।
- गाडि मर्मतमा पनि व्यापक चुहावट हुने गरेकोछ। त्यतातिर पनि सरकारको ध्यान जानु पर्छ। मर्मतमा अनावश्यक सरकारी बजेट दुरुपयोग रोक्नु पर्दछ।
- पुराना मर्मत नहुने र कवाडि गाडि नियमित रुपमा लिलाम गराइनु पर्दछ। अनधिकृत अधिकारीले चढ्ने गरेका गाडि डिप्रसिएसन कटाएर चाहेमा सरकार अधिकृतलाइ बिक्री गरेमा राम्रो हुनेछ। पन्चायतकालमा एक पटक सवै बाइक खिचेर त्यतिबेला २०३० सालतिर उपसचिवलाइ जेष्ठताको आधारमा गृह मन्त्रालय अन्तर्गतको सिंहदरबार मोटर ग्यारेजबाट बिक्री गरी एको थियो।
- गत भदौ २४ गते जलाइएका कवाडि गाडि र अन्य सामान पनि लट लट गरेर लिलाम बिक्री गरेर फोहर सफाइतिर लाग्नु पर्दछ।
- मोटरसाइकल मोडिफाई गरी ध्वनी प्रदुषण गराउने कार्यमा रोक लगाउनुका साथै आगामी दिनमा हुने कुनै पनि प्रदर्शनमा मोटरसाईकल र्यालिमा पुर्णरूपमा रोक लगाउनु पर्ने ।
- २४ गते काठमांडूको घटना सामाजिक संजालमा आउदा उपत्यका बाहीरका प्रहरीहरूको मनोबलमा नराम्रो प्रभाब परेकोले देशको एउटा स्थानमाहुने घटनाले अरु स्थानमा समेत असरगर्ने भएकोले सो बिषयमा ध्यान केन्द्रित गरी आबश्यक कदम चाल्नुपर्ने ।

- संसद भवन लगायत नेपाल सरकारका मन्त्रालय, सर्बोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, राजस्व/ भंसार कार्यालय तथा ऐतिहासिक धरोहरमा कार्यरत नेपाल सरकारतर्फका प्रमुखलाई अनिबार्य रूपमा कार्यालयको layered defense system सहित समग्र सुरक्षाबारे प्रशिक्षण दिईनुपर्ने र कार्यालयको बजेटबाट सुरक्षाको लागि चाहिने मापदण्ड पूरा गर्नुपर्ने ।
- समग्र शान्ति सुरक्षाको बिषय गम्भीर र संवेदनशील भएकोले गृह मन्त्रालयमा प्र.जि.अ. को रुपमा खटाउन Ministerial cadre को रूपमा जनशक्ति ब्यबस्थापन गरिनुपर्ने ।
- नेपाल सरकारले नागरीकलाई दिने सेवा प्रबाहलाई सकभर एकद्वार प्रणालीव्दारा online प्रबिधिको बिकास गरी सरलीकरण गर्नुपर्ने ।
- NGO\INGO को अनुगमनगर्न समाज कल्याण परिषद (SWC) वा कुनै स्वतन्त्र निकायको निर्माण खुल्ला प्रतिस्पर्धा व्दारा पूर्णरूपमा दक्ष जनशक्ति सहित हुनुपर्ने ।
- बिश्वब्यापी रूपमा डिजिटल र साईबर माध्यमबाट सुरक्षा खतराहरू उत्पन्न भईरहेको परिस्थितिमा NID मा आन्तरिक र बाह्य सुचना संकलन र प्रति जासूसीका लागि अत्याधुनिक प्रबिधि सहितको संयन्त्र र अन्य सुरक्षा निकायहरूमा समेत सामाजिक संजालमा आउने Misinformation, Disinformation, सुरक्षा जोखीमहरूका पुर्ब संकेतहरूको early tracking, source identification र गहिरो पुर्वानुमान गर्नसक्ने अत्याधुनिक साईबर तथा Technical intelligence संरचनाहरूको स्थापना र यसको समयानुकूल अध्याबधिक (update) हुने प्रणाली तत्काल लागु हुनुपर्ने, NID मा Cyber unit समेत नभएकोले सो को ब्यबस्थापन गर्नुपर्ने ।
- PM को मातहतमा रहने गरी Inter-Agency Information Sharing Center को तत्काल निर्माण हुनुपर्ने ।
- नागरीकका गुनासा तथा असन्तुष्टि र आक्रोस लाई समयमा नै ब्यबस्थापन गर्न प्रधानमन्त्री कार्यालय मातहत Research team 24/7 क्रियाशील हुनुपर्ने ।
- सर्वसाधारण नागरीकहरूको निर्बाध आवागमनमा अबरोध हुनेगरी कुनैपनी कार्यक्रम संचालनलाई अनुमति नदिने ब्यबस्था गर्नुपर्ने । यसका लागि सरकारले निश्चित स्थानहरू तोकिदिनु पर्ने।
- सबै प्रकारका निजी तथा सरकारी भबन र संपत्तिहरूको अनिबार्य बिमा गर्नुपर्ने कानूनी ब्यबस्था हुनुपर्ने र बिमा कम्पनीले बिभिन्न बहानामा भुक्तानि रोक्ने प्रबृति रोक्न नियमनकारी निकायलाई सक्रिय गराईनुपर्ने ।
- आगजनीमा प्रयोग हुनसक्ने सोडियम, फोस्फोरस, पेट्रोल, ग्यासोलिन, एसिटोन, थिनर लगायतका रसायनिक पदार्थहरूको किनबेचमा राज्यसंयन्त्रको पहुच हुने प्रणाली निर्माण गर्नुपर्ने ।

- देशभित्रका सबै तहका अदालतहरूले बिकास निर्माण,कर तथा राजस्व छलिका मुध्दाहरू फैसला गर्न बर्षौं बर्ष लगाउदा सेवा पाउने सर्बसाधारणलाई नकारात्मक असर र राज्यलाई पनि आर्थिक हिसाबले नोक्सानी हुने हुँदा यस्ता मुध्दाहरू Fast track बाट टुङ्ग्याउने कानूनी ब्यबस्था हुनपर्ने ।
- अदालतमा न्यायाधीशहरूको नियुक्तिमा स्वच्छ छबिको ब्यक्तिको नियुक्ति हुनसक्ने खालको पारदर्शिता र न्याय परिषदमा राजनीतिक गन्ध नआउने गरी न्याय परिषदलाई पुर्नगठन गरीनुपर्छ।
- प्रदेश सरकारलाई केन्द्रको देखासिकी नगरी प्रदेशका बिबिध बिषयहरूमा खोज तथा अनुसन्धान गर्ने केन्द्र ( Research center) र सानो जनउत्तरदायी प्रभावकारी Smart Government बनाईनु पर्छ।
- नेपालमा रहेका तिब्बेतियन, भूटानी र रोहींगा लगायतका बिभिन्न मुलुकहरूबाट आएका शरर्णार्थीहरूको गतिबिधिमा सुक्ष्म निगरानी गर्न राज्य संयन्त्र क्रियाशील हुनु पर्दछ।
- मदरसा,धर्मशाला,गुम्बा,चर्च र धर्म परिबर्तन गर्ने गराउने तत्वहरूको सुक्ष्म निगरानी अत्याबश्यक भईसकेको छ । समयमा नै ध्यान नदिएमा यसले राष्ट्रिय सुरक्षा (National Security) मा गम्भीर असर पार्ने निश्चित छ ।
- नेपाल राष्ट्रप्रति आदर, माया र सम्मान गर्न उत्प्रेरित गर्ने गरी सानो कक्षा देखि नै पाठ्यक्रममा ब्यबस्था, निम्न माध्यमिक तह देखि नै अध्ययन संग संगै रोजगार पाउने प्राविधिक शिक्षा तथा नैतिक शिक्षाको अनिबार्य ब्यबस्था गर्नु पर्दछ।
- सर्वसाधारण नागरीकको संपत्तिको सुरक्षा ग्यारेन्टी र स्बदेशी तथा बिदेशी लगानीकर्ताहरूलाई लगानी गर्ने बाताबरण सृजना गरी लाखौ नेपालीहरूलाई देशभित्र नै रोजगार दिन निजी क्षेत्रको आत्मबल बढ़ाई प्रोत्साहन गर्न भाद्र २४ गतेबाट पाठ सिकी सरकारले निजी सम्पत्ति, ब्यापारिक प्रतिष्ठानहरू माथी आगजनी गर्ने ब्यक्तीलाई प्रहरीले कसैको आदेश बिना नै Shoot At Sight गरी निश्क्रिय पार्न र भागी गएको अबस्थामा प्रमाणको आधारमा पक्राउ गरी जघन्य अपराध बमोजिम सजाय र सहयोगीहरूलाई पनि कड़ा दण्ड हुने गरी तत्काल कानुनको तर्जुमा गर्नुपर्छ ।
- निजी बैंकहरूको बिकासमा सरकारको बिशेष सक्रियता जरूरी छ। बैंक भित्र हुने आर्थिक अपचलनमा सरकार र नियमक निकाय तथा राष्ट्र बैंकको बिशेष अनुगमन र निगरानी आवश्यक हुने ।
- सामाजीक संजाललाई ब्यबस्थित गर्न जति ढिलो भयो समाजमा एक अर्का प्रति घृणा द्वेष उत्पन्न भई सामाजीक सुरक्षामा गम्भीर असर पर्ने हुँदा यसलाई स्वस्थ र मर्यादित बनाउन नेपाल सरकारले तत्कालै ऐन, नियमको तर्जुमा गर्नुपर्ने ।
- नेपाल सरकारको सबै मन्त्रालय, बिभाग र संस्थानहरूमा जनशक्तिको उपलब्धता र

कार्यभार (Job load) को बास्तबिक अबस्था पत्ता लगाउन एउटा स्वतन्त्र कमिटी ( Independent Committee) बनाई कमिटीको राय अनुसार कर्मचारी संख्या निर्धारण सहित निजहरूसंग Performance Based Contract अनिवार्य गरी Contract बमोजीम काम सम्पादन नगर्ने कर्मचारीलाई कारबाही गर्ने कानूनी ब्यबस्था हुनुपर्ने ।

- भाद्र २३ गते प्रदर्शनमा संसद भबन परिसर बाहिर जेन्जी युवालाई आक्रोशित पार्न र आफ्नो अभिष्ट परिपुर्ति गर्न केही आपराधिक समुह र अबसरबादी राजनीतिक पक्षहरूको समेत घुसपैठ भएको देखिन्छ । यस्ता प्रदर्शनहरूमा घुसपैठको पहिचान र नियन्त्रण गर्न बिशेष प्रबिधि सहितको सर्बसाधारणले नदेख्ने गरी concealed CCTV को जडान, drone द्वारा रियल टाइम फोटोग्राफ गरी control room मा देखिने प्रणाली र प्रदर्शनकारी भित्रैबाट सुचना प्राप्त गर्ने संयन्त्रको बिकास र परिचालन हुन जरूरी छ। कतिपय समयमा प्रहरीलाई प्राप्त हुने एउटा सूचना पनि हजारौ प्रहरी परिचालन भन्दा बढि प्रभावकारी पनि हुन सक्दछ।तसर्थ प्रहरीलाई सुचना संकलन र बिश्लेषणका लागी आबश्यक पर्ने रकमको ब्यबस्था गर्न सरकार हिच्किचाउन हुदैन ।
- सरकारी सेवा प्रदायक कार्यांलयका कर्मचारीहरूलाई people first theory, communication skill, primary role of civil servant सम्बन्धी बेला बेलामा बजेटबाट खर्च नहुने गरी on the job training दिईरहनु पर्ने। official update सरकारी च्यानल र सामाजीक संजालबाट गर्ने, Misinformation र Disinformation का लागी counter team क्रियाशिल गर्ने। independent oversight panel with young energetic people को स्थापना गर्ने। प्रत्येक मन्त्रालय/ बिभाग/ शाखाको आन्तरिक अनुगमन इकाईलाई स्वतन्त्र रूपमा अनुगमन गर्न powerful mandate सहित प्रत्येक सरकारी सेवा प्रदायक को Ethics/ Discipline/performance analysis गर्न सक्षम बनाउदै जादा सेवा प्रदायकको कार्य परिणाम र गुणस्तर सम्बन्धी अख्तियारीमा पर्ने उजुरीको संख्यामा धेरै हदसम्म नियन्त्रण हुन जान्छ।
- परिणाममा आधारित मूल्यांकन ( Result-based evaluation) हुनुपर्ने। उजुरी ब्यबस्थापन प्रणाली ( Grievance Redress mechanism ) प्रभावकारी बनाउने। सेवा प्रबाहबारे सार्वजनिक सुनवाई र सुझाव संकलन गर्ने अनिबार्य ब्यबस्था गर्ने। सेवाग्राही सन्तुष्टी सर्वेक्षण अनिबार्य रूपमा गर्ने। Record keeping मा सुरक्षित डिजिटल प्रणालीको प्रयोग गर्ने। मोबाईल एपद्धारा प्रबाह गर्ने सरकारी सेवा बारे जानकारी गर्ने। दक्ष, निष्पक्ष र राजनीतिक हस्तक्षेप मुक्त निजामती सेवा प्रशाशनको निर्माण गर्ने ।
- नेपाली सेनाले National Security literacy campaign (Digital)सम्बन्धी कार्यक्रम संचालन गर्ने,नागरीक, युवा र सामुदायिक संस्थाहरूसंग समन्वय राख्न Civil Military Liasion Desk स्थापना गर्ने, सार्वजनिक स्थानहरूमा Disaster, Rescue, Medical readiness Demo प्रदर्शन

गर्ने, बिश्वबिध्यालय लगायत बिभिन्न संस्थाहरूमा youth Engagement & Military Education Partnership कार्यक्रम संचालन गर्ने,बेला बेलामा Drone units, Cyber defense command, Humanitarian engineering corps बारे आफ्नो ब्यबसायीकता प्रस्तुत गरी आम नागरीकलाई सेनासंग आश्वस्त हुने बाताबरण निर्माण गर्ने। नेपाली सेनामा भर्ति भई देश सेवा गर्न नेपाली युवाहरूलाई आकर्षित गर्ने बिबिध कार्यक्रमहरू ल्याउनु उपर्युक्त हुन्छ।

- नेपाली सेनाको आकार, भुमिका र काठमाण्डौ तराई द्रुतमार्ग जस्ता सड़क निर्म्माण कार्यको ज़िम्मेवारी लिने सन्दर्भ बारे संगठनको सर्बोतम हितका लागी स्वतन्त्र रणनीतिक समिक्षा गरीनुपर्छ। नेपाली सेनाले साईबर सुरक्षा र प्रबिधि आधारित सुरक्षा प्रणालीको बिकास गर्नुपर्छ। नेपाली सेनाले नेपाल राष्ट्रको सुरक्षाको लागी दिर्धकालीन राष्ट्रीय सुरक्षा रणनिती स्पस्ट र अध्याबधिक बनाउन बिशेष भुमिका निर्बाह गर्नुपर्ने। रक्षा खरीद प्रक्रियालाई सकेसम्म सार्वजनिक जानकारीमा ल्याउने। सेनामा आउने उजुरी दर्ता र छानबीन पारदर्शी हुनुपर्ने।
- अख़ितयार, सम्पत्ति शुध्दिकरण बिभाग, राष्ट्रीय सतर्कता केन्द्र र केन्द्रीय अनुसंधान ब्यूरो जस्ता निकायहरूलाई पुनर्संरचना गरी स्वतन्त्र ढंगले काम गर्ने बनाउने।
- सबै सरकारी सेवा प्रबाह गर्ने कार्यालयम् e-governance (अनलाईन आबेदन, ट्र्याकिङ, डिजिटल भुक्तानी) लागु गर्ने। सरकारी कार्यालको प्रकाशित योग्य तथ्याङ़हरू सर्बसाधारण नेपाली नागरीकको जानकारीको लागि सार्वजनिक गर्नुपर्ने ।
- सेना र न्यायाधीशहरू लाई उनीहरूको कामको सम्बन्धमा immunity दिईनु पर्छ जसका कारण उनीहरूले स्वतन्त्रतापुर्बक आफ्नो कर्तब्य निर्बाह गर्न सकुन। आर्थिक पक्षमा अनुसन्धान गर्न अख़ितयार दुरुपयोग अनुसन्धान बिभागले न्यायपरिषद र सेना मुख्यालयको स्वीकृति लिई अनुसन्धान तहक़ीक़ात गर्न सक्ने ब्यबस्था गर्नुपर्ने।
- डायस्पोरामा रहेका नेपालीहरूलाई लगानीको अनुकूल बाताबरण सृजना गरी आफ्नो मुलुकको बिकासमा प्रत्यक्ष सहभागी गराउने प्रणाली बनाउनुपर्ने ।
- राज्यको दीर्धकालीन सुरक्षाको लागी नेपाल सरकारले Chinese WeChat जस्तै "All in One" एप बनाउनुपर्ने, तर यसको दिगोपन (Sustainability) को लागी ठुलो लगानी, बलियो र सुरक्षित प्रबिधि, धेरै प्रयोगकर्ता चाहिन्छ। त्यसैले तत्कालका लागी बिद्यमान वालेट,च्याट, सरकारी सेवा एकीकृत गर्ने,निजी क्षेत्र र सरकार मिलेर "Nepal Super App" बनाउने,QR मा आधारित भुक्तानीलाई अझ व्यापक बनाउने र सामाजिक संजालको प्रभावकारी अनुगमन र नियमन गर्न सशक्त टिम बनाउनुपर्ने ।
- अति बिशिष्ट ब्यक्तिको (VVIP) सुरक्षाका लागी एकल कमाण्ड प्रणाली प्रभावकारी हुने हुँदा सोही अनुसारको कार्यबिधि बन्नुपर्ने।

- अनिवार्य रूपमा नागरीक एपमा प्रत्येक नेपालीले संम्पती घोषणा गरी हरेक बर्ष बिबरण अध्याबधिक गर्नुपर्ने अनिबार्य कानूनी ब्यबस्था हुनुपर्ने।
- भाद्र २३ र २४ गतेको बिषम परिस्थितिमा डराई कार्यस्थलबाट भागेका, कर्तब्यच्यूत भएका सुरक्षा संगठनका अधिकृत तथा जवानहरूलाई पहिचान गरी सबै सुरक्षा निकायले सख़्त कानूनी कारबाही र हिम्मत साथ मैदानमा बसी साहसपूर्वक काम गर्नेहरू एकजना पनि नछुटने गरी उनीहरूले सम्पादन गरेको कामको गहनताको आधारमा पुरस्कृत गरीनुपर्ने।
- प्रहरी लगायतका राज्यका अन्य निकाय र कार्यालयहरुमा रहेका सवारी साधनहरुको समयमा नै लिलाम गर्न सरकारले तत्काल कदम चाल्नुपर्ने ।

## १४.६. निजी क्षेत्रः

नेपालले सामाजिक न्याय र समृद्धि हासिल गर्न उदारीकरणको नीति अन्तर्गत निजी क्षेत्रको सहभागिता अभिवृद्धिलाई सु-निश्चित गर्ने र सीमित शासनको अवधारणा अनुसार शासकीय साझेदारको रुपमा निजी क्षेत्रलाई अगाडि बढाएको छ। कुनै पनि देशको विकास, उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता अभिवृद्धि निजी क्षेत्रको विकासबाट मात्र संभव हुन्छ। मिति २०८२ भाद्र २३ र २४ गते भ्रष्टाचार अन्त्यको माग राखी जियनजेड पुस्ताद्वारा गरी एको आन्दोलनको क्रममा देशका औद्योगिक घराना, उद्योग र निजी व्यापारिक प्रतिष्ठानहरुमा उच्छृङखल समूहबाट भएको नियोजित घटनाबाट देशले निकै धेरै आर्थिक श्रोत त गुमायो नै निजी क्षेत्रको लगानी आकर्षण र मनोबल पनि तहसनहस बनायो। कुनै पनि अवस्थामा निजी व्यापारिक प्रतिष्ठानहरुमा भएको आक्रमण ठीक नभएको आभास सबैले गर्दै आएका छन्।

अर्कोतर्फ शासकीय साझेदारको रुपमा रहेको निजी क्षेत्र निजीकृत हुन सकेको छैन्। राजनैतिक संरक्षणमा कालो बजारी गर्ने साथै व्यक्ति र अमूक समूहकोमात्र अनुकूलका कानून र नीति निर्माणमा राजनैतिक नेतृत्वसँग मिलेमतो गरेको आरोप निजी क्षेत्रमाथि लाग्ने गरेको छ। यद्यपि, नेपालको निजी क्षेत्रमा देखिएका र महसुस गरी एका समस्या र सुशासन कायम गर्ने सन्दर्भमा निजी क्षेत्रको व्यवसायिकता बढाउन गर्नुपर्ने काम तल प्रस्तुत गरी एको छ।

**निजी क्षेत्रमा देखिएका समस्याहरुः**

- निजी क्षेत्रले आफू अनुकूल कानून बनाउन सांसद, मन्त्री साथै कर्मचारीतन्त्रसँग साँठगाँठ गर्ने गरेको। पैसा खर्च गरेर राजनीतिक दलको सदस्यता लिने संसद बन्ने, मन्त्री बन्ने र स्वार्थ

बाझिएका कानून निर्माण गर्न तल्लिन हुन उद्दत देखिनुले प्रभावकारी र व्यवसायिक निजी क्षेत्रमाथि प्रश्न उठिरहेको छ।

- व्यवसायिक सामाजिक उत्तरदायित्व बहन गर्न नसक्नुले व्यवसायप्रति सामाजिक दृष्टिकोण नकारात्मक असर बढिरहेको छ।
- निरन्तरको मूल्य वृद्धि हुनुको कारण अप्रतिष्पर्धात्मक बजार, एकाधिकार, कालोबजारी र मिलेमतो जस्ता अप्राकृतिक विषयहरु हुनुमा निजी क्षेत्रको संस्थागत सुशासन अप्रभावकारी भयो।
- निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण नहुनु, लगानी सुरक्षा साथै व्यवसायीहरुमाथिको सुरक्षा राज्यद्वारा प्रत्याभूति गर्न नसकिनु पनि निजी क्षेत्रको विकासमा देखिएको समस्या हो।
- जटिल अर्थतन्त्रको प्रभाव निजी क्षेत्रमाथि छ। स्टार्ट अप, नवजागरण,नवउद्यमी र नवपर्वतनलई निजी क्षेत्र आफैंले स्थान नदिनु साथै राज्यबाट प्रोत्साहन नगर्दा व्यापारिक औद्योगिक नव विचार पलायन हुने अवस्था छ।
- नेपालमा लगानी श्रोतको अभाव हुनु, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनको लागि कानूनी र कूटनीतिक हिसाबले राज्य सक्रिय छैन। शान्ति सुरक्षाको मजबुत स्थिति साथै प्रोत्साहन छुट सहुलियतको प्याकेज नै छैन।
- औद्योगिक श्रमको सहसम्बन्ध प्रभावकारी नहुँदा अपेक्षित रुपमा उत्पादन उत्पादकत्व अभिवृद्धि हुन सकिरहेको छैन।

**समाधानका लागि सुझावहरुः**

- निजी क्षेत्रको व्यवसायिकता र उद्यमशीलता बढाउन निजी क्षेत्रको निजीकृत पूर्व शर्त हो। तसर्थ राजनैतिक प्रशासनिक र अन्य प्रभाव हटाउन स्वार्थको द्वन्द सम्बन्धी कानून बनाई कार्यान्वयन गर्ने/गराउने।
- बजार मागको आधारमा उत्पादन अभिवृद्धि र सामाजिक मागको आधारमा उत्तरदायित्व बहन गर्ने वातावरण बनेमा मात्र समाजले निजी क्षेत्रको सुरक्षा स्वयम् गर्दछ।
- प्रतिष्पर्धात्मक बजार, पारदर्शिता, सन्तुलन बजार र कच्चा पदार्थको उत्पादनमा सहयोगी हुने जस्ता विषयहरु कायम गरी निजी क्षेत्रको संस्थागत सुशासन प्रभावकारी बनाउनु पर्दछ।
- राज्य सञ्चालनको प्रमुख साशकीय साझेदारका रुपमा रहेको निजी क्षेत्रलाई उकास्न राजनैतिक प्रतिबद्धता, प्रशासनिक सरलता र सरकारले सुरक्षा ग्यारेन्टी गर्नु पर्दछ। सुरक्षाको लागि राज्यले निजी प्रतिष्ठान रक्षा र औद्योगिक बलको रुपमा सुरक्षा संयन्त्रको परिचालन गर्न सक्दछ।
- गिरेको निजी क्षेत्रको मनोबल र लगानीप्रतिको विकर्षण हटाउन सरकारले क्षतिको उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाउने। साथै निजी र औद्योगिक प्रतिष्ठानहरुमा आगलागि र

आक्रमण गर्नेहरुलाई कानूनी कारबाहीको दायरामा अनिवार्य ल्याउने।

- नवपर्वतन र स्टार्ट अपको लागि सरल कर्जा,न्यून ब्याजदरको नीति अवलम्बन गर्नुका साथै काम र उत्पादनको विश्लेषण गरी अनुदान दिने व्यवस्था नीतिगत रुपमा नै गरी नुपर्दछ।
- निजी क्षेत्र फस्टाउन नसकेको कमजोर नियमन प्रभाकारिताले हो तसर्थ, सरकारले नियमनलाई प्रभावकारी बनाउने र यसलाई दण्ड पुरस्कार प्रणालीसँग अनिवार्य जोड्नुपर्दछ।
- प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्न लगानी सुरक्षा वातावरण निर्माण गर्ने, एकद्वार प्रणालीलाई प्रभावकारी बनाउने, नाफा लैजान पाउने सरल वातावरण निर्माण गर्ने, जनशक्ति व्यवस्थापनको लागि प्रभावकारी औद्योगिक श्रम सहसम्बन्धमा जोड दिनुको साथै एन आर एन मार्फत लगानी भित्राउने संयन्त्रको विकास गरी नुपर्दछ।
- युवा व्यवसायी र कृषकहरुलाई थप प्रोत्साहनका कार्यक्रम लागु गर्नुपर्दछ।
- साथै बैकिङ्ग क्षेत्रको प्रभावकारिताको लागि देहायबमोजिम गर्नुपर्ने देखिन्छ।

## १४.७ बैकिङ्ग क्षेत्रः

विभिन्न आन्तरिक तथा बाह्य उतारचढावका बीच नेपाललको बैकिङ्ग क्षेत्र फड्को मार्दै दक्षिण एसियामा राम्रो स्थानमा रहेको छ। २०७२ सालको महाभूकम्प जाँदा होस् वा २०७६ सालका कोभीड महामारीको बेलामा बैकिङ्ग सेवा एक दिन पनि अवरुद्ध नभइ बैङ्कका कर्मचारीहरु अग्रपक्तिमा रही ग्राहकहरुलाइ सेवा प्रदान गर्दै आइरहेको हामी माझ अवगत नै छ।

पछिल्ला २/३ वर्षमा डिजिटल बैकिङ्गले ठूलो फड्को मारेको छ। हाल प्रति महीना करिब रु ११० अर्बको कारोबार QR मार्फत हुने गरेको छ। डिजिटल बैकिंङ्गको क्रान्तिले ग्राहकलाई कारोबार गर्न अत्यन्त सहज भएको छ।

नेपाल राष्ट्र बैङ्कले लिएको कदम र व्यवस्थाहरुले नेपालका बैङ्कहरु कतिपय दृष्टिकोणमा अन्तर्राष्ट्रिय मानकमा समेत अब्बल भएका छन्। रणनीतिक सुधार तथा वित्तीय स्थायित्वका लागि लागु गरी एका विभिन्न प्रावधान तथा नियमहरुले बैङ्कहरु अझ बढी सबल, सक्षम र पूँजीका हिसाबले पनि ठूला भएका छन्।

अत्यन्त पारदर्शी र प्रभावकारी नियमनका बीच रहका बैंकिङ्ग क्षेत्र उपर विभिन्न व्यक्ति तथा अराजक समूहहरुले पछिल्लो समय पटक- पटक प्रहार गर्दै आइरहका छन्। विशेषगरी २०७९ साल पश्चात् यस्ता उच्छृङखल गतिविधिहरु बढ्दै गइरहेका छन्। सर्वसाधारण आम जनताले मिहिनेत गरेर जम्मा गरेको निक्षेप संकलन गरेर सोही रकम बैङ्कले कर्जा प्रवाह गर्ने हो।

तथापि, ऋण लिए पश्चात नतिर्ने, नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा बैङ्क र वित्तीय संस्था ऐनले दिएको अधिकार प्रयोग गरी असूली गर्दा बैङ्कका कर्मचारीहरु उपर दुर्व्यवहार गर्ने, धम्क्याउने, लगायत विभिन्न अराजक गतिविधिहरु पछिल्ला समय बढ्दै गइरहेका छन्।

**विद्यमान चुनौतीहरुः**

बैंकिङ्ग क्षेत्रमा हाल देखिएका केही प्रमुख चुनौतीहरु निम्नानुसार छनः

**१. न्यून कर्जाको मागः** यस आ.ब.को झण्डै ६ महिना बित्न लाग्दा कर्जाको बृद्धिदर २ प्रतिशत भन्दा कम नै रहेको छ। कर्जाको ब्याजदर इतिहासकै न्यून बिन्दुमा रहँदा समेत कर्जाको माग अत्यन्तै कम रहेकोले तरलता व्यवस्थापनमा समेत ठूलो सकस परेको अवस्था छ।

**२. बढ्दो खराब कर्जाः** गत वर्ष देखि नै बढ्दै गईरहेको खराब कर्जा यस आ.ब.को पछिल्लो त्रैमासिकमा ४.८६ प्रतिशत रहेको छ। मुलुको विद्यमान परिस्थिति र व्यापार व्यवसायमा देखिएको सुस्तताको कारण आगामी दिनहरुमा यो अझै बढ्ने देखिन्छ।

**३. कर्जा असुलीमा चुनौतीः** समस्त मागमा देखिएको संकुचन, व्यापार/व्यवसायमा देखिएका सुस्तता, विभिन्न अराजक समूहहरुले दिएको भड्काउ अभिव्यक्ति, लगायतका कारणले कर्जा असूलीमा उल्लेखनीय गिरावट आएको छ।

**४. बढ्दो गैर बैकिङ्ग सम्पत्तिः** पछिल्लो समय बैङ्कहरुमा गैर बैंकिङ्ग सम्पत्ति बढ्दै गईरहेको छ। हाल करिब रु.५२ अर्बका गैर-बैंकिङ्ग सम्पत्ति थुप्रिएर बसेको अवस्था छ। यसको उचित व्यवस्थापन नभएको खण्डमा यसले समस्त बैंकिङ्ग क्षेत्रलाई नै ठूलो नकारात्मक प्रभाव पार्न जान्छ।

**५. घटदो नाफाः** उपरोक्त चुनौतीहरुको प्रत्यक्ष प्रभाव बैङ्कहरुको नाफामा परेको छ। यस आ.ब.को प्रथम त्रैमासिक विवरण अनुसार सञ्चालनमा रहेका २० वटा बाणिज्य बैङ्कहरु मध्ये १२ वटा बैङ्कहरुको वितरण योग्य मुनाफा नकारात्मक रहेको छ। यस अवधिमा बैङ्कहरुले जम्मा रु १३ अर्ब खुद नाफा गरेका थिए, जुन अघिल्लो आ.ब.को सोही समयको तुलननामा रु ३ अर्बले कम हो।

**जियनजेड आन्दोलन र त्यस पछिको बैकिङ्ग परिस्थितिः**

जेन्जी आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिले देशको समग्र अवस्थामा प्रतिकूल असर गरेको कुरामा दुईमत छैन्। भदौ २३-२४ का घटना लगत्तै नेपाल बैङ्कर्स संघले सो समयमा सम्प्रेषण

गरेको विवरण अनुसार ८७३ ऋणीहरु प्रत्यक्ष प्रभावित भएको र ती ऋणीहरुको करिब रु ३७ अर्बको नोक्सान भएको अवस्था थियो। उक्त घटना पछि बैकिङ्ग क्षेत्रमा कर्जा असूलीमा उल्लेखनीय गिरावट आएको छ। आन्दोलनका कारण कतिपय व्यवसाय बन्द हुने, ढुवानी अवरुद्ध हुने उत्पादन र बिक्री घट्ने जस्ता अवस्थाले ऋणीहरुको नगद प्रवाह कमजोर बनाउन पुग्यो, फलस्वरुप, समयमै कर्जाको किस्ता र ब्याज तिर्न नसक्ने अवस्था सिर्जना भयो र यसले बैङ्कहरुलाइ कर्जा पुनर्सरंचना तथा पुनर्तालिकिकरण गर्न बाध्य बनायो। विशेषगरी साना मझौला उद्योग, होटल-पर्यटन, निर्माण र ढुवानी क्षेत्रका कर्जाहरु बढी प्रभावित भएका छन्, जसका कारण असूली हुन नसकेको ब्याज उल्लेखनीय रुपमा बढेर बैङ्कहरुको तरलतामा दवाव सिर्जना हुन पुगेका छ, भने प्रतिकूल परिस्थितिका कारण कर्जा प्रवाहमा संकुचन आउनाले बैङ्कहरु नँया कर्जा प्रवाहमा सतर्क बन्न पर्ने अवस्था सिर्जना भएको छ। आन्दोलन र यसबाट उत्पन्न परिस्थितिबाट जोखिम बढेको अवस्था छ। त्यस्तै खराब कर्जाको अनुपात बढ्ने, खराब कर्जा अनुपात बढेसंगै नियामक प्रावधान अनुसार बैङ्कहरुले थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने छ। जसका कारण बैङ्कहरुको नाफामा उल्लेख्य गिरावट आएको जसले देशको समग्र अर्थ व्यवस्थामा शिथिलता देखा पर्न गएको छ। लगानीका बाटोहरु नखुल्दा निक्षेप परिचालनमा समस्या उत्पन्न भएको छ। बजारमा पैसा चलायमान नहुँदा अवश्यपनि देशमा अर्थतन्त्र नै धरासायी बन्ने अवस्थामा पुग्न सक्ने सम्भावना बढदै गएको छ। समग्रमा भन्दा भुँइचालो त्यसपछि कोराना महामारी लगायतका अन्य विभिन्न चरणहरु पार गर्दै आउँदा अब विस्तारै अर्थ व्यवस्था लयमा फर्किएला कि भन्ने आशा पलाईरहको समयमा फेरि जियनजेड आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिले देशको समग्र अर्थतन्त्रलाइ गहिरो असर पारेको छ।

**आगामी कार्यदिशाः**

**१. स्थानीय प्रशासनको सहयोगः** हाल बैङ्क तथा वित्तीय संस्थाहरुलाइ घर-बाटो सिफारिश, लिलामी प्रकिया, लगायत कार्यहरुमा स्थानीय वडा तहबाट नै अत्यन्त असहयोग हुँदै आइरहको गुनासो छ। ऐन नियममा रहेका व्यवस्था बमोजिम कार्य गर्न खोज्दा असहयोग धम्की आइरहको हुनाले, कानूनले दिएका अधिकार/कार्य गर्न स्थानीय तहबाट समेत सहयोग पुग्ने वातावरण बनाउनु पर्ने।

**२. प्रहरी प्रशासनको सहयोगः** पछिल्लो २-३ वर्ष यता बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीहरु प्रति लक्षित गरी आक्रमण/धम्कीपूर्ण व्यवहार हुँदै आइरहेका छन्। दुर-दराजमा कार्यरत कर्मचारीहरुको सुरक्षामा पनि चुनौती थपिदै गएको छ र कर्मचारीहरुको मनोबल गिर्दो क्रममा छ। अतः मुलकको

कुनै पनि क्षेत्रमा कुनै घटना घटने अवस्था श्रृजना भएमा प्रहरी केन्द्रीय कार्यालय लगायत नजिकको प्रहरी/प्रशासन समक्ष उक्त घटना बारे तुरुन्त खबर पुग्ने गरी एक स्थायी संयन्त्र निर्माण गर्नुपर्ने।

**३. बैकिङ्ग कसुर ऐन सशोधनः** विद्यमान बैकिङ्ग कसुर ऐनमा व्यापक परिमार्जन गरी नु पर्ने। निर्दोषलाइ कुनै किसिमको अन्याय पर्न नहुने तथा दोषी छुटन नपाउने तथा "पहिला सुन अनि थुन" को सिद्धान्त लागु हुने गरी ऐन परिमार्जन हुनुपर्ने।

**४. बैङ्क तथा वित्तीय संस्था ऐन संशोधनः** केही समय अघिसम्म तीब्र रुपमा छलफल भइरहेको बैङ्क तथा वित्तीय संस्था ऐन संशोधनका विषयलाइ तीब्रता दिइ बैकिङ्ग क्षेत्रलाइ थप पारदर्शी, सबल र स्थायित्वका लागि समय-सापेक्ष सशोधनहरु यथाशीघ्र गर्नुपर्ने।

**५. मुलकको ग्रे-लिस्ट सम्बन्धमाः** मूलक अहिले FATIF को ग्रे-लिस्टमा परी आवश्यक कानून/नियमको संशोधन सहित अन्य कार्यहरु तीब्र रुपमा अघि बढी रहेको परिप्रेक्षमा बैङ्किङ्ग क्षेत्रको समेत सहयोग लिइ अन्य कमजोर देखिएका क्षत्रहरुमा आवश्यक सुधार पक्रियाहरु अगाडि बढाउने कार्य क्षेत्र र समयसीमा सहित तोकि अघि बढ्नुपर्ने।

**६. भ्रामक समाचार सम्प्रेषणः** पछिल्लो समय केही अनलाइन सचार माध्यमहरुले व्यक्ति/संस्था लक्षित भ्रामक, गलत र तथ्यहीन समाचारहरु सम्पेषण गर्दै आइरहेको र यसले आम-जनमानसमा बैकिङ्ग क्षेत्रप्रति नकारात्मक प्रभाव पर्दै गएको छ। तसर्थ, एक निश्चित मापदण्ड तोकी अनलाइन सञ्चार माध्यमहरुको अनुगमन हुनुका साथै ती संस्थाहरुलाइ प्रदान गरी ने विज्ञापन खर्चमा समेत मापदण्ड तोकिनु पर्ने।

**७. अन्यः** बैकिङ्ग क्षेत्रलाइ अझ मजबुत बनाइ मुलकको आर्थिक विकासमा समेत टेवा पूरा उनको निम्ति अन्य विविध पक्षलाइ समेत सुधार गरी नु पर्ने- वैधानिक तरिका मार्फत विप्रेषण भित्रिने वातावरण बनाइ हुण्डी कारोवारलाइ न्यूनिकरण गर्दै जाने; हाल निक्षेपको ब्याजदर अत्यन्त कम भएको अवस्थामा पुँजी पलायन हुने सम्भावना बढ्ने हुनाले आवश्यक सतर्कता अपनाउनु पर्ने; डिजिटल बैकिङ्गले लिएको तीब्र गति र उल्लेख्य कारोवार डिजिटल माध्ययमबाट हुँदै गइरहेको परिप्रेक्षमा ठूला कारोवार गर्ने PSP/PSO को निगरानी बढाई ती संस्थाहरुलाई थप सुरक्षित बनाउनु पर्ने।

अन्तमा मुलकको अर्थतन्त्रलाई सबल बनाउन र नेपाल सरकारले लिएको आर्थिक बृद्धि लक्ष हासिल

गर्न बैङ्किङ्ग क्षेत्रको समेत अहम् भूमिका रहन्छ। बैकिङ्ग क्षेत्रले विगतमा धेरै आरोह-अवरोह पार गर्दै आएको छ। देशमा हुने हरेक आर्थिक, राजनीतिक तथा संरचनागत परिवर्तनसँग यो क्षेत्र कहिले उकालो लाग्छ त कहिले ओरालो झर्छ, तर यस्ता विविध परिस्थितिका बाबजुद पनि यो क्षेत्रले आफ्ना सम्पूर्ण गतिविधि नियमनकारी निकायको कडा अनुगमन र नेपाल राष्ट्र बैकको निर्देशन अनुरुप सञ्चालन गर्दै आएको छ। आज देशमा सबैभन्दा बढी नियमन, पारदर्शिता र उत्तरदायित्व सहित सञ्चालन भइरहेको क्षेत्र भनेको बैकिङ्ग क्षेत्र नै हो। वर्तमान अवस्थामा बैङ्कहरुले आफ्ना वित्तीय सूचकहरुलाइ बलिया रणनीतिक, संरचनागत तथा व्यवस्थापकीय सवै किसिमका उपायहरु अपनाउन आवश्यक छ। विशेषगरी खराब कर्जा व्यवस्थापनलाइ उच्च प्राथमिकतामा राख्दै ऋणीको वास्तविक क्षमता र नगद प्रवाहका आधारमा कर्जा प्रवाह सुनिश्चित गर्न अपरिहार्य रहको छ। कर्जा विस्तारका सन्दर्भमा साना तथा मझौला व्यवसाय, उत्पादनमूलक क्षेत्र र सम्भावनायुक्त क्षेत्रमा बैङ्कहरुले सक्रिय भूमिका खेल्न सक्छन्।

आजको युग डिजिटल युग भएकाले बैकिङ्ग सेवाको डिजिटल विस्तार र यसको सुरक्षा अपरिहार्य भइसकेको छ। यससंगै साइबर जोखिम, डाटा सुरक्षा र प्रविधिजन्य चुनौतीहरु पनि बढिरहेका छन्, त्यसैले यस्ता जोखिम न्यून गर्न अत्याधुनिक रक्षात्मक उपायहरुको खोजी र कार्यान्वयनमा बैङ्कहरुले विशेष ध्यान दिनुपर्छ। दीर्घकालीन रुपमा हेर्दा, विभिन्न संरचना मार्फत गैर-बैकिङ्ग सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्न सकेमा बैङ्कहरुले आफ्ना वासलात थप बलियो बनाउन, जोखिम घटाउन र नयाँ कर्जा प्रवाहको क्षमता बढाउन सक्छन्। अन्त्यमा, वित्तीय सूचकहरु बलिया बनाउँदै, कर्जा प्रवाहलाई सन्तुलित र जिम्मेवार बनाउँदै तथा गैर-बैकिङ्ग सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्दै अघि बढेमा बैङ्किङ्ग क्षेत्रले वर्तमान चुनौतीहरु पार गर्दै अर्थतन्त्रको स्थायित्व र विकासमा अझ सशक्त भूमिका निर्वाह गर्न सक्छ।

## १४.८. नागरीक समाजः

समाजमा आवाज नहुनेहरुको आवाज बुलन्द गर्ने स्वतन्त्र निष्पक्ष र तटस्थ नागरी कहरुको समूह नागरी क समाज हो। राज्यको स्वेच्छाचारिता रोक्न सरकार पुग्न नसकेका क्षेत्रहरुमा पुग्न साथै सकारात्मक पक्षको पैरवी गर्दै नराम्रा व्यवहारहरुलाई चिर्न बदलिदो समयमा शासकीय साझेदारको रुपमा रहनुपर्दछ नागरी क समाज। ठूला राजनैतिक परिवर्तन र समाजका घटनाहरुमा नागरी क समाजको धारणालाई बढो महत्वका साथ हेरिन्छ। वि.सं. २०८२ साल भाद्र २३ र २४ गते

जियनजेड पुस्ताको सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय साथै भ्रष्टाचारको विरोधमा भएको प्रर्दशनमा समेत नागरी क समाजको धारणालाई समाजमा निकै ध्यान पुऱ्याएको थियो। तथापि, नेपालमा नागरी क समाज पनि नाममात्रको रहेको स्वतन्त्र निष्पक्ष र तटस्थ हुन नसकेको साथै गैरसरकारी संस्थामा आबद्ध भएको भन्ने आम जनगुनासो व्याप्त छ। नागरी क समाज भित्र देखिएका समस्या र समाधानको लागि सुझावहरु देहायबमोजिम रहेका छन्

**नागरीक समाजमा देखिएका समस्याहरुः**

- राजनैतिक दलमा आबद्ध व्यक्तिहरु नागरी क समाजका अगुवा रहेकोले राजनैतिक दोषी चस्माले समाजलाई हेर्ने गरेको।
- समाजका आवाज विहिनहरुको आवाज बोल्न सक्ने क्षमता हराउँदै गएको नागरी क समाज सहर केन्द्रीत भएका।
- गैरसरकारी संस्थाका संञ्चालकहरु नागरी क समाजमा लागेको।
- तटस्थ र निष्पक्ष आवाज दिन नसक्नु।
- सामाजिक सहिष्णुता कायम गर्न स्वयम् नागरी क समाज नैतिक र उच्च आचरणयुक्त हुनुपर्नेमा सो गुण थोरै मात्र सामाजिक अभियन्तामा रहेको।
- सकारात्मक कामको पैरवी र नकारात्मक कामको लागि सचेत गराउनु पर्नेमा सो कार्य गर्न नसकेको।

**समाधानका लागि सुझावहरुः**

- नागरीक समाज आवाज विहिनहरुको आवाज बन्नुपर्दछ। जसको लागि स्वतन्त्र निष्पक्ष र तटस्थ व्यक्ति मात्र नागरीक समाजको अगुवा बन्नुपर्ने कानूनी व्यवस्था नैं गर्नुपर्दछ।
- गैरसरकारी संस्था बिल्कुलै सामाजिक सहिष्णुता अभिवृद्धि गर्ने र सरकारको स्वेच्छाचारिता रोक्ने काममा लाग्नुपर्दछ, त्यस्ता व्यक्तिहरु वैदेशिक सहयोगबाट चल्ने संस्थामा आबद्ध हुने त कल्पनासम्म समेत गर्न सकिँदैन। अन्य संस्थामा आबद्ध व्यक्ति नागरीक समाजमा नरहने व्यवस्था गर्ने।
- स्वार्थको द्वन्द्व सम्बन्धी कानून सबै क्षेत्रमा जस्तो नागरीक समाजलाईसमेत प्रभावकारी बनाउन लागु गर्नुपर्ने।
- २०८२ भदौ २३ र २४ गतेको जस्तो प्रर्दशन र सरकारसँगको विमतीका विषयमा हुने सबै विवादको निरुपणको लागि दुबै पक्ष सम्मिलित छलफलमा नागरीक समाज मध्यस्थताको भूमिकामा रहनुपर्ने कार्यविधिगत व्यवस्था हुनुपर्यो।

## १४.९. सहकारी क्षेत्रः

समुदायमा आधारित संगठनहरु जसले विशेष गरी ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग पुर्याउँदछन् त्यस्ता संस्थाहरु सहकारी हुन्। सदस्यता परिचालनबाट बचत वृद्धि, लगानी परिचालनबाट सदस्यहरुकै हित अभिवृद्धि गर्ने, वस्तु तथा सेवाको उत्पादन गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने जस्ता क्रियाकलाप सहकारीले गर्नुपर्दछ। स्थानीय उत्पादन र सेवा मूलक भन्दा ऋण र वचत सहकारीमै खोल्नै मै जोड दिइने गरेको घटनाले देखाइरहेको छ।

नेपालमा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा सहकारीको व्यापकता रहनु, सदस्यहरुको बचत हिनामिना गर्ने, बैङ्कमा भन्दा पनि बढी लगानी सहकारीमा हुने साथै अनौपचारिक वित्तको रुपमा सहकारीको बचत परिचालन हुने जस्ता समस्याहरु देखिएका छन्। विगत केही समयदेखि सहकारी पीडितहरुको आन्दोलन र विरोधका कार्यक्रमहरु निरन्तर भईरहेका छन्। सहकारीमा देखिएका समस्या यति व्यापक भए की सरकारले सहकारी समस्या समाधानको लागि सुझाव दिन २०७० सालमै आयोग बनायो। आयोगले सहकारी ऐनको मस्यौदा सहित नियमनमा कडाई गर्नु पर्ने सुझाव दियो। तर ऐन बनाउँदा नै सहकारीलाइ नियमनमा खुकुलो बनाइयो। जसको कारण जीबी राई जस्ताले आधा दर्जन बढी सहकारी खोलेर सर्वसाधारणको अर्बौं रुपैयाँ हिनामिना गरे, डुबाई दिए। सरकारी निकाय समग्रमा सरकार मूक दर्शक भएर बस्यो। सोही कारणले हजारौं वचत पीडितहरु सडकमा आईरहेका छन्। सहकारीको नियमनलाई प्रभावकारी बनाउन सहकारी नियमन प्राधिकरण बनाईयो। तर ठगिएका वचतकर्ताको वचत फिर्ता गराउनेतिर प्राधिकरणलाई कुनै अधिकार नै दिइएन। वचतकर्ताको आवाज कसैले नसुनेकै कारणले वचतकर्ता सदैव जुलुस गरी रहेका छन्। वचतकर्ताको राहतको लागि अहिले फेरि २०८२ माघमा सरकारले सायद चौथो सहकारी जाँचबुझ आयोग गठन गरेको छ। आयोग गठन र सुझाव भन्दा पनि डुबेको वचत रकम शीघ्र फिर्ता दिलाईनु पर्ने हो। अबत केही होला कि भन्ने आशाको त्यान्द्रो बाँकी छ। सहकारी क्षेत्रमा भएको अनियमितता पनि भाद्र २३ र २४ को जेन जी पुस्ताको आन्दोलनको कारण त थियो सहकारीमा कुशासन झाङगिनु। सहकारी क्षेत्रमा व्याप्त समास्याको समाधानका लागि सहकारी जाँचबुझ आयोग २०७० ले त्यसपछिका आयोग र सुझाव समितिले दिएका सुझावको अक्षंरस कार्यान्वयन गर्नुपर्दछ। साथै सहकारीको नियमन लाई प्रभावकारी बनाउन सहकारी नियमन प्राधिकरण लाई थप सशक्त बनाउनुपर्दछ।

## १४.१०. पत्रकार र सञ्चार जगतः

राज्य सञ्चालनको चौथो अंगको रुपमा रहेको पत्रकार र सञ्चार जगत व्यवसायिक भए मात्र आम जनता सुसूचित हुन्छन्। सरकारको स्वेच्छाचारिता रोक्न, शासकीय कार्यहरुबाट हुने अपारदर्शी कार्य शैली र उत्तरदायित्व विहिनतालाई चिर्न पत्रकारिता जगत आफै व्यवसायिक र मूल्य मान्यतामा आधारित रहनुपर्दछ। भ्रष्टाचारजन्य गतिविधिको न्यूनीकरण गर्नमा वा ठूलाठूला राजनैतिक परिवर्तनमा नेपाली पत्रकार र मिडिया हाउसहरुले खेलेको भूमिका प्रशंसा लायक छ। तथापि, पछिल्लो समयमा भएको सूचना प्रविधिको प्रयोग र विशेष गरी सामाजिक सञ्जालको बढ्दो व्यावसायीकरणसँगै सञ्चार क्षेत्रमा भएको नकारात्मक परिवर्तनले सामाजिक रुपमा नै असहिष्णुता निम्ताएको छ। नेपालमा पत्रकारिताको धर्म हराउँदै गएको,प्रख्यातिको लागि श्रोतबिनाका समाज भड्काउने समाचार र सूचना प्रशारण हुदा द्धेष फैलिदै गएको पनि पाईन्छ। राजनैतिक दल अनुसारका पत्रकारका संगठन सोही बमोजिम समाचार प्रशारण गर्दा राजनैतिक तटस्थता पनि देखिएको पाइदैन। वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जियनजेड पुस्ताको सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय र भ्रष्टाचार विरोधी आन्दोलनको क्रममा अराजकता निम्तिनुमा यु-ट्युव च्यानल संचालक, सञ्चार जगतका केही व्यक्तिहरु र सामाजिक सञ्जालमा भएको अपुष्ट र नकारात्मक सन्देशको प्रवाह भएको विज्ञ र सञ्चार जगतकै वरिष्ट व्यक्तिहरुले समेत स्विकारेका छन्। पछिल्लो समय नेपालमा सामाजिक सञ्जालमा देशको स्वतन्त्रता सार्वभौमसत्ता भौगोलिक अखण्डता स्वाधिनतालाई खलल पुग्ने किसिमका अभिव्यक्तिहरु साथै कुनै व्यक्ति औद्योगिक घराना र सार्वजनिक पदाधिकारिहरुलाई खुलेआम धम्काउने हत्या गर्ने चेतावनी दिने जस्ता समाजलाई अराजक बनाउने क्रियाकलापहरु सामाजिक सञ्जालमा राख्ने साथै अनलाईन मिडियाहरुले समेत समाचार बनाई प्रशारण गर्ने गरेको पाइएको छ। यस परिप्रेक्षमा साइबर अपराधको नियन्त्रण पनि प्रभावकारी हुन सकेको छैन। साथै सामाजिक सञ्जाल र सञ्चार जगतलाई न्यूनतम अनुशासनमा बाध्न यथेष्ट कानून र नियमन गर्ने निकाय प्राय निष्कृय छन्। नियमन नहुनु हो।

**नेपालको सञ्चार माध्यम र मिडिया हाउसमा भएका समस्या समाधानका लागि सुझाव देहाय बमोजिम छन्।**

१) पत्रकारिता र सञ्चार जगतको अनुगमन मूल्याङ्कन गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने जिम्मा पाएको प्रेस काउन्सिलमा हुने नियुक्तिलाई पारदर्शी, प्रभावकारी र स्वार्थरहितताको आधारमा सञ्चालन गर्ने गराउने।

२)	हरेक पत्रकार सन्चारकर्मी हुन्, तर हरेक सन्चारकर्मी पत्रकार हुँदैनन्, होइनन्। त्यसैले सन्चारकर्मी र पत्रकारको स्पष्ट परिभाषा हुनु वान्छनीय छ।

३)	पत्रकार बन्नका निम्ति निश्चित योग्यता एवम् शर्त निर्धारण गरी नु पर्दछ।

४)	पत्रकारहरुमा निम्न योग्यता अनिवार्य गर्ने कानूनी प्रावधान गर्नुपर्ने देखिन्छ।

- कम्तिमा स्नातक हुनुपर्ने।
- कम्तिमा १५ वर्षसम्म सम्वाददाता, स्तम्भकार, अन्तरवार्ताकार, सहायक सम्पादक भै काम गरेको हुनुपर्ने। (यस अवधिमा प्रशिक्षित पत्रकारको रूपमा मान्यता रहने )
- कम्तिमा नेपाली भाषामा शुद्ध, स्पष्ट, सन्देशमूलक र त्रुटिरहित लेखन क्षमता रहेको हुनुपर्ने।
- कम्तिमा पच्चीस वर्ष उमेर पूरा भएको हुनुपर्ने।
- फौजदारी अभियोग लागि सजाय पाएको हुन नहुने।
- राष्ट्रिय सुरक्षा र राष्ट्रहितप्रति सदा जिम्मेवार र सम्बेदनशील भई पेशागत कर्ममा क्रियाशील भएको हुनुपर्ने।
- राष्ट्रको सार्बभौमिकता, अखण्डता, सामाजिक सद्भाव र एकताका पक्षमा उभिएको हुनुपर्ने। जातीय , क्षेत्रीय, भाषिक, लैङ्गिक र मानबीय दृष्टिले अनुचित कुनैपनि प्रकार र स्तरका साम्प्रदायिक गतिविधिमा सामेल नभएको हुनुपर्ने।
- समाचार, लेख तथा अन्य सामाग्रीको असर र प्रभावको विश्लेषण गर्नसक्ने क्षमता हुनुपर्ने।
- आर्थिक दृष्टिले पारदर्शी हुनुपर्ने।
- अपारदर्शी लगानी, बिदेशी लगानीका गैरसरकारी सस्था तथा कुनैपनि राजनीतिक दलसङ्गको आबद्धता नरहेको हुनुपर्ने।
- सरकारी, गैरसरकारी, अर्धसरकारी या निजी क्षेत्र सम्बद्ध कम्पनीमा (नियमित तलब भत्ता पेन्सन उपदान आदि सुबिधा लिनेगरी) आबद्ध रही कर्मचारीका रूपमा कार्यरत रहेको हुन नहुने।

(५) जिम्मेवार पत्रकारिता र निजी सन्चार सेवाबीचका अन्तर स्पष्ट गरी भिन्न भिन्न कानून आकर्षित हुने ब्यबस्था गर्नुपर्ने। आम सन्चारमाध्यम्लाई जिम्मेवार पत्रकारिताको परिभाषा भित्र राख्ने र सामाजिक सन्जालका रूपमा चिनिने युट्युब, फेसबूक, ह्वाट्सप, मेसेन्जर, इन्स्ट्राग्राम, एक्स, वीच्याट, टिकटक आदिलाई निजी सन्चार साधन / साधकका रूपमा परिभाषित गर्नु वान्छनीय देखिन्छ।

**जिम्मेवार पत्रकारिता र मिडिया हाउसहरुको लागि शर्त बन्देजहरू**

- निश्चित स्थानमा मापदण्ड अनुरुपको कार्यालय हुनुपर्ने र कार्यालयमा साइनबोर्ड अनिवार्य

रूपमा हुनुपर्ने।

- नियमानुसार सम्बद्ध सरकारी कार्यालयमा बिधिवत् दर्ता भै प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने।
- नियमानुसार लाग्ने सरकारी दस्तुर बुझाएको हुनुपर्ने।
- सम्पादक प्रकाशकको नाम, ठेगाना र फोन नम्बर स्पष्ट रूपले उल्लेख भएको हुनुपर्ने
- बिदेशी लगानी तथा अपारदर्शी लगानीबाट पूर्ण रूपले मुक्त रहेको हुनुपर्ने।
- सम्प्रेषित सामाग्रीप्रति सधै जिम्मेवारी लिइने व्यहोरा सन्चार माध्यममै नियमित उल्लेख गरेको हुनुपर्ने।
- पत्रकारिता सम्बद्ध सस्थामा कार्यरत पत्रकार बाहेकका ब्यक्तिलाई सन्चारकर्मीका रूपमा बुझ्ने — बुझाउने ब्यबस्था हुनु उपयुक्त हुनेछ। निजी सन्चार साधकहरूलाई सामान्य नागरीक कानून नियम अनुसार कारबाही हुने र पत्रकारलाई चाहिँ सूचना, सन्चार तथा पत्रकारिता कानून अनुसार कारबाही हुने ब्यबस्था गरी नुपर्ने।

**नेपालमा सामाजिक सञ्जालको प्रभावकारी नियमन र व्यवस्थापन :**

नेपालको द्रुत डिजिटल रूपान्तरणले सामाजिक सन्जाललाई सार्वजनिक छलफल, नागरीक सहभागिता, सूचनाको प्रवाह, र विचार अभिव्यक्तिको केन्द्रका रुपमा स्थापित गरी दिएको छ। यसले अभिव्यक्ति, जनचेतना, र वास्तविक समयमै जानकारी प्राप्त गर्ने अवसरहरू विस्तार गरेको छ। Digital Technology ले अध्ययन-अध्यापन, रिसर्च तथा व्यवसाय गर्न, व्यवसायलाई विविधिकरण र प्रचार-प्रसारमा पनि सहयोग पुऱ्याएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार, देशको ब्रडब्यान्ड पहुँच १३१.५१% र मोबाइल फोन पहुँच १३८.६२% पुगेको छ। जनसंख्याभन्दा बढी रहेको यो पहुँचले सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरूको व्यापक प्रभाव स्पष्ट रूपमा देखाउँछ। तर, यी सञ्जाल तथा प्लेटफर्महरूको प्रभावकारी नियमनको अभावले यी प्लेटफर्महरूलाई व्यक्तिको विश्वसनीयता निर्माण वा ध्वस्त पार्ने शक्तिशाली साधनमा पनि रूपान्तरण गरी दिएको छ। सार्वजनिक धारणा प्रायः प्रमाणित तथ्यभन्दा बढी योजनाबद्ध कथन, सिर्जित भावनात्मक सामग्री, र समन्वित डिजिटल अभियानका आधारमा निर्माण हुने गरेको छ, जसले डिजिटल हेरफेरमा सक्षम केही पक्षहरूले आफू अनुकूल प्रयोग गर्न सहयोग पुऱ्याएको छ। म्यान्मारमा पत्रकार, मानवअधिकार संस्थाहरू, र संयुक्त राष्ट्रसंघीय तथ्य-अनुसन्धान मिसनको अनुसन्धानले फेसबुकमा व्यापक रूपमा घृणात्मक र उकास्ने सामग्री लगातार दोहोर्याइने र एल्गोरिदमिको रूपमा प्रवर्द्धन गरी ने कार्यबाट रोहिंग्या समुदाय विरुद्ध हिंसा व्यापक बनेको देखायो। यसले हालैको इतिहासकै सबैभन्दा ठूलो शरणार्थी संकटमध्ये एक निम्त्यायो, जसले अनियन्त्रित डिजिटल प्लेटफर्महरूले कति विनाशकारी

परिणाम निम्त्याउन सक्छन् भन्ने स्पष्ट गर्छ।

हालैका आन्तरिक घटनाहरू, विशेषगरी जियनजेड प्रदर्शनले सामाजिक सञ्जाल मार्फत प्रवाह भएका भ्रामक जानकारी र भावनात्मक सामग्रीले कसरी छिटो तनाव बढाउन सक्छ भन्ने कुरालाई झनै प्रस्ट पारेको छ। आन्तरिक तथा बाह्य स्रोतबाट प्रवर्द्धन गरी एका गलत कथनहरू ठूलो परिमाणमा फैलिन पुगे, जसले जनसमूहको तीव्र परिचालन, सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति, र समग्र सामाजिक अस्थिरता निम्त्यायो। यस्ता घटनाहरूले अनियन्त्रित डिजिटल सामग्री प्रवाहका कारण राज्यका संरचनालाई दवावमा पार्न, सामाजिक स्थिरतालाई कमजोर बनाइदिन, र स्थानीय असन्तुष्टिलाई देशव्यापी संकटमा बदल्न सक्ने गम्भीर जोखिम रहेको देखाउँछ।

यी जोखिमहरू न्यूनीकरण गर्न नेपालले डिजिटल जोखिम व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढ गर्नुपर्छ; यसमा सामाजिक सञ्जाल गतिविधि निगरानी, Emerging Digital Threat पहिचान, र दुष्प्रचार अभियानहरूको समयमै प्रत्युत्तर दिन सक्षम बनाउने गरी साइबर ब्यूरोको क्षमता विस्तार गर्नु अति आवश्यक छ त्यस्तै, सामाजिक सञ्जाल-सृजित अपराधको प्रमाण विश्लेषण गर्न डिजिटल फरेन्सिक प्रयोगशालाहरूले आवश्यक उपकरण, दक्ष जनशक्ति, र प्राविधिक क्षमताका साथ विश्वसनीय विश्लेषण गर्ने दक्षता कायम गर्न सक्नुपर्छ। यससँगै, मध्यस्थ संस्थाको जवाफदेहिता, आपत्तिजनक/गैरकानूनी सामग्री हटाउने प्रक्रियाको पारदर्शिता, आधुनिक साइबर कानून, र राष्ट्रिय डिजिटल साक्षरता जस्ता सुधार अनिवार्य छन्, ताकि सामाजिक सञ्जालले लोकतान्त्रिक स्थिरतालाई सुदृढ गर्न सहयोग पुर्याओस।

सूचना स्वयं शक्ति बनेको वर्तमान परिवेशमा सामाजिक सामञ्जस्य, सार्वजनिक सुरक्षा, र लोकतान्त्रिक मजबूती जोगाउन डिजिटल प्रविधिमाथि सामाजिक सद्भाव कायम राख्न र व्यक्तिको मर्यादा अक्षुण राख्न व्यावहारिक हस्तक्षेप गर्नु अत्यावश्यक छ। हाल नेपालमा सामाजिक सञ्जालको प्रभावकारी व्यवस्थापन गर्दै आधुनिक प्रविधिको प्रयोगमार्फत सूचनाको प्रवाह गरी शासकीय प्रणालीका सबै क्षेत्रहरुमा प्रभावकारिता अभिवृद्धि गर्ने कानूनी र संस्थागत प्रबन्ध देहायबमोजिम गरेको छ।

- ❖ नेपालको संविधानको धारा-१९को व्यवस्था बमोजिम कुनै श्रब्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै समाचार, लेख रचना प्रकाशन प्रशारण गरेबापत छापा वा अन्य सञ्चार माध्यमलाई दर्ता खारेज वा त्यस्तो सामाग्री जफत गरी ने छैन तर यस्ता उपकरणको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन भन्ने व्यवस्था रहेको।

❖ नेपालको सूचना प्रविधि ऐन वि. सं. २०६३ ले साइबर अपराध र अनलाइन सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न प्रावधानहरू बनाएको छ। यस ऐनले साइबर अपराध जस्तै ह्याकिंग, अनलाइन ठगी, गोपनीयता उल्लङ्घन र अनधिकृत पहुँच जस्ता गतिविधिहरूको नियन्त्रण गर्नका लागि कानूनी दायरा तोक्छ।

❖ नेपाल मिडिया काउन्सिल ऐन,२०७४ ले मिडियामा विज्ञापन, समाचार र सामग्रीको साँचोपन र पारदर्शिता सुनिश्चित गर्नका लागि बनाइएको हो। यस अर्न्तगत अनलाइन मिडियाको निगरानी गर्न र गलत सूचना प्रसारणलाई नियन्त्रण गर्नका लागि जिम्मेवारी तय गरी एको छ।

❖ राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति २०७६ मा सामाजिक सञ्जालको सही उपयोग गर्नका लागि आम मानिसलाई डिजिटल साक्षरताका कार्यक्रमहरू सञ्चालन गरी नुपर्ने व्यवस्था। यसका माध्यमबाट मानिसहरूलाई सामाजिक सञ्जालको सुरक्षित र जिम्मेवार तरिकाले सदुपयोगबारे महत्त्व बुझाइनेछ। सामाजिक सञ्जाललाई नियमन गर्नका लागि कानूनी ढाँचा र कानूनी प्रक्रिया तयार गरी नेपाल सरकार, निजी क्षेत्र र सामाजिक सञ्जाल प्रदायक कम्पनीहरूको सहकार्य आवश्यक हुनेछ। कानूनी नीति अनुसार सामाजिक सञ्जालको सकारात्मक प्रयोगलाई प्रवर्द्धन गर्न पनि ध्यान दिन जरुरी छ। यसमा शिक्षा, स्वास्थ्य, र सामाजिक विकासको क्षेत्रमा नयाँ अवसरहरूको सिर्जना गर्नलाई प्रोत्साहन गर्ने। अन्तर्राष्ट्रिय स्तरमा सामाजिक सञ्जाल र सूचना प्रविधिका दुरुपयोगको रोकथामका लागि सहकार्य र सूचना आदान प्रदानका उपायहरू अपनाउने। यस नीति अन्तर्गत, नेपाल सरकारले सामाजिक सञ्जाललाई व्यवस्थित र नियन्त्रण गर्ने प्रयास गरेको छ। जसले अनलाइन सञ्जालमा सकारात्मक परिवर्तन र सुरक्षा सुनिश्चित गर्ने अपेक्षा रहेको छ।

❖ साइबर सुरक्षा नीति २०८० ले अनलाइन सुरक्षा र साइबर अपराधको क्षेत्रमा नयाँ मानकहरू स्थापित गरेको छ। यसमा साइबर अपराध, अनलाइन दुर्व्यवहार, र डिजिटल गोपनीयताको उल्लङ्घन गर्दा के कस्ता सजायहरू लाग्ने कुरा स्पष्ट गरी एको छ।

❖ सामाजिक सञ्जाल नियमन निर्देशिका २०८०, नेपाल सरकारले सामाजिक सञ्जालको प्रयोगलाई नियन्त्रण र व्यवस्थित गर्नका लागि लागु गरेको एक महत्त्वपूर्ण कानूनी पहल हो। यस निर्देशिकाको मुख्य उद्देश्य भनेको सोसल मिडियामा फैलिरहेको गलत जानकारी, भ्रामक समाचार, व्यक्तिको आचरणमा हानी पूरा उने सामग्री तथा अनलाइन अपराधलाई नियन्त्रण गर्नु हो। साथै अनलाइन प्लेटफर्मको दुरुपयोग हुन नदिन र कुनै पनि किसिमका साइबर अपराधलाई कम गर्नु हो। कुनै पनि व्यक्तिको डिजिटल अधिकारको सुरक्षा गर्नु र गोपनीयताको सुनिश्चितता गर्नु पनि हो। जसले गर्दा सोसल मिडियाको दुरुपयोग र अनैतिक गतिविधिहरूको नियन्त्रण गर्न सहयोग पुग्नेछ।

❖ नेपाल सरकारको सूचना र सञ्चार मन्त्रालयले सामाजिक सञ्जालको सामग्रीमा निगरानी

राख्नका लागि मापदण्ड र निर्देशिका तयार पार्ने प्रक्रिया शुरु गरेको छ। यसमा अनलाइन मिडिया र सामाजिक सञ्जाल प्लेटफर्महरूले कुनै पनि प्रकारको नकारात्मकता फैलाउने, व्यक्तिगत गोपनीयता उल्लङ्घन गर्ने र अन्य हानिकारक सामग्री प्रसार गर्न नपाउने प्रावधान छ।

- ❖ यस्तो व्यवस्था हुँदाहुँदै पनि अपेक्षाकृत रुपमा सामाजिक सञ्जालको प्रभावकारी नियमन हुन नसकेको कारण सामाजिक असहिष्णुता फैलिने, व्यक्तिगत गोपनियता भङ्ग हुने, साइबर बुलिङ्ग, साइबर स्कटिङ्ग सेक्सट्टार्सन र एक्सटार्सन जस्ता गतिविधिको व्यापकतामा झनै वृद्धि हुदै गइरहेको छ। गोपनीयता र अभिव्यक्ति स्वतन्त्रता ,प्रविधिको द्रुत विकास, गलत सूचना र अफवाहको व्यवस्थापन जस्ता चुनौतीहरु हटाउँदै आधुनिक सूचना प्रविधिको समुचित प्रयोग गर्दै प्रभावकारी नियमन मार्फत सामाजिक सञ्जाल व्यवस्थापन गर्न देहायबमोजिम गर्नुपर्ने हुन्छ।
- ❖ अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्लेटफर्मको जिम्मेवारी, अनलाइन हानिको व्यवस्थापन, र मध्यस्थ उत्तरदायित्व (Intermediary Liability) परिभाषित गर्ने अधिकार-आधारित नियमन ढाँचा अपनाउने। यस ढाँचामा GDPR (General Data Protection Rule) जस्ता अन्तर्राष्ट्रिय डेटा-सुरक्षा सिद्धान्तका मूलभूत तत्वहरू समेटी प्रयोगकर्ताको गोपनीयता र व्यक्तिगत डाटाको सुरक्षित प्रवन्ध सुनिश्चित गरी नुपर्ने।
- ❖ सामाजिक सञ्जाल विश्लेषण, दुष्प्रचार पहिचान, र डिजिटल जोखिमको समयमै प्रत्युत्तरका लागि विशेषीकृत "सोसल-मिडिया इन्टेलिजेन्स" इकाइसहित ब्यूरोलाई पर्याप्त स्रोत-साधनले सुसज्जित र अधिकार प्राप्त बनाउने।
- ❖ सामाजिक सञ्जाल-सम्बन्धित डिजिटल प्रमाणको छिटो, र प्राविधिक रूपमा विश्वसनीय विश्लेषण गर्न आवश्यक उपकरण, दक्षता, र विशेषज्ञता विकास गर्ने।
- ❖ नेपालमा सेवा प्रदान गर्ने सामाजिक सञ्जाल कम्पनीहरूलाई पारदर्शी सामग्री व्यवस्थापन प्रक्रिया लागु गर्ने, हानिकारक गतिविधि रिपोर्ट गर्ने, र वैधानिक अनुसन्धानमा समयमै सहकार्य गर्न कानूनी रूपमा बाध्य बनाउने।
- ❖ नागरी कलाई गलत सूचना पहिचान गर्न र सुरक्षित रूपमा अनलाइन व्यवहारमा संलग्न हुन सहयोग गर्ने राष्ट्रिय स्तरको डिजिटल साक्षरता कार्यक्रम सुरु गर्ने।
- ❖ साइबर, सञ्चार, सुरक्षा, तथा फरेन्सिक निकायहरू सहित राष्ट्रिय Cmputer Emergency Response Team (CERT) लाई समेट्ने स्थायी समन्वय संरचना निर्माण गर्ने, जसले वास्तविक समय (Real Time) मा सूचना आदान-प्रदान गर्न र डिजिटल खतराहरूका विरुद्ध एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न सक्षम बनाउँछ।
- ❖ दुष्प्रचार वा गलत सूचनाको अचानक वृद्धि जस्ता हानिकारक अनलाइन ढाँचाहरू पहिचान गर्न, र अवस्था बिग्रिनु अघि नै हस्तक्षेप गर्न सक्ने प्रणाली स्थापना गर्ने।

- सामाजिक सञ्जाल प्रयोग गरेर सार्वजनिक धारणा हेरफेर गर्ने वा राष्ट्रिय घटनामा हस्तक्षेप गर्ने विदेशी गतिविधिहरू पहिचान गरी प्रतिरोध गर्ने निगरानी संयन्त्र सुदृढ गर्ने।
- विदेशी पक्षहरुले डिजिटल प्रविधिको प्रयोग गरी सामाजिक सञ्जाल मार्फत सार्वजनिक मत, राजनीतिक स्थिरता, वा आन्तरिक मामिलामा प्रभाव जमाउन खोज्ने गतिविधि पहिचान र अवरोध गर्ने निगरानी क्षमतामा सुधार गर्ने।
- विदेशमा रहेको डिजिटल प्रमाण वैधानिक रूपमा प्राप्त गर्न Mutual Legal Assistance Treaty (MLAT) प्रक्रियाको विकास सुरु गर्ने। यस प्रकारको प्रकृया अपनाउँदा सीमा-पार अनलाइन अनुसन्धानमा प्रभावकारी सहकार्य सहज हुने अपेक्षा गर्न सकिन्छ।
- कडा निगरानी र एआई प्रविधिको प्रयोग मार्फत गलत जानकारी र आपत्तिजनक सामग्रीलाई चाँडो हटाउन सक्षम सिस्टम बनाउन आवश्यक छ।
- समाजले अपनाउने नयाँ प्रविधि (technolयgy) ले राम्रा र केही नराम्रा पक्ष पनि लिएर आएको हुन्छ। सामाजिक सञ्जालमा आम नागरी कको पंहुचले समाजका तल्लो वर्ग सम्मका व्यक्तिलाई सूचनाको पहुंच सस्तो मूल्यमा, सरल तरिकाबाट र छिटो छरितो रुपमा पूरा एको छ तर यसका केही अस्वीकार्य पक्ष पनि छन् यसले समाजमा गलत सन्देश सञ्चार गरी मानिसलाई भ्रमित गरेका धेरै उदाहरण पाइन्छन्। साथै सामाजिक सञ्जालको दुरुपयोगबाट सामाजिक आपराधिक रणमा समेत वृद्धि भइरहेको छ।
- डिस्कर्डमा विभिन्न प्रकारका (केही सत्य केही भ्रामक) प्रचारहरु भए। डिस्कर्डमा भएका सन्देशहरूले नेपाली नेतृत्व विरुद्ध हिंसाको वकालत गर्यो। डिस्कर्डमा रणनीतिक छलफलहरूमा 'मोलोटोभ ककटेल'को खरिद र प्रयोग, प्रहरी स्टेशनहरूबाट गोला बारुद जफत गर्ने सुझावहरू समावेश थिए। प्रहरीको प्रतिक्रियाले १९ जनाको मृत्यु भएपछि, केही डिस्कर्ड सर्भरका आयोजकहरूले विद्यार्थिहरूलाई कक्षाहरू बन्द गर्न भने। सरकारले मृत्युको लागि जवाफदेहिता स्वीकार नगरेसम्म उनीहरूले कलेज र स्कुलहरू अनिश्चितकालीन बन्द गर्न आह्वान गरे। प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल प्रतिबन्धबाट बच्न VPN प्रयोग गरे र QR कोडहरू भएका फ्लायरहरू पोस्ट गरे।
- (Cyabra) द्वारा तयार पारिएको : नेपाल प्रोटेस्ट्स सन् २०२५ "अनलाइन न्यारेटिभ्स एन्ड फेक प्रोफाइल इन्फ्लुएन्स" नामक प्रतिवेदनले सन् २०२५ को सेप्टेम्बर ६ देखि ९ तारिखसम्म नेपालमा भएको 'जिएनजेड' (जियनजेड) को विरोध प्रदर्शनको सामाजिक सञ्जाल (X), फेसबुक, टिकटकमा भएको छलफलको विश्लेषण गरेको छ। प्रतिवेदनका अनुसार अनलाइन संवाद मुख्यतया तीन विषयवस्तुमा केन्द्रीत थियो। युवा-नेतृत्वको प्रजातान्त्रिक सङ्घर्ष। प्रहरी दमन र राज्य हिंसाको आरोप, र बढ्दो राजनीतिक तथा नेतृत्व सङ्कट विरुद्ध लक्षित रहेको देखाउँछ। यस अध्ययनले एक्स(X) मा विश्लेषण गरी एका कूल प्रोफाइलहरूमध्ये ३४% नक्कली वा 'इनअथेन्टिक' रहेको बताएको छ। यसले सामाजिक

सञ्जालले वास्तविक परिचालनमा मद्दत गरे पनि यो नक्कली गतिविधि (fake activity) द्वारा हेरफेरको जोखिममा रहेको देखाउँछ। तर यो प्रतिवेदन विशेषगरी यसको कार्यप्रणाली र निष्कर्षहरूको व्याख्याको सन्दर्भमा डिजिटल विज्ञहरू र सञ्चार माध्यमहरूबाट आलोचनामा परेको छ। यसको कार्यप्रणालीमा अस्पष्टता (Lack of Methodological Transparency) छ। प्रतिवेदनमा प्रयोग गरी एको विश्लेषण विधि, नमूना छनोट (sampling method), तथ्याङ्क सेट (dataset), र कुन प्रकारको (AI) प्रयोग गरी एको थियो भन्ने बारेमा स्पष्ट विवरण र पारदर्शिताको कमी रहेको छ। यसले स्वतःस्फूर्त (spontaneus) अनलाइन गतिविधि र समन्वित नक्कली व्यवहार (Cordinated inauthentic behavior) बीचको भिन्नता स्पष्ट रूपमा छुट्याउन सकेको छैन।

- ❖ राष्ट्रिय तथ्यांक विभागले March २०२४ मा गरेको सर्भे अनुसार नेपालमा ७६% husehold ले smart phone प्रयोग गरी रहेका छन्। Center for Media Report का अनुसार सामाजिक र राजनीतिक समाचारहरुमध्ये ७५% misinformation हुन्छ। यी मध्ये ७६.१७% Media र social media बाट riginate हुन्छन्। Fake news प्रायजसो sensational, emotional अथवा indecent language प्रयोग गरी गरी एका हुन्छन, जसले समाजमा तुरुन्त प्रचार पाउँछ।
- ❖ नेपालमा ठूलो जनसंख्यासँग मोबाइल रहेको छ। सामाजिक सञ्जालमा आउने भ्रामक समाचारले जनसंख्याको ठूलो हिस्सालाई तत्कालै instant असर गर्दछ र यसको नकरात्मक प्रचारले ठूलो क्षति पनि निम्त्याउन सक्छ जो भाद्र २३ र २४ गतेको घटनाहरुमा देखियो।
- ❖ २३ भाद्र काठमाडौं बाहिर शान्त रहेको नेपाल २४ गते पूर्वदेखि पश्चिमसम्म आगजनी र तोडफोडको चपेटमा आई अर्वौं रुपैंयाँ बराबरको सार्वजनिक र व्यक्तिगत सम्पत्ति खरानी बनाउन वा तोडफोड गर्नमा सामाजिक सञ्जालको प्रचार धेरै हदसम्म जिम्मेवार छ। त्यसको फाइदा लिई अन्य आपराधिक ग्रुपहरु पनि संलग्न हुन पुगेको प्रष्ट देखिन्छ।

अन्य भ्रामक प्रचारहरु जस्तै २३ गतेको घटनामा चुच्चेपाटीस्थित भाटभटेनी मा ३५ शवको कंकाल भेटिएको भनी प्रचार गरी यो। त्यस्तै ३२ जना हराइरहेका प्रदर्शनकारी बानेश्वर संसद भवनभित्र मृत अवस्थामा भेटिए भनी २४ गते प्रचार गरी यो। यस्तो प्रचार गर्नमा सोसल मिडिया इन्फ्लुन्सर टंक ढकाल, सुजन ढकाल, शिव परियार, हिमेस पन्त र भाग्य न्यौपाने जस्ता व्यक्तिहरु संलग्न रहेको पाइन्छ। अर्को एक Air Hostess (विमान परिचारिका) ले हिमालयन एयरलाइन्सबाट प्रधानमन्त्री के.पी.ओली भागेर दुवई पुगेको र उनले आफैं देखेको भ्रामक प्रचार गरीन्। हिमालय एयरलाइन्सले यसको खण्डन गरी प्रेस वक्तव्य नै जारी गर्नुपर्यो। त्यस्तै एउटा अर्को मिडियामा नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई भीडले घिसारेर पिटिरहेको प्रचार गर्यो, त्यो गलत प्रचार थियो। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल भीडबाट बच्न नदीमा भागिरहेका र केही

व्यक्तिहरुले उनलाई पिटिरहेको दृष्य भिडियोमा देखाइएको थियो। त्यस्तैपूर्व राजालाई स्वागत गर्न र फेरी राजा बनाउन नारायणहिटी दरवार सफा गरिँदैछ भन्ने समाचार पनि सामाजिक सञ्जालमा प्रेषित गरी यो। पत्रकार दिलभूषण पाठकले केही समय अघि हिल्टन होटलमा शेरबहादुर र आरजु देउवाका छोरा जयविर सिं देउवाको लगानी छ भनी तथ्यहीन प्रचार गर्दा हिल्टन होटल जल्न गएको छ। यसले नेपालमा वैदेशिक लगानी निरुत्साहित हुन गै ठूलो क्षति हुन पुगेको छ।

## १४.११. गैरसरकारी संस्था ( NGO/INGO) व्यवस्थापनः

नेपाल जस्ता आर्थिक रुपले कमजोर तथा विकासोन्मुख राष्ट्रहरूमा NGO/INGO ले प्रारम्भिक सहयोगका नाममा कसरी दीर्घकालीन प्रभाव जमाउँछन् भन्ने विषयमा देहायबमोजिम व्यावहारिक विश्लेषण प्रस्तुत गरी एको छ। वित्तीय निर्भरता, नीति-निर्देशन, प्राविधिक हस्तक्षेप, सूचना नियन्त्रण, तथा Soft-Power को प्रयोग मार्फत राज्यका निर्णय-प्रक्रिया, जनमानस र संस्थागत क्षमता कसरी प्रभावित हुन्छन् भन्नेबारे विस्तृत विवेचना गरी समस्या समाधानको बाटोमा लाग्नु अपरिहार्य देखिन्छ। साथै, राष्ट्रिय हित, नीति-स्वायत्तता, तथा दीर्घकालीन राज्य-क्षमता सुरक्षित गर्ने उद्देश्यले नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिहरुको पहिचान र लागु गर्नुपर्ने आवश्यकता छ।

वास्तवमा गैर सरकारी संस्था सरकारका शासकीय साझेदार हुन। सरकार पुग्न नसकेका र सरकारले गर्नैं पर्ने भनी नतोकिएका विषयहरु साथै सरकारका र निजी क्षेत्रका कामहरुमा सहयोगी भूमिकाको रुपमा काम गर्नुपर्ने हुन्छ। नेपालमा पछिल्लो समय गैर सरकारी संस्थाहरुले समानान्तर रुपमा सरकार चलाउन खोज्ने, राष्ट्रिय नीतिमाथि हाबी हुने साथै यस्ता संस्थामा कार्यरत कर्मचारी र संयोजकहरु नै राजनीतिक र सरकारको नेतृत्वमा रहनुले पनि यस्ता संस्थाको पारदर्शिता र कामको प्रभावकारितामा रिक्तता उत्पन्न भएको छ। विभिन्न सञ्चार क्षेत्र र नियामक निकायहरुको तथ्याङ्कको आधारमा नेपालमा धर्म परिवर्तन गराउने अशान्ति फैलाउने र आन्तरिक गोप्य सूचनाहरुको प्रयोग गरी राष्ट्रियतामाथि नै खलल पुर्याउने जस्ता कार्यमा गैरसरकारी संस्थाहरु तल्लिन भएको आरोप लाग्दै आएको छ। यद्यपि, भौगोलिक रुपमा विकट स्थान र सीमान्तकृत समुदायमा भने उत्थानशील र सशक्तिकरणका कामहरु भने गर्दै आएको पाइन्छ।

नेपालजस्तो राजनीतिक रूपमा नाजुक तथा विकासोन्मुख राज्यमा बाह्य विकास साझेदारहरू (NGO/INGO) ले सेवा वितरण, नीति-निर्माण, क्षमता विकास र सार्वजनिक धारणा निर्माणमा उल्लेखनीय प्रभाव पार्ने गरेका छन्। यद्यपि, यस्ता योगदानहरू उपयोगी भए पनि, अनियन्त्रित वा

असंगठित संलग्नताले राज्यका संस्थाहरू कमजोर बनाउने, राष्ट्रिय प्राथमिकता विचलित पार्ने, र सार्वभौमिकता तथा नीति-स्वायत्ततामा असर पूरा उने जोखिम रहन्छ।

नेपालको नियामक संरचना अझ जटिल बनेको छ, किनकि NGO/INGO प्रवेशका लागि one-door mechanism छैन। केही संस्थाहरू Social Welfare Council (SWC) मार्फत दर्ता हुन्छन् भने धेरैले मन्त्रालयहरूको सीधा पहुँच प्रयोग गर्छन्। यसले नियमन कमजोर पार्ने, परियोजना दोहोरो हुने, पारदर्शिता घटाउने, र संवेदनशील क्षेत्रहरूमा बाह्य प्रभाव बढाउने अवस्था सिर्जना गर्छ।

यसलाई नियन्त्रणमा राख्दै, राष्ट्रिय हित, नीति स्वायत्तता, र संस्थागत क्षमता सुरक्षित गर्न नेपालले स्पष्ट, एकीकृत, र प्रभावकारी राष्ट्रिय रणनीति अवलम्बन गर्न आवश्यक छ। यस्तो रणनीतिले बाह्य सहयोगलाई नियमन गर्दै राज्य-प्रणालीलाई बलियो बनाउने र बाह्य प्रभावलाई जिम्मेवार ढंगले Harness गर्ने सुनिश्चित गर्दछ।

मिति वि.सं.२०८२ साल भाद्र २३ र २४ गते सामाजिक सञ्जाल बन्द र भ्रष्टाचारको विरोधमा जियनजेड पुस्ताद्वारा भएको आन्दोलनमा समेत गैरसरकारी क्षेत्रमा सक्रिय रहेका व्यक्तिहरुले अनधिकृत रुपमा प्रवेश गरी हिंसात्मक घटना घटाएको जस्ता नकारात्मक प्रभावको विषयमा आम सञ्चार माध्यम, सामाजिक सञ्जाल साथै नागरी क समूहहरुमा समेत निकै चर्चा भएको छ। यस आयोगबाट नेपालमा NGO/INGO को प्रवेश प्रणाली, नियमन संरचना, वित्तीय पारदर्शिता, नीति-निर्माणमा प्रभाव, तथा संस्थागत क्षमतामा परेको असरबारे गरेको विस्तृत विश्लेषणका आधारमा नेपालमा गैरसरकारी क्षेत्रमा भएका समग्र समस्या र सोको प्रभावकारी व्यवस्थापनको लागि सुझावहरु देहायबमोजिम उल्लेख गरी एको छ।

**नेपालमा NGO/INGO को व्यवस्थापनमा देखिएका समस्याहरु:**

- नेपालमा कति NGO/INGO छन् ‘ एकीकृत अभिलेख नै छैन्।
- कमजोर राष्ट्रहरूमा स्वास्थ्य, शिक्षा, प्रकोप उद्धार, सामाजिक कार्यक्रम, तथा अन्य सेवा सञ्चालनका लागि पर्याप्त आन्तरिक स्रोत हुँदैन। यस्तो अवस्थामा NGO/INGO ले अनुदान, प्राविधिक सहयोग, विशेषज्ञता तथा परियोजना सञ्चालन मार्फत प्रत्यक्ष प्रभाव जमाउँछन् यसरी वित्तिय निर्भरतामा पर्नुपर्ने अवस्था राज्यको छ। नेपालमा नियमतः गैर सरकारी संस्थाहरुको दर्ता र नियमन गर्ने निकाय र कानूनहरु नभएका होइनन् तथापि, प्रभावकारी नियमन र पारदर्शी लेखापरीक्षणको अभाव साथै स्पष्ट राष्ट्रिय रणनीतिको अभावले ,दातृ-निकायको

प्राथमिकता राष्ट्रिय नीतिमा हावी हुदै गएको ,राज्यको संरचनागत रूपमा शर्तसहितको बाहिरी स्रोतमा निर्भरता साथै दाताले श्रोत रोकावट गरी दिए कार्यक्रम नै ढल्ने अवस्था रहेको छ। यसको प्रमुख कारण राष्ट्रिय नीति-स्वायत्तता कमजोर हुनु हो।

- दातृ निकायहरुले आफ्नै प्राथमिकता अगाडि राख्छन्, जस्तैःलैङ्गिक समानताको विषय, जलवायु परिवर्तनको क्षेत्र, र आप्रवासन व्यवस्थापनको क्षेत्र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुमा प्राथमिकता राख्नु सर्वमान्य हुन्छ। यस्ता तमाम् क्षेत्रमा गैरसरकारी संस्थाले उल्लेखनीय काम गरेकै छन्। तर नेपालमा कार्यरत गैर सरकारी संस्थाहरुले देशको स्वाधिनता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वन्त्रता र देशको कूटनीतिमा समेत शर्त बमोजिम कार्यक्रमहरु सञ्चालन गरेको पाईन्छ। देशका प्रमुख विषयहरु राष्ट्रिय सुरक्षा र लोकतन्त्रको सघनिकरणको नाममा प्रत्यक्ष रुपमा संलग्नता जनाउने कार्यक्रम सञ्चालनको फलस्वरूप, देशको वास्तविक आवश्यकता होइन, दाताको प्राथमिकता अनुसार नीति बन्ने अवस्था उत्पन्न हुन्छ।
- राज्य संयन्त्रले गर्नुपर्ने कार्यहरु Policy draft देख्ने, Law बनाउने, Budget formulation मा सहयोग गर्ने, Impact evaluation गर्ने जस्ता सरकारका प्रमुख कार्यहरुमा समेत NGO, INGO हरुले प्रभुत्व जमाउने गरेको।
- नेपालजस्ता आर्थिक रुपमा कमजोर राष्ट्रमा विशेषज्ञ, नीति-विश्लेषक, डाटा-विशेषज्ञ, र अनुगमन तथा मूल्यांकन टोलीको अभाव हुन्छ। गैरसरकारी संस्थाले प्राविधिक विशेषज्ञता कब्जा (Technical Expertise Capture) गरेका हुन्छन्।
- धेरै NGO कार्यक्रमले विद्यालय, स्वास्थ्य सेवा, कृषि विस्तार, र विपद् उद्धार जस्ता सेवा सीधै सञ्चालन गर्छन्। सरकारका संयन्त्रद्वारा च्यानलाइज भई नआउँदा सेवा राज्यले होइन NGO ले दिएको धारणा बनाउँछ यसले गर्दा राज्यको वैधता कमजोर हुन्छ र दीर्घकालमा राज्यको क्षमता विकास नै रोकिन्छ।
- कुनै पनि विषयको Survey, mapping, vulnerability index, HR report, ethnic assessment जस्ता डाटा यदि बाहिरी Actor को नियन्त्रणमा रह्यो भने भू-राजनीतिक समझ दातासँग बढी हुन्छ, नीति-निर्माणमा उनीहरूको "Evidence" हाबी हुन्छ नेपालमा पनि Data ownership & Informatin Central गैरसरकारी संस्थाको अधीनमा रहेको सतहमा नै देखिएको छ।
- NGO/INGO मा काम गरेका व्यक्तिहरू पछि सरकारमा Advisor, Secretary, Technical Expert बन्दै जान्छन्। यसलेः Doner agenda मा राष्ट्रिय नीति बन्ने जोखिम, Elite alignment र Institutinal influence वृद्धि गराउँछ। यसलाई Elite Capture and Revolving Door भनिन्छ।
- कतिपय NGO/INGO ले स्थानीय तहको औपचारिक स्वीकृति नलिई आफ्नै ढंगले कार्यक्रम सञ्चालन गर्ने गरेका छन्। यसले स्थानीय सरकारको भूमिकालाई कमजोर बनाई निम्न समस्या उत्पन्न गरी रहेको छः

- स्थानीय तहलाई परियोजनाको उद्देश्य, बजेट, वा गतिविधिबारे जानकारी नहुने
- Monitring र evaluation गर्न नसक्ने अवस्था
- राज्य संरचनालाई छलेर समानान्तर सेवा-प्रणाली निर्माण हुने
- स्थानीय सरकार र नागरी कबीचको विश्वास कमजोर हुने
- स्थानीय शासन संरचना कमजोर बन्ने र NGO-केन्द्रीत सेवा प्रणाली बढ्दै गइरहेको।

**समस्या समाधानका उपायहरु**

❖ NGO वा INGO जुनसुकै प्रकृतिको भए पनि नेपाल प्रवेश गर्न र कार्यक्रम सञ्चालन गर्न अनिवार्य रुपमा Social Welfare Council (SWC) मार्फत दर्ता तथा अनुमोदन प्राप्त गर्नुपर्ने व्यवस्था कानूनी रूपमा अनिवार्य बनाउने। यसो गर्दा सबै NGO/INGO का लागि एक-द्वार प्रणाली (One Door Mechanism)अनिवार्य हुन जान्छ।

❖ हाल धेरै संस्थाहरू मन्त्रालयमार्फत सीधै प्रवेश गर्छन् जसले oversight कमजोर पार्छ, duplications बढाउँछ, र उत्तरदायित्व विखण्डित हुन्छ। एकीकृत एक-द्वार प्रणालीले पारदर्शिता र राष्ट्रिय स्तरको समन्वय सुनिश्चित गर्छ।

❖ समाज कल्याण परिषद् (SWC) को क्षमता, संरचना र अधिकार सुदृढ र बलियो बनाउनु पर्ने जसले केन्द्रीकृत राष्ट्रिय डेटाबेस मानक, vetting प्रक्रिया, Due-diligence परीक्षण, Compliance monitoring, बजेट तथा क्षेत्रीय oversight प्रभावकारी रूपमा सञ्चालन गर्न सकियोस्।

❖ हरेक NGO/INGO को दर्ता वार्षिक रूपमा नवीकरण हुनुपर्ने, जसको आधारमा प्रमाणित अडिट प्रतिवेदन, प्रदर्शन मूल्यांकन ,वित्तीय पारदर्शिता, राष्ट्रिय प्राथमिकतासँगको मेल र स्थानीय सरकारको प्रतिक्रिया सहितको सिफारिसपत्र अनिवार्य गर्नुपर्ने। यसले गैर-सक्रिय, गैर-उत्तरदायी वा राजनीतिक रूपमा उद्देश्यप्रेरित संस्थाहरूलाई फिल्टर गर्न मद्दत गर्छ।

❖ नेपालमा आउने सबै विदेशी आर्थिक सहयोगका लागि स्रोत, रकम, उद्देश्यको खुलासा ,परियोजना-आधारित खर्च प्रतिवेदन, वास्तविक लाभार्थीको सूची लगायतका विषयहरु पूर्वशर्तका रुपमा राखिनुपर्ने तर राजनीतिक वा वकालत-सम्बन्धी विदेशी सहयोगमा विशेष प्रतिबन्ध कानूनी रूपमा अनिवार्य गरी नुपर्छ। जसले गर्दा गैरसरकारी संस्थाका आफू केन्द्रीत लुकेका एजेन्डा, राजनीतिक प्रभाव, र वित्तीय अपारदर्शिताबाट राज्यलाई सुरक्षित राख्छ।

❖ कुनै पनि मन्त्रालयले SWC बाट स्वीकृति नलिई NGO/INGO लाई सम्झौता गर्ने, कार्यक्रम-अनुमोदन गर्ने र परियोजना सञ्चालन गर्न दिन नपाउने गरी कानून कडा बनाउन आवश्यक रहेको। यसले backdoor entry बन्द गर्छ र सबै परियोजना एकीकृत नियमनमा ल्याउँछ।

❖ निम्न क्षेत्रहरूलाई गैरसरकारी क्षेत्रको वित्तिय तथा अन्य प्राविधिक सहयोगको लागि "Restricted Sectors" घोषणा गरी सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने।

  - सीमा तथा सीमा-प्रदेश

- राष्ट्रिय पहिचान प्रणाली
- जलविद्युत् कोरिडोर
- Critical infrastructure
- सुरक्षा निकाय
- Migratoin/Labour intelligence
- Conflict/security mapping

यी क्षेत्रमा कुनै पनि बाह्य हस्तक्षेप मन्त्रिपरिषद्को अनुमोदन बिना निषेध गरी नु पर्दछ।

- ❖ Advocacy NGO र Service Delivery NGO का लागि छुट्टाछुट्टै इजाजतपत्र प्रणाली विकास गर्न आवश्यक देखिन्छ। यसो गर्दा हाल गैर सरकारी संस्थाद्वारा Service Delivery को नाममा राजनीतिक प्रभाव वा नीति-निर्देशन गर्ने गतिविधि रोक्न प्रभावकारी हुन्छ।
- ❖ कुनै पनि काममा विदेशी विशेषज्ञहरु छोटो समयको लागि कम संख्यामा कार्यक्षेत्र स्पष्ट गरी गोपनीय राख्नुपर्ने, संवेदनशील तथ्याङ्कमा पहुँच प्रतिबन्ध गरी मात्र लिनुपर्छ। यस्तो व्यवस्था कानूनमा नै स्पष्ट परिभाषित गरी कार्यान्वयन गर्न आवश्यक रहेको।
- ❖ सबै NGO/INGO ले आफ्नो कार्यक्रम सरकार मार्फत सञ्चालन गर्नुपर्ने, स्वयं शासन संरचना निर्माण गर्न नपाउने व्यवस्था मिलाउनुपर्ने यसले राज्यको legitimacy थप सुदृढ बनाउँछ।
- ❖ NGO/INGO ले संकलन गरेको सबै Raw data नेपालमै भण्डारण, External Server मा राख्न नपाइने, बाहिर पठाउन सरकारी स्वीकृति अनिवार्य गर्ने र संवेदनशील सूचनाको विशेष सुरक्षा गर्ने व्यवस्था कानूनी रूपमा अनिवार्य। यसका लागि तत्काल डेटा सार्वभौमिकता तथा सुरक्षा ऐन (Data Sovereignty Law) ल्याउने।
- ❖ हाल गैरसरकारी संस्थाका गतिविधिहरुको अनुगमन विभिन्न निकायहरुबाट हुँदा अनुगमनको प्रभावकारिता फितलो देखिएको छ। तसर्थ गैरसरकारी संस्थाको Field verification, Technical audits, Cmpliance certification, Results-based monitoring गर्न एक स्वतन्त्र प्राधिकरण स्थापना उपरिहार्य रहेको देखिन्छ।
- ❖ आवश्यकता र मागको आधारमा सम्बन्धित संघीय मन्त्रालय, प्रदेश र कार्यक्रम हुने स्थानीय तहसँगको समन्वयमा सबै परियोजना मात्र सञ्चालन गर्ने।
- ❖ Foreign-supported policy, law reform, sectoral strategy लाई National Policy Review Booard बाट अनुमोदन अनिवार्य।
- ❖ Media, youth groups, activist networks लाई विदेशी अनुदान कडाइका साथ नियमन, विशेष गरी निर्वाचन खर्च, आन्दोलनकाल, संवेदनशील राजनीतिक अवधिमा गैरसरकारी संस्थाको अनुदान र कार्यक्रम रोक्ने गरी NGO/INGO firewall अवधि तोक्नुपर्ने।
- ❖ NGO को आन्तरिक सुशासन (Internal Governance) मजबुत बनाउने देहायबमोजिम गर्नेः
  - Board मा स्थानीय प्रतिनिधित्व

- Conflict of interest disclosure सबै क्षेत्रमा जस्तै,
- वार्षिक external audit,
- Administrative खर्च र तलब सार्वजनिक disclosure, आदि।
- National technical experts
- अनुसन्धान तथा नीति संस्थान

❖ राष्ट्रिय क्षमता विकासका देहायका क्षेत्रमा गैरसरकारी संस्थाको उपयोग गर्ने
  - सरकारी तालिम प्रतिष्ठान
  - Digital/data infrastructure
  - Service delivery प्रणालीमा दीर्घकालीन लगानी। तर यस्तो सहयोग लिएर निश्चित समयावधिभित्र प्रतिस्थापन गर्ने रणनीति लिनुपर्ने। राष्ट्र बलियो भयो भने बाह्य influence स्वतः घट्छ।

❖ हरेक परियोजनामा Exit Strategy, Handover plan र Sustainability Plan अनिवार्य गर्ने कानूनी व्यवस्था मिलाउने।

❖ NGO/INGO ले निम्न कार्य गर्न नपाउने कानूनी व्यवस्था अपरिहार्य छ।
  - राजनीतिक अभियान
  - नीति-निर्माणमा सीधा हस्तक्षेप
  - चुनाव प्रभाव
  - सुरक्षा-संवेदनशील Mapping
  - Covert data transfer
  - Anti-state activities
  - Disinformation/Misinformation campaign

❖ नेपालमा शासन, विकास, र सेवा प्रवाहलाई प्रभावकारी बनाउन NGO/INGO लाई हटाउने होइन, तर तिनीहरूलाई राष्ट्रिय हितसँग मेल खाने तरिकाले सञ्चालन गराउने मुख्य उद्देश्य राख्नुपर्दछ। राष्ट्र बलियो भएपछि, बाह्य प्रभाव स्वाभाविक रूपमा घट्दै जान्छ।

❖ गैरसरकारी संस्था NGO/INGO को काम कारबाही र प्रभावकारिता तथा सामाजिक सेवा परिषदको काम कारबाही वारे अध्ययन गराउनु पर्ने अवस्था आएको छ। नेपालमा सामाजिक सेवामा NGO/INGO लाई कसरी प्रभावकारी बनाउने ? उनीहरुबाट आउने रकम र कार्यक्रम पनि एक द्वारबाट सरकारी यन्त्र (अर्थ मन्त्रालय)मा सूचिकृत हुने गर्नु पर्दछ। सामाजिक सेवा परिषद्ले केही त्यस्ता संस्थाको नियमन गर्ने गरेको देखिन आयो। केहीको हकमा संस्था दर्ता ऐन २०३४ अनुसार प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीले हेर्ने गरेको देखिन आयो। केहीमा राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता हुने र कसैले अनुगमनसम्म नगर्ने गरेको पनि देखिन आयो। विभिन्न मन्त्रालयहरुले आआफैले ती संस्था चलाउन दिने र बजेट ल्याउन दिने गरेको पनि पाइयो। तर अनुगमन र नियमनतिर भने कसैको ध्यान

गएको पाइएन। सामाजिक सेवा परिषद् पनि NGO/INGO को काम कारबाही र अनुगमन तथा नियमन सम्बन्धमा प्रभावकारी हुन सकेको पाइएन। समाज कल्याण परिषदमार्फत ६० अर्ब रुपैयाँको कार्यक्रम आएकोफ देखियो। तर सरकारमा नदेखिने गरी ८८ अर्ब रुपैयाँका योजना आए NGO/INGO ले चलाएको भन्ने देखियो। अब एउटै ढोकाबाट मात्र NGO/INGOहरु दर्ता, अनुगमन र नियमन गराउने कानूनी व्यवस्था गराउनु पर्दछ। समाज कल्याण परिषद्लाइ पनि प्रभावकारी पारिनु पर्दछ। समाजकल्याण परिषदमा प्रतिस्पर्धाका आधारमा पारदर्शीरुपले पदाधिकारीहरुको नियुक्ति गरिनु पर्दछ।

- ❖ यसको लागि नेपालमा NGO/INGO गैरसरकारी संस्था संचालन लगायत प्रभावकारी नियमन गराउने लगायत समाज कल्याण परिषदको समेत पुनर्संरचना सम्बन्धमा अब के कस्तो कानूनी व्यवस्था गर्नु पर्ने हो सवै विषयमा विज्ञहरु सहितको समिति गठन गराएर त्यसले दिएको सुझावको कार्यान्वयनतिर सरकार लाग्नु पर्दछ।

## १४.१२. आयोजना व्यवस्थापन

नेपालमा व्याप्त कुशासानको कारण मध्येको एक आयोजना/परियोजना व्यवस्थापन प्रभावकारी रुपमा नहुनु पनि हो। संघीय शासन प्रणालीमा आयोजनाको वर्गीकरण छनोट, कार्यान्वयन, र अनुगमन मूल्याङ्कन जस्ता आयोजनाका व्यवस्थापनका सबै चरणहरुमा कमी कमजोरीहरु रहेका छन्। उत्पादन उत्पादकत्वसँग जोडिएका जनताको दैनिकीसँग सम्बन्धित ठूला आयोजनाहरु समयमा नै सम्पन्न नहुनु ठेकेदार र कम्पन्नीसँग सरकारको मिलेमतोले जनअसन्तुष्टि बढिरहेको कुरा सर्वविदितै छ। तसर्थ, आयोजनाको प्रभावकारी व्यवस्थापन हुनु आवश्यक छ। नेपालमा आयोजनाका रुपमा राष्ट्रिय गौरव, रुपान्तरणकारी, प्राथमिकता प्राप्त लगायतका आयोजना सञ्चालनमा छन्। नेपालमा संचालित आयोजनालाई तोकिएको विधि, समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने सन्दर्भमा रहेका समस्याको कारणले नागरी क असन्तुष्टि माग नभई अविश्वसनियता समेत बढेको साथै सरकारको सुशासनप्रति लगाव नभएको आभाष भइरहेकै छ।

सन् २०३० सम्म दिगो विकास लक्ष पूरा गर्न कम्तिमा बार्षिक २५ खर्ब पूँजीगत खर्च गर्नुपर्छ। जब कि नेपालको संघीय वार्षिक बजेट नै करीब १९ खर्बको छ जहाँ करीव ४ खर्ब मात्र पूँजीगत बजेट छ। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको तथ्यांक बमोजिम २४ वटा राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनको समय र लागत वृद्धि अस्वाभाविक छ १० वर्षमा सकिने लक्ष भएका आयोजना २० औं वर्ष लाग्ने अनि एउटै आयोजनाले अरु २, ४ वटा आयोजना बनाउन पुग्ने बजेट खपत भएका छन्। यसले एकातिर आयोजना अत्यन्तै महंगा भएका छन् भने अर्कोतर्फ ती आयोजनाबाट

समयमा उचित प्रतिफल पाउन सकिएको छैन। त्यस्तै आन्तरिक ऋणको कामबाट पनि प्रतिफल निराशाजनक नै छन्। नेपालको कूल ऋण २७ खर्व नाघिसक्यो जुन कूल ग्राहस्थ उत्पादनको ४४ प्रतिशत हुनआउँछ। प्रत्येक नेपालीको भागमा करीव ९० हजार ऋणभार पुगेको छ। यी रकम कहाँ खर्च भएका छन्, नतिजा के छ भन्ने कुराको पारदर्शिता र जवाफदेहितालाई बलियो बनाउनु पर्दछ। नेपालमा बन्ने पूर्वाधारहरुको design लागत लाभ विश्लेषण (Cost-Benefit Analysis), आर्थिक उपादेयता, गुणस्तर आदिको वारेमा आम नागरी कमा सूचना प्रवाह गनुपर्छ।

उदाहरणको लागि बबई सिंचाई आयोजनाको गुरुयोजना वि.स.२०२४ सालमा बन्यो, २०४० सालमा संभाव्यता अध्ययन भयो, २०५८ मा पहिलो भागको काम सकियो। दोश्रो चरणको काम २०५८ सालमा शुरु भयो र अझै सकिएको छैन। मेलम्ची खानेपानी आयोजना सम्पन्न हुन २२ वर्ष लाग्यो। सबैजसो पूर्वाधार आयोजनाहरु तोकिएको अवधिमा सकिएका छैनन्। बनेका पूर्वाधारले पनि तोकिएको समयसम्म सेवा दिदैनन्। एउटै आयोजनालाई पटक पटक बजेट छुट्याउनुपर्छ र धेरै मानिस सेवाबाट बन्चित हुनुपर्छ। यसले आयोजनाबाट उत्पादित बस्तु तथा सेवाको लागत धेरैगुना बढाएको छ, यो बढेको रकमले अन्य कैयौ आयोजना बन्नसक्थे। समयमा नै सकिएका भए ती आयोजनाहरुले नागरी कलाई धेरै सेवा दिन्थे र अर्थतन्त्रमा योगदान गर्दथे। हामी यी सवैबाट बन्चित भयौं र देशको ऋण बढ्दै गयो। अव यस्तो अवस्थाको अन्त्य गरी नुपर्छ। हाल नेपालको आयोजनाका चरणहरुमा देखिएका समस्या र समाधानका सुझावहरु देहायबमोजिम छन्।

**समस्याहरु**

- जनताका माग बमोजिमका आयोजनाहरुको छनोट नहुनु, तथ्यपरक भन्दा पनि हचुवाका भरमा छनौट गरी नुले रुग्ण आयोजनाको बढ्वोतरी भइरहेको। आन्तरिक र बाह्य ऋणको प्रयोग गरी तयार गरी एका पोखरा र भैरहवा विमानस्थलको अवस्थाले सबै विषयवस्तु चित्रित गर्दछ।
- राजनैतिक प्रभाव र दवावका आधारमा महत्वकांक्षी आयोजना छनोट हुनु जन सहभागितालाई बढोत्तरी गर्न नसकिनु।
- IEE, EIA, DPR, जग्गा प्राप्ति, रुख कटान, स्रोतसाधनको सुनिश्चतता, प्रतिफलको आंकलनको विश्लेष्ण, लाभ लागत तथा जोखिम विश्लेष्ण जस्ता पूर्व तयारी नगरी आयोजना छनोट गरी कार्यान्वयनमा लैजानु।
- आयोजना छनोटपछि सार्वजनिक रुपमा सूचना प्रकाशित गरी आयोजनाको कार्यान्वयनको लागि ठेक्का प्रक्रिया अगाडि बढाएको जस्तो देखिए पनि कुनै कार्यान्वयन कार्यविधि र

मापडण्ड नबनाउनु, बजार प्रतिष्पर्धालाई संकुचित पार्ने गरी ठेक्का खोल्ने प्रवृति, खरिद प्रकृया नै झन्झटिलो रहनु।

- जनशक्ति परिचालन तथा आयोजना व्यवस्थापन कमजोर हुनु। सरकार परिवर्तन हुँदा आयोजना प्रमुखको सरुवा हुने परम्पराले आयोजनाको कार्यान्वयनमा अप्रभावकारिता बढ्दै गईरहेको छ।
- सरोकारवालासँग छलफल, संवाद, सहभागितालाई प्रभावकारी नगराइनु। आयोजनामा काम गर्ने कामदारहरुको दैनिक ज्याला समेत समयमानै भुक्तानी हुन नसकेको गुनासो व्यापक छ। यसको कारण सूचकसहितको अनुगमन मूल्यमाङ्कन र सुपरिवेक्षण प्रणाली यथावत् रहनु हो।
- अध्ययन अनुसन्धानमा लगानी गरी नवप्रवर्तन र सिर्जनशीलतालाई प्रवर्दन गर्न नसक्नु।
- बैदेशिक सहयोग परिचालनमा वार्ता र संझौता क्षमता निकै कमजोर। बैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनामा दाताका अनावश्यक शर्त र हस्तक्षेप रहने गरेका।

**सुधारका लागि सुझावहरुः**

- माग र आपूर्ति वीच सामाञ्जस्यता कायम गर्न जनताको माग, आबश्यकता र लाभ लागत विश्लेषण गरी उच्च प्रतिफलयुक्त, उत्पादनशील आयोजनामा स्वदेशी तथा बिदेशी निजी लगानी आर्कषित गर्ने।
- वस्तुनिष्ट आधार, प्रमाण तथ्याङ्क तथा मापदण्डमा आधारित तथ्यपरक आयोजना छनौट गर्न अध्ययन अनुसन्धान तथा नवप्रर्वतन र सिर्जनशिलतामा लगानी गर्ने।
- आयोजना छनौटलाई जनताको सक्रिय र सार्थक सहभागिता गराई मागमा आधारित कार्यन्वयन योग्य, यथार्थपरक र नतिजामूलक बनाउने।
- कार्यान्वयन पूर्वतयारी गरेर मात्र आयोजना छनौट गर्ने,जसका लागि पूर्व संभाव्यता अध्ययन विश्लेषण, वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजना बैङ्क प्रयोग, जग्गा प्राप्ति, रुख खटान, श्रोतसाधनको सुनिश्चितता (सरकारी, निजी, बैदेशिक सहायता) गरी Need based आयोजना छनौट गर्ने।
- कार्यान्वयन कार्यविधि र मापदण्डको तर्जुमा गरी लागु गर्ने।
- आयोजना प्रमुखसँगको ज्ञान, सीप, क्षमताको आधारमा छनौट गरी कार्य सम्पादन करार सम्झौता गर्ने।
- खरिद प्रक्रियालाई सरलीकरण गरी समयसीमा तोकेर सम्झौता गर्ने।
- निर्माण व्यवसायीको कार्यकुशलता, व्यवसायिकता तथा कार्यात्मक क्षमताको विश्लेषण गरी ठेक्का दिने।
- श्रोतसाधनको कुशल परिचालनका लागि जनशक्तिको क्षमता विकासमा जोडदिने।

- आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउँदै वितीय सुशासनलाई प्रवर्द्धनमा जोड दिने।
- साझेदार र सरोकारवालाको सहयोग, सहकार्य र समन्वयलाई जोड डिने।
- सहभागितामूलक, नतिजामूलक र सूचकमा आदारित अनुगमन योजना वनाई अनुगमन मूल्याङकन गर्ने।
- आयोजना कार्यान्वयमा गर्ने निकायबीच बलियो सहयोग, समन्वय र सहकार्य गर्ने संस्कृतिको विकास गर्ने।
- आयोजनाका सवै चरणमा प्रकृयामा सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण र Managing for Development Results (MFDR) जस्ता विषय प्रयोगमा ल्याउने।
- आयोजना कार्यान्वयन, अनुगमन र मूल्यांकनका साथै समग्र आयोजना अनुशासन र व्यवस्थापनमा सुधार गर्ने।
- आयोजनाको अनुगमन मूल्यांकन र अनुसन्धानका विषयलाई प्रभावकारी, नतिजामा आधारित बनाउने हालको औपचारिकताको अन्त्य गर्ने।
- वार्ता र संझौता क्षमता विकासमा लगानी गर्नुपर्ने।
- आयोजनाको मध्यकालिन खर्च संरचना, वार्षिक कार्यक्रम र बजेटबीच सहसम्बन्ध हुनुपर्ने गरी कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।
- आयोजना बर्गीकरण सम्वन्धी मापदण्ड, बहुवर्षीय ठेक्का सम्वन्धी मापदण्ड र अनुगमन मूल्यांकन ऐन २०८० को प्रभावकारी कार्यान्वयन गर्ने।

## १४.१३. सुरक्षा संयन्त्रहरुतर्फको समस्या र सुधारका लागि सुझावः

**क.राष्ट्रिय सुरक्षा परिषद्को कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने।**

राष्ट्रिय सुरक्षा परिषद् (NSC) राष्ट्रको सर्वोच्च संस्था हो। जसले यसको महत्वपूर्ण हितका आधारमा यसको महत्वपूर्ण सुरक्षा कार्यहरूलाई सम्बोधन गर्दछ। राष्ट्रिय सुरक्षा सधैं विश्वका सबै राष्ट्रहरूको लागि प्राथमिकताको क्षेत्र बनेको छ। यद्यपि, यससँग सम्बन्धित मुद्दाहरू राष्ट्र अनुसार फरक हुन्छन्। एउटा राष्ट्रले सामना गर्ने चुनौतीहरू अनुसार मुद्दाहरूलाई प्राथमिकता दिनु मात्र हुँदैन, तर आफ्नो क्षमता अनुसार चुनौतीहरूको सामना गर्न पनि आफूलाई तयार पार्नु पर्छ। धेरै राष्ट्रहरूले सरकारको उच्चतम स्तरमा आधिकारिक प्रावधानहरू सहितको NSC जस्तो निकाय स्थापना गरेका छन्। नेपालमा समेत राष्ट्रिय सुरक्षा व्यवस्थापन साथै चुनौतीहरुको सामना गर्न NSC रहेको छ। यद्यपि, राष्ट्रिय सुरक्षा र जानकारी संकलन साथै सरकारलाई राय सुझावका महत्वपूर्ण काम भन्दा पनि तदर्थ निर्णय साथै काममा मात्र सीमित भएको देखियो। पछिल्लो समयमा भएका आन्दोलन/प्रदर्शन मा भएको अत्यधिक धनजनको क्षति र सुरक्षा परिचालनको विषयलाई लिएर धेरै नै पश्न उठेको छ।

वि.सं. २०८२ भाद्र २३ र २४ मा भएको जेन जेड समूहको आन्दोलनमा २३ गते संसद भवनमा प्रवेश गर्न खोजेका जेनजेड माथि प्रहरीले गोली चलाउँदा १९ जनाको मृत्यु भएकोमा आम नागरी क, सञ्चार जगत र नागरी क समाज साथै मानव अधिकार आयोग र सम्बद्ध संस्थाहरुले समेत सरकार र सुरक्षा संयन्त्रमाथि आक्रोश र असन्तुष्टि जनाउँदै आएका छन्। एकीकृत सुरक्षा परिचालनमा राष्ट्रिय सुरक्षा परिषद्को भूमिका प्रभावकारी नभएकोले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका साथै नेपाली सेनाको अह्रन खटनको अवस्था फितलो रहेको सुरक्षा विज्ञको सुझाव साथै जाँचबुझ र अनुसन्धानबाट देखिन आयो। भाद्र २४ गतेको घटनाको पूर्वानुमान हुँदाहुँदै सेना परिचालनको विषयमा निर्णय नहुनु नै Vital installation हरुमा क्षति हुनु एउटा कारणको रुपमा रहेको अनुसन्धान र जाँचबुझबाट देखिन आयो। राष्ट्रिय सुरक्षा परिषद्को स्थापना गर्दा नै आन्तरिक सुरक्षालाई प्रभावकारी बनाउन सूचनाको प्राप्ति साथै सुरक्षा निकायको प्रभाकारिता अभिवृद्धि गर्न कानून र नीतिगत व्यवस्थामा सरकारलाई सुझाव दिने र सेना परिचालनको विषयमा निर्णय गर्ने गरी कार्यविवरण तोकिएको हो। तथापि, समयमा नै यो परिषद्ले निर्णय नगर्दा ठूला घटनाहरु घट्न गएको देखिन्छ। सुरक्षा परिषद्को पुनर्संरचना र सुधार आवश्यक रहेको देखिन्छ। तसर्थ, नेपालको संविधानले व्यवस्था गरेको सुरक्षा परिषदको प्रभावकारिता अभिवृद्धि देहायबमोजिम गर्नु पर्ने हुन्छ।

**नेपालको राष्ट्रिय सुरक्षा परिषद्ः**

नेपालको संविधान २०७२को धारा-२६६मा देहायबमोजिम राष्ट्रिय सुरक्षा परिषद् रहने व्यवस्था छ।

- प्रधानमन्त्री – अध्यक्ष
- रक्षामन्त्री – सदस्य
- गृहमन्त्री – सदस्य
- परराष्ट्रमन्त्री -सदस्य
- अर्थ मन्त्री – सदस्य
- नेपाल सरकारका मुख्यसचिव- सदस्य
- प्रधानसेनापती -सदस्य
- रक्षा सचिव- सदस्य सचिव

राष्ट्रिय सुरक्षा परिषद् (NCC) का दुई मुख्य उद्देश्यहरू भए पनि, यसको क्षेत्र र ध्यान सेनासँग सम्बन्धित मामिलाहरूमा सीमित रहन्छ, अर्थात्, परिचालन र नियन्त्रण। समग्र राष्ट्रिय हित, सुरक्षा र रक्षामा नीति निर्माण सम्बन्धी अन्य मामिलाहरूमा थोरै ध्यान दिइन्छ।

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सबै संगठनहरुबाट उम्दा जनशक्ति व्यवस्थापन गर्नु पर्नेमा त्यसो हुन नसकेकोले यो संस्थाप्रति सरकारको कम चासो रहेको देखिन्छ।

राष्ट्रिय सुरक्षाजस्तो महत्वपूर्ण विषयको नीति निर्माण जस्तो भूमिकामा रहेको सुरक्षा परिषद्ले आन्तरिक सुरक्षा व्यवस्थापनको नीतिगत व्यवस्थाको लागि सरकार गठन भएदेखि नै आवश्यकता महसुस गरी एका चर्चा भएको सुनिएपनि बस्तुनिष्ठ तरिकाले कार्यान्वयन पक्षलाई ध्यान दिएको पाइएन। तसर्थ,यसको प्रभावकारिताको लागि देहायका कार्य गर्नुपर्ने हुन्छ।

- राष्ट्रिय सुरक्षा परिषदको सचिवालयमा सचिवको नेतृत्वमा सचिवालयको व्यवस्था गर्नुपर्ने।
- राष्ट्रिय सुरक्षा परिषदको सचिवालयमा रहने सचिव गृह मन्त्रालय र रक्षा मन्त्रालयमा काम गरी सकेको वा लामो समय यी दुई मन्त्रालयमा कार्यरत रही बढुवा भएको सचिवलाई राख्नुपर्ने।
- राष्ट्रिय सुरक्षा परिषद्ले एकीकृत सुरक्षा परिचालन सम्बन्धी कानून बनाउन सिफारिस गर्ने जसमा Inter agency operation system लाई कानून बमोजिम परिचालन हुने व्यवस्था मिलाउने जसले गर्दा नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेना अवस्थाअनुसार स्वःपरिचालित हुन्छ।
- अन्तराष्ट्रिय सम्बन्ध,आर्थिक कूटनीति ,र connectivity को विषयलाई राष्ट्रिय सुरक्षाको मूल विषयसँग Tie-up गर्ने विषयलाई मुख्यरुपमा सल्लाहकारको रुपमा राष्ट्रिय सुरक्षा परिषदलाई राख्नुपर्ने हुन्छ।
- सुरक्षा निकायहरुमा आवश्यक कानूनी, संस्थागत, श्रोत साधनगत व्यवस्थामा परिमार्जन वा सुधार गर्न आवश्यक भएमा सोको गहिरो अध्ययन गरी सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने जसका लागि तत् तत् सुरक्षा निकायहरुसँग आवश्यक राय परामर्श सुन्ने संयन्त्रको रुपमा समेत सुरक्षा परिषद्लाई विकास गर्नुपर्दछ।
- हाल गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान विभागलाई राष्ट्रिय सुरक्षा परिषद मातहत राख्न सकिने जसले गर्दा सुरक्षा संवेदनशीलताका सूचनाहरुको प्राप्ति र प्रयोगमा प्रभाकारिता बढ्न जान्छ।

**नेपाल प्रहरी तर्फ सुधारः**

नेपाल प्रहरीको इतिहास प्राचीन लिच्छविकालको दण्डनायक प्रणालीदेखि आधुनिक प्रहरी प्रणाली सम्म छ जसमा सन् १९५० को राणा शासन पछि उल्लेखनीय रुपमा विकाश भएको छ। सन् २०१२ सालको प्रहरी ऐन अन्तर्गत प्रहरी फोर्सको औपचारिक स्थापना भएको पाइन्छ। नेपालको संविधान २०७२ को भाग २८ मा राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था गरी एको छ। उक्त भागको

धारा २६६ मा राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था छ। साथै धारा २६८ ले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था गरेको छ जसको उपधारा (१) मा नेपाल प्रहरी लगायत अन्य सशस्त्र र राष्ट्रिय अनुसन्धान विभाग रहने व्यवस्था गरेको छ।

हाल अस्तित्वमा रहेको प्रहरी ऐन २०१२ (संसोधन २०७२) लाई संविधानको उपरोक्त उल्लिखित व्यवस्थाले कानूनी धरातल प्रदान गरेको छ। प्रहरी ऐनको दफा १५ ले प्रहरी कर्मचारीको कर्तव्यको बारेमा enumerate गरेको छ जस अन्तर्गत अधिकार प्राप्त अधिकारीले दिएको आदेश पालना गर्नु/तामेल गर्नु, शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु, अपराधको रोकथाम गर्नु, अपराधी पत्ता लगाउनु, कानून बमोजिम दोषीलाई पक्रनु, असहायलाई सहयोग गर्नु, थुनुवा/कैदी विरामी भएमा सहयोग गर्नु, आगोबाट बचाउन सहयोग गर्नु, जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोसिस गर्नु आदी छन्। ऐनको दफा १३ ले प्रहरी कर्मचारीले यो ऐन वा अन्य प्रचलित ऐनबाट पाएको अख्तियार भन्दा बढी अख्तियार प्रयोग गर्न नपाउने कानूनी व्यवस्था गरेको छ। ऐनको दफा ३३ र ३४ ले प्रहरी कर्मचारीले कानून विपरीत कार्य गरेमा हुने सजायको व्यवस्था गरेको छ तर दफा ३७ ले कर्तव्य पालना गर्दा असल नियतले काम गरेमा दोषी नहुने व्यवस्था गरेको छ। उक्त दफामा भनिएको छ "प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीले यस ऐन वा अरु प्रचलित ऐन बमोजिम गर्नु पर्ने कर्तव्य पालना गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आज्ञप्ति, आदेश वा वारेण्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन"। यस ऐन लगायतका अन्य नेपाल कानूनले दिएको अधिकार तथा कर्तव्यको अधीन रही अधिकार प्राप्त अधिकारी वा superir को निर्देशनमा/आदेशको पालना गर्ने दायित्व प्रहरी कर्मचारीमा रहेको छ।

यसका साथै प्रहरी नियमावली २०७१ (संसोधित २०७८) को नियम ६६ ले पनि प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकारको बारेमा प्रष्ट पारेको छ। साथै दफा ६७ ले प्रचलित कानून बमोजिम नेपाल प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाका लागि वा नेपाल प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्यांकन गरी आवश्यकता अनुसार प्रहरी पोसाक वा सादा पोसाकमा प्रहरी खटाउन सक्ने व्यवस्था गरेको छ।

नियम ६८ ले प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक

जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरु प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहने व्यवस्था गरेको छ।

सोही नियमावलीको नियम ७२ ले गैर कानूनी जमात, साम्प्रदायिक वा राजनीतिक जुलुसको सामना गर्दा जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले प्रमुख जिल्ला अधिकारीको पूर्व निर्देशन प्राप्त गर्नु पर्नेछ। शान्ति सुव्यवस्था खलल हुने देखिएमा जिल्ला प्रहरी कार्यालय प्रमुख वा महानगरीय परीसर प्रमुखले प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गरी उपयुक्त निर्देशनको निमित्त अनुरोध गर्नु पर्नेछ।

आवश्यक वस्तु संरक्षण ऐन २०१२ (संसोधन २०४८) को दफा २ ले "आवश्यक वस्तु" भनी परिभाषा गरी दश प्रकारका वस्तु तथा सेवालाई सूचिकृत (enumerate) गरेको छ र अन्तमा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जुनसुकै वस्तु" भनी सरकारले अन्य आवश्यक वस्तुलाई पनि यस ऐनको परीभाषामा राखेको देखिन्छ। तर vital installations जस्तै सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपति भवन जस्ता संरचनाहरु राजपत्रमा "अन्य आवश्यक वस्तु" भनी उल्लेख भएको भने सरकारी निकायहरुसँग सम्पर्क गर्दा भेटिएन। यस ऐनको दफा ६ ले यस ऐनले निषेध गरेको कार्य गर्ने व्यक्तिलाई पक्राउ गर्न खोज्दा हुल हुज्जत गरी भाग्न/उम्कन खोज्यो अथवा त्यसै भाग्न खोज्यो भने भरसक घुडा मुनी हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नु पर्छ। पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित कर्मचारीलाई वात लाग्ने छैन भन्ने व्यवस्था गरेको छ।

उपरोक्त उल्लेखित संविधानको अधीनरही बनेका ऐन नियमहरुले प्रहरीलाई शान्ति व्यवस्था गर्ने अधिकार दिएको पाइन्छ। नेपाल प्रहरीको अन्य बल भन्दा वृहत भूमिका देखिन्छ। यो समूदायसँग का दैनन्दिनका गतिविधिमा संलग्न हुन्छ र समाजको स्थानीय स्तर सम्म शान्ति स्थापना गर्न समुदायसँग मिलेर बसेको छ। साथै शहरमा पनि समुदाय स्तरमै काम गर्नु पर्ने जिम्मेवारी रहेको छ। तर केही दशकदेखि नेपाली समाजमा परिवर्तन भैरहेको छ। मानिस सहर केन्द्रीत हुँदै गइरहेका छन्। गाउँ पनि शहरोन्मुख छन्। यसरी मानिसहरु आफ्नो ठाउँ छोडेर नयाँ ठाउमा आई वस्ती सराई गर्दा social fabric जसले गाउँले समाजलाई बाँधेर राखेको थियो अव टुटेको अवस्था छ। प्रविधि (Technology) र सामाजिक सञ्जालले युवा पुस्तालाई निकै प्रभावमा पारी उनका महत्वकांक्षा पनि बढाएको छ। युवाहरुको विदेश पलायनले समाजमा आर्थिक रुपमा केही सुधार

देखिएको छ तर यसले धेरै पारिवारमा विखण्डन पनि ल्याएको छ। त्यसकारण प्रहरीले सामना गर्नु पर्ने चुनौती पनि थपिएका छन्। प्रहरीलाई समयानुकूल चुस्त दुरुस्त राखी समयानुसार तालिम, Logistic support, organizational structure मा सुधार, सुविधाको उपलब्धता हुनु पर्थ्यो त्यो भएको देखिदैन। यो भाद्र २३ र २४ गते भएका घटनाहरुमा पनि प्रस्ट देखियो।

भाद्र २३ गते माइतिघरबाट सुरु भएको जेन-जी समूहको प्रदर्शन निषेधित क्षेत्र पार गरी कसरी अति संवेदनशील मानिएको संसद भवन परिसरमा प्रवेश गरे र सो क्षेत्रमा सुरक्षाकर्मीबाट बल प्रयोग गरी युवाहरुको मृत्यु र धेरै संख्यामा घाइते भए भन्ने प्रश्न सबै सामु आईरहेको अवस्था छ। सुरक्षाकर्मीले अनावश्यक बल प्रयोग गरेको भनी आलोचना समेत भयो। अर्को दिन भाद्र २४ गते सुरक्षाकर्मी(विशेष गरी नेपाल प्रहरी) का परिसर, वृत्त तथा अस्थायी चौकीहरुमा आन्दोलनकारीहरुको नाममा आगजनी, तोडफोड भयो। साथै सुरक्षाकर्मीका हतियारहरु खोसी सुरक्षाकर्मी माथिनै आक्रमण गरी ३ जना प्रहरीको ज्यान समेत गयो र २०६८ जना प्रहरी घाइते भएको तथ्याङ्कबाट देखिन्छ। प्रहरीहरुकोनै ज्यान जोगाउनु पर्ने अवस्था सिर्जना भई सुरक्षा प्रदान गर्न नसक्दा देश नै सुरक्षा विहिनताको अवस्थामा पुग्यो। सुरक्षा व्यवस्था कमजोर र व्यवस्थित हुन नसक्नुमा अन्य सुरक्षा निकायका साथै नेपाल प्रहरीमा पनि निम्न बमोजिम समस्या देखिएका छन् ।

**समस्या**

- गुप्तचरको reporting को आधारमा प्रहरी लगायत सरकारका सरोकारवाला अंगहरुले नयाँ आइरहेको अथवा आउने समस्याका बारेमा आंकलन गरी त्यही अनुरुप रणनीति बनाउने गर्छन्। भाद्र २३ र २४ गतेको घटनाका सम्बन्धमा गुप्तचर अथवा अन्य निकायबाट information collection मा ठूलो कमी हुन गई २३ गतेको घटनामा आवश्यक तयारी नपुगेको प्रस्ट देखिन्छ।
- नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनाको विचमा समन्वयको कमी देखिएको छ। कुन force लाई कतिखेर mobilize गर्ने भन्ने सम्बन्धमा प्रस्ट निर्देश सम्बन्धीत ऐन, नियममा उल्लेख गरी एको देखिदैन। स्थानीय प्रशासन ऐन, प्रहरी ऐन, सैनिक ऐन सशस्त्र प्रहरी ऐनमा categorically कसरी force प्रयोग गर्ने भन्ने स्पष्टताको अभाव छ।
- प्रहरी बललाई आवश्यक पर्ने non-lethal सामाग्री यथेष्ट नभएको अनुसन्धानको प्रकृयामा थाहा हुन आएको छ। २३ गते नागरी क हताहत हुनुमा एउटा मुख्य कारण यो पनि थियो। Non lethal हतियारको कमीले यस घटनामा घातक हतियारको अधिक प्रयोग भएको देखिन्छ। जबकि टियरग्याँस र रबर बुलेट जस्ता साधनको कमी रहेको देखियो।
- प्रहरीलाई यथेष्ट मात्रामा Training भएको केही सुरक्षा प्रमुखको दावी रहे पनि २३ गतेको

घटनामा त्यो देखिएन। चाँदमारी Training एकदमै न्यून हुने गरेको छ।

❖ Crowd control skill को पनि कमी रहेको २३ गतेको घटनाबाट देखिन्छ।
❖ सामाजिक संरचना बदलिदै जाँदा त्यसलाई coup गर्न नयाँ Technology को आयत नेपालमा पनि गरिनु पर्थ्यो त्यो भएको देखिदैन। यिनको उपलब्धता भएको भए casualty न्यूनीकरणमा सहयोग पुग्न सक्थ्यो।
❖ प्रहरी नियमावलीमा धेरै व्यवस्थाहरु त्रुटिपूर्ण छन्। नियम ६७ मा भएको व्यवस्था र परिच्छेद ६ अन्तर्गत नियम ५३ देखि ६६ को व्यवस्था जसमा प्रहरी कर्मचारीका विभिन्न निकायको काम कर्तव्य र अधिकारको व्यवस्था त्रुटिपूर्ण छ। अधिकार र कर्तव्य कुनै पनि statutory law मा substantioal part मानिन्छ जुन ऐनमै स्पष्टसँग उल्लेख भएको हुनु पर्छ। नियममा त केबल procedure को कुरा लेखिनु पर्छ। यो कानून शासित राज्यमा अपनाइनु पर्ने सामान्य सिद्धान्त हो। नियम ६७ (२) मा भएको व्यवस्था जसमा प्रहरीले आफुले सुरक्षा दिनु पर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्ने अधिकार दिएको छ। यो substantive law को अभिन्न अंग बनाइनु पर्छ नियमबाट निर्देशित गरी नु हुदैन।
❖ राष्ट्रिय सुरक्षा परिषद्मा सुरक्षाका सबै अंगको प्रतिनिधित्व छैन। प्रतिनिधित्व हुन नसके पनि आमन्त्रित गर्ने व्यवस्था गरी नु पर्छ।
❖ प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको आदेश दिएपछि परिस्थिति विग्रिदै जाँदा सुरक्षा निकायले गोली चलाउने अवस्था आए गोली चलाउन प्र.जि.अ. बाट थप आदेश लिनु पर्छ वा कर्फ्यू लागेपछि स्वतः गोली चलाउन पनि आदेश दिएको मानिन्छ भन्ने सम्बन्धमा सुरक्षा निकाय र प्रशासन विच मतैक्यता छैन।
❖ स्थानीय प्रमुख जिल्ला अधिकारीबाट कर्फ्यू जारि भै स्थिति नियन्त्रण गर्न नसकि रहेको अवस्थामा प्र.जि.अ. ले "नेपाली सेनाको मद्दत माग्न सक्ने" भन्ने स्थानीय प्रशासन ऐनको दफा ६(२) को व्यवस्थाले सेनाको सक्रिय सहभागिता माग गरेको हो अथवा demonstrative effect को लागि मात्र माग गरी ने हो भन्ने कुरा स्पष्ट छैन। यसले गर्दा आवश्यक परेको अवस्थामा सुरक्षा घेरा (Layer) कुन प्रकारको रहने भन्ने संवेदनशील प्रश्नप खडा गरेको छ।
❖ भाद्र २३ र २४ को घटनामा प्रहरी पोस्ट कब्जा गरी ठूलो मात्रामा नेपाल प्रहरीको र केही सशस्त्र प्रहरीको हातहतियार लुटिएका छन्। सबै गरेर उक्त दिनको घटनामा १३४२ हातहतियार लुटिएको आयोगलाई प्राप्त रिर्पोटमा देखाउँछ त्यसमध्ये ७४५ हातहतियार फिर्ता आईसकेको र बाँकी ५९७ हातहतियार अझै प्राप्त गर्न बाँकी छ। आयोगले निरीक्षणको क्रममा प्रहरी चौकीहरुमा राखेका हातहतियार धेरै सुरक्षित गरेर नराखेको देखियो।

**समाधान**

- विशेष गरी नेपालको सुरक्षा संयन्त्रको अग्रपंङ्तिमा रहने नेपाल प्रहरीको प्रभाकारिता अभिवृद्धि गर्न र जनतामा दिगो शान्तिको भरोसा जगाउनका साथै भीड नियन्त्रणलाई व्यवस्थित ढङ्गबाट समाधान गर्न र नेपाल प्रहरी फोर्समा देखिएका समस्या र तीनको समाधानका उपायहरु देहायबमोजिम सुझाइएको छ :
- राष्ट्रिय सुरक्षा नीतिमा स्पष्ट कार्यक्षेत्र परिभाषित गरी सुरक्षा संगठनहरुको कानूनको तर्जुमा, परिमार्जन तथा सो बमोजिम सुरक्षा निकायलाई सञ्चालन र परिचालन गरी नु पर्ने; नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सुरक्षाससँग सम्बन्धी कतिपय कार्यक्षेत्रहरुमा दोहोरो पन हुने गरेको र एउटै प्रकृतिको काममा दुई संगठनको समानान्तर परिचालन गर्दा असमझदारी, गैह्र व्यवसायिक प्रतिस्पर्धा हुनुका साथै स्पष्ट कमाण्डको अभाव देखिएकोले अन्तर निकायगत समन्वय स्थापना हुने गरी स्पष्ट कार्यविभाजन र जिम्मेवारी निर्धारण कानून बमोजिम गर्ने।
- राज्यको आवश्यकता र सुरक्षा प्रभावकारिता अभिवृद्धि गर्ने हेतुले नेपाल प्रहरी र शसस्त्र प्रहरी बल नेपाल दुबैको पुनःसंरचना गर्नु आवश्यक छ। कार्य विभाजन साथै कमाण्डको व्यवस्था समेत कानूनमा नै गर्नुपर्ने।
- नेपाल प्रहरीको सेवा शर्त सुविधा सम्बन्धी विशिष्टिकृत ऐन २०१२ सालमा जारी भएको र हालसम्म पनि सोही कार्यान्वयनमा रहेकोले बदलिदो शासकीय परिवेशमा नयाँ प्रहरी ऐन तत्काल जारी गरी कार्यान्वयनमा लैजानुपर्ने। नयाँ प्रहरी ऐनमा प्रहरीको सेवा शर्त सुविधाका साथै प्रहरी सेवाका मार्गनिर्देशक सिद्धान्तका रुपमा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त लोकतान्त्रिक प्रहरी सेवा (Democratic Policing) का तीन प्रमुख सिद्धान्त — प्रतिनिधित्व (Representative), उत्तरदायी (Responsive), र जवाफदेही (Accountable) साथै व्यवसायिकता , नागरी कमैत्री र पारदर्शीता जस्ता पेशागत दक्षता अभिवृद्धिका विषयहरु समावेश हुनुपर्छ, जसले संविधानमा परिभाषित मानव सुरक्षा, नागरी क सम्पत्ति र जीविकोपार्जनको अधिकारलाई प्रभावकारी रूपमा संरक्षण गर्ने साथै सर्वसाधारण नागरी कको विश्वास जित्न र उनीहरूको हकअधिकारको संरक्षण गर्न काम गर्नुपर्छ, जसले समाजमा न्यायको अनुभूति दिलाउन मद्दत गर्छ। लोकतान्त्रिक प्रहरी प्रणालीले कानूनको शासन, मानव अधिकारको सम्मान, र सुरक्षा सेवाको निष्पक्षता सुनिश्चित गर्दछ, जसले नागरी क-प्रहरी सम्बन्धलाई सुदृढ पार्न निर्णायक भूमिका खेल्छ। साथै संघीय संरचनामा नेपाल प्रहरीको समायोजन गर्न अति सघन अध्ययन र विश्लेषण जरुरी हुन्छ।
- प्रहरी सेवालाई गुणस्तरिय, व्यवसायिक र विश्वसनीय बनाउन तथा राजनीतिक हस्तक्षेप रोकन एक स्वतन्त्र सुपरिवेक्षकीय अंगको व्यवस्था हुनु सैद्धान्तिक र व्यवहारिक रुपले समेत आवश्यक देखिन्छ। यस्तो सुपरिवेक्षकीय अंग नागरी क, आन्तरिक वा बाह्य प्रकारको हुन सक्छ र यसले प्रहरी कर्मचारीहरुलाई आफ्नो सेवा र जनताप्रति जवाफदेही बनाउन मद्धत पु-याउँछ। यसका लागि संगठनले अवलम्बन गरेको नीति र प्रहरी कर्चारीहरुबाट भए गरेका

गलत कार्यहरुको बारेमा आन्तरिक र बाह्य लेखाजोखा वा अध्ययन अनुसन्धान गरी प्रहरीलाई आफ्नो काम, कर्तव्य, अधिकार र व्यवसायिकताको कसीमा खरो उत्रन प्रतिवद्ध र उत्प्रेरित गर्दछ। साथै नियमनको प्रभावकारिता समेत बढ्दछ।

- प्रहरीले सम्पादन गर्ने अपराध अनुसन्धान, प्रहरी कारवाही र सरुवा- बढुवा तथा बृत्ति विकाससँग सम्बन्धित कार्यको सुपरिवेक्षण गर्ने अधिकारीले कानून बमोजिम बाहेक कुनै आदेश तथा निर्देशन दिन नपाइने/नहुने व्यवस्था गरी नु पर्ने।
- भीड नियन्त्रणमा खटिँदा सशस्त्र र नेपाल प्रहरी एउटै व्यारीकेडमा नभएर अलग अलग परिस्थितिको जिम्मेवार बनाउन आवश्यक छ।
- प्रहरी सेवाको विशिष्टिकरण र मानवअधिकार तथा कानून निर्देशनालयको व्यवस्था;
- बढ्दो जनसंख्या, शहर केन्द्रीत अब्यबस्थित बसोबास, बढ्दो बेरोजगारी, विज्ञान तथा प्रविधिमा भएको विकास, सञ्चार प्रविधिमा आएको अकल्पनीय विकास र यसमा जनताको सरल पहुँच, उपभोगतावादी जीवन शैली, बढ्दो अपराधकार्यहरुको रोकथाम तथा नियन्त्रण गर्न नेपाल प्रहरीले प्रहरी सेवालाई समयानुकूल विशिष्टिकृत गर्दै यसलाई चुस्त र भरपर्दो बनाउँदै लैजानु अपरिहार्य छ। यसका लागि निम्न प्रहरी कार्यहरुलाई सेवा विशिष्टिकृत गर्दै लैजान आवश्यक छ ;
- कानून समूहमा छुट्टै भर्ना लिने र यसरी नियुक्त भएका प्रहरी कर्मचारीको बृत्तिविकासको सुनिश्चितता गरी उनीहरुलाई नियुक्ति देखि अवकाशसम्म कानून समूहमा नै राख्ने।
- प्राविधिक प्रहरी समूहमा (चिकित्सा विज्ञान, इन्जिनियरिङ्ग, सूचना तथा सञ्चार, विधिविज्ञान समूहको)छुट्टै भर्ना लिने र यसरी नियुक्त भएका प्रहरी कर्मचारी नियुक्तिदेखि अवकाशसम्म प्राविधिक समूहमा नै राख्ने।
- कानून र प्राविधिक समूह वाहेक अन्य समूहका निमित्त भर्ना भएका प्रहरी कर्मचारीहरुलाई निजको शैक्षिक योग्यता र आधारभूत तालिममा प्रदर्शन गरेको क्षमताको आधारमा जनपद प्रहरी र सशस्त्र प्रहरी समूहका समूह तथा उपसमूहहरुमा खटाउने व्यवस्था गर्ने।
- जनपद र सशस्त्र समूह, उपसमूहमा कार्यरत प्रहरी अर्को समूह वा उपसमूहमा सरुवा हुनका लागि तोकिए बमोजिमको मापदण्ड पूरा गर्नु पर्ने।
- समूह तथा उपसमूहहरूमा रहेका प्रहरी कर्मचारीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने।
- प्रहरीमा निजामती (Civilian) कर्मचारी भर्ना गर्ने सम्वन्धी
- प्रशासन, लेखा तथा अपराध अनुसन्धान सम्बन्धी कार्यमा सहयोगीका रुपमा खटिने प्रहरी निजामती सेवा समूहको व्यवस्था गर्ने।

**एकीकृत भर्ना छनौट प्रणालीः**

- नेपाल सरकार मातहतका प्रशासनतर्फका शाखा अधिकृत, प्रहरी निरीक्षक र सशस्त्र प्रहरी निरीक्षकको नयाँ भर्ना गर्दा एउटै छनौट प्रकृयाबाट गर्ने। यसरी प्रहरी अधिकृत र शाखा अधिकृतको एउटै परीक्षाबाट छनौट गर्दा, संघीय निजामती अधिकृत र प्रहरी अधिकृतहरुको कार्यक्षमता र कार्यदक्षतामा समान मानकीकरण (Standardization) हुने र उनिहरुबीच कार्य क्षेत्रमा समन्वय, सहकार्य, भातृत्वभाव र आपसी विश्वासको वातावरण हुनुका साथै कर्मचारी भर्ना छनौट कार्यमा नेपाल सरकारलाई आर्थिक व्ययभार समेत कम हुने।
- मौजुदा प्रणाली अनुसार प्लस टु (१२ कक्षा) पास गरेका नेपाली नागरी कले निजामती सेवामा ना.सु. मा खुल्ला प्रतियोगिताबाट नयाँ भर्ना गरी ने तर नेपाल प्रहरीमा प्रहरी सहायक निरीक्षकमा (खरिदार सरह) रहेकोमा अब प्रहरी नायव निरीक्षकमा नयाँ भर्ना गरी नु पर्ने।
- हाल साधारण लेखपढ (सा.ले.प.) गर्न जान्ने नेपाली नागरी कले प्रहरी जवानमा नयाँ भर्नामा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था रहेकोमा बदलिदो परिस्थितिमा सा. ले. प. शैक्षिक योग्यता भएका प्रहरी जवानबाट समयानुकूल कार्य सम्पादन गर्न अपर्याप्त हुने भएकोले अबोपरान्त कम्तिमा SEE उतीर्ण शैक्षिक योग्यता राख्नु पर्ने।
- प्रहरी कर्मचारीहरुको बृत्तिविकास व्यवस्थापनको लागि कार्यसम्पादन व्यवस्थापन प्रणाली (Performance Management System) लागु गरी बृत्तिविकास प्रणालीलाई वैज्ञानिक, पारदर्शी र अनुगमनयोग्य बनाउने।
- नेपाल प्रहरीको मौजुदा तालिम, प्रशिक्षण विधि र प्रणालीको समयानुकूल पुनरावलोकन र परिमार्जन गर्ने। त्यसै गरी तालिम आवश्यकताको विश्लेषण गर्दै सरोकारवाला तथा सेवाग्राही (नागरी क) को समेत पृष्ठपोशण र सुझावहरुलाई समेत समावेश गर्दै तालिम विकास गर्ने।
- आयुक्तीय प्रहरी प्रणाली (Commissionerate police system) को व्यवस्था धेरै जनसंख्या भएका शहरहरुको आफ्नै विशेषता हुन्छन्। ज्यादै जन घनत्वमा रहने विविध प्रकृति र प्रवृतिका (Hetergeneus) मानिसहरुको वसोवास गर्ने, बृहद आर्थिक गतिविधि, महत्वपूर्ण व्यक्ति तथा प्रतिष्ठानको सघनता आदी कारणले गर्दा त्यस्ता शहरहरुमा शान्ति सुरक्षा र अपराधको रोकथाम तथा अनुसन्धानमा विशिष्ट चुनौतीहरु रहेका हुन्छन। ती चुनौतीहरुको सामना गर्न सामान्य प्रहरी परिचालन (General policing) को पद्दतिले कठिनाई हुने हुनाले ठूलो जनसंख्या भएका Metropolitan शहरहरुमा र Sub-metropoolitan शहरहरुमा Commissionerate Poplice System राख्ने व्यवस्था पश्चिमा देशहरु र साथै विश्वमा बढदै गएको छ। एसियाली देशहरु र हाम्रो छिमेकी राष्ट्रमा पनि सवै ठूला शहरहरुमा विगदेखि नै Commissionerate Police System लागु भै रहेको छ।
- गृह मंत्रालयमा समन्वयको लागि मन्त्रालयमा प्र.म.नि.को कार्यकक्ष राखी प्रहरी सम्बन्धी प्रस्तावहरु सिधै मन्त्री र सचिव समक्ष पेश गर्ने व्यवस्था गर्ने।
- निजी सुरक्षा प्रदायकको मापदण्ड बनाउने, प्रशिक्षण मापदण्ड, नेपाल प्रहरीको अनुरोधमा

सहयोगीको भूमिकाको व्यबस्था।

- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २२ को उपदफा २(ग) बमोजिम "निजी क्षेत्रका सुरक्षा प्रदायक र त्यस्तो सुरक्षा प्रदायकबाट उपलव्ध गराइने सुरक्षा सेवा सम्बन्धी मापदण्ड बनाई लागु गर्ने" जिम्मेवारी नेपाल प्रहरीलाई दिएकोले निजी क्षेत्रका सुरक्षा प्रदायक संस्थाहरुबाट उपलव्ध गराइने सुरक्षा सेवा सम्बन्धी मापदण्ड तयार गर्नु पर्ने। यस्तो मापदण्डमा आवश्यकता अनुसार राष्ट्रिय सुरक्षाका सवालमा एकिकृत रुपमा परिचालन गर्न सकिने व्यवस्था गर्नुपर्ने।

**समग्र सुरक्षाको प्रभावकारिताको लागि देहायबमोजिम गर्ने**

- उच्च नैतिक व्यावसायिक र दक्ष जनशक्तिको परिचालन (Deployment of More Ethical and Professionally More Competent Personnel): मानव संसाधनमा "उचित व्यक्ति उचित स्थानमा" पक्षलाई महत्वपूर्ण मानिन्छ। सुरक्षा निकायहरूले राजधानी र जनघनत्व बढी भएका र सुरक्षा संवेदनशील धेरै भएका स्थानहरुको सुरक्षाका लागि तुलनात्मक रूपमा उच्च नैतिकवान, व्यवसायिक र क्षमतायुक्त कमाण्डर तथा जनशक्तिको मनोनयन र परिचालन सुनिश्चित गर्नुपर्छ। मनोनित सबै कमाण्डरहरूलाई आफ्ना उच्च निकायबाट औपचारिक छानविन (vetting) तथा अनुमोदन गरी नुपर्छ, ताकि उनीहरूको इमानदारी, जवाफदेहिता र कार्यगत उत्कृष्टता सुनिश्चित होस्।
- नफ्रीमा पूर्णता (Troops in Full Strength): काठमाडौं उपत्यका र धेरै जनधन भएका शहरहरुमा सुरक्षाका लागि जिम्मेवारी पाएका सबै इकाइहरूलाई सुरक्षाको संवेदनशीलता र राष्ट्रिय स्तरका महत्वपूर्ण पूर्वाधारको एकीकृत उपस्थितिका कारण उत्तम कार्यगत क्षमता (optimal operational strength) मा कायम राखिनु आवश्यक छ। यसका लागि सबै सुरक्षा निकायका सम्बन्धित मुख्यालयहरूले निरन्तररूपमा जनशक्ति पूर्ण भएको सुनिश्चित गर्नुपर्छ, जसले संकटका बेला तयारी र प्रतिक्रियात्मक क्षमतालाई मजबुत बनाउँछ। आवश्यक परे कम प्राथमिकताका क्षेत्रहरूबाट जनशक्ति स्थानान्तरण गरी राजधानीका महत्वपूर्ण स्थानहरूमा सुदृढीकरण गर्न सकिन्छ।
- रणनीतिक इन्टेलिजेन्सको सुदृढीकरण (Strengthen Strategic Intelligence): सुरक्षा निकायहरू—नेपाल प्रहरी, सशस्त्र प्रहरी बल (APF), नेपाली सेना (NA) तथा राष्ट्रिय अनुसन्धान विभाग (NID)—ले रणनीतिक गोप्य सूचनाको संकलनलाई प्राथमिकता दिनुपर्छ। संकटमा-आधारित Priority Informatin Requirements (PIR) तथा Commander's Critical Informatin Requirements (CCIR) स्पष्ट रूपमा परिभाषित गरी ट्रिगर पोइन्ट (Trigger Point) र फ्ल्यास पोइन्ट (Flash Point) लाई पहिचान गरेर जोखिम तथा खतरा सम्बन्धी समयमै उपयोगी र कार्यान्वयनयोग्य मूल्यांकन तयार गर्नुपर्नेछ। यी परिस्थितिगत मूल्यांकनहरू सबै

सरोकारवाला निकायहरू (विशेषगरी प्रमुख जिल्ला अधिकारी (CDO) कार्यालयसहित) मा छिटो र व्यवस्थित रूपमा साझा गरी नुपर्छ, ताकि समन्वित र गोप्य-सूचनामा आधारित निर्णय-निर्माण गर्न सकियोस्।

- Multi-Agency Intelligence Fusion Center को व्यवस्थाः संयुक्त राष्ट्र संघको Joint Mission Assessment Center (JMAC) मोडेलअनुसार एक संयुक्त गोप्य सूचना फ्युजन केन्द्र स्थापना गरी पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्छ, जसले नेपाल प्रहरी, APF, नेपाली सेना तथा NID बीच वास्तविक-समय (real-time) समन्वय सुनिश्चित गर्छ। आवश्यक भएमा विषय विज्ञहरूलाई करारमा संलग्न गर्न सकिन्छ, र कार्यरत जनशक्तिलाई डेपुटेशनमा पठाई यसको कार्यगत, प्रशासनिक तथा व्यवस्थापन सम्बन्धी कार्यहरूमा परिचालन गर्न सकिन्छ।
- Open Source Intelligence (OSINT) तथा Digital Intelligence क्षमताको विकासः सामाजिक सञ्जाल, अनलाइन परिचालन, तथा जनभावनाको वास्तविक-समय निगरानीका लागि SINT तथा Digital Intelligence (D-INT) प्रणालीलाई सुदृढ गर्नुपर्छ। द्रुत भीडभाड, तीव्र सक्रियता, तथा बदलिँदो प्रदर्शनका ढाँचाहरू पहिचान गर्न AI-सक्षम Early-Warning उपकरण अवलम्बन गर्नुपर्छ। युवा सञ्जाल, प्रभावशाली व्यक्तिहरू, जनगुनासो, तथा डिजिटल ट्रिगरको अद्यावधिक विश्लेषण कायम गरी preventive & proactive intervention लाई समर्थन गर्नुपर्छ।

**Integrated Security operations Center (ISC):**

क) गृह मन्त्रालय अन्तर्गत संयुक्त राष्ट्रसंघको Joint operations Center (JOC) ढाँचामा आधारित Integrated Security operatins Center (ISOC) स्थापना गरी पूर्ण रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ। यसले सबै सुरक्षा परिचालनहरूको केन्द्रीय कमाण्ड, नियन्त्रण, तथा समन्वय केन्द्रको रूपमा कार्य गर्नेछ। ISC ले एकीकृत परिस्थितिगत चेतना (situational awareness), सुरक्षा बलको संयुक्त तैनाथी, तथा विकसित भइरहेको संकट व्यवस्थापनका लागि समयमै निर्णय-निर्माण सुनिश्चित कार्य गर्नेछ।

ख) कानून बमोजिम हुनेगरी एकै मान्य कमाण्ड संरचना कायम राख्नुपर्छ, जसले वास्तविक-समय अवस्थाको नक्सा, भिडियो, प्रतिवेदन तथा जोखिमको निरन्तर पुनर्मूल्यांकन सुनिश्चित गर्छ। कमाण्डको निरन्तरता तथा स्पष्ट प्रतिवेदन मार्ग (reproting channels) सुनिश्चित हुनुपर्छ।

ग) ISC ले केन्द्र, प्रदेश तथा जिल्ला तहमा रहेका सबै सुरक्षा समितिहरूका कार्यलाई पनि समन्वय र सहजीकरण गर्नुपर्छ, जसबाट Integrated Security Plan को एकीकृत कार्यान्वयन र अन्तर-निकायगत सहकार्य सहज बनोस्।

**शान्ति तथा सुरक्षा अपरेशनहरू (Peace and Security operations):**

क) एकीकृत सुरक्षा गतिविधिहरू (Integrated operational Activities): सबै सुरक्षा तथा प्रशासनिक निकायहरूले Integrated Security Plan अनुसार आवश्यक सुरक्षा गतिविधिहरू एकैसाथ समन्वय गर्दै कार्यान्वयन गर्नुपर्छ।

ख) फौज सुदृढीकरण (Reinforcement) संयन्त्रः फौज-सुदृढीकरण स्पष्ट र कानूनी प्रोटोकल अनुसार हुनुपर्छ। उच्च-तीव्रताका सार्वजनिक सुरक्षा अवस्थाहरूमा Nepal Police लाई स्थिरता दिलाउन सशस्त्र प्रहरी बल (APF) ले संरचित सहयोग उपलब्ध गराउनेछ। अवस्था अत्यन्त विषम भएमा, APF लाई थप सुरक्षा क्षमता दिन तथा समग्र कार्यगत नियन्त्रण कायम राख्न नेपाली सेना परिचालित हुनेछ।

ग) समुदायसँग को संलग्नता तथा मध्यस्थता (Community Engagement and Mediation): प्रमुख जिल्ला अधिकारी (CDO) ले जिल्ला सुरक्षा समितिको सहयोगमा प्रभावकारी नागरी क संलग्नता, संवाद सहजीकरण, तथा समुदाय-स्तरीय मध्यस्थता उपयुक्त र छिटो माध्यम-विधि प्रयोग गरेर सञ्चालन गर्नुपर्छ, ताकि तनाव घटाउन र शान्तिपूर्ण समाधानलाई समर्थन गर्न सकियोस्।

घ) प्रमाण संरक्षण तथा पारदर्शी अभिलेखन (Evidence Preservation & Transparent Recording): यो नीति अनुसार Body-Warn Camera, सवारी साधनका क्यामेरा तथा अन्य अभिलेख उपकरण प्रयोग गरी जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। उपलब्ध सबै मल्टिमिडिया सामग्री तथा प्रत्यक्षदर्शी वक्तव्य सुरक्षित राख्नुपर्छ।

**विशेष सुरक्षा तथा संरक्षण विभाग (Special Safety and Security Department) को गठनः**

क) संयुक्त राष्ट्रसंघको Department of Safety and Security मोडेलअनुसार गृह मन्त्रालय अन्तर्गत विशेष सुरक्षा तथा संरक्षण विभाग स्थापना गरी पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्छ, जसले सिंहदरबार परिसरको भौतिक सुरक्षा तथा संरक्षणलाई सुनिश्चित गर्छ।

ख) कम्पनी प्लसको नक्रिमा विशेष फौजहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाबाट नियुक्त गरी पठाइने तथा सुरक्षा विज्ञहरू र विषय विज्ञहरूलाई करार सेवामा रहने गरी विशेष सुरक्षा तथा संरक्षण विभाग अन्तर्गत परिचालन र व्यवस्थापन गर्नुपर्छ। यस अन्तर्गत फायर कन्ट्रोल कम्पनी पनि रहनुपर्छ।

ग) विभागले सामान्य अवस्थामा र संकटको अवस्थामा दुबै समयमा UN मोडेलअनुसार Minimum operating Security Standards (MOSS) लागु गर्नुपर्छ, ताकि निरन्तर र विश्वसनीय सुरक्षा अवस्था कायम रहोस्।

**After-Action Review (AAR):**

क) सबै प्रमुख सरोकारवालाहरू—कार्यगत इकाइहरू, कानूनी सल्लाहकार, स्वास्थ्य टोली, तथा समुदाय प्रतिनिधिहरू—सहित संरचित तथा व्यवस्थित After-Action Review (AAR) सञ्चालन गर्नुपर्छ, जसले घटनाहरूको विश्लेषण तथा व्यावहारिक सुधारका प्राथमिकता निर्धारण गर्न मद्दत गर्छ।

ख) AAR ले जवाफदेहिता, समन्वयका कमजोरी, तथा संस्थागत सुधारमा जोड दिनुपर्छ। समीक्षापछि संवेदनशील सूचना सुरक्षित राख्दै तर संस्थागत विश्वसनीयता तथा सार्वजनिक विश्वास बढाउने गरी सम्पादित प्रतिवेदन तयार पार्नुपर्छ।

**केस स्टडी तथा सिकाइहरू (Case Studies and Lessons Learned):**

क) नेपाली सेना, APF, नेपाल प्रहरी, NID तथा CDO कार्यालयसहित सबै सुरक्षा निकायहरूले Gen Z Movement २०२५ का रणनीतिक प्रभाव तथा परिणाम सम्बन्धी केस स्टडी तयार गरी सम्बन्धित मन्त्रालयमा पेश गर्नुपर्छ।

**रक्षात्मक संरचना र सुरक्षा खाका (Defensive Cnstruction & Posture):**

क) तहगत (layered) रक्षात्मक ढाँचा अवलम्बन गर्नुपर्छ, जसमा क्रमिक प्रतिक्रिया मोडेल लागु हुन्छ—पहिलो घेरा (outer perimeter) मा नेपाल प्रहरी, दोस्रो घेरामा (intermediate layer) सशस्त्र प्रहरी बल (APF), र (यदि आदेशित भएमा) सबैभन्दा भित्री घेरामा नेपाली सेना, जसले सुरक्षा-गहिराइ (security in depth) सुनिश्चित गर्छ।

ख) यो बहु-तह व्यवस्था एकीकृत तैनाथी रणनीतिद्वारा समर्थित हुनुपर्छ, जहाँ सबै सुरक्षा निकायहरूले नियमित पूर्वाभ्यास (rehearsal) र संयुक्त अभ्यास (joint exercises) सञ्चालन गरी कार्यगत तयारी तथा अन्तर-सञ्चालन क्षमता (interoperability) सुदृढ गर्नुपर्छ।

**विशेष सुरक्षात्मक हतियार, गोलाबारुद तथा उपकरणहरू (Special Protective Arms, Ammunitions and Equipment):**

क) सबै सुरक्षा निकायहरूका लागि सुरक्षात्मक सामाग्री, गैर-घातक उपकरण, सञ्चार प्रणाली, तथा गतिशीलता (mobility) सम्बन्धी साधनहरू आधुनिक प्रदर्शन-व्यवस्थापन आवश्यकताअनुसार स्तरीकरण (standardization) र उन्नत गरी नुपर्छ।

ख) दीर्घकालीन तैनाथीका लागि आवश्यक लजिस्टिक भण्डार तथा हाइड्रेसन सामग्री, चिकित्सा किट, यातायात व्यवस्था, र राहत सामग्री पर्याप्त मात्रामा उपलब्ध राखिनुपर्छ।

**डिजिटल लगिस्टिक्स ट्र्याकिङ प्लेटफर्म (Digital Logistics Tracking Platforms):**

क) अत्याधुनिक डिजिटल लगिस्टिक्स-ट्र्याकिङ प्लेटफर्म प्रयोग गरी आपूर्तिको वास्तविक-समय निगरानी, संसाधन व्यवस्थापनका सबै तहमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि, र नियमित तथा संकटकालीन दुबै अवस्थामा द्रुत र डेटा-आधारित परिचालन सुनिश्चित गर्नुपर्छ।

ख) GPS-सक्षम ड्यासबोर्ड, भण्डारण-ट्र्याकिङ सफ्टवेयर, तथा एकीकृत लगिस्टिक्स सूचना प्रणाली जस्ता आधुनिक डिजिटल प्रणालीहरूको प्रयोगमा जोड दिनुपर्छ, जसले संसाधनको अवस्थिति, उपलब्धता, तथा आवागमनको प्रभावकारी निगरानी गर्न मद्दत गर्छ।

ग) यस प्लेटफर्मले समन्वय सुदृढ गर्छ, ढिलाइ घटाउँछ, सामग्रीको दुरुपयोग वा क्षति रोक्छ, र उच्च-दवावयुक्त कार्यगत अवस्थाहरूमा समयमै निर्णय-निर्माणलाई सहयोग पूरा उँछ।

- विशेष एकीकृत तालिम केन्द्र स्थापना (Institutionalize Integrated Security Training): गृह मन्त्रालय अन्तर्गत विशेष एकीकृत तालिम केन्द्र स्थापना गरी नागरी क अशान्ति व्यवस्थापन, दंगा तथा भीड नियन्त्रण, भीड मनोविज्ञान, वार्ता, र तनाव न्यूनीकरणमा संयुक्त तालिम प्रदान गरी नु पर्छ—संयुक्त राष्ट्र शान्तिरक्षण मानक अनुसार। यस केन्द्रले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र गृह मन्त्रालयको नागरी क प्रशासनिक कर्मचारीहरूलाई तालिम दिनेछ। आवश्यक परे विशेषज्ञ व्यक्तिहरूलाई अनुबन्ध वा डेपुटेशनमा संलग्न गरी न सक्छ।
- संयुक्त अन्तर-निकाय तालिम मोड्युलहरू (Introduce Joint Inter-Agency Training Modules): नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, प्रमुख जिल्ला अधिकारी (CDO) क्याडर, र नेपाली सेनाका लागि संयुक्त तालिम कार्यक्रम विकास र

कार्यान्वयन गरी नुपर्छ। यी मोड्युलहरूले नागरी क सहभागिता, मानवतावादी समन्वय, द्वन्द्व संवेदनशीलता, र सांस्कृतिक रूपले उपयुक्त सञ्चारमा ध्यान केन्द्रीत गर्नुपर्छ। यसका लागि उपयुक्त विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति, र विश्वासिलो थिंक-ट्यांकहरूको परामर्श लिन सकिन्छ।

- नियमित अनुकरणात्मक अभ्यास (Simulation-Based Exercises) सञ्चालनः स्थानीय सरकार, विद्यार्थी, नागरी क समाज संस्था र समुदाय नेताहरूलाई समेटेर समय-समयमा अभ्यास र परिदृश्य आधारित अभ्यास आयोजना गरी नुपर्छ। यसले सहकार्यात्मक समस्या समाधान, संकट समन्वय क्षमता, र समुदाय केन्द्रीत सुरक्षा तयारीलाई सुदृढ पार्नेछ। आवश्यक परे विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति, र थिंक-ट्यांकहरूको परामर्श लिन सकिन्छ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान आदान-प्रदान (Facilitate National and International Knowledge Exchange): एकीकृत तालिम केन्द्र, नेपालमा संयुक्त राष्ट्र शान्तिरक्षण तालिम संस्था, र अन्तर्राष्ट्रिय साझेदारबीच संरचित आदान-प्रदान र अध्ययन भ्रमण कार्यक्रम प्रवर्धन गर्नु पर्छ। यसले समुदाय सहभागिता, स्थिरीकरण, र आधुनिक सुरक्षा व्यवस्थापनमा विश्वव्यापी अभ्यास सिक्न निरन्तर अवसर दिनेछ।
- युवा-केन्द्रीत सहभागिता र सचेतना कार्यक्रमहरू (Integrate Youth-Focused Engagement and Awareness Programs): राष्ट्रिय हित, देशभक्ति, सार्वजनिक सुरक्षा, अपराध रोकथाम, समुदाय प्रहरी, यातायात र सडक सुरक्षा व्यवस्थापन, आतंकवाद, Border Security र विद्रोह विरोधी सचेतना जस्ता विषयमा लक्षित युवा कार्यशालाहरू सञ्चालन गरी नुपर्छ। छोटो अवधिका कार्यशाला (१-२ हप्ताका) माध्यमिक र उच्च माध्यमिक विद्यार्थीका लागि Semester Term Break Period मा सञ्चालन गर्न सकिन्छ। यसका लागि विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति, र थिंक-ट्यांकहरूको परामर्श लिन सकिन्छ।
- बजेट विनियोजन (Budget Allocation): सुरक्षा सञ्चालन, आवश्यक स्रोत र विशेष तालिम वा क्षमता विकासका लागि पर्याप्त बजेट सुनिश्चित गर्न प्राथमिकता दिनुपर्छ।
- प्रदर्शन-सङ्गत बजेटिङ (Performance-linked Budgeting): सार्वजनिक आन्दोलन व्यवस्थापन र समुदाय सहभागिता गतिविधिहरूका लागि प्रदर्शन-सङ्गत बजेट प्रणाली लागु गर्नुपर्छ।
- समुदाय सल्लाहकार बोर्ड (Community Advisory Board): स्थानीय भावना मूल्याङ्कन, जोखिम संकेतक अनुगमन, र प्रारम्भिक हस्तक्षेप संयन्त्रलाई समर्थन गर्न समुदाय सल्लाहकार बोर्डहरू स्थापना र संस्थागत गर्नुपर्छ। प्रादेशिक र स्थानीय सरकार, विश्वविद्यालय, र समुदाय संस्थासँग सहकार्य सुदृढ पार्नुपर्छ। आवश्यक परे विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति, र थिंक-ट्यांकहरूको परामर्श लिन सकिन्छ।

- नागरीक शिक्षा (Civic Education): राष्ट्रिय हितको संरक्षण, सुरक्षा महत्त्व, कानूनी प्रदर्शनका नियम, सामूहिक जिम्मेवारी, र शान्तिपूर्ण नागरी क सहभागिताको महत्वमा आधारित नागरी क शिक्षा र जनचेतना कार्यक्रम प्रवर्धन गर्नुपर्छ। आवश्यक परे विशेषज्ञ, अनुभवी स्रोत व्यक्ति, र थिंक-टयांकहरूको परामर्श लिन सकिन्छ।

सन् २०२५ को Nepal's Gen Z आन्दोलनले स्पष्ट पारेको छ कि नेपालको सुरक्षा वातावरणमा Technology Enabled युवा आन्दोलन र विकसित नागरी क अपेक्षाहरूका कारण गहिरो परिवर्तन भइरहेको छ। राष्ट्रिय स्थिरता कायम राख्न र लोकतान्त्रिक प्रक्रियाको सुरक्षा गर्न, नेपालको सुरक्षा निकायहरूले Agility, Professionalism, र Strategic Foresight अपनाउनु आवश्यक छ।

यी रणनीतिक सुझावहरूले राष्ट्रिय प्राथमिकता, विश्वव्यापी मापदण्ड, र २०२५ का अनुभवहरूमा आधारित—सिद्धान्त सुदृढ पार्ने, समन्वय बढाउने, र जनविश्वास सुदृढ गर्ने व्यापक रूपरेखा प्रदान गर्दछन्। भविष्यमा अशान्ति रोक्न, न्यायसँग त र कानूनी प्रतिक्रियाहरू सुनिश्चित गर्न, र नेपालको दीर्घकालीन शान्ति तथा स्थिरता कायम राख्न पारदर्शी, Technologically Advanced, र Community Responsive सुरक्षा संरचना अपरिहार्य हुनेछ।

भाद्र २३ र २४ को घटनामा प्रहरीका हातहतियारहरु लुटिनुमा खासगरी हातहतियार सुरक्षित राख्ने ठाउँ र तरिका नै अति असुरक्षित देखियो। यसको समाधानका लागि हाल construction phase मा रहेका र भविष्यमा बन्ने प्रहरीको चौकी तथा भवनहरुका पेरिमिट बलियो बनाउनु पर्ने र प्रत्येक चौकी तथा भवनहरुमा एउटा कंक्रिट ढलान गरेको र बाक्लो फलामको ढोका भएको कोतभण्डारको लागि 'strong Armour room' बनाइनुपर्ने ।

यसका साथै भदौ २३ र २४ गतेको जस्तो घटना दोहोरिन नदिन राज्यको अग्रिम स्थानमा खटिने प्रहरीको सुदृढीकरणको लागि देहाय बमोजिमका थप कार्यहरु तततत निकायले गर्नुपर्ने देखीन्छ ।

**नेपाल सरकारको भूमिका**

- नेपाल सरकारले प्रहरीलाई न्यायिक अधिकार सहितको संस्था बनाउनु पर्छ । साधन श्रोत र प्रविधि सम्पन्न नबनाइ यसको सुधारको गुन्जाइस छैन। सेवा,शर्त र सुविधामा सुनिश्चितता र थप नीतिगत स्पष्टता आवश्यक छ। असल नियतबाट गरीएका कार्यहरूको सन्दर्भमा मूल्याङ्कन र त्यही अनुपातमा उत्तरदायी बनाउनु समेत जरुरी छ । यसका साथै प्रविधि, आवश्यक जनशक्ति, तालिम, हातहतियार र असवाभ लगायतका साधन स्रोतको पर्याप्त उपलब्धता तथा Capacity Building का अवसरहरुको सुनिश्चितता समेत गरीनु पर्दछ।

- नेपाल जस्तो राष्ट्रमा सार्वभौमसत्ताको संरक्षण नागरीक प्रहरीको क्षमतामा अत्यधिक निर्भर हुने भएकोले प्रहरी व्यवस्था र क्षमता सम्बन्धी कानून, नीति र साधनश्रोत समेतको दृष्टिकोणबाट सक्षम र सुदृढ प्रहरी प्रणालीको सुनिश्चितता गर्न प्रहरी सञ्चालन र व्यवस्थापनको लागि विद्यमान कानूनी व्यवस्थाहरूको सामयिक पुनरावलोकन लगायतका माध्यमबाट प्रहरी व्यवस्थामा आवश्यक सुधार गर्नुपर्ने ।
- प्रहरी महानिरीक्षकलाई प्रहरी संगठनको Operational Autonomy दिईने गरी कानूनी रुपमा नैं हस्तक्षेपमुक्त, पारदर्शी, मेरिट प्रणालीमा आधारित बढुवा प्रणालीको सहितको प्रहरि ऐन, २०१२ लाई बिस्थापित गरी नया प्रहरी ऐन ल्याउनुपर्ने ।
- देशको कुनै स्थान वा जेन्जी प्रदर्शनको जस्तो हिसात्मक अबस्थाहरूमा सामाजिक संजाल प्रतिबन्ध गर्ने, निष्क्रिय गर्ने वा प्रतिबन्ध फुकुवा गर्नेजस्तो संवेदनशील राष्ट्रिय सुरक्षाका बिषयमा कुनै ब्यक्तिबिशेष भन्दा पनि सुरक्षा निकाय प्रमुखहरूसंग अनिबार्य परामर्श र स्वीकृति लिने ब्यबस्था हुनुपर्ने ।
- तल्लो स्तरसम्म राज्यको प्रतिनिधित्वगर्ने नेपाल प्रहरीको सूचना संकलन र विश्लेषणको क्षमताको अभिवृद्धि गर्नुपर्ने ।
- नेपाल प्रहरीको प्रयोग वा परिचालन विधिसम्मत रूपमा मात्र गर्ने परिपाटी बसाल्नुपर्ने । यसको बारेमा राजनैतिक, प्रशासनिक तथा जुनसुकै निकाय पूर्णरूपमा स्पष्ट हुनुपर्ने ।
- काठमाडौं महानगरपालिका र १० लाख भन्दा बढी जनसंख्या भएका शहरहरूमा अन्य देशहरूमा झै अर्धन्यायीक अधिकार सहितको महानगरीय प्रहरी ( Metropolitan Nepal Police ) प्रणाली आरम्भ गरी नेपाल प्रहरीलाई विगतमा काठमाडौं उपत्यकाभित्र लागू गर्न खोजिएको तर बिभिन्न स्वार्थका कारणबाट रोकिएको अर्धन्यायिक अधिकार सहितको महानगरीय प्रहरीको अवधारणालाई आधारमानी तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने ।
- नेपाल प्रहरीलाई कार्यगत स्वायत्तता सहित अधिकार सम्पन्न बनाई परिचालित गरिएमा सार्वजनिक सुरक्षा, कानुन कार्यान्वयन, भिड नियन्त्रण लगायतका काम-कारबाहीहरूमा प्रभावकारिता आउने ।
- राष्ट्रिय सुरक्षा परिषदमा नेपाल प्रहरी प्रमुखको प्रतिनिधित्व हुनुपर्ने ।
- प्रहरी व्यवस्थाको क्षमता वा असफलता राज्य र सरकारकै क्षमता र असफलतासँग प्रत्यक्ष जोडिएको विषय भएकोले, नेपाल प्रहरीको क्षमता अभिवृद्धिका लागि साधनश्रोत लगायतका विषयहरूमा नेपाल सरकारले सकारात्मक पहल लिइनुपर्ने ।
- प्रहरी मनोबल उकास्नका लागि आधारभूत सुविधाहरूमा वृद्धि गर्नुपर्ने र पारदर्शी एवम् अनुमान योग्य वृत्ति विकास प्रणाली लागू गर्नुपर्ने ।
- शान्ति सुव्यवस्थाको मेरुदण्ड नै नागरीक प्रहरी हुने भएकोले भविष्यमा समेत हुन सक्ने अत्यन्त ठूला र हिंसात्मक प्रकृतिका समेत भिड र दंगाहरूको प्रभावकारी नियन्त्रण गर्न सक्ने

क्षमता नेपाल प्रहरीमा विकास गर्नुपर्ने । प्रबिधिमा आधारित प्रहरी बनाउने नीति लिनुपर्ने ।

- भाद्र २३ र २४ गतेको घटनाले राज्यको सुरक्षा निकायहरूको संचालन बिधी र प्रक्रिया ध्वस्त भएको संकेत गर्दछ। राजनितिक हस्तक्षेपले त्यी संयन्त्रहरूलाई गैरब्याबसायिक वनाउदै अनुशासनको पक्षमा समेत ह्रास आई प्रभावहिन हुदै कानुनको पालना र नागरीकको ज्यूज्यानको रक्षामा समेत प्रतिकुल असर पर्न थालेको सर्वसाधारण नागरीकहरूले महसुस गर्न थालेको देखिन्छ । तसर्थ नेपाल प्रहरी, जस्तो राज्यको महत्वपूर्ण एबं संवेदनशील निकायमा पूर्णरूपमा राजनीतिक प्रणालीको हस्तक्षेप निषेध गर्न नेपाल सरकारले तत्काल आबश्यक कानुन निर्माणको लागि पहल गर्नुपर्ने ।
- कानुनतःप्रहरी संगठनमा प्रहरी स्वयंसेवक (Police volunteer) को ब्यबस्था गरीनुपर्ने जसले प्रहरीप्रतिको नागरिकको आकर्षण बढनुका साथै प्रहरी कर्मचारीहरूमा गर्नुपर्ने स्थायी प्रकारका बजेट बिनियोजनमा कमी आई प्रहरी सेवा ब्याबसायिक हुन मध्दत पुग्न जाने ।
- Cyber/Forensics/Intelligence/Financial crime Investigation/CID, Riot control लगायतका ईकाईहरूलाई ONM को आधारमा आबश्यकताको आधारमा specialized Unit बनाईनुपर्ने ।
- स्थानिय सरकारसंगको सहकार्यमा सामुदायिक प्रहरी सेवा (Community Policing)लाई राष्ट्रिय नीतिमा समाबेश गरी बिकास र बिस्तार गर्नुपर्ने ।
- राष्ट्रिय सुरक्षासँग जोडिने अध्यागमनमा प्रहरीको उपस्थिति तत्काल गर्नेगरी कानूनी ब्यबस्था गराउनु पर्ने।
- No security No development सेना, प्रहरी र खबर संकलक NID मा गरीने खर्च नभै लगानी हो र जति सुरक्षा ब्यबस्था मजबुत हुन्छ त्यतिकै बिकास निर्माण लगायत राष्ट्र निर्माणको काम गर्ने वातावरण बन्न गई रोजगारको सृजना र राष्ट्र आर्थिक हिसाबले समृध्द हुन जाने हुँदा यी निकायहरूमा बजेट बिनियोजनमा सरकारले कुनै कन्जुस्याई गर्न नहुने।
- भाद्र २४ गतेको लुटपाट, तोड़फोड़ र आगजनीमा संलग्न ब्यक्तिहरूको पहिचान गरी कारबाहीको दायरामा नल्याउन्जेलसम्म सर्वसाधारण नागरीकको राज्यप्रतिको बिश्वासमा झन गहिरो खाडल बन्न जाने हुँदा दण्डहिनताको अन्त्यका लागि राज्यले प्रहरी लगायतका अनुसन्धानगर्ने निकायहरूलाई थप ब्यबस्थित, साधनस्रोत सम्पन्न गरी MISSION को रूपमा क्रियाशील गराउनुपर्ने।
- प्रहरीको कामकारबाही, आचरण ब्यबहार, भ्रष्टाचारबारे अनुगमन गर्न तत्काल Independent Civilian Oversight Commission (ICOC) गठन गर्नुपर्ने ।
- सुरक्षाको पहिलो घेरामा खटिने नेपाल प्रहरीको मनोबल बढाउनका लागी स्पष्ट कानूनी व्यवस्था, नीतिगत स्पष्टता, सरकारको संरक्षण, आवश्यक जनशक्ति, सवारी साधन, सञ्चार उपकरण, Anti-riot Gear लगायतका पर्याप्त श्रोत साधनको उपलब्धता, जोखिम भत्ता, राशनमा सुधार ल्याई समानता गर्नुपर्ने लगायतका आर्थिक प्रोत्साहनको सुनिश्चितता गरीनु पर्ने।

**गृह मन्त्रालयको भूमिका**

- नेपाल सरकारको मापदण्ड विपरीत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गाडि, चालक, भान्छे लगायतका जनताको सेवामा प्रयोग हुनुपर्ने प्रहरी जनशक्ति तथा साधन श्रोत माथि पूर्व विशिष्ट पदाधिकारीहरू, गृह मन्त्रालयका विभिन्न तह थप्काका कर्मचारीहरूबाट सरकारी र व्यक्तिगत कार्यमा समेत हुने गरेको दुरुपयोगको रोकथाम गर्नुपर्ने ।
- Civil Supremacy को नाममा bureaucratic Supremacy भैरहेको हालको अबस्थालाई तत्काल रोकी मन्त्रालयले Facilitator को भूमिका निर्वाह गर्नुपर्ने ।
- शाखा अधिकृतहरूलाई समेत अनिवार्य भिड नियन्त्रणको आधारभूत जानकारी र अभिमुखीकरण (व्यवहारिक अभ्यास समेत) तालिम अनिबार्य रुपमा दिइनुपर्ने ।
- नेपाल प्रहरीमा भएको राजनीतिकरण र स्वेच्छाचारी रूपमा हुने बढुवा लगायतका वृत्तिविकासका प्रक्रियाहरू पारदर्शी, अनुमानयोग्य र योग्यतामा आधारित नभएसम्म प्रहरी मनोबल लगायतका क्षमताहरूमा ह्रास आईरहने र सामान्य स्तरका घटना परिघटनाहरूको व्यवस्थापनगर्ने दायित्वबाट विमुख हुन सक्ने वा असक्षम हुनसक्ने जोखिम रहने भएकोले नेपाल प्रहरी संगठनको सांगठनिक कार्यगत स्वायत्ततालाई संरक्षण र प्रवर्धनका नीतिगत प्रयासहरू र अभ्यासहरू बिकास गर्नुपर्ने ।
- नेपाल प्रहरीमा नेतृत्व विकास, पदोन्नति, कमाण्डका जिम्मेवारीहरूमा प्रहरी नेतृत्वलाई नै स्वायत्तता प्रदान गर्ने तथा कमी कमजोरीहरूको सन्दर्भमा जवाफदेही र जिम्मेवारपनि प्रहरी नेतृत्वलाई बनाउनुपर्ने । महत्वपूर्ण र सम्वेदनशिल जिम्मेवारीहरूमा पनि प्रहरी नेतृत्व बाहेकको निर्णयको प्रभाव निर्णायक हुने पद्धति र अभ्यासलाई परिवर्तन गरी प्रहरी नेतृत्वलाई नै जिम्मेवार र अधिकारको स्वतन्त्र प्रयोगको वातावरण निर्माण गर्नुपर्ने ।
- Finger print, Facial data, Criminal profile, Ballistic database, Missing persons, Stolen property, Motor vehicle, Fraud, corruption crime लगायतको database प्रहरी प्रधान कार्यालयमा स्थापना हुनुपर्ने।

**प्रमुख जिल्ला अधिकारी**

- नेपाल प्रहरीको दुईवटा Core Function मध्यको एउटा अपराध नियन्त्रणमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण हुन्छ तथापी विभिन्न कठिन समयमा जवाफदेहिता कसको हुने भन्ने सम्बन्धमा प्रहरी र प्रमुख जिल्ला अधिकारी बीच बिबाद सृजना हुने गरेको देखिन्छ । यसको

प्रत्यक्ष असर फिल्डमा खटिने सुरक्षा कर्मचारीको मनोबल र Chain of Command मा परेको छ । भिड नियन्त्रणमा बल प्रयोगको आदेश दिने अधिकार नेपाल प्रहरीको सम्बन्धित फिल्ड कमान्डर वा जिल्ला प्रहरी प्रमुखलाई नै दिँदा उचित हुने ।

- आफ्नो जिल्ला अन्तर्गतको प्रहरीको मनोबल उच्च गर्न र साधान श्रोत सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारीले सक्रिय भूमिका निर्बाह गर्नुपर्ने ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरीको भूमिका नबाझिने गरी परिचालन गरिनुपर्ने, एउटै प्रकृतिको प्रहरी काम कारबाहिमा दोहोरो रुपमा नखटाउने ।
- अपराध नियन्त्रणका लागि प्रहरीको सूचना संयन्त्रलाई प्रभावकारी बनाउन अहम भूमिका खेल्नुपर्ने ।
- जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकायहरुको अनुगमनको लागि प्रहरीको सहयोग लिने।
- जिल्ला स्थित रहेका चर्च, मदरसा, गुम्बा, धर्मशाला, लगायत बिभिन्न मुलुकबाट आई बसेका शरणार्थिहरुको सुक्ष्म अनुगमनका लागि नेपाल प्रहरीको प्रभावकारी परिचालन गर्ने ।

**नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन सम्बन्धमा**

सिद्धान्ततः नागरीक प्रहरी र अर्ध सैनिक बल बीचको अन्तर कार्य विभाजनको प्रष्टता एवम् जबाफदेही कार्यप्रणालीको व्यवस्था गर्नु अपरिहार्य छ । सुरक्षा सम्बन्धी गतिविधि तथा कार्यक्रमहरूमा परिचालन भएका सुरक्षाकर्मीहरू बीच एउटै धारणा, दृष्टिकोण र सामूहिक भावना तथा सामूहिक जिम्मेवारी बोध हुनुपर्ने हो तर कुन अवस्थामा कसले के गर्ने भन्ने कुराको बारेमा स्पष्ट जिम्मेवारी कानुनमै उल्लेख नभएका कारण पनि फिल्डमा समन्वयको कमी भएको देखिन्छ । दुवै संगठनका सदस्यहरूलाई एउटै प्रकृतिको ड्युटिमा खटाउने हो भने दुई अलग अलग संगठन राख्नु समस्या मात्र हुन्छ । एक अर्काको बाटो हेर्ने स्थिति आउने कारण समस्या समाधानमा कठिनाइ थपिन्छ । यसको लागि सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको परिचालनलाई थप व्यवस्थित गर्नु जरुरी देखिन्छ । यसको लागि देहायका कार्यहरू गरीनु पर्दछ ।

- स्थानीय प्रशासन ऐन २०२८ मा नै दुबै संगठनको काम कर्तव्य स्पष्ट गरीनु पर्दछ ।
- दुबै निकाय बीच प्रस्ट रूपमा कार्य विभाजन हुन जरुरी छ ।
- सँगै खटिने अबस्था भएमा Dual Command Structure हटाइनु पर्दछ ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बीच स्पस्ट कार्यबिभाजन भई भिड़ नियन्त्रण कार्यमा नेपाल प्रहरी भित्रकै सशस्त्र प्रहरी गणहरूलाई प्रर्याप्त जनशक्ति र बिभिन्न प्रकारका ग़ैरघातक (Non Lethal) सामग्रीहरू सहित सुसज्जित गरीनुपर्ने ।

- सशस्त्र प्रहरीलाई बिपद उद्दार, vital installation security, Anti\Counter Terrorism र Hostage rescue/ negotiation मा बिशेष प्रशिक्षण सहित आधुनिक प्रबिधि र सामाग्रीहरूले सुसज्जित गर्नुपर्ने ।
- प्रहरी र सशस्त्र प्रहरीलाई बेग्ला बेग्लै किसिमको हातहतियार उपलब्ध गराउनु पर्छ जसका कारण कस्ले गोली प्रहार गरेको हो भनी यकिन गर्न सहज हुन्छ । आगामी दिनमा दुबै संगठनले प्रत्येक बर्ष संगठन भित्र बृहत रुपमा चाँदमारी प्रतियोगिता अनिबार्य रूपमा संचालन गरी भिड़ नियन्त्रण लगायत अन्य प्रहरी कारबाहीमा अनिबार्य रूपमा चाँदमारीमा अब्बल प्रहरी अधिकृतहरूलाई मात्र हतियार सहित ड्यूटी खटाउने ब्यबस्था गर्नुपर्ने ।
- महत्वपूर्ण प्रतिष्ठाको सुरक्षा सशस्त्र प्रहरीबाट गराइनुपर्ने ।

**अपराध अनुसन्धान**

- प्रहरीको दुईवटा Core Function मध्यको अर्को महत्वपूर्ण कार्य अपराध अनुसन्धान हो । यस कार्यमा प्रहरी अनुसन्धानको नियन्त्रण महान्यायाधिवक्ता कार्यालय र सो मातहतको सरकारी वकिल कार्यालयहरूको रहेको देखिन्छ तर यसको नागरीक तहबाट अपजस र फिल्डको चुनौती प्रहरीको काँधमा हुन्छ जसको कारण दुबै सँगठनले गरेका कमजोरीको अपजसको आक्रोस समाजसँग नजिक रहेर काम गर्ने नेपाल प्रहरीमाथि आईपर्छ ।
- राज्यको व्यवस्थापिकाले चेक बाउन्स जस्ता देवानी प्रकृतिका मुद्दालाई सरकारवादी फौजदारी मुद्दा दर्ज गराई Criminalize गर्ने कार्य गरेकोले फौजदारी मुद्दा खेप्नेहरुको अथाह सँख्यापनि यो समाजको लागि भार बनेको छ भने हरेक सार्बजनिक कार्यक्रममा अपराधी र प्रहरी एकसाथ जस्तो देखिन्छ, जुन कुरा प्रहरीलाई थाहा नैं हुदैन, त्यसको तस्बीरहरु सामाजिक सन्जालमा आऊछ जसका कारणबाट अपराधीसँग प्रहरीको साँठगाँठ छ भनी एकातिर समाजले प्रहरी प्रति नकारात्मक धारणा बनाउछ भने अर्कोतिर व्यापारिक सामानको बिक्रीमा प्रयोग हुने चेकको मुद्दा दर्ता गर्नुपर्ने र सो मै रुमल्ली रहनु पर्ने कार्य प्रहरीलाई बोझ मात्र नभएर कृतिम अपराधीहरू उत्पादन गर्ने थलो जस्तो देखिन्छ । अधिकांश जिल्ला सरकारी वकिल कार्यालयको ध्यानपनि यस्तै मुद्दाहरूमा धेरै हुन्छ, किनभने यसमा रकम कलमको मोलमोलाई हुन्छ, जसबाट उत्पन्न हुने नकारात्मकताको परिणामको बोझ प्रहरी सँगठनले उठाउनु परिरहेको छ । बढदो आर्थिक कारोबार तथा त्यसबाट सृजित आर्थिक अपराधको निबेदन प्रहरी कार्यालयहरूमा अत्याधिक संख्यामा आउदा प्रहरीको अपराध अनुसन्धानको अधिकांश साधनस्रोत र समय आर्थिक अपराधमा नै खर्चिनु परिरहेकोले अन्य

अपराध र सामाजिक शान्तीसुरक्षातर्फ ध्यान कम जानसक्ने संम्भाबना बढदै गएको र अनुसन्धानमा संगठन भित्रैका हाकिमहरू बाट समेत स्वार्थप्रेरित दबाब आउने बर्तमान अबस्थामा प्रहरिभित्र आर्थिक अपराध हेर्नको लागि CIB र राष्ट्र बैंकको संयुक्त संयन्त्र बनाई मुद्दा प्रक्रिया बिना नै टुङग्याउने संयन्त्र खडा गर्नुपर्दछ, मुद्दामा जानुपर्ने अबस्थामा चेक अनादर (देवानी) मुद्दा प्रक्रिया आकर्षित गर्नुपर्दछ ।

- अतः नागरीकका अपेक्षाहरू पूरा गर्न यी कर्मकाण्डी कानूनी तजविजीबाट मुक्ति पाउनुपर्ने देखिन्छ । यसको लागि विद्यमान कानुनका केही प्रयोजनहरूमा संशोधन गरी विगतका असल कानूनी प्रावधानहरू (प्रहरी अनुसन्धान प्रतिवेदन अदालतमा मुद्दा दायर गर्दाको अवस्थामा मिसिल संलग्न हुनुपर्ने, म्याद थप सोझै अदालतबाट हुनुपर्ने, ...चालू मिसिलहरुको अबस्थाहेर्दा अधिकांशमा सरकारी वकिलको लिखित निर्देशन नहुने गरेको हुँदा लिखित निर्देशनमात्र मान्य हुनुपर्ने गरी कानूनमा संशोधन हुनुपर्ने...) लाई पुनर्स्थापित गर्नुपर्ने देखिन्छ ।
- प्रहरी नियमावलीमा परिभाषित कार्यलाई पूरागर्ने हेतु आबश्यक निर्देशीकाहरु जारी गर्ने अधिकार गृह मन्त्रालय पठाउन नपर्ने गरी प्रहरी प्रमुखलाई दिईनुपर्ने ।
- सबै अर्ध न्यायिक निकायमा दर्ता भएका मुद्दाहरुको एकीकृत Database नेपाल प्रहरी प्रधान कार्यालयमा राख्ने गरी कानूनी ब्यबस्था गरीनुपर्ने ।
- अनुसूची-१ अन्तर्गतका मुद्दाहरुको अनुसन्धानको लागि आबश्यकपर्ने National ID Card, टेलिकम सेवा प्रदायक, यातायात ब्यबस्था बिभाग लगायतका निकायका Data हरुमा अनुसन्धान प्रयोजनको लागि प्रहरीको सीधा पहुँच हुने कानूनी ब्यबस्था गरीनुपर्ने ।

**भिड ब्यबस्थापनको लागि गर्नुपर्ने कार्यहरुः**

- बिशेष सुरक्षाकालागि खटिने बिशेष प्रहरी कार्यदल ( STF) र अन्य प्रहरी कारबाहिमा परिचालन हुँदा स्पस्ट Standard Operating Procedure (SOP) र Rules Of Engagement (ROE) को अनिबार्य ब्यबस्था हुनुपर्ने।
- बल प्रयोग गर्दा अपनाउनु पर्ने साबधानीबारे प्रशिक्षणमा बिशेष जोड दिने, De-escalation skill, बार्ता लगायतका महत्वपूर्ण बिषयहरू प्रहरीको भिडनियन्त्रणको पाठ्यक्रममा राखी सिकाई गराईनुपर्ने ।

- प्रदर्शनस्थल वरपर हुने अग्ला अग्ला भबनको सुरक्षा जाँच गर्ने सम्बन्धी कानूनी ब्यबस्था स्थानिय प्रशासन ऐनमै राखिनुपर्ने ।
- भदौ २३ गते संसद भबनतर्फ ब्यारिकेड तोडेर आएका प्रदर्शनकारीहरूलाई पानीको फोहरा (Water Cannon) प्रहार गरेपछि स्थिति नियन्त्रणमा लिन प्रहरी शुरूमा अलमल्ल परेको देखियो र प्रदर्शनकारीहरूलाई रोक्न अन्य कुनै तहगत सुरक्षा ब्यारियरहरू नहुँदा प्रदर्शनकारीहरू एकैपल्ट बिना रोकटोक संसद भवनको नजिक बानेश्वर चोकसम्म निर्बाध रूपले आएको देखिन्छ। उक्त अबस्थामा प्रहरी कमाण्डरले सुझबुझ पुर्याई प्रदर्शनकारीहरूलाई शान्त रहन आग्रह गरी सुरक्षा कायमगर्न एकहद सम्म सफल हुन सक्दथे, तर Planned Layered Security Management र संसद भबनमा खटिएका प्रहरी कमाण्डरहरूमा Proper Chain of Command Quality को अभाबले प्रहरी सबै हतास अबस्थामा पुगेको र संसद भबन आक्रमण हुन थाल्यो भन्ने डरको मनोबिज्ञानले अन्धाधुन्ध लाठी चार्ज, अश्रुग्याँस र रबरको गोली प्रहार गर्न थालेको देखिन्छ, जसका कारण प्रदर्शनकारीहरू घाईते भई हताहतीको संख्या बढन थालेपछि उनीहरू आक्रमक भई प्रहरी रक्षात्मक अबस्थामा पुग्न बाध्य भएको देखिन्छ । "Stitch In Time Saves Nine" अर्थात समयमा नै होसियारीपुर्बक सुझबुझपुर्ण काम भएमा पछि आउने घेरै क्षतिहरूलाई रोक्न सकिन्छ भन्ने हो । आगामी दिनमा भिडको ब्यबस्थापनगर्दा यसमा सुधार गर्नुपर्ने देखिन्छ ।
- प्रहरीले प्रदर्शनकारीमाथि निगरानी राखी घुसपैठिया र उत्तेजना फैलाउने ब्यक्तिहरूलाई जतिसक्दो चाँडो Arrest गर्नुपर्दछ, यसले माहोल बिथोल्न खोज्नेहरूको मनोबल घटी उपरान्त हुने थप क्षेति रोकिन्छ ।
- भाद्र २४ गते संसद भबन, सर्बोच्च अदालत, सिंहदरबार, शितल निबास, कान्तिपुर पब्लिकेशनको भबन, भाटभटेनी सुपरमार्केट, हिल्टन होटेल लगायत बिभिन्न होटेलहरू, निजी ब्यापारिक प्रतिष्ठानहरुमा भएका आगजनीहरूमा प्रयोग भएको रसायन जॉच गर्न नेपाल भित्र कुनै प्रयोगशाला नभएकोले मित्रराट्र भारतमा जाँच गर्न पठाईएको र नतिजा हालसम्म पनि प्राप्त नभएको यथार्थतामा नेपाल प्रहरीको केन्द्रिय बिधि बिज्ञान प्रयोग शालाको स्तरोन्नति गरी बिज्ञ ( Expert ) सहितको ब्यबस्थापन गरीनुपर्ने ।
- भदौ २४ गतेको Victor control को आदेश पश्चात प्रहरीको मनोबल घंटेको र प्रहरीबाट खोसिएका/ लुटिएका संचार साधनबाट जानकारी पाई प्रदर्शनकारी तथा घुसपैठिया लुटेराहरूको आत्मबल बढ्नगई आक्रमणको Volume एक्कासी बढेको देखिन्छ । आगामी

दिनमा यस्ता संवेदनशील बिषयहरू सकभर सन्चारबाट आदेश नदिई सम्बन्धित कमाण्डरलाई कोड भाषामा सुचना दिनु सुरक्षित हुने ।

- भदौ २३ गते ब्यारीकेड रहेको पछाडीबाट ( Everest hospital तिरबाट) प्रदर्शनकारीहरू संसद भबन र प्रहरी ब्यारिकेड तर्फ आउन सफल भएको देखिन्छ । आगामी दिनमा निषेधित क्षेत्र भित्रका एरियाहरुको सुरक्षा योजना बनाउँदा स-साना बाटा तथा गल्लीहरूमा पनि Full Proof Security राख्नुपर्ने ।
- नेपाल प्रहरीलाई आवश्यक पर्ने ढाल, अश्रुग्यास, Body Gears लगायतका Non-Lethal Equipment हरुको अभाव र अपर्याप्तताको कारणपनि प्रदर्शनकारीहरु प्रहरी माथि हाबी हुने गर्दछन् जसको कारण Confrontation शुरु हुन्छ र Lethal Weapon को प्रयोग हुँदा मानवीय क्षेति बढी हुन जान्छ । यसको लागि तत्काल Non-Lethal Equipment हरुको प्रयाप्त ब्यबस्था गरिनु पर्दछ ।

**प्रहरीलाई Core Function मा असर पुर्याउने कानुनहरू संशोधन तथा प्रतिस्थापन सम्बन्धमा**

- नेपालको संविधानको भाग-२८, धारा २६८ (२) र (३) को ब्यबस्थाबारे प्रयाप्त छलफल भई पुनर्बिचार गरीनुपर्ने ।
- प्रहरी कर्मचारी समायोजन ऐन, २०७६
- स्थानीय प्रशासन ऐन, २०२८ (सुरक्षाकर्मिले कर्फ्युमा गोली प्रहार गर्न सक्ने नसक्ने बारे स्पस्ट ब्याख्या हुनुपर्ने लगायत.....)
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- प्रहरी ऐन, २०१२ तत्काल प्रतिस्थापन गरीनुपर्ने ।
- मुलुकी अपराध संहिता, २०७४

**प्रहरी कार्यालयहरू निर्माण सम्बन्धमा**

- जेनजी आन्दोलनका क्रममा क्षति पुगेका ४५९ वटा प्रहरी कार्यालयहरूको यथाशीघ्र पुनः निर्माण गरीनुपर्ने ।
- नेपाल प्रहरीलाई थप सबल र सक्षम बनाउनका लागि आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको निर्णय अनुसार नयाँ माग भएका ९८५ र स्तरबृद्धि गर्नुपर्ने ४५८ वटा प्रहरी कार्यालयहरुलाई प्राथमिकताकासाथ स्थापना एवं स्तरोन्नति गर्नुपर्ने ।

**प्रहरी र सशस्त्र प्रहरि कर्मचारीका व्यक्तिगत सवारी साधन तथा लत्ता कपडाको क्षतिपूर्ति सम्बन्धमा**

- जेनजी आन्दोलनका क्रममा क्षति भएका प्रहरी कर्मचारीका व्यक्तिगत सवारी साधन तथा लत्ता कपडा प्रहरी कार्यालयहरूमा जली नष्ट भएको सम्बन्धमा सरकारबाट क्षतिपूर्तिको आवश्यक व्यवस्था गर्नुपर्ने ।
- जेन्जी आन्दोलनमा क्षति भएका तर बिमा नगरीएका सुरक्षाकर्मि, निजामती कर्मचारी र सर्वसाधारण नागरीकहरूको संपतिको यथोचित क्षतिपूर्तिका लागी तत्काल सरकारको बिशेष पहल हुनुपर्ने ।

**सेवा प्रवाहमा प्रहरीले चाल्नुपर्ने कदमहरुः**

- प्रहरीमा प्राप्त निबेदन तथा जाहेरी दरखास्त, crime trend, Disciplinary action, community service लगायतका बिषयहरूमा सम्बन्धित प्रहरी ईकाइहरूले सर्बसाधारणले सहज जानकारी पाउने उद्देश्यले "Open Police Data" Dashboard राख्नुपर्ने ।
- Front line मा काम गर्ने प्रहरी अधिकृत र जवानलाई Trauma support का लागि Psychological debrief गर्नुपर्ने ।
- नेपाल प्रहरीको service delivery मा response time target को बारेमा नागरीक अबगत हुनुपर्ने। Elderly/ women and children/ cyber complain desk को ७७ जिल्लामा बिस्तार गर्नुपर्ने ।

## शान्तिपूर्ण विरोध प्रदर्शन र यसको सहजीकरण

नेपालको संविधानमा उल्लेखित नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपभोग र प्राप्तिलाई सक्षम बनाउन शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकार प्रत्याभूत गरिएको छ । यो अधिकार लोकतन्त्रलाई कायम राख्न, न्यायपूर्ण र शान्तिपूर्ण समाज सुनिश्चित गर्न र विकासलाई चलायमान बनाउनको लागि महत्त्वपूर्ण छ। शान्तिपूर्ण विरोध गर्नु भेला हुनु स्वतन्त्रताको एक महत्त्वपूर्ण रूप हो ।

राज्यका कानून कार्यान्वयन गर्ने एजेन्सीहरूले शान्तिपूर्ण भेलाहरूमा सहभागीहरु सुरक्षित रूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न सकुन भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।राज्यले कुनै विशेष भेलाको निषेधलाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्नु पर्दछ ।

विरोध प्रदर्शनको सहजीकरणका लागि निम्न प्रकृया अपनाउन आवश्यक देखिन्छ ।

- राज्यले स्वतन्त्र, लोकतान्त्रिक र व्यावसायिक, कानून कार्यन्वयन एजेन्सीहरू स्थापना गर्नुपर्छ जुन राजनीतिक दबाबबाट स्वतन्त्र हुनु पर्छ ।
- कानून कार्यान्वयन एजेन्सीहरूले सक्रिय रूपमा अर्थपूर्ण र दीर्घकालीन समुदाय-उन्मुख प्रहरी रणनीतिहरू विकास गर्नुपर्छ र समुदाय र नागरिक समाजसँग विश्वास स्थापित र निर्माण गर्न खोज्नुपर्छ। यस्तो सञ्चार कुनै पनि विशेष विरोधको कार्यक्रमभन्दा धेरै अगाडि हुनुपर्छ।
- विरोध आयोजकहरू र सहभागीहरूसँग सहकार्य र विश्वास स्थापित गर्ने प्रयासले शान्तिपूर्ण विरोधको सहजीकरणमा सहयोग गर्न सक्छ। यस्ता छलफलहरूको सन्दर्भमा, कानून कार्यान्वयन अधिकारीहरू र प्रदर्शन आयोजकहरू र सहभागीहरूले आपसी समझदारीमा विरोधको निश्चित मापदण्ड modus operandi अपनाउन प्रयत्न गर्नुपर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरूलाई समुदायको गतिशीलता, गुनासो, सुरक्षा आवश्यकताहरू र सांस्कृतिक र अन्य संवेदनशीलताहरूको राम्रो जानकारी हुनुपर्छ, जुन विरोधको सन्दर्भमा विचार गर्न आवश्यक छ।
- कानून कार्यान्वयन अधिकारीहरूले संवादको लागि च्यानलहरू स्थापना गर्न प्रमुख सरोकारवालाहरूसँग अग्रिम सञ्चार र सूचना आदानप्रदानलाई प्राथमिकता दिनुपर्छ।
- विरोध प्रदर्शनको प्रभावकारी सहजीकरणको लागि कानून कार्यान्वयन अधिकारीहरूको प्रारम्भिक र निरन्तर मानव अधिकार-उन्मुख र लैङ्गिक-समावेशी तालिम आवश्यक छ। विशेष गरी कमान्डिङ अफिसरहरूका लागि व्यवहारिक प्रशिक्षण उपलब्ध गराइनुपर्छ र

उपयुक्त प्रवीणता मापदण्ड अनिवार्य गरिनुपर्छ। यस्तो परीक्षा उत्तीर्ण नगर्ने अधिकारीहरू विरोध प्रदर्शनको सहजीकरणमा संलग्न राख्न हुँदैन।

- कानून कार्यान्वयन अधिकारीहरुले परिस्थिति अनुसार बल प्रयोगको विकल्पहरु सुनिश्चित गर्न फिल्डमा रणनीतिक निर्णयहरु गर्न सक्ने क्षमता भएका अपरेशनल कमाण्डरहरु तैनाथ गर्नुपर्छ।
- कानून कार्यान्वयन अधिकारीले तनावपूर्ण वातावरणमा काम गर्दा तत्काल गरिएका निर्णयमा त्रुटिहरू गर्ने जोखिम हुन्छ। कमाण्डरहरूले फिल्डमा खटीने अधिकारीहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्नुपर्छ र आवश्यक लजिस्टिक सपोर्टको साथै खानपिनको उचित व्यवस्था गर्नुपर्छ ।
- कानून कार्यान्वयन एजेन्सीहरूले प्रदर्शनको आयोजनाका विषयमा निरन्तर जानकारी सङ्कलन गर्नुपर्छ जसका आधारमा समयानुरुप आवश्यक रणनीति तयार गर्न सकिन्छ र विरोधलाई Contain गर्न सक्छन ।यसो हुँदा सम्भावित जोखिमहरूको अनुमान गर्न र त्यसको रोकथाम र न्यूनीकरणको लागि ठोस उपायहरू अपनाउन सकिन्छ।
- कानून कार्यान्वयन अधिकारीहरूले विरोधको बारेमा जानकारी आदानप्रदान गर्न र आवश्यक पर्दा उनीहरूको द्रुत सहयोग सुनिश्चित गर्न अन्य नियामक अधिकारीहरूसँग अन्तर एजेन्सी सञ्चारको लागि रणनीतिहरू विकास गर्नुपर्छ ।
- कानून कार्यन्वयन अधिकारीहरुले समयमै, पूर्व-प्रभावकारी र उपयुक्त डि-एस्केलेसन रणनीतिहरु प्रयोग गरेर विरोधको सन्दर्भमा हुने कुनै पनि तनाव वा हिंसालाई रोक्न र कम गर्नु प्रयत्नरत रहनु पर्दछ ।
- कानून कार्यान्वयन अधिकारीहरुले तनाव र हिंसा कम गर्न उपयुक्त प्रविधिहरुको प्रयोगमा ध्यान दिनुपर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरुले हिंसा भड्काउने वा हिंसात्मक वा अपराधिक व्यवहारमा संलग्न व्यक्तिहरु वा समूहहरु पहिचान गर्नुपर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरुले "केटलिंङ" (kettling) (पुलिस द्वारा व्यक्तिहरुको समुहलाई एक निश्चित ठाउमा Contain गर्नु) जस्ता नियन्त्रण रणनीतिहरु वास्तविक हिंसा वा आसन्न खतरालाई सम्बोधन गर्न आवश्यक हुँदा मात्र प्रयोग गर्न पर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरूले विरोध सहभागीहरूलाई प्रतिविरोध प्रदर्शनकारीहरू वा अन्य हिंसात्मक तत्वहरूबाट सुरक्षित गर्ने उद्देश्यले सुरक्षा रणनीतिहरू विकास गर्नुपर्छ।
- प्रदर्शनकारीहरुलाई तितरबितर पार्ने काम अन्तिम उपायको रूपमा गरिनुपर्छ, परिस्थिति अब शान्तिपूर्ण छैन वा हिंसाको आसन्न व्यापक खतरा छ र बल प्रयोग नगरी भीडलाई तितरबितर पार्न सकिदैन भने मात्र प्रदर्शनकारीलाई तितरबितर गर्नु पर्छ । कानून कार्यान्वयन स्पष्ट, तरिकाले प्रदर्शनलाई तितरबितर पार्ने निर्णयको बारेमा सहभागीहरूलाई

जानकारी गराउनुपर्छ।

- सबै समयमा, कानून कार्यान्वयन अधिकारीहरूले (Law enforcement officer) सावधानी अपनाउनु पर्छ । जसको लागि विरोधको सन्दर्भमा प्रहरीको बल प्रयोग रोक्न सबै सम्भावित कदमहरू चाल्नु का साथै सम्भावित विकल्पहरू विचार गर्नु आवश्यक छ। बल प्रयोग गर्ने कुनै पनि निर्णयले वैधता, आवश्यकता, समानुपातिकता र सावधानी, अपनाउनु पर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरूले बल प्रयोग गर्नु अघि थप जनशक्तिहरू र पर्याप्त उपकरणहरूको तैनाथी र वास्तविक खतराको अनुपातमा कानून कार्यान्वयन फोर्सको उपस्थितिको स्तरमा क्रमिक वृद्धि गर्नु पर्ने कुरामा ध्यान दिनु पर्छ ।
- विरोध प्रदर्शनको सन्दर्भमा कुनै पनि व्यक्ति र समूहहरूबाट हुन सक्ने हानीबाट जोगाउन कानून कार्यान्वयन अधिकारीहरूले अतिरिक्त सावधानी अपनाउनुपर्छ।
- कानून कार्यान्वयन अधिकारीहरूले बल प्रयोगको लागि माउन्टेड (mounted police) (k9 unit) वा क्यानाइन युनिटहरू प्रयोग गर्न सक्छन जो कम घातक मानिन्छन ।
- बल प्रयोगमा उपकरणहरुको प्रयोग प्रशिक्षित कानून कार्यान्वयन अधिकारीहरू मात्र तैनाथ गरिनु पर्छ ।
- बल प्रयोग गर्दा कुनै पनि घाइते वा प्रभावित व्यक्तिहरूलाई सकेसम्म चाँडो सहायता र चिकित्सा सहायता प्रदान गरिनु पर्छ ।यसको सुनिश्चितता सम्बन्धित अधिकारीले गर्नु पर्छ ।
- कानून कार्यान्वयन अधिकारीहरूले (Law enforcement officer) रबर बुलेट सहित अन्य त्यस्तै हतियार प्रयोग गर्दा कहिल्यै पनि भीडमा अन्धाधुन्ध प्रहार नगरियोस्, भनी सुनिश्चित गर्नुपर्छ । कुनै व्यक्तिको टाउको वा ढाड़मा लक्षित प्रहारलाई हर सम्भव Avoid गर्न प्रयत्नरत हुनुपर्छ।
- कानून कार्यान्वयन अधिकारीहरूले बन्दुक वा अन्य घातक हतियारहरू विरोध प्रदर्शनमा प्रयोग नगरियोस्, भनि सुनिश्चित गर्नुपर्छ । बन्दुकहरू केवल आफ्नो वा अरूको जीवनमा आसन्न खतराबाट जोगाउन प्रयोग गर्न सकिन्छ ।
- विरोध प्रदर्शनको रोकथामको लागि लगिएका हातहतियार, गोलीगठ्ठा, संचार साधन सहितका उपकरण फिर्ता गर्दा, कानून कार्यान्वयन एजेन्सीहरूले घटनापूर्व रेकर्डहरूको विरुद्ध सूची संगै मिलान गरी प्रमाणित गर्नुपर्छ । सुरक्षाकर्मीहरु फिर्ता गरिएका हातहतियार लगायतका वस्तुहरूको संख्यामा कुनै पनि बेमेल भएमा स्थापित अनुशासनात्मक र अन्य अनुसन्धान गरिनुपर्छ।
- कानून कार्यान्वयन एजेन्सीहरूले (Law enforcement officer) कानून कार्यान्वयन अपरेशनमा देखिएका त्रुटी वा लजिस्टिक त्रुटिहरू र लागू रणनीतिहरूको प्रभावहरूको

समीक्षा र मूल्याङ्कन गर्ने प्रत्येक विरोध प्रदर्शन पछि डिब्रीफिङ गर्नुपर्छ। प्रदर्शन सहजीकरणमा खटिने सबै सुरक्षा अधिकारीहरूलाई उनीहरूको व्यावसायीक ढंगले काम गर्ने निर्देश गर्नुपर्छ।

- विरोध प्रदर्शनको सन्दर्भमा गैरकानूनी बल प्रयोग वा अन्य दुर्व्यवहार वा यातना को आरोप वा उचित शंका भएमा निष्पक्ष, पूर्ण र द्रुत अनुसन्धान गरिनुपर्छ। बल वा बन्दुकको प्रयोगबाट हुने चोटपटक वा मृत्युको कुनै पनि घटनालाई प्रभावकारी र स्वतन्त्र रूपमा रिपोर्ट र अनुसन्धान गरिनुपर्छ। जानाजानी र लापरवाहीपूर्ण कार्य वा निष्क्रियत सम्बन्धमा आएको/भएको आदेशको पनि अनुसन्धान गरिनुपर्छ।
- वरिष्ठ अधिकारीहरूलाई उनीहरूको निर्णयहरूको लागि वा यदि उनीहरूले बल वा बन्दुकको गैरकानूनी प्रयोग रोक्न, दबाउन वा रिपोर्ट गर्न आफूले कुनै प्रयत्न गरेनन् र उनीहरूलाई थाहा थियो कि उनीहरूको कमान्डमा कानून कार्यान्वयन अधिकारीहरू त्यस्ता दुर्व्यवहारमा संलग्न थिए भने वरिष्ठ सुरक्षा अधिकारी जवाफदेही हुनुपर्छ।
- भिड नियन्त्रण सन्दर्भमा तोकिएको भूमिकाको लागि सबै सम्बद्ध सुरक्षा कर्मीहरु उचित रूपमा सुसज्जित हुनुपर्छ। कहिले काही अत्याधिक सुसज्जित हुंदा पनि तनावको स्तर बढाउन सक्छ। त्यसकारण प्रदर्शनको क्रममा प्रयोग गरिने उपकरण वा हातहतियार खरिद गर्नु अघि Need Assessment गरेर मात्रै खरिद गर्नु उचित हुन्छ र त्यस्तो खरिद प्रकृया transparent हुनुपर्छ ।

(सहजीकरण नोट "Model protocol for Law Enforcement officials to promote and protect Human Rights in the context of peaceful protests" को संक्षेपिकृत रुप हो। Model Protocol Human Rights Council (fifty-fifth session 26 Feb-5 Apr.2024) मा प्रस्तुत गरिएको थियो। यस protocol मा गरिएका व्यवस्था बाध्यकारी छैन तर guidelines को रुपमा प्रयोग गर्न सकिन्छ।)

**<u>सशस्त्र प्रहरी बल तर्फ सुधारः</u>**

नेपालमा सशस्त्र बल (Armed Police Force APF) को इतिहास सन् २००१ मा माओवादी विद्रोह नियन्त्रण र आन्तरिक सुरक्षा मजबुत पार्न स्थापन भएको हो। सशस्त्र प्रहरीबल नेपालको स्थापना २०५८ कार्तिक ८ गते (octber २४ २००१) मा भएको हो। त्यसताका देशमा बढ्दो माओवादी विद्रोह, सशस्त्र संघर्ष र आपराधिक गतिविधि नियन्त्रण गर्न तथा नागरी क प्रहरी र सेनालाई सहयोग गर्न यसको गठन गरी एको थियो। यो मूलतः अर्ध सैनिक बल हो जसले सीमा सुरक्षा, आतंकवाद नियन्त्रण दैवि प्रकोप उद्धार र VIP सुरक्षा जस्ता कार्यहरु गर्दछ।

सशस्त्र प्रहरी ऐन २०५८ (संसोधन २०७४) अन्तर्गत यसको सञ्चालन हुन्छ। उक्त ऐनको दफा ६ ले नेपाल सरकारले देशको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष वा पृथकतावादी गतिविधि वा आतंककारी गतिविधि नियन्त्रण गर्न, दङ्गा नियन्त्रण गर्न, दैवि प्रकोप वा महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन, अपहरित व्यक्तिको उद्धार गर्न, बाह्य आक्रमण भएमा नेपाली सेनाको मातहत रही कार्य गर्न, सरकारले तोकेका सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदीको रक्षा गर्न, सरकारले सुरक्षा दिनु पर्ने भनी ठहराएका व्यक्ति र तोकेको संस्था आदीको रक्षा गर्न र नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्न, अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने गरी सशस्त्र प्रहरीको जिम्मेवारी तोकिदिएको छ। देशको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनका लागि नेपाली सेना सञ्चालन भएको अवस्थामा सम्बन्धित ठाउँको सशस्त्र प्रहरी नेपाली सेनाको command मा रहने छन् भनी ऐनको दफा ८ ले व्यवस्था गरेको छ।

सशस्त्र प्रहरी परिचालन गर्ने प्रयोजनको लागि सरकारलाई सुझाव दिन गृहमन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने गरी सेनाका बलाधिकृत, रक्षा मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान प्रमुख सदस्यहरु रहने र सह-सचिव (गृह मन्त्रालय) सदस्य सचिव रहने गरी एक केन्द्रीय सुरक्षा समितिको व्यवस्था ऐनको दफा ७ ले गरेको छ।

राष्ट्रिय सुरक्षा परिषदबाट पारित राष्ट्रिय सुरक्षा नीति २०७३ को दफा ३.४.२ ले सशस्त्र प्रहरी बलले बहन गर्नुपर्ने जिम्मेवारीका सम्बन्धमा स्पष्ट गरेको छ। जस अन्तर्गत अन्य कार्यका अतिरिक्त दङ्गा नियन्त्रण गर्न आवश्यकतानुसार परिचालित हुने।साथै नेपाल सरकाले सुरक्षा दिनुपर्ने ठहराइएका

व्यक्ति, सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थलको सुरक्षा गर्ने, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेको अन्य कार्य आदि सशस्त्र प्रहरीको जिम्मेवारी भित्र पर्दछ।

स्थानीय प्रशासन ऐनको २०२८ को दफा ६(२) ले प्रमुख जिल्ला अधिकारीलाई आफ्नो कार्यक्षेत्रभित्र गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्धतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यस सम्बन्धी कारण तथा आधार खुलाई निजले नजिकको सशस्त्र प्रहरीको मद्धत माग्न सक्ने व्यवस्था गरेको छ। प्रमुख जिल्ला अधिकारीको यस प्रकारको मद्धतलाई उपरोक्त उल्लिखित राष्ट्रिय सुरक्षा नीति (जसमा "अन्य कार्य गर्न" पनि पर्दछ) अन्तर्गत पर्न सक्ने देखिन्छ यद्यपी "अन्य कार्य" लाई परिभाषित भने गरेको छैन।

२३ र २४ भाद्रको घटनाका सम्बन्धमा स्थानीय ऐन अन्तर्गत दङ्गा नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीले सशस्त्र प्रहरीको सहयोग माग्न सक्ने व्यवस्था गरेको छ। २३ गतेको संसद भवन परिसरको नजिकको क्षेत्रलाई नै दंगाग्रस्त क्षेत्र भनी declare गरी एको थियो भन्ने प्रश्न भने निश्चित छैन। व्यवहारिक दृष्टिकोणबाट हेर्दा २३ गतेको घटनामा सशस्त्र प्रहरी mobilize भएको देखिन्छ। जब बानेश्वर स्थित संसद भवन परिसरमा विभिन्न अलग अलग दिशाबाट attack भयो त्यस पछि भने सशस्त्र प्रहरी बल केही समय संसद् परिसर वरिपरीको क्षेत्रमा खटिएका नेपाल प्रहरीसँग सहकार्य गरी विचैमा उक्त क्षेत्र छोडेर गएको देखिन्छ। २४ गतेको काठमाडौं लगायत देश भरीका घटनाहरुमा सशस्त्र प्रहरीको उपस्थिति र सहयोग एकदमै न्यून तथा नगन्य रहेको देखिन्छ। यस प्रकारको सशस्त्र प्रहरीको व्यवहार कानून सम्मत मात्र नभई आफ्नो जिम्मेवारीबाट पनि चुकेको देखिन्छ।

**समस्या**

- यहाँ प्रश्न उठ्न सक्छ जुन स्वभाविक पनि हो कि किन सशस्त्र प्रहरीको पूर्ण सहयोग प्रहरीलाई भएन। भाद्र २३ र २४ को घटनाहरुमा सशस्त्र प्रहरी र नेपाल प्रहरी सुरक्षा निकायहरु बीच खासगरी coordination (समन्वय) को ठूलो कमी देखियो। गृह मन्त्रालय श्रृजनशील र समन्वयकारी भूमिका खेल्नु पर्थ्यो तर त्यो हुन सकेको देखिदैन। Coordination किन हुन सकेन भन्ने प्रश्न अनुत्तरित छ। अस्पष्ट समन्वयले कुनै पनि आपतकालीन परिस्थितिमा प्रतिक्रिया ढिलो वा असामान्य हुन सक्ने सम्भावना रहन्छ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बीच Inter-agency working procedure (SP) बन्न सकेको

देखिदैन। यी दुई संस्थाका बीच कार्यगत एकरुपता ल्याउन SP बनाई दुवैको कार्य स्पष्ट गरीनु पर्थ्यो त्यो भएको देखिदैन।

- सशस्त्र प्रहरी बल कहाँ कहाँ प्रयोग गरी ने हो त्यो clear देखिदैन। सशस्त्र प्रहरी ऐनको दफा ६ मा सशस्त्रको कार्य स्पष्ट पार्न खोजिए पनि सोही दफामा नेपाल सरकारले समय समयमा तोकेको अन्य कार्य गर्न र अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्य गर्ने, भन्ने व्यवस्थाले सशस्त्रको कार्यक्षेत्र विस्तृत हुन गई अस्पष्टता श्रृजना गरेको देखिन्छ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग संगै कार्य गर्ने अवधारणा सही परिपाटी होइन। दुवै सुरक्षा निकायका विच परिचालन नीतिहरुमा स्पष्टता आवश्यक छ।
- सुरक्षा उपकरणको कमीका कारण प्रहरी बलले अनावश्यक रुपमा lethal weapon प्रयोग गर्नु परेको छ। जसका कारण casualty बढी हुने गरेको पाइन्छ।
- भौतिक सुविधाको सशस्त्र प्रहरी लगायत सबै सुरक्षा एजेन्सिहरुमा कमी छ जसका कारण प्रहरीमा Motivation को कमी छ।
- समाधानका लागि सुझावः
- सशस्त्र प्रहरी बलमा थप जनशक्तिको आवश्यकता छ, यसले सुरक्षा व्यवस्थापनमा अझ बढी प्रभावकारी भूमिका खेल्न, आपतकालीन स्थितिमा छिटो प्रतिकृया दिन र जोखिमपूर्ण कार्यहरुमा सक्षम हुन मद्दत छ।
- प्रविधिमा पनि समयानूकूल update हुनु पर्छ जसले गर्दा प्रहरी बललाई Technology friendly, efficient र smart बनाउन सहयोग पुग्नेछ।
- संगठनको पुर्नसंरचना गरी सशस्त्र प्रहरी बललाई निश्चित काममा engage गर्न specific कार्यदिश कानूनमा स्पष्ट लेखिनु पर्छ। सुरक्षा निकाय विच सुसंगठन, समन्वय र जिम्मेवारीहरु स्पष्ट गरी नु जरुरी छ।
- सुरक्षा बलका सदस्यहरुको मनोबल उच्च राख्ना सेवा, सुविधा र रासनको आपूर्तिमा सुधार हुनु पर्छ।
- सुरक्षाकर्मीलाई परिचालन गर्ने जिम्मेवारी पाएका प्रमुख जिल्ला अधिकारीहरुलाई सुरक्षा संयन्त्र परिचालनमा कानूनले तोकेका सीमाको बारेमा र गृह प्रशासन राम्ररी बुझेको व्यक्ति हुन जरुरी छ। प्र.जि.अ. लाई पनि periodic training हुन जरुरी छ।
- गृह प्रशासनलाई एक छुट्टै सेवा र क्यारीयर क्याडेटको रुपमा विकाश गर्नु पर्ने आवश्यकता छ। यसले सुरक्षाकर्मीको दक्षता र पेशागत स्तरलाई बढाउनमा सहयोग पुग्नेछ।
- सूचना प्रणाली चुस्त दुरुस्त राख्नत एक अलगै युनीट खडा गरी नु पर्छ र त्यसले अन्य सुरक्षा अंगसँग सूचना आदान प्रदान गर्नु पर्ने व्यवस्था मिलाउनु पर्छ।
- सशस्त्र प्रहरीलाई चाहिने आवश्यक हातहतियार सुरक्षा उपकरण र निगरानी प्रणाली उपलब्ध गराईनु पर्छ तर त्यस्ता हातहतियार खरीद गर्नु अघि त्यसको Need assessment हुनु जरुरी

छ।

- ❖ निजामती र सुरक्षाकर्मीको उच्च मनोबल कायम राख्न प्रशिक्षण, क्यारीयर सुरक्षा र वृति विकास सुनिश्चित गर्नुपर्छ।
- ❖ कर्तब्य पालनका क्रममा मृत्यु भएमा वा चोटपटक लागेमा उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ, सामाजिक सुरक्षा र जिवन विमा अनिवार्य गरी नुपर्छ।
- ❖ वार्षिक तालिका अनुसार फायरिङ,चाँदमारी र Non-lethal हतियारको बढी प्रयोग, Crowd Cntrol र Disaster Management जस्ता प्रशिक्षण अनिवार्य गरी नुपर्छ।
- ❖ सुरक्षा अभ्यासमा Layered Security, contingency Planning, evacuation Rute पूर्ण तयारी अभ्यासलाई समावेश गराइनुपर्छ।
- ❖ सुरक्षा निकायलाई पर्याप्त हातहतियार,गोलिगठ्ठा, Non-Lethal उपकरण, सुरक्षा ढाल, अश्रुग्याँस, पानिको फोहोरा हान्ने मसिनको साथै Crowd Dispose गर्ने तथा प्रविधिका सामान पनि उपलब्ध गराइनुपर्छ।
- ❖ सूचना प्रणालिमा विस्त्रित अध्यायन र आधुनिक प्रणालीको प्रयोगलाई चुस्त दुरुस्त बनाइनुपर्छ।
- ❖ सुरक्षा निकायबीच समयमै सूचना आदानप्रदान साझा अभियान, स्पष्ट जिम्मेवारीको बाँडफाड सूनिश्चित गरी नुपर्छ।
- ❖ सामाजिक सञ्जाल अनुगमन,संकटपूर्ण चेतावनी प्रणाली र ताजा सुरक्षा सूचना प्रणालीको विकास गरी नुपर्छ।
- ❖ सुरक्षा निकायको खर्च, श्रोत व्यवस्थापन, ठेक्का पट्टा र निर्णय प्रकृयामा पारदर्शिता सुनिश्चित गरी नुपर्छ।
- ❖ संवेदनशील संरचनाहरु वरपर Layered defense र सुरक्षित मार्ग सुनिश्चित गरी नुपर्छ। प्रशिक्षणको परिणाम र दक्षता मूल्याङ्कन गरी हातहतियार वितरण,ड्यूटी खटाई Field Assignment मा प्रतिबिम्बित गर्न आवश्यक व्यवस्था गरी निपर्छ।
- ❖ अभिलेखिकरण, Inventry management, हतियार तथा गोला -बारुदको Individual Accuntability सुनिश्चित गर्ने।
- ❖ Infrastructure: Training Centre, simulation Lab, Shooting Range Logistics Hb जस्ता संरचना सुधार गरी नुपर्छ।
- ❖ प्रहरीको मनोबल उच्च राख्न पुरस्कार, सम्मान र करियर प्रोत्साहन प्रणाली लागु गर्ने।
- ❖ सञ्चार, सामाजिक संञ्जाल अनुगमन र घटना रिपोर्टिङ्ग प्रणाली सुधार गरी त्रुटिरहित सूचना प्रवाह गर्ने।

<u>राष्ट्रिय अनुसन्धान तर्फको सुधारः</u>

राज्य संयन्त्रको एक महत्वपूर्ण अंगको रुपमा गुप्तचर संस्थाहरु प्राचिनकालदेखी रहंदै आएका छन्। आधुनिक युगमा राज्य सत्ताको काम कारवाही जटील बन्दै जाँदा यस्ता गुप्तचर संस्थाहरुको भूमिका अझ बृहत हुदै गएको छ। प्रविधिको विकाससँग सामाजिक जटिलता थपिदै गएका छन्। त्यही अनुपातमा सामाजिक विश्रृङखलता पनि बढ्दो छ।

राष्ट्रिय अनुसन्धान विभाग (NID) खडा गरी एको थियो जो वि.सं. २००८ नेपाल प्रहरी मातहत थियो। राजा महेन्द्रको पालामा यसलाई प्रहरी प्रधान कार्यालयबाट अलग गरी यो जसलाई नेपाल गुप्तचर विभाग भनियो। २०४२ सालमा कानूनी रुपमा नै व्यवस्थित गर्न नेपाल विशेष ऐन २०४२ जारी गरी नेपाल जनसम्पर्क कार्यालयको नाम दिइयो। २०४६ मा जनसम्पर्क प्रधान कार्यालय क र ख भनेर दुईवटा निकाय बनाइयो। (क) ले आन्तरिक गुप्तचरीको काम र (ख) ले प्रतिजासुसी र बाह्य गुप्तचरी हेर्ने काम गर्न थाल्यो। तर प्रजातन्त्र आएपछि नेताहरुले गुप्तचरी संस्थाप्रति बक्र दृष्टि राखेकै कारण यो फस्टाउन सकेन। खासगरी पञ्चायत कालको समयमा यो निकायले नेताहरू माथि निगरानी बढाएको कारण यसको सुधारमा खासै ध्यान दिएको दखिदैन। अन्तरिम सरकारले २०४७ सालमा नेपाल विशेष सेवा ऐनमा पहिलो संशोधन गरी राष्ट्रिय अनुसन्धान विभाग नामक संस्था खडा गर्यो। यहिबाट विदेशी गतिविधि हेर्न बेग्लै बनाइएको संस्थालाई त्यहीं तुहाइयो। त्यसपछि नेपालमा प्रति-जासुसी इकाई कहिल्यै बन्न सकेन। राष्ट्रिय अनुसन्धान विभाग (एनआइडी) मा दरखास्त दिएर राजनीतिक भर्ती हुने परम्परा सुरु भई कार्यकर्ता भर्ना गर्ने स्थलको रुपमा विकास भई यसको साख एकदमै गिर्न गयो। चुरोटको बट्टामा तोक लागेर भर्ना गरी एका राजनीतिक कार्यकर्तालाई पछि नेपाल प्रहरीमा समानपदमा सरुवा गरी यो र प्रहरीको मोराल डाउन गरी यो।

देशभित्र मात्र होइन वाह्य जगतले पनि आफ्ना छिमेकीहरुमा र अन्य देशमा नयाँ प्रविधिको प्रयोग गरी जनमतलाई प्रभाव (influence) गर्ने तथा यही प्रविधिको प्रयोग गरी अर्को देशको राजनैतिक जीवनमा प्रत्यक्ष वा परोक्ष प्रभाव पारिरहेका छन् र यसमा हामी माथि पनि यस प्रकारको हस्तक्षेप प्रकट हुने गर्छ। आफ्नो प्रभाव र शक्ति परिचालन गरी नेपालको आन्तरिक विशेष गरी राजनैतिक मामलामा बेला बखत असर परिरहेको देखिन्छ। कहिले कहिले सरकार बनाउने र ढाल्ने काममा पनि केही देशका गुप्तचर संस्थाहरु संलग्न रहेको तितो अनुभव छ। राजनैतिक दल फुटाएको र मिलाएको घटनाहरुमा पनि प्रत्यक्ष र अप्रत्यक्ष भूमिका खेलेको व्यवहारबाट देखिन्छ। मुलुकको सुरक्षा संयन्त्र र प्रशासन तन्त्रमा पनि घूसपैठको प्रयास भएको हुन सक्छ। हाम्रो जस्तो तुलनात्मक हिसाबले पद्दती नबसिसकेको मुलुकमा त उनीहरु सहजै प्रवेश पाउन सक्छन्। साथै पत्रकार बौद्धिक

वर्ग आदिलाई विभिन्न माध्यमबाट प्रभावमा पार्न लागिपरेका हुन्छन्। उनीहरूको अर्को स्वार्थ चाहिँ आफ्नो प्रतिस्पर्धी मुलुकहरूको गतिविधिको निगरानी गर्नुमा पनि केन्द्रीत रहन्छ। बाह्य देशका विभिन्न जासुसी संस्थाहरु नेपालमा रहेका आफ्ना agent मार्फत अर्को देशको जासुसीमा पनि सकृय रहेको विगतको अनुभवले देखाउँछ। यस्तो किन भै रहेको छ भने हाम्रो देशमा विदेशी जासूसको बारेमा केन्द्रीत रहेर निगरानी गर्ने संस्था छैन।

काठमाडौं उपत्यकाभित्रका डाँडाहरूमा बनाइएका विशाल र आलिसान गुम्बाहरूको पनि नेपाल सरकारले राम्ररी अनुगमन गर्नुपर्ने देखिन्छ। साथै मदरसा तथा चर्चहरुमा आउने फण्ड र तीनका गतिविधिको monitoring गर्न जरुरी छ। उपरोक्त उल्लेखित विषय वस्तुले राष्ट्रिय सुरक्षामा निकै ठूलो असर पार्ने हुँदा मुलुकले आफ्नो गुप्तचरी क्षमता बढाउन तत्काल आवश्यक भइसकेको छ।

भाद्र २३ गते संसद भवन परिसरमा घटेको घटनालाई अरु बढी उत्तेजित बनाउन Tibetan Origin Blood का मोटरसाइकल सवार युवाहरूको गतिविधिले नेपाललाई मात्र होइन चीनलाई पनि बढी ससंकित बनाएको छ। छिमेकि देशहरु विरुद्ध नेपालको भूमी प्रयोग भयो भने यसले नेपाललाई अप्ठेरो स्थिति श्रृजना गर्न सक्छ।

नेपाल सरकारसँग विगत देखि नै पटक पटक विभागमा साइबर टेक्नोलोजी स्थापित गर्न नसकिएको अवस्था छ। डिजिटल system मा ट्र्याक गर्ने प्रविधि तथा उपकरण र त्यसको लागि चाहिने दक्ष जनशक्तिको अभावमा छ।

खासगरी २०८२ भाद्र २३ र २४ गतेको घटनाबाट NID को वास्तविक स्वरुप जनतासामु आएको छ। २३/२४ गतेको र त्यस पूर्वका गतिविभि NID ले ट्र्याक गर्न नसकेको देखिन्छ। यस घटनामा NID को गहिरो अध्ययन विनाको सामान्य प्रकारको तर superficial अध्ययनले २३ गते तीन देखि पाच हजार जति प्रदर्शनकारी उपस्थित हुन्छन्। भन्ने अनुमानका आधारमा राष्ट्रिय सुरक्षा परिषद देखी लिएर जिल्ला प्रशासन कार्यालय समेतले रणनीति तयार गरी  लागु गरेको देखिन्छ। त्यसै अनुरुप प्रहरी पनि परिचालन भएको देखिन्छ। तर वास्तविकता एकदमै भिन्न देखियो। NID लाई शान्तिसुरक्षाको अवस्था यो हद सम्म पुग्ला भन्ने सामान्य अनुमान पनि थिएन। २४ गतेको घटना र त्यसलाई विध्वंसको स्तर सम्म पूरा उन प्रयोग भएका विभिन्न सामाजिक सञ्जाल र विध्वंसको बारेमा कुनै ज्ञान थिएन। जे थियो त्यो नगन्य थियो।

**समस्या**

अब प्रश्न उठ्छ NID जस्तो संस्था जो चुस्त दुरुस्त रहनु पर्ने हो। किन यसरी कमजोर हुन पर्यो ? यसमा खासगरी निम्न कारण देखिन्छन् :

- राष्ट्रिय अनुसन्धान विभाग मुलुकको एकमात्र इन्टेलिजेन्स संस्था हो। यस संस्थालाई समय सापेक्ष सबल, सक्षम र व्यवसायिक बनाउन विभागीय रुपमा पटकपटक पहल गरी एतापनि हरेक परिवर्तन पछि बनेका सरकारले वेवास्ता गरेका कारण समयक्रम संगै यसको विकास हुन सकेको छैन।
- राज्यमा चरम दलीयकरण भयो राम्रो होइन हाम्रो भन्ने कुसंस्कृतिले यस संस्थालाई पनि नराम्रोसँग गिजोलेको छ। कुनै पनि राष्ट्रले राज्य सञ्चालनको लागि इन्टेलिजेन्सलाई मेरुदण्डको रुपमा लिई प्राथमिकका साथ संस्थाको संरचनागत, नीतिगत, प्राविधिक क्षमताको अभिवृद्धि गर्न बर्षेनी लगानीमा वृद्धि गरेको पाईन्छ। नेपालको इन्टेलिजेन्स निकायको विद्यमान अवस्थालाई हेर्दा हाल करिब २२ सय कर्मचारीमा सीमित यस संस्थाको पछिल्लो २० वर्ष यता नतः कुनै जनशक्ति थप भएको छ नतः बजेटमा बढोत्तरी गरी एको छ। राष्ट्रको कूल बजेटको ०.१ प्रतिशत र सुरक्षा निकायको कूल बजेटको १.० प्रतिशत बजेट यस संस्थामा विनियोजित भएको अवस्था छ।
- राज्यको अपेक्षा सदैव अन्तर्राष्ट्रिय गुप्तचर निकायहरुले सम्पादन गरी एको कार्यहरुको जस्तो हुने तर राज्यको लगानी प्राथमिकतामा नपर्ने भएकाले राज्यको अपेक्षा र लगानी वीचको तालमेल विपरीत ध्रुवमा रहेको अवस्था छ। अर्को तर्फ ४० वर्ष अगाडि बनेको ऐनको आधारमा संस्था सञ्चालनमा रहेको छ भने विश्व परिवेशमा बढ्दै गइरहेको काउन्टर इन्टेलिजेन्स सञ्चालन गर्नबाट संस्थालाई बन्चित गरी दै आएको छ।
- पेशाको मर्म अनुरूप विगतमा अभ्यासमा रहेको ल्याटरल इन्ट्रि बन्द हुँदा कोर इन्टेलिजेन्स कार्य सञ्चालन गर्न कठिनाइ भएको छ। प्रविधिको द्रुत विकाससंगै इन्टेलिजेन्सका आयामहरु बृहत र जटिल बन्दै गएपनि सो अनुरुपको जनशक्ति तयार तथा प्रविधि उपयोग गर्न नसकिएको अवस्था छ। भारत बाहेक अन्य मुलुकमा कूटनीतिक आवरणमा इन्टेलिजेन्स परिचालन नहुँदा वाह्य क्षेत्रमा रहेका सूचना प्राप्ति र समन्वय हुन नसकेको अवस्था छ।
- नेपाल विशेष सेवा नियमावली, २०४४ मा इन्टेलिजेन्स भत्ताको व्यवस्था भएता पनि पछिल्लो समयमा प्राप्त गर्न सकिएको छैन।
- Hard Core Intelligence प्राप्तिका अत्याधुनिक उपकरणहरूको अभाव रहेको तथा अझै पनि टेक्निकल इन्टेलिजेन्स भन्दा ह्यूमन इन्टेलिजेन्समा निर्भर रहनु संस्थागत वाध्यता रहेको छ।
- Social Media माथि Proper Monitor भएन र हेलचक्रयाई गरी यो। आएका सूचनाहरुको

पनि सही मूल्यांकन भएन र जे जति मूल्यांकन भएपनि त्यसलाई in depth लिने कार्य मातहत निकायले लिएन। राष्ट्रिय अनिन्धानले दिने strategic information मात्र हेरेर जे जति information आएको थियो त्यसको पनि यथेष्ट study भएन/भएको भएपनि फितलो भयो।

- यस संस्थामा करिब २००० जति कर्मचारीहरु छन् तर तीनको लागि न उपयुक्त तालिमको व्यवस्था छ नत Technology नै छ। जे छ त्यो पनि अति पूरा नो छ र समय सापेक्ष छैन।

**सुधारका प्रयास**

केही समय अघि यसमा समसामयिक सुधार गर्ने प्रयास भने नभएको होइन तर जब जब यस्तो निकाय बनाउन थालिन्छ अनि चर्को विरोध पनि आउन थाल्छ। २०७६ सालमा तत्कालीन सरकारले नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सदनमा प्रस्तुत गर्यो। राष्ट्रिय सभाबाट पारित भई उक्त विधेयक प्रतिनिधि सभामा पुग्यो तर विरोध हुन थाल्यो। पछि शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उक्त विधेयक नै फिर्ता लिए।

केपी ओलीको सरकारले यसलाई पुनःसंरचना गर्न प्रयास गरेको थियो। सोअनुसार सरकारले जासुसी संरचनालाई प्रभावकारी बनाउन प्रयास गर्यो र राष्ट्रिय गुप्तचर ऐन २०८२ शीर्षकको एउटा विधेयक तर्जुमा गरेको थियो। विधेयकमा गुप्तचर सेवामा साधारण समूह, प्राविधिक समूह र विशेष समूह गरी तीनवटा समूहको व्यवस्था गरी एको थियो। विधेयकमा यसका कर्मचारीहरू र एजेन्टहरु मुलुक बाहिर पनि राख्न सक्ने व्यवस्था गरी एको थियो। जसलाई छुट्टै र विशिष्टकृत रुपमा राख्न प्रस्ताव गरी एको थियो। जुन एनआइडी कै रुपमा एउटा स्पेसिफाइड युनिटको रुपमा रहने व्यवस्था गरी एको छ। तर यी सबै प्रयासहरु सफल हुन सकेका छैनन्।

राष्ट्रिय गुप्तचर ऐनमा संसोधन हुन नसक्नुको मुख्य कारण यो ऐन मार्फत सरकार विरोधी र मिडियामा अनावश्यक नियन्त्रण गर्नेछ भन्ने एक प्रकारको त्रास राजनैतिक वृत र मिडियामा रहनु नै हो। फरक अवस्थामा प्रस्तुत भएका विधेयकहरूमा विरोध हुनुको खास कारण भने यसमा रहेको फोन टेपिङ लगायत इन्टरसेप्सनको प्रावधान हो। यस्ता विवादित विधेयकलाई थप प्रस्ट्याउँदै आम नागरी कको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषयमा थप अन्तरक्रिया हुन आवश्यक देखिन्छ। सबै पक्षको सहमतिमा यस प्रकारका विधेयकलाई परिचालन गरी नुपर्दछ।

**समाधान**

प्रविधिको दुरुपयोग गरी आपराधिक कृयाकलाप बृद्धि भै रहेको यस युगमा cyber crime तथा digital

crime मा उल्लेख्य वृद्धि भएको छ। यस परिप्रेक्षमा नेपालमा पनि राष्ट्रिय अनुसन्धान विभाग (NID) मा जिम्मेवारी थपिन गएको छ। त्यसकारण देशलाई एक सक्षम र आधुनिक प्रविधिबाट सुसज्जित अनुसन्धान विभाग अपरिहार्य आवश्यकता हुन पुगेको छ। यसको समाधानका लागि निम्न प्रकारका उपायहरु अवलम्बन गर्न जरुरी छ :

- ❖ समयमै यदि राज्यबाट संस्थाको विद्यमान कानूनी तथा नीतिगत सुधार, सांगठनिक पुनः संरचना जनशक्ति तथा श्रोत साधन उचित व्यवस्थापन, समय सापेक्ष सूचना प्रविधिको उपलब्धता र प्रति-गुप्तचरीको संस्थागत सुरुवातलाई जोड दिएको खण्डमा NID लाई तत्काल राज्यका अपेक्षा बमोजिमका सूचना प्राप्त गर्ने एक सबल, सक्षम र व्यवसायिक संगठनको रुपमा स्थापित गर्न सकिन्छ जुन वर्तमान परिवेशमा अत्यावश्यक र अपरिहार्य पनि छ। यसै सिलसिलामा समय सापेक्ष विभागिय सुधार एवं कार्यक्षेत्र सहजिकरणका लागि "राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" यथाशीघ्र सम्बन्धित सरोकारवाला सबै निकायबाट पारित गरी लागु गर्न अपरिहार्य रहेको छ।
- ❖ आगामी दिनहरुमा यस्ता घटना हुन नदिन मुलुकको एक मात्र इन्टेजीजेन्स संस्था लगायत सबै सुरक्षा निकायहरुमा प्रयाप्त श्रोत विनियोजन आवश्यक रहेको छ।
- ❖ राष्ट्रिय सुरक्षासँग संबन्धित सबै सुरक्षा निकायलाई प्रविधिमैत्री बनाई सो बाट प्राप्त हुने सूचनालाई सबै सुरक्षा निकायको पहुंचमा पुर्याषउनका लागि कार्यकारी प्रमुखको मातहतमा रहने गरी एक उच्च स्तरको Inter Agency Information Sharing Centre को निर्माण गरी नु पर्ने देखिन्छ। यसरी स्थापित unit लाई प्राप्त सूचनाहरु तत्काल जिम्मेवार निकायहरुमा share गरी घटनालाई न्युनीकरण एवं निस्तेज गर्न जिम्मेवार बनाउनु पर्छ।
- ❖ नेपालमा अवकाश प्राप्त अधिकारीहरुलाई राज्यले सक्रिय रुपमा engage गर्ने प्रचलन छैन। त्यस्ता व्यक्तिहरुले आर्जन गरेको शिपलाई र गोप्य सामाग्रीको गोपनीयता बचाई राख्ना पनि तीनलाई कुनै न कुनै रुपमा संलग्न गराइनु पर्छ।
- ❖ राष्ट्रिय सुरक्षा परिषद्मा De-motivated मान्छे पठाइएको छ। त्यहाँ सबैभन्दा बढी motivated मान्छे हुनुपर्ने ठाउँ हो। त्यो अनुसन्धानको ठाउँ पनि हुनुपर्ने हो। सुरक्षा सल्लाहकार, विशेषज्ञ हुनुपर्नेमा राजनीतिसँग सम्बद्ध मानिस राख्ने चलनले संस्थालाई कमजोर गरेको छ। यसमा व्यापक सुधार गरी निस्पक्ष रुपबाट सक्षम व्यक्तिहरु यस संस्थामा पठाउने व्यवस्था अविलम्ब गरी नुपर्छ।
- ❖ विभिन्न प्रकारका संघ/संगठनहरु/ग्रुपले गर्ने सभा सम्मेलनको बारेमा सूचना संकलन गर्न जरुरी छ। यसको आधारमा further strategy बनाइनुपर्छ। सम्बन्धित ठाउँमा सूचना पुग्नुपर्छ। त्यसमा तुरुन्त पहल पनि गरी नु पर्छ। Real Time information sharing हुनुपर्छ।
- ❖ सूचना संकलन गर्न तथा नयाँ प्रविधिको प्रयोग गर्न प्राविधिज्ञ उपलब्ध गराइनुपर्छ र त्यस

सम्बन्धमा तालिम पनि उपलब्ध गराइनुपर्छ। विभिन्न श्रोतबाट उपलब्ध सूचनलाई एक ठाउँबाट संकलन गरेर विश्लेषण गर्ने व्यवस्था हुनुपर्छ।

- Inter-agency coordination राम्रो हुनु जरुरी छ।
- Social Media मा आउने disinformation मा लगातार निगरानी गरेर नियन्त्रण पनि गर्नुपर्छ।
- MDH (Misinformation, Disinformation, Hate speech) को विरुद्दमा counter narrative राज्यले गर्नु पर्छ ताकि जनतामा सही सूचना पूरा उन सकियोस्। यो प्रचलन अन्य देशमा पनि छ। सरकारले यस प्रकारको mechanism बनाउन र यसमा लगानी गर्न अति आवश्यक छ।
- सूचनामा कमजोर रहेको राष्ट्रिय अनुसन्धान विभागले पठाएको सिलवन्दी खामहरु प्रधानमन्त्री कार्यालयमा खोलिएन भन्ने समाचार देखियो। मुख्य सचिवको तोडफोड भएको पुरानो कार्यकक्षमा २०८२ असारमा विभागले पठाएका सिलवन्दी खाम त हामीले आयोगको कार्यालय त्यहाँ राख्दा फेला पारेका थियौं। यसबाट गुप्तचरले पठाएको सूचना पनि नहेरिने गरेको देखिन आयो।

**ङ. नेपाली सेनाः**

संविधानको धारा २६६ ले नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धि नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष र रक्षा मन्त्री, गृह मन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री, मुख्य सचिव र प्रधान सेनापति सदस्य रहने गरी राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था गरेको छ।

धारा २६७ अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेनाको गठन गरेको छ। सोही धाराको उपधारा (६) मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा गर्न सक्ने व्यवस्था उल्लेख गरी एको छ।

उपरोक्त उल्लिखित संवैधानिक प्रावधानको अधीनमा रही नेपाली सेना सम्बन्धी कानून हाल सैनिक ऐन २०६३ अस्तित्वमा रहेको छ। ऐनको दफा ४ मा नेपाली सेनाको स्थापना र व्यवस्थाको बारेमा स्पष्ट पार्दै नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेनाको स्थापना गरी ने छ भनी प्रस्ट उल्लेख गरेको छ।

सैनिक ऐन २०६३ को दफा ६ (३)(क) ले नेपालको संविधानमा उल्लेखित कामको अतिरिक्त राष्ट्रिय सुरक्षा परिषद्ले नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोग सम्बन्धि नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने समेत उल्लेख गरेको छ।

भाद्र २३ गते सुरु भएको Gen-Z समूहको शान्तिपूर्ण हुने भनिएको आन्दोलन मण्डलामा सुरु भै एभरेष्ट होटेल बानेश्वर पुग्दा अशान्त भै सकेको थियो। शान्तिपूर्ण प्रदर्शनको प्रकृति र आंकलन फेरिदै र बढ्दै गएपछि यो भीडमा परिवर्तन हुन गई अनियन्त्रित हुन पुग्यो। परिस्थितिको गाम्भीर्यतालाई बुझी केही Gen-Z नेताले आन्दोलन फिर्ता लिएको घोषणा पनि गरे। त्यसपछि पनि आन्दोलन शान्त हुनुको सट्टा झन उग्र बन्दै गयो र बानेश्वर चौकमा पुगुन्जेल चारैतिरबाट विभिन्न ग्रुपहरु सामेल हुन पुगे र संसद परिसरमा आक्रमणको प्रयास सुरु भयो। प्रहरीले यसलाई नियन्त्रण गर्न barricade राख्ने देखि, पानिका फोहर हान्ने, Tear gas हान्ने र हवाईफायर गर्दा पनि भीड control नहुने देखेर फायर नै खोल्यो। परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा राखेर काठमाडौंका प्रमुख जिल्ला अधिकारीले कर्फ्यू लगाउन आदेश दिएको देखिन्छ। यस घटनामा खासगरी संसद भवन वरपर परिस्थिति बिग्रिएपछि सेनाका जवान २ ट्रकमा आएको तर सैनिकहरु ट्रक वाहिर निस्कन नसकि फिर्ता गएको र पछि प्रहरीले escort गरी साँझतिर ल्याएको र रातभरि सेना संसद परिसरमा रहेको देखिन्छ।

सामान्यतया सेनाको स्थानीय प्रतिनिधि पनि जिल्ला सुरक्षा समितिमा रहने व्यवस्था स्थानीय प्रशासन ऐनको दफा ६(७) मा रहेको र कर्फ्यू लागेपछि सेना परिचालन भई शान्ति सुरक्षामा सहयोग पुग्ने गरेको विगतको प्रचलनले देखाउँछ। २०४६ सालमा पनि (गृह मन्त्री कमल थापा रहँदा) प्रमुख जिल्ला अधिकारीले कर्फ्यू आदेश जारी गरेपछि सेना परिचालन भएको इतिहास छ। करिब ९ दिन चलेको त्यस घटनामा पनि १९ जना व्यक्तिले ज्यान गुमाएका थिए। भाद्र २३ गतेको घटनामा सेनाको यथेष्ट सहयोग किन प्राप्त भएन भन्ने प्रश्न अनुत्तरित नै रहेको छ।

दोश्रो दिन २४ भाद्रमा पनि कर्फ्यू जारी गरी एको थियो त्यस दिन पनि सेना परिचालन भएन फलस्वरुप नेपालले इतिहासमै नभोगेको देशभर आगजनी, लुटपाट र तोडफोडको घटनाहरु भए। २४ गते विध्वंसको घटनाहरुमा सेनाकै संरक्षणमा रहेका सिंहदरबार परिसर र राष्ट्रपति भवन समेत आगजनी तोडफोड भई क्षतविक्षत हुँदा सम्म सेनाको भूमिका करिब निस्कृय जस्तै रह्यो। देश अति कष्टकर समयबाट गुज्रिरहेको समयमा सेनाबाट शान्ति सुरक्षा स्थापनामा ठूलो सहयोग पुग्ने जन

अपेक्षा थियो तर सेनाबाट सहयोग समयमै प्राप्त नहुँदा देशले ठूलो क्षति बेहोर्नु पर्यो भन्ने जन गुनासो छ।

सुरक्षा नीति २०७३ को दफा २.३.२.४ मा सेनाले गर्नुपर्ने कार्यहरु मध्ये आवश्यकता अनुसार महत्वपूर्ण र संवेदनशील स्थानहरुको सुरक्षा गर्ने भनी स्पष्ट पारेको छ। सिंहदरबार र राष्ट्रपति भवन महत्वपूर्ण र संवेदनशील स्थान हुन्। यिनको सुरक्षा गर्न सेना तैनाथ गरी एको छ। २४ गतेको घटनामा सेनाले ती महत्वपूर्ण स्थान लागायत अन्य महत्वपूर्ण सरकारी संरचनाहरुको सुरक्षा गर्न नसकेको देखिन्छ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(२) ले प्रमुख जिल्ला अधिकारीलाई आफ्नो कार्यक्षेत्रभित्र कुनै हिंसात्मक कार्य वा हुलदङ्गा हुने आसंका भएमा त्यसलाई रोक्न graduated process अपनाई रोक्न प्रयास गर्नुपर्छ। त्यसका लागि प्रहरी परिचालन गर्न सक्छ। स्थिति विग्रिदै गएमा सम्झाई बुझाई गर्ने, नसकेमा अश्रुग्रास, फोहरा हान्ने, त्यसले पनि शान्ति कायम नभए घुडामूनी गोली चलाउन आदेश दिन सक्छ तर गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यस सम्बन्धी कारण तथ आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार नेपाली सेनाको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ। यसले स्थानीय प्रशासन ऐन को दफा ६(२) दंगाग्रस्त क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीले शान्ति स्थापन गर्न नसक्ने भएमा "सेनाको सहयोग लिन सक्ने" भन्ने व्यवस्थाले कुन हद सम्म सेनाको संलग्नता सुनिस्थित गर्छ भन्ने प्रष्ट हुन नसकेको देखिन्छ। तर दंगाग्रस्त क्षेत्र भने घोषणा गरी एको थिएन।

संवैधानिक व्यवस्था अनुसार Army लाई संकटकालमा मात्र प्रयोग गर्न सकिन्छ। तर स्थानीय प्रशासन ऐनमा नेपाली सेनाको सहयोग लिन सक्ने प्रावधानले सेनाको भूमिका खुकुलो गरेको देखिन्छ। यो व्यवस्था संविधानमा गरी एको व्यवस्थाको पूरक छ अथवा संविधानको भावना विपरीत छ स्पष्ट गरी नु जरुरी छ। यसका लागि ऐनमा संशोधन गर्न जरुरी छ।

त्यस्तै सैनिक ऐनको दफा ६(३)क मा नेपालको संविधानमा उल्लेखित कामको अतिरिक्त राष्ट्रिय सुरक्षा परिषदको काम कर्तव्य तथा अधिकार अन्तर्गत नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगमा सम्बन्धित नीति, योजना, तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था गरी एको छ। सैनिक ऐनको यही व्यवस्था अनुसार परिषदले राष्ट्रिय सुरक्षा नीति २०७३ बनाई कार्यान्वयन गरेको छ। उक्त सुरक्षा नीति २०७३ को दफा ३.३.२.१मा स्थानीय प्रशासनको नियन्त्रण भन्दा

बाहिरको परिस्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षा कायम गर्न सहयोग गर्ने भन्ने उल्लेख गरी एको छ तर यस निर्देशिकामा पनि सैनिकले गर्ने सहयोगको स्वरुप कस्तो हुने भन्ने स्पष्ट नभएकोले सेनाले कस्तो प्रकारका सहयोग गर्ने भन्ने स्पष्ट व्यवस्था हुन जरुरी छ।

**<u>विद्यमान समस्या</u>**

- २३ र २४ गते भाद्रको घटनाहरुमा सुरक्षा संयन्त्रका तीनवटै अंगहरु विच coordination (समन्वय) को ठूलो समस्या देखियो। यस अस्पष्टता (ambiguity) का कारण राज्य र जनताले ठूलो मूल्य चुकाउनु परेको छ।
- २३ गतेको घटनापछि सोही साँझ बसेको सुरक्षा परिषद्को बैठकले संकटकाल घोषणा गर्न नसक्नु ठूलो गल्ती थियो। प्रधानमन्त्रीले सुरक्षा परिषद्लाई seriously नलिँदाको परिणाम समयमै इमर्जेन्सी लागु गरी एन र भाद्र २४ गते देशभर ठूलो धनजनको क्षति हुन पुग्यो। कानूनमा स्पष्ट उल्लेख छ कि राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्री मण्डलको निर्णयमा राष्ट्रपतिले emergency घोषणा गर्न सक्दछन्। प्रधानमन्त्रीको एकल निर्देशनमा सेना परिचालन नहुने कुरा संविधानमा नै निर्दृष्ट छ यद्धपि, यस्ता विषयमा प्रधानमन्त्रीको भूमिका अहम हुन्छ।
- भदौ २३ दिउँसोको घटना पछि राती बसेको राष्ट्रिय सुरक्षा परिषद्को वैठक पछि सेनाको आग्रह बमोजिम २४ गते बिहान ५ बजेदेखिनै कर्फ्यू लगाउने सहमती भएकोमा बिहान ५ बजेसम्म मात्र कर्फ्यू लगाइयो। कर्फ्यूमा निरन्तरता नगरी एकाले बिहानदेखिनै प्रदर्शनकारीहरु सवैतिर जम्मा हुन थालेका। अनि मात्र ८। ३० बजेबाट कर्फ्यू लगाइएको कारणले २४ गतेको सेना बिहानबाट निस्कन पाएन भन्ने सेनाको भनाइ रहेको पाइयो।
- संविधानको धारा २६६ (३) मा सुरक्षा परिषद्ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्न र राष्ट्रपतिले उक्त प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्न लगाउने व्यवस्था छ। तर किन देशको प्रतिनिधि संस्था राज्य व्यवस्था समितिमा कहिल्यै उक्त प्रतिवेदनमाथि छलफल हुँदैन। यस्ता document छलफल हुँदा आवश्यक र समयानुकूल सुधार गर्न सकिन्छ।
- सुरक्षा व्यवस्थाको audit system पनि छैन।
- सिंहदरबार भित्र एउटा operational center पनि छैन।
- Vital installation को outer boundary को सुरक्षा (खासगरी सिंहदरबार र राष्ट्रपति भवन) सेना को हो। २४ भाद्र को घटनामा यी installations जलाइयो र त्यहाँ भएका महत्वपूर्ण कागजात र सामान जलाइयो। यिनको सुरक्षा हुन सकेन यसमा सेना आफ्नो जिम्मेवारीमा चुकेको भन्ने आरोप लागेको पाइन्छ।

## सुझावहरु

- राष्ट्रिय सुरक्षा परिषद्मा सुरक्षा सम्बन्धी research cell को व्यवस्था हुनुपर्छ। साथै एकजना अनुभवी सुरक्षा विशेषज्ञलाई सुरक्षा सल्लाहकार को रुपमा नियुक्त गरी नुपर्छ। "सुरक्षा सल्लाहकार" एक महत्वपूर्ण पदको रुपमा स्थापित गरी नुपर्छ। राष्ट्रिय सुरक्षा परिषद्ले लिने निर्णयमा सुरक्षा सल्लाहकारको भूमिका महत्वपूर्ण हुन्छ।
- सुरक्षाको सवालमा सेना र प्रहरीको एक अर्कासँग अन्तर्सम्बन्ध हुन्छ। प्रहरीले प्रभावकारी भूमिका खेल्न सक्यो भने सेनाको Role खासगरी आन्तरिक सुरक्षामा धेरै कम हुन्छ। प्रहरीलाई सवलीकरण गर्न सेना र प्रहरी officers को joint training को व्यवस्था हुनु पर्छ। सेनाले प्रहरीका जवानलाई पनि तालिम दिने प्रबन्ध मिलाइनु पर्छ।
- सेना परिचालन सम्बन्धमा "स्पष्ट सुरक्षा नीति" राष्ट्रिय सुरक्षा परिषद्ले बनाउनु पर्छ। राष्ट्रिय चुनौती भनी सुरक्षा नीतिले इंगित गरेका विषयमा मात्र सेना परिचालन गरी नु पर्छ।
- सेना संकटकालमा मात्र 'Mobilize' हुन्छ। सेना Mobilize हुँदा बन्दुक खोल्ने गरी निस्किन्छ। तर कहिले काही सेना सुरक्षाको लागि पनि 'Deploy' गरी न्छ। सेना Deploy गरी दा सेनाले आफ्नो आत्म रक्षाको लागि बाहेक गोली चलाउदैन। यसरी deploy गरी दा त्यसको demonstrative effect भै शान्ति स्थापनामा मदत पुग्न जान्छ। यदि स्थानीय प्रशासन ऐनमा सेनाको सहयोगको तात्पर्य demonstrative effect को लागि मात्र हो भने सो कुरा ऐनमा स्पष्ट उल्लेख हुनु पर्छ।
- Cyber security बैंकिङ्ग क्षेत्र अथवा सरकारको data protection मात्र नभएर रणनीतिक हिसाबले पनि महत्वपूर्ण छ। नेपालमा Army/Police सँग cyber defensive mechanism छैन जे जति छ त्यो यथेष्ट छैन। राष्ट्रिय सुरक्षाको लागि Army र Police, Armed Police ले बढीमा १५० जना जतिको प्रशिक्षित (well trained) cyber manpower तयार गर्नु पर्छ। यस प्रकारको प्रशिक्षित जनशक्ति तयार हुँदा आउने दिनमा सुरक्षामा देखिएका चुनौती समयमै पहिचान गर्न र तीनका निदानका उपाय suggest गर्नमा ठूलो मदत पुग्न जाने हुन्छ।
- नेपालमा Joint Management Assessment Centre (JMAC) को व्यवस्था छैन। यो व्यवस्थाले नेपालको सुरक्षा व्यवस्थामा integrated approach अपनाई सुरक्षा चुनौतीको समयानुकूल मूल्यांकन गरी आवश्यक रणनीति तयार गर्न सक्छ।
- स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(२) मा सेनाको सहयोग लिन सक्ने र संविधानको धारा २६७(६) को बीचको अस्पष्टलाई सुस्पष्ट पारिनु पर्छ।
- सुरक्षाका तीनै अंगविच हुनु पर्ने सहकार्यमा देखिएको अस्पष्टताले निम्त्याएको भाद्र २३ र २४ गतेका घटनाहरुमा हुन पुगेको धनजनको क्षतिबाट पाठ सिक्दै अवका आउने दिनमा यस्तो नहोस र राज्यका Security apparatus लाई समयमै mobilize गर्न सकियोस् भन्नका

लागि कुन कुन अवस्थामा प्रहरी, सशस्त्र प्रहरी र सेना परिचालन हुने र कुन अवस्थामा कस्को कमाण्ड हुने भन्ने स्पष्ट व्यवस्था हुनु पर्छ र यसका लागि एक standard operating procedure (SOP) लागु गरी नु पर्छ।

- ❖ सुरक्षा व्यवस्थाको Audit हुनु पर्छ।
- ❖ सिंहदरबार भित्र एउटा operational center पनि हुनु पर्छ।
- ❖ सेनाले सुरक्षा दिने संवेदनशील ठाउँ र महत्वपूर्ण ठाँउ कुनकुन हुन प्रष्ट पारिनुपर्छ र ती Vital installations मा सैनिकले दिने सुरक्षाको हद(Limit) कति सम्मको हो भनी कानूनमै स्पष्ट व्यवस्था गरी नुपर्छ।
- ❖ सेनाले स्थानीय प्रशासनको नियन्त्रण भन्दा बाहिरको परिस्थितिमा स्थानीय प्रशासनले सेनाको सहयोगमा माग गरेमा आन्तरिक सुरक्षा कायम गर्न के कस्तो सहयोग गर्ने भन्ने स्पष्ट रुपमा सुरक्षा नीतिमा उल्लेख हुनुपर्छ। सैनिक ऐनमा नै यो व्यवस्था स्पष्ट रुपमा व्यवस्था गर्ने हो भने अँझ स्पष्ट हुने देखिन्छ।
- ❖ सबै सुरक्षा निकायको र संयन्त्रको वारेमा विस्तृत अयध्यन गरी सुरक्षाका सवै अंग, गृह प्रशासन, रक्षा मन्त्रालयका प्रतिनिधि र रक्षा विशेषज्ञहरु सम्मिलित एक कार्यदल गठन गरी उक्त कार्यदलले दिने सुरक्षासित सम्बन्धित सुझाव कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

**<u>प्रमुख जिल्ला अधिकारीको काम कर्तव्य र अधिकारको सम्बन्धमाः</u>**

स्थानीय प्रशासन ऐन २०२८ को दफा ५ ले प्रमुख जिल्ला अधिकारीको काम कर्तव्य र अधिकारहरुमध्ये "जिल्लाको शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने" भनी वृहत अधिकार प्रदान गरेको छ। त्यस अतिरिक्त नेपाल सरकारले समय समयमा दिएको आदेश वा निर्देशन अनुसार अन्य काम कारबाही गर्ने भनी प्र.जि.अ. ले गर्ने कार्यको दायरा अझ फराकिलो गरेको छ। सोही ऐनको दफा ६ ले जिल्लामा फरक फरक प्रकारका शान्ति सुरक्षासँग सम्बन्धित situation सँग deal गर्न विभिन्न प्रकारका आदेश जारी गर्न सक्ने र सुरक्षाका विभिन्न अंगसँग निश्चित अवस्थामा सहयोग लिन सक्ने व्यवस्था गरेको छ।

उक्त ऐनको दफा ६ (१)(क) मा कुनै सभा, जुलुस हिंसात्मक/विध्वंसात्मक भई शान्ति भंग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेमा सम्बन्धित ठाउँमा आफैं गई वा आफू मातहतका अधिकृत पठाई सम्झाई बुझाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रु ग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जे गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गराउने भनी प्र.जि.अ लाई व्यापक अधिकार दिइएको छ।

त्यसैगरी दफा ६ (१)(ख) मा शान्ति सुरक्षा कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भीडलाई हटदैनौ भने गोलीचलाइने छ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडामुनी पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिनु पर्ने भन्ने व्यहोराको अधिकार प्र.जि.अ. लाई दिइएको छ। यदि समयले नभ्याई मौखिक आदेश दिनु परेमा समय पाउना साथ बढीमा २४ घण्टा भित्र सो आदेशलाई लिखित रुपमा समर्थन गर्नु पर्ने प्रावधान सोही दफाको उपदफा (घ) मा उल्लेखित छ।

दफा ६ १)(ङ) ले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यका लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्ने व्यवस्था गरेबाट शान्ति सुरक्षाका सवालमा प्रहरी प्र.ज.अ. को प्रत्यक्ष नियन्त्रणमा रहेको प्रष्ट छ।

उक्त ऐनेको दफा ६(२) मा आफ्नो अधिकार क्षेत्र भित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भै रहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मदतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यस सम्बन्धी कारण तथा अधिकार खुलाई निजले स्थानीयबाट नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार नेपाली सेनाको मद्दत माग्न सक्नेछ भनी प्र.जि.अ.लाई थप अख्तियारी दिएको छ। त्यसरी सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत मागेकोमा मन्त्रालयलाई चौविस घण्टा भित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्ने Mandatory व्यवस्था गरेको छ।

सोही ऐनको दफा ६ को उपदफा ७ ले प्रत्येक जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुऱ्याउन प्रमुख जिल्ला अधिकारी अध्यक्ष र नेपाली सेनाको स्थानीय प्रमुख, जिल्ला प्रहरी कार्यालयको प्रमुख, सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख, राष्ट्रिय अनुसन्धान विभागको जिल्ला स्थित कार्यालय प्रमुख सदस्य रहने र सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव रहने गरी जिल्ला सुरक्षा समिति रहने व्यवस्था गरेको छ। उक्त समिति शान्ति सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पूरा उने उद्देश्यले गठन गरी एको भनी उक्त दफा मा नै स्पष्ट उल्लेख गरी एको छ।

ऐनको दफा ६क(१) मा जिल्ला भित्र कुनै ठाउँमा आन्दोलन वा हुलदङ्गा भई शान्ति भंग हुन जाने देखिएमा परिस्थितिको विचार गरी आवश्यक भएमा सीमाना तोकी कसैले आवत जावत गर्न, भेलाहुन

र तोकेको अन्य काम गर्न नपाउने गरी कर्फ्यू लगाउन सक्ने आदेश प्र.जि.अ. लाई दिएको छ। त्यसैगरी कर्फ्यूको आदेश दिदा प्र.जि.अ.ले सो आदेश, कर्फ्यू लाग्ने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीको लागि प्रचार गर्नु पर्दछ।

ऐनको दफा ६ क (४) मा कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्ने अधिकार प्र.जि.अ. लाई दिइएको छ। त्यस्तो स्थितिमा प्रहरीलाई गोली चलाउन आवश्यक परेमा गोली चलाउनु भन्दा अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्याँस, फोहरा वा हवाई फायर गर्नु पर्नेछ। त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ। त्यसरी चेतावनी दिँदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ भनी अख्तियारी दिएको छ। कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्ने वित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको नमानिने पनि व्यवस्था गरेको छ।

ऐनको दफा ६ ख(१) ले कुनै क्षेत्रमा जुलुस, भीड वा संगठित समूहले हातहतियार समेत लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाही द्वारा हुन सक्दैन भन्ने लागेमा प्र.जि.अ.ले उक्त क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्ने अख्तियारी दिएको छ। दंगाग्रस्त क्षेत्र घोषित गरी सकेपछि त्यस्तो क्षेत्रमा लुटपाट गर्ने वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमको हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने वित्तिकै गोली प्रहार गर्ने अख्तियारी दिएको छ (दफा ६ ख (१) (ख))। त्यस्तो क्षेत्रमा कर्फ्यू लगाउन आदेश दिन सक्ने र त्यस्तो गतिविधि रोक्न आवश्यक देखेमा नेपाली सेनाको सहयोग लिने व्यवस्था पनि उक्त दफामा गरी एको छ। (दफा ६ ख (१)(झ)

आवश्यक वस्तु संरक्षण ऐन २०१२ (संसोधन २०४८) को दफा ६ ले यस ऐनले निषेध गरेको कार्य गर्ने व्यक्तिलाई प्रक्राउ गर्न खोज्दा हुल हुज्जत गरी भाग्न उम्कन खोज्यो भने भरसक घुँडा मुनी हातहतियार चलाई वा गोली हानी प्रक्राउ गर्नु पर्छ भनी उल्लेखित छ। "यसरी पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन" भन्ने व्यवस्था गरेको छ।

मुलुकी अपराध संहिता २०७४ को दफा ६ ले कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिने छैन भनी फौजदारी न्यायका सामान्य सिद्धान्त मध्ये एक मानेको छ।

संहिताको दफा २४ ले निजी रक्षाको व्यवस्था गरेको छ। यस दफा अन्तर्गत प्रत्येक व्यक्तिलाई आफ्नो वा अरु कसैको जीउ, ज्यान वा सम्पत्ति कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुनेछ। तर निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरु कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिबाट बचाउन सकिदैन भन्ने मनासिव विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिक कारण भएमा मात्र प्रयोग गर्नु पर्ने व्यवस्था गरेको छ। बल प्रयोग गर्दा आवश्यक पर्ने मनासिब बल भन्दा बढी बल प्रयोगमा भने दफा २५ को उपदफा (३) ले रोक लगाएको छ।

संहिताको दफा २६ ले निजीरक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार नहुने उल्लेख गरेको छ तर यसका केही प्रावधानहरु छन् जस अन्तर्गत केही अरुको ज्यान जान सक्छ। यस दफा को उपदफा (२) को क देखि च सम्म त्यस्तो व्यवस्था गरी एको छ। खासगरी (च) मा कुनै व्यक्तिको व्यक्तिगत सुरक्षा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको संगठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेमा कसैको ज्यान गएमा त्यस्तो काम कसूर मानिने छैन भनी उल्लेख गरेको छ।

<u>स्थानीय प्रशासन ऐनमा लगायत अन्य ऐनमा देखिएका अस्पष्टता</u>

- स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(१)(क) मा शान्ति कायम गराउन सम्झाई बुझाई गराउँदा पनि शान्ति कायम हुन नसके प्रहरीको मदतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार “जे गर्नु पर्ने” बल प्रयोग गरी भन्ने वाक्यांस प्रयोग भएको छ। यस वाक्यांशले परिस्थिति अनुसार माथि सुझाइएका बल प्रयोगको modality मध्ये कुनै एउटा वा एक भन्दा बढी प्रकारका बल प्रयोगका साधन प्रयोग गर्ने भन्ने बुझिन्छ। तर कुन परिस्थितिमा सम्झाउने बुझाउने कार्य गर्ने कुन परिस्थितिमा लाठी चार्ज गर्ने, कुन परिस्थितिमा फोहरा हान्ने र कुन अवस्थामा हवाई फायर गर्ने भन्ने स्पष्ट निर्देशन दिइनु पर्नेमा सो नदिएको देखिन्छ। परिणाम स्वरुप बल कार्यान्वयन इकाईलाई कुन अवस्थामा कुन प्रकारको बल प्रयोग गर्ने भन्न स्पष्ट

नभई अन्योलको स्थिति हुन सक्छ।

- ❖ सोही-ऐनको दफा ६(१)(ख) मा शान्ति सुरक्षा कायम गर्न नसकिने भै गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भीडलाई "हटदैनौ भने गोली चलाइने छ" भनी स्पष्टसँग सो भीडले बुझ्नेगरी चेतावनी दिने र त्यत्ति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्‍यो भने "घुडामनी पारी गोली चलाउनको निमित्त आदेश लेखिदिनु पर्छ" भनी प्र.जि.अ.लाई अख्तियार दिएको छ। यहा दफा ६ (१)(क) को अवस्था पछि मात्र दफा ६(१)(ख) को अवस्था लागु हुने हो अथवा दुवै स्वतन्त्र रुपमा लागु हुन्छन् भन्ने ऐनमा स्पष्ट रुपमा उल्लेख नभएता पनि बल कार्यान्वयन गर्ने अधिकारीले (क) मा गरी एको व्यवस्था अनुसार स्थिति नियन्त्रणमा नआए मात्र (ख) को व्यवस्था लागु हुने भन्ने बुझी सोही अनुसार ऐनको उक्त दफाहरु लागु गर्ने गरेको पाइन्छ। अतः शान्ति सुरक्षाको प्रदर्शन/भीडका विभिन्न अवस्थालाई आंकलन गरी कुन बल कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था हुन जरुरी छ।
- ❖ उक्त ऐनको दफा ६(१)(ङ) ले शान्ति सुरक्षा कायम गर्नका लागि जिल्ला प्रहरी कार्यालयले "प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशन" मा रही काम गर्नु पर्ने व्यवस्था गरेको छ। यस प्रकारको व्यवस्थाले जिल्लाको सुरक्षा कायम गर्ने सवालमा अरु कसैको भन्दा पनि प्र.जि.अ. को आदेश सर्वोपरी रहने भन्ने बुझिन्छ। यसरी हेर्दा प्रहरीको कमाण्ड स्ट्रक्चर भन्दा प्रहरीको आदेश prevail रहने कानूनी व्यवस्था रहेको बुझ्नु पर्ने हुन आउँछ।
- ❖ सोही ऐनको दफा ६(२) मा आफ्नो क्षेत्राधिकार भित्र कुनै ठाउँमा गम्भीर अशान्ति भएमा वा हुन सक्ने भएमा त्यस्तो स्थिति प्रहरीले मात्र नियन्त्रण गर्न नसक्ने भएमा प्र.जि.अ ले नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार नेपाली सेनाको "मदत माग्न सक्ने छ" भनी उल्लेख भएको छ। यहाँ यो उल्लेख गर्न आवश्यक छ की सशस्त्र प्रहरीको सहयोग माग्दा र प्रहरी सहयोगमा आउँदा त्यस्को command structure कस्तो हुनु पर्ने भन्ने स्पष्ट उल्लेख हुनु पर्ने त्यो कुरा ऐनमा देखिदैन। अर्को सेनाको मदत माग्न सक्ने भन्ने शब्दावली प्रयोग भएको छ तर सेनाको सहयोगको modus operandi के हुनु पर्ने हो भन्ने निश्चित गरी एको देखिदैन। सेना सामान्यतया emergency घोषणा भएपछि मात्र full force मा आउँछ तर ऐनमा गरी एको उपरोक्त व्यवस्थाले कुन प्रकारको सहयोगको अपेक्षा गरेको हो र प्र.जि.अ ले अपेक्षा गरेको त्यस्तो सहयोग सेनालाई बाध्यकारी छ अथवा छैन भन्ने कुरा ऐनमा स्पष्ट गरी नु जरुरी छ।
- ❖ ऐनको दफा ६(७) ले प्रत्येक जिल्लामा शान्ति "सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुर्‍याउन" जिल्ला सुरक्षा समिति रहने व्यवस्था गरेको छ। सामान्यतया व्यवहारमा हेर्दा जिल्लामा शान्ति सुरक्षा सम्बन्धी समस्या आउदा प्र.जि.अ को कार्यकक्षमा सवै जिल्ला

सुरक्षा प्रमुख तथा तीनले खटाएका व्यक्तिहरु संगै बसी परिस्थितिको आंकलन गरी प्र.जि.अ द्वारा निर्णय गर्ने गरी न्छ र सबै सुरक्षा अंगको उक्त decision मा tacit consent देखिन्छ। तर कानूनी रुपमा हेर्दा जिल्ला सुरक्षा समिति एक Advisry cmmittee जस्तो मात्र देखिन्छ। यस उपदफामा “सहयोग” भन्नाले कुन कुन अवस्थामा कस्तो सहयोग प्र.जि.अ. लाई दिने भन्ने स्पष्ट देखिदैन। यो स्पष्ट गरी प्रत्येक सुरक्षा निकायको जिम्मेवारी निश्चित गरी नु पर्छ। उक्त सुरक्षा समितिमा रहने सशस्त्र प्रहरी र सेनाका प्रतिनिधिले आफ्नो superior command बाट पनि समर्थन लिनु पर्ने भएकोले सो व्यवस्था पनि स्पष्ट रुपमा ऐनमा उल्लेख गरी परिस्थिति सुहाउँदो निकास सुरक्षा निकायहरुबाट real time मा पाउने गरी व्यवस्था गर्न जरुरी छ।

- जिल्ला प्रशासन ऐन २०२८ मा गोली नै चलाउनु पऱ्यो भने शिलसिलेवार तरीका (grauated pr0cess) अपनाइनु पर्ने बाध्यात्मक व्यवस्था छ तर गोली self protection मा मात्र चलाउन पाउने भन्ने कही उल्लेख गरी एको छैन। अन्य Jurisdiction मा नागरी क माथि गोली चलाउदा self defense (आत्म रक्षा) मा मात्र गोली चलाउन पाउने बाध्यात्मक व्यवस्था छ। आत्मरक्षा भन्नाले कुनै व्यक्ति माथि वा निजको संरक्षणमा रहेको अन्य कुनै व्यक्ति वा निजले संरक्षण गरी रहेको सम्पत्ति/विल्डिङ आदी नास हुने अवस्थामा गोली चलाउन पाउने अवस्थालाई जनाउँछ। जिल्ला प्रशासन ऐनमा शान्ति व्यवस्था कायम राख्न गोली चलाउन सक्ने सम्मको अधिकार दिएको छ। तर आत्मरक्षामा गोली चलाउने भन्ने स्पष्ट व्यवस्था छैन। यसको अर्थ उक्त ऐनले self defense मा मात्र गोली चलाउन पाउने भन्ने condition राखेको छैन।
- मुलुकी अपराध संहिताको दफा २४ ले आत्मरक्षा भन्ने शब्दावली प्रयोग नगरी “निजी रक्षा” भनी व्यवस्था गरेको छ। जस अन्तर्गत प्रत्येक व्यक्तिलाई आफ्नो वा अरु कसैको ज्यान वा सम्पत्ति कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुनेंछ भन्ने व्यवस्थाले “निजी रक्षा” को परिभाषालाई विस्तृत रुपमा आत्मसात गरेको छ। यस दफामा गरी एको व्वस्थाले imminent threat को सिद्धान्तलाई पनि स्विकारेको छ। बल प्रयोग गर्दा proportionate (मनासिव) रुपमा मात्र लागु गर्नु पर्ने व्यवस्था सोही ऐनको दफा २५ मा छ।
- मुलुकी अपराध संहिताको दफा २६(२)(च) र आवश्यक वस्तु संरक्षण ऐन २०१२ को दफा ६ को व्यवस्थाले सरकारी वा सरकारको स्वामित्वमा भएका अर्धसरकारी वा सरकारको नियन्त्रणमा रहेको सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्दा कसैको ज्यान गएमा त्यस्तो काम कसूर मानिने छैन भनी उल्लेख गरेको छ। संहिताको र आवश्यक वस्तु संरक्षण ऐनको उपरोक्त दफाहरुमा

भिन्नता के मात्र छ भने संहिताको प्रावधान कुनै व्यक्तिको सुरक्षामा पनि लागु हुन्छ भने आवश्यक वस्तु संरक्षण ऐन आवश्यक वस्तु भनी किटान गरी एका वस्तुको संरक्षणमा मात्र लागु हुन्छ। माथि उल्लेख गरी एका कानूनी प्रावधानलाई आधार बनाई २३ भाद्रमा काठमाडौंका प्र.जि.अ. र २४ गते देशै भरीका प्र.जि.अ हरु र सुरक्षा निकायले विभिन्न कारवाही गरेको देखिन्छ।

**२०६२/६३ को जनआन्दोलन, तराई/मधेश आन्दोलन लगायतका अन्य प्रदर्शनको सम्बन्धमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय आयोगको सिफारिस कार्यान्वयनको अवस्थाः**

नेपालमा २०६२/२०६३ सालमा भएको जनआन्दोलन जुन राजतन्त्र र तत्कालीन राज्य व्यवस्था विरोधी थियो। साथै तत्कालीन राज्य सत्ता विरोधी मधेश आन्दोलन र अन्य जन प्रदर्शनको क्रममा सत्यतथ्य पत्ता लगाउनको लागि नेपालस्थित संयुक्त राष्ट्रसंघीय आयोगले गरेको सिफारिस बमोजिम उल्लेखित आन्दोलनमा पनि सुरक्षा निकायहरुले सिलसिलेबार बल प्रयोगको सिद्धान्तको पालना नगरेको, जिम्मेवारी बहनको विषयमा साथै देहायगत रुपमा निकायगत सुधारका क्षेत्रहरु सिफारिस गरेको थियो।

- ❖ नेपालका सुरक्षा निकायहरुमा भीड नियन्त्रण गर्न अनुभवको कमी, सुरक्षाकर्मीको संख्यामा कमी, तालिमको कमी र अत्यावश्यक साधनको कमी भएको।
- ❖ प्रदर्शनको क्रममा भीड नियन्त्रणमा खटिएको सुरक्षाकर्मीहरुले जथाभावी रबरको गोली प्रहार गरेको। १४ वर्ष मुनिका नाबालकलाई समेत गोली लागि घाइते भएको र घटनामा ज्यादति भएको।
- ❖ शक्ति प्रयोग गरी मानिसको मृत्यु भएमा माथिल्लो अधिकारीलाई तुरुन्त जाहेर गर्नुपर्नेमा गरेको नपाइएको।
- ❖ सुरक्षा निकायबीच समन्वयको अभाव, गृह मन्त्रालयलाई सूचना समयमा नदिएको।
- ❖ गोली हान्नु पूर्व सुरक्षाका सबै प्रकृया पूरा नगरेको, प्र.जि.अ.बाट आदेश नलिएको।
- ❖ स्थानीय प्रशासन ऐन, २०२८। आवश्यक वस्तु संरक्षण ऐन,२०१२ को प्रयोगमा भएका कमजोरीहरुको सुधार गर्नुपर्ने।
- ❖ मानव अधिकार उल्लङ्घन र जवाफदेहिता रहेको।
- ❖ अनावश्यक रुपमा घातक हतियारको प्रयोग भएको भनी सुधारको लागि सिफारीस गरीएको।

मिति २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा समेत माथि उल्लेखित सिफारिसहरु बमोजिमका कमजोरीहरुनै देखिएका छन्। तत्कालीन समयमा सार्वजनिक उत्तरदायित्वमा रहेका व्यक्तिहरुसँगको सोधपुछ/बयानबाट समेत उक्त विषय प्रष्ट भएको छ। तसर्थ,

विगतमा आयोगले गरेका सिफारिसहरु १० वर्षसम्म कार्यान्वयन नहुनुले हालसम्म पनि अपेक्षित रुपमा सुधार हुन सकेको देखिदैन।

## १४.१४. भ्रष्टाचार नियन्त्रणको लागि गर्नुपर्ने अन्य सुझावहरु

### (क). नीतिगत भ्रष्टाचारको व्यापकीकरण रोक्नुपर्नेः

गणतन्त्र स्थापना र २०७२ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान लागु भएपछि संघीय सरकारमा पच्चिस भन्दा बढी मन्त्री बनाउन नपाइने संवैधानिक व्यवस्थाका कारण सीमित हुन पुग्यो। संविधान अनुरुप दुई पटक संघीय र स्थानीय सरकारको निर्वाचन भइसकेको छ। नयाँ संवैधानिक प्रावधान अनुसार अब ८८४ सांसदको भार बेहोर्नुपर्ने अर्कोतिर संविधानले दुई सदनात्मक प्रणालीको व्यवस्था गरेको छ। प्रतिनिधिसभा जस्तै अर्को सभा, राष्ट्रियसभा रहेको छ। यो सभामा ५९ जना सदस्य रहनेछन्। ७ सय ५३ स्थानीय सरकारका पदाधिकारी समेत कुनै न कुनै तवरबाट राज्यको लाभ लिने पदका रुपमा रहेकोले राष्ट्रिय बोझ भएको आलोचना हुने गरेको छ।

गणतन्त्र स्थापनापछि भ्रष्टाचार कम हुने आशा गरी ए पनि त्यस्तो हुन सकेको छैन। अझ भ्रष्टाचार बढेको देखिन्छ र बुझिन्छ। कार्यान्वयन तहमा त भ्रष्टाचार कम भएन भएन नीतिगत तहमा समेत भ्रष्टाचार व्यापक हुदै गएको खुला बहसको विषय बन्नु दुखको कुरा हो। अरु त अरु यस अवधिमा भ्रष्टाचार नियन्त्रणका लागि काम गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै पदाधिकारी भ्रष्टाचारको मुद्धामा सजाय पाएर कारावास पुगेका घटनाले दुराचारको आयतन स्पष्ट गर्छ।

अर्कोतिर राजनीतिक दलका तल्ला इकाइका मानिसहरु समेत कमिसनका भागिदार बन्दै गएका छन्। माथिल्ला र ठूला पदहरु खरिद-बिक्री हुने गरेको चिया पसल र गल्लिगल्लिमा सुन्न पाइन्छ। भ्रष्टाचार नियन्त्रणका खातिर स्थापना गरी एको स्वयं अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी सेवा निवृत्त भएपछि, नियुक्ति पाउनु अघि र पदमा रहँदा गरेका भ्रष्टाचारका कारण कानूनको फन्दामा परेका घटनाले नियुक्ति प्रक्रिया र भ्रष्टाचारको जालोले कहाँसम्म जेलेको छ भन्ने स्पष्ट गर्छ। एकजना आयुक्त त पदमा बहाल रहेकै बेला पक्राउ पर्नु आफैंमा आश्चर्यको विषय बन्यो।

शून्य भ्रष्टाचार दिने नेताहरुको नाराले जनतालाई जति आशा दिन्छ उनीहरुकै जीवनशैली र जीवनमा देखिएको परिवर्तनले त्यसको कयौं गुणा बढी निराशा थप्ने गरेको छ।

वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जेन-जी पुस्ताले गरेको प्रर्दशनको खास कारण नै देशका सबै क्षेत्रमा व्याप्त सञ्जालीकृत र नीतिगत भ्रष्टाचार नै हो।

आम जनतामाझ नैरास्यता स्थापित गर्ने खालका पछिल्लो समय सञ्चार माध्यममा श्रृखलाबद्धरुपमा प्रकाशित ललिता निवास जग्गा काण्ड, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल साथै स्थल मार्गबाट बारम्बार हुने अवैध सुन ओसारपसार, रक्तचन्दन तस्करी, सुपारी तस्करी, यति होल्डिंग्सका विभिन्न प्रकरणहरु, नक्कली भुटानी शरणार्थी काण्ड, वाइडबडी जहाज, गिरिबन्धु टी स्टेट, सहकारी हिनामिनाका घटना, लडाकुको रकम हिनामिना, एनसेल, आयल निगमको जग्गा खरिद, नागरी क उड्डयन प्राधिकरणसँग जोडिएका पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण, भैरहवा अन्तराष्ट्रिय विमानस्थल निर्माण साथै नलिनचोक हेलिप्याड निर्माण र भिजिट भिसा काण्ड जस्ता चर्चामा आएका, कारबाहीको क्रममा रहेका वा कारबाही भइसकेका मात्र होइन अख्तियारको छानविनमा रहेका स्थानीय निकायका सयौं मुद्धा अनि उजुर नै नपरेका र पर्न नसकेका, मिलेमतोमा गरी एका सहमति वा भागवण्डामा गरी एका नीतिगत भ्रष्टाचारका विषयहरु नै मुलुकमा कुशासन कायम गर्ने र जनतामा असन्तुष्टि बढाउने साथै अपेक्षित विकास हुन नदिने र नसकिने विषयहरु हुन।

नीतिगत भ्रष्टाचारको अर्को रुप व्यापारी, निर्माण व्यवशायी, उद्योगपतिसँग बसेर राजनैतिक दलका नेता तथा विचौलियाहरुले कुनै अमुक ठेक्काको विषयमा सम्बन्धित रहेर कानूनमा संशोधन गर्न सिफारिस गर्ने, सोही आधारमा कानूनमा संशोधन नै गरेर तोकिएको व्यक्तिलाई ठेक्का पर्ने/पार्ने र सबै मिलेर कमिसनको बाडँचुड गर्ने गरेको साथै विकास निर्माणका कामका त्यसक्रममा हुने कमिसनको जालो र तीनको गुणस्तरमा हुने कमसलपन र नियामक निकायले ठूला आयोजनाहरुको अनुगमनको कर्मकाण्डी प्रकृया मात्र गर्ने परम्परा हो।

नातावाद, दल मात्र होइन दल भित्रका गुट, योग्यताको कदर भन्दा भागबण्डा, रकमको चलखेल र मूल विषय भन्दा अतिरिक्त कुरा नियुक्ति सरुवा बढुवाका आधार बनिरहेको चर्चा हुन्छ र त्यसलाई खण्डन गर्ने भन्दा प्रमाणित गर्ने आधारहरु बढी भेटिनु दुखको कुरा बाहेक केही होइन। एउटा सचिव, सहसचिव वा महत्वपूर्ण स्थानमा रहेको कर्मचारी वर्षमा कतिपटक के कारण सरुवा गरी न्छ अरु कुनै आधार देखिदैन मात्र नातावाद, कृपावाद र अतिरिक्त आर्जनका कुरा अनुमान गरी न्छ। स्थायी सरकार भनिने कर्मचारी संयन्त्र यसरी निरीह निकम्मा र भ्रष्ट बनिरहेको छ।

दण्डहीनताले पश्रय पाउनु पनि नीतिगत भ्रष्टाचारको कारण हो। पछिल्लो समय दण्डहीनताको

अवस्थाको उदाहरण देहायका घटनाबाट सजिलै अनुमान गर्न सकिन्छ।

पछिल्लो समयमा सामाजिक सञ्जाल, चिया पसल, रेष्टुराँमा हुने चर्चा मात्र होइन मत नमिल्ना साथ जिम्मेवार नेताहरुबाट समेत आपसमा भ्रष्टाचारको आरोप प्रत्यारोप हुने गरेको छ। वि. सं. २०५४ मा एमाले नेता झलनाथ खनाल सञ्चारमन्त्री भएका बखत उहाँकै दल निकटस्थ वरिष्ठ पत्रकारले गोरखापत्र संस्थानको महाप्रवन्धक बन्न पन्ध्र लाख रुपैयाँ मागेको आरोप लगाए। नत सो आरोप कतैबाट पुष्टि भयो नत आरोप लगाउनेलाई कारबाही नै भयो।

यसैगरी पूर्व प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराईले आफ्नो कार्यकालमा शुरु गरेको बुढी गण्डकी जलविद्युत परियोजनामा उहाँकै समकक्षी के.पी.शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड र शेरबहादुर देउवाले नौ अर्ब रुपैयाँ कमिसन लिएको सार्वजनिक समारोहमा नै बताउनु भएको थियो। त्यति मात्र नभई आबश्यक परे सोको प्रमाण समेत दिन तयार रहेको भट्टराईले बताउनु भएको थियो। तर न कसैले प्रमाण खोजेर कारबाही गर्यो नत झुटो आरोप लगाएकोमा मुद्धा नै चल्यो।

मन्त्री भइसकेका अर्का नेता खड्गबहादुर विश्वकर्माले अध्यक्ष प्रचण्डका नाउँमा दुवईमा एकचालीस अर्ब रकम लगानी छ भनी सार्वजनिक रूपमा दावी गरेका थिए। यसरी आरोप प्रमाणित पनि गर्नु नपर्ने र मत मिल्नासाथ त्यो विषय सामसुम हुनाले कारबाही गर्ने सबैखाले निकायलाई समेत अन्यौलमा पार्ने गरेको प्रष्ट बुझिन्छ। यसको अर्थ जसले जसलाई जे भने पनि हुने अबस्था सिर्जना भएकोले भ्रष्टाचार जस्तो गम्भीर अपराध सामान्यीकरण हुँदै गएको छ। समयक्रममा भ्रष्टाचारका विषयले जस्केलोबाट मात्र होइन मूल ढोकाबाटै दण्डहीनताका कारण मौलाउने अवसर पाएको देखिन्छ।

भ्रष्टाचार नियन्त्रणसँग सरोकार राखेर दर्जन भन्दा बढी कानून बनाइएका छन्। भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार, महालेखा परीक्षक, विशेष अदालत, सम्पति शुद्धिकरण, राजश्व अनुसन्धान, प्रहरी मातहतमा सिआइबी, राष्ट्रिय सतर्कता केन्द्र जस्ता शक्तिशाली निकाय र विशेष न्यायालय समेत स्थापित छन्। भ्रष्टाचार नियन्त्रणका खातिर गैरसरकारी क्षेत्रबाट पनि प्रयासहरु नभएका होइनन्। तर पनि यसमा कमि आएको छैन। त्यसैले भन्न सकिन्छ कानून र संयन्त्रको अभावले समस्या परेको होइन तलदेखि माथिसम्मको आचरण र इच्छा शक्ति कारक छ। राज्य, राजनीतिक दलहरू दण्डहीनताले गाँजिएका छन् र नियन्त्रण गर्ने दायित्व लिएकाहरू नै संरक्षक बनेका छन्। यसले नीतिगत भ्रष्टाचारलाई थप प्रश्रय दिएको छ।

सिद्धान्तहीन एवं नाटकीय गठबन्धन र अस्थिर सरकारका कारण राजनीतिक तथा प्रशासनिक भ्रष्टाचार एवं आर्थिक अनियमितताको असीमित हुँदै गएको महालेखा परिक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रतिवेदनहरुले देखाइरहेका छन्।

तसर्थ, नीतिगत भ्रष्टाचार नरोकिंदासम्म देशको शासन, विकास र सेवा प्रवाह प्रभावकारी हुन सक्दैन। यसको निवारणको लागि तत्कालै देहायबमोजिम गर्नुपर्ने।

भ्रष्टाचार निवारणको लागि स्थापित संस्थाहरुलाई स्वतन्त्र, निष्पक्ष बनाउन त्यहाँ नियुक्ति योग्यता र क्षमतामा आधारित बनाउने। ती संस्थाहरु धेरै हदसम्म राजनीतिको औजार भएका छन्। ती निकायहरुलाई पुनर्संरचना गर्ने र कानूनहरुलाई समायानुकूल परिमार्जन गरी प्रभावकारी बनाउने।

- स्वार्थको द्वन्द्व बाँझिने विषयलाई संवोधन गर्न सो सम्बन्धी कानून पारीत गरी अनिवार्य कार्यान्वयन गर्ने गराउने।
- सबै क्षेत्रमा हुने दलीयकरण र राजनीतिकरणलाई हटाउनु पर्ने।
- सबै क्षेत्रलाई समेट्ने गरी राष्ट्रिय सदाचार नीति जारी गरी कार्यान्वयन गर्ने।
- शासकीय साझेदारहरुको नियमनलाई प्रभावकारी बनाउनुका साथै कार्य वातावरणको लागि अनुकूल हुन बाँझिएका कानूनहरुलाई संहिताबद्ध गर्ने।
- सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा स्वार्थवश पटक पटक हुने संशोधन रोकिनु पर्नेआदि।

**<u>(ख). सार्वजनिक जिम्मेवारीमा रहेकाहरुको सम्पति छानविनः</u>**

राजनीतिक दलका सबै तहका पदाधिकारीहरु, सरकार र संसदमा भएका राजनीतिक नेतृत्वहरु, राजनीतिक पदमा नियुक्ति हुने व्यक्तिहरु न्यायालयका न्यायाधीश र कर्मचारीहरु, र सरकारी कर्मचारी (निजामती सैनिक, प्रहरी, शिक्षक तथा वैतनिक वा अवैतनिक रुपमा सार्वजनिक जिम्मेबारीमा रहेका व्यक्तिहरुको) सम्पति विवरण सार्वजनिक गरी नुपर्दछ र त्यसको अनुगमन र कारबाही स्वतन्त्र संवैधानिक निकायले गर्नुपर्दछ। २०४६ यताका त्यस्ता पदमा बस्नेहरुको सम्पत्ति छानविन गर्नेमा प्रचारमात्र भयो। तर शक्तिशाली आयोग गठन गरेर त्यतिबेला न्या भैरवप्रसाद लम्सालको जस्तो आयोग गठन गरेर छानविन गराउनु गराउनु पर्दछ।

**<u>(ग). सार्वजनिक खरिद व्यवस्थापनः</u>**

भ्रष्टाचारको अर्को क्षेत्र खरिद र करार व्यवस्थापन हो। मन्त्रिपरिषद्को निर्णय अख्तियार दुरुपयोग

अनुसन्धान आयोगको कार्यक्षेत्रभित्र नपर्ने कारणले धेरैजसो ठूला खरिद र ठेक्कापट्टाका निर्णय नीतिगत निर्णयको नाममा मन्त्रिपरिषदबाट गराउने चलन छ। यसको अन्त्य गरी नुपर्दछ। मन्त्रिपरिषदको नीतिगत निर्माणको सीमा किटान गरी सबै खरिद र ठेक्का तोकिएको अधिकारीबाट गराइने र निजलाई नै जवाफदेही बनाइने व्यवस्था कानूनबमोजिम नै मिलाउने।

**(घ). भ्रष्टाचार विरुद्ध सामाजिक अभियानः**

आम नागरी क, नागरी क समाज तथा इमान्दार राजनीतिज्ञहरुले भ्रष्टलाई सामाजिक बहिष्कार गर्ने र मतदान नगर्ने अभियान चलाइनु पर्छ।

**(ङ). सार्वजनिक संगठनहरुको नैतिकतामा आधारित विनिर्माण (Deconstruction) :**

जनतालाई सुशासनको प्रत्याभूति दिलाउन, भ्रष्टाचारको अन्त्य गर्दै सेवा प्रवाह र विकासलाई थप प्रभावकारी बनाउँदै सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्न सबै शासकीय अवयवहरुका संगठनहरुलाई नैतिक संगठनका रुपमा विनिर्माण गर्नु आवश्यक छ। सबै सार्वजनिक निजी, सहकारी र सामुदायिक संगठनहरु जसले सुशासनलाई केन्द्रबिन्दुमा राखेर काम गर्दछन्। विधि, व्यवहार, विवेक र वातावरणसम्मत संगठनहरुको निर्माण गर्नेः

- ❖ राजनैतिक संगठनहरुलाई नैतिक बनाउन आन्तरिक लोकतन्त्र र समग्र निर्वाचन प्रणालीलाई प्रभावकारी बनाउने।
- ❖ सूचना प्रविधिको प्रयोगमा जोड दिनुपर्ने। बदलिदो विश्व परिवेश, विश्वव्यापीकरणले बढाएका चुनौती र स्थानीयकरणसँग गर्नुपर्ने आबद्धतालाई सूचना प्रविधिको महत्वम् प्रयोगले मात्र संबोधन गर्न सक्दछ।
- ❖ प्रभावकारी सञ्चारको अभावमा सूचनाहरुको आदानप्रदान राम्रो हुन नसकेकोले जनचाहना बमोजिमका सेवाको उत्पादन र यसलाई प्रभावकारी बढाउन सूचना संयन्त्रलाई विश्वसनीय बनाउने।
- ❖ अन्तरनिकायगत समन्वयको अभावले काममा दोहोरोपना हुन नदिन निकायगत स्पष्ट कार्यविभाजन अनिवार्य गर्ने।
- ❖ सार्वजनिक कोषको पूर्ण सदुपयोगको लागि उत्तरदायित्वमा आधारित खर्च अख्तियारी मात्र दिने संयन्त्रको विकास गर्ने। विशेष गरी आयोजनाहरुमा यस्तो व्यवस्था गर्दा प्रभावकारिता झनै बढ्न जान्छ।

**(च). प्रभावकारी सामाजिक पूर्वाधार विकास र दिगो सामाजिक सुरक्षाको व्यवस्थाः**

सरकारी सेवा प्रवाहको ढिलासुस्तीको कारण नागरी कहरु निश्चित रकम घुस दिएर आफ्नो काम सम्पन्न गराउन वाध्य हुनु पर्ने स्थिति छ। शिक्षा, स्वास्थ्य, जीविकोपार्जन जस्ता आधारभूत सेवा धेरै महंगो छ। भ्ष्टाचारको एउटा मुख्य कारण कमजोर सामाजिक सुरक्षा प्रणाली हो। सामाजिक सुरक्षा प्रणाली राम्रो भएका देशहरु फिनल्याण्ड, नर्वे, डेनमार्क, न्युजिल्याण्ड आदि देशमा धष्टाचार शून्यप्राय छ। जहाँ समाजिक सुरक्षा प्रणाली कमजोर भएका मुलुकहरु अफगानिस्तान, नेपाल जस्ता देशहरुमा भ्रष्टाचार धेरै छ। यसको लागि शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात र मानिसको दैनिक जिविकासँग जोडिएका सेवाहरुलाई सुलभ र भरपर्दो बनाउने।

**<u>१. शिक्षामा सुधारः</u>**

नेपालको संविधान २०७२ को धारा ३१ मा मौलिक हकका रुपमा शिक्षालाई राखेको छ। आधारभूत शिक्षा निशुल्कः रुपमा हुने, पूर्ण साक्षर र शिक्षामा समान पहुचँ साथै गुणस्तरीय सर्वसुलभ र जीवनउपयोगी शिक्षालाई जोड दिएको छ। सामाजिक पूर्वाधारको मुख्य खम्बाको विषय नै शिक्षा हो। नेपालको शिक्षा प्रणाली सैद्धान्तिक मात्र छ जुन व्यवहारिक र जीवन उपयोगी छैन्। जसले गर्दा शैक्षिक बेरोजगारको संख्या दिनानुदिन बढ्दै गइरहेको छ भने सिपयुक्त र उच्च प्रविधिका जनशक्तिहरुको उत्पादन नहुँदा शासकीय प्रणालीमा प्रतिष्पर्धी र सक्षम मानव पूँजिको अभाव खट्कदै गएको छ। नीतिगत रुपमा विश्लेषण गर्दा नेपालको शिक्षा प्रणालीमा एकरुपता देखिए पनि व्यवहारिक रुपमा सामुदायिक र निजी गरी दुई धारमा प्रणाली सञ्चालन भएको देखिन्छ। सरकारी र सार्वजनिक विद्यालय र विश्वविद्यालयमा स्थायी रुपमा नियुक्त भएका शिक्षकहरुले लगानी र समय नदिने गर्दा सरकारी शैक्षिक संस्थाहरुको गुणस्तर खस्किदै गएको आम गुनासो सुनिदै र भोगिदै आएको छ।

प्रत्येक सरकारी विश्वविद्यालयको कुलपतिका रुपमा प्रधानमन्त्री रहने प्रावधानले शिक्षामा राजनीतिको प्रतक्ष हस्तक्षेपको नमुना देखाउँदछ। अर्कोतर्फ विश्वविद्यालयहरुमा विभिन्न राजनैतिक दलका भातृ सँगठनका रुपमा पढ्ने उमेर भन्दा बढीका व्यक्तिहरु कुनै संकायमा भर्ना हुने र राजनीति गर्ने गर्दा शैक्षिक क्रियाकलापहरुलाई त असर पर्छ नै शिक्षा क्षेत्रका प्राज्ञिक व्यक्तिहरुको व्यवसायिकता प्रवर्द्धनमा समेत बाधा पुर्याउदै आएको छ।

नेपालको संविधान बमोजिम संघीय शासन प्रणालीमा शिक्षा सम्बन्धी अधिकार तीन वटै तहका सरकारलाई दिएको छ। माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहलाई दिएको छ। तर स्थानीय

तहहरुमा शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउने स्पष्ट कार्ययोजना देखिँदैन अझ शिक्षकहरुको खुला राजनीतिक सक्रियताले त वादविवाद समेत निम्त्याएको पनि पाइन्छ। यद्यपि, केही स्थानीय तहहरुमा भने शिक्षा क्षेत्र सन्तोषजनक रुपमा विकास भएको छ। जहाँ सामुदायिक विद्यालयहरुको गुमेको शैक्षिक गुणस्तर कायम हुनुका साथै दीर्घकालीन शिक्षा सुधारका योजनाहरुसमेत लागु भएका छन्।

शिक्षामा विचौलिया हावी हुनु, संघिय संरचनामा अनुकूलन हुने गरी शिक्षा ऐन जारी नहुनु जस्ता समस्याले पटक पटक शिक्षकहरुका आन्दोलन समेत भएको सन्दर्भ साथै अत्यधिक महङ्गो शिक्षा प्रणालीले शिक्षा विशुद्ध नाफामूलक व्यापारका रुपमा परिणत भएको छ। वि.सं. २०८२ साल भाद्र २३ र २४ गते जेन जी पुस्ताको आन्दोलनको कारण शिक्षा क्षेत्रमा भएको अनैतिकता र भ्रष्टाचारजन्य गतिविधिप्रतिको रुष्टता पनि हो भन्न सकिन्छ। नेपालको शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन देहायबमोजिमका सुधारका उपायहरु अवलम्बन गर्नुपर्दछः

- ❖ शिक्षालाई देशको श्रोत र साधनसग जोड्ने गरी शिक्षा नीति ल्याउनु पर्ने।
- ❖ शिक्षा क्षेत्रमा देशमा रहेको सक्षम व्यक्तिको हातमा कार्यकारी पदको जिम्मा दिने कानूनी व्यवस्था मिलाउनु पर्ने गरी शिक्षा ऐन ल्याउने।
- ❖ सरकारले शिक्षामा दिने अनुदानलाई पूर्ण प्रभावकारी बनाउने। विद्यालय शिक्षा १-१० कक्षालाई निःशुल्क बनाउने।
- ❖ विद्यालय र विश्वविद्यालयहरुमा कर्मचारी संघ-संगठन, प्रध्यापक सघ-संगठन खारेज गरी कर्मचारीहरुको हित र अध्ययन अनुसन्धानसँग सम्वन्धित युनियन मात्र राख्नु पर्ने।
- ❖ विश्वविद्यालयहरुको वर्गीकरण गरी क्षेत्रगत विधामा विश्व मानचित्रमा चिनिने र प्रतिस्पर्धी गर्न सक्ने विश्वविद्यालयको निर्माण गर्ने।
- ❖ शिक्षा क्षेत्रमा देखिएको अति व्यापारीकरण रोक्न स्वार्थको कानून बाँझिने विषयहरु प्रष्टसँग समावेश गर्न Umbrella Act तुरुन्त कार्यान्वयन गर्ने, जसको कारण निजीस्तरमा विश्वविद्यालय खोल्ने विषयलाई समेत समेट्न सकोस।
- ❖ स्कुल, कलेज र विश्वविद्यालयहरुमा नेपालमै उत्पादन भएको पोषाक अनिवार्य गराउने।
- ❖ हरेक प्रदेशमा एउटा अनुसन्धान केन्द्रको स्थापना गर्ने।
- ❖ विश्वविद्यालय स्तरको शिक्षा पूरा गर्नासाथ हरेक विद्यार्थीहरु स्वरोजगार गर्न सक्ने सीपमूलक क्षमताको बृद्धि गर्ने।
- ❖ शिक्षकहरुलाई तालिमको व्यवस्था गरी हरेक ३ वर्षमा उनीहरुको ज्ञान र क्षमताको परीक्षा प्रणाली माध्ययमद्वारा Grade वृद्धि गर्ने वा नगर्ने व्यवस्था गर्ने।

- ❖ शिक्षालाई समुदाय, निजी क्षेत्र साथै सरकारको संयुक्त समन्वयमा सञ्चालन गर्ने। एकीकृत विद्यालय शिक्षा लागु गर्ने। यो विषय शिक्षा ऐनमा नै समावेश हुनुपर्ने।
- ❖ सामुदायिक विद्यालयको प्रभावकारिता बढाउन शिक्षकहरुलाई राजनीतिबाट अलग राख्न कानूनमा स्पष्ट व्यवस्था गर्ने।
- ❖ नागरी क शिक्षा, उत्प्रेरण जगाउन नागरी क शिक्षा र समाज सम्बन्धी ज्ञान र आवश्यक तालिम दिने व्यबस्था गर्ने। राष्ट्रियता बारे ज्ञान दिने पाठ्यक्रमको विकास गरी लागु गर्ने।
- ❖ शिक्षासँग उद्यमशीलता र न्यायपूर्ण पुँजी निर्माण हुनसक्ने तरिकाले पाठ्यक्रमको विकास गर्ने।
- ❖ शिक्षालाई प्रविधिसँग जोड्ने। परम्परागत प्रविधिको विकास साथै आधुनिक प्रविधिको प्रयोग मार्फत शिक्षा क्षेत्रलाई डिजिटलाईजेशन गर्ने।
- ❖ अध्ययन गर्नको लागि सरल र सुलभ बैङ्किङ्ग सुविधाको व्यवस्था गर्ने।
- ❖ जम्मा शिक्षामा बजेटको १० प्रतिशत भनेर तोक्नु भन्दा पनि कार्यक्रम र योजना अनुसार अध्ययन, अनुसन्धान र आविष्कारको कामको लागि बजेट उपलब्ध गराउने व्यवस्था गर्ने।
- ❖ विश्वविद्यालय पिच्छे छुट्टा छुट्टै ऐनको सट्टा विषयगत रुपमा विश्वविद्यालय ऐन परिमार्जन गरी एकिकृत ऐन बनाउने।
- ❖ विश्वविद्यालको उपकुलपतिमा लब्ध प्रतिष्ठित त्यही विषयको प्राध्यापकलाइ नियुक्त गराउने गरी कानून संशोधन गर्ने। उपकुलपति छनौटको लागि बढीमा पाँच ५ जनाको एक उच्चस्तरीय समितिको व्यवस्था ऐनमै गराउने।
- ❖ महिनौसम्म विश्वविद्यालयमा ताला वन्दी गराउने विद्यार्थीहरुलाई कानूनी कारबाही गराउने। विश्वविद्यालयले पनि कानून बमोजिम विद्यार्थीहरुलाइ सेवा सहुलियत दिलाउने।

<u>२.स्वास्थ्य क्षेत्रमा सुधारः</u>

नेपालको संविधान २०७२ ले स्वास्थ्य सम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ। जसमा स्वास्थ्यमा सर्वसुलभ र समान पँहुच हुनुपर्ने साथै स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लैजाने लक्ष्य राखेको छ। तथापि, खर्चिलो र अप्रभावकारी स्वास्थ्य सेवा असमान पँहुच र न्यून गुणस्तरका कारणले आम जनताले विशेषगरी सार्वजनिक स्वास्थ्य सेवामा विश्वास गर्न सक्ने अवस्था छैन्। अर्को तर्फ नियमन बिनाको निजी क्षेत्रको स्वास्थ्य क्षेत्रमा हुने लगानी र न्यून आय भएका वर्गको पहुँच भन्दा टाढाको विषयले गर्दा स्वास्थ्य क्षेत्र अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन। तसर्थ, आम नागरी कको स्वास्थ्य सेवामा पँहुच बढाउन साथै स्वास्थ्य प्रणालीको प्रभाकारिता अभिवृद्धि गर्न देहायबमोजिम गर्नुपर्दछ।

**<u>नीतिगत तथा कानूनी सुधारः</u>**

- नेपालको संविधानमा नै मौलिक हकको रुपमा व्यवस्था भएको स्वास्थ्य सम्बन्धी हक धारा ३५ का प्रावधानलाई व्यवहारमा लागु गर्न विषयगत कानूनहरुलाई संहिताबद्ध गरी लागु गर्नुपर्ने।
- स्वास्थ्य क्षेत्रमा सार्वजनिक लगानी र उत्तरदायित्व बढाउने साथै निजी क्षेत्रको लगानी र सञ्चालन नियमनलाई प्रभावकारी बनाउने स्वास्थ्य नीति तर्जुमा र कार्यान्वयन गर्ने।
- स्वास्थ शिक्षालाई व्यापक र सर्वसाधारणको पहुँचयोग्य बनाउन सरकारी शिक्षण संस्थाहरुमा कोटा प्रणालीलाई वृद्धि गर्ने र निजी क्षेत्रबाट सञ्चालित चिकित्सा शिक्षा अध्ययन संस्थाहरुलाई सञ्चालन सहजता र प्रभावकारी नियमन/अनुगमन प्रणाली सहितको कानूनी संरचना बनाई लागु गर्ने।
- स्वास्थ्य सेवालाई पहुँचयोग्य सर्वसुलभ बनाउन स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य गर्ने। यसका लागि कार्यविधि सरलीकरण गर्नुपर्ने। साथै गरी ब र विपन्न परिवारलाई अनिवार्य स्वास्थ्य बिमा कार्यक्रममा समावेश गर्न सरकारले नै विशेष कार्यक्रम सञ्चालन गर्ने।
- समावेशी स्वास्थ्य नीति लागु गर्ने जसमा सामाजिक सुरक्षामा आबद्ध हुनेगरी भौगोलिक रुपमा विकट र विपन्न समुदायको स्वास्थ्य सेवा सुनिश्चित गर्ने।

**<u>स्वास्थ्य क्षेत्रमा संरचनागत सुधार :</u>**

- देशले अवलम्बन गरेको सघीय शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय तहहरुमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न संरचनागत सुधार साथै स्वास्थ्य उपकरणहरुको व्यवस्था गर्ने। यसो गर्दा अनुमानयोग्य स्वास्थ्य सेवाको स्तर निर्धारण गरी नुपर्दछ। जस्तैः स्थानीय तहभित्रका स्वास्थ्य संस्थामा पाइने सेवा आम नागरी कलाई पूर्व जानकारी होस्। हाल सबै स्थानीय तहहरुमा अनिवार्य १५ शैय्याको अस्पताल बनाउने नीति छ। तर, त्यसको सञ्चालनको लागि चाहिने स्वास्थ्यकर्मी, औषधी र आवश्यक उपकरणहरुको अभावमा जनताले सेवा पाउन सकिरहेको अवस्था छैन। तसर्थ, हालका जिल्ला अस्पतालहरुमा न्यूनतम स्रोत साधन सम्पन्न बनाउने र स्थानीय स्तरमा सेवा प्रसार र वृद्धि गर्ने रणनीति लिनुपर्दछ।
- देशका ठूला अस्पताल साथै प्रदेशस्तरमा अवस्थित अस्पतालमा सेवाको गुणस्तर अभिवृद्धि गर्न उपकरण र भौतिक संरचना समेत थप गर्ने।

**<u>डिजिटल स्वास्थ्य इ-हेल्थको प्रर्वद्धन(प्रविधिको प्रयोग) :</u>**

- नेपालमा सबैभन्दा द्रुत गतिमा विकास भएको क्षेत्र सञ्चार क्षेत्र हो। यसको उपयोग गरेर विभिन्न स्वास्थ्य एप निर्माण गर्ने, विरामिको स्वास्थ्य उपचारको सुरुदेखिकै सबै रेकर्ड एकै

ठाउँबाट हेर्न सकिने तथा विरामिको हेल्थ प्रोफाइल निर्माण गरी थोरै खर्चमा प्राविधिमैत्री उपचार विधि उपलब्ध गराउन सकिन्छ।

- ❖ प्रविधिको प्रयोगले टेलिमेडिसिनको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ ताकि ग्रामीण र दुर्गम क्षेत्रमा बस्ने नागरी कलाई विशेषज्ञ डाक्टरसँग परामर्श लिन सजिलो होस्। साथै अस्पताल र स्वास्थ्य केन्द्रहरूमा डिजिटल स्वास्थ्य रेकर्ड प्रणाली लागु गरी , डाक्टर र बिरामी बीचको सञ्जाललाई सरल र छिटो बनाउन सकिन्छ।

**स्वास्थ्य क्षेत्रमा दक्ष्य, सक्षम र जनउत्तरदायी जनशक्ति व्यवस्थापनः**

- ❖ नेपालमा स्वास्थ्य कर्मीहरूको कमी त छदै छ भएका जनशक्तिमा समेत व्यावसायिकता अभाव देखिन्छ। प्रशिक्षणमा सुधारको आवश्यकता छ। यसका लागि डाक्टर, नर्स, फार्मासिस्ट, र अन्य स्वास्थ्य कर्मचारीहरूको संख्या थप गर्न स्वास्थ्य मन्त्रालय र अन्य सम्बन्धित निकायहरुले संगठन व्यवस्थापन सर्भे गरी दरवन्दी थप गर्ने। तालिम र दक्षता सुधार गर्न, नियमित क्याम्प र कार्यशालाहरू सञ्चालन गर्नुपर्छ।
- ❖ विज्ञ र सेवा निवृत चिकित्सकहरु र स्वास्थ्यकर्मीको उपयोग रणनीति तय गरी सामुदायिक स्वास्थ्य सेवा लिने व्यवस्था मिलाउने।
- ❖ जनशक्ति व्यवस्थापनसँग सम्बन्धित ऐन, नियम प्रभावकारी नै छन्। कार्यान्वयन फितलो भयो वा पहुँचको भरमा सरुवा काज सुविधाले प्रभाव पार्यो अहिले ग्रामिण तथा दुर्गम क्षेत्रका अधिकांश स्वास्थ्य क्षेत्रमा दरवन्दी अनुसारको स्वास्थ्य जनशक्ति नहुँदा आम नागरी क सामान्य स्वास्थ्य सेवाबाट समेत विमुख हुन परेको अवस्था छ। यसको प्रभावकारी व्यवस्थापनको लागि २४ घण्टा नै खटिई काम गर्नुपर्ने र जोखिममा काम गर्ने कर्मचारिहरुको तलब, भत्ता यथेष्ठ र सुहाउदो दिने, थप प्रोत्साहन सुविधा दिने साथै सरुवा र काज प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन मापदण्ड बनाई लागु गर्ने।
- ❖ सार्वजनिक स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकलाई तोकिएको समयमा निजी संस्थामा काम गर्न नपाउने व्यवस्था मिलाउने।

**औषधिको गुणस्तर, सामुदायिक स्वास्थ्य र वैकल्पिक स्वास्थ्यः**

- ❖ औषधी सस्तो र गुणस्तरीय बनाउन आवश्यक छ। साथै, औषधीको वितरण प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउन पर्छ। असाध्य रोग लागेका बिरामीहरुको लागि स्वास्थ्य बिमा कार्यक्रमबाट उपचारलाई सुलभ बनाउने जसले गर्दा रोग लागेपछि सबै सकिन्छ भन्ने आम नागरी कहरुको त्रास हट्दछ।
- ❖ सामुदायिक स्वास्थलाई प्रभावकारी बनाउन सर्वसाधारणलाई प्राथमिक स्वास्थ्य सेवा र सुरक्षित स्वास्थ्य अभ्यासका बारेमा जानकारी दिने जसका लागि स्थानीय तहहरुले वार्षिक

कार्यक्रम बनाई पोषण, सुरक्षित पानी र सरसफाइ, मानसिक स्वास्थ्य, सर्ने र नसर्ने रोगहरूको कारण र रोकथामका उपायहरु समेत समावेश गर्ने।

- मातृ र शिशु मृत्यु दर कम गर्न अस्पताल र स्वास्थ्य केन्द्रहरूमा उच्च स्तरको प्रसव सेवा उपलब्ध गराउनका लागि तालिमप्राप्त र अनुभवी स्वास्थ्यकर्मी साथै न्यूनतम उपकरणहरूको व्यवस्था गर्ने। हाल सञ्चालित राष्ट्रपति सुत्केरी उद्धार कार्यक्रमलाई थप प्रभावकारी बनाउदै अत्यन्त विकट र आपतकालीन अवस्थामा सुविधा उपलब्ध गराउने।
- प्राथमिक तहदेखि माध्यमिक तहसम्मको पाठ्यक्रममा अनिवार्य रुपमा स्वास्थ्य विषय समावेश भएको पाइदैन। स्वस्थ्य जस्तो अति संवेदनशील विषयलाई अनिवार्य विषयको रुपमा राखी प्राथमिक उपचार विधि, खानपिन व्यावहार, परम्परागत रुपमा गर्दै आएका घरेलु उपचार विधिसहितको पाठ्यक्रम निर्धारण गरी अनिवार्य रुपमा लागु गर्ने। व्यक्तिगत, पारिवारिक र सामुदायिक स्वास्थ्य सचेतनाले धेरै हदसम्म स्वास्थ्य क्षेत्रमा प्रभाकारिता अभिवृद्धि गर्दछ।
- बैकल्पिक उपचार पद्धती अन्तर्गत प्रभावकारी रुपमा देखिएको आयुर्वेद र प्राकृतिक चिकित्सा पद्धतिको विकास अनुसन्धानमा जोड दिनुपर्ने। स्थानीय तहको वडास्तरसम्मनै स्वास्थ्यचौकी त पुगेको छ तर ग्रामिण क्षेत्रमा स्वास्थ्यचौकीको औषधी भन्दा घरेलु तथा जडिबुटीजन्य औषधी बढी विश्वासिलो लाग्छ त्यस्ता औषधीले शरिरमा हानिनोक्सानी पनि कम गर्छ। त्यसैलै आयुर्वेदिक संस्थाबाट प्रमाणित भएका जडिबुटीजन्य औषधीलाई समुदायस्तरका स्वास्थ्यचौकिबाटै उपलब्ध गराउने तथा परामर्श दिने खालको स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन गर्ने।

<u>स्वास्थ्य बिमा</u>

- नेपालको राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा अहिले धेरै चुनौतीहरु रहेका छन। बीमा कार्यक्रम गम्भीर आर्थिक संकटतर्फ गएको भनेर स्वास्थ विज्ञ,अस्पताल,सरकारका अधिकारीहरुले भन्दै आएका छन । सो कारण अस्पताललाई नेपाल सरकारले अर्बौं रुपैया तिर्न बाँकी रहेको देखिन्छ । यसका मुख्य कारणहरुमा बिमालाई कमाई खाने भाँडोको रुपमा स्वस्थ्य संस्थाहरुले प्रयोग गरेको पाईन्छ । सो को पुष्टिगर्ने आधारहरु देहाय बमोजिम रहेको भनी बिभिन्न क्षेत्रका बिज्ञहरुले बताउदै आएको पाईन्छ ।
- 

- विरामीलाई नचाहिने जाँच गराई धेरै दिन उपचार गराउने र वीमावाट अनाबश्यक पैसा लिने (over-treatment fraud) प्रचलन रहेको।
- नक्कली विल बनाएर वीमाबाट पैसा लिने विरामीलाई सानो उपचार गरे पनि कागजमा ठूलो उपचार गरेको देखाएर विल वढाउने ।
- सानो समस्या भएपनि X-Ray, CT-scan, MRI लगायतका Unnecessary Test (अनावश्यक

जाँच) गराई  वीमा रकम दाबी गराउने  ।

- सस्तो औषधी दिने तर कागजमा महँगो औषधी देखाई fake claim fraud गर्ने  ।
- औषधी विरामीसंग नगदमा किन्न लगाउने तरपछी सोहि औषधीको नक्कली बिल पेश गरी बिमा भुक्तानि लिई दोहोरा फाईदा लिने  ।
- वास्तविक उपचार नभएका विरामीलाई (face patient claim)  कागजमा उपचार गरेको देखाएर र कहिलेकाही पुरानो विरामीको नाम प्रयोग गरी  वीमामा दावी गरी भुक्तानी लिने  ।
- बिमा बोर्डमा राजनैतिक नियुक्ति र हस्तक्षेपका कारण उल्लेखित समस्याहरु प्रमुख रुपमा रहेका छन।

सुझावहरु:

- उल्लेखित समस्याहरु निर्मुल गर्न नेपाल सरकारले Digital verification गर्नुपर्ने, निग्रानी प्रणाली प्रभावकारी बनाउने, पेश गरेका कागजात माथि अनुसन्धान गर्न स्वतन्त्र नियमन निकाय बनाईनुपर्ने, बिमा बोर्डका पदाधिकारीको नियुक्ति पारदर्शी ढँगले गर्नुपर्ने र उल्लेखित कार्य मार्फत ठगी गर्ने ब्यक्ति तथा सँस्थाहरुलाई फौजदारी कानून बमोजिम कडा कारबाहि गर्नुपर्ने  ।

**अन्य:**

- विशिष्ट पदमा आसिन भएका र रहेका व्यक्तिहरुलाई राज्यकोषबाट उपचारको लागि जति पनि खर्च गर्ने। आम नागरी क सिटामोलको गोली नपाएर मर्नुपर्ने प्रणालीको अन्त्य गर्न विशिष्ट व्यक्तिको उपचारको बिमा गर्ने। विदेशमा गरी ने उपचार खर्च राज्यकोषबाट नदिने कानूनी प्रावधान जरुरी छ।
- स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार र अनियमिततिहरूको नियन्त्रण गर्न कठोर कदम चाल्नु आवश्यक छ। स्वास्थ्य सेवामा पारदर्शिता र जवाफदेही प्रणाली लागु गर्नुपर्छ।
- विश्व महामारीको रुपमा देखा परेको कोरोना लगायत क्षेत्रगत रुपमा महामारीको रुपमा फैलने जोखिम भएका झाडापखाला, डेंगु साथै अन्य सरुवा रोगजन्य महामारीको प्रभावकारी व्यवस्थापनको लागि औषधी लगायतका अन्य आवश्यक प्रबन्ध सहितको पूर्वतयारी गर्न र आपूर्ति श्रृंखला सुधार्न आवश्यक छ।
- काठमाडौं उपत्यका लगायत मुख्य सहरी क्षेत्रमा भएका सुविधासम्पन्न ठूला अस्पतालमा सामान्य खालको सर्जरी गर्नको लागि धेरै दिन पछिको पालो कुर्नपर्ने अवस्था छ। अलि जटिल खालको सर्जरी गर्नुपरेमा महिनौ कुर्नुपर्ने तर अलि पहुँचवाला व्याक्तिहरुले भनसुनको भरमा तुरुन्तै पालो पाइहाल्ने प्रवृति देखिन्छ। यस्तो समस्याले पहुँचबिहिन सर्वसासारण झन बढी मर्कामा परेका छन्। सबै स्वास्थ्य संस्थमा सबैको समान पँहुच स्थापित गर्न पारदर्शी टोकन प्रणाली लागु गर्ने, बिरामीको अवस्था हेरी वर्गीकरण र प्राथमिकिकरण गर्न कार्यविधि

बनाई ब्यबहारिक रुपमा कार्यान्वयन गर्नुपर्ने।

❖ स्वास्थ्य क्षेत्रमा देखिएको अपारदर्शी कार्यप्रणाली, स्वार्थ बाझिने कानूनको अभावमा सार्वजनिक क्षेत्रमा कार्यरत व्यक्तिहरुको निजी स्वास्थ्य प्रतिष्ठानमा लगानी र आबद्धता, उत्तरदायित्वको अभाव साथै स्वास्थ्य सम्बन्धी उपकरण र औषधी खरिद साथै संरचना निर्माणमा देखिने व्यापक भ्रष्टाचारलाई रोक्न अन्य क्षेत्रमा जस्तै स्वार्थ बाँझिने कानून बनाई लागु गर्ने। उत्तरदायित्वबाट पन्छिन नदिन स्पष्ट कार्य विवरणको व्यवस्था र सोको जानकारी बिरामी र उसका आफन्तलाई पनि गराउने कार्यविधिगत व्यवस्था गर्ने।

स्वास्थ्य वीमा पध्दतिमा समयानुकूल परिवर्तन गरेर सकेसम्म सवै अस्पतालबाट सेवा लिने व्यवस्था गराउने। सरकारले खर्च भइसकेको रकम पनि शोधभर्ना नगरेकाले वीमा सेवा विभिन्न अस्पतालले बन्द गरेको तर्फ सरकारले उचित नीति बनाउनु र कार्यान्वयन गर्नु पर्दछ।

सरकारी वीमा पनि वीमा कम्पनीबाट गराउनेतिर पनि सोचिनु पर्दछ।

<u>(छ). आधुनिक ज्ञान, प्रविधि र साधनको समुचित प्रयोग :</u>

नेपालका सवैजसो आवधिक योजना, नीति, कार्यक्रम आदीमा सुशासनलाई प्राथमिकतामा राखिएको पाइन्छ। केही प्रयास पनि भएका छन्। तर ती प्राथमिकता व्यवहारमा उचित मात्रामा आउन सकेको छैन। सुशासनको गति जुन मात्रामा हुनु पर्ने सो हुन सकेको छैन। देशले अंगीकार गरेको र नागरी कले अनुभूत गर्न खोजेको गुणस्तरीय सेवा प्रवाह गर्ने शासकीय पद्धति बसाल्न आवश्यक ज्ञान, सीप, संस्कार, मूल्य मान्यता, प्रविधि र श्रोतसाधनको पर्याप्तता छैन।

अबको युग प्रविधिमैत्री युग हो। नेपालमा सामान्य प्रविधिको समेत प्रयोग गर्न नसकिदा सुशासन प्रवर्द्धन गर्न सकिएको छैन्। उदाहरणको लागि वि.सं. २०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको मतगणना सम्पन्न गर्न हप्ता लाग्यो प्रविधिको प्रयोगले राजनीतिक तह र राज्यका निकायहरुमा शासकीय पद्धतिको बारेमा आवश्यकता अनुसारको ज्ञानसीप विकास गर्न सकिएकोम छैन, यसको लागि आवश्यक श्रोतसाधनको पनि व्यवस्था हुन सकेको छैन। तसर्थ, शासन सञ्चालनका सबै क्षेत्रहरुमा आधुनिक प्रविधिको समुचित प्रयोग र सोको विकासको लागि आवश्यक श्रोतको उचित प्रबन्ध गरी नुपर्दछ।

## १४.१५. कारागारका समस्या र गर्नुपर्ने सुधार

मानव सभ्यताको विकाससँगै कारागारको अवधारणाको विकास भएको पाइन्छ। प्रारम्भमा

कारागारहरु प्रायः मृत्यु वा दासत्वको जीवनको सजाय हुनुअघि अस्थायी स्टपग्यापको रुपमा प्रयोग गरी न्थ्यो। सजाय पाएका वा संदिग्ध अपराधीहरुलाई राख्नुको अतिरिक्त कारागारहरु प्रायः राजनीतिक वन्दीहरु, राज्यका शत्रुहरु र युद्धका वन्दीहरुलाई राख्न थालियो। समय बित्दै जाँदा सभ्यताको थप विकास भयो र कारागारहरुलाई दण्ड दिने संस्थाबाट सुधारात्मक संस्थाको रुपमा रुपान्तरण गर्न थालियो। फलतः कैदीहरुको कारावास अवधि पछिको पुनर्वास र उनीहरुको भावी जीवन सुधारको अवधारणा लागु गर्न थालियो।

कारागारहरुको प्रारम्भिक अभिलेखहरु मेसोपोटामिया र इजिप्टको सभ्यताबाट आएको पाइन्छ। त्यसबेला कारागारहरु प्रायः भूमिगत कालकोठरीको रुपमा रहन्थे। १९औं शताब्दीमा आएर इङल्याण्डमा धेरै कारागारहरुमा सुधार सुरु भयो। २०औं शताब्दीको मध्यबाट खुला कारागार र प्रोवेशनसेवाको अवधारणाको थालनी भएको पाइन्छ।

नेपालमा कारागार (जेल)को इतिहास वि.सं.१९७१ बाट सुरु भएको पाइन्छ। नेपालको पहिलो कारागार हालको कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं हो। यसलाई सुरुमा सदर जेल भनिन्थ्यो। पहिले जेल मुख्तियारको मातहतमा रहन्थ्यो र त्यसको प्रमुख "रोलवाला जर्नेल" रहने व्यवस्था थियो। २००७ साल पश्चात कारागार प्रशासन गृह मन्त्रालय अन्तर्गत रहने व्यवस्था भयो। काठमाडौं उपत्यकाका कारागारहरुको उपत्यका अंचल कमिशनर र जिल्लास्थित कारागारहरुको प्रशासन बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन हुन थालेको देखिन्छ।

चौध अन्चल र पचहत्तर जिल्लामा नेपालको प्रशासनिक विभाजन भए पश्चात कारागार स्थानीय प्रशासनको नियन्त्रण र निर्देशनमा संञ्चालन हुन थालेको पाइन्छ। २०१९ सालमा कारागारसम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भयो। हाल कारागार ऐन, २०१९ खारेज भई कारागार ऐन, २०७९ मिति २०७९ असोज ९ गतेदेखि लागु भएको छ। कारागार ऐन, २०७९ले दिएको अधिकार प्रयोग गरी कारागार प्रशासनलाई व्यवस्थित र नियमित गर्न कारागार नियमावली, २०२० को पन्ध्रौ संशोधन तर्जुमा भई मिति २०७९असोज१८ गतेदेखि लागु भएको छ। गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भई आएको कारागार व्यवस्थापन तथा प्रशासनसम्बन्धी कार्यहरू प्रभावकारी एवम् सबल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो। तत्पश्चात् कारागार व्यवस्थापन र

प्रशासनसम्बन्धी काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुँदै आएको छ। स्थानीय स्तरमा कारागार कार्यालय सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने व्यवस्था छ।

नेपालमा हाल ७७ जिल्लामध्ये ७२ जल्लामा ७५ वटा कारागारहरु रहेका छन्। नेपालमा कारागार प्रशासनमा समय समयमा विभिन्न समस्याहरु देखिदै आएका छन्। पटक पटक भएका आन्दोलनहरुमा कारागार तोड्ने कैदीवन्दीहरुलाई गैरकानूनी तबरबाट निकाल्ने र आन्दोलनमा सरिक बनाई डर अराजकता पैदा गरी माग पूरा गराउन उद्धत देखिएको पाइन्छ। २०८२ साल भाद्र २३ र २४ गते जेन-जी पुस्ताद्वारा गरी एको सामाजिक सञ्जाल बन्द र भ्रष्टाचार बिरोधि आन्दोलनमा विशेष गरी २४ गते भएका हिंसात्मक र गैरकानूनी क्रियाकलापहरुको एउटा कारण समेत विभिन्न कारागारहरुबाट जेल तोडेर निस्किएका कैदीवन्दीहरुको कारण भएको अनुमान गरी एको छ। कारागारहरुको भौतिक संरचना जीर्ण र पूरा ना हुनु, उत्प्रेरित कर्मचारी र सुरक्षाकर्मीहरु कारागारमा नरहनु, हाल आन्तरिक रुपमा व्यवस्थापकीय कार्यहरु गर्दै आएको आन्तरिक प्रशासनमा रहने व्यक्तिहरुको मनोमानी चल्नु साथै कैदीवन्दीहरुको वर्गीकरण गरी व्यवस्थापन गर्न नसक्दा कारागारमा समस्या उत्पन्न हुने गरेको देखिन्छ। देशका कारागारहरुमा हाल विद्यमान समस्या र समाधानका उपायहरु देहायबमोजिम सुझाइएको छ।

**<u>कारागार भवन नीति आवश्यकता:</u>**

देशमा पटक पटक भएका कारागार भित्रका घटनाको दौरान साथै २०८२ साल भाद्र २३ र २४ गते जेन-जी पुस्ताद्वारा भएको सामाजिक सञ्जाल बन्द र भ्रष्टाचार विरोधी आन्दोलनमा विभिन्न कारागारका कैदीवन्दीहरु गैरकानूनी रुपमा कारागारबाट बाहिर निस्की आन्दोलनलाई उत्तेजित तुल्याएको सम्बन्धमा कारागार भित्र बाहिरी मानिसको प्रवेश र कैदीवन्दीहरुले कारागार तोडेको विषय भौतिक रुपमा बलियो र रणनैतिक व्यवस्थापनमा भएको कमजोरी समेत हो। उक्त घटनामा १४५५५ जना कैदी भागेको अनुसन्धानबाट देखिन्छ। त्यसमध्ये १०१०१ जना कैदी कारागार फिर्ता भएको र ४४४२ जना फिर्ता हुन बाँकी रहेको देखिन्छ जसले गर्दा शान्ति सुरक्षाको स्थितिमा असर गरेको छ। तसर्थ, कारागारहरुको प्रभावकारी व्यवस्थापन गर्न कारागार भवनको सन्दर्भमा देहायबमोजिम गर्दा प्रभावकारी हुन्छ।

- ❖ देशभरिका कारागारहरुको संरचना एउटै नहुँदा समग्र कारागार सुरक्षा व्यवस्थापन साथै

कैदीवन्दीहरुको व्यवस्थापनमा चुनौती थपिने भएको छ। तसर्थ देशैभरका कारागारको भौतिक संरचनाको डिजाइन र सञ्चालन तौरतरिका समान हुने गरी कारागारको भवन नीति बनाई सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

- ❖ हाल सञ्चालनमा आई सकेको साथै निर्माणाधीन समेत रहेको भनिएको केन्द्रीय कारागार नुवाकोटको वन्दी क्षमता ७००० भनिएको छ। यति ठूलो संख्यामा वन्दीहरु एकै ठाउँमा राख्दा व्यवस्थापनमा निकै कठिनाई हुने, प्रकोपको समयमा प्रभावकारी उद्दार कार्य हुन नसकी धनजनको क्षति हुन सक्ने, वन्दीहरु प्रायः गृहजिल्ला वा निकटस्थ जिल्लामा बस्न चाहने भएबाट केन्द्रीय कारागार जान उत्प्रेरित नहुने जस्ता जटिलताहरु आउँन सक्दछन्। यसरी मुलुकभरका वन्दीहरु मध्ये आधा भन्दा बढी एकै ठाउँमा राख्दा उपयुक्त नहुने भएकोले कारागार निर्माण योजना परिवर्तन गरी बढीमा ५००० वन्दी मात्र राख्न मिल्ने बनाउने र बचत हुने रकमले अन्यत्र जिल्लामा २००० सम्म वन्दी राख्न सकिने गरी भवन बनाउने गर्दा उपयुक्त हुने देखिन्छ।
- ❖ केही नयाँ कारागार बन्ने क्रममा छन् यी भवनहरु ज्यादै खर्चिला, ठूला संरचनामा बन्ने गरेको पाइन्छ। प्रकोप साथै हालजस्तो आन्दोलनको समयमा यी भवन आफै जोखिम बन्न सक्ने स्थिति छ। भवनमा हुने बढी ब्ययलाई मितब्ययी बनाउन सकिएमा बचत भएको रकमले नयाँ भवन वनाउन, अन्य संरचना थप गर्न वा वन्दीहरुको थप सुविधाको व्यवस्था गर्न पनि सहज हुने देखिन्छ। यसैले ठूलो क्षेत्रफलमा बलियो कम्पाउण्डवाल बनाई सस्ता, हल्का, समान्यतया एकतले भवन/घरहरु निर्माण गर्न उपयुक्त हुने।
- ❖ कारागारको बर्गीकरण अनुसार कुन बर्गमा कस्ता भवन बनाउने भन्ने केन्द्रीय नीति तथा डिजाइन तय गरी देशैभरि सोही बमोजिमका भवन बनाउनु वाञ्छनीय हुने।
- ❖ केही स्थानमा तत्काल वन्दी राख्न सकिने गरी आधुनिक भवन बनिसकेको भए पनि दरवन्दी, सञ्चालन खर्च समेतको अभावमा वन्दी राख्न सकेको पाइएन। भविष्यमा यस्तो समस्या आउन नदिन भवन निर्माण योजनामा नै सञ्चालन खर्च समावेश गर्ने र सोही समयमा नै दरवन्दी व्यवस्थापन हुने हो त्यसको टुङ्गो लगाउने।

**<u>सीपमूलक कार्यहरु सञ्चालनमा बढोत्तरी गर्ने:</u>**

विधिवत् दर्ता भएको उद्योगमा काम गरे वापत वन्दी कामदारले पारिश्रमिकका साथै निश्चित अवधि कैद छुट पाउने व्यवस्था छ तर यो सुविधा हाल केन्द्रीय कारागार जगन्नाथदेवलमा मात्र उपलब्ध हुने गरेको देखिन्छ। हाल धेरैजसो कारागारहरुमा उल्लेख्य संख्यामा कैदीवन्दीहरु मुढा बुन्ने, गलैचा बुन्ने, पोते बुन्ने, विभिन्न काष्ठ सामाग्रीहरु बनाउने, बत्ती कात्ने लगायतका सीपमूलक कार्यमा संलग्न भएको पाइन्छ। यसरी सबै कारगारहरुमा कुनै न कुनै सीपमूलक कार्य हुने गरेको देखिए तापनि

उद्योग दर्ता नहुनाले वन्दीहरुले कैद छुटको सुविधा पाउन सकेका छैनन्। फलस्वरुप सबै वन्दीहरु काममा संलग्न भएको पाइदैन।

- कारागारहरुमा मुढा बुन्ने काम धेरै भएको देखिन्छ। यसरी एकै वस्तुको उत्पादन बढी भएमा बजारीकरणको समस्या पर्ने देखिन्छ। विगत वर्षहरुमा मुढाको मुख्य बजार मित्र राष्ट्र चीन भएकोमा हाल चीनबाट मुढा खरिद गर्ने कार्य रोकिएको छ।
- स्थान र कच्चा पदार्थको सहज आपूर्ति हुन नसक्दा काम गर्न इच्छुक कैदीवन्दीहरुलाई प्रभावकारी रुपमा काममा लगाउन नसकिने अवस्था एकातिर छ भने अर्कोतर्फ कैद छुटको व्यवस्था नहुँदा उदासीनता देखिन्छ।
- ज्याला वस्तुनिष्ठ नहुँदा काम गर्ने र आय गर्नेबीचको तादात्म्यता नरहेको। सोको लागि न्यूनतम ज्याला तोकिदिने प्रावधान नहुँदा वास्तविक श्रमिक वन्दीले श्रम बमोजिमको आय प्राप्त गर्ने स्थिति नरहेको अवस्था देखियो।

<u>सुझावहरुः-</u>

- कैदीवन्दीले उत्पादन गरेका सामाग्रीहरुको उचित मूल्य सहित बजारीकरण गर्ने व्यवस्था सरकारले गर्नुपर्ने। कैदीवन्दीबाट निर्माण भएको प्रमाणित गरी उत्पादित वस्तुको राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा पनि बजारीकरण गर्ने व्यवस्था गरी दिनु उपयुक्त हुने।
- वन्दीहरुलाई बढी भन्दा बढी काममा तल्लीन गराउन सके उनीहरुमा सकारात्मक परिवर्तन हुने, केही रकम आर्जित हुन सक्ने र कैद छुटको व्यवस्था भएमा काम गर्न बढी अभिप्रेरित हुने देखिन्छ। सक्षम वन्दी सबैलाई काममा लगाउन सकेमा खेर गएको ठूलो जनशक्ति सदुपयोग हुने पनि देखिन्छ।
- वन्दीहरुको श्रम शोषण हुन नदिन जिल्ला दररेट निर्धारण समितिबाट तत् तत् जिल्लाका कारागारमा उत्पादन हुने वस्तु बमोजिमको ज्याला दररेट निर्धारण गर्ने व्यवस्था मिलाउने।
- अलग अलग कारागारहरुमा बजारको माग बमोजिम अलग अलग वस्तुहरु उत्पादन गर्ने व्यवस्था मिलाउन सके बिक्रीको समस्या नहुने।
- उत्पादनमूलक कार्यको लागि कच्चा पदार्थको सहज आपूर्ति कारागार व्यवस्थापन विभाग र सम्बन्धित कारागारले मिलाइदिनु पर्ने।
- कारागारहरुमा सञ्चालन हुने उद्योग दर्ताको लागि संक्षिप्त कार्यविधि बनाउने। उद्योग विभाग, घरेलु, स्थानीय निकाय समेतमा प्रकृति हेरी उद्योग दर्ता गर्ने व्यवस्था मिलाउने वा कारागार व्यवस्थापन विभागले भइरहेको सीपमूलक कामहरुको आधारमा व्यवसाय सूचीकरण गरी सोही आधारमा कैद छुट दिने व्यवस्था मिलाउने।
- प्र.जि.अ को अध्यक्षतामा जेलर, घरेलु उद्योगको स्थानीय प्रमुख, स्थानीय तहको प्रमुख

प्रशासकीय अधिकृत समेतको समिति बनाई नियमित अनुगमन, कामदार र कार्याविधि समेतको प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने।

- ❖ हाल सीपमूलक तालिमको आन्तरिक रुपमा केही हदसम्म व्यवस्था गरी एको भए तापनि इच्छुक सबैलाई मुढा बुन्ने, गलैचा बुन्ने, प्लम्बिङ, मोवाईल मर्मत, कपडा सिलाउने, पोते बुन्ने, बिवाहमा लगाउने खराउ बनाउने साथै ढाका बुन्ने लगायतका माग बमोजिमका सीपमूलक तालिम अनिवार्य दिनुपर्ने देखिन्छ।

<u>खुला कारागार सञ्चालन</u>

तत्काल खुला कारागार कार्यविधि निर्माण गर्न गृह मन्त्रालयले अग्रसरता लिने। कार्यविधिमा देहायबमोजिमको प्रावधान समावेश गरी कैदीवन्दीहरुलाई खुला कारागारमा राख्नुपर्ने देखिन्छ-

- ❖ लामो समय कारावासको सजाय पाएका कैदीवन्दीहरुलाई कारागार भित्रै गलैचा, मुढा, फर्निचर, स्वेटर र कपडा बुन्नेसाथै अन्य कुटिर उद्योगमा संलग्न गराउने। यस बापत उनीहरुलाई श्रम बमोजिमको ज्याला उपलब्ध गराउने।
- ❖ असल चालचलन भएका र लामो समय कारागारमा सजाय भोग्नु पर्ने कैदीहरुको लागि सरकारी जग्गामा तरकारी, फलफूल र अन्य खाद्यान्न बाली लगाउने र पशुपालन गर्ने व्यवस्था मिलाउने। यसको लागि तराई क्षेत्रमा न्यूनतम १० विघा जग्गा उपलब्ध गराई आन्तरिक प्रशासनको प्रत्यक्ष निगरानीमा काममा लगाउने र बाहिरी सुरक्षा घेरा न्यूनतम सुरक्षाकर्मीबाट गर्ने व्यवस्था मिलाउने।
- ❖ असल चालचलन भएका र लामो समय कारागारमा वन्दी जीवन बिताई सकेका कैदीहरुलाई राष्ट्रिय प्राथमिकता योजना, औद्योगिक क्षेत्रमा खुला रुपमा काममा लगाउने।
- ❖ उल्लेखित क, ख र ग मा राख्ने कैदीहरुको सुरक्षा व्यवस्था क्रमशः देहाय अनुसार देखाउने।
- ❖ लामो समय कारागारको सजाय पाएका नकारात्मक सूचीको मुद्दाका कैदी कारागार भित्रै सञ्चालन गरी ने सीपमूलक कार्यमा लगाई उनीहरुलाई कारागार भित्रैको सुरक्षामा राख्ने।
- ❖ आचरण असल भएका लामो समय सजाय तोकिएका कैदीहरुलाई कारागारको कम्पाउण्ड भित्र ठूलो क्षेत्रमा कृषि आदि कार्यमा लगाउने, कैदीलाई चौकीदार, नाइके, सहनाइकेको निगरानीमा न्यूनतम सुरक्षा कर्मीले सुरक्षा दिने।
- ❖ खुला कारागार अन्तर्गत काममा खटिने कैदीवन्दीलाई मुद्दाको आधारमा निश्चित अवधिको लागि कैद छुटको व्यवस्था गर्दा झनै प्रभावकारी हुन जाने हुन्छ।
- ❖ वस्तुनिष्ठ, व्यवहारिक र कार्यान्वयनयोग्य कार्यविधि निर्माण र खुला कारागार सञ्चालन पूर्व कारागार व्यवस्थापन विभाग अन्तर्गका कर्मचारीहरुलाई तालिम, अध्ययन तथा अवलोकनको लागि अन्य देशहरुमा समेत पठाउनु पर्ने।

- कतिपय ठूला आयोजना स्थलमा अस्थायी खुला कारागार तोकी न्यूनतम सुरक्षा प्रबन्ध मिलाई योजना अवधिभर पनि काममा लगाउन सकिने।

**प्रोवेशन र प्यारोलको प्रभाकारिता वृद्धि गर्ने**

हाल फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७६ मा व्यवस्था भएको प्यारोल तथा प्रोवेशनमा कैदीवन्दीहरुलाई राख्ने सम्बन्धी कानूनी प्रावधानलाई कार्यान्वयन गर्न केन्द्रीय प्यारोल वोर्डले मापदण्ड निर्माण गरी कार्यान्वयन गरी रहेकोमा प्यारोल तथा प्रोवेशनमा कैदीवन्दीहरुलाई राख्न आगामी दिनमा देहायबमोजिम गर्दा प्रभावकारी हुने देखिन्छ-

- प्यारोल विधिलाई थप प्रभावकारी बनाउन प्यारोल वोर्डमा सर्वोच्च अदालतका प्रतिनिधि रहने व्यवस्था हुन सके समयमै प्यारोल विधिको पूर्ण कार्यान्वयन गर्न सकिने देखिन्छ। यस प्रयोजनका लागि कानूनमा संशोधन आवश्यक भए सो समेत गर्ने।
- प्यारोलमा रहन पाउने नकारात्मक मुद्दाको सूचीलाई घटाई सकभर धेरै मुद्दाका वन्दीहरुलाई प्यारोल रहन पाउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। यस्तो गर्दा कैद अवधिलाई आधार मानी सोही बमोजिम फरक मुद्दाको फरक प्रतिशतका दरमा कैद भुक्तान भएकालाई प्यारोलमा राख्न सकिने।

**आन्तरिक प्रशासनमा हाल देखिएका समस्याहरुः**

कारागारहरुमा आन्तरिक प्रशासनमा भएका समस्यका कारण कैदीवन्दीहरुमा मानसिक तथा शारिरिक भय रहेको आयोगबाट अवलोकन गरी एका उपत्यका लगायत अन्य जिल्लाका केही कारागारबाट जानकारी भएको थियो। आन्तरिक प्रशासनका वारेमा सञ्चारमा आएका सूचनाहरु र कैद भुक्तान गरी थुना मुक्त भएका वन्दीहरुबाट पाएको सूचना अनुसार जेलभित्र देहाय अनुसारका विविध समस्या रहेको बुझिएको छः-

- आन्तरिक प्रशासनले सञ्चालन गर्ने आन्तरिक कोषको रकम दुरुपयोग हुने गरेको, खर्च पारदर्शी नरहेको।
- वर्तमान कानूनले एक वर्ष भन्दा बढी चौकीदार हुन नपाउने भए पनि प्रकारान्तरले यो सुविधा नियमित लिने गरेको। सोझो वा आफ्नो पकडको व्यक्तिलाई चौकीदार बनाई छाँया चौकीदारको रुपमा पूरा नै चौकीदारले काम गर्ने गरेको।
- दैनिक उपभोग्य सामानको बिक्री वितरणमा अधिक शुल्क लिने गरेको। कारागारभित्र सञ्चालन गरी एका पसलहरुमा मूल्यसूची राखेको पाइए तापनि सो अनुरुप विक्री वितरण गर्ने नगरी एको।

- चौकीदार, नाइके, सहनाइकेको नियुक्ति पारदर्शी र सहभागितामूलक रुपमा नगरी एको।
- कारागार प्रशासन र सुरक्षाकर्मीहरु समेत प्रलोभनमा पर्ने गरेको फलस्वरुप मिलेमतोमा कानूनले बर्जित गरेका वस्तुहरु पनि कारागार भित्र प्रवेश गर्ने, गराउने गरेको।

<u>**समाधानका उपायहरुः**</u>

माथि उल्लेखित समस्याहरु आन्तरिक प्रशासन संचालकहरुबाट मात्र सृजित होइनन्। कारागार व्यवस्थापनमा संलग्न विभिन्न निकायसँग सम्वन्धित व्यक्तिहरुको पनि उतिकै भूमिका रहेको पाइन्छ। मुख्य रुपमा कारागार देखा पर्ने समस्याहरुको वारेमा जेल प्रशासक, सुरक्षा प्रमुख र मातहत कर्मचारीको कुनै न कुनै रुपमा संलग्नता, समस्या प्रति उदासिनता, निहित स्वार्थ समेत गासिएको देखिन्छ। यी नै सम्वन्धमा आन्तरिक प्रशासनलाई व्यवस्थित बनाउन देहायका सुझावहरु प्रस्तुत गरी एको छः-

- सम्पूर्ण पक्षको सुधार असल नेतृत्वमा भरपर्ने हुनाले कारागार प्रशासक, सुरक्षा प्रमुखको खटनपटनमा विशेष ध्यान पुऱ्याउन जरुरी छ। विगतमा निजहरुले सम्पादनको गरेको काम, आचरण, नेतृत्व क्षमता समेतको मूल्याङ्कनलाई आधार बनाई त्यस्ता सक्षम र इमान्दार कर्मचारी वा सुरक्षाकर्मीको पदस्थापन गर्ने।
- अन्य विषयमा जस्तै आन्तरिक प्रशासन सञ्चालकको नियुक्ति दवावयुक्त रहेको पाइन्छ। मुख्यतः तीव्र राजनीतिक दवावको कारणले यो व्यवस्थित हुन नसकेकोले पनि राजनैतिक दवावमा नपर्ने नेतृत्व छनोट गर्ने।
- चौकीदार सिफारिसको सम्बन्धमा विभिन्न समितिहरुबाट दिइएका सुझाव साथै मापदण्डको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।
- आन्तरिक प्रशासनमा नियुक्ति हुने वन्दीहरुलाई उनीहरुको जिम्मेवारी, अधिकार, उत्तरदायित्व र कारबाही समेतको सम्बन्धमा नियमित रुपमा प्रशिक्षित गर्ने व्यवस्था प्रमुख जिल्ला अधिकारी, कारागार व्यवस्थापन विभाग र कारागार प्रशासकले गर्ने।
- आन्तरिक प्रशासनमा रहने वन्दीहरु अनिवार्य समावेश हुने गरी मनोसामाजिक परामर्श, योग र ध्यानका कार्यक्रम सञ्चालन गर्नुपर्ने र योग गुरुलाई पनि नाइकेको सुविधा उपलब्ध गराउन उपयुक्त हुने। यसो गर्दा सकारात्मक सोचको विकास भई गैरकानूनी र लाभका कार्यमा न्यूनीकरण हुन जाने देखिन्छ।
- हाल विभिन्न कार्यक्रम, अध्ययन आदिको बहानामा कारागारमा आवागमन बढी भएको पाइन्छ। टाढाको नाता वा असम्बन्धित व्यक्तिले पनि वन्दीहरुलाई भेट्ने कार्यलाई दुरुत्साहन गरी भेटघाटलाई पातलो बनाउने। सामान्यतया कारागारमा काम गर्ने उदेश्य राखी दर्ता भएका गैरसरकारी संस्थाबाट मात्र कार्यक्रम गर्ने गराउने व्यवस्था मिलाउने।

- ❖ कारागार प्रशासक, सुरक्षा निकाय र प्रमुख जिल्ला अधिकारीबाट आन्तरिक प्रशासन र कारागारको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था गरी सोको प्रतिवेदन नियमित रुपमै कारागार व्यवस्थापन विभागमा पठाउने व्यवस्था मिलाउने।

**<u>सुरक्षाकर्मी र कर्मचारीको उत्प्रेरणा</u>**

- ❖ नेपाल प्रहरीको स्थायी दरवन्दी रहेको भए तापनि दरवन्दी बमोजिम कर्मचारी पूर्ति हुन सकेको देखिदैन। सुरक्षाकर्मी रहने व्यारेकको अवस्था नाजुक रहेको छ। कुनै कुनै कारागारहरुमा प्रहरी ब्यारेक नै नरहेकोले सुरक्षा व्यवस्थापन गर्न कठिनाई र चुनौतीपूर्ण रहेको देखिन्छ।
- ❖ धेरै कारागारहरुमा सिसिटिभीको जडान गरी एको छैन कतिपय सिसिटीभी जडान भएका कारागारका सिसिटीभी काम नलाग्ने पूराना र मर्मत गर्नुपर्ने अवस्थामा छन्। सिसिटिभी जडान भएका कारागारहरुमा पनि नियन्त्रण कक्ष कारागार प्रशासनमा रहेकाले सुरक्षाकर्मीलाई जानकारी हुदैन।
- ❖ लामो समयसम्म सुरक्षाकर्मी परिवर्तन नहुँदा सुरक्षा व्यवस्थापन फितलो हुन सक्ने अवस्था रहेको छ। कुनै कुनै कारागारहरुमा त सुरक्षाकर्मीकै सहयोगमा कारागारभित्र अवैध वस्तु भित्रिने गरेका घटनाहरु घटेको बेला-बेलामा जानकारीमा आउने गरेको छ।
- ❖ नेपाल प्रहरी र सशस्त्र प्रहरीबलबीच समय-समयमा समन्वयात्मक छलफल, कार्यविभाजन र अभिमुखीकरण नहुँदा अधिकारको विषयमा मनमुटाव हुन सक्ने र सुरक्षा फितलो हुन सक्ने सम्भावनालाई पनि नकार्न सकिदैन।
- ❖ नयाँ कारागारहरु पनि निश्चित सुरक्षा मापदण्ड अनुसार निर्माण भएको पाइदैन। भवन डिजाइन निर्माण हुँदा सुरक्षा निकाय, जिल्ला सुरक्षा समिति र विज्ञसँग समन्वय भएको पाइदैन।
- ❖ प्रायःसबै जसो कारागारमा आकस्मिक संकटको व्यवस्थापन योजना बनाएको देखिदैन। भूकम्प, आगलागि, महामारीको समयमा वन्दीहरु कसरी सुरक्षित राख्ने भन्ने हालसम्म सोचाइ भएको पाइदैन।
- ❖ कारागार कार्यालयहरुमा प्रर्याप्त शौचालयको व्यवस्था नरहेको, कम्पाउण्ड नरहेको, कार्यालयमा आवश्यक आधुनिक प्रविधिको अभाव, आवश्यक पर्ने कम्प्यूटर लगायतका उपकरणहरु पूरा ना र अप्रर्याप्त रहेकोले कर्मचारीहरुलाई काम गर्ने वातावरण कमजोर रहेको भनी करागारमा कार्यरत कर्मचारी साथै कारागारसँग सरोकार राख्ने व्यक्तिहरुबाट जानकरी भएको।
- ❖ निजामती प्रशासनमा कारागार कार्यालयहरु कर्मचारीको रोजाइमा रहेको देखिदैन। मन्त्रालय अन्तर्गत कारागार व्यवस्थापन विभाग र कारागार कार्यालयहरुको सेवा सुविधाको विषय प्राथमिकतामा नरहने हुँदा कर्मचारीहरुको मनोबल पनि उच्च देखिदैन। त्यसमाथि पनि

कारागारहरुमा चौबीसै घन्टा सतर्क रही खटिनु पर्ने कर्मचारी र सुरक्षाकर्मीहरुलाई प्रोत्साहनको लागि थप सुविधाहरु उपलब्ध गराएको देखिदैन।

**<u>सुझावहरुः-</u>**

- Safety First को सिद्धान्त अनुसार पहिला सुरक्षाकर्मीहरु सुरक्षित रहनु पर्दछ। यसका लागि रहने बस्ने ब्यारेकहरु उचित मापदण्डका र सुविधा सम्पन्न हुनुपर्दछ। सुरक्षा कर्मीहरुलाई शारीरिक, मानसिक र भौतिक रुपले स्वस्थ राख्न विविध कार्यक्रमहरु संञ्चालन गर्न अनिवार्य देखिन्छ।
- कारागारभित्र लैजाने वस्तुहरुको परीक्षण पनि छामेर, परम्परागत रुपमा गर्नुपर्ने अवस्थाको अन्त्यका लागि अनिवार्य रुपमा मेटल डिटेक्टर लागायत सुरक्षा जाचँ कक्षको व्यवस्था गर्न आवश्यक देखिन्छ।
- कारागारमा कैदीवन्दीको संख्या र सुरक्षा संवेदनशीलताको आधारमा X-RAY Machine र Walk Thrugh Gate व्यवस्था गर्नुपर्ने।
- भित्री पेरिमिटरको पर्खालमा आवश्यक संख्यामा मजबुत सुरक्षा बुर्जा निर्माण गर्ने र फोर्टिफिकेशनको लागि कन्सेन्टिना तारले घेर्ने व्यवस्था मिलाउने। रात्रीकालीन सुरक्षाका लागि प्रर्याप्त ह्यालोजिन फोकस लाइटको व्यवस्था मिलाउने अति आवश्यक छ।
- प्रत्येक कारागारहरुमा अग्नि शमक यन्त्र (Fire Extinguisher) को अनिवार्य व्यवस्था गर्नुपर्ने।
- कारागारमा खटिने सुरक्षाकर्मीहरुलाई कारागार सुरक्षामा जानु पूर्व कारागार र सोको सुरक्षा विषयमा तालिम र अभिमुखीकरण अनिवार्य गर्ने।
- दुईवटा सुरक्षा निकाय रहने कारागारहरुमा नेपाल प्रहरी र शसस्त्र प्रहरी बललाई स्पष्ट कार्यक्षेत्र (TR) तोकिनुपर्ने। अन्यथा कामको दोहोरोपनाले सुरक्षा जिम्मेवारी लिन नचाहने र मनमुटाव सिर्जना हुने संभावना रहन जान्छ।
- प्रत्येक कारागारहरुमा आगलागि, भूकम्प, महामारीजन्य आपतकालीन सुरक्षा कार्ययोजना तयार गरी राख्ने।
- कारागार व्यवस्थापन विभागले निरन्तर रुपमा कारागारको अवलोकन, अनुगमन गरी समय-समयमा सुधारका योजनाहरु तयार गर्न आवश्यक देखिन्छ। यसका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी चाहिने उपकरण उपलब्ध गराउन र प्रर्याप्त बजेट विनियोजन गर्न आवश्यक देखिन्छ।
- कारागार कार्यालयमा कार्यरत कारागार प्रशासक लगायत अन्य कर्मचारीहरुलाई सुरक्षाकर्मीहरुले पाए सरहको राशन भत्ता, तालिम लगायत अन्य सुविधा उपलब्ध गराउनु आवश्यक देखिन्छ।

- हाल कारागार कार्यालयहरूमा खटिएका सुरक्षा निकायहरूलाई मिश्रित जिम्मेवारी दिइएको, फरक फरक तहको अधिकृतबाट नेतृत्व हुने गरेको तथा एकरूपता नभई फरक फरक प्रकृतिको कार्य जिम्मेवारी दिइएको देखिएको सन्दर्भमा भदौ २४ को घटना र सोको प्रकृति समेतलाई विचार गर्दा एउटा व्यवस्थित अध्ययन गरी केन्द्रीय तहबाटै कार्य जिम्मेवारी किटान गरी एकरूपता हुने गरी आवश्यकताका आधारमा जिम्मेवारी दिई सुरक्षा निकाय परिचालन गर्न उचित हुने देखिन्छ । कारागारमा दोहोरो कमाण्ड हटाउनुपर्ने ।
- कारागार सुरक्षाका लागि सबैभन्दा महत्वपूर्ण भूमिका भौतिक संरचनाको रहने हुँदा हालको अवस्थामा क्षमताभन्दा धेरै गुणा बढी थुनुवा र कैदी बन्दी रहेकोमा यथाशीघ्र भौतिक संरचनाहरूको निर्माण गरी व्यवस्थापन गर्नुपर्ने । अपराधको बर्गिकरण अनुसार बन्दीगृहहरू निर्माण गरीनुपर्छ ।
- विश्वका विभिन्न देशहरूले कारागारमा रहेका थुनुवा र कैदीबन्दीहरुको सुरक्षा तथा निगरानीको लागि अवलम्बन गरेका प्रणालीहरूको अवलोकन तथा अध्ययन गरी आधुनिकीकरणतर्फ आवश्यक कार्य गर्नुपर्ने ।
- कारागारमा रहेका थुनुवा र कैदीबन्दीहरुको सामाजिकीकरण, सीप कलाको विकास र आर्थिक उपार्जनको सन्दर्भमा कानुन बनाई रोजगार उन्मुख, उत्पादनमूलक क्रियाकलापमा सहभागी गराउनुपर्ने । विश्वका कतिपय मुलुकमा जस्तै स्वरोजगारबाट कैदी बन्दीको भरणपोषणगर्ने खालको परिपाटी बनाएमा राज्यलाई वार्षिक रूपमा पर्न जाने आर्थिक व्ययभार कम गर्न सकिने ।
- कारागारमा राजनीतिक र जघन्य अपराधका थुनुवा\कैदीबन्दी बेग्लाबेग्लै स्थानहरूमा राख्नुपर्ने।
- कारागारमा चैत्र २४ गते देखिएको काबुभन्दा बाहिरको परिस्थितिमा समेत के गर्ने,के नगर्ने, कसरी गर्ने भन्ने सबै बिषयहरू लिखित रुपमा स्पस्ट हुनुपर्ने। सबै कारागारहरूमा Standing Operating Procedure समयानुकुल अध्याबधिक गरी समय समयमा scenario base exercise, Mock drill गर्ने अनिबार्य ब्यबस्था हुनुपर्ने।
- कारागार भित्र रहेका थुनुवा बन्दीहरूको अबस्था र निजहरूको गुनासा सुन्ने संयन्त्र प्रभावकारी नभएकोले सरकारको यस बिषयमा बिशेष ध्यान जानु जरूरी छ ।
- 

**कैद मिनाहा, छुट, आम माफीलाई पारदर्शी र कानूनसंम्मत् बनाउनुपर्ने**

नेपालको संविधानको भाग ३२ को धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक तथा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था रहेको छ। यस्तो कैद छुट प्रचलित कानूनले

निर्धारण गरेको प्रक्रिया र आधारमा दिनु पर्ने। हाल कैदकट्टा नियमावली २०७६ बमोजिम निश्चित मुद्दामा ५० प्रतिशत कैद भुक्तान भएका कैदीवन्दीहरुलाई गणतन्त्र दिवस, संविधान दिवस र प्रजातन्त्र दिवसको अवसरमा कैद छुट र माफी, मिनाहा दिने प्रचलन रहेको छ। कैद छुट र माफी मिनाहाले राजनैतिक प्रतिशोधमा परेका साथै कानूनबमोजिमको न्यूनतम कैद भुक्तान गरेका वन्दीहरुको बाँकी जीवनमा सकारात्मकता सिर्जना भई समाजमा उल्लेख्य योगदान दिन सक्ने र पारिवारिक, सामाजिक पुनःस्थापनामा समेत सघाउ पुऱ्याउन सक्ने स्थिति रहन्छ यस्तो प्रावधानको आड लिई जानीजानी आपराधिक क्रियाकलापमा संलग्न वन्दीहरु पनि माफी मिनाहामा पर्ने, कैद ठेकिइसकेपछि पनि कानूनको परिपालना नगरी कारागारमै नगएका दोषीहरु र राजनीतिक पहुँचका व्यक्तिहरुले उन्मुक्ति पाउने, कैद छुट र माफी मिनाहामा संलग्न निकायका व्यक्तिहरु प्रलोभनमा परी सिफारिस गर्ने जस्ता केही अभ्यासले पीडितलाई न्यायको अनुभूति र क्षतिपूर्ति नपाएको जस्ता आम गुनासाहरु सुनिएको पाइन्छ।

संविधान बाहेक पनि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसुर कैद कट्टा नियमावली २०७६, ज्येष्ठ नागरी कसम्बन्धी ऐन, सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका आदेशहरु समेतको आधारमा अदालत, न्यायिक/अर्धन्यायिक निकाय, प्रशासकीय निकाय वा अधिकारीले गरेको सजायलाई माफी, मुल्तबी, परिवर्तन वा कम गर्न, कैद कट्टा गर्न सक्ने व्यवस्था भएको देखिन्छ। तथापि, यो व्वस्थाको कार्यान्वयनको सन्दर्भमा देखिएका समस्या र समाधानका उपायहरु देहायबमोजिम छन्।

**<u>कैद छुट गर्दा हाल देखिएका समस्या र समाधानका उपायहरु</u>**

**<u>समस्याहरु</u>**

कैद कट्टी गर्नेकम/ गर्ने, छोट्याउने वा मिनाहा दिने जस्ता काम कारवाही र निर्णय गर्दा कानूननद्वारा निर्धारित प्रतिशतको सीमा बन्देजका अतिरिक्त पीडितको हक संरक्षित रहने गरी निजको सहमति मञ्जुरी समेत लिई, पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरी गर्नुपर्ने आदेश सम्मानित अदालतबाट भएकोमा हालसम्म सोको कार्यविधि बनेको देखिंदैन।

वन्दीको असल चालचलन र व्यवहार रहेको भनी मापन गर्ने आधारहरुसूचकहरु/ स्पष्ट नरहेको, हालसम्म एकीकृत सूचना प्रणाली व्यवस्थित नभएको, अभिलेख अद्यावधिक नभएको।

कैद भुक्तानका क्रममा वन्दीहरुको चालचलन र व्यवहारको नियमित रुपमा मूल्याङ्कन, प्रतिवेदन र अभिलेखन गर्ने प्रणालीको व्यवस्था हुन नसकेको।

कारागार प्रशासक र प्रमुख जिल्ला अधिकारीको सिफारिस सहितको विवरण फौजदारी कसूर (कैदकट्टा) नियमावली २०७६ को अनुसूची ३ को ढाँचामा तयार हुने गरेको जसमा कैदकट्टा गर्न उपयुक्त भएनभएको/ विषय छ वा छैन भनी उल्लेख गरी ने व्यवस्था रहेको। यसमा विश्लेषणको आधारमा व्याख्यात्मक रुपमा राख्ने व्यवस्था नभएको।

समाधानका उपायहरु

अदालतबाट कैद निर्धारण भई कारागार नै नवसेका अभियुक्तहरुको पनि माफी मिनाहा सिफारिस भई कैद छुट भएको जानकारी भएकोले त्यस्ता अभियुक्तहरुलाई माफी मिनाहाको लागि सिफारिस नगर्ने। वदनियतपूर्वक सिफारिस गर्ने व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याउने।

वन्दीको आचरणको विषयलाई सकभर वस्तुनिष्ठ बनाउन कारागार प्रशासकले नियमित रुपमा देहायको सूचकको आधारमा अभिलेख राखी सोही बमोजिम प्रतिवेदन र सिफारिस गर्नुपर्ने। उल्लेखित कार्यविधि तयार गर्दा कैदकट्टमा संलग्न हुने निकाय कारागार) व्यवस्थापन विभाग र प्र(अ.जि. को सार्थक सहभागिता हुन आवश्यक देखिन्छ।

नकारात्मक सूची अन्तर्गत मुद्दाहरु बढी समावेश गरी एको गुनासो आउने गरेकोले यस्तो सूचीबाट मुद्दाको संख्या घटाउने तर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

कैद छुटको सन्दर्भ र जेन-जी आन्दोलनमा भएका कारागारका घटनाको सन्दर्भमा आन्दोलनको दौरान जानीजानी फाइदा उठाएर जेल तोडेर गएका कैदीवन्दी, कठिन परिस्थितिमा पनि कारागारको नियम मानेर जेलमै बसेका कैदीवन्दी, कारागार व्यवस्थापन विभाग र सम्बन्धित कारागारबाट आह्वान भएपछि स्वयम् उपस्थित भएका कैदीवन्दी र तोकिएको समयमा फर्केर नआई र प्रहरीद्वारा प्रकाउ भएका कैदीवन्दीको लागि फरक -फरक मापदण्ड बनाई लागु गर्नुपर्ने।

कारागारमा रहेका पूर्णरुपमा अन्धा, पूरै पारालाइसिस भएका, अतिवृध्दलाई कैद छुट दिएर छुटाउनु पर्ने। त्यस्तालाई कारागारमा राख्नु भन्दा घर पठाउनु नै उचित देखिन्छ।

**<u>बालसुधार गृह</u>**

देशै भरमा हाल नौ वटा बालसुधार गृहमा १२१४ बाल वन्दी रहेका छन्। यी बालसुधार गृहहरुको व्यवस्थापन गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरी क मन्त्रालयबाट हुँदै आएको छ। गृह मन्त्रालयले हतियार, पोशाक बिनाका केही प्रहरी खटाई सुरक्षा प्रदान गर्नुका साथै कैदीबन्दीहरुलाई सिधा उपलब्ध गराउँछ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरी क मन्त्रालयले व्यवस्थापनको लागि कर्मचारीको खटन, उपचार, मनोविमर्श लगायतका कार्यहरु गर्दछ। बाल बिज्याइमा परी सुधार गृहमा राखिएका अधिकांश अठार वर्ष नाघेर बालिग भएका छन्। हाल २७/२८ वर्ष सम्मका वन्दी बालसुधार गृहमा रहेको देखिन्छ।

बालिग भइसकेका वन्दीहरु नियन्त्रण बाहिर गई प्रायः कुटपीट र झडपमा संलग्न हुने, साना उमेरका बालवन्दीमाथि शोषण गर्ने साथै जिम्मेवार पदाधिकारी, सुरक्षाकर्मी समेतलाई हातपात गर्ने तथा तथानाम गाली गर्ने गरेको घटना पनि सम्वन्धित सुरक्षा प्रमुखबाट जानकारी हुन आएको विषय विगतमा पनि सुनिदै र पढिदै आइएको छ। मिति२०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी पुस्ताको आन्दोलनको दौरान समेत बाँके जिल्लामा भाग्ने क्रममा ४ जना बाल बिज्याइकर्ताहरुको ज्यान गएको थियो। यस अघि पनि रुपन्देही, बीरगंज र बाँके नौवस्ता स्थित बालसुधार गृहबाट पटक पटक बालवन्दी (१८ वर्ष नाघेका) फरार भएको पनि देखिन्छ। यसरी बालसुधार गृहमा दिन प्रतिदिन सुरक्षा चुनौती थपिदै गएको पाइन्छ।

बाल बिज्याइमा परेका बालबालिकालाई उनीहरुको मानसिकतामा असर नपरोस् भनी जधन्य अपराधमा संलग्न पाका वन्दीहरुसँग नराखी बालसुधार गृहमा राखेर विविध सुरक्षा गतिविधि, बालविकासका क्रियाकलापमा संलग्न गराई बालबालिकाको मानसिकतामा सकारात्मक प्रवृत्ति विकास गराउने नीति लिइएको भए तापनि सो अनुसारको उपलब्धी प्राप्त भएको देखिदैन। यसरी फलतः बालसुधार गृह संञ्चालन नीति र बालबालिका सम्बन्धी ऐन नै परिवर्तन गर्नुपर्ने देखिन्छ।

**<u>सुझावहरु</u>**

बालसुधार गृहलाई थप व्यवस्थित बनाउने सम्बन्धमा देहायका सुझावहरु प्रस्तुत गरी एको छः-

- ❖ बालिग भइसकेका बालसुधार गृहका वन्दीहरुलाई तत्काल अन्य कारागारहरुमा स्थानान्तरण गर्ने। जसका लागि हाल कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी ऐनमा समेत संशोधन गर्नुपर्ने हुन्छ।
- ❖ बालसुधार गृह सञ्चालनको सम्पूर्ण जिम्मेवारी कुनै एउटा निकाय वा मन्त्रालयलाई मात्र

दिने। हाल बालसुधार गृह महिला बालबालिका तथा ज्येष्ठ नागरी क मन्त्रालयले व्यवस्थापन गर्ने तर एक बालसुधार गृहबाट अर्को बालसुधार गृहमा स्थानान्तरण गर्दा कारागार व्यवस्थापन विभागको निर्णय हुनुपर्ने साथै सुरक्षाकर्मीको व्यवस्थापन गृह मन्त्रालयले गर्दा झनै अव्यवस्थित भएकोले यसको सम्पूर्ण व्यवस्थापन गृह मन्त्रालयले लिनुपर्ने।

- बालसुधार गृह सञ्चालनको प्रणाली परिवर्तन गरी देहाय अनुसार गर्नेः-
  - बालबालिकालाई सजाय स्वरुप कैद बसेको आभास नहुने गरी र बालविकासका सम्पूर्ण क्रियाकलाप संकुचन नहुने गरी छात्रावास प्रणालीमा संञ्चालन गर्ने। अथवा
  - देश वाहिर जान प्रतिबन्ध लगाइ अभिभावकको जिम्मामा राख्ने, निश्चित समयमा निकटको स्थानीय निकायमा नियमित जानकारी दिने व्यवस्था अभिभावक मार्फत् मिलाउने।
- १८ वर्ष उमेर नपुगेका बाल बालिकाहरूलाई राख्न भनी बनाएका बाल सुधार केन्द्रहरूमा हाल करिब एक तिहाइ भन्दा बढी बालबिज्याईकर्ताहरू १८ वर्ष भन्दा बढी उमेरका रहेकाले सुरक्षा चुनौती भैरहेकोमा विद्यमान कानुनलाई यथाशीघ्र संशोधन गरी उमेर पुगेकाहरुलाई वयस्क थुनुवा र कैदीबन्दीहरुलाई राख्ने कारागारमा पठाउने व्यवस्था गर्नुपर्ने । बाल सुधार गृहलाई प्रभावकारी बनाउन बालबालिका ऐन, २०७५ मा संशोधन लगायत अन्य नीतिगत सुधार समेत हुन आवश्यक देखिन्छ ।
- हाल बालसुधार गृहहरुमा शिक्षा, स्वास्थ्य र मनोरञ्जनको यथोचित प्रबन्ध नभएको हुँदा यथाशीघ्र सो को व्यवस्था मिलाउनुपर्ने ।
- 

**<u>अन्य समस्या र सुझाव</u>**

- कारागार व्यवस्थापन बिभागको अभिलेखमा जबरजस्ती करणी मुद्दाका कैदीवन्दीहरु सबै भन्दा बढी रहेका छन्। यिनीहरु मध्ये वृद्ध, दीर्घ बिरामी र दुवै आखाँ नदेख्ने पनि रहेको पाइयो। त्यस्तै दोस्रो संख्यामा लागु औषधसम्बन्धी कैदीवन्दीहरु रहेको देखिन्छ। सानो परिमाणको लागु औषधको कारोवार गर्ने वा लागु औषध सेवन गर्ने वा दुरुत्साहान गर्नेलाई पनि बढी भन्दा बढी सजाय भएको देखिएकाले यस विषयमा कसूरलाई बर्गीकरण गर्ने र यस्ता मुद्दाको सामाजिक पक्षको समेत अध्ययन गरी कानूनमा संशोधन हुन आवश्यक देखिन्छ।
- पुर्नस्थापना केन्द्रको शुल्क अत्यन्त बढी भई परिवारले उक्त रकम तिर्न नसकी परिवारिक सल्लाहमा कारागारमा पठाउने गरी मुद्दाको तयारी हुने गरेको गुनासाहरु पनि धेरै ठाँउमा सुन्नमा आएका, पच्चीस वर्षको आजीवन कारावासको सजाय धेरै भएको गुनासो रहेको र कानूनहरु सुधारात्मक भन्दा दण्डात्मक हुदै गएको पनि पाइन्छ। सानो गल्तीमा हदै सम्मको

सजाय होस् भन्ने समाजको मनोविज्ञान देखिन्छ। अधिकारवादीहरु समुच्चा न्यायको लागि भन्दा पनि आफ्नो पक्षको पृष्ठपोषणमा एकाङ्गी भएर लागेको पनि पाइन्छ। यी विषयहरुले मुद्दाको उठानदेखि फैसलाको तहसम्म कही न कही प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पारेको विषय नकार्न सकिदैन। यसैले वर्तमान कानूनको प्रभाव, असर समाजको मनोविज्ञान समेतको अध्ययन गरी कानून तथा दण्ड व्यवस्थामा सुधार हुनुपर्ने देखिन्छ।

- ❖ कारागारमा वन्दीको संख्या अधिक देखिन्छ। लामो समयसम्म मुद्दा फैसला नहुनाले वन्दी तथा परिवारजन अन्यौल जन्मिन गएको। थुनामा रहेको व्यक्तिको हकमा अग्राधिकार दिई सुनुवाइ हुने व्यवस्था जरुरी देखिन्छ।
- ❖ मानसिक रोगी वन्दीको मुद्दा फैसला हुन समय लाग्ने देखियो। रोग पहिचानको लागि वन्दीलाई लामो समय निगरानीमा राख्नुपर्ने भएबाट निजको मुद्दाको समयमै किनारा हुन सक्ने स्थिति रहेन। यस विषयमा विज्ञहरुसँग परामर्श गर्नु आवश्यक रहेको।
- ❖ विदेशीहरु ओभर-स्टे मुद्दामा जरीवाना तिर्न नसकी कारागारमा रहेको देखिएको। यस्ताको हकमा सम्वन्धित दूतावाससँग समन्वय गरी जरीवाना तिर्न लगाउने। अथवा उमेर, शारिरिक र मानसिक अवस्था, निजको नेपाल बस्दाको चालचलन समेतका आधारमा केही वा पूरै जरीवाना मिनाहा गरी डिपोट गर्दा यस्ता कैदी व्यवस्थापनमा हुने गरेको राज्यको धनराशि बचत हुने।
- ❖ कारागारको प्रभावकारी व्यवस्थापनको लागि समय समयमा गठित आयोग र समितिहरुको सिफारिस अक्षरसः कार्यान्वयन गर्ने/गराउने।

## १४.१६. सुशासन कायम गर्नका लागि अन्य सुझाव

### (क) संघीयताको प्रभावकारी कार्यान्वयन

नेपालले संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको छ। नेपालको संविधान २०७२मा राज्यको संरचनालाई तीन तह संघ, प्रदेश र स्थानीयमा विभाजन गरी अनुसूची ५ देखि ९ सम्मका एकल र साझा अधिकारका सूची बमोजिम राज्यशक्ति, श्रोत साधन, जिम्मेवारी र प्रशासनको साझेदारी अनुरुप सहकारितामा आधारित संघीयताको संवैधानिक सुनिश्चितता प्रदान गरेको छ।

तीनै तहका सरकारलाई कार्यमूलक बनाउन समन्वय, सहकार्य तथा सहअस्तित्वको सिद्धान्त बमोजिम सञ्चालन तथा व्यवस्थापनको कार्य भइरहेको छ। तीनै तहमा राजनीतिक, वित्तीय, प्रशासनिक, न्यायिक, सेवाप्रवाह र सूचनाको आदानप्रदान र अन्तरआवद्धता कायम नीति, योजना, कानून, जनशक्ति, प्रविधि लगायतको व्यवस्था छ। यद्यपि, संवैधानिक, कानूनी तथा संघीयताको मर्म बमोजिम संघीय

ईकाइहरु क्रियाशील नहुँदा आशातित उपलब्धी प्राप्तस हुन सकेको छैन। जसको कारण केन्द्रको केन्द्रिकृत मानसिकता, सोच, शैली तथा कार्य व्यवहार, प्रदेशका संरचनाहरु उद्धेश्यअनुरुप functinal नभएको र स्थानीय तहको सेवा प्रवाहमा प्रभाकारिता नदेखिँदा जनताले शासनमा अपनत्व, स्वामित्व सहितको अनुभूतियोग्य सन्तुष्टि प्राप्त नभएको जनगुनासो रहेको छ।

प्रयास र उपलब्धीवीचको खाडललाई पूरा गर्न थप रुपान्तरणकारी प्रयास आवश्यक छ। वर्तमानको युवा जनलहरहरुले संघको कार्यपालिकाको संरचना, प्रदेशको भूमिका तथा स्थानीय तहको क्षमतामाथि नै प्रश्न चिन्ह खडा भएको अबस्था सिर्जना भएको छ। विश्व व्यापी शासकीय भूमिकामा आएको परिवर्तन, सूचना प्रविधिको तीव्रत्तर विकास र विस्तार, जनताका चुलिदाँ आकांक्षा लगायतले शासन व्यवस्थाको पुनर्वोधको आवश्यकता औंल्याइएको छ। २०७२ सालमा नेपालको संविधान जारी भएपछि २ पटक निर्वाचन भई जनप्रतिनिधिहरुले काम गरी सक्दा समेत संघीयताले आफ्नो प्रारुप बमोजिम काम गर्न नसक्नु र संघीय संरचनाका ईकाईहरुलाई भ्रष्टाचारको केन्द्र विकेन्द्रीकरणका रुपमा जनताले परिभाषित गर्नु जस्ता समस्या साथै स्थानीय तहमा हुने अति राजनीतिकरणको प्रभावको कारण सरकारको वैधता कायम गर्दै जनविश्वास उकास्न हाल संघिय शासन व्यवस्थामा देखिएका मूलभूत समस्या र सोको समाधानका उपायहरु देहायबमोजिम सुझाइएको छ।

**<u>संघीयता कार्यान्वयनमा देखिएका समस्याहरु</u>**

- ❖ संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड गरे पनि व्यवहारमा धेरै अधिकारहरू अस्पष्ट छन्। साझा अधिकार (Concurrent powers) को प्रयोगमा द्वन्द्व र दोहोरोपना देखिन्छ, जसले नीति कार्यान्वयनलाई कमजोर बनाएको छ।
- ❖ संवैधानिक तथा संघीयता अनुकूलका कानूनहरु तर्जुमा भई कार्यान्वयन भएपनि, त्यसको परिपालना, कार्यान्वयनको समीक्षा पश्चाcत पृष्ठपोषण लिई एकल तथा साझा अधिकारका कानूनहरुको पुनरावलोकन तथा आबश्यक कानून तर्जुमा गर्ने विषयमा सम्बन्धित निकायको न्यून प्राथमिकतामा रहेको।
- ❖ सहकारितामूलक संघीयता बमोजिम तीनै तहवीच समन्वय, सहकार्य तथा सहअस्तित्वको सिद्धान्तलाई अनुशरण गरी शासन व्यवस्था सञ्चा ुलन तथा व्यवस्थापन हुनुपर्नेमा केन्द्रको केन्द्रीकृत मानसिकता, प्रदेशले थप स्वायत्त भूमिकाको माग र स्थानीय तहमा स्यायत्तता र स्वशासनको दम्भमा रुपलिँदा एक अर्काको अस्तित्व नै नस्वीकार्ने प्रवृति रहेको छ।
- ❖ तीनै तहका राजनीतिक नेतृत्ववीचको विश्वास, जिम्मेवारी लोकतन्त्रलाई संस्थागत गर्ने विषय, विधिको शासन अनुसार नीति, नेतृत्व तथा नैतिकतावीच खाडल देखिन्छ। राजनीतिक दलको

आन्तरिक लोकतन्त्र कमजोर, खर्चिलो निर्वाचन प्रणाली, कुशासनयुक्त व्यवहार, शासनमा राजनीतिकरण तथा दलीयकरणको समस्या देखिन्छ।

- ❖ प्रदेश र स्थानीय तहहरू राजस्वमा अत्यधिक रूपमा संघ सरकारमा निर्भर छन्। आन्तरिक स्रोत सीमित छ र राजस्व बाँडफाँड प्रणाली पारदर्शी तथा प्रभावकारी छैन। यसले विकास खर्च र सेवा प्रवाहमा समस्या ल्याएको छ। खर्चको जिम्मेवारी तथा वित्तीय क्षमतावीच खाडल रहँदा vertical and horizontal fiscal gap रहेको, संघले गर्ने वित्तीय हस्तान्तरण सन्तुलित, पारदर्शी तथा समसमायिक नरहेको, प्राकृतिक श्रोत साधनको लगानी र प्रतिफल वापतको न्यूनतापूर्ति गर्न आन्तरिक ऋण उठाएर खर्च गर्न सकेका छैनन्।
- ❖ प्रदेश र स्थानीय तहमा प्रशिक्षित जनशक्ति, अनुभव र संस्थागत क्षमता कमजोर छ। कर्मचारी व्यवस्थापन अझै संघमुखी सोचमा आधारित छ, जसले संघीय अभ्यासलाई अवरोध गरेको छ। कार्यको जिम्मेवारी बमोजिमका तीनै तहको प्रशासनिक संरचना, दरवन्दी, प्रशासन सञ्चालन तथा व्यवस्थापन प्रभावकारी नहुँदा विकास, सेवाप्रवाह र शासनमा नतिजा, जवाफदेहिता, नैतिकता र उत्तरदायित्वको अवस्था कमजोर देखिन्छ।
- ❖ संघ, प्रदेश र स्थानीय तहबीच संस्थागत समन्वय संयन्त्र प्रभावकारी छैन। नीतिगत समन्वयको अभावले दोहोरोपन र स्रोतको दुरुपयोग बढाएको छ।
- ❖ शासकीय पात्र र साझेदारवीच समन्वय, सहकार्य र साझेदारी कमजोर, विश्वानसको संकट, जिम्मेवारी तथा जवाफदेहिता कमजोर रहँदा शासन, विकास र सेवा elite capture भई लक्षित वर्गको सार्थक र सक्रिय पहुँच, पहिचान र प्रतिनिधित्व हुन नसकेको।
- ❖ सेवा प्रवाहमा नवप्रवर्तन, सिर्जनशीलता, सूचना प्रविधिमा आधारित भन्दा पनि परम्परागत, प्रक्रियामुखी र काम पन्छाउने प्रवृतिले सेवा प्रवाहलाई तथ्यपरक, नतिजामूलक, गुणस्तरीय, पारदर्शी, जवाफदेही र जनमुखी बनाउन नसकिएको।
- ❖ संघीयतालाई महँगो शासन प्रणाली भनेर प्रस्तुत गरी ने राजनीतिक र सामाजिक भाष्य बलियो हुँदै गएको छ, जसले यसको वैधानिकता कमजोर पार्ने खतरा छ।
- ❖ सुधारको बाटो
- ❖ अधिकार क्षेत्रवीच स्पष्टता र समान बुझाईका लागि राष्ट्रिय समन्वय परिषद्को बैठक बसी संवाद र समीक्षाका आधारमा संविधानको अनुसूचि ९ मा भएको तीन तहको साझा अधिकारलाई कार्यान्वयन गर्न कार्य विस्तृतीकरण प्रतिवेदनलाई स्पष्ट बनाई कार्यान्वयन गर्ने।
- ❖ अधिकार सूचीहरूको व्याख्या स्पष्ट हुने गरी कानूनी संशोधन साझा अधिकारका विषयमा कार्यविधि र मापदण्ड निर्माण गर्न संघीय विवाद समाधान संयन्त्रहरुलाई प्रभावकारी बनाउने।
- ❖ निर्मित कानूनको परिपालना, समीक्षा, उपलब्धीका आधारमा सुधार गर्न एकल र साझा अधिकारको सूचीमा रहेका कानूनलाई सम्बन्धित तहले तर्जुमा गरी कार्यान्वयन गर्ने जस्तै संघीय निजामती सेवा ऐन, प्रहरी ऐन, शिक्षा ऐन लगायतका कानूनहरु संघले तर्जुमा गर्नुपर्ने।

- ❖ केन्द्रले केन्द्रीकृत सोचलाई त्यागी, प्रदेश र स्थानीय तहको संवैधानिक भूमिकालाई निभाउन स्वायत्तता तथा नियमनमा जोड दिनुपर्छ। प्रदेशले र स्थानीयले कार्यात्मक क्षमता बढाई क्रियाशील रहनुपर्छ।
- ❖ संघमा मन्त्रालयको संख्या १०-१२ मा झार्ने। २०७५ सालको सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने।
- ❖ प्रदेशमा ५ मन्त्रालयको व्यवस्था गर्ने। प्रदेशलाई नीति निर्माण गर्ने गरी SMART बनाउने। धेरै कार्याकारी भूमिका भन्दा संघ र स्थानीय तहसँग को पुलका रुपमा काम गर्ने र प्रदेशस्तरीय आयोजना व्यवस्थापन गर्ने गरी विकास गर्ने।
- ❖ संघीयताको प्रभावकारी कार्यान्वयन गर्न र विवाद निरुपण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निकायगत रुपमा सूचक सहितको जिम्मेवारी तोक्ने कार्यान्वयन गर्न आवश्यक कामको कार्ययोजना बनाई कार्यान्वयन गर्न सहजीकरण गर्ने।
- ❖ हाल प्रदेशको संयोजन प्रधानमन्त्री कार्यालय र स्थानीय तहसँग समन्वय गर्न संघीय मामिला तथा सामान्य मन्त्रालयबाट भएकोमा यि दुवै निकायको संयोजन एउटै निकायबाट गर्ने।
- ❖ खर्चको जिम्मेवारी र वित्तीय क्षमताका अनुरुप प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणलाई नतिजामूलक बनाउन राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस, आधार र ढाँचा बमोजिम बाडफाड गर्ने। आयोगको संस्थागत क्षमता वृद्धि गरी पारदर्शी, सन्तुलित र समन्यायिक रुपमा वित्त हस्तान्तरण गर्न अध्ययन, अनुसन्धान र क्षमता विकास तालिममा जोड दिने। कर अधिकारको व्यावहारिक पुनरावलोकन, राजस्व बाँडफाँड प्रणालीलाई पारदर्शी र पूर्वानुमान योग्य बनाउने, प्रदेश तथा स्थानीय तहमा आर्थिक स्रोत परिचालन क्षमता विकास, तीनै तहमा राजश्वय संकलन परिचालन गर्न एकीकृत राजश्व योजना बनाई लागु गर्ने।
- ❖ प्रदेश र स्थानीय तहलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सार्वजनिक ऋण लिने र खर्च गर्ने क्षमता बढाउने।
- ❖ प्राकृतिक (सेवा) श्रोत साधनको प्रतिफल र लगानीको न्यायोचित वितरणका लागि रोयल्टी बाँडफाँडको एकीकृत कानून बनाई लागु गर्ने।
- ❖ वित्तीय सुशासन कायम गर्न यसको बाँडफाँड, कार्यान्वयन तथा प्रतिफलको प्रतिवेदनमा सूचना प्रविधिको प्रयोग गरी सूचना व्यवस्थापन प्रणालीलाई स्वचालित तथा तथ्यपरक र विश्वसनीय बनाउने.
- ❖ संघमा छरितो नीतिगत तहमा काम गर्ने सक्षम प्रशासनिक संरचना बनाउनु पर्ने। पर्देशमा विकासात्मक गतिविधि सञ्चालन गर्ने प्रशासनिक संरचना र स्थानीय तहमा आधारभूत सेवा प्रवाह गर्ने खालको बहुसीपयुक्त कर्मचारीहरु रहेको प्रशासनिक संगठन संरचना आबश्यक रहेको छ। संघीय निजामती सेवा ऐन समयमा तर्जुमा गरी तीनै तहमा कर्मचारी प्रशासन

व्यवस्थापन सम्बन्धी कार्य गरी संघीयताका लाभहरु जनतालाई अनुभूत गर्ने गरी प्रदान गर्ने कर्मचारी संयन्त्रको परिचालन मार्फत प्रदेश र स्थानीय तहमा परिणाममुखी, जनमैत्री र उत्तरदायी प्रशासनिक संस्कृति विकास गर्ने।

- ❖ शासनका साझेदार, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, नागरी क समाज, अन्तर्राष्ट्रिय विकास साझेदारवीच समन्वय, सहकार्य तथा साझेदारी गर्न एक आपसमा संवाद तथा सहमति कायम गर्न सरकारले सहजकारी, प्रवर्द्धनकारी र नियमनकारी भूमिका निर्वाह गर्नुपर्दछ।
- ❖ नागरी क, निगरानी, संसदीय निगरानी, निगरानी निकायको, सञ्चार जगतको निगरानी लगायतका प्रत्यक्ष, अप्रत्यक्ष उत्तरदायित्वको औजारहरुको प्रयोग गरी सरकारलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनुपर्दछ।
- ❖ नेपालमा संघीयताको समस्या यसको अवधारणामा होइन, कार्यान्वयनको कमजोरीमा निहित छ। अधिकार स्पष्टता, वित्तीय आत्मनिर्भरता, सक्षम प्रशासन, राजनीतिक प्रतिबद्धता र रणनीतिक सोच सहित संघीयतालाई संस्थागत गरी लागु गरी एमा समावेशी लोकतन्त्र, सन्तुलित विकास र राज्यको स्थायित्वको आधार बलियो बनी समृद्द नेपाल सुखी नेपालीको दीर्घकालीन आकांक्षा पूरा हुनेछ।
- ❖ संघीयता कार्यान्वयनको १० बर्ष पुगेको छ। यस अवधिमा भएका असल अभ्यासहरु, सिकाइहरु र संघीयतालाई थप प्रभावकारी बनाउन सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्नको लागि विश्वविद्यालय वा कुनै स्वतन्त्र निकायलाई संघीयताको कार्यसम्पादनको मूल्यांकन र भविष्यमा गर्नुपर्ने सुधारहरुको पहिचान गर्ने गरी जिम्मेवारी दिई मूल्यांकन गर्ने। यसको नेतृत्व प्रधानमन्त्री कार्यालयले गर्ने। अध्यनको सुझावको आधारमा संघीयता सवलीकरणको रणनीति र कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

**(ख) सबल कूटनीति निर्माणः**

नेपालको संविधान २०७२ को धारा-५ मा नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरु उल्लेख गरेको छ। राज्यको निर्देशक सिद्धान्तमा नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिबृद्धि गर्ने तर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने उद्येश्य लिएको छ।

त्यसै गरी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरी हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति अबलम्वन गर्ने र विगतमा

भएका सन्धिहरुको पुनरावलोकन गर्दै समानतामा र पारस्पारिक हितको आधारमा सन्धि सम्झौताहरु गर्ने नीति अङ्गीकार गरेको छ।

नीतिगत तथा कानूनी रुपमा परराष्ट्र नीति २०७७, प्रतिरक्षा नीति २०७७ लगायत अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालय लगायतबाट भइरहेको छ। परराष्ट्र सम्बन्धका लागि प्रधानमन्त्री अन्तर्गत एक छुट्टै निकाय बनाउने अभ्यास पनि सुरू भएको छ।

नेपालको परराष्ट्र नीतिलाई राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक लगायतका पक्ष वा तीनका आयामले प्रभावित पार्दै ल्याएको बुझ्न सकिन्छ। वर्तमानसम्ममा उल्लिखित आयामभित्र अनेक व्यावहारिक उतारचढाव वा परिवर्तन उत्पन्न हुँदै आइरहेका छन्।

नेपालको परराष्ट्र सम्बन्धमा सबैभन्दा महत्त्वपूर्ण पक्ष २ वटा छन् ती हुन् नेपाल भारत सम्बन्ध र नेपाल चीन सम्बन्ध। त्यसमा पनि नेपाल भारत बीच अत्यन्तै नजिकको जनस्तरको सम्बन्ध भएको हुँदा यसमा बेला बेलामा उतार चढाव हरू आउने गरेका छन्। साथै नेपालको परराष्ट्र नीतिका सन्दर्भमा दुई परस्पर विरोधी राजनीतिक दर्शनमा आधारित व्यवस्था अपनाएका भारत र चीनले भूपरिवेष्ठित नेपाललाई आआफ्नो सुरक्षा रणनीतिभित्र राखेर हेरेका हुन्छन् र त्यसबाट जोगिइरहने दूरदर्शितापूर्ण परराष्ट्र नीति चाहिन्छ।

यो प्रश्न नेपालको परराष्ट्र नीतिका सम्बन्धमा सबैभन्दा महत्त्वपूर्ण देखिन्छ। राष्ट्र निर्माता पृथ्वीनारायण शाहले भौगोलिक एवं प्रशासनिक एकीकरणको महत्त्वपूर्ण चरण पूरा गरी सकेपछि भनेका थिए, 'यो राज्य दूई ढुंगाको तरुल जस्तो रहेछ। तर पृथ्वीनारायण शाहको यस भनाइ (दिव्योपदेश) को मर्म नेपालको 'राष्ट्रिय अस्तित्व को हो।

नेपालको राष्ट्रिय अस्तित्व सधैंका लागि संकटरहित अवस्थामा रहिरहनुपर्छ भन्ने महसुस गरी अर्थात् नेपालको भूराजनीतिक अवस्थाप्रति दूरगामी चिन्तन गरी उनले त्यसो भनेका थिए। यस यथार्थलाई कहिल्यै बिर्सन सकिँदैन। नेपाललाई आर्थिक दृष्टिले दुइटा मुलुकबीचको व्यापारिक मार्ग, पुल वा ओहोरदोहोर गर्दा बिसाउने चौतारो (ट्रान्जिट) का रूपमा मात्र बुझ्ने प्रयत्न गर्नु पृथ्वीनारायण शाहको भनाइको अन्तर्यलाई गौण सम्झनुजस्तो हुने देखिन्छ। त्यसको तात्पर्य राष्ट्रिय अस्तित्वलाई गौण ठान्नुसरह हुन जान्छ।

हाम्रो राष्ट्रिय अस्तित्वका दृष्टिले हेर्दा हाम्रो परराष्ट्र नीतिका दुईवटा तह छन्। पहिलो तह रणनीतिक। दोस्रो तह राजनीतिक र केही हदमा आर्थिक पनि। नेपालको भारत र चीनसितको सम्बन्ध रणनीतिक छ। पश्चिमी शक्तिहरूले पनि नेपाललाई रणनीतिक तहमै राखेका छन् र नेपाललाई प्रयोग गर्न सक्छन्। यस सम्बन्धमा नेपालको तर्फबाट हुने गल्तीले नेपालको अस्तित्व नै समाप्त पारिदिन सक्छ। राष्ट्रियतालाई केन्द्रविन्दुमा राखेर छिमेकी वा अन्य राष्ट्रसितको सम्बन्ध विस्तार वा अवलम्बनको नीति नेपालले लिनुपर्छ भन्ने रहेको महसुस गरी एको छ। अन्तर्राष्ट्रिय सम्बन्ध तर्जुमा गर्दा राष्ट्रिय हितलाई केन्द्रमा राखिनुपर्ने एवं शक्तिसम्पन्न राष्ट्रहरूको स्वार्थबाट मुलुकलाई जोगाइराख्न तदनुसारको परराष्ट्र नीति बनाई कार्यान्वयन गर्नुपर्छ भन्ने नै रहेको देखिन्छ। नेपालमा पटक पटक भएका आन्दोलन साथै भाद्र २३ र २४ गते जेन-जी पुस्ताद्वारा गरी एको भ्रष्टाचार बिरोधी र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयलाई लिएर भएको आन्दोलनपछि समेत आन्तरिक सुरक्षाको प्रभावकारिता साथै देशको अवस्थितिलाई मध्यनजगर गर्दै छिमेकी देशसँग को सम्बन्ध र समग्र कूटनीतिलाई प्रभावकारी बनाउनुपर्ने आवाजहरु उठेका छन्। खासगरी नेपालको छिमेकी देशसँग को सम्बन्ध र समग्र कूटनीति पृथक पृथक रहनुपर्ने वा नपर्ने बहस समेत समय समयमा उठेको पाइन्छ। नेपालमा नागरी कको आवश्यकता अनुसारको विकास तथा अर्थतन्त्रको सुदृढीकरण गर्नको लागि वैदेशिक सहयोग, निर्यात प्रवर्द्धन, व्यवसायिक सीप ज्ञान र प्रविधिको प्राप्ति आदि जस्ता विषयमा मैत्री राष्ट्रहरु, व्यापारीक क्षेत्र, अन्तराष्ट्रिय य संस्थाहरुसँग आपसी हितको विषयमा संवाद र सहकार्य गर्नको लागि आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउनु पर्दछ। नेपालको कूटनीतिक सम्बन्धलाई प्रभावकारी बनाउदै आन्तरिक सुरक्षा लगायतका विषयहरुमा फाइदा लिन हाल कूटनीतिक क्षेत्रमा देखिएका समस्या र समाधानका लागि सुझावहरु देहायबमोजिम प्रस्तुत गरी एको छ।

समस्याहरु

- ❖ नेपालको कूटनीतिक सम्बन्धलाई मजबुत बनाउने प्रमुख जिम्मा लिएका राजदुतावास र कूटनीतिक नियोगहरुमा राजदुतको नियुक्ति गर्दा दलीय कोटाबाट हुने गरेकाले सबल कूटनीति निर्माणमा सहयोगीसिद्ध हुन सकेको छैन।
- ❖ परराष्ट्र मन्त्रालयमा Think Tank को व्यवस्था गरी कूटनीतिमा रहेका समस्याहरुको Real Time सुधार Initiation हुन सकेको छैन।
- ❖ सेवा निवृत्त कूटनीतिकर्मीहरूलाई Track-2 Diplomacy मा उपयोग गर्ने नीतिगत व्यवस्था हुन सकेको छैन।

- ❖ कूटनीति सम्बन्ध सुधार सम्बन्धी समय समयमा गठित आयोग र समितिहरुले देशको कूटनीति Issue strategic र Country specific बनाउनु पर्ने भनी दिएको सुझावको उचित कार्यान्वयन हुन सकेको देखिदैन।
- ❖ आन्तरिक रुपमा सिर्जना हुने सरकार गठनका विषय, नियुक्तिका विषय साथै परियोजना सञ्चालनका विषय समेत अन्य देशहरुबाट रिमोटका आधारमा हुने भनी आलोचना खेपेका विगतका उदाहरणहरुबाट पाठ सिकी आन्तरिक विवादलाई देश भित्र नै समाधान खोज्न नसक्नु पनि एक कमजोरी रहेको छ।
- ❖ कूटनीतिक सम्बन्ध पार्टी र नेताअनुरुप फरक फरक हुने नभई तटस्थ र राष्ट्रियता केन्द्रीत हुनुपर्नेमा सरकारमा पटक पटक जाने विभिन्न दलका नेता र राजनैतिक नेतृत्वले आफू अनुकूल ब्याख्या गर्ने गर्दा देशको छवी नै बिग्रदै गइरहेको छ।
- ❖ नेपाल र भारतबीचको खुला सीमानाका कारण लागुऔषध, भन्सार छली, मानब बेचविखन जस्ता जघन्य अपराधहरु समेत सजिलै हुने गरेको छ, जसबाट दुबै देशलाई सुरक्षा चुनौती हुने भएतापनि कूटनीतिक पहलबाट खुला सीमा व्यवस्थापनमा चासो दिएर काम गरेको पाइदैन।
- ❖ नेपाल-भारत सीमा विवाद कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रलाई लिएर दुवै देशबीच लामो समयदेखि विवाद रहदै आएको छ। यसले राष्ट्रिय भावनामा असर पार्नुका साथै कूटनीतिक तनाव बढाएको छ।
- ❖ नेपाल व्यापार, इन्धन र पारवहन जस्ता आर्थिक मामलामा भारतमाथि धेरै निर्भर छ। नाकावन्दी जस्ता घटनाले नेपाली जनजीवनमा गम्भीर असर पारेका उदाहरणहरू छन् यिनको Divercification हुन सकेको छैन।
- ❖ भौगोलिक कठिनाइ, यातायात समस्या र हिमाली भेगका कारण सडक, रेल तथा व्यापारिक मार्गको विकास चुनौतीपूर्ण छ, जसले चीनसँग आपसी व्यापार र आवागमनलाई सीमित बनाएको छ।
- ❖ आर्थिक कूटनीतिमा MCC (Millennium Challenage Corporation), BRI (Belt and Road Initiative), र BIPPA (Bialateral Investment Promotion and Protection Agreement) सम्झौता जस्ता विषयमा जनतालाई राम्ररी नबुझाउदा र कुनैकुनै विषयमा गलत धारणा राजनैतिक दलका नेताबाट समेत दिने गरेकोले राष्ट्रिय कूटनीतिमा समस्या सिर्जना हुने गरेको।
- ❖ सुरक्षा निकायको प्रभाकारिता अभिवृद्धि गर्न दुई छिमेकी मुलुक भारत र चीनको सुरक्षा निकायसँग समन्वयात्मक प्रशिक्षण कार्यक्रम गर्न गराउन कूटनीतिक पहल हुन नसकेको।
- ❖ नेपालको आन्तरिक राजनीति र नीति निर्माणमा छिमेकी मुलुकको प्रभाव रहने र रहेको भन्ने धारणा नेपालमा व्यापक छ।
- ❖ भू-राजनीतिक संवेदनशीलता नेपाल-चीन र नेपाल-भारत सम्बन्धलाई लिएर क्षेत्रीय शक्ति

सन्तुलन (विशेष गरी भारत-चीन प्रतिस्पर्धा) को असर पर्ने सम्भावना रहन्छ।

- ❖ भारत र चीनसँग भएका सम्झौता र परियोजनाहरू (पूर्वाधार, लगानी आदि) समयमा सम्पन्न नहुनु सम्बन्धको व्यवहारिक पक्षमा समस्या बनेको छ।
- ❖ सीमित जनस्तरीय सम्पर्क भारतसँग तुलना गर्दा चीनसँग जनस्तरको आवागमन, सांस्कृतिक आदान-प्रदान र पारिवारिक सम्बन्ध कम छन्।
- ❖ अन्तराष्ट्रिय मञ्चहरुमा अतिकम विकसित मुलुक र भू-परिवेष्ठित मुलुकले प्राप्त गर्नुपर्ने सुविधाको विषयमा यथेष्ट रुपमा वहस पैरवी नहुदाँ नेपालले पाउने सुविधामा कमी आएको छ।
- ❖ कूटनीतिक सफलताको लागि अन्तराष्ट्रिय मञ्च र कार्यक्रमहरुमा विज्ञहरुको उपस्थिति अनिवार्य हो तथापि नेपालको प्रतिनिधित्वमा हाम्रा र राम्राले मात्र अवसर पाउने परम्पराले त्यसमा पनि अनाबश्यक रुपमा जम्वो टोली लाने प्रबृतिले गर्दा सबल कूटनीति निर्माण हुन सकिरहेको छैन्।

<u>सुधारका लागि सुझावहरु</u>

- ❖ नेपालको कूटनीतिक सम्बन्धलाई मजबुत बनाउन राजदुतावास र कूटनीतिक नियोगहरुमा राजदुतको नियुक्ति गर्दा दलिय कोटाबाट नभई योग्य सक्षम र प्रभावशील व्यक्तित्वलाई बनाउनुपर्दछ। यसका लागि कलेजियमको व्यवस्थाबाट वा परराष्ट्र विज्ञबाट मात्र छनोट गर्ने प्रावधान राख्ने नीति लिनु पर्दछ। परराष्ट्र मन्त्रालयबाट ८० प्रतिशत र बाँकी २० प्रतिशतको रेशियोमा मिलाइनु पर्दछ।
- ❖ परराष्ट्र मन्त्रालयमा सबल कूटनीति निर्माणको लागि विज्ञहरुको समूह Think Tank को व्यवस्था गरी कूटनीतिमा रहेका समस्याहरुको Real Time सुधारमा सुझावबमोजिम अग्रसरता (Initiation) लिनु पर्छ।
- ❖ सेवा निवृत्त कूटनीतिकर्मीहरूलाई Track-2 Diplomacy मा उपयोग गर्ने नीतिगत व्यवस्था गरी नु पर्दछ।
- ❖ नेपालको भू-राजनीतिक अवस्थाको कारणले पनि कूटनीति Issue strategic र Country specific बनाउनु पर्ने हुन्छ जसले गर्दा सबल कूटनीति निर्माण हुन सक्दछ। जसका लागि अवस्था हेरी नीतिमा परिमार्जन गरी नु पर्दछ।
- ❖ आन्तरिक रुपमा सिर्जना हुने सरकार गठनका विषय, नियुक्तिका विषय साथै परियोजना सञ्चालनका विषय समेत अन्य देशहरुबाट रिमोटका आधारमा हुने भनी आलोचना खेपेका विगतका उदाहरणहरुबाट पाठ सिकी आन्तरिक विवादलाई देश भित्र नै समाधान खोज्ने र बाह्य हस्तक्षेप निषेध गर्नुपर्दछ। थैलीको मुख बन्द भए चोरीबाट बचिन्छ र कसैलाई दोष लगाउनु पर्दैन।

- ❖ सरकारमा रहँदा एकथरी सम्बन्ध र नरहँदा अर्कै हुनुपर्ने भन्ने राजनैतिक नेतृत्वको सार्वजनिक अभिव्यक्ति दिने प्रथा अन्त्य गर्न यो सम्बन्धी आचारसंहिता नै लागु गर्नुपर्ने। कूटनीतिक सम्बन्ध पार्टी र नेताअनुरुप फरक फरक हुने नभई तटस्थ र राष्ट्रियता केन्द्रीत बनाउन राजनैतिक बृतमा सहमति हुनुपर्छ।
- ❖ नेपाल सरकारले सीमा विवादको कूटनीतिक समाधान सीमा समस्यालाई भावनात्मक र आन्तरिक रुपमा भाषण गरेर होइन की ऐतिहासिक प्रमाण, नक्सा र कूटनैतिक संवादबाट विवाद समाधानको प्रयास गर्नुपर्दछ।
- ❖ नेपाल-भारत सीमा विवाद कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रलाई लिएर दुवै देशबीच लामो समयदेखि विवाद रहँदै आएकोमा सरकार-सरकार बीच सबल कूटनीतिबाट समाधान खोजिनुपर्दछ।
- ❖ नेपाल चीन सम्बन्धलाई प्रगाढ बनाउन र राष्ट्रिय सुरक्षालाई प्रभावकारी बनाउन दुई देशको पूर्वाधार कनेक्टिभिटी जस्तै यातायात, रेलमार्ग र हवाईमार्गको विकास गर्ने गरी द्विपक्षीय सम्झौता गर्ने र भएको सम्झौता तदारुकताकासाथ अगाडि बढाइनु पर्छ।
- ❖ आर्थिक कूटनीतिमा MCC (Millennium Challenage Corporation), BRI (Belt and Road Initiative), र BIPPA (Bialateral Investment Promotion and Protection Agreement) सम्झौता जस्ता विषयमा जनतालाई राम्ररी बुझाउने देशको सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय अखण्डता अक्षुण रहने गरी सम्झौता गर्नुपर्छ।
- ❖ सुरक्षा निकायको प्रभाकारिता अभिवृद्धि गर्न दुई छिमेकी मुलुक भारत र चीनको सुरक्षा निकायसँग समन्वयात्मक प्रशिक्षण कार्यक्रम गर्न गराउन कूटनीतिक पहल गर्ने।
- ❖ भू-राजनीतिक संवेदनशीलता नेपाल-चीन र नेपाल-भारत सम्बन्धलाई लिएर क्षेत्रीय शक्ति सन्तुलन (विशेष गरी भारत-चीन प्रतिस्पर्धा) को असर पर्ने सम्भावना रहन्छ।
- ❖ सीमित जनस्तरीय सम्पर्क भारतसँग तुलना गर्दा चीनसँग जनस्तरको आवागमन, सांस्कृतिक आदान-प्रदान र पारिवारिक सम्बन्ध कम छन्।
- ❖ अन्तराष्ट्रिय मञ्चहरुमा अतिकम विकसित मुलुक र भू-परिवेष्ठित मुलुकले प्राप्त गर्नुपर्ने सुविधाको विषयमा वहस पैरवी गर्ने। अध्ययन अनुसन्धान बिना कूटनीति सम्बन्धमा पुनरावृत्ति नगर्ने।
- ❖ कूटनीतिक सफलताको लागि अन्तराष्ट्रिय मञ्च र कार्यक्रमहरुमा विज्ञ हरुको उपस्थिति अनिवार्य गर्ने।
- ❖ आर्थिक विविधिकरण नेपालले कुनै एक देशमाथिको अत्यधिक निर्भरता घटाउँदै अन्य देशसँग पनि व्यापार, पारवहन र ऊर्जा सहकार्य विस्तार गर्नुपर्छ।
- ❖ सन्धि-सम्झौताहरूको पुनरावलोकन समयअनुकूल नभएका सन्धिहरूलाई आपसी सहमतिमा संशोधन वा पुनरावलोकन गर्नु आवश्यक छ।

❖ जनस्तरको सम्बन्ध सुदृढीकरण शिक्षा, संस्कृति, पर्यटन र युवा आदान-प्रदान कार्यक्रममार्फत जनस्तरको विश्वास अझ बलियो बनाउन सकिन्छ।

❖ नियमित उच्चस्तरीय संवाद समस्यालाई थुप्रिन नदिई नियमित वार्ता र संवादमार्फत समाधान खोज्नुपर्छ।

❖ द्विदेशीय सम्बन्ध सार्वभौम समानता, शान्तिपूर्ण सहअस्तित्व, सद्भावना, पारस्परिक विश्वास, समझदारीमा आधारित वनाई द्विपक्षीय सम्बन्धका विविध क्षेत्रमा सहकार्य गर्न परामर्श संयन्त्र स्थापना गरी त्यस्ता संयन्त्रबाट आपसी सहयोग र साझेदारी बढाउन सहज वनाउनु पर्दछ।

❖ नेपालको जलविद्युत् उत्पादनको अथाह क्षमताको समुचित उपयोगले हाम्रो क्षेत्रको विकास परिदृष्यलाई स्वच्छ ऊर्जामा परिवर्तन गर्न सक्छ। व्यापार र पारवहनलाई सहज बनाउन सीमापार सम्पर्क सञ्जाल विस्तार भइरहेको छ। हामीले यो सञ्जाललाई थप विस्तार र सुधार गर्न आवश्यक छ।

❖ दुवै देशले आपसी व्यापारलाई लाभदायक बनाउने उपाय खोज्नुपर्ने, नेपालको निर्यातको आधार सीमित भएकाले व्यापार घाटा बढ्दै गएको तथा भारत र अन्य देशसँग को व्यापार विस्तार गर्न उत्पादनशील क्षेत्रमा थप लगानी आवश्यक रहेको छ। नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो लगानीबाट मनग्य रकम फिर्ता लैजान नेपाललाई लगानीको आकर्षक गन्तव्य बनाई लगानीमैत्री वातावरणको सुनिश्चिता गर्न नीतिगत तथा राजनैतिक स्थिरता आबश्यक रहेको छ।

❖ सूचना प्रविधिको क्षेत्रमा पनि नेपाल र भारतबीच सहकार्यका प्रशस्त सम्भावना रहेका छन् सूचना प्रविधिको विविधिकरण गरी युवा जमातलाई यसतर्फ आकर्षित गर्न शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा पनि विभिन्न देशहरुसँग सहकार्य आवश्यक छ।

❖ पूर्वाधार विकासमा सहकार्य सडक, रेल (ट्रान्स-हिमालयन रेलवे), सुख्खा बन्दरगाह र नाका स्तरोन्नतिमा सहकार्य बढाउनुपर्छ।

❖ जनस्तरको सम्बन्ध विस्तार शिक्षा, छात्रवृत्ति, भाषा अध्ययन, पर्यटन र सांस्कृतिक कार्यक्रममार्फत जनस्तरीय सम्बन्ध बलियो बनाउन सकिन्छ।

❖ सन्तुलित परराष्ट्र नीति नेपालले चीनसँग सम्बन्ध विस्तार गर्दा अन्य छिमेकीसंसँग को सम्बन्धलाई सन्तुलनमा राख्दै स्वतन्त्र परराष्ट्र नीति अपनाउनुपर्छ।

❖ जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले विकसित र कार्बन उत्सर्जन गर्ने देशहरुसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ। हिमालयको संरक्षण, दिगो विकास, र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ। यसबाट दुवै देशले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न सक्ने छन् र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न मद्दत मिल्नेछ। यस्तो सहकार्यले दुवै राष्ट्रको वातावरणीय समृद्धिमा योगदान दिनेछ। विश्वव्यापी गतिशीलतामा परिवर्तनको रूपमा नेपालले चीन र

भारत दुवैसँग को सम्बन्धलाई सन्तुलनमा राख्न सक्दछ। दुवै छिमेकीहरूसँग को सहकार्यबाट लाभ उठाउँदै आफ्नो सार्वभौमिकता र स्वतन्त्रतालाई कायम राख्न सक्छ।

**यस्तै समग्रमा परराष्ट्र नीतिमार्फत राष्ट्रिय स्वाभिमान र सक्षमता बढाउन देहायबमोजिम गर्ने**

- "सगरमाथा संवाद" जस्ता अन्तर्राष्ट्रिय जगतमा नेपालको भिजिबिलिटी बढाउने माध्यमहरूलाई थप उन्नत र प्रवर्धन गर्ने नीतिगत व्यवस्था गरी नुपर्छ।
- परराष्ट्र नीति सञ्चालनका आधारहरूअन्तर्गत आठवटा बुँदाहरू छन्। जलवायु परिवर्तन लगायतका विषयलाई समेट्न नवौं नम्बरमा थपी नेपालीहरू मात्रै विदेशमा अध्ययन गर्न जाने अवस्थाको अन्त्य गर्दै जलवायु परिवर्तनलगायतका विषयमा विदेशी विद्यार्थीहरूलाई नेपालमा अध्ययन गर्न आउने वातावरण बनाउनुपर्छ।
- विदेशमा नेपाली उत्पादन र संस्कृतिको प्रवर्धन गर्न नेपाली सांस्कृतिक केन्द्रको निर्माण तथा विदेशी सञ्चार माध्यममार्फत नेपाली इतिहास तथा संस्कृतिको प्रचारप्रसार हुने वातावरण निर्माण गर्नुपर्छ।
- परराष्ट्र नीतिले आर्थिक तथा सार्वजनिक कूटनीतिलाई प्राथमिकता दिनुपर्दछ र नेपालमा प्रत्यक्ष बैदेशिक लगानी ल्याउन पहल गर्ने र नेपालमा पर्यटन पर्बद्धन गर्ने कार्य पनि कूटनीतिको मुख्य आधार बनाउनु पर्छ।
- परराष्ट्र नीतिको मूल ध्येय – नेपालको सार्वभौमसत्ताको रक्षा र राष्ट्रिय हितको प्रवर्धन – लाई केन्द्रमा राखी हामी कुन अवस्थामा छौं, हाम्रा चुनौती के के हुन् र तीनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा केन्द्रीत भएर परराष्ट्र नीति बनाउनु पर्दछ।
- नीतिमा केही अपरिवर्तनीय पक्षहरू छन् तीनलाई प्रवर्धन गर्दै परिवर्तनीय विषयवस्तुहरूलाई भने बदलिँदो परिवेश र त्यसले निम्त्याएका आवश्यकताका आधारमा समयानुकूल बनाउँदै जानुपर्छ।
- विज्ञान प्रविधि, राष्ट्रिय सुरक्षा, कृत्रिम बुद्धिमता (artificial intelligence) लगायतका विषय पनि नेपालमा भित्राउने गरी परराष्ट्र नीतिमा थप्नुपर्दछ।
- परराष्ट्र नीतिको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक स्रोत, जनशक्ति तथा क्षमता विकासमा जोड दिनुपर्दछ। कूटनीतिक नियोगमा खटिनेलाई सेना, प्रहरी, अनुसन्धान विभागलगायतबाट निश्चित अवधिको तालिम दिएर मात्रै पठाउने व्यवस्था गर्नुपर्दछ।
- नेपालबाट बाहिर गएर गैरआवसीय नेपाली बनेका सम्मलाई नीतिले जसोतसो समेटेको छ। तर, उनीहरूका सन्तानहरलाई समेट्ने नीति बनेको छैन, यतातर्फ पनि ध्यान जान जरुरी छ।
- परराष्ट्र नीति कार्यान्वयनको सन्दर्भमा राजनीतिक दलहरूको प्रतिबद्धता कसरी सुनिश्चितता गर्ने भन्ने चुनौती छ। यसको नीतिगत समाधान खोजिनु पर्छ।
- बाह्य राष्ट्र जोडिएका जुनसुकै मन्त्रालयले गर्ने काममा परराष्ट्रले समन्वय गर्ने व्यवस्था

हुनुपर्दछ।

- ❖ नेपालको सौम्य शक्तिको (Soft power) प्रवर्धनका लागि अन्तर्राष्ट्रिय स्तरका सम्मेलन गर्न सकिने पूर्वाधारहरूको विकास गर्दै Summit Diplomacy लाई रणनीतिक योजनामा समावेश गरी कार्यान्वयनमा लैजानु पर्दछ।
- ❖ सुरक्षा कूटनीति र सैनिक कूटनीतिको विषयलाई पनि नीतिले समेट्न आवश्यक छ।

**(ग) अत्याधिक भीडभाड हुने सार्वजनिक निकायहरुको सेवामा सुधार**

जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय,यातायात कार्यालय,राहदानी विभाग,स्थानीय तह विशेष गरी वडा तह र दिनानुदिन जनसम्पर्क हुने साथै अत्यधिक भीडभाड हुने कार्यालयहरुमा जनताको काम तोकिएको समयमा नहुने कर्मचारीहरुले स्पिड मनी लिने साथै बिचौलियाहरु मार्फत मात्र काम सम्पन्न गर्न सकिने जस्ता आरोपहरु विद्यमान रहेका छन्। यस्ता समस्याहरु सुधार गरी जनकेन्द्रित र जनविश्वासी सेवा प्रवाहको लागि देहायबमोजिमका सुधार गर्नुपर्ने हुन्छ।

- ❖ सेवाको वर्गिकरण गरी समय र लागत तोकेर सार्वजनिक रुपमा जनतालाई सुसूचित बनाउने।
- ❖ क्षतिपूर्तीसहितको नागरी क बडापत्रको प्रभावकारी कार्यान्वयन अनिवार्य गर्ने/गराउने।
- ❖ सेवा प्रवाहलाई सकभर डिजिटलाईजेशन गरी फेसलेस, पेपरलेस बनाउने यदी पूर्ण रुपमा सम्भव नभएमा भीड व्यवस्थापनको लागि टोकन प्रणालीको प्रभावकारी व्यवस्थापन अनिवार्य गर्ने। फारम भर्नेदेखि दस्तुर तिर्नेसम्मका सबै काम अनलाइनबाटै हुनुपर्छ। नागरी क एप (Nagarik App) लाई कार्यालयहरुको सफ्टवेयरसँग पूर्ण रूपमा एकीकृत गरी घरबाटै आवेदन दिन मिल्ने बनाउनुपर्छ।
- ❖ कुन सेवाग्राही कति बजे आउने भन्ने Time Slot पहिल्यै बुक गर्ने व्यवस्था हुनुपर्छ। यसले कार्यालयमा हुने अनावश्यक भीडलाई ८०% सम्म कम गर्छ।
- ❖ सेवाको गुणस्तर अभिवृद्धी गर्न साथै जनसम्पर्कलाई प्रभावकारी र विश्वसनिय बनाउन नागरी क समाज,वकिल,पत्रकार र युवा सम्मिलित एक नागरी क संयन्त्रको विकास गरी कार्यालयमा डेक्स स्थापना गर्न सकिन्छ।
- ❖ नागरी कता,राहदानी, लाइसन्स,जग्गा दर्ता लगायतका कार्यको लागि स्थानीय तहको सिफारिस भएपछी निवेदन लेख्नु/लेखाउनुपर्ने अनावश्यक झन्झट हटाउनुपर्ने।
- ❖ जनताको काम हुने नहुने एकिन अनिवार्य गर्ने। नहुने भएमा के कती कारणले नहुने हो कारण सहित कागजातको चेकलिस्ट बनाई दिनुपर्ने प्रावधानको विकास गर्ने/गराउने।
- ❖ Seamless bureaucracy को प्रयोगमा जोड दिने। जसले गर्दा कर्मचारी आफ्नो तोकिएको

जिम्मेवारी र दायित्वबाट पन्छिन नसकोस्।

- ❖ सार्वजनिक सुनुवाई र नागरी क सुपरिवेक्षणलाई प्रभावकारी बनाउने।
- ❖ अनलाइन निवेदन साथै सोको ट्र्याकिङ प्रणालीलाई अनिवार्य लागु गर्ने गराउने
- ❖ सेवा प्रवाह अत्यधिक हुने कार्यालयहरुमा कर्मचारी अभाव प्रमुख कारणका रुपमा रहेकोले सेवाग्राहीको चाँपको आधारमा ओ एण्ड एम सर्भे गरी कर्मचारी व्यवस्थापनमा जोड दिने।
- ❖ राहदानी, जग्गाधनी पुर्जा जस्ता व्यक्तिगत डकुमेन्टहरु हुलाक सेवा मार्फत जनताको घर दैलोमै पुर्याउने व्यवस्था मिलाउने। जसका लागि हुलाक सेवाको प्रभाकारिता अभिबृद्धी गर्ने।
- ❖ नागरी कको विवरण (Biometrics) एक पटक राष्ट्रिय परिचयपत्र (National ID Card) मा दर्ता भइसकेपछि, मालपोत वा राहदानी विभागले पुनः सोही विवरण मागिरहनु पर्ने झन्झट हटाउनुपर्छ। जसका लागि सेन्ट्रलाइज्ड डाटाबेस अनिवार्य आवश्यकता रहेको छ।
- ❖ सरकारी सेवा भन्ने बित्तिकै हुने "ढिलासुस्ती" र रुखो" व्यवहार" लाई Private Sector-like Professionalism मा बदल्नुपर्छ। कर्मचारीहरूलाई आधुनिक उपकरण चलाउने तालिम र 'Customer-First' सोचको विकास गराउनु जरुरी छ।

## (घ) महत्वपूर्ण प्रतिष्ठानहरुको सुरक्षा

- ❖ महत्वपूर्ण प्रतिष्ठानहरूलाई समेत सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण प्रतिष्ठानहरू र अन्य प्रतिष्ठानहरूको रूपमा वर्गीकरण गर्नुपर्ने र प्रतिष्ठानको संवेदनशीलता अनुरूप त्यसको सुरक्षाको लागि शून्य सहनशीलता समेतका नीतिहरू अवलम्बन गरी सुरक्षा निकायहरूलाई जुनसुकै परिस्थितिमा पनि सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण प्रतिष्ठानहरूको संरक्षण गर्नुपर्ने दायित्व र सोही अनुरूपको अधिकार र कानुन बमोजिमको बल प्रयोगमा कानूनी संरक्षणको प्रबन्ध गर्नुपर्ने ।
- ❖ सिंहदरबार, सितल निवास, प्रधानमन्त्री निवास, संसद भवन लगायतका स्थानहरुमा राज्यद्धारा सुरक्षाकर्मी खटाई सुरक्षा दिनुपर्ने महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा Protocol अनुसार भौतिक पूर्वाधार एबं फिल्ड फोर्टिफिकेशन, सिसि क्यामेरा, सुरक्षाकर्मीको आवास, वाक थ्रु गेट, सिसिटिभि सहितको कन्ट्रोल रुम, अत्याधुनिक रुरक्षा प्रबिधि सहितको यथोचित प्रबन्ध मिलाई उक्त निकायको सुरक्षा बजेटलाई सोही कार्यमा प्रयोग गर्नुपर्ने ।
- ❖ VVIP/VIP हरुको कार्यालय तथा निवासको छनौटगर्दा सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी पुनरावलोकन गरीनुपर्ने ।
- ❖ प्रहरी परिचालन सम्बन्धमा लिखित SOP (Standard Operating Procedure) र (ROE) Rule Of Engagement बनाएर मात्र परिचालन गरीनु पर्ने ।
- ❖ सामरिक दृष्टिकोणले अत्यन्त सम्वेदनशिल प्रतिष्ठानहरू र क्षेत्रहरूको वर्गिकरण अनुसार त्यसमाथि हुने कुनैपनि प्रकारको भौतिक आक्रमण वा अतिक्रमणलाई गम्भीर अपराधको रूपमा व्याख्या गरी सोही अनुरूप सजायको प्रावधान गर्नुपर्ने । जस्तो सुकै परिस्थितिमा पनि राज्यका महत्वपूर्ण प्रशासनिक भवन, तथ्याङ्क र सामरिक दृष्टिकोणले सम्वेदनशिल प्रतिष्ठानहरूको सुरक्षामाथिको चूनौतिलाई निरुत्साहित गर्न र संरक्षणका लागि आवश्यक नीतिगत, कानूनी र अन्य व्यवस्थाहरू गर्नुपर्ने ।

## (ङ) सम्पत्ती सुदृढीकरण अनुसन्धान सम्बन्धी:

- ❖ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिसम्बन्धी मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था एफएटीएफ अन्तर्गतको एसिया प्यासिफिक ग्रुप (एपीजी) ले नेपाललाई २००८ देखि २०१४ सम्म र २०२५ मा गरी दुई पटक 'ग्रे लिस्टमा राखिसकेको छ। काठमाडौं सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराध नियन्त्रणका लागि संरचनागत व्यवस्था गरी एको लामो समय भइसक्दा तिनको प्रभावकारी कार्यान्वयनमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेको प्रतिबद्धताअनुसार पनि काम गर्न सकेको छैन ।
- ❖ गैरकानूनी माध्यमबाट आर्जित सम्पत्ति शुद्धीकरण गर्ने विरुद्ध अनुसन्धान र अभियोजन गर्न

सरकारले २०६४ माघ १० मै 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन ल्याएको थियो ।तर ऐनबमोजिम अनुसन्धान र अभियोजन गर्ने संयन्त्र गठन नगर्दा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिसम्बन्धी मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था 'फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) अन्तर्गतको एसिया प्यासिफिक ग्रुप (एपीजी) ले नेपाललाई २००८ (२०६५ साल) मा 'ग्रे लिस्टमा राखेको थियो ।

- ❖ एफएटीएफ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्रसंघअन्तर्गतका सम्बद्ध निकायले सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधविरुद्ध प्रभावकारी काम गर्न पटक-पटक सचेत गराउँदै आएका छन् ।
- ❖ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग स्थापनापछि अहिलेसम्म सार्वजनिक भएका नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा हिनामिना, भाटभटेनी सुपरमार्केटको नक्कली बिलबीजक/करछली प्रकरणमा मुछिएका नेता, कर्मचारी, व्यापारी/ बिचौलियामाथि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्न विभागले चासै दिएको छैन। ललिता निवासको जग्गा हिनामिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट दायर भएर विशेष अदालतले १ सय ३१ जनालाई दोषी ठहर गरी सक्दा पनि त्यस प्रकरणमा जोडिएको सम्पत्ति शुद्धीकरणको अनुसन्धान जहाँको त्यहीँ छ ।
- ❖ नेपाल राष्ट्र बैंकको नियमनभन्दा बाहिर रहेको सहकारीमाथि सरकारले सुक्ष्म नियमन गर्न सकेको छैन। खबौं रुपैयाँको लगानी सहकारीमा भए पनि यसको स्रोत के हो भनेर खोजबिन भएको छैन।सहकारी अकुत सम्पत्ति लुकाउने संस्थागत सँयन्त्रका रुपमा मात्र प्रयोग भइरहेको छ।
- ❖ बर्सेनि विभिन्न मुलुकबाट नेपालमा सामाजिक र विकास कार्यको आवरणमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट भित्रिने अर्बौं रुपैयाँको खर्च र यसको पारदर्शितामा पनि प्रश्न उठ्दै आएको छ ।
- ❖ आईएनजीओले कुन स्रोतबाट कसरी नेपालमा रकम भित्र्याए र यसको सदुपयोग राज्यको प्राथमिकताअनुसार भएको छ/छैन भन्नेमा पनि खोजखबर हुन सकेको छैन ।
- ❖ यस अवधिमा सुनचाँदी लगायत बहुमूल्य धातुको कारोबार गर्ने व्यक्ति तथा संस्थामाथि निगरानी गर्न पनि सरकार चुकेको छ । त्यसमध्ये तस्करीको सुन नेपालमा पनि खपत हुने गरेको प्रहरी अनुसन्धानबाटै खुलिसके पनि यसमाथि मिहिन अनुसन्धान हुनै सकेको छैन ।
- ❖ गैरकानूनी सम्पत्तिबाट आर्जित कालोधन लगानी हुने अर्को जोखिमयुक्त क्षेत्रमा 'रियल इस्टेट (घरजग्गा कारोबार) लाई पनि राखिएको छ। उल्टै स्वार्थको द्वन्द्व बाझिने गरी रियल इस्टेट कारोबारमा आबद्ध व्यापारीहरू कानुन बनाउने थलोमै पुगेका छन्। स्वार्थको द्वन्द्वसम्बन्धी कानुन ल्याउन विगतदेखि नै पटक-पटक कुरा उठ्दै आएको छ। यसमा दलहरू गम्भीर देखिएका छैनन् ।

- ❖ अपराधबाट आर्जित सम्पत्ति शुद्धीकरण गर्ने जोखिमयुक्त क्षेत्रका रूपमा क्यासिनोलाई पनि राखिएको छ। क्यासिनोमाथिको अनुगमन फितलो हुँदा पनि एफएटीएफअन्तर्गतको एसिया प्यासिफिक ग्रुप (एपीजी) ले प्रश्न उठाउँदै आएको छ।
- ❖ न्यायिक प्रक्रियाबाट टुंगिएको कसुरजन्य सम्पत्ति जफत गरी त्यसको व्यवस्थापन गर्न कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा जारी भएको थियो। ऐन आएको ७ वर्षपछि मात्रै २०७७ मा नियमावली आयो।त्यसको अर्को वर्ष बल्ल २०७८ असोज ५ मा कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग गठन भएको थियो। गृह मन्त्रालय मातहत राखेर यही विभागबाटै कसुरजन्य सम्पत्ति जफत, रोक्का र नियन्त्रणको सबै अधिकार दिइएकामा त्यसको पनि कार्यान्वयन हुन सकेको छैन।
- ❖ पछिल्लो पटक मुलुक 'ग्रे लिस्टमा पर्नुको एउटा पक्ष कसुरजन्य सम्पत्ति जफत, रोक्का र नियन्त्रण हुन नसक्नुलाई पनि लिइएको छ। कसुरजन्य सम्पत्ति सरकारीकरण गर्ने मात्रा न्यून र कमजोर रहेको एपीजीले नै औंल्याएको छ।
- ❖ यसैगरी, राज्यवादी भएर चलाइएका विभिन्न कसुरसम्बद्ध अपराधको एकीकृत अभिलेख प्रणाली पनि सरकारले बनाउन सकेको छैन।
- ❖ आतंकवादी क्रियाकलापमा वित्तीय लगानीविरुद्ध पनि नेपालले ठोस उपलब्धि हासिल गर्न नसकेको एपीजीकै प्रतिवेदनले औंल्याएको छ।
- ❖ आतंकवादी गतिविधिमा संलग्न व्यक्ति तथा संस्थालाई नेपालमा कुनै पनि किसिमको गतिविधि गर्न नदिने भनी नेपालले अन्तर्राष्ट्रिय मञ्चमा विश्वस्त पार्न सकेको छैन। यसका लागि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणविरुद्ध ल्याइएका रणनीति पनि प्रभावकारी बन्न सकेको छैन।त्यस्तै, नेपाल-भारत खुला सिमानाको नियमन र निगरानी नपुगेको विषय उठेको छ।
- ❖ कागजमा कानुन बलियो देखिए पनि अन्तर्राष्ट्रिय समुदाय (FATF/APG) ले नेपालको "कानूनी प्रभावकारिता" (Effectiveness) मा प्रश्न उठाइरहेको छ। कानुन बनेपछि कति जनालाई कारबाही भयो, कति सम्पत्ति जफत गरी यो र ठूला वित्तीय अपराधीहरूलाई सजाय भयो कि भएन भन्ने कुराले नेपाल ग्रे लिस्टमा रहने वा नरहने निर्धारण गर्नेछ।
- ❖ ग्रे लिस्टमा परेपछि पनि जुनसुकै पार्टीको नेतृत्वमा सरकार बने पनि सम्पत्ति शुद्धीकरण निवारणमा प्राथमिकता दिएको पाइँदैन। सरकारले ग्रे लिस्टबाट बाहिरिन सर्बपक्षीय छलफल तथा विज्ञ समूह छलफल गरेको पनि छैन जसले हालसम्मका सबै सरकारको उदासिनता पुष्टी गर्दछ।

सुझावहरु

- ❖ सम्पत्ति शुद्धीकरण अनुसन्धानलाई प्रभावकारी बनाउदै अन्तराष्ट्रिय स्तरमा राष्ट्रको छवी उचो

बनाउन आगामी दिनमा सरकारले कानूनी, संरचनागत र कार्यप्रणालीगत सुदृढीकरणमा ध्यान दिनुपर्ने हुन्छ। साथै माथि  उल्लिखित समस्याहरुको

- ❖ सुन र बहुमुल्य धातुहरुको आयत र बिक्री पूर्ण रुपमा डिजिटल रुपमा हुनुपर्ने र नियमनकारी निकायमा त्यसको वास्तविक बिल बिजकको अभिलेख अनिवार्य रहनुपर्ने।
- ❖ कानूनको संशोधन एपिजीबाट तोकिएबमोजिम नभई कर तिरेपछी अपराधबाट उन्मुक्ती हुने किसिमबाट भएको देखिन्छ। तसर्थ अपराध घटाइसकेपछी अनिवार्य मुद्धा अभियोजन हुने गरी कानूनी व्यवस्था गरी नुपर्दछ।

- ❖ सम्पत्ति  शुद्धीकरण अनुसन्धान विभागलाई संबैधानिक आयोगका रुपमा स्थापित गरी निरन्तर रुपमा सुधारका कार्यहरु गर्नु अपरिहार्य छ।

**<u>क्रिप्टोकरेन्सी अनुसन्धान तथा डिजिटल सम्पत्ति व्यवस्थापन</u>**

नेपालमा क्रिप्टोकरेन्सी तथा बेटिङ सम्बन्धी कारोबार कानुनी रूपमा निषेध गरिएको छ । क्रिप्टोकरेन्सी तथा बेटिङ अनुसन्धानका क्रममा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्दा उनीहरूको मोबाइल वा अन्य डिजिटल उपकरणमा क्रिप्टो वालेट एपहरू फेला पर्नु सामान्य बन्दै गएको छ । क्रिप्टो वालेट एपहरूले Private key वा रिकभरी फ्रेज प्रयोग गरी ब्लकचेनमा अभिलेखित डिजिटल सम्पत्तिमा पहुँच, नियन्त्रण तथा स्थानान्तरण गर्ने अधिकार प्रदान गर्छन् । त्यसैले अभियुक्तको उपकरण (Mobile, Laptop) जफत गरे पनि वास्तविक सम्पत्ति अनलाइनमै रहन्छ र उक्त Private key थाहा भएको व्यक्तिले जुनसुकै स्थानबाट पनि रकम स्थानान्तरण गर्न सक्छ । साथै, नेपाल सरकारसँग हालसम्म सरकारी नियन्त्रणमा रहने आधिकारिक क्रिप्टो वालेट वा डिजिटल सम्पत्ति जम्मा गर्ने संरचना नभएकाले यस्ता रकमलाई सरकारी कोषमा सिधै स्थानान्तरण गर्न सम्भव हुँदैन।

शंकास्पद व्यक्तिको सहयोगी वा सह-अभियुक्तले टाढैबाट पनि रकम अन्यत्र सार्न सक्ने सम्भावनाको कारण  अनुसन्धानका क्रममा थप जोखिम उत्पन्न गर्छ, जसले प्रमाण र अपराधबाट प्राप्त सम्पत्ति दुबै गुम्न सक्छ । यस परिस्थितिलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न नेपाल सरकारले सरकारी नियन्त्रणमा रहने सुरक्षित डिजिटल वालेटको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ । अनुसन्धान वा पक्राउको क्रममा शंकास्पद व्यक्तिको उपकरण जफत हुने बित्तिकै निर्धारित कार्यविधि अनुसार उक्त वालेटमा रहेका डिजिटल सम्पत्तिहरूलाई सरकारी वालेटमा तुरुन्त स्थानान्तरण गर्ने प्रणाली विकास गर्नुपर्छ । यस्तो संरचना लागू भएमा सह-अभियुक्त वा तेस्रो पक्षबाट अनाधिकृत रूपमा रकम

स्थानान्तरण हुने सम्भावना न्यून भई डिजिटल सम्पत्तिको संरक्षण, प्रमाणको विश्वसनीयता तथा सरकारी राजस्व व्यवस्थापन थप सुदृढ हुन सक्छ ।

नेपालसँग Mutual Legal Assistance Treaty (MLAT) को अभाव रहेको अवस्थामा विदेशी एक्सचेन्ज वा सेवा प्रदायकबाट खाता विवरण, प्रयोगकर्ता पहिचान, तथा सम्पत्ति फ्रीज गर्ने कार्यमा ढिलाइ वा कानुनी जटिलता उत्पन्न हुन सक्छ । फलस्वरूप, शंकास्पद व्यक्तिले विदेशी प्लेटफर्म मार्फत डिजिटल सम्पत्ति स्थानान्तरण वा लुकाउने सम्भावना बढ्छ, जसले अनुसन्धान र प्रमाण संकलन प्रक्रियामा बाधा पुऱ्याउँछ । क्रिप्टोकरेन्सी सम्बन्धी कारोबार अन्तर्राष्ट्रिय एक्सचेन्ज तथा विदेशी सेवा प्रदायक मार्फत सञ्चालन हुने भएकाले पारस्परिक कानूनी सहयाता ऐन, २०७० अनुसार नेपाल सरकारले मित्र राष्ट्रहरुसँग डिजिटल सम्पत्तिको प्रभावकारी नियन्त्रण र अनुसन्धानका लागि संझौता गर्नु पर्ने देखिन्छ । हाल, तत्कालका लागि नेपाल राष्ट्र बैंकले नेपाल सरकारका लागि सरकारी वालेट खोल्ने तथा अभियुक्त पक्रउ पर्ने बित्तकै निजको खातामा रहेको डिजिटल सम्पत्तिहरूलाई सरकारी वालेटमा स्थानान्तरण गर्न आवश्यक कार्यविधि तयार गर्ने । यो कार्यविधि तत्काल तयार नगर्ने हो भने यसको असरले राष्ट्रिय सुरक्षामा नै असर पुग्न जाने देखिन्छ ।

**<u>(च) हुलाक सेवाको प्रभावकारिता सम्बन्धमा:</u>**

सरकारी सेवालाई थप प्रभावकारी र जनअपेक्षित बनाउन साथै घरदैलोमा सेवा पुर्याउनको लागि पनि हाल सुस्ताएको हुलाक सेवाको प्रभावकारिता अनिवार्य शर्त हो। हुलाक सेवाको व्यावसायिकताले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्दा सरकारी सेवाको विश्वासलाई समेत बढाउँदछ। नेपाली हुलाक सेवा (Nepal Post) लाई आधुनिक र प्रभावकारी बनाउन निम्नबमोजिम गर्नुपर्ने हुन्छ।

डिजिटलाइजेसन र सूचना प्रविधि (ICT): हुलाकका सबै कामहरू डिजिटल माध्यमबाट गर्ने गरी 'स्मार्ट पोस्ट अफिस' (Smart Post Office) अवधारणा लागू गर्नुपर्छ यसमा ट्र्याकिङ प्रणाली (Tracking System) र काउन्टर अटोमेसन (Counter Automation) समावेश हुनुपर्छ

ई-कमर्स (e-Commerce) मा आबद्धताः हुलाक सेवालाई अनलाइन सपिङ वा ई-कमर्स डेलिभरी प्लेटफर्मको रूपमा विकसित गर्नुपर्छ यसले हुलाकलाई नाफामूलक संस्था बनाउन मद्दत गर्छ। गाउँ-गाउँसम्म फैलिएको हुलाकको सञ्जाललाई निजी ई-कमर्स कम्पनीहरू (जस्तैः दराज वा अन्य अनलाइन पसल) सँग जोडेर अन्तिम विन्दुसम्मको डेलिभरी (Last-mile delivery) सेवा दिन सकिन्छ।

पोस्टल बैंकिङ (Postal Banking) को विस्तारः हुलाक बचत बैंकलाई थप आधुनिक बनाई रेमिट्यान्स, मोबाइल भुक्तानी र डिजिटल वालेट (जस्तैः खल्ती वा ई-सेवा) सँग जोडेर ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउन सकिन्छ।

सरकारी कागजातको घरदैलो सेवाः राहदानी, लाइसेन्स वा राष्ट्रिय परिचयपत्र लिन सरकारी कार्यालयमा लाइन बस्नुपर्ने बाध्यता हटाउन हुलाकमार्फत सुरक्षित घरमै पुऱ्याउने व्यवस्था (Home Delivery) प्रभावकारी हुन्छ।

ठेगाना प्रणालीमा सुधार (Address System): चिट्ठी-पत्र र पार्सल सही ठाउँमा पुऱ्याउन Google Plus Codes वा आधुनिक डिजिटल एड्रेसिङ प्रणाली लागू गर्नुपर्छ।

निजी क्षेत्रसँग प्रतिस्पर्धाः निजी कुरियर सेवाहरूसँग प्रतिस्पर्धा गर्नका लागि सेवालाई छिटो, छरितो र भरपर्दो बनाउनु आवश्यक छ।

रियल-टाइम ट्र्याकिङ (Real-time Tracking): ग्राहकले आफ्नो सामान कहाँ आइपुग्यो भनेर मोबाइलबाटै हेर्न मिल्ने गरी नेपाल हुलाकको ट्र्याकिङ प्रणालीलाई थप भरपर्दो बनाउनुपर्छ।

समयको सुनिश्चितता (Reliability): निजी कुरियरले 'भोलिपल्टै डेलिभरी' को ग्यारेन्टी दिन्छन्। हुलाकले पनि आफ्नो Express Mail Service (EMS) लाई थप छिटो र समयसीमा भित्रै पुऱ्याउने (Time-bound delivery) बनाउनुपर्छ।

सेवाको पहुँच र व्यावसायिकताः पूर्ण निजीकरण गर्दा दुर्गम क्षेत्रमा सेवा महँगो हुन सक्छ वा नाफा नहुने ठाउँमा सेवा नै रोकिन सक्छ। तर PPP मोडल अपनाउँदा, सरकारी पूर्वाधार (भवन र सञ्जाल) र निजी क्षेत्रको व्यवस्थापकीय कुशलता एवं लगानीको सही मिश्रण हुन्छ।

**<u>(छ) सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा</u>**

सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले सरकारी खर्चलाई मितव्ययी र प्रभावकारी बनाउन तल

उल्लिखीत विभिन्न क्षेत्रगत सुधारको लागि सिफारिसहरू गरेको थियो। ती सिफारिसहरुको प्रभावकारी कार्यान्वयन नभएकोले हालसम्म पनि अपेक्षाकृत सुधार हुन सकेको छैन। मिति 2082 भाद्र 23 र 24 गते जियनजेड पुस्ताद्धारा भएको आन्दोलनको गहिरो कारण समेत सार्वजनिक सेवा प्रवाहमा रहेको अप्रभावकारिता,कार्यशैली,सरकारी खर्चको अप्रभाकारिता साथै संरचनागत रुपमा रहेको समस्या नै हो। तसर्थ आगामी दिनमा जनताको असन्तोष चिर्दै सरकारप्रती विश्वास अभिवृद्धी गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगबाट सुझाइएका देहाय बमोजिमका क्षेत्रहरुमा सुधार गर्न आबश्यक देखिन्छ।

**संगठनात्मक स्वरूपमा सुधार (Organizational Reform)**

देश संघीयतामा गइसकेपछी दोहोरो कार्यक्षेत्र भएका विभाग, बोर्ड, समिति र केन्द्रहरूलाई खारेज गरी वा गाभी अनाबश्यक निकायहरुको कटौती गर्ने। कूल राष्ट्रिय बजेटमा प्रशासनिक खर्चको हिस्सालाई निश्चित सीमाभित्र राख्ने र विकास कार्यमा बाधा पुग्ने गरी दरबन्दी नथप्ने।

**संस्थागत तथा कानूनी व्यवस्थामा सुधार )Institutional & Legal Reforms)**

बजेट अनुशासन कायम गर्नका लागि बजेटमा नतोकिएका कार्यक्रममा रकमान्तर गर्ने र आर्थिक वर्षको अन्त्यमा जथाभावी खर्च गर्ने परिपाटीलाई रोक्न कानूनको परिपालनामा कडाइ गर्ने। योजना र बजेटलाई वास्तविक बनाउन MTEF लाई प्रभावकारी रूपमा लागू गर्ने। ठेक्का व्यवस्थापन र खरिद प्रक्रियामा हुने ढिलाइ हटाउन सार्वजनिक खरिद कानूनमा सुधार गर्ने।

**खर्च व्यवस्थापन र कार्यशैली )Spending Patterns)**

चालु खर्चको पुनरावलोकन गर्नका लागि सरकारी बैठक भत्ता, अतिरिक्त समय भत्ता, र भ्रमण खर्च जस्ता सुविधाहरूलाई कार्यसम्पादनमा आधारित )Performance-based) बनाउने वा अनावश्यक क्षेत्रमा कटौती गर्ने। सरकारी सवारी साधनको खरिदमा एकरूपता ल्याउने र मर्मत खर्चलाई मितव्ययी बनाउन 'एकमुष्ट मर्मत खर्च' (Lump sum maintenance) को मोडल अपनाउने। नतिजामुखी खर्चका लागि खर्चलाई केवल अंकमा मात्र नहेरी त्यसबाट प्राप्त हुने भौतिक प्रगतिसँग जोड्ने। फजुल खर्च नियन्त्रण गर्न प्रशासनिक र अनुत्पादक क्षेत्रमा हुने खर्च कटौती गरी पुँजी निर्माणमा लगानी बढाउने।

**संरचनागत सुधार र संघीयता )Structural Adjustments)**

तीन तहको कार्य स्पष्टता ल्याउनका लागि संघले ठूला आयोजना )Mega Projects), प्रदेशले मझौला र

स्थानीय तहले सेवा प्रवाह र साना योजनाहरू मात्र सञ्चालन गर्ने गरी स्रोतको बाँडफाँड गर्ने।  शर्त रहित अनुदानलाई प्रदेश र स्थानीय तहलाई दिइने सशर्त अनुदान )Conditional Grant) भन्दा समानीकरण अनुदान )Equalization Grant) लाई प्राथमिकता दिने ताकि तल्लो तहले आफ्नै प्राथमिकतामा खर्च गर्न सकून्। संघीय इकाईहरुमा आन्तरिक राजस्व योजनामार्फत राजस्व संकलन तथा खर्च गर्ने क्षमता बढाई केन्द्रमुखी प्रवृतिको अन्यत्य गर्ने।

**सामाजिक सुरक्षा र अनुदानमा कुशलता )Social Security & Subsidies)**

दोहोरोपनको अन्त्य गर्नका लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको एकीकृत डाटाबेस तयार गरी एकै व्यक्तिले विभिन्न शीर्षकमा भत्ता पाउने अवस्था )Duplicate payments) अन्त्य गर्न बैंकिङ प्रणालीमा सबै प्रकारका सामाजिक सुरक्षा र आर्थिक सहायता अनिवार्य रूपमा बैंक खातामार्फत मात्र वितरण गर्ने। उत्पादनमा आधारित अनुदान प्रदान गर्न कृषि वा अन्य क्षेत्रमा दिइने अनुदान "इनपुट" मल), बीउ( मा मात्र नभई "आउटपुट" (उत्पादन) को आधारमा दिने।

**एकीकृत सूचना प्रणाली )Integrated Information System)**

प्रणालीको एकीकरण गर्नका लागि मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली )LMBIS) र बजेट व्यवस्थापन सूचना प्रणाली )BMIS) लाई एकीकृत गरी खर्चको वास्तविक अवस्था रियल" टाइम" मा प्रक्षेपण गर्न सकिने बनाउनुपर्ने।  एकल खाता कोष प्रणाली )TSA) लाई थप परिष्कृत गरी बजेट खर्चको पारदर्शी र छिटो अनुगमन गर्ने संयन्त्र बनाउने।

**मध्यमकालीन खर्च संरचना )MTEF) र बजेट निर्माण**

बजेटलाई हचुवाका भरमा नभई आगामी तीन वर्षको स्रोत र आवश्यकताको प्रक्षेपण गरेर मात्र निर्माण गर्नुपर्ने।  योजना र बजेटको तादात्म्य कायम गर्न आवधिक योजना )Periodic Plan) ले तोकेका लक्ष्यहरू हासिल हुने गरी मात्र वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्ने।  खर्चलाई केवल शीर्षकमा मात्र नबाँडी, त्यसबाट प्राप्त हुने प्रतिफल )Outcome) को आधारमा विनियोजन गर्ने।

**आयोजना छनोट र पूर्व-तयारी )Project Selection & Readiness)**

तयारी बिनाका योजनालाई बजेट शून्यमा राखेर जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन )EIA/IEE) र विस्तृत परियोजना प्रतिवेदन )DPR) नभएका आयोजनालाई बजेटमा समावेश नगरी राष्ट्रिय योजना आयोगले

‘आयोजना बैंक’ बाट मात्र आयोजनाहरू छनोट गर्ने प्रणाली अनिवार्य बनाउने।

**बजेट विनियोजन र अख्तियारी )Budgetary Allocation)**

बजेट भाषण लगत्तै साउन १ गतेदेखि नै खर्च गर्ने अख्तियारी स्वतः जाने व्यवस्थालाई पूर्ण कार्यान्वयन गर्ने। बहुवर्षीय ठेक्काको सीमा तोक्नका लागि स्रोतको सुनिश्चितता नभई ठेक्का लगाउने र पछि बजेट अभावमा काम रोकिने अवस्था अन्त्य गर्न बहुवर्षीय ठेक्काको कडा मापदण्ड बनाउने।

**असारे खर्च नियन्त्रण र गुणस्तर )Quality Control)**

हरेक मन्त्रालयले त्रैमासिक रूपमा खर्चको लक्ष्य तोक्नुपर्ने र लक्ष्य पूरा नभए बजेट रोक्का गर्नेसम्मको व्यवस्था गर्ने। असारको भुक्तानीमा सीमा लगाउन आर्थिक वर्षको अन्तिम महिना (असार) मा हुने खर्चको सीमा कुल बजेटको १०-१५ प्रतिशतभन्दा बढी हुन नदिने।

**सार्वजनिक वित्त व्यवस्थापन )Public Financial Management – PFM)**

बजेटको अनुशासन र पारदर्शिता कायम गर्न बजेट तर्जुमादेखि भुक्तानीसम्मका लागि LMBIS, PAMS, र TSA जस्ता प्रणालीहरूको प्रभावकारी प्रयोग गर्ने।

वित्तीय जवाफदेहिता प्रबर्दन गर्नका लागि खर्च गर्ने अधिकारीलाई वित्तीय उत्तरदायित्व वहन गराउने।

**भुक्तानी प्रणालीमा सुधार )Payment System)**

निर्माण व्यवसायी वा सेवा प्रदायकले बिल पेश गरेको १५ दिनभित्र अनिवार्य रूपमा भुक्तानी पाउने वा निजको बैंक खातामा रकम जम्मा हुने व्यवस्था गर्नुपर्ने। यो व्यवस्था सुनिश्चित गर्न आर्थिक कार्यविधि ऐन, निजामती सेवा ऐन र निर्माण कार्यसँग सम्बन्धित अन्य कानूनहरूमा आवश्यक संशोधन गर्नुपर्ने।

**अनुगमन र मूल्याङ्कन प्रणालीलाई नितजामूलक बनाउने**

अनुगमनलाई केवल औपचारिकतामा मात्र सीमित नराखी नतिजामुखी बनाउन आयोजनाको कार्यालय तहमा दैनिक कार्यप्रगति र प्राविधिक गुणस्तरको प्रत्यक्ष अनुगमन गर्ने।

**बढ्दो बेरुजु र नियन्त्रण**

नेपालको संविधानमा महालेखापरिक्षक एक संबैधानिक निकायका रुपमा रहेको छ। नियमितता,

मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संघीय कानुनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा लेखा राखे एवं अन्य कुनै कार्यालय लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानुनमा व्यवस्था गर्न सकिने प्रावधान छ। संविधानको अतिरिक्त लेखापरीक्षण ऐन, २०४८ ले पनि महालेखापरीक्षकलाई लेखापरीक्षणसम्बन्धी तरिका, क्षेत्र पद्धति निर्धारण गर्ने र नियमितताः मितव्ययिता, कार्यदक्षता प्रभावकारिता र औचित्यसमेत विचार गरी परीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ।

महालेखापरीक्षकबाट उठाइएको बेरुजुको प्रकृति अध्ययन गर्दा सैद्धान्तिक प्रकृतिको बेरुजु प्रमुख रूपमा उठेको देखिन्छ। बेरुजुको रकम कलमको सन्दर्भमा मुख्यत ३ प्रकारको देखिन्छ। (१) असूल गर्नुपर्ने (२) नियमित गर्नुपर्ने र (३) पेश्कीसम्बन्धी असूल गर्नुपर्ने बेरुजु कार्यालयहरूले सम्बन्धित पदाधिकारी तथा संघ संस्थासँग असूल उपर गर्नुपर्ने रकम देखिन्छ। नियमित गर्नुपर्ने बेरुजु चार प्रकारको देखिन्छ। सर्वप्रथम अनियमित भएको बेरुजुको अधिकार प्राप्त अधिकारीवाट नियमित गराउनु पर्ने प्रकृतिको रहेको छ भने प्रमाण कागजात पेश नभएको वेरुजु अर्को प्रकृतिको बेरुजु रहेको छ। लेखा कागजातको प्रमाण कागजात नपुन्याई खर्च गर्ने र प्रमाण कागजात गोश्वारा भौचर साथ संलग्न नगरेको प्रकृतिको बेरुजु यसमा पर्दछ।

वेरुजु बढ्ने प्रमुख कारणमा प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरूजू बढ्दै जाने समस्या देखिएको छ। यसले सरकारको वित्तीय उत्तरदायित्वको स्थिति कमजोर तुल्याएको छ। तालुक मन्त्रालयहरूको कमजोर आन्तरिक नियन्त्रण प्रणाली र मलेनिका मातहतका कोलेनिकाहरूको अप्रभावकारी आन्तरिक लेखापरीक्षण प्रणाली समस्याको रूपमा देखिन्छ। त्यस्तै, आर्थिक कार्यविधि तया खरिदलगायतका कानुनमा रहेका प्रकृयाजन्य जटिलता, अपर्याप्तता एवं पालनामा कमी रहेकोले पनि वेरुजु बढाएको देखिन्छ। आर्थिक कार्यविधि कानूनले सबै प्रकारको सहायता बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान गरेको भएता पनि सोझै भुक्तानीको विवरण समावेश भएको देखिदैन। त्यस्तै, प्राविधिक सहायतासम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय व्ययको चित्रण हुन् सकेको छैन।

अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारवाही भई दण्डहीनताले प्रश्रय पाएको छ। अतः वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन।

तसर्थ माथि उल्लिखित बेरुजु बृद्धीका कारणहरुको समाधानतर्फ ठोस पहल गर्नुपर्ने आवश्यकता रहेको छ।

## सरकारको खर्चको दायित्व वृद्धिका कारणहरू

सार्वजनिक खर्च पुनरावलोकन आयोगले नेपालमा आयोजना व्यवस्थापनको सन्दर्भमा सरकारी दायित्व बृद्धी हुने देहायबमोजिमका कारणहरु र समाधानका देहायबमोजिमका उपायहरु सुझाएको थियो। यद्यपी हालसम्म प्रभावकारी रुपमा ति कारणहरुको समाधान हुन भने सकेको छैन।

- तयारी बिना आयोजना शुरु गर्नेः निर्माणस्थलको उपलब्धि तथा विस्तृत सम्भाव्यता अध्ययन भित्रकै भौतिक संरचना निर्माणको लागि एकैपल्ट ठेकापट्टा गर्ने प्रकृया बढ्दै गएको छ। यस्ता संरचनाहरुमा भौतिक पूर्वाधारहरूका सडक, खानेपानी सिंचाइका स-साना आयोजनादेखि ठूला ठूला परियोजनासम्म पर्दछन्। यसले गर्दा आयोजनाको तयारीमै आयोजनाको प्रारम्भिक अवधि साथै पटक पटक आयोजना अवधि थपिने र लागत अनुमान पनि धेरै लागि बजेटमा भार थप्ने आम प्रवृत्ति बनेको छ।
- कमजोर करार प्रशासनः वजेटमा समावेश भई करार सम्झौता गरेपछि तोकिएको लागत र समयभित्र ठेक्कापट्टा पूरा गर्ने जिम्मेवारी सम्बन्धित आयोजना प्रमुखको हो। अनुशासनमा आयोजना प्रमुख रहनुपर्दछ। तर निजलाई जिम्मेवार बनाउने र कार्य नगर्नेलाई समयवद्ध दण्ड दिने प्रणाली अवलम्बन भएको पाइदैन। म्याद थप गर्ने पद्धति बढेर गएको छ। समयमा यस्तो कार्य बढी हुने गरेको छ। भेरिएसन आदेश दिने, मूल्य समायोजनको रकम भुक्तानी गर्ने प्रमाण कागजात समयमा उपलब्ध नगराउने र करारको अर्को पक्षको दावी उपर समयमा प्रतिउत्तर नदिने र अभिलेख नराख्ने उपर पनि कारवाही नगरी ने देखिएको छ। यस्ता कारणले पनि सरकारले खुद खर्च भन्दा बढी बजेट व्यवस्था गर्नुपर्ने अवस्था आई दायित्व बहन गएको छ। औचित्यपूर्ण र सधन कारण नभए पनि करारको आयोजना प्रमुखको बारम्बार हुने सरुवा समेत आयोजना असफलता साथै आयोजनामा थप दायित्व सिर्जनाको एक कारण हो।
- छिटो-छिटो सरकार परिवर्तनः सरकारको छिटो छिटो परिवर्तन पनि दायित्व सिर्जनाको कारक हो। आय व्ययको सार्वजनिक वक्तव्यबाट श्रावण १ देखि आएको बजेटलाई त्यहि वर्ष आएका बजेटले नयाँ नयाँ आयोजना पनि थप्ने गरी एको छ। यसवाट बजेट कार्यान्वयनको अवधि थोरै हुने तर बजेट रकम धेरै भई अनेक रकम लगिने प्रथा पनि झाँगिएर गएको छ। साथै, एकपल्ट शुरु गरेपछि त्यसपछिका वर्षहरूमा पनि बजेट राखुपर्ने अवस्थाले गर्दा आयोजनामा बजेट विनियोजन गर्नुपर्ने र पुरानो आयोजना पनि छोड्न नसकिने अवस्थामा वजेटको आकार र दायित्व बढ्न गएको छ भने स्रोतको अभावमा आयोजनाहरू समयमा सम्पन्न नहुने अवस्था सूजना भएको छ।
- बजेट स्रोतको सुनिश्चितता र बहुवर्षीय ठेक्काः माथि भनेका यी दुवैमा टेकेर गरी एको

आयोजन सञ्चालनबाट बजेट विनियोजनमा निकै ठूलो दायित्व सिर्जना भएको देखिन्छ। नाम मात्रको रूपमा बजेट समावेश गरी (बस्तित्व राखी) पछि आयोजनाको रूपमा विकास गर्ने प्रवृत्तिः विभिन्न कार्यहरूको लागि भनि थोरै थोरै बजेट विनियोजन गरी थोरै रकम राखी बजेट छर्ने प्रवृत्ति विद्यमान छ। सडक निर्माणको काम सडक विभाग, सहरी विकास तथा भवन विभाग, डोलिडार, सिंचाइ विभाग विद्युत विकास केन्द्र स्थानीय तह इत्यादिबाट भइरहेको छ।

- रकमान्तर तया स्रोतान्तरः माथि उल्लेख गरे झै कम रकम विनियोजन गर्ने र पछाडि रकमान्तर गरी पूरा गर्ने आयोजनाको नाम व्यय अनुमानको विवरण पुस्तिकामा पार्ने र आ.व.को मध्य वा अन्ततिर अन्य आयोजनाबाट रकमान्तर/श्रोतान्तर गरी थप रकम जोगाड गर्ने/गराउने, पूर्व सहमति अनुसार वार्षिक बजेटमा थोरै रकम राखी आयोजना खाता खोल्ने परिपाटी विकसित भएको छ। यसले भावी दायित्व सिर्जनामा एउटा महत्वपूर्ण कारकको रूपमा काम गरेको
- छरिएको बनुदान कार्यक्रमः कृषि, स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा विभिन्न नाममा अनुदानमार्फत रकम वितरण गर्ने गर्दा स्रोतको दोहोरो पर्ने र लक्षित वर्गले सुविधा नपाउने अवस्था देखिन्छ। के कति रुपैयाको दायित्व सिर्जना भएको छ वा हुनेछ भन्ने पूर्वानुमान नगर्दा वा गर्न नसकिंदा भावि दायित्व वृद्धि हुदै जाने सम्भावना छ।
- सामाजिक सुरक्षाका कार्यकमहरू छरिनुः सामाजिक सुरक्षासँग जोडिएका ४० भन्दा बढी विभिन्न कल्याणकारी शीर्षकहरूमा विभिन्न मन्त्रालय मातहत कार्यक्रमहरू सञ्चालन गरी बजेट छरिएको पाइन्छ। समन्वय समेतको अभावमा यस्ता सुविधाहरू दोहोरिने र पाउनेलाई पनि पर्याप्त रकम नहुँदा यो प्रणाली प्रभावकारी भएको पाइदैन।
- निवृत्तभरणः अवकाश उमेर र जीवनभर निवृत्तभरण दिने वर्तमान व्यवस्थाले कुल बजेटको ठूलै अंश भावी दायित्वका रूपमा थपिदै गएको छ र यसले राज्यले धान्न नसक्ने अवस्थाको सिर्जना हुन सक्ने सम्मभावना छ।

अतः माथि उल्लेखित सरकारको थप दायित्व सिर्जना हुने कारणहरुको निराकरण गरी कार्य सम्पादन गरेमा मात्र सरकारी बजेटको प्रभाकारिता अभिवृद्धि हुन्छ। यस आयोगले पनि माथि उल्लिखित सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिसहरुको कार्यान्वयन गर्न समेत सुझाव दिन्छ।

## १४.१७. सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी व्यवस्थाः

इतिहासको कालखण्डमा विभिन्न समाज एक वा अर्को स्वरूपको द्वन्द्वबाट प्रभावित भएका छन्। द्वन्द्व हुनुको कारण समाज र राष्ट्रमा विध्यमान विभिन्न प्रकारका विसंगति जिम्मेवार हुन्छन्। ती विसंगति समयमा नै सम्बोधन गर्न नसक्दा राजनैतिक दुर्घटनाहरू भएको विभिन्न उदाहरणबाट पुष्टि

भएका छन्। साथै द्वन्द्वले सिर्जना गरेका अवशेषलाई उचित तरिकाले निराकरण गर्न वा सम्बोधन गर्न सकिएन भने पुनः समाजमा द्वन्द्व दोहोरिने प्रबल सम्भावना हुन्छ। द्वन्द्वबाट श्रृजित परिस्थितिलाई शान्तिपूर्ण उपायबाट सम्बोधन गर्न सकिएमात्र समाजमा स्थायित्व र मेलमिलाप कायम हुन्छ। त्यसकारण द्वन्द्वको समयमा भएका घटनाहरूको छानविन र अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने र पीडितलाई उचित परिपूरण दिने नीति अवलम्बन गर्न जरुरी हुन्छ।

द्वन्द्व र युद्धको समयमा भएका मानव अधिकारका उल्लंघन तथा मानवीय पीडालाई दिगोरूपमा सम्बोधन गर्न संक्रमणकालीन न्यायको अवधारणा विकास भएको हो। संक्रमणकालीन न्यायलाई व्यवहारमा लागु गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रकारका सैद्धान्तिक तथा व्यावहारिक अवधारणाहरू विकास भएका छन्। यी अवधारणालाई दण्डात्मक व्यवस्थादेखि मेलमिलापका उपायका रुपमा समेटिएको छ।

अन्तर्राष्ट्रिय अनुभव र अभ्यासलाई विश्लेषण गर्दा परिपूरण र मेलमिलापको मार्ग अवलम्बन गरी एका देशहरूमा द्वन्द्व व्यवस्थापनको कार्य बढी प्रभावकारी भएको देखिन्छ। आन्तरिक रूपमा राजनीतिक मेलमिलाप र स्थायित्वका लागि छानविन पश्चात द्वन्द्वको प्रकृति हेरी सामान्य प्रकृतिका अपराधमा संलग्न व्यक्तिहरुलाई माफी दिइएको पनि देखिन्छ।

सत्य निरुपण तथा मेलमिलाप संयन्त्रको व्यवस्था अन्तर्राष्ट्रिय रुपमा एक स्थापित प्रकृया हो। यो प्रकृया विभिन्न देशहरुमा विभिन्न समय क्रममा भिन्न तर माफीयोग्य प्रकृतिका पीडाहरुलाई समाधान गर्न गठन गरी कार्यन्वयनमा ल्याइएका छन्। यी मध्धे चाड, कोलम्बिया, चिली, गाम्बिया, घाना, ग्वाटेमाला, होण्डुरस, केन्या, मोरक्को, नाइजेरिया, पनामा, पारग्वे, पेरु, दक्षिण अफ्रिका, दक्षिण कोरिया, श्रीलङ्का, टिमोर लेस्टे, ट्युनिसिया प्रमुख छन्।

नेपालमा वि.सं. २०५२ देखि वि.सं. २०६३ सम्म सशस्त्र द्वन्द्वका क्रममा सरकारी र विद्रोही पक्षबाट भएका गम्भीर मानव अधिकार उलंघन तथा मानवता विरुद्धका अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जन समक्ष ल्याउने, समाजमा मेलमिलाप कायम गराई पारसपरिक सदभाव र सहिष्णुताको भावना अभिवृद्धि गर्ने, दिगो शान्ति तथा मेलमिलापको वातावरण निर्माण गर्ने, द्वन्द्वबाट पीडित व्यक्तिहरुलाई परिपूरणको व्यवस्था गर्ने र गम्भीर अपराधमा संलग्न व्यक्तिहरुलाई कानूनी कारवाहीको सिफारिस गर्ने उद्देश्यले सत्य निरुपण तथ मेलमिलाप आयोगहरु स्थापना गरी एको पाइन्छ।

वेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथ मेल मिलाप आयोग ऐन २०७१ (तेश्रो संसोधन २०८१) ले यस प्रकृयालाई व्यवस्थित रुपमा मेलमिलापको मान्यतालाई मूर्तरुप दिन खोजेको देखिन्छ यद्यपी यसमा केही कमी कमजोरी रहेका छन्।

विगत भाद्र २३ र २४ गते घटेका घटनाहरु मध्ये केही जघन्य प्रकृतिका छन् भने केही सामान्य प्रकृतिका देखिन्छन्। जघन्य प्रकृतिका केसमा प्रत्यक्ष रुपमा संलग्न व्यक्तिहरु प्रचलित अभियोजनको प्रकृयाबाट अदालति प्रकृयामा जानु पर्ने हुन्छ। तर सामान्य प्रकृतिका केसमा संलग्न व्यक्तिहरुलाई मेलमिलापको प्रकृयामा सामेल गराई आवश्यक पर्ने उचित प्रकृया अपनाई न्यायसंगत रुपमा पीडक र पीडितलाई उचित संयन्त्र स्थापना गरी न्याय निरुपण गर्नु वान्छनीय हुन्छ। यस प्रस्तावित संयन्त्रले हाल मेलमिलाप आयोगलाई भएसरहको निम्न बमोजिमका कार्य गर्ने गरी कार्यदिश तोकिनु उपयुक्त हुन्छः

(क) मानव अधिकारको गम्भीर उल्लंघनसम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको यकिन गर्ने,

(ग) पीडक र पीडितबीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(च) पीडितलाई परिचयपत्र उपलब्ध गराउने र छानविनको आधारमा लिइएको निर्णयको जानकारी दिने,

(ङ) विस्तृत छानविनको काम सम्पन्न भइसकेपछि पीडकलाई केसको प्रकृति (severity) हेरी आवश्यक भए अभियोजनको लागि सिफारिस गर्ने।

उपरोक्त प्रकारका कार्यदिश भाद्र २३ र २४ गतेको घटनाहरुको छानविन गर्ने तथा मेलमिलाप गराउने गरी कानून निर्माण गर्न उक्त २ दिनमा घटेका घटनाहरुको समग्रतालाई दृष्टिगत गरी एक नयाँ संयन्त्र गठन गरी जिम्मेवारी तोक्न सक्ने गरी व्यवस्था गर्न सकिन्छ।

## भाग — ५ सुझाव कार्यान्वयनको कार्ययोजना

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| १. | सुरक्षा निकायहरुको प्रभावकारीता अभिबृद्धि गर्ने<br>-नेपाल प्रहरी र सशस्त्र प्रहरीको कार्यविभाजन स्पष्ट गरी सोही बमोजिम कार्यविवरण दिने।<br>-नेपाली सेनाको परिचालन सम्बन्धमा कानूनी प्रावधान<br>-स्थानीय प्रशासन ऐन २०२८ मा संशोधन गर्ने। | -नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय<br>-गृह मन्त्रालय<br>-रक्षा मन्त्रालय<br>-कानून मन्त्रालय | -नेपाल प्रहरी प्रधान कार्यालय<br>-सशस्त्र प्रहरी बल प्रधान कार्यालय<br>-राष्ट्रिय अनुसन्धान विभाग<br>-नेपाली सेना मुख्यालय | १ वर्ष | माग बमोजिम | -सुरक्षा निकायको परिचालन र कार्यविवरणमा स्पष्टता आई प्रभावकारी सुरक्षा परिचालन हुने।<br>-स्थानीय प्रशासन ऐन २०२८ मा भएका सुरक्षा परिचालन सम्बन्धी द्धिविधाहरु हटी कानूनबमोजिम सुरक्षा परिचालन हुने। कानूनले नै उत्तरदायित्व र जिम्मेवारी तोकिने। |
| २. | -संविधान बमोजिमको नयाँ नेपाल प्रहरी ऐन जारी गर्ने। | -गृह मन्त्रालय | -नेपाल प्रहरी प्रधान कार्यालय<br>-प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयहरु | १ वर्ष | माग बमोजिम | -नयाँ प्रहरी ऐन जारी भई संघीयता बमोजिम प्रहरी समायोजन भई संविधानको कार्यान्वयन समेत हुने। |
| ३. | -E-voting system लागु गर्ने।<br>-Diaspora voting सुनिश्चित गर्ने। | -नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>-निर्वाचन आयोग | -गृह मन्त्रालय<br>-राजनैतिक दलहरु<br>-शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | -६महिना<br>-अर्को निर्वाचन सम्म | माग बमोजिम | -कम खर्चिलो, पारदर्शी निर्वाचन हुने।<br>-सबै नेपाली नागरीकहरुको मताधिकार सुनिश्चित भई वास्तविक जनप्रतिनिधि छनोट हुने। |
| ४. | -निर्वाचन क्षेत्र पुनरावलोकन गर्ने गरी संविधानमा संशोधन गर्ने। | -नेपाल सरकार | -राजनैतिक दलहरु<br>-विज्ञ समूह | अर्को निर्वाचन सम्म | माग बमोजिम | -भौगोलिक र जानसांख्यिक अनुपातमा संसदको संख्या निर्धारण हुने। अनावश्यक संसदको संख्यामा कटौति समेत हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | -न्यायाधीशको नियुक्ति कलेजियममा आधारित र पारदर्शी बनाउने<br>-न्यायालयमा हुने मुद्दा छिटो संपादन गर्न न्यायाधीश र कर्मचारीको संख्या बढाउने ।<br>सर्वोच्च अदालतमा पनि अस्थायी न्यायाधीश बढाउन र न्यायपरिषद लगायतमा सुधार गर्न संविधान संशोधन गराउनु पर्ने।<br>ढिलासुस्ती हटाउने र सर्वसाधारणको पँहुच सुनिश्चितता गर्ने/ गराउने। | -नेपाल सरकार<br>-सर्वोच्च अदालत<br>-न्याय परिषद् | - उच्च र जिल्ला अदालतहरु<br>-महान्याधिवक्ता र अन्तर्गतका सरकारी वकिल कार्यालयहरु<br>-नेपाल प्रहरी र अन्य अनुसन्धानमा सलग्न निकायहरु | तत्काल सुरु गर्ने | माग बमोजिम | -राजनैतिक कोटाको आधारमा हुने न्यायाधीश नियुक्ति हटी जनतामा न्यायलयप्रतिको विश्वास अभिवृद्धि हुने।<br>-न्यायालयमा सर्वसाधारणको सहज पहुँच स्थापित हुने। |
| ६. | -आयोजना व्यवस्थापनको प्रभावकारिता बढाउने।<br>-तर्जुमा, कार्यान्वयन,अनुगमन मूल्याङ्कनका सबै चरणहरुलाई पारदर्शी र जनसहभागितामूलक बनाउने।<br>-सूचकको निर्धारण गरी सोको आधारमा अनुगमन मूल्याङ्कन गर्ने<br>-पुरस्कार र दण्ड प्रणालीलाई आयोजना व्यवस्थापनसँग जोड्ने<br>-आयोजना प्रमुखलाई नै आयोजना व्यवस्थापनको सबै जिम्मा दिने। | -राष्ट्रिय योजना आयोग | -तीन तहका सरकार र मातहतका कार्यालयहरु | तत्काल सुरु गरी निरन्तर | माग बमोजिम | -आयोजनाको प्रभावकारीता अभिवृद्धि भई उत्पादन उत्पादकत्व वृद्धि हुने। |
| ७. | -संवैधानिक निकायमा हुने नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने।<br>-संवैधानिक आयोगहरुको पुनरावलोकन गरी यथोचित संख्यामा निर्धारण गर्ने। | -नेपाल सरकार | -संवैधानिक निकायहरु<br>-राजनैतिक दलहरु<br>-विज्ञ निकाय | १ वर्ष | माग बमोजिम | -संवैधानिक आयोगको नियुक्ति पारदर्शी भई कार्य प्रभावकारिता अभिवृद्धि हुने।<br>-आवश्यक संख्याका संवैधानिक आयोगहरु मात्र अस्तित्वमा रहने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | -निजामती लगायतका प्रशासनिक संयन्त्रहरुको सुदृढीकरण<br>-संघीय निजामती सेवा ऐन जारी गर्ने।<br>-तीन तहका सरकारबीच हुने दोहरोपना हट्ने गरी संस्थागत खारेजी वा गाभ्ने।<br>-संगठन तथा व्यवस्थापन सर्भे गर्ने।<br>-एकीकृत सेवा प्रणाली अवलम्बन गर्ने। | -संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -तीनै तहका सरकारहरु<br>-विज्ञ समूह | १ वर्ष | माग बमोजिम | -प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन भई जनअपेक्षा अनुसार सेवा प्रवाह हुने। |
| ९. | निजी क्षेत्रको सुदृढीकरण<br>-conflict of interest सम्बन्धी कानून बनाई कार्यान्वयन गर्ने।<br>-लगानीमैत्री वातावरण बनाउने।<br>-FDI आकर्षण गर्न NRN लाई माध्यमका रुपमा लिने। | -नेपाल सरकार | -उद्योग मन्त्रालय<br>-लगानी बोर्ड<br>-FNCCI<br>-CNI<br>-राजनैतिक दलहरु | १ वर्ष र निरन्तर | माग बमोजिम | -लगानी अभिवृद्धि भई आर्थिक संमृद्धि हुने। |
| १०. | सहकारी क्षेत्रको नियमन र व्यवस्थापन<br>-सहकारी समस्या समाधान आयोगबाट दिइएको सुझावको कार्यान्वयन गर्ने। | -नेपाल सरकार | -सहकारी नियमन प्राधिकरण | तुरुन्तै | माग बमोजिम | -सहकारी क्षेत्रका समस्या समाधान हुने। |
| ११. | कारागारको प्रभावकारी व्यवस्थापन<br>-आन्तरिक प्रशासनमा हुने नियुक्तिलाई पारदर्शी र प्रभावकारी बनाउने।<br>-कारागार भवन र पेरिमिटर एकरुपता कायम गर्ने।<br>-खुला कारागार सञ्चालन<br>-प्यारोल प्रोवेशन लगायतका विषयलाई प्रभावकारी बनाउन कारागार सुधार कार्यदलले पेश गरेको प्रतिवेदनको कार्यान्वयन गर्ने। | -गृह मन्त्रालय | -कारागार व्यवस्थापन विभाग<br>-कारागार कार्यालयहरु<br>-नेपाल प्रहरी<br>-सशस्त्र प्रहरी बल नेपाल | अध्ययन कार्यदल को प्रतिवेदन बमोजिम को समय | माग बमोजिम | -कारागारको प्रभावकारी व्यवस्थापन भएको हुने।<br>-कैदीवन्दीहरुको सामाजिकीकरण साथै आर्थिक उपार्जनमा संलग्नता भई राज्यको दायित्व कम हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | सबल कूटनीति निर्माण र कार्यान्वयन<br>-सार्वभौमिक समानताको आधारमा राष्ट्रिय एकता र भौगोलिक अखण्डता कायम गर्ने।<br>-असमान सन्धिहरुको पुनरावलोकन गरी राष्ट्रिय स्वतन्त्रता अभिवृद्धि गर्ने। | -परराष्ट्र मन्त्रालय | -नेपाल सरकार<br>-राजनैतिक दलहरु<br>-निजी क्षेत्र<br>-NRN | निरन्तर | माग बमोजिम | -प्रभावकारी कूटनीति स्थापित भई छिमेकी देश र विश्व परिवेशसँग सुमधुर सम्बन्ध कायम भई सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा हुने साथै लगानी अभिवृद्धि मार्फत आर्थिक विकासमा टेवा पुग्ने। |

# उपसंहार

भाद्र २३ र २४ गते सम्पन्न जेन-जी आन्दोलन तथा त्यससँग सम्बन्धित घटनाहरूको सम्बन्धमा यस जाँचबुझ आयोगले तत्कालीन समयमा राज्य सञ्चालनको जिम्मेवारीमा रहेका व्यक्तिहरुसँग गरी एका बयान कागजात, घटना विवरण, संस्थागत रुपमा भए गरेका निर्णय, माग गरी एका अन्य कागजात, सम्बन्धित निकायका विवरण, सरोकारवालासँग गरी एको छलफल तथा स्थलगत निरीक्षणका आधारमा समग्र छानविन र जाँचबुझ सम्पन्न गरेको हो। छानविन का क्रममा आन्दोलनको पृष्ठभूमि, घटनाक्रम, सुरक्षा व्यवस्थापन, प्रशासनिक निर्णय प्रक्रिया, सुरक्षा परिचालन साथै जिम्मेवार र सरोकारवाला पक्षहरूको भूमिका साथसाथै उक्त घटनामा क्षति भएका मानवीय र भौतिक क्षतिको विवरणको मूल्याङ्कन गरी एको छ।

वास्तवमा जेन-जी पुस्ताको आन्दोलनको कारण तत्कालीक रुपमा सरकारले सामाजिक सञ्जाल माथि लगाएको रोक भनिएता पनि गहिरो रुपमा विश्लेषण गर्दा लामो समयदेखि देशमा व्याप्त भ्रष्टाचार, राजनैतिक केही निश्चित दल र सरकारमा रहेका व्यक्तिहरुको हालीमुहाली, बढ्दो बेरोजगारी साथै विकासको गति सुस्त रहनु र कुशासनको कारण रहेको पुष्टि हुन्छ। यद्यपि, भाद्र २४ गते भएको विध्वंसात्मक क्रियाकलाप, सरकारी, निजी र व्यवसायिक घरानामाथिको बर्वरतापूर्ण आगजनी, तोडफोड, लुटपाट र चोरी जस्ता आपराधिक मानसिकता साथै प्रतिशोधबाट सिर्जित घटनाको रुपमा देखिएको छ।

यस आयोगलाई प्राप्त तथ्य र तथ्याङ्कको विवरण विश्लेषण साथै जाँचबुझ र छानविनबाट के देखिन्छ भने भाद्र २३ गतेका दिन काठमाडौंको माइतीघरबाट सुरु भएको आन्दोलन प्रारम्भिक चरणमा शान्तिपूर्ण रहे तापनि सबै क्षेत्रबाट भीड जम्मा भएपछि बानेश्वरमा पुगेपछि क्रमशः बहु नेतृत्व वा नेतृत्व विहिनताको अवस्थामा पुगेको, सूचना व्यवस्थापनमा कमजोरी, अन्तर-निकाय समन्वयको अभाव भएको र संसद भवनमा पुगेपछि अत्यन्त आक्रोशित रुपमा पुगेको देखिन्छ।

काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट शान्तिपूर्ण आन्दोलन र र्‍यालीको लागि अनुमति लिएको जेन-जी आन्दोलन कुन हदसम्म पुग्न सक्छ भन्ने विषयमासमेत जिल्ला सुरक्षा समिति र सम्बन्धित सुरक्षा निकायबाट अपनाइएका उपायहरू तत्कालीन अवस्था व्यवस्थापनतर्फ केन्द्रित रहे पनि पूर्व तयारी, जोखिम विश्लेषण तथा अन्तर निकायगत र आन्दोलनरत पक्षसँगको संवाद संयन्त्र पर्याप्त प्रभावकारी नरहेको देखिएको छ। भाद्र २३ गते भएको आन्दोलनको क्रममा आन्दोलनकारी पक्षबाट

जिल्ला प्रशासन कार्यालयमा माग भएबमोजिम शान्तिपूर्ण प्रदर्शनको मर्यादा उल्लङ्घन भएको, संसद भवनमा र सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमाथि असर पार्ने अवस्था सिर्जना भएको तथ्य पनि छानविनबाट उजागर भएको छ।

यद्यपि, नेपालको संविधान बमोजिम शान्तिपूर्ण रुपमा भेला जम्मा हुन पाउने नागरी कको अधिकारलाई मध्यनजर गर्दै पूर्वसम्बाद, मागको सुनुवाइ नभएको फिल्डमा सुरक्षाकर्मीको कार्यसम्पादन मानवअधिकारको पूर्ण रक्षाको लागि भएको नदेखिएको, समानुपातिकता तथा न्यूनतम बल प्रयोगको सिद्धान्तसँग सुदृढ रूपमा सुरक्षा संयन्त्रको परिचालन हुन नसकी खासगरी २३ गते संसद भवन परिसर बाहिरको क्षेत्रमा अत्यधिक बल प्रयोग भई समानुपातिकताको सिद्धान्त अवलम्बन गरेको नदेखिएको तथ्यगत विश्लेषणबाट पुष्टि हुन आएको छ।

अर्कोतर्फ भाद्र २४ गते सुरक्षाकर्मीहरुमाथि भएको बर्वरतापूर्ण हमला, प्रहरीको बर्दी र उपकरण लुटेर सार्वजनिक रुपमा प्रदर्शन गरिनु साथै जनताको सार्वभौम निकायका रुपमा रहेका संसद भवन, प्रशासनिक केन्द्र सिहंदरबार र न्यायको मन्दिर सर्वोच्च अदालत लगायतका सार्वजनिक निकायहरुमाथिको आक्रमण, घूसपैठ र आपराधिक मानसिकताको सुनियोजित उपजका रुपमा देखिएको छ। भाद्र २३ र २४ गते भएको जियनजेड आन्दोलन तथा त्यससँग सम्बन्धित घटनाहरूको छानविन, विभिन्न क्षेत्रका विज्ञहरुको राय सुझाव साथै तथ्य र तथ्याङ्कको विश्लेषणबाट यस आयोगले सुरक्षा निकायहरुको हालको वस्तुस्थिति विद्यमान समस्या र समाधानको लागि गर्नुपर्ने महत्वपूर्ण सुझावहरु प्रस्तुत गरेको छ। त्यसका अतिरिक्त दीर्घकालीन समस्याको रुपमा देखिएको सबै शासकीय क्षेत्रहरुमा रहेका समस्या र सुझावहरु समेत विस्तृत रुपमा प्रस्तुत गरेको छ। वस्तुनिष्ठ रुपमा सिफारिस गर्दा सार्वजनिक भेला तथा आन्दोलन व्यवस्थापनको विषयमा सुरक्षा निकायहरुको परिचालन सम्बन्धी विद्यमान कानूनी, संस्थागत तथा कार्यान्वयनगत कमजोरीहरू उजागर भएका छन्। यस आयोगको निष्कर्ष अनुसार संविधान प्रदत्त शान्तिपूर्ण भेला तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्दै सार्वजनिक शान्ति र सुव्यवस्था कायम राख्न सुरक्षा निकायहरुबीचको प्रभावकारी तथा समन्वयकारी परिचालनको सन्दर्भमा विद्यमान नीति तथा अभ्यासमा सुधार अत्यावश्यक देखिएको छ।

यस सन्दर्भमा आयोगले भविष्यमा यस्ता प्रकृतिका घटनाको पुनरावृत्ति नहोस् भन्नका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना समेतको परिचालन साथै

निकायगत रुपमा स्पष्ट जिम्मेवारी र उत्तरदायित्व तोकिने गरी स्पष्ट कानूनी व्यवस्था र मानक कार्यविधि (Standard Operating Procedures) तर्जुमा तथा प्रभावकारी कार्यान्वयन गर्न सिफारिस गरेको छ। साथै, अन्तर-निकायगत सुरक्षा समन्वय, पूर्वसूचना तथा जोखिम विश्लेषण प्रणालीलाई पूर्वअनुमानयोग्य र संस्थागत गर्दै समयमै संवाद र सहजीकरणमार्फत सबै किसिमका भेला, भीड र आन्दोलन व्यवस्थापन गर्ने व्यवस्था सुदृढ गर्न एकै प्रकारको नभई आन्दोलनको प्रकृति बमोजिमको सुरक्षा रणनीति तय गरी कार्यान्वयन गर्नुपर्ने आवश्यक देखिन्छ।

आयोगले सुरक्षा निकायको कार्यसम्पादन मानवअधिकार, आवश्यकता र समानुपातिकताको सिद्धान्तमा आधारित बनाउन नियमित तालिम, अनुगमन तथा उत्तरदायित्व सुनिश्चित गर्ने संयन्त्रलाई सुदृढ गर्न सिफारिस गर्दछ। साथै, आन्दोलनकारी पक्षलाई शान्तिपूर्ण प्रदर्शनको मर्यादा, प्रचलित कानून र सार्वजनिक सम्पत्तिको संरक्षणप्रति सचेत गराउन civic education सचेतनामूलक तथा संवादात्मक उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ।

अन्ततः, उक्त घटनाबाट प्राप्त अनुभव र सिकाइलाई आधार मानी सार्वजनिक शान्ति, सुव्यवस्था र लोकतान्त्रिक अधिकारबीच सन्तुलन कायम गर्दै राज्य संयन्त्रलाई थप प्रभावकारी, उत्तरदायी र विश्वासयोग्य बनाउने दिशामा ठोस सुधारात्मक कदम चालिनु आवश्यक देखिन्छ। आयोगले सुरक्षा परिचालन साथै आन्दोलनरत पक्षबाटसमेत उल्लङ्घन भएका कानून तथा कार्यविधिको सम्बन्धमा तथ्य र प्रमाणका आधारमा उत्तरदायित्व निर्धारण गरी तत्कालीन समयमा राज्य संयन्त्रको महत्वपूर्ण जिम्मेवारीमा रहेका व्यक्तिहरुलाई आवश्यक कानूनी तथा प्रशासनिक कारबाही गर्न, प्राप्त तथ्यगत विश्लेषण आधारमा नीति, कानून र संस्थागत संरचनामा सुधार गर्दै सार्वजनिक विश्वास अभिवृद्धि गर्न सरकारलाई सिफारिस गर्ने निष्कर्षमा पुगेको छ।